अख्तियार दुरुपयोग अनुसन्धान आयोग

उन्नाइसौं वार्षिक प्रतिवेदन

आ.ब. २०६५/ २०६६



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०६६

अनुक्रमाणिका

परिच्छेद	शीर्षक	पृष्ठ
परिच्छेद १: अख्तियार दुरुपयोग अनुसन्धान आयोग		**१-५**
	१. विषय प्रवेश	१
	२. गठन	१
	३. आयोगको काम, कर्तव्य र अधिकार	१
	४. वार्षिक प्रतिवेदन	२
	५. छानवीन तथा अनुसन्धान प्रक्रिया	२
	६. प्रशासनिक संगठन	४
	७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय	५
	८. आयोगको निर्णयहरुको वर्गीकरण	५
	९. अधिकार प्रत्यायोजन	५
	१०. बजेट व्यवस्थापन	५
परिच्छेद २: आ.ब. २०६५/६६ मा आयोगबाट सम्पादित कार्यहरु		**६-१२**
	१. आ.ब. २०६५/६६ मा परेका उजूरी र कारवाहीको विवरण	६
	२. अभियोजन र कारबाहीको विवरण	६
	३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या	६
	४. विभागीय कारवाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका बिषय र व्यक्ति/निकाय संख्या	६
	५. महाशाखागत उजूरी फछ्यौंटको विवरण	७
	६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको बिवरण	७
	७. नक्कली शैक्षिक प्रमाणपत्र सम्वन्धी दायर भएका मुद्दाहरु	८
	८. गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा	९
	९. घुस रिसवत सम्वन्धी भ्रष्टाचार गरेको मुद्दा	९
	१०.सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा	१०
	११.सार्वजनिक संस्थानलाई हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दा	११
	१२.आ.व.०६५/६६ को असुलउपर सम्बन्धी विवरण	११
	१३.आ.व.०६५/६६ को सार्वजनिक जग्गा सरकारी कायम सम्बन्धी विवरण	११
	१४.प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारवाही	१२
परिच्छेद ३: अभियोजन		**१३-४८**
परिच्छेद ४: पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरू		**४९-१२०**

परिच्छेद ५: पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण १२१-१२६

परिच्छेद ६: विभागीय कारबाही १२७-१३७

(क) अर्थ मन्त्रालय अन्तर्गत १२७
(ख) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १२७
(ग) गृह मन्त्रालय अन्तर्गत १२८
(घ) भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १२९
(ङ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत १३०
(च) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत १३१
(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १३२
(ज) स्थानीय विकास मन्त्रालय अन्तर्गत १३४
(झ) शिक्षा मन्त्रालय अन्तर्गत १३५
(ञ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत १३६

परिच्छेद ७ : सचेत १३८-१४८

(क) उद्योग मन्त्रालय अन्तर्गत १३८
(ख) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १३९
(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १४०
(घ) गृह मन्त्रालय अन्तर्गत १४१
(ङ) उर्जा/सिंचाई मन्त्रालय अन्तर्गत १४१
(च) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १४१
(छ) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत १४२
(ज) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १४३
(झ) स्थानीय विकास मन्त्रालय अन्तर्गत १४३
(ञ) संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत १४६
(ट) शिक्षा मन्त्रालय अन्तर्गत १४७
(ठ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत १४७

परिच्छेद ८ : असुल उपर १४९-१७०

(क) अर्थ मन्त्रालय अन्तर्गत १४९
(ख) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १५२
(ग) गृह मन्त्रालय अन्तर्गत १५३
(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत १५५
(ङ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १५८
(च) वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत १५९
(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १५९
(ज) स्थानीय विकास मन्त्रालय अन्तर्गत १६०

(झ) संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत १६१
(ञ) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत १६२
(ट) सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत १६५
(ठ) शिक्षा मन्त्रालय अन्तर्गत १६६
(ड) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत १६९

परिच्छेद ९ : ध्यानाकर्षण **१७१-१७५**
(क) अर्थ मन्त्रालय अन्तर्गत १७१
(ख) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १७१
(ग) स्थानीय विकास मन्त्रालय अन्तर्गत १७३
(घ) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत १७४
(ङ) संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत १७५
(च) सूचना तथा संचार मन्त्रालय अन्तर्गत १७५

परिच्छेद १० : सुझाव/निर्देशन १७६-२५२
(क) अर्थ मन्त्रालय अन्तर्गत १७६
(ख) उद्योग मन्त्रालय अन्तर्गत १८४
(ग) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १८६
(घ) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १९३
(ङ) गृह मन्त्रालय अन्तर्गत १९५
(च) उर्जा/सिंचाई मन्त्रालय अन्तर्गत १९७
(छ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत १९८
(ज) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत २०२
(झ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत २१४
(ञ) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत २१७
(ट) वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत २१८
(ठ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत २२०
(ड) स्थानीय विकास मन्त्रालय अन्तर्गत २२६
(ढ) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत २३१
(ण) संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत २३८
(त) सूचना तथा संचार मन्त्रालय अन्तर्गत २४०
(थ) शिक्षा मन्त्रालय अन्तर्गत २४२
(द) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत २४८
(ध) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत २४८

परिच्छेद ११: आयोगबाट भएका अन्य कारबाहीहरु २५३-३११
(क) अर्थ मन्त्रालय अन्तर्गत २५३
(ख) उद्योग मन्त्रालय अन्तर्गत २५९
(ग) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत २६१
(घ) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत २६२
(ङ) गृह मन्त्रालय अन्तर्गत २६२
(च) उर्जा/सिंचाई मन्त्रालय अन्तर्गत २६७
(छ) परराष्ट्र मन्त्रालय अन्तर्गत २६९
(ज) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत २६९
(झ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत २७२
(ञ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत २८९
(ट) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत २९१
(ठ) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत २९१
(ड) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत २९५
(ढ) स्थानीय विकास मन्त्रालय अन्तर्गत २९९
(ण) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत ३०२
(त) सूचना तथा संचार मन्त्रालय अन्तर्गत ३०३
(थ) शिक्षा मन्त्रालय अन्तर्गत ३०५
(द) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत ३०९
(ध) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत ३१०

परिच्छेद १२ : विभागीय वा अन्य कारवाही गर्न लेखिएका विषयमा कार्यान्वयन सम्पन्न भई आएको ३१२-३३६
(क) विभागीय कारवाही ३१२
(ख) सचेत ३१५
(ग) अन्य कारवाही ३१७
(घ) असुल उपर ३१८
(ङ) निर्देशन/सुझाव ३२४

परिच्छेद १३: कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारबाहीको विवरण ३३७-३७९
(क) अर्थ मन्त्रालय अन्तर्गत ३३७
(ख) उद्योग मन्त्रालय अन्तर्गत ३३९
(ग) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत ३४१
(घ) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत ३४२
(ङ) गृह मन्त्रालय अन्तर्गत ३४२
(च) उर्जा/सिंचाई मन्त्रालय अन्तर्गत ३४६
(छ) परराष्ट्र मन्त्रालय अन्तर्गत ३४६
(ज) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत ३४६
(झ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत ३४७

(ञ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत ३५३
(ट) महालेखा नियन्त्रक कार्यालय अन्तर्गत ३५५
(ठ) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत ३५५
(ड) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत ३५६
(ढ) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत ३५८
(ण) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत ३५८
(त) स्थानीय विकास मन्त्रालय अन्तर्गत ३६४
(थ) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत ३६८
(द) संघिय मामिला, संविधान सभा, संसदिय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत ३७१
(ध) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत ३७२
(न) सूचना तथा संचार मन्त्रालय अन्तर्गत ३७२
(प) शिक्षा मन्त्रालय अन्तर्गत ३७३
(फ) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत ३७८
(ब) श्रम तथा यातायात मन्त्रालय अन्तर्गत ३७८

परिच्छेद १४ : तामेली ३८०-४०१

परिच्छेद १५ : आयोगका अन्य गतिविधि ४०२-४०६
(क) अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा अध्ययन भ्रमण ४०२
(ख) आन्तरिक गतिविधिहरु ४०३
अ. अन्तरक्रिया र गोष्ठी ४०३
आ. तालिम ४०५
इ. कार्यपत्र प्रस्तुति र छलफल ४०५
ई. सदाचार रेडियो कार्यक्रम ४०६
उ. सामुदायिक शिक्षा कार्यक्रम ४०६
ऊ. खबर संकलन इकाईको व्यवस्था ४०६

परिच्छेद १६ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको त्रिवर्षीय (२०६४/६५-२०६६/६७) रणनीति ४०७-४११
१. पृष्ठभूमि ४०७
२. अद्यावधिक स्थितिको समीक्षा ४०७
३ दीर्घकालीन सोच ४०९
४.उद्देश्य र लक्ष्य ४०९
(क) उद्देश्य ४०९
(ख) लक्ष्य ४१०
५.रणनीति ४१०
६.तत्कालिन सात सूत्रीय रणनीति ४११

परिच्छेद १७ : उपसंहार ४१२-४१४

अनुसूचीहरू :

१.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालिका	(क)
२.	आयोगमा कार्यरत कर्मचारी दरबन्दी र पदपूर्तिको विवरण	(ख)
३.	आ.ब. २०६५।६५ को बजेट व्यवस्था	(ग)
४.	आ.ब. २०५७/५८ देखि २०६५/६६ सम्म दायर भएका नक्कली प्रमाणपत्र सम्बन्धि मुद्दामा सो प्रमाणपत्रको प्रयोजन	(घ)
५.	(क) आ.व. २०५७।५८ देखि २०६५।६६ मा नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दाको फैसला विवरण	(ङ)
	(ख) आ.व. २०५७।५८ देखि २०६५।६६ सम्ममा शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दाहरुमा सफल असफल अनुपात	(ङ)
६.	भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण	(च)
७.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण	(छ)
८.	आ.ब. २०६५।६६ मा परेका उजुरी र फछ्यौंटको विवरण	(ज)
९.	आ.ब. ०६५।६६ मा कूल उजुरी मध्ये फछ्यौंट र जिम्मेवारी सरेको अनुपात	(झ)
१०.	आ.ब. २०५७।५८ देखि २०६५।६६ सम्मको कूल उजुरी र फछ्यौंटको विवरण	(ञ)
११.	आ.ब. ०६५।६६ मा मुद्दा जीत हारको स्थिति	(ट)
१२.	आ.ब. ०६५।६६ को अभियोजन र अन्य कारवाहीहरुको विवरण	(ठ)
१३.	आ.ब.०६५।६६ मा बिशेष अदालतमा दायर भएका मुद्दाहरुको किसिम	(ड)
१४.	आ.ब. २०५७।५८ देखि ०६५।६६ सम्मको कारवाहीको तुलनात्मक विवरण	(ढ)
१५.	आ.ब. २०५९।६० देखि आ.व. ०६५।६६ सम्मको बैठक र निर्णय संख्या	(ण)
	आ.ब. २०४७/४८ देखि आ.व. २०६५/६६ सम्ममा परेका उजुरी र फछ्यौंटको विवरण	(त)

परिच्छेद - १
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

१. विषय प्रवेश

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ११ धारा १२० मा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान गरी मुद्दा दायर गर्न संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था भएको छ ।

२. गठन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ बमोजिम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा एक जना प्रमुख आयुक्त र अन्य आयुक्तहरु नियुक्त गर्ने प्रावधान छ । आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पदावधि ६ वर्षको हुने तथा प्रमुख आयुक्त र अन्य आयुक्तहरु ६५ बर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था छ । हाल आयोगमा कार्यवाहक प्रमुख आयुक्त र एक जना आयुक्त कार्यरत रहनु भएको छ :-

नाम	पद	नियुक्ति मिति
श्री ललित बहादुर लिम्बु	कार्यबाहक प्रमुख आयुक्त	२०६०।९।२१
श्री बेद प्रसाद सिवाकोटी	आयुक्त	२०६०।९।२१

३. आयोगको काम, कर्तव्य र अधिकार :

आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

- आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ । तर संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै व्यवस्था भएको पदाधिकारीहरु आयोगको कार्य क्षेत्रभित्र पर्दैनन् । खराव आचरणका आधारमा महाअभियोग प्रस्ताव पारित भई पद्मुक्त हुने संवैधानिक पदाधिकारीहरु, न्याय परिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरु र सैनिक ऐन बमोजिम कारवाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानून बमोजिम आयोगले अनुसन्धान र तहकिकात गर्न गराउन सक्नेछ ।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दूरुपयोग गरेको देखिएमा आयोगले निजलाई सचेत गराउन, विभागीय कारवाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै कसुर गरेको देखिएमा त्यस्तो व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्ति उपर आयोगले विशेष अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

- अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।
- अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन सक्नेछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई कानूनी राज्यको अवधारणा अनुरुप सुशासनको स्थापना गर्न र सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने केही सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ, जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु सम्पादित हुने गरेका छन् :

- ☞ विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- ☞ दुष्परिणाम सच्याउन आदेश दिने,
- ☞ हानी नोक्सानी असूल उपर गराउने,
- ☞ अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई छाड्ने,
- ☞ भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले प्रबर्द्धनात्मक कार्यहरु गर्ने,
- ☞ भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने,
- ☞ आवश्यकतानुसार सम्बन्धित बिषयको बिशेषज्ञ वा बिशिष्टीकृत सेवा प्राप्त गर्ने ।

४. बार्षिक प्रतिवेदन :

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ बमोजिम आयोगले आफुले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

५ छानवीन तथा अनुसन्धान प्रकृया :

नेपालको अन्तरिम संविधान, २०६३ ले अनुचित कार्य र भ्रष्टाचार गरी दुई प्रकारले अख्तियारको दुरुपयोग हुनसक्ने अवधारणा प्रस्तुत गरे अनुरुप ती बिषयहरुमा उजूरी दिने प्रकृयालाई पनि कानूनले निम्नानुसार अलग्गै व्यवस्था गरेको छ :

अनुचित कार्यको उजूरी : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले तोकेको ढांचामा उजूरी दिनु पर्नेछ र निवेदकले सनाखत समेत गर्नु पर्नेछ । अनुचित कार्य उपरको उजुरीमा अनुसन्धान गर्दै जांदा भ्रष्टाचारको कसूर गरेको देखिन गएमा भ्रष्टाचारको

कसूर अन्तर्गत नै कारवाही गरिन्छ । तर सार्वजनिक चासोको बिषय भएको उजूरीको हकमा भने सनाखतको आवश्यकता पर्दैन ।

भ्रष्टाचारको उजूरी : भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले छानविन, अनुसन्धान गर्न वा अन्य कारवाही चलाउन सक्दछ र भ्रष्टाचारको उजुरी उपर अनुसन्धान गर्दै जांदा अनुचित कार्य भएको पाइएमा, अनुचित कार्यमा समेत कारवाही गर्न सकिने छ ।

आयोगले स्वयं जानकारीमा लिई कारवाही गर्न सक्ने : आयोगले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने कुनै पनि बिषयमा अनुसन्धानको प्रक्रिया थाल्न सक्छ ।

प्रारम्भिक छानविनको प्रक्रिया : आयोग समक्ष परेका कुनै पनि उजूरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारी उपर प्रारम्भिक छानविनको क्रममा कारवाही गर्नु पर्ने वा नपर्ने निर्क्यौल मूलत: निम्न तथ्यहरुको आधारमा गर्ने गरेको छ ।

क) अनुसन्धानको बिषय वस्तु के हो ?
ख) उक्त विषय आयोगको क्षेत्राधिकारभित्र पर्छ, पर्दैन ?
ग) उल्लेखित बिषयको गम्भीरता के कति छ ?
घ) उल्लेखित आरोपको स्वरुप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?
ङ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी वा फाइदा हुन गएको छ ?
च) विवादित कार्यबारे कुनै कार्यालय वा अदालतमा मुद्दा मामिला चलिरहेको वा मुद्दा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विवादित वा अन्य कारवाई भएको छ, छैन ?
छ) विवादित कार्य भए गरेको मितिका आधारमा हदम्याद बांकी छ, छैन ?

प्रारम्भिक छानविनको सिलसिलामा संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी सो कारवाही गोप्य रहने कानूनी व्यवस्था छ । आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले कुनै कारवाही नगरी त्यस्तो उजूरी तामेलीमा राख्न सक्दछ ।

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्वन नगरी अनुचित कार्य सम्बन्धी उजूरी दिएमा,
ख) ऐनको हदम्याद नाघेको,
ग) आयोगको अधिकार र कार्यक्षेत्र भित्रको बिषय नभएको,
घ) अदालतमा मुद्दा परिरहेको बिषयको,
ङ) तथ्ययुक्त आधार नभएको,
च) दुख दिने मनसायको, र
छ) मामूली कुरा सम्बन्धी ।

तामेलीमा राख्नु पर्ने उपयुक्त आधार नभएका बिषयहरुमा प्रारम्भिक छानवीनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा बिस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयुक्तहरुबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारवाही अगाडि बढाइन्छ । कुनै

बिषयवस्तुको प्रकृति र प्राप्त सूचनाहरुलाई आधार मानेर बिस्तृत अनुसन्धानमा जानु परेमा आयोगले एकैपटक बिस्तृत अनुसन्धान पनि गर्न सक्दछ ।

बिस्तृत अनुसन्धान तहकिकातको प्रकृया : प्रारम्भिक छानवीनबाट बिस्तृत अनुसन्धान गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएका उजूरीमा त्यस्तो अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित बिषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित जवाफ लिने, निजहरुलाई आवश्यकता अनुसार तारेखमा राख्ने, अन्य थप प्रमाणहरु संकलन गर्ने लगायत अनुसन्धानको क्रममा आवश्यक देखिएका अन्य कार्यहरु सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी सो प्रतिवेदन आयोगमा पेश गर्न सम्बन्धित आयुक्त समक्ष प्रस्तुत गर्दछ । सम्बन्धित आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययन पश्चात् अनुसन्धान पूरा नभएको पाइएमा थप अनुसन्धानको आदेश हुन सक्छ । अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई सम्बन्धित आयुक्तबाट आयोग समक्ष पेश गर्ने आदेश हुन्छ । त्यस्तो प्रतिवेदन आयोगमा छलफल गरी आरोपित कसूरको मात्रा, विवादको गाम्भीर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय कारवाही वा अन्य कारवाहीको सिफारिश गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारवाही गरिरहन नपर्ने गरी उजूरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गरिन्छ ।

आयोगको कामसंग सम्बन्धित मुख्य कानूनहरु :

⇒ नेपालको अन्तरिम संविधान, २०६३
⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
⇒ भ्रष्टाचार निवारण ऐन, २०५९
⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०६३
⇒ अनुसन्धान सम्वन्धी निर्देशिकाहरु
⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता, २०६५
⇒ भ्रष्टाचार विरुद्धको समिति सम्बन्धी कार्यविधि २०६३

६. प्रशासनिक संगठन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारवाट नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको सचिव पदमा मिति २०६४।१।२३ देखि श्री भगवतीकुमार काफ्ले रहँदै आउनु भएको छ । आयोगको संगठन तालिका अनुसूची-१ मा र कर्मचारीहरुको पदसोपान एवं संख्या अनुसूची-२ मा उल्लेख गरिएको छ । आयोगमा अनुसन्धान महाशाखाहरु-६, मुद्दा महाशाखा-१, विशेष अनुसन्धान कार्यदल (महाशाखा स्तरको)-१, प्रहरी महाशाखा-१, प्रशासन महाशाखा-१ र योजना महाशाखा-१ गरी जम्मा ११ वटा महाशाखा रहेका छन । स्वीकृत दरवन्दीतर्फका १८० (प्रहरी दरवन्दी समेत), पुल दरवन्दीका १५,

काज खटिएका ५३, फाजिल ६, विशेष करार-२, अंगरक्षक र सुरक्षाकर्मी-१५ समेत गरी जम्मा २७५ जना पदाधिकारी तथा कर्मचारीहरु कार्यरत छन् ।

७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय

आयोगमा कार्यरत आयुक्तहरु बीचको कार्य विभाजन र निर्णय प्रकृया निश्चित गरिएको छ । जस अनुसार प्रत्येक मन्त्रालय र सो अन्तर्गतका निकायहरुको काम कारवाहीहरु आयुक्तहरु वीच बाँड फाँड गरिएको छ । त्यसरी बाँडफाँड गरिएका कार्यहरु आफूलाई तोकिएको आयुक्तले तोकिए अनुसार अन्य एक जना आयुक्त समेत संलग्न भै सम्पादन गर्नु पर्ने हुन्छ । यी र यस्ता आन्तरिक कार्यविधिका अन्य व्यवस्थाहरु आयोगको कार्यविधि एवं निर्णयहरुद्वारा व्यवस्थित गरिएका छन् । आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिव मार्फत् सम्बन्धित आयुक्त समक्ष पेश गरेको कुनै बिषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका बिषयहरु वा अन्य नीतिगत निर्णय हुनु पर्ने बिषयहरुको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यसूची तयार भएपछि बिषयको गाम्भिर्यता, जटिलता र शीघ्र निर्णयको आवश्यकता आदिलाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशन अनुसार कुनै पनि समयमा आयोगको बैठक बसी बहुमतद्वारा निर्णय हुने व्यवस्था छ ।

८. आयोगको निर्णयहरुको वर्गीकरण

प्रतिवेदन अध्ययन गर्ने व्यक्तिलाई सुविधा पुगोस भन्ने उद्देश्यले यस पछिका परिच्छेदहरुमा कारवाहीको प्रकृति हेरी आयोगबाट भएका निर्णयहरुलाई विभिन्न शिर्षकमा समाविष्ट गरिएको छ । उदाहरणको लागि एउटै निर्णयमा मुद्दा चलाउने, विभागीय कारवाही गर्ने (सेवाबाट हटाउने, तल्लो तहमा घटुवा गर्ने, बढुवा रोक्का गर्ने, ग्रेड रोक्का गर्ने, नसिहत दिने आदि), सचेत गराउने, सुझाव, ध्यानाकर्षण, अभिलेख राख्ने तथा अन्य कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय भएकोमा त्यस्तो विवरण यस पछिका परिच्छेदहरुमा यथास्थानमा राखिएको छ ।

९. अधिकार प्रत्यायोजन

आयोगको प्रशासनिक संगठन स्थानीय तहसम्म बिस्तार भै नसकेकोले अर्को व्यवस्था नभएसम्मको लागि मिति २०६३।१०।१ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई कानूनी परामर्श प्रदान गर्न पुनरावेदन र जिल्ला सरकारी वकिलहरुलाई पनि अधिकार प्रत्यायोजन गरिएको छ ।

१० . बजेट व्यवस्था

आर्थिक वर्ष २०६५/६६ मा आयोगको लागि छुट्टयाईएको कूल बजेट रु. ९ करोड ८ लाख १० हजार ३ सय ८८ रुपैंया मध्ये रु. ८ करोड ४२ लाख ६५ हजार ३ सय ७२ रुपैंया ५९ पैसा निकासा भई त्यति नै खर्च भएको छ । आर्थिक वर्ष २०६५।६६ सम्म आयोगमा म.ले.प. र आ.ले.प. बेरुजु रहेको छैन । आर्थिक वर्ष २०६५/६६ को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

परिच्छेद-२
आ.ब. २०६५/६६ मा आयोगबाट सम्पादित कार्यहरु

१. आ.ब. २०६५/६६ मा परेका उजूरी र कारवाहीको विवरण :

आर्थिक वर्ष २०६५/६६ मा आयोगमा पर्न आएका कूल उजूरी र ती उजूरीहरु उपर छानवीन, अनुसन्धान भई फछ्यौंट भएको संख्या निम्न तालीकामा दिईएको छ :

आ.ब. २०६५/६६		
उजूरी संख्या	फछ्यौंट संख्या	फछ्यौंट प्रतिशत
४१४९	३३०३	७९.६

२. अभियोजन र कारबाहीको विवरण :

आ.ब. २०६५/६६ मा जम्मा २१२ वटा बैठक बसी ६३७ निर्णय भई मुद्दा दायर, विभागीय कारवाही, ध्यानाकर्षण, सचेत लगायतका कारवाहीहरु भएका छन् । सो अवधिमा आयोगको निर्णयबाट भएका कारवाहीको स्थिति निम्न तालीकामा दिइएको छ:।

मुद्दा दायर गर्ने निर्णय	पुनरावेदन	विभागीय कारवाही	ध्यानाकर्षण	सचेत	सुझाव	असूल उपर	अन्य कारवाही	ता मे ली
४७	२३	२९	१७	२२	१०७	२७	९८	३३१

३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या :

आ.ब. २०६५/६६ मा विशेष अदालतमा दायर भएका मुद्दाहरु र सो अन्तर्गत प्रतिवादी बनाइएका व्यक्तिहरुको संख्यात्मक विवरण निम्नानुसार दिइएको छ :

क्र.सं.	विषय	मुद्दा संख्या	प्रतिवादी संख्या
१.	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र	३६	३६
२.	गैर कानूनी रुपमा सम्पत्ति आर्जन	२	५
३.	सरकारी रकम हिनामिना	८	१६
४.	सार्वजनिक संस्थानलाई हानी पुऱ्याएको	२	१६
५.	रिसवत	२	६
जम्मा		**५०**	**७९**

(आ.व. ०६५/६६ को अन्त्यसम्म ४७ मुद्दा दायर गर्ने निर्णय भएको भएता पनि गत आ.व.मा निर्णय भएका तर दायर हुन बाँकी मुद्दा समेत जोडिएको)

४. विभागीय कारवाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका बिषय र व्यक्ति/निकाय संख्या:

विभागीय कारवाही		सचेत		ध्यानाकर्षण		जम्मा	
विषय	व्यक्ति	विषय	व्यक्ति	विषय	निकाय	विषय	व्यक्ति
२९	५०	२२	५१	१७	३९	६८	१४०

५. महाशाखागत उजूरी फछ्र्यौटको विवरण :

आ.व. २०६५/६६ को अवधिमा अघिल्लो आर्थिक बर्षबाट जिम्मेवारी सरी आएका तथा नयाँ दर्ता भएका उजूरी समेत जम्मा उजूरी र फछ्र्यौट भएका संख्यात्मक स्थिति तलको तालिकाबाट प्रष्ट हुन्छ ।

महाशाखा नं	जम्मा उजूरी	फछ्र्यौट	जिम्मेवारी सरेको
१	६८३	४९१	१९२
२	७८०	६४५	१३५
३	७१४	६२१	९३
४	४९९	४१७	८२
५	४८०	४१५	६५
६	७४७	६४३	१०४
शैक्षिक प्रमाणपत्र छानविन एकाई	२४६	७१	१७५
जम्मा	४१४९	३३०३	८४६

६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको बिवरण:

आ.व. २०६५/६६ मा आयोगमा परेका उजूरीहरु माथि विभिन्न महाशाखाहरुबाट छानविनका क्रममा विस्तृत अनुसन्धानका लागि अनुसन्धान अधिकृत तोकिएका उजूरीहरुको संख्या र सम्बन्धित निकायहरुबाटै कारवाही टुङ्गो लगाउन पठाइएका उजूरीहरुको मन्त्रालयगत विवरण देहायमा उल्लेख गरिएको छ :

महाशाखा नं./ कार्यदल	**सम्बन्धित मन्त्रालयहरु**	**अनुसन्धान अधिकृत तोकिएको संख्या**	**मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या**
१	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	३७	७१
	जलस्रोत मन्त्रालय	१९	३४
	कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय	-	१७
	महालेखा परिक्षकको कार्यालय	-	१
	लोक सेवा आयोग	-	१२
	निर्वाचन आयोग	-	-
	राष्ट्रिय मानव अधिकार आयोग	-	-
२	स्थानीय विकास मन्त्रालय	१९	१८८
	कृषि तथा सहकारी मन्त्रालय	५	२८
	वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय	-	१
	शान्ति तथा पुनः निर्माण	-	-
३	वन तथा भू-संरक्षण मन्त्रालय	१०	४०
	भौतिक योजना तथा निर्माण मन्त्रालय	१५	३२
	गृह मन्त्रालय	७	११७
	परराष्ट्र मन्त्रालय	-	२
४	वाणिज्य तथा आपूर्ति मन्त्रालय	४	३
	महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय	१	१७
	सामान्य प्रशासन मन्त्रालय	१	१
	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	-	३
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२९	४६
	उद्योग मन्त्रालय	६	१९
५	अर्थ मन्त्रालय	४२	३५
	श्रम तथा यातायात व्यवस्था मन्त्रालय	७	१७

महाशाखा नं./ कार्यदल	सम्वन्धित मन्त्रालयहरु	अनुसन्धान अधिकृत तोकिएको संख्या	मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या
	सूचना तथा सञ्चार मन्त्रालय राष्ट्रिय योजना आयोग महालेखा नियन्त्रकको कार्यालय	५ - -	१९ - २
६	शिक्षा तथा खेलकूद मन्त्रालय रक्षा मन्त्रालय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	३३ - ६	२६२ ३६ २०
शैक्षिक प्रमाणपत्र छानविन कार्यदल		३४	१७
जम्मा:-		२८०	१०४०

७. नक्कली शैक्षिक प्रमाणपत्र सम्वन्धी दायर भएका मुद्दाहरु :

आर्थिक बर्ष २०६५/६६ मा देहायमा उल्लेखित सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत निम्न कर्मचारीहरुले शुरु नियुक्ति र बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली भएको तथ्य प्रमाणित हुन आएकोले तिनीहरु बिरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ :-

क्र.सं	मुद्दा दायर मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
१.	२०६५/४/१९	केशवराज कडरिया	HS	फोरमेन, ने.वि.प्रा.
२.	२०६५/४/१९	बलराम शर्मा	BA	शिक्षक, मोरङ
३.	२०६५/४/१९	हरिबहादुर घर्ती	HS	खरिदार, ल.पु.उ.म.न.पा.
४.	२०६५/६/२	विष्णुबहादुर थापा	HS	व.स.तह ५, गोरखापत्र संस्थान
५.	२०६५/६/२	खगराज पाठक	BA	शिक्षक,कैलाली
६.	२०६५/६/८	भरत गौतम	BA	सहायक सर्भेक्षक, उ.मा.शि.प.
७.	२०६५/६/८	सुपन अर्याल	HS	सहायक (ख), रा.वा.वैक
८.	२०६५/७/८	केशर बहादुर रायमाझी	HS	खजान्ची, रा.वा.वैंक
९.	२०६५/७/८	दिपक सिंखडा	I.Com	कम्प्युटर सहायक, उ.मा.शि.प.
१०.	२०६५/८/२	उष्णकुमार महर्जन	I.Com	कार्यालय सहायक, कृ.वि.वैंक
११.	२०६५/९/२	पूर्णबहादुर बस्नेत	HS	शिक्षक, दाङ
१२.	२०६५/९/३	प्रदीप के.सी.	BA	सहायक खजान्ची, रा.वा.वैंक
१३.	२०६५/९/१६	दिलबहादुर बुढा	Inter	शिक्षक, वाजुरा
१४.	२०६५/९/२०	लोकबहादुर हितान	HS	शिक्षक, मुगु
१५.	२०६५/९/२२	सत्यदेवी गिरी	Inter	कम्प्युटर अपरेटर, शैक्षिक जनशक्ति विकास केन्द्र
१६.	२०६५/९/२७	रामप्रसाद आर्याल	HS	सहायक, नेपाल टेलिकम
१७.	२०६५/१०/१	रानु शर्मा	मध्यमा	सहायक तृतीय, साझा प्रकाशन
१८.	२०६५/१०/५	यादवप्रसाद दाहाल	BA	सहायक निर्देशक, समाज कल्याण परिषद
१९.	२०६५/१०/७	रुकबहादुर थापा	मध्यमा	प्र.ना.नि. नेपाल प्रहरी
२०.	२०६५/१०/२३	खेमराम सुवेदी	HS	खरिदार, जि.वि.स. प्यूठान
२१.	२०६५/१०/२६	टेकबहादुर बिष्ट	HS	शिक्षक, अछाम
२२.	२०६५/१०/२६	चरेशबहादुर भाम	SLC	शिक्षक, मुगु
२३.	२०६५/१०/२६	मनिता पौडेल	मध्यमा	स्टोरकिपर, ग्रामिण विकास

क्र.सं	मुद्दा दायर मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
				प्रशिक्षण केन्द्र, जनकपुर
२४.	२०६५/११/५	बुङचु चौलागाई	HS	खाजान्ची, रा.वा.बैंक
२५.	२०६५/११/५	हरिजंग शाह	HS	शिक्षक, मुगु
२६.	२०६५/११/६	नन्दादेवी संजुवाल	SLC	शिक्षक, मुगु
२७.	२०६५/११/११	नारायण ब. घर्तीमगर	Inter	सर्भेक्षक, नापी विभाग
२८.	२०६५/११/२५	नारायण श्रेष्ठ	BSC	शिक्षक, ईलाम
२९.	२०६५/१२/४	राजेश खड्का	HS	सहायक द्वितीय, साझा प्रकाशन
३०.	२०६५/१२/३०	मायाराम कुर्मी	HS	शिक्षक, वांके
३१.	२०६५/१२/२७	चित्रबहादुर मल्ल	IA	शिक्षक, मुगु
३२.	२०६६/२/१०	मिना गौतम	BA	प्रबन्धक, नेपाल प्रज्ञा प्रतिष्ठान
३३.	२०६६/२/१७	कुन्दनप्रसाद घिमिरे	MA	सुपरभाइजर, वि.पी.कोईराला स्वा.वि.प्रतिष्ठान, धरान
३४.	२०६६/३/२८	राजेन्द्र प्रसाद साह कानु	नखुलेको	गा.वि.स. सचिव, वारा
३५.	२०६६/३/३०	चन्द्रकान्त लभ	SLC	शिक्षक, सप्तरी
३६.	२०६६/३/२२	मेघराज जोशी	उत्तर मध्यमा	शिक्षक, डडेलधुरा

माथि उल्लेखित अभियुक्तहरुले नक्कली शैक्षिक प्रमाणपत्रहरु पेश गर्नुको प्रयोजन अनुसूची ४ मा दिइएको छ । नक्कली प्रमाणपत्र सम्बन्धमा आ.व. ०५७/५८ देखि आ.व. ०६५/६६ सम्म भएको फैसला विवरण र शैक्षिक प्रमाणपत्र सम्बन्धि मुद्दाहरुमा सफलता/असफलताको अनुपात अनुसूची ५ मा दिइएको छ ।

८. गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१	४/०६५।४।२	लेखा नियन्त्रक कार्यालय नुवाकोटका प्रमुख लेखा नियन्त्रक पदमप्रसाद अधिकारी श्रीमती किरण अधिकारी अमिनिस अधिकारी	सम्पत्ति लुकाई छिपाई झूटा विवरण दिई भ्रष्टाचार गरेको	रु.१६,३५,१८६।२६
२	४०९/०६५।३।२६	विराटनगर भन्सार कार्यालयका भरत नेपाल अम्बिकादेवी नेपाल	गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको	रु.१,४१,७१,४८७।५८

९. घुस रिसवत सम्वन्धी भ्रष्टाचार गरेको मुद्दा :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१.	३०९/०६५।९।२४	शा.अ. राजेन्द्र बुढाथोकी ना.सु. लक्ष्मणप्रसाद भट्टराई लेखन्दास डम्बरकुमार दाहाल क्यान्टिनवाला युवराज शर्मा	रजिष्ट्रेसन पास गर्ने काम रिसवत लिई खाई भ्रष्टाचार गरेको ।	रु.५,००,०००।-
२.	४६६/०६६।१।८	ख. गणेशबहादुर भट्टराई लेखन्दास माधवप्रसाद पराजुली	जग्गा नामसारी गर्दा घूस रिसवत लिएको	रु.४,०००।-

१०. सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा :

क्र.सं.	निर्णय संख्या	प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१	२४२/०६५।८।१७	ले.पा. रोमनाथ बराल तत्कालीन जि.शि.अ., नन्दप्रसाद पौडेल तत्कालीन जि.शि.अ. बलराम पौडेल मधुसूदन त्रिपाठी प्र.अ.हरिहर कर्णेल (शिक्षक) प्र.अ. ठाकुरप्रसाद जोशी	अंक अक्षर थपी सच्याई विभिन्न विद्यालयलाई बढी रकम भुक्तानी दिई भ्रष्टाचार गरेको ।	रु. १६,४७६७६।-
२	५५०/०६६।२।१४	सुशील केडिया विश्व भारती उ.मा.वि. शिक्षा परिषद् धोबीघाट ल.पु.का कोअर्डिनेटर पदमा कार्यरत अजयकुमार यादव	प्रश्न पत्रको गोप्यता भंग गरेको	-
३	५१८/०६६।२।५	को.ले.नि.का. सिन्धुपाल्चोक अन्तरगत जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रका स.ले.पा. राजेन्द्रकुमार थापा (राजु उदय भन्ने)	जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र सिन्धुपाल्चोकका कार्यालय प्रमुखको किर्ते दस्तखत गरी कार्यालयको बैंक खाताबाट रकम झिकी हिनामिना एवं भ्रष्टाचार गरेको ।	रु. ४,२८,६२१।-
४	५१९/०६६।२।५	को.ले.नि.का. सिन्धुपाल्चोक अन्तगरत खाद्य क्वारेन्टाइन प्रयोगशाला तातोपानीका स.ले.पा. राजेन्द्रकुमार थापा	खाद्य क्वारेन्टाइन प्रयोगशाला तातोपानीका सिन्धुपाल्चोकका कार्यालय प्रमुखको किर्ते दस्तखत गरी कार्यालयको बैंक खाताबाट रकम झिकी हिनामिना एवं भ्रष्टाचार गरेको ।	रु. २,७३,४०७।-
५	५३७/०६६।२।७	दुर्गम क्षेत्र विकास समिति नेपालगन्जका प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवाली अटो वर्कशप प्रा.लि. नेपालगन्जका सञ्चालक विद्या प्रकाश बुढा	सामान ढुवानी गर्दा अनियमितता एवं भ्रष्टाचार गरेको ।	रु. ९,६३,५८०।-
६.	५३६/०६६।२।७	दुर्गम क्षेत्र विकास समिति नेपालगन्जका प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवाली अटो वर्कशप प्रा.लि. नेपालगन्जका सञ्चालक विद्या प्रकाश बुढा	सामान ढुवानी गर्दा अनियमितता एवं भ्रष्टाचार गरेको ।	रु. १,२६,३५३४।-
७.	५३८/०६६।२।७	दुर्गम क्षेत्र विकास समिति नेपालगन्जका प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवाली अटो वर्कशप प्रा.लि. नेपालगन्जका सञ्चालक विद्या प्रकाश बुढा	सामान ढुवानी गर्दा अनियमितता एवं भ्रष्टाचार गरेको ।	रु. ६,३६,३४८।-
८.	६१७/०६६।३।२८	रेडियो प्रसार सेवा विकास समिति पोखराका ले.पा. शेरबहादुर के.सी.	रेडियो प्रसार सेवा विकास समिति पोखराको रकम बैंक दाखिला नगरी हिनामिना गरी भ्रष्टाचार गरेको ।	रु. ५,५०,८८१।८६

११. सार्वजनिक संस्थानलाई हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दा :

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१.	३८४/०६५।११।९	विशालबजार कम्पनीका अध्यक्ष रवीन्द्रलाल श्रेष्ठ देवेन्द्रलाल श्रेष्ठ रमेशमान श्रेष्ठ	कम मूल्यमा पसल कवल भाडा दिंइ दिलाई बढी मूल्यमा भाडा लगाई भ्रष्टाचार गरेको ।	रु. १,३९,५७,३२५।१२
२.	५०५/२०६६।१।३०	सिल्भर फइबर टेक्सटायल मिल्स प्रा.लि. गैंडाकोटका ठाकुरप्रसाद थापा (संचालक) ऐ.का जीवन बिष्ट ऐ.का सल्लाहकार किशोर बास्कोटा ऐ.का इ.दिनेश नाथ चालिसे । बंगलादेश बैंकका पूर्व प्रबन्ध निर्देशक नरेन्द्र भट्टराई ऐ.का सहायक प्रबन्धक बालकृष्ण शर्मा ऐ.का बैंक अधिकृत उज्जवल पाण्डे क.सं. कोष पुल्चोकका राजेश राज कर्णिकार ऐ.का लगानी विभागका प्रमुख शशि विक्रम राणा ऐ.का प्रबन्धक लक्ष्मीप्रसाद श्रेष्ठ ऐ.का एकाउन्टेन्ट रविभुषण वैद्य ऐ.का विजयकुमार श्रेष्ठ	कर्मचारी सञ्चयकोषलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको भन्ने ।	रु. १९,६८,१३,४१५।०२

आर्थिक वर्ष २०६५/६६ मा आयोगबाट अभियोजन गर्न निर्णय गरिएका मुद्दाहरुमा जम्मा रु. २३,२८,४५,४६०।२६ विगो मागदावी लिइएको छ ।

१२. आ.व.०६५/६६ को असुलउपर सम्बन्धी विवरणः

सि.नं.	विवरण	जम्मा रकम
१.	अनुसन्धान हुँदाका वखत असुल भएको	रु. ३,६०,४३,४३०।००
२.	अनुसन्धान भए पछि असुल भएको	रु. १,५६,५७,३२६।०९
३	असुल उपरको लागी लेखी पठाईएको	रु. ८,७५,३४,३८५।५०

१३. आ.व.०६५/६६ को सार्वजनिक जग्गा सरकारी कायम सम्बन्धी विवरण :

(क) नेपाल सरकारको नाममा कायम भएको

सि.नं.	जग्गाको विवरण	क्षेत्रफल
१.	उपत्यका भित्र (धोबीखोला)	१-१-३-३ रोपनी
२.	उपत्यका बाहिर (नवलपरासी)	४१-०-०-० बिघाह

ख. नेपाल सरकारको नाममा कायम गर्न लेखी पठाइएको विवरण

सि.नं.	जग्गाको विवरण	क्षेत्रफल
१.	उपत्यकाभित्र (काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न स्थान)	५७-६-०-२ रोपनी
२.	उपत्यका बाहिर (अ) पोखरा (आ) नेपालगन्ज र बुटवल	 १५३-०-३-०.५ रोपनी १२-२-०६ बिघाह

१४. प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारवाही :

मिति २०६३।१०।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, पुनरावेदन सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । आ.ब. २०६५।०६६ मा पाँच बिकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १०२ वटा उजूरी परेकोमा जम्मा ५८ वटा फछ्यौंट भई ४४ वटा फछ्यौंट हुन बाँकी रहेको र जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १५६७ वटा उजूरी परेकोमा जम्मा २३९ वटा फछ्यौंट भई १३२८ वटा फछ्यौंट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ । यसरी हेर्दा जिल्ला प्रशासन कार्यालयहरुबाट भएको कार्य सम्पादन आशातित रुपमा प्रभावकारी रहेको देखिदैन । भ्रष्टाचार सम्वन्धी परेको उजुरीको कार्य फश्यौंटले प्राथमिकता नपाउनु र अनुसन्धान सम्वन्धी दक्षताको अभाव जस्ता कारणहरुले यसो हुन गएको मान्न सकिन्छ । यस सम्वन्धी विस्तृत तथ्याङ्क अनुसूची ६ र ७ मा दिइएको छ । आयोगमा परेका कूल उजूरी र फछ्यौंटको संख्यात्मक विवरण अनुसूची ८ र ९ मा दिइएको छ भने मुद्दा जितहारको स्थिति अनुसूची १० मा दिइएको छ ।

परिच्छेद - ३
अभियोजन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ मा सार्वजनिक पद धारण गरेका व्यक्तिहरू उपर भ्रष्टाचारको आरोपको सम्बन्धमा चलेको कारवाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्ने प्रावधान अनुरुप आर्थिक वर्ष २०६५।६६ मा कसुरदार ठहरिएका अभियुक्त विरुद्ध विशेष अदालत समक्ष दायर गरिएका मुद्दाहरू सम्बन्धी संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ ।

१. उच्चस्तरीय सम्पत्ति न्यायीक जाँचबुझ आयोग २०५८ को प्राप्त प्रतिबेदन बमोजिम हाल नुवाकोट जिल्लाको कोष तथा लेखा नियन्त्रण कार्यालयमा कार्यरत प्रमुख कोष तथा लेखा नियन्त्रक पदमप्रसाद अधिकारीले निज पदमा बहाल रहँदा स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने बिषयमा अनुसन्धान अधिकृतको प्रतिवेदन र मिसिल संलग्न कागजातहरूको अध्ययनवाट मिति २०३८।२।१ देखि नेपाल दूरसंचार संस्थान, काठमाडौंमा मुख्य सहायकको रुपमा कार्यरत रही मिति २०४२/३/१२ देखि महालेखा नियन्त्रक कार्यालयमा लेखा अधिकृतमा निजामति सेवामा स्थायी सेवा प्रारम्भ गरी हाल कोष तथा लेखा नियन्त्रण कार्यालय, नुवाकोटमा प्रमुख कोष तथा लेखा नियन्त्रकको रुपमा कार्यरत निज पद्म प्रसाद अधिकारी र निजका परिवारका सदस्यहरूको नाममा रहेको सम्पत्ति मध्ये रु. १६,३५,१८६।२६ (सोह्र लाख पैंतिस हजार एक सय छयासी रुपैंया छब्बीस पैसा) मुल्य वरावरको सम्पत्तिलाई निजले उच्चस्तरीय सम्पत्ति न्यायीक छानवीन आयोग, निजामती किताखाना र यस आयोगमा समेत आफूसंग भएको बास्तविक सम्पत्ति लुकाई छिपाई झुठ्ठा बिवरण दिएकोले निजको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा २ बमोजिम रहे भएको पाइयो ।

निज पद्म प्रसाद अधिकारीले स्वयं आर्जन गरी आफू, पत्नी तथा छोराको नाममा राखेका सम्पत्ति मध्ये लुकाई छिपाई झुठ्ठा विवरण दिएको उल्लेखित मूल्य बराबरको सम्पत्ति भ्रष्टाचार गरी आर्जन गरेको हुंदा निजले उक्त बिबरणमा बास्तविक सम्पत्ति लुकाई छिपाई झुठ्ठा विवरण पेश गरेको तथ्य निम्न लिखित आधारहरूबाट पुष्टि हुन आयो ।

निज पदम प्रसाद अधिकारीले मिति २०५९/२/८ मा सम्पत्ति न्यायीक जाँचबुझ आयोगमा पेश गरेको बिबरणको महल ९ को (ख) मा श्रीमती किरण अधिकारीको नाममा मिति २०५७/१२/२९ मा रु. ५,००,०००।-, मिति २०५७/३/२३ मा आफ्नै नाममा रु.१,००,०००।- र मिति २०५७/१२/२९ मा आफ्नै नाममा रु.२,००,०००।- समेत गरी जम्मा रु.८,००,०००।- को वचतपत्र नेपाल राष्ट बैंकबाट खरिद गरेको भनी लेखी पेश गरेको देखियो, त्यसैगरी निजले मिति २०६४/३/२८ मा आयोगमा पेश गरेको सम्पत्ति विवरण फारमको महल ९ मा समेत मिति २०५७/१२/२२ मा श्रीमती किरण अधिकारीको नाममा रु.५,००,०००।-, मिति २०५७/१२/२२

मा आफ्नै नाममा रु.२,००,०००।- र मिति २०५७/३/१९ मा आफ्नै नाममा रु.१,००,०००।- समेत गरी जम्मा ८,००,०००।- को बचतपत्र नेपाल राष्ट्र बैंकबाट खरिद गरेकोमा म्याद समाप्त भई रकम फिर्ता आएको भनी उल्लेख गरेको देखियो । नेपाल राष्ट्र बैंक ऋण व्यवस्थापन विभागको मिति २०६४/६/६ गतेको पत्रद्वारा प्राप्त विवरणमा मिति २०५८/९/१२ मा निज पद्म प्रसाद अधिकारीको नाममा रु.१,५०,०००।-, ऐ. मितिमा श्रीमती किरण अधिकारी (लामिछाने) को नाममा रु.२,००,०००।-, मिति २०५८/९/१९ मा निज पदम प्रसाद अधिकारीको नाममा रु.१,५०,०००।-, मिति २०५७/३/१९ मा निजकै नाममा १,००,०००।-, मिति २०५७/१२/२२ मा श्रीमती किरण अधिकारी (लामिछाने) को नाममा रु.५,००,०००।-, मिति २०५७/१२/२२ मा निज पद्म प्रसाद अधिकारीको नाममा रु.२,००,०००।- र मिति २०५९/३/२० मा संरक्षक किरण अधिकारी रहने गरी छोरा अवनिशको नाममा रु.१,५०,०००।- समेत गरी जम्मा १४,५०,०००।- को बचत पत्र खरिद भएको भनी खुलाई पठाएको देखिंदा निज पद्म प्रसाद अधिकारीले मिति २०५९/२/८ गते सम्पत्ति न्यायीक जाँचबुझ आयोग, मिति २०६४/३/२८ गते यस आयोगमा तथा मिति २०६३/४/२६ गते निजामती किताबखानामा पेश गरेको सम्पत्ति विवरणमा नियतवस मिति २०५९/९/१२ मा निज पद्म प्रसाद अधिकारीको नामको रु.१,५०,०००।-, ऐ.मितिको श्रीमती किरण अधिकारी (लामिछाने) को नामको रु.२,००,०००।- मिति २०५८/९/१९ गते पद्म प्रसाद अधिकारीको नानको रु. १,५०,०००।- र मिति २०५९/३/२० गते छोरा अवनिश संरक्षक किरणको नामको रु. १,५०,०००।- समेत गरी जम्मा रु. ६,५०,०००।- बचतपत्रहरू खरिद गरेतापनि सो विवरण नखुलाई भुट्ठा विवरण लेखी पेश गरेको, त्यसैगरी निज मिति २०६४/३/३ मा आयोगमा उपस्थित भई सो को ७ (सात) दिन भित्र अनुसूची १ बमोजिमको पाना १५ को व्यक्तिगत विवरण भरी मिति २०६४।३।२८मा पेश गर्नु अगावै निजले कृषि विकास बैंक नयाँ वानेश्वरमा रहेको ०४०७३६ नम्बरको खाताबाट मिति २०६४/३/१४ गते रु.४ लाख, मिति २०६४/३/१५ गते सोही खाताबाट रु. २,३५,१८६।२६, सानिमा विकास बैंकको बचत खाता नं.०१६२५१० बाट मिति २०६४/३/१३ गते रु. ३,५०,०००।-, कृषि विकास बैंक रत्नपार्कको बचत खाता नं.८४०२०६ बाट मिति २०६४/३/१४ गते रु. ५०,०००।-, नेपाल बैंक लिमिटेड काठमाडौं अफिसमा रहेको बचत खाता नं. ०३३७५०२ बाट मिति २०६४/३/२७ गते ६०,०००।- र कृषि विकास बैंक महाराजगञ्जमा रहेको बचत खाता नं. ०९२५२५ बाट मिति २०६४/३/१८ गते १,६०,०००।- समेत गरी जम्मा रु.१२,५५,१८६।२६ झिकेको देखियो ।

उपरोक्त खाताहरू मध्ये निज पद्म प्रसाद अधिकारीको नाममा रहेको कृषि विकास बैंक नयाँ वानेश्वरको ब.हि.नं.०४०७३६ र निज कै नाममा सानिमा विकास बैंकमा रहेको खाता नं.०१६२५१० समेतका खाताहरूको विवरण उच्चस्तरीय सम्पत्ति न्यायीक जाँचबुझ आयोग, यस आयोग तथा निजामती किताबखाना समेतमा उल्लेख नगरी आफूसंग भएको वास्तविक सम्पत्ति लुकाई छिपाई झुट्ठा सम्पत्ति विवरण पेश गरेको, आयोगबाट अनुसन्धानको क्रममा तयार गरिएको निज पद्म प्रसाद अधिकारीको आय व्ययको प्रवाह विवरण बिश्लेषण गर्दा निजको आय भन्दा व्यय बढी देखिन गएकाले निजसंग वैधानिक आय पुष्टयाई गर्ने आधार प्रमाण नभएको हुंदा निजले आफू तथा आफ्ना परिवारका सदस्यहरूको नाममा रहेको अवैध रुपमा आर्जन गरेको सम्पत्तिलाई लुकाउन खोजी सम्बन्धित निकायहरूमा झुट्ठा विवरण पेश गरेको देखियो । साथै यसरी अवैध रुपमा आर्जन गरेको सम्पत्तिको स्रोत पुष्टयाई गर्न नसकिने कारणले नै निजले

आयोगबाट अनुसन्धान शुरु भइसके पश्चात निज तथा निजको परिवारको सदस्यहरूको नाममा बिभिन्न बैंक तथा वित्तिय संस्थाहरूमा रहेको चल सम्पत्तिहरू मध्ये बिभिन्न मितिमा रु.१२,५५,१८६।२६ झिकेको पुष्टि हुन आयो ।

उपरोक्त आधारमा निज पद्म प्रसाद अधिकारी र निजका परिवारका सदस्यहरूको नाममा रहेको सम्पत्ति बैधानिक आय स्रोतसंग अमिल्दो देखिएको र निजले आफू तथा आफ्नो परिवारका सदस्यहरूको नाममा रहेको वास्तविक सम्पत्तिमा नेपाल राष्ट्र बैंकबाट खरिद गरेको बचतपत्रहरू मध्ये मिति २०५९/९/१२ मा निज पद्म प्रसाद अधिकारीको नाउंको रु.१,५०,०००।-, ऐ.मितिको किरण अधिकारी (लामिछाने) को नामको रु. २,००,०००।-, मिति २०५८/९/१९ गते पद्म प्रसाद अधिकारीको नाउंको रु. १,५०,०००।- र मिति २०५९/३/२० गते छोरा अवनिश संरक्षक किरणको नामको रु. १,५०,०००।- समेत गरी जम्मा रु. ६,५०,०००।- बराबरको बचतपत्र र निजकै नाममा कृषि विकास बैंक नयाँ वानेश्वरमा रहेको ०४०७३६ नंबरको खाताबाट मिति २०६४/३/१४ गते रु.४ लाख, सोही बैंकबाट ऐ. १५ गते झिकेको रु. २,३५,१८६।२६ र सानिमा विकास बैंकको बचत खाता नं.०१६२५१० बाट मिति २०६४/३/१३ गते रु. ३,५०,०००।-समेत नगदै झिकेको रकम समेतको विवरण सम्बन्धित निकायहरूमा उल्लेख गर्नुपर्नेमा सो पेश नगरी झूठा विवरण पेश गरी लुकाए छिपाएको जम्मा रु. १६,३५,१८६।२६ (सोह्र लाख पैंतिस हजार एक सय छयासी रुपैंया छब्बीस पैसा) मूल्य बराबरको सम्पत्तिका हकमा अभियोग दावी लिई, निज पद्म प्रसाद अधिकारीले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा २ बमोजिमको कसुर गरेकोले निजलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा २ बमोजिम हदैसम्मको सजाय गरी त्यसरी झूठा विवरण पेश गरी लुकाए/छिपाएको सम्पत्ति प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा २ बमोजिम जफत गरी निज र निजको श्रीमतीको नाममा रहेको चल अचल सम्पतीबाट असूल उपर गर्ने र निज पद्म प्रसाद अधिकारीले झुट्ठा विवरण पेश गरी लुकाई/छिपाई गैर कानूनी रुपमा आर्जन गरेको सम्पत्ति निजको पत्नी किरण (लामिछाने) अधिकारी र छोरा अवनीश अधिकारीको नाममा राखेकोले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) समेतको आधारमा सो सम्पत्ति जफत गर्ने प्रयोजनको लागि निज किरण अधिकारी (लामिछाने) र अवनिश अधिकारी समेतलाई प्रतिवादी कायम गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग २०४८ को दफा ३५ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ अनुरुप आयोगको २०६५।४।२ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२. गोरखापत्र संस्थानका तत्कालिन वरिष्ठ सहायक पाँचौं तहका कर्मचारी बिष्णुबहादुर थापाले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी गोरखापत्र संस्थानबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, वाराणसी, उत्तर प्रदेशबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरू नक्कली एवं झुठ्ठा देखिई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार सजाय हुने कसूर गरेको देखिन

आएको हुदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६५।४।८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३. सरस्वती मा.वि., कैलालीका तत्कालिन शिक्षक खगराज पाठकले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित छत्रपति शाहूजी महाराज विश्वविद्यालय कानपुर भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) वमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६५।४।८ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौमा मुद्दा दायर गरियो ।

४. राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, हेटौडा चौथो तहका सुपनराज अर्यालले बढुवा पाउनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित शिक्षा परिषद विहार विद्यालय परीक्षा समिति, भारतबाट प्राप्त पत्र एवं उल्लेखित विवरण समेतका आधारमा प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।५।४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५. राष्ट्रिय बाणिज्य बैंक विराटनगर शाखाका खजान्ची केशर रायमाझीले बढुवा पाउनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित शिक्षा परिषद विहार विद्यालय परीक्षा समिति, भारतबाट प्राप्त पत्र एवं उल्लेखित विवरण समेतका आधारमा प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।५।४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६. उच्च माध्यमिक शिक्षा परिषद सानोठिमीका कम्प्यूटर सहायक दिपक सिंखडाले शुरु नियुक्ति पाउनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित त्रिभुवन विश्व विद्यालय नेपालबाट प्राप्त पत्र एवं उल्लेखित विवरण समेतका आधारमा प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको

र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।५।४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७. नेपाल टेलिकमका तत्कालिन सहायक चौथो तहका कर्मचारी रामप्रसाद अर्यालले शुरु नियुक्ति लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल टेलिकमबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा केन्द्रीय माध्यमिक शिक्षा बोर्ड, क्षेत्रीय कार्यालय, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरू नक्कली एवं झुठ्ठा देखिई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार सजाय हुने कसूर गरेको देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६५।५।१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८. उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमीमा तत्कालीन सर्वेक्षण सहायक प्रथम तह (प्रा)हाल प्रशासन सहायक (प्रथम तह) पदमा कार्यरत रहेका भरत गौतमले सर्वेक्षण सहायक प्राविधिक सेवाबाट स्थायी सेवामा प्रवेश गरी पछि प्रशासन सेवामा परिवर्तन प्रयोजनार्थ आफ्नो शैक्षिक योग्यताको महलमा स्नातक (वी.ए.) उल्लेख गरी आफ्नो व्यक्तिगत विवरण फाइलमा राख्नका लागि समेत पेश गरिएका प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा दीनदयाल उपाध्याय गोरखपुर विश्वविद्यालय, गोरखपुर उत्तर प्रदेश, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसुर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७, को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।६।१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९. कृषि विकास वैक अन्तर्गत कार्यालय सहायक तहका कर्मचारी उष्ण कुमार महर्जनले लाभ तथा सुविधा लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी कृषि विकास वैकबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा बिहार विद्यालय परीक्षा समिति (उ.मा.) पटनाबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरू नक्कली एवं झुठ्ठा देखिई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार सजाय हुने कसूर गरेको देखिन आएकोले निजलाई सावित भ्रष्टाचार निवारण २०१७ को दफा १२ र २९ तथा प्रचलित

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६५।७।५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१०. जिल्ला शिक्षा कार्यालय, बाजुरामा कार्यरत श्रोत व्यक्ति दिलबहादुर बुढाले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारबाही हुन भनी आयोगमा प्राप्त उजूरी उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय इलाहवादबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूटा देखिएकाले निजको त्यस्तो कार्य साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार सजाय हुने कसूर गरेको देखिन आएकोले निजलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दाबी लिई आयोगको मिति २०६५।७।२४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

११. नि.मा.वि. अमिलिया, दाङका प्राथमिक शिक्षक पूर्णबहादुर वस्नेतले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश भारतवाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एव झुट्टा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।८।९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१२. जिल्ला शिक्षा कार्यालय मुस्ताङ्गमा कार्यरत रहँदा विभिन्न विद्यालयहरूलाई अनुदान रकम निकाशा दिंदा तयार गरेको श्रेस्ताहरू सच्याई तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउन वदनियतपूर्वक विद्यालयबाट माग भएको रकम भन्दा बढी हुने गरी माग फाराममा नै सच्चाई बढी रकम माग भएको देखाउन किर्ते गरी बढी रकम निकाशा दिई बढी दिएको निकाशा रकम व्यक्तिगत हिसावमा प्रधानाध्यापकहरूसँग खाली चेक मागी मनपरी किसिमले विद्यालयको खाताबाट रकम झिकी बदनियतपूर्वक सरकारी सम्पत्ति हिनामिना गरी आफूलाई फाईदा र तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याउने मनसायले गैरकानूनी तवरबाट मस्यौट गरी भ्रष्टाचारजन्य कार्य गरी मुख्य रुपमा कागज मिलाउने प्रतिवादीहरू तत्कालीन जिल्ला शिक्षा कार्यालय, मुस्ताङ्गका लेखापाल रोमनाथ वराल, खर्च स्वीकृत गर्ने काममा संलग्न जिल्ला शिक्षा कार्यालय मुस्ताङ्गका तत्कालीन जिल्ला शिक्षा अधिकारीहरू नन्द प्रसाद पौडेल र बलराज पौडेल, निमित्त जिल्ला शिक्षा अधिकारी मधुसुदन त्रिपाठी र त्यसरी बढी निकासा भएको रकम व्यक्तिगत हिसावमा निज लेखापाल रोमनाथ वरालललाई खाली चेक दिई सहयोग गर्ने प्रधानाध्यापकहरू ठाकुर प्रसाद जोशी र हरिहर कडेल समेतको मिलेमतोबाट तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकारलाई हानि

नोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएको छ । निम्न प्रतिवादीहरूले निम्न बमोजिम सरकारी सम्पत्ति अनियमितता गरी हानि नोक्सानी गरेको समेत देखिन आएको छ ।

जिल्ला शिक्षा कार्यालय मुस्ताङ्गको तत्कालीन लेखापाल रोमनाथ वराल, जिल्ला शिक्षा अधिकारी वलराज पौडेल र लुप्रा प्रा.वि. लुप्राको प्र.अ. ठाकुर प्रसाद जोशीको मिलेमतोमा जिल्ला शिक्षा निरीक्षकको कार्यालय मुस्ताङ्गको मिति २०४८।३।१४ को पत्रबाट रकम जम्मा गरी दिने ने.बै.लि. जोमसोममा पठाएको कार्यालय प्रतिको मिसिल संलग्न फोटोकपीमा जनआदर्श मा.वि.को लागि रु..१,०७,२३२।- निकासा हुनुपर्नेमा रु.१,६७,२३२।- सच्याएको,सोही पत्रको सि.नं. ९ को राष्ट्रिय नि.मा.वि. लोमाथाङको लागि रु.३४,४६३।- निकासा हुनुपर्नेमा रु.९४,४६३।- सच्चाई निकासा दिएको र सो तथ्यलाई विद्यालयलाई निकासा दिएको पत्र समेतले पुष्टि गरेको छ । साथै सोही पत्रको मिसिल संलग्न बैंक प्रति फोटोकपीमा जनआदर्श मा.वि.को लागि रु.१,०७,२३२।- राष्ट्रिय नि. मा. वि. लोमाथाङको लागि रु.३४,४६३।- नै उल्लेख भई सच्याई सो फरक रकम रु.१,२०,०००।- लाई लुप्रा प्रा.वि.लुप्रालाई कार्यालय प्रतिमा रु.९,७३२।- मात्र निकाशा उल्लेख भई बैंक प्रतिमा रु.१,२९,७३२।- केरमेट गरी सच्चाई थपि फरक रकम निकासा दिएको देखिएकोले सो फरक रकम रु.१,२०,०००।- प्रतिवादीहरू तत्कालीन लेखापाल, जि.शि.अ. बलराज पौडेल र प्र.अ. ठाकुर प्रसाद जोशी समेतको मिलेमतोबाट हिनामिना गरेको भन्ने देखियो ।

जिल्ला शिक्षा कार्यालय मुस्ताङ्गका तत्कालीन लेखापाल रोमनाथ वराल, जि.शि.अ. नन्द प्रसाद पौडेल, प्र.अ. ठाकुर प्रसाद जोशी समेतको मिलेमतोमा जिल्ला शिक्षा निरीक्षकको कार्यालय मुस्ताङ्गको मिति ०४८।१२।२६ को रकम जम्मा गरी दिने भन्ने ने.बै.लि. जोमसोमलाई लेखेको पत्रमा जन आर्दश मा.वि. कोवाङ्गलाई रु.२,१४,५७७।१० पठाउनु पर्नेमा अगाडिको २ लाई ३ बनाई सच्याई रु.३,१४,५७७।९० कायम गरी सो फरक रु.१,००,०००।- लाई लुप्रा प्रा.वि. लुप्राको नाममा आदेशपत्रमा रु.२०,११९।९० लाई १,२०,११९।९० बनाई उक्त विद्यालयको खातामा निकाशा गराई ०४८।१२।१६ मा नै लेखापाल रोमनाथ वरालले बढी निकासा भएको रकम समेत गरी रु.१,०४,७२४।- सोही विद्यालयको चेक नं. ०५३२९० बाट भुक्तानी लिएको बैंकको पत्र समेतबाट देखिएकोले रु.१,०४,७२४।- प्रतिवादीहरू तत्कालीन लेखापाल रोमनाथ वराल, जि.शि.अ. नन्द प्रसाद पौडेल, प्र.अ. ठाकुर प्रसाद जोशी समेतको मिलेमतोबाट हिनामिना गरेको भन्ने देखियो ।

जिल्ला शिक्षा कार्यालय मुस्ताङ्गका तत्कालीन लेखापाल रोमनाथ वराल, जि.शि.अ. नन्द प्रसाद पौडेल, प्र.अ. हरिहर कडेल समेतको मिलेमतोबाट जिल्ला शिक्षा निरीक्षकको कार्यालय मुस्ताङ्गको मिति ०५०।१।७ को रकम जम्मा गरी दिने भन्ने ने.बै.लि. जोमसोमलाई लेखेको कार्यालय प्रतिमा जनप्रिय नि.मा.वि.झोङ्गको नाममा रु.७६,२०३।८० भई बैंक प्रति मिसिल संलग्न उक्त पत्रको फोटोकपीमा रु.१,७६,२०३।८० निकासा दिएको भन्ने देखिई रु.१,००,०००।- सच्चाई बढी निकासा दिएको भन्ने जनप्रिय नि.मा.वि. झोङ्गलाई लेखेको मिति ०५०।१।७ को जि.शि.का. मुस्ताङ्गले निकासा दिएको पत्रमा रु.७६,२०३।८० उल्लेख भएबाट पनि पुष्टि भएको छ । जि.शि.का. मुस्ताङ्गको मिति ०५०।१।८ को जनप्रिय नि.मा.वि.झोङ्गको नाममा छुट भनी रु.९९,५०१।२० बढी निकासा आदेश दिई जम्मा रु.१,९९,५०१।- जनप्रिय नि.मा.वि.को चेक नं.

०५९९३१ बाट मिति ०५०।१।१३ मा भुक्तानी लिएको भन्ने बैंकको पत्रबाट देखिएको र सो चेकको अर्धकट्टीमा रोमनाथ वरालले हस्ताक्षर गरी लिएको समेतबाट प्रतिवादीहरू तत्कालीन लेखापाल रोमनाथ वराल, जि.शि.अ. नन्द प्रसाद पौडेल प्रधानाध्यापक हरिहर कडेलको मिलेमतोबाट रु.१,९९,५०१।- हिनामिना गरेको भन्ने देखियो ।

जिल्ला शिक्षा कार्यालय, मुस्ताङ्गका तत्कालीन लेखापाल रोमनाथ वराल नि.जि.शि.अ. मधुसुधन त्रिपाठी, प्रधानाध्यापक ठाकुर प्रसाद जोशी समेतको मिलेमतोमा निलगिरी प्रा.वि.को ०४९ सालको प्रथम चौमासिक माग फाराममा जम्मा रु.५३,६०१।४० स्वीकृत भएकोमा छुट भनी रु.४०,०००।- लेखी ५३,६०१।४० मा अगाडिको अंक ५ लाई ९ बनाई रु.९३,६०१।४० बनाई निकासा दिएको भन्ने जिल्ला शिक्षा कार्यालय, मुस्ताङ्गको मिति ०४९।५।२८ को पत्रबाट देखिएको छ भने प्रध्यानाध्यापक ठाकुर प्रसाद जोशीले मिति ०५१।३।१ मा जि.शि.का. मुस्ताङ्गमा दिएको निवेदनबाट समेत पुष्टि भएकोले अनियमित तवरबाट छुट भनी माग भन्दा बढी रु.४०,०००।- रकम निकासा दिई प्रतिवादीहरू तत्कालीन लेखापाल रोमनाथ वराल, नि.जि.शि.अ. मधुसुदन त्रिपाठी, प्रध्यानाध्यापक ठाकुर प्रसाद जोशी समेतको मिलेमतोबाट सरकारी रकम हिनामिना गरेको देखियो ।

जिल्ला शिक्षा कार्यालय मुस्ताङ्गका तत्कालीन लेखापाल रोमनाथ वराल, जि.शि.अ. नन्द प्रसाद पौडेल समेतको मिलेमतोमा जिल्ला शिक्षा निरीक्षकको कार्यालय मुस्ताङ्गको मिति ०४९।३।१४ को ने.बै.लि. जोमसोमलाई रकम जम्मा गरी दिने पत्रमा ताक्लुङ्ग नि.मा.वि. ताक्लुङ्गको नाममा रु.८,०५७।४० रकम पठाउनु पर्नेमा अगाडिपट्टि अंक ६ थपि रु.६८,०५७।४० बनाई जोडजम्मा सच्याई फरक रकम रु.६०,०००।- अनियमितता गरेको भन्ने जिल्ला शिक्षा निरीक्षक मुस्ताङ्गको मिति ०४९।३।१४ को ताक्लुङ्ग नि.मा.वि. ताक्लुङ्गको नाममा निकासा भएको रु.८,०५७।४० ले पुष्टि गरेको हुँदा सो फरक रकम रु.६०,०००।- प्रतिवादीहरू तत्कालीन लेखापाल रोमनाथ वराल, जि.शि.अ. नन्द प्रसाद पौडेलले अनियमितता गरी हिनामिना गरेको भन्ने देखियो ।

आ.व. ०४९।५० को प्रशासनिक अनुदान रकम रु.६७,५००।- भर्पाई बनाई १५ प्रधानाध्यापकलाई रु.४,५००।- का दरले बुझाएको भर्पाई भएता पनि छानविन समितिको ०५०।१।२३ को प्रतिवेदनबाट भर्पाई अनुसार रकम नदिएको भन्ने देखिएकोले सो रु. ६७,५००।- प्रतिवादीहरू तत्कालीन लेखापाल रोमनाथ वराल, जि.शि.अ. नन्द प्रसाद पौडेलले अनियमितता गरी सरकारी सम्पत्ति हानि नोक्सानी पुऱ्याएको भन्ने देखियो ।

अतः उपरोक्त सरकारी सम्पत्ति हानि नोक्सानी गरेको विगोहरूमा प्रतिवादी तत्कालीन लेखापाल रोमनाथ वरालको हकमा जम्मा विगो रु.५,९१,७२५।-, तत्कालीन जि.शि.अ. वलराज पौडेलको हकमा जम्मा विगो रु.१,२०,०००।-, तत्कालीन जि.शि.अ. नन्द प्रसाद पौडेलको हकमा जम्मा विगो रु.४,३१,७२५।-, निमित्त जि.शि.अ. मधुसुदन त्रिपाठीको हकमा विगो रु.४०,०००।-, प्रधानाध्यापक ठाकुर प्रसाद जोशीको हकमा जम्मा विगो रु.२,६४,७२५।-, प्रधानाध्यापक हरिहर कडेलको हकमा जम्मा विगो रु.१,९९,५०१।- कायम गरी प्रतिवादी तत्कालीन लेखापाल रोमनाथ वरालालाई तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १३ तथा प्रचलित

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा३(१)(ङ) बमोजिमको कसुरमा सोही दफामा उल्लेख भए बमोजिम सजाय हुन तथा प्रतिवादीहरू तत्कालीन जि.शि.अ. वलराज पौडेल, नन्द प्रसाद पौडेल, प्रधानाध्यापक ठाकुर प्रसाद जोशी, हरिहर कडेल समेतलाई तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३(१)घ बमोजिमको कसुरमा सोही दफामा उल्लेख भए बमोजिम सजाय हुन र प्रतिवादी तत्कालीन निमित्त जिल्ला शिक्षा अधिकारी मधुसुदन त्रिपाठीलाई तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३(१) ख बमोजिमको कसुरमा सोही दफामा उल्लेख भए बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।८।१७ को निर्णय अनुसार विषेश अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१३. राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालयमा कार्यरत स.ख. प्रदीप के.सी.ले वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा गोरखपुर विश्वविद्यालय, गोरखपुर, भारतबाट प्राप्त पत्र विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।८।१९ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१४. साझा प्रकाशन (सहकारी संस्था लिमिटेड) केन्द्रीय कार्यालय पुल्चोकमा सहायक तृतीय पदमा कार्यरत रानु अधिकारी (शर्मा) ले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बिहार संस्कृत शिक्षा बोर्ड, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसुर गरेको देखिन आएकोले निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मांग दावी लिई आयोगको मिति २०६५।८।२४ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१५. जन जागृती प्राथमिक विद्यालय रोवा-९ कम्फा मुगुमा कार्यरत प्राथमिक शिक्षक लोक वहादुर हितानले अस्थायी प्रा.वि. शिक्षकमा शुरु नियुक्ति पाउने प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको

देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।९।१३ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१६. शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी भक्तपुरमा कम्प्यूटर अपरेटर पदमा कार्यरत सत्य देवी गिरीले सेवा प्रवेशको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, क्षे.का. वाराणसीबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाण पत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।९।१३ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१७. समाज कल्याण परिषदमा तत्कालिन सहायक निर्देशक पदमा कार्यरत यादव प्रसाद दाहालले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा गोरखपुर विश्वविद्यालय, गोरखपुर भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।९।१३ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१८. नेपाल प्रहरी इलाका प्रहरी कार्यालय बुर्तीवाङबाट हाल अवकाश प्राप्त प्रहरी नायव निरिक्षक रुक बहादुर थापाले वढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा विहार संस्कृत शिक्षा वोर्ड, पटनाबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर भएको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।९।२२ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

१९. मालपोत कार्यालय, डिल्लीबजारका कर्मचारीहरूले लिखत रजिष्ट्रेसन पारित गर्ने क्रममा घुस रकम रु पाँच लाख लिई भ्रष्टाचार गरेको सम्बन्धमा पर्न आएको उजुरीमा अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन छलफल हुँदा आयोगको मिति २०६५।९।२४ को निर्णयानुसार देहाय वमोजिम व्यक्तिहरूको हकमा मुद्दा दायर गरियो ।

राजेन्द्र वुढाथोकी र लक्ष्मण भट्टराईको हकमा :-

अनुसन्धानको सिलसिलामा संकलन भएका कृष्ण प्रसाद घिमिरेको उजुरी निवेदन एवं निजको सनाखत कागज, जग्गाधनी राधा प्रधानको कागज, निजको छोरा गिरिस प्रधानको कागज, २०६५।९।११ को वरामदी मुचुल्का, मा.पो.का.बाट प्राप्त लिखत रजिष्ट्रेसन सम्वन्धी सक्कल कागजात र अभियुक्तहरूको बयान समेतका कागज प्रमाण एवं माथि उल्लेख गरिएको तथ्य विश्लेषण समेतका आधारमा अभियुक्तहरू राजेन्द्र बुढाथोकी र लक्ष्मण भट्टराईका सम्वन्धमा हेर्दा जग्गा धनी राधा प्रधानको नाममा रहेको घर जग्गा पास गरिदिन मिति २०६५।९।८ मा रजिष्ट्रेसनको लागि पेश भएको लिखत पास गरिनदिई झुमा वैद्यको निवेदनका आधारमा घर जग्गा रोक्का रहेको वाहाना बनाई रिसवत रकमको सौदावाजी गरी रु. ५ लाख घुस रकम लिई ऐ ११ गते मात्र लिखत पास भएको देखिएको र अभियुक्त राजेन्द्र बुढाथोकीबाट रु. ३ लाख र लक्ष्मण भट्टराईबाट रु. २ लाख वरामद गरिएको वरामदी मुचुल्काबाट देखिएबाट समेत उजुरी निवेदन अनुसार निजहरू आरोपित कसुरमा संलग्न छैनन् भन्न सकिने अवस्था देखिएन । तसर्थ राजेन्द्र बुढाथोकी र लक्ष्मण भट्टराई मा.पो.का. डिल्लीबजारमा कार्यरत राष्ट्रसेवक कर्मचारी रहेको र निजहरूले आफ्नो पदीय दायित्व अनुसार आफू समक्ष पेश हुन आएको लिखत कानून वमोजिम मौकामा नै पास गरिदिनु पर्नेमा रोक्का रहेको वाहानामा रिसवत रकमको सौदावाजी गरी रु. ५,००,०००।- (पाँच लाख) लेखनदास डम्वरकुमार दाहाल मार्फत लिई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ वमोजिमको कसूर गरेको देखिएकोले निज राजेन्द्र बुढाथोकी र लक्ष्मण भट्टराईलाई ऐ दफा ३ (१) (घ) वमोजिम सजायको माग दावी लिई श्री विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

अभियुक्त डम्वर कुमार दाहालका हकमा :-

कृष्ण प्रसाद घिमिरेको मौकाको उजुरी निवेदनमा घुस रकम लेखन्दास डम्वर कुमार दाहाल मार्फत खरिदार लक्ष्मण भट्टराई र अधिकृत राजेन्द्र बुढाथोकीलाई दिने भनी उल्लेख भएको, सोही बमोजिम दिइएको घुस रकम रु. ५ लाख अभियुक्त राजेन्द्र बुढाथोकी र लक्ष्मण भट्टराईबाट वरामद गरिएको, वरामदी मुचुल्काको रोहवरमा निज डम्वर कुमार दाहालले सही छाप गरेको वरामदी मुचुल्काबाट देखिएको, आरोपित कसुरमा इन्कार रही अभियुक्तले अनुसन्धानको क्रममा वयान गरेतापनि सुरु उजुरी निवेदन व्यहोरालाई पुर्ण समर्थन हुने गरी उजुरी कर्ता एवं जग्गाधनी समेतले अनुसन्धानको क्रममा कागज गरिदिएको देखिएबाट समेत निज लेखन्दास निर्दोष रहेछन् भन्न सकिने अवस्था नदेखिई आरोपित कसुरमा संलग्न रही राष्ट्रसेवक कर्मचारीलाई घुस दिने कार्यमा संलग्न रहेको पुष्टि भई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले निजलाई ऐ दफा ३ (२) अनुसार र ऐ दफा ३ (१) (घ) को माग दावी लिई श्री विशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

क्यान्टिनवाला युवराज खड्काको हकमाः-

मौकाको उजुरी निवेदनमा निजसमेतको संलग्नता रहेको भनी उल्लेख भएको देखिएको, सो उजुरी निवेदन व्यहोरालाई अनुसन्धान अधिकृत समक्ष उजुरी कर्ताले सनाखत गरेको देखिएको, अन्य अभियुक्तहरूको साथबाट दशी नगद रुपैयाँ बरामद हुँदाका अवस्थामा निज रोहवरमा बसी सहीछाप गरेको बरामदी मुचुल्कामा देखिएको र अन्य अभियुक्त सहित निजसमेत पक्राउ परेको

देखिएको समेतका आधारमा निज समेतको भ्रष्टाचारजन्य कार्यमा मतियारको भूमिका रहेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुरमा सोही दफा २२ अनुसार सजायँ मागदावी लिई श्री विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२०. जिल्ला शिक्षा कार्यलय मुगु अन्तर्गत दुध्ये प्रा.वि. का तत्कालिन प्राथमिक शिक्षिक नन्दादेवी सेजुवालले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, वाराणसीबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।१०।५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२१. नापी विभागका सर्वेक्षक नारायण वहादुर घर्तिमगरले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद् इलाहावाद, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।१०।६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२२. जि.वि.स.को कार्यालय प्यूठानका खरिदार खेमराज सुवेदिले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।१०।६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२३. राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय मुगुमा सहायक (ख) पदमा कार्यरत वुङचु चौलागाईले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन

आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।१०।६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२४. ग्रामिण विकास प्रशिक्षण केन्द्र जनकपुरमा स्टोर किपर पदमा कार्यरत मनिता पौडेलले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा बिहार संस्कृत शिक्षा वोर्ड भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।१०।७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२५. जिल्ला शिक्षा कार्यालय मुगु अन्तरगत रारा निम्न माध्यमिक विद्यालय कच्चेका प्राथमिक तृतीय श्रेणीका शिक्षक पदमा कार्यरत श्री हरिजंग शाहले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश क्षे.का. वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।१०।१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२६. जिल्ला शिक्षा कार्यालय अछाम अन्तरगत वण्डाली प्रा.वि.पास्तोली ढाकुमा शिक्षक पदमा कार्यरत टेक बहादुर विष्टले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश क्षे.का. वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।१०।१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२७. जिल्ला शिक्षा कार्यालय मुगु अन्तरगत तत्कालीन महादेव प्रा.वि. ताल्चा मुगुका प्राथमिक तह तृतीय श्रेणीका शिक्षक पदमा कार्यरत श्री चरेशबहादुर भामले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश क्षे.का. वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।१०।१७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२८. जिल्ला शिक्षा कार्यालय, इलाम अन्तरगत नारायण प्रा.वि. गोदक ९, इलामका प्रा.वि.शिक्षक पदमा कार्यरत नारायण श्रेष्ठले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा विहार विद्यालय परीक्षा समितिबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।१०।२६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२९. जिल्ला शिक्षा कार्यालय, मुगुका प्राथमिक शिक्षक चित्रवहादुर मल्लले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश क्षे.का. वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।१०।२९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३०. नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका तृतीय तहका शिक्षक मायाराम कुर्मीले शुरु नियुक्ति लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी जिल्ला प्रशासन कार्यालय, बाँकेबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा केन्द्रीय माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरू नक्कली एवं झुठ्ठा देखिई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल

प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार सजाय हुने कसूर गरेको देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६५।११।५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३१. विशाल बजार कम्पनी लि.को दक्षिण तर्फको अस्थायी टहरा पसल कवललाई स्थायी गरी संझौता नविकरण गरेको र संझौता नविकरण गर्दा प्रत्येक पसलमा १०० कित्ता शेयर गाभ्ने निर्णय समेत गरी ती पसलहरू कहिल्यै हटाउन नसक्ने गरी कम्पनीलाई हानी नोक्सानी र आफुहरूलाई गैरकानुनी लाभ लिई भ्रष्टाचार गरेको हुँदा कम्पनीका सम्बन्धित पदाधिकारीहरू उपर कारवाही गरी पाउँ भन्ने व्यहोराको उजुरी उपर अनुसन्धान तहकिकात गरी अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन, संकलित प्रमाण कागज एवं मिसिल समेत अध्ययन गरी निम्नानुसार निर्णय गरियो ।

विशाल बजार कम्पनी लि. २०२६ सालमा कम्पनी ऐन, २०२१ बमोजिम दर्ता भएको संस्था हो । सो संस्थाको अधिकृत पुँजी रु ५ करोड, चुक्तापुंजी रु. ४,९१,४०,०००।- रहेको छ । ४,९१,४०० कित्ता शेयर जारी भएको मध्ये नेपाल खाद्य संस्थानको नाममा ७३,७१० कित्ता, नेशनल ट्रेडिङ्ग लि. को नाममा ६८,७९६ कित्ता र कृषि सामग्री कम्पनी लि.को नाममा २४,५७० कित्ता शेयर रहेको छ । यस अनुसार नेपाल खाद्य संस्थानको १५%, नेशनल ट्रेडिङ्ग लि.को १४% र कृषि सामाग्री कम्पनी लि.को ५% गरी कुल ३४% शेयर उक्त ३ वटा पूर्ण सरकारी स्वामित्व रहेको संस्थाको नाममा रहेको हुदा विशाल वजार कम्पनी सार्वजनिक संस्था हो भन्ने कुरामा विवाद रहेन ।

विशालबजार कम्पनी लि. को शुक्रपथ स्थित विशालबजार भवनको भुई तल्लामा ५०, पहिलो तल्लामा ३७, दोस्रो तल्लामा १०१, तेस्रो तल्लामा १०१, दक्षिण टहरामा ४० र उत्तर टहरामा १७ वटा गरी जम्मा ३४६ वटा पसल कवल रहेको छ । ती पसल कवलहरू बोलपत्र बिना आफू अनुकूलका व्यक्तिहरूलाई भागवण्डा लगाई बाँडफाँड गरिएको अवस्था रहेको छ । ती पसल कवलहरू बोलपत्रको माध्यमद्वारा व्यवस्थित गर्न कम्पनी रजिष्ट्रारको कार्यालयले पटक पटक दिएको निर्देशनको पालना गरेको अवस्था छैन र गर्ने संकेत पनि पाइएन ।

कम्पनि लि.को प्रशासकीय तथा आर्थिक कार्यविधि विनियमावली, २०४९ को परिच्छेद ५ को बुँदा ५.१.१ मा कम्पनीको पसल कोठा बहालमा दिंदा शेयरधनीलाई प्राथमिकता दिइने प्रावधान रहेतापनि नेशनल ट्रेडिङ्ग लि.लाई एउटा पसल कवल मात्र दिई अरु दुई सरकारी संस्थाहरूलाई एउटै पनि पसल कबल उपलब्ध गराएको छैन । ती संस्थाहरूले करिब १० वर्ष अगाडि देखि पसल कबल उपलब्ध गराई दिन लेखी समय समयमा तरताकेता गरेको अवस्था समेत विद्यमान रहेको छ ।

पारदर्शी रुपमा पसल कबलहरू भाडामा नलगाएको अवस्थामा ३४% शेयर भएको पूर्ण सरकारी स्वामित्व भएका संस्थाहरूलाई दामासाही हिसाव गर्दा पनि ११८ वटा पसल कवल उपलब्ध गराउनु पर्ने देखिन्छ । कम्पनी रजिष्ट्रारको कार्यालयको निर्देशन बमोजिम पारदर्शी रुपमा

बोलपत्रद्वारा पसल कवलको व्यवस्थापन पनि नगरेको र सरकारी संस्थाहरूलाई शेयरको अनुपातमा उपलब्ध गराउनु पर्ने पसल कबल पनि उपलब्ध नगराएको अवस्था विद्यमान रहेको छ भने अर्का तिर टहरा पसल कवललाई स्थायी सम्झौता गरी सो मा समेत शेयर संख्या आवद्द गरी भविष्यसम्मको लागि पसल छोड्न नपर्ने अवस्थाको सिर्जना गर्ने कार्य भै रहेको छ ।

विशाल बजार कम्पनी लि. का सञ्चालक समितिका अध्यक्ष रविन्द्रलाल श्रेष्ठले कम्पनीलाई हानी नोक्सानी गराउने र आफूलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले मिति २०६०।१०।२० मा आफ्नो निजी सहायक तथा निजको कामदार समेत रहेका रमेशमान श्रेष्ठसँग कम्पनीको दक्षिणतर्फ रहेको पसल नं. ९९ को प्रति महिना रु. १,००,७९३।- र पसल कवल नं. ५१ को प्रति महिना रु. ६,५४५।- कायम गरी सम्झौता गरी गराई उक्त पसल नं. ९९ र ५१ लाई प्रति महिना रु.३,७६,२००।- र ९७.५ वर्ग फिट क्षेत्रफल भएको अर्को पसलको प्रति महिना रु.९,७५०।- भाडा बुझाउने गरी निज रमेशमान श्रेष्ठको नामबाट नेपाल इन्भेष्टमेन्ट बैंक लि. सँग मिति २०६०।१०।२१ मा सम्झौता गराई आफ्नो निजी सहायकको नामबाट कम भाडामा सम्झौता गरी त्यही पसलहरू बढीमा भाडा लगाई उक्त बढी भएको रकम २०६० पौष देखि २०६२ वैशाख सम्मको भाडा बापतको रु. ३६,७२,८७५।४२ निज रविन्द्रलाल श्रेष्ठको भाई देवेन्द्रलाल श्रेष्ठको नेपाल इन्भेष्टमेन्ट बैंक लि. मा रहेको खाता नं. १८१७६१० मा र २०६२ साल भाद्र देखि २०६५ फागुन सम्मको रु. १,०२,८४,४४९।७० निज रविन्द्रलाल श्रेष्ठको नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको खाता नं. २५६६४१० को खातामा जम्मा गरेको देखिँदा निज रविन्द्रलाल श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र (३) द्वारा परिभाषित कसूर अपराध गरेको र देवेन्द्रलाल श्रेष्ठ र रमेशमान श्रेष्ठले सोही ऐनको दफा ८ को उपदफा (१) र (४) वमोजिम कसुर गरेको देखिंदा निजहरूलाई सोही दफा ८ को क्रमशः उपदफा (३) र (४) द्वारा व्यवस्थित सजाय गरी दफा ८ को उपदफा (१) वमोजिम विगो रु. १,३९,५७,३२५।१२ असुल उपर गर्ने माग दावी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३२. साझा प्रकाशन, धनगढी शाखामा सहायक द्वितीय (अस्थायी) पदमा कार्यरत राजेश खड्काले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश क्षे.का. इलाहाबाद, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६५।११।१९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३३. मालपोत कार्यालय, काभ्रेपलान्चोकबाट जग्गा नामसारीको काम गरीदिए बापत रु. ४०००।- घुस लिई भ्रष्टाचार गरेको सम्बन्धमा पर्न आएको उजुरीमा अनुसन्धान कार्य पुरा गरी पेश भएको प्रतिवेदन आयोग समक्ष पेश भई छलफल हुँदा देहाय वमोजिम निर्णय गरियो -

खरिदार गणेश वहादुर भट्टराईको हकमा :-

अनुसन्धानको क्रममा संकलन भएको ओम प्रकाश वाग्लेको उजुरी निवेदन तथा निजले अनुसन्धान अधिकृत समक्ष गरेको कागज, मिति २०६५।१२।२६ को खानतलासी तथा बरामदी मुचुल्का सहितको जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोकको प्रतिवेदन, मालपोत कार्यालय, काभ्रेपलान्चोकबाट जग्गा नामसारी सम्बन्धमा मिति २०६५।१२।२६ मा भएको निर्णय सहितको सक्कल मिसिल, अभियुक्तहरूको वयान, बुझिएका दिवाकर ज्ञवालीको कागज सहित पेश भएको श्रव्य दृश्य छायांकनको सी.डी. लगायतका तथ्य प्रमाणहरूबाट निवेदक ओम प्रकाश वाग्लेले मिति २०६५।१०।२९ गतेका दिन श्रीमती सीता देवी वाग्लेको नामको जि. काभ्रेपलान्चोक श्रीखण्डपुर गा.वि.स. हाल वार्ड नं. ६ कि.नं. १७१६,१७१८,१७३६ को क्षेत्रफल १-८-०-० रोपनी जग्गा आफ्नो नाममा नामसारी गरीपाउँ भनी मालपोत कार्यालय, काभ्रेपलान्चोकमा पेश गरेको निवेदन उपर विना कारण काम गरिदिन आलटाल बिलम्ब गरी सो कार्यालयका खरिदार गणेश वहादुर भट्टराईले लेखनदास माधव प्रसाद पराजुलीसँग मिलेमतो गरी रु. ४,०००।- रिसवत लिन मन्जुर गरी मिति २०६५।१२।२६ गतेका दिन लेखनदास माधव पराजुलीले निवेदक ओम प्रकाश वाग्लेबाट रु. ४,०००।- घुस रकम लिइ सकेपछि निवेदकको नाममा जग्गा नामसारी गरिदिने निर्णय गरिएको देखिएको हुँदा मालपोत कार्यालय, काभ्रेपलान्चोकका खरिदार गणेश बहादुर भट्टराईले लेखनदास माधव पराजुली मार्फत निवेदक ओम प्रकाश वाग्ले संग रीसवत रकम लिन मन्जुर गरी लेखनदास माधव पराजुलीले निज गणेश वहादुर भट्टराईलाई दिन भनि ओम प्रकाश वाग्ले संग रु.४,०००।- लिएको तथ्य अनुसन्धानका ब्यहोराबाट प्रमाणित भएको हुँदा निज मालपोत कार्यालय काभ्रेपलान्चोकका खरीदार गणेश बहादुर भट्टराईबाट भए गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ विपरितको कसूर देखिएकोले निज उपर ऐ. ऐनको दफा ३(१)(क) वमोजिम सजायको मागदावी लिई आयोगको मिति २०६५।११।१९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

अभियुक्त लेखनदास माधव पराजुलीका हकमा :-

निजले निवेदक ओम प्रकाश वाग्लेका नाममा जग्गा नामसारीको निवेदन मालपोत कार्यालय, काभ्रेपलान्चोकमा मिति २०६५।१०।२९ गतेका दिन पेश भएपछि सो कार्यालयको नामसारी फाँटमा कार्यरत खरिदार गणेश बहादुर भट्टराईसँग मिलेमतो गरी निवेदकसँग रुपैया माग गरी अनावश्यक रुपमा सेवाग्राहिलाई अनुचित प्रभावमा पारी काम गरिदिन विलम्ब गरेका र मिति २०६५।१२।२६ गतेका दिन निवेदक ओम प्रकाश वाग्लेबाट खरिदार गणेश वहादुर भट्टराईलाई दिन भनी रु. ४,०००।- रिसवत रकम लिएको सम्बन्धमा निवेदक ओमप्रकाश वाग्लेले जिल्ला प्रशासन कार्यालय, काभ्रेमा पेश गरेको उजुरी निवेदन, निवेदक स्वयमले अनुसन्धानको क्रममा गरेको कागज, पत्रकार दिवाकर ज्ञवालीले सो अनियमित कार्यका सम्बन्धमा आयोग समक्ष पेश गरेको श्रव्य दृश्य छायांकनको सि.डी. लगायत निजको कागज, मौकामै निजको साथबाट जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोक बाट नम्बर टिपोट गराएका नगद नोट रु. ४,०००।- बरामद भएको तथ्य समेतका आधार प्रमाणहरूबाट निज लेखनदास माधव प्रसाद पराजुलीबाट भए गरेका कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) विपरितको कसुर गरेको प्रमाणित भएको हुँदा निज उपर ऐ. ऐनको दफा ३(२) वमोजिम सजाय हुन मागदावी लिई श्री विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३४. वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा स्टोर अधिकृतमा नियुक्त भई हाल सुपरभाइजर पदमा कार्यरत कुन्दनप्रसाद घिमिरेले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको विवरण एवं प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस बिराटनगरको मिति २०६५।८।२२ को र त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय बल्खु काठमाडौंको मिति २०६५।१०।१५ को पत्र तथा सम्बन्धित प्रतिष्ठानबाट प्राप्त पत्र एवं निजले स्टोर अधिकृत पदमा सेवा प्रवेशको लागि २०५०।८।६ मा प्रतिष्ठानमा पेश गरेको दरखास्त फाराम एवं अन्य विवरण समेतका आधारमा निजले सेवा प्रवेशको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर तह उत्तीर्णको डिग्री हासिलै नगरी स्टोर अधिकृत पदमा नियुक्ति पाउने उद्देश्यले द्वितीय श्रेणीमा उत्तीर्ण भएको भनि दर्खास्त फाराममा उल्लेख गरेको विवरण झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६६।१।९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३५. नेपाल वंगलादेश वैङ्कको अगुवाईमा कर्मचारी सन्चय कोषबाट सिल्वर फाईवर टेक्सटाईल मिल्स प्रा.लि., गैडाकोट, नवलपरासीलाई सहवित्तीयकरण कर्जा अन्तरगत दीर्घकालीन र अल्पकालीन ऋण स्वरुप रु.१० करोड ऋण प्रवाह गरी कर्मचारी संचय कोषलाई गैरकानूनी हानी पुऱ्याउने र उक्त मिल्सलाई गैरकानूनी लाभ पुऱ्याउने वदनियतले लाखौ रुपैया कमिशन खाई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान तहकीकात गरी पेश भएको प्रतिवेदन समेतको अध्ययन गरी आयोगको मिति २०६६।१।३० को निर्णय अनुसार देहाय वमोजिमका व्यक्तिहरू उपर विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरियो ।

नवलपरासी जिल्ला गैडाकोट गा.वि.स.वार्ड नं. ८ स्थित सिल्भर फाईवर टेक्सटायल मिल्स प्राइभेटलिमिटेडले उद्योगको संचालन, विस्तार र आधुनिकीकरण गर्ने उद्देश्यका लागि नेपाल वंगलादेश बैंक लिमिटेड समक्ष कर्जा माग गरे अनुसार सो मिल्समा आफुले दीर्घकालीन कर्जा लगनी नगर्ने र सहवित्तियकरण कर्जा अन्तरगत कर्मचारी संचय कोषले दीर्घकालीन कर्जा लगानी गर्ने भएमा चालु पूँजिमा बैंकले लगानि गर्न कन्सोर्टियम बैठक आयोजना गरिने भनी नेपाल वंगलादेश बैंक लिमिटेडले कर्मचारी संचयकोष समक्ष प्रस्ताव पेश गरेको रहेछ । प्रस्तुत प्रस्तावका सम्वन्धमा कर्मचारी संचयकोषले अध्ययन, विश्लेषण पश्चात कारखानाको स्थिर सम्पत्तिमा दीर्घकालीन र अल्पकालीन कर्जा लगानी गर्न सहमत भई सह वित्तियकरण बैठकमा सहभागी भएको देखिन्छ ।

प्रस्तुत कर्जा लगानी सम्वन्धमा कर्मचारी संचयकोष, नेपाल वंगलादेश बैंक र सिल्भर फाइवर टेक्सटायल मिल्सका बिचमा मिति २०५७।१०।१३ मा प्रथम, मिति २०५७।१२।७ मा दोश्रो र मिति २०५७।१२।२१ मा तेश्रो सहवित्तियकरण बैठक भएको र सो क्रममा कर्मचारी संचय

कोषले विस्तृत अध्ययन, परियोजना विश्लेषण, संयुक्त स्थलगत निरीक्षण समेत गरी नेपाल वंगलादेश बैंकको अगुवाईमा सिल्भर फाईवर टेक्सटायल मिल्समा दीर्घकालीन र अल्पकालीन कर्जा लगानी गर्न सहमती जनाएको देखिन्छ । कन्सोर्टियम बैठकका निर्णयहरू अनुसार नेपाल वंगलादेश बैंकका तर्फबाट अधिकृत उज्वल पाण्डेले परियोजना विश्लेषण प्रतिवेदन (Project appraisal report) तयार गरी पेश गरेका र सो प्रतिवेदन अनुसार कारखाना चालु अवस्थामा रही आ.व. २०५४/०५५ र २०५५/०५६ मा खुद मुनाफा आर्जन गरेको, परियोजनाको आधुनिकीकरण र विस्तार कार्यका लागि अल्पकालीन र दीर्घकालीन कर्जाको आवस्यकता रहेको, मिल्सले नेपाल बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक र नेपाल वंगलादेश बैंक समेतको कुल साँवा ब्याज रु.१३,७९,४०,०००।- कर्जा तिर्न बाँकी रहेको, DE Consultancy Pvt.Ltd द्वारा परियोजनाको धितो मुल्याङ्कन भए अनुसार कुल रु.१०,०८,७०,९२८।२९ वरावरको स्थिर जेथा मुल्याङ्कन भएको ब्यहोरा उल्लेख भएको देखिन्छ ।

नेपाल वंगलादेश बैंकको अनुरोध र कन्सोर्टियम बैठकका निर्णयहरूका आधारमा कर्मचारी संचयकोषका विजयकुमार श्रेष्ठ र लक्ष्मी प्रसाद श्रेष्ठद्वारा सिल्भर फाईवर टेक्सटायल मिल्स प्राइभेटलिमिटेडमा परियोजनाको आधुनिकीकरण तथा क्षमता विस्तार गर्ने उद्देश्यका लागि कोषबाट दीर्घकालीन कर्जा रु.९,००,००,०००।- र अल्पकालीन कर्जा रु.२,००,००,०००।- गरी कुल रु.११,००,००,०००। लगानी गर्ने, सुरक्षण वापत परियोजनाको सम्पूर्ण चल अचल सम्पत्ति धनि सहभागीहरूको नाममा दृष्टिबन्धक पारित गर्ने र थप सुरक्षण बापत रु.५,५०,००,०००।- वरावरको धितो लिने, प्रस्तावित परियोजनाले Sizing machine र Drying machine खरीद गर्ने र उक्त मेशिनले गर्दा कम्पनिको हालको घाटा ११ प्रतिशतबाट ४ प्रतिशतमा ल्याउने लक्ष रहेको, कारखानाले नेपाल बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक र नेपाल वंगलादेश बैंक समेतबाट साँवा ब्याज गरी कुल रु.१३,७९,४०,०००।- कर्जा तिर्न बाँकी रहेको, परियोजनामा लगानी गर्दा कारखानाले ऋण अवधिमा रु.६२,४६,५२,०००।- नाफा आर्जन गर्न सक्ने अवस्था देखिएको, कोषबाट परियोजनाका जमिन र जमिन ब्यवस्थापन, भवन र अन्य निर्माण, मेशिन र उपकरण, विविध स्थिर सम्पत्ति र पूर्व सन्चालन खर्च जस्ता स्थिर सम्पत्तिमा लगानी हुने भनी संयुक्त रुपमा प्रस्ताव तयार गरी लगानी शाखा प्रमुख लक्ष्मी प्रसाद श्रेष्ठले परियोजनाको स्थलगत निरीक्षण तथा विस्तृत विश्लेषण एवम् मुल्याङ्कन गर्दा सवै पक्ष सवल रहेको हुँदा लगानिका लागि उपयुक्त देखिएकोले ऋण लगानी गर्न कोषको कर्जा कमिटिमा प्रस्ताव पेश गर्ने भनी कोष ब्यवस्थापनको राय पेश भएको रहेछ ।

कर्मचारी संचय कोषका शशिविक्रम राणा, रविभुषण वैद्य र राजेशराज कर्णिकार समेत रहेको कर्जा कमिटिले ब्यवस्थापनबाट पेश भएको प्रस्तावलाई उपयुक्त ठानी मिल्समा लगानी गर्न कोषको संचालक समिति समक्ष प्रस्ताव पेश गरेका र संचालक समितिको मिति २०५८।२।११ को निर्णयानुसार सिल्भर फाईवर टेक्सटायल मिल्स प्राइभेटलिमिटेडमा नेपाल वंगलादेश बैंकको अगुवाईमा कोष सहभागी भई दीर्घकालीन कर्जा रु.४,५०,००,०००।- र अल्पकालीन कर्जा रु.५,५०,००,०००।- समेत रु.१०,००,००,०००।- लगानी गर्न स्वीकृती प्रदान गरेको रहेछ । कर्जा लगानीको सुरक्षण बापत परीयोजनाको सम्पुर्ण जेथाका अलावा थप रु.५,५०,००,०००।- वरावरको जेथा धितोको रुपमा लिने गरी कर्जा प्रवाह गर्न ब्यवस्थापन र कर्जा कमिटिले प्रस्ताव

गरे अनुसारनै संचालक समितिबाट ऋण स्वीकृत भई मिति २०५८।२।१८ मा नेपाल वंगलादेश बैंकलाई ऋण स्वीकृत भएको जानकारी गराईएको देखिन्छ ।

कर्मचारी संचय कोषबाट ऋण स्वीकृत भईसके पश्चात मिति २०५८।४।२२ मा चौथो कन्सोर्टियम बैठक बसी प्रस्तुत कर्जाका लागि थप धितो बापत विराटनगर स्थित रोशन श्रेष्ठको नामको रु.६,५४,७५,७५०।- मुल्य वरावरको जेथा धनि सहभागीको नाममा धितो पारित गरिदिने, मिल्सले नेपाल बैंकबाट लिएको पुरानो कर्जाको साँवा ब्याज रु.६,७०,९१,९८१।४७ कर्मचारी संचयकोषले भुक्तानि गरी धितो प्रस्तुत कन्सोर्टियमको नाममा ल्याउन नेपाल वंगलादेश बैंकले नेपाल बैंक लिमिटेडलाई Undertaking for payment पठाउने र मिल्सले नेपाल बैंकमा धितो राखेको जग्गा, भवन, मेशिनरी, औजार समेत फुकुवा गरी सहवित्तियकरणको नाममा पारित गरिदिने, मिल्सले काठमाडौ उपत्यका भित्रको थप धितो ६ महिना भित्रमा उपलब्ध गराउने र मिल्सका पाकिस्तानी समुहको शेयर नेपाली लगानिकर्ताको नाममा २ महिना भित्रमा हस्तान्तरणको कारवाही टुङ्गो लगाउने, उक्त थप धितो र शेयर हस्तान्तरण सम्बन्धी निर्णयहरू सम्पूर्ण कर्जा रकम भुक्तानी भईसकेपछि मात्र लागु हुने गरी निर्णय भएको देखिन्छ । त्यसै गरी मिति २०५८।५।१२ मा सम्पन्न पाँचौ कन्सोर्टियम बैठकमा चौथो कन्सोर्टियम बैठकको निर्णय विपरित नेपाल वंगलादेश बैंकका प्रबन्धक नरेन्द्र भट्टराईले विराटनगर स्थित रोशन श्रेष्ठको नामको जग्गा जमिन नेपाल वंगलादेश बैंकमा धितो रहेको हुँदा सो बापत अर्को धितो परिवर्तन नभए सम्म प्रस्तुत कन्सोर्टियममा ल्याउन नसकिने प्रस्ताव गरेका र ऋण सुविधा उपलब्ध गराउने अन्तिम निर्णय भएको ३ देखि ६ महिना भित्रमा काठमाडौ उपत्यका भित्रको रु.५,५०,००,०००।- बराबरको थप धितो मिल्सले उपलब्ध गराउने भनी प्रस्तुत गरेको प्रस्तावमा कोषका तर्फबाट शशिविक्रम राणा र लक्ष्मी प्रसाद श्रेष्ठले कुनै प्रतिकृया विना दुवै निर्णयमा सहमत भई सहीछाप गरी दिएको देखिन्छ । कर्मचारी संचयकोष संचालक समितिबाट ऋण स्वीकृत भईसकेपछि सम्पन्न चौथो र पाँचौ कन्सोर्टियम बैठकहरूबाट संचालक समितिले गरेको निर्णय भन्दा विपरित थप सुरक्षण नलिई, कर्जा माग गरेको उद्देश्य भन्दा विपरित हुने गरी मिल्सले नेपाल वैंकबाट लिएको पुरानो कर्जा कर्मचारी संचय कोषले भुक्तानि गरीदिने निर्णय भएको पाईएको छ ।

मिति २०५८।५।१५ मा नेपाल वंगलादेश बैंक, कर्मचारी संचय कोष र सिल्भर फाईवर टेक्सटायल मिल्स प्राइभेटलिमिटेडविच पारीपासु ऋण सम्झौता सम्पन्न भएको छ । सो सम्झौतामा नेपाल वंगलादेश बैंकले प्रवाह गर्ने कर्जा कुन कुन प्रयोजनकालागि के कति रकम प्रयोग हुने हो, सो ब्यहोरा खुलेको देखिन्छ भने कर्मचारी संचय कोषबाट स्वीकृत भएको दीर्घकालीन र अल्पकालीन कर्जा कुन कुन कार्यका लागि के कति रकम प्रवाह हुने हो ? सो स्पष्ट नगरी एकमुष्ट रुपमा दीर्घकालीन कर्जा रु.४,५०,००,०००।- र अल्पकालिन कर्जा रु.५,५०,००,०००।- सहीत रु.१०,००,००,०००।- मिल्समा लगानि गर्ने ब्यहोरा सम्म उल्लेख भएको छ । सो सम्झौतामा कर्मचारी संचय कोषबाट प्रदान गरिने कर्जा प्रवाह तालिका (Draw-down schedule) उल्लेख भएको पाईएको छैन । कर्मचारी संचयकोष संचालक समितिबाट कर्जा लगानि गर्ने निर्णय भई सकेपछि मिति २०५८।४।२२ मा चौथो र मिति २०५८।५।१२ मा पाँचौ कन्सोर्टियम बैठक बसी कर्जा स्वीकृत भएको शर्त भन्दा विपरीतका

नेपाल बैंकको पुरानो कर्जा कोषले भुक्तानि गरिदिने र सुरक्षण बापतको थप धितो मिल्सले ६ महिना भित्रमा उपलब्ध गराउने शर्तहरू राखि निर्णय भएका छन् तर उल्लेखित शर्तहरू सो मिति पछि अर्थात मिति २०५८।५।१५ मा सम्पन्न उक्त पारीपासु ऋण सम्झौतामा उल्लेख गरिएको पाईएको छैन । यसबाट सहवित्तियकरणका पक्षहरूले अशल नियतले कार्य गरेको भन्ने देखिएन ।

कारखानाले प्राप्त गर्ने कर्जा वापत थप धितो उपलब्ध गराउन कवोल गरे बमोजिम धितोको ब्यवस्था नगरी नेपाल वंगलादेश बैंकलाई स्वीकृत कर्जा रकम उपलब्ध गराईदिन अनुरोध गरेको र सो अनुसारनै नेपाल वंगलादेश बैंकको मिति २०५८।६।२ को पत्रको आधारमा कर्मचारी संचयकोष ब्यवस्थापनको मिति २०५८।६।४ को निर्णयले नेपाल वैंक लिमिटेडमा मिल्सले तिर्नु पर्ने पुराने कर्जा वापत साँवा ब्याज गरी रु.६,८१,४५,६९६।४७ कोषबाट स्वीकृत कर्जा मध्ये दीर्घकालीन कर्जाबाट रु.४,५०,००,०००।- र अल्पकालिन कर्जाबाटरु.२,३१,४५,६९६।४७ कट्टा हुने गरी भुक्तानि भएको छ । कोष ब्यवस्थापनको मिति २०५८।६।१० को निर्णयानुसार स्वीकृत कर्जा मध्ये भुक्तानि हुन बाकी रु.३,१८,५४,३०३।५३ मध्ये कोषका लक्ष्मी प्रसाद श्रेष्ठको राय अनुसार रु.१९,३३,०००।- कोषमा कट्टागरी वाँकी रु.२,९९,३१,३०३।५३ नेपाल वंगलादेश बैंकको नेपाल राष्ट्र बैंकमा रहेको नं. ५११२०१ को खातामा भुक्तानि गरिएको देखिन्छ । कोषमा रु.१९,३३,०००।- के कुन प्रयोजनका लागि कट्टागरी राखिएको हो ? पेश भएको टिप्पणिमा कारण खुलेको देखिदैन । सो रकमका सम्वन्धमा मिल्सको मिति २०५८।९।२ को पत्रका आधारमा हिमालयन बैंकमा रहेको मिल्सको खातामा सोझै भुक्तानि पठाईदिन कोषका लक्ष्मी प्रसाद श्रेष्ठले टिप्पणि पेश गरी सोही अनुसार निर्णय भएको र उक्त रकम मिल्सका डाईरेक्टर ठाकुर प्रताप थापाले मिति २०५८।९।११ मा कोषबाटै वुझी लिएको सम्लग्न भरपाईबाट देखिएको छ । यसरी कन्सोर्टियम सिद्धान्त भन्दा विपरीत ऋणीको खातामा सोझै रकम भुक्तानि गरिएको कार्य दुरासययुक्त देखिएको छ । कर्मचारी संचय कोषबाट स्वीकृत रकम प्रथम पटक भुक्तानि भएको मिति २०५८।६।४ देखि अन्तिम भुक्तानि भएको मिति २०५८।९।९ सम्म जम्मा ३ महिना ६ दिन मात्र भएको र सो अवधि भित्रमै सम्पूर्ण कर्जा रकम भुक्तानि भईसकेको देखिदा कोष ब्यवस्थापनको रकम भुक्तानि गर्ने कार्य कन्सोर्टियम निर्णय, पारीपासु ऋण सम्झौता र सन्चालक समितिको कर्जा स्वीकृत गरेको मापदण्ड भन्दा विपरीत भएको पाईएको छ ।

यसरी माथि प्रकरणमा उल्लेखित अनुसन्धानका ब्यहोराहरूबाट कर्मचारी संचयकोषले सहवित्तियकरण कर्जा अन्तर्गत सिल्भर फाईवर टेक्सटायल मिल्स प्राइभेटलिमिटेडमा कर्जा लगानि गर्दा अनियमितता भई कर्मचारी संचयकोष लाई गैर कानूनी हानी र सिल्भर फाईवर टेक्सटायल मिल्स प्राइभेटलिमिटेड तथा नेपाल वंगलादेश वैंकलाई गैर कानूनी लाभ पुग्न गएको देखिएको हुँदा सो कार्यमा संलग्न निम्न ब्यक्ति हरू उपर देहाय अनुसारको कसुरमा सजायको मागदावि लिई मुद्दा दायर गरियो ।

सिल्भर फाइवर टेक्सटायल मिल्स प्राइभेटलिमिटेडका डाईरेक्टर ठाकुर प्रताप थापा, जिवन विष्ट, आर्थिक विश्लेषक (कन्सलटेण्ट) किशोर बास्कोटा, D.E.consultancy Pvt.Ltd का ई.दिनेशनाथ चालिसेको सम्बन्धमा :-

सिल्भर फाईवर टेक्सटायल मिल्स स्वयम्ले नियुक्त गरेको D.E.Consultant Pvt.Ltd का ई. दिनेशनाथ चालीसेले पेश गरेको मुल्याङ्कन प्रतिवेदनमा मिल्सले उपलब्ध गराएको कागजातका आधारमा मूल्याङ्कन गरिएको भनिएतापनि कारखानामा जडान भएका यन्त्र उपकरणहरूको Invoice मा सन् २००१ मा ती उपकरण आयात भएको देखिएकोमा निजले पेश गरेको मुल्याङ्कन प्रनिवेदनमा ती उपकरणहरू सन् १९९४ देखी ३ चरणमा कारखानामा जडान भएको ब्यहोरा उल्लेख भएको, ३ आर्थिक बर्ष हरूमा अमेरिकी डलरको परिवर्त्य नेपाली मुद्राको विनिमय दर एउटै कायम गरिएको, मिल्समा जडान भएका लुम्स (तान) हरूको फरक फरक वर्षमा जडान भएका भनिएतापनि सबै बर्षमा एकै मूल्य कायम गरिएको, कारखानाको मूल्याङ्कन यथार्थ मूल्य भन्दा वढी उल्लेख गरी पेश भएको अवस्थामा सोही धितो मूल्याङ्कनका आधारमा विगत आ.व. २०५४/५५ र २०५५/५६ देखी घाटामा सन्चालन हुँदै आएको मिल्सलाई उल्लेखित अवधि देखिनै नाफामा सन्चलन भएको र कारखानाको सवै अवस्था सवल रहेको भनी भुट्टो ब्यहोराको आर्थिक विवरण पेश गरी कर्मचारी संचय कोष समेतबाट कर्जा रकम भुक्तानी लिई ऋण स्वीकृत सम्झौताको पूर्ण पालना नगरी कोषलाई गैर कानूनी हानी र मिल्सलाई गैर कानूनी लाभ पुऱ्याउने कार्यमा प्रतिवादीहरू ठाकुर प्रताप थापा, जिवन विष्ट, किशोर वास्कोटा र दिनेशनाथ चालीसेको संलग्नता रहेको पाईएको छ । मिल्सले पेश गरेको लेखा परीक्षण प्रतिवेदनमा आ.व. २०५४/०५५ मा रु.७२,६३,०००। र आ.व. २०५५/५६ मा रु.१,५३,३५,०००।- नाफा आर्जन गरेको देखाईएको छ भने सो मिल्स स्वयम्ले आवधिक रुपमा कर कार्यालयमा पेश गरेको वासलातमा आ.व. २०५४/५५ मा रु.२,९९,१८,३८०।८२ र आ.व. २०५५/५६ मा रु.२,६७,८५,९८०।७९ खुद घाटा भएको विवरण पेश भएको देखिन्छ । सो तथ्यबाट मिल्सले अन्य वित्तिय संस्थाबाट लिएको पुरानो कर्जा चुक्ता गर्ने उद्देश्यले भुट्टा ब्यहोराको आर्थिक विवरण पेश गरी सोही विवरण समेतका आधारमा कर्मचारी संचयकोषबाट कर्जा प्राप्त गरी पारित सम्झौताका शर्त विपरीत साँवा र ब्याज समेत नवुझाई कर्मचारी संचय कोषलाई गैर कानूनी हानी र मिल्सलाई लाभ पुऱ्याउने कार्य भए गरेको पाईएको छ ।

अनुसन्धानका क्रममा संकलन भएका कागज प्रमाणहरूबाट सो मिल्सले नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र नेपाल वंगलादेश बैंक लिमिटेड समेतबाट लिएको कुल कर्जा दायित्व साँवा र ब्याज समेत रु.१३,७९,४०,०००।- देखिएको छ । प्रस्तुत तथ्यबाट समेत कारखाना सफल रुपमा सन्चालन हुन नसकी वित्तिय संस्थाहरूबाट लिएको कर्जा लामो समयावधि सम्म पनि चुक्ता गर्न नसकी कारखानाको वित्तिय स्थिति दयनीय रहेको देखिन्छ । कर्मचारी संचयकोषबाट कर्जा स्वीकृत भईसकेपछि सम्पन्न चौथो कन्सोर्टियम बैठकमा ठाकुर प्रताप थापा र जिवन विष्टले पूर्व प्रस्ताव र कर्जा माग गरेको उद्देश्य भन्दा फरक रुपमा मिल्सले नेपाल बैंक लिमिटेडलाई तिर्नु पर्ने पुरानो कर्जा वापतको साँवा र ब्याज समेत रु.६,७०,९१,९८१।४७ प्रस्तुत कन्सोर्टियमबाट भुक्तानी गर्नु पर्ने शर्त राखी सोही बमोजिम कर्मचारी संचयकोषबाट उक्त खराव कर्जा चुत्ता गर्न रकम भुक्तानी गराउन सफल भएका छन् । त्यसै गरी आफू समेत सहभागी भई मिल्सले थप धितो वापत रु.५,५०,००,०००।- को जेथा कन्सोर्टियमको नाममा

पारित गरिदिने निर्णय भएकोमा सो बमोजमको धितो नदिएको, पारीपासु ऋण सम्झौता विपरीत कारखानाको सम्पूर्ण चल अचल सम्पत्ति धनि सहभागीको नाममा विमा नगरेको, विदेशी लगानिकर्ताको शेयर नेपाली लगानीकर्ताको नाममा हस्तान्तरण नगरेको जस्ता कारणहरूबाट निजहरूले कोषलाई गैर कानूनी हानी र मिल्सलाई लाभ पुऱ्याउने कार्य भएको स्पष्टरुमा देखिएको छ । कन्सोर्टियम norms भन्दा विपरीत कोषबाट रु.१९,३३,०००।- सोझै मिल्सको खातामा भुक्तानी माग गरी उक्त रकम कोषबाट मिल्सका डाईरेक्टर ठाकुर प्रताप थापाले वुझिलिएको अवस्था समेत देखिदा निजहरूबाट भए गरेको उक्त कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) विपरीत पाईएको हुँदा निजहरू उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) द्वारा व्यवस्थित सजाय गरी पाउन मागदावि लिईएको छ ।

नेपाल वंगलादेशका पूर्व प्रबन्धक नरेन्द्र भट्टराई, शाखा प्रबन्धक वालकृष्ण शर्मा र अधिकृत उज्वल पाण्डेको सम्बन्धमा :-

सिल्भर फाईवर टेक्सटायल मिल्सका ब्यवस्थापक संग नेपाल वंगलादेश बैंकका प्रबन्धक नरेन्द्र भट्टराई, शाखा प्रमुख वालकृष्ण शर्मा, शाखा अधिकृत उज्वल पाण्डेसमेतले मिलेमतो गरी मिल्स स्वयम्ले मुल्याङ्कन गराई पेश गरेको धितो मुल्याङ्कन प्रतिवेदन, झुट्टा आर्थिक विवरण समेतलाई आधार मानी कर्जा लगानी गर्न परीयोजना विश्लेषण प्रतिवेदन (Project appraisal report) समेत तयार गरी रुग्ण अवस्थाको उद्योगलाई सवल भनी दुषित मनसायले झुट्टा विवरणका आधारमा कर्मचारी संचयकोषलाई लगानी गर्न प्रेरीत गरेका देखिन्छ । मिल्सले जुन उद्देश्यका लागि कर्जा माग गरेको हो सो भन्दा विपरीत नेपाल बैंक लिमिटेडको मिल्समा भएको खराव कर्जा Swap गर्ने गरी चौथो कन्सोर्टियम बैठकमा प्रस्ताव गरी सोही अनुसार निर्णय भएबाट कर्मचारी संचयकोषलाई गैर कानूनी हानी पुग्न गएको छ । कर्मचारी संचयकोष संचालक समितिबाट मिल्सको विस्तार र आधुनिकीकरण गर्ने उद्देश्यका लागी कर्जा प्रवाह गर्ने निर्णय भईसकेपछि चौथो कन्सोर्टियम बैठकमा उद्देश्य विपरित मिल्सको अन्य वित्तिय संस्थामा रहेको पुरानो कर्जा भुक्तानी गरीदिने गरी निर्णय गरिनु स्वयम्मै दुरासययुक्त कार्य हो । कन्सोर्टियम निर्णय र पारीपासु ऋण सम्झौता विपरित ऋणीबाट पर्याप्त सुरक्षणको ब्यवस्था नभई लिड बैंकको हैसियतबाट सम्पूर्ण रकम भुक्तानी माग गरिएको कार्य दुरासययुक्त देखिएको छ । चौथो कन्सोर्टियम बैठकमा कर्मचारी संचयकोषले माग गरेको थप धितोका सम्वन्धमा स्वयम् नेपाल वंगलादेश बैंककै तर्फबाट रोशन श्रेष्ठको विराटनगर स्थित जग्गा जमिन धितोमा राखिने निर्णय भए विपरित पाँचौ कन्सोर्टियम बैठकमा ३ महिना देखि ६ महिना भित्रमा मिल्सले थप धितो दिनुपर्ने गरी निर्णय गरिएबाट कोषको लगानी जोखिममा पर्न गएको छ । कर्मचारी संचयकोषबाट लिड बैंकमा भुक्तानी पठाईएको मिल्सको नामको कर्जा रकम मध्ये सो बैंकले रु.७४,००,०००।- मात्र मिल्सलाई प्रदान गरी वाँकी रकम मिल्सको सो बैंकमा रहेको पुरानो कर्जा बापत कट्टा गरिएको भन्ने मिल्सका डाईरेक्टर ठाकुर प्रताप थापाको वयानबाट खुल्न आएको हुँदा नेपाल बैंक लिमिटेड स्वयम् लिड बैंकको रुपमा रहेको नेपाल वंगलादेश बैंकमा रहेको मिल्सको खराव कर्जाहरू भुक्तानि गराउने दुषित मनसायले कर्मचारी संचयकोषका ब्यवस्थापक र मिल्सका संचालकहरू संगको मिलेमतोबाट कर्मचारी संचयकोषलाइ गैर कानूनी

हानी र सो बैंक र मिल्सलाई लाभ पुऱ्याउने कार्यमा निज प्रतिवादहरू नरेन्द्र भट्टराई, बालकृष्ण शर्मा र उज्वल पाण्डे समेतको प्रत्यक्ष संलग्नता देखिएबाट निजहरूको सो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) विपरितको पाईएको हुँदा निजहरू उपर साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ८ तथा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरि पाउन मागदावि लिईएको छ ।

कर्मचारी संचयकोषका राजेशराज कर्णिकार, शशिविक्रम राणा, लक्ष्मी प्रसाद श्रेष्ठ, विजयकुमार श्रेष्ठ, रविभुषण वैद्यका सम्बन्धमा :-

कर्मचारी संचयकोष देशको प्रथम स्तरको सरकारी वित्तिय संस्था हो । निजामति, सेना, प्रहरी, शिक्षक लगायतका कर्मचारीहरूको पारिश्रमिकबाट कट्टा गरिएको रकम सुरक्षित किसिमले व्यवसायमुलक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गरी मुनाफा आर्जन गर्ने कोषको प्रमुख उद्देश्य रहेको देखिन्छ । कोषले लगानी गर्दा मुख्यत देहाय अनुसारको लगानी नीति अवलम्वन गर्ने गरेको पाईन्छ :-

(१) सरकारी/अर्ध सरकारी/प्रतिष्ठान तथा निजि क्षेत्रबाट संचालित परियोजनाहरूको विश्लेषण गरी सम्भाव्य भएमा पर्याप्त मात्रामा घर जग्गा लगायत अन्य सम्पत्तिहरू धितो लिई दीर्घकालीन, मध्यकालीन एवम् अल्पकालीन ऋण प्रदान गर्ने ।

(२) कोषबाट सरकारी/अर्धसरकारी/प्रतिष्ठान तथा निजी क्षेत्रबाट संचालित परियोजनालाई दीर्घकालीन ऋणको साथ साथै परियोजना संचालनको लागि संचालन पूँजि ऋण (Working capital loan) र रिभल्विङ ऋण (Revolving loan) समेत प्रदान गर्ने ।

(३) नेपाल सरकारको जमानतमा कोषले तोकेको शर्त र ब्याजमा उद्योगधन्दा/परियोजना/संगठित संस्थालाई ऋण दिने ।

(४) बैंक वा वित्तिय संस्थाको जमानतमा शर्त र ब्याज तोकी प्रचलित कानून बमोजिम स्थापित कम्पनि वा संस्थालाई ऋण दिने ।

(५) कोषले उपयुक्त ठहऱ्याएको क्षेत्रमा नेपाल सरकारको स्विकृति प्राप्त गरी पर्याप्त धितो वा जमानत लिई लगानी गर्ने ।

(६) कर्मचारीको हितको लागि नेपाल सरकारको स्विकृति प्राप्त गरी विशेष कार्य गर्ने ।

(७) बैंक तथा वित्तीय संस्थाहरूको सहभागितामा देशको औद्योगिक र आर्थिक विकासमा टेवा पुग्ने खालका उत्पादनमुलक, सेवा मुलक तथा पुर्वाधार विकासका परियोजनाहरूमा कन्सोर्टियम फाईनान्स अन्तर्गत ऋण प्रदान गर्ने ।

प्रस्तुत सिल्भर फाईवर टेक्सटायल मिल्स प्राइभेटलिमिटेडमा ऋण लगानी गर्ने सम्वन्धमा प्रथमतः मिल्सद्वारा नेपाल वंगलादेश बैंक समक्ष पेश गरेको अल्पकालिन र दिर्घकालिन ऋण लगानिको प्रस्ताव सम्बन्धमा सो बैंकले चालु पूँजिमा लगानी गर्ने र कर्मचारी संचयकोषले दीर्घकालिन कर्जामा लगानी गर्ने भएमा कन्सोर्टियम बैठकको आयोजना गर्ने भनी कर्मचारी संचयकोष समक्ष प्रस्ताव पेश गरेको देखिन्छ । कर्मचारी संचयकोषले सो सम्वन्धमा पर्याप्त

अध्ययन, विश्लेषण र मुल्याङ्कन गरेर मात्र सो परियोजनामा लगानी गर्ने निर्णय गर्नु पर्नेमा कोषमा वित्त विश्लेषक, धितो मूल्याङ्कनकर्ता लगायतका दक्ष जनशक्ति हुँदा हुँदै सो बमोजिम अध्ययन, विश्लेषण समेत गरेको पाईएन । नेपाल वंगलादेश बैंकले दीर्घकालीन कर्जाका क्षेत्रमा आफूले लगानी नगर्ने भनी निर्णय गरेको परियोजनामा बैंकले के कति कारण दीर्घकालीन लगानी नगर्ने निर्णय गरेको हो ? सो तर्फ ध्यानै नदिई सो परियोजनामा दीर्घकालीन र अल्पकालीन कर्जा लगानी गर्न कोष सहमत भएको देखिन्छ । मिल्समा नेपाल वंगलादेश बैंक स्वयमले लगानी गरेको पुरानो कर्जा तथा नेपाल बैंक लिमिटेड र बाणिज्य बैंकको पुरानो कर्जा चुक्ता नभई रहेको तर्फ कोष व्यवस्थापनले ध्यान पुऱ्याएको देखिदैन । परियोजनामा नेपाल वंगलादेश बैंकको अगुवाईमा लगानी गर्न कोष सहमत भएपछि लिड बैंक वा लगानी गर्ने वित्तीय संस्थाले नियुक्त गरेको मूल्याङ्कनकर्ताबाट परियोजनाको धितो मूल्याङ्कन गर्नु पर्नेमा स्वयम् ऋणीलेनै नियुक्त गरेको DE Consultancy Pvt.Ltd द्वारा मुल्याङ्कन भएको परियोजनाको धितोलाई नै आधार मानी कर्जा लगानी गर्न कोष सहमत भएको देखिन्छ । मिल्स स्वयम्ले पेश गरेको वित्तीय परिसूचकहरूलाई आधार मानी तयार भएको Project appraisal report का आधारमा कोष व्यवस्थापनले मिल्स नाफामा सन्चालन भएको र सवै पक्ष सवल देखिएको भनी लगानीका लागि सञ्चालक समिति समक्ष सिफारिश गरिएको देखिन्छ । अनुसन्धानका क्रममा संकलन भएका कागजातहरूको अध्ययन गरी हेर्दा मिल्सले पेश गरेको आ.व.२०५४/५५ र आ.व.२०५५/५६ को वित्तीय अवस्था र मिल्सले कर कार्यालयमा पेश गरेको वासलात फरक फरक पाईएको हुँदा मिल्सले पेश गरेको आर्थिक विवरण झुट्टा रहेको स्पष्ट भएको छ । यस्तो अवस्थामा कोषले लगानी गर्ने निर्णय गर्नु पूर्व पर्याप्त अध्ययन, विश्लेषण नगरी निर्णय गरेको देखिन्छ । कोष व्यवस्थापनले पेश गरेको प्रस्तावमै नेपाल बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक, नेपाल वंगलादेश बैंक समेत संग मिल्सको ठुलो अंकमा पुरानो ऋण दायित्व रहेको स्पष्ट देखिएको र कारखानाको वार्षिक घाटा ११% सम्म रहेको ब्यहोरा उल्लेख भएको हुँदा हुँदै परियोजनाका सवै पक्ष सवल रहेको भनी वित्त विश्लेषक विजय कुमार श्रेष्ठ र लगानी शाखा प्रमुख लक्ष्मी प्रसाद श्रेष्ठले परियोजनामा कर्जा लगानी गर्न गरेको सिफारिश आधारसम्मत देखिदैन । सोही सिफारिशलाई नै आधार मानी कोषको कर्जा कमिटिका सदस्यहरू शशिविक्रम राणा, रविभुषण वैद्य र राजेशराज कर्णिकारले परियोजनाको विस्तृत अध्ययन, विश्लेषण नगरी संचालक समिति समक्ष परियोजनामा कर्जा लगानी गर्न प्रस्ताव पेश गरी कर्जा स्वीकृत गराएको देखिएको छ ।

प्रस्तुत सहवित्तियकरण लगानीका लागि सम्पन्न कन्सोर्टियम बैठकहरूमा कोषका तर्फबाट शशिविक्रम राणा र लक्ष्मी प्रसाद श्रेष्ठले प्रतिनिधित्व गरेको देखिन्छ । कर्मचारी संचयकोष संचालक समितिबाट मिति २०५८।२।११ मा परियोजनामा दीर्घकालीन र अल्पकालीन कर्जा लगानी गर्न स्विकृती प्राप्त भईसकेपछि मिति २०५८।४।२२ मा सम्पन्न चौथो कन्सोर्टियम बैठकमा मिल्सले ऋण माग गरेको उद्देश्य भन्दा विपरीत स्वीकृत कर्जा रकमबाट मिल्सको नेपाल बैंक लिमिटेडमा रहेको पुरानो कर्जा कोषले भुक्तानि गरिदिने शर्तमा कोषका प्रतिनिधिहरूले सहमति जनाई संचालक समितिबाट भएको निर्णय सरासर उलंघन गरेको देखिन्छ । त्यसैगरी सो कन्सोर्टियम बैठकको निर्णय नं.५ मा मिल्सले थप धितो वापत रु.५,५०,००,०००।- उपलब्ध गराउने सम्वन्धमा धनि सहभागीहरूबाट सम्पूर्ण कर्जा रकम

भुक्तानि भई सकेपछिमात्र उक्त शर्त लागु हुने ब्यहोरा उल्लेख भएको देखिदा कोषका प्रतिनिधिहरूले उक्त शर्त कवोल गरी कर्मचारी संचयकोषलाई गैर कानूनी हानी पुऱ्याउने दुषित मनसायले कार्य गरेको स्पष्टरुपले देखिएको छ ।

नेपाल वंगलादेश बैंक, कर्मचारी संचयकोष र मिल्सका विच मिति २०५८।५।१५ मा भएको त्रिपक्षिय पारीपासु ऋण सम्झौतामा कोषका तर्फबाट शशिविक्रम राणाले हस्ताक्षर गरेका छन् । पारीपासु ऋण सम्झौता कन्सोर्टियम लगानीको अभिन्न अंग रहेको र सोही सम्झौताका आधारमा सम्पूर्ण लगानी नियन्त्रित हुने गर्दछ । यसका शर्तहरू सहभागी संस्थाहरूका लागि बाध्यकारी हुने र यसले कानूनी दायित्व समेत सृजना गर्दछ । उक्त संझौतामा कर्मचारी संचयकोषले उपलब्ध गराउने कर्जा के के प्रयोजनका लागि के कति रकम के कस्तो अवस्थामा उपभोग गराउने, कर्जा भुक्तानि तालीका (Dradown schedule) के कस्तो हुने जस्ता अनिवार्य रुपमा खुलाउनु पर्ने शर्त वन्देजहरू उल्लेख नगरी मिल्सले चाहे बमोजिम रकम माग गर्ना साथ प्रवाह गर्ने गरी Open sanction राखि कोषका तर्फबाट हस्ताक्षर भएको देखिन्छ । यसै गरी चौथो कन्सोर्टियम बैठकबाट निर्णय भएको नेपाल बैंक लिमिटेडमा रहेको मिल्सको खराव कर्जा कोषले भुक्तानी गरीदिने शर्त र विराटनगर स्थित रोशन श्रेष्ठको नामको जेथा कन्सोर्टियममा ल्याउने शर्त प्रस्तुत पारीपासु ऋण सम्झौतामा उल्लेख नगरी वदनियतपूर्वक सम्झौता गरी कोषलाई गैर कानूनी हानी पुऱ्याउने कार्य भएको छ । त्यसै गरी सो सम्झौताको शर्त नं.१० मा मिल्सले उपलब्ध गराउने धितो ६ महिना भित्रमा धनि सहभागीहरूको नाममा पारित गरीदिने शर्त रहेकोमा थप धितो उपलव्ध नगराउदा नगराउदै जम्मा ३ महिना ६ दिन को अवधिमा सम्पूर्ण कर्जा रकम भुक्तानी गरिदिएबाट उक्त पारीपासु ऋण सम्झौताका शर्तहरू समेत कोष व्यवस्थापनले उलंघन गरेको देखिन्छ ।

कर्मचारी संचयकोषबाट स्वीकृत ऋण रकम भुक्तानी गर्दा मिति २०५८।६।४ को निर्णयले दीर्घकालीन र अल्पकालीन कर्जा रकमबाट कट्टा हुने गरी नेपाल बैंक लिमिटेडलाई रु.६,८१,४५,६९६।४७ सोझै भुक्तानी गरिएको, मिति २०५८।६।१० को निर्णयले रु.१९,३३,०००।- कोषमा कट्टा गरी रु.२,९९,२१,३०३।५३ नेपाल वंगलादेश बैंक लिमिटेडको नेपाल राष्ट्र बैंकमा रहेको खातामा पठाईएको र मिति २०५८।९।९ को निर्णयले रु.१९,३३,०००।- हिमालयन बैंक स्थित मिल्सको खातामा सोझै भुक्तानीको लागि पठाउने गरी निर्णय भएको पाईएको हुँदा कोषबाट भएका भुक्तानीहरू Consortium norms अनुसार लिड बैंक मार्फत भएको देखिदैन । कोषबाट अन्तिम रुपमा भुक्तानी भएको रु.१९,३३,०००।- का सम्वन्धमा प्रशासक राजेशराज कर्णिकारको निर्देशानुसार हिमालयन बैंकमा मिल्सले तिर्नु पर्ने पुरानो कर्जा बापत सो बैंकको मौखिक अनुरोधमा रकम भुक्तानी गरिएको भन्ने शशिविक्रम राणा, लक्ष्मी प्रसाद श्रेष्ठ, राजेशराज कर्णिकार समेतको यस आयोग समक्षको बयानमा उल्लेख भएतापनि उक्त रकम मिल्सका डाईरेक्टर ठाकुर प्रताप थापाले कर्मचारी संचयकोषबाट मिति २०५८।९।११ मा वुझिलीएको संलग्न भरपाईबाट देखिदा उक्त रकमका सम्वन्धमा समेत अनियमितता भएको स्पष्ट रुपमा देखिएको छ ।

अनुसन्धानका क्रममा यस आयोग समक्ष बयान गर्ने राजेशराज कर्णिकार, शशिविक्रम राणा, लक्ष्मी प्रसाद श्रेष्ठ, विजय श्रेष्ठ, रविभुषण वैद्य समेतले मिल्समा लगानी गर्ने निर्णय गर्दा परियोजनाको विश्लेषण, स्थलगत निरीक्षण र सम्भाव्यता अध्ययन समेतबाट कारखाना राम्रो अवस्थामा संचालनमा रहेको र नाफामुलक देखिएको हुँदा अशल नियतले लगानी गरिएको र सो निर्णयबाट कोषलाई गैर कानूनी हानी पुऱ्याउने उद्देश्य आफ्नो नरहेको भन्ने समेतको ब्यहोरा उल्लेख गरेका देखिन्छ । प्रस्तुत सहवित्तियकरण कर्जा लगानी सम्वन्धमा उल्लेखित व्यक्तिहरूबाट भए गरेका कार्यमा बेइमानि चिताएको वा जानि जानि वेहीसाव गरेको हो, होइन ? र सो कार्यका लागि निजहरू व्यक्तिगतरुपमा जिम्मेवार छन्, छैनन् भनी हेर्नु पर्ने हुन्छ । यसमा सहवित्तियकरण लगानीका सिद्धान्त भन्दा विपरित मिल्स स्वयम्ले नियुक्त गरेको मूल्याङ्कनकर्ताबाट मूल्याङ्कित धितोलाई आधार मानी आफुले प्रवाह गर्ने कर्जा सो धितोले थाम्न सक्ने वा नसक्ने तर्फ पर्याप्त सतर्कता नअपनाई सोही धितोलाई आधार मानी कर्जा प्रवाह गर्नेगरी कोष ब्यवस्थापनबाट निर्णय भएको छ । त्यसै गरी मिल्स स्वयम्ले पेश गरेका कागजातका आधारमा मात्र कोषले परियोजनाको विश्लेषण र सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरेको अवस्था रहेको छ । मिल्सले पेश गरेको आर्थिक विवरण झुट्टो रहेको तर्फ कोष ब्यवस्थापनले समयमै आवस्यक अनुसन्धान, अध्ययन गरेको देखिदैन । मिल्सले विभिन्न वित्तीय संस्थाहरूको पुरानो कर्जा लामो अवधि सम्म चुक्ता गर्न नसकी घाटामा संचालित रुग्ण अवस्थाको उद्योगको सवै पक्ष सवल रहेको भनी कोष संचालक समिति समक्ष प्रस्ताव पेश गर्ने गरी ब्यवस्थापनबाट भएको निर्णय स्वयम्मै वदनियतपूर्ण देखिएको छ । लिड बैंक, मिल्स र कोष बीच सहवित्तीयकरण कर्जा लगानी गर्ने सहमति भई कोष संचालक समितिबाट कर्जा स्वीकृत गर्ने निर्णय भईसकेपछि सम्पन्न चौथो र पाँचौ कन्सोर्टियम बैठकद्वारा संचालक समितिको निर्णय भन्दा विपरित नेपाल बैंकमा रहेको मिल्सको पुरानो कर्जा कोषले तिरीदिने र सुरक्षण बापत मागिएको थप धितो सम्पूर्ण कर्जा रकम भुक्तानी भएपछि ६ महिना भित्रमा मिल्सले उपलब्ध गराउने जस्ता निर्णयमा कोषका प्रतिनिधि सहमत देखिएका र कर्जा स्वीकृत हुँदाको उद्देश्य भन्दा विपरित रकम भुक्तानी भएबाट कोष ब्यवस्थापनको मनसाय दुषित रहेको स्पष्ट देखिएको छ । त्यसैगरी चौथो र पाँचौ कन्सोर्टियम बैठकबाट भएका निर्णयहरू सो बैठक पछि भएको पारीपासु ऋण सम्झौतामा उल्लेख भएको नदेखिदा कोष ब्यवस्थापनले संचालक समितिलाई छल्ने मनसायले कर्जा स्वीकृत गर्दाका शर्त भन्दा विपरितका शर्तहरू मन्जुर गरी कर्जा प्रवाह गर्ने निर्णय भएबाट सो को परिणाम कर्मचारी संचयकोषलाई गैरकानूनी हानी पुग्न गई तमाम बचतकर्ता राष्ट्रसेवक कर्मचारीहरूको लगानी धरासायी बन्न पुगेको छ । उक्त दुषित कार्यमा बिरुद्धखण्डका प्रतिवादीहरू जानि जानि संलग्न रहेको तथ्यमा द्विविधा हुन सक्तैन । कर्मचारी संचयकोषबाट स्वीकृत कर्जा रकम भुक्तानी गर्ने कार्य समेत सहवित्तियकरण लगानीका सिद्धान्त विपरित पाईएको छ । कोषबाट रु.१९,३३,०००।- भुक्तानी गर्दा मिल्सको अनुरोधमा हिमालयन बैंकमा रहेको मिल्सको खातामा सोझै रकम भुक्तानीका लागि पठाईएको छ । सो रकम मिल्सको उक्त बैंकमा रहेको पुरानो कर्जा बापत भुक्तानी गरिएको भन्ने कोष व्यवस्थापनको भनाई भएतापनि उक्त रकम कोषबाट मिल्सका डाईरेक्टर ठाकुर प्रताप थापाले भरपाई गरी वुझि लिएको देखिदा सो कार्यमा वेईमानि भएको तथ्य प्रमाणित भएको छ । अतः प्रस्तुत लगानी सम्वन्धमा कोष ब्यवस्थापनका उल्लेखित प्रतिवादीहरूबाट वेईमानी चिताएको र जानि जानि बेहीसाव गरेको कारण कोषलाई गैरकानूनी हानी र मिल्स तथा नेपाल वंगलादेश

बैंकलाई गैरकानूनी लाभ पुग्न गएको पाईएको हुँदा सो कार्यका सम्वन्धमा निजहरू व्यक्तिगत रुपमा जिम्मेवार देखिएका छन् ।

यसरी उल्लेखित आधार, प्रमाणहरूबाट कर्मचारी संचयकोषका प्रशासक राजेशराज कर्णिकार, लगानी विभागका प्रमुख शशिविक्रम राणा, लगानी शाखा प्रमुख लक्ष्मी प्रसाद श्रेष्ठ, चार्टर्ड एकाउन्टेण्ट रविभुषण वैद्य, वित्त विश्लेषक विजयकुमार श्रेष्ठ समेतले जानि जानि अनियमितता गरी नेपाल वंगलादेश बैंक र सिल्भर फाईवर टेक्सटायल मिल्सका बिरुद्ध खण्डमा उल्लेखित व्यक्तिहरूसंगको मिलेमतोमा कर्मचारी संचयकोषलाई गैर कानूनी हानी र सिल्भर फाईवर टेक्सटायल मिल्स प्राइभेट लिमिटेड र नेपाल वंगलादेश बैंक लिमिटेडलाई गैर कानूनी लाभ पुऱ्याउने वदनियतले कार्य गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरू राजेशराज कर्णिकार, शशिविक्रम राणा, लक्ष्मिप्रसाद श्रेष्ठ, रविभुषण वैद्य, विजयकुमार श्रेष्ठ समेतबाट भए गरेको उक्त कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८को उप दफा (१) र उपदफा ३ विपरितको पाईएको हुँदा निज प्रतिवादीहरू उपर सावित भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा ७(२) र भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र उपदफा ३ द्वारा व्यवस्थित सजाय हुन मागदावि लिई मुद्दा दायर गरियो ।

विगो तर्फ :

कर्मचारी संचयकोषबाट सिल्भर फाईवर टेक्सटायल मिल्स प्राइभेटलिमिटेडका लागि दीर्घकालीन कर्जा स्वरुप रु.४,५०,००,०००।- र अल्पकालीन कर्जा स्वरुप रु.५,५०,००,०००।- समेत गरी कुल रु.१०,००,००,०००।- तथा आरोप पत्र पेश गरेको मिति अर्थात मिति २०६६।२।७ सम्ममा पारिपाशु सम्झौतामा उल्लेख भए बमोजिमको १३% का दरले हुने व्याज समेत जम्मा रु.१९,९५,१३,४१५।०२ मध्ये सिल्भर फाईवर टेक्सटाइल मिल्सले पटक पटक गरी बुझाएको रु.२७,००,०००।- कट्टा गरी देहाय बमोजिम कुल विगो कायम गरी प्रतिवादीहरूबाट सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम असुल उपर गरी कर्मचारी संचयकोषलाई दिलाई भराई पाउन मागदावी लिइएको छ ।

कर्जा भुत्तानि मिति	रकम	ब्याजदर	ब्याज रकम	जम्मा रकम
२०५८।६।४	६,८१,४५,६९६।४७	१३%	६,७९,१०,४५३।७९	१३,६०,५६,१५०।२६
२०५८।६।११	२,९९,२१,३०३।५३	१३%	२,९७,४३,४१५।२३	५,९६,६४,७१८।७६
२०५८।९।११	१९,३३,०००।-	१३%	१८,५९,५४६।-	३७,९२,५४६।-
जम्मा	**१०,००,००,०००।-**		**९,९५,१३,४१५।०२**	**१९,९५,१३,४१५।०२**
असुल भएको कुल रकम				२७,००,०००।-
असुल उपर हुन बाँकी कुल रकम				१९,६८,१३,४१५।०२

३६. नेपाल प्रज्ञा प्रतिष्ठानका तत्कालिन प्रबन्ध उत्पादक मीना गौतमले शुरु नियुक्ति लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल

प्रज्ञा प्रतिष्ठानबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा गोरखपुर विश्वविद्यालय, गोरखपुर, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरू नक्कली एवं झुट्ठा देखिई निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार सजाय हुने कसूर गरेको देखिन आएकोले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६६।१।३१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३७. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सिन्धुपाल्चोक, चौताराको लेखा सम्बन्धी कार्य गर्ने कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुपाल्चोक, चौताराबाट खटिएका सह लेखापाल राजेन्द्र कुमार थापाले आफ्नो जिम्मा रहेको उक्त कार्यालयको नेपाल बैंक लिमिटेड, चौतारा शाखा, सिन्धुपाल्चोकमा रहेको ख१/३१ नं. को खाताको चेक नं. ३९१९४०८७, ३८१९४०८९, ३८१९४०९४ र ३८१९४०९३ हरूमा उक्त स्वास्थ्य केन्द्रका प्रमुख डा. वंशदीप शर्मा खरेलको समेत आफैले किर्ते दस्तखत गरी एवं कार्यालयको छाप समेत किर्ते बनाई जम्मा रु.२,७५,३३०।५० (दुई लाख पचहत्तर हजार तीन सय तीस रुपैया पैसा पचास मात्र) वदनियत पूर्ण तरिकाले विना विल भरपाई प्रचलित आर्थिक ऐन नियम विपरित आफूखुशी बैंकबाट रकम निकाली हिनामिना गरेको, कर्मचारीहरूको तलव भत्ता वितरण गर्न भनी नियमित रुपमै निकालिएको रकम मध्ये रु.१,५३,२९०।४९ रकम समेत सम्बन्धित कर्मचारीहरूलाई भुक्तानी नदिई आफैले लिई कार्यालयमा वेखवर भई हिडेको भन्ने कुरा अनुसन्धानबाट संकलित कागज प्रमाण, सम्बन्धित कार्यालयबाट प्राप्त श्रेस्ता कागजात, कार्यालय प्रमुखले आयोग समक्ष गरिदिएको कागज, वैद्य चन्द्रकान्त झा ले आयोग समक्ष गरिदिएको कागज एवं राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त दस्तखत परीक्षण प्रतिवेदन समेतबाट देखिन खुल्न आयो ।

तसर्थ यी कर्मचारीले माथि उल्लेख भए अनुसार जम्मा रु.४,२८,६२१।- (चारलाख अट्ठाइस हजार छ सय एक्काईस रुपैया) सरकारी रकम वदनियतपूर्ण तरिकाले झिकी खाई मासी हिनामिना गरी भागी हिडेको देखिएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर अपराध भएको देखिएकोले निजलाई उक्त कसूरमा ऐ. ऐनको दफा ३ र १७ बमोजिम सजाय गरी निजले हिनामिना गरी खाई मासेको सरकारी रकम समेत ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर गरी पाउन समेत अभियोग मागदावी लिई आयोगको मिति २०६६।२।५ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

३८. खाद्य क्वारेण्टाइन प्रयोगशाला तातोपानी, सिन्धुपाल्चोकको लेखा सम्बन्धी कार्य गर्न तोकिएका को.ले.नि.का. सिन्धुपाल्चोक, चौताराका सहलेखापाल राजेन्द्र कुमार थापाले आफ्नो जिम्मा रहेको उक्त कार्यालयको नेपाल बैंक लिमिटेड, चौतारा शाखा, सिन्धुपाल्चोकमा रहेको ख१/५० नं. को खाताको चेक नं. ३८१९७६८२, ३८१९७६७६, ३८१९७६८०, ३८१९७६८३ र ३८१९७६७८ हरूमा प्रयोगशाला प्रमुख मदन कुमार चापागाईको समेत आफैले किर्ते दस्तखत गरी एवं कार्यालयको छाप समेत किर्ते बनाई जम्मा रु.२,४७,९२१।- (दुई लाख सत्चालिस हजार नौ सय एक्काईस

रुपैया) वदनियतपूर्ण तरिकाले विना वील भरपाई प्रचलित आर्थिक ऐन नियम विपरित आफूखुशी बैंकबाट रकम निकाली हिनामिना गरेको साथै चेक नं. ३८०७३६०० बाट कार्यालयका कर्मचारीहरूलाई २०६४ भाद्र महिनाको तलव भत्ता समेत वितरण गर्न नियमित रुपमा निकालिएको रकम रु.२५,४८६।२५ समेत सम्बन्धित कर्मचारीलाई वितरण नगरी आफैले लिई कार्यालयमा वेखवर भई हिडेको भन्ने कुरा अनुसन्धानबाट संकलित कागज प्रमाण, सम्बन्धित कार्यालयबाट प्राप्त श्रेस्ता कागजात, कार्यालय प्रमुखले गरिदिएको कागज, एवं राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको दस्तखत परीक्षण प्रतिवेदन समेतबाट देखिन आयो । तसर्थ यी कर्मचारीले माथि उल्लेख भए अनुसार जम्मा रु.२,७३,४०७।- (दुई लाख त्रिहत्तर हजार चार सय सात रुपैया) सरकारी रकम वदनियतपूर्ण तरिकाले झिकी मासी खाई हिनामिना गरी भागी हिडेको देखिएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर अपराध भएको देखिएकोले निजलाई उक्त कसूरमा ऐ. ऐनको दफा ३ र १७ बमोजिम सजाय गरी निजले हिनामिना गरी खाई मासेको सरकारी रकम समेत ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर गरी पाउन समेत अभियोग मागदावी लिई आयोगको मिति २०६६।२।५ को निर्णय अनुसार श्री विषेश अदालत काठमाण्डौ मुद्दा दायर गरियो ।

३९. दुर्गम क्षेत्र बिकास समिति, अनुगमन कार्यालय नेपालगंजबाट बिभिन्न प्रकृयाबाट विगतमा खरीद गरी भूक्तानी समेत भैसकेको केही लघु जलविद्युतीकरण योजना र झोलुङ्गेपुल योजनाका निर्माण सामग्रीहरू हालसम्म जिल्ला तथा योजनास्थलमा नपुगेको भन्ने समेत ब्यहोराको उजुरी निवेदनका सम्बन्धमा बिजगडा लघु विद्युतीकरण योजना वझाङ्गको लागि आवश्यक इलेक्ट्रोमेकानिकल पार्ट्सको उत्पादन फेब्रिकेशन, ढुवानी एवं जडान कार्यको लागि मिति २०५७।२।१५ को नेपाल समाचार पत्रमा ७ (सात) दिने शिलवन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएकोमा कुनै पनि शिलवन्दी दरभाउ पत्र पेश हुन नआएको कारण सोही पत्रिकामा मिति २०५७।२।२५ मा ३ दिने म्याद दिई पुनः सूचना प्रकाशित गरेको पाइयो ।

दोस्रो सूचना वमोजिम पेश हुन आएका शिलवन्दी दरभाउपत्रहरू मध्ये श्री नेपालगंज ईञ्जिनियरिङ्ग अटो वर्क्स प्रा.लि.को रु. १६,६८,५७६।- को ठेक्का स्वीकृत भई मिति ०५७।९।१३ सम्ममा जडान समेतको सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्ने गरी मिति ०५७।३।१४ मा ठेक्का सम्झौता भएकोमा मिति ०५७।१२।१३ सम्म ठेक्काको म्याद थप भएको समेत देखियो । सो ठेक्का अन्तरगत मिति ०५७।३।२५ मा रु. २,९०,३६०।- मिति ०५८।३।२४ मा रु. ७,७४,४३४।- र मिति ०५८।७।३ मा रु. १,९८,७४०।- गरी जम्मा रु. १२,६३,५३४।- अर्थात् कुल ठेक्का अंकको ७५.७२% रकम भुक्तानी भइसकेको पाइयो ।

प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवालीले समयाभावको कारण वजेट फ्रिज नहोस भन्नका लागि कम समयावधि दिएर दरभाउपत्रको सूचना प्रकाशित गरेको र तत्कालिन राजनीतिक असहज परिस्थितिको कारण परियोजना स्थलमा सामान पठाउन नसकिएको भनी आयोग समक्ष वयान गरेको पाइयो भने नेपालजञ्ज इन्जिनिरिङ्ग अटो वर्क्स प्रा.लि.का संचालक विद्या प्रकाश वुढाले देशमा चलेको तत्कालिन द्वन्द्वको स्थितिले गर्दा सम्झौता वमोजिम काम गर्न कठिनाई भएको भन्दै विजगडा लघु विद्युतीकरण आयोजनाको ७० प्रतिशत सामान उपभोक्ता समितिलाई

वुझाएको छु भनी वयान गरेको देखिन्छ । निजहरूको वयानवाट उक्त आयोजना हाल सम्म पनि सम्पन्न भएको पाइएन भने ७० प्रतिशत सामान उपभोक्ता समितिलाई वुझाएको भन्ने तथ्य समेत पुष्टि भएको देखिएन । निज प्रमुख अनुगमन अधिकृतले उक्त नेपालगञ्ज इन्जिनियरिङ्ग अटोवर्क्सलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैर कानूनी हानी पुऱ्याउने बदनियतले सम्झौता वमोजिम काम नै नहुदै माथि उल्लेख भए वमोजिम तीन पटकमा रु. १२,६३,५३४।- भुक्तानी गरेको देखिंदा निज प्र. अनुगमन अधिकृत वामदेव ज्ञवालीले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र उपदफा (१) को खण्ड (ङ) द्वारा परिभाषित कसुर अपराध गरेको र त्यस्तै नेपालगञ्ज इन्जिनियरिङ्ग अटोवर्क्सको विद्या प्रकाश वुढाले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसूर गरेको देखिंदा विगो रु.१२,६३,५३४।- कायम गरी प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवालीलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम व्यवस्थित सजाय र नेपालगञ्ज इन्जिनियरिङ्ग अटोवर्क्सका विद्या प्रकाश वुढालाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) द्वारा व्यवस्थित सजायको मागदावी लिई र सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम निजहरूबाट उल्लेखित विगो रु. १२,६३,५३४।- नेपाल सरकारलाई भराई दिने समेतको माग दावी लिई आयोगको मिति २०६६।२।७ को निर्णय अनुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४०. दुर्गम क्षेत्र बिकास समिति, अनुगमन कार्यालय नेपालगंजबाट बिभिन्न प्रकृयाबाट विगतमा खरीद गरी भूक्तानी समेत भैसकेको केही लघु जलविद्युतीकरण योजना र झोलुङ्गेपुल योजनाका निर्माण सामग्रीहरू हालसम्म जिल्ला तथा योजनास्थलमा नपुगेको भन्ने समेत ब्यहोराको उजुरी निवेदनका सम्बन्धमा पातालकोट लघु विद्युतीकरण योजना वझाङ्गको लागि आवश्यक इलेक्ट्रोमेकानिकल पार्ट्सको व्यवस्था, ढुवानी एवं जडान कार्यको लागि मिति २०५७।३।२ को नेपाल समाचार पत्रमा ७ (सात) दिने शिलवन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरेको पाइयो ।

सूचना वमोजिम पेश हुन आएका शिलवन्दी दरभाउपत्रहरू मध्ये श्री नेपालगंज ईञ्जिनियरिङ्ग अटो वर्क्स प्रा.लि.को रु. १२,८२,३४०।- को ठेक्का स्वीकृत भई मिति ०५७।९।२४ सम्ममा जडान समेतको सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्ने गरी मिति ०५७।३।२५ मा ठेक्का सम्झौता भएकोमा मिति ०५७।१२।२४ सम्म ठेक्काको म्याद थप भएको समेत देखियो । सो ठेक्का अन्तरगत मिति ०५७।३।२५ मा रु. २,५६,४६८।- मिति ०५८।३।२४ मा रु. ६,३४,२५२।- र मिति ०५८।७।३ मा रु. ७२,८६०।- गरी जम्मा रु. ९,६३,५८०।- अर्थात् कुल ठेक्का अंकको ७५.१४% रकम भुक्तानी भइसकेको पाइयो ।

प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवालीले समयाभावको कारण वजेट फ्रिज नहोस भन्नका लागि कम समयावधि दिएर दरभाउपत्रको सूचना प्रकाशित गरेको र तत्कालिन राजनीतिक

असहज परिस्थितिको कारण परियोजना स्थलमा सामान पठाउन नसकिएको भनी आयोग समक्ष वयान गरेको पाइयो भने नेपालजञ्ज इन्जिनिरिङ्ग अटो वर्क्स प्रा.लि.का संचालक विद्या प्रकाश वुढाले देशमा चलेको तत्कालिन द्वन्द्वको स्थितिले गर्दा सम्झौता वमोजिम काम गर्न कठिनाई भएको भन्दै पातालकोट लघु विद्युतिकरण आयोजनाको ९० प्रतिशत सामान उपभोक्ता समितिलाई वुझाएको छु भनी वयान गरेको देखिन्छ । निजहरूको वयानवाट उक्त आयोजना हाल सम्म पनि सम्पन्न भएको पाइएन भने ९० प्रतिशत सामान उपभोक्ता समितिलाई वुझाएको भन्ने तथ्य समेत पुष्टि भएको देखिएन । निज प्रमुख अनुगमन अधिकृतले उक्त नेपालगञ्ज इन्जिनियरिङ्ग अटोवर्क्सलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैर कानूनी हानी पुऱ्याउने बदनियतले सम्झौता वमोजिम काम नै नहुदै माथि उल्लेख भए वमोजिम तीन पटकमा रु. ९,६३,५८०।- भुक्तानी गरेको देखिंदा निज प्र. अनुगमन अधिकृत वामदेव ज्ञवालीले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र उपदफा (१) को खण्ड (ङ) द्वारा परिभाषित कसुर अपराध गरेको र त्यस्तै नेपालगञ्ज इन्जिनियरिङ्ग अटोवर्क्सका विद्या प्रकाश वुढाले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसूर गरेको देखिंदा विगो रु.९,६३,५८०।- कायम गरी प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवालीलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम व्यवस्थित सजाय र नेपालगञ्ज इन्जिनियरिङ्ग अटोवर्क्सका विद्या प्रकाश वुढालाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) द्वारा व्यवस्थित सजायको मागदावी लिई र सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम निजहरूबाट उल्लेखित विगो रु. ९,६३,५८०।- नेपाल सरकारलाई भराई दिने समेतको माग दावी लिई आयोगको मिति २०६६।२।७ को निर्णय अनुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४१. दुर्गम क्षेत्र बिकास समिति, अनुगमन कार्यालय नेपालगंजबाट बिभिन्न प्रकृयाबाट विगतमा खरीद गरी भूक्तानी समेत भैसकेको केही लघु जलविद्युतीकरण योजना र झोलुङ्गेपुल योजनाका निर्माण सामग्रीहरू हालसम्म जिल्ला तथा योजनास्थलमा नपुगेको भन्ने समेत ब्यहोराको उजुरी निवेदनका सम्बन्धमा रेंगिल झोलुंगेपुल योजना कालिकोटको लागि आवश्यक स्टील पार्टसको फेब्रिकेशन कार्यको लागि मिति २०५८।१२।१३ मा १० (दश) दिने शिलवन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरी कार्यालयहरूमा टाँस गर्न पठाएको, सूचना वमोजिम पेश हुन आएका शिलवन्दी दरभाउपत्रहरू मध्ये श्री नेपालगंज ईञ्जिनियरिङ्ग अटो वर्क्स प्रा.लि.को रु. ६,३६,३४८।८७ को ठेक्का स्वीकृत भई मिति ०५९।३।३ सम्ममा सामान तयार गरी सक्नु पर्ने गरी मिति ०५९।१।४ मा ठेक्का सम्झौता भएको देखियो । सो ठेक्का अन्तरगत मिति ०५९।३।२४ मा रु. ६,३६,३४८।- अर्थात् कुल ठेक्का अंकको १००% रकम भुक्तानी भइसकेको पाइयो ।

प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवालीले समयाभावको कारण वजेट फ्रिज नहोस भन्नका लागि कम समयावधि दिएर दरभाउपत्रको सूचना प्रकाशित गरेको र तत्कालिन राजनीतिक असहज परिस्थितिको कारण परियोजना स्थलमा सामान पठाउन नसकिएको भनी आयोग समक्ष

वयान गरेको पाइयो भने नेपालजञ्ज इन्जिनिरिङ्ग अटो वर्क्स प्रा.लि.का संचालक विद्या प्रकाश वुढाले देशमा चलेको तत्कालिन द्वन्द्वको स्थितिले गर्दा सम्झौता वमोजिम काम गर्न कठिनाई भएको भन्दै रेंगिल झोलुंगेपुल योजनाको ९० प्रतिशत सामान उपभोक्ता समितिलाई वुझाएको छु भनी वयान गरेको देखिन्छ । निजहरूको वयानवाट उक्त आयोजना हाल सम्म पनि सम्पन्न भएको पाइएन भने ९० प्रतिशत सामान उपभोक्ता समितिलाई वुझाएको भन्ने तथ्य समेत पुष्टि भएको देखिएन । निज प्रमुख अनुगमन अधिकृतले उक्त नेपालगञ्ज इन्जिनियरिङ्ग अटोवर्क्सलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैर कानूनी हानी पुऱ्याउने बदनियतले सम्झौता वमोजिम काम नै नहुदै माथि उल्लेख भए वमोजिम एकै पटकमा रु. ६,३६,३४८।- भुक्तानी गरेको देखिंदा निज प्र. अनुगमन अधिकृत वामदेव ज्ञवालीले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र उपदफा (१) को खण्ड (ङ) द्वारा परिभाषित कसुर अपराध गरेको र त्यस्तै नेपालगञ्ज इन्जिनियरिङ्ग अटोवर्क्सका विद्या प्रकाश वुढाले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसूर गरेको देखिंदा विगो रु. ६,३६,३४८।- कायम गरी प्रमुख अनुगमन अधिकृत वामदेव ज्ञवालीलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम व्यवस्थित सजाय र नेपालगञ्ज इन्जिनियरिङ्ग अटोवर्क्सका विद्या प्रकाश वुढालाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) द्वारा व्यवस्थित सजायको मागदावी लिई र सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम निजहरूबाट उल्लेखित विगो रु. ६,३६,३४८।- नेपाल सरकारलाई भराई दिने समेतको माग दावी लिई आयोगको मिति २०६६।२।७ को निर्णय अनुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४२. उच्च माध्यमिक शिक्षा परिषद्वाट सञ्चालित कक्षा १२ को परीक्षा को प्रश्नपत्र समय भन्दा अगावै नै वाहिरिएको सम्वन्धमा यस आयोगमा उच्च माध्यमिक शिक्षा परिषद्को तर्फवाट पर्न आएको उजुरीका सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद, परीक्षा नियन्त्रण कार्यालयद्वारा सचांलित कक्षा १२ को लेखा सिद्धान्त विषयको र गणित विषयको प्रश्नपत्र समय भन्दा अगावै वाहिरिएको कारणवाट ती विषयहरूको प्रश्नपत्रको गोपनियता भंग भएकोले उच्च माध्यमिक शिक्षा परिषद् परीक्षा नियन्त्रण समितिवाट परीक्षा रद्द गरेको र उच्च शिक्षा माध्यमिक परिषद्ले प्रश्नपत्र वाहिरिएको कारणले गोप्यता भंग भएको देखी मिति २०६६।१।२७ गतेको परीक्षा स्थगन नै भई सकेको अवस्था हुंदा प्रश्नपत्र वाहिरिएको सम्वन्धमा द्विविधा रहन आएन ।

उच्च माध्यमिक शिक्षा परिषद, परीक्षा नियन्त्रण कार्यालयद्वारा सचांलित कक्षा १२ को लेखा सिद्धान्त विषयको प्रश्नपत्र वाहिरिएको, गणित विषयको प्रश्नपत्र वाहिरिएको भन्ने सूचना परिषद्लाई प्राप्त भए पछि प्रश्नपत्र वाहिरिएको विषयमा सत्य तथ्य पत्ता लगाई वास्तविकता सार्वजनिक गर्न तथा दोषि उपर कार्वाही गर्ने अभिप्रायले परीक्षा सञ्चालन समितिको मिति २०६६।१।२४ गते वसेको आकस्मिक वैठकले उपाध्यक्ष प्रा.डा. उपेन्द्रकुमार कोइराला, उच्च माध्यमिक शिक्षा परिषद्को संयोजकत्वमा शिक्षा मन्त्रालय अन्तर्गत परीक्षा नियन्त्रण कार्यालयका

परीक्षा नियन्त्रक, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयका प्रतिनिधि, उच्च माध्यमिक शिक्षा परिषद्का सदस्य सचिव तथा उच्च माध्यमिक विद्यालय संघका प्रतिनिधि सदस्य र उच्च माध्यमिक शिक्षा परिषद्का सहसचिव नारायण कोइराला सदस्य सचिव रहेको सात सदस्यीय छानवीन समिति गठन गरेको । उच्च शिक्षा परिषदको मिति २०६६।१।१६ गतेवाट सञ्चालन भएको कक्षा १२ को परिक्षाको परीक्षा केन्द्र डि.ए.भि. सुशील केडिया विश्वभारती उ.मा.वि.का केन्द्राध्यक्ष ज्यूले मिति २०६६।१।१६ गते विहान यस प्रभागमा रहेका प्रश्नपत्र आफुसंग लगि भर्पाई गरी दिनुहोस् भन्दा अहिले हतार छ पछि भर्पाई गरी दिउंला भनी हालसम्म पनि भर्पाई गर्न नआएको र प्रश्नपत्र सवै आफैसंग राखेको हुंदा सो सम्वन्धमा आवश्यक छानवीन हुन नियन्त्रक उच्च माध्यमिक शिक्षा परिषद्लाई सवोंधन गरी महानगरीय प्रहरी प्रभाग वल्खु, ललितपुरवाट लेखिएको पत्रको आधार समेतवाट छानवीन समितिले डि.ए.भि. सुशिल केडिया विश्वभारती उ.मा.वि. केन्द्र धोविघाटको कार्यालयको प्राचार्यको कोठाको दराजको तल्लो भागमा मिति २०६६।१।२५ गते सञ्चालन हुने प्रश्न पत्रको पोका पछाडि तर्फको भित्री सिलाई ३ इञ्च जति उदारिएको अवस्थामा रहेको, त्यस्तै प्राचार्यको कोठाको दराजको तल्लो भागमा मिति २०६६।१।२७ गते सञ्चालन हुने प्रश्न पत्रको पोका दुईतिर सिलाई भई एकतिर मात्र लाहाछाप लगाईएको अवस्थामा फेला परेको अवस्थामा वरामद गरेको देखियो ।

अजय यादव, नारायण कोइराला, वद्री दाहाल, लक्ष्मण भण्डारी, सागर महर्जन, निर्मल गुरुङ र मनोज चौधरीको अनुसन्धान अधिकृत समक्ष गरेको वयान कागज, त्यस्तै जिल्ला प्रशासन कार्यालय ललितपुरका प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद ढकाल, महानगरीय प्रहरी परिसर, ललितपुरका प्रहरी उपरिक्षक केदारमानसिंह भण्डारी, जिल्ला शिक्षा कार्यालय, ललितपुरका जिल्ला शिक्षा अधिकारी केशव दाहालको कागज, छानवीन समितिवाट प्राप्त अन्तरिम जानकारी पत्र, छानवीन समितिका संयोजक प्रा.डा.उपेन्द्र कोइराला, सदस्यहरू रामवहादुर खड्का, डा. वावुराम पोखरेल, रुद्र खड्का, रविन्द्रप्रसाद शर्मा, सदस्य सचिव नारायणप्रसाद कोइरालाको कागज, छानवीन समितिको प्रतिवेदन, प्रणय सिंको कागज समेतका कागज प्रमाणका आधारवाट हेर्दा डि.ए.भि.शुशिल केडिया विश्वभारती उ.मा.वि., धोवीघाटको परीक्षा केन्द्रको लागि उक्त विद्यालयको प्राचार्यलाई उच्च माध्यमिक शिक्षा परिषद् काठमाण्डौं कार्यालयका कार्यालय प्रमुख भवराज कोइरालावाट केन्द्राध्यक्ष तोकिएकोमा उक्त विद्यालयको कक्षा दश जोड २ को संयोजकको नाताले अजय यादवले केन्द्राध्यक्षको काम गरेको र निजले प्रहरी प्रभाग, वल्खु ललितपुरका प्रहरी नायव निरिक्षकलाई आफ्नो प्रभावमा लिई समयको अभाव दर्शाई भर्पाई नै नगरी मिति २०६६।१।१६ गते नै प्रहरी प्रभाग वल्खुमा रहेको प्रश्नपत्रहरू सम्पूर्ण एकैपटक प्राप्त गरी आफनो जिम्मामा लिएका र छानवीन समितिले डि.ए.भि. सुशिल केडिया विश्वभारती उ.मा.वि. केन्द्र धोविघाटको कार्यालयको प्राचार्यको कोठाको दराजको तल्लो भागमा मिति २०६६।१।२५ गते सञ्चालन हुने प्रश्न पत्रको पोका पछाडि तर्फको भित्री सिलाई ३ इञ्च जति उदारिएको अवस्थामा रहेको, त्यस्तै प्राचार्यको कोठाको दराजको तल्लो भागमा मिति २०६६।१।२७ गते सञ्चालन हुने प्रश्न पत्रको पोका दुईतिर सिलाई भई एकतिर मात्र लाहाछाप लगाईएको अवस्थामा फेला परेको अवस्थामा वरामद गरेकोले संकलित कागज प्रमाण एवं छानवीन समितिको प्रतिवेदन समेतका आधारवाट केन्द्राध्यक्ष अजय कुमार यादवले गरेको कार्यलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १३ ले कसूर कायम गरेको देखिंदा उक्त दफा अनुसार

सजाय हुन मागदावी लिई आयोगको मिति २०६६।२।१४ को निर्णय अनुसार विषेश अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

४३. जिल्ला विकास समिति कार्यालय, बाराका तत्कालिन गा.वि.स. सचिव राजेन्द्र प्रसाद साह कानूले शुरु नियुक्ति लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी परेको उजुरी उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरू नक्कली एवं झुठ्ठा देखिई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार सजाय हुने कसूर गरेको देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६६।३।९ को निर्णय अनुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४४. उग्रतारा उच्च मा.वि. डडेलधुरामा कार्यरत मा.शि. मेघराज जोशीले स्थायी नि.मा.वि. शिक्षकमा शुरु नियुक्ति लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी परेको उजुरी उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरू नक्कली एवं झुठ्ठा देखिई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार सजाय हुने कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६६।३।१० को निर्णय अनुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४५. श्री जन प्रभात माध्यमिक विद्यालय, दौलतपुर, सप्तरीको प्राथमिक शिक्षक पदमा कार्यरत चन्द्रकान्त लाभले राष्ट्र सेवकको पदमा नियुक्ती पाउनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा सो प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६६।३।२४ को निर्णय अनुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४६. तत्कालीन विशेष प्रहरी विभाग सिंहदरवारमा परेको नि.द.नं.१९८६, मिति २०५९।२।२५ गतेको रेडियो नेपालका सम्पूर्ण कर्मचारीहरूको नामबाट परेको निवेदनलाई उजूरीको रुपमा ग्रहण गरी "रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्र पोखराका लेखापाल शेर बहादुर के.सी.र ना.सु.ब्रम्हलाल

हजारी समेतले कार्यालयको लाखौं रकम भ्रष्टाचार गरेको" भन्ने बिषयको उजूरी निवेदनका सम्बन्धमा रेडियो नेपाल, क्षेत्रीय प्रशारण केन्द्र पोखराका तत्कालीन लेखापाल शेर बहादुर के.सी.ले विज्ञापन सेवा दिए वापत एवं कार्यालयको अन्य आय वापत उक्त संस्थालाई भएको आम्दानी रु. ५,०२,४६३।०६ आफूले सम्बन्धित निकायहरूबाट बुझी लिएपश्चात कार्यालयको आम्दानी खाता एवं बैंक खातामा आम्दानी नदेखाई खाई मासी आफूलाई गैर कानूनी लाभ र आफू कार्यरत संस्थालाई हानी नोक्सानी पुग्ने गरी निजले बद्नीयतपूर्वक भ्रष्टाचारजन्य कार्य गरेको देखियो । साथै निजले आफ्नो जिम्मामा रहेको कर्मचारीहरूको लागि तलव भत्ता बितरण गर्ने गरी कार्यालयको कोषबाट झिकिएको रकम सम्बन्धित कर्मचारीहरूलाई तलव भत्ता बितरण गर्नु पर्नेमा बितरण नगरेको एवं कार्यालयको कोषमा समेत फिर्ता गरेको नदेखिएको रु.४१,२१८।८० तथा आफूले फछ्यौंट गर्न बाँकी रहेको सरकारी कोषको रकम कार्यालयको कोषमा जम्मा गरेको नदेखिएको रु. ७,२००।- समेत गरी जम्मा रकम रु. ४८,४१८।८० कार्यालयको कोषमा जम्मा गर्नुपर्नेमा सो कार्य नगरी आफू कार्यालयमा हाजिर नभई फरार रहेको देखिएकाले निजले कार्यालयको कोषको रकम कुल जम्मा रु. ५,५०,८८१।८६ बद्नियतपूर्वक आफूलाई गैरकानूनी लाभ र संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरी सार्वजनिक संस्थाको कोषको रकम हिनामिना गरेको पुष्टि हुन आयो । अत: निजले गरेको उक्त कार्य सावित भ्रष्टाचार निवरण ऐन, २०१७ को दफा ७(१), र १३ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र १७ बमोजिमको भ्रष्टाचारजन्य कसूर भएको देखिंदा निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), १३ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र १७ बमोजिम हदैसम्मको सजाय गरी विगो तर्फ निजले खाई मासी भ्रष्टाचार गरेको कुल रु. ५,५०,८८१।८६ सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम निजबाट अशुल उपर गरी रेडीयो नेपाल, क्षेत्रिय प्रशारण केन्द्र, पोखरालाई दिलाई भराई पाउन मागदावि लिई आयोगको मिति २०६६।३।२८ को निर्णय अनुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४७. जिल्ला शिक्षा कार्यालय मुगु अन्तरगत सरस्वती प्रा.वि. मुगुमा प्राथमिक शिक्षक पदमा कार्यरत लक्ष्मी वहादुर शाहीले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, क्षे.का.वाराणसीबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६६।३।३१ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

परिच्छेद - ४
पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरू

आर्थिक वर्ष २०६५।६६ मा भ्रष्टाचार सम्बन्धी मुद्दामा विशेष अदालतबाट भएको फैसलाहरू उपर चित्त नबुझी आयोगद्वारा सर्वोच्च अदालतमा पुनरावेदन र सर्वोच्च अदालतबाट भएको आदेश सम्बन्धमा पुनरावेदनका लागि निवेदन गरिएका मुद्दा सम्बन्धी विवरण देहायमा उल्लेख गरिएको छ ।

१. काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ९ सिनामंगल श्लेषमान्तक मार्ग १५२ ठेगाना भई हाल आन्तरिक राजश्व विभाग, काठमाडौंमा निर्देशक पदमा कार्यरत मुरारी बहादुर कार्की.....
ऐ.ऐ.बस्ने बस्ने श्रीमती शकुन्तला कार्की .....
गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।१०।२७
आयोगको दाबी र विशेष अदालतको फैसला :

प्रतिवादी मुरारी बहादुर कार्कीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनी रूपमा रु. १,६३,६७,५६०।९२ आर्जन गरेको पुष्टि हुन आएकोले निजका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम उल्लिखित रकम बिगो कायम गरी जरिवाना तथा कैद सजाय हुन र प्रतिवादी सकुन्तला कार्की समेतको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा १६(ग) बमोजिम अपराध गर्नमा मुख्य भूमिका निर्वाह गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) र ३० बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति जफत गर्न समेत मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू :

(क) प्रतिवादीको बैध आयश्रोतबाट निजलाई रु. ६९,७४,७६६।- प्राप्त भएको देखिएको र निजको साथमा कूल सम्पत्ति रु. ६५,९१,५८०।- रहेको देखिएकोबाट निजसँग भएको सम्पत्ति र खर्च निजले प्राप्त गरेको आय भन्दा कम नै देखिएको ।

(ख) आयव्ययको हिसाब गर्दा घरायसी व्यवहारलाई कानूनी मान्यता प्राप्त हुने प्रचलन, आय र व्ययको लेखा राख्न नपर्ने परम्परा, सामाजिक प्रचलन एवं आयको श्रोत र खर्चको हिसाब लामो समयसम्म स्मरण नहुने तथा आधिकारिक रेकर्ड समेत नरहने भएबाट यथार्थ रूपमा आयको श्रोत र खर्चको रकम यकिन रूपमा किटान हुन सक्ने स्थिति नरहने हुँदा आयका श्रोत र खर्चलाई न्यायोचित अनुमानको आधारमा निर्धारण गर्नुपर्ने अवस्था रहेको ।

(ग) प्रतिवादीले आर्जन गरेको सम्पत्तिलाई अवैधानिक श्रोतबाट आर्जन गरेको भनी सम्पत्तिको विश्लेषण गरिएको भए पनि आयोगको सो विश्लेषण हालको मूल्यमा मूल्यांकन गरी देखाइएको हुँदा स्वाभाविक रूपमा बढि देखिएको ।

(घ) आयोगले घरभाडा बापत रु. २,७७,१९५।- मात्र मानेको तर प्रतिवादीले रु. १५,५७,६९५।- घरभाडा बापत प्राप्त गरेको देखिएको ।

(ङ) आयोगले प्रतिवादीले तलबको रूपमा रु. १०,४७,३९०।- प्राप्त गरेको भनी देखाएकोमा दशै खर्च, स्थानीय भत्ता समेतबाट निजले जम्मा रु. १५,७८,४९०।- प्राप्त गरेको देखिएको ।

पुनरावेदनका आधारहरू:

१. यस आयोगबाट प्रतिवादी मुरारी बहादुर कार्की समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो, पत्नी तथा छोराहरू समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाब गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजनागर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु. २,८६,०३,०९७५१ सम्पत्ति मध्ये रु. १,६३,६७,५६०।९२ को सम्पत्ति श्रोत नखुलेको ठहरगरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समयक्रमका हिसाबले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटि गरी प्रतिवादीलाई सफाइ दिनेगरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेको कुरा निम्न प्रकरणहरूमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

२. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा र अन्य चल सम्पत्ति खरिद) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले

सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भिर त्रुटि हो ।

३. प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रु. २,८६,०३,०९७।५१ भएको मध्ये प्राप्त आयबाट बिभिन्न शिर्षकमा खर्च गरी रु. १,६३,६७,५६०।९२ को सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको भन्ने दाबी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति (तत्कालको मूल्यमा हिसाब गरी) रु. ६५,९१,५८०।-कायम गरेको र सोको श्रोत रु. ६९,७४,७६६।- आय ठहर गरी बैध आयश्रोत भन्दा खर्च रु. ३,८३,१८६।- घटी भएको पुष्टि गरेको छ ।

विशेष अदालतले प्रतिवादीका गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंका सम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्ति भन्दा रु. ३,८३,१८६।- बढी निजलाई बैध रूपमा आय भएको ठहर गरेबाट सम्मानित अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रवृत्तिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नु पर्ने हुन्छ ।

४. माथि प्रकरण १,२, र ३ मा उल्लिखित जिकिरका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न अधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी शुरु आरोप पत्रको मागदाबी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) आ.ब. २०४४।४५, २०४८।४९ र २०५५।५६ मा काठमाडौं बत्तिस पुतली र सिनामंगलमा प्रतिवादी मुरारी बहादुर कार्कीकी श्रीमती शकुन्तला कार्कीको नाममा तिनवटा घर निर्माण भएको देखिएको छ । जुन घरहरूको लागत क्रमशः रु.५,६९,००३।-, रु.९,५७,२३७।- र रु.२५,११,०८५।- गरी जम्मा रु. ४०,३७,३२५।- भनी फैसलामा उल्लेख गरिएको छ । आ.ब. २०४८।४९ र आ.ब. २०५५।५६ मा निर्माण भएका घरहरूको कुल लागत रु. ३४,६८,३२२।- लाई विशेष अदालतले मान्यता दिएको भएतापनि सो लागतलाई धान्न सक्ने सो अवधिसम्मको निजको आयलाई समेत हिसाब गरिनु पर्नेमा एकमुष्ट रूपमा आय र व्ययको गणना गरी निर्माण लागतलाई मान्यता दिई भएको फैसला त्रुटिपूर्ण देखिन्छ ।

प्रतिवादी मुरारी बहादुर कार्कीले साथीहरूबाट सापटी लिएको रकम र घरभाडा समेतका बैध आयश्रोतबाट उल्लिखित घरहरू निर्माण गरेको भनी बयान गरेको भएतापनि ऋण लिएको भन्ने तथ्यलाई स्वतन्त्र र विश्वसनिय प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था एकातर्फ छैन भने अर्कोतर्फ निर्माण लागतको बैध श्रोत नै पुष्टि हुन नसकेको घर भाडामा लगाई त्यसबाट आय प्राप्त गरी एक पछि अर्को घर निर्माण गरेको भन्ने भनाइलाई मान्यता दिन नमिल्नेमा मान्यता प्रदान गरिएको त्रुटिपूर्ण छ ।

(ख) अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दावि लिइएको अवस्था छ । भ्रष्टाचार

निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको बिगो बराबरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दाबी गरिएको छ ती सम्पत्तिहरूको हालको मूल्यलाई आधारमानी बिगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनु नै कानून सम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन (खरिद) गर्दाको अवस्थाको मूल्यलाई आधारमानी बिगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रूपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा सजाय नगरेमा गैरकानूनी रूपमा बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको बिगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उदेश्य पराजित हुन गई कसूरदारलाई फाइदा पुग्न जाने स्थिति रहने हुँदा जग्गाको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाइ दिई भएको फैसला न्यायसँगत छैन ।

(ग) आरोपपत्रमा प्रतिवादीको जाँच अवधिको तलब जम्मा रु. १०,४७,३९०।- लाई बैध आर्जनको सम्पत्ति मानिएकोमा प्रतिवादीले त्यसमा स्थानीय भत्ता र दशै खर्चको रकम समावेश नगरेको भनी अदालत समक्ष गरेको बयानका आधारमा तलबमा स्थानीय भत्ता र दशै खर्चको रकम समेत समावेश गरी फैसलामा आयको अंश वृद्धि गरिएको छ । दुर्गम स्थानमा सुगमस्थानको तुलनामा अत्यधिक महंगी हुने भएकाले स्थानीय भत्ता बापतको रकम प्रदान गरिने हुँदा सो रकम वचत हुन सक्ने अवस्था रहँदैन त्यस्तै दशै खर्च बापतको रकम समेत वर्षमा एकपटक एक महिनाको तलब बराबर दिइने हुँदा दशै जस्तो चाडँमा सो रकम अनिवार्य रूपमा खर्च हुने भई बचत हुन नसक्ने हुँदा स्थानीय भत्ता र दशै खर्चका रकमलाई बचत हुने रकम मानी प्रतिवादीको आयश्रोतमा गणना गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) बैध आयश्रोतबाट निर्माण गरेको देखिएको घरबाट प्राप्त भाडा रकमलाई आयोगले प्रतिवादीको बैध आयको रूपमा मान्यता दिएकै छ । उल्लेख्यरूपमा भाडा रकम प्राप्त हुने प्रतिवादीका काठमाडौं वत्तिसपुतली र सिनामंगलस्थित घर जग्गालाई खरिद र निर्माणको श्रोत नखुलेको हदसम्म गैरकानूनी आर्जनको मानी आरोपपत्रमा दाबी लिइएको छ । यसरी अवैध रूपमा आर्जन भएको जग्गामा अवैध आर्जनकै रकमबाट बनेको घरहरूको भाडा रकमलाई बैध आय मान्ने प्रश्नै आउँदैन । प्रतिवादीको घरभाडातर्फको आय रु. ६,१७,०३५।- आरोपपत्रमा दर्शाइएको छ । विशेष अदालतले रु. १५,५७,६९५।- घर भाडा बापत आय आर्जन गरेको भनी अत्यधिक आय कायम गरि दिएको छ । यसरी प्रतिवादीको बैध र अवैध आयको विश्लेषण र मूल्यांकन नगरी हचुवा तवरले घरभाडा निर्धारण गरेको न्यायसँगत छैन ।

(ङ) प्रतिवादी मुरारी बहादुर कार्कीले समय समयमा विभिन्न देशहरू भ्रमण गरेको अनुसन्धानको क्रममा संकलित र प्रतिवादी स्वयंले पेश गरेका कागजात प्रमाणहरूबाट

देखिएको र निजस्वयंको कथनका आधारमा विदेश जाँदा भएको आयबाट हुने खर्चलाई न्यायोचित रूपमा कटाई बाँकी रहन आउने रु. २,७४,७८६।- लाई निजको आयमा समावेश गरिएको हो । अनुसन्धानको समयमा उल्लेख र प्रस्तुत गर्न नसकेको प्रमाण र हिसाब अदालतमा प्रतिवादीले पेश गरेकोमा सो हिसाबलाई न्यायिक तवरले मूल्यांकन र परीक्षण नगरी प्रतिवादीको कथनकै आधारमा रु. ६,३२,९०९।- विदेश भ्रमणबाट बैध आय प्राप्त भएको भनी भएको फैसला त्रुटिपूर्ण छ ।

(च) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०३५।५।८ देखि २०६३।३।१३ सम्म छ । यो अवधि भनेको लगभग २८ वर्ष हो । प्रतिवादीको तलब भत्ता घर भाडा बापतको रकम मासिक रूपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुदैजाने हुँदा तलब भत्ता र घरभाडा उल्लेख्य रूपमा बचत हुन सक्ने स्थिति नै रहँदैन । घरभाडा जस्ता आयलाई न्यायसँगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसँगत रूपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरूलाई जस्ताको जस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

२. का.म.न.पा. १४ कुलेश्वर घर नं. ३९६ बस्ने हाल संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको सह-सचिव पदमा कार्यरत नगेन्द्रप्रसाद घिमिरे ....
का.म.न.पा. वडा नं. १४ कुलेश्वर घर नं. ३९६ बस्ने श्रीमती कवीतादेवी घिमिरे .....
गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।११।१५
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रतिवादी नगेन्द्रप्रसाद घिमिरेले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१) र १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनी रूपमा रु. १,६९,७६,५३८।९३ आर्जन गरेको पुष्टि हुन आएकोले निजका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १०, १५ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम उल्लिखित रकम बिगो कायम गरी जरिवाना तथा कैद सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४ (क) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन तथा प्रतिवादी कबीता देबी घिमिरे समेतको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग), २९ बमोजिम अपराध गर्नमा मुख्य भूमिका निर्वाह गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम सम्पत्ति जफत गर्ने प्रयोजनार्थ मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएको ।

फैसालका आधारहरू:

(क) लिखत मूल्यका आधारमा जग्गाको मूल्य कायम गर्नुपर्ने ।

(ख) बैंकबाट झिकिएका रकमहरू लुकाएको नभै सम्पत्ति सृजनामा प्रयोग भएको मान्नु पर्ने ।

(ग) ललितपुर सैवुको घरको भाडालाई आय कायम गर्नुपर्ने ।

(घ) जाँच अवधिको आधारमा श्रोत खुलेको र नखुलेको यकिन गर्नुपर्ने ।

(ङ) बैंकबाट प्राप्त व्याजलाई आयमा गणना गर्नुपर्ने ।

पुनरावेदनका आधारहरू:

१. यस आयोगबाट प्रतिवादी नगेन्द्रप्रसाद घिमिरे समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो, पत्नी तथा छोरा समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाब गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टागरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजनागर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु. १,६९,७६,५३८।९३ सम्पत्ति श्रोत नखुलेको ठहरगरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसाबले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटि गरी प्रतिवादीलाई सफाई दिनेगरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेका कुरा तल प्रकरणहरूमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

२. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएका देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घरजग्गा, चल सम्पत्ति खरिद र अन्य कार्यमा रकम खर्च गरेको) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि सालक्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त

भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटि हो ।

प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी आरोप पत्रमा रु. १,६९,७६,५३८।९३ को सम्पत्ति गैरकानूनी रूपमा आर्जनको भन्ने दावी लिइएकोमा विशेष अदालतले तत्कालको मूल्यमा हिसाब गरी रु. ६६,८४,४२१।- कायम गरेको र सोको श्रोत रु. ७१,१७,६११।- आय कायम गरी श्रोत पुष्टि भएको ठहर गरेको छ । सम्पत्ति आर्जन गरेको समयमा हुदै नभएको श्रोतलाई सो समय भन्दा धेरै पछि प्राप्त आयबाट श्रोत पुष्टि गरी अदालतले गम्भीर त्रुटि गरेको छ । अतः उक्त फैसलामा विशेष अदालतले गरेको ठहर त्रुटिपूर्ण छ ।

३. विशेष अदालत काठमाण्डौंले विगतका फैसलाहरूमा पनि जग्गा खरिदको सम्बन्धमा अन्यथा प्रमाणित नभएसम्म लिखत मूल्यलाई नै आधार मानिनु पर्छ भन्ने उल्लेख भै आएको छ । त्यस आधारलाई यस आयोगले पनि खरिद गर्दाको प्रकृति अवस्था र श्रोत समेतलाई ध्यानमा राख्दै आफ्नो दृष्णिकोण सम्मानित अदालत समक्ष प्रस्तुत गर्दै आएको छ । प्रस्तुत मुद्दाको सम्बन्धमा विशेष अदालतले पूर्ववत धारणालाई अघि सार्दै फैसलाको पुनराबृत्ती गरेको छ । तर प्रस्तुत मुद्दामा केही फरक अवस्थाहरू हुंदाहुंदै पनि अदालतले ती फरक अवस्था प्रति ध्यान दिएको छैन ।

४. माथि उल्लिखित जिकिरहरूमा प्रतिकूल प्रभाव नपारी निम्न बमोजिम थप जिकिरहरू लिइएको छ ।

(क) फैसलामा अन्यथा प्रमाणित नभएको अवस्थामा पारित लिखतमा उल्लेख भएको मूल्यलाई नै खरिद मूल्य मान्नुपर्ने, लिखतमा लेखिएको मूल्य भन्दा बढी मूल्यमा जग्गा खरिद गरेको भन्ने अन्य सवुद प्रमाणबाट पुष्टि हुन आएको छैन भनी उल्लेख भएको छ । ललितपुर जिल्लाको भैसेपाटी गा.वि.स.को कित्ता नं. ४ को जग्गा खरिद गरेको मिति २०६०।६।१२ र सो भन्दा अगाडीका दिनहरूमा (करिव ५ दिन अघि देखि) विभिन्न बैंकहरूबाट जम्मा रु. २०,००,०००।- झिकिएको तथ्य बैंकको विवरण र आरोपपत्रको आवधिक आयव्ययको विवरण वा नगद प्रवाह विवरणको क्रमसंख्या २७ को विवरण महलबाट देखिन्छ । अर्कोतर्फ जग्गा खरिद विक्रिमा साक्षी बस्ने मोहनलाल जोशीले अनुसन्धानको क्रममा बयान गर्दा रु. ३९ लाखमा खरिद विक्रि भएको मध्ये रु. ५ लाख दलाल कमिसन दिई वचेको रु. ३४ लाख मेरो आफ्नो खातामा जम्मा गरेको भन्ने स्पष्ट रूपमा लेखाई दिएको तथ्य र बैकमा जम्मा भएको भनिएको प्रमाणलाई अदालतबाट गौण रूपमा लिई लिखत मूल्यलाई अन्य प्रमाणले पुष्टि गरेको अवस्थामा त्यसलाई प्रमाणको रूपमा ग्रहण नै नगरी फैसला गरेको छ । साक्षीलाई अदालतमा उपस्थित नै गराउन नसकेको भन्ने प्राविधिक कारणबाट मात्र भ्रष्टाचार जस्तो गंम्भिर मुद्दामा फैसला हुने नभै तथ्य नजिक रहेका प्रमाणहरूलाई पनि हेरिनु पर्नेमा जग्गा विक्रिबाट प्राप्त भएको भनिएको आधारलाई प्रमाणको रूपमा ग्रहण नगरी भएको फैसला त्रुटिपूर्ण रहेकोछ । जग्गा खरिद हुनुभन्दा तत्काल अघि बैंकबाट

झिकिएका रकमहरूले लिखतमा उल्लेख भएको भन्दा बढी रकममा जग्गा खरिद गरेको पुष्टि गरी रहेकोमा पनि अदालतले सो तर्फ ध्यान दिएको छैन ।

यसैगरी मिति २०६०।५।३० मा ललितपुर जिल्लाको भैसेपाटी गा.वि.स.वडा नं. ४ को कित्ता नं. १०२ को क्षेत्रफल १-३-३-० रोपनी जग्गा खरिद विक्रि भएको वास्तविक मूल्यलाई प्रमाणित गर्ने यथेष्ट प्रमाणहरू हुँदाहुँदै पनि फैसलामा लिखत मूल्यलाई अन्यथा हो भनी प्रमाणित गर्ने प्रमाण नभएको भनी तथाकथित लिखत मूल्यलाई आधार मानी फैसला भएको छ । उक्त जग्गा खरिद गरेको मिति २०६०।५।३० र यस मिति भन्दा अगाडीका मितिहरूमा कृषि विकास बैंक कालिमाटी शाखाबाट जम्मा रु. ३२,००,०००।- झिकिएको भन्ने तथ्य आरोपपत्रको नगद प्रवाह विवरणको क्रमसंख्या २५ मा उल्लेख गरिएको छ । बैंकहरूबाट एकै पटक धेरै रकम झिक्नबाट रोक लगाइएको हुन्छ । त्यसैलाई हेरेर प्रतिवादी आफूले आवश्यक पर्ने रकम पटक पटक झिकेको देखिन्छ । उक्त रकम अन्य प्रयोजनमा खर्च भएको भनी देखाउन सकेको अवस्था नहुँदा झिकिएको रकम समेत उक्त जग्गा खरिद गर्नमा प्रयोग भएको प्रष्ट छ । साथै अनुसन्धानको क्रममा दिलकुमार खत्री र सिताराम खत्रीले बयान गर्दा रु. ३५ लाखमा विक्री गरेको र विक्रि गरी प्राप्त भएको रकम बैंकमा जम्मा गरेको भनी यकिन रूपमा खुलाएको तथ्यलाई अन्य सामान्य प्रकृतिको मुद्दा जस्तो साक्षीलाई उपस्थित गराउन नसकेको भन्ने आधारमा मौकाको भनाइलाई प्रमाणमा ग्रहण गरिएन । जवकी तिनै साक्षीहरूले आफूले प्राप्त गरेको रकम बैकमा लगी राखेको भन्ने भनाइ बैंकबाट प्राप्त विवरणले पुष्टि गरी रहेको हुँदा भौतिक प्रमाणको प्रचुरता रहेकै अवस्थामा पनि लिखत मूल्यलाई अन्यथा प्रमाणित नगरेको भन्ने आधार लिई फैसला भएको छ । जुन सरासर त्रुटिपूर्ण रहेको छ । यस्तो त्रुटिपूर्ण निर्णय बदर हुनुपर्ने देखिन्छ ।

प्रतिवादी कविता देवी घिमिरको नाउंको ललितपुर जिल्ला सैंवु गा.वि.स.वडा नं. ८ (घ) को जग्गा क्षेत्रफल २-१-१-० रोपनी र घर समेतको लिखत मूल्य रु. १५ लाख कायम गरी फैसला गर्दा पूर्ववत तरिकाले अन्यथा प्रमाणित नभएको अवस्थामा लिखतमा लेखिएको मूल्यमा नै खरिद भएको मान्नु पर्ने भन्ने आधार लिइएको छ जुन त्रुटिपूर्ण छ । प्रतिवादीको नाउंको उक्त परिमाणको जग्गा र त्यसमा बनेको घर आयोगबाट भएको मूल्यांकनलाई आधार मान्दा सो घर अत्याधुनिक रहेको प्रष्ट हुन्छ । उक्त घर उल्लिखित मूल्यमा पाइन्छ भनी गरिएको अनुमान आत्मनिष्ट देखिन्छ । अनुसन्धानको क्रममा उक्त घर जग्गा को पूर्व धनी शारदा शेरचनलाई बुझ्दा उक्त घर र जग्गा समेत रु. ६५ लाखमा प्रतिवादीलाई विक्री गरेको र विक्रिबाट प्राप्त भएको रकम मध्ये रु. ४४,५०,०००।- कृ.वि.बैंक बागवजार शाखामा रहेको खातामा विक्रि भएकै दिनमा जम्मा गरेको र बाँकी रकम घर खरिद र घर निर्माणमा प्रयोग गरेको उल्लेख भएको छ । विक्रि गरिएकै मितिमा विक्रि मध्येको केही रकम बैंकमा जम्मा हुनुले लिखत मूल्यमा अंकित रकम भन्दा बढी अर्थात रु. ६५ लाखमा विक्रि गरेको प्रमाणित हुने स्पष्ट र लिखत मूल्यलाई अन्यथा प्रमाणित गर्ने प्रमाणको यथेष्टता तिर बेवास्ता गरी भएको फैसला त्रुटिपूर्ण छ । निज शारदा शेरचनले निज प्रतिवादीलाई लिखतमा उल्लेख भएको मूल्य भन्दा बढी मूल्यमा विक्रि गरेको हो भनी

रिस इवीले भनेको भनी प्रमाणित गर्ने प्रमाण प्रतिवादीले गुजार्न सकेको समेत देखिँदैन । अरोपपत्रको नगद प्रवाह विवरणको क्रमसंख्या १७ को अवस्थालाई हेर्दा उक्त मूल्यमा घर जग्गा खरिद गर्न निजको आर्जित श्रोत ऋणात्मक भैसकेको अवस्थामा कुनैपनि श्रोत पुगेको देखिँदैन । तैपनि अदालतले सो घर जग्गा खरिद गर्ने श्रोत भएको भनी ठहर गर्नु त्रुटिपूर्ण छ ।

(ख) आरोपपत्रको तालिका नं. २४ को क्रमसंख्या १ देखि ४ सम्मका रु. ३३,७९,०२५।- बैंकबाट झिकी लुकाएको भन्ने सम्बन्धमा अदालतले फैसला गर्दा झिकिएको रकमबाट चल अचल सम्पत्ति खरिद गरेको हो प्रतिवादीले दोहोरो श्रोत पुष्टि गर्नुपर्ने हुँन आउँदा त्यस्तो छुट्टै सम्पत्तीको बिगो कायम गरी दोहोरो हुने गरी सो रकमको पनि श्रोत खोज्न मिल्ने देखिँदैन भनी आधार लिएको छ । प्रस्तुत आधारको संम्बन्धमा अदालतले बैकबाट रकम झिकेको मिति र सम्पत्ती सृजना गरेको मितिलाई हेर्दा रकम झिकिएको तत्काल अघि वा पछि कुनै पनि अचल सम्पत्ति सृजना गरेको देखिँदैन । सो रकम झिकी खर्च गरेको तथ्यलाई आरोपपत्रमा भएको नगद प्रवाह विवरणले पुष्टि गर्दैन । रकम झिकेको मिति भन्दा करिव १५ महिना पछि मात्र भैसेपाटीमा रु. ३५ लाखमा घर खरिद भएको छ । झिकिएको रकम मध्ये शेयर रु. २,७९,५०८।- र मोटरसाइकल रु. १,१५,०००।- मा खरिद गरेकोसम्म देखिए पनि बैंकमा के कुन मितिमा रु. ४,४०,७७०।- राखेको र के कुन जग्गा उक्त रकमबाट खरिद भएको भनी फैसलामा खुलाइएको छैन । अदालत स्वयंले प्रतिवादीले समय समयमा झिकीएको रकमको उपयोग तत्कालै यो यस कार्यमा प्रयोग भएको भनी पुष्टि गर्न सकेको छैन । विना आधार दोहोरो श्रोत पुष्टि गर्नु नपर्ने भनी मनोगत फैसला भएको छ ।

बैंकमा जम्मा गरेको रकम र सम्पत्ति सृजना गर्दाको रकम बारेमा प्रतिवादीले श्रोतको पुष्टि गर्नुपर्ने कानूनी कर्तव्य रहेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० ले प्रमाणको भार निजमा नै निहित रहेकोले तथ्यमा इन्कार भएर मात्र पुग्दैन सो तथ्यलाई प्रमाणित गर्ने ठोस प्रमाण प्रस्तुत गर्ने जिम्मेवारी पनि निजको नै हुन्छ । तर प्रतिवादीबाट आय श्रोतका पर्याप्त प्रमाण प्रस्तुत गर्न सकेको पाइदैन । बैंकबाट झिकिएको रकमबाट नै उल्लिखित सम्पत्तिको सृजना भएको भन्ने प्रमाणित गर्ने आधारको अभाव रहेको छ । एकै सम्पत्तिको दोहोरो श्रोतको पुष्टि आयोगबाट खोजिएको होइन । अदालतको यो मनोगत तर्क त्रुटिपूर्ण छ ।

(ग) विशेष अदालतले प्रतिवादीको ललितपुर भैसेपाटीमा भएको घरको घरभाडा रु. १५,११,००९।- लाई बैध श्रोत मानी आय कायम गर्दा २०५७ सालमा रु. १५ लाख अंकित लिखत अनुसार घर खरिद गर्दाको स्रोत पुग्ने आधारमा उक्त भाडा आय कायम गर्ने गरी भएको फैसला पनि त्रुटिपूर्ण छ । माथी खण्ड (क) मा विवेचना गरे अनुसार उक्त घर रु. ६५ लाखमा नै खरिद गरेको तथ्य निर्विवाद रूपमा पुष्टि हुन्छ । उक्त लागतमा घर खरिद गर्ने अवस्थामा निजसँग कुनै रकम बाँकी देखिँदैन बरु आय ऋणात्मक देखिन्छ । आय ऋणात्मक भएको अवस्थामा खरिद भएको घरको श्रोत नपुगेको हुँदा हुँदै अवैध

श्रोतबाट खरिद भएको आर्जित रकमलाई बैध आयमा गणना गर्न मिल्ने होइन । तर अदालतले बैध श्रोतबाट खरिद भएको मानी घर भाडा बापतको आय गणना गरेको त्रुटिपूर्ण छ ।

२०५७ सालमा रु. १५ लाखमा घर किनेको मान्ने हो भने उक्त घरबाट करिव ३ वर्षको अवधिमा रु. १५,११,००९।- घरभाडा आय हुन्छ भनी अनुमान गर्न सकिदैन । यसर्थ उक्त घर रु. १५ लाखमा खरिद गरेको नभै रु. ६५ लाखमा नै खरिद गरेको प्रमाणित गर्ने अर्को आधार बनेको छ जसलाई अदालतले मान्यता दिएको छैन ।

(घ) प्रतिवादीले रु. ५,६६,६००।- मा खरिद भएको जग्गा रु. ४४,३४,३००।- मा विक्रि देखाइएको छ । जुन आयलाई एकमुष्ट रूपमा हेर्न मिल्दैन । अंक गणितीय हिसाबबाट अदालतले गरेको गणना ठिकै भएता पनि प्रतिवादी नगेन्द्र घिमिरेको सेवा अवधिमा आय व्ययको गणना गर्दा आयको स्रोत नै नखुलेको रकमबाट खरिद भएका जग्गा विक्रिबाट भएको आयलाई बैध आयमा गणना गर्न मिल्दैन । यदि विशेष अदालतले मान्यता दिएको जस्तो गरी गणना गरिने हो भने अकुत सम्पती आर्जन गर्नेहरूले अवैध श्रोतबाट सिर्जित सम्पत्तीलाई विक्रि गरी बैध आयको रूपमा रूपान्तरण गर्ने अवसर पाउदछन । तर वास्तविक यथार्थता भने त्यो हुन सक्दैन । प्रस्तुत विषयमा जग्गा खरिद गर्दाको जुन अनुपातमा श्रोत नपुगेको हुन्छ सोही अनुपातमा आय गणना गर्नुपर्ने सिद्धान्त हो । तर अदालतले एकमुष्ट खरिद र विक्रीको फरकलाई आय कायम गर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ङ) अदालतले फैसला गर्दा नगद प्रवाहको अधारमा सम्पत्तिको श्रोत खुलेको र नखुलेको एकिन गरिएको नभै जाँच अवधिको आधारमा श्रोत खुलेको र नखुलेको यकिन गर्नुपर्ने भन्ने आधार लिएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० ले सम्पत्तिको विवरण अस्वभाविक, अमिल्दो भएको अवस्थालाई अंकित गरेको छ । जस अनुसार कुनैपनि सार्वजनिक पद धारणा गरेको व्यक्तिले सार्वजनिक पद धारण गरेको मिति देखिको सिर्जित सम्पत्तिलाई समावेश गरेको हुन्छ । यसर्थ त्यस्ता व्यक्तिको आय र व्ययको आवधिक रूपमा गणना गर्ने अति पारदर्शी एवं बैज्ञानिक प्रणाली नगद प्रवाह विवरण बाहेक अरू हुन सक्दैन । जुन विवरणको वस्तुगत अध्ययनबाट आरोपित व्यक्तिको श्रोत खुलेको वा नखुलेको प्रष्ट रूपमा देख्न सकिन्छ । प्रस्तुत मुद्दामा पनि प्रतिवादी नगेन्द्र घिमिरेको आय र व्ययलाई आवधिक रूपमा नगद प्रवाहको विवरणबाट विश्लेषण गरिएको छ । अदालतले भने जाँच अवधिको आधार लिनुपर्ने भनी गरेको तर्क कानून सम्मत छैन । नगद प्रवाह विवरणबाट प्रतिवादीको आय र व्ययलाई यथार्थ रूपमा चित्रण गरिएको छ । त्यसमा देखाइएको ऋणात्मक रकमलाई विश्लेषण नै नगरी केवल पुरातन तरिकाले सम्पूर्ण सेवा अवधिको आय र व्ययलाई गणना गरी भएको फैसला यथार्थ परक नरही आत्मनिष्ट हुँदा फैसला बदरभागी छ ।

(च) विशेष अदालतले प्रतिवादीको कुल आय रु. १,११,००,५३८।- र व्यय जम्मा रु. ८५,५०,३९९।- भएको मान्ने आधारहरू निराधार रहेको, तथ्य परक नरहेको तथा आवधिक आय र व्ययलाई गणना नगरी एकमुष्ट आय व्यय गणना गरी आत्मनिष्ट तरिकाले भएको फैसला त्रुटिपूर्ण रहेकोले बदर हुनुपर्ने देखिन्छ । आरोप पत्रमा उल्लेख भएको नगद प्रवाह विवरणबाट सम्पत्ति सृजना गर्दा तथा बैकमा नगद जम्मा गर्दाको श्रोतलाई यथोचित एवं बैज्ञानिक दृष्टिबाट प्रस्तुत गरिएको छ । त्यस विवरणमा ऋणात्मक देखाइएको रकमको सम्बन्धमा प्रतिवादीबाट ठोस जवाफ प्रस्तुत हुन सकेको अवस्था पनि छैन । अनुसन्धानको क्रममा बुझिएका साक्षीहरूले यकिन रूपमा सविस्तार उल्लेख भएको तथ्यगत यथार्थतालाई अदालतबाट सामान्य मुद्दाको साक्षीको उपस्थिती जस्तो रूपमा ग्रहण गरी भ्रष्टाचार जस्तो अपराधमा पुष्टि गर्न प्रत्यक्ष एवं संवद्ध प्रमाणहरूलाई भ्रष्टाचार नियन्त्रणको दृष्टिकोणबाट नहेरी गरिएको फैसला त्रुटिपूर्ण र आत्मनिष्ट भएकोले फैसला बदर हुनुपर्ने देखिन्छ ।

३. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२, अनामनगर बस्ने गोरुसिङ्गे-सन्धिखर्क-सडक योजनाका प्रमुख पदमा कार्यरत वर्ष ५१ को डिल्लीरमण निरौला .....
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ अनामनगर बस्ने श्रीमती दुर्गा निरौला.....
गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।८।२५
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रतिवादी डिल्लीरमण निरौलाले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिम गैरकानूनी रूपमा रु. ६४,१०,५७८।- आर्जन गरेको पुष्टि हुन आएकोले निजका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिई एवं प्रतिवादी श्रीमती दुर्गा निरौलाका हकमा समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम सम्पत्ति जफत गर्ने प्रयोजनका लागि निजलाई प्रतिवादी बनाई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई पूर्ण रूपमा सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू:

(क) प्रतिवादी श्रीमती दुर्गा निरौलाको नामको जग्गा कि.नं. १२२१३ निजको होइन भनी मालपोत कार्यालय, झापाबाट पुष्टि भएको ।

(ख) प्रतिवादी श्रीमती दुर्गा निरौलाको नाउँको घरमा शहरी विकास तथा भवन निर्माण विभागले ठेक्का कर र ओभरहेड समेतको हुने २० प्रतिशत खर्च जोडिएकोले सो कट्टागर्दा हुन आउने लागत र विद्युतीय उपकरण एवं फर्निचरको मूल्य समेत जोडिएकोमा घरको मात्र आधारभूत

मूल्य रु. ३७,९६,८१६।- एवं फर्निचर र विद्युतीय उपकरणको रु. ४,५०,४९९।- कायम हुनुपर्ने ।

(ग) नेचर रिर्सोटमा रु. ५,००,०००।- को शेयर लगानी गरेको वादीबाट प्रमाण पेश हुन सकेको छैन ।

(घ) दशै खर्च समेतलाई तलब बापत प्राप्त गरेको मान्नुपर्ने, छोरा गोपेश्वर निरौलाको आयलाई निजको आयश्रोतमा समावेश गर्नुपर्ने ।

(ङ) कर्मचारी संचयकोषबाट सापटी लिएको रु.१,४१,६१०।- लाई बैध आयको रूपमा मान्नुपर्ने ।

(च) कृषि आय बापत प्रति विगाहा प्रति वर्ष र. १५,०००।- सम्म वचत हुन सक्ने हुँदा जम्मा रु. १०,५६,०००।-, पुरेहित्याईबाट रु. ५,५०,०००।- आर्जन हुन सक्ने घर भाडाबापत रु. २०,०४,०००।- आय आर्जन गरेको मान्नुपर्ने ।

पुनरावेदनका आधारहरू:

१. यस आयोगबाट प्रतिवादी डिल्लीरमण निरौला समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोप पत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो, पत्नी समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाब गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजनागर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु. ६४,१०,५७८।- सम्पत्ति श्रोत नखुलेको ठहरगरी आरोप पत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आय, निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आय र निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजनागर्दाको समयक्रमका हिसाबले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटि गरी प्रतिवादीलाई सफाइ दिनेगरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेका ब्यहोरा प्रकरण ३ मा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

२. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएका देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा चल सम्पत्ति खरिद र अन्य कार्यमा रकम खर्च गरेको)

समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि सालक्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भिर त्रुटि हो ।

३. प्रतिवादी डिल्ली रमण निरौला समेतलाई पूर्णरूपमा सफाइ दिनेगरी विशेष अदालत, काठमाडौंबाट माथि प्रकरणमा उल्लिखित आधारहरूमा भएको फैसला तपसिलमा उल्लेख गरिएको प्रमाण एवं प्रतिपादित कानूनी सिद्धान्त तथा माथिको प्रकरणमा उल्लेख भएका आधारमा खण्डनीय रहेकोले उक्त फैसला बदर हुनुपर्ने हुन्छ -

(क) नगद प्रवाह विवरण प्रतिवादीले आवधिक रूपमा गरेको आय र व्ययलाई विश्लेषण गर्ने एउटा बैज्ञानिक प्रणाली हो । जसको आधारमा आय र लगानीको यथार्थता पत्ता लगाउन सकिन्छ । सर्वप्रथम आयोगबाट प्रस्तुत गरिएको अरोपपत्रमा समावेश भएको नगद प्रवाह विवरण तर्फ हेर्दा २०४६ सालमा विराटनगर उप महानगरपालिकामा निर्माण गरिएको घरको लागत रु. ३,७५,८९२।६० आय ऋणात्मक देखिएको छ । यसैगरी स्ट्यान्डर्ड चार्टर बैंकमा जम्मा गरिएको रकम, काठमाडौंको वडा नं. २९(क) मा घर निर्माण गर्दाको लागत रकम, छोरा गोपेश्वर निरौलालाई अध्ययनको लागि फिलिपिन्स पठाउँदाको लागत रकम र श्रीमती दुर्गा निरौलाको नाममा ललितपुर झरुवारासीमा खरिद भएको जग्गाको लागत रकम, सो अवधिमा आर्जन गरेको रकम समेतलाई दृष्टिगत गर्दा जम्मा रकम रु. १८,४०,८५०।- ऋणात्मक देखिएको छ । यसैगरी नगद प्रवाहको क्रमसंख्या ७ (सात) मा उल्लेख गरिएका विषयहरू बैंकमा खाता खोल्दा जम्मा गरेको रकम, सवारी साधन खरिद, नेचर रिसोर्टमा लगानी गरेको रकम, कृषि विकास बैंकको मुद्दती खातामा जम्मा गरिएको रकम, स्ट्यान्डर्ड चार्टर बैकको श्रीमती दुर्गा निरौलाको खातामा जम्मा गरिएको रकम, छोराको लागि थप रकम पठाउँदाको खर्च रकम, झापा खजुरगाछी र कोहवरामा जग्गा खरिद गर्दाको खर्च र सोही अवधिको आयलाई हेर्दा रु. १७,८८,८५४।- खर्च ऋणात्मक देखिएको छ । जस अनुसार निजको सेवा अवधीको आवधिक आयव्ययलाई दृष्टिगत गर्दा जम्मा रु. ४०,०७,५९७।७२ आय ऋणात्मक देखिएको छ । नगद प्रवाहमा देखिएको ऋणात्मक रकमलाई अदालतबाट फैसला गर्दा कुनै व्यहोरा उल्लेख गरिएको छैन ।

(ख) अदालतले प्रतिवादी डिल्लीरमण निरौलाको आय कायम गर्ने क्रममा दशै खर्चलाई पनि आयमा गणना गरेको मिलेको देखिएन । दशै मनाउनको लागि राज्यबाट उपलब्ध गराएको रकम पर्व मनाउनमा नै प्रयोग हुने भएकोले त्यस्ता विशेष प्रयोजनको लागि प्राप्त रकम सोही प्रयोजनमा खर्च हुने हुनाले त्यस्ता आय कायम गरिनु न्यायसँगत देखिँदैन । यसैगरी छोरा गोपेश्वरको आयलाई एकमुष्ट गणना गर्न समेत मिल्ने होइन ।

(ग) कर्मचारी सञ्चयकोषबाट प्राप्त भएको सापटी रु. १,४१,६१०।- लाई आयको रूपमा गणना गरिएको छ । प्रतिवादी डिल्लीरमण निरौलाले प्राप्त गरेको सत प्रतिशत तलब एवं भत्ता समेतलाई आयमा गणना गरिसकिएको अवस्थामा सञ्चयकोषबाट प्राप्त सापटीलाई गणना गर्दा दोहोरो आय देखिन्छ । यदि प्रचलित कानून बमोजिम १० प्रतिशत तलबमा आवधिक रूपमा कट्टा गरिएको भएमा मात्र कर्मचारी सञ्चयकोषबाट लिएको सापटीलाई आय मान्नु पर्ने हुन्छ अन्यथा सञ्चयकोष सापटीलाई आयकायम गर्न नमिल्नेमा त्यस्तो रकमलाई आय कायम गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) कृषि आय बापत आर्जन भएको भनिएको कृषि आय बढी गणना गरिएको छ । आरोप पत्रको पृष्ठ-९ को क्रमसंख्या ७ को खण्ड (ज) र (झ) मा उल्लेख गरे अनुसार उल्लिखित जग्गा खरिद गर्दाको अवधिमा आय ऋणात्मक देखिएको छ । यसरी जग्गा खरिद गर्दाको श्रोत नै ऋणात्मक देखिएको अवधिमा खरिद भएको जग्गाबाट भएको कृषि आयलाई गणना गरी अन्य सम्पत्ति सृजना गर्न वा बैंकमा रकम जम्मा गर्न मिल्ने अवस्था नहुँदा नहुँदै अदालतले त्यसतर्फ ध्यान नै नदिई भएको फैसला त्रुटिपूर्ण छ ।

साथै प्रति वर्ष र. १५,०००।- प्रति विगाहा कृषि आय बापत गणना गरेको पनि आत्मनिष्ट देखिन्छ । के कुन आधारमा रु. १५,०००।- कायम गरेको हो सो फैसलामा विश्लेषण गरिएको छैन । २०४७ देखि सरदर रु. १५,०००।- आय हुने भनी निर्धारण गरेको आधारलाई आवधिक रूपमा गणना गर्नुपर्नेमा त्यसो नगरी सरदर १४ वर्षको आय आत्मनिष्ट तवरबाट निर्धारण गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ङ) अदालतले घर भाडा बापत रु. २०,०४,०००।- आय कायम गरी भएको फैसला त्रुटिपूर्ण छ । आय व्ययको विवरणबाट प्रतिवादीको काठमाडौंमा रहेको घर मध्ये पहिलो तल्ला मध्ये अदालत समेतबाट मान्दै आएको घरको मूल्यांकनको आधारमा भुई तल्ला निर्माण गर्न लागेको लागतको मात्र आय श्रोत खुलेको र पहिलो तल्लाको निर्माण लागतको श्रोत खुलेको देखिँदैन । श्रोत नै नखुलेको सम्पत्ति लगानीबाट भएको आयलाई पनि बैध आयको रूपमा गणना गर्न मिल्दैन । यसर्थ अदालतबाट दुई तल्लाको घर मध्ये एक तल्ला घर भाडामा दिएको र अर्को तल्लामा आफू बसेको आधारमा मात्र घर भाडा गणना गरी आय कायम गरी भएको फैसला मिलेको छैन ।

२०५७ को अवधिमा उक्त घरमा तल्ला थप गरेको देखिएकोले थप २ तल्लाको घर भाडा भनी आय गणना गरेको सन्दर्भमा हेर्दा नगद प्रवाह विवरणको क्रमसंख्या ७ मा आय व्ययको गणना (२०५५ र २०५६ को) अवधीमा सृजना गरिएको सम्पत्ति आयको तुलनामा बढि देखिएकोले ऋणात्मक देखिएको छ । त्यसको ठिक पछिल्लो वर्षमा एक वर्षको निजको तलब भत्ता, बैंकबाट निकालिएको रकम र विदेशबाट प्राप्त रकम (क्रम संख्या ८) समेत उपयोग गर्दा समेत माथिल्लो २ तल्लाहरू निर्माण गर्न समेत रु. ३३,२७,६९३।६४ ऋणात्मक देखिएको छ । जसमध्ये घरको आधारभूत मुल्य मात्र रु. २७,६०,२०५।- रहेको छ । प्रस्तुत आय व्ययको विवरणबाट माथिल्लो २ तल्ला थप गर्न बैधानिक श्रोतबाट पुग्ने

नदेखिएको अवस्थामा पनि सो घरका ३ तल्ला घर भाडामा लगाई बैध आय आर्जन गरेको भनी अदालतले आत्मनिष्ट भै आय गणना गरेको देखिएको छ ।

यसैगरी अदालतले फैसलामा प्रतिवादीको पारिवारिक स्थितिलाई समेत ध्यानमा राख्दै एक तल्लामात्र उपयोग गरी बाँकी ३ तल्ला भाडामा लगाएको भन्ने आधार पनि न्यायोचित देखिँदैन । प्रतिवादीहरू उमेर पुगेको छोरा, छोरी र बुबा समेत एकै घरमा बस्ने गरेकोलाई मान्दा एक तलामा मात्रै घर परिवारका सबै सदस्यहरू अटाउन सक्ने अवस्था देखिँदैन । न्यायोचित अनुमान गर्दा पनि सो अनुमान यथार्थपरक हुनु पर्छ । तर प्रस्तुत फैसलामा घरको उपयोगितामा यथार्थपरक न्यायोचित अनुमान भएको पाइदैन ।

विराटनगर र दमकका घरहरूबाट पनि क्रमश सरदर प्रति महिना रु. ५,०००।- र रु. १,५००।- घर भाडा बापत प्राप्त हुने गरेको भनी मान्न मिल्ने हुँदैन । त्यसलाई आवधिक रूपमा गणना गर्नुपर्छ । यसरी बस्तुनिष्ट आधार नै निर्धारण नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

४. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ अनामनगर, घट्टेकुलो बस्ने स्वास्थ्य सेवा विभागमा तत्कालीन का.मु.महानिर्देशक लक्ष्मीराज पाठक .....
काठमाडौं महानगरपालिका वडा नं. ३२ अनामनगर घट्टेकुलो बस्ने वर्ष ५० की सुशिला पाठक.....
गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।१२।४
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रतिवादी लक्ष्मीराज पाठकले रु. ६९,४३,४४४।३६ बराबरको सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिम कसूर गरेको हुँदा भ्रष्टाचार निवराण ऐन, २०१७ को दफा ३,५,१९ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुन र प्रतिवादी शुशिला पाठकको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) तथा १६(ग) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) एवं दफा ४७ बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति जफत गरीपाउँने प्रयोजनका लागि प्रतिवादी बनाई मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूले आरोपित कसूरबाट पूर्ण रूपमा सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू:

(क) प्रतिवादीको वैध आयश्रोतबाट निजलाई रु. १,०९,२८,८७७।- प्राप्त भएको देखिएको र निजको साथमा कुल सम्पत्ति रु. ९२,३०,५३५।- रहेको देखिएकोबाट निजसँग भएको सम्पत्ति र खर्च निजले प्राप्त गरेको आय भन्दा कम नै देखिएको ।

(ख) आय-व्ययको हिसाब गर्दा घरायसी व्यवहारलाई कानूनी मान्यता प्राप्त हुने प्रचलन, आय र व्ययको लेखा राख्न नपर्ने परम्परा, सामाजिक प्रचलन एवं आयको श्रोत र खर्चको हिसाब लामो समयसम्म स्मरण नहुने तथा आधिकारिक रेकर्ड समेत नरहने भएबाट यथार्थ रूपमा आयको श्रोत र खर्चको रकम यकिन रूपमा किटान हुन सक्ने स्थिति नरहने हुँदा आयका श्रोत र खर्चलाई न्यायोचित अनुमानको आधारमा निर्धारण गर्नुपर्ने अवस्था रहेको ।

(ग) प्रतिवादीले आर्जन गरेको सम्पत्तिलाई अवैधानिक श्रोतबाट आर्जन गरेको भनी सम्पत्तिको विश्लेषण गरिएको भए पनि आयोगको सो विश्लेषण हालको मूल्यमा मूल्यांकन गरी देखाइएको हुँदा स्वभाविक रूपमा बढी देखिएको ।

(घ) प्रतिवादीको घरको हालको मोल रु. ३१,२४,४१३।- भनी आरोपपत्रमा उल्लेख भए पनि शहरी विकास तथा भवन निर्माण विभागले तय गरेको मापदण्डका आधारमा घर निर्माणमा रु. १३,४२,७१८।- मात्र लागत लागेको देखिएको ।

(ङ) प्रतिवादीले घरभाडा बापत रु. ८,७२,८२०।- प्राप्त गरेको भनी आयोगले मान्यता दिए पनि घर भाडाबाट प्रतिवादीले सो भन्दा बढी आय प्राप्त गरेको भन्ने प्रतिवादीको जिकिर यथार्थपरक देखिएकाले घर भाडाबापत रु. १३,६९,०००।- प्राप्त गरेको देखिएको ।

(च) कृषि आय बापत प्रतिवादीलाई रु. ६,९३,०००।- प्राप्त भएको भनी आरोपपत्रमा उल्लेख भए पनि कृषि आयबाट निजलाई रु. २७,५५,०००।-प्राप्त भएको देखिएको ।

(छ) घरजग्गाको मूल्यांकन गर्दा लिखत अंकलाई आधार मान्नु पर्ने देखिएको ।

पुनरावेदनका आधारहरू:

१. यस आयोगबाट प्रतिवादी लक्ष्मीराज पाठक समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो पत्नी समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाब गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजनागर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको सम्पत्ति मध्ये रु. ६९,४३,४४४।३६ को सम्पत्ति स्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसाबले

विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटि गरी प्रतिवादीलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण छ ।

२. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा र अन्य चल सम्पत्ति खरिद) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटि हो ।

३. प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत आरोपपत्रमा रु. १,३९,५७,३६९।- मध्ये प्राप्त आयबाट बिभिन्न शिर्षकमा खर्च गरी रु. ६९,४३,४४४।३६ को सम्पत्ति गैरकानूनी रूपमा आर्जनको भन्ने दाबी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति (तत्कालको मूल्यमा हिसाब गरी) रु. ९२,३०,५३५।- कायम गरेको र सोको श्रोत रु. १,०९,२८,८७७।- आय ठहर गरी बैध आयश्रोत भन्दा खर्च रु. १६,९८,३४२।- घटी भएको ठहर गरेको छ ।

विशेष अदालतले प्रतिवादीका गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी सम्पूर्ण आयस्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी अनुमान वा आशंका सम्म गर्न सकिने कुनै स्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्ति भन्दा रु. १६,९८,३४२।- बढी निजलाई बैध रूपमा आय भएको ठहर गरेको सम्मानित अदालतको फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रवृत्तिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नु पर्नेमा सो नगरेको फैसला त्रुटिपूर्ण छ ।

४. माथि प्रकरण १, २ र ३ मा उल्लिखित जिकिरका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न आधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी शुरु आरोप पत्रको मागदाबी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) २०३८,२०४३ र २०५४ सालमा काठमाडौंमा र २०५४ सालमा कैलाली, धनगढीमा प्रतिवादी लक्ष्मीराज पाठककी श्रीमती सुशिला पाठकको नाममा दुईवटा घर निर्माण भएको देखिएको छ । जुनघरको लागत क्रमशः रु. १३,४२,७१८ र ११,६५,४७७।- गरी जम्मा रु. २५,०८,१९५।- भनी फैसलामा उल्लेख गरिएको छ । उल्लिखित निर्मित घरहरूको हचुवा र आत्मनिष्ठ रूपमा लागत कम भएको भनी उल्लेख गरेको विशेष अदालतको फैसला वस्तुनिष्ठ छैन । यसका साथै एकभन्दा बढी घर निर्माणको लागतलाई धान्न सक्ने सो

अवधिसम्मको निजको आयलाई समेत हिसाब गरिनु पर्नेमा एकमुष्ट रूपमा आय र व्ययको गणना गरी निर्माण लागतलाई मान्यता दिई भएको फैसला त्रुटिपूर्ण देखिन्छ ।

कैलाली, धनगढीको घर यज्ञराज पाठक सेती अंचल अस्पतालमा कार्यरत भएकाले उनैको सहयोगमा बनाई पछि क्रमिक रूपमा तिरेको हो भनी प्रतिवादी लक्ष्मीराज पाठकले बयान गरेको देखिन्छ भने निजकी श्रीमती सुशिला पाठकले पहिले एकतल्ला निर्माण गरी सोबाट प्राप्त भाडाले उक्त घर पूरा निर्माण गरेको भनी बयानमा उल्लेख गरेकी छन् । यसरी घर निर्माणको श्रोत सम्बन्धमा स्वयं श्रीमान र श्रीमतीको कथननै आपसमा विरोधाभाषपूर्ण रहेको छ । यस अतिरिक्त ऋण लिई निर्माण गरेको भन्ने प्रतिवादी लक्ष्मीराज पाठकको भनाइ तथ्य र प्रमाणमा आधारित रहेको छैन भने पहिलो तल्लाको निर्माण लागतको बैध श्रोत नै पुष्टि हुन नसकेको घर भाडामा लगाई त्यसबाट प्राप्त आयबाट पूरै घर निर्माण गरेको भन्ने निजकी श्रीमतीको भनाइलाई मान्यता दिन मिल्ने अवस्था नरहेकोमा प्रतिवादीहरूको कथनमा मात्र आधारित भई घर निर्माणको श्रोतलाई मान्यता दिई भएको फैसला त्रुटियुक्त छ ।

(ख) आरोपपत्रमा प्रतिवादीको जाँच अवधिको तलब जम्मा रु. ९,१८,५६९।- लाई बैध आर्जनको सम्पत्ति मानिएकोमा प्रतिवादीले त्यसमा स्थानीय भत्ता र दशै खर्चको रकम समावेश नगरेको भनी अदालत समक्ष गरेको बयानका आधार तलबमा स्थानीय भत्ता र दशै खर्चको रकम समेत समावेश गरी फैसलामा आयको अंश वृद्धि गरिएको छ । दुर्गमस्थानमा सुगमस्थानको तुलनामा अत्यधिक महंगी हुने भएकाले स्थानीय भत्ता बापतको रकम प्रदान गरिने हुँदा सो रकम बचत हुन सक्ने अवस्था रहँदैन । त्यस्तै दशै खर्च बापतको रकम समेत वर्षमा एकपटक एक महिनाको तलब बराबर दिइने हुँदा दशै जस्तो चाँडमा सो रकम अनिवार्य रूपमा खर्च हुने भई बचत हुन नसक्ने हुँदा स्थानीय भत्ता र दशै खर्चका रकमलाई बचत हुने रकम भनी प्रतिवादीको आयश्रोतमा गणना गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादीको काठमाडौंको घरको संरचना र बनौटलाई ध्यानमा राखी त्यस्तो घरको सामान्यतया प्रचलित भाडा दरलाई दृष्टिगत गरी न्यायोचित हिसाबले आयोगबाट प्रतिवादीको भाडा बापतको आय रकम रु. ८,७२,८२०।- कायम गरिएको हो । वादीले भाडाको आय कम निर्धारण गरे पनि प्रतिवादीको बढी आय भएको भन्ने जिकिर यथार्थ परक देखिएको भनी विशेष अदालतबाट हचुवा रूपमा रु. १३,६९,०००।- भाडा बापतको आय कायम गरिएको छ । यो यस हिसाब र कारणबाट वादीले कायम गरेको भाडा र दर यथार्थपरक नभई घटी भएको र प्रतिवादीको भनाइ सही भएको भन्ने आधार र विश्लेषण फैसलामा उल्लेख भएको छैन । अतः प्रतिवादीकै भनाइमा मात्र आधारित भई भाडा आय बढी कायम गरी भएको फैसला न्यायसँगत छैन ।

(घ) प्रतिवादी लक्ष्मीराज पाठक र निजका भाई यज्ञराज पाठक सगोलमै रहेको र आमाले खेतीपाती हेर्ने गरेको भन्ने प्रतिवादीको बयानबाट देखिएको छ । आमा छुटिई भिन्न बसेको

भन्ने प्रतिवादीको भनाइ रहेको छैन । प्रतिवादीलाई कृषि आय बापत जाँच अवधिमा रु. ६,९३,०००।- प्राप्त भएको भनी आरोपपत्रमा उल्लेख गरिएकोमा त्यसलाई अस्वीकार गरी अदालतबाट रु. २७,५५,०००।- कृषि आय कायम गरिएको छ । प्रतिवादीकै भनाइ अनुसार भाइ समेतका अंशियारको हकलाग्ने १० विगाहा जग्गा मध्येबाट निजले कृषि आय प्राप्त गर्ने देखिएको छ । आमा, भाई र प्रतिवादी समेत बीच बराबरीका हिसाबले भाग लगाई एकभाग मात्र प्रतिवादीले कृषि आय प्राप्त गर्न सक्ने स्पष्ट देखिएको अवस्थामा १० विगाहा जग्गाको पूरै कृषि आय प्रतिवादीले मात्र प्राप्त गरेको हिसाब गरी रु. २७,५५,०००।- प्रतिवादीको कृषि आय गणना गरी भएको फैसला सरासर त्रुटिपूर्ण छ ।

(ङ) चिकित्सकको योग्यता भएका प्रतिवादी लक्ष्मीराज पाठकले सरकारी नोकरीका अतिरिक्त Private Practice समेत गरी आय आर्जन गरेको यकिन गर्न सकिने अवस्था छैन । प्रतिवादीले Private Practice बाट आय प्राप्त गरेको भन्ने जिकिर लिएको भएतापनि त्यसलाई पुष्टि गर्ने प्रमाण प्रस्तुत गर्न सकेको पाइदैन । विशेष अदालतबाट Private Practice गरेको अनुमानका आधारमा त्यसबाट प्रतिवादीलाई रु. ९,५०,०००।- आय प्राप्त भएको भनी आय गणना गरिएको छ । अनुमान अनुमानसम्म हो त्यसले प्रमाणको स्थान लिन सक्दैन । Private Practice गरी आय आर्जन गरी त्यसबाट प्राप्त आय मध्येबाट कानून बमोजिम कर समेत बुझाएको भन्ने वस्तुनिष्ट प्रमाण प्रतिवादीले पेश गर्न नसकेको अवस्थामा अनुमानको भरमा अदालतबाट आय कायम गरी प्रतिवादीलाई सफाइ दिई भएको फैसला न्यायसँगत छैन ।

(च) विशेष अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपत्रमा दाबी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको बिगो बराबरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दाबी गरिएको छ ती सम्पत्तिहरूको हालको मूल्यलाई आधारमानी बिगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मुल्यका आधारमा बिगो कायम गरिनुनै कानूनसम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन (खरिद) गर्दाको अवस्थाको मूल्यलाई आधारमानी बिगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनशाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रूपमा प्राप्त गरिएको हो । सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यको आधारमा सजाय नगरेमा गैरकानूनी रूपमा बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको बिगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उदेश्य पराजित हुन गई कसूरदारलाई फाइदा पुग्न जाने स्थिति रहने हुँदा जग्गाको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाइ दिई भएको फैसला न्यायसँगत छैन ।

(छ) भागेश्वर सेकेण्डरी फर हेल्थ साइन्स प्रा.लि.को शेयर रकम रु. ७,००,०००।- मध्ये जाँच अवधिमा रु. ६२,५००।- मात्र भुक्तानी भएकोले भुक्तानी गरेको हदसम्म मात्र प्रतिवादीको सम्पत्तिमा गणना गरी फैसला भएको छ । प्रतिवादीले रु. ७,००,०००।- बराबरको ७,०००।- कित्ता शेयर लिने सहमती गरी रु. ६२,५००।- अग्रिम भुक्तानी समेत गरी सकेको अवस्था छ । पछि रु. ७,००,०००।- चुक्ता गर्ने विषयमा प्रतिवादी सहमत भई रु. ७,००,०००।- को ७,०००।- कित्ता शेयर प्राप्त गरिसकेको अवस्था हुँदा उक्त रु. ७,००,०००।- प्रतिवादीको सम्पत्तिमा गणना गरिनु पर्नेमा सो नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ज) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०३५ साल देखि २०६० सालसम्म छ । यो अवधि भनेको लगभग २६ वर्ष हो । प्रतिवादीको तलब भत्ता, घर भाडा बापतको रकम मासिक रूपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुँदैजाने हुँदा तलब भत्ता र घरभाडा उल्लेख्य रूपमा बचत हुन सक्ने स्थिति नै रहँदैन । घरभाडा जस्ता आयलाई न्यायसँगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसँगत रूपमा अनुमान गरि कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनशाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

५. **जिल्ला काठमाडौं, वत्तीसपुतली डेरा गरी बस्ने त्रिभुवन विमानस्थल, भन्सार कार्यालयका ना.सु. निरन्जनबाबु श्रेष्ठ .....**
ऐ.ऐ. बस्ने सत्यदेवी श्रेष्ठ .....
ऐ.ऐ.बस्ने अरूणा श्रेष्ठ .....
गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६४।११।२२
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रतिवादी निरञ्जनबाबु श्रेष्ठले रु. ६१,५०,२२४।२६ बराबरको सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) समेत बमोजिम कसूर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुन र प्रत्यर्थी सत्यदेवी श्रेष्ठ र अरूणा श्रेष्ठको हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) तथा दफा १६को खण्ड (ग) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०को उपदफा (२) एवं दफा ४७ बमोजिम निजहरूका नाममा राखिएको सम्पत्ति जफत गरीपाउँन समेत मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई आरोपित कसूरबाट पूर्ण सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू:

(क) आधिकारिक तथ्य र प्रमाणको आधारमा सम्पत्ति आर्जन गर्दाको समयको यथार्थ मूल्यको हिसाबबाट प्रतिवादीलाई बैध आयका श्रोतबाट रु. २९,५६,३३५।- प्राप्त भएको देखिएको र निजको साथमा कूल सम्पत्ति रु. २९,९६,६५४।- रहेको देखिएबाट रु. ४०,३१९।- सम्म निजको आयको श्रोतबाट पुष्टि नभएको देखिन आयो । सो रकम निजको कुल सम्पत्तिको १.४% भन्दा बढीको देखिन नआएको ।

(ख) आयव्ययको हिसाब गर्दा घरायसी व्यवहारलाई कानूनी मान्यता प्राप्त हुने प्रचलन, आय र व्ययको लेखा राख्न नपर्ने परम्परा, सामाजिक प्रचलन एवं आयको श्रोत र खर्चको हिसाब लामो समयसम्म स्मरण नहुने तथा आधिकारिक रेकर्ड समेत नरहने भएबाट यथार्थ रूपमा आयको श्रोत र खर्चको रकम यकिन रूपमा किटान हुन सक्ने स्थिति नरहने हुँदा आयका श्रोत र खर्चलाई न्यायोचित अनुमानको आधारमा निर्धारण गर्नुपर्ने अवस्था रहेको ।

(ग) प्रतिवादीले आर्जन गरेको सम्पत्तिलाई अवैधानिक श्रोतबाट आर्जन गरेको भनी सम्पत्तिको विश्लेषण गरिएको भए पनि आयोगको सो विश्लेषण हालको मूल्यमा मूल्यांकन गरी देखाइएको हुँदा स्वभाविक रूपमा बढी देखिएको ।

(घ) जग्गाको मूल्य लिखत अंकको आधारमा कायम गर्नुपर्ने ।

(ङ) रु. ६,५०,५००।- अन्य व्यक्तिलाई सापटी दिएको भनी सो रकमलाई आयोगले प्रतिवादीको सम्पत्तिको रूपमा गणना गरी दाबी लिएको भए पनि सापटी लिने सम्बन्धित व्यक्तिको विषयमा छानबिन नभएकाले सो रकमलाई प्रतिवादीको सम्पत्तिमा गणना गर्न नमिल्ने ।

(च) तलबका अतिरिक्त भत्ता र दशै खर्चलाई समेत प्रतिवादीको आयमा गणना गर्नुपर्नेमा सो नगरिएको ।

पुनरावेदनका आधारहरू:

१. यस आयोगबाट प्रतिवादी निरन्जनबाबु श्रेष्ठ समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो पत्नी समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाब गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजनागर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको सम्पत्ति मध्ये रु. ६१,५०,२२४।२६ को सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समयक्रमका हिसाबले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटि गरी प्रतिवादीलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण छ ।

२. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा र अन्य चल सम्पत्ति खरिद) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि सालक्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटि हो ।

३. प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी आरोपपत्रमा रु. ९२,१६,९४५।९६ भएको मध्ये प्राप्त आयबाट बिभिन्न शिर्षकमा खर्च गरी रु. ६१,५०,२४४।२६ को सम्पत्ति गैरकानूनी रूपमा आर्जनको भन्ने दाबी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति (तत्कालको मूल्यमा हिसाब गरी) रु. २९,९६,६५४।- कायम गरेको र सोको श्रोत रु. २९,५६,३३५।- आय ठहर गरी बैध आयश्रोत भन्दा खर्च रु. ४०,३१९।- बढी भएको ठहर गरेको छ ।

विशेष अदालतले प्रतिवादीको गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी अनुमान वा आशंका सम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्ति भन्दा रु. ४०,३१९।- मात्र निजको आय पुष्टि हुन नसकेको भनी सफाइ दिने गरी भएको सम्मानित अदालतको फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रवृत्तिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नु पर्नेमा सो नगरेको फैसला त्रुटिपूर्ण छ ।

४. माथि प्रकरण १, २ र ३ मा उल्लिखित जिकिरका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न आधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी शुरु आरोपपत्रको मागदाबी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) विशेष अदालतले जग्गाको मुल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपत्रमा दाबी लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको बिगो बराबरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दाबी गरिएको छ ति सम्पत्तिहरूको हालको मूल्यलाई आधारमानी बिगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनुनै कानूनसम्मत हुने हुन्छ । तर अदालतले जग्गा आर्जन (खरिद) गर्दाको अवस्थाको मूल्यलाई आधारमानी बिगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनसाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रूपमा प्राप्त गरिएको हो, सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यको आधारमा सजाय नगरेमा गैरकानूनी रूपमा बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको बिगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाइदा पुग्न जाने स्थिति रहने हुँदा जग्गाको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाइ दिई भएको फैसला न्यायसँगत छैन ।

(ख) आरोपपत्रमा रु. ६,५९,५००।- प्रतिवादीले विभिन्न व्यक्तिहरूलाई सापटी दिएको भनी सो रकमलाई निजको सम्पत्तिमा गणना गरिएको छ । रकम सापटी दिएको प्रमाण स्वरूप प्रतिवादीले स्वहस्ताले लेखेको डायरी समेत प्रस्तुत गरिएको छ । कर्मचारी संघको संयोजक भएकाले डायरीमा टिपोट गरिएको रकम संघको पेश्कीको हिसाब हो भनी प्रतिवादीले जिकिर लिएको र सापटी दिएको दाबी गरिए पनि सापटी लिने सम्बन्धित व्यक्तिको विषयमा छानबिन नभएको भनी उक्त रकमलाई विशेष अदालतले प्रतिवादीको सम्पत्तिमा गणना गरेको छैन । प्रतिवादीको डायरीमा टिपोट गरी हिसाब राखिएको रु. ६,५९,५००।- निजको सँगसाथमा रहेको र सो रकम निजले भानुभक्त ढकाल समेतका व्यक्तिलाई घर निर्माण प्रयोजन समेतका लागि दिएको भन्ने तथ्यलाई प्रतिवादी स्वयंले बयानमा स्वीकार गरेको अवस्था छ । उल्लिखित रकम प्रतिवादीको व्यक्तिगत रकम नभई संस्थासँग सम्बन्धित रकम भए सो संस्थाको आधिकारिक प्रमाणबाट प्रतिवादीले आफ्नो कथनलाई पुष्ट्याई गर्न सक्ने अवस्था हुनेमा त्यसो गर्न सकेको छैन । प्रतिवादीसँग रहे भएको सम्पत्तिको बैधानिक श्रोतको पुष्टि प्रतिवादीले नै गर्नुपर्ने व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) ले गरेको परिप्रेक्षमा वादी पक्षबाट सापटी दिएको भनी दाबी गरिएको रकमलाई प्रतिवादीको सम्पत्तिमा गणना नगरी भएको फैसला कानूनन् त्रुटियुक्त छ ।

(ग) प्रतिवादी निरञ्जनबाबु श्रेष्ठले जाँच अवधिमा रु. ४,१९,८३२।- तलब बापत प्राप्त गरेको भनी सो रकमलाई निजको आयमा समावेस गरिएकोमा प्रतिवादीको भनाइ बमोजिम भत्ता

र दशौ खर्च समेत रु. ५,२०,९३७।- निजलाई प्राप्त भएको भनी फैसलामा उल्लेख गरिएको छ । आवश्यकताका दृष्टिले भत्ता र दशौ खर्च जस्ता रकमहरू अनिवार्य रूपमा खर्च हुने प्रकृतिका रकम हुने हुँदा त्यस्ता रकम वचत हुन सक्ने अवस्था हुँदैन । अतः त्यस्ता रकमलाई समेत वचत हुने रकम मानी प्रतिवादीको आयमा गणना गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०३७ साल देखि २०५८ सालसम्म छ । यो अवधि भनेको लगभग २१ वर्ष हो । प्रतिवादीको तलबभत्ता र कृषि आय बापतको रकम मासिक र बार्षिक रूपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुदैजाने हुँदा तलबभत्ता र कृषि आय उल्लेख्य रूपमा वचत हुन सक्ने स्थिति नै रहँदैन । यस्तो आयबाट तत् अवधिमा हुने पारिवारिक खर्चलाई पनि न्यायसँगत रूपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरूलाई जस्ताको तस्तो वचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ङ) ना.सु.स्तरका सामान्य कर्मचारीले यापन गरेको उच्च जीवनस्तर, आर्जन गरेको सम्पत्ति र सो सम्पत्तिको बैधानिक श्रोत पुष्टि हुन नसकेको अवस्थामा मिसिल संलग्न तथ्य एवं प्रमाणलाई मूल्यांकन नगरी हचुवा रूपमा अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको देखिन नआएको भनी सफाइ दिएको फैसला न्यायिक छैन ।

६. जिल्ला सर्लाही सँग्रामपुर गा.वि.स.वडा नं. ७ बस्ने हरिपूर्वा गा.वि.स.का तत्कालीन गा.वि.स.सचिव रामशरण रायका छोरा दशरथ राय यादव.....
जिल्ला सर्लाही हरिपूर्वा गा.वि.स.वडा नं. १ बस्ने अवधराज रायको छोरा सोही गा.वि.स.का तत्कालीन गा.वि.स.अध्यक्ष हृदयनारायण राय यादव.....
गा.वि.स.को अनुदान रकम खाई मासी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।४।२७
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादीहरूले बिगो रु. ५,३९,०००।- हिनामिना गरी खाई मासी भ्रष्टाचार गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३ को उपदफा (१) को खण्ड (ङ) को कसूर गरेकोले सोही दफा बमोजिम सजाय गरी बिगो भराई पाउन र दशरथ रायका हकमा थप बिगो रु. ७,९५८।- असुल गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) बमोजिम सजाय समेत गरी बिगो समेत असुल उपर गरी पाउन मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी ह्दयनारायण राय यादवबाट रु. २,६९,५००।- र प्रतिवादी दशरथ राय यादवबाट रु. २,७७,४८५।७२ बिगो असुल गरी बिगो बमोजिम जरिवाना र जनही ६ महिना कैद सजाय गर्ने गरी फैसला भएको ।

फैसलाका आधार :

प्रतिवादी हृदयनारायण राय यादवबाट रु. २,६९,५००।- र प्रतिवादी दशरथ राय यादवबाट रु. २,७७,४८५।७२ बिगो असुल गरी बिगो बमोजिम जरिवाना र जनही ६ महिना कैद हुने ।

पुनरावेदनका आधारः

प्रतिवादीहरूले अभियोग मागदाबी बमोजिम बिगो रु. ५,३९,०००।- रकम भ्रष्टाचार गरेको ठहर गरी विशेष अदालतबाट फैसला गरेको भए पनि सजाय गर्दा सो बिगो आधाआधा बाडी जरिवाना र कैद गरेको त्रुटिपूर्ण रहेको छ । प्रतिवादीहरूलाई सजाय गर्दा प्रतिवादीहरूलाई भ्रष्टाचार ठहर भएको बिगो बमोजिम नै जरिवाना तथा कैदको सजाय हुनु पर्ने हुन्छ । बिगो भराउने प्रयोजनका लागि प्रतिवादीहरूलाई दामासाहिले बाडे पनि सजायका हकमा बिगोलाई दामासाहीले वाडी सजाय गर्न मिल्दैन । अतः हृदयनारायण यादवलाई बिगो बमोजिम रु. ५,३९,०००।- र दशरथ रायलाई रु. ५,४६,९५८।७२ जरिवाना तथा दुवै प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कैद सजाय हुनु पर्नेमा कम जरीवाना र कैद सजाय गरेको हदसम्मको फैसला बदर गरी अभियोग मागदाबी बमोजिम पूरा सजाय गरीपाउँ ।

७. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ७ चावाहिल मैजुवहाल घर भई नेपाल टेलिकम नयाँ निर्देशनालय, पुल्चोकमा तह -१० प्रवन्धक पदमा कार्यरत प्रमोदकुमार गुरुङ्ग .... शुरु नियुक्तिका लागि झूठ्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।५।२०
आयोगको दाबी र विशेष अदालतको फैसलाः

शुरु नियुक्तिका लागि झूठ्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेकोले प्रतिवादीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसूरमा सोही दफाहरू बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधार :

प्रमाणपत्र जारी गर्ने संस्थाबाटै विवादीत प्रमाणपत्र सही हो भनी लेखी पठाएको अवस्थामा त्यसलाई अन्यथा हो भन्न सकिने देखिँदैन ।

पुनरावेदनका आधारहरूः

(क) अनुसन्धानको सिलसिलामा प्रतिवादीको प्रमाणपत्र सम्बन्धमा प्रतिवादीको माग बमोजिम पुनः प्रमाणीकरण गराउँदा समेत निजको प्रमाणपत्र नक्कली रहेको प्रमाणित भई रहेको अवस्थामा

अदालत समक्ष निजले माग गर्दैमा पुनः प्रमाणीकरण गराई रहनु पर्ने आवश्यकतानै नरहेकोमा पुनः प्रमाणीकरण गराई सोही आधारमा प्रतिवादीलाई सफाइ दिने फैसला गरिएको छ । आयोगबाट गराईएका अघिल्ला प्रमाणीकरणहरूको विवरण यो यति कारणबाट अन्यथा हो भनी फैसलामा कुनै विवेचना समेत गरिएको छैन । जहाँसम्म पछिल्लो पटकको प्रमाणीकरण विवरणको सवाल छ सो प्रमाणीकरण विवरण हेर्दा आयोगमा प्राप्त विश्वविद्यालयका अघिल्ला प्रमाणीकरण सम्बन्धी पत्रहरूको ढाँचा, बनौट र हस्ताक्षर भन्दा पृथक भएबाट स्वयंमा संदिग्ध र विवादयुक्त देखिन्छ । यसरी अनुसन्धानका सिलसिलामा पटकपटक भएका प्रमाणीकरण विवरणहरूलाई प्रमाणमा लिन नसकिने कुनै आधार र कारणनै उल्लेख नगरी पछि प्राप्त संदिग्ध र विवादास्पद प्रमाणीकरण विवरणलाई प्रतिवादीको पक्षमा प्रमाण लगाई सफाइ दिई भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) शिक्षाध्यक्षको कार्यालयबाट अदालतमा प्रेषित २०६५।४।१० को पत्रमा प्रतिवादीको प्रमाणपत्र सक्कली हो भनी उल्लेख गरेको अवस्था छैन । केवल प्राप्त पत्रसम्म पठाएको भन्ने देखिन्छ । विशेष अदालतले प्रमाणपत्र जारी गर्ने संस्थाबाटै विवादित प्रमाणपत्र सही हो भनी लेखी पठाएको अवस्थामा झूट्ठा भन्न सकिने अवस्था भएन भनी फैसलामा प्रतिवादीलाई सफाइ दिने आधार ग्रहण गरेको पाइन्छ । सफाइको आधार लिइएको सम्बन्धित विश्व विद्यालयको कथित पत्र नै माथि प्रकरण (क) मा उल्लेख भए बमोजिम संदिग्ध देखिएको हुँदा उक्त पत्र सो विश्व विद्यालयबाट जारी भएको हो होइन भन्ने यकिन नगरी प्रतिवादीलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण छ ।

८. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३ महाराजगञ्ज बस्ने डिभिजन सडक कार्यालय, भरतपुरका सिनियर डिभिजनल इन्जिनियर पदमा कार्यरत गुरुप्रसाद ढकाल समेत ..... गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।३।१७
आयोगको दाबी र विशेष अदालतको फैसला :

प्रतिवादी गुरुप्रसाद ढकालले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिम गैरकानूनी रूपमा रु. १,७५,८९,२३३।३६ आर्जन गरेको पुष्टि हुन आएकोले निजलाई उपरोक्त भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम हदैसम्म सजाय गरी निजले गैरकानूनी रूपमा आर्जन गरेर निज स्वयं तथा निजकी श्रीमती राधा ढकाल र छोरी रीना ढकाल समेतका नाममा राखेको कूल रु. १,७५,८९,२३३।३६ बराबरको चल अचल सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १७ (ग) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ बमोजिम जफत गरी पाउँन साथै प्रतिवादी गुरुप्रसाद ढकालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम पेश गर्नुपर्ने सम्पत्ति विवरण पेश गर्दा एकाघर सँगोलकी छोरीका नाउँमा खरीद गरेको जग्गा र १८ लाख भन्दा बढी रूपैया मौज्दात रहेको छोरी तथा श्रीमतीका नाउँका खाताहरू समेत नदेखाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा

(२) बमोजिम कसूर गरेको देखिन आएकोले निज प्रतिवादी गुरुप्रसाद ढकाललाई सोही उपदफा बमोजिम समेत सजाय गरी पाउन मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू:

(क) वैध आयका श्रोतबाट प्रतिवादी गुरुप्रसाद ढकाललाई रु. ८४,६०,०७१।- प्राप्त भएको देखिएको र दाबी अनुसार निजको साथमा कुल सम्पत्ति रु. ८१,९०,८५०।- रहेको देखिएको छ । आरोपपत्र बमोजिम जाँच अवधिमा रहेको विशेष खर्च रु. ६,५०,०००।- जोड्दा जाँच अवधिको मौजुदा सम्पत्ति र विशेष खर्च गरी जम्मा रु. ८७,४०,८५०।- हुन आउँछ । यसबाट रु. २,८०,७६९।- सम्म निजको आयको श्रोत भन्दा बढी सम्पत्ति देखिन आउँछ । सो रकम निजको कुल सम्पत्ति र खर्चको ३.२१ प्रतिशतसम्म फरक देखिन आएको ।

(ख) आयव्ययको हिसाब गर्दा घरायसी व्यवहारलाई कानूनी मान्यता प्राप्त हुने प्रचलन, आय र व्ययको लेखा राख्न नपर्ने परम्परा, सामाजिक प्रचलन एवं आयको श्रोत र खर्चको हिसाब लामो समयसम्म स्मरण नहुने तथा आधिकारिक रेकर्ड समेत नरहने भएबाट यथार्थ रूपमा आयको श्रोत र खर्चको रकम यकिन रूपमा किटान हुन सक्ने स्थिति नरहने हुँदा आयका श्रोत र खर्चलाई न्यायोचित अनुमानको आधारमा निर्धारण गर्नुपर्ने अवस्था रहेको ।

(ग) प्रतिवादीले आर्जन गरेको सम्पत्तिलाई अवैधानिक श्रोतबाट आर्जन गरेको भनी सम्पत्तिको विश्लेषण गरिएको भए पनि आयोगको सो विश्लेषण हालको मूल्यमा मूल्यांकन गरी देखाइएको हुँदा स्वभाविक रूपमा बढी देखिएको ।

(घ) प्रतिवादीले सेवा प्रवेश देखि प्राप्त गरेको तलब रकममा दशै खर्च र स्थानीय भत्ता समेत जोडी आय कायम गर्नु पर्ने ।

(ङ) बैंकमा रहेको रकमबाट प्राप्त ब्याज समेतलाई प्रतिवादीको आय मान्नु पर्ने ।

(च) जग्गा र हयाचरी भाडामा दिई प्राप्त भएको आयलाई समेत प्रतिवादीको बैध आयमा गणना गर्नुपर्ने ।

पुनरावेदनका आधारहरू:

१. यस आयोगबाट प्रतिवादी गुरुप्रसाद ढकाल समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो, पत्नी तथा छोरी समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाब गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजनागर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति

मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु. २,६०,७०,८४४।४० सम्पत्ति मध्ये रु. १,७५,८९,२३३।३६ को सम्पत्ति श्रोत नखुलेको ठहरगरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समय क्रमका हिसाबले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटि गरी प्रतिवादीलाई सफाइ दिनेगरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेको व्यहोरा निम्न प्रकरणहरूमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

२. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको वैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा र अन्य चल सम्पत्ति खरिद) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटि हो ।

३. प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत्तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी आरोपपत्रमा रु. २,६०,७०,८४४।४० भएको मध्ये प्राप्त आयबाट बिभिन्न शिर्षकमा खर्च गरी रु. १,७५,८९,२३३।३६ को सम्पत्ति गैरकानूनी रूपमा आर्जनको भन्ने दाबी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति (तत्कालको मूल्यमा हिसाब गरी) रु. ८१,९०,८५०।- कायम गरेको र सोको श्रोत ८७,४०,८५०।- (विशेष खर्च समेत जोडी) आय ठहर गरी बैध आयश्रोत भन्दा खर्च रु. २,८०,७६९।- बढी भएको पुष्टि गरेको छ ।

विशेष अदालतले प्रतिवादीका गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी सम्पूर्ण आयस्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंका सम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्ति भन्दा रु. २,८०,७६९।- मात्रको श्रोत खुल्न नसकेको भनी ठहर गरेको सम्मानित अदालतको फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रवृत्तिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ ।

४. माथि प्रकरण १, २ र ३ मा उल्लिखित जिकिरका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न आधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी शुरु आरोपपत्रको मागदाबी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) प्रतिवादी गुरुप्रसाद ढकाल र निजकी श्रीमतीको नाममा चितवन भरतपुर र काठमाडौंमा घर, ग्यारेज, गोदाम र हयाचरी आदि निर्माण भएको देखिएको छ । उक्त घर ग्यारेज, गोदाम र हयाचरीको निर्माणको कुल लागत धान्न सक्ने सो अवधिसम्मको निजको आयलाई समेत हिसाब गरिनु पर्नेमा एकमुष्ट रूपमा आय र व्ययको गणना गरी भएको फैसला त्रुटिपूर्ण देखिन्छ ।

(ख) अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई र घरको मूल्य कायम गर्दा तत्काल प्रचलित दररेटलाई आधारमानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट घर निर्माण गरेको र जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दावि लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको बिगो बराबरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दाबी गरिएको छ ती सम्पत्तिहरूको हालको मूल्यलाई आधारमानी बिगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनु नै कानूनसम्मत हुन्छ । तर अदालतले घर निर्माण गर्दाको र जग्गा आर्जन (खरिद) गर्दाको अवस्थाको मूल्यलाई आधारमानी बिगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनसाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रूपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा सजाय नगरेमा गैरकानूनी रूपमा बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको बिगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाइदा पुग्न जाने स्थिति रहने हुँदा घर र जग्गाको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाइ दिई भएको फैसला न्यायसँगत छैन ।

(ग) आरोपपत्रमा प्रतिवादीको जाँच अवधिको तलब जम्मा रु. ९,५४,४५८।- लाई बैध आर्जनको सम्पत्ति मानिएकोमा प्रतिवादीले त्यसमा स्थानीय भत्ता, काज भत्ता र दशै खर्चको रकम समावेश नगरेको भनी अदालत समक्ष गरेको बयानका आधारमा तलबमा स्थानीय भत्ता, काज भत्ता र दशै खर्चको रकम समेत समावेश गरी फैसलामा आयको अंश वृद्धि गरिएको छ । दुर्गम स्थानमा सुगमस्थानको तुलनामा अत्याधिक महंगी हुने भएकाले स्थानीय भत्ता बापतको रकम प्रदान गरिने हुँदा सो रकम वचत हुन सक्ने अवस्था रहँदैन त्यस्तै दशै खर्च बापतको रकम समेत वर्षमा एकपटक एक महिनाको तलब बराबर दिइने हुँदा दशै जस्तो

चाडमा सो रकम अनिवार्य रूपमा खर्च हुने भई बचत हुन नसक्ने, काज भत्ता बापत दिइने रकमको दर यसै पनि कम हुने र काजमा रहेको स्थानमै खर्च हुने भई बचत हुन नसक्ने हुँदा स्थानीय भत्ता, काज भत्ता र दशै खर्चका रकमलाई बचत हुने रकम मानी प्रतिवादीको आयश्रोतमा गणना गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) प्रतिवादी गुरुप्रसाद ढकालले समयसमयमा विभिन्न देशहरू भ्रमण गरेको अनुसन्धानको क्रममा संकलित र प्रतिवादी स्वयंले पेश गरेका कागजात प्रमाणहरूबाट देखिएको र निज स्वयंको कथनका आधारमा विदेश जाँदा भएको आयबाट हुने खर्चलाई न्यायोचित रूपमा कटाई बाँकी रहन आउने रु. ९७,४६०।- लाई निजको आयमा समावेश गरिएको हो । अनुसन्धानको समयमा उल्लेख र प्रस्तुत गर्न नसकेको प्रमाण र हिसाब अदालतमा प्रतिवादीले पेश गरेकोमा सो हिसाबलाई न्यायिक तवरले मूल्यांकन र परीक्षण नगरी प्रतिवादीको कथनकै आधारमा रु. १,७५,७००।- विदेश भ्रमणबाट बैध आय प्राप्त भएको भनी भएको फैसला त्रुटिपूर्ण छ ।

(ङ) चितवन भरतपुर स्थित १-०-२ विगाहा जग्गा भाडामा दिई त्यसबाट रु. १,५३,७५०।- र सोहि स्थानको ०-१०-३ विगाहामा निर्मित हयाचरी भाडामा दिई रु. ११,९३,५३५।- प्रतिवादीलाई प्राप्त भएको भनी फैसलामा आय कायम गरिएको छ । बैध श्रोत नखुलेको घरको भाडा तथा जग्गा र हयाचरीबाट भाडा प्राप्त भएको भनी दुई पक्ष मिली पछि तैयार गर्न सकिने प्रकृतिको करारनामाको कागजलाई मान्यता दिई भाडा बापत रु. १,५३,७५०।- र रु. ११,९३,५३५।- आय कायम गरेको त्रुटिपूर्ण छ ।

(च) प्रतिवादीको बैकमा बचत रहेको देखिएको रकमको बैध श्रोत खुल्न नसकेको भनी आरोपपत्रमा दावि लिइएको छ । जसलाई अदालतले प्रतिवादीको आय मानी निजको आयमा समावेश गरी त्यस बापत प्राप्त व्याज समेतलाई आयमा गणना गरी फैसला गरेको छ । प्रतिवादीले तत्तत् अवधिमा बैंकमा जम्मा गरेको रकम निजको स्वाभाविक आयबाट जम्मा भएको हो होइन सालक्रममा हिसाबले हेरी बैध श्रोतबाट प्राप्त भएको देखिएमा मात्र त्यस बापत प्राप्त व्याजलाई बैध आयमा समावेश गर्न मिल्नेमा बैध श्रोतको परीक्षण नै नगरी व्याज समेतलाई प्रतिवादीको आय कायम गरी गरेको फैसला न्यायसँगत छैन ।

(छ) अदालतले नगद प्रवाहको आधारमा सम्पत्तिको श्रोत खुलेको र नखुलेको भनी यकिन गरेको नभई जाँच अवधिको आधारमा श्रोत खुलेको र नखुलेको यकिन गर्नुपर्ने भनी फैसलामा उल्लेख गरेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० ले सम्पत्ति अस्वभाविक र अमिल्दो भएको अवस्थालाई इङ्गित गरेको छ । जस अनुसार कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले सो पद धारण गरेको मितिदेखिको आर्जित सम्पत्ति अनुसन्धानको दायराभित्र पर्ने देखिन्छ । यसर्थ त्यस्ता व्यक्तिको आय व्ययको गणना गर्ने अति पारदर्शी एवं वैज्ञानिक प्रणाली नगद प्रवाह विवरण बाहेक अरू हुन सक्दैन । जुन विवरणको बस्तुगत अध्ययनबाट आरोपित व्यक्तिको सम्पत्तिको श्रोत खुलेको नखुलेको प्रष्ट रूपमा

देख्न सकिन्छ । प्रस्तुत मुद्दामा पनि प्रतिवादी गुरुप्रसाद ढकालको आय व्ययलाई आवधिक रूपमा नगद प्रवाहको विवरणबाट विश्लेषण गरिएको छ । अतः अदालतले आवधिक नगद प्रवाह नभई जाँच अवधिका आधारमा एकमुष्ट आय-व्ययको हिसाबबाट आरोपित व्यक्तिको श्रोत खुलेको र नखुलेको सम्पत्तिको यकिन गर्नु न्यायसँगत हुने भनी फैसलामा लिएको आधार त्रुटिपूर्ण छ ।

९. काठमाडौं जिल्ला धापासी बस्ने घरेलु तथा साना उद्योग विभाग त्रिपुरेश्वरका शाखा अधिकृत कर्णबहादुर खड्का .....
भ्रष्टाचार मुद्दा ।

फैसला मिति : २०६५।५।१७
आयोगको दाबी र विशेष अदालतको फैसलाः

प्रतिवादी कर्णबहादुर खड्का उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (क) बमोजिमको कसूर अपराध गरेकोमा निज प्रतिवादी कर्णबहादुर खड्कालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा (३) को उपदफा (१) को देहाय (क) बमोजिम सजायको मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीलाई आरोपित कसूरबाट सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरूः

(क) उजुरीकर्ता अशोकलाल श्रेष्ठ वकपत्रका लागि अदालतमा उपस्थित नभएको ।

(ख) उजुरी दिँदा प्रतिवादी उपर किटानी उजुरी नदिएको ।

(ग) कार्य सम्पन्न भइसकेकाले घूस रिसवत लिनु दिनुपर्ने अवस्था नरहेको ।

पुनरावेदनका आधारहरूः-

(क) कार्यालयबाट कुनै काम गरी दिन वा गरिदिएबापत घूस रिसवत लिनेदिने कार्य हुने गर्दछ । प्रस्तुत मुद्दामा उजुरवालाले प्रमाणपत्र पाई नसकेको अवस्था छ । निजले प्रमाणपत्र प्राप्त गर्नका लागि सम्पूर्ण प्रक्रियाहरू पुरा गरिसक्दा समेत प्रमाणपत्र दिनु पर्ने पदीय कर्तव्य रहेका प्रतिवादीले प्रमाणपत्र नदिएको देखिनाले रिसवत लिएर मात्र प्रमाणपत्र दिने प्रतिवादीको नियत रहेको स्पष्ट हुन्छ । यसरी उजूरकर्ताले प्रमाणपत्र पाउने काम बाँकी नै रहेको अवस्थामा रिसवत दिनुपर्ने प्रयोजन समाप्त भइसकेको भनी अर्थ गर्नु त्रुटिपूर्ण हुन्छ ।

(ख) घूस रिसवत लिने कार्य सरकारी कार्यालयका अधिकृतबाट भएको छ । अन्य अपराधमा जस्तो योजना, घटनाक्रम आदि यस प्रकृतिको अपराधमा हुन्छ भन्ने छैन । प्रतिवादीले प्रयोग गर्ने टेवुलको घर्राबाट घूसको रकम बरामद भएको छ । प्रतिवादीले सो रकम नलिएको भए कसरी रकम टेवुलको घर्रा भित्रबाट पाइयो त्यसको स्पष्ट जवाफ निजले दिन सक्नु पर्नेमा दिन सकेका

छैनन । उजुरीकर्ता वा अन्य व्यक्तिबाट यस प्रयोजनका लागि लिएको रकम हो भनी प्रतिवादीले पुष्टि गर्नु पर्दछ । अन्यथा प्रतिवादीको टेवुलको घर्राबाट रकम बरामद हुनु र प्रतिवादीको झोला वा निजी बाकसबाट बरामद हुनु एकै हुन्छ । उक्त रकम यस प्रकारबाट आफ्नो टेवुलको घर्राबाट प्राप्त भएको भनी आफैले पुष्टि गर्नु पर्ने दायित्व प्रतिवादीको हुनेमा आफूलाई केही थाहा नभएको भनी प्रतिवादीले लिएको जिकिर सफाइ पाउने आधार बन्न सक्दैन ।

(ग) प्रतिवादी कार्यरत रहेको कार्यालयकै महानिर्देशक र निर्देशक दर्जा समेतका व्यक्तिहरूले प्रतिवादीले प्रयोग गर्ने गरेको टेवुलको घर्राबाट रकम बरामद भएको तथ्यलाई अदालतमा उपस्थित भई वकपत्र गर्दा समेत पुष्टि गरि दिएका छन । उल्लिखित व्यक्तिहरूको भनाइलाई कुनै महत्व नै नदिई साथै उजूरीकर्ता वकपत्रको लागि उपस्थित नहुँदा मुलुकी ऐन अ.बं. ११५ नं. बमोजिम अदालत स्वयंले झिकाई न्याय इन्साफ गर्नु पर्नेमा सो समेत नगरी प्रतिवादीलाई सफाइ दिइएबाट अदालतले प्रमाणको सही मूल्यांकन नगरेको स्पष्ट छ ।

(घ) उजुरकर्ताले आफ्नो उजुरीमा घरेलु तथा साना उद्योग विभागका नाम थाहा नभएका अधिकृतले घूस रिसवत माग गरेको भनी खुलाएका छन् । निजको उजूरी पश्चात आयोगबाट उपलब्ध गराइएको रकम निज उजुरकर्ताले प्रतिवादीलाई दिई प्रतिवादीको टेवुलको घर्राबाट सो रकम बरामद भएकोबाट रकम माग गर्ने र प्राप्त गर्ने व्यक्ति प्रतिवादी नै रहेको भन्ने घटनाक्रमले स्पष्ट गरिरहेकोमा किटानी उजुरी नपरेको भन्ने तर्क गरी प्रतिवादीलाई सफाइ दिइएको न्यायसँगत छैन ।

१०. मध्यपश्चिम सिंचाइ विकास सव डिभिजन नं. १ कार्यालय, रुकुमका कार्यालय प्रमुख विनयकुमार गामी.....
धनुषा जिल्ला बेङगासिवपुर गा.वि.स.वडा नं. ५ बस्ने रामनारायण शाहको छोरा वर्ष ४७ को ऐ. कार्यालयको ओ.सी. विन्देश्वर साह.....
दाङ जिल्ला गंगापरस्पुर गा.वि.स वडा नं. ५ बस्ने चन्द्रप्रकाश अधिकारीको छोरा ऐ.कार्यालयको लेखापाल वर्ष ४४ को सानुनारायण अधिकारी.....
रुकुम जिल्ला विजयश्वरी गा.वि.स.वडा नं. २ बस्ने टिकाराम भण्डारीको छोरा वर्ष ४५ को ऐ.कार्यालयको फिल्डम्यान कुलवहादुर भण्डारी.. .....
रुकुम जिल्ला मग्मा गा.वि.स. अर्न्तरगत बस्ने भेडाखर्क सिचाई योजनाको उपभोक्ता समिति भुलाको अध्यक्ष टंकवहादुर शाही.....
किर्ते विल भरपाई समेतका कागजात बनाई सरकारी रकम भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।४।२९
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रतिवादीहरू विनय कुमार गामी, विन्देश्वर शाह, सानु नारायण अधिकारी, कुल वहादुर भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उप दफा १ को खण्ड (ङ) र दफा १७ बमोजिमको कसूरमा सोही दफाहरू बमोजिम सजाय गरी पाउन र प्रतिवादी टंक वहादुर शाहीले सोही ऐनको दफा

८ को उपदफा (४) बमोजिम कसूर अपराध गरेकोले सोही दफा बमोजिम सजाय गरीपाउने मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट सबै प्रतिवादीहरूलाई आरोपित कसूरबाट पूर्ण रूपमा सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू:

(क) छानविन समिति निर्माणस्थलमा नपुगी मुचुल्का बनाएको ।

(ख) मुचुल्का लेखाउने व्यक्ति अदालतमा उपस्थित भई वकपत्र नगरेका ।

(ग) काम सम्पन्न भएको भनी स्थानीय मानिसले मुचुल्का गरिदिएको ।

पुनरावेदनका आधारहरू:

(क) भेडाखर्क सिचाई योजनाको नहर तथा कुलो निर्माण मर्मत सम्भार बापत रकम निकालेको कुरामा विवाद छैन । वादीका साक्षी टेकवहादुर तामाङ, चक्रपाणी गौतमले अदालत समक्ष गरेको वकपत्रले उक्त आयोजनामा काम नभएको भन्ने पुष्टि भएको छ । चक्रपाणी गौतमको वकपत्रको स.ज.६ मा "आयोजना स्थलमा पुगेको छु" । स.ज. ७ मा "आयोजनाबाट सिंचित क्षेत्र सबै मैले हेरेको छु । त्यसबाट काम नभएको देखिन्छ ।" भन्ने उल्लेख भएको र टेक वहादुर तामाङको वकपत्रको स.ज. ५ मा "पहिरो मर्मतस्थल र कुलाको लाइन हामीहरूले हेरी लेखेको हौं ।" भनी उल्लेख भएकोबाट निर्माणस्थल नपुगेको भन्ने विशेष अदालतको सफाइ दिने प्रमाण हास्यास्पद देखिन्छ । अत: वकपत्रको समग्र व्यहोरा अध्ययन र विश्लेषण नगरी हचुवाका रूपमा सफाइ दिइएको फैसला प्रमाणमा आधारित एवं वस्तुनिष्ठ नभई आत्मनिष्ठ हुनुका साथै फैसलाले भ्रष्टाचारजन्य कार्यलाई प्रोत्साहन समेत दिएको हुँदा फैसला बदर भागी छ ।

(ख) प्रतिवादीहरूले भेडाखर्क सिंचाई योजना नहर कुलो निर्माण मर्मत सुधारका कार्य सम्पन्न गर्न स्वीकृत भएको रकम योजना अनुसार कार्य गर्दै नगरी लगत इष्टमेट बमोजिम काम सम्पन्न भएको हो भनी झूटा किर्ते विल भरपाई समेतका कागज तयार गरी बदनियतपूर्वक सरकारी रकम लिई खाई हिनामिना गरी भ्रष्टाचार गरेको उजुरी निवेदन, सर्जमिन मुचुल्का एवं स्थलगत निरीक्षण प्रतिवेदन साथै योजना स्थलमा खिचिएको भिडियो क्यासेट समेतले पुष्टि गरी रहेको अवस्थामा ति प्रमाणको मुल्यांकन नै नगरी गरिएको फैसला बदर भागी छ ।

(ग) प्रतिवादीहरूले अदालतमा पेश गरेको भनिएको कार्य सम्पन्न गरेको मिति २०६४।२।२२ को मुचुल्का आरोपपत्र दायर भएपछि प्रतिवादीहरूबाट श्रृजना गरिएको झूटा प्रमाण हो । त्यस्ता प्रमाण, प्रमाण ऐन, २०३१ बमोजिम प्रमाण ग्राह्य नहुँदा सफाइ दिने मनसाय साथ विशेष अदालतले प्रमाणमा लिई सफाइ दिएको फैसला कानूनसम्मत छैन ।

११. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ वासुकीमार्ग-२०५ पुरानोवानेश्वर बस्ने वर्ष ५० को वामदेव दीप अधिकारी .....
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ बासुकीमार्ग -२०५ पुरानोबानेश्वर बस्ने वर्ष ४० की विष्णु कुमारी अधिकारी .....
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ वासुकीमार्ग-२०५ पुरानोबानेश्वर बस्ने वर्ष ४४ की रमलादीप अधिकारी .....
कास्की जिल्ला पोखरा उपमहानगरपालिका -१६ बस्ने वर्ष ४२ की हेमा थापा .....
काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका-४ महाराजगंज बाँसवारी बस्ने वर्ष ५१ को सीताराम भट्ट.....
गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।४।२६
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रतिवादी वामदेव दीप अधिकारीले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३७ (१),१० र १५ तथा हाल प्रचलित भ्रष्ट्राचार निवारण ऐन,२०५९ को दफा २० को उपदफा (१) बमोजिम गैर कानूनी रूपमा रु. १,०१,७५,५४६।२७ आर्जन गरेको पुष्टि हुन आएकोले निजलाई उपरोक्त भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम हदैसम्म सजाय गरी निजले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति जफत गरी पाउन, कस्मिक मर्चेन्ट बैकिङ एवं फाइनान्स लिमिटेडबाट झिकी वेपत्ता पारेको नगद रकम मध्ये रु.२५,७४,५९८।- निज प्रतिवादी वामदेव दिप अधिकारी र निजका पत्नीहरूका नामका अन्य वैध आर्जनको सम्पत्तिबाट सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग), दफा २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २९(ख) बमोजिम जफत गरी असुल उपर गरिपाउँन मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट सबै प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू:

(क) आय-व्ययका प्रत्येक रकमको विवेचना गरी स्रोत खुलेको र नखुलेको यकिन गर्न जटील एवं अव्यवहारिक हुने भएकाले सार्वजनिक पद धारण गरेको मिति २०३८ श्रावण देखि मिति २०६१ साल पौषसम्मको अवधिलाई जांच अवधि मानी सो अवधिमा प्रतिवादीले आर्जन गरेको चल अचल सम्पत्तिको वैध आय श्रोत पुष्टि भए नभएको हेर्नु पर्ने ।

(ख) प्रतिवादीले लिखत मूल्य रु.५,७४,७१३।- को जग्गा खरिद, रु. ७,३७,४३९।- को फर्निचर खरिद, घर निर्माणमा रु. २१,३०,६२०।०० सवारी साधन,सुन र शेयर खरिद समेत रु. ७,२८,०००।०० र छोराहरूको मणीपाल कलेजको खर्च र नगद मौज्दात समेत रु. ५१,३५,०००।- गरी जम्मा रु. ९३,०५,७७२।- को चल सम्पत्ति एवं खर्चको वैध आयस्रोत पुष्टि हुनु पर्ने ।

(ग) आरोपपत्रमा तलबभत्ता वापत रु.१०,५४,५९९।- मात्र देखाएकोमा जांच अवधिमा तलब, दुर्गम स्थान भत्ता, फिल्डभत्ता, दैनिक भत्ता, महंगी भत्ता, सञ्चित विदाको रकम, दशैं खर्च समेत गरी जम्मा रु. १५,८९,९०६।- मौद्रिक आय प्राप्त गरेको ।

(घ) सुनिल फर्निसिङ्ग सेन्टरवाट भएको नाफा र पूँजि फिर्ता गरी जम्मा रु. १०,९४,३३२।- मौद्रिक आय प्राप्त गरेको ।

(ङ) घरभाडाबाट जम्मा रु. २२,७९,०००।- आय प्राप्त गरेको ।

(च) कृषिवाट रु. १२,३७,०००।- आय प्राप्त गरेको ।

(छ) जांच अवधिमा जम्मा रु. ९१,०४,९८५।- मौद्रीक आय प्राप्त गरेको ।

पुनरावेदनका आधारहरू:

(क) यस आयोगबाट प्रतिवादी वामदेव दीप अधिकारी समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा पत्नीहरू समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाब गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारका खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजना गर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु. १,९६,७८,३३८।३१ सम्पत्ति मध्ये रु. १,०१,७५,५६४।२७ को सम्पत्ति श्रोत नखुलेको ठहरगरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आयश्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समयक्रमका हिसाबले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा सो बमोजिम नगरी सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि सालक्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सार्वजनिक पद धारण गरेको मिति २०३८ श्रावण देखि २०६१ साल पौष सम्मको अवधिमा आर्जित सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग

परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भीर त्रुटि हो ।

(ग) प्रतिवादीले आर्जित गरेको चल अचल सम्पत्ति मध्ये रु.१,०१,७८,३८८।२७ को सम्पत्ति गैरकानूनी रूपमा आर्जनको भन्ने दाबी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति (तत्कालको मूल्यमा हिसाब गरी) रु. ९३,०५,७७२।- कायम गरेको र सोको श्रोत ९१,०४,९५८।- आय ठहर गरी बैध आयश्रोत भन्दा खर्च रु. २,००,८१४।- बढी भएको पुष्टि गरेको छ ।

विशेष अदालतले प्रतिवादीको गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंका सम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्ति भन्दा रु. २,००,८१४।- मात्रको श्रोत खुल्न नसकेको भनी सफाइ दिएको फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रबृत्तिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति स्वतः गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नु पर्नेमा सफाइ दिएको फैसला त्रुटिपूर्ण छ ।

(घ) प्रतिवादीहरूका नाममा विभिन्न ठाउंमा जग्गा खरिद, घर निर्माण ,लगायत अन्य चल अचल सम्पत्ति समेत आर्जन भएको देखिन्छ । सो खरिद निर्माण वा आर्जन भएका सम्पत्तिहरूको लागतलाई ध्यान्न सक्ने हैसियत तत्कालीन अवस्थामा प्रतिवादीको थियो थिएन सो कुरालाई समेत दृष्टिगत गरी प्रतिवादीको आय-व्ययको हिसाब गरी फैसला हुनु पर्नेमा सो नगरी सफाइ दिई भएको फैसला न्यायसँगत छैन ।

(ङ) अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई र घरको मूल्य कायम गर्दा तत्काल प्रचलित दररेटलाई आधारमानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट घर निर्माण गरेको र जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दावि लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको बिगो बराबरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दाबी गरिएको छ ती सम्पत्तिहरूको हालको मूल्यलाई आधारमानी बिगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनु नै कानूनसम्मत हुन्छ । तर अदालतले घर निर्माण गर्दाको र जग्गा आर्जन (खरिद) गर्दाको अवस्थाको मूल्यलाई आधारमानी बिगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनसाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रूपमा प्राप्त गरिएको हो, सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा सजाय नगरेमा गैरकानूनी रूपमा बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने

हुँदा गैरकानूनी आर्जनको बिगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाइदा पुग्न जाने स्थिति रहने हुँदा घर र जग्गाको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाइ दिई भएको फैसला न्यायसँगत छैन ।

(च) आरोपपत्रमा प्रतिवादीको जाँच अवधिको तलब जम्मा रु. १०,४४,५९९।- लाई बैध आर्जनको सम्पत्ति मानिएकोमा प्रतिवादीले त्यसमा स्थानीय भत्ता, दशै खर्च फिल्ड भत्ता, दैनिक भत्ता आदि रकम समावेश नगरेको भनी अदालत समक्ष गरेको बयानका आधारमा तलबमा स्थानीय भत्ता, काज भत्ता र दशै खर्च फिल्ड भत्ता दैनिक भत्ताको रकम समेत समावेश गरी फैसलामा आयको अंश वृद्धि गरिएको छ । दुर्गम स्थानमा सुगमस्थानको तुलनामा अत्याधिक महंगी हुने भएकाले स्थानीय भत्ता बापतको रकम प्रदान गरिने हुँदा सो रकम वचत हुन सक्ने अवस्था रहँदैन, त्यस्तै दशै खर्च बापतको रकम समेत वर्षमा एकपटक एक महिनाको तलब बराबर दिइने हुँदा दशै जस्तो चाडँमा सो रकम अनिवार्य रूपमा खर्च हुने भई बचत हुन नसक्ने, काज भत्ता र फिल्ड भत्ता बापत दिइने रकमको दर यसै पनि कम हुने र काजमा रहेको स्थानमै खर्च हुने भई बचत हुन नसक्ने हुँदा स्थानीय भत्ता, दैनिक भत्ता र दशैं खर्च, फिल्ड भत्ता समेतका फिल्डमै खर्च हुने रकमलाई बचत हुने रकम मानी प्रतिवादीको आयश्रोतमा गणना गरी भएको फैसला यथार्थ परक छैन । तसर्थ तलबभत्ता लगायतका उल्लिखित शिर्षकमा रु. १०,५४,५९९।- मात्र आयश्रोत कायम गर्नु पर्नेमा प्रतिवादीलाई सफाइ दिने अभिप्रायले १५,८९,९०६ आयश्रोत कायम गरेको फैसला त्रुटिपूर्ण छ ।

(छ) विशेष अदालतले कास्की तथा काठमाडौंको घरभाडा वापत २२,७९,०००।- मौद्रिक आय प्राप्त भएको भनी फैसलामा घरभाडालाई वैधानिक आयश्रोत भएको मानिएको छ । यी जग्गाहरू खरिद तथा घर निर्माण गर्दा प्रतिवादीको वैधानिक आय पुष्टि हुन सकेको छैन । कास्कीको घरभाडा कायम गरिएको जग्गा २०४४।३।१६ मा खरिद गरेको जग्गाको श्रोत खुल्न नसकेको, काठमाडौं भिमसेन गोलाको घर निर्माण गर्दा लागेको खर्चको श्रोत खुल्न नसकेको तथ्य आरोप पत्रको तालिका नं. १६ को समयक्रमका आधारमा तयार भएको आय-व्ययको विवरणवाट स्पष्ट रूपमा देखिएको छ । यसरी भाडा वापत आय प्राप्त भएको श्रोतको रूपमा रहेका जग्गा खरिद एवं घर निर्माण खर्चको वैधानिक श्रोत नदेखिई गैरकानूनी आर्जन देखिएकोमा त्यस्तो गैरकानूनी आर्जनबाट प्राप्त आय पनि गैरकानूनी नै हुन्छ । त्यस्तो गैरकानूनी आर्जनबाट गरिएको आय कदापी वैध आर्जन हुन सक्दैन । यसका साथै कथित भाडा वापतको आय पनि आत्मनिष्ठ रूपमा कायम गरिएको छ । तसर्थ घरभाडा वापत आय कायम गरी भएको फैसला कानूनसँगत छैन ।

(ज) प्रतिवादीलाई कृषि आय वापत रु. १२,३७,०००।- कायम गरि फैसला भएको देखिन्छ । कृषि आय वापत आय कायम गरिएको कास्की रूपाकोटको जग्गा खरिदको वैधानिक आयश्रोत पुष्टि हुन सकेको छैन । यसै गरी बर्दीयाको जग्गाको समेत श्रोत खुल्न सकेको छैन । आरोपपत्रको तालिका १६ र १८ तथा श्रोत खुल्न नसकेको सम्पत्तिको विश्लेषणमा यस बारे विश्लेषण गरिएको छ । यस्ता गैरकानूनी आर्जनका सम्पत्तिवाट प्राप्त आय पनि एकातिर स्वत: वैधानिक हुन नसक्ने देखिन्छ भने अर्को तर्फ कृषि आय वापत गरिएको आधार पनि वस्तुनिष्ठ नभएको

तथा कृषिवाट उत्पादित पदार्थ दैनिक खानपानको लागि समेत आवश्यक पर्ने सामान्य तथ्य पनि न्यायकर्ताज्यूबाट हेक्का राख्न सकेको पाइदैन । अतः सफाइ दिने नियत साथ कृषि आय कायम गरेको फैसला कानूनसँगत तथा यथार्थसँगत समेत छैन । यसैगरी आय कायम गरिएका सुनिल फर्निसिङ्ग सेन्टरवाट प्राप्त आय पनि यथार्थभन्दा बढी आय कायम गरिएको देखिन्छ ।

(झ) विशेष अदालतले बैंकबाट मिति २०६०।१।१९ मा झिकेको रु. ३२,४५,०००।- लाई मानेको भएपनि सो रकमवाट मनीपाल कलेजमा तिरेको भनी रु. ७,९०,०००।- प्रतिवादीको व्ययवाट कम गरेको यथार्थसँगत छैन । रु. ७,९०,०००।- र बैंकबाट झिकिएको रकम छुट्टाछुट्टै कायम गर्नु पर्नेमा नगरेको फैसला त्रुटिपूर्ण छ ।

(ञ) अदालतले नगद प्रवाहको आधारमा सम्पत्तिको श्रोत खुलेको र नखुलेको भनी यकिन गरेको नभई जाँच अवधिको आधारमा श्रोत खुलेको र नखुलेको यकिन गर्नुपर्ने भनी फैसलामा उल्लेख गरेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० ले सम्पत्ति अस्वभाविक र अमिल्दो भएको अवस्थालाई इङ्गित गरेको छ । जस अनुसार कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले सो पद धारण गरेको मितिदेखिको आर्जित सम्पत्ति अनुसन्धानको दायराभित्र पर्ने देखिन्छ । यसर्थ त्यस्ता व्यक्तिको आय र व्ययको गणना गर्ने अति पारदर्शि एवं बैज्ञानिक प्रणाली नगद प्रवाह विवरण बाहेक अरू हुन सक्दैन । जुन विवरणको बस्तुगत अध्ययनबाट आरोपित व्यक्तिको सम्पत्तिको श्रोत खुलेको नखुलेको प्रष्ट रूपमा देख्न सकिन्छ । प्रस्तुत मुद्दामा पनि प्रतिवादी वामदेव दीप अधिकारीको आय र व्ययलाई आवधिक रूपमा नगद प्रवाहको विवरणबाट विश्लेषण गरिएको छ । अतः अदालतले आवधिक नगद प्रवाह नभई जाँच अवधिका आधारमा एकमुष्ट आय व्ययको हिसाबबाट आरोपित व्यक्तिको श्रोत खुलेको र नखुलेको सम्पत्तिको यकिन गर्नु न्यायसँगत हुने भनी फैसलामा लिएको आधार त्रुटिपूर्ण छ ।

(ट) गैरकानूनी रूपमा आर्जन गरिएको व्यक्तिगत सम्पत्तिले प्रजातान्त्रिक संस्थाहरू, राष्ट्रिय अर्थव्यवस्था,र कानूनको शासनमा क्षति पुऱ्याउने तथ्यलाई हृदयङ्गम गरी कुनै सार्वजनिक अधिकारीले आफ्नो वैध आम्दानीको तुलनामा आफूसँग रहेको सम्पत्तिको सारभूत वृद्धिलाई तर्कसँगत तरिकावाट पुष्टि गर्न नसकेको अवस्थालाई आवश्यकतानुसार विधायिकी र अन्य उपायहरू अवलम्वन गरी राज्यले फौजदारी कसूर स्थापित गर्नु पर्ने व्यवस्था नेपाल समेतले हस्ताक्षर गरेको, १२८ पक्ष राष्ट्र भई सकेको र सन् १४ डिसेम्वर २००५ देखि प्रारम्भ भएको भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा २० मा व्यवस्था रहेवाट गैरकानूनी सम्पत्ति निरुत्साहित हुनु पर्दछ भन्ने विश्वव्यापि चासो र मान्यता रहेको पाइन्छ । तर गैर कानूनी सम्पत्ति आर्जन गरेको प्रमाणहरूद्वारा पुष्टि भै रहेको अवस्था हुँदाहुँदै पनि प्रतिवादी वामदेव दीप अधिकारी समेतलाई सफाई दिएको फैसलाले गैरकानूनी सम्पन्नता सम्वन्धी कार्यलाई प्रोत्साहन र भ्रष्टाचारजन्य कार्यलाई बढावा दिएको छ । तसर्थ विशेष अदालतवाट भएको त्रुटिपूर्ण फैसला बदर गरिनु पर्दछ ।

(ठ) वस्तुतः गैरकानूनी सम्पन्नता अर्थात अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको कुरा तथ्यहरूले पुष्टि हुने विषय हो । पैतृक सम्पत्तिको रूपमा मिति २०५२।१०।१४ गते

प्रतिवादी वामदेव दीप अधिकारीको सँगोल परिवार बीच अंशवण्डा हुंदा कास्की जिल्ला बेगनास गा.वि.स. मा ७-५-३-१ रोपनी जग्गा मात्र प्राप्त गरेका निज प्रतिवादीले सार्वजनिक पदमा बहाली भएपछि अमिल्दो तथा अस्वभाविक रूपमा काठमाडौं, पोखरा,बर्दिया आदि क्षेत्रमा विभिन्न कित्ता घडेरी जग्गा खरिद गर्नुका साथै काठमाडौंको पुरानो बानेश्वर र किर्तिपुरमा गरी दुई वटा घर, पालेघर तथा टहरो निर्माण गरेको, छोराहरूलाई ३१ लाखभन्दा बढी खर्च गरी कास्की स्थित मणिपाल मेडिकल कलेजमा पढाएको समेत देखिन आएबाट निजले मनासिव कारण विना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको स्पष्ट रूपमा पुष्टि भएको छ । साथै निजकी पत्नी रमलादीप अधिकारी र विष्णु कुमारी अधिकारीका नाममा कस्मिक मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. मा ६ नं. नापी गोश्वारा काठमाडौंमा कार्यरत रहँदाका वखत जम्मा गरिएको अस्वाभाविक मात्राको रु. ३२,४५,०००।०० रकमलाई मिति २०६०।१।१९ गते मुद्दती खाताको अवधि नपुग्दै झिकी बेपत्ता गरेकोबाट समेत निजले सार्वजनिक पदमा रहँदा अस्वाभाविक रूपमा गैरकानूनी सम्पत्ति आर्जन गरेको स्पष्ट हुंदा हुंदै विधायिकी व्यवस्था,मर्म र भावना वर्खिलाप प्रतिवादीलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण छ ।

(ड) भ्रष्टाचार जस्तो श्वेतग्रीवी अपराध (White Collar Crime) को विशिष्ट प्रकृति र यसको समष्टिगत दुष्प्रभाव समेतलाई दृष्टिगत गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) ले कुनै पनि राष्ट्रसेवकले प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्तिको विवरण अमिल्दो र अस्वाभाविक देखिन आएमा वा मनासिव कारण विना अमिल्दो तथा अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा सो सम्पत्ति के कस्तो श्रोतबाट आर्जन गरेको हो भन्ने कुराको प्रमाण निज स्वयंले पुऱ्याउनुपर्ने र यसरी प्रमाण पुऱ्याउन नसकेमा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको मानिने स्पष्ट कानूनी व्यवस्था भएकोले उपरोक्त कानूनी व्यवस्थाहरूको कसीमा निज वामदेव दीप अधिकारीका पत्नीहरूको नाममा रहेका तालिका नं.१८ मा उल्लिखित सम्पत्तिहरूको वैधानिक श्रोत नखुलेको तथा श्रोत नखुलेकै सम्पत्तिहरू आफ्नो सम्पत्ति विवरण सम्पत्ति न्यायिक जांचबुझ आयोगमा पेश गरिसकेपछि अस्वाभाविक रूपमा बानेश्वर भीमसेनगोलाको घर जग्गा बाहेक सबै घर जग्गाहरू बदनियत राखी अन्य व्यक्तिका नाममा हक हस्तान्तरण गरिसकेको, बैंक मौज्दात पनि मुद्दती खाताको अवधि नपुग्दै झिकी बेपत्ता पारेको र निजको वैध आयश्रोतको अवस्था हेर्दा समेत अमिल्दो र अस्वाभाविक उच्चस्तरको जीवनयापन गरिरहेको स्पष्ट भएको हुंदा निजले उक्त सम्पत्ति भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको तथ्य स्थापित हुँदाहुँदै हचुवा र एकमुष्ट रूपमा आय-व्यय विश्लेषण गर्ने मनोगत मापदण्ड कायम गरी भएको फैसला वस्तुनिष्ठ छैन ।

१२. का.जि.धापासि गा.वि.स.७ तिर्लिङ्गेटार घर भै अर्थ मन्त्रालय, भन्सार विभागका उपसचिव वर्ष ४७ का शरदकान्त अधिकारी .....
ऐ.ऐ.बस्ने श्रीमती सुमित्रा अधिकारी .....
गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।४।१३
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रतिवादी शरदकान्त अधिकारीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिम गैरकानूनी रूपमा रु. ९८,४१,८२०।२३ आर्जन गरेको पुष्टि हुन आएकोले निजका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुन तथा सो सम्पत्ति समेत जफत हुन र प्रतिवादी सुमित्रा अधिकारीका हकमा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) तथा १६(ग) बमोजिम अपराध गर्नमा भूमिका निर्वाह गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) र ३० बमोजिम सुमित्रा अधिकारीका नाममा रहेका अवैध आर्जनका सम्पत्ति जफत गर्न समेत मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू:

(क) चितवनको घर ०३५ र ०३९ सालमा वनेको हुँदा सहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको दरभाउ र मापदण्डको आधारमा ओभरहेड र ठेक्का कर २० % घटाउदा रु. १,२६,८७२।- मात्र लागत लाग्ने तथा काठमाडौंको घर निर्माणको लागत रु. २१,२३,४५३।- लाग्ने ।

(ख) फर्निचर आवश्यकतानुसार समय समयमा खरिद गरिने र दाइजो बापत समेत प्राप्त हुने हुँदा दावीको मूल्य भन्दा ५० % घटाई कायम गर्दा न्यायोचित हुने ।

(ग) चितवन र काठमाडौंमा खरिद गरेको जग्गाको लिखतमा उल्लिखित रकम नै कायम गर्नुपर्ने ।

(घ) जाँच अवधिमा जम्मा रु. ८१,२६,२५६।- मात्र खर्च देखिएको ।

(ङ) दशै खर्च दुर्गम भत्ता बापत समेतको रकम आयमा समावेश गर्नुपर्ने ।

(च) बैदेशिक भ्रमण बापत रु. ३,४२,५८९।- आय भएकोमा आरोपपत्रमा रु. २,४६,६८९।- मात्र आय देखाइएको ।

(छ) घर भाडा बापत प्रतिवादीलाई चितवनको घरबाट रु. १२,९६,०००।- र काठमाडौको घरबाट रु. ४,६८,०००।- आय भएको ।

(ज) बैंकबाट प्रदान व्याज र बोनस आयमा समावेश हुने ।

(झ) कृषि आय बापत रु. १८,७९,५००।- आय हुने ।

(ञ) बाबु भीष्मकान्त अधिकारीको शिक्षण पेशा बापत रु. १९,२५,०००।- आय प्राप्त हुने ।

(ट) प्रतिवादीको जम्मा आय रु. ७७,७६,०४८।- रहेको ।

(ठ) कुल सम्पत्ति भन्दा रु. ३,५०,२०८।- मात्र आयको श्रोत नपुग भएको ।

(ड) उच्च जीवनस्तर यापन गरेको नदेखिएको तथा आयश्रोतको अनुपातमा अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरेको पुष्टि हुन नआएको ।

पुनरावेदनका आधारहरू:

१. यस आयोगबाट प्रतिवादी शरदकान्त अधिकारी समेत विरुद्ध विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जन सम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछिका अवधिमा निजले आफ्नो, पत्नी समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका बैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैतृक सम्पत्तिबाट प्राप्त हुन सक्ने आय हिसाब गरी आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, सृजनागर्न श्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी श्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानून बमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु. १,७०,५२,८९७८७ सम्पत्ति मध्ये रु. ९८,४१,८२०।२३ को सम्पत्ति श्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा श्रोत परीक्षण गर्नु पर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात निजलाई बैध आय श्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको श्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति सृजना गर्दाको समयक्रमका हिसाबले विश्लेषण एवं परीक्षण गर्नु पर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको श्रोत गणना र परीक्षण गर्दा तल प्रकरणमा उल्लिखित त्रुटि गरी प्रतिवादीलाई सफाइ दिनेगरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेको व्यहोरा निम्न प्रकरणहरूमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

२. विशेष अदालतले प्रतिवादीको सम्पत्तिको बैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, जग्गा खरिद र अन्य चल सम्पत्ति) समयमा निजको कति बैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको श्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा श्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो विशेष अदालतको गम्भिर त्रुटि हो ।

३. प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत्तत् अवधिमा निजले गरेको खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रु. १,७०,५२,८९७८७ भएको मध्ये प्राप्त आयबाट विभिन्न शिर्षकमा खर्च गरी रु. ९८,४१,८२०।२३ को सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको भन्ने दाबी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति (तत्कालको मूल्यमा हिसाब

गरी) रु. ८१,२६,२५६।- कायम गरेको र सोको श्रोत रु. ७७,७६,०४८।- आय ठहर गरी बैध आयश्रोत भन्दा खर्च रु. ३,५०,२०८।- बढी भएको पुष्टि गरेको छ ।

विशेष अदालतले प्रतिवादीका गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी सम्पूर्ण आयश्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंका सम्म गर्न सकिने कुनै श्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजुदा सम्पत्ति भन्दा रु. ३,५०,२०८।- मात्रको श्रोत खुल्न नसकेको भनी सफाइ दिएको फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रबृत्तिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको बैध आयश्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नु पर्नेमा सफाइ दिएको फैसला त्रुटिपूर्ण छ ।

४. माथि प्रकरण १,२, र ३ मा उल्लिखित जिकिरका अतिरिक्त विशेष अदालतले गरेको फैसला निम्न आधार एवं कानूनी दृष्टिमा त्रुटिपूर्ण रहेकोले फैसला बदर गरी शुरु आरोपपत्रको मागदाबी बमोजिम हुन निम्न जिकिर प्रस्तुत गरिएको छ -

(क) प्रतिवादीको काठमाडौं धापासी स्थिति घर, टहरा एवं सजावटको मूल्य रु. ४५,११,७२५।७३ दाबी लिइएकोमा विशेष अदालतले आत्मनिष्ठ रूपमा रु. २१,२३,४५२।- मात्र कायम गरेको फैसला त्रुटिपूर्ण छ । प्रतिवादीको उक्त घर २०४७ साल देखि निर्माण कार्य शुरु गरी २०५३ सालमा समाप्त भएको देखिन्छ । उक्त घर निर्माणमा लागेको रकमको सो समयमा प्रतिवादीसँग बैधानिक आय थियो थिएन भनी हेर्नुपर्ने हुन्छ । सो अवधिमा निजले प्राप्त गरेको नगद बैध सम्पत्ति मध्ये २०४७ सालमा कर्मचारी सन्चयकोषबाट सापटी लिएको रु. ३०,३५०।- विभिन्न वर्षको औद्योगिक आय रु. ९४,५८७।- गरी कूल रु. १,२४,३९७।- मध्ये रु. ५०,०००।- जग्गा खरिद गर्न लाग्न गै बाँकी रु. ७४,९३७।- मात्र घर निर्माणमा बैध लगानी भएको देखिन्छ, बाँकी रु. ४४,१७,३५८।- गैरकानूनी आर्जनको लगानी भएको तथ्यलाई वेवास्ता गरी प्रतिवादीलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण छ । यसै गरी फर्निचर बापत दाबी लिएको रकममा हचुवाका रूपमा आधा रकम मात्र कायम गरिएको समेत त्रुटिपूर्ण छ ।

(ख) अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अंकित मूल्यलाई आधार मानी मूल्य कायम गरेको देखिन्छ । प्रतिवादीले गैरकानूनी आर्जनबाट जग्गा समेत खरिद गरेको भनी आरोपपत्रमा दावि लिइएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानूनी आर्जनको सम्पत्तिको बिगो बराबरको जरिवाना र कैद समेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दाबी गरिएको छ, ती सम्पत्तिहरूको हालको मूल्यलाई आधार मानी बिगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनु नै कानूनसम्मत हुन्छ । तर अदालतले जग्गा आर्जन (खरिद) गर्दाको अवस्थाको मूल्यलाई आधार मानी बिगो कायम गरेको छ । गैरकानूनी सम्पत्ति आर्जनलाई

सोही परिमाणबाट दण्डित गरिनु पर्दछ भन्ने कानूनको मनसाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रूपमा प्राप्त गरिएको हो, सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा सजाय नगरेमा गैरकानूनी रूपमा बढेबढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुँदा गैरकानूनी आर्जनको बिगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाइदा पुग्न जाने स्थिति रहने हुँदा जग्गाको हाल प्रचलित मूल्यलाई मान्यता नदिई प्रतिवादीलाई सफाई दिई भएको फैसला न्यायसँगत छैन ।

(ग) आरोपपत्रमा प्रतिवादीको जाँच अवधिको तलब जम्मा रु. ९,११,४४७५० लाई बैध आर्जनको सम्पत्ति मानिएकोमा प्रतिवादीले त्यसमा स्थानीय भत्ता र दशै खर्चको रकम समावेश नगरेको भनी अदालत समक्ष गरेको बयानका आधारमा तलबमा स्थानीय भत्ता र दशै खर्चको रकम समेत समावेश गरी फैसलामा आयको अंश वृद्धि गरिएको छ । दुर्गम स्थानमा सुगमस्थानको तुलनामा अत्याधिक महंङ्गी हुने भएकाले स्थानीय भत्ता बापतको रकम प्रदान गरिने हुँदा सो रकम वचत हुन सक्ने अवस्था रहँदैन, त्यस्तै दशै खर्च बापतको रकम समेत वर्षमा एकपटक एक महिनाको तलब बराबर दिइने हुँदा दशै जस्तो चाडँमा सो रकम अनिवार्य रूपमा खर्च हुने भई बचत हुन नसक्ने हुँदा स्थानीय भत्ता र दशै खर्चका रकमलाई बचत हुने रकम मानी प्रतिवादीको आयश्रोतमा गणना गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) प्रतिवादीको चितवनको घरबाट प्राप्त भाडा रकम कागज पेश नभएको भएपनि आयोगले मान्यता दिई सो रकम प्रतिवादीहरूका छोराछोरीको भारतीय जीवन विमामा विमा प्रयोजनको लागि प्रयोग भएको मानेको छ । भाडा बापत कुनै कागजात पेश नगरेको सन्दर्भमा भाडा लगाइएको स्थान, भाडा लगाएको समयमा भाडाबाट प्राप्त हुने संभावित रकम अनुमान गरी विमामा लगानी भएको आयोगले मानेको छ । यसरी विमामा प्रयोग भएको भाडा रकमलाई पुनः आयको रूपमा विशेष अदालतबाट दोहोरो रूपमा गणना गरेको तथा भाडालाई यथार्थ भन्दा बढी कायम गरेको समेत त्रुटिपूर्ण छ । काठमाडौंको घरभाडाको हकमा हेर्दा निर्माणको श्रोत नखुलेको गैरकानूनी आर्जनको मानी आरोपपत्रमा दाबी लिइएको छ । यसरी अवैध रूपमा आर्जन भएको रकमबाट बनेको घरको भाडा रकमलाई वैध आय मान्ने प्रश्नै आउँदैन । तसर्थ, विशेष अदालतले प्रतिवादीको बैध र अवैध आयको विश्लेषण र मूल्यांकन नगरी हचुवा तवरले घरभाडा निर्धारण गरेको न्यायसँगत छैन ।

(ङ) प्रतिवादी शरदकान्त अधिकारीले समयसमयमा विभिन्न देशहरू भ्रमण गरेको अनुसन्धानको क्रममा संकलित र प्रतिवादी स्वयंले पेश गरेका कागजात प्रमाणहरूबाट देखिएको र निज स्वयंको कथनका आधारमा विदेश जाँदा भएको आयबाट हुने खर्चलाई न्यायोचित रूपमा कटाई बाँकी रहन आउने रु. २,४६,६८९।- लाई निजको आयमा समावेश गरिएको हो । अनुसन्धानको समयमा उल्लेख र प्रस्तुत गर्न नसकेको प्रमाण र हिसाब अदालतमा प्रतिवादीले पेश गरेकोमा सो हिसाबलाई न्यायिक तवरले मूल्यांकन र परीक्षण नगरी

प्रतिवादीको कथनकै आधारमा रु. ३,४२,५८९।- विदेश भ्रमणबाट बैध आय प्राप्त भएको भनी भएको फैसला त्रुटिपूर्ण छ ।

(च) प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०३८ देखि २०६१ सम्म छ । यो अवधि भनेको लगभग २३ वर्ष हो । प्रतिवादीको तलब भत्ता, घर भाडा रकम मासिक रूपमा आम्दानी हुने र त्यसबाट प्राप्त आय खर्च समेत हुदैजाने हुँदा हाम्रो जस्तो न्यून तलब भएको मुलुकका कर्मचारीको तलब भत्ता बचत हुन सक्ने स्थिति नै रहँदैन । तलब जस्ता आयलाई न्यायसँगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले सो अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसँगत रूपमा अनुमान गरी कटाउनु पर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीको आयहरूलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(छ) विशेष अदालतले प्रतिवादीको कृषि आय बापत रु. १८,७९,५००।- आयमा समावेश गरिएको देखिन्छ । प्रतिवादीको बाबुले २०२२ साल देखि माध्यामिक विद्यालयको शिक्षक र २०२८ साल देखि प्रधानाध्यापक भई २०४९ सालमा सेवा निवृत्त भएको देखिएको, साथै सेवा निवृत्त हुँदा निजले संचयकोष, औषधोपचार विरामी विदा र पेन्सन बापतको रकम पाउने देखिएको साथै कृषि आयबाट खर्च चलाई केही रकम बचाउँदै आएको समेतबाट चिवतन स्थित घरको तला थपेको भनी अरोपपत्रमा खुलाईएको तर्फ विशेष अदालतले दृष्टि नपुऱ्याई समग्र कृषि आयलाई आम्दानी मानेको छ । कृषिबाट उत्पादित पदार्थ दैनिक खानपानमा नै खर्च हुने धरातलीय यथार्थलाई विशेष अदालतबाट हेक्का राख्न सकेको देखिएन । खर्च कत्ति पनि हुँदैन, तलब, भत्ता, कृषि आय सबै बचत हुन्छ भनी सबै आयमा गणना गरी दैनिक खर्च हुँदै हुँदैन भनी मान्न मिल्दैन । अत: कृषि आय बापत र बाबु भिष्मकान्त अधिकारीले शिक्षण पेशा बापत रु. १९,२५,०००।- आय बचत हुने भनी आय कायम गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण छ ।

(ज) प्रतिवादीको बैध आय रु. ७७,७६,०४८।- र सम्पत्ति रु. ८१,२६,२५६।- कायम गरी विशेष अदालतबाट फैसला भएको छ । प्रतिवादीले जाँच अवधिमा जम्मा रु. ७२,११,०७७।६४ मात्र वैध आय रहेकोमा हचुवाका रूपमा सो भन्दा बढी वैध आय कायम गरिएको मिलेको छैन । यसै गरी प्रतिवादीसँग वैध र अवैध आर्जनको गरी कूल रु. १,७०,५२,८९७।८७ रकम बराबरको सम्पत्ति रहेको प्रमाणहरूबाट पुष्टि हुँदाहुँदै सफाइ दिने अन्तरनिहित मनसायका साथ रु. ८१,२६,२५६।- मात्र सम्पत्ति कायम गरेको फैसला त्रुटिपूर्ण छ ।

(झ) आरोपपत्रमा प्रतिवादीको बैध चल अचल सम्पत्ति, अवैध आर्जनको सम्पत्ति यथार्थ परक रूपमा विश्लेषण गरिएको छ । सो विश्लेषणलाई वेवास्ता गरी विशेष अदालतबाट मनोगत रूपमा भएको फैसलामा लिएका आधार, विश्लेषण र तर्कहरू प्रतिवादीलाई कसरी सफाइ दिने भन्ने मनसायबाट अभिप्रेरित हुँदा विशेष अदालतको फैसलाको समग्र अभिधारणा (Approach) नै गलत हुँदा सम्मानित अदालतबाट भ्रष्टाचार जस्तो न्याय, समानता र कानूनको शासन प्रतिकूल प्रभाव पार्ने जघन्य अपराधमा प्रमाणबाट गैरकानूनी आर्जन गरेको

पुष्टि भएका प्रतिवादी शरदकान्त अधिकारीलाई सफाइ दिने गरी भएको शुरु विशेष अदालतको फैसला बदर गरिनु पर्छ ।

(ञ) गैरकानूनी रूपमा आर्जन गरिएको व्यक्तिगत सम्पत्तिले प्रजातान्त्रिक संस्थाहरू, राष्ट्रिय अर्थव्यवस्था,र कानूनको शासनमा क्षति पुऱ्याउने तथ्यलाई हृदयङ्गम गरी कुनै सार्वजनिक अधिकारीले आफ्नो वैध आम्दानीको तुलनामा आफूसँग रहेको सम्पत्तिको सारभूत वृद्धिलाई तर्कसंगत तरिकावाट पुष्टि गर्न नसकेको अवस्थालाई आवश्यकतानुसार विधायिकी र अन्य उपायहरू अवलम्वन गरी राज्यले फौजदारी कसूर स्थापित गर्नुपर्ने व्यवस्था नेपाल समेतले हस्ताक्षर गरेको, १२८ पक्ष राष्ट्र भई सकेको र सन् १४ डिसेम्वर २००५ देखि प्रारम्भ भएको भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा २० मा व्यवस्था गरेवाट गैरकानूनी सम्पन्न्ता निरुत्साहित हुनु पर्दछ भन्ने विश्वव्यापि चासो र मान्यता रहेको पाइन्छ । तर गैरकानूनी सम्पत्ति आर्जन गरेको प्रमाणहरूद्वारा पुष्टि भइरहेको अवस्था हुँदाहुँदै पनि प्रतिवादी शरदकान्त अधिकारी समेतलाई सफाइ दिएको फैसलाले गैरकानूनी सम्पन्त्ता सम्वन्धी कार्यलाई प्रोत्साहन र भ्रष्टाचारजन्य कार्यलाई बढावा दिएको छ । तसर्थ विशेष अदालतवाट भएको त्रुटिपूर्ण फैसला बदर गरिनु पर्दछ ।

(ट) वस्तुत: गैरकानूनी सम्पन्त्ता अर्थात, अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको कुरा तथ्यहरूले पुष्टि हुने विषय हो । निज प्रतिवादीले सार्वजनिक पदमा बहाल भएपछि अमिल्दो तथा अस्वभाविक रूपमा काठमाडौंमा विभिन्न कित्ता घडेरी जग्गा खरीद गर्नुका साथै काठमाडौंका घर, टहरा निर्माण गरेको रु. १८,०७,१०२।५० बराबरको नगद सुन चाँदी रहेको, चादीका तडक भडकयुक्त विभिन्न भाडाकुडाहरू बरामद भएको रु. २०,३९,०००।- को शेयर लगानी रहेको, बैंकका लकरबाट ठूलो परिमाणमा विदेशी मुद्रा बरामद भएको जस्ता तथ्यहरूबाट सार्वजनिक पदमा रहँदा अस्वाभाविक रूपमा गैरकानूनी सम्पत्ति आर्जन गरेको पुष्टि हुँदाहुँदै विधायिकी व्यवस्था, मर्म र भावना वर्खिलाप प्रतिवादीलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण छ ।

(ठ) भ्रष्टाचार जस्तो श्वेतग्रीवी अपराध (White Collar Crime) को विशिष्ट प्रकृति र यसको समष्टिगत दुष्प्रभाव समेतलाई दृष्टिगत गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) ले कुनै पनि राष्ट्रसेवकले प्रचलित कानून बमोजिम पेश गरेको सम्पत्तिको विवरण अमिल्दो र अस्वाभाविक देखिन आएमा वा मनासिव कारण विना अमिल्दो तथा अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा सो सम्पत्ति के कस्तो श्रोतबाट आर्जन गरेको हो भन्ने कुराको प्रमाण निज स्वयंले पुऱ्याउनुपर्ने र यसरी प्रमाण पुऱ्याउन नसकेमा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको मानिने स्पष्ट कानूनी व्यवस्था भएकोले उपरोक्त कानूनी व्यवस्थाहरूको कसीमा निज शरदकान्त अधिकारी र निजको सँगोलका परिवारका नाममा रहेका उलेख्य रूपको सम्पत्तिहरूको वैधानिक श्रोत नखुलेको समेतबाट अमिल्दो र अस्वाभाविक उच्चस्तरको जीवनयापन गरिरहेको स्पष्ट भएको तथा निजले उक्त सम्पत्ति भ्रष्टाचार गरी गैरकानूनी रूपमा आर्जन गरेको तथ्य स्थापित हुँदाहुँदै हचुवा र एकमुष्ट रूपमा आय व्यय विश्लेषण गर्ने मनोगत मापदण्ड कायम गरी उच्च जीवनस्तर

यापन गरेको नदेखिएको तथा आयश्रोतको अनुपातमा अमिल्दो र अस्वभाविक सम्पत्ति आर्जन गरेको पुष्टि हुन नआएको भनी सफाइ दिई भएको फैसला वस्तुनिष्ठ छैन ।

१३. जिल्ला काठमाडौं कपन गा.वि.स.वडा नं. ३ कपन घर भै लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाई, नयाँ बानेश्वरमा कार्यरत प्रहरी सहायक निरीक्षक सुरेश सिलवाल .....
घूस रिसवत लिई भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।९।२१
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रतिवादी सुरेश सिलवालले रु. ५०,०००।- घूस रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१)(ख) र ५(१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निजलाई सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(ख) र ५(१)बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट निजलाई आरोपित कसूरबाट सफाइ दिने गरी फैसला भएको ।

फैसलाका आधारहरू:

(क) वादी पक्षले आफ्नो साक्षी राज लामा तामाङ्गलाई अदालतमा उपस्थित गराई वकपत्र गराउन नसकेको ।

(ख) अदालतमा उपस्थित गराएको वादीको साक्षी मेनुका (कार्की) तामाङ्गले मेरो श्रीमानले थुनामा पर्नु अघि नै मलाई चेक दिएको हो भनी वकपत्र गरेकी ।

(ग) रकम निकाल्न प्रयोग गरेको चेक वरामद भएको चेकवुकको ठेलीबाटनै निकालिएको हो भन्ने तथ्य बरामदी मुचुल्काबाट प्रमाणित हुन नआएको ।

पुनरावेदनका आधारहरू:-

(क) अनुसन्धानको क्रममा संकलित कागजात प्रमाणहरू, लागू औषध मुद्दाको सन्दर्भमा पक्राउ परेका राजलामा तामाङ्गको लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाई र आयोग समक्षको मौकाको कागज, प्र.नि. रामप्रकाश शाहले लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाई समक्ष प्रस्तुत गरेको मौकाको प्रतिवेदन समेतबाट लागू औषध मुद्दामा पक्राउ परेका राजलामा तामाङ्गको घर डेराबाट वरामद भएको निजको नामको चेकवुकबाट एउटा प्रति चेक प्रतिवादी सुरेश सिलवालले निज राजलामा तामाङ्ग हिरासतमा रहकै अवस्थामा निजलाई उपलब्ध गराई सो चेकबाट रु. १,९०,०००।- बैकबाट भुक्तानी दिलाउन सहयोग गरी सो रकम मध्ये रु. ५०,०००।- राजलामा तामाङ्गले प्रतिवादी सुरेश सिलवाललाई रिसवत स्वरूप दिएको भन्ने तथ्य स्थापित र प्रमाणित भई रहेको अवस्थामा प्रतिवादी सुरेश सिलवाललाई सफाइ दिई विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) लागू औषध ब्रुपिनर्फिन सहित पक्राउ परेका राजलामा तामाङ्गको घर कोठाबाट लागू औषध लगायत निजको नामको नेपाल बंगलादेश बैंकको चेकवुक समेत वरामद भएको तथ्यमा कुनै विवाद रहेको छैन । त्यस्तै लागू औषध मुद्दाकै अनुसन्धानको क्रममा हिरासतमा रहेका राजलामा तामाङ्गको नामको सो चेकवुकबाट हिरासतमै रहेको अवस्थामा नेपाल बंगलादेश बैकबाट रु. १,९०,०००।- भुक्तानी भएको भन्ने कुरालाई उक्त बैंकको बैक स्टेटमेण्ट समेतले पुष्टि गरेको छ । राजलामा तामाङ्गले अनुसन्धानको सिलसिलामा कागज गर्दा आफू हिरासतमै रहेको अवस्थामा प्रतिवादी सुरेश सिलवालले लागू औषध मुद्दाको सन्दर्भमा आफ्नो घर कोठाबाट बरामद भएको आफ्नो नामको एक प्रति चेक उपलब्ध गराएको र आफ्नी श्रीमती मेनका (कार्की) तामाङ्गको नाममा रु. १,९०,०००।- को चेक काटी दिई उक्त चेकको रकम मध्ये रु. ५०,०००।- प्रतिवादी सुरेश सिलवाललाई दिएको भनी घटनाक्रमलाई सविस्तार उल्लेख गरी दिएका छन् । प्रस्तुत घूस रिसवत लिई भ्रष्टाचार गरेको भन्ने मुद्दा लागू औषध मुद्दामा पक्राउ परेका राजलामा तामाङ्गको जरियाबाट उठान भएको छ । यस अर्थमा प्रस्तुत मुद्दाका सबै भन्दा महत्वपूर्ण साक्षी राजलामा तामाङ्ग नै हुन् भन्ने कुरामा कुनै विवाद हुन सक्दैन । विशेष अदालतबाट निज राजलामा तामाङ्ग समेतलाई वकपत्रका लागि उपस्थित गराउन आदेश भएकोमा आदेश अनुसार उपस्थित गराउन लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाईलाई आयोगबाट लेखि गएकोमा निज लागू औषध मुद्दाको पूर्पक्षको लागि काठमाडौं जिल्ला अदालतको आदेश अनुसार कारागार कार्यालय, जगन्नाथ देवल त्रिपुरेश्वरमा थुनामा रहेकोले उक्त कारागार कार्यालयलाई उपस्थित गराई दिन आदेश हुन उक्त इकाईबाट काठमाडौं जिल्ला अदालतसँग अनुरोध हुँदा समेत निज राजलामा तामाङ्गको वकपत्र हुन नसकी उपस्थित गराउन पुनः मौका माग गरिएकोमा विशेष अदालतबाट अर्को आदेश भई आयोगबाट लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाईलाई काठमाडौं जिल्ला अदालतसँग समन्वय गरी उपस्थित गराउन आयोगबाट पत्राचार गरी सोको बोधार्थ विशेष अदालतलाई समेत दिइएको थियो । भ्रष्टाचार जस्तो संवेदनशील मुद्दाको महत्वपूर्ण साक्षी निज राजलामा तामाङ्ग लागू औषध मुद्दाको पूर्पक्षका लागि उक्त कारागारमा रहेको भन्ने विशेष अदालतलाई जानकारी भएकोमा अदालत स्वयंले निजलाई मुलुकी ऐन, अ.बं. ११५ नं. बमोजिम झिकाई बुझी मात्र इन्साफ गर्नु पर्नेमा सो तर्फ उदासीन रही प्रतिवादीलाई सफाइ दिने गरी फैसला गरेबाट विशेष अदालतको फैसला प्रमाणको मूल्यांकन बेगर भएको भन्ने देखिदा त्रुटिपूर्ण छ । अतः निज राज लामा तामाङ्गलाई समेत कानून बमोजिम झिकाई बुझी इन्साफ गरी पाउँ ।

१४. कास्की जिल्ला पोखरा उप.म.न.पा. वडा नं. १ वागबजार टोल बस्ने बासुदेव पौडेल .....
रूपन्देही जिल्ला बुटवल न.पा. वडा नं. १० बस्ने लक्ष्मीप्रसाद ज्ञवाली .....
नवलपरासी जिल्ला गैडाकोट गा.वि.स.वडा नं. १ बस्ने किर्तिनाथ चालिसे .....
नवलपरासी जिल्ला मुकुन्दपुर गा.वि.स.वडा वडा नं. १ बस्ने रामवहादुर हमाल .....
नवलपरासी जिल्ला सनई गा.वि.स. वडा नं. ३ बस्ने राम पलट प्रसाद चौधरी .....
नवलपरासी जिल्ला गैडाकोट गा.वि. स.वडा नं. ४ बस्ने रोहणभक्त अधिकारी .....
नवलपरासी जिल्ला गैडाकोट गा.वि.स. वडा नं. ५ बस्ने मदनभक्त अधिकारी .....
नवलपरासी जिल्ला गैडाकोट गा.वि. स.वडा नं. ४ बस्ने मोहनभक्त अधिकारी.....
नवलपरासी जिल्ला गैडाकोट गा.वि. स.वडा नं. ४ बस्ने कृष्णभक्त अधिकारी .....

नवलपरासी जिल्ला गैडाकोट गा.वि. स.वडा नं. ४ बस्ने सोहनभक्त अधिकारी .....
नवलपरासी जिल्ला गैडाकोट गा.वि. स.वडा नं. ४ बस्ने महेन्द्रभक्त अधिकारी .....
सरकारी पर्ति जग्गा दर्ता गरी गराई भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।१०।२९
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रस्तुत मुद्दाका प्रतिवादीहरू उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) र दफा २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ज) बमोजिम सजाय हुन मागदावि लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिने गरी फैसला भएको ।

फैसलाका आधारहरू:

(क) भूमिसुधार शाखा नवलपरासीले तत्कालीन गाउँ पञ्चायत, गैडाकोटलाई मिति २०३४।५।६ मा गैडाकोट गा.वि.स. वडा नं. २ (क) कि.नं. ३६ समेतका जग्गाको २०३४ साल देखिकै वाली रोक्का राख्नु भनी लेखेको पत्रबाट उक्त कि.नं. को जग्गा पर्ति नभई सो जग्गाको हकभोग चलन निज सूर्यभक्त अधिकारीको भएको पुष्टि भएको ।

(ख) निज २०१८ सालमा जेलमा परेका र सो अवधिमा ७ नं. फाँटवारी भर्न नसक्ने अवस्था देखिएको, फिल्डबुकमा जग्गा धनी भनी जनिएका व्यक्तिहरूबाट हकदाबीका लागि उपस्थित नभएका, एकतर्फी लगतको १९ नं. मा सूर्यभक्तको नाममा जग्गा भएको देखिएको अवस्थाबाट निजको नाममा उक्त कि.नं. ३६ को जग्गा दर्ता गर्ने कार्य कानून विपरित भएको नदेखिएको ।

(ग) सूर्यभक्त अधिकारीको नाममा कि.नं. ३६ को जग्गा दर्ता गरेको कार्य गैरकानूनी नभएको र सो कार्यमा प्रतिवादीहरूको बदनियत रहेको भन्ने ठोस प्रमाण प्रस्तुत हुन नसकेको हुँदा बदनियत तत्वको अभावमा अभियोग मागदाबी प्रमाणित हुन नसक्ने ।

पुनरावेदनका आधारहरू:

(क) जिल्ला नवलपरासी गैडाकोट गा.वि.स.वडा नं. २(क) कि.नं. ३६ समेतका सार्वजनिक नदी किनारा समेतका जग्गाहरू मालपोत कार्यालय, नवलपरासीका कर्मचारीहरू र गैडाकोट निवासी सूर्यभक्त अधिकारी समेतको मिलेमतोमा आफू र आफ्ना नातेदारहरूको नाममा दर्ता गरी, गराई भ्रष्टाचार गरेको हुँदा कारवाही गरीपाउँ भन्ने उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विस्तृत अनुसन्धान भई जि. नवलपरासी गैडाकोट गा.वि.स.वडा नं. २(क) कि.नं. ३६ को क्षेत्रफल ७२-१४-०-० रोपनी जग्गा २०२९ सालमा नापी हुँदा क्षेत्रीय कितावमा पर्ति जनिएको, सो जग्गा आफ्नो हक भोगमा रहेको र आफू सर्वश्व हरणमा परी उक्त जग्गा आफ्नो नाममा नापी गराउन छुट भएकोले छुट जग्गा नापी

दर्ता गरीपाउ भनी जि.नवलपरासी, गैडाकोट गा.वि.स.वडा नं. ५ बस्ने सूर्यभक्त अधिकारीले तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्री समक्ष दिएको निवेदनका आधारमा मालपोत कार्यालय, नवलपरासीको मिति २०५७।२।२ को निर्णयले उक्त जग्गा निज सूर्यभक्त अधिकारीको नाममा छुट जग्गा दर्ता गरिदिने गरी भएको निर्णय गैरकानूनी भएको पुष्टि हुन आएकाले मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम उक्त गैरकानूनी निर्णय बदर गरी सो कार्यमा संलग्न बासुदेव पौड्याल समेत उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ र हालको भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सजाय हुन मागदाबी लिई आयोगको तर्फबाट विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएको ।

(ख) जिल्ला नवलपरासी गैडाकोट गा.वि.स. वडा नं. २(क) कि.नं. ३६ को क्षेत्रफल ७२-१४-०-० रोपनी जग्गाको २०२९।१२।९ को सर्भे नापी अनुसार फिल्डवुकमा जोताहाको नाम खाली, जग्गा धनीमा पार्वती शर्मा, रेखादेवी शर्मा, शान्तिदेवी श्रेष्ठ, विरहमा पर्ति जनिएको मिसिल संलग्न फिल्डवुकको प्रतिलिपिबाट देखिएको र मालपोत कार्यालय, नवलपरासीबाट मिति २०४९।१०।१ मा ३५ दिने हकदाबीको सूचना प्रकाशित भएकोमा तोकिएको मिति सम्म कोही कसैबाट हकदाबीको निवेदन पेश नभएको र मिति २०४९।१२।१० मा तत्कालीन गैडाकोट गाउँ पंचायतको आकस्मिक बैठक वसी उक्त कि.नं. ३६ को जग्गा सार्वजनिक नारायणी बगर, पानीघाट, मसानघाट, विजय युवा क्लबको वृक्षारोपण, ट्रेड युनियनको वृक्षारोपण, पावर हाउस, नारायणी पुल समेत भएको हुँदा दर्ताको कारवाही बदर गर्न मालपोत कार्यालय, नवलपरासी र जिल्ला प्रशासन कार्यालय, नवलपरासीलाई मिति २०४९।१२।१० को पत्रद्वारा जानकारी गराएको देखिन्छ ।

मालपोत कार्यालय, नवलपरासीको मिति २०४९।१०।२३ को पत्रबाट निज सूर्यभक्त अधिकारीलाई आफ्नो दाबीको जग्गाका सम्बन्धमा ७ नं. फाँटवारी प्रमाणित नक्कल, २ नं. रसिद सक्कल, एकहर्फी लगत, साविक मोठ उतार, जोतभोग सम्बन्धी गा.वि.स.को सिफारिस, नागरिकताको प्रतिलिपि, नक्सा प्रिन्ट लगायतका हकाधिकार सम्बन्धी प्रमाण पेश गर्न सूचित गरिएकोमा निजका तर्फबाट ७ नं. फाँटवारी र एकहर्फि लगतमात्र पेश भई अन्य कागजातहरू पेश नभएको देखिन्छ । पेश भएको ७ नं. फाँटवारीमा गैडाकोट गा.वि.स.वडा नं. २ मा सूर्यभक्त अधिकारीको नाममा जग्गा रहे भएको नदेखिएको र एकहर्फि लगतमा समेत कि.नं. ३६ को जग्गा सूर्यभक्त अधिकारीको हो भनी यकिन रूपमा खुल्न आएको छैन ।

तत्कालीन प्रमुख मालपोत अधिकारी लक्ष्मीप्रसाद ज्ञवालीले उक्त जग्गाको स्थलगत निरीक्षण गरी सो जग्गा निवेदकको हकभोगको जग्गा हो, दर्ता गरिदिन उपयुक्त छ भनी मिति २०५३।६।१६ मा प्रतिवेदन पेश गरेको आधारबाट छुट जग्गा दर्ता सिफारिस समितिको मिति २०५३।८।७ को बैठकबाट ७ नं. फाँटवारी यकीन गरी कि.नं. ३६ को जग्गा सूर्यभक्त अधिकारीको नाममा दर्ता गर्न सिफारिस भएको र प्रमुख मालपोत अधिकारी बासुदेव पौडयालबाट मिति २०५७।२।२ गतेका दिन उक्त जग्गा निवेदक सूर्यभक्त अधिकारीको नाममा दर्ता गरिदिने गरी निर्णय भएको देखिन्छ ।

ग) छुट जग्गा दर्ता गर्ने सम्बन्धमा मालपोत ऐन, २०३४ को दफा ७(२) ले जग्गा नापजाँच ऐन, २०१९ बमोजिम नाप नक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा उक्त जग्गाको साविक दर्ता, तिरो र भोग समेतको आवश्यक छानबिन गरी दर्ता गर्न सकिने व्यवस्था गरेको छ भने मालपोत नियमावली, २०३६ को नियम ४(क) ले त्यसरी छुट जग्गा दर्ताका लागि जग्गाधनीले जग्गाको साविक दर्ता वा प्रमाण, तिरो तिरेको निस्सा वा प्रमाण, ७ नं. फाराम समेतका आधार प्रमाणहरू सहित सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिनु पर्ने र मालपोत कार्यालयले सम्बन्धित गाउँ विकास समिति समेतलाई बुझी आवश्यक निर्णय गर्ने कानूनी व्यवस्था रहेकोमा निवेदकले उल्लिखित सम्पूर्ण कागज प्रमाण नराखी मन्त्री समक्ष दिएको निवेदनका आधारमा मालपोत कार्यालय, नवलपरासीले सूर्यभक्तका नाममा जग्गा दर्ता गर्ने गरी गरेको निर्णय कानून विपरित छ ।

(घ) निवेदक सूर्यभक्त अधिकारीले कि.नं. ३६ को जग्गा दाबीका लागि मालपोत कार्यालय, नवलपरासीमा पेश गरेको प्रमाणहरूमा मिति २०२२।९।१९ को ७ नं. फाँटवारी, एकहर्फी लगत उतार र भूमिसुधार शाखा नवलपरासीको मिति २०३४।५।६ को वाली रोक्का राख्नका लागि तत्कालीन गाउँ पञ्चायत गैडाकोटलाई लेखिएको पत्र बाहेक निजको भोगाधिकार प्रमाणित हुने अन्य वस्तुनिष्ट आधार प्रमाणहरू पेश गर्न सकेका छैनन् । निवेदक स्वयमले पेश गरेको ७ नं. फाँटवारीमा निवेदक, निजकी श्रीमती र अन्य छोरा छोरी समेतका नाममा नेपाल अधिराज्य भरमा रहेका जग्गाको विवरणहरू मध्ये जि.नवलपरासी गैडाकोट गा.वि.स.वडा नं. २ को कि.नं. ३६ को जग्गा निजको हकभोग, स्वामित्वको हो भन्ने कही कतै खुलेको अवस्था नरहेको र निजको उक्त गा.वि.स.वडा नं. २ मा कुनै जग्गा रहेको भन्ने समेत देखिएको छैन । पेश भएको एकहर्फी लगत उतारबाट समेत कि.नं. ३६ को जग्गा निवेदक सूर्यभक्त अधिकारीको हो भन्ने यकीन हुन सकेको देखिँदैन । विवादित जग्गको म नै हकवाला हुँ भनी दाबी गर्नेले आफ्नो हकभोग, चलन, तिरोको प्रमाण लगायतका स्वामित्व प्रमाणित हुने आधार प्रमाणहरू पेश गर्नुपर्ने दायित्व निवेदककै हुनेमा पेश भएको आधारहरू प्रमाणहरूबाट कि.नं. ३६ को जग्गा निवेदकको हो भन्ने निर्विवादरूपमा प्रमाणित हुने प्रमाण कागज निजले पेश गर्न सकेको देखिँदैन । "विवादीत जग्गामा वादीको साविकदेखिको दर्ता हक भोग रहेको भन्ने ठोस प्रमाण पनि वादीले पुऱ्याउन सकेको पाइदैन । कुनै पनि जग्गा जमिनमा जवसम्म कुनै व्यक्ति विशेषको हक भोग छ भन्ने तथ्यको भरपर्दो प्रमाण पेश हुँदैन तवसम्म कुनै पनि पर्ति जनिएको जग्गालाई सार्वजनिक ऐलानी जग्गा मान्नु पर्ने" (ने.का.प. २०५४, नि.नं. ६४७९ अं. १२, पृ.६७८) भनी प्रतिपादीत सिद्धान्त समेतबाट निवेदक सूर्यभक्त अधिकारीले आफ्नो स्वामित्व प्रमाणित हुने ठोस आधार प्रमाण पेश गर्न नसकेको अवस्थामा विवादित जग्गा निजको नाममा दर्ता गरिदिने गरी मालपोत कार्यालय, नवलपरासीले मिति २०५७।२।२ मा गरेको निर्णय त्रुटिपूर्ण रहेको छ ।

(ङ) प्रस्तुत विवादित जग्गाका सम्बन्धमा फिल्डबुकमा जग्गा धनिको महलमा पार्वती शर्मा, रेखादेवी शर्मा र शान्तिदेवी श्रेष्ठको नाम उल्लेख भएको र ३५ दिने हकदाबीको सूचना अनुसार निजहरू हकदाबी गर्न नआएको भन्ने प्रस्तुत फैसलाको निर्णयाधारका सम्बन्धमा उल्लिखित मानिसहरूको नाम फिल्डबुकमा पछि थप भएको भन्ने आरोपपत्रमै उल्लेख भएको र सो तथ्यलाई राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त भएको हस्ताक्षर परीक्षण प्रतिवेदन अनुसार उल्लिखित

नामहरू पछि थपिएको भन्ने देखिएको हुँदा सो प्रमाणित तथ्यप्रति फैसला मौन देखिन्छ । यसबाट उल्लिखित कि.नं. ३६ को जग्गा सार्वजनिक पर्ति होइन भनी भ्रम पार्न पछि काल्पनिक नाम लेखिएको तथ्य प्रमाणित भएको छ । जग्गाधनी भनी फिल्डवुकमा नाम लेखिएका मानिसहरूले हकदाबी गर्न उपस्थित नभएको भन्ने आधारबाट सो जग्गामा प्रतिवादी सूर्यभक्त अधिकारीको स्वामित्व रहेको भन्ने निष्कर्षमा पुग्न मिल्ने होइन । अर्को तर्फ निवेदक थुनामा रहेका अवस्थामा ७ नं. फाँटवारी भर्न नसक्ने कुरामा प्रस्तुत फैसला सहमत भएको देखिन्छ । तर गैडाकोट गा.वि.स.कै वडा नं.२ को कि.नं. २१, वडा नं. ५ को कि.नं. ५३, वडा नं. ८ को कि.नं. ११५ लगायतका जग्गाहरू निवेदक सूर्यभक्त र निजका एका सँगोलका परिवारको नाममा दर्ता भएको अवस्था देखिँदा कि.नं. ३६ मात्र निजको नाममा नापी हुन नसक्नु पर्ने कारण निज थुनामा रहेकोले छुट भएको हुन सक्ने भन्नु प्रामाणिक नभई मनोगत आधार मात्र हुन सक्दछ । त्यसैगरी भुमिसुधार शाखा, नवलपरासीको मिति २०३४।५।६ को वाली रोक्का राख्न गैडाकोट गा.वि.स.लाई पत्र लेखेको आधारबाट उक्त जग्गा सूर्यभक्तको नाममा रही सर्वश्वमा परेको जग्गा हो भनी प्रस्तुत फैसलामा आधार लिइएको सन्दर्भमा उक्त पत्रमा गैडाकोट गा.वि.स.का कि.नं. ३६ र १५२ का जग्गाको वाली रोक्का राख्न लेखिएकोमा सूर्यभक्त अधिकारीले कि.नं. ३६ को जग्गाको मात्र दर्ता गरीपाउन मागदाबी लिई कि.नं. १५२ को हकमा कुनै दाबी लिएको देखिँदैन । गा.वि.स.लाई वाली रोक्का राख्न पत्र लेखिएको आधारबाट मात्र उक्त जग्गाहरूमा निवेदकको स्वामित्व रहेको अनुमान गर्न सकिने होइन, अन्य प्रमाणहरूबाट स्वामित्व प्रमाणित हुन सकेको छैन । गा.वि.स. गैडाकोटलाई वाली रोक्का राख्न भूमिसुधार शाखाबाट लेखी पठाइएका जग्गाहरू मध्येको कि.नं. १५२ को जग्गाको फिल्डवुकमा वगर जनिई मालपोत कार्यालय, नवलपरासीको मिति २०५१।४।२५ को निर्णयले नेपाल सरकारको नाममा दर्ता भएको भन्ने सो जग्गाको फिल्डवुक उतारबाट देखिएको हुँदा वाली रोक्का पत्रकै आधारमा विवादित जग्गा आवादी रही निवेदकको हक भोगको हो भन्ने आधारमा भएको फैसला त्रुटिपूर्ण छ ।

(च) विधिशास्त्रीय दृष्टीकोणबाट भोग (possession) र स्वामित्व (ownership) अलग अलग विषयवस्तु हुन । भोगाधिकार मात्र स्वामित्वको अकाट्य आधार वन्न सक्दैन । स्वामित्व प्राप्तिका विभिन्न आधार मध्ये भोग पनि एक आधारसम्म हो । प्रस्तुत विवादीत जग्गाका सम्बन्धमा सर्जमिनका केही मानिसहरूले कि.नं. ३६ को जग्गा सूर्यभक्त अधिकारीकै हकभोगको जग्गा हो भनी मौखिक रूपमा लेखाइदिएको अवस्था भए पनि सो भनाइलाई समर्थन गर्ने अन्य लिखित आधार प्रमाण मिसिल संलग्न छैन । गैडाकोट गा.वि.स.को मिति २०४९।१२।१० गतेको पत्रबाट कि.नं. ३६ को जग्गामा नारायणी नदीको बगर, पानीघाट, मसानघाट, क्लव, बृक्षारोपण, गौचरण, सुकुम्वासी वसोवास क्षेत्र समेत रहेको सार्वजनिक जग्गा भएकोले दर्ता रोक्का गर्न मालपोत कार्यालयलाई लेखी पठाएको देखिदा सर्जमिनका मानिसहरूको भनाइ समेत विश्वासलायक देखिँदैन । मालपोत कार्यालयले छुट जग्गा व्यक्तिको नाममा दर्ता गर्नु पूर्व सम्बन्धित गा.वि.स.समेत बुझी निर्णय गर्नुपर्ने कानूनी प्रकृया रहेकोमा सो प्रकृया अवलम्बन नगरी केवल सर्जमिनका मानिसहरूको मौखिक कथनका अधारमा सूर्यभक्त अधिकारीको हक भोगको जग्गा भनी निजकै नाममा छुट दर्ता गरिदिने गरी निर्णय भएको देखिन्छ । "भोग चलनले मात्र स्वामित्व प्राप्त हुन नसक्ने .... हक स्वामित्वका लागि विवादको सम्पत्तिसँग सम्बन्धित प्रत्यक्ष प्रमाण हुन आवश्यक छ र त्यस्तो प्रमाणका अभावमा भोग लगायतका

आधारहरू केवल गौण तथा झिनो प्रमाण हुने" (ने.का.प. २०५१, नि.नं. ४७०१ अं. २ पृ. १०८) भनी सम्मानित सर्वोच्च अदालतबाट भएको व्याख्याबाट समेत ठोस प्रमाणको अभावमा केवल निवेदकको भोगको जग्गा हो भनी छुट दर्ता गरिएको कार्यलाई वैध ठहर गरी भएको फैसला न्यायका मान्य सिद्धान्त विपरित हुँदा बदरभागी छ ।

(छ) मिसिल संलग्न मिति २०५८।१०।१९ गते नवलपरासी जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको निवेदक सूर्यभक्त अधिकारीको सर्वश्व भएको सम्पत्ति मुल्यांकन समितिको बैठकको निर्णय अनुसार सूर्यभक्त अधिकारीको गैडाकोट गा.वि.स. वडा नं. ४, ५, ८ र ९ मा ३०० रोपनी, मुकुन्दपुर गा.वि.स. स्थित ४ विगाहा र तनहु जिल्ला तनहुसुर गा.वि.स.स्थित अन्दाजी १० रोपनी जग्गा लगायत गैडाकोट गा.वि.स. स्थित घर, गाई वस्तु, भाँडाकुडा जफत भएको भन्ने उल्लेख भएको देखिँदा निजको जिकिर बमोजिम गैडाकोट गा.वि.स.वडा नं. २ को उल्लिखित कि.नं. ३६ को जग्गा जफत भएको भन्ने निजको भनाइ विश्वासप्रद देखिँदैन । त्यसैगरी भूमिसुधार कार्यालय, नवलपरासीको मिति २०४०।१।४ को पत्रबाट निज सूर्यभक्त अधिकारीको सर्वश्व हरण भई रोक्का भएका जग्गाको विवरण सहित हदवन्दी सम्बन्धमा सोधिएको स्पष्टीकरणका सम्बन्धमा निजका वारेस वालचन्द्र आचार्य मार्फत भुमिसुधार शाखा, नवलपरासीमा पेश भएको लिखित स्पष्टीकरणमा आफ्नो सम्पत्ति सर्वश्व हुँदा गैडाकोट गा.वि.स. वडा नं. ५ को एक कित्ता मात्र सर्वश्व भएको भनी उल्लेख भएको र सो गा.वि.स. वडा नं. २ कि.नं. ३६ को जग्गा सर्वश्व हरणमा परेको भनी उल्लेख गर्न नसकेको अवस्थामा आफूले एकपटक लिखित रूपमै स्वीकार गरिसकेको तथ्य भन्दा फरक व्यहोरा उल्लेख गरी कि.नं. ३६ को जग्गा पनि सर्वश्वमा परेको भनी दाबी लिन निवेदक विवन्धित हुन्छन । यस सम्बन्धमा "एक पटक आफूले स्वीकार गरी सकेको कुरालाई इन्कार गर्नु समन्याय (Equity) र सहबीचार (Good conscience) समेतका विरुद्ध मानिन जान्छ र यस्तो काम गर्न व्यक्तिलाई विवन्धनको सिद्धान्त समेतले रोक्ने" (ने.का.प.२०४० नि.नं. १८४२, अं. १२ पृ.८५२), "एक पटक अधिकार प्राप्त अधिकारी समक्ष वादीको वारेसले विवादित जग्गामा निजको स्वामित्व तथा भोग नभएको कुरा उल्लेख गरी सकेपछि निज वादीको दाबी प्रतिवादी विरुद्ध पुग्न नसक्ने" (ने.का.प.२०४०, नि.नं.१८४२,अं.१२, पृ.८५२) भनी प्रतिपादीत नजिर सिद्धान्त समेतबाट निवेदक सूर्यभक्त अधिकारी स्वयम्ले लिखित रूपमै स्वीकार गरिसकेको तथ्य भन्दा विपरीत आफ्नो हक भोग र स्वामित्वनै नभएको जग्गालाई आफ्नो भोगको जग्गा भनी पेश भएको निवेदनका आधारमा जग्गा दर्ता गरिदिने गरी भएको निर्णय र सोलाई सदर गर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ज) सूर्यभक्त अधिकारीको स्वामित्वको जग्गा हो भन्ने स्पष्ट प्रमाणित हुन सक्ने कानूनसम्मत आधार प्रमाणहरू विना निजको नाममा दर्ता हुन छुट भएको भनी जि.नवलपरासी गैडाकोट गा.वि.स.वडा नं. २(क) कि.नं. ३६ को जग्गा निजका नाममा गैरकानूनी रूपमा दर्ता गरिदिने कार्यमा संलग्न विरुद्ध खण्डका प्रतिवादीहरू उपरको अभियोग माथि प्रकरणमा विवेचित तथ्यहरूबाट बदनियतपूर्ण एव्म भ्रष्टाचारजन्य कार्य भएको हुँदा उल्लिखित आधार र प्रमाणहरूबाट निवेदक सूर्यभक्त अधिकारीको नाममा दर्ता गर्न नमिल्ने जग्गालाई निजको हक भोगको हो भनी झूट्ठा व्यहोराको स्थलगत सर्जमिन, सिफारिस एवम् निर्णय समेत गरी नेपाल

सरकारको स्वामित्वको सार्वजनिक जग्गालाई व्यक्तिको नाममा दर्ता गरिदिने कार्यमा संलग्न प्रतिवादीहरू बासुदेव पौडेल, लक्ष्मी प्रसाद ज्ञवाली, राम बहादुर हमाल, राम पलट प्रसाद चौधरी र किर्तिनाथ चालीसे समेत उपरको कसूर प्रमाणित भइरहेको तर्फ मौन रही भएको फैसला त्रुटिपूर्ण छ ।

१५ नवलपरासी जिल्ला गैडाकोट गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भएका चेतनाथ शर्मा गौडेल ..... नवलपरासी गैडाकोट गा.वि.स.वडा नं. ४ बस्ने गैडाकोट गा.वि.स.का तत्कालीन उपाध्यक्ष टोलनाथ घिमिरे.....
सरकारी पर्ति जग्गा दर्ता गरी गराई भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।१०।९
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रस्तुत मुद्दाका प्रतिवादीहरू उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिम सजाय हुन मागदावि लिई विशेष अदालतमा मुद्दा दायर गरीएकोमा प्रतिवादीमध्ये बासुदेव पौड्याललाई कसूरदार ठहर गरी अर्का प्रतिवादीहरू टोलनाथ घिमिरेलाई सफाइ दिई उक्त अदालतबाट फैसला भएको ।

फैसलाका आधारहरू:

(क) प्रतिवादी चेतनाथ शर्मा गौडेलले छुट जग्गा दर्ता गराउन निवेदनसम्म दिएको, पर्ति भएको कि.नं. ४६ को जग्गा मालपोत ऐन, २०३४ को दफा २९(२) अनुसार स्वत: बदर हुने र बदनियत देखिने तत्वको अभावमा मागदाबी बमोजिमको कसूर ठहर गर्न न्यायोचित नभएको ।

(ख) प्रतिवादी टोलनाथ घिमिरेको हकमा छुट जग्गा दर्ता समितिको सदस्यको हैसियतले जग्गा दर्ता गर्न सिफारिस सम्म गरेको, सो जग्गा चेतनाथको भोगचलनमा रहेको सिफारिसको आधार प्रमाणलाई दृष्टिगत गरी सिफारिस गरेको र निजले बदनियत चिताई सिफारिस गर्ने कार्यमा संलग्न रहेको पुष्टि हुन नसकेको ।

पुनरावेदनका आधारहरू:

(क) जि. नवलपरासी गैडाकोट गा.वि.स.वडा नं. १,२ र ३ का अधिकांश नारायणी नदी किनारका सार्वजनिक जग्गा मालपोत कार्यालयका कर्मचारी र स्थानीय मानिसको मिलेमतोमा दर्ता गरी गराई भ्रष्टाचार भएको भन्ने उजुरीका आधारमा आयोगबाट विस्तृत अनुसन्धान तहकीकात भई जिल्ला नवलपरासी, गैडाकोट गा.वि.स.वडा नं. १ (ख) कि.नं. ४६ को क्षेत्रफल २-१५-२-० रोपनी जग्गा चेतनाथ शर्मा गोडेलको नाममा छुट जग्गा दर्ता गर्ने गरी मालपोत कार्यालय, नवलपरासीबाट मिति २०५४।९।२८ मा भएको निर्णय गैरकानूनी भई सो कार्यमा संलग्न विरुद्ध

खण्डका प्रतिवादीहरू समेत उपर आयोगबाट विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भएको ।

(ख) जि.नवलपरासी गैडाकोट गा.वि.स. वडा नं. १(ख) कि.नं. ४६ को क्षेत्रफल २-१५-२-० रोपनी जग्गा मिति २०२९।१२।१० मा नापी हुँदा फिल्डबुकमा पर्ति जनिई जग्गाधनीको महल खाली देखिएको छ । उक्त जग्गा दाता काले कुमालको हक पुग्ने कानून बमोजिमको कुनै लिखत प्रमाण पेश हुन नसकेको र काले कुमालसँगको घरायसी लिखतका आधारमा सो जग्गामा प्रतिवादी चेतनाथ शर्मा गौडेलको स्वामित्व स्थापित हुन नसक्ने भन्ने तथ्यमा विशेष अदालत सहमतनै देखिएको र छुट जग्गा दर्ता गर्ने सम्बन्धमा विद्यमान ऐन, नियम र निर्देशिका बमोजिमका प्रकृयाहरू अवलम्बन नगरी नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने कार्यमा संलग्न तत्कालीन मालपोत अधिकृत बासुदेव पौडेल उपर तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) विपरितको कसूर ठहर समेत भइसकेको हुँदा कि.नं. ४६ को जग्गा प्रतिवादी चेतनाथ शर्मा गौडेलको स्वामित्वको होइन भन्ने तथ्य स्थापित भइसकेको छ ।

(ग) प्रतिवादी चेतनाथ गौडेलले छुट जग्गा दर्ताका लागि पेश गरेको निवेदन साथ २०३० सालको काले कुमालसँग भएको रु. १५००।- को घरसारको लिखतलाई कि.नं. ४६ को जग्गा आफ्नो स्वामित्व रहेको देखिने प्रमाण भनी उल्लेख गरेका छन् । त्यसरी पेश भएको घरसारको लिखतले कानूनी हैसियत प्राप्त गर्न नसक्ने तथ्यमा विशेष अदालत सहमतनै रहेको देखिँदा सार्वजनिक पर्ति जग्गालाई आफ्नो नाममा हक कायम गराउने उद्देश्यले प्रतिवादी चेतनाथ शर्माले दुषित मनसायबाट झूटो व्यहोराको लिखतका अधारमा आफ्नो हक नपुग्ने सार्वजनिक जग्गा आफ्नो नाममा दर्ता गराएको कार्यबाट सो काममा निजको बदनियत रहेको स्पष्ट भएको छ । छुट जग्गा दर्ताका लागि आफ्नो हकाधिकार प्रमाणित हुने ७ नं. फाँटवारी, तिरो तिरेको निस्सा प्रमाण, साविक दर्ता लगतबाट आफ्नो स्वामित्व देखिने जस्ता कानूनत: अनिवार्य रूपमा पेश गर्नुपर्ने कागज प्रमाण पेश नगरी आफूले जग्गा भोग गरेको भनेको समय भन्दा २४ वर्ष पछि प्रमुख मालपोत अधिकृत बासुदेव पौड्याल आफ्नो भिनाजु नाताको मानिस भएको अनुकुल मौका पारी छुट जग्गा दर्ताको निवेदन गरी सरकारको नाममा दर्ता हुने सार्वजनिक जग्गा आफ्नो नाममा दर्ता गराएको तथ्यलाई उपेक्षा गरी बदनियत तत्वको अभाव भनी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसलाको निर्णयाधार तर्कसँगत मान्न सकिने अवस्था छैन ।

(घ) साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र सो व्यवस्थालाई निरन्तरता दिने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) ले आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियत गरेको कार्य भ्रष्टाचार जन्य कसुर हुने व्यवस्था गरेको छ । प्रतिवादी चेतनाथ शर्मा गौडेलका विरुद्धको प्रस्तुत मुद्दामा निजले गैडाकोट गा.वि.स.वडा नं. १(ख) कि.नं. ४६ को जग्गा आफ्नो स्वामित्व प्रमाणित हुने कागज प्रमाणको अभावमा मालपोत कार्यालय प्रमुख समेतको मिलेमतोमा आफ्नो नाममा दर्ता गराई नेपाल सरकारलाई गैरकानूनी हानी र आफूलाई गैरकानूनी लाभ पुऱ्याएको भन्ने रहेको छ । निजको उक्त कार्यमा बदनियत तत्वको विद्यमानता रहेको तर्फ निजले कानूनत: छुट जग्गा दर्ताका लागि अनिवार्य रूपमा पेश गर्नुपर्ने कागज प्रमाणहरू पेश गर्न नसकेको, काले कुमालबाट रु. १५००।- मा २०३० सालमा जग्गा लिइएको भनिएको घरायसी लिखतको झूटो

प्रमाण पेश गरेको, आफूले जग्गा प्राप्त गरेको भनेको समयबाट २४ वर्ष पछि मात्र अनुकुल अवस्था मिलाई छुट जग्गा दर्ताका लागि निवेदन पेश गरेको, आफ्नो भिनाजु नाताका मालपोत कार्यालय प्रमुखबाट कानून बमोजिम अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधिको अवलम्बन नगरी आफ्नो नाममा छुट जग्गा दर्ता गराएको समेतका मिसिल संलग्न आधार प्रमाणहरूबाट निजको सो कार्यमा बदनियत रहेको तथ्य स्पष्ट देखिएको हुँदा उल्लिखित तथ्यहरूको मूल्यांकन विश्लेषण नगरी भएको फैसला त्रुटिपूर्ण रहेको छ । साथै, मालपोत ऐन, २०३४ को दफा २४(२) बमोजिम स्वत: बदर हुने प्रकृतिको जग्गाका सम्बन्धमा सो ऐनको दफा २९(२) नं. बमोजिम स्वत: बदर हुने भनी प्रयोग नै हुन नसक्ने दफा उल्लेख गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ङ) अर्का प्रतिवादी टोलनाथ घिमिरे तत्कालीन गैडाकोट गा.वि.स.का उपाध्यक्ष भई राष्ट्र सेवकको रूपमा कार्यरत रहेका र प्रस्तुत चेतनाथ शर्मा गौडेलका नाममा गैडाकोट गा.वि.स.वडा नं. १(ख) कि.नं. ४६ को जग्गा छुट दर्ताका लागि सिफारिस समितिमा गैडाकोट गा.वि.स.का प्रतिनिधिको हैसियतले उपस्थित भई सिफारिस गरेको देखिन्छ । छुट जग्गा दर्ता समितिले छुट जग्गा व्यक्तिका नाममा दर्ताका लागि सिफारिस गर्नुपूर्व निवेदकले दर्ताका लागि माग गरेको जग्गामा निजको स्वामित्व प्रमाणित हुने ७ नं. फाँटवारी, तिरो तिरेको निस्सा, साविक दर्ता श्रेस्ता जस्ता अनिवार्य रूपमा पेश हुनुपर्ने कागज प्रमाणको आधारबाट निवेदकको निर्विवाद रूपमा स्वामित्व प्रमाणित भएको अवस्थामा मात्र त्यस्तो जग्गा व्यक्तिका नाममा दर्ता गर्न सिफारिस गर्नुपर्नेमा अनाधिकार रूपमा मालपोत कार्यालय प्रमुख बासुदेव पौड्याल र निज टोलनाथ घिमिरेले मात्र छुट जग्गा दर्ता समितिका तर्फबाट सिफारिस गरेको देखिन्छ । समिति गठनको प्रकृया नै कानून सम्मत नभई अवैधानिक समितिको सदस्य भई निवेदक चेतनाथ शर्मा गौडेल र मालपोत प्रमुख बासुदेव पौड्याल समेतसँगको मिलेमतोमा पर्ति जग्गालाई चेतनाथ गौडेलको नाममा दर्ता गर्न सिफारिस गरी चेतनाथ शर्मा गौडेललाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानी पुऱ्याउने कार्यमा प्रतिवादी टोलनाथ घिमिरेको प्रत्यक्ष संलग्नता रहेको र जनप्रतिनिधिको हैसियतले कानून विपरितको कार्य जानीजानी गरी व्यक्तिलाई लाभ र नेपाल सरकारलाई हानी पुऱ्याउने गरी प्रतिवादीबाट भएको कार्यमा बदनियत तत्वको अभाव रहेको भनी मनोगत आधारमा भएको फैसला बदरभागी छ ।

१६ जिल्ला कास्की, पोखरा उपमहानगरपालिका वडा नं. ८, सुन्दरमार्ग चिप्लेढुङ्गा बस्ने हर्कलाल श्रेष्ठको छोरा श्री कम्प्लेक्स प्रा.लि.पोखराका प्रवन्धक निर्देशक झलकलाल श्रेष्ठ ..... गैरकानूनी रूपमा सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।१०।८
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रतिवादी झलकलाल श्रेष्ठले पोखरा उपमहानगरपालिकालाई हानी र आफूलाई फाईदा पुग्ने गरी भ्रष्टाचारजन्य कसूर गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूरमा सोही दफा ८(४) बमोजिम सजाय हुने मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट वादी दाबी नपुग्ने भनी निज प्रतिवादीलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू:

(क) पोखरा उपमहानगरपालिका र श्री कम्प्लेक्स बीच २०५७।६।३ मा सम्झौता भई सोही पक्ष बीच केहि अन्य सुधिवा उपलब्ध गराउनका लागि भनी २०६०।६।५ मा थप सम्झौता भएको पाइएको । उक्त थप सम्झौताले अघिल्लो सम्झौताको ५ वर्षे म्यादमा ५ वर्ष बढाई १० वर्ष कायम गरेको हुँदा सम्झौताको अवधि २०६७।६।२ सम्म कायम भएबाट सम्झौताको अवधि भुक्तान भइसकेको नदेखिएको ।

(ख) पक्षहरू बीच करार भई करारीय दायित्व पुरा गर्ने गराउने कुरामा विवाद भएमा मध्यस्थताको माध्यमबाट समाधान गराउने भनी करारनामामै उल्लेख भएकोबाट भ्रष्टाचारमा मुद्दा चल्न नसक्ने ।

पुनरावेदनका आधारहरू:

(क) पोखरा उपमहानगरपालिका र श्री कम्प्लेक्स प्रा.लि.बीच पोखरा नगर क्षेत्र भित्र तरकारी तथा फलफुल बजारको उचित व्यवस्थापन गर्न गाउँ-नगर साझेदारी विकास कार्यक्रम (RUDP) अन्तर्गत मिति २०५७।६।३ मा ५ वर्षे समयावधि निर्धारण गरी सम्झौता भएको र पुन: २०६०।६।५ मा थप सम्झौता भई अरू ५ वर्ष समयावधि थप भएको सम्झौता पत्रहरूबाट देखिएको छ । यसै बीच सोहि कार्यक्रम अन्तर्गत शौचालय, सेड, ढल नाली निर्माण आपतकालिन बत्ति जडान, जेनेरेटर व्यवस्था, पार्किङ्ग क्षेत्र व्यवस्थापन, करिडोर छाना तथा ट्रस निर्माण कार्यको लागि PPPUE (Public Private Partnerships for Urban Environment) को नीति अनुसार नगरपालिकाबाट रु. १३ लाख र सम्बन्धित नीजि क्षेत्र श्री कम्प्लेक्सबाट रु. १२ लाख लगानी गर्ने भनी आ.ब.०६०।६१ को स्वीकृत वार्षिक कार्यक्रम नं. ६ को (PPPUE) तर्फको बजेटबाट श्री कम्प्लेक्सलाई दुई किस्तामा रु. १३ लाख दिने निर्णय भई उल्लिखित निर्माण कार्य समेतका लागि २०६०।६।५ मा पोखरा उपमहानगरपालिका र श्री कम्प्लेक्स बीच २०६०।६।८ मा निर्माण कार्य शुरु गरी २०६०।९।७ मा सम्पन्न गर्ने शर्त निर्धारण गरी सम्झौता भई रु. १० लाख पहिलो किस्ता स्वरूप प्रतिवादीले भुक्तानी लिई निर्धारीत समयमा कार्य सम्पन्न नगरी पेश्की रकम समेत फछ्र्योट नगरी पोखरा उपमहानगरपालिकासँग गरेको शर्त सम्झौता पालन नगरेको भनी निज उपर भ्रष्टाचार मुद्दा दायर गरिएको हो ।

२०५७।६।३ र २०६०।६।५ मा भएको सम्झौताहरू फलफूल तथा तरकारी बजार व्यवस्थापन गर्ने प्रयोजनका लागि १० वर्षको समयावधि निर्धारण गरी भएका सम्झौताहरू हुन भने २०६०।६।५ मा भएको सम्झौता २०६०।६।८ मा निर्माण कार्य शुरु गरी २०६०।९।७ मा सम्पन्न गर्ने प्रयोजनका लागि छुट्टै रूपमा भएको सम्झौता हो । अत: सम्झौताको अवधि २०६७।६।२ सम्म रही अवधि भुक्तान भई नसकेको भन्ने आधार लिई प्रतिवादीलाई सफाइ दिई भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) राष्ट्रसेवक बाहेकको अरू कुनै व्यक्तिले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकार वा सार्वजनिक संस्था समक्ष गरेको कबुलियत सम्झौताको शर्त पालन नगरेमा त्यस्तो व्यक्तिलाई सजाय हुने भनी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) ले कानूनी व्यवस्था गरेको पाईन्छ । प्रतिवादीले पोखरा उपमहानगरपालिका समक्ष २०६०।६।५ मा गरेको सम्झौता पालन नगरी उक्त उपमहानगरपालिकालाई हानी र आफूलाई फाइदा पुऱ्याएको भन्ने तथ्यमा विवाद रहेको छैन । सम्झौताका पक्षहरू बीच क्षतिपूर्ति लगायत अन्य कुनै असामन्जस्यता उत्पन्न हुन गएको अवस्थामा मध्यस्थताद्वारा विवाद निराकरण गर्न गराउन सकिने हुन्छ । प्रचलित कानूनले कसूर मानेको कार्य मध्यस्थको क्षेत्राधिकार भित्र पर्न सक्दैन अर्थात, मध्यस्थद्वारा विवाद समाधान गर्ने भन्ने सम्झौताको शर्तले कानूनी व्यवस्थालाई निस्तेज पार्न नसक्ने हुँदा सम्झौतामा मध्यस्थद्वारा विवाद समाधान गर्ने कुरा उल्लेख भएकाले भ्रष्टाचारमा मुद्दा चल्न सक्ने होइन भन्ने निर्णयाधार लिई भएको फैसला कानूनसंगत छैन ।

१७. जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं. १३ घर नं. ख २२२/४, खोला प्रवेश मार्ग सोल्टी मोड, बाफल बस्ने यातायात व्यवस्था कार्यालय, बागमतीको तत्कालीन शा.अ. रमण श्रेष्ठ.....
जिल्ला ललितपुर, ल.पु.उप.न.पा.वडा नं.क १३, जावलाखेल एकान्तकुना बस्ने तत्कालीन यातायात व्यवस्था कार्यालय बागमतीमा कार्यरत भई हाल श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा कार्यरत ना.सु. कान्छा राना .....
जिल्ला ललितपुर, हरिसिद्धि गा.वि.स.वडा नं. ९, ओपीटोल स्थायी वतन भई हाल ऐ.जिल्ला ललितपुर उप-महानगरपालिका वडा नं. १७, ग्वार्को बस्ने राजिप महर्जन .....
क्वालिटी किचन इक्युपमेन्ट प्रा.लि.,का.म.न.पा.वडा नं. १४, रविभवन, काठमाडौं .....
अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।१०।२
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रस्तुत मुद्दाका प्रतिवादीहरू उपर बा.२ च २४६७ नं. को पजेरो गाडी दर्ता नामसारी गर्दा अनियमितता गरी भ्रष्टाचार गरेको कसुरमा निजहरूलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आयोगको तर्फबाट मुद्दा दायर भएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिने गरी फैसला भएको ।

फैसलाका आधारहरू:

(क) सवारी साधन आयात गरेको कागजात फेला नपरेको भन्ने आधारले मात्र चोरीको सवारी साधन प्रयोग गरेको भन्ने निष्कर्षमा पुग्न नमिल्ने ।

(ख) कुनै सवारी साधनसँग सम्बद्ध अभिलेख फेला नपरेमा ब्लु बुक अनुसार रेकर्ड कायम गर्न मिल्ने भन्ने यातायात व्यवस्था विभागको पत्रबाट देखिएको ।

(ग) उपत्यका ट्राफिक कार्यालयको २०६०।७।२४ को पत्रबाट उक्त सवारी साधन चोरीको भन्ने यकीन नभएको ।

पुनरावेदनका आधारहरू:

(क) यातायात व्यवस्था कार्यालय, बागमतीबाट मिति २०५८।४।१५ गते बा.२ च २४६७ नं. को पजेरो गाडी राजन नापीतको नाममा नामसारी दर्ता गर्ने सम्बन्धमा उल्लिखित मिति भन्दा अघिको शुरु दर्ता हुँदा देखिएका सवारी धनी को को थिए, सवारी धनीको विवरण के थियो, भन्सारको निस्सा प्रमाण के थियो, भन्ने सन्दर्भमा शुरु दर्ता फाइल सम्बन्धित कार्यालयमा नहुनुको साथै सो अवधिका भन्सारको प्रमाण जलाई नष्ट गरिएको भन्ने सम्बन्धित कार्यालयबाट जवाफ प्राप्त हुन आएको हुँदा मिति २०५८ साल अघि उक्त सवारी साधन दर्ता, नामसारी, नविकरण भएको तथा बार्षिक कर समेत तिरे बुझाएको मौज्दात अभिलेखबाट नदेखिदा उक्त सवारी साधन मिति २०५८ साल पूर्व रितपूर्वक आयात गरिएको भन्ने नदेखिएकोले चोरी पैठारी भई दर्ता हुन आएको पाइएको छ । पहीलेनै रित पुर्वक दर्ता भइसकेको सवारी साधन सम्बन्धी कागज प्रमाण उक्त मितिमा खडा गरिएको अभिलेखमा संलग्न नरहेको र ब्लु वुकका आधारमा रेकर्ड वनाइएको भन्ने व्यहोरा भएपनि गाडी धनी, ब्लु वुक नम्बर आदि कुनै विवरण उल्लेख भएको नहुनाले यातायात व्यवस्था कार्यालय, बागमतीका तत्कालीन कर्मचारीहरू शाखा अधिकृत रमण श्रेष्ठ, ना.सु. कान्छा रानाले प्रतिवादी राजिप महर्जनसँग मिलेमतो गरी चोरी पैठारी भई आएको सवारी साधन गैरकानूनी रूपमा दर्ता नामसारी गरेको प्रमाणित भएको तथ्य भन्दा विपरित हुने गरी भएको फैसला मिसिल संलग्न आधार प्रमाण विपरितको हुँदा बदरभागी छ ।

(ख) यातायात व्यवस्था कार्यालय, बागमतीका शाखा अधिकृत रमण श्रेष्ठ र ना.सु. कान्छा रानाले यातायात व्यवस्था विभागको परिपत्रका आधारमा साविक लगत फेला नपरेमा सवारी धनीले पेश गरेको ब्लु बुकका आधारमा बा.२ च २४६७ नं. को गाडीको नामसारी दर्ता रेकर्ड कायम गरिएको र साविक ब्लु बुक खिचिएको भनी आ-आफ्नो बयानमा जिकिर लिएका भएतापनि अनुसन्धानको क्रममा यातायात व्यवस्था कार्यालय, बागमतीबाट प्राप्त बा.२ च २४६७ नं. को सवारी साधनको रेकर्ड फाइलमा उक्त सवारी साधनको साविकको ब्लु बुक संलग्न भएको नदेखिएको र उक्त सवारी साधनको साविक दर्ताको अभिलेख नै उक्त कार्यालयमा रहे भएको नदेखिदा उक्त सवारी साधन चोरी पैठारी गरी निजै कर्मचारीहरूको मिलेमतोमा दर्ता नामसारीको कार्य भएको प्रमाणित भएकोले निज प्रतिवादीहरूको बयान झुट्ठा देखिएको छ ।

(ग) उपत्यका ट्राफिक प्रहरी कार्यालयको च.नं. ४४६३ मिति २०६०।७।२४ को पत्रानुसार उक्त सवारी साधनको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको प्रज्ञापन पत्र, रसिद सहित २०५१।१।१४ को दर्ता कायम रहेको भन्ने व्यहोरा उल्लेख भएको आधारबाट उक्त सवारी साधन साविक दर्ता रहेको भन्ने निर्णयाधारको सम्बन्धमा उक्त पत्रको आधिकारिकता बारेमा मूल्यांकन भएको देखिएको छैन । प्रतिवादी क्वालिटी किचेन इक्युपमेण्ट प्रा.लि.का तर्फबाट पेश भएको उक्त पत्र अनुसार सो सवारी साधन २०५१।१।१४ मा यातायात व्यवस्था कार्यालय, बागमतीमा प्रज्ञापनपत्र, रसिद सहितका आधारमा दर्ता भएको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ तर २०५८।४।१५ मा उक्त सवारी

साधन दर्ता गर्ने गरी निर्णय हुँदा "साविक फाइल फेला नपरेकोले ब्लु वुक अनुसार रेकर्ड कायम गरिएको छ" भनी नामसारी दर्ता कायम गरिएको पाइएको छ भने उक्त सवारी साधनको काठमाडौं महानगरपालिकामा कर बुझाएको समेत नदेखिदा यातायात व्यवस्था कार्यालय, बागमतीबाट झूटा व्यहोरा उल्लेख गरी चोरीको सवारी साधनलाई दर्ता नामसारी गरी वैध बनाउने कार्य भए गरेको देखिन्छ ।

१८. जिल्ला महोत्तरी गा.वि.स. पशुपतिनगर वडा नं. १ घर भई जनकपुर चुरोट कारखाना लिमिटेड जनकपुरधामको महाप्रबन्धक पदमा कार्यरत श्यामकुमार महतो .....
भविष्यमा सार्वजनिक जिम्मेवारीको पद नदिन लेखी पठाउने मुद्दा ।

फैसला मिति : २०६५।१०।२३
पुनरावेदकको जिकिर र विशेष अदालतको फैसलाः

पुनरावेदक श्यामकुमार महतोले जनकपुर चुरोट कारखानालाई हानी नोक्सानी पुऱ्याउने बदनियतले कार्य गरेको अनुसन्धानबाट पुष्टि हुन आई निजलाई भविष्यमा सार्वजनिक जिम्मेवारीको पद नदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउने भनी आयोगबाट निर्णय भएकोमा सो निर्णय बदर गरी पाउँ भनी निज श्यामकुमार महतोले विशेष अदालत, काठमाडौंमा पुनरावेदन गरेकोमा उक्त अदालतबाट आयोगको निर्णय बदर हुने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरूः

(क) प्रतिवादीले कोटेशन लिई सूर्ति आपूर्ति गर्ने कार्य गरेको देखिएको ।

(ख) प्रतिवादीको कार्यबाट कारखानालाई हानी नोक्सानी पुगेको अवस्थाको विद्यमानता नरहेको ।

पुनरावेदनका आधारहरूः

(क) जनकपुर चुरोट कारखानाले रितपूर्वक कोटेशन गरी खरिद गरेको दर भन्दा धेरै बढी दरमा प्रत्यर्थीले WBR/LL ग्रेडको १६५०० के.जी. सूर्ति भारतबाट खरिद गरी ल्याएको र उक्त सूर्तिको रकम कारखानाबाट भुक्तानी भई नसकेकोले सो सूर्तिको प्रति के.जि.भा.रु.२२।४१ का दरले मात्र भुक्तानी गर्न निर्देशन दिने र रितपूर्वकको टेण्डर कोटेशन नगरी निजी व्यवहार सरह कारखानालाई हानी नोक्सानी हुने गरी सूर्ति खरिद गरी ल्याएको अनुसन्धानबाट पुष्टि भएकाले प्रतिवादीलाई भविष्यमा कुनै पनि सार्वजनिक जिम्मेवारीको पद नदिन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को (शंशोधनसहित) को दफा १२(क) अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखि पठाउने भनी आयोगबाट निर्णय भएको ।

(ख) जनकपुर चुरोट कारखानाले टेण्डरद्वारा माग गरेको WBR/RL ग्रेडको सूर्ति र प्रतिवादीले मगाएको WBR/LL ग्रेडको सूर्तिको गुणस्तर मिल्दो जुल्दो भएको भनी प्रतिवादी स्वयंले आयोग समक्ष बयान गर्दा उल्लेख गर्नु भएको छ । WBR/RL ग्रेडको सूर्ति प्रति के.जी.भा.रु. २०।८८ मा उपलब्ध गराउन supplier ले प्रस्ताव गरेकोमा सोही ग्रेडको सूर्तिसँग मिल्दो जूल्दो WBR/LL

ग्रेडको सूर्ति प्रतिवादीले प्रति.के.जि. भा.रु. ३७- मा खरिद गरी ल्याएकोबाट निजले अनुचित कार्य गरेको तथ्य स्पष्ट रूपमा प्रमाणित भएको अवस्था छ ।

(ग) प्रतिवादीले WBR/LL ग्रेडको सूर्ति खरिद गरेको भन्ने तथ्यमा विवाद रहेको छैन । तर निजले कारखानामा पेश गरेको तीनवटा कोटेशनहरू WBR/RL ग्रेडको सूर्तिसँग सम्बन्धित छन् नकि WBR/LL ग्रेडसँग । अतः तीनवटा कोटेशन मिसिल संलग्न रहेको भन्ने आधारमा आयोगको निर्णय बदर गरी भएको फैसला विल्कूलै त्रुटिपूर्ण छ ।

(घ) कारखानाले उपलब्ध गराएको विवरण अनुसार ४६ वटा भारतीय सूर्ति Suppliers को नाम उल्लेख भएको छ । प्रतिवादीले भारतको गुण्टुरका ३ वटा सूर्ति विक्रेताबाट दरभाउ पत्र लिएको देखिन्छ । यी तिनवटै विक्रेता ४६ वटा सूर्ति विक्रेताको सूचीमा परेपनि सूचीकृत विक्रेता भने होइनन् । कारखानाले सूचिकृत विक्रेतानै नतोकेको अवस्थामा विना सार्वजनिक सूचना ति तिन मध्ये एक विक्रेताबाट सूर्ति खरिद गरेको कार्यबाट प्रतिवादीको बदनियत प्रष्ट भएको छ ।

(ङ) सूर्तिको मूल्य भुक्तानी गरी कारखानालाई हानी नोक्सानी पुगेको अवस्था नरहे पनि प्रतिवादीको उल्लिखित कार्य कारखानालाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले प्रेरित थियो भन्ने कुरा माथि प्रकरणहरूमा उल्लिखित तथ्यहरूबाट स्पष्ट भइरहेको अवस्थामा हानी नोक्सानी पुगी नसकेको भन्दै आयोगको निर्णय बदर गरेको कानूनसंमत छैन ।

१९ मणि अफपसेट प्रेसको प्रो.जिल्ला चितवन भरतपुर न.पा.वडा नं. ११ बस्ने बाबुराम बगाले शर्मा.....
मतदाता परिचयपत्र तयार गरी वढी रकम भुक्तानी लिई भ्रष्टाचार गरेको ।

फैसला मिति : २०६५।१०।२३
पुनरावेदकको जिकिर र विशेष अदालतको फैसलाः

प्रतिवादीले सञ्चालन गरेको मणि अफसेट प्रेस र मतदाता परिचय पत्र व्यवस्थापन अधिकारीको कार्यालय, गृह मन्त्रालय बीच सम्झौता भई आ.व. ०५६।५७ मा मतदाता परिचयपत्र तयार गर्न अधिकार प्रदान गरिएकोमा सो प्रेसले उपलब्ध गराएका मतदाता परीचयपत्र बापत भन्दा रु. १५,०४,४२७- वढी रकम भुक्तानी लिएको अनुसन्धानबाट पुष्टि भएकाले वढि रकम भुक्तानी लिने मणि अफसेट प्रेसबाट वढि लिएको रकम असुल उपर गर्नु भनी गृह मन्त्रालयलाई लेखी पठाउने गरी आयोगबाट भएको निर्णय बदर गरी पाउँ भनी प्रतिवादीले विशेष अदालतमा पुनरावेदन गरेकोमा उक्त अदालतबाट आयोगको निर्णय बदर गर्ने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरूः

(क) मणि अफसेट प्रेसले सम्झौता बमोजिम काम नगरेमा निजहरू बीचको सम्झौतालेनै उपचारको व्यवस्था गरेको ।

(ख) आयोगले रकम उपलब्ध गराउने परिचयपत्र वितरण अधिकारी उपर अनुसन्धान नगरेको र निजको निर्णय बदर नगरेको ।

(ग) पुनरावेदकलाई सुनुवाइको मौका नदिई आयोगबाट रकम असुल उपर गर्ने निर्णय भएको ।

पुनरावेदनका आधारहरू:

(क) आ.ब. २०५६।५७ मा ईलाम, झापा लगायतका २७ जिल्लाका ४१ निर्वाचन क्षेत्रमा मतदाता परिचयपत्र तयार गरी वितरण गर्ने सम्बन्धमा तत्कालीन मतदाता परिचयपत्र व्यवस्थापन अधिकारीको कार्यालय, गृह मन्त्रालय र ठेकेदार मणि अफसेट प्रेस बीच करिब २८ लाख परिचयपत्र तयार गर्न मिति २०५६।१२।१६ गतेका दिन सम्झौता भई मणि अफसेट प्रेसबाट विभिन्न जिल्ला प्रशासन कार्यालयहरूमा कुल १७,१०,८०४ थान परिचयपत्र बुझाएकोमा सो मध्ये ४५,२३० थान विग्रिएका परिचयपत्र कट्टा गरी कुल १६,६५,५७४ थान परिचय पत्रको सम्झौता बमोजिम प्रति परिचयपत्र रु. ९।७४ का दरले रु. १,६२,२२,६९०।१४ भुक्तानी लिएको सम्बन्धमा अनियमितता भएको भन्ने उजुरीका अधारमा आयोगबाट अनुसन्धान भई प्राप्त तथ्य प्रमाणहरूका आधारमा मणि अफसेट प्रेसले मतदाता परिचयपत्र व्यवस्थापन अधिकारी समक्ष उपलब्ध गराएका परिचयपत्रहरूको संख्या भन्दा बढी परिचयपत्र बापतको रु. १५,६९,५७१।७८ बढी भुक्तानी लिएको पाइएको हुँदा उक्त बढी भुक्तानी लिएको रकम मणि अफसेट प्रेसबाट असुल उपर गर्न गृह मन्त्रालयलाई लेखी पठाउने गरी आयोगबाट मिति २०६२।१०।२३ मा भएको निर्णय कानूनसम्मत रहेको छ ।

(ख) प्रस्तुत उजुरीको अनुसन्धानका क्रममा जम्मा प्राप्त मतदाता परिचयपत्रको संख्या, वितरण भएको संख्या र वितरण हुन बाँकी परिचयपत्रको विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूबाट प्राप्त हुन आएको छ । सो अनुसार मणि अफसेट प्रेसले आ.ब. ०५६।५७ देखि हालसम्म जम्मा १४,७६,६९५ थान मतदाता परिचयपत्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा बुझाएको विवरण उल्लेख भएको देखिन्छ भने गृह मन्त्रालयका सह सचिव छविराज पन्तको संयोजनकत्वमा गठित छानविन टोलीले पेश गरेको प्रतिवेदनबाट मणि अफसेट प्रेसले कुल १५,६६,४२४ थान मात्र परिचयपत्र उपलब्ध गराएको भन्ने देखिएको छ ।

यसरी आयोगबाट अनुसन्धानको क्रममा संकलन भएको विवरण र गृह मन्त्रालयद्वारा गठित छानविन टोलिबाट पेश भएको विवरण समेतबाट मणि आफसेट प्रेसले उपलब्ध गराएका मतदाता परिचय पत्रको संख्या निजले भुक्तानी लिदा पेश भएको परीचय पत्रको संख्या भन्दा घटी नै देखिएको छ । आयोगबाट निर्णय हुँदा गृह मन्त्रालयमा पेश भएको छानविन समितिको प्रतिवेदनलाई आधारमा लिइएको छ । सो प्रतिवेदन अनुसार मणि अफसेट प्रेसले विभिन्न जिल्ला प्रशासन कार्यालयहरूमा कुल १५,६६,४२४ परिचयपत्र बुझाएकोमा सो मध्ये ६०,०१८ विग्रिएको भई कुल १५,५७,९२८ थान परिचयपत्र मात्र सावुद अवस्थाको भन्ने देखिएको छ । यस तथ्यबाट मणि अफसेट प्रेसले भुक्तानी लिएको संख्या १६,६५,५७४ थान र अनुसन्धानबाट खुल्न आएको सो प्रेसले उपलब्ध गराएको वास्तवित परिचयपत्र संख्या १५,५७,९२८ थानको बीचको अन्तर १,६१,१४७ थान परिचयपत्र बापतको रु. १५,६९,५७१।७८ मणि अफसेट प्रेसले मतदाता

परिचयपत्र नै नबुझाई बढी भुक्तानी लिएको तथ्य प्रमाणित भएको आधारबाट आयोगले सो प्रेसले बढी भुक्तानी लिएको रकम असुल उपर गर्न गृह मन्त्रालयलाई लेखी पठाउने गरी निर्णय गरेको हो । पुनरावेदकले अनुसन्धानका क्रममा खुल्न आएको तथ्याङ्क लाई खण्डीत हुने गरी वा आफूले भुक्तानी लिएकै संख्यामा मतदाता परिचयपत्र उपलब्ध गराएको हो भनी प्रमाणित गर्न कुनै ठोस आधार प्रमाण पुनरावेदन जिकीरमा खुलाउन सकेको देखिँदैन । यसरी विना आधार प्रमाण पेश भएको पुनरावेदन जिकिरलाई समर्थन गर्दै भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) आयोगको मिति २०६२।१०।२३ को निर्णय गृह मन्त्रालयबाट मणि अफसेट प्रेसलाई वास्तविक रूपमा उपलब्ध गराइएको मतदाता परिचयपत्र भन्दा बढी रकम भुक्तानी दिएको दुष्कृतिजन्य कार्य सच्याउनका लागि लेखि पठाएको र सो निर्णयमा पुग्नु भन्दा पूर्व गृह मन्त्रालयसँग सो सम्बन्धमा सत्य तथ्य बुझ्न प्रतिकृया माग भई गृह मन्त्रालय स्वयमबाटै छानबिन टोली गठन गरी मणि अफसेट प्रेसले उपलब्ध गराएको मतदाता परिचयपत्र भन्दा बढी रकम भुक्तानी लिएको भन्ने प्रतिवेदन प्राप्त भएपछि आयोगबाट उक्त रकम असुल उपरका लागि सो मन्त्रालयलाई नै लेखि पठाउने गरी निर्णय भएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(ख) ले त्यसरी सार्वजनिक पद धारण गरेको व्यक्तिबाट भएको दुष्परिणाम सच्याउनका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने अधिकार आयोगलाई प्रदान गरेको र ऐ.ऐनको दफा २८(१)(ग) ले कुनै सरकारी कार्यालयको कार्य प्रणाली त्रुटिपूर्ण छ भन्ने आयोगलाई लागेमा त्यसलाई सच्याउन र त्यसबाट उत्पन्न समस्याको निराकरण गर्न कारण र आधार सहितको सुझाव दिने अधिकार समेत आयोगलाई प्राप्त भएको देखिदा आयोगबाट सोही बमोजिम विधिसम्मत रूपमा मतदाता परिचयपत्र व्यवस्थापन अधिकारीबाट मणि अफसेट प्रेसलाई उपलब्ध गराएको परिचपपत्र भन्दा बढी रकम भुक्तानी दिने गरी भएको कार्य त्रुटिपूर्ण र दुष्कृतिजन्य देखिएको हुँदा त्यस्तो कार्यलाई सच्याउनका लागि लेखी पठाउने गरी निर्णय भएको हो । रकम भुक्तानी गर्ने कार्यनै त्रुटिपूर्ण भई त्यसलाई सच्याउनका लागि निर्णय गर्ने अधिकारीको कार्यालयमा आयोगबाट लेखी पठाउने गरी निर्णय भएकोले यस सम्बन्धमा पुनरावेदकलाई सफाइको मौका नदिई निर्णय भएको भन्ने फैसलाको निर्णयाधारसँग सहमत हुन सकिने अवस्था छैन । कानून विपरित भएको कार्य शुरु देखिनै बदर (void abinito) हुने र आयोगबाट समेत बदर गर्ने गरी निर्णय भएको हो ।

(घ) मणि अफसेट प्रेस र मतदाता परिचय व्यवस्थापन अधिकारी बीच परिचयपत्र उपलब्ध गराउँदा त्रुटिपूर्ण परिचयपत्र फेला परेमा सो बापतको संख्या प्रेसले पूनः छापेर उपलब्ध गराउने शर्त उल्लेख भएको देखिन्छ । आफूले शर्त बमोजिमको परिचयपत्र छापेर उपलब्धनै नगराई सो बापत रकम प्राप्त गरी सरकारलाई हानी नोक्सानी पुऱ्याउने गरी भएको दुष्कृति समेतको उपचारको निदान सम्झौताबाटै खोज्नुपर्ने भन्ने फैसलाको आधार तर्क सँगत मान्न सकिन्न । रकम उपलब्ध गराउने अधिकारीका सम्बन्धमा आयोगबाट छानबिन वा कारबाही नभएको भन्ने आधारबाट मणि अफसेट प्रेसले परिचयपत्र उपलब्धनै नगराई रु. १५,६९,५७१।७८ बढी भुक्तानी लिएको कार्य वैध हुन सक्तैन । आयोगबाट सो रकम उपलब्ध गराएको सम्बन्धमा छानबिन भई अब उप्रान्त मातहतका पदाधिकारीहरूबाट यस्तो लापरवाही नगर्ने नगराउने व्यवस्था मिलाउन गृह

मन्त्रालयमा लेखी पठाउने गरी आयोगको मिति २०६२।१०।२३ को निर्णयमा उल्लेख भएको हुँदा प्रस्तुत फैसलाको निर्णयाधार कानूनसम्मत नभई वदरभागी छ ।

२०. **कास्की जिल्ला पुम्दी भुम्दी गा.वि.स. २ घरभई हाल राष्ट्रिय सर्तकता केन्द्रमा उपसचिव पदमा कार्यरत दण्डपाणी बराल .....**
आदेश बदर गरी पाउँ मुद्दा ।

फैसला मिति : २०६५।३।११।४
पुनरावेदकको जिकिर र विशेष अदालतको फैसलाः

जि.वि.स.कार्यालय, सल्यानलाई आवश्यक रजिष्टर खरिद गर्दा रु. ९० पर्ने रजिष्टरलाई रु. ३००।- बनाई भुक्तानी दिई तत्कालीन स्थानीय विकास अधिकारी दण्डपाणी बरालले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख)(ङ)(छ) अनुसार अनुचित कार्य गरेको अनुसन्धानबाट पुष्टि हुन आई निजलाई निजामती सेवा ऐन, २०४९ अनुसार दुई तलब वृद्धि रोक्का गर्ने र रु.३५,०००।- भरी भराउ गर्न सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाउने गरी आयोगबाट निर्णय भएकोमा सो निर्णय बदर गरीपाउँ भनी दण्डपाणी बरालले विशेष अदालत, काठमाडौंमा पुनरावेदन गरेकोमा उक्त अदालतबाट आयोगको निर्णय बदर गर्ने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरूः

(क) दफा १२(क) अनुरूप आयोगले कसूरको मात्रा अनुसार कारण र आधार खुलाई रकम भरी भराउन भनी लेखी पठाउनु पर्नेमा सो अनुसार नपठाई रकम नै किटान गरी लेखी पठाएको निर्णय सो कानूनी व्यवस्थाको प्रतिकूल देखिने ।

पुनरावेदनका आधारहरूः

(क) विशेष अदालतले फैसला गर्दा लिएको उल्लिखित आधार तर्फ हेर्दा सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अनुचित कार्य गरी हानी नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(क) ले प्रदान गरेको छ । यसै बमोजिम निज दण्डपाणी बरालले जि.वि.स.को कार्यालय, सल्यानलाई आवश्यक रजिष्टर खरिद गर्दा रु. ९०।- पर्ने रजिष्टरलाई रु. ३००।- बनाई भुक्तानी दिएको र सो अन्तर मूल्यबाट प्राप्त रकम रु.४२,०००।- जि.वि.स.को कार्यालय, सल्यानका लेखापाल श्री विमलकुमार श्रेष्ठ र स्टोर किपर राजेन्द्र डागीले स्था.वि.अ.लाई बुझाएको र स्था.वि.अ.बाट पछि आफूहरूलाई क्रमशः ४ हजार र ३ हजार प्राप्त भएको कुरा स्वीकार गरी स्पष्टीकरण दिएको सन्दर्भमा निज दण्डपाणी वराललाई सोधिएको स्पष्टीकरणमा यस प्रकारको अनियमित कारोवारमा मेरो हात छैन भनी निजले दिएको जवाफ सन्तोषजनक नदेखिएको र कार्यालय प्रमुखको हैसियतले उक्त खरिद बापतको भुक्तानी रकम स्वीकृति गर्ने अन्तिम अधिकारी निजै भएको र लेखापाल एवं स्टोर

किपरको व्यहोरा समेतबाट निज दण्डपाणी वरालले अनुचित कार्य गरी सरकारी सम्पत्ती हानी नोक्सानी गरेको प्रमाणित भएको र हानी नोक्सानीको जम्मा बिगो रु. ४२ हजार मध्ये ३५ हजार निज दण्डपाणी बरालले लिई खाई हानी पुऱ्याएको स्पष्ट देखिएकोले सो नोक्सानी पुऱ्याएको बिगो निजबाट असुल उपर गर्न भनी यस आयोगबाट निर्णय गरी सम्बन्धित निकायलाई लेखी पठाएको व्यहोरा कानून सम्मत रहेकोमा विशेष अदालतबाट स्पष्ट कानूनको अपव्याख्या गरी रकम नै किटान गरी अ.दु.अ.आ.बाट रकम असुल गर्न लेखी पठाएको निर्णय उल्लिखित कानूनी व्यवस्थाको प्रतिकूल भएको भनी विशेष अदालतबाट गरेको फैसला प्रत्यक्ष कानूनी त्रुटिपूर्ण हुँदा सो फैसला बदरभागी छ ।

२१. गोर्खा जिल्ला घर भई हाल का.जि.का.म.न.पा.वडा नं. ३ बासवारी बस्ने हरिभक्त गुरुङ्ग .....
दाङ्ग जिल्ला घर भई हाल का.जि.का.म.न.पा.वडा नं. ६ बस्ने नरेश आचार्य .....
मापदण्ड विपरीत नक्सा पास गरी गराई भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।१२।२६
पुनरावेदनको जिकिर र विशेष अदालतको फैसला:

प्रतिवादीहरू हरीभक्त गुरुङ र नरेश आचार्यका हकमा निजहरूले व्यावसायिक आचरण विपरीतको कार्य गरेको कसुरमा निजहरूको लाईसेन्स नम्बर उल्लेख गरी आवश्यक कारवाहीका लागि काठमाडौ महानगरपालीका तथा नेपाल ईन्जिनियरीङ परीषदमा लेखि पठाउने गरी आयोगबाट मिति २०६३।४।१७ मा निर्णय भएकोमा सो निर्णय बदर गरीपाउँ भनी हरिभक्त गुरुङ्गको विशेष अदालतमा पुनरावेदन परी सो अदालतबाट आयोगको उक्त मितिको निर्णय बदर गर्ने गरी फैसला भएको ।

फैसलाका आधारहरू:

(क) पुनरावेदक हरिभक्त गुरुङ्ग र नरेश आचार्यले साविकमा भवन निर्माण सम्बन्धी मापदण्ड अनुरूपकै नक्सा तयार गरी पछीबाट मापदण्ड विपरीतको नक्सा तयार गरेका ।

(ख) मापदण्ड विपरीतको नक्सा तयार गरेपनि सो नक्सा पास गर्ने कार्यमा निजहरूको मिलेमतो रहेको र बदनियतपूर्वक नक्सा तयार गरेको तथ्य प्रमाणित हुन नसकेको ।

(ग) तथ्ययुक्त प्रमाणको अभावमा व्यावसायिक आचरण विरुद्धको कार्य गरेको भनी आयोगबाट भएको निर्णय न्याय र कानून सम्मत नभएको ।

पुनरावेदनका आधारहरू:

(क) काठमाडौं महानगरपालिका वडा नं. १० नयाँ बानेश्वर स्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको ठीक पश्चिम पट्टी निर्माणाधिन अवस्थामा रहेको करिव ६ तले भवन महानगरपालिकाले तोकेको मापदण्ड विपरीत निर्माण भएकोले छानविन गरी दोषी उपर कारवाही गरीपाउँ भनी स्थानिय सचेत नागरिक, वानेश्वरका तर्फबाट आयोग समक्ष परेको उजुरीका सम्बन्धमा आयोगबाट विस्तृत रूपमा अनुसन्धान भई यसमा नक्सा तयार गर्ने डिजाईनरहरू हरीभक्त गुरुङ र

नरेशराज आचार्य दुवैजना काडमाडौ महानगरपालीकाबाट इजाजत प्राप्त "क" वर्गका डिजाईनरहरू भएको तथा दोश्रो पटक नक्सा पेश गर्दा मापदण्ड विपरीत छ भन्ने थाहा हुँदा हुँदै घरधनी तथा नगरपालिकाका कर्मचारीले भनेको भन्ने मात्र आधारमा नक्सा बनाईदिएको देखिदा निजहरूको व्यवसायिक आचरणलाई उपयुक्त मान्न नसकीएकोले निजहरूको लाईसेन्स नम्बर उल्लेख गरी आवश्यक कारवाहीका लागि काठमाडौं महानगरपालिका तथा नेपाल इन्जिनियरिङ परिषदमा लेखि पठाउने गरी आयोबाट मिति २०६३।४।१७ मा निर्णय भएको हो ।

(ख) मापदण्ड विपरीत भवन निर्माणका लागि नक्सा तयार गर्ने इन्जिनियर द्वय हरिभक्त गुरुङ्ग र नरेश आचार्यले काठमाडौं महानगरपालिका वडा नं. ३० का तत्कालीन वडाध्यक्ष चिनीयामान बज्राचार्य लगायत जग्गाधनीहरू सुभद्रादेवी श्रेष्ठ/स्वयम प्रसाद श्रेष्ठ, योगमाया श्रेष्ठ, उषा मोक्तान, रुक्मणी श्रेष्ठ र दुर्गालक्ष्मी श्रेष्ठ समेतसँगको मिलेमतोमा काठमाडौं उपत्यका नगर विकास समितिले लागू गरेको भवन निर्माण सम्बन्धी मापदण्ड विपरीत जानी जानी नक्सा तयार गरी काठमाडौं महानगरपालिकामा पेश गरी सोही अनुरूप नक्सा पास भएको देखिएको छ । प्रतिवादीहरू हरिभक्त गुरुङ्ग र नरेश आचार्य इन्जीनियरिङ्ग पेशामा संलग्न रहेका व्यक्तिहरू हुँदा त्यसरी तोकिएको मापदण्ड विपरित नक्सा तयार गर्नु निजहरूको पेशागत आचारण विपरितको कार्य भएको तथ्यमा विवाद रहँदैन । निज प्रतिवादीहरूले मापदण्ड विपरितको नक्सा तयार गरेको तथ्यमा प्रस्तुत फैसला सहमत समेत रहेको अवस्था एकातर्फ रहेको छ भने अर्कोतर्फ उक्त मापदण्ड विपरीतको नक्सा पास गरिदिने काठमाडौं महानगरपालिका वडा नं. ३० का तत्कालीन वडाध्यक्ष चिनीयामान बज्राचार्य विरुद्ध विशेष अदालत, काठमाडौंमा पेश भएको २०६३ सालको स.फौ.नं. ९३-०६३-०००२२ को मुद्दामा निज उपर मापदण्ड विपरीतको नक्सा पास गरिदिएको कसुरमा अभियोग मागदाबी बमोजिमको कसुर ठहर भई सजाय समेत गर्ने गरी मिति २०६५।१२।२६ मा सो अदालतबाट फैसला समेत भइसकेको छ । सोही कसुरमा संलग्न विरुद्द खण्डमा उल्लिखित प्रतिवादीहरूका हकमा आयोगबाट भएको निर्णय कानूनसम्मत रहेको छ ।

(ग) यिनै प्रतिवादीहरूले तयार गरी पेश भएको नक्साका सम्बन्धमा ओ.सी.भुपेन्द्र मास्केको मिति २०५८।१०।२० को स्थलगत निरीक्षण प्रतिवेदनमा पेश भएको नक्सा मापदण्ड विपरीतको रहेको भन्ने व्यहोरा उल्लेख भएको छ भने सोही नक्साका आधारमा बनेको भवनका सम्वन्धमा स्थलगत निरीक्षण गरी ई. श्रीमती उमादेवी साँगाछे समेतले मिति २०६२।२।२२ मा पेश गरेको प्रतिवेदनमा निर्मित भवनको ग्राउण्ड कभरेज FAR तथा Basement Area मापदण्ड अनुसार पाइने भन्दा बढी पास भएको देखिएको भन्ने उल्लेख भएको छ । प्रतिवादीहरू हरिभक्त गुरुङ्ग र नरेश आचार्य स्वयम् पनि आफूहरूले पेश गरेको नक्सा मापदण्ड विपरीतको रहेको भन्ने तथ्यमा सहमतनै रहेका छन् । निजहरूको उक्त कार्य नेपाल इन्जिनियरिङ्ग परिषद नियमावली, २०५७ को नियम १८ (१) (क) ले व्यवस्था गरेको इन्जिनियरहरूको व्यावसायिक आचर संहिता विपरीत रहे भएको पाइएको छ ।

२२. का.जि.का.म.न.पा.वडा नं. १० नयाँ बानेश्वर चोक बस्ने शुभद्रादेवी श्रेष्ठ .....
का.जि.का.म.न.पा.वडा नं. १० नयाँ बानेश्वर चोक बस्ने स्वयंप्रसाद श्रेष्ठ .....

का.जि.का.म.न.पा.वडा नं. २४ प्यूखा बस्ने योगमाया श्रेष्ठ .....
का.जि.का.म.न.पा.वडा नं. २० ठमेल बस्ने उषा मोक्तान .....
ललितपुर जिल्ला ललिपतुर उपमहानगरपालिका वडा नं. ६ लगनखेल बस्ने रुक्मिणी श्रेष्ठ .....
काभ्रे जिल्ला धुलिखेल नगरपालिका वडा नं.२ बस्ने दुर्गालक्ष्मी श्रेष्ठ .....
मापदण्ड विपरीत नक्सा पास गरी गराई भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६५।१२।२६
आयोगको दाबी र विशेष अदालतको फैसला:

प्रस्तुत मुद्दामा प्रतिवादीहरू चिनियामान बज्राचार्य, शुभ्रदा देवी श्रेष्ठ, स्वयम प्रसाद श्रेष्ठ, योगमाया श्रेष्ठ, उषा मोक्तान, रुक्मिणी श्रेष्ठ र दुर्गालक्ष्मी श्रेष्ठले काठमाडौं उपत्यका नगर विकास समितिले लागू गरेको भवन निर्माण मापदण्ड, २०५० विपरित भवन निर्माण गर्ने नक्सा बनाउन लगाई महानगरपालिकामा पेश गरी प्रतिवादी चिनियामान बज्राचार्यसँग मिलेमतो गरी मापदण्ड विपरीत नक्सा पास गराई आफूलाई गैरकानूनी लाभ हुने कार्य गरेको कसुरमा निजहरू उपर साविक भ्रष्टाचार निवराण ऐन, २०१७ को दफा ८ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी चिनियामान बज्राचार्यलाई कसूरदार ठहर गरी र अन्य प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिने गरी फैसला भएको ।

फैसलाका आधारहरू:

(क) निजहरूले मापदण्ड अनुसारको नक्साको इजाजत पाउनका लागि निवेदन दिएको तर सो अनुसार नक्सा पास नभएपछि मापदण्ड विपरित अर्को नक्सा तयार गर्न लगाई पेश गरेको तथ्य स्वीकार गरी बयान गरेका ।

(ख) नक्साको इजाजत दिने वा नदिने कार्य महानगरपालिकाको भएकोमा प्रतिवादीहरूले नयाँ नक्सा पेश गर्दैमा स्वीकृत हुने अवस्था नरहेको ।

(ग) महानगरपालिकाबाट घर बनाउने नक्साको इजाजत लिनका लागि यी प्रतिवादीहरूले सम्बन्धित पदाधिकारीहरूसँग मिलेमतो गरेको तथ्यको पुष्ट्याई ठोस एवम् शंकारहित तवरबाट भए गरेको नपाइएको ।

पुनरावेदनका आधारहरू:

(क) काठमाडौं महानगरपालिका वडा नं. १० बानेश्वर स्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको ठीक पश्चिम पट्टी निर्माणाधिन अवस्थामा रहेको करिव ६ तल्ले भवन महानगरपालिकाले तोकेको मापदण्ड विपरित निर्माण भएकोले छानविन गरी दोषी उपर कारवाही गरीपाउँ भनी स्थानिय सचेत नागरिक, बानेश्वरका तर्फबाट आयोग समक्ष परेको उजुरीका सम्बन्धमा आयोगबाट विस्तृत रूपमा अनुसन्धन गरी प्रतिवादीहरू सुभद्रादेवी श्रेष्ठ/स्वयम प्रसाद श्रेष्ठ, योगमाया श्रेष्ठ, उषा मोक्तान, रुक्मिणी श्रेष्ठ र दुर्गालक्ष्मी श्रेष्ठले काठमाडौं उपत्यका नगर विकास

समितिले लागू गरेको भवन निर्माण सम्बन्धी मापदण्ड, २०५० विपरीत भवन निर्माण गर्ने नक्सा बनाउन लगाई काठमाडौं महानगरपालिकामा पेश गरी प्रतिवादी चिनीयामान बज्राचार्यसँग मिलेमतो गरी मापदण्ड विपरीत नक्सा पास गराई स्वीकृत नक्सा भन्दा विपरित भवन निर्माण गरेको कसुर प्रमाणित भएको अवस्थामा निज प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत समक्ष आरोपपत्र पेश गरेको हो ।

(ख) काठमाडौं महानगरपालिका वडा नं. १०, नयाँवानेश्वर स्थित कि.नं. १८०,१८८, १८९,१९०,१९१,१९२,१९३ र २०८ को जग्गा धनिहरू शुभद्रा श्रेष्ठ/ स्वयम प्रसाद श्रेष्ठ, योगमाया श्रेष्ठ, उषा मोक्तान, रुक्मिणी श्रेष्ठ, दुर्गालक्ष्मी श्रेष्ठ समेतले २०५८ असार महिनामा भवन निर्माणका लागि काठमाडौं महानगरपालिकामा छुट्टा छट्टै नक्सा दर्ता गराएकामा सो नक्सा पास नहुँदै उक्त जग्गामा व्यवसायिक भवन बनाउने प्रयोजनका लागि पूनः मिति २०५८।१०।२४ मा संयुक्त निवेदन पेश गरेका रहेछन । नयाँ नक्सा पेश भएपछि पहिले पेश भएका नक्साका आधारमा फाराममा उल्लेख भएका मापदण्ड अन्तर्गत पर्ने विवरणहरू (Floor area, Floor Area Ratio FAR, Set back) लाई केरमेट तथा टीपेक्स समेतको प्रयोग गरी मापदण्डले पाउने भन्दा बढी विवरण उल्लेख गरेको पाइएको छ । पेश भएका नक्सा भवन निर्माण सम्बन्धी मापदण्ड, २०५० अनुसार नभएको भन्ने जुनीयर इन्जीनियर तथा इन्जीनियर समेतले औल्याइसकेको अवस्थामा जानीजानी प्रतिवादी चिनीयामान बज्राचार्यसँगको मिलेमतोबाट मापदण्ड विपरित नक्सा पास गराएका र शुरुमा प्लीन्थ लेभलसम्मको अस्थायी इजाजत लिई सो लेभलसम्म निर्माण भएको पुष्टयाई डिजाइनर तथा शाखा प्रमुख (इन्जिनियर) बाट आइसकेपछि प्लीन्थ लेभलभन्दा माथिको सुपरस्ट्रक्चरका लागि स्थायी इजाजत लिनु पर्नेमा सो प्रावधान विपरित एकैपटक प्लीन्थ लेभल माथिको समेत स्थायी इजाजत लिई भवन निर्माण गरेको कार्य कानून विपरित पाइएको छ ।

(ग) विरुद्ध खण्डका प्रतिवादीहरूले २०५८ असारमा पेश गरेको पहिलो नक्सा मापदण्ड अनुसारकै रहेको र जग्गाधनीहरूको पटक पटकको अनुरोध र काठमाडौं महानगरपालिकाको नक्सा फाँटका इन्जीनियरहरूसँग कुरा गरी मापदण्ड विपरितको नक्सा बनाइदिएको हो । मापदण्ड विपरितको नक्सा वनाउन मिल्दैन भनी प्रष्ट रूपमा भन्दा पनि नक्सा पास गराउने कार्य हाम्रो हो, जे जसो पर्ला हामी नै बेहोरौला भन्ने घरधनीहरूको भनाइ रहेको भन्ने समेतले त्यसरी मापदण्ड विपरितको नक्सा बनाउने इन्जिनियर द्धय हरिभक्त गुरुङ्ग र नरेशराज आचार्यले अनुसन्धानको क्रममा आयोग समक्ष गरेको बयानबाट देखिदा प्रतिवादीहरूले जानी जानी मापदण्ड विपरीतको नक्सा तयार गराई प्रतिवादी चिनीयामान बज्राचार्यसँगको मिलेमतोमा गैरकानूनी कार्य गरेको प्रमाणित भएको छ ।

(घ) मिसिल संलग्न काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालय, काठमाडौं समक्ष मिति २०६२।२।२२ मा इन्जिनियर श्रीमती उमादेवी साँगाछे समेतको प्राविधिक समूहले सो भवनका सम्बन्धमा स्थलगत निरीक्षण गरी पेश गरेको प्रतिवेदनमा ग्राउण्ड कभरेज, FAR तथा Basement Area मापदण्ड अनुसार पाउने भन्दा बढी पास भएको देखिएको,

योगमाया श्रेष्ठ, उषा मोक्तान, रुक्मिणी श्रेष्ठ तथा दुर्गालक्ष्मी श्रेष्ठले पाँच तला माथि भऱ्याङ्गसँग कोठा निकालेर पास नक्सा भन्दा बढी FAR निर्माण गरेका, का.म.न.पा.बाट पास गरी पेश गरेको नक्सामा पाँच तल्ला माथि भऱ्याङ्ग छोप्ने भाग बाहेक अन्य भागमा खुल्ला कौशी देखाइएकोमा फिल्डमा निजहरूले भऱ्याङ्गसँगै कोठा बनाएको र खुला कौशी माथि फलामे ट्रस राखी रंगीन जस्ता पाताको छाना हालेको देखिएको भन्ने व्यहोरा उल्लेख भएको र सो व्यहोरालाई प्रतिवादीहरूले समेत अन्यथा भन्न नसकेको हुँदा प्रतिवादीहरूले परस्पर मिलेमतो गरी मापदण्ड विपरीतको नक्सा स्वीकृत गराई स्वीकृत नक्सा भन्दा विपरित भवन निर्माण गरेको अवस्थामा मिसिल संलग्न तथ्यहरूको सुक्ष्मरूपमा विश्लेषणनै नगरी प्रतिवादीहरूलाई सफाइदिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ङ) भ्रष्टाचारजन्य कसूरको व्याख्या गर्दा अंकगणितिय किसिमले नगरी प्रतिवादीको प्रत्यक्ष वा परोक्ष संलग्नता रहे नरहेको तर्फ गम्भीर रूपले ध्यान लिई विवेचना गर्नुपर्ने हुन्छ । साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ ले आफू वा अरू कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकारबाट जारी भएको पर्मिटको शर्त उल्लघंन गरेमा त्यस्तो कार्य भ्रष्टाचारजन्य कसूर मानिने भनी गरेको व्यवस्थालाई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) ले निरन्तरता दिदै नेपाल सरकार वा सार्वजनिक संस्थाले निर्धारण गरेको नियम वा कार्यविधि वा स्वीकार गरेको शर्त उल्लघन हुने गरी प्रचलित कानूनद्वारा निषेधित कार्य गरेमा भ्रष्टाचारको कसुर हुने भनी थप व्यवस्था समेत गरेको छ । प्रस्तुत कसुरका प्रतिवादी मध्येका चिनीयामान बज्राचार्यले मापदण्ड विपरीतको नक्सा स्वीकृति गरेको तथ्यमा फैसला सहमत भई निजलाई मागदाबी बमोजिम दण्ड सजाय समेत भइसकेको अवस्थामा विरुद्ध खण्डका प्रतिवादीहरूको संलग्नता नरहेको भनी निजहरूलाई सफाइ दिने गरी लिइएको निर्णयाधार तर्कसँगत देखिँदैन । यिनै प्रतिवादीहरूको पटक पटकको अनुरोध पछी आफूहरूले मापदण्ड विपरितको नक्सा वनाइदिएको भन्ने इन्जीनियर हरीभक्त गुरुङ्ग समेतको बयान र आफूहरूलेनै सो अनुसार नक्सा बनाइदिन अनुरोध गरेको भन्ने प्रतिवादीहरूको स्वीकारोक्तिबाट यि प्रतिवादीहरूले जानीजानी आफूहरूलाई गैरकानूनी लाभ पुऱ्याउने उद्देश्यले कार्य गरेको प्रमाणित भएको छ ।

२३. मोरङ्ग जिल्ला दुलारी गा.वि.स.वडा नं. ७ घेरावनी स्थायी घर भै हाल भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. १६ बस्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा निर्देशक पदमा कार्यरत विष्णु कोइराला .....
बढुवा नियुक्ति पाउने उद्देश्यले नक्कली प्रमाण पत्र पेश गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६६।१।४
आयोगको दाबी र विशेष अदालतको फैसला :

प्रतिवादी विष्णु कोइरालाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदमा बढुवा नियुक्ति पाउने उद्देश्यले नक्कली शैक्षिक योग्यताको प्रमाण पत्र पेश गरी भ्रष्टाचारको कसूर गरेको अभियोगमा निज विरुद्ध साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा १६(१) बमोजिम सजायहुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट मुद्दा खारेज हुने गरी गरी फैसला भएको ।

फैसलाका आधार :

प्रस्तुत मुद्दा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४(क) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को हदम्याद नघाई दर्ता भएको देखिएकोले तथ्य भित्र प्रवेश गरी निर्णय गर्न नमिल्ने हुँदा खारेज हुने ।

पुनरावेदनका आधारहरू:

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद अन्तर्गत कार्यरत विष्णु कोइराला समेतले भारतबाट आयातित शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी लामो समयदेखि जागिर खाइरहेकोले आवश्यक कारवाही गरीपाउँ भनी आयोग समक्ष प्राप्त उजुरीका आधारमा आयोगबाट विस्तृत अनुसन्धान गरी प्रतिवादी विष्णु कोइरालाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको विज्ञापन नं. २१०।०५५ चिफ माष्टर ट्रेनर पदमा दरखास्त साथ ललितनारायण विश्वविद्यालयबाट सन् १९६६ मा एम.ए.परिक्षा उत्तिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरेका र उक्त शैक्षिक योग्यताको प्रमाणपत्र त्रिभुवन विश्वलिद्यालय, शिक्षाध्यक्षको कार्यालय, पाठ्यक्रम विकास केन्द्र मार्फत ललितनारायण मिथिला विश्वविद्यालय, दरभंगा, भारतमा प्रमाणीकरणका लागि पठाइएकोमा "This marks sheet is forged and fabricated" भनी उल्लेख भई आएको आधारबाट निजले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झूटा देखिएको हुँदा निज उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौं समक्ष आरोपपत्र पेश भएको हो ।

(ख) प्रतिवादी विष्णु कोइरालाले झूटा व्यहोराको शैक्षिक योग्यताको प्रमाणपत्रका आधारमा सार्वजनिक पद धारण गरेको व्यहोराको उजुरी आयोगमा मिति २०५८।१।३ मा दर्ता भई आयोगको मिति २०६१।५।८ को पत्रबाट कुसुमाकर ढकाललाई पहिलो पटक अनुसन्धान अधिकृत तोकी अनुसन्धानको कार्य प्रारम्भ भएको हो । प्रस्तुत विषयमा मिति २०५७।१२।१७ मा उजुरी प्राप्त भएतापनि प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा त्रिभुवन विश्वविद्यालय, शिक्षाध्याक्षको कार्यालय, पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुरको मिति २०६२।१।१४ को पत्रबाट सो प्रमाणपत्र झूटा रहेको भनी प्रमाणीकरण भई आयोगमा प्राप्त हुन आएको हुँदा प्रतिवादीले पेश गरेको प्रमाणप पत्र जुन मितिबाट झूटा हो भनी प्रमाणित भई आएको छ सोही मितिबाटै निजको कसुरजन्य कार्य स्थापित भएको मान्नुपर्ने र सोही मितिबाटै आयोगले गर्ने कारवाहीको हदम्याद गणना गर्नुपर्ने मनसाय अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को रहेको हुँदा प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र झूटा रहेको भनी प्रमाणीकरण भई आएको मिति २०६२।१।१४ बाट प्रस्तुत आरोपपत्र पेश भएको

मिति २०६३।६।२४ को अवधि कानूनले तोकेको हदम्याद भित्रै रहेको हुँदा प्रस्तुत फैसलामा हदम्याद सम्बन्धमा लिइएको निर्णयाधार त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादी विष्णु कोइराला सार्वजनिक पद धारण गरेको व्यक्ति रहेका र निजले राष्ट्रसेवकको ओहदा प्राप्त गर्ने उद्देश्यले झूटा व्यहोराको शैक्षिक योग्यताको प्रमाण पत्र पेश गरी भ्रष्टाचाजन्य कसूर गरेको तथ्यमा विवाद हुन सक्तैन । यसरी भएको भ्रष्टाचारजन्य कसूरका सम्बन्धमा आयोगमा जानकारी प्राप्त भई सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचारको अपराध गरेको छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा आयोगले त्यसको प्रारम्भिक छानविन गर्ने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १४ ले गरेको छ । उक्त ऐनको व्यवस्था हेर्दा आयोग समक्ष पेश भएका सबै उजुरीका सम्बन्धमा आयोगले अनिवार्य रूपमा छानविन गर्नुपर्ने नभई आरोपित व्यक्तिले भ्रष्टाचारजन्य कसुर गरेको छ भन्ने तथ्यमा आयोग विश्वस्त भएमा त्यस्तो उजुरीका सम्बन्धमा आयोगले छानविन गर्न सक्ने भन्ने रहेको देखिन्छ ।

प्रस्तुत उजुरीका सम्बन्धमा प्रतिवादी विष्णु कोइरालाले पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्र झूटा रहेको सन्दर्भमा आयोगले छानविन गर्न उपयुक्त ठानी मिति २०६१।५।८ को पत्रबाट कुसुमाकर ढकालाई पहिलो पटक अनुसन्धान अधिकृत नियुक्ति गरी छानविन प्रारम्भ भएको र प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र मिति २०६२।१।१४ मा मात्र झूटा भनी प्रमाणीकरण भई आएको अवस्था समेतबाट आयोगले अनुसन्धान अधिकृत नियुक्त गरेको मिति र कसुर प्रमाणित भई आएको मिति समेतबाट प्रस्तुत आरोपपत्र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को हदम्याद भित्रै पेश भएको छ ।

पुनरावलोकनका लागि निवेदन प्रस्तुत गरिएका मुद्दाहरू :

आर्थिक वर्ष २०६५।६६ मा सर्वोच्च अदालतबाट भएको रिट आदेश उपर आयोगको तर्फबाट उक्त अदालतमा पुनरावलोकन सम्बन्धमा गरिएको निवेदनको विवरण देहायमा उल्लेख गरिएको छ ।

काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ३ बस्ने ग्वाराभाई महर्जन १
काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ३ बस्ने तिर्थमाया महर्जन १
काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. १३ बस्ने मचानानी महर्जन १
काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. १७ बस्ने पंचनारायण महर्जन १
काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. २९ बस्ने संदिप ढकाल १
काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ३० बस्ने लक्ष्मीनारायण महर्जन.. १
काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. १३ बस्ने माधवी सुवेदी समेत..... १
काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. २ बस्ने देवनारायण महर्जन..... १
काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ३१ बस्ने द्वारिकामान महर्जन..... १
काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ३१ बस्ने देवनारायण महर्जन १
काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. २४ बस्ने रेना गुरुङ्ग (महर्जन)..... १

काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ४ बस्ने तिर्थमाया महर्जन..... १

उल्लिखित विपक्षीहरू भएको बेग्लाबेग्लै थान -१२ उत्प्रेषण, परमादेश मुद्दामा सर्वोच्च अदालतबाट भएको आदेश उपर देहाय बमोजिमको पुनरावलोकनको निवेदन उक्त अदालतमा प्रस्तुत गरियो :-

१. उल्लिखित मुद्दामा ठहर गर्नुपर्ने प्रश्न निम्न बमोजिम रहेका थिए :-

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०६४।२।२० मा मालपोत कार्यालय, काठमाडौंलाई दिएको निर्देशन उपर विपक्षी रिट क्षेत्रमा प्रवेश गर्न मिल्ने हो वा होइन ?

(ख) सरकारी जग्गामा मोहि हक सृजना हुन्छ, हुँदैन ?

(ग) रिट निवेदकको निवेदन गर्ने निर्विवाद हक स्थापित छ, छैन ?

२. उक्त मुद्दामा उल्लिखित ठहर गर्नुपर्ने प्रश्नको निरूपणमा निम्न आधार लिइएको देखिन्छ :-

(क) निवेदकलाई बुझ्दै नबुझी भएको आयोगको निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरित रहेको,

(ख) दर्ता गर्ने निर्णय गर्न सक्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई प्रदान नगरेको ।

३. सर्वोच्च अदालतबाट यस्तै ठहर गर्नुपर्ने प्रश्न समावेश भएको निम्न मुद्दामा निम्न सिद्धान्त प्रतिपादन भएको देखिन्छ :

(क) वैकल्पिक उपचारको मार्ग उपलब्ध भएको विषयमा सो मार्ग अवलम्बन नगरी सिधै यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट निवेदन लाग्न सक्ने नदेखिने । (रामकृष्ण निराला विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग, ने.का.प. २०६१, अंक ७, नि.नं. ७४०४ पृ. ८२२२)

(ख) रिट क्षेत्रममा प्रवेश गर्न निवेदकको विवादित विषयवस्तु माथि निर्विवाद हक स्थापित भएको हुनुपर्छ (केशरवहादुर भण्डारी विरुद्ध भूमि सुधार कार्यालय, काठमाडौं, ने.का.प. २०५० अंक ११, नि.नं. ४८२३ पृ. ६६१)

(ग) आफ्नो हकै नभएको जग्गाको सम्बन्धमा रिट निवेदन दिने रिट निवेदकको हकदैया नै नदेखिदा निवेदकको माग बमोजिमको आदेश जारी गर्न मिलेन (नारायण सिवाकोटी विरुद्ध झापा जिल्ला वन सुदृढीकरण उच्चस्तरीय आयोग, ने.का.प. २०४८ नि.नं. ४२८३)

४. सर्वोच्च अदालतबाट उपरोक्त आधार लिई जारी गरेको आदेश सर्वोच्च अदालतबाट प्रतिपादित नजिर समेतबाट देहायका आधारमा त्रुटिपूर्ण रहेको छ ।

(क) रिट निवेदक सम्मानित सर्वोच्च अदालतमा असाधारण अधिकार अन्तर्गत रिट क्षेत्रमा प्रवेश गरेको देखिन्छ । अन्य उपचारको व्यवस्था रहेको अवस्थामा सो उपचारको बाटो अवलम्बन गर्नुपर्ने गरी सम्मानित अदालतबाट थुप्रै मुद्दामा नजिर प्रतिपादन भएका छन् । अख्तियार

दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५(ग) मा आयोगले यस ऐन अन्तर्गत कारवाही गरी कसैलाई जरिवाना वा कुनै रकम असुल उपर गर्न दिएको आदेश वा अन्य कुनै आदेश उपर सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिने छ भन्ने कानूनी व्यवस्था रहेको छ । आयोगबाट मिति २०६४।२।२० मा मालपोत कार्यालय, डिल्लीबजारलाई निर्देशन दिने भनी भएको निर्णय उपर उपरोक्त कानूनी व्यवस्था बमोजिम पुनरावेदनको प्रकृयामा प्रवेश गर्नु पर्दछ । यसरी प्रचलित कानूनले बैकल्पिक उपचारको व्यवस्था गरेको अवस्थामा रिट क्षेत्रमा प्रवेश गरेको हुँदा हुँदै रिट जारी हुने ठहर गरी मिति २०६४।११।३० मा सम्मानित अदालतबाट भएको आदेश प्रकरण ३ को खण्ड (क) मा उल्लिखित नजिर प्रतिकूल छ ।

(ख) रिट निवेदनमा दाबी गरिएका जग्गाहरू सरकारी जग्गा हुन । निवेदकले मोहिका हैसियतले दाबी गर्न खोजेको देखिन्छ । भूमि सम्बन्धी ऐन, २०२१ को दफा २५ को उपदफा (५) मा सरकारी जग्गामा मोही कायम हुन नसक्ने स्पष्ट व्यवस्था छ । यस अवस्थामा निजलाई बुझ्दै नबुझी भएको आयोगको निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकुल रहेको भन्ने सम्मानित अदालतको निर्णयाधार उपरोक्त कानूनी व्यवस्था प्रतिकूल छ ।

(ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (ख) मा कुनै विषयमा आयोगले नेपाल सरकार वा कुनै सार्वजनिक संस्थाबाट वा नेपाल सरकार वा सार्वजनिक संस्थाको कुनै कार्यालय वा पदाधिकारीबाट सतर्कता अपनाउनु पर्ने वा कुनै कदम उठाउनु पर्ने देखेमा के कस्ता सतर्कता अपनाउन वा कदम उठाउन उपयुक्त हुन्छ भनी सुझाव दिन सकिने व्यवस्था छ । आयोगबाट मिति २०६४।२।२० मा दिइएको निर्देशन ऐनको सोही व्यवस्था मर्म र मान्यता अनुकुल हुँदा भ्रष्टाचार निवारणका लागि संविधानद्वारा व्यवस्थित यस आयोगको अधिकार क्षेत्र नभएको भनी सम्मानित अदालतबाट भएको आदेश कानूनसम्मत छैन ।

(घ) उत्प्रेषणको आदेश जारी हुने विभिन्न अवस्थाहरू मध्ये निवेदकको निर्विवादित रूपमा हक स्थापित भएको हुनुपर्ने मान्य कानूनी सिद्धान्त हो । सम्मानित सार्वेच्च अदालतबाट पनि यस सन्दर्भमा प्रकरण ३ को खण्ड (ख) र (ग) लगायत विभिन्न नजीर प्रतिपादन भएका छन् । अतः नेपाल सरकार अन्तर्गत समरजंग कम्पनीका नाममा रहेको जग्गामा रिट निवेदकको कुनै पनि किसिमको हक स्थापित नरहेको अवस्थामा उल्लिखित नजिर समेतको प्रतिकुल भएको आदेश त्रुटिपूर्ण छ ।

परिच्छेद -५
पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण

आर्थिक वर्ष २०६५।०६६ मा विभिन्न अदालतबाट भएको फैसला उपर प्रमाण तथ्य एवं औचित्यको आधारमा पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ:

१. वादी नेपाल सरकार प्रतिवादी नेपाल राष्ट्र बैंकका तत्कालीन गभर्नर विजयनाथ भट्टराई समेत विरुद्ध भ्रष्टाचार गरेको कसूरमा विशेष अदालतमा आयोगबाट मुद्दा दायर गरिएकोमा उक्त अदालतका न्यायाधीशहरूबीच मतैक्य हुन नसकी विशेष अदालत ऐन, २०५९ को दफा ६ को उपदफा (५) बमोजिम सम्मानित सर्वोच्च अदालतको एकल इजलास समक्ष मुद्दा पेश भएकोमा उक्त अदालतका न्यायाधीश श्री ताहीर अली अन्सारीबाट मागदाबी भन्दा कम बिगो ठहर गरी प्रतिवादीहरूलाई सजाय गरेको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि निम्न कारणहरूबाट सफलता प्राप्त हुने संभावना नदेखिएकोले आयोगको मिति २०६५।४।७ को निर्णयानुसार पुनरावेदन नगरिएको :-

(क) आयोगबाट प्रतिवादीहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) को कसूर गरेको आधारमा जम्मा रु. २,४५,४६,२५४।३८ बिगो कायम गरी सजाय हुन मागदाबी लिइएकोमा सम्मानित अदालतबाट प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) को कसूर ठहर गरी जनही रु. ३७,८४,९७४।२२ जरिवाना हुने ठहऱ्याई फैसला भएको हुँदा आंशिक सफलता मिलेको देखिएको ।

(ख) मागदाबी बमोजिम हुने बिगो रु. २,४५,४६,२५४।३८ नोक्सानी पारेको भन्ने मागदाबीका सम्बन्धमा अदालतबाट फैसला गर्दा लिइएका आधारहरू सम्झौता अनुसारको काम नगर्ने पक्षबाट अर्को पक्षलाई पुग्न जाने हानी नोक्सानीको क्षतिपूर्ति सम्बन्धी प्रवाधानहरू सम्झौतामा समावेश नगरेको, क्षतिपूर्तिको रकम निर्धारण र दाबी गर्ने प्रकृया सम्झौतामा उल्लेख नगरेको हुँदा करार ऐन, २०५६ को दफा ८२ र ८३ बमोजिम क्षतिपूर्तिको दाबी नगरेको पक्षलाई मात्र आधारमानी भ्रष्टाचारजन्य कार्य मान्न नसकिने भन्ने आधार कानून सम्मत नै देखिएको ।

२. वादी नेपाल सरकार प्रतिवादी लक्ष्मणकुमार सिंह वानिया समेत भएको झूट्ठा विवरणका आधारमा कर्जा लिनुदिनु गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादी मध्येका लक्ष्मणकुमार सिंह वानियालाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (२) अनुसार साथै प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) र दफा १७ को कसूरमा सोही दफा बमोजिम सजायको मागदाबी भएको साथै लक्ष्मीप्रसाद पराजुली र कमलप्रसाद उप्रेतीका हकमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र प्रचलित भ्रष्टाचार निवराण ऐन, २०५९ को दफा ८ को उपदफा ४ अनुसारको कसूरमा सोही ऐन बमोजिम सजायको मागदाबी र प्रतिवादीहरूबाट रु.७,००,०००।- असुल उपर गर्ने गरी आरोप-पत्र दायर भएकोमा प्रतिवादीहरूलाई सफाइ दिई विशेष अदालत, काठमाडौंबाट भएको फैसला अध्ययन गर्दा यी प्रतिवादी उपर बाटो नभएको जग्गालाई ५ फिटे बाटो भएको व्यहोरा उल्लेख गरी आर्थिक

मूल्यांकन गरी पेश गरेको प्रतिवेदनको आधारमा कर्जा प्रवाह भएको भन्ने नै मुख्य मागदाबी रहेकोमा उक्त जग्गाको दक्षिण पूर्वतर्फ बाटो रहेको भन्ने फिल्डबुक उतार र नक्शा ट्रेसबाट बाटो रहेको भन्ने फैसलाको ठहर खण्डमा उल्लेख गरेको पाइएकाले मुख्य मागदाबी नै खण्डित भई सकेको देखिदा यी प्रतिवादीहरूको हकमा पुनरावेदन गर्दा पनि सफलता प्राप्त हुन सक्ने अवस्था र संभावना रहे भएको नदेखिदा आयोगको मिति २०६५।४।७ निर्णयानुसार पुनरावेदन नगरिएको ।

३. आयोगबाट गुहेश्वरी उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक पदमराज भुसाल र लेखा शाखाको काम गर्न तोकिएका गौतम भट्टले विभिन्न समयमा विद्यालयको रकम हिनामिना गरी अकूत सम्पत्ति कमाएको सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०६२।१२।११ को आदेश उपर प्रतिवादीहरू पदमराज भूसाल र गौतम भट्टले विशेष अदालतमा पुनरावेदन गरेकोमा उक्त अदालतबाट मिति २०६२।३।११ मा भएको फैसला प्राप्त भई सो फैसला अध्ययन गर्दा देहायका आधारमा पुनरावेदन गरेतापनि थप सफलता प्राप्त हुन सक्ने अवस्था नदेखिएकाले आयोगको मिति २०६५।४।२० को निर्णयानुसार पुनरावेदन नगरिएको -

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ को कार्यविधि प्रतिवादीहरूका हकमा पुरा भएको नपाइएको साथै सर्वोच्च अदालतबाट पूर्णचन्द्र दुङ्गेल विरुद्ध अ.दु.अ.आ.भएको मुद्दामा प्रतिपादीत सिद्धान्त बमोजिमको कार्य समेत अनुसन्धानमा भएको नदेखिएको ।

४. यस आयोगबाट मिति २०६२।४।१२ मा ईलाका प्रहरी कार्यालय बाह्रविसेमा कार्यरत प्रहरी निरीक्षक बालकृष्ण थापा विरुद्ध भ्रष्टाचार गरेको कसूरमा विशेष अदालतमा मुद्दा दायर गरिएकोमा मिति २०६५।२।३० मा उक्त अदालतबाट निज प्रतिवादी उपर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र १७ को कसूर कायम हुन नसक्ने हुँदा प्रतिवादी बालकृष्ण थापाले सफाइ पाउने ठहर्छ भनी भएको फैसला उपर निम्न कारणबाट सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि सफलता प्राप्त हुने संभावना नदेखिएकाले आयोगको मिति २०६५।४।२० को निर्णयानुसार पुनरावेदन नगरिएको -

(क) अनुसन्धानको क्रममा बयान गर्ने वादीका साक्षी सम्पूर्णलाई अदालतमा उपस्थित गराउन नसकेको र उपस्थित भएकाहरूले पनि अनुसन्धानको क्रममा गरेको भनिएको बयानको प्रतिकुल हुने गरी अदालतमा वकपत्र गरेको पाइएको ।

(ख) यसै सम्बन्धमा प्रहरी प्रधान कार्यालयमा उजुरी परी सो कार्यालयबाट छानविन हुँदा ७४५ ग्राम भन्दा बढी सुन फेला नपरेको भन्ने अनुसन्धान प्रतिवेदन रहेको र भन्सार विभागको मिति २०५९।४।२३ को पत्रबाट वरामदी सुन तातोपानी भन्सार कार्यालयमा मिति २०५८।९।२४ मा दाखिल भएको देखिएको ।

५. वादी नेपाल सरकार प्रतिवादी कृष्णशरण शर्मा समेत भएको मिटर परिवर्तन गरिदिने भनी घूस रिसवत लिएको भन्ने मुद्दामा विशेष अदालत, काठमाडौबाट प्रतिवादीहरू मध्ये कृष्णशरण शर्मालाई कसूरदार ठहर गरी रु. २५ हजार जरिवाना र २५ दिन कैद सजाय गर्ने र अर्का प्रतिवादी निरज सुवेदीका हकमा अभियोग मागदाबीबाट सफाइ दिने ठहऱ्याई मिति २०६५।३।२२ मा भएको फैसला उपर निम्न कारणहरूबाट सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि सफलता

प्राप्त हुने संभावना नदेखिएकाले आयोगको मिति २०६५।५।४ को निर्णयानुसार पुनरावेदन नगरिएको -

(क) प्रतिवादी मध्ये कृष्णशरण शर्माबाट बरामद भएको आयोगबाट नम्बर टिपिएको रु. २५०००।- का हकमा निजलाई कसूरदार ठहर गरी जरिवाना र कैद समेत भएको ।

(ख) कृष्णशरण शर्माबाट थप बरामद रु. २९,३८६।- का हकमा घूस लिएको बयान गर्दा इन्कार गरेको, घूस दिने भनिएका श्याम सुन्दर अग्रवालले घूस दिएको भन्ने कुरामा इन्कार रही वकपत्र गरेका समेत आधारहरूबाट सो रकम घूसको रूपमा लिएको भन्ने पुष्टि हुने प्रमाणको अभाव रहेको ।

६. वादी नेपाल सरकार प्रतिवादी श्यामकुमार बस्नेत समेत भएको गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दा विशेष अदालत, काठमाडौंमा दायर गरिएकोमा उक्त अदालतबाट निज श्यामकुमार बस्नेतले प्राप्त गरेको पैतृक सम्पत्ति, सार्वजनिक सेवामा रहँदा आर्जन गरेको रकम र निजको आर्थिक कारोवारबाट निजको जीवनयापनको स्तर आय श्रोत र खर्चको हिसाबबाट अमिल्दो अस्वभाविक नदेखिएको भन्ने आधारमा मिति २०६४।९।८ मा आरोपित कसूरबाट सफाइ दिने गरी फैसला भएकोमा उक्त फैसला उपर पुनरावेदन गर्दा समेत सफलता प्राप्त हुने सम्भावना नदेखिएको तथा मामुली प्रकृतिको मुद्दा हुँदा आयोगको मिति २०६५।५।४ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

७. वादी नेपाल सरकार प्रतिवादी थानेश्वर ढकाल भएको लेखा परीक्षण गर्दा अनियमितता गरी भ्रष्टाचार गरेको मुद्दामा प्रचलित कानूनले व्यवस्था गरेको प्रकृयाहरू अनुशरण गरी सम्बन्धित निकायबाट खान तलासी वरामदी लगायतका अनुसन्धानका प्रकृयाहरू अगाडि बढाउनु पर्नेमा सुरक्षा फौज र प्रहरी समेतको संलग्नतामा खानतलासी र बरामदी मुचुल्का खडा गरी जिल्ला प्रहरी कार्यालयका प्र.नि.अनुसन्धान अधिकृत वनी कारवाहीका लागि जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउने अधिकार प्रचलित कानूनले संयुक्त फौजलाई प्रदान गरेको नदेखिँदा कानूनको प्रतिकूल भएको यस्तो कार्य स्वत: गैरकानूनी भएको तथा सरकारी कार्यालयका सम्बन्धित पदाधिकारीको भनाइ समेतका आधारबाट निज उपरको आरोप वादी पक्षबाट पेश भएको प्रमाणबाट समर्थित भएको देखिन नआएको भन्ने समेत आधारमा विशेष अदालतबाट प्रतिवादीलाई सफाइ दिई फैसला भएको । उल्लिखित आधारहरू ग्रहण गरी भएको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि सफलता प्राप्त हुने संभावना नदेखिएकाले आयोगको मिति २०६५।६।१५ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

८. पुनरावेदक कलानिधि पौडेल विपक्षी यस आयोग भएको गैरकानूनी निर्णय कारवाही बदर गरीपाउँ भन्ने मुद्दामा पुनरावेदक माथि लागेको आरोपको विषयमा सवुद पेश गर्न मनासिव मौका समेत नदिई प्राकृतिक न्यायको सिद्धान्त विपरीत निर्णय भएको भन्ने आधारमा आयोगको निर्णय बदर भएको देखिँदा प्रस्तुत मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि सफलता प्राप्त हुने संभावना नदेखिएकाले आयोगको मिति २०६५।८।२६ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

९. वादी नेपाल सरकार प्रतिवादी प्रल्हादप्रसाद साह समेत भएको सरकारी पर्ति जग्गा व्यक्तिको नाउँमा कायम गराई भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट प्रतिवादी मध्येका रतनलाल अग्रवाललाई कसूरदार ठहर गरी र प्रतिवादी प्रल्हादप्रसाद साहलाई सफाइ दिई

फैसला भएकोमा वारा जिल्ला भेडाहा गा.वि.स.वडा नं. ६ (ख) कि.नं. ४४ को ३-१६-० को सरकारी पर्ति जग्गा रतनलाल अग्रवालको जग्गा धनी दर्ता श्रेस्ता र पूर्जामा आफूले चढाएको होइन भनी प्रतिवादी प्रल्हादप्रसाद साह आयोग र अदालत समक्ष समेत बयान गर्दा इन्कार रहेका, कसूरमा यी प्रतिवादीको संलग्नता रहेको भनी कसूरदार ठहऱ्याइएका प्रतिवादी रतनलाल अग्रवालले पोल गर्न सकेको नदेखिएको साथै यसै वारदातका सम्बन्धमा नेपाल सरकारबाट बारा जिल्ला अदालतमा दायर भएको सरकारी छाप दस्तखत किर्ते मुद्दामा विवादास्पद विवरण विशेषज्ञबाट परीक्षण गराउँदा प्रतिवादी प्रल्हादप्रसाद साहको हस्ताक्षरसँग विवादास्पद विवरणको अक्षर नभिडेको भनी राय प्राप्त भई सो समेतको प्रमाणका अधारमा यी प्रतिवादीलाई सफाइ दिई बारा जिल्ला अदालतबाट फैसला भएको भन्ने विशेष अदालतको फैसलाबाट देखिन आएको समेतबाट प्रतिवादी प्रल्हादप्रसाद साहलाई सफाइ दिई विशेष अदालतबाट भएको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि सफलता प्राप्त हुने संभावना नदेखिएकाले आयोगको मिति २०६५।९।२५ को निर्णयानुसार पुनरावेद नगरिएको ।

१०. उपेन्द्र गौतमको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी गोपाल प्रसाद उपाध्याय समेत भएको भ्रष्टाचार मुद्दाका प्रतिवादीहरू उपर साविक भ्र.नि.ऐन, २०१७ को दफा ४,८ र १६ विपरितको कसूरमा ऐ. दफा बमोजिम सजाय हुन मागदाबी लिई बारा जिल्ला अदालतमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट मिति २०६२।८।२१ मा प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने गरी भएको फैसला उपर पुनरावेदन अदालत, हेटौडामा पुनरावेदन गरिएकोमा सो अदालतबाट समेत मिति २०६५।३।२४ मा शुरु जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको फैसलाको जानकारी पुनरावेदन सरकारी वकील कार्यालय, हेटौडामा मिति २०६५।१०।२ मा प्राप्त भई महान्यायाधिवक्ताको कार्यालय मार्फत यस आयोगमा प्राप्त हुन आएकोमा निम्न कारणहरूबाट प्रस्तुत मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि सफलता प्राप्त हुने संभावना नदेखिएकाले आयोगको मिति २०६५।११।२१ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

क. प्रतिवादीहरूले मिति २०१५।१०।१६ गतेका दिन प्राप्त चलनपूर्जिको चौहद्दी विवादित जग्गासँग मिल्न भिडन आएको भन्ने बारा जिल्ला अदालत डोरबाट भई आएको नाप नक्सा मुचुल्काले पुष्टि गरेको ।

ख. मालपोत कार्यालय र भूमिसुधार कार्यालय, बाराबाट पटक पटक सर्जमिन गर्दा दर्ता भएको जग्गा प्रतिवादीहरूले नै भोगी आएको तथा चलन पुर्जि भित्रकै भनी खुली आएको ।

ग. पटक पटक चलेका मुद्दामा सर्वोच्च अदालतबाट २०१५ सालको चलन पूर्जि बमोजिम विवादित जग्गामा प्रतिवादीहरूकै हकभोग रहने गरी फैसला भइ सकेको ।

घ. सरकारी जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने अभियोग दाबी पुष्टि हुन सक्ने ठोस र तथ्य युक्त प्रमाण मिसिलमा नदेखिएको ।

११. वादी नेपाल सरकार प्रतिवादी राम सकल साह समेत भएको अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा प्रतिवादी मध्येका राम सकल साहको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) (क) र दफा १० विपरीतको कसूरमा ऐ. दफा बमोजिम र प्रतिवादी दिनेश साह कानूको हकमा ऐ. ऐनको दफा ३(३) र ११ को कसूरमा ऐ. को दफा ३(३) र २२ बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट आंशिक रूपमा अभियोग दाबी पुग्ने ठहर गरी फैसला भएको । उक्त फैसला उपर निम्न

कारणबाट सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि सफलता प्राप्त हुने सम्भावना नदेखिएकाले आयोगको मिति २०६५।११।२९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

(क) प्रतिवादी राम सकल साहले दिनेश साह कानूबाट रु. ४०००।- घूस लिई अभिलेख सच्याइदिएको भन्ने आरोपमा अनुसन्धान अधिकारी र अदालतमा समेत इन्कार रही बयान गरेका ।

(ख) प्रतिवादी निदेश साह कानूबाट राम सकल साहले रु. ४०००।- रिसवत लिएको भन्ने वस्तुनिष्ट आधार प्रमाणहरूबाट पुष्टि हुन नसकेको ।

(ग) प्रतिवादी निदेश साह कानूले अनुसन्धानका क्रममा गरेको कागज व्यहोरालाई अदालत समक्ष उपस्थित भई समर्थन गर्न नसकेको र निजले राम सकल साहलाई रु. ४०००।- दिई बाबुको मुत्यु दर्ता प्रमाणपत्र सच्याउन लगाएको भन्ने अभियोग दाबी अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नसकेको ।

१२. वादी नेपाल सरकार प्रतिवादी ध्रुवराज ढुङ्गाना र शिवराज महतो भएको वैंकमा धितो पारीत भई रोक्का रहेको जग्गा रोक्का छैन भनी भ्रष्टाचार गरको भन्ने मुद्दामा प्रतिवादी मध्येका शिवराज महतोको हकमा साविक भ्र.नि.ऐन, २०१७ को दफा ८ र भ्र.नि.ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम र प्रतिवादी ध्रुवराज ढुङ्गानाको हकमा साविक भ्र.नि.ऐन २०१७ को दफा ७ को उपदफा (१) र भ्र.नि.ऐन, २०५९ को दफा ८ को उपदफा (३) अनुसार सजाय गरी राष्ट्रिय वाणिज्य वैंक र कृषि विकास वैंकलाई क्षति पुगेको बिगो रु. ३०,३९,१९४।- प्रतिवादीहरूबाट दिलाई भराई पाउन मागदाबी लिई विशेष अदालत, काठमाडौमा आरोपपत्र पेश भएकोमा सो अदालतबाट आंशिकरूपमा अभियोग मागदावि पुग्ने ठहर गरी फैसला भएकोमा निम्न कारणहरूबाट सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि थप सफलता प्राप्त हुने संभावना नदेखिएकाले आयोगको मिति २०६५।१२।११ को निर्णयानुसार पुनरावेदन नगरिएको -

(क) प्रतिवादी ध्रुबराज ढुङ्गानाको हकमा भ्र.नि.ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम र शिवराज महतोको हकमा भ्र.नि.ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर ठहर भई जनही २ वर्ष कैद गर्ने गरी फैसला भईसकेको ।

(ख) मागदावि बमोजिमको बिगोको हकमा राष्ट्रिय वणिज्य वैंक र कृषि विकास वैंकले प्रवाह गरेको ऋण प्रचलित कानूनको अवलम्वन गरी असुल उपर गरी लिन सक्नेनै भनी अदालतको फैसलामा उल्लेख भएकै देखिएको ।

१३. तत्कालीन शाही नेपाल वायुसेवा निगम र हिमाल वर्ल्ड सर्भिस बीच सन् १९९९ मा भएको सम्झौताको व्यवस्था अनुसार हिमाल वर्ल्ड सर्भिसलाई Incentive बापतको रकम भुक्तानी गर्दा अनियमितता भएको सम्बन्धमा आयोगको मिति २०६२।५।२९ को निर्णयानुसार अनियमित किसिमले हिमाल वर्ल्ड सर्भिस लाई भुक्तानी भएको रु. १ करोड ९ लाख रकम ३ महिना भित्र सम्बन्धित एजेण्टबाट असुल उपर गर्ने र तोकिएको समयमा सो रकम असुल उपर हुन नसकेमा त्यसरी रकम भुक्तानी गर्ने सम्बन्धित कर्मचारीहरूले राखेको जेथा जमानतबाट असुल उपर गर्न नेपाल वायुसेवा निगमलाई लेखी पठाउने गरी भएको निर्णय उपर राजेन्द्र ढुङ्गाना समेतले विशेष अदालत, काठमाडौंमा पुनरावेदनपत्र पेश गरेकोमा सो अदालतबाट आयोगको उल्लिखित मितिको

निर्णय बदर गर्ने गरी फैसला भएको । अदालतको उक्त फैसला उपर निम्नकारणहरूबाट सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि सफलता प्राप्त हुने संभावना नदेखिएकाले आयोगको मिति २०६६।१।२१ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

(क) नेपाल वायु सेवा निगमले हिमाल वर्ल्ड सर्भिसबाट असुल उपर गर्नुपर्ने रकमका सम्बन्धमा जापान स्थित अदालतमा मुद्दा दायर गरेको र हिमाल वर्ल्ड सर्भिसबाट समेत निगमका विरुद्ध सोही अदालतमा मुद्दा दायर गरेकोमा नेपाल वायुसेवा निगमले अफ्नो दाबी छाडीदिने र हिमाल वर्ल्ड सर्भिसले पनि सन् २००४।०५ देखि २००६।०७ सम्मको Incentive रकम र उक्त एजेण्टले राखेको बैंक ग्यारेण्टी रकम बाहेक अन्य रकमका सम्वन्धमा दाबी छाडीदिने गरी मिलापत्र भएको भन्ने नेपाल वायुसेवा निगको मिति २०६५।१०।२१ को पत्रबाट देखिएको ।

(ख) आयोगको निर्णयानुसार हिमाल वर्ल्ड सर्भिसबाट असुल उपर हुनुपर्ने रकमका सम्बन्धमा नेपाल वायुसेवा निगमले आफ्नो दाबी छाडी अदालतबाट मुद्दा मिलापत्र समेत गरिसकेको सन्दर्भमा सो रकम भुक्तानी गर्ने पुनरावेदक तत्कालीन कर्मचारीहरूबाट रकम असुल उपर गर्नुपर्ने अवस्था विद्यमान नदेखिएको ।

१४. भिमराज अधिकारी पुनरावेदक विपक्षी यस आयोग समेत भएको निर्णय बदर मुद्दामा महेन्द्र विन्देश्वरी वहुमुखी क्याम्पस, राजविराज, सप्तरीबाट सञ्चालित विज्ञान संकाय, प्रविणता प्रमाण पत्र तह, द्वितीय वर्षको परिक्षामा सहभागी मनिषा देवको परिक्षाफल रद्द गर्ने गरी केन्द्रिय परिक्षा संचालक समितिबाट भएको निर्णय वदर गरी दुश्परिणाम सच्याउन आयोगबाट मिति २०६५।८।३ मा भएको निर्णय विरुद्ध त्रि.वि.वि. केन्द्रिय परिक्षा संचालक समितिको तर्फबाट भिमराज अधिकारीको विशेष अदालत समक्ष पुनरावेदन परी सो अदालतबाट मिति २०६५।११।२१ मा आयोगको उल्लिखित मितिको निर्णय बदर गर्ने गरी फैसला भएको । विशेष अदालतको उक्त फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गरे पनि प्रयोजनहिन हुने अवस्था देखिएकाले आयोगको मिति २०६५।६।१५ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

परिच्छेद - ६
विभागीय कारवाही

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउने वा कसूरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने व्यवस्था छ। सोही अनुरुप आर्थिक वर्ष २०६५/२०६६ मा विभागीय कारवाहीका लागि विभिन्न निकायमा लेखी पठाइएको मन्त्रालयगत विवरण देहाय बमोजिम उल्लेख गरिएको छ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

तातोपानी भन्सार कार्यालयको प्र.द.नं. ६२८० र ६२८१ बाट मिति २०६४।१०।२१ मा जाँचपास भएका ना.२ ख ९९७७ र ना.२ ख ९९७५ नं. का कन्टेनरबाट सामान ढुवानी गर्दा राजस्व छलेको भन्ने विषयमा अनुसन्धान हुँदा ना.सु. रामकृष्ण तिवारी र खरिदार अर्जुन वस्नेतलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(६) बमोजिम विभागीय कारबाही गर्न आयोगको मिति २०६६।२।११ को निर्णय अनुसार भन्सार विभागमा लेखी पठाइएको।

(ख) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. पशु आहार उत्पादन विकास समिति, हेटौडाका तत्कालिन प्रवन्धक डा.मुनिलाल चौधरीले स्टोरकिपर मानसिंह थापालाई सफाइको मौकानै नदिई सेवावाट अवकाश दिइएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पशु आहार उत्पादन विकास समिति हेटौडाका तत्कालिन प्रवन्धक डा.मुनिलाल चौधरीले उक्त समितिका स्टोर किपर मानसिंह थापालाई चोरी गरेको अभियोगमा सुनुवाईको मौका नै नदिई मिति २०६३।९।२५ देखि लागु हुने गरी सेवावाट अवकाश दिएको, उक्त चोरीको घटना प्रहरी प्रशासन कतैवाट पनि अनुसन्धान नगराएको, निज स्टोर किपर मानसिंह थापाले दर्ता नं. ०२ मिति २०६३।१२।१ मा पुनरावेदन पत्र दर्ता गराएको तर झुट्ठा व्यहोरा तयार गरी पुनरावेदन नगरेको भनी मिति २०६४।१।२० को पत्रवाट जानकारी गराइएको र निज प्रवन्धक कार्यालयवाट सरुवा भै अर्को कार्यालयमा जाँदा कानून वमोजिम वरवुझारथ गरी जानु पर्नेमा सो नगरी गएको देखिएको हुँदा आयोगको मिति २०६५।४।२१ को निर्णय अनुसार विभागीय सजाय गर्न कृषि तथा सहकारी मन्त्रालयलाई लेखी पठाईएको।

२. दुग्ध विकास संस्थान, लैनचौरबाट वरिष्ठ कम्प्यूटर अपरेटर (खुल्ला) पाँचौ तहको प्रयोगात्मक परीक्षामा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उत्तर पुस्तिका परीक्षण

गर्दा संजय वर्माले उत्तर पुस्तिकामा पेन्सिलले ठीक, बेठीक चिन्ह मात्र लगाएको, एउटै वस्तुगत प्रश्नको उत्तरमा दुई ठाउँ (उत्तर) मा चिन्ह लगाईएकोमा त्यस्तो उत्तरलाई गलत मानी अंक प्रदान नगर्नु पर्नेमा ठीक मानी अंक प्रदान गरिएको, अनुसन्धान गरी हेर्दा निजले दिएको अंकमा घटीबढी आउने अवस्था भएको पाईएकोले उक्त कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को (क), (घ) विपरीत भएको र निजलाई आयोगमा सम्पर्कको लागि कृषि तथा सहकारी मन्त्रालयमा पत्र पठाएकोमा उक्त मन्त्रालयको मिति २०६५।५।८ को पत्रबाट निजले मिति २०६५।४।१२ गतेदेखि ऐ. १७ गतेसम्म पर्व विदा स्वीकृत गराई बिदामा बसेको तत्पश्चात हालसम्म पनि बिना जानकारी मन्त्रालयमा उपस्थित हुनु नभएको भन्ने जानकारी प्राप्त हुन आएकाले आयोगको मिति २०६५।५।८ को निर्णय अनुसार संजय वर्माको हकमा आवश्यक प्रकृया पुरा गरी विभागीय कारवाही गर्न कृषि तथा सहकारी मन्त्रालयमा लेखि पठाईएको ।

३. जिल्ला कृषि विकास कार्यालय, सप्तरीका प्रा.स.भोलानाथ यादवले जिल्ला कृषि विकास कार्यालय, भोजपुरबाट मिति २०६०/१२/१२ मा सरुवा भै आउँदा पाएको रमाना पत्रमा निजको सञ्चित रहेको घर विदा तथा विरामी विदाको अगाडि १/१ थप गरी सच्याएको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला कृषि विकास कार्यालय, भोजपुरबाट मिति २०६०/१२/१२ मा सरुवा भै रमाना बुझी आउँदा निजले सञ्चित विदा महलमध्ये घर विदामा २६ दिन तथा विरामी विदामा ६६ दिन उल्लेख भएकोमा कार्यालय पेश गरेको पत्रमा प्रत्येकमा १०० थप गरि घर विदा १२६ दिन र विरामी विदा १६६ दिन गरेकोमा आयोगको मिति २०६५/११/२१ को निर्णय अनुसार निजको घर विदा २६ दिन र विरामी विदा ६६ दिन हुने गरी पूर्व अवस्थामा नै सच्याउन लगाउने र निज प्रा.स.भोलानाथ यादवलाई विभागीय कारवाही गर्न कृषि तथा सहकारी मन्त्रालयलाई लेखी पठाईएको ।

(ग) गृह मन्त्रालय अन्तर्गत

१. यातायात व्यवस्था कार्यालय, वाग्मती अञ्चलले परीक्षामा सामेल नै नभएका व्यक्तिलाई कर्मचारीहरू समेतको मिलेमतोमा घुस/रिसवत लिई प्रकृया पूरा नगरी सवारी चालक अनुमति पत्र दिने गरेको भन्ने विषयमा अनुसन्धान हुँदा लिखित र ट्रायल दुवै चरणको परीक्षामा खटिएका प्र.ना.नि. देवेन्द्र रावलले परीक्षामा आवेदक पहिचान गरी आवेदकलाई मात्रै परीक्षामा सामेल गराई परीक्षामा सामेल भएका व्यक्तिलाई मात्र सिफारिस गर्नुपर्नेमा सो अनुसार भएको नपाइएकोले आयोगको मिति २०६५।४।१९ को निर्णय अनुसार प्रहरी नियमावली २०४९ को नियम ८४ (क) अनुसारको विभागीय कारवाही गर्न प्रहरी प्रधान कार्यालयमा लेखी पठाईएको ।

२. जिल्ला प्रशासन कार्यालय,म्याग्दीका खरिदार वेदनाथ सुवेदी लगायतका व्यक्तिहरूले सोही जिल्ला अन्तर्गत राखु पिप्ले गा.वि.स. ७ का तीर्थ बहादुर मल्लको नाममा दोहोरो नागरिकता बनाउनको लागि रिसवत लिएको भन्ने विषयको उजुरिका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय, म्याग्दीका तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी नवराज वराल र खरिदार वेदनाथ सुवेदीले म्याग्दी जिल्ला राखु पिप्ले गा.वि.स. वडा नं. ७ का तिर्थ बहादुर मल्लको नाममा मिति २०६२।१।१९

मा नेपाली नागरिकताको प्रमाण पत्र दिइसकेकोमा पुनः मिति २०६४।२।१० मा उमेर घटाएर दोहोरो नागरिकता दिने दिलाउने कार्य भए गरेको देखिएको, नागरिकता प्रमाण पत्र दिनुपूर्व आफ्नै कार्यालयमा भएको डेढदुई वर्ष पुरानो अभिलेख समेत हेर्ने भिडाउने कार्य नगरी आफ्नो पदीय कर्तव्य एवं जिम्मेवारी पालनामा गम्भीर लापरवाही गरेको देखिएको, नागरिकता लिनेको उमेर एकिन गर्न निवेदकले पेश गरेको गोल्डेन पिक हाइस्कूल काठमाडौंको चारित्रिक प्रमाण पत्रको अप्रमाणित कपी जस्मा प्रमाणपत्र जारी मिति, रजिष्ट्रेशन नम्बर समेत उल्लेख नभएको अवस्थामा समेत सोलाई उमेर एकिन गर्न आधार बनाएको देखिएको, रिसवत लिएको भनिएको रकम दशी प्रमाण स्वरुप बरामद हुन आएको नभएता पनि यस कार्यका लागि रकम खोजि दिएको हुँ भनी पुर्व जि.वि.स. उप-सभापति अमृत कुमार श्रेष्ठले वयानमा लेखाएको समेत देखिंदा यी कर्मचारीहरूको प्रस्तुत कार्य स्वच्छ नियतको देखिन नआएको र तिर्थ बहादुर मल्लले प्राप्त गरेको दोश्रो नागरिकता हाल रद्द भईसकेको समेत अवस्था निजहरूले गरेको कसुरको मात्रा अनुसार निजामती सेवा ऐन, २०४९ बमोजिम उपयुक्त विभागीय सजाय गर्न गृह मन्त्रालयमा लेखि पठाईएको । सोहि कारवाहिमा म्याग्दी जिल्ला राखु पिप्ले गा.वि.स. वडा नं. ७ का तिर्थ बहादुर मल्लले मिति २०६२।१।१९ मा जन्ममिति २०४४।७।१६ राखी ५८४३ नं.को नेपाली नागरिकताको प्रमाण पत्र लिइसकेकोमा पुनः मिति २०६४।२।१० मा झुट्ठा विवरण दिई उमेर घटाएर जन्म मिति २०४६।९।१० राखी ४९१०१६/१६५० नं.को दोहोरो नागरिकता प्राप्त गरेको देखिएको र सोहि नागरिकताको आधारमा दोहोरो राहदानी समेत प्राप्त गरेको देखिएकोले आयोगको मिति २०६५।९।२७ गतेको निर्णय अनुसार झुट्ठा विवरण दिई नागरिकता र राहदानी लिएको सम्बन्धमा कानून बमोजिम गर्नुपर्ने आवश्यक अनुसन्धान गरी संलग्न देखिएका व्यक्तिहरूका सम्बन्धमा प्रचलित ऐन अनुसार मुद्दा दायर गर्ने गराउने व्यवस्था हुनको लागि जिल्ला प्रहरी कार्यालय, म्याग्दीलाई लेखी पठाईएको ।

(घ) भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. काठमाडौं जिल्ला वालाजु वनस्थलि स्थित नयाँ नापी अनुसार कायम कि.नं.२७७ को जग्गा निवेदक प्रयागमान रंजितले २०४५ सालमा खरिद गर्दाको अवस्थामा मोही नभएकोमा हाल सूर्जे रेग्मीलाई जग्गाको मोठ श्रेस्तामा मालपोत कार्यालय, डिल्लीबजारले मोही कायम गरेकोले भ्रष्टाचार भएको शंका भएकोले कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालयका खरिदार निमा छिरिङ लामाले श्रेस्ता उतार गरी भूमि सुधार कार्यालयमा पठाउँदा भैरव बहादुर रेग्मीको लगत कायम रहेको भनि उल्लेख गरिदिएको हुँदा आयोगको मिति २०६५।५।२७ को निर्णय अनुसार पत्र तयार गर्ने निज खरीदार निमा छिरिङ लामालाई विभागीय सँजाय गरी आयोगमा जानकारी दिन मालपोत कार्यालय डिल्लीबजारमा लेखि पठाईएको ।

२. झापा जिल्ला दमक नगरपालिका वडा नं. १३ भित्रका सार्वजनिक, ऐलानी, पर्ति जग्गा अनियमित तवरले स्ववासीको नाममा दर्ता गर्दा अनियमित भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सार्वजनिक, पर्ति, ऐलानी जग्गा व्यक्तिका नाममा दर्ता गर्ने निर्णय गर्ने ७ नं नापी गोश्वारा झापाका प्रमुख नापी अधिकृत विष्णु कुमार न्यौपानेले निर्णय गर्दा सुकुम्वासी समस्या समाधान आयोगबाट

भएको निर्णयमा नपरेका व्यक्तिहरूका नाममा जग्गा दर्ता गर्दा श्रेस्ता तयार गर्ने एवं वितरण गर्ने कार्य गरेको पाइएको साथै उक्त कार्यालयबाट स्ववासीलाई दिने भनी दर्ता गरिएका जग्गा सार्वजनिक, पर्ति, ऐलानी रहेको हुँदा निज प्रमुख नापी अधिकृतले अधिकार क्षेत्र भित्र रहि काम गरेको देखिएन । प्रचलित कानूनले अधिकारै नदिएको विषयमा निर्णय गरी आफ्नो पदिय जिम्मेवारी पूरा नगरी जग्गा दर्ता गर्न एवं जग्गा दर्ता प्रमाण पत्र दिने मुख्य जिम्मेवार निज प्रमुख नापी अधिकृत विष्णु कुमार न्यौपाने उपर विभागीय कारवाही गर्न आयोगको मिति २०६५।९।७ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाईएको ।

३. जिल्ला सिरहा, गम्हरिया महेशपुर गा.वि.स. वडा नं. १ को कि.नं. १९७ को ज.वि. ०-३-० को नेपाल सरकार (तत्कालिन श्री ५ को सरकार) को नामको जग्गा मालपोत कार्यालय, सिरहाको कर्मचारीहरूको मिलेमतोबाट दिने गंगाप्रसाद सिंह र लिने संजय कुमार सिंह भै र.नं. ४२५१ बाट मिति २०५२।९।२६ मा लिखत पारित गरी भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल सरकारका नाममा कायम भएको जग्गा व्यक्तिको नाममा मोठ कायम छ भनी प्रमाणित गर्ने खरिदार हिरालाल ठाकुर र सोही आधारमा लिखत पारित गर्ने ना.सु. राजेन्द्र प्रसाद साहलाई विभागीय कारवाही गर्न आयोगको मिति २०६६।३।२३ को निर्णय अनुसार मालपोत कार्यालय, सिरहालाई लेखि पठाईएको ।

(ङ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. आ.व.०६३।६४ मा डिभिजन सडक कार्यालय, बुटवलले आह्वान गरेको सडक निर्माण सम्बन्धि वोलपत्रहरूमा लागत अनुमान भन्दा १०% बढी अंक कवोल गरेका ३/३ वटा मात्र वोलपत्र दर्ता गराई करोडौंको भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अधिकांस ठेक्कामा ३/३ वटाका दरले वोलपत्र एवं शिलवन्दी दरभाउ पत्र दर्ता भएकोमा स्वीकृत लागत अनुमानको हाराहारीमा ११ वटा र ठेक्का नं.१५ देखि १८ का वोलपत्रहरू स्वीकृत लागत अनुमान भन्दा ८.८६% देखि ९.५% सम्म बढी बोलकवोल गरी दर्ता भएको ठेक्का मध्ये ठेक्का नं. १५, १६ र १७ मा स्वीकृत लागत अनुमान भन्दा बढी बोलकबोल गरेको रकम ठेक्का नं. ८, ९ र १४ मा स्वीकृत लागत अनुमान भन्दा ४९.८५% सम्म घटी बोलकवोल गरी पेश हुन आएका ठेक्काहरूबाट वचत हुने रकमबाट उक्त ठेक्का नं. १५,१६ र १७ को ठेक्का मा खर्च गर्ने गरी उक्त ठेक्का नं. १५ देखि १८ सम्मका बोलपत्रहरू स्वीकृत गरेको अवस्था समेत देखिंदा ठेक्का नं. ८, ९ र १४ को पुनः बोलपत्र आह्वान पछि भई ठेक्का स्वीकृत पनि पछि भएको भन्न मिल्ने अवस्था समेत नदेखिएको र ठेकेदारहरूले कार्टेलिङ्ग गरेको स्पष्ट देखिंदा देखिदै त्यस्ता ठेक्काहरू रद्द नगरी यान्त्रिक रुपमा काम गरी नेपाल सरकारलाई पर्न जाने हानी नोक्सानी तर्फ ध्यानै नदिई आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदिय कर्तव्य पालन नगरेको र सो कुरा माग भए बमोजिमको मान्य अवधि भएको बैंक जमानत पेश नभएको कारण पुनः वोलपत्र आह्वान भएको सोही १८ वटा ठेक्का मध्येको ठेक्का नं.८, ९ र १४ मा क्रमशः ८, ११ र ६ वटा वोलपत्र दर्ता भई स्वीकृत लागत अनुमान भन्दा ४९.८५% सम्म घटी बोलकवोल गरेको र सो ठेक्काको निर्माण कार्य समेत गुणस्तरयुक्त रुपमा

सम्पन्न भएको तथ्यबाट पुष्टि समेत भएकोले श्री पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं.४ बुटवलका तत्कालिन डिभिजन प्रमुख दिनेश प्रकाश बस्नेतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) बमोजिमको कसुर गरेको साथै ठेक्का नं.१६ मा २० थान र १५, १७ र १८ मा ३८/३८ थान वोलपत्र बिक्री भएकोमा ठेक्का नं. १५ मा ४ वटा र अन्यमा ३/३ वटा मात्र वोलपत्र दर्ता भई न्यूनतम कवोल गरेका ठेक्का नं.१५ देखि १८ सम्मका वोलपत्रहरू स्वीकृत लागत अनुमान भन्दा क्रमशः ९.४१%, ९.५%, ९.४५% र ८.८६% बढी बोल कवोल गरी ठेकेदारहरूले कार्टेलिङ्ग गरेको स्पष्ट देखिंदा देखिदै त्यस्ता ठेक्काहरू रद्द गर्न सिफारिस नगरी यान्त्रिक रुपमा काम गरी नेपाल सरकारलाई पर्न जाने हानी नोक्सानी तर्फ ध्यानै नदिई आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय कर्तब्य पालन नगरी उक्त ठेक्काहरू स्वीकृत गर्न लिखित रुपमा सहमती दिई पश्चिमाञ्चल सडक निर्देशनालयका तत्कालिन क्षेत्रिय निर्देशक भोज बहादुर ढकालले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) बमोजिमको कसुर गरेको हुँदा आयोगको मिति २०६५।५।११ को निर्णय अनुसार निज दिनेश प्रकाश वस्नेत र भोज बहादुर ढकाल उपर विभागीय कारवाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएको ।

२. सडक डिभिजन कार्यालय नं ८ जनकपुरबाट महोत्तरी जिल्लाको रातु नदीको पुल निर्माण सम्बन्धी मिति २०६५।१।३१ मा प्रकाशित बोलपत्रको बुदाँ नं. ११ मा "Any Amendment in the tender notice shall be published in the notice board of Division Road Office, Janakpur" उल्लेख गरी बोलपत्रको मौलिक योग्यतामानै फरक पर्ने बिषयलाई कार्यलयको सूचना पाटीमा टाँस गरी बोलपत्र स्वीकृत गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा बोलपत्रको सूचना सार्वजनिक गरिसकेपछी निमार्ण कार्यको "Specific Experience Required" अर्न्तगतको सारभूत बिषयनै परिवर्तन गरिएको सूचना कार्यालयको सूचना पाटीमा मात्र टाँस गरी बोलपत्र सम्बन्धी कार्यलाई अन्तिम निर्णय सम्म पुऱ्याएको देखिन आएकोले यस्तो बोलपत्रको मौलिक योग्यतामानै फरक पर्ने सारभूत बिषयलाई सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेमा नगराएको हुदाँ सडक डिभिजन कार्यालय, जनकपुरका तत्कालिन प्रमुख बद्रीनाथ झालाई आयोगको मिति २०६६।१।२४ को निणर्य अनुसार निजामती सेवा ऐन, २०४९ बमोजिम बिभागिय कारबाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखि पठाईएको ।

(च) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत

चितवन राष्ट्रिय निकुञ्जको कार्यालय कसराका तत्कालीन का.मु.संरक्षण अधिकृत कमलजंग कुंवर र सहायक संरक्षण अधिकृत अणनाथ बराल समेतले अख्तियारको दुरुपयोग गरी संरक्षित वन्यजन्तु एक सिंगे गैंडाको खाग गैरकानूनी तवरले बिक्री बितरण गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा चितवन राष्ट्रिय निकुञ्जका तत्कालीन का.मु.संरक्षण अधिकृत (हाल सहायक वातावरण अधिकृत वन तथा भू-संरक्षण मन्त्रालय) कमलजङ्ग कुँवरको हकमा निजले आयोग समक्ष पेश गरेको जवाफमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३० बमोजिम ऐन अन्तर्गतका अनुसन्धान तहकीकातको जानकारी कुनै निकायलाई दिनु पर्नेछ भनी उल्लेख नभएको, चोरी शिकार नियन्त्रणको काममा प्रयोग गर्ने

गैंडाको सक्कली खाग कार्यालयको कर्मचारीलाई भरपाई गरी पठाइएको, अप्रेशनमा खटिएका सहायक संरक्षण अधिकृत अणनाथ बराललाई मुटु रोगको कारण हस्पिटलको सघन उपचारकक्षमा उपचारमा रहनु परेकोले प्रतिवेदन पेश गर्न ढिला भएको, अप्रेशनमा खाग हराएपछि पुनः प्रयाश गरेमा खाग फिर्ता ल्याउन सकिने भन्ने अप्रेशनमा खटिएका जिम्मेवार कर्मचारीले पटक पटक अनुरोध गरेको र सो बमोजिम अप्रेशनमा जाँदा अपराधमा संलग्न ८ के.जी.यार्सागुम्वा भन्ने जडिबुटी र राष्ट्रिय बिधि विज्ञान प्रयोगशालाबाट वैज्ञानिक परीक्षणबाट पहिचान हुन नसकेको बहुमूल्य सामान बरामद भएको, अप्रेशन गर्ने क्रममा हराएको खाग म र अप्रेशनमा खटिने कर्मचारीहरूले कुनै नियत राखेर हराएको नभै वन्यजन्तु अपराधलाई नियन्त्रण गर्ने र अपराधीलाई पक्राउ गरी कानून बमोजिम कारवाही गर्ने अथक प्रयाश र मेहनत गर्दा भएको भनी स्पष्टिकरणको जवाफ दिएतापनि निजले यति ठूलो अप्रेशनमा खटिए पश्चात भए गरेको काम कारवाहीको बिबरण चाँडो भन्दा चाँडो माथिल्लो निकायमा जाहेर गर्न नसक्नुको कारण खुलाउन नसकेको, चोरी शिकार नियन्त्रणको काममा प्रयोग भएको एकसिंगे गैंडाको सक्कली खाग कार्यालयको कर्मचारीलाई भरपाई गरी पठाइएको भनी पन्छिन खोजेको, बरामद भएका सर सामानहरू मध्ये नगद रु. ६ लाख कार्यालयमा बुझाएतापनि बरामद भएको यार्चागुम्बा ८ के.जी., चार प्रकारको धुलो पदार्थ १८ के.जी.,शंकास्पद खागको धुलो ३ के.जी. परीक्षणका लागि समयमानै विधी विज्ञान प्रयोगशालामा नपठाउनुको कारणका सम्बन्धमा स्पष्ट हुन नसकेको, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३० बमोजिम ऐन अन्तर्गतका अनुसन्धान तहकीकातको जानकारी कुनै निकायलाई दिनु पर्नेछ भनी उल्लेख नभएको भनी पञ्छिन खोजेको देखिंदा आयोगको मिति २०६५।१२।२५को निर्णय अनुसार निजले गरेको सो कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख) र ३(छ) अनुसार कुनै निर्णय वा आदेश गर्दा अपनाउनुपर्ने कार्यबिधीको पालना नगरेको तथा आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने कुनै पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको र चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत अणनाथ बरालले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख) र ३(छ) अनुसार कुनै निर्णय वा आदेश गर्दा अपनाउनुपर्ने कार्यबिधीको पालना नगरेको तथा आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको देखिंदा निजहरूलाई विभागीय कारवाही गर्नका लागि बन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाईएको ।

(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. एच्.आइ.भी./एड्स रोकथामका लागि ग्लोवल फण्डवाट नेपाल सरकारलाई प्राप्त अनुदान सहयोगमा अनियमितता र भ्रष्टाचार भएको भनी नयाँ पत्रिकामा मिति २०६५।६।७ मा प्रकाशित समाचारको आधारमा अनुसन्धान हुँदा ग्लोवल फण्ड अन्तर्गत प्राप्त अनुदान सम्बन्धी कार्यक्रमको कार्यान्वयन गर्न वस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक तथा पारदर्शी किसिमले नेपाल सरकारको प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियम अनुसार खर्च गर्ने भनी संझौतामा उल्लेख भएकोमा वार्षिक खरिद योजना तयार नगरी वस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक रुपले टेण्डर तथा दरभाउ पत्रद्वारा खरिद गर्नुपर्नेमा सो नगरी खण्डखण्ड गरी कार्य गरेको देखिए बमोजिम केन्द्रका निर्देशक डा.पदम वहादुर चन्द र लेखापाल खडक वहादुर थापाले टेण्डर तथा दरभाउ पत्रद्वारा प्रतिस्पर्धात्मक किसिमले वस्तु तथा सेवा खरिद गर्नु पर्नेमा सो नगरी नियमलाई छल्ने उद्देश्यले कार्य

गरेको हुँदा आयोगको मिति २०६५।१०।२० को निर्णय अनुसार निर्देशक पदम वहादुर चन्द र लेखापाल खडक वहादुर थापालाई विभागीय कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाईएको ।

२. प्राथमिक स्वास्थ्य केन्द्र चतराका जनस्वास्थ्य निरीक्षक शीव दयाल महतोले नियम विपरित विदा स्वीकृत नगराई गैर सरकारी संस्थामा काम गरिरहेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा विभागीय स्वीकृति वेगर जनस्वास्थ्य निरिक्षक शीव दयाल महतोले मिति २०६२।९।१३ देखी २०६३।६।२८ सम्म सेभ द चिल्ड्रेन, यु.एस.ए. अन्तर्गतको फेमीली हेल्थ प्रोग्राम, सिरहामा ट्रेनिङ अफिसर पदमा पूर्ण कालिन कर्मचारी भै कामकाज गरेको पुष्टि भएको, निजले घरायसी कारण देखाई असाधारण विदा माग गरि सेभ द चिल्ड्रेन सिरहामा कार्यरत रहेको हुँदा उक्त विदा स्वीकृत तर्फ कारवाही अघि वढाउन नियमानुसार नमिल्ने भएकाले निज माथी प्रचलित स्वास्थ्य सेवा ऐन नियम वमोजिम कारवाही प्रकृया अघि वढाउन मिति २०६२।१०।१२ मा पूर्वाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशक डा.महानन्द मिश्रले जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीलाई निर्देशन दिएकोमा आफैले गरेको पूर्व निर्णयलाई वेवास्ता गर्दै निज शीव दयाल महतोको असाधारण विदा स्विकृत तर्फ पूनः कारवाही अघि वढाउन मिति २०६३।८।१ मा जिल्ला स्वास्थ्य कार्यालय, सुनसरीलाई गरेको निर्देशन आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरेको देखिन आएको हुँदा आयोगको मिति २०६५।१०।२९ को निर्णय अनुसार डा.महानन्द मिश्र माथि स्वास्थ्य सेवा ऐन २०५३ (तेस्रो संशोधन) को प्रावधान वमोजिम विभागीय कारवाही गर्न, विभागीय सहमति नलिई अग्रिम विदा स्वीकृति नगराई गैरसरकारी संस्थामा काम गर्ने जनस्वास्थ्य निरीक्षकलाई प्रचलित स्वास्थ्य सेवा ऐन, नियम वमोजिम विभागीय कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाईएको ।

३. रामेछाप जिल्ला मन्थली प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य अन्तर्गत टेवा पर्खाल निर्माणको लागि हेल्थ पोष्टको भवन निर्माण गर्ने पुरानो ठेकेदारलाई नियमानुसार १० प्रतिशतसम्म काम दिन सकिने र १० प्रतिशत भन्दा वढीको काम गर्नु पर्नेमा नियमानुसार टेण्डर गर्नु पर्नेमा नगरी पुरानै ठेकदारलाई काम गर्न दिई अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला स्वास्थ्य कार्यालयका लेखापाल राम प्रसाद देवकोटा र जिल्ला जनस्वास्थ्य कार्यालय रामेछापका प्रमुख डा.अब्दुल रहमानले प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीको भवन निर्माण भैरहेको अवस्थामा भवन सुरक्षार्थ टेवा पर्खाल समेत वनाउनु पर्ने भै पुरानो लागत अनुमानमा संशोधन भै प्राप्त भएको अवस्थामा १० प्रतिशत भन्दा वढीको लगत इस्टीमेट संशोधन भै आएको अवस्थामा नियमानुसार टेण्डर गरी नयाँ ठेकेदारलाई काम गराउनु पर्नेमा सो नगरी समयको अभाव हुने, नयाँ ठेकेदारलाई काम दिदा निर्माण कार्यमा व्यावहारिक कठिनाई आइपर्ने र १० प्रतिशत भन्दा वढीको काम पुरानै ठेकदारलाई काम दिन विभागको स्वीकृति लिने भनी निर्णय गरी विभागको स्वीकृति नलिई पुरानै ठेकेदारलाई कार्यादेश दिई काम गरेको देखिन आयो । लेखापाल राम प्रसाद देवकोटाको उक्त कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ (क) (ख) र (घ) अनुसारको अनुचित कार्य तथा नि.से.ऐन २०४९ को दफा ६० क को (ख) अनुसारको कार्य भए गरेको देखिन आएकोले आयोगको मिति २०६५।१२।६को निर्णय अनुसार लेखापाल राम प्रसाद

देवकोटालाई (हाल लेखा अधिकृत नि.से.ऐन २०४९ दफा २४ घ१ अनुसार) नि.से.ऐन २०४९ तथा डा.अब्दुल रहमानलाई स्वास्थ्य सेवा ऐन २०५३ अनुसार विभागीय कारवाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४९ को दफा १२ अनुसार अख्तियारवाला समक्ष लेखी पठाईएको ।

(ज) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स. वडा नं. ८ (ख) कि.नं. ५७९ को क्षेत्रफल ०-७-० को जग्गा तत्कालीन श्री ५ को सरकार (नेपाल सरकार) को अधिनस्थ कायम भै सार्वजनिक पाटि भएको जग्गा, जग्गा धनि भवानी शंकर गुठी र मोही कृष्ण प्रसाद सुवालको नाममा नामसारी गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा गुठी संस्थान शाखा कार्यालय भक्तपुरमा उपरोक्त जग्गा स्थलगत निरीक्षण नगरी सार्वजनिक पाटि भएको जग्गा व्यक्तिको नाममा नामसारीको लागि सिफारिश गर्ने कटुन्जे गा.वि.स. कार्यालयका सचिव लेखनाथ भट्टराईलाई निजामति सेवा ऐन, २०४९ अनुसार विभागीय कारवाही गर्न आयोगको मिति २०६५।०७।२५ को निर्णय अनुसार जिल्ला विकास समितिको कार्यालय भक्तपुरलाई लेखी पठाईएको ।

२. सर्लाही जिल्ला बेल्वा जव्दी गा.बि.स.का सचिव नवल किशोर साहले जेष्ठ नागरिक, विधवा भत्ता समेत किर्ते गरी हिनामिना गरेको सम्बन्धमा सर्लाही जिल्ला बेल्वा जव्दी गा.बि.स.का सचिव नवल किशोर साहले आर्थिक वर्ष २०५८।५९ देखी २०६३।६४ सम्म जेष्ठ नागरिक तथा विधवा भत्ता वितरण गर्दा मृत्यु भै सकेका व्यक्तिका नामबाट समेत भत्ता रकम भुक्तानी गरेको ,परिचय पत्रमा नजनाई भुक्तानी दिएको कारणबाट रु ७४,४२७- हिनामिना गरेको देखिएको सम्बन्धमा निजले यो कुरा स्वीकार गरी रकम दाखिला गरेको प्रमाण पेश गरेको देखिंदा आयोगको मिति २०६५।८।२० गतेको निर्णय अनुसार निज गा.वि.स सचिव नवल किशोर साहलाई विभागीय सजाय गर्न स्थानीय बिकास मन्त्रालयमा लेखि पठाइएको ।

३. जिल्ला प्रशासन कार्यालय,म्याग्दीका खरिदार वेदनाथ सुवेदी लगायतका व्यक्तिहरूले सोही जिल्ला अन्तर्गत राखु पिप्ले गा.वि.स. ७ का तीर्थ बहादुर मल्लको नाममा दोहोरो नागरिकता बनाउनको लागि रिसवत लिएको भन्ने विषयको उजुरिका सम्बन्धमा अनुसन्धान हुँदा म्याग्दी जिल्ला राखु पिप्ले गा.वि.स.का सचिव ईन्द्रशर्मा पौडेलले गा.वि.स. सचिवको हैसियतले तिर्थ बहादुर मल्ललाई नागरिकताको प्रमाण पत्र दिनको लागि सिफारिस गरेको देखिएको, सिफारिस गर्दा व्यहोरा "मैले जाने बुझेसम्म साँचो हो, उक्त विवरण झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला" भनी हस्ताक्षर गरेको देखिएको, तिर्थ बहादुर मल्ललाई नागरिकताको प्रमाण पत्र दिलाई दिनु हुन भनी निजले नै जिल्ला प्रशासन कार्यालय म्याग्दीलाई मिति २०६४।२।४ को सिफारिस पत्र समेत लेखेको देखिएको, गा.वि.स. क्षेत्रको पारिवारिक लगतको निर्माण गरी राख्नुपर्ने जिम्मेवारी स्थानीय स्वायत्त शासन ऐनले गा.वि.स. सचिवलाई दिएकोमा यी कर्मचारीबाट त्यस्तो पारिवारीक लगत तयार गरी राखेको नदेखिएको समेत अवस्था हुँदा आयोगको मिति २०६५।९।२७ को निर्णय अनुसार विभागीय कारवाहि गर्नका लागि स्थानिय विकास मन्त्रालयमा लेखि पठाईएको ।

४. जिल्ला विकास समिति दार्चुला अन्तर्गत विकेन्द्रित पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रममा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा औजार खरिद गर्दा सवैभन्दा कम वोलकबोल गर्ने वुवु सप्लायर्सको बोल रकम रु. ७,७७,२३०।- ले संभौता गर्न नआए पश्चात सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा ६ अनुसार लगतै पछिको दोश्रो कम रकम बोलकबोल गर्ने मालिकार्जुन स्टेशनरी एण्ड सप्लायर्सको बोल रकम रु. ७,८०,५३०।- लाई वोलाउनु पर्नेमा सो नगरी Revised estimate समेत गरी सिधै वजार खरीद गर्ने निर्णय गरी ३२ मध्ये १८ वस्तु खरीद गर्दा सरकारलाई रु. २,०१,४९३।- वढी आर्थिक दायित्व पर्न गएको देखिएको । यसरी सार्वजनिक खरीद ऐनको पालना नगर्नु, सामान खरीद गरी विक्रेताको गोदाममा नै राख्नु, सिधै वजार खरिद गर्न Revised estimate गर्नु र सामानको वढी मोलमा खरिद गर्नु जस्ता अनियमितता गरेको देखिएको हुदाँ उक्त रकम भरी भराउ गर्नुपर्ने देखिन आयो । निजहरू सवैले पदीय कर्तव्य इमान्दारीपूर्वक गरेको नपाइएकोले निजहरूलाई विभागीय कारवाही गर्न र आयोजना केन्द्रिय कार्यालय जावलाखेलले आयोजनाबाट स्वीकृती माग भए अनुसार रु. ५०,७१,७९३।७६ को (भ्याट बाहेक) ग्याावियन तार ल.इ. अनुसार Shopping method बाट खरीद गर्न स्वीकृत दिएकोमा आदेशको पालना नगरी वढी दररेट तथा मूल्यको रु. ५३,०९,६५१।- (भ्याट बाहेक) खरीद गरेको देखिएको सम्बन्धमा, आदेश पालना नगरिएको, वढी आर्थिक दायित्व पारेकोले आयोगको मिति २०६५।११।१९ को निर्णय अनुसार खरीदकर्ता इ. हिरालाल चौधरी, लेखापाल विष्णु दत्त भट्ट र आयोजना संयोजक दण्डपाणी वराललाई विभागीय कारवाही गर्न स्थानिय विकास मन्त्रालयमा लेखी पठाईएको ।

(झ) शिक्षा मन्त्रालय अन्तर्गत

१. जिल्ला शिक्षा कार्यालय, रुकुमका तत्कालिन निमित्त जिल्ला शिक्षा अधिकारी महेन्द्र कुमार वोहोराले दरवन्दी भन्दा वढी शिक्षक नियुक्ति गरी सरकारी राजस्व हिनामिना गरेको तथा अंग्रेजी, गणित र विज्ञान विषयमा एक तह माथि मात्र शिक्षकहरूको अध्ययन विदा स्वीकृत गर्नु पर्नेमा उक्त विषयहरू बाहेक अरु विषयमा दुई तह माथि अध्ययन गर्न बालमन्दिर प्रा.वि.मुसिकोट, रुकुममा कार्यरत शिक्षिका माया ज्ञवालीको अध्ययन विदा स्वीकृत गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा तत्कालिन निमित्त जिल्ला शिक्षा अधिकारी महेन्द्र कुमार वोहोराले मिति २०६२।८।७ मा शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०५५।५।२५ को परिपत्र विपरित वाल मन्दिर प्रा.वि. मुसिकोट, रुकुमका प्राथमिक शिक्षक पदमा कार्यरत शिक्षिका माया ज्ञवालीलाई दुई तह माथि वि.एड. अध्ययन गर्न अध्ययन विदा स्वीकृत गरेको देखिएकोले आयोगको मिति २०६५।४।२० को निर्णय अनुसार निज निमित्त जिल्ला शिक्षा अधिकारी महेन्द्र कुमार वोहोरालाई विभागीय कारवाही गर्न शिक्षा मन्त्रालयमा लेखी पठाईएको ।

२. त्रिभुवन विश्वविद्यालय महेन्द्र विन्देश्वरी क्याम्पस राजविराजमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरूको तलवबाट आर्थिक वर्ष ०६३।०६४ को आयकर वापतको रकम कट्टा गरेको तर राजश्व नवुझाई क्याम्पस प्रमुख र लेखा अधिकृतबाट हिनामिना गरेकोले अवकाश प्राप्त गरेपछि निवृत्तिभरण तथा अन्य सुविधा लिन पनि वन्चित हुन परेकोले आवश्यक छानविन गरी उक्त रकम

असूल उपर गराइ राजश्व दाखिल गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन विश्वविद्यालय महेन्द्र विन्देश्वरी क्याम्पस राजविराजमा तत्कालीन कार्यरत लेखा अधिकृत अधिकलाल चौधरी जिम्मेवार दायित्व निर्वाह गर्नुपर्ने सार्वजनिक पद धारण गरेको व्यक्ति भएको र शिक्षक तथा कर्मचारीहरूको नियमानुसार कट्टा गरिएको आयकर रकम र त्रिभुवन विश्वविद्यालय ऋण शाखामा पठाउन बाँकी रहेको रकम सम्वन्धित खातामा दाखिल गर्नुपर्नेमा निज समेतको संलग्नतामा क्याम्पसको अन्य शिर्षकमा खर्च गरेको देखिएको हुँदा आयोगको मिति २०६६।२।८ को निर्णय अनुसार विभागीय कारवाही गर्न रजिष्ट्रारको कार्यालय त्रिभुवन विश्व विद्यालयलाई लेखी पठाईएको ।

३. जिल्ला शिक्षा कार्यालय अछामका जिल्ला शिक्षा अधिकारी र लेखापालले आ.व. ०६१।०६२ मा 'सवैको लागि शिक्षा' कार्यक्रम संचालन गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रमको लागि भौतिक एवं शैक्षिक सामग्री खरिद प्रकरणमा अनौपचारिक शिक्षा निर्देशिकाको पालना तथा आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ को परिच्छेद ७ दफा ५८ अनुसारको प्रक्रिया पुऱ्याइ खरीद गर्नु पर्नेमा सो गरेको नदेखिएकोमा परिस्थितिजन्य अवस्थाको कारण उल्लेख गरी कोटेशन लिई खरिद गरेको देखिंदा आयोगको मिति २०६६।३।३१ को निर्णय अनुसार जिल्ला शिक्षा अधिकारी झंकर वहादुर विष्ट तथा लेखापाल रुद्रराज शर्मालाई विभागीय कारवाही गर्न जिल्ला शिक्षा कार्यालय अछामलाई लेखि पठाईएको ।

४. काठमाडौं जिल्ला, बालाजु गा.वि.स. वडा नं. २(क) कि.नं. १०२० को क्षे.फ. ०-४-२, र ऐ.ऐ. कि.नं. १०२२ को क्षे.फ. ०-४-० जग्गा जग्गा धनि कान्छि कार्किनी र कान्छी शाही बिच लेनदेन सम्वन्धमा रकम बुझाउन नसकेमा उपरोक्त जग्गाबाट असूल गरी लिनु भनि तमसुक गरेकोमा पछि मुद्दा परी श्री काठमाडौं जिल्ला अदालतबाट श्री मालपोत कार्यालय डिल्लीबजारलाई रोक्का राख्न पत्राचार गरेकोमा पहिला रोक्का राख्ने युनिभर्सल फाइनास एण्ड क्यापिटल मार्केट्स लि. को पत्रबाट फुकुवा भएको आधारमा र नं. ८२३९ को मिति २०५८।१०।२९ मा काठमाडौं जिल्ला अदालतबाट रोक्का राख्न गरेको पत्राचारलाई वास्ता नगरी जग्गा लिखत पारित गरि अनियमितता गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उपरोक्त र.नं. ८२३९ मिति २०५८।१०।२९ मा दिने कान्छी कार्कीनी र लिने पार्वती सापकोटा भै पारित लिखतमा काठमाडौं जिल्ला अदालतबाट रोक्का राख्न पत्राचार गरी रोक्का रहदा रहदै लिखतमा रोक्का छैन भनि प्रमाणित गर्ने मालपोत कार्यालय डिल्लीबजारका तत्कालिन खरिदार हाल परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमीका ना.सु. केशव प्रसाद तिमिल्सीनालाई आयोगको मिति २०६६।३।३१ को निर्णय अनुसार विभागीय कारवाही गर्न जिल्ला शिक्षा कार्यालय अछामलाई लेखि पठाईएको ।

(ञ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

यातायात व्यवस्था कार्यालय, वाग्मती अञ्चलले परीक्षामा सामेल नै नभएका व्यक्तिलाई कर्मचारीहरू समेतको मिलेमतोमा घुस/रिसवत लिई प्रकृया पूरा नगरी सवारी चालक अनुमति पत्र दिने गरेको भन्ने

विषयमा अनुसन्धान हुँदा यातायात व्यवस्था कार्यालय वाग्मती अंचलको सवारी चालक अनुमतिपत्र सम्बन्धी मिति २०६४।१।१६ गतेको लिखित र मिति २०६४।१।१७ को ट्रायल परीक्षामा सामेल नै नभएका मन वहादुर पुन मगरको नाममा सवारी चालक अनुमति पत्र प्रदान गर्दा निज मन वहादुर पुन मगरको नामबाट सो कार्यालयमा पेश गरेको दरखास्त फर्ममा टाँसिएको फोटो र फर्मसाथ संलग्न नागरीकताको प्रतिलिपिको फोटो नै अलग अलग रहेको र निज मनवहादुर पुन मगरको नाममा जारी गरिएको सवारी चालक अनुमति पत्रको फोटो र दरखास्त फाराममा टाँसिएको फोटो अलग अलग व्यक्तिको भएको प्रष्ट देखिंदा यस कार्यमा संलग्न यातायात व्यवस्था कार्यालय वाग्मतीका सवारी चालक अनुमति पत्र शाखाका शाखा प्रमुख अर्जुन राज पन्त, शाखा अधिकृत गोकुल खड्का (हाल मुद्रण विभाग, सिंहदरवार), शाखा अधिकृत कृष्ण वहादुर कटुवाल, मेकानिकल इन्जिनियर टेकराज वोहरा, नायव सुव्वा कमलराज गौतम, खरिदार वलराम पण्डित र टाइपिष्ट खरिदार रञ्जु सेन ठकुरी समेतले सही व्यक्ति पहिचान गरी मात्र परीक्षामा सामेल गराउने र परीक्षामा सामेल भएका व्यक्ति मात्र सिफारिस भै सही व्यक्ति पहिचान गरी सवारी चालक अनुमति पत्र प्रदान गर्ने/गराउने व्यवस्था गर्नु/गराउनु पर्नेमा सो अनुरुप गरे/गराएको नपाइएकोले आयोगका मिति २०६५।४।१९ को निर्णय अनुसार निजहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम विभागीय कार्वाहीका लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालय लेखी पठाईएको ।

परिच्छेद - ७
सचेत

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (१) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउन सक्ने व्यवस्था गरिएको छ। सोही व्यवस्था अनुरुप आयोगबाट आर्थिक वर्ष २०६५/२०६६ मा सचेत गराइएका राष्ट्र सेवकहरुको विवरण देहायमा उल्लेख गरिएको छ।

(क) उद्योग मन्त्रालय अन्तर्गत

१. दुग्ध विकास संस्थान, लैनचौरबाट लिइएको वि.नं.९/२०६३।६४ को वरिष्ठ कम्प्यूटर अपरेटर (खुल्ला) पाँचौ तहको परीक्षामा अनियमितता भएकाले कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा संस्थानबाट लिइएको उक्त परीक्षामा गलत तरीकाले परीक्षण भएको, उत्तर पुस्तिकामा दिइएको अंक परीक्षण नै नगरी नतीजा प्रकाशित गरी अन्तर्वार्ता समेत लिई सो को नतिजा समेत प्रकाश गरिसकेकोले आयोगको मिति २०६५।५।८ को निर्णयले पदपूर्ति समितिका पदाधिकारीहरुसँग सोधिएको स्पष्टीकरणको जवाफमा उक्त तहको परीक्षाको उत्तरपुस्तिका परीक्षण गर्दा परीक्षकले पेन्सिल प्रयोग गर्न पाउने/नपाउने, वस्तुगत उत्तरमा एउटा उत्तरलाई काटी अर्को उत्तरमा राइट चिन्ह लगाइएकोमा ठीक वा वेठीक के गर्ने बारे संस्थानको परीक्षा संचालन निर्देशिकामा केही उल्लेख नभएको, आगामी दिनमा यस्ता कार्यहरुप्रति सदैव सतर्क रहने प्रतिवद्धता व्यक्त गर्दछु भन्ने व्यहोरा समेत उल्लेख भएको हुँदा आयोगको मिति २०६५।०६।०८ को निर्णय अनुसार परीक्षा जस्तो संवेदनशिल कार्यमा अनियमितता गरेकाले पदपूर्ति समितिका अध्यक्ष डा.ब्रज किशोर प्रसाद शाह तथा सदस्य सचिव सुमेन्द्रकर शाक्य र सदस्य विदुर कार्कीलाई आयोगबाटै सचेत गराइएको।

२. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडाको जिन्सी सामान हिनामिना गरी भ्रष्टाचार गरे भन्ने विषयको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडाको खर्च भएर नजाने (खप्ने) सामानको जिन्सी व्यवस्थापनको समग्र पक्षलाई हेर्दा जिन्सी हिनामिना गरी भ्रष्टाचार भए गरेको देखिन नआए तापनि यसअघिका स्टोर किपर नवराज सापकोटाले आफू २०५७ सालदेखि २०६३ सम्म स्टोर किपरको जिम्मेवारी लिएको समयमा जिन्सीको सही अभिलेख र भौतिक अवस्था दुरुस्त राख्न सकेको देखिएन। निजले २०६१ सालमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आकस्मिक निरीक्षण हुँदा जिन्सी खातामा लेखिएको नाम अनुसार सामान देखाउन नसकेको, नाम अनुसारको सामान के हो भनी थाहा सम्म पनि नपाएको कारणबाट भण्डारमै सामान भएर पनि धेरै सामान नपुग भएको र जिन्सी खातामा अभिलेख भएर पनि त्यतिकै सामान आम्दानी नबाँधेको व्यहोरा प्रतिवेदनमा लेखिन गएको तथ्य खुल्न आएकोले निज तत्कालीन

स्टोर किपर हाल ना.सु. नवराज सापकोटामा स्टोरसम्बन्धी कामको ज्ञान एवं कार्य क्षमताको अभाव देखिनुका साथै निजले आफ्नो कामप्रति लापरबाही गरी आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने कर्तव्य पालन नगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) मा उल्लेखित अनुचित कार्य गरेको देखिन आएको हुँदा आयोगको मिति २०६५।८।१ को निर्णयानुसार अब आइन्दा यस प्रकारको लापरबाही नगर्न ना.सु. नवराज सापकोटालाई एकपटकको लागि सचेत गराउनु भनी व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडालाई लेखी पठाइएको ।

(ख) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. नेपाल आयल निगमवाट थप नयाँ ५ वटा ग्याँस उद्योगलाई डिलरसीप स्वीकृत गरी P.D.O. जारी गर्दा भ्रष्टाचार गरेको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा नेपाल आयल निगमको संचालक समितिले नयाँ ग्याँस उद्योग स्थापना गर्न चाहने उद्योगीहरुको लागि निगमको सैद्धान्तिक स्वीकृति नलिएको, परलमूल्यमा विक्री वितरण गर्ने प्रयोजनको लागि आवेदन माग गरेकोमा Subsidy मा कारोवार गर्न स्वीकृति दिएको, हाइड्रोलिक टेष्ट नहुदै स्वीकृति दिएको र उपस्थितिमा सहिछाप नै नगरी निर्णयमा सहिछाप गरेको विषयमा नेपाल आयल निगमलाई आयोगको मिति २०६५।५।१७ को निर्णयले विभिन्न तीनवटा बूदाँमा निर्देशन दिई समितिका अध्यक्ष र सदस्यहरुले डिलरसिप स्वीकृति दिंदा उपर्युक्त कुरामा ध्यान नदिएको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११ बमोजिम सोधिएको स्पष्टीकरणको जवाफमा परलमूल्यमा कारोवार गर्न स्वीकृति दिने उद्देश्यले सूचना जारी गरिएकाले सैद्धान्तिक स्वीकृति लिए नलिएको तर्फ ध्यान नदिएको, आगामी दिनमा ग्याँसको कारोवार परल मूल्यमा गराउने तर्फ व्यवस्था गर्न नयाँ थप ५ वटा उद्योगलाई २ महिनाको लागि मात्र सुविधामा ग्याँस उपलव्ध गराउन शर्तयुक्त स्वीकृति दिएको, ग्याँस Plant को Hydrolic Test गरेको भन्ने सिफारिस पेश गरेको र हाल कतिपय संस्थामा उपस्थितिमा सहिछाप नगरी निर्णयमा मात्र सहिछाप गर्ने चलन भएकाले सोही व्यवस्था अनुसार सहिछाप गरेको हो । आइन्दा यस प्रकारको कमिकमजोरी नगर्ने प्रतिवद्धता व्यक्त गर्दछौं भन्ने व्यहोरा समेत उल्लेख भएको देखियो । उक्त जवाफमा पूर्णतः संतुष्ट हुन सक्ने अवस्था नहुँदा आयोगको मिति २०६५।६।१ को निर्णय अनुसार संचालक समितिको बैठकमा उपस्थिति र निर्णयलाई कम्प्यूटर प्रणाली अपनाउँदा उपस्थिति र निर्णय दुवैलाई कम्प्यूटर प्रिन्टमा राखी सहिछाप गर्ने सम्बन्धी व्यवस्था गर्न लगाउने, नयाँ ग्याँस उद्योग स्थापनाको लागि सार्वजनिक सूचना जारी गर्दा स्पष्ट नीति निर्देशिका तथा कार्यविधि तयार नगरी परल मूल्यमा सूचना प्रकाशन गरी सुविधामा ग्याँस उपलव्ध गराउन स्वीकृति दिने, Hydrolic Test नहुँदै स्वीकृति दिने जस्ता कार्य नदोहऱ्याउन सम्बन्धित समितिका अध्यक्ष पुरुषोतम ओझा तथा सदस्यहरु कृष्ण ज्ञवाली, सूर्य सिलवाल, कैलाश बजिमय र दिगम्बर झालाई आयोगवाटै सचेत गराइएको, संचालक समितिको ०६५।२।३० को निर्णयले कैलाश कुमार बजिमयको अध्यक्षतामा गठित समितिले सैद्धान्तिक स्वीकृति नलिएको तथा Hydrolic Test नगरेको अवस्थामा सिफारिस सम्बन्धमा स्थलगत निरीक्षणको लागि आदेश भएकाले सैद्धान्तिक स्वीकृति तर्फ ध्यान नदिएको र ग्याँस प्लान्टमा पानी भरी प्रेसर दिएको अवस्थामा पानी चुहिएको नदेखिएकाले सिफारिस गरेको भन्ने जवाफ उपर संतुष्ट रहन सक्ने अवस्था रहेन । तसर्थ आइन्दा यस्तो प्रकारको गल्ती

नदोहोऱ्याउन समिति अध्यक्ष कैलाश कुमार बजिमय तथा सदस्यहरु मुकुन्द प्रसाद ढुंगेल, देवी प्रसाद न्यौपाने, रविनचन्द्र अधिकारीलाई सचेत गराउन वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।

(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. कृषि विकास कार्यालय बाराबाट आ.व. ०६२।६३ मा विभिन्न गाउँमा सञ्चालन भएका २८ वटा साना सिंचाई आयोजनामा सो कार्यालयका प्रमुख ओमप्रकाश कर्ण, कृषि प्रचार अधिकृत बीरेन्द्र सिन्हा, ओ.सि. जाकी हुसेन समेतको मिलेमतोमा कामै नगरी रकम खाई भ्रष्टाचार गरे भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय बाराको च.नं. ८१० मिति ०६३।१२।२७ को क्षेत्रिय प्रशासन कार्यालयलाई प्रेषित पत्रमा उपभोक्ता समितिका पदाधिकारीसंग बयान लिइएको, आयोजनासंग सम्वन्धित सक्कल फायल झिकाई अध्ययन गरी स्थलगत निरीक्षण गरेको, पूनः टोलि गठन गरी स्थलगत निरीक्षण, नापजाँच र मूल्यांकन गर्दा उजूरीमा उल्लेखित ब्यहोरा पुष्टी हुन नआएको तर आयोजनाको काममा ल.ई बमोजिमको रकम निकाशा नभै, भएकै रकमलाई नै विभिन्न आयोजनामा बाँडफाँड गर्दा आयोजनाको कार्य अधुरो रहने, कम समयमा काम गर्दा गुणस्तरयुक्त कार्य नहुने र बजेट ल्याप्स हुने हुँदा बजेट सक्ने उद्देश्यले योजना सञ्चालन गरेको देखिएकोले आयोगको मिति २०६५।५।२७ को निर्णय अनुसार कानूनको रित पुर्याई सम्बन्धित कर्मचारीहरुलाई सचेत गराउन सम्वन्धित कृषि विकास कार्यालय बारालाई लेखि पठाइएको ।

२. रसुवा जिल्लाको केदलेटार, तुप्चे सोले साना सिंचाई आयोजना आ.व. ०६२।६३ मा संचालन गर्दा लहरेपौवा गा.वि.स. वडा नं. १ स्थित पैदलेटारको साना सिंचाई आयोजनाका लागि जिल्ला कृषि विकास कार्यालयबाट रु. ६८,४५२।- रकम उपभोक्ता समूहका अध्यक्ष अशोककुमार घिमिरेले आ.व. को अन्त्यमा आयोजना नै पूरा नगरी भुक्तानी लिए दिएको भन्ने उजूरीका सम्वन्धमा अनुसन्धान हुँदा योजना सम्पन्न नै नभै अन्तिम भुक्तानी माग गर्न उपभोक्ता समितिका अध्यक्ष अशोककुमार घिमिरे, योजनाको बिल बनाई कार्य सम्पन्न प्रतिवेदनका आधारमा रकम भुक्तानी गर्न सिफारिस गर्ने जिल्ला प्राविधिक कार्यालयका इन्जिनीयर सुवासकुमार श्रेष्ठ, असिस्टेन्ट सहायक इन्जिनीयर इन्द्रकुमार जिरेल, असिस्टेन्ट सहायक इन्जिनीयर रेणुका के.सी. योजनाको अनुगमन नै नगरी भुक्तानी आदेश दिने जिल्ला कृषि विकास कार्यालयका नि. कार्यालय प्रमुख राजाराम अधिकारी, स्थानीय विकास अधिकारी एकनारायण शर्मा समेतले अ.दु.अ.आ. ऐन २०४८ को दफा ३ को (ख), (घ) बमोजिम अनुचित कार्य गरेको हुँदा आयोगको मिति २०६५।५।२७ को निर्णय अनुसार यसप्रकारको गल्ती नदोहोरयाउन उपरोक्त कर्मचारीलाई निजामति सेवा ऐन, २०४९ वमोजिम सचेत गराउन जिल्ला कृषि विकास कार्यालयलाई लेखि पठाइएको ।

३. साझा स्वास्थ्य सहकारी लि. को संचालक समितिले अनियमितता गरी बढुवा गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. को कर्मचारी तथा आर्थिक प्रशासन नियमावली २०५४ मा उल्लेख भएबमोजिम पदोन्नतिको लागि सूचना प्रकाशित गर्नुपर्ने लगायतका प्रावधान पुरा नगरी समावेशी सिद्धान्तको आधारमा बढुवा गर्ने संचालक समितिको

स्वविवेकीय अधिकार हो भनी नियमावलीको अपव्याख्या गरी कानून सम्मत निर्णय गरेको नदेखिएको हुँदा आयोगको मिति २०६५।९।१ को निर्णय अनुसार संचालक समितिका अध्यक्ष डा. गोपाल खनाल, संचालकहरु खिमवहादुर थापा, घनश्याम खतिवडा, नरेश्वर ज्ञवाली र खिमवहादुर क्षेत्रिलाई सचेत गराउन कृषि तथा सहकारी मन्त्रालयलाई लेखी पठाइएको ।

(घ) गृह मन्त्रालय अन्तर्गत

जिल्ला प्रशासन कार्यालय कास्की पोखराका जिन्सी शाखामा कार्यरत खरिदार सोमनाथ आचार्यको जिम्मा रहेको स्टीकर (होलोग्राम) थान ७२४ नपुग भएको सम्बन्धमा अनुसन्धान भई क्षेत्रीय प्रशासन कार्यालय पोखराको पत्रसाथ प्राप्त फाईल समेतका कागजातहरुको सम्बन्धमा अनुसन्धान हुँदा आफ्नो पदको प्रकृति अनुसार पालन गर्नुपर्ने पदीय कर्तव्य पालना नगरी स्टीकर (होलोग्राम) हराई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(छ) बमोजिम अनुचित कार्य गरेको देखिंदा आयोगको मिति २०६५।१२।१४ को निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय कास्कीका तत्कालीन खरिदार हाल ना.सु. सोमनाथ आचार्यलाई सचेत गराउन गृह मन्त्रालयमा लेखि पठाइएको ।

(ङ) ऊर्जा/सिंचाइ मन्त्रालय अन्तर्गत (तत्कालीन जलस्रोत मन्त्रालय)

नेपाल विद्युत प्राधिकरण सिरहा शाखाका तत्कालिन कार्यालय प्रमख संजय कुमार गुप्ताले सामान खरीद गर्दा अनियमितता गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।२७ को बैठकबाट स्टे-सेट प्लेटको मोटाई ६ मीमी हुनुपर्नेमा ४ मीमी मात्र भएको र सो कसुरलाई स्वीकार गरी निज संजय कुमार गुप्ताले उक्त स्टे-सेट प्लेट बापत भुक्तानि भएको रु. ७५,०००।- निजले आयोगको धरौटी खातामा दाखिला गरेको रकम नेपाल सरकारको सर्व सञ्चित कोषमा दाखिला भैसकेको र निज संजय कुमार गुप्ताले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (छ) वमोजिमको अनुचित कार्य गरेको पुष्टी भएको हुँदा आयोगको मिति २०६६।१।१० को निर्णयानुसार आयोगबाटै सचेत गराइएको ।

(च) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. मालपोत कार्यालय कलंकी काठमाडौंबाट का.जि. स्युचाटार वडा नं. १ कि.नं. २३ क्षे.फ. २-४-०-० को जग्गाको घरबाटोको सिफारिस र मालपोत तिरेको रसिद समेतको कागजात वेगर नै रजिष्ट्रेशनको लिखत पारित गरी प्रचलित ऐन नियमले पुऱ्याउनु पर्ने प्रकृया र प्रमाण कागजातहरु हेरी जाची रुजु गरी लिखत पारित गर्नु पर्ने दायित्व भएका कर्मचारीहरुले पदीय कर्तव्य पालना नगरेको सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, कलंकीको मिति २०६४।१।१७ र.नं. २१६७ ले का.जि. स्युचाटार, वडा नं. १ कि.नं. २३ क्षे.फ. २-४-०-० जग्गा मंगलादेवी डंगोलबाट किर्तनाथ पौडेललाई रजिष्ट्रेशन लिखत पारित गरिदिंदा लिखत साथ अनिवार्य रुपमा संलग्न हुनुपर्ने स्थानीय निकायको घर वाटो छ छैन भन्ने सिफारिस र मालपोत तिरेको रसिद हेरी सो को आधारमा राजस्व निर्धारण गरी लिखत पारित गर्नु पर्नेमा उपरोक्त दुवै कागजात नराखी लिखत पास गरिएको र यस

सम्बन्धमा हाल उक्त कार्यालयले घरवाटो लगायतका विषयमा बुझ्दा सरकारी राजस्व छलेको नपाइएको र जग्गाको तिरो समेत तिरिसकेको पाइयो । यसरी राजश्व छलेको र उजुरी परेपछि हाल आएर जग्गाको तिरो तिरेको देखिए पनि कानूनतः अनिवार्य रुपमा पुऱ्याउनु पर्ने प्रकृया नै पूरा नगरी लिखत पारित गरेको पाइएकाले आयोगको मिति २०६५।५।८ को निर्णय अनुसार यस कार्यमा संलग्न फाँटवाला खरिदार लक्ष्मण थापा, तहरिर ना.सु. मधुसुदन रिमाल र मालपोत अधिकृत नविन किशोर अधिकारीलाई सचेत गराउन भूमिसुधार तथा व्यवस्था मंत्रालयमा लेखी पठाईएको ।

२. भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तरगतका कार्यालयहरुका काम कारवाही सरल, सहज, व्यवस्थित र प्रभावकारी गर्न गराउन आयोगको मिति २०६५।५।४ को निर्णयानुसार दिइएको निर्देशन कार्यान्वयनको अवस्था र कार्यालय व्यवस्थापन लगायतका विषयमा अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश गर्न खटाइएकोमा खटाइएको टोलीले काठमाडौं उपत्यकाका मालपोत कार्यालयहरु, नापी कार्यालयहरु र ६ नं. नापी गोश्वाराको अनुगमन निरीक्षण गरी पेश गरेको प्रतिवेदन उपर छलफल हुँदा आयोगको मिति २०६५।९।११ को निर्णय अनुसार मालपोत कार्यालय डिल्लीबजार, मालपोत कार्यालय चावहिल, मालपोत कार्यालय कलंकी, नापी कार्यालय डिल्लीबजार, नापी कार्यालय चावहिल, नापी कार्यालय कलंकी, नापी कार्यालय भक्तपुर र ६ नं. नापी गोश्वारा कार्यालय काठमाडौंलाई कार्यालयका महत्वपूर्ण र सम्वेदनसिल कागजात समेतमा अनधिकृत व्यक्तिहरुको पहुँच नियन्त्रण गर्न प्रभावकारी उपाय अवलम्वन गरेको नपाइएको, आयोगको निर्देशन पूर्ण रुपमा पालना नगरेको र महत्वपूर्ण सरकारी कागजातको सुरक्षाको प्रभावकारी व्यवस्था समेत नगरेको देखिएको हुँदा आयोगको मिति २०६५।१०।५ को निर्णय अनुसार मालपोत कार्यालय डिल्लीबजार, नापी कार्यालय भक्तपुर र ६ नं. नापी गोश्वारा कार्यालयका कार्यालय प्रमुखहरुलाई आयोगबाट पहिलो पटक सचेत गराईएको ।

(छ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत

१. वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत जिल्ला वन कार्यालय डोटीको जिल्ला वन अधिकृत रमेश बहादुर चन्दले वन तस्करसँग मिलि लाखौं फिट काठमा अनियमितता गरेकोले निज माथि कडा कारवाही गरी पाउ भन्ने विषयको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कफल कट्टे, वसेनी, त्रिवेणी दुर्गा देवी, वाह्र पाखे र नव दुर्गा सामुदायिक वन समूहहरुले नियम विपरित काठ कटान गरेको देखिन आयो भने आफ्नो कार्य क्षेत्र भित्र पर्ने रेन्जपोष्टमा उल्लेखित सामुदायिक वन समूहहरुले नियम विपरित कार्य गरेकोमा तत्कालीन रेन्जर सच्चिदानन्द सिंहले ती वन समूहहरु उपर कुनै कानूनी कारवाही नगरेको तथा जिल्ला वन अधिकृत रमेश बहादुर चन्दले कार्यालय प्रमुखको हैसियतले अनुगमन निरीक्षण गरी उल्लेखित अनियमितताको मौकामै कारवाही गर्नुपर्नेमा सो नगरेको देखिएकोले आयोगको मिति २०६५।९।६ को निर्णय अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार जिल्ला वन अधिकृत रमेश बहादुर चन्दलाई सचेत गराउन वन तथा भूसंरक्षण मन्त्रालयलाई लेखी पठाईएको ।

(ज) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. नेपाल नर्सिङ परिषदका अध्यक्ष दयालक्ष्मी वैद्य तथा रजिष्ट्रार मन कुमारी राइले अफिसको गाडी प्रयोग गर्ने र वैठक भएको दिनमा ट्याक्सी भाडा लिने, घूस दिने मान्छेको नर्सिङ कलेजलाई चलाउन हुन्छ भनी परामर्श र मान्यता दिने, घूस नदिनेकोलाई मापदण्ड पुगेन भनी नदिने भन्ने समेतको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रारम्भिक अनुसन्धानवाट अध्यक्ष तथा रजिष्ट्रारले परिषदको वैठक भएको दिनमा अफिसको गाडी पनि प्रयोग गर्ने र ट्याक्सी भाडा वापतको रकम वुझ्ने गरेको देखिएको, एशियन फाउन्डेशन अफ एजुकेशन एण्ड रिसर्च प्रा.लि.ले २०६५।७।१८ मा B.Sc. Nursing Clinical Practicum को लागि Norvic International Hospital संग संझौता गरी पेश गरेको अवस्थामा सो अस्पतालको स्थलगत निरीक्षण गरी सो आधारमा भर्ना रोक्ने नरोक्ने निर्णय गर्नु पर्नेमा सो को स्थलगत निरीक्षण नै नगरी २०६५।८।११ गतेको गोरखापत्रमा उक्त कलेजलाइ भर्ना नगर्नु भन्ने आशयको सूचना प्रकाशित भएको देखिएबाट कार्यालयको गाडी पनि प्रयोग गर्ने ट्याक्सी भाडा पनि ग्रहण गर्ने तथा मापदण्ड पुग्ने कलेजहरुलाई निरीक्षण नै नगरी भर्ना नगर्न सूचना प्रकाशित गर्ने कार्य उचित नभएकोले आयन्दा यस्तो प्रकारको कार्य पुन नगर्न आयोगको मिति २०६५।१२।२३ को निर्णय अनुसार अध्यक्ष दयालक्ष्मी बैद्य तथा रजिष्ट्रार मन कुमारी राईलाई सचेत गराउन नेपाल नर्सिङ परिषदलाई लेखि पठाईएको ।

२. रामेछाप जिल्लाको जनस्वास्थ्य कार्यालयमा औषधि खरिद लगायतका विषयमा अनियमितता भयो भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा औषधि खरिद सम्बन्धमा टेण्डर तथा दरभाउ पत्र छल्ने उद्देश्य राखी खण्ड खण्ड गरी औषधि खरिद गरिएकोले अब उप्रान्त यस्तो कार्य नगर्नका लागि संलग्न देखिएका जनस्वास्थ्य अधिकृत विश्वराम श्रेष्ठ, लेखापाल कृष्ण गोपाल श्रेष्ठ र स्टोर किपर कृष्ण प्रसाद शर्मालाई आयोगको मिति २०६६।१।६ को निणर्य अनुसार सचेत गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखि पठाईएको ।

(झ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. जिल्ला विकास समिति हुम्लाले जस्तापाता ढुवानी गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा तत्कालिन द्वन्द्वको अवस्थामा भरियावाट जस्तापाता ढुवानी गराउन नसक्ने हुँदा हेलिकोप्टरवाट ढुवानी गराउने कार्य तर्कसंगत देखिएता पनि सो जस्तापाता ढुवानी गराउनु पूर्व स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को नियम ४०(१) वमोजिम प्राविधिक लागत अनुमान तयार गरिएको नपाइएको; सोही नियमावली वमोजिम दुइ लाख रुपैयाँ भन्दा माथी जतिसुकै भएपनि वोलपत्र वा घटाघटवाट माल सामान ढुवानी गराउनु पर्छ भन्ने प्रावधान पालन नभएको र यसवाट प्रचलित ऐन नियमको वर्खिलाप गरेको हुँदा आयोगको मिति २०६५।५।११ को निर्णय अनुसार आइन्दा सरकारी काम कारवाही गर्दा प्रचलित ऐन नियमको अनिवार्य पालन गर्न जि.वि.स.हुम्लाका तत्कालिन स्था.वि.अ.मित्र मणी पोखरेललाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखिपठाईएको ।

२. "संयुक्त राष्ट्र संघ पार्क विकास समितिमा मासिक पारिश्रमिकमा नियुक्त शाखा अधिकृतले अनियमित प्रकृयाबाट उप निर्देशक पदमा वढुवा भै निमित्त कार्यकारी निर्देशकको जिम्मा समेत लिई आफ्नो कार्यकालमा इ.सुनिता शाक्य र ओभरसियर राजेन्द्र पिया समेतको मिलोमतोमा निर्माण कार्यको ठेक्कामा व्यापक भ्रष्टाचार एवं अनियमितता गरेकोले भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उप निर्देशक सागर रिजालले आफू कार्यकारी निर्देशकको हैसियतमा रही कार्य गर्दा शिलवन्दी दरभाउ पत्र खाम खोलिँदा सम्वद्ध निकायका प्रतिनिधी लगायत सम्वन्धित पार्टीहरुको रोहवरमा मुचुल्का गरी खोलिनुपर्नेमा सो नगरेको, वार्षिक कार्यक्रम अनुसार तय भएका कार्यक्रमहरुलाई प्रचलित ऐन अनुसार वोलपत्र आव्हान गरी गर्नु गराउनु पर्नेमा एउटै प्रकृतिका कामहरुलाइ कोटेशनमा दिने मनसायले टुक्रा पारी समेत गर्ने गरेको एवं ललितपुर उपमहानगरपालीका १ मा नदी नियन्त्रण सम्वन्धी निर्माण कार्य रिष्ठे कालीका कन्स्ट्रक्सनसंग रु. ९,९०,१३८।३२ मा सम्पन्न गर्नेगरी दरभाउपत्रबाट मिति ०६४।३।१ गते शुक्रवारको दिन सम्झौता गरिएकोमा आँशीक भुक्तानी भनी नापी किताबको आधारमा ०६४।३।३ गते आइतवारको दिनमा उक्त कन्स्ट्रक्सनलाई भुक्तानी गरिएको र आफ्नो अख्तियारी बरवुझारथ पश्चात मिति २०६४।३।३२ मा बिल सदर गरेको कार्यहरु प्रचलित कानुन विपरीत हुन सक्ने अवस्थातर्फ ध्यान दिएको नदेखिएको, आर्किटेक्ट सुनिता शाक्यले प्राविधिक शाखा हेर्ने जिम्मा पाए अनुरुप समितिबाट गरे गराएका विभिन्न निर्माणका कामहरुको प्राविधिक शाखा प्रमुखले स्थलगत निरीक्षण गरी लगत इस्टिमेट लगायत नापी किताब भरिनु पर्नेमा सो नगरी मातहतका कर्मचारीबाट तयार गरिएको विवरणमा सहमती दिइ प्रचलित नियम विपरीत हुन सक्ने अवस्था तर्फ ध्यान दिएको नदेखिएको र तत्कालिन ओभरसियर राजेन्द्रकुमार पियाले सम्झौता हुनु पूर्व देखिनै निर्माण कार्य सुरु गरिएको भनी स्वीकार गरेको ललितपुर उपमहानगरपालीका १ मा नदी नियन्त्रण सम्वन्धी निर्माण कार्य रिष्ठे कालीका कन्स्ट्रक्सनसंग रु. ९,९०,१३८।३२ मा सम्पन्न गर्नेगरी दरभाउपत्रबाट मिति ०६४।३।१ गते शुक्रवारको दिन सम्झौता गरिएकोमा २०६४।३।३ मा आँशीक भुक्तानी दिने प्रयोजनार्थ नापी किताब भरिएको देखिएकोले यसरी गरिएका कार्यहरु प्रचलित कानुन विपरीत हुन सक्ने अवस्थातर्फ ध्यान दिएको नदेखिंदा आयोगको मिति २०६५।९।२ को निर्णय अनुसार निजहरुलाई सचेत गराउन स्थानिय विकास मन्त्रालयमा लेखि पठाईएको ।

३. संयुक्त राष्ट्र संघ पार्क विकास समितिमा अख्तियार दुरुपयोग गरी गराई कार्यकारी निर्देशकमा नियुक्ति पाएका ई. कृष्णदेव यादवले स्वीकृत वजेट तथा दरवन्दी वेगर कर्मचारी भर्ना, हुँदै नभएका कर्मचारी बनाइ तलव ख्वाइ अनैतिक एवं अवैधानकि कार्य गरी आफूखुसी मनोमानी ढंगले व्यक्तिगत स्वार्थमा मर्मत र इन्धनमा व्यापक दुरपयोग गरी दैनिक काम कारवाही गर्दै सार्वजनिक सामाग्री खरिद, निर्माण, मर्मत संभारमा अनियमित तरिकाले टेण्डरबाट दिन पर्ने कामहरुमा समेत कमिशन खाएर कोटेशनबाट ठेकेदारहरुलाई गर्न लगाएको, किर्ते विल भरपाई बनाइ अनियमितिता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त समितिमा आवश्यक कर्मचारी भर्ना गर्दा संयुक्त राष्ट्र संघ पार्क विकास समिति गठन आदेश २०५२ एवं कर्मचारी सेवा शर्त नियमावली २०५३ अनुसार प्रकृयासम्मत गर्नपर्नेमा सो बमोजिम कर्मचारी भर्ना गर्ने गरेको नदेखिएको र वार्षिक

कार्यक्रम अनुसार तय भएका कार्यक्रमहरुलाई सार्वजनिक खरिद ऐन २०६३ एवं सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गर्नुपर्नेमा एउटै प्रकृतीका कामहरुलाई कोटेशनमा दिने मनसायले टुक्रा पारी गर्ने गरेको देखिएकोले आयोगको मिति २०६५।९।२ को निर्णय अनुसार निजलाई सचेत गराउन स्थानिय विकास मन्त्रालयमा लेखि पठाईएको ।

४. होटल मणिभद्र प्रा.लि.को नाममा रहेको काठमाडौं जिल्ला कीर्तिपुर-७ मच्छेगाउं स्थित कि.नं. २९३ र ८९ लगायत १३ कित्ता जग्गाहरु विक्रिगर्दा ७ नं. वडा कार्यालय र मालपोत कार्यालय कलंकीका कर्मचारीहरु समेतको मिलोमतोमा पक्की वाटो भएको जग्गालाई वाटो छैन भनी राजश्व छलि समेतको कसुर गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा साविक का.जि. मच्छेगाउं ५ 'क' कि.नं. २९३ र ८९ को नक्सामा वाटो प्रष्टसंग देखिएको र फिल्डमा समेत गोरेटो वाटो कायम रहेको जग्गालाई कि.नं.पा. ७ नं. वडा कार्यालयको च.नं. ०६४।०६५ मिति २०६५।३।१ को पत्रले घरवाटो सिफारिस दिदा वाटो छैन भनी सिफारिस गरी अनुचित कार्य गरेको देखिएकाले आयोगको मिति २०६५।१०।१५ को निर्णय अनुसार कीर्तिपुर नगरपालिका वडा नं. ७ का वडा सचिव जयलोचन सुवेदीलाई सचेत गराउन कीर्तिपुर नगरपालिका कार्यालयलाई लेखि पठाईएको ।

५. जिल्ला विकास समिति, सुर्खेत अन्तर्गत सडक कालो पत्रे गर्ने कार्यमा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला विकास समिति सुर्खेतवाट सडक कालो पत्रे गर्ने सम्बन्धी कार्यका लागि आव्हान गरिएको ठे.नं.१० प्याकेज २ को लागत अनुमान रु. ५० लाख भन्दा बढी भएकोमा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ को नियम ५९(१५)(१६) अनुसार छुट्टाछुट्टै प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरि वोलपत्र मूल्यांङ्कन गर्नु पर्नेमा त्यसो नगरिएको, वोलपत्र मूल्याङ्कन समितिले संभाव्य वोलपत्रदाता छनौट नगरी कागजात मात्र जिल्ला विकास समितिमा पेश गरी आफ्नो दायित्ववाट पन्छिएको, वोलपत्र आव्हान गर्नु पूर्व योजनाको लागत अनुमान स्वीकृत नगरी सूचना प्रकाशन गरेको तथा आर्थिक अधिकार नभएका कार्यवाहक सभापतिवाट आर्थिक विषयमा जिल्ला विकास समिति वोर्ड वैठकको अध्यक्षता गरी वोलपत्र स्विकृत गरेको पाइयो । सडक कालो पत्रे कार्यको दर विश्लेषण प्रचलित नर्मस् अनुसार गर्नु नियमित भएतापनि मितव्ययितालाई ध्यानमा राखी सदरमुकाम क्षेत्र भित्र गरीने विकास निर्माणको काममा जिल्ला दररेटलाई आधार मानी लागत अनुमान गरेको पाइएन । यसवाट योजनाको लागत अनुमान र दर विश्लेषण परीक्षणमा जिल्ला प्राविधिक कार्यालयवाट पर्याप्त ध्यान पुऱ्याउन सकेको देखिएन । स्टोन डष्टको ९ कि.मी.लिडको विवाद भिकी ठेकेदारले निवेदन दिएकै आधारमा आइटम नै परिवर्तन गरी स्टोन डष्टको सट्टा माटो प्रयोग गर्न पाउने जिल्ला विकास समितिको निर्णय तर्क संगत भएन । यसवाट सरकारलाई रु. १,०३,१४३।४६ थप व्ययभार परेको स्पष्ट देखियो । कार्यस्थलमा प्रयोग भएको डण्डीको परिमाण वास्तविक नापीको आधार लिई गणना गर्नु पर्ने सामान्य इन्जिनियरिङ्ग सिद्धान्त पालन गरेको पाइएन । kg/m3 को आधारमा डण्डी खपतको अनुमान हचुवा प्रतित हुन्छ । आन्तरिक राजश्व कार्यालयमा दर्ता नभएका ठेकेदारवाट निर्माण सुधारका केही कामहरु गराइएको पाइयो जुन प्रचलित ऐन नियम विपरित हुन आउँछ । डासु/डानिडाको Account manual को गलत व्याख्या गरी रु. १ लाख ५० हजार भन्दा घटिका कामहरुमा कुनै सूचना

प्रकाशन नगरी विना प्रतिस्पर्धा आफु खुशी ३ वटा फर्मवाट दरभाउ पत्र माग गरी संझौता कार्यादेश गरेको देखियो । समग्रमा हेर्दा योजनाको आर्थिक तथा प्राविधिक पक्षको व्यवस्थापन संतोषजनक पाइएन । यसर्थ माथि उल्लेखीत वस्तुगत विवरणका आधारमा विचार गर्दा यस कार्यको सम्पूर्ण जिम्मेवारी वहन गर्नु पर्ने स्थानीय विकास अधिकारी शंकर प्रसाद पौडेल, प्राविधिक पक्षका जिम्मेवार इन्जिनियर द्वय अखण्ड शर्मा र इश्वर ढुंगाना, सब इन्जिनियर श्यामदास श्रेष्ठ समेतले लापरवाहीपूर्वक पदीय जिम्मेवारी वहन नगरेको हुँदा अब उप्रान्त सरकारी कामकाज गर्दा प्रचलित ऐन नियमको अनिवार्य पालन गर्न, दर विश्लेषण गर्दा सदरमुकाम क्षेत्रका लागि स्वीकृत जिल्ला दररेटलाई समेत तुलनात्मक अध्ययन गरी मितव्ययी तरिकाले लागत अनुमान तैयार गर्न एवं योजनाको आर्थिक तथा प्राविधिक पक्षको व्यवस्थापनमा पर्याप्त ध्यान पुऱ्याउन आयोगको मिति २०६६।१।४ को निणर्य अनुसार तत्कालिन स्थानिय विकास अधिकारी शंकर प्रसाद पौडेल इञ्जिनियरद्वय अखण्ड शर्मा र इश्वर ढुंगानालाई आयोगबाटै सचेत गराईएको ।

६. रामेछाप जिल्ला बेताली गा. बि. स वडा नं ४ घर भै हाल ठिमी नगरपालिका वडा नं १५ कौशलटार बस्ने केदार बहादुर कार्कीले मध्यपुर ठिमी नगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत गोबिन्द सिंह भण्डारी,इञ्जिनियर सत्य नारायण साह तथा कानुन अधिकृत केशव सिलवालले अनुचित प्रभावमा परी आर्थिक लेनदेन समेत गरी मेरो जग्गाबाट जबरजस्ती बाटो खुलाउन भनी गैरकानुनी निर्णय गरी सम्पत्ति सम्बन्धी मेरो संवैधानिक हक हनन गरेकाले सो गैरकानुनी निर्णय सुधार गरी निजहरुमाथि हदै सम्मको कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा ठिमी नगरपालिकाले पुनरावेदन अदालतमा यस विषयमा मुद्धा विचाराधिन अवस्थामा रहेको हुंदा निर्णय कार्यान्वयन गर्न अप्ठयारो परेकोले थप मार्ग दर्शन पाऊँ भन्ने सम्बन्धमा केही गरि रहनु नपर्ने र तत्कालीन प्रमुख तथा कार्यकारी अधिकृत गोविन्द सिंह भण्डारी , कानुन अधिकृत केशव सिल्वाल र इञ्जिनियर सत्य नारायण साहलाई आयोगको मिति २०६६।२।२१ को निर्णय अनुसार आयोगबाटै सचेत गराईएको ।

(ञ) संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत

१. लुम्बिनी स्थित मायादेवी मन्दिर निर्माणमा तत्कालिन लुम्बिनी विकास कोषका अध्यक्ष तथा मन्त्री बलबहादुर के.सी.ले आफ्नो नजिकको व्यक्तिहरुलाई योजना प्रमुख र साइट इन्जिनियर नियुक्त गरी आफ्नो टिम मार्फत सस्ता सामानहरु लगाई महंगो मूल्य तिर्ने, प्रचलित भन्दा बढी दररेटमा काम लगाउने र टेण्डर नगरी कोटेशन गर्न लगाई महंगो मूल्य तिर्ने, प्रचलित भन्दा बढी दररेटमा काम लगाउने र टेण्डर नगरी कोटेशन गराई करोडौं रकम धाँधली र भ्रष्टाचार गरेको सम्बन्धमा अनुसन्धान हुँदा मायादेवी मन्दिर पुनः निर्माणका क्रममा बारम्बार डिजाइन तथा इस्टिमेट परिवर्तन गरी लागत बढी (variation) भएको भन्ने सम्बन्धमा सिभिल कार्यतर्फ मुख्य रुपले एडिसनल आइटमहरु र एक्स्ट्रा आइटमहरु थप गरिएको कारणले डिजाइनमा परिवर्तन हुन गै लागत इस्टमेट बढ्न गएको छ । सिभिल कार्यको शुरु लागत इस्टिमेट रु. १,०५,०८,५२७२५ र शुरु ठेक अंक रु. १,०२,४५,८१४।२१ रहेको र निर्माणको क्रममा variation, additional/extra items अन्तर्गत केही

आइटमहरु थपघट भएकोले मन्दिर निर्माणको काम सम्पन्न हुँदासम्म कायम भएका आइटमहरुलाई मात्र हेर्दा ठे.प. अंक रु. १,१४,९४,११३।०७ हुन आउँछ । सो कार्यको अन्तिम बिल भुक्तानी रकम रु. १,२८,१८,६५१।५४ भएकोले उल्लेख्य भेरिएशन हुन आएको छ ।त्यसै गरी परियोजनाका लागि दर विश्लेषण गर्दा Unskilled labour, skilled labour, brick, lime लगायतका केही आइटमहरुको दररेट रुपन्देही जिल्लाको आ.ब. ०५८।५९ को दररेट भन्दा बढी राखिएको पाइयो । यसबाट सरकारलाई रु. १०,०५,०८५।४६ बढी व्ययभार पर्न आयो । यसरी बारम्बार डिजाइन परिवर्तन भै आइटमहरु थप भएका कारणले लागत बढ्न गएबाट डिजाइन र सुपरभिजन समेत गर्ने र जिल्ला दररेट भन्दा बढी दररेट राखी लगत इस्टिमेट तयार गर्ने त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान कन्सल्टेन्सी सर्भिसको लापरवाही देखिन आएको हुँदा आयोगको मिति २०६५।५।११ को निर्णय अनुसार भविष्यमा यस्तो कार्य दोहरिन नदिने तर्फ सचेत गराउँदै योजना प्रमुख हरिदर्शन श्रेष्ठलाई त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ८२ बमोजिम कारवाहीको लागि त्रिभुवन विश्वविद्यालयमा लेखी पठाउने र सो को रेकर्ड राख्न इञ्जिनियरिङ परिषदलाई जानकारी दिन र त्यस्तो बढी दररेटलाई जाँचबुझ र पुष्ट्याई नगरी स्वीकृत गर्ने लुम्बिनी विकास कोषको कार्यकारिणी समिति र अनुमोदन गर्ने परिषद्का पदाधिकारीहरुलाई सचेत गराउन कोषमा लेखी पठाईएको ।

(ट) शिक्षा मन्त्रालय अन्तर्गत

१. श्री जलकन्या माध्यमिक विद्यालय सिन्धुलीका तत्कालिन अस्थायी शिक्षक विष्णु प्रसाद फुयालले २०६० सालमा भक्तपुर स्थित महेन्द्र ग्राम माध्यमिक विद्यालयको निम्न माध्यमिक शिक्षक पदमा नियुक्ती हुँदा अस्थायी तर्फको पद त्याग नगरी दोहोरो तलव भत्ता समेत लिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जलकन्या माध्यामिक विद्यालय सिन्धुलीका तत्कालिन अस्थायी शिक्षक विष्णु प्रसाद फुयालले करिव ५ महिना वन्द, विदा एवं एस. एल.सि. परीक्षाको वहानामा दुई विद्यालयमा एकै पटक हाजिर गरी तलव भत्ता वुझेको र उक्त रकम आयोगबाट अनुसन्धानकै क्रममा जलकन्या मा.वि.सिन्धुलीको राष्ट्रिय वाणिज्य बैंक सिन्धुलीमा भएको चल्ती खाता नं.२३/०३ मा रु.२३,८३०।- नगद दाखिला गरेको देखियो । यसरी एउटा व्यक्तिले एकै समयमा दुई तर्फ काम गरी तलव भत्ता वुझेको तर अनुसन्धानमा लामो समय ब्यतित भएको कारण दोहोरो परेको रकम बैंक दाखिला गरिसकेको हुँदा आयोगको मिति २०६५।४।१२ को निर्णय अनुसार निजलाई आयन्दा त्यस प्रकारको काम कारवाही नगर्न सचेत गराई निजबाट जम्मा हुन आएको रु.२३,८३०।- उक्त विद्यालयलाई निकासा गर्नु पर्ने रकममा कट्टा गरी उक्त रकम सरकारी सर्व सञ्चित कोषमा जम्मा गर्न जिल्ला शिक्षा कार्यालय सिन्धुलीलाई लेखि पठाईएको ।

(ठ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. आयोगको मिति २०६५।६।२ मा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३४ बमोजिम इजाजतपत्रवाला तथा अभिमुखिकरण तालिम दिने संस्थाहरुले ऐन नियम तथा विभागबाट दिइएको

निर्देशन पालना गरे नगरेको सम्बन्धमा अनुसन्धान हुँदा प्रभावकारी अनुगमन तथा निरीक्षण नगरेको र कार्यालयको रेखदेख तथा व्यवस्थापन सम्बन्धमा विभागीय प्रमुखको हैसियतले दायित्व निर्वाह नगरेको हुँदा आयोगको मिति २०६५।०६।१२ को निर्णय अनुसार श्रम तथा रोजगार प्रवर्द्धन विभागका महानिर्देशक केशर बहादुर वानियाँलाई आयोगवाटै सचेत गराइएको ।

२. "ग.१ज. २९००, ग.१च. १५१० र ग.१ज. १४७२ नम्बरको सवारी को नामसारी सम्बन्धमा" भन्ने स.द.नं.११९३ को उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा ग.१ज. २९०० नं. को सवारी सम्बन्धमा शाखा अधिकृत बिमल प्रसाद प्याकुरेल, मे.सु. गोपीचन्द्र बोहरा र ना.सु. ठाकुर प्रसाद तिवारीले सवारी नामसारी गर्दा नेपाल सरकार र विभागिय निर्देशन उल्लंघन हुने गरी कुनियतबाट काम नगरेको र नियमित रुपमा नामसारी हुदै आएकोले रीपञ्च गरेको सम्बन्धमा नाङ्गो आँखाले यकिन गर्न नसकिएकोले अन्जानवश त्रुटी हुन गएको जवाफ दिएतापनि आफ्नो जिम्मेवारी अनुसारको दायित्व पुरा गरेको नदेखिएकोले आयोगको मिति २०६५।८।११ को निर्णय अनुसार निजहरुलाई सचेत गराउन श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखि पठाईएको ।

परिच्छेद - ८
असुल उपर

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (क) मा व्यवस्था भए अनुरूप आर्थिक वर्ष २०६५/२०६६ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी आख्तियारवालालाई लेखी पठाइएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. राष्ट्रिय बीमा संस्थानले आफ्ना कर्मचारीहरूलाई दिएको विभिन्न आर्थिक सुविधाहरू प्रचलित नियमसँग नमिलेको, कानूनतः प्राप्त हुन सक्ने नदेखिएको, पुरस्कार जस्तो संवेदनशील सुविधा कानूनसम्मत नभै हचुवाका भरमा एकमुष्ट सबै कर्मचारीहरूलाई उपलब्ध गराएको र पेश्की पुरस्कार समेत दिइनु कानूनसम्मत देखिन नआएकोले सोलाई जायज र उपयुक्त ठहराउन सक्ने अवस्था नदेखिएको भन्ने प्रतिवेदनको आधारमा अनुसन्धान हुँदा राष्ट्रिय बीमा संस्थान कर्मचारी नियमावली २०५४ मा आफ्ना कर्मचारीलाई दिने आर्थिक सुविधा सम्बन्धमा राष्ट्रिय बीमा संस्थानले सम्पत्ति न्यायिक जाँचबुझ आयोगलाई दिएको विवरण अनुसार उक्त संस्थानका कर्मचारीहरूलाई दिएका आर्थिक सुविधाहरूमा लुगा भत्ता,वार्षिक संचय कोषमा रकम जम्मा गर्ने,संचालक समितिको सदस्यहरूलाई प्रदान गरेको वैठक भत्ता तथा अन्य सुविधा,कर्मचारी कल्याण कोषबाट सापटी, बोनस, शैक्षिक सुविधा भत्ता, पुरस्कार, खाजा खर्च, परिवहन खर्च, महङ्गी भत्ता, बाह्य कार्यालय भत्ता तथा घर भाडा भत्ता, औषधोपचार सुविधा र औषधी खर्च, समायोजन भत्ता,वार्षिक उत्सव खर्च, सुत्केरी खर्च,क्रिया खर्च, अल्पकालीन तलव सापटी, घर मर्मत सापटी,दीर्घकालीन तलव सापटी,मोटर साइकल सापटी, व्यक्तिगत दुर्घटना बीमा, सामुहिक सावधिक जीवन बीमा रहेको देखिन्छ । राष्ट्रिय बीमा संस्थानले आफ्ना सबै कर्मचारीहरूलाई आर्थिक वर्ष ०५१/५२ देखि पुरस्कार शीर्षकमा जम्मा रु.८,३५,७४,७१३।५५ खर्च गरेको देखिएको, राष्ट्रिय बीमा संस्थानले आफ्ना कर्मचारीहरूलाई दिएका आर्थिक सुविधाहरू मध्ये प्रत्येक वर्ष सबै कर्मचारीलाई दिएको पुरस्कारको रकम बाहेकलाई अन्यथा भन्न नसकेको हुँदा पुरस्कार दिएको विषयमा मात्र केन्द्रीत भई राष्ट्रिय बीमा संस्थान कर्मचारी नियमावली २०५४ को नियम ११३ मा "संस्थानको प्रतिष्ठा र मर्यादा अभिवृद्धि हुने काम गरेका कर्मचारीलाई महाप्रबन्धकको सिफारिसमा समितिले एक पटकमा वढीमा ३ तलव वृद्धि वा उचित नगद पुरस्कार दिन सक्नेछ" भनी उल्लेख भएको हुंदा यस्तो पुरस्कार दिनको निमित्त अन्य कर्मचारीको तुलनामा राम्रो र प्रसंशायोग्य कार्य गरी संस्थानको प्रतिष्ठा र मर्यादा अभिवृद्धि हुने काम गरेको केही कर्मचारीलाई दिइने पुरस्कार हो । पुरस्कार सम्बन्धमा निजामती, जंगी तथा अन्य सार्वजनिक निकायका ऐन नियममा समेत व्यवस्था भएको र उक्त निकायले पुरस्कार दिंदा त्यस निकायको कर्मचारीहरू मध्ये उत्कृष्ट कार्य गर्ने केही कर्मचारीलाई निजले गरेको कार्यको मूल्यांकन

गरी पुरस्कारको रूपमा निश्चित तलव वृद्धि वा नगद रकम तथा प्रमाणपत्र दिने गरेको पाइन्छ । कर्मचारी सेवा सुविधा सम्बन्धमा मुख्य आधार लिइने निजामती सेवामा पुरस्कारलाई विभिन्न समयमा कुल कर्मचारी संख्याको निश्चित प्रतिशतमा नवढ्ने गरी भनी नियन्त्रण गरेको समेत पाइन्छ । तसर्थ कुनै ऐन तथा नियमावलीमा उल्लेख भएको पुरस्कारको प्रावधान त्यसका सबै कर्मचारीलाई प्रत्येक वर्ष निश्चित रकम दिनका निम्ति गरिएको होइन । राष्ट्रिय बीमा संस्थानका कर्मचारीहरूले राम्रो कार्य गरेर भएको उपलब्धि वा मुनाफाबाट सबै कर्मचारीलाई वोनस दिने प्राबधान भएको र राम्रो कार्य गरी मुनाफा गरेको वर्षमा वोनस समेत सबै कर्मचारीले प्राप्त गरेको हुंदा सबै कर्मचारीलाई नियमितरूपमा दिइदै आएको आ.व.०५१।५२ देखि आ.व.०६३।६४ सम्मको रु.८,३५,७४,७१३।५५ पुरस्कारको रकम कर्मचारीलाई भुक्तानी दिएको कानूनसम्मत नभएकोले असुलउपर गर्नु पर्ने देखिन्छ । सबै कर्मचारीलाई पुरस्कार दिनको लागि केही आर्थिक वर्षमा अर्थ मन्त्रालयको समेत स्वीकृति लिएको पाइएकोले राष्ट्रिय बीमा संस्थानलाई सरकारको तर्फबाट नियन्त्रण गर्ने निकाय अर्थ मन्त्रालयबाट सबै कर्मचारीलाई विना मूल्यांकन निश्चित रकम पुरस्कार दिन सक्ने विषय ऐन नियममा समावेश नगरी सबै कर्मचारीलाई पुरस्कार दिन स्वीकृति दिएको कार्यलाई नियम संगत मान्न सकिएन । यस किसिमको कार्यले अन्य संस्थानहरूलाई समेत प्रभाव पारी ऐन नियम विपरित खर्च गर्न सक्ने सम्भावना देखिन्छ । नेपाल सरकारको तर्फबाट संस्थानहरूलाई नियमित तथा नियन्त्रण गर्नुपर्ने सम्बन्धित मन्त्रालयले नै ऐन/नियम विपरित गरेको कार्य सम्बन्धमा निर्णय गर्ने सम्बन्धित पदाधिकारी तथा नियम विपरितको उल्लेखित रकम लिने सम्बन्धित पदाधिकारी सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ क अनुसार असुलउपर गर्नु पर्ने देखिन्छ । अतः प्रस्तुत सन्दर्भमा आवश्यक परे मन्त्री परिषद वैठक समेतमा पेश गरी निकाशा भए बमोजिम आवश्यक कारवाही गरी प्रस्तुत विषयमा टुङ्गो लगाउन आयोगको मिति २०६५।४।१३ को निर्णय अनुसार अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।

२. राष्ट्रिय वाणिज्य बैक, शाखा कार्यालय, खाँदबारीमा कर्जा नं. ३८/४७ देखि ३८/५७ सम्मका कर्जाहरूमा कमसल धितो दिई बिभिन्न व्यक्तिका नामबाट ऋण लिई अधिकार प्राप्त व्यक्तिलाई प्रलोभन देखाई धरानका सुन व्यापारी महेश्वर विश्वकर्मा समेतले बैकलाई हानी नोक्सानी पुऱ्याए भन्ने सम्बन्धमा अनुसन्धान हुँदा अनुसन्धानका क्रममा प्राप्त फाइल कागजातहरूबाट उजुरीमा उल्लेखित कर्जा नं. ३८/४७ देखि ३८/५७ सम्मका कर्जाहरूका ऋणी र कर्जा रकम समेतको विवरण निम्नानुसार देखियो ।

कर्जा नं.	ऋणीको नाम थर र ठेगाना	कर्जा रकम रु.	लगानी मिति	धितोको विवरण
३८/४७	टिकाराम विश्वकर्मा, खा.न.पा. ३ (दिपेश किराना पसल)	२,००,०००।-	२०६०।२।२५	दुर्गा बहादुर विश्वकर्माको खा.न.पा. ३ को जग्गा
३८/४८	दुर्गा पराजुली, खा.न.पा. ३ (दुर्गा किराना पसल)	१,५०,०००।-	२०६०।२।२५	दुर्गा पराजुलीको पाङ्मा २ को जग्गा

३८/४९	बिष्णुमाया नेपाल, खा.न.पा. ९ (नेपाल किराना पसल)	२,००,०००।-	२०६०।२।२५	बिष्णुमाया नेपालको माल्टा ७ को जग्गा
३८/५०	ज्ञान बहादुर न्यौपाने, खा.न.पा. ३ (अलैची) खरिद बिक्री केन्द्र)	१,५०,०००।-	२०६०।२।२५	ज्ञानबहादुर न्यौपानेको पाङ्मा ८ को जग्गा
३८/५१	रामबहादुर विश्वकर्मा, खा.न.पा.३ (विनोद किराना पसल)	२,००,०००।-	२०६०।२।२५	रामबहादुर विश्वकर्माको पाङ्मा २ को जग्गा
३८/५२	ज्ञानेन्द्र विश्वकर्मा, खा.न.पा. ११ (सुजन किराना पसल)	२,००,०००।-	२०६०।२।२५	ज्ञानेन्द्र विश्वकर्माको पाङ्मा २ को जग्गा
३८/५३	खड्गबहादुर न्यौपाने, खा.न.पा. २ (न्यौपाने किराना पसल)	२,००,०००।-	२०६०।२।२५	खड्गबहादुर न्यौपानेको पाङ्मा ८ को जग्गा
३८/५४	रिना देबी घिमिरे, विराटनगर- ४ (व्यवसाय संचालन प्र.प. नभएको)	२,००,०००।-	२०६०।२।२५	रिनादेबी घिमिरेको सुनसरी, मधेशा ९ को जग्गा
३८/५५	शिवप्रसाद घिमिरे, मधुमल्ला ५मोरङ्ग ।	१,५०,०००।-	कर्जा चुक्ता भै सकेको कारण जनाई फाइल प्राप्त हुन नआएको ।	
३८/५६	सुन्दर तामाङ्ग, खा.न.पा. १३ (अस्मिता किराना पसल)	१,५०,०००।-	२०६०।२।२५	सुन्दर तामाङ्गको मनकामना ८ को जग्गा
३८/५७	सिताराम राई, खा.न.पा. ४ (सिताराम किराना पसल)	१,५०,०००।-	२०६०।२।२५	सिताराम राईको पाङ्मा ७ को जग्गा

उल्लिखित कर्जामध्ये कतिपय कर्जाहरूका कर्जा फाइल र परियोजना अध्ययन प्रतिवेदन अपूर्ण भएको देखिएको, केही कर्जाको हकमा परियोजना अध्ययन प्रतिवेदनमा कर्जा कमिटीका कुनै पनि सदस्यले दस्तखत नगरेको, निर्धारित ढाँचा अनुसार ३(तीन) जनाको कर्जा कमिटि हुनुपर्नेमा २ (दुई) जनाले मात्र कर्जा स्वीकृतीको निर्णय गरेको, कर्जा नं. ३८/५४ को हकमा व्यवसाय संचालन प्रमाणपत्र संलग्न नदेखिनुका साथै धितो बापतको जग्गाको मूल्याँकन प्रतिवेदनमा मूल्याँकनकर्ताको दस्तखत समेत नभएको, कर्जा नं. ३८/५३ को फाइलमा उक्त कर्जाको धितो मूल्यांकन प्रतिवेदन संलग्न नभएको समेतका अवस्था देखिनुका साथै धितोमा रहेका जग्गा जमिनहरूको चलन चल्तीको मूल्यबारे सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरू समेतबाट जानकारी माग गर्दा प्राप्त जानकारी अनुसार अधिकांस कर्जाहरू धितोले खाम्न नसक्ने अवस्थाका देखिएबाट उक्त कर्जाको सुरक्षण बापत दिएको धितोको मूल्याँकन गर्दा सम्वन्धित कर्मचारीहरूले बैकको हितलाई ध्यान दिएको नदेखिएको हुँदा कर्जा प्रक्रृयामा संलग्न उक्त बैकका तत्कालीन प्रवन्धक मोतिलाल भक्त र सहायक रामचन्द्र गर्तौलाले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ को देहाय (ख), (ग) र (घ) बमोजिम अनुचित कार्य गरेको देखिन आयो । तर निजहरू यस भन्दा अघि नै उक्त बैकमा कार्यरत रहँदा भ्रष्टाचार गरेको कसूरमा बिशेष अदालतबाट कसुरदार ठहरिएका कारण २०६३।९।३ को निर्णयानुसार भविष्यमा बैकको सेवाकालागि अयोग्य ठहरिने गरी बैकको सेवाबाट हटिसकेको भनी राष्ट्रिय बाणिज्य बैक, केन्द्रीय

कार्यालयको प.सं. मा.सं.बि.ख।१४।१।०६५।६६ मिति २०६५।८।८ को पत्रबाट देखिन आएको हुदा उल्लेखित कसूरमा निजहरू उपर बिभागीय कारबाही गर्ने अवस्था रहेन । उल्लेखित कर्जाहरू मध्ये कर्जा नं. ३८/५५ को कर्जा चुक्ता भएको भएता पनि अन्य सम्पूर्ण कर्जाहरू भाखा नाघेको धेरै अवधि बितिसक्दा पनि ऋणीहरूलाई ऋण तिर्न सामान्य ताकेता गर्ने एवम् समष्ठिगत रूपमा ऋण तिर्न आह्वान गरी सार्वजनिक सूचना प्रकासन गर्ने बाहेक ऋण असूली सम्वन्धी अन्य सख्त कारवाही भए गरेको देखिएन । तत्काल प्रचलित वाणिज्य बैक ऐन, २०३१ को दफा ४७क को उपदफा ३ एवम् हाल प्रचलित बैक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ५७ को उपदफा २ समेतमा भएका कानूनी व्यवस्था अनुरूप ऋण असुली गर्ने तर्फ बैकको सक्रियता देखिएन । अतः उल्लेखित कानूनी व्यवस्था समेतका आधारमा सक्रियताकासाथ उक्त कर्जाहरू अन्तरगतको ऋण ६ महिनाभित्र असूल उपरको कारबाही गर्न आयोगको मिति २०६५।९।२२ को निर्णय अनुसार राष्ट्रिय बाणिज्य बैक, केन्द्रीय कार्यालयलाई लेखी पठाएको ।

(ख) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका का.मु. नायव महाप्रवन्धक मनोज आचार्य समेतका कर्मचारीहरूलाई नियम विपरित का.मु. दिई तलब भत्ता खुवाए भन्ने सम्बन्धमा अनुसन्धान हुँदा साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. का उजुरी बमोजिका १३ जना कर्मचारीहरूलाई निम्न बमोजिम कायम मुकायम मुकरर गरी तोकिएको अवधि सकिएपछि पनि अवधि थप नगरी का.मु. हुदा कै बखतको तलब,भत्ता, सुविधा दिएको अवस्था देखियो ।

कर्मचारीहरूको विवरण

क्र.स.	पद	नाम	का.मु. भएको मिति	का.मु. सकिएको मिति
१	का.मु.नायव महा प्रवन्धक	मनोज आचार्य	२०६०।६।३०	०६२।६।३१
२	का.मु. प्रवन्धक	जगदिशनारायण चौधरी	२०६२।४।१	०६३।३।३१
३	का.मु. प्रवन्धक	सवल रिजाल	२०६२।४।१	०६३।३।३१
४	का.मु. अधिकृत	सुशील आचार्य	२०६२।४।१	०६३।३।३१
५	का.मु. अधिकृत	हरिध्वज थापा	२०६२।४।१	०६३।३।३१
६	का.मु. प्रमुख सहायक	सरोज पाण्डे	२०६२।४।१	०६३।३।३१
७	का.मु. प्रमुख सहायक	गोपाल प्रसाद भारती	२०६२।४।१	०६३।३।३१
८	का.मु. प्रमुख सहायक	मनोज कुमार श्रेष्ठ	२०६२।४।१	०६३।३।३१
९	का.मु. सहायक	मधुसुधन अधिकारी	२०६२।४।१	०६३।३।३१
१०	का.मु. सहायक	ईश्वरी प्रसाद श्रेष्ठ	२०६२।४।१	०६३।३।३१
११.	का.मु. सहायक	ओम प्रकाश श्रीवास्तव	२०६२।४।१	०६३।३।३१
१२	का.मु. सहायक (अपरेटर)	दिपेन्द्र विक्रम थापा	२०६२।४।१	०६३।३।३१
१३	का.मु. सहायक (अपरेटर)	तेज वहादुर कार्की	२०६२।४।१	०६३।३।३१

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. को कर्मचारी विनियम,२०६२ को उप विनियम २.११.४ मा कायम मुकायमको अवधि कार्यकारी प्रमुखले तोके वमोजिमको अवधिसम्मको हुने छ भन्ने स्पष्ट प्रावधान रहेको देखिन्छ । साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. बाट का.मु नायव महाप्रवन्धक मनोज आचार्यको मिति २०६२।६।३१ र का.मु. प्रवन्धक जगदिश नारायण चौधरी समेतका १२ जना कर्मचारीहरूको मिति २०६३।३।३१ मा का.मु. अवधि समाप्त भएको देखिन्छ । तर का.मु. अवधि समाप्त भईसकेपछि सो का.मु. अवधि थप गरेको निर्णय भएको देखिदैन । कर्पोरेशनबाट का.मु. थप गर्ने निर्णय नभएपछि स्वत: आफनो साविक पदमा जानु पर्नेमा सो नगरी नियम विपरित का.मु. कै तलब,भत्ता र सुविधा खाएको अवस्था देखिएको हुँदा आयोगको मिति २०६५।४।२७ को निर्णय अनुसार का.मु. नायव महाप्रवन्धक मनोज आचार्यको मिति २०६२।६।३१ मा का.मु. अवधि समाप्त भई मिति ०६४।५।२६ मा मात्र पदोन्नति भएको, त्यस्तै का.मु. प्रवन्धक जगदिश नारायण चौधरी,का.मु.प्रबन्धक सवल रिजाल, का.मु.अधिकृत सुशिल आचार्य, का.मु. अधिकृत हरिध्वज थापा, का.मु. प्रमुख सहायक सरोज पाण्डे, का.मु. प्रमुख सहायक गोपाल प्रसाद भारती, का.मु. प्रमुख सहायक मनोज कुमार श्रेष्ठ, का.मु. सहायक मधुसुधन अधिकारी, का.मु. सहायक ईश्वरी प्रसाद श्रेष्ठ, का.मु. सहायक ओम प्रकाश श्रीवास्तव, का.मु. सहायक दिपेन्द्र विक्रम थापा र का.मु. सहायक तेज वहादुर कार्की, समेतको मिति २०६३।३।३१ मा का.मु. अवधि समाप्त भई का.मु. सहायक ओमप्रकाश श्रीवास्तव वाहेक अन्य सबै कर्मचारीहरूको मिति ०६४।६।१ मा मात्र पदोन्नति भएकोमा सो बीचको अवधि नियम विपरित का.मु. कै तलव,भत्ता र सुविधा खाएको देखिएकोले उल्लेखित कर्मचारीहरूबाट सो विच अवधिको फरक तलब,भत्ता समेत कानूनको रित पुऱ्याई असुल उपर गर्न साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, केन्द्रीय कार्यालयमा लेखी पठाईएको ।

(ग) गृह मन्त्रालय अन्तर्गत

१. जिल्ला प्रहरी कार्यालय, महोत्तरीका कार्यालय प्रमुख तथा लेखापालले कार्यालयको खाद्यान्न आहार अन्तर्गतको आ.व. २०५९।६० को बजेट अनियमित तवरबाट खर्च गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा श्रेस्ता कागजात लगायत मिसिल संलग्न प्रमाण कागजातबाट जिल्ला प्रहरी कार्यालय महोत्तरीमा खाद्य आहार शिर्षक अन्तर्गत घोडा नै नभएको अवस्थामा मिति २०५९ श्रावण देखि २०६० कार्तिकसम्म लेखा सम्वन्धी कार्य गर्ने प्र.ना.नि.गुञ्ज वहादुर पाण्डे तथा कार्यालय प्रमुख प्र.उ.नारायण कुमार आचार्यबाट खाद्य आहार घोडाको दाना वापत रु. १०,६४,१५५।२४ (दश लाख चौंसट्ठी हजार एकसय पचपन्न पैसा चौविस मात्र) अनियमित तवरवाट खर्च भएको साथै २०६० मंसीर र पुष महिना लेखा सम्वन्धी कार्य गर्ने गुन्ज वहादुर पाण्डे तथा प्र.उ.छोक्पा शेर्पाले खाद्य आहार घोडाको दाना वापत रु. १,२४,१५१।६९ (रु. एक लाख, चौविस हजार एक सय एकाउन्न पैसा उनान्नसत्तरी) अनियमित तवरले खर्च गरेको पाइयो । प्रहरी प्रधान कार्यालयको मिति ०६२।१०।७ को पत्रबाट जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय वर्दिवास र गौशालामा आ.ब. ०५८।५९, ०५९।६० र ०६०।६१ को घोडा र सयसको दरवन्दी कायम नहुनुका साथै उल्लिखित आर्थिक वर्षहरूमा घोडाको लागि आहार वापत खर्च लेख्न रकम विनियोजन नभएको भन्ने देखिंदा आयोगको मिति २०६५।०७।२५ को निर्णय अनुसार उक्त अनियमित तवरबाट खर्च भएको रकम मध्ये रु. १०,६४,१५५।२४ (रु. दशलाख चौंसट्ठी हजार एकसय पचपन्न पैसा चौविस) लेखा सम्वन्धी कार्य गर्ने

प्र.ना.नि. गुञ्ज वहादुर पाण्डे तथा प्र.उ. नारायण कुमार आचार्यबाट असूलउपर तथा रु. १,२४,१५१।६९ (रु. एकलाख चौविस हजार एकसय एकाउन्न पैसा उनन्सत्तरी) निज प्र.ना.नी. गुञ्ज वहादुर पाण्डे तथा प्र.उ.छोक्पा शेर्पाबाट असूल उपर गरी राजश्वमा दाखिला गर्न र उक्त कार्यालयबाट प्र.उ. नारायण कुमार आचार्यको बयान तथा निवेदनमा उल्लेख गरे जस्तै अघिल्ला आर्थिक वर्षहरूमा समेत खाद्य आहारमा अनियमितता भएको हुन सक्ने अघिल्ला वर्षको सक्कल कागजात प्रहरी प्रधान कार्यालयसंग माग गर्दा सो कार्यालयले मिति २०६५।७।४ को पत्रबाट जि.प्र.का महोत्तरीमा उक्त फाइलहरू भएको जवाफ दिएको साथै जि.प्र.का. महोत्तरीले ०६५।७।५ को पत्रबाट उक्त सक्कल कागजात प्रहरी प्रधान कार्यालयमा भएको जवाफ दिई उक्त वर्षका अन्य कागजात प्राप्त नभएकोले घोडाको दरवन्दी नै नभएको अवस्थामा खाद्यान्न आहार अन्तर्गत २०५९ साउन महिना भन्दा अगाडीका महिनाहरूमा भएका अनियमित खर्च र सम्वन्धित कार्यालय प्रमुख र सम्वन्धित लेखा प्रमुखसंग असूल उपर गरी राजश्वमा दाखिला गर्न प्रहरी प्रधान कार्यालयमा लेखी पठाईएको ।

२. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति, पदपूर्ति समितिको सूचना बमोजिम स्थायी पदपूर्ति गर्दा केन्द्रका कार्यकारी निर्देशक पूर्णमान तपोलले जाँच पास गराई दिन्छु भनी रु. १,५०,०००।- म बाट लिएको भन्ने समेत सोधपुछ गर्दा जाँचको सिलसिलामा फेल गराएको रिसको झोकमा उजुरी दिएको हुँ सो रकम कार्यकारी निर्देशक पूर्णमान तपोल चाइना जाने क्रममा सरकारी भत्ता प्राप्त नभएको कारणले सापटी दिएको हुँ भनी व्यहोरा लेखाएको समेतबाट उजुरकर्ताले उजुर गर्दा जाँचपास गराई दिन्छु भनी रकम दिएको भनी उल्लेख गर्नु र थप बुझ्ने क्रममा सापट दिएको भनी व्यहोरा लेखाई आयोगमा झुट्ठा व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उजुरकर्ता खरिदार द्वारिका प्रसाद दाहालले अ.दु.अ. आयोग ऐन, २०४८ को दफा २४ (ग) बमोजिम झुट्ठो उजुरी दिएको हुँदा आयोगको मिति २०६५।१२।१२ को निर्णय अनुसार अ.दु.अ. आयोग ऐन, २०४८ को दफा २४ (ग) बमोजिम रु.५००।- (पाँच सय) जरिवाना गर्न अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलाई लेखि पठाईएको ।

३. जिल्ला प्रशासन कार्यालय भद्रपुर झापाको पत्रसाथ प्राप्त साझा संस्था लि. हल्दीवारी झापाको तत्कालीन व्यवस्थापक तेज नारायण यादव समेतले संस्थाको रकम हिनामिना गरेको सम्बन्धमा अनुसन्धान हुँदा उजूरकर्ता मोतिलाल गंगाईको मंजुरीनामाबाट निजको नामको झापा जिल्ला महेशपुर गा.प. वडा नं.४ को कि.नं. २८१ को ६-०-० जग्गा धितो राखी साझा संस्था हल्दीवारीबाट विभिन्न व्यक्तिहरूको नाममा ऋण प्रवाह भएको भन्ने मिसिलबाट देखियो । उजूरकर्ताले उक्त जग्गा पास गरी दिने भनी तत्कालीन प्रधानपञ्च एवं साझा संस्था हल्दीवारीका संचालक समितिका अध्यक्ष सत्यनचन्द्र सिंह राजवंशीले साझा संस्थामा लगी कागज गराई धरौटी राखी रकम निकालेकोले मलाई झुक्याई साझा संस्थाको ऋणी बनाएकोले कारवाही गरी पाँऊ भन्ने समेत व्यहोराको विशेष प्रहरी विभागमा दिएको निवेदन । अध्यक्ष सत्यनचन्द्र सिंह राजवंशीको मौकाको वयानमा मिति २०४१।१०।२२ को उजूरकर्ता मोतिलाल गंगाईको मंजुरनामा मैले लेखेको हुँ भनी व्यहोरा लेखाएको र केही तमसुक व्यवस्थापक तेज नारायण यादवले मेरो रोहवरमा सही गराएको हो साथै संस्थाको वैठकबाट ऋण प्रवाह गर्ने निर्णय भएको भन्ने व्यहोरा उल्लेख भएको,

तथा ऋण प्रवाह भएका व्यक्तिहरू काल्पनिक भएको भन्ने प्रहरी मुचुल्का र अध्यक्ष सत्यनचन्द्र सिंह राजवंशी, व्यवस्थापक तेज नारायण यादवको वयान समेतबाट देखिएकोले साझा संस्था हल्दीवारीको अध्यक्ष सत्यनचन्द्र सिंह राजवंशी, व्यवस्थापक तेज नारायण यादव समेतबाट काल्पनिक व्यक्तिहरूको नाममा ऋण प्रवाह गरेको स्पष्टै देखियो । काल्पनिक व्यक्तिहरूको नाममा ऋण प्रवाह गरी साझा संस्था हल्दीवारीलाई हानि नोक्सानी गराएकोमा रकम असूल उपरको लागि वयानको क्रममा अध्यक्ष सत्यनचन्द्र सिंह राजवंशी, व्यवस्थापक तेज नारायण यादवले धरौट राखेको हुँदा धरौटीबाट हानि नोक्सानी भएको रकम असूल उपर गर्न सकिने नै देखिंदा सो धरौटी रकमबाट असूल उपर गर्न आयोगको मिति २०६६।३।२ को निर्णय अनुसार साझा संस्था हल्दीवारीलाई जिल्ला प्रशासन कार्यालय झापामा लेखी पठाईएको ।

(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत

१. २०६१ साल माघ १९ गतेपछि राजनीतिक दलहरूद्वारा संचालित शान्तिपूर्ण जनआन्दोलनका क्रममा भएका धनजनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरूपयोग, सत्ता, शक्ति र पदको दुरूपयोग र मानव अधिकारको उल्लंघन लगायतका कार्यको छानबिन गरी सत्यतथ्य पत्ता लगाउने र दोषीउपर के कस्तो कारबाही गर्नु पर्ने हो सो सम्बन्धमा राय ठहर सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६३।१।२२ को निर्णयानुसार सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ ले (यसपछि जाँचबुझ आयोग भनिने) पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा शान्तिपूर्ण जनआन्दोलनको निर्ममतापूर्वक दमन गर्ने प्रयोजनका लागि राष्ट्रिय ढुकुटीको दुरूपयोग, हिनामिना तथा सत्ता, शक्ति र पदको दुरूपयोग सम्बन्धमा प्रतिवेदनको परिच्छेद १२ मा उल्लेख भएका तत्कालीन मन्त्रिपरिषदका सदस्य तथा राजनीतिक नियुक्तिका पदहरूमा बहाल रहेका व्यक्तिहरूलाई आवश्यक कारबाहीका लागि यस आयोगमा पठाउने गरी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६३।१०।२५ को निर्णयानुसार उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनको परिच्छेद १२ र सो सँग सम्बन्धित कागजात यस आयोग समक्ष प्राप्त भई तत्कालिन ५ को अध्यक्षतामा मिति २०६२।१०।१३ मा बसेको मन्त्रिपरिषदले विना विल भरपाई क्षेत्रीय प्रशासक र अञ्चल प्रशासकले रु.५०,०००।- सम्म समर्थन गर्न पाउने गरी भएको निर्णयका आधारमा तत्कालीन नारायणी अन्चल प्रशासक प्रजापति कोइरालाले खर्च गरेको रु.५,००,०००।- राष्ट्रिय ढुकुटीको दुरूपयोग भएको हुँदा निज प्रजापति कोइराला व्यक्तिगत रूपमा र मिति २०६२।१०।१३ को मन्त्रिपरिषदमा उपस्थित मन्त्रिपरिषदका सदस्यहरू सामूहिक रूपमा जिम्मेवार देखिंदा निज प्रजापति कोइरालालाई व्यक्तिगत रूपमा र मन्त्रिपरिषदका सदस्यहरूलाई सामूहिक रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तरगत कारबाही गरी दुरूपयोग भएको रकम निजहरूबाट असूल उपर हुनु पर्ने भन्ने सम्बन्धमा अनुसन्धान हुँदा मिति २०६२।१०।१३ को मन्त्रिपरिषदको बैठकमा उपस्थित तत्कालीन मन्त्री परिषदका अध्यक्ष, उपाध्यक्ष तथा मन्त्रिपरिषदका सदस्यहरूको सामूहिक जिम्मेवारीका सम्बन्धमा आयोगको मिति २०६५।३।३० को बैठकबाट निर्णय भइसकेको हुँदा निजहरूका सम्बन्धमा

यसमा केही गरि रहनु परेन । तत्कालिन नारायणी अञ्चल प्रशासक प्रजापति कोइरालाका सम्वन्धमा अध्ययन गरी हेर्दा मिति २०६२।१०।१९ का दिन एकै पटकमा रु.४,००,०००।- र मिति २०६२।१०।२७ मा रु.१,००,०००।- गरी जम्मा रु. ५,००,०००।- भुक्तानी लिएको देखिन्छ । तत्कालिन मन्त्री परिषदको मिति २०६२।१०।१३ को निर्णय अनुसार एक पटकमा रु.५०,०००।- सम्म समर्थन गर्न पाउने गरी भएको निर्णय विपरित एक पटकमा रु.४,००,०००।- र रु.१,००,०००।- भुक्तानी लिएको देखिनु र उक्त रकम के कुन प्रयोजनका लागि खर्च भएको भन्ने पनि नदेखिएको आफु भन्दा माथिल्लो निकाय वा पदाधिकारीबाट उक्त खर्च समर्थन गराएको पनि नदेखिदा पदिय हैसियतले आफुलाई प्राप्त सुविधा दुरूपयोग गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (झ) द्वारा परिभाषित अनुचित कार्य गरेको देखिन आएकोले आयोगको मिति २०६५।६।५ को निर्णय अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क बमोजिम अख्तियार दुरूपयोग गरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको रु.५,००,०००।- निज तत्कालिन अञ्चल प्रशासक प्रजापति कोइरालाबाट भरिभराउ गर्न नेपाल सरकारलाई लेखी पठाईएको ।

२. २०६१ साल माघ १९ गतेपछि राजनीतिक दलहरूद्वारा संचालित शान्तिपूर्ण जनआन्दोलनका क्रममा भएका धनजनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरूपयोग, सत्ता, शक्ति र पदको दुरूपयोग र मानव अधिकारको उल्लंघन लगायतका कार्यको छानविन गरी सत्यतथ्य पत्ता लगाउने र दोषीउपर के कस्तो कारबाही गर्नु पर्ने हो सो सम्बन्धमा रायठहर सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६३।१।२२ को निर्णयानुसार सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ ले (यसपछि जाँचबुझ आयोग भनिने) पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा शान्तिपूर्ण जनआन्दोलनको निर्ममतापूर्वक दमन गर्ने प्रयोजनका लागि राष्ट्रिय ढुकुटीको दुरूपयोग, हिनामिना तथा सत्ता, शक्ति र पदको दुरूपयोग सम्बन्धमा प्रतिवेदनको परिच्छेद १२ मा उल्लेख भएका तत्कालीन मन्त्रिपरिषदका सदस्य तथा राजनीतिक नियुक्तिका पदहरूमा बहाल रहेका व्यक्तिहरूलाई आवश्यक कारबाहीका लागि यस आयोगमा पठाउने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६३।१०।२५ को निर्णयानुसार उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनको परिच्छेद १२ र सो सँग सम्बन्धित कागजात यस आयोग समक्ष प्राप्त भई तत्कालीन ५ को अध्यक्षतामा मिति २०६२।१०।१३ मा बसेको मन्त्री परिषदले विना विलभरपाई क्षेत्रीय प्रशासक र अञ्चल प्रशासकले रु.५०,०००।- सम्म समर्थन गर्न पाउने गरी भएको निर्णयका आधारमा तत्कालीन बागमती अञ्चल प्रशासक शेखर गुरुङ्गले खर्च गरेको रु.५,००,०००।- राष्ट्रिय ढुकुटीको दुरूपयोग भएको हुँदा निज शेखर गुरुङ्ग व्यक्तिगत रूपमा र मिति २०६२।१०।१३ को मन्त्रिपरिषदमा उपस्थित मन्त्रिपरिषदका सदस्यहरू सामूहिक रूपमा जिम्मेवार देखिंदा निज शेखर गुरुङ्गलाई व्यक्तिगत रूपमा र मन्त्रिपरिषदका सदस्यहरूलाई सामूहिक रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तरगत कारबाही गरी दुरूपयोग भएको रकम निजहरूबाट असूल उपर हुनुपर्ने भन्ने सम्बन्धमा अनुसन्धान हुँदा तत्कालिन बागमती अञ्चल प्रशासक शेखर गुरुङ्गका सम्वन्धमा अध्ययन गरी हेर्दा तत्कालिन मन्त्रिपरिषदको

मिति २०६२।१०।१३ को निर्णयले अञ्चल प्रशासकले शान्ति सुरक्षा तथा गुप्तचर परिचालन गर्ने क्रममा विना विल भरपाई एक पटकमा रु.५०,०००।- सम्म खर्च समर्थन गर्न सकिने गरी अधिकार प्रदान गरे पश्चात मिति २०६२।१०।१७ मा गृह मन्त्रालयबाट २.०८ विविध शिर्षकमा रु.५,००,०००।- विनियोजन सहित अख्तियारी प्रदान गरेको देखिन्छ । उक्त विनियोजित बजेट तत्कालिन बागमती अञ्चल प्रशासन कार्यालयको मिति २०६२।१०।१८ को अनुरोधमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट मिति २०६२।१०।२० मा निकासा प्रदान गरेको देखिन्छ । सोही दिन गो.भौ.नं. १ बाट आम्दानी बाँधी सोही दिन निज शेखर गुरुङ्गको आदेश पत्र बमोजिम काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, कीर्तिपुर नगरपालिका र मध्यपुर ठिमी नगरपालिकालाई उपलव्ध गराउने भनी रु.५,००,०००।- भुक्तानी गर्ने आदेश दिएको र सो आदेश बमोजिम लेखाबाट उक्त रकम बमोजिमको चेक काटी नगद निज शेखर गुरुङ्गलाई नै बुझाएको देखिएको र निजको बयान अनुसार उल्लेखित नगरपालिकहरूलाई उक्त रकम बुझाए नबुझाएको सम्वन्धमा यस आयोगबाट तत् तत् नगरपालिकामा बुझ्दा तत्कालिन अञ्चल प्रशासक वा अञ्चल प्रशासन कार्यालयबाट कुनै पनि रकम प्राप्त नभएको भन्ने जानकारी प्राप्त भएबाट निज तत्कालिन वागमती अञ्चल प्रशासक शेखर गुरुङ्गले गृह मन्त्रालयद्वारा २.०८ विबिध शिर्षकमा बिनियोजित रु.५,००,०००।- नगरपालिकालाई वितरण गर्ने नाममा आफुलाई प्राप्त अख्तियारी विपरित आफु भन्दा मुनिका कर्मचारीलाई लिखित आदेश दिई नगद झिकी आफुले लिई आफ्नो अनुकुलको कार्य गराएको देखिदा निजले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (छ) (ज) र (झ) द्वारा परिभाषित कार्य गरेको देखिन आएको हुँदा आयोगको मिति २०६५।६।५ को निर्णय अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क बमोजिम निजले अख्तियार दुरूपयोग गरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको रु.५,००,०००।- निज तत्कालीन वागमती अञ्चल प्रशासक शेखर गुरुङ्गबाट भरिभराउ गर्न नेपाल सरकारलाई लेखी पठाईएको ।

३. २०६१ साल माघ १९ गतेपछि राजनीतिक दलहरूद्वारा संचालित शान्तिपूर्ण जनआन्दोलनका क्रममा भएका धनजनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरूपयोग, सत्ता, शक्ति र पदको दुरूपयोग र मानव अधिकारको उल्लंघन लगायतका कार्यको छानविन गरी सत्यतथ्य पत्ता लगाउने र दोषीउपर के कस्तो कारबाही गर्नु पर्ने हो सो सम्बन्धमा राय ठहर सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६३।१।२२ को निर्णयानुसार सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ ले पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा शान्तिपूर्ण जनआन्दोलनको निर्ममतापूर्वक दमन गर्ने प्रयोजनका लागि राष्ट्रिय ढुकुटीको दुरूपयोग, हिनामिना तथा सत्ता, शक्ति र पदको दुरूपयोग सम्बन्धमा प्रतिवेदनको परिच्छेद १२ मा उल्लेख भएका तत्कालीन मन्त्रिपरिषद्का सदस्य तथा राजनीतिक नियुक्तिका पदहरूमा बहाल रहेका व्यक्तिहरूलाई आवश्यक कारबाहीका लागि यस आयोगमा पठाउने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६३।१०।२५ को निर्णयानुसार उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनको परिच्छेद १२ र सो सँग सम्बन्धित कागजात यस आयोग समक्ष प्राप्त भई तत्कालिन ५ को अध्यक्षतामा मिति

२०६२।१०।१३ मा बसेको मन्त्री परिषदले विना विल भरपाई क्षेत्रीय प्रशासक र अञ्चल प्रशासकले रु.५०,०००।- सम्म समर्थन गर्न पाउने गरी भएको निर्णयका आधारमा तत्कालीन सेती अञ्चल प्रशासक कर्ण बहादुर धिमालले खर्च गरेको रु.२,००,०००।- राष्ट्रिय ढुकुटीको दुरूपयोग भएको हुँदा निज कर्णबहादुर धिमाल व्यक्तिगत रूपमा र मिति २०६२।१०।१३ को मन्त्रिपरिषद्मा उपस्थित मन्त्रिपरिषद्का सदस्यहरू सामूहिक रूपमा जिम्मेवार देखिंदा निज कर्ण बहादुर धिमाललाई व्यक्तिगत रूपमा र मन्त्रिपरिषदका सदस्यहरूलाई सामूहिक रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तरगत कारबाही गरी दुरूपयोग भएको रकम निजहरूबाट असूल उपर हुनु पर्ने भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।६।५ को निर्णय अनुसार तत्कालिन सेती अञ्चल प्रशासक कर्ण बहादुर धिमालका सम्वन्धमा अध्ययन गरी हेर्दा मिति २०६२।१०।१९ का दिन रु.५०,०००।- का दरले ३ बटा चेक मार्फत रु.१,५०,०००। भुक्तानी लिएको देखियो । उक्त रकम के कुन प्रयोजनका लागि खर्च भएको भन्ने पनि नदेखिएको तत्कालिन मन्त्रिपरिषद्को मिति २०६२।१०।१३ को निर्णयानुसार एक पटकमा रु.५०,०००।- सम्म समर्थन गर्न पाउनेमा सो हद भन्दा बढी अस्वभाविक रूपमा एकै दिनमा रु.१,००,०००।- बढी भुक्तानी लिएको देखिदा आफुलाई पदीय हैसियतले प्राप्त सुविधा दुरूपयोग गरेको हुदाँ अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क बमोजिम अख्तियार दुरूपयोग गरी नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको रु.१,००,०००।- निज तत्कालीन अञ्चल प्रशासक कर्णबहादुर धिमालबाट भरिभराउ गर्न नेपाल सरकारलाई लेखी पठाईएको ।

(ङ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

घटाल मा.वि. सुडा कञ्चनपुरमा कार्यरत शिक्षिका श्रीमती मोहनमाया शर्मा (वोहरा) ले अन्यत्र आफ्नो र आफ्नो परिवारको नाउँमा जग्गा छँदाछँदै जग्गा छैन भनी व्यहोरा लुकाई सरकारलाई तिर्नु वुझाउनु पर्ने राजश्व नतिरी गैरकानूनी रूपले सुकुम्वासी समस्या समाधान आयोगबाट २०५८ सालमा नि:शुल्क जग्गाधनी प्रमाण पूर्जा प्राप्त गरेको हुँदा आवश्यक छानविन गरी कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मोहनमाया शर्मा (वोहरा)ले सुकुम्वासी समस्या समाधान आयोगवाट प्राप्त गरेको जिल्ला कञ्चनपुर सुडा गा.वि.स.वडा नं.२ अन्तर्गत कि.नं. ५९३ र ६१६ बाट क्रमश: ०.२५५५ र ०.०७५५ हेक्टर क्षेत्रफल जग्गा नि:शुल्क प्राप्त गरेको जग्गाधनी दर्ता श्रेस्तावाट खुल्न आएको देखिन्छ । उल्लिखित जग्गा नि:शुल्क प्राप्त गर्नु अगाडी निज तथा निजको परिवारका अन्य सदस्यको नाममा समेत विभिन्न ठाउँमा जग्गा रहे भएको निजको वयान पेश हुन आएको जग्गाधनी दर्ता प्रमाणपत्र समेतबाट देखिन्छ । सुकुम्वासी समस्या समाधान आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धी कार्यनीति, २०५६ को दफा ३(३) मा व्यबस्था भए अनुसार निज मोहन माया शर्माले सुकुम्बासी समस्या समाधान आयोग कञ्चनपुरवाट कि.नं. ५९३ र ६१६ को जग्गा नि:शुल्क प्राप्त गर्न मिल्ने देखिदैन । निजले आफ्नो वा आफ्नो परिवारको नाउँमा अन्यत्र जग्गा छैन भनी व्यहोरा लुकाई नि:शुल्क जग्गा प्राप्त गरेको देखिदा निज तथा निजको परिवारको नाउँमा रहे भएको सम्पूर्ण जग्गाको विवरण प्राप्त गरी सो को आधारमा सुकुम्वासी समस्या समाधान आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धी कार्यनीति २०५६ को ३(३) द्वारा निर्दिष्ट गरे बमोजिम निजले नि:शुल्क रूपमा प्राप्त उल्लिखित कि.नं. ५९३ र ६१६ को जग्गाहरूको मूल्य कायम गरी असुल गर्न

आयोगको मिति २०६६।१।१७ को निणर्य अनुसार भूमिसुधार कार्यालय कञ्चनपुर र सम्बन्धित मालपोत कार्यालय महेन्द्रनगरलाई लेखी पठाईएको ।

(च) वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत

वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत जिल्ला वन कार्यालय डोटीको जिल्ला वन अधिकृत रमेश बहादुर चन्दले वन तस्करसँग मिली लाखौं फिट काठमा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कफलकट्टे, वसेनी, त्रिवेणी दुर्गादेवी, वाह्र पाखे र नवदुर्गा सामुदायिक वन समूहहरूले नियम विपरित काठ कटान गरेको देखिन आयो भने आफ्नो कार्यक्षेत्रभित्र पर्ने रेन्जपोष्टमा उल्लिखित सामुदायिक वन समूहहरूले नियम विपरित कार्य गरेकोमा तत्कालीन रेन्जर सच्चिदानन्द सिंहले ती वन समूहहरू उपर कुनै कानूनी कारवाही नगरेको तथा जिल्ला वन अधिकृत रमेश बहादुर चन्द कार्यालय प्रमुखको हैसियतले अनुगमन निरीक्षण गरी उल्लिखित अनियमितताको मौकामै कारवाही गर्नुपर्नेमा सो नगरेको देखिएकोले आयोगको मिति २०६५।९।६ को निर्णय अनुसार उल्लेखित सामुदायिक वन समूहहरूले अनियमित कटान गरेको रुखहरूको विगो यकीन गरी विगो असुल गरी सम्बन्धितलाई वन ऐन, २०४९ बमोजिम कारवाही गर्न गराउन वन तथा भूसंरक्षण मन्त्रालयलाई लेखी पठाईएको ।

(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. मध्यपश्चिमाञ्चल स्वास्थ्य निर्देशनालय सुर्खेतले क्षेत्रीय शिविर संचालन गर्दा अनियमितता गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा शिविर संचालनको लागि औषधी तथा उपकरणहरू खरीदमा अनियमितता भएको मान्न सकिने वस्तुगत आधार देखिएन । स्वीकृत केही शिर्षकमा वजेटको सीमा नाघि खर्च गरेको देखिन आएतापनि अधिकार प्राप्त अधिकारीवाट संशोधन र थप वजेट स्वीकृत भएको देखिन आएको हुँदा आयोगको मिति २०६५।४।६ को निर्णय अनुसार औषधी उपकरण ढुवानी तर्फ कानून बमोजिम भुक्तानी रकमको अग्रिम आयकर १५% का दरले कट्टी गर्नु पर्नेमा १.५ प्रतिशत मात्र कट्टी गरी भुक्तानी गरेको देखिएकोले ढुवानी भाडा भुक्तानी रकम रु. ७,७२,५३०।- र रु. ५,३३,४००।- समेत जम्मा रु. १३,०५,९३०।- को थप १३.५% ले हुन आउने रकम रु. १,७६,३००।५५ सम्वन्धित ढुवानीकर्ता फर्म वा व्यक्तिवाट असुल उपर गरी दाखिला गराउन मध्यपश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय सुर्खेतलाई लेखी पठाईएको ।

२. रामेछाप जिल्लाको जनस्वास्थ्य कार्यालयमा औषधि खरिद लगायत विषयमा अनियमितता भयो भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आ.व. ०६२।६३ मा रु.५,००,०००।- विभिन्न कार्यक्रम संचालन गर्न भनी खोप सुपरभाइजर भैरव थापालाई पेश्की दिई कार्यक्रम नै संचालन नगरी सरकारी पेश्की कै रूपमा राखी रहेकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उक्त रु.५,००,०००।- फिर्ता गराइएको र कुनै काम नै नगरी १४ महिनासम्म उक्त रकम व्यक्तिगत रूपमा राखेकोमा नियमानुसार वार्षिक १० प्रतिशतका दरले हुने व्याज रु.६०,०००।- सरकारी कोषमा दाखिला गर्नुपर्नेमा सो नगरेको हुँदा पेश्की दिने कार्यालय प्रमुख विश्वराम श्रेष्ठ र पेश्की लिने खोप

सुपरभाइजर भैरव थापा दुवैबाट रु.३०,०००।- का दरले रु.६०,०००।- सरकारी कोषमा दाखिला गर्न लगाई सोको जानकारी आयोगमा दिने गरी आयोगको मिति २०६६।१।६ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाईएको ।

३. लेप्रोसी प्रोजेक्ट पोखरामा कार्यरत लेखापाल खिमबहादुर गुरुङ्गले आफनो जिम्मा रहेको रु.९,३३,३०७।०६ रकम हिनामिना गरेको मध्ये रु ४,७२,००० कार्यालयलाई तिरेको र रु.४,६१,३०७।०६ बारम्बार ताकेता गर्दापनि नतिरेकोले निजलाई कानूनी कारवाही गरी उक्त रकम असूल उपर गरिपाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन कुष्ठरोग आयोजनाको लेखापाल खिम बहादुर गुरुङ्गले आयोजनाको जम्मा रु ४,६१,३०७।०६ तिर्न बाँकी रहेकोमा जिल्ला प्रशासन कार्यालय कास्कीबाट कारवाही भै तारेखमा रही पटक पटक गरी रु.१,२०,०००।– तिरेको र रु ३,४१,३०७।०६ तिर्न बाँकी अवस्थामा तारेख गुजारी विदेशतिर फरार रहेको । निजले हिनामिना गरेको रकम रु ४,६१,३०७।०६ पोन बहादुर गुरुङ्गले नगदै धरौटी राखेको र निजले आफूले राखेको धरौटीबाट खिमबहादुरले तिर्न बाँकी रकम रु ३,४१,३०७।०६ तिर्न मञ्जुर गरेको देखिएको । पोन बहादुरले सो रकम निजले राखेको नगद धरौटीबाट कट्टा गर्न मञ्जुर भएको अवस्था र प्रतिवादी खिम बहादुर गुरुङ्ग विदेश तिर लागि बेपत्ता भएकोले निजबाट असूल उपर हुन सक्ने अवस्था विद्यमान नदेखिएको । निज आफनो जागिरबाट बर्खास्त भै निज हाल ४३ वर्ष भएको देखिएकोले पुनः सरकारी वा अर्ध सरकारी सेवामा प्रवेश गर्न सक्ने संभावना नदेखिएको । निज पोन बहादुर गुरुङ्गले जिल्ला प्रशासन कार्यालय कास्कीमा राखेको मिति २०६१।९।६को रसिद नं १११३६७ बजेट रकम गो.भौ.नं. ६३७७५ बाट नगद धरौटी रु.४,६१,३०८।–बाट खिम बहादुर गुरुङ्गले तिरेको रु.१,२०,०००।– कटाई रु.३,४१,३०७।०६ पैसा र त्यसमा प्रचलीत कानून वमोजिम लाग्ने व्याज समेत धरौटी रहेको रु.४,६१,३०८।–बाट असुल गरी तत्कालीन कुष्ठ रोग आयोजना हाल इन्टरनेशनल नेपाल फेलोसिप कास्की प्रोग्रामलाई दिलाई बाँकी बढी रकम पोन बहादुर गुरुङ्ग फिर्ता मांग गर्न आएमा निजलाई फिर्ता गरी सो को जानकारी आयोगलाई गराउन आयोगको मिति २०६६।३।१० को निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय कास्कीलाई निर्देशन दिई सोको जानकारी आयोजना र पोन बहादुर गुरुङ्गलाई दिन लेखी पठाईएको ।

(ज) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. जिल्ला विकास समिति दार्चुला अतर्गत विकेन्द्रित पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम (DRILP) मा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा औजार खरिद गर्दा सवैभन्दा कम वोलकवुल गर्ने वुवु सप्लायर्सको बोल रकम रु. ७,७७,२३०।- ले संझौता गर्न नआए पश्चात सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ६ अनुसार लगतै पछिको दोश्रो कम रकम बोलकवुल गर्ने मालिकार्जुन स्टेशनरी एण्ड सप्लायर्सको बोलरकम रु. ७,८०,५३०।- लाई वोलाउनु पर्नेमा सो नगरी Revised estimate समेत गरी सिधै वजार खरिद गर्ने निर्णय गरी ३२ मध्ये १८ वस्तु खरिद गर्दा सरकारलाई रु. २,०१,४९३।- वढी आर्थिक दायित्व पर्न गएको देखिएको । यसरी सार्वजनिक खरीद ऐनको पालना नगर्नु, सामान खरीद गरी विक्रेताको गोदाममा नै राख्नु, सिधै

वजार खरिद गर्न Revised estimate गर्नु र सामानको वढी मोलमा खरिद गर्नु जस्ता अनियमितता गरेको देखिएको हुदाँ आयोगको मिति २०६५।११।१९ को निर्णय अनुसार आयोजनाको जिम्मेवारीको हिसावले अख्तियारी प्राप्त स्था.वि.अ. आयोजना संयोजक दण्डपाणी वरालसँग रु.१,००,०००।- आयोजना प्रमुख, औजार खरीदकर्ता इन्जिनियर लालु गिरीसँग रु. ५०,०००।- र सहलेखापाल (टिप्पणी पेश गर्ने) केशवराज भट्टसँग रु. २६,४९३।- र मु. स्टोरकिपर जयन्ती भट्टसँग रु. २५,०००।- असुल गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाईएको ।

२. जिल्ला विकास समिति हुम्लाले जस्तापाता ढुवानी गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा तत्कालीन द्वन्द्वको अवस्थामा भरियावाट जस्तापाता ढुवानी गराउन नसक्ने हुँदा हेलिकोप्टरवाट ढुवानी गराउने कार्य तर्कसंगत देखिएता पनि सो १२०० थान जस्तापाता ढुवानी गर्नुपूर्व स्थानीय निकाय आर्थिक प्रशासन.नियमावली २०५६ को नियम ४०(१) वमोजिम प्राविधिक लागत अनुमान तयार गरिएको नपाइएको; सो नियमावली वमोजिम रु २ (दुई) लाख भन्दा माथी जतिसुकै भएपनि वोलपत्र वा घटाघटवाट मालसामान ढुवानी गराउनु पर्छ भन्ने प्रावधान पालन नगरेको र यसवाट प्रचलित ऐन नियमको वर्खिलाप कार्य गरी पदको दुरूपयोग गरेको देखिन आएवाट आयोगको मिति २०६५।४।१५ को निर्णय अनुसार ढुवानीकर्ता एयर लाइन्स प्रा.लि.लाई ढुवानी भाडा रु १०,४०,०००।- भुक्तानी गर्दा प्रचलित आयकर ऐन अनुसार १.५% दरले हुने रकम रु.१५,६००।- कट्टा नगरी राजश्व हानी भएको देखिदा उक्त रकम रु. १५,६००।- एयर लाइन्स प्रा.लि.वाट असूल उपर गर्न जिल्ला विकास समिति, हुम्लालाई लेखी पठाईएको।

(झ) संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत

१. वृहत्तर जनकपुर क्षेत्र विकास परिषदमा विभिन्न अनियमितता एवं भ्रष्टाचार भएको भन्ने बिषयको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा प्राप्त भारतीय सहयोग अनुदान रकम परिषदको नियमावलीमा कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुने, कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत र लेखा प्रमुख वा अन्य कर्मचारीको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ भनी उल्लेख भएकोमा सो बमोजिम खाता खोली संचालन गर्नु पर्नेमा भारतीय सहयोगबाट प्राप्त रकम Oversight Committee को निर्णयद्वारा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड जनकपुरमा खाता खोलिएको देखिनाले सो कार्य बृहत्तर जनकपुर क्षेत्र विकास परिषद ऐन, २०५५ को दफा १९ उपदफा (३) अनुसार भएको देखिएन । त्यस्तै बृहत्तर जनकपुरक्षेत्र विकास परिषद नियमावली, २०५८ को नियम १८.२ को उपनियम (१) मा "विदेशी अनुदानको रकमको खाताको हकमा कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत र लेखा प्रमुख वा तोकिएको लेखाको अन्य कर्मचारीको संयुक्त दस्तखतबाट संचालन हुनेछ" भनी किटानी व्यवस्था भएकोमा सो विपरित परिषदका कार्यकारी निर्देशकको अख्तियारी नै नलिई परिषदका कर्मचारी इन्जिनियर देवेन्द्र अधिकारी र लेखापाल उत्तमराज शर्मा ढकाल समेतको नामबाट खाता संचालन हुने गरेको कार्य पनि नियम संगत छ भन्ने अवस्था देखिएन । यस सम्बन्धमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषदको खाता

संचालन गर्दा कानून सम्मत ढङ्गबाट संचालन गराउने व्यवस्था मिलाउन संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयलाई आयोगबाट मिति २०६४।५।२९ मा निर्देशन दिईएको ।

२. वृहत्तर जनकपुर क्षेत्र विकास परिषदको तत्कालीन अध्यक्ष रामचन्द्र झाको कार्यकालमा विभिन्न संघ,संस्थाहरूलाई आर्थिक सहयोग प्रदान गरेको देखियो । परिषद नियमावलीमा आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा अध्यक्षलाई कुनै अधिकार भएको देखिएन । अध्यक्षले यसरी आर्थिक सहयोग दिएको कार्य कानूनसंमत देखिएन । वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका तथा कार्यकारिणी समितिका सदस्यहरूले परिषदबाट पेश्की लिई आफैले अमानतबाट काम गराउने कार्यमा परिषदका तथा कार्यकारिणी समितिका केही सदस्य आफै संलग्न भएको देखियो । साथै बृहत्तर जनकपुर क्षेत्र विकास परिषद नियमावली अनुसार रु. १ लाख सम्मको स्वीकृत लागत इष्टिमेट अनुसारको कार्य कार्यालय प्रमुखले सोझै वा अमानतबाट गराउन सक्ने र सो भन्दा बढी रकमको काम गराउँदा सिलबन्दी दरभाउपत्र तथा बोलपत्रबाट गराउनु पर्ने व्यवस्था रहेकोमा केही कार्यहरू रु. १ लाख भन्दा बढी लागत अनुमान भएका कार्य समेत अमानत बाट गराएको देखियो । त्यस प्रकारबाट भएको खर्चलाई कानूनसम्मत भन्न मिल्ने देखिएन । तत्कालीन ५ को सरकार मन्त्रिपरिषदको मिति २०६०/६/१२ को परिषदका तत्कालीन अध्यक्ष भोजराज घिमिरेको कार्यकालमा भएको निर्णय अनुसार भनी परिषद्का अध्यक्ष रामचन्द्र झाले प्रति महिना मासिक पारिश्रमिक, घरभाडा, गाडी, १ लाईन टेलिफोन र १ जना निजी सचिवको सुविधा प्राप्त गरेको देखियो । तत्कालिन परिषदका अध्यक्षको नियुक्ती गर्दै निजले पाउने पारिश्रमिक, सुविधा समेत तोकिएकोमा रामचन्द्र झा अध्यक्षमा नियुक्त हुँदा त्यस्तो पारिश्रमिक, सुविधा तोकिएको देखिएन । यस सम्बन्धमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद नियमावाली २०५८ को नियम १९ मा परिषदका सदस्यले संचालक परिषदको बैठकमा भाग लिए वापत मात्र बैठक भत्ता, भ्रमण भत्ता, परिवहन र आवास सुविधा पाउने उल्लेख गरेकोले परिषदका अध्यक्षले प्राप्त गरेको प्रति महिना मासिक पारिश्रमिक र सुविधाहरू कानुन सम्मत देखिएन । बृहत्तर जनकपुर क्षेत्र विकास परिषदले आयोजना गरेको "मिथिला महोत्सव २०६३" को आय व्ययहरू लेखाप्रणालीमा नराखेको वा लेखा प्रणाली अनुसार खर्च नगरेको हुँदा आ.ले.प. र म.ले.प. गर्न नसकिएकोले लेखापरीक्षण हुन नसकेको अवस्थामा यसरी महोत्सवहरूमा सङ्कलन हुने रकमहरू हिनामिना र सहि उपयोग भए/नभएको थाहा नहुने हुँदा लेखा प्रणाली अनुसार आय व्ययको अभिलेख राख्नु पर्ने देखिएको हुँदा आयोगको मिति २०६५।५।८ को निर्णय अनुसार अध्यक्ष रामचन्द्र झाले कानून विपरित लिए खाएको पारिश्रमिक र अन्य सुविधाका रकम निजबाट असुल उपर गर्ने तर्फ आवश्यक व्यवस्था गर्न अख्तियार दुरूपयोग अनुसन्धान अयोग ऐन, २०४८ को दफा १२.(क) अनुसार आवश्यक कारवाहीका लागि संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयलाई लेखि पठाईएको ।

(ञ) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत

१. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो वा

आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत सहितको विवरण पेश गर्नुपर्ने दायित्व भएका सार्वजनिक पदधारण गरेको व्यक्ति मध्ये आर्थिक वर्ष २०६४।६५ मा त्यस्तो सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको अनुगमन गरी राष्ट्रिय सतर्कता केन्द्रले उपलब्ध गराएको विवरण मध्ये स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका शा.अ. अनिता निरौला, महालेखा परीक्षकको कार्यालयका लेखापरीक्षण अधिकारी लक्ष्मण लामिछाने, वन अनुसन्धान तथा सर्वेक्षण विभागका मा.र.अ. (रा.प.द्वि.) मृगेन्द्र भुषाल मल्ल, स.अ.अ. (रा.प.तृ) शरद कुमार बराल, स.अ.अ. (रा.प.तृ) अर्जुन बराल, स.अ.अ. (रा.प.तृ) देवेन्द्रलाल कर्ण, स.अ.अ. (रा.प.तृ) राजन रेग्मी, स.अ.अ. (रा.प.तृ) वसन्त शर्मा, स.अ.अ. (रा.प.तृ) विमल कुमार आचार्य, इ.ई.(रा.प.तृ.) धर्मचन्द्र शाक्य, छविकार (रा.प.तृ.) लक्ष्मण कुमार श्रेष्ठ, निर्वाचन आयोगका लेखाअधिकृत हरि प्रसाद जोशी, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं. ३ बाराका इन्जिनियर ललन झा, इन्जिनियर नथुनी प्रसाद गुप्ता, स्थानीय विकास मन्त्रालयका शाखा अधिकृत उर्मिला काफले, यो.अ. तथा प्र.अ. पिताम्बर बजगाई समेतका १६ जना सार्वजनिक पदधारण गरेका व्यक्तिहरूले आ.व. २०६४।६५ मा आफूहरूले सम्पत्ति विवरण पेश नगरेको व्यहोराको स्पष्टीकरण पेश गरेको देखिंदा आयोगको मिति २०६५।१०।२० को निर्णय अनुसार निजहरूलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग, ऐन, २०४८ को दफा ३१क को उपदफा (२) बमोजिम जनही रु.५,०००।- (पाँच हजार) जरिवाना गरी ३० दिन भित्र सम्पत्ति विवरण पेश गर्न लगाई अद्यावधिक गर्न निजामती किताबखानामा पठाउने र उक्त ३० दिनभित्र पनि सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पदधारण गरेका व्यक्तिहरूको हकमा सोही दफा ३१क. को उपदफा (२) बमोजिम निजले आफ्नो वा आफ्नो परिवारको नाममा अवैध सम्पत्ति राखेको अनुमान गरी छानविन अघि बढाउने भनी लेखि पठाएको ।

२. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत सहितको विवरण पेश गर्नुपर्ने दायित्व भएका सार्वजनिक पदधारण गरेको व्यक्ति मध्ये आर्थिक वर्ष २०६४।६५ मा त्यस्तो सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको अनुगमन गरी राष्ट्रिय सतर्कता केन्द्रले उपलब्ध गराएको विवरण मध्ये जिल्ला वन कार्यालय कैलालीका स.व.अ. कृष्णदेव यादव, स.व.अ. गंगाप्रसाद सिंह, स.अ.अ. (रा.प.द्वि.) रामकृष्ण भण्डारी, राष्ट्रिय क्षयरोग केन्द्र ठिमीका रा.प.द्वि. डा.काशीकान्त झा, रा.प.द्वि. डा.पुष्पा मल्ल, रा.प.तृ. डा.सुन्दरश्याम झा, स्थानीय विकास मन्त्रालयका शाखा अधिकृत विजयकुमार कार्की, स्था.वि.अ. भक्तिविलास सुवेदी, स्था.वि.अ. कृष्णप्रसाद अर्याल, यो.अ.तथा प्र.अ. जगदीश्वर सेडाई, यो.अ.तथा प्र.अ. शिशिर पौडेल, यो.अ.तथा प्र.अ. हरिकृष्ण ज्ञवाली, यो.अ.तथा प्र.अ. तुफानसिंह के.सी., यो.अ.तथा प्र.अ. बासुदेव रिजाल, यो.अ.तथा प्र.अ. निरन्जन श्रेष्ठ, यो.अ.तथा प्र.अ. देवबहादुर अधिकारी समेतका १६ जना सार्वजनिक पदधारण गरेका व्यक्तिहरूले आ.व. २०६४।६५ मा आफूहरूले सम्पत्ति विवरण पेश नगरेको देखिंदा आयोगको मिति २०६५।११।६ को निर्णय अनुसार निजहरूका हकमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (२) बमोजिम जनही रु.५,०००।- (पाँच हजार) जरिवाना गरी ३० दिन भित्र सम्पत्ति विवरण पेश गर्न लगाई अद्यावधिक गर्न निजामती किताबखानामा पठाई उक्त

३० दिनभित्र पनि सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पदधारण गरेका व्यक्तिहरूको हकमा सोही दफा ३१क. को उपदफा (२) बमोजिम निजले आफ्नो वा आफ्नो परिवारको नाममा अवैध सम्पत्ति राखेको अनुमान गरी छानविन अघि बढाउने भनी लेखि पठाएको ।

३. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत सहितको विवरण पेश गर्नुपर्ने दायित्व भएका सार्वजनिक पदधारण गरेको व्यक्ति मध्ये आर्थिक वर्ष २०६४।६५ मा त्यस्तो सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको अनुगमन गरी राष्ट्रिय सतर्कता केन्द्रले उपलब्ध गराएको विवरण मध्ये स्वास्थ्य मन्त्रालयका का.मु. सचिव डा. सुधा शर्मा, पूर्वाञ्चल सिचाई निर्देशनालय विराटनगरका इन्जिनियर ध्रुव कुमार न्यौपाने, स्थानीय विकास मन्त्रालयका यो.अ. तथा प्र.अ. नारायण प्रसाद कोइराला र जिल्ला वन कार्यालय कैलालीका स.व.अ. पर्वत चौधरी समेतका ४ जना सार्वजनिक पदधारण गरेका व्यक्तिहरूले आ.व. २०६४।६५ मा आफूहरूले सम्पत्ति विवरण पेश नगरेको देखिंदा आयोगको मिति २०६६।१।३ को निर्णय अनुसार निजहरूका हकमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (२) बमोजिम जनही रु.५,०००।- (पाँच हजार) जरिवाना गरी ३० दिन भित्र सम्पत्ति विवरण पेश गर्न लगाई अद्यावधिक गर्न निजामती किताबखानामा पठाउने । उक्त ३० दिनभित्र पनि सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पदधारण गरेका व्यक्तिहरूको हकमा सोही दफा ३१ (क) को उपदफा (२) बमोजिम निजले आफ्नो वा आफ्नो परिवारको नाममा अवैध सम्पत्ति राखेको अनुमान गरी छानविन अघि बढाउने भनी लेखी पठाएको ।

४. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत सहितको विवरण पेश गर्नुपर्ने दायित्व भएका सार्वजनिक पदधारण गरेको व्यक्ति मध्ये आर्थिक वर्ष २०६४।६५ मा त्यस्तो सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको अनुगमन गरी राष्ट्रिय सतर्कता केन्द्र र प्रहरी किताबखानाले उपलब्ध गराएको सार्वजनिक पद धारण गरेको व्यक्तिहरूको विवरण मध्ये गुठी संस्थानका सह प्रशासक हेमराज सुवेदी र पूर्व प्रशासक सेमन्तराज चापागाई, प्रहरी प्रधान कार्यालय तथा सो अन्तर्गतका प्र.व.उ डा. सुमन शम्शेर जवरा, प्र.व.उ डा. कोमल किरण प्रधान, प्र.व.उ डा.सुरेन्द्र कुमार श्रेष्ठ, प्र.व.उ डा. भक्त बहादुर सिंह, प्र.व.उ डा. कन्हैया बहादुर श्रेष्ठ, का.मु.प्र.व.उ. डा. दिनेश चन्द्र पोखरेल, का.मु.प्र.व.उ. डा. अजित कुमार गुरुङ्ग, प्र.उ. डा. आशा सिंह, प्र.उ. डा. सुमनराजा श्रेष्ठ, प्र.उ. डा. विरचन्द्र गुरुङ्ग, प्र.उ. केशरीराज घिमिरे, प्र.उ. उत्तम बहादुर सिंह, प्र.ना.उ. यज्ञविनोद पोखरेल, प्र.ना.उ. दयानन्द मल्लिक, प्र.ना.उ. जगतमान श्रेष्ठ, प्र.ना.उ. मिरा थापा, प्र.ना.उ. गोपाल मंताछे, प्र.ना.उ. डा. सुन्दर प्रसाद हैजु, प्र.ना.उ. राजु वैद्य, प्र.ना.उ. रामदेवी गुरुङ्ग, प्र.ना.उ. डा. सरदमान ताम्राकार, प्र.ना.उ. डा. पंकज चौधरी, प्र.ना.उ. डा. दिपक श्रेष्ठ, प्र.ना.उ. डा. संजय विक्रम श्रेष्ठ, प्र.ना.उ. राजेन्द्र विष्ट, प्र.नि. रामप्रसाद चापागाई,

प्र.नि. दिनेश कुमार भण्डारी, प्र.नि. मुरलीमोहन अधिकारी, प्र.नि. सुरेन्द्र बहादुर चन्द, प्र.नि. रवि पौडेल, प्र.नि. गोपीवर सिंह थापा, प्र.नि. मिट्ठाराम दाहाल, प्र.नि. डा. संज्ञा मल्ल, प्र.नि. लाल बाबु गिरी, प्र.नि. सुजाता कुमारी गुरुङ्ग, प्र.नि. गंगावती लामा, प्र.नि. डा. मनिसा मास्के शर्मा, प्र.नि. डा. विपिन कुमार श्रेष्ठ, प्र.नि. डा. तृष्णा कक्षपति, प्र.नि. छायादेवी गुरुङ्ग, प्र.नि. गुरु बहादुर थापा, प्र.नि. नवलकिशोर झा, प्र.नि. यादव प्रसाद पाण्डे, प्र.नि. सावित्री जंगम, प्र.नि. दिलकुमारी गुरुङ्ग, प्र.नि. उन्देश्वर तिवारी, सशस्त्र प्रहरी प्रधान कार्यालय र सो अन्तर्गतका स.प्र.उ. दुर्गा प्रसाद भट्टराई, स.प्र.ना.उ. राजु अधिकारी समेतका ५० जना सार्वजनिक पदधारण गरेका व्यक्तिहरूले आ.व. २०६४।६५ मा आफूहरूले सम्पत्ति विवरण पेश नगरेको देखिंदा आयोगको मिति २०६६।१।३० को निणर्य अनुसार निजहरूका हकमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, ऐन, २०४८ को दफा ३१क को उपदफा (२) बमोजिम जनही रु.५,०००।- (पाँच हजार) जरिवाना गरी ३० दिन भित्र सम्पत्ति विवरण पेश गर्न लगाई अद्यावधिक गर्न प्रहरी कितावखाना र भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा पठाउने । सो ३० दिनभित्र पनि सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पदधारण गरेका व्यक्तिहरूको हकमा सोही दफा ३१ (क) को उपदफा (२) बमोजिम निजले आफ्नो वा आफ्नो परिवारको नाममा अवैध सम्पत्ति राखेको अनुमान गरी छानविन अघि बढाउने भनी लेखी पठाइएको ।

(ट) सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत

नेपाल टेलिकम वीरगंजका तत्कालीन कार्यालय प्रमुख श्याम प्रसाद अधिकारी शुक्लाले नियम विपरीत एकैपटक २५ लाइन टेलिफोन प्रतिक्षा सूचीमा नरहेको अवस्थामा पनि साधारण शुल्क मात्रै लिई विभिन्न कंपनीको नाममा जडान गरी कार्यालयलाई नोक्सान पुऱ्याए भन्ने समेतको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा नेपाल टेलिकम वीरगंजबाट ATC Communication Network को नाममा १५ लाईन र ATC Exim Pvt. Ltd. को नाममा १० लाईन टेलिफोन प्रतिक्षा सुची अनुसार साधारण शुल्क प्रतिलाईन रु ८,५००।- लिई २०५७ साल भाद्र महिनाभित्र जडान गरेको देखियो । प्रतिक्षा सूचीमा नरहेको र प्राथमिकताभित्र समेत परेको अवस्थामा नेपाल टेलिकम क्षेत्रीय कार्यालय, वीरगञ्जको मिति २०६१/१२/१० को पत्रबाट नदेखिदा OYT अन्तर्गत प्रतिलाईन रु १८,५००।- राजश्व लिई जडान गर्ने निर्णय गर्नुपर्नेमा सो गरेको पाइएन । यसै क्रममा पछि प्रतिलाइन थप रु ५,०००।- का दरले २५ लाईन टेलिफोनको जम्मा रु १,२५,०००।- सम्बन्धित संस्थाहरुबाट असुल गरेको पनि पाइयो । नेपाल टेलिकम क्षेत्रिय कार्यालय, वीरगञ्जको उपरोक्त मितिको पत्रमा OYT अन्तर्गत राजस्व लिइ उपरोक्त संस्थाहरुको नाममा टेलिफोन लाइन जडान गर्ने निर्णय गर्नुपर्नेमा सो नगरेको र VHF टेलीफोन लाइन जडानका लागि वि.सं. २०५८ देखि लागू रहेको "नेपाल दूर संचार संस्थान र निजी लागानीकर्ताको सहभागितामा VHF/UHF टेलिफोन संचालन सम्बन्धी निर्देशिका, २०५८" बमोजिम VHF Set and Accessories को जम्मा लागत रु १,५३,४५०।- र धरौटी लगायत अन्य नियमानुसारको शुल्क समेत जम्मा रु १,७७,४५०।- राजस्व लिनु पर्नेमा रु.५०,०००।- मात्र राजस्व लिएको देखिएको हुँदा नेपाल टेलिकमलाई पुग्न गएको नोक्सानी २५ लाइन टेलीफोन जडान गरे वापत थप लिनुपर्ने रु १,२५,०००।- र VHF टेलिफोन लाइन जडान गरिदिए वापत थप लिनुपर्ने

रु १,२७,४५०।- गरी जम्मा रु.२,५२,४५०।- नेपाल टेलिकम, वीरगंजका तत्कालीन कार्यालय प्रमुख श्याम प्रसाद अधिकारी शुक्लाबाट असुल उपर गर्न आयोगको मिति २०६५।५।३१ को निर्णयानुसार नेपाल दूर संचार कम्पनी लिमिटेड केन्द्रीय कार्यालयलाई लेखी पठाइएको ।

(ठ) शिक्षा मन्त्रालय अन्तर्गत

१. जिल्ला शिक्षा कार्यालय, रुकुमका तत्कालीन नि.जि.शि.अ.महेन्द्र कुमार वोहोराले दरवन्दी भन्दा वढी शिक्षक नियुक्ति गरी सरकारी राजस्वमा हिनामिना गरेको तथा अंग्रेजी, गणित र विज्ञान विषयमा एक तह माथि मात्र शिक्षकहरूको अध्ययन विदा स्वीकृत गर्नु पर्नेमा उक्त विषयहरू बाहेक अरु विषयमा दुई तह माथि अध्ययन गर्न वालमन्दिर प्रा.वि.मुसिकोट, रुकुममा कार्यरत शिक्षिका माया ज्ञवालीको अध्ययन विदा स्वीकृत गरेको भनी आयोगमा परेको उजुरीका सम्बन्धमा दरवन्दी भन्दा बढी शिक्षक नियुक्ति गरी निजहरूको तलव भत्ता निकासा गरिएको तलव भत्ता नियुक्ती गर्ने पदाधिकारीबाट असुलउपर गर्ने भनी आ.व. २०५८।५९ र ०६१।६२ को म.ले.प. को प्रतिवेदनले वेरुजु देखाएको र शिक्षा नियमावली, २०५९ को नियम १७९ मा मन्त्रालयबाट स्वीकृत दरवन्दी भन्दा वढी शिक्षक नियुक्त गर्ने, त्यस्ता शिक्षकलाई तलव भत्ता निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारवाही गरी वढी निकासा भएको रकम सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिनेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । कुन जिल्ला शिक्षा अधिकारी कार्यरत भएको समयमा के कति जना वढी शिक्षक नियुक्ति गरिएको हो र कस कसको पालामा कति जना वढी शिक्षक नियुक्त भएका हुन सो यकिन गरी त्यसरी दरवन्दी भन्दा वढी शिक्षक नियुक्ति गर्ने पदाधिकारी एवं दरवन्दी भन्दा वढी नियुक्त शिक्षकलाई तलव भत्ता निकासा दिने पदाधिकारी उपर कानून बमोजिम कारवाही गरी उक्त रकम नियमानुसार असुलउपर गर्न आयोगको मिति २०६५।४।२० को निर्णय अनुसार शिक्षा तथा खेलकुद मन्त्रालयलमा लेखी पठाईएको ।

२. बाँके जिल्ला मैटहवास्थित जनता निम्न माध्यमिक विद्यालयमा कार्यरत शिक्षक बद्रीविशाल थारुको प्रमाणपत्रको आधारमा मिति २०५७ सालमा अवकाश हुनु पर्नेमा २०५९ सालसम्म तलवभत्ता खुवाएको, सोही जिल्लास्थित नि.मा.वि. वनकट्टीमा कार्यरत शिक्षक अम्विका प्रसाद वर्मा गैर नेपाली नागरिक भएर पनि कार्यरत भैरहेको, सोही विद्यालयका शिक्षक उमेशकुमार तिवारी र रमेशप्रसाद श्रीवास्तवको शैक्षिक योग्यता नक्कली भएकोले छानविन गरी पाउं भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जनता निम्न माध्यमिक विद्यालय मैटहवा, बाँकेका शिक्षक बद्री विशाल थारुलाई उमेरको हदका कारण मिति २०५७।३।२४ देखि अवकाश दिनु पर्नेमा मिति २०६०।२।१८ को निर्णयानुसार २०५७।३।२४ देखि लागू हुने गरी अनिवार्य अवकाश दिइएको भन्ने जिल्ला शिक्षा कार्यालय, बाँकेको मिति २०६२।४।३२ को पत्रमा उल्लेख भए अनुसार निजले २ वर्ष १० महिना २० दिन वढी सेवा गरी तलव खाएको भन्ने देखियो । उक्त अवधिको निजको तलव भत्ता सम्बन्धमा निर्देशनको लागि जिल्ला शिक्षा कार्यालय, बाँकेले क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेतमा पत्राचार गरेको भन्ने जिल्ला शिक्षा कार्यालय, बाँकेको उल्लिखित पत्रबाट देखिन आएको तर सो सम्वन्धमा उक्त निर्देशनालयबाट कुनै निर्देशन दिए नदिएको वा के कस्तो निर्देशन दिएको छ भन्ने फाइल संलग्न

कागजातहरूबाट नदेखिएको हुँदा निज शिक्षकले उमेरको हदबाट मिति २०५७।३।२४ मा अवकाश हुँदा पाउने निवृत्तिभरण रकमको हिसावले हुने २ बर्ष १० महिना २० दिनको रकम भन्दा निजले उक्त अवधिमा सेवा गरी प्राप्त गरेको तलव भत्ताको रकम जे जति बढी हुन्छ सो रकम निज शिक्षकले प्राप्त गर्ने अन्य कुनैपनि सुविधा बापतको रकमबाट असूल उपर गर्न आयोगको मिति २०६५।९।२१ को निर्णय अनुसार क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेतमा लेखी पठाईएको ।

३. वीरेन्द्र सार्वजनिक माध्यमिक विद्यालय, अमरदह, मोरङ का निमित्त प्र.अ. योगेन्द्रबहादुर कार्की र सोहि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार रायमाझी समेतले वीरेन्द्र सार्वजनिक माध्यमिक विद्यालय अमरदह मोरङमा विद्यालय भवन निर्माण गर्दा तत्कालीन प्र.अ. श्यामलाल शर्माले निर्माण कार्य पूरा नगरेको र सम्पूर्ण रकम खर्च गरी भ्रष्टाचार गरेकोले कारवाही गरी पाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज श्यामलाल शर्मा लगायत तत्कालीन विद्यालय भवन निर्माण समितिका अध्यक्ष महेश्वरप्रसाद राजवंशी समेतले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (घ) बमोजिम अनुचित कार्य गरी रकम हिनामिना समेत गरेको देखिन आएकोले र निजहरू हाल राष्ट्र सेवकको हैसियतमा समेत नरहेको अवस्था भएकोले तत्कालीन प्र.अ. श्यामलाल शर्मालाई निजको सक्रियतामा भवन निर्माण कार्य गर्दा भए गरेका कामहरूको सम्वन्धमा विद्यालय भवन निर्माणको लागि प्राप्त वजेट एवं जन श्रमदान समेत गरी रु. १०,८८,१२०।- मध्येबाट विद्यालय भवन निर्माणको लागि तयार गरिएको नक्सा बमोजिमको भवन निर्माणको लागि रु. ९,२१,९९९।३० इस्टमेट गरी निर्माण कार्य सुरु गरिएकोमा सो इस्टमेट रकम भन्दा वढी खर्च गरी इस्टमेट अनुसारको रकम र नक्सा बमोजिमको भवन निर्माण सम्पन्न नगरी विद्यालय भवन हालसम्म पनि निर्माण सम्पन्न हुन बाँकी रहेको अवस्थामा प्रकृया नपुर्याइ वढी खर्च गरी रु. १,१५,५९४।६९ हिनामिना गरेकोमा नेपाल सरकारलाई हानी नोक्सानी पुग्न गएको कार्य प्रचलित कानून विपरीत हुन सक्ने अवस्थालाई विचार नपुऱ्याई आफ्नो पदको प्रकृति अनुसार गर्नुपर्ने कर्तव्य पूरा नगरी स्वेच्छाचारी ढंगबाट गरिएको वढी खर्च रकम रु. १,१५,५९४।६९ निजबाट असुलउपर गर्न र तत्कालीन विद्यालय भवन निर्माण समिति अध्यक्ष महेश्वर प्रसाद राजवंशीको हकमा निजले विद्यालय भवन निर्माण सामाग्री खरिद गर्नका लागि भनी लिएको पेश्की रकम रु. ४५,०००।- फछ्यौंट हुन बाँकी रहेको भनी उक्त विद्यालयको लेखापरीक्षण प्रतिवेदन समेतबाट बेरुजू देखाएको र हाल सम्म पनि सो रकम फछ्यौंट हुन बाँकी नै रहेको भनी उक्त विद्यालय समेतको पत्रबाट खुल्न आएकोले निजले विद्यालय भवन निर्माण समितिको जिम्मेवारीपूर्ण अध्यक्ष पदमा रहेर स्वयंबाट भवन निर्माण सामग्री खरिद प्रयोजनार्थ पेश्की रकम लिई वद्नियतपूर्वक फछ्यौंट नगरी स्वेच्छाचारी ढंगबाट रकम हिनामिना गरेको कार्य अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (घ) द्वारा परिभाषित अनुचित कार्य गरेको देखिँदा उक्त वेरुजू फछ्यौंट हुन बाँकी भनी देखिन आएको रकम निजबाट प्रचलित कानून अनुसार सरकारी रकम वेरुजू सरह असुलउपर गर्न आयोगको मिति २०६५।९।२७ को निर्णय अनुसार शिक्षा मन्त्रालयमा लेखी पठाईएको ।

४. त्रि-चन्द्र क्याम्पस, काठमाडौका स्व.वि.यु. सभापति, लेखा प्रमुख र क्याम्पस प्रमुखको मिलेमतोमा विद्यार्थी संग प्रत्यक्ष रूपमा सरोकार राख्ने स्व.वि.यू. कोष, बिद्यार्थी कल्याण कोष र खेलकुद कोषहरूको रकम अपारदर्शी रूपमा खर्च गरी हिनामिना गरेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौले स्व.वि.यू. कोष र बिद्यार्थी कल्याण कोषबाट आम्दानीभन्दा बढी खर्च गरेको देखियो । उक्त कोषहरूबाट आम्दानीभन्दा बढी खर्च गर्ने प्रवृत्ति बिगत आ.ब.हरूमा समेत रहेको देखिएको हुँदा उक्त कोषहरूबाट के कुन आ.ब.मा उक्त क्याम्पसका के कुन पदाधिकारीको कार्यकालमा के कति रकम बढी खर्च भएको हो यकिन गरी उपरोक्तानुसार बढी खर्च भएको रकम तत् तत् पदाधिकारीहरूबाट असूल उपर गर्न आयोगको मिति २०६५।११।१९ को निर्णय अनुसार त्रि.वि.रजिष्ट्रारको कार्यालयलाई लेखी पठाईएको ।

५. शारदा प्रा.वि., ढोरफिर्दि तनहुँका भू.पु. शिक्षक रामप्रसाद भट्टराईले उक्त विद्यालयमा पठनपाठन गरेको केही अवधिको तलव भत्ता निज शिक्षकलाई भुक्तानी नदिई एवम् क.सं. कोष कट्टी रकम संचयकोष खातामा दाखिला नगरी उक्त विद्यालयका प्रधानाध्यापक निर्मल पौडेलले मासी खाएको एवम् कीर्ते भरपाई गरी अडिट समेत गराएको हुँदा निज प्र.अ. उपर कारवाही गरिपाउँ भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा शारदा प्रा.वि. ढोरफिर्दी तनहुँका भूतपूर्व शिक्षक रामप्रसाद भट्टराइको २०५८ श्रावण र भाद्र महिनाको तलव वापतको रकम विद्यालयले निकासा प्राप्त गरी खर्च समेत लेखेको तर निज शिक्षक रामप्रसाद भट्टराईलाई भुक्तानी नदिनुका साथै उक्त अवधिको निजको क.सं. कोष वापत कट्टा भएको रकमसमेत तत्काल सञ्चयकोष खातामा दाखिला नगरी ५ वर्ष भन्दा बढी अवधि व्यतित भै सकेपछि मिति २०६३।११।९ मा मात्र क.सं. कोषको खातामा दाखिला गरेको भन्ने देखियो । यसबाट उक्त विद्यालयका प्र.अ.निर्मल पौडेलले आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने पदीय कर्तव्य पालना नगरेको देखिएको हुँदा निज उपर आवश्यक विभागिय कारवाही गर्न एवम् शिक्षक राम प्रसाद भट्टराइले पाउन बाँकी देखिएको २०५८ श्रावण र भाद्र महिनाको तलव भत्ता बापतको रकम प्र.अ. निर्मल पौडेलबाट दिलाई भराई दिन जिल्ला शिक्षा कार्यालय तनहुँका जिल्ला शिक्षा अधिकारीलाई लेखि पठाई तनहुँका प्रमुख जिल्ला अधिकारीलाई आयोगको मिति २०६६।१।२९ को निणर्य अनुसार जानकारी दिईएको ।

६. जिल्ला शिक्षा कार्यालय अछामका जि.शि.अ. र लेखापालले आ.व. ०६१।०६२ मा 'सवैको लागि शिक्षा' कार्यक्रम संचालन गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रमको लागि भौतिक एवं शैक्षिक सामग्री खरीदको लागि जिल्ला शिक्षा कार्यालयले 'सामुदायिक अध्ययन व्यवस्थापन समिति' लाई रकम उपलब्ध गराइ समिति मार्फत नै शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने भनी अनौपचारिक शिक्षा निर्देशिकामा उल्लेख भएकोमा सो कार्यान्वयन नगरी कार्यालयबाट नै शैक्षिक सामग्री उपलब्ध गराउन ख. तेज वहादुर विष्ट र प्रा.स. चक्र वहादुर कुवरलाई सामग्री खरीद गर्न पेश्की दिएको र निजहरूले शैक्षिक सामग्री खरीद गरी ख. तेज वहादुर विष्टले रु. ५,६६,०००।- र प्रा.स. चक्र वहादुर कुवरले रु. ७,५३,२००।- को विल भर्पाइ पेश गरी पे.फ. तथा भुक्तानी लिएकोमा मिश्र ब्रदर्स धनगढीबाट दुवै खरीदकर्ताले खरीद गरेको एउटै प्रकृतिका सामानका मुल्य फरक फरक देखिन गएको । दुवैले पेश

गरेको विल तुलना गर्दा प्रा.स. चक्र वहादुर कुवरको विलमा वढी रकम देखिन गएको रु. ७८,७१९।४७ महालेखा परीक्षकको कार्यालयले समेत असुलउपर गर्ने गरी वेरुजूमा देखाएको तर उक्त रकम हालसम्म पनि निजबाट असुल उपर भै नसकेको देखिंदा आयोगको मिति २०६६।३।३१ को निर्णय अनुसार उक्त रकम तुरुन्त निजबाट असुल उपर गर्न जिल्ला शिक्षा कार्यालय अछामलाई लेखि पठाईएको ।

(ड) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

ग.१ज. २९००, ग.१च. १५१० र ग.१ज. १४७२ नम्बरको सवारी साधन नियम विपरीत दर्ता भई चालु रहेकाले आवश्यक कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा ग.१ज. २९०० नं. को सवारी सम्बन्धमा अनुसन्धानको क्रममा संकलित कागजात तथा आयोग समक्ष सम्बन्धित व्यक्तिहरूले गरेको वयान कागजात समेतलाई अध्ययन गर्दा तत्कालीन सवारी धनी राजेशकुमार श्रेष्ठले पाल्पा जिल्लाको आर्यभंज्याङ्ग भन्ने ठाउँमा मिति २०६१।१।२८ गते आगजनी र तोडफोड भएको सवारी साधनलाई मर्मत गर्ने क्रममा प्रक्रिया नपुऱ्याई इन्जिन र च्यासिस नम्बर रीपञ्च गराएको देखिन आए पनि आगलागीको कारणबाट इन्जिन र च्यासिस नम्बर विग्रिएको देखिन आएकाले भन्सार छली ल्याएको इन्जिन वा नयाँ गाडीमा पुरानो नंबर पञ्च भएको अवस्था देखिएन । यातायात व्यवस्था कार्यालय पोखराका कर्मचारीहरूले आफ्नो कार्यालयमा आएको सवारी साधनहरूको सत्यतथ्य नबुझी, सवारी साधन राम्ररी चेक जाँच नगरी सवारी धनीले भनेकै आधारमा नामसारी गरेको पाईयो । प्रस्तुत तथ्य र विश्लेषणहरूबाट अञ्चल यातायात व्यवस्था कार्यालय पोखराका तत्कालीन शाखा अधिकृत बिमलप्रसाद प्याकुरेल, मे.सु. गोपीचन्द्र बोहरा, ना.सु. ठाकुर प्रसाद तिवारी समेतको यस कार्यमा लापरवाहीजन्य संलग्नता देखिन आयो । अञ्चल यातायात व्यवस्था कार्यालय पोखराका तत्कालीन उल्लिखित कर्मचारीहरूबाट नामसारी गर्ने क्रममा विभागीय निर्देशन समेत पालना भएको देखिएन । निजहरूले चेकजाँच गरेको दावी गरेको भएतापनि राजेश कुमार श्रेष्ठको नामबाट मुक्तीनारायण श्रेष्ठको नाममा नामसारी हुँदाका बखत रीपञ्च गरेको सवारी साधन प्रकृया नपुऱ्याई नामसारी गरिएको देखिन आयो । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ मा "हेरफेर गर्दा स्वीकृती नलिई हेरफेर गर्न नहुने" भन्ने व्यवस्था भएको र सोही दफाको ३९(१) मा "सवारी धनिले अधिकारप्राप्त अधिकारीको स्वीकृत नलिई सवारीको रङ्ग, सिट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुने गरी सवारीमा हेरफेर गर्नु हुँदैन । तर यस उपदफाले सवारीमा समान्य पार्टपुर्जा परिवर्तन गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन " भन्ने स्पष्ट उल्लेख भएको, यातायात कार्यविधि निर्देशिका २०६० परिच्छेद-३ को ११.५ (७,८,९) र ११.१९ (७) मा समेत यस सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको भएपनि यातायात व्यवस्था कार्यालय पोखराका तत्कालीन कर्मचारीहरू र तत्कालीन सवारी धनी समेतले उल्लेखित प्रक्रियाहरूको अवलम्बन गरेको देखिएन । निज राजेशकुमार श्रेष्ठले आफ्नो नामबाट मुक्तीनारायण श्रेष्ठको नाममा नामसारी गर्दाका बखत इन्जिन र च्यासिसको नम्बर रीपञ्च गरेको सवारी साधन प्रक्रिया नपुऱ्याई अञ्चल यातायात व्यवस्था कार्यालय पोखराका तत्कालिन कर्मचारीहरू समेतको मिलेमतोबाट नामसारी गरेको देखिएको, यसरी अधिकारप्राप्त अधिकारीको स्वीकृती नलिई सवारीको इन्जिन र चेसिसमा परिवर्तन गरेको हुनाले सवारीतथा यातायात व्यवस्था ऐन, २०४९ दफा ३९ (१) अनुसारको कसूर गरेको पुष्टि हुनआएको हुँदा आयोगको मिति २०६५।०७।०३ को निर्णय अनुसार निज विरुद्ध यातायात कार्यविधि निर्देशिका

२०६० को परिच्छेद - ३ दफा ११.१९ को ७ बमोजिम असुल गर्नु पर्ने रकम निज राजेश कुमार श्रेष्ठसंग असुलउपर गर्न र सो रकम असूल भए पछि हालका सवारी धनी बलराम अधिकारीलाई उक्त सवारी साधन फिर्ता गर्न अञ्चल यातायात व्यवस्था कार्यालय पोखरालाई लेखी पठाईएको ।

परिच्छेद - ९
ध्यानाकर्षण

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी नोक्सानी पुऱ्याएकोमा सम्बन्धित व्यक्तिबाट त्यस्तो हानी नोक्सानी भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८, १२ क मा कानूनी व्यवस्था भए अनुरूप आ.व.२०६५/२०६६ मा देहायका निकायहरू र त्यहाँ कार्यरत पदाधिकारीहरूबाट जानाजान वा भूल वश भएका काम कारवाहीहरू उपर देहाय वमोजिम ध्यानाकर्षण गराइएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

कृषि विकास बैंक लिमिटेडद्वारा आ.व. ०६४।०६५ मा विज्ञापन गरिएका खुला प्रतिस्पर्धात्मक परीक्षाका शाखा अधिकृत, कानून अधिकृत र सहायक स्तरका विभिन्न पदहरूको लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा व्यापक अनियमितता भएको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा अब देखि बैंकमा रिक्त हुने पदहरू पूर्ति गर्दा अपनाउनुपर्ने परीक्षाको प्रणाली, विज्ञहरूको व्यवस्था, उत्तरपुस्तिका परीक्षणको विधि र मापदण्ड जस्ता कुराहरूको विषयमा लोक सेवा आयोगसँग आवश्यक परामर्श गरी छुट्टै पदपूर्ति सम्बन्धी कार्यविधि र निर्देशिका बनाई लागू गर्न कृषि विकास बैंक लि. पदपूर्ति समिति र व्यवस्थापनलाई निर्देशन दिने, विज्ञहरूको छनौट सम्बन्धमा यस आयोगको मिति २०५८।१।७ को बैठकबाट बैंकका कर्मचारी सहित अन्य बाहिरका संस्थाका सम्बन्धित विषयका विशेषज्ञहरूलाई समेत उत्तरपुस्तिका परीक्षण कार्यमा सहभागी गराउने भनी निर्णय भई तहाँ बैंकलाई लेखी पठाइएकोमा हालसम्म त्यस्को कार्यान्वयन नभै बैंकभित्रकै विशेषज्ञहरूबाट मात्र उत्तरपुस्तिका जाँच गराइएको भन्ने देखिन आएकोले आयोगको मिति २०६५।७।३ को निर्णय अनुसार अब आइन्दा आयोगको निर्णय कार्यान्वयनमा सिथिलता आउन नपाउने गरी विज्ञहरू सम्बन्धी स्पष्ट व्यवस्था गर्न गराउन बैंक पदपूर्ति समितिका अध्यक्ष तथा बैंकका महाप्रबन्धकलाई गम्भीररूपमा ध्यानाकर्षण गराउन लेखी पठाईएको ।

(ख) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ८ (ख) कि.नं. ५७९ को क्षेत्रफल ०-७-० को जग्गा तत्कालीन श्री ५ को सरकार (नेपाल सरकार) को अधिनस्थ कायम भै सार्वजनिक पाटी भएको जग्गा, जग्गाधनी भवानी शंकर गुठी र मोही कृष्ण प्रसाद सुवालको नाममा नामसारी गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा उपरोक्त जग्गा गुठी संस्थान, शाखा कार्यालय, भक्तपुरको मिति २०६५।५।९ को निर्णयले जग्गाधनी भवानी शंकर गुठी र मोहीमा सार्वजनिक पाटी कायम गरी निर्णय सच्याई सकेको भए तापनि सार्वजनिक पाटि भएको कुरामा ध्यान नपुऱ्याई नामसारी गर्ने निर्णय गरेको हुँदा कार्यालय प्रमुख जयप्रसाद रेग्मीलाई आईन्दा गुठी जग्गा दर्ता वा नामसारी गर्दा उच्च

सतर्कता अपनाई गर्न ध्यानाकर्षण गराउन गुठी संस्थान, शाखा कार्यालय, भक्तपुरलाई र गुठी संस्थान, शाखा कार्यालय भक्तपुरको निर्णय अनुसार गरी मालपोत कार्यालयको मोठ श्रेस्ता नभिडाई सार्वजनिक पाटि भएको कुरामा ध्यान नपुऱ्याई निर्णय गर्ने मालपोत कार्यालय, भक्तपुरका प्रमुख मालपोत अधिकृत गोविन्द प्रसाद सापकोटालाई आइन्दा गुठी संस्थानबाट जग्गा दर्ता वा नामसारी गर्ने निर्णय भै आउंदा सरकारी जग्गा हो होईन भन्ने बिषयमा उच्च सतर्कता अपनाई काम गर्न आयोगको मिति २०६५।०७।२५ को निर्णय अनुसार ध्यानाकर्षण गराउन मालपोत कार्यालय, भक्तपुरमा लेखी पठाईएको ।

२. मालपोत कार्यालय कलंकी काठमाडौंबाट का.जि. स्युचाटार वडा नं. १ कि.नं. २३ क्षे.फ. २-४-०-० को जग्गाको घरबाटोको सिफारिस र मालपोत तिरेको रसिद समेतको कागजात वेगर नै रजिष्ट्रेशनको लिखत पारित गरी प्रचलित ऐन नियमले पुऱ्याउनु पर्ने प्रकृया र प्रमाण कागजातहरू हेरी जाची रुजु गरी लिखत पारित गर्नु पर्ने दायित्व भएका कर्मचारीहरूले पदीय कर्तव्य पालना नगरेको सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय, कलंकीको मिति २०६४।१।१७ र.नं. २१६७ ले का.जि. स्युचाटार, वडा नं. १ कि.नं. २३ क्षे.फ. २-४-०-० जग्गा मंगलादेवी डंगोलबाट किर्तनाथ पौडेललाई रजिष्ट्रेशन लिखत पारित गरिदिंदा लिखत साथ अनिवार्य रूपमा संलग्न हुनुपर्ने स्थानीय निकायको घर वाटो छ छैन भन्ने सिफारिस र मालपोत तिरेको रसिद हेरी सो को आधारमा राजस्व निर्धारण गरी लिखत पारित गर्नु पर्नेमा उपरोक्त दुवै कागजात नराखी लिखत पास गरिएको र यस सम्बन्धमा हाल उक्त कार्यालयले घरबाटो लगायतका विषयमा बुझ्दा सरकारी राजस्व छलेको नपाइएको र जग्गाको तिरो समेत तिरिसकेको पाइयो । उजुरी परेपछि हाल आएर जग्गाको तिरो तिरेको देखिए पनि कानूनत: अनिवार्य रूपमा पुऱ्याउनु पर्ने प्रकृया नै पूरा नगरी लिखत पारित गरेको पाइएकाले आयोगको मिति २०६५।५।८ को निर्णय अनुसार भविष्यमा यसप्रकारको गम्भीर त्रुटि नदोहोऱ्याउन ध्यानाकर्षण गराउन भुमिसुधार तथा व्यवस्था मंत्रालयमा लेखी पठाईएको ।

३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तरगतका कार्यालयहरूका काम कारवाही सरल, सहज, व्यवस्थित र प्रभावकारी गर्न गराउन आयोगको मिति २०६५।५।४ को निर्णयानुसार दिइएको निर्देशन कार्यान्वयनको अवस्था र कार्यालय व्यवस्थापन लगायतका विषयमा अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश गर्न खटाइएकोमा खटाइएको टोलीले काठमाडौं उपत्यकाका मालपोत कार्यालयहरू, नापी कार्यालयहरू र ६ नं. नापी गोश्वाराको अनुगमन निरीक्षण गरी पेश गरेको प्रतिवेदन उपर छलफल हुँदा आयोगको मिति २०६५।९।११ को निर्णय अनुसार मालपोत कार्यालय डिल्लीबजार, मालपोत कार्यालय चावहिल, मालपोत कार्यालय कलंकी, नापी कार्यालय डिल्लीबजार, नापी कार्यालय चावहिल, नापी कार्यालय कलंकी, नापी कार्यालय भक्तपुर र ६ नं. नापी गोश्वारा कार्यालय काठमाडौंलाई कार्यालयका महत्वपूर्ण र सम्वेदनशील कागजात समेतमा अनधिकृत व्यक्तिहरूको पहुँच नियन्त्रण गर्न प्रभावकारी उपाय अवलम्वन गरेको नपाइएको, आयोगको निर्देशन पूर्ण रूपमा पालना नगरेको र महत्वपूर्ण सरकारी कागजातको सुरक्षाको प्रभावकारी व्यवस्था समेत नगरेको सम्बन्धमा मालपोत कार्यालय चावहिल, मालपोत कार्यालय कलंकी, नापी कार्यालय चावहिल र नापी कार्यालय कलंकी समेतका कार्यालय प्रमुखहरूले सुधारको प्रक्रिया शुरु गरिसकेको भन्ने उल्लेख

गरेको भए तापनि यस अघि आयोगबाट भएका निर्देशनहरू तत्कालै कार्यान्वयन गरेको नदेखिएको हुँदा आयोगको मिति २०६५।१०।५ को निर्णय अनुसार एक पटकलाई उक्त कार्यालयका प्रमुखहरूलाई ध्यानाकर्षण गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाईएको ।

४. काठमाडौं महानगरपालिका वार्ड नं. ५ स्थित धोबीखोलामा परेको कित्ता नं. ११९ को जग्गा कित्ताकाट गरी कित्ता नं. ५२४ र५२५ बनाई कित्ता नं. ५२४ व्यक्तिको नाममा मिति २०६२।२।२२ मा मालपोत कार्यालय डिल्लीबजारबाट हाल साबिक गर्ने निर्णय गरेको सम्बन्धमा अनुसन्धान हुँदा धोबिखोलामा परेको उक्त जग्गा व्यक्तिको नाममा हाल साबिक गर्ने कार्यमा सहभागि देखिएका कर्मचारीहरू उपसचिव टिकाराम घिमिरे, शाखा अधिकृत केदार कुमार सिलवाल, नासु अनन्त हुमागाईं, खरिदार विमल ढकाल, सर्भेक्षक पशुपतिनाथ भट्टराई, सर्भेक्षक कृष्णराज न्यौपाने, नापी निरिक्षक हवेन्द्रप्रसाद देव, नापी निरिक्षक राजुप्रसाद उप्रेती, नापी निरिक्षक केशव थापा समेतलाई अव उप्रान्त यस्तो कार्यमा गम्भिरता अपनाउन आयोगको मिति २०६६।१।१० को निणर्य अनुसार ध्यानाकर्षण गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाईएको ।

५. मालपोत कार्यालय, पर्सा, वीरगन्जको कर्मचारीहरूको मिलेमतोबाट र.नं. ३०३९, मिति २०६४।१२।२२, र.नं. ५१ मिति २०६४।४।१० को लिखत पारित गर्दा र वीरगन्ज उप महानगरपालिका वडा नं. ८ को कि.नं. १२७ को मि.नं. ९९० बाट मिति २०६४।१२।१४ मा विटौरी जग्गा दर्ता गर्दा राजश्व कम असुल गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा मालपोत कार्यालय, पर्साबाट असुल गर्नु पर्ने राजश्व कम असूल गरेकोमा छुट राजश्व असूल भैसकेको पाइएको र कार्यालय प्रमुखले कार्यालयबाट असुल गर्नु पर्ने राजश्व असूल भएको छ छैन भनी ध्यान पुऱ्याउनु पर्नेमा सो नपुऱ्याएकोले प्रमुख मालपोत अधिकृत हरिराज पन्तलाई आईन्दा यस्ता विषयमा उच्च सतर्कता अपनाई काम गर्न आयोगको मिति २०६६।१।२८ को निणर्य अनुसार ध्यानाकर्षण गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाईएको ।

(ग) स्थानीय विकास मन्त्रालय अन्तर्गत

जिल्ला विकास समितिको कार्यालय भक्तपुरमा कार्यरत लेखा अधिकृत वासुदेव घिमिरेले आफ्नो अधिकार र पदको दुरूपयोग गरी जि.वि.स.को कोषबाट लाखौंको भ्रष्टाचार गरिरहेको, कार्यालयको लागि Assembled Computer खरीद गरी Branded Computer को बिल पेश गरी सामान खरिद गरी सोही अनुसार भुक्तानी दिएकोले निजबाट भएको उक्त अनियमित कार्यको छानबिन गरी कारबाही गरी पाँऊ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मिति २०६३।११।४ मा खरिद आदेश बनाई खरिद गरिएको ल्यापटप कम्प्युटर Compaque र मिति २०६३।११।६ मा खरिद आदेश बनाई खरिद गरिएको प्रोजेक्टर Epson बजेट शीर्षक आ.व. ०६३।६४ को जि.वि.स.को कोषतर्फ प्रस्तावित कार्यक्रम तथा बजेट संशोधनको (ङ) संस्थागत विकास, स्रोत परिचालन र सुशासन अन्तरगतको १(क) जिल्ला सूचना तथा अभिलेख केन्द्र सुदृढीकरण तथा व्यवस्थापन शीर्षकबाट र (१०) को DLGSP सँगको साझेदारीमा जि.वि.स.को क्षमता अभिवृद्धि कार्यक्रम शीर्षकबाट रहेको यद्यपि बजेट उपशीर्षक एउटै रहेको स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६

को नियम ५८ (क) मा देखिन्छ । एक आर्थिक वर्षमा कुनै एक बजेट उपशीर्षकमा विनियोजन भएको एकलाख रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा सार्वजनिक निर्माण कार्य गराउँदा वा बौद्धिक वा पेशागत परामर्श सेवा लिदाँ खरिद योजना बनाई त्यस्तो कार्य गर्नुपर्नेछ भनी उल्लेख भएकोमा अद्यावधिक योजना नबनाई एउटै बजेट उपशीर्षकबाट छुट्टाछुट्टै दुई दिनको अन्तरालमा सोझै बजारबाट टुक्रा गरी सामान खरिद गरेको देखिएको र दरभाउपत्र छल्ने उद्देश्यले खरिद योजना बनाइएको देखिन्छ । अतः दुई दिनको अन्तरालमा एउटै बजेट उपशीर्षकबाट यसरी टुक्राटुक्रा गरी खरिद गरेको देखिएकोले उक्त कार्यमा संलग्न स्थानीय विकास अधिकारी तथा लेखा अधिकृत वासुदेव घिमिरेलाई आयोगको मिति २०६६।१।१५ को निणर्य अनुसार ध्यानाकर्षण गराउन स्थानीय विकास मन्त्रालयलाई लेखी पठाईएको ।

(घ) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हाताभित्र घांस काट्ने ठेक्कामा अनियमितता गरेको भन्ने समेत व्यहोराको घटना र विचार राष्ट्रिय साप्ताहिक पत्रिकामा प्रकाशित उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा मिति २०६०।६।१४मा प्रकाशित सूचना बमोजिमको ठेक्कामा २ पटक देखि ४ पटक सम्म घाँस कटान गर्ने गरी लागत अनुमान स्वीकृत गरी गराई ठेकेदार एक्टिभ मोर्डन कन्स्ट्रक्सन प्रा.लि.का संचालक राम प्रसाद प्याकुरेलबाट कार्य सम्पन्न भएकोमा मिति २०६२।१०।१५मा प्रकाशित सूचना बमोजिमको ठेक्कामा १ देखि १२ पटक सम्म घाँस कटान गर्ने लागत अनुमान स्वीकृत गरी गराई एक्टिभ/देविथान/राम प्रसाद/काली जे.भी.को कवोल अंक स्वीकृत भई सोही जे.भी.लाई कार्यादेश समेत दिएकोमा सो ठेक्काको कार्य यस अघि काम गर्ने ठेकेदार एक्टिभ मोर्डन कन्स्ट्रक्सन प्रा.लि.का संचालक राम प्रसाद प्याकुरेलबाटै भए गरेको पाईयो । अघिल्लो ठेक्का भन्दा पछिल्लो ठेक्कामा क्षेत्रफल बढाई घाँस कटान गर्नु पर्ने औचित्य र कारण कतैबाट खुलाएको देखिएन । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको सम्पूर्ण क्षेत्रको घाँस कटान गर्ने कार्य पछिल्लो ठेक्काले समेत समेटेको पाइएन । यसरी, नत विमानस्थलको सम्पूर्ण क्षेत्रको घाँस कटान हुने गरी पछिल्लो ठेक्कापट्टा गरेको देखियो नत अघिल्लो ठेक्काभन्दा केहीमात्र क्षेत्रफल बढाई पछिल्लो ठेक्कापट्टा गर्नुपर्ने औचित्य नै खुलाईएको पाइयो । ठेक्कापट्टाको कार्य गराउँदा सरकारले स्वीकृत गरेको Norms मा उल्लेख नभएको कार्य विभागिय स्वीकृती विना नै लागत अनुमान गरी गराई ठेक्कापट्टा गरेको, रु.१०लाख भन्दा वढीको कार्य वोलपत्रद्धारा गर्नु पर्नेमा सिलवन्दी दरभाउपत्रद्धारा गरिएको, शुरुमा प्रकाशित ठेक्का पट्टाको सूचनामा उल्लेखित र सारभूत रूपमा असर पार्ने शर्त संशोधन हुने गरी कार्यालयको सूचना पाटीमा सूचना टांस गरिएकोमा सो सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गरेको देखिएन । दरभाउपत्र पेश गर्ने सवै ठेकेदार फर्मलाई घटिघटाउ नगराई घटि कबोल गर्ने एउटा फर्मलाई मात्र घटिघटाउ गराएको, विमानस्थलको कुन कुन ठाउँमा कतिपटक घाँस काटेको हो भन्ने रेकर्ड राखेको नदेखिएको, अनिवार्य रूपमा अवलम्वन गर्नुपर्ने कतिपय कानूनी प्रकृयाहरू अवलम्वन गरेको नदेखिएको हुंदा उक्त कार्यमा संलग्न महाप्रवन्धक त्रिरत्न मानन्धर र प्रबन्धक (सिभिल मर्मत महाशाखा प्रमुख) मुकुन्द प्रसाद भण्डारीलाई अव आयन्दा यस्तो कार्य नगर्न, नगराउन ध्यानाकर्षण गर्न आयोगको मिति २०६६।१।१५ को निणर्य अनुसार नेपाल नागरिक उडयन प्राधिकरणलाई लेखी पठाईएको ।

(ङ) संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत हनुमान ढोका दरवार हेरचाह अड्डाको जिम्मामा रहेका पसल कवलहरू उचित तवरले भाडामा नलगाइएको कारण सरकारलाई प्राप्त हुनु पर्ने राजश्वमा नोक्सानी पर्न गएको भनी पर्न आएको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा हनुमानढोका दरवार हेरचाह अड्डाको जिम्मामा रहेका हनुमानढोका दरवार क्षेत्र स्थित भाडामा लागेका पसल कवलहरूमध्ये कतिपय भाडावालहरूको बहाल अवधि समाप्त भैसकेता पनि प्रकृया पुऱ्याई नयाँ भाडा व्यवस्थापन गर्नेतर्फ सम्वन्धित कार्यालयले समुचित ध्यान पुऱ्याएको देखिन आएन । नेपाल सरकारको जिम्मामा रहेका यी पसल कवलहरूको संचालन, संरक्षण र व्यवस्थापन सरकारी नीति नियम अनुरूप नै हुने भएकाले ती पसल कवलहरूको वहाल व्यवस्थापन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ ले निर्दिष्ट गरेको प्रकृया अनुसार गर्न गराउन र गणतन्त्रको प्रार्दुभाव पश्चात नेपाल सरकारको जिम्मामा आएका सवै ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्वका मठ, मन्दिर, घर, जग्गा, धर्मशाला, पाटीपौवा तथा व्यापार योग्य पसल कवलहरूको संरक्षण र व्यवस्थापन समेत सरकारी प्रकृया मुताविक नै हुने भएकाले सो विषयमा समेत ध्यानाकृष्ट गराउन आयोगको मिति २०६५।४।२७ को निर्णय अनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाईएको ।

(च) सूचना तथा संचार मन्त्रालय अन्तर्गत

गोरखापत्र संस्थानबाट लिइएको समाचारदाता तह-६ को पदपूर्ति गर्दा परीक्षामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट भएको मिति २०६४।८।२४ को निर्णय नं. १७३ कार्यान्वयन नगरी सो संस्थामा लामो समयदेखि करार सेवामा कार्यरत रहकै अवस्थाबाट मिति २०६४।१०।१ देखि सेवाबाट हटाईएकोले कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा गोरखापत्र संस्थान जस्तो महत्वपूर्ण सार्वजनिक संचार गृहमा आवश्यक पर्ने जनशक्तिको छनौट खास गरेर योग्यता, दक्षता, निष्पक्षता, पारदर्शीता र इमान्दारीताको आधारमा हुनुपर्ने तथ्यलाई सदैव हृदयगंम गर्न गराउन आयोगको मिति २०६५।५।२५ को निर्णय अनुसार गोरखापत्र संस्थान संचालक समिति, व्यवस्थापन पक्ष र पदपूर्ति समितिलाई समेत ध्यानाकर्षण गराउन लेखी पठाइएको ।

परिच्छेद - १०
सुझाव / निर्देशन

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ मा आयोगले आफ्नो काम कारबाहीको सिलसिलामा जानकारीमा आएका तथ्यहरूको आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने व्यवस्था भए अनुरूप आर्थिक वर्ष २०६५/२०६६ मा दिएको सुझावको विवरण निम्नानुसार छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. चिराग फोम लगायतका फर्महरूले राष्ट्रिय बाणिज्य बैंकबाट लिएको ऋण वापत बाणिज्य बैंकले राखेको सम्पुर्ण धितो मिति २०६४/१२/०७ मा लिलामीको सुचना प्रकाशित गर्दा आंशिक धितोहरू मात्र अधिकतम कबोलकर्ता सिविल ईन्भेष्टमेन्ट कम्पनीलाई रु ७,१७,७७,७७७।- मा परेकोले निजलाई मिति २०६५/३/१७ मा दिने भनि रा. वा. बैंक को संचालक समितिले स्वीकृत गरेको निर्णयको विरुद्धमा ऋणी समेतले दिएको उजुरी उपर अनुसन्धान हुँदा बैंकको आर्थिक हितलाई ध्यानमा राखी बैंकवाट धितो मूल्यांकनमा समावेश नगरिएको चितवन बगौडा-६ (क) को १४-१५-१६ क्षेत्रफलको जग्गा चितवन जिल्ला गुन्जनगर ९(क) को ३-०-१४ जग्गा ऐ. कि.न. ९० को ०-१०-१५ जग्गा , भरतपुर नगरपालिका वडा नं.६(क) र वालाजु औद्योगिक क्षेत्रको कि.न.८४५ को ०-४-३ जग्गा र कि.न.८४६ को ०-१-३ जग्गा समेतका धितोहरूको मूल्यांकन गरी बैंक सम्वन्धी प्रचलित कानून बमोजिम आवश्यक निर्णयार्थ बैंकको संचालक समितिमा पेश गर्न राष्ट्रिय बाणिज्य बैंकको व्यवस्थापनलाई आयोगको मिति २०६५।५।१६ को निर्णय अनुसार लेखी पठाएको ।

२. कृषि विकास बैंक लिमिटेडद्वारा आ.व. ०६४।०६५ मा विज्ञापन गरिएका खुला प्रतिस्पर्धात्मक परीक्षाका शाखा अधिकृत, कानून अधिकृत र सहायक स्तरका विभिन्न पदहरूको लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा व्यापक अनियमितता भएको भनी पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा बैंकद्वारा विज्ञापन गरिएका शाखा अधिकृत पद १५ र कानून अधिकृत पद ८ का सम्पूर्ण उत्तरपुस्तिकाहरू आयोगले तोकेका सम्बन्धित विषयका स्वतन्त्र विशेषज्ञहरूबाट जाँच गराउँदा देखिएका सम्पूर्ण तथ्यहरूको विश्लेषण सहित विशेषज्ञहरूद्वारा प्रस्तुत गरिएको प्रतिवेदन समग्र रूपमा अध्ययन गरियो । उक्त प्रतिवेदन व्यहोरा हेर्दा लिखित परीक्षामा अपनाउनुपर्ने प्रकृयागत कुराहरू जस्तो वस्तुगत परीक्षाको लागि छुट्टै उत्तरपुस्तिकाको व्यवस्था गरी "क" "ख" "ग" र "घ" मध्ये सही उत्तरको Alphabet लेख्न लगाउनु पर्नेमा छुट्टै उत्तरपुस्तिका नदिई विषयगत परीक्षाको उत्तरपुस्तिकामा आफूखुसी उत्तर लेख्न छाडिएको, उत्तर पुस्तिकामा कसैले कुनै प्रश्न छाडेमा खाली ठाउँमा थप्न नमिल्ने गरी रातो मसीले केरी तोकिएको पदाधिकारीले दस्तखत गर्नुपर्नेमा सो गरेको

नदेखिएको, त्यस्तै विषयगत परीक्षा सम्पन्न भएपछि उत्तरपुस्तिकाको प्रत्येक पानामा थपघट गर्न नसक्ने गरी अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी बन्द गरिदिनु पर्नेमा सो नभएको, उत्तरपुस्तिकामा दुईटा कोड गरी दोश्रो कोडको आधारमा परीक्षण गर्न पठाउनु पर्नेमा सो नभएको र Marking Scheme/Answer Outlining दिनुपर्नेमा सो नदिएको जस्ता आधारभूत विषयहरूमा विशेषज्ञहरूले ध्यान आकर्षण गराएका छन् । त्यसै गरी उक्त प्रतिवेदनमा उत्तरपुस्तिका परीक्षण कार्यमा देखिएका विसंगतीहरूको बारेमा उल्लेख गर्दै सबै उत्तरपुस्तिकालाई पहिलो पटक सिसाकलमको प्रयोग गरी परीक्षण गरेको र पछि सिसा कलमले लेखेको मेटी अर्को नम्बर दिएको प्रष्ट देखिएकोछ । यसरी नम्बर प्रदान गर्दा परीक्षण पूर्वनै उत्तीर्ण गराउने परीक्षार्थीहरूको नाम लिष्ट तयार गरी उनीहरू नै उत्तीर्ण हुने गरी हिसाव गरेर नम्बर प्रदान गरेको जस्तो देखिन्छ भनी केही उदाहरणहरू विशेषज्ञहरूद्वारा उल्लेख गरेको देखिन्छ । जस अनुसार "उत्तर पुस्तिकामा गलत उत्तर भएकोलाई सच्चाई सही उत्तर बनाई नम्बर प्रदान गरिएको छ, केही उत्तरपुस्तिकाको अंक घटाउने उद्देश्यले सही उत्तरलाई गलत बनाएको र केरमेट समेत गरेको देखिन्छ । जस्तो संकेत २१५८५, २१५९०, २७८२०, २७७४१, २७७४८ आदि पूर्ण गलत उत्तरलाई करीव पूर्णांक दिएको र सही उत्तरलाई ज्यादै न्यून नम्बर प्रदान गरेको । संकेत नं. २१६३४, २१५९३, २७८०५, २१५९०, २७७११ र २१६४१ आदि कतिपय उत्तरपुस्तिकामा कुनै कुनै प्रश्नको उत्तर परीक्षण गरी अंक प्रदान नगरिएको र कुनै प्रश्नको एउटा उत्तरलाई दुई पटक नम्बर प्रदान गरेको पाइन्छ । जस्तो संकेत नं. २७७८३, २७८२५, २७७१४, २७९०१, २७९२९ आदि कतिपय उत्तर पुस्तिकामा पहिले एउटा अंक दिइसकेपछि नम्बर थप गर्ने उद्देश्यले सबै प्रश्नको उत्तरमा Rewrite गरी अंक थप गरिएको छ उदाहरणको लागि २७७६७ । केही उत्तर पुस्तिकामा पूर्णांक वा सो भन्दा बढी अंक प्रदान गरेको जस्तो संकेत नं. २७७८८ । केही उत्तर पुस्तिकामा उत्तर ठीक वेठीक नजनाई अंक प्रदान गरिएको संकेत नं. २७८२३ तथा सबै उत्तर पुस्तिकामा सिसाकलमले मेट्न प्रयोग गरेको इरेजरको प्रसस्त धुलो उत्तरपुस्तिकामा रहेको भनी" समग्रमा बैंकबाट लिइएका शाखा अधिकृत र कानून अधिकृतको परीक्षामा नियमितता नदेखिको भनी किटानसाथ प्रतिवेदन व्यहोरामा परीक्षाको स्थितिको उजागर गरेको स्पष्ट देखिएको छ । आयोगले खटाएका विशेषज्ञहरूको प्रतिवेदन अनुसार निजहरूले जाँच गरेको तीनै पत्रको कूल प्राप्तांकहरू मध्ये उच्चतम अंक प्राप्त गर्ने संकेत नम्बरहरू र कृषि विकास बैंकद्वारा लिखित परीक्षाको नतिजामा उच्चतम अंक प्राप्त गर्ने संकेत नम्बरहरूको तुलनात्मक स्थिति के छ भनी अवलोकन गर्दा दुवै तर्फको जाँचमा उच्चतम अंक प्राप्त गर्ने संकेत नम्बरहरू शाखा अधिकृत तर्फ २७७१९ र २७८०९ गरी जम्मा दुई संकेत नम्बरहरू तथा कानून अधिकृततर्फ संकेत नं. २१५३५ जम्मा एउटा संकेत नं. मात्र उत्तीर्ण भएको देखिन आई कृषि विकास बैंकद्वारा प्रकाशित नतिजा अनुसार अन्य संकेत नम्बरहरू आयोगको परीक्षणबाट उच्चतम अंक ल्याई उत्तीर्ण हुन सक्ने अवस्था देखिएन । वैंकबाट लिखित परीक्षामा उत्तीर्ण गराइएका संकेत नम्बरले प्राप्त गरेको अंकहरू आयोगबाट जाँच हुँदा प्राप्त अंकसँग तुलना गर्दा धेरै नै फरक परेको र कतिपय संकेत नम्बरहरू अनुत्तीर्ण रहेको स्थिति समेत देखिएको छ । यसर्थ उपरोक्त माथि विवेचित तथ्यगत आधार प्रमाणहरू हेर्दा बैंकबाट लिइएको शाखा अधिकृत र कानून अधिकृत पदहरूको लिखित परीक्षा स्वतन्त्र, स्वच्छ, निष्पक्ष तथा नियमित भएको भनी मान्न मिल्ने देखिएन । अत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १४(२) २७(१) "ग" र दफा ९१(१)(२) र कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा

नियमावली, २०६२ (हाल संशोधित) को परिच्छेद २ को विनियम २ को खण्ड "च" तथा यस आयोगको ०५८।१।७ को निर्देशन समेतका कानूनी व्यवस्थाको अधिनमा रही कृषि विकास बैंकको समग्र हितमा हुने गरी अधिकृतस्तरका दुवै पदहरूको हकमा उपयुक्त निर्णय गर्न, अधिकृतस्तर बाहेकका अन्य सहायक स्तरका सबै पदहरूको लिखित परीक्षाको नतिजाका सम्बन्धमा समेत विभिन्न उजुरीहरू परेको र यस आयोगको मिति २०५८।१।७ को निर्देशन पूर्ण पालन भएको समेत नदेखिँदा ती पदहरूको सम्बन्धमा समेत आवश्यक छानबिन लगायत जे गर्नु पर्ने हो कानून बमोजिम पदपूर्ति समितिबाटै गर्न गराउन आयोगको मिति २०६५।७।३ को निर्णय अनुसार कृषि विकास बैंक लिमिटेड पदपूर्ति समितिलाई लेखी पठाईएको ।

३. क्लिन इनर्जि डेभलपमेन्ट बैंक लिमिटेडको सर्वसाधारणको लागि छुट्याइएको जम्मा ९ लाख ६० हजार कित्ता शेयरको वाँडफाँडमा चरम अनियमितता भएको, कानून विपरित ५४,७२४ फारम रद्द गरेकोले भ्रष्टाचार र अनियमित कार्यमा संलग्न व्यक्तिलाई कारबाही गरी पाँऊ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा क्लिन इनर्जि डेभलपमेन्ट बैंकको शेयर बांडफांडमा प्रत्यक्ष रूपमा संलग्न निकायहरू नेपाल धितोपत्र वोर्ड, एनएमवी बैंक र क्लिन इनर्जि डेभलपमेन्ट बैंकसंग संलग्न जिम्मेवार पदाधिकारीहरूले आयोगमा छलफलको क्रममा रित नपुगेका दरखास्त फारामहरू जम्मा ५४,७२४ रद्द गरेको स्वीकार गरेको र अन्य कमी कमजोरी सम्वन्धमा आगामी दिनमा सच्याउँदै जाने भनी प्रतिबद्धता समेत व्यक्त गरेको पाइयो । यसरी सर्वसाधारण व्यक्तिहरूको पैसा बुझी दरखास्त फाराम स्वीकार गरी सकेपछि त्यस्ता दरखास्त फारमहरूलाई शेयर बाँडफाँडमा संलग्न नगराईदा सर्वसाधारण व्यक्तिहरूलाई मर्का पर्ने तथा शेयर बांडफांडमा शंकाउपशंका उब्जने गरेको पाइयो । अतः अब आइन्दा शेयर बांडफांड गर्ने कार्य गर्दा सर्वसाधारणले दरखास्त फाराम बुझाउने बेलामा नै रितपूर्वकका दरखास्त फाराम मात्र बुझी प्राप्त सवै दरखास्त स्वीकृत गर्न र स्वीकृत भएका सबै दरखास्त फारामहरू शेयर बाँडफाँडमा समाबेश गरी शेयर बाँडफाँडको निर्णय गर्न लगाउन आयोगको मिति २०६५।७।२२ को निर्णय अनुसार नेपाल धितोपत्र वोर्डलाई लेखी पठाईएको ।

४. वर्ल्ड मर्चेन्ट बैकिङ एण्ड फाईनान्स लि. का पूर्व कार्यकारी अधिकृत रंजित कोइराला, तत्कालीन संचालक ज्ञानेन्द्र श्रेष्ठ समेतले उजुरकर्ता समेतको कर्जाको रकम तथा निक्षेपमा रहेको करोडौको रकम भ्रष्टाचार गरी ठगी र कीर्ते सही दस्तखत गरी गराई खाएको हुंदा कारबाही गरी पाउं भन्ने उजुरीको सम्बन्धमा नेपाल राष्ट्र बैंकलाई कारबाहीको लागि लेखी पठाइएकोमा उक्त बैंकबाट प्राप्त जवाफ बमोजिम वर्ल्ड मर्चेन्ट बैंकिङ एण्ड फाइनान्समा विभिन्न खालका वित्तीय अपराधहरू भएको भन्ने कुरा स्वीकार गरी विभिन्न खालका कारबाही गर्ने निर्देशन दिईएको, तर के कस्तो कारबाही र निर्देशन दिइएको हो खुल्न आएको देखिएन । साथै ऋणीको नाममा स्वीकृत कर्जा रकम तथा निक्षेपमा रहेको करोडौं रकम भ्रष्टाचार गरी ठगी र कीर्ते सही दस्तखत गरी गराई झिकी खाएको राष्ट्र बैंकको कार्य क्षेत्र भित्र नपर्ने भनी लेखि आएको देखिंदा उक्त फाइनान्स लिमिटेडमा अनियमित कार्य भएको हुन सक्ने देखिएकोले सो सम्वन्धमा कानूनले जिम्मेवारी तोकेका निकायले थप छानबिन तथा अनुसन्धान गर्नुपर्ने देखिन्छ । अतः प्रस्तुत विषयमा वर्ल्ड मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लि.का पूर्व कार्यकारी अधिकृत रंजित कोईराला, पूर्व संचालक ज्ञानेन्द्र श्रेष्ठ समेतले ठगी कीर्ते गरेको भन्ने

कुरा नेपाल राष्ट्र बैंकको प्रतिवेदनवाट देखिएवाट उक्त विषयमा आवश्यक छानबिन र कानूनी कारबाही गर्न आयोगको मिति २०६५।७।२५ को निर्णय अनुसार नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९८ बमोजिम नेपाल प्रहरीमा लेखि पठाउन र आफ्नो क्षेत्राधिकार भित्रको विषयमा आफैले कारबाही गर्न नेपाल राष्ट्र बैंकलाई लेखी पठाईएको ।

५. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको वस्तुस्थिति वारेको स्थलगत अध्ययन प्रतिवेदनका सन्दर्भमा आयोगवाट सम्बद्ध मन्त्रालयका सचिवहरू, महानिर्देशकहरू, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय समेतसंग आयोगमा छलफल हुँदा, नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय, समन्वय र सुरक्षाजन्य समस्याहरू देखिएका छन् । विमानस्थलमा विद्यमान रहेका यी समस्याहरूका कारण एकातर्फ आमयात्रुले निर्वाध रूपमा प्राप्त गर्नु पर्ने सेवा र सुविधाबाट बन्चित हुनु पर्ने अवस्था सृजना भएको देखिन्छ भने अर्कोतर्फ विदेशीहरूको प्रवेश विन्दुको रूपमा रहेको विमानस्थलमा रहेको अव्यवस्थाले पर्यटकहरूमा नेपाल प्रतिको नकारात्मक धारणा सृजना हुन जान्छ । यसका साथै विमानस्थलमा देखिएका विद्यमान कमी कमजोरीहरूमा सुधार नगरिएमा त्यसले सुरक्षा व्यवस्था, राजस्व तथा सुशासनमा समेत प्रतिकुल असर पर्न सक्ने देखिन्छ । अतः यी समस्याहरू समयमै निरूपण हुन जरुरी देखिएको हुँदा आयोगको मिति २०६५।९।१७ को निर्णय अनुसार अर्थ मन्त्रालयका सचिवलाई लेखी पठाईएको ।

- आगमनको यात्रु कक्षबाट निजी प्रयोग (झिटी गुण्टा भारी नियम) को वाहेक व्यापारिक प्रयोगका सामानहरू पनि ल्याउने गरेको वुझियो । व्यापारिक तथा निजी प्रयोगका नियमभन्दा माथिका सामानहरू कार्गो कम्प्लेक्सबाट मात्रै पास गर्न पर्नेमा यात्रु कक्षबाट पास गराउने गरिएको तथा कार्गो कम्प्लेक्समा प्रज्ञापनपत्र यथार्थ भरिने तर त्यसलाई कम्प्युटरमा इन्ट्री नगरिने, राजश्व अनुसन्धान विभाग एवं सुरक्षा लगायतका निकायले प्रश्न उठाएको खण्डमा मात्र कम्प्यूटर इन्ट्री गर्ने, गोदामबाट सामान व्यापारीहरूले बाहिर निकाल्ने क्रममा पोल खुल्ने अवस्था भएमा मात्र राजश्व यथार्थ तिर्ने । अवरोध नआएमा केहीमा प्रज्ञापनपत्र फेरेर न्यूनतम् भन्सार महसुल तिर्ने गरेको भन्ने स्थलगत अध्ययनका क्रममा सेवाग्राहीबाट जानकारी हुन आएकोले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भंसार कार्यालयको यात्रु कक्षमा प्राप्त भएका नियमभन्दा वढीका व्यापारिक वा निजी प्रयोगका सामान यात्रुकक्षवाट राजस्व नलिई Cargo Complex मा पठाउने र Cargo Complex को कम्प्यूटरमा entry गरीसकेपछि मात्रै जाँचकीकोमा पठाउने व्यवस्था गर्न ।
- अध्यागमन कार्यालय लगायतका उक्त विमानस्थल परिसरमा कार्यरत कर्मचारी र यात्रुहरूको पहिचान तथा सुरक्षाको दृष्टिकोणबाट सम्पूर्ण कर्मचारीहरूको Name Tag तथा यूनिफर्मको व्यवस्था आवश्यक हुन्छ तर कतिपय कार्यालयमा तद्नुरूपको व्यवस्था नगरिएको र कतिपय कार्यालयहरूमा यस भन्दा अगाडि नै यूनिफर्म तोकिसकेको भएपनि कर्मचारीहरूबाट तोकिए बमोजिमको यूनिफर्म लगाएको नपाईएकोले यात्रु र कर्मचारी समेत छुट्टयाउन कठिनाइ परी सुरक्षामा समेत असर पर्न सक्ने भएकोले Name Tag तथा यूनिफर्मको व्यवस्था कडाइका साथ लागू गर्न ।

- भ्याट रिफण्ड काउण्टरमा कर्मचारीहरू प्रायः नवस्ने गरेको पाईएकोले यस्तो प्रवृत्तिको अन्त्य गर्न ।
- विमान स्थलमा मनी एक्स्चेन्ज गरेपछि अनिवार्यरूपमा रिसिप्ट दिने व्यवस्था गर्न ।
- विमानस्थलमा संचालित मनी एक्स्चेन्ज तथा बैंकहरूका विनिमय दर र मिति डिजिटल माध्यम तथा अन्य तवरबाट स्पष्ट बुझिने गरी राख्न ।
- प्रस्थान तर्फ सुरक्षाका विभिन्न निकायहरूले स्क्रीनमा ड्यूटी गर्ने तर आगमन तर्फ भन्सारले मात्र हेर्ने हुंदा विभिन्न प्रकारका विष्फोटक पदार्थ एवं लागु औषधहरू समेतको पहिचान गर्न नसक्ने भई राष्ट्रिय सुरक्षामा समेत गंम्भिर समस्या आउन सक्ने हुंदा स्थितिको पहिचान गरी आवश्यकता अनुसार आगमनतर्फ समेत सुरक्षा निकायको उपस्थितिमा लगेज चेक गर्ने व्यवस्था लगायत सुरक्षाको पूर्ण प्रत्याभूतिका लागि आवश्यक प्रवन्ध गर्न ।
- प्रस्थानतर्फ समेत भन्सारलाई सहभागी गराउन, संभव भएसम्म सवैक्षेत्रमा सामान्य अंग्रेजी भाषा वोलचाल गर्न सक्ने कर्मचारीहरू खटाउन ।
- त्रि.अ.विमानस्थल भित्र अवस्थित कार्यालयहरूवीच समन्वयको अभाव देखिँदा प्रभावकारी रूपमा समन्वय कायम गर्न ।
- विमानस्थल भित्रको अव्यवस्था एवम् कमीकमजोरीहरूको निराकरणको लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना तुरुन्त लागू गरी आयोगलाई जानकारी दिन ।

६. नेपाल धितोपत्र बिनिमय बजार लि. ले ३४ जना दलाल ईजाजतको लागि सिफारिस गर्न दरखास्त आह्वान गरी सिफारिसको लागि दलाल ब्यावसायी छनौट गर्दा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा नेपाल धितोपत्र बिनिमय बजार लिमिटेडले दलाल ब्यावसायी ईजाजतका लागि सिफारिस गर्न स्वीकृत गरेको छनौट विधिमा अंक प्रदान गर्ने बिधिको आधार नै त्रुटिपूर्ण देखिएको तथा यस्तो त्रुटिपूर्ण छनौट विधि बमोजिम प्रथम खण्डको ७५ अंकका लागि विभिन्न आवेदकहरूलाई प्रदान गरेको अंक स्वविवेकीय, स्वेच्छाचारी ढंगले प्रदान गरेको देखिन आयो । आवेदक कम्पनीका प्रबन्ध निर्देशक तथा प्रथम संचालकहरूले संगठित संस्थामा काम गरेको अविछिन्न अनुभवलाई मात्र मान्यता दिनुपर्नेमा काम गरेको संस्था नै कानून बमोजिम दर्ता भएको नदेखिएको र खण्ड खण्ड काम गरेकोलाई जोडी अनुभव वापतको अंक दिएको उपयुक्त देखिदैन । कम्पनीको पुँजीको संरचना भुक्तानी भएको प्रमाणको आधारमा मात्र अंक दिनुपर्नेमा शेयर खरिद गर्ने प्रतिबद्धता व्यक्त गर्ने आवेदकलाई पनि प्रमाण लिई छनौट गरेको पाइयो । यसैगरी विदेशस्थित अध्ययन संस्थानहरूको शैक्षिक योग्यतालाई त्रिभुवन विश्वविद्यालयबाट प्रदान गरिने समकक्ष भएमा मात्र मान्यता दिनुपर्ने साथै त्यस्तो संस्था त्रिभुवन विश्वविद्यालयबाट मान्यता प्राप्त भएको हुनुपर्नेमा कतिपय आवेदकहरूबाट पेश गरेको कागजातमा सो प्रमाणहरू पेश गरेको नदेखिएको र नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थामा कार्यरत कर्मचारी संलग्न भएको कम्पनी आवेदक भएमा त्यस्तो कर्मचारी कार्यरत रहेको निकायको विभागीय स्वीकृति लिनुपर्नेमा स्वीकृति विना नै छनौटमा समावेस गरेको देखिएको । यसरी छनौटविधि नै त्रुटीपूर्ण रहेको तथा सो विधि

बमोजिम सिफारिसका लागि छनौट गर्दा प्रदान गरेको अंक समेत कानूनसम्मत नदेखिएकोले साविकका दरखास्तहरू यथावत कायम राखी प्रबन्ध निर्देशकको योग्यता, संचालकको योग्यता, निजहरूको अनुभव तालिम र कम्पनीको पुँजि संरचनालाई ५० अंक तथा बस्तुगत परीक्षाको लागि ५० अंक प्रदान गर्ने गरी छनौटविधि परिमार्जन गर्न, पुँजीको संरचनाको भुक्तानी भएको प्रमाणको लागि कम्पनिले बैंकमा जम्मा गरेको भौचर र सम्बन्धित बैंक प्रमुखले प्रमाणित गरेको बैंक स्टेटमेन्ट वा ब्यालेन्स सर्टिफिकेटलाई मात्र मान्यता दिन, प्रबन्ध निर्देशक र संचालकले कानून बमोजिम दर्ता भएको संगठित संस्थामा कम्तिमा २ वर्ष अविछिन्न काम गरेको अनुभवलाई मात्र मान्यता दिन, बिदेश स्थित शैक्षिक संस्थाको शैक्षिक योग्यता तथा अतिरिक्त डिग्रीको निमित्त त्रिभुवन विश्वविद्यालयको समकक्षता तथा मान्यताको प्रमाण लिन, आवेदक कम्पनीका प्रबन्ध निर्देशक तथा निर्देशक नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएका संस्थामा कार्यरत कर्मचारी भएमा विभागीय स्वीकृति लिन र छनौटविधि परिमार्जन गरी पुनः दरखास्त आव्हन गरी धितोपत्र बजार लिमिटेडले छनौटका लागि शीघ्र सिफारिस गर्न आयोगको मिति २०६५।९।२३ को निर्णय अनुसार नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा लेखी पठाईएको ।

७. कृषि विकास वैंकको रिक्त दरवन्दी मध्ये शाखा अधिकृत र विभागीय प्रमुखको विभागीय प्रमुख (रा.प.प्रथम) को मूल्याङ्कन पदोन्नतिमा जुनियर कर्मचारीलाई पदोन्नति गरी अनियमित कार्य गरी रकम समेत लिई बढुवा गरेकोले आवश्यक छानबिन गरी उक्त वैंकका विभागीय प्रमुख समेतलाई कारबाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त वैंकको शाखा अधिकृतहरूको मूल्याङ्कन सम्वन्धी बढुवाको उम्मेदवार संख्या १०११ रहेकोमा उक्त उम्मेदवारहरू मध्येवाट जम्मा ३६ जनालाई बढुवा सिफारिस गरेको, अधिकृतस्तर प्रथम श्रेणी (प्रशासन) पदको बढुवाको उम्मेदवार संख्या १०४ रहेकोमा उक्त उम्मेदवारहरू मध्येवाट जम्मा १५ जनालाई बढुवा सिफारिस गरेको, उक्त दुवै पदको बढुवामा सिफारिस गर्दा ज्येष्ठता, शैक्षिक योग्यता, भौगोलिक क्षेत्रको अंक र कार्य सम्पादन मूल्याङ्कन बापतको अंक गणना गरी बढुवा गरेको देखियो । आन्तरिक मूल्याङ्कनको आधारमा पदपूर्ति समितिले पदोन्नतिको लागि सिफारिस गर्दा पदोन्नतिको लागि आन्तरिक मूल्याङ्कनको अंक भार २०० (दुईसय) को विभाजन अन्तर्गत कार्य सम्पादन मूल्याङ्कन वापतको अंक-१००, ज्येष्ठताको अंक-४४, शैक्षिक योग्यताको अंक-२६, भौगोलिक क्षेत्रमा काम गरे वापतको अंक-३० रहेको देखियो । यसरी उक्त आन्तरिक मूल्यांकनको बढुवा सिफारिस गर्दा वढुवाका लागि सिफारिस भएका व्यक्तिहरूलाई बढी कार्य सम्पादन मूल्याङ्कन बापतको अंक प्रदान गरी बढुवा गरेको देखिन्छ भने सिफारिस नभएका व्यक्तिहरू (जो बढुवाको प्रमुख प्रतिद्वन्दी छन्) तिनीहरूको शैक्षिक योग्यता, ज्येष्ठता, भौगोलिक क्षेत्रको अंक बढी हुंदा हुंदै पनि निजहरूलाई स्पष्ट र औचित्यपूर्ण आधारविना कार्य सम्पादन मूल्याङ्कन बापतको अंक न्यून प्रदान गरी बढुवा हुनबाट वञ्चित गरेको देखियो । कृषि विकास वैंक कर्मचारी सेवा विनियमावली, २०६२ मा गरिएको बढुवा सम्वन्धी प्रावधानहरूको कार्यान्वयनको विद्यमान अवस्थाले कर्मचारीहरूमा न्याय प्रदान भएको भन्न सकिने अवस्था नदेखिएकोले विनियमावलीको बढुवा सम्बन्धी प्रावधान वस्तुगत, उपयुक्त र व्यावहारिक भएको भन्न सकिएन । अतः निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५० संग तादाम्यता.रहने गरी अर्थात कार्य सम्पादन मूल्यांकन बापत ४० अंक र बाँकीमा ६० अंक कायम गरी कृषि विकास वैंक

कर्मचारी सेवा विनियमावली, २०६२ को विद्यमान बढुवा सम्वन्धी प्रावधान ३ (तीन) महिना भित्र संशोधन गर्न र अव हुने आन्तरिक मूल्यांकनको बढुवा सिफारिस गर्दा सोही प्रावधानलाई अवलम्वन गरेर मात्र गर्न आयोगको मिति २०६५।१०।७ को निर्णय अनुसार कृषि विकास वैंक सञ्चालक समितिमा लेखी पठाईएको ।

८. नेपाल आयल निगमवाट पेट्रोल डिजेल तथा मट्टितेल बिक्री गर्न स्वीकृति लिई पेट्रोल पम्पहरूले पेट्रोल डिजेल तथा मट्टितेल विक्री गर्दै आइरहेका छन । पेट्रोल पम्पहरूवाट पेट्रोल डिजेल तथा मट्टितेल बिक्री गर्दा वील नदिने प्रचलन वढ्दै गएको र यस प्रकारको कार्यले पेट्रोलमा मट्टितेल मिसावट गरी विक्री गर्न सजिलो हुन गएको छ । विल नदिदा कति मट्टितेल, पेट्रोल र डिजेल आपूर्ति भयो भन्ने कुराको Verification गर्न नसकिएवाट मिसावट गर्न सजिलो हुन गएको छ । अतः पेट्रोल पम्पहरूवाट विक्री हुने पेट्रोलियम पदार्थको अनिवार्य विल काट्ने व्यवस्था भएमा मिसावट नहुने हुँदा सो व्यवस्था हुन र विल नकाट्ने पेट्रोल पम्पहरूलाई कारबाही हुन अनुरोध छ भनी परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पेट्रोलियम पदार्थको बिक्री वितरण गर्दा विक्रेता डिपोले वील काटे नकाटेको प्रभावकारी अनुगमन गर्न आयोगको मिति २०६५।१०।१२ को निर्णय अनुसार आन्तरिक राजश्व विभागमा लेखी पठाईएको ।

९. नेपाल बैंक लिमिटेड मुख्य कार्यालयले यस बर्ष खरिद गरेका विभिन्न सामानहरू खरिद गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दिएको निर्देशन पालना नगरी लिफ्ट खरिदमा १० लाख भन्दा बढीलाई स्वीकार गरी वोलपत्र स्वीकृत गरिनुको साथै जेनेरेटर खरिदमा अनियमितता भएकोले आवश्यक छानबीन गरी कारबाही गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल बैंक लिमिटेड मुख्य कार्यालयले आ.व. ०६५।६६ मा बैंक प्रयोजनको निमित्त भनी खरिद गरिएको जेनेरेटर थान-५ र लिफ्ट थान-१ खरिद गर्नको लागि नियमानुसार वोलपत्र आह्वान गरी खरिद गरिएको देखियो । साथै खरिद गरिएको जेनेरेटर थान-५ र लिफ्ट थान-१ आयात गरी नियमानुसार स्टोर दाखिला गरी जेनेरेटर थान ५ क्रमशः नारायणगढ, आदर्शनगर विरगञ्ज, दमक, सि.अ. विराटनगर र बिर्तामोडको लागि र लिफ्ट आयात भई बैंकको प्रधान कार्यालय परिसरमा जडान गर्ने क्रममा रहेको र उक्त खरिद प्रकृया बैंकको मौजुदा आर्थिक प्रशासन विनियमावलीको परिधिभित्र रही नियमसंगत तरिकाले प्राविधिकको राय अनुसार खरिद उप समितिको सिफारिसमा बैंक संचालन समूहको स्वीकृतिमा खरिद गरेको भन्ने समेत व्यहोराको जवाफ बैंकको पत्रबाट देखिन आयो । यसरी उल्लिखित सामानहरू खरिद गर्दा शर्तमा उल्लेख भए बमोजिमको ब्राण्ड भएको वस्तुहरू उपलब्ध गराउने गरी सबै भन्दा कम दर उल्लेख गर्ने फर्महरूको बोलपत्र शर्त बमोजिम नै अस्वीकृत गरेको पाइयो । जहां सम्म वोलपत्रमा ब्राण्ड खुलाई सूचना प्रकाशित गरेको कुरा छ, बोलपत्रमा ब्राण्ड खुलाई सूचना प्रकाशित गर्ने सम्बन्धमा कुनै कानूनी व्यबस्था उल्लेख भएको नदेखिंदा यसरी ब्राण्ड खुलाई सूचना प्रकाशित गरेको विषयलाई कानूनसम्मत भन्न सक्ने अबस्था देखिंएन । अतः अब आइन्दा सामान खरिद गर्दा Technical Specification बनाएर मात्रै खरिद गर्न आयोगको मिति २०६५।११।२५ को निर्णय अनुसार नेपाल बैंक लिमिटेड मुख्य कार्यालयलाई लेखी पठाईएको ।

१०. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयोजनामा नेपाल राष्ट्र बैंकका गभर्नर र नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त 'क' र 'ख' वर्गका वित्तीय संस्थाका कार्यकारी प्रमुखहरूसँग आचारसंहिता विषयमा अन्तरक्रिया गर्दा नेपाल राष्ट्र बैंक तथा राष्ट्र बैंकबाट इजाजत प्राप्त वित्तीय संस्थाहरूको समेत सुशासन कायम गर्ने कार्यमा भूमिका रहेको हुंदा सुशासन ऐन अनुसार आ-आफ्नो संस्थामा आचारसंहिता निर्माण गरी लागू गर्न, नेपाल राष्ट्र बैंक, सरकारी र अर्ध सरकारी बैंकहरूमा सुशासन एकाइ गठन गरी सुशासनको स्थिति बारे मासिक रूपमा अनुगमन गर्दै जाने । साथै निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरूमा पनि सोही बमोजिम गर्न गराउन नेपाल राष्ट्र बैंकलाई लेखी पठाउन, राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनमा उठाइएका विषयहरूलाई तदारुकताका साथ कार्यान्वयन गर्न आयोगको मिति २०६५।१२।७ को निर्णय अनुसार नेपाल राष्ट्र बैंकलाई लेखी पठाएको ।

११. Commercial Agriculture Alliance (CAA) मा कर्मचारी छनौट गर्दा नातावाद, कृपावाद र राजनीतिक प्रभाव रहेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पूर्वाञ्चल विकास क्षेत्रका ११ जिल्लाका विपन्न किसानहरूलाई उच्च मूल्यका वालीहरूको खेती गर्ने तर्फ जागरुक गराउने, उपजहरूलाई वजारको पहुँच पुऱ्याउने, उपभोक्ता र उत्पादक विचको अन्तर सम्बन्धलाई प्रभावकारी वनाई कृषकहरूलाई व्यवसायिक खेती तर्फ उन्मुख गराउन ADB समेतको सहयोगमा स्थापित आयोजनाको कार्यान्वयनको लागि कम्पनी ऐन २०६३ बमोजिम Commercial Agriculture Alliance (CAA) को स्थापना भएको देखिन्छ । सो आयोजना कार्यान्वयन गर्न आवश्यक भएको कर्मचारीहरू नियुक्तिका लागि परीक्षा संचालन लगायत अन्य कार्यहरू गर्दा कुनै निर्देशिका तयार नगरी पदपूर्ति समितिवाट कर्मचारी छनौट गर्ने कार्य भएको देखिएकोले अब उप्रान्त आवश्यक कर्मचारी छनौट तथा भर्ना गर्दा पदपूर्ति निर्देशिका तयार गरी सो अनुरूप कर्मचारी भर्ना गर्ने व्यवस्था गर्न आयोगको मिति २०६६।१।२२ को निणर्य अनुसार Commercial Agriculture Alliance (CAA) लाई लेखी पठाईएको ।

१२. नेपाल वंगलादेश वैङ्कको अगुवाईमा कर्मचारी सञ्चय कोषबाट सिल्वर फाईवर टेक्सटाईल मिल्स प्रा.लि., गैडाकोट, नवलपरासीलाई सहवित्तियकरण कर्जा अन्तरगत दीर्घकालीन र अल्पकालीन ऋण स्वरूप रु.१० करोड ऋण प्रवाह गरी कर्मचारी संचय कोषलाई गैरकानूनी हानी पुऱ्याउने र उक्त मिल्सलाई गैरकानूनी लाभ पुऱ्याउने वदनियतले लाखौ रूपैया कमिशन खाई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा सहवित्तियकरण कर्जा अन्तर्गत सिल्भर फाइवर टेक्सटाइल मिल्स प्रा.लि. लाई ऋण उपलब्ध गराउने सम्बन्धमा अगुवा बैंकको हैसियतले नेपाल बंगलादेश बैंकले परियोजना "आधुनिकिकरण र विस्तार" गर्ने गरी परियोजना विश्लेषण प्रतिवेदन पेश गरी कर्मचारी सञ्चय कोषबाट सोही उद्देश्यका लागि ऋण स्वीकृत भए पश्चातको सहवित्तियकरणको बैठकबाट मिल्सको पुरानो ऋण तिर्ने निर्णय गरी गराई रकम भुक्तानी गराई कर्मचारी संचयकोषलाई गैरकानूनी हानी पुऱ्याएको र ऋण लगानी पश्चात अगुवा बैंकको हैसियतले निर्वाह गर्नुपर्ने भूमिका इमान्दारीपूर्वक निर्वाह गरेको नदेखिंदा अब आइन्दा नेपाल बंगलादेश बैंकको अगुवाईमा कुनै पनि

परियोजना सहवित्तियकरण कर्जा अन्तर्गत ऋण लगानी नगर्नु भनि आयोगको मिति २०६६।१।३० को निणर्य अनुसार कर्मचारी संचयकोषलाई लेखि पठाईएको ।

१३. तत्कालिन कृषि सामाग्री संस्थानको शाखा अधिकृत पदमा २०५२ साल जेष्ठ २१ गते स्थाई नियुक्ति भै २०६३ साल असोज देखि हाल कृषि सामाग्री कम्पनी लिमिटेडमा शाखा अधिकृत (तह ७ हाल वरिष्ठ अधिकृत भनिएको) पदमा असाधारण विदा स्वीकृत गराई विदा वसेको अवस्थामा मिति २०६५।१२।११ देखि लागु हुने गरी स्वेच्छिक अवकास स्वीकृत गराए पश्चात उक्त कम्पनीबाट नियमानुसार पाउनु पर्ने उपदान, औषधि उपचार, वीमा लगायतको रकम स्वेच्छिक अवकास लिंदाका बखत (मिति २०६५।१२।११) मा कायम रहेको शाखा अधिकृत तह ७ वरिष्ठ अधिकृतको तलबमान स्केलबाट पाउनु पर्नेमा त्यसो नगरी विदा वस्दाको अवस्थामा कायम पद (शा.अ.) को न्यूनतम तलवमान अनुसार हिसाव गरी भुक्तानी दिने भनी सो कम्पनीका प्रवन्ध सञ्चालक पशुपति गौतम तथा आर्थिक महाशाखा र बीमा शाखाका अधिकृतहरुले समेत आफ्नो पदीय तजबिजी अधिकार बदनियतसाथ प्रयोग गरी मलाई मर्का पारेको हुनाले मैले नियमानुसार पाउनुपर्ने रकम स्वेच्छिक अवकास लिंदाका मितिमा कायम रहेको पदको तलवमान अनुसारको सुविधा दिलाई पाउन आवश्यक निर्देशन दिई निजहरुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को परिच्छेद १ दफा ३ को (घ) बमोजिम बदनियतपूर्वक कार्य गरेकोमा कारवाही गरी पाउँ भनी सो कम्पनीबाट अवकास लिएका बेदप्रसाद भट्टराईले आयोगमा दिएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निवेदकले स्वेच्छिक अवकास लिंदाको अवस्थामा कायम रहेको वरिष्ठ अधिकृत (तह ७) पदको तलवमान अनुसार निजले पाउनु पर्ने उपदान, थप सुविधा, ओषधि उपचार, वीमा लगायतका रकम बेतलवी विदामा वस्दाको पदको तलवमान अनुसार हिसाव गरी दिन मिति २०६६।१।६ मा कृषि सामग्री कम्पनीले गरेको निर्णय मिलेको नदेखिंदा निवेदकलाई जुन पदबाट अवकास दिइएको हो सोही पदको तलवमान अनुसार थप सुविधा, वीमा, औषधि उपचार नियमानुसार भुक्तानी दिन आयोगको मिति २०६६।३।१४ को निर्णयानुसार कृषि सामाग्री कम्पनीलाई लेखि पठाइएको ।

(ख) उद्योग मन्त्रालय अन्तर्गत

१. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडाको जिन्सी सामान हिनामिना गरी भ्रष्टाचार गरे भन्ने विषयको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडाको खर्च भएर नजाने (खप्ने) सामानको जिन्सी व्यवस्थापनको समग्र पक्षलाई हेर्दा जिन्सी हिनामिना गरी भ्रष्टाचार भए गरेको देखिन नआएतापनि यस अघिका स्टोर कीपर नवराज सापकोटाले आफु २०५७ सालदेखि २०६३ सालसम्म स्टोर कीपरको जिम्मेवारी लिएको समयमा जिन्सीको सही अभिलेख र भौतिक अवस्था दुरुस्त राख्न सकेको देखिएन । निजकै समयमा २०६१ सालमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आकस्मिक निरीक्षण हुँदा जिन्सी खातामा लेखिएको नाम अनुसार सामान देखाउन नसकेको, नाम अनुसारको सामान के हो भनि थाहासम्म पनि नपाएको कारणबाट भण्डारमै सामान भएर पनि धेरै सामान नपुग भएको र जिन्सी खातामा अभिलेख भएर पनि त्यतिकै सामान आम्दानी नबाँधेको व्यहोरा प्रतिवेदनमा लेखि गएको तथ्य खुल्न आएकोले आयोगको मिति २०६५।८।१ को निर्णयानुसार निर्णयको जानकारी सहित अन्तर्गतका सवै केन्द्रहरुमा सामानको परल मूल्य खुलाउने लगायत समग्र जिन्सी व्यवस्थापन नियमानुसार

अध्यावधिकगराउन समेत व्यवसायिक तथा सीप विकास तालिम निर्देशनालय, भैसेपाटीलाई लेखी पठाइएको ।

२. कतिपय सार्वजनिक संस्थाहरूबाट भएका पदपूर्ति निष्पक्ष रूपमा नभएको भनी आयोगमा उजुरी पर्न आउने गरेका सन्दर्भमा अनुसन्धान हुँदा सार्वजनिक संस्थाहरूबाट खुला प्रतियोगिताबाट पदपूर्ति गर्दा सार्वजनिक संस्थाको शाखा अधिकृत वा सो सरहको पदमा खुल्ला प्रतियोगीताद्वारा पूर्ति हुने पदका लागि प्रारम्भिक परीक्षा समेतको व्यवस्था गर्ने र त्यस्तो परीक्षामा उर्त्तिण भएकाहरूले मात्र विज्ञापन अनुसारको पदमा दरखास्त दिन सक्ने व्यवस्था गर्न, महिला, आदिवासी, जनजाति, मधेशी, दलीत, अपांग र पिछडिएका क्षेत्रको समेत प्रतिनिधित्व गराई सेवालाई समावेशी चरित्रको बनाउन उल्लिखित विभिन्न वर्गको लागि खुला प्रतियोगिताद्धारा पूर्ति हुने पदका लागि निश्चित संख्या सुनिश्चित गर्न, प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण र अन्तर्वार्ता लगायत परीक्षाको कार्यसँग सम्बन्धित विषयमा प्रत्येक सार्वजनिक संस्थाले सम्बन्धित संस्था बाहेकका अन्य दक्षहरूको सूचि वनाई उनीहरूबाट त्यस्तो कार्य सम्पादन गराउन, संस्थालाई आवश्यक जनशक्ति पदपूर्ति गर्नुपर्ने अवस्थालाई मध्यनजर गरी विज्ञापन गर्नु अगावै विज्ञहरूबाट प्रश्नपत्र निर्माण गर्न लगाई प्राप्त कच्चा प्रश्न परिमार्जन (मोडरेशन) गरी प्रश्न पत्र भण्डारणको व्यवस्था गर्न, लिखित परीक्षा सञ्चालन गर्दा वर्णानुक्रम अनुसार आशन व्यवस्था मिलाउन, सवै किसिमका लिखित परीक्षाका उत्तरपस्तिकाहरूमा प्रथम तथा दोश्रो कोड नम्बर राख्ने, प्रथम कोड नं. राख्ने कर्मचारीलाई दोस्रो कोड नं. राख्ने कार्यमा नलगाउन, उत्तर पुस्तिका परीक्षण गर्दा दक्षहरूबाट गराउन र उनीहरूले पालन गर्नुपर्ने शर्त समेत उत्तरपुस्तिका परीक्षण गर्न पठाउँदा निर्देश गर्न, परीक्षकबाट परीक्षण भई आएका उत्तरपुस्तिकाहरू सवै उत्तरहरू परीक्षण गरी अंक दिए नदिएको, अंकहरू ठिकसँग जोडे नजोडेको समेतका कुराहरू रुजुगर्ने तथा केही उत्तरपुस्तिकाहरू आवश्यकतानुसार संपरीक्षण गराउन सक्ने व्यवस्था मिलाउन, उत्तीर्ण उम्मेदवारको वर्णानुक्रमको आधारमा नतीजा प्रकाशन गर्न, अन्तर्वार्ता लिदा दक्षहरूबाट लिने व्यवस्था मिलाउन तथा अन्तर्वार्ताको पूर्णाङ्कको ६०% भन्दा बढी र ३०% भन्दा घटी अंक दिनु परेमा सोको कारण अन्तर्वार्ताकारले उल्लेख गर्नुपर्ने व्यवस्थाहरू अनिवार्य रूपमा पालना गर्ने गरी पदपूर्ति सम्बन्धी कानूनी व्यवस्था परिमार्जन गर्न आयोगको मिति २०६५।७।२० को निर्णय अनुसार सार्वजनिक संस्थाहरूलाई लेखी पठाईएको ।

३. कम्पनी ऐन २०६३ अनुसार कम्पनीहरूले कम्पनी सचिव नियुक्त गर्नुपर्नेमा धेरै कम्पनीहरूले त्यसो गर्ने नगरेको जस वापत कम्पनी रजिष्ट्रारको कार्यालयका कर्मचारीहरूले हजारौ रकम घुस लिने गरेको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा प्रारम्भिक छानबिनको सिलसिलामा कम्पनी रजिष्ट्रारको कार्यालयवाट प्राप्त प्रतिकृयामा कम्पनी ऐन, २०६३ को दफा १८५ को उपदफा (२) मा "प्रचलित कानून वमोजिम कम्पनी सचिव सम्बन्धि व्यवसायिक प्रमाण पत्र जारी गर्ने अधिकार प्राप्त स्वदेशी वा विदेशी निकायवाट कम्पनी सचिवको व्यवसायिक प्रमाण पत्र प्राप्त गरी कम्तीमा दुई वर्षसम्म सम्बन्धित क्षेत्रमा काम गरेको वा कानून, व्यवस्थापन, वाणिज्य वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोपाधि हासिल गरी कम्तीमा तीन वर्षसम्म सम्बन्धित क्षेत्रमा वा कम्पनी व्यवस्थापन क्षेत्रमा

काम गरेको नेपाली नागरिक कम्पनी सचिव पदमा नियुक्त हुन सक्नेछ" भन्ने कानूनी व्यवस्था रहेको छ । उल्लिखित कानूनी व्यवस्था अनुरूप कम्पनी सचिव सम्बन्धी व्यवसायिक प्रमाणपत्र जारी गर्ने अख्तियार प्राप्त स्वदेशी निकायको हालसम्म व्यवस्था नभएको अवस्थामा उक्त व्यवस्था पालना गराउन व्यवहारिक कठिनाई भैरहेकोले सोको लागि अधिकार प्राप्त निकायको व्यवस्था गर्नुपर्ने समेत देखिन्छ भनी सो कार्यालयवाट लेखी आएवाट कम्पनी ऐन २०६३ को दफा १८५ को उपदफा (२) मा व्यवस्था भएको पहिलो योग्यतालाई मात्र कार्यालयले सम्बोधन गरेको तर सोही दफाले व्यवस्था गरेको दोश्रो योग्यतालाई सम्बोधन नगरी मौन रहेको पाइयो । यसरी दोश्रो योग्यता अनुसार उक्त ऐन कार्यान्वयनका लागि व्यवहारिक कठिनाई नहुने अवस्था रहँदा रहँदै उक्त कार्यालयवाट प्रभावकारी ढंगले अनुगमन गरी ऐनको पालना गर्ने गरेको देखिएन । अतः ऐनमा भएको व्यवस्था कडाईका साथ पालना गर्न गराउन आयोगको मिति २०६५।११।२९ को निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयलाई लेखी पठाईएको ।

४. दुग्ध विकास संस्थान काठमाडौं उपत्यकाभित्र दुग्ध ढुवानी लगायतका कार्य गर्दा अनियमितता गरेको हुँदा कारबाही गरी पाँउ भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा निवेदक आले मगरको नामबाट दुग्ध विकास संस्थान अन्तरगत काठमाडौं दुग्ध वितरण आयोजनाले आर्थिक वर्ष ०६४/६५ मा काठमाडौं उपत्यकाभित्र विभिन्न ३८ रुटमा दुग्ध ढुवानी गर्दा अनियमितता गरी सो आयोजनाको प्रमुख सियारामप्रसाद साह र सहायक गंगा तिम्सिनाले निजी सम्पत्ति आर्जन गरे भनी दिएको उजूरी सम्बन्धमा दुग्ध विकास संस्थानबाट प्राप्त प्रतिक्रिया हेर्दा अन्य विषयमा केही गरिरहनु परेन । काठमाडौं दुग्ध वितरण आयोजनाले काठमाडौंको विभिन्न ३७ रुटमा दुग्ध ढुवानी गर्दा २०६२ सालमा ३ वर्षको लागि वार्षिक १ करोड ६५ लाखमा भाडामा लिन गरेको व्यवस्था २०६५ आषाढ मसान्तमा सकिने भएको र आगामी २०६५ श्रावण देखि ४ वर्षको लागि थप १ रुट समेत ३८ रुटमा गाडी भाडामा लिन २ करोड ४० लाख अनुमान गरी वोलपत्र माग गरी ठेक्का लगाउँदा ढुवानी मजदुरहरुलाई श्रम ऐन बमोजिम न्यूनतम पारिश्रमिक दिनुपर्ने, रजिष्टर्ड कम्पनीलाई मात्र ढुवानी गर्न दिनुपर्ने हुँदा भ्याट समेत थप भएकोले लागत समेत बढ्ने एवं इन्धन र मोटर पार्टसको मूल्यमा बृद्धि भएको कारणले आ.व. ०६३/६४ को बास्तविक खर्चभन्दा ४६.०८ प्रतिशत बृद्धि भएको र विगतको खर्च ३ वर्ष पुरानो भएको भनी लेखी आएको देखिंदा आ.व. ०६३/६४ को वास्तविक ढुवानी भाडा दैनिक रु. ४४,१३५।४१ बाट दैनिक ढुवानी भाडा रु. ६४,२२८।- गर्ने गरी सञ्चालक समितिबाट गरिएको निर्णयमा ढुवानी भाडा बृद्धिको विभिन्न आधारहरुमा मजदुरहरुको श्रम ऐन अनुसार पारिश्रमिकमा रु. ३८,३७,२४८।- इन्धन बृद्धिमा रु. ३,५७,३८२।- थप १ रुटको लागि रु. ७,१८,६८५।- समेतलाई लिएको देखियो । इन्धनको मुल्यबृद्धि सम्बन्धमा अव आइन्दा ढुवानी भाडा निर्धारण गर्दा संस्थानको हितलाइ ध्यानमा राखी सञ्चालक समितिबाट मात्र निर्णय गर्न गराउनु आयोगको मिति २०६६।२।७ को निर्णयानुसार दुग्ध विकास संस्थानलाई लेखि पठाएको ।

(ग) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको नेपाल खाद्य संस्थानको थापाथली स्थित जग्गामा ३० वर्षको लागि ठेक्का दिंदा ठूलो कमिशन खाई भ्रष्टाचार गरेको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा

थापाथली स्थित नेपाल खाद्य संस्थानको नाउँमा दर्ता कायम भएको काठमाडौ महानगरपालिका वडा नं.११ कि.नं. ७७५ को जग्गा मध्ये दक्षिण तर्फवाट १०-७-०-३ जग्गामा आवत जावत गर्न दक्षिण तर्फवाट ८ मी.को वाटो संस्थानले दिने गरी उक्त जग्गा ३० वर्षको लागि जम्मा रु. १७,७२,२०,०००।- वहाल बुझ्ने गरी कंचनजङघा हाउजिङ प्राइभेट लिमिटेडलाई ठेक्का सम्झौता गर्न प्रस्ताव गरेको, उक्त जग्गाको दक्षिण मूलसडकवाट १०० मिटर भित्र उक्त जग्गामा जान संस्थानकै जग्गावाट बाटो निकाली कालोपत्र समेत गर्दा उक्त वाटो सार्वजनिक हुने भै संस्थानले ठूलो नोक्सानी व्यहोर्नु पर्ने अवस्था देखियो । यस सम्वन्धमा संस्थानले कानूनी राय लिएको कुरा समेतलाई मध्यनगर राख्दा उक्त बाटोको लागि छुट्याइएको जग्गा संस्थानकै स्वामित्वमा राखी संरक्षण गर्न आवश्यक छ । तसर्थ हाल प्रस्तावित वाटोको दक्षिण सिमाना तर्फको सम्पूर्ण भागमा पसल राख्न मिल्ने गरी स्ट्रक्चरल Frame मा कवल वनाउने र त्यसको अगाडीवाट अर्थात कवलको उत्तर तर्फवाट ८ मीटरको बाटो कायम गर्ने व्यवस्था मिलाउन खाद्य संस्थानलाई आयोगको मिति २०६५।४।२ को निर्णय अनुसार लेखी पठाईएको ।

२. नेपाल आयल निगमवाट थप नयाँ ५ वटा ग्याँस उद्योगको लागि डिलरसीप स्वीकृत गरी P.D.O. जारी गर्दा भ्रष्टाचार गरेकाले कारवाही गरिपाऊ भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा नेपाल आयल निगमवाट नयाँ ग्याँस उद्योग स्थापना गर्न चाहने उद्योगीको लागि ०६४।७।१२ को सार्वजनिक सूचना मार्फत आवेदन माग गरिएकोमा ३५ वटा उद्योगले नियम वमोजिम आवेदन दर्ता गराएको, त्यसमध्ये भानु, सूर्य, श्रीकृष्ण, श्री र नारायणी ग्याँस उद्योगले प्रकृया र मापदण्ड पुरा गरी उद्योग स्थापना गरेकाले डिलरसीप स्वीकृत गरी P.D.O. जारी गर्न उपयुक्त हुने भनी निरीक्षण टोलीको मिति ०६५।३।५ को सिफारिसमा संचालक समितिको मिति ०६५।३।६ को निर्णयले निजहरूको निवेदन स्वीकृत गरी निगमवाट P.D.O. जारी भएको समेत देखियो । यस सम्वन्धमा कागज पत्र अध्ययन गर्दा उद्योगले निगमवाट सैद्धान्तिक स्वीकृति लिएको नदेखिएको, Hydrolic Test गराएको नदेखिएको, नेपाल आयल निगमको सैद्धान्तिक स्वीकृति नलिएको र परल मूल्यमा ग्याँस कारोवार गर्न चाहने निजी क्षेत्रका उद्योगीलाई आवेदन माग गरेकोमा सुविधामा ग्याँस उपलव्ध गराई कारोवार गर्न दिने लगायतका गैरकानूनी कार्य गरेको देखिएको हुँदा अव आइन्दा स्पष्ट मापदण्ड वनाएरमात्र नयाँ ग्याँस उद्योगलाई डिलरसीप दिने सम्वन्धी प्रकृया शुरु गर्ने , ग्याँस उद्योग स्थापनाका सम्वन्धमा नियमावली, निर्देशिका र कार्यविधि यथाशीघ्र वनाई लागू गर्ने र ग्याँसको वितरण प्रणालीलाई व्यवस्थित गर्न निर्देशिका वनाई आयात, वोटलिङ र वितरण प्रणालीमा प्रभावकारी अनुगमन गर्न र उक्त विषय शीघ्र कार्यान्वयन गर्न नेपाल आयल निगमलाई आयोगको मिति २०६५।५।१७ को निर्णय अनुसार लेखि पठाईएको ।

३. साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडका तत्कालीन महाप्रबन्धक परमेश्वर महासेंठले १२ कक्षा पास गरेका धर्मदत्त शर्मा देवकोटालाई कर्पोरेशनको सहायक प्रबन्धक सरहको सुविधा पाउने गरी लेखा विशेषज्ञको पदमा २ वर्षको लागि करारमा नियुक्ति दिएकाले कारवाही गरी पाउ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा साल्ट ट्रेडिङ कर्पोरेशनले लेखा विशेषज्ञको पदमा २ वर्षको लागि मिति २०६०।१०।७ मा नियुक्ति गरेको मिति २०६२।७।२८ मा निजको करार अवधि पुनः १ वर्ष वढाईएको,

करार सेवामा नियुक्ति हुँदाको समयमा निजले Chartered Accountancy को Foundation course पास गरेको । मिति २०६३।३।२८ मा निज धर्मदत्त देवकोटाले कर्पोरेशनको प्रवन्धक पदमा स्थायी नियुक्ति पाऊ भनी दिएको निवेदनवाट निजलाई मिति २०६३।४।१ देखि लागू हुने गरी स्थायी नियुक्ति दिएको देखियो । निज स्थायी रूपमा नियुक्त हुनु अगावै C.A. course उत्तीर्ण गरेको देखिएबाट अयोग्य मानिसलाई नियुक्ति दिएको भन्न मिलेन । निवेदनको आधारमा कर्मचारीलाई स्थायी नियुक्ति दिएको विषयमा अध्ययन गर्दा कर्मचारी विनियमावली, २०६३ को दफा २.४.१ मा नियुक्ति सम्बन्धी प्रकृया समितिद्वारा निर्धारण गरिए वमोजिम हुने व्यवस्था भए पनि हालसम्म सो सम्बन्धी कुनै प्रकृया निर्धारण भएको देखिएन । तसर्थ आगामी दिनमा संस्थाको लागि आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्दा विनियमले व्यवस्था गरे अनुसार प्रकृया निर्धारण गरी कानून वमोजिम र प्रकृया पुऱ्याएर मात्र कर्मचारी स्थायी नियुक्ति गर्ने सम्बन्धी व्यवस्था गर्न साल्ट ट्रेडिङ कर्पोरेशनलाई आयोगको मिति २०६५।६।१ को अनुसार लेखी पठाएको ।

४. नेपाल आयल निगम लिमिटेडमा भएका सार्वजनिक निर्माण तथा खरिदका उजुरीमा निगमको साविकको आर्थिक प्रशासन विनियम, २०५२ को नियम ४.८ को उपनियम २ (ग) अनुसार दुई लाख रूपैयाभन्दा माथिको निर्माण कार्यको लागि पत्रिकामा सूचना प्रकाशित गरी सिल्ड कोटेसन लिई गर्न सक्ने प्रावधान भएकोमा सो को उल्लंघन गरी एकै पटकमा ल.ई. रु. २,४५,१७५।- भएको पालेघर बनाउँदा सोझै कार्य गरेको, भौचर नं. १३३८।०६४।३।२३ बाट भुक्तानी भएको रु. २,३२,६१०।५० को सोझै कार्य गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा नेपाल आयल निगम लिमिटेड सञ्चालक समितिको २०५६।६।९ को ११६० औं वैठकबाट निगमको कार्य सञ्चालनमा सुगमता होस् भन्ने हेतुले रु. २,५०,०००।- सम्मको दरभाउ पत्र लिई गर्न सकिने गरी निर्णय भएको र सोही सञ्चालक समितिको निर्णयलाई आधार मानी नेपाल आयल निगमले कार्य सञ्चालन गरेको देखियो । मर्मत सुधार तथा निर्माणका कार्यहरू सानो सानो अंकको देखिएको र सञ्चालक समितिको निर्णयलाई आधार मानी कार्य गरेको देखिँदा अनुचित लाभ लिने वद्नियतले कार्य गरेको भन्न सकिने अवस्था देखिएन । तर, निगमका जति पनि आर्थिक कारोबार छन् ती सञ्चालक समितिको निर्णयबाट नभई प्रचलित कानून कै आधारमा हुनुपर्ने हुँदा आगामी दिनमा प्रचलित कानूनको कडाइका साथ पालना गर्न तथा गोरखकाली रवर उद्योगबाट रु. ७,५०,०५४।७५ का ३८ सेट टायर (टायर, ट्यूव, फ्ल्याप) खरिद गरेको तर स्टोर दाखिला नभएको भन्ने विषयमा अनुसन्धान हुँदा उक्त टायरहरू नेपाल आयल निगम लिमिटेड अन्तर्गतका विभिन्न हवाई इन्धन डिपोहरूको लागि खरिद गरेको भन्ने भनाइ रहेको र तत्तत् हवाई इन्धन डिपोले प्राप्तिको जानकारी दिएको पाइएकोले स्टोर दाखिला नभएको भन्न मिलेन । गाडी मर्मतको हकमा भने गाडी मर्मत गर्दा अनिवार्य रूपमा पुराना सामान स्टोर दाखिला गर्न आयोगको मिति २०६५।८।२९ को निर्णय अनुसार नेपाल आयल निगमलाई लेखी पठाईएको ।

५. नेपाल आयल निगमबाट पेट्रोल डिजेल तथा मट्टितेल बिक्री गर्न स्वीकृति लिई पेट्रोल पम्पहरूले पेट्रोल डिजेल तथा मट्टितेल विक्री गर्दै आइरहेका छन । पेट्रोल पम्पहरूबाट पेट्रोल डिजेल तथा मट्टितेल बिक्री गर्दा वील नदिने प्रचलन वढ्दै गएको र यस प्रकारको कार्यले पेट्रोलमा मट्टितेल

मिसावट गरी बिक्री गर्न सजिलो हुन गएको छ । विल नदिदा कति मट्टितेल, पेट्रोल र डिजेल आपूर्ति भयो भन्ने कुराको Verification गर्न नसकिएवाट मिसावट गर्न सजिलो हुन गएको छ । अतः पेट्रोल पम्पहरूवाट बिक्री हुने पेट्रोलियम पदार्थको अनिवार्य विल काट्ने व्यवस्था भएमा मिसावट नहुने हुँदा सो व्यवस्था हुन र विल नकाट्ने पेट्रोल पम्पहरूलाई कारबाही हुन अनुरोध छ भनी परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा भारतको नयाँदिल्ली स्थित श्रीराम रिसर्च संस्थाले समेत नेपालमा प्रयोग गरिने पेट्रोलियम पदार्थमा रेड भेपर टेष्ट, अन्तिम उम्लने विन्दु (एफ.वि.पि) र एक्सिसस्टेण्ड गम निर्धारित सीमा भन्दा वाहिर रहेको उल्लेख गरेको हुँदा नेपाल आयल निगमले निर्धारण गरेको सीमा भन्दा एफ.वि.पि.वढी, रेड भेपर टेष्ट कम र एक्सिसस्टेण्ड गम अत्यधिक वढी देखिनुले नेपालमा प्रयोग गरिने पेट्रोलमा अत्यधिक मिसावट छ भन्ने पुष्टि गर्दछ भन्ने समेत खबर मिति २०६५।१०।८ को पत्रिकामा प्रकाशित भएवाट समेत पेट्रोलमा मिसावट हुने गरेको देखिन्छ । उल्लिखित उजुरी निवेदनसँग सम्वन्धित पदाधिकारीहरूलाई आयोगमा वोलाई छलफल गर्ने आयोगको मिति २०६५।१०।८ को निर्णय वमोजिम आन्तरिक राजश्व विभाग, वाणिज्य विभाग तथा नेपाल आयल निगमका पदाधिकारीहरूलाई मिति २०६५।१०।१२ गते आयोगमा बोलाई छलफल गरियो । छलफलमा संकलन गरी प्रयोगशाला परीक्षणका लागि पठाइएका पेट्रोलियम नमूनाहरू समयमा परीक्षण भई आउने नगरेको हुँदा जाँच गर्ने वर्तमान मौजुदा निकाय भन्दा अलग निकायको व्यवस्था हुनुपर्ने, पेट्रोल र मट्टितेल तथा पेट्रोलमा मिसावट हुन सक्ने खालका रसायनिक तथा अन्य तरल पर्दाथको मिसावट जाँच गर्ने प्रविधि नेपालमा नभएको तथा आयल निगम तथा पेट्रोल विक्री डिपोस्थलको नतिजायुक्त वजार अनुगमन हुन नसकेको र तेल विक्री गर्दा वील अनिवार्य रूपमा काट्ने गरेको नपाइएको यथार्थ रहेको स्पष्ट हुन आयो । उल्लिखित विषयको सम्बन्धमा मौजुदा कानूनी व्यवस्था अनुसार उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६ ले उपभोक्तालाई अनुचित व्यापारिक कृयाकलापवाट सुरक्षित हुनको निमित्त उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण परिमाण शुद्धता, गुणस्तर आदिवारे सूचित हुने अधिकार संरक्षित गर्नुको साथै ऐ ऐनको दफा १४ ले वजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी वनाई उपभोक्तालाई उचित मूल्यमा स्तरयुक्त उपभोग्य वस्तु वा सेवा सरल रूपमा उपलव्ध गराउने कार्यको अनुमान गर्न अधिकृतहरू तोक्ने प्रावधान अनुरूप नेपाल सरकारले २०५७।४।२३ मा सूचना प्रकाशित गरी ७५ वटै जिल्लामा निरीक्षण अधिकृतहरूको व्यवस्था भैरहेको देखिन्छ । उपभोक्ता संरक्षण नियमावली २०५६ को नियम ५१ ले उपभोक्ताको हकहित संरक्षण गर्नको लागि उपभोक्ता वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य गुणस्तर, शुद्धता आदिका सम्वन्धमा सुपरीवेक्षण तथा अनुगमन गर्नको निमित्त नेपाल सरकारले आपूर्ति मन्त्रालयका सहसचिवको संयोजकत्वमा केन्द्रीय अनुगमन समितिको गठन गर्न सक्ने प्रावधान रहेको र नियम ५२ ले आवश्यकतानुसारको जिल्लाहरूमा नेपाल सरकारले जिल्ला अनुगमन समितिहरूको गठन गर्न सक्ने प्रावधान रहेको र उल्लिखित कानूनी प्रावधान वमोजिम केन्द्रीय तथा जिल्ला अनुगमन समितिहरू अस्तित्वमा रहेकै देखिन्छ । नेपाल आयल निगम लिमिटेड विक्रेता नियमावली, २०५३ (प्रथम संशोधन २०५४) को नियम १२ १(क) मा विक्रेताले निगमले उपलव्ध गराएको गुणस्तर वमोजिम पेट्रोलियम पदार्थ बिक्री गर्नुपर्ने दायित्व निर्धारण गरेको तथा नियम १३ (१) ले विक्रेतासंग रहेको पेट्रोलियम पदार्थको गुणस्तर मौज्दात, निगमले जुनसुकै वखत जाँच गर्न सक्ने प्रावधान रहेको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा प्रत्येक दर्ता भएको

व्यक्तिले तोकिए वमोजिमको अवस्थामा वाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विजक दिनुपर्ने छ भन्ने कानूनी प्रावधान रहेको देखिन्छ । पेट्रोलमा हुने गरेको मिसावट सम्बन्धी समस्यालाई निराकरण गर्न भैरहेको कानूनी प्रावधान समेतलाई मध्यनजर गरी आयोगवाट सम्बन्धित निकायहरूलाई पेट्रोलियम पदार्थ विक्रेताहरूले गुणस्तर वमोजिमको पेट्रोलियम पदार्थ बिक्री गरे नगरेको सम्बन्धमा नतिजामुलक वजार अनुगमन गर्न निरीक्षण अधिकृतहरू तथा जिल्ला र केन्द्रिय सुपरिवेक्षण तथा अनुगमन समितिहरूलाई कृयाशील वनाउन वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिन, गुणस्तर वमोजिमको पेट्रोलियम पदार्थ बिक्री गर्नुपर्ने विक्रेताको दायित्व रहेको, र नेपाल आयल निगमले उपलव्ध गराएको पेट्रोलियम पदार्थको मौज्दातको गुणस्तर निगमले जुनसुकै वखत जाँच गर्न सक्ने नै देखिदा पेट्रोलियम पदार्थको गुणस्तरलाई अनुगमन गर्न नेपाल आयल निगम लिमिटेडले स्पष्ट र भरपर्दो आन्तरिक व्यवस्था मिलाई नियमित तथा आकस्मिक जाँच गर्न नेपाल आयल निगमलाई निर्देशन दिन, पेट्रोलमा रसायनिक एवं अन्य तरल पदार्थहरूको मिसावट हुने प्रवल सम्भावना रहेकोले सो को पहिचान गरी त्यस्ता पदार्थको आयात र विक्री वितरणलाई नियन्त्रण गर्न सम्वन्धित मन्त्रालयमा लेखी पठाउन, पेट्रोलमा मट्टितेल तथा अन्य रसायनिक एवं तरल पदार्थहरूको मिसावट जाँच गर्न नेपालमा रहेका विद्यमान प्रयोगशालाहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न सक्ने गरी भौतिक साधन सम्पन्न गराई सक्षम वनाउन आयोगको मिति २०६५।१०।१२ को निर्णय अनुसार वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाईएको ।

६. साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडका विभिन्न पदाधिकारीहरूको मिलेमतो तथा संलग्नतामा नून खरिदमा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा नेपाल सरकारको निर्णय अनुसार पछिल्लो पटक २०६९ साल असार मसान्तसम्म नेपालभर आयोडिनयुक्त नूनको आयात तथा बिक्री वितरणको व्यवस्था गर्ने अधिकार साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले प्राप्त गरेको देखियो । साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडमा नेपाल सरकार र नेशनल ट्रेडिङ लिमिटेडको समेत गरी कूल शेयरको २१.४२ प्रतिशत रहेको र नून विक्री तथा आयातको एकाधिकार समेत यही संस्थाले प्राप्त गरेको हुनाले जनहितको प्रवर्द्धन र आफ्नो लगानीको सुरक्षाको पर्याप्त व्यवस्था मिलाउन नेपाल सरकारको जिम्मेवारी र कर्तव्य पनि हो । साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले आयोगमा पेश गरेको विगत तीन वर्षको नून खरिद विवरण र सम्झौता अध्ययन गर्दा भारत सरकारको पूर्ण स्वामित्वको हिन्दुस्तान साल्ट लिमिटेड र अन्य भारतीय निजी कम्पनीको नूनको दरमा अन्तर देखियो । उदाहरणको लागि आर्थिक वर्ष २०६४।६५ मा हिन्दूस्तान साल्ट लिमिटेडबाट Phoda Salt ५०६४.३०० मे. टन भा.रु. ५२५।- प्रति मे.टन का दरले खरिद गरेको देखिन्छ । तर सोही Phoda Salt भारतका अन्य प्राइभेट कम्पनीबाट खरिद गर्दा प्रति मे.टन. भा.रु. ५५१ तिरेको पाइन्छ । यस्तो दर अन्तर भारतका निजी कम्पनीहरूका बीच पनि रहेको देखियो । Fine Crushed नुन विधि साल्ट ट्रेडर्सबाट प्रति मे.टन भा.रु. ५३१।- का दरमा ४९९१.१५० मे.टन खरिद गरेको देखिन्छ भने सोही नून राम्पाल साल्ट ट्रेडिङ कम्पनीबाट भा.रु. ६०१।- प्रति मे.टन का दरमा ५०८५.७५० मे.टन खरिद गरेको पाइयो । अंकुर केमफुड प्रा. लि. बाट Refined नुन भा.रु. १,८९०।- प्रति मे.टन मा ३२१०४.०५० मे.टन खरिद गरेको देखियो भने सोही नून सेन्चुरी केमिकल्स बाट प्रति मे.टन भा.रु. १,८०६।- मा खरिद गरेको देखियो । यस्तो दर अन्तरको अवस्था आर्थिक वर्ष २०६२।६३ र २०६३।६४

मा पनि रहेको देखियो । साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको आर्थिक व्यवस्था विनियम, २०६२ को विनियम ३४.५ ले व्यापारिक वस्तुहरू भारतीय वजारबाट खरिद गर्नुपर्दा अर्थ तथा वाणिज्य समितिले आवश्यक ठानेमा उक्त समितिको प्रतिनिधिको नेतृत्वमा स्थलगत निरीक्षण गरी बजारको स्थिति, प्रचलित मूल्य, गुणस्तर, उपलब्धता एवं कर्पोरेशनको आवश्यकताको आधारमा विश्वसनीय उत्पादक एवं व्यापारिक प्रतिष्ठानहरूसित नेगोसिएसन गरी सोझै खरिद गर्न सकिने भनी व्यवस्था गरेको देखियो । प्रतिस्पर्धाबिना करोडौंको व्यापारिक मालवस्तु भारतबाट नेगोसिएसन गरी सोझै खरिद गर्न सकिने गरी बनाइएको कर्पोरेशनको आर्थिक व्यवस्था विनियमले प्रतिस्पर्धाबाट कर्पोरेशन लाभान्वित हुन सक्ने अवस्था नै सिर्जना हुन पाएन । यस्तो खालको प्रावधानलाई व्यावहारिक र उपयुक्त भन्न सकिएन । त्यसैले प्रतिस्पर्धा बिना नेगोसिएसन गरी सोझै खरिद गर्न सकिने गरी बनाइएको आर्थिक व्यवस्था विनियम २०६२ को उक्त प्रावधान तत्काल निलम्बन गरी अर्को व्यवस्था नभए सम्म सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को प्रकृयावाट मात्र खरिद गर्ने व्यवस्था गर्न र उक्त आर्थिक व्यवस्था विनियमलाई सार्वजनिक खरिद ऐन नियम अनुकुल हुने गरी संशोधन र परिमार्जन गर्न आयोगको मिति २०६५।१०।२६ को निर्णय अनुसार साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको सञ्चालक समितिलाई लेखी पठाईएको ।

७. साल्ट ट्रेडिङ कर्पोरेशनका प्रवन्धक व्रजेश कुमार झाले कालीमाटी स्थित तरकारी तथा फलफूल व्यापार केन्द्रको प्रवन्धक भै काम गर्दा करिव रु. २० लाख भन्दा वढी रूपैयाँ अनियमितता गरेकोमा निजलाई कुनै कारबाही नभएको हुँदा कारबाही गरी पाउँ भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा कुनै कारोवार गर्दा गराउँदा प्रचलित नियम कानूनको अधिनमा रही नोक्सानी घटाइ नाफा वढाउने तर्फ आवश्यक नीति एवं संयन्त्र निर्माण गरी व्यवस्थित गर्नपर्नेमा सो भएको पाइएन । त्यस्तो संयन्त्रको निर्माण नै नभई तरकारी केन्द्र खोली लगानी गरी बन्द समेत गरेको देखिएको तथा कर्पोरेशनबाट गरिने उधारो कारोवारमा समेत कुनै निश्चित नीति बनाई अवलम्वन गरेको नदेखिएको हुंदा अव गरिने सोही प्रकृतिका कुनै पनि काम कारबाहीहरू गर्दा सो बारेमा यथेष्ट अध्ययन गरी आवश्यक संयन्त्र निर्माण एवं नीति तर्जुमा गरी कार्य गर्न गराउन एवं हाल वन्द भैसकेको तरकारी तथा फलफूल आयात निर्यात तथा खरिद विक्री केन्दबाट तत्कालीन अवस्थामा उधारो गएका रकमहरूका सम्वन्धमा कडाइका साथ असुलउपर गर्नु पर्ने दायित्व कर्पोरेशनको रहेकोले त्यस्ता असुल हुन बाँकी देखिएका उधारो रकमहरू यथाशीघ्र असुलउपर गराई आयोगलाई जानकारी दिन आयोगको मिति २०६५।११।२६ को निर्णय अनुसार साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडलाई लेखी पठाईएको ।

८. नेपाल आयल निगमको विज्ञापन नं. २०/०६४/६५ उप प्रबन्धक एम.बि.ए. सातौं तह अप्राविधिक सेवा प्रशासन समूहको रिक्त पदपूर्ति गर्दा लिइएको खुला लिखित र प्रतियोगितात्मक परीक्षाको सम्बन्धमा अनियमितता भएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा परीक्षण गरिएका उत्तर पुस्तिका तथा अन्तर्वार्तामा दिएका अंकहरू हेर्दा परीक्षण विधिमा अमिल्दो अवस्था (Inconsistency) देखिएको, साथै अन्तर्वार्ताको अधिकतम र न्यूनतम अंकभार लोकसेवा आयोगद्वारा निर्धारित अंकभार भन्दा फरक देखिनुका साथै अन्य अनियमितता समेत देखिएको हुँदा लिखित परीक्षामा उत्तीर्ण भई

अन्तर्वार्ता समेतबाट उत्तीर्ण र वैकल्पिक उम्मेदवारहरू समेत सबैको उत्तर पुस्तिकाहरू हेरियो । लिखित परीक्षाको उत्तर पुस्तिका अवलोकन गर्दा उत्तर पुस्तिकाहरू राम्रोसँग जाँच गरिएको नपाइएको तथा समग्रमा अंक प्रदान गर्दा एकरूपता समेत नदेखिएको र लिखित परीक्षामा ४० अंकभन्दा कम ल्याउने उम्मेदवारलाई अन्तर्वार्तामा अत्यधिक बढी अंक दिई सफल बनाएको देखियो । तसर्थ प्रस्तुत विषयमा लोक सेवा आयोगको मापदण्ड समेतलाई विचार गरी निर्णय गर्न, नेपाल आयल निगमको परीक्षा सम्बन्धी कार्यविधि, २०६३ मा भएको अन्तर्वार्तामा अंक प्रदान गर्ने सम्बन्धी व्यवस्थामा सञ्चालक समितिको मिति २०६४।१।२४ को निर्णय अनुसार घटी अंक र बढी अंकको हद निर्धारण गरेका आधारहरू लोक सेवा आयोगबाट निर्धारित अंकभारसँग मिल्न सकेको नदेखिंदा अन्तर्वार्ता र लिखित परीक्षाको अंक भार लोकसेवा आयोगले निर्धारण गरेको भन्दा फरक नपर्ने गरी विधि निर्माण गर्न, नेपाल आयल निगमबाट उपरोक्त प्रकरण १ वमोजिमको कार्य सम्पन्न गरी एक महिना भित्र आयोगलाई जानकारी गराउन आयोगको मिति २०६५।१२।२३ को निर्णय अनुसार नेपाल आयल निगमलाई लेखी पठाईएको ।

९. नेपाल आयल निगम लिमिटेडबाट आ.व. २०६४।६५मा अन्तरिक प्रतियोगिताबाट अधिकृत स्तर सातौ तहमा वढुवा गर्दा निगमको कर्मचारी सेवा शर्त विनियम २०६३ बमोजिम हुनु पर्ने शैक्षिक योग्यता नभएकाहरूलाई बढुवा गरिएको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा नेपाल आयल निगम लिमिटेड कर्मचारी सेवा शर्त विनियमावली २०६३ को विनियम ६.३ अनुसार नियमित बढुवाको लागी एक तह मुनीको पदको लागी तोकिए बमोजिमको शैक्षिक योग्यता हुनु पर्ने, बिनियमको अनुसूचि १८मा अधिकृत स्तर (अप्राविधिक) पदका लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै मुख्य बिषय लिई स्नातकोपाधि प्राप्त भएको भनी उल्लेख भएको र बिनियम ६.७ मा अधिकृत स्तर सातौ तह र सो भन्दा माथीको अधिकृत स्तर तहको पदमा बढुवाको लागी कम्तीमा पदसंग सम्वन्धित बिषयमा स्नातक भएको हुनु पर्ने छ भन्ने स्पष्ट उल्लेख भएको भएता पनि, नेपाल आयल निगम लिमिटेडबाट आ.व. २०६४।६५ मा उप प्रवन्धक सातौ तहमा आन्तरिक प्रतियोगिताबाट बढुवा गर्दा उप प्रवन्धक सातौ तह र सहायक प्रवन्धक छैठौ तहको लागी एउटै शैक्षिक योग्यता भएकोले बढुवा हुनको लागी विनियम ६.३ अनुसार एक तह मुनीको पद बरिष्ट सहायक तह पाँचको निर्धारित शैक्षिक योग्यता अर्थात प्रविणता प्रमाण पत्र तह उतिर्ण भएकाहरूलाई आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट उप प्रवन्धक सातौ तहमा बढुवा गरिएको भन्ने नेपाल आयल निगम लिमिटेडको स्पष्टिकरण बिनियम सम्मत नभएको देखिएको तथा उप प्रवन्धक सातौ तहमा बढुवा हुन न्युनतम शैक्षिक योग्यता स्नातकोपाधि प्राप्त हुनु पर्ने भनी निगमको कर्मचारी सेवा शर्त बिनियमावलीमा उल्लेख भएको देखिएको हुदाँ आयोगको मिति २०६६।३।२ को निर्णय अनुसार प्रचलित कानूनको रीत पुऱ्याई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख अनुसार बढुवा सम्वन्धि उक्त निर्णय सच्च्याउन नेपाल आयल निगम लिमिटेडलाई लेखि पठाईएको ।

(घ) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. पशु आहार उत्पादन विकास समिति, हेटौडाका तत्कालीन प्रवन्धक डा.मुनिलाल चौधरीले स्टोर किपर मानसिंह थापालाई सफाइको मौकानै नदिई सेवावाट अवकाश दिइएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पशु आहार उत्पादन विकास समिति हेटौडाका तत्कालीन प्रवन्धक डा.मुनिलाल चौधरीले उक्त समितिका स्टोर किपर मानसिंह थापालाई चोरी गरेको अभियोगमा सुनुवाईको मौका नै नदिई मिति २०६३।९।२५ देखि लागू हुने गरी सेवावाट अवकाश दिइएको साथै तत्कालीन स्टोरकिपर मानसिंह थापाको मिति २०६३।१२।१ मा म्याद भित्रै पुनरावेदन दर्ता गराएको देखिएको र हालसम्म पनि उक्त पुनरावेदनपत्र उपर कारबाही भएको नदेखिएकाले उक्त पुनरावेदन उपर तीन महिनाभित्र टुङ्गो लगाउन आयोगको मिति २०६५।४।२१ को निर्णयानुसार कृषि तथा सहकारी मन्त्रालयलाइ लेखि पठाईएको ।

२. दुग्ध विकास संस्थान, लैनचौरबाट लिईएको विज्ञापन नं. ९।२०६३।६४ को वरिष्ठ कम्प्यूटर अप्रेटर (खुल्ला) पाँचौ तहको प्रयोगात्मक परीक्षामा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा दुग्ध विकास संस्थानबाट लिईएको विज्ञापन नं. ९।२०६३।६४ को वरिष्ठ कम्प्यूटर अप्रेटर तह-५ (खुल्ला) तर्फको परीक्षामा उत्तरपुस्तिका परीक्षण गर्दा पेन्सिलको प्रयोग गरेको, पहिला बेठीक चिन्ह लगाईएकोमा पछि त्यसलाई मेटेर ठीक चिन्ह लगाएर नम्बर दिइएको र एउटै वस्तुगत प्रश्नको उत्तरमा दुई ठाउँमा चिन्ह लगाईएकोमा त्यस्तो उत्तरलाई गलत मानी अंक प्रदान नगर्नु पर्नेमा ठीक मानी अंक प्रदान गरिएको जस्ता अनियमित कार्यहरू गरेको पाईएकोले उक्त विज्ञापन नम्बरको परीक्षा रद्द गरी दरखास्त दिईसकेका उम्मेदवारहरूको पुन लिखित, प्रयोगात्मक र अन्तवार्ता परीक्षा लिने । परीक्षा सम्बन्धी कार्य गर्दा पेन्सिलको प्रयोग नगर्न तथा एउटै वस्तुगत प्रश्नको उत्तरमा दुई ठाउँमा चिन्ह लगाएकोमा त्यस्तो उत्तरलाई गलत मानी अंक प्रदान नगर्न समेत आयोगको मिति २०६५।५।८ को निर्णय अनुसार दुग्ध विकास संस्थानलाई लेखी पठाईएको ।

३. साझा स्वास्थ्य सहकारी लि. को संचालक समितिले अनियमितता गरी बढुवा गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा साझा स्वास्थ्य सेवा सहकारी लि.को अधिकृत तृतीय श्रेणीका कर्मचारी श्रीमति भवानी पाठकले आफ्नो स्नातकोपाधी शैक्षिक योग्यता नहुदा अधिकृत द्वितीय श्रेणीमा बढुवा हुन नसक्ने भएकोले नियमावली संशोधन गरी बढुवा गरीदिन मिति २०६५।४।१ मा संचालक समितिको अध्यक्ष समक्ष निवेदन दिएको देखियो । मिति २०६५।५।१५ को संचालक समितिको बैठकले कर्मचारी तथा आर्थिक प्रशासन नियमावली २०५४ को नियम ७.३ मा संशोधन गर्दा समावेशी सिद्धान्तको आधारमा बढुवा गर्ने भन्दै १ तह मुनिको शैक्षिक योग्यता भएपनि सो पदमा १० वर्ष सम्म काम गरेकोलाई बढुवा गर्ने भनी संशोधित व्यवस्थामा उल्लेख गरेको तर संशोधनमा समावेशी सिद्धान्तको मर्म र भावनालाई आत्मसात नगरी कुनै एकजना व्यक्ति उपर मात्र लक्षित गरी संशोधन गरेको देखिन आयो । सोही मितिमा श्रीमती भवानी पाठकलाई अधिकृत तृतीयबाट अधिकृत द्वितीयमा सोही मितिबाट लागू हुने गरी बढुवा गर्ने निर्णय गरेको देखिन्छ । यसरी नियमावली संशोधन गर्नु र संशोधन भएकै मितिमा सोही दिनदेखि लागू हुने गरी बढुवागर्दा विनियम ९

बमोजिम बढुवाको लागि आवश्यक पर्ने कानूनी प्रक्रिया पुरा गरेको देखिएन । नियमावली संशोधन भएको दिन यस्तो संशोधनबाट निज पाठक मात्र प्रभावित हुने कर्मचारी हुन भनी अनुमानका भरमा सोही बैठकले सोही दिनदेखि लागू हुनेगरी बढुवा गर्ने काम बदनियतपूर्वक गरेको देखिएकोले यस्तो अनुचित कार्य अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३ (घ) को परिभाषाभित्र पर्ने भएकोले संचालक समितिका बैठकमा उपस्थित पदाधिकारीलाई कार्यक्षमताको अभाव भएको र मिति २०६५।५।१५ मा संचालक समितिबाट भएको निर्णय मध्ये निर्णय नं. ५ मा समावेशी सिद्धान्त बमोजिम भवानी पाठकलाई अधिकृत तृतीयबाट अधिकृत द्वितीयमा नियमावली संशोधन भएकै मितिदेखि लागू हुने गरी गरेको बढुवा नियम ९ को प्रतिकूल देखिंदा कानून सम्मत नभएकोले सो वढुवा गर्ने निर्णयलाई पूर्वावस्थामा पुऱ्याउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख बमोजिम दुष्कृती सच्याई पूर्वावस्थामा राखी कानूनी प्रावधान पूरा गरी बढुवाको काम कारबाही गर्नु भनी संचालक समितिलाई निर्देशन दिई नियमावलीलाई वास्तविक समावेशी चरित्रको हुने व्यवस्था गर्न आयोगको मिति २०६५।९।१ को निर्णय अनुसार सञ्चालक समितिलाई निर्देशन लेखी पठाईएको ।

४. राष्ट्रिय दुग्ध विकास वोर्डका कार्यकारी निर्देशक अरुण श्रेष्ठ र लेखा अधिकृत विदुर राईले बाँकेको कोहलपुरमा वागेश्वरी दुग्ध कारखाना खोल्न छुट्टयाइएको १ करोड ५० लाख रूपैयाको उपकरण खरिद गर्ने टेण्डर कार्यमा अनियमितता गरी आर्थिक हिनामिना गरेको र परफरमेन्स वण्ड वापत राखेको रकम काम सम्पन्न हुनु अगावै फुकुवा गरी भ्रष्टाचार गरेकोले निजहरू उपर कारबाही गरी पाउं भन्ने बिषयको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा निज तत्कालीन कार्यकारी निर्देशक अरुण श्रेष्ठ, तत्कालीन लेखा अधिकृत विदुर राई, तत्कालीन प्रशासन शाखा प्रमुख शाखा अधिकृत व्रजमोहन अधिकारी र तत्कालीन लोकल एजेण्ट मेट्रो ट्रेडिङ हाउस प्रा.लि. र तत्कालीन मेट्रो ट्रेडिङ हाउस प्रा.लि का प्रवन्ध निर्देशक समेत भई हाल राष्ट्रिय दुग्ध विकास वोर्डका कार्यकारी निर्देशक रहेका डुननाथ पाठक समेतको हकमा भएको अनुसन्धान कार्य पूरा भई प्राप्त भएको अनुसन्धान अधिकृतको प्रतिवेदन यस आयोगमा मिति २०६५।१०।२० को वैठकमा पेश भइ छलफल हुँदा नेपाल सरकारको आ.व. ०५८।०५९ को बजेट अनुसार बाँकेको कोहलपुरमा वागेश्वरी दुग्ध कारखाना स्थापनार्थ राष्ट्रिय दुग्ध विकास वोर्डमार्फत वजेट विनियोजन भएअनुरूप मेशिनरी उपकरण उपलब्ध एवं जडान समेतको कार्य सम्पन्न गर्नको लागि भारतको M/S ECLAT Auto Pack Pvt.Ltd. लाई जिम्मा दिएकोमा उक्त कम्पनीबाट कार्य सम्पन्न नगरी छाडी गएकोले परफरमेन्स वण्ड वापत जम्मा गरिएको रकम जफत हुनुपर्नेमा सो नभई परफरमेन्स वण्ड फुकुवा भई गएको सम्वन्धमा उक्त कम्पनीसंग गरेको सम्झौता पत्रको कन्डीसन अफ कन्ट्रयाक्ट को क्रमसंख्या नं. २ को खण्ड बी मा सम्झौता भएबमोजिम सन्तोषजनक कार्य सम्पन्न गरी सरकारबाट कर चुक्ता प्रमाणपत्र लिइ पेश गरेपछि मात्र फुकुवा हुने भनी स्पष्ट उल्लेख गरिएको र सोही शर्तहरूको दफा ६ मा समेत परफरमेन्स वण्ड जफत हुने अवस्था उल्लेख भएको हुँदा उक्त बैंकबाट प्राप्त परफरमेन्स वण्ड समयमा रिन्यु गर्ने काम सम्वन्धित कम्पनी समेतको रहेकोमा रिन्यू नगरी सम्झौता विपरीत परफरमेन्स वण्ड झिकिएको देखिएकोले तत्कालीन लोकल एजेण्ट मेट्रो ट्रेडिङ हाउस प्र.लि.लाई ऊक्त परफरमेन्स वण्ड सम्वन्धमा के कसो हो भनी जानकारी माग गर्दा निज कम्पनीबाट उक्त

परफरमेन्स वण्डवापत लुम्बिनी बैंकमा जम्मा गरिएको रकम सम्वन्धित निकायबाट दावी नगरेको कारण बैंककै नियम र बैंक ग्यारेण्टीमा उल्लिखीत शर्त अनुसार फुकुवा भई आफ्नो खातामा जम्मा हुन आएको भन्ने उल्लेख गरी उक्त रकम रु. ६,३५,०००।- राजश्व शिर्षक नं १-१-६-२० कार्यालयको कोड नं. २७-१५-०१ खाता नं. क-१-१-०९१ ने.रा.बैंक थापथलीमा जम्मा गरी सो को भौचर समेत प्राप्त भैसकेकोले सो सम्वन्धमा थप कुनै कारबाही गरिरहन परेन । अतः एव बाँकेको कोहलपुरमा वागेश्वरी दुग्ध कारखाना स्थापनार्थ भए गरेका काम कारबाहीहरूलाई पुनः सुचारु गरी बाँकी रहेको काम समयमै सम्पन्न गराउने तर्फ कारबाही नचलाउँदा निर्माणस्थलमा भएका उपकरणहरूमा खरावी आइ राज्यलाई थप नोक्सान पुग्न जाने भएकोले उक्त कारखाना संचालनार्थ प्रचलित कानूनको अधिनमा रही मितव्ययी हिसाबले आवश्यक प्रकृया यथाशीघ्र अगाडी वढाई कार्यसम्पन्न गर्न गराउन आयोगको मिति २०६५।१०।२० को निर्णय अनुसार राष्ट्रिय दुग्ध विकास वोर्डलाई लेखी पठाईएको ।

(ङ) गृह मन्त्रालय अन्तर्गत

१. कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा आर्थिक वर्ष २०६१।६२, २०६२।६३ र २०६३।६४ मा कम्पनी दर्ता गर्न नक्कली भौचर पेश गरी कम्पनी दर्ता गरी राजस्व छलेको सम्बन्धमा अनुसन्धान हुँदा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा आर्थिक वर्ष २०६१।६२, २०६२।६३ र २०६३।६४ मा नक्कली भौचर पेश गरी कम्पनी दर्ता गरी उक्त आ.व.मा क्रमशः रु. १,१२,८००।-, रु. १८,५५,४५०।- र रु. ८,१०,८००।- राजस्व छलेको आयोगको अनुसन्धानबाट खुल्न आएको र तत्सम्बन्धमा आर्थिक वर्ष २०६२।६३ मा प्रहरी कार्यालयले संलग्न व्यक्तिहरू उपर ठगीमा मुद्दा चलाइसकेको बुझिएको र आर्थिक वर्ष ०६१।६२ र ०६३।६४ मा नक्कली भौचर प्रकरणमा संलग्न व्यक्तिहरू उपर कानून बमोजिम कारबाही गर्ने काम भएको नदेखिएकोले यथाशीघ्र दुई आर्थिक वर्षको हकमा समेत अनुसन्धानको कार्य पूरा गरी कानून बमोजिम कारबाही गर्नु भनी आयोगको मिति २०६५।४।२० को निर्णय अनुसार महानगरीय प्रहरी परिसर, हनुमानढोकालाई लेखी पठाईएको ।

२. त्रिभुवननगर नगरपालिका वडा नं. ११ अवस्थित बालमन्दिर कम्पाउण्डवाल भित्र वालमन्दिरले चर्ची आएको जग्गा धितो राखी ऋण लिने कार्य कानून विपरित भएकोले हदैसम्मको सजाय गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा घोराही दाङ्गमा रहेको बालमन्दिरको लागि आवश्यक जग्गा क्षेत्रफल १-०-१९ जग्गाधनीहरूलाई मुआव्जा दिई अधिग्रहण गरी प्राप्त गर्ने प्रक्रिया अपनाइएको देखियो । मिति २०५०।१०।०५ मा नेपाल बाल संगठन, जिल्ला कार्य समितिले गरेको निर्णयमा जग्गाधनीहरूले मुआव्जा पाइसकेको र भरपाई आदि सम्पूर्ण कागजात तत्कालीन निर्माण समितिका सदस्यसचिव एवं प्र.जि.अ. लाई बुझाईसकेको भन्ने उल्लेख भएतापनि अनुसन्धानबाट उक्त कागजातहरू र प्रमाण उपलव्ध नभएको हुंदा वालमन्दिर कम्पाउण्डभित्र पर्ने र हालसम्म पनि बालमन्दिरको नाममा नआई व्यक्तिहरूकै निजी स्वामित्वमा रहेको देखिएको हुंदा के भएको हो स्पष्ट बुझी मुआब्जा प्रदान गरिसकिएको भए तत्काल वालमन्दिरको नाममा नामसारी गराउने र

मुआब्जा नदिइएको अवस्था भए मुआब्जा दिनेतर्फ तत्काल कारबाही गर्न आयोगको मिति २०६५।५।५ को निर्णय अनुसार प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाईएको ।

३. जिल्ला प्रशासन कार्यालय झापाबाट २०५८।७।१५ गते रकमको चलखेल गरी नेपाली नागरिकताको प्रमाणपत्र तथा राहदानी समेत लिई विभिन्न व्यक्तिलाई ठगी समेत गर्दै हिड्ने बिदेशी (मलेशियन) केटीलाई कारबाही गरी पाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज अनीता भट्टराईको दाजु मोहन भट्टराईले आयोगमा निज अनीता भट्टराईको राहदानीमा टाँस भएको फोटो हेरी निजलाई चिन्दिन भनी सनाखत समेत गरेकोले नागरिकताको प्रमाणपत्रमा र राहदानीमा टांस भएको फोटो बदलेको हो वा होइन तथा निज मोहन भट्टराईको बयानमा सत्यता भए नभएको समेतको अनुसन्धान प्रहरी कार्यालयले गर्नुपर्ने भएकोले उजुरीसंग सम्बन्धित कागजातको फोटोकपी समेत राखी आवश्यक कारबाही गरी टुंगोमा पुऱ्याउन आयोगको मिति २०६५।५।१७ को निर्णय अनुसार जिल्ला प्रहरी कार्यालय झापालाई लेखी पठाईएको ।

४. मालढुङ्गा बेनी सडक र जिल्ला बिकास समितिको कार्यालय म्यागदीमा रकम हिनामिना भई भ्रष्टाचार भएको भन्ने विषयमा आयोगमा परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सोही जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई मिति २०६२।१।२९ मा अनुसन्धान अधिकृत तोकिएको र पटक पटक म्याद थप भै ३ बर्ष बिति सक्दा पनि कुनै अनुसन्धान कारबाही भएको देखिएन । आयोगले गर्ने अनुसन्धान तहकिकातका काममा प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रत्यायोजन गरी अनुसन्धान अधिकृत तोकीने गरेकोमा बिभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले अनुसन्धान तथा छानबिनमा तदारुकता नदेखाई उदासिनता देखाउने गरेको कारण आयोगको काममा प्रभावकारीता आउन नसक्ने अवस्था प्रति आयोगको ध्यानार्कषण भई आयोगबाट तोकिएको अनुसन्धान तहकिकातको कामलाई प्राथमिकता दिई समयमानै संपादन गर्न सबै प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिनु भनी आयोगको मिति २०६५।५।२४ को निर्णय अनुसार गृह मन्त्रालयका सचिवलाई लेखी पठाईएको ।

५. मालपोत कार्यालयमा घर जग्गा रजिष्ट्रेशन पारित गर्दा कानून विपरित १% थप दस्तुर उठाउने र जिल्ला प्रशासन कार्यालयबाट राहदानी वितरण गर्दा प्रति व्यक्ति थप रु.५००।- उठाई सामाजिक सेवा कोषमा जम्मा गराई रुकुम जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी बल बहादुर मल्लले आफूखुशी खर्च गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय रुकुमको सामाजिक सेवा कोषको नाममा जिल्लामा ०५३।३।९ मा कोष खडा गरी घर जग्गा रजिष्ट्रेशन पारित हुने लिखतको थैली अंकको १% थप दस्तुर लिने र राहदानी लिन आउने सेवाग्राहीबाट प्रति व्यक्ति रु.३००।- थप दस्तुर लिई कोषमा दाखिल गर्ने गरिएको भन्ने समेत व्यहोरा उल्लेख भएको देखिंदा कानून बमोजिम बाहेक थप दस्तुर उठाउन नपाउने हुँदा उठाएको उक्त कोषको रकम सदुपयोग भएको छ छैन, त्यसतर्फ अनुगमन गर्न र कानूनले अख्तियार दिएको बाहेक अन्य कर दस्तुरहरू नउठाउन जिल्ला प्रशासन कार्यालय रुकुम तथा अन्य सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गर्न आयोगको मिति २०६६।२।१ को निर्णय अनुसार गृह मन्त्रालयका सचिवलाई लेखी पठाईएको ।

(च) उर्जा/सिंचाई मन्त्रालय अन्तर्गत (तत्कालिन जलश्रोत मन्त्रालय)

१. चिलिमे जलविद्युत कम्पनी लि. को शेयर वाँडफाँडमा अनियमित्ता भएको, सर्वसाधारणलाई शेयर विक्री नगरी धितो पत्रबोर्डले चिलिमे जलविद्युतको शेयर सूचीकृत गरी विक्री वितरण गरेको, प्राधिकरणका कर्मचारी नै चिलिमे जलविद्युत कम्पनीको संस्थापक शेयरधनी भएकोले जिम्मेवार पदाधिकारीलाई कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा चिलिमे जलविद्युत कम्पनी, कम्पनी ऐन २०२१ अनुसार २०५२ सालमा स्थापना भएको देखियो । यो कम्पनीमा ५१ प्रतिशत शेयर नेपाल विद्युत प्राधिकरणको रहेको र यसमा नेपाल विद्युत प्राधिकरणका तत्कालीन कर्मचारीहरू (हाल अधिकांश सेवा निवृत्त र केही बहाल रहेका) संस्थापक शेयर धनीका रूपमा रहेको समेत पाइयो । चिलिमे जलविद्युत कम्पनी स्थापना हुंदा मिति ०५२।३।१६ मा नेपाल विद्युत प्राधिकरणको संचालक समितिको निर्णयानुसार निजहरू कम्पनीको हिस्सेदार भएको भन्ने सम्वन्धित अधिकारीहरूको भनाई रहेको र नेपाल विद्युत प्राधिकरण, सञ्चालक समितिको मिति ०५२।३।१६ को निर्णयानुसार सो निर्णय भएको समेत देखियो । नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा नियमावली, २०६२ को नियम १११ मा प्राधिकरणका कर्मचारीले स्वीकृति लिएर फर्मको हिस्सेदार वन्न सक्ने भन्ने व्यवस्था भएको पाइयो । यसरी नेपाल सरकारको शतप्रतिशत स्वामित्व भएको विद्युत क्षेत्रमा क्रियाशील सार्वजनिक संस्थाका कर्मचारी जलविद्युत कम्पनीकै संस्थापक शेयरधनी हुन पाउने गरी नियमावलीमा गरेको व्यवस्थाले (Conflict of Interest) हुने देखिन्छ । अतः संस्थापक शेयरधनी हुन पाउने गरी नियमावलीमा गरिएको व्यवस्थालाई संशोधन गर्न, चिलिमे जलविद्युत कम्पनीले २०५४ सालमा नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद सम्झौता (PPA) गर्दा प्रति इकाई मूल्य रु. ३ निर्धारण भै ८ प्रतिशतका दरले १२ वर्षसम्म मूल्य बृद्धि रहने प्रावधान भएकोमा २०६४।४।१ देखि लागू हुने गरी सम्झौता पुनरावलोकन भई पुनरावलोकनको प्रावधान अनुसार ८ वर्ष मूल्य वृद्धि भैसकेपछि २०६४।४।१ देखि ५ वर्षसम्म आ.व. ०६३।६४ मा कायम भएको मूल्य स्थिर रही आ.व. ०६९।७० देखि ४ वर्ष ६ प्रतिशतका दरले मूल्य वृद्धि रहने प्रावधान रहेको कुरा नेपाल विद्युत प्राधिकरणले आयोगलाई दिएको पत्रमा उल्लेख गरेको पाइयो । उक्त पत्रमा हालसम्म चिलिमे जलविद्युत कम्पनीसंग ६७,३९,८२,०४६।३२ इकाई विद्युत खरिद गरी नेपाल विद्युत प्राधिकरणले विजुलीको मूल्य वापत रु.३,८३,१३,४७,४५४।४६ भुक्तानी गरेको, तर सो खरिद विद्युत विक्री गर्दा रु.३,४१,५३,३४,५६२।७८ प्राप्त गरी रु.४१,६०,१२,८९१।६८ नोक्सान भएको देखियो । यसरी नोक्सान व्यहोर्नुको मुख्य कारण उच्च दरमा विद्युत खरिद सम्झौता (PPA) भएको स्पष्ट नै छ । अतः नोक्सान नहुने गरी साविकको विद्युत खरीद सम्झौता (PPA) मा पुनरावलोकन गरी सो को जानकारी आयोगलाई गराउन नेपाल विद्युत प्राधिकरणको संचालक समितिलाई र जलविद्युत कम्पनीले २०६२ सालमै कर्मचारीको लागि भनी छुट्टाएको शेयर निष्काशन भैसकेको तर सर्वसाधारण जनताको लागि निष्काशन गर्नु पर्ने शेयर हालसम्म निश्कासन भएको नदेखिएको सन्दर्भमा प्रचलित कानून बमोजिम सर्वसाधारणको लागि शेयर निष्कासन सम्वन्धी कार्य ३ (तीन) महिनाभित्र गर्न गराउन आयोगको मिति २०६५।७।१० को निर्णय अनुसार चिलिमे जलविद्युत कम्पनी र नेपाल धितोपत्र बोर्डलाई लेखी पठाईएको ।

२. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको वस्तुस्थिति वारेको स्थलगत अध्ययन प्रतिवेदनका सन्दर्भमा आयोगवाट सम्बद्ध मन्त्रालयका सचिवहरू, महानिर्देशकहरू, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय समेतसंग छलफल हुँदा नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय, समन्वय र सुरक्षाजन्य समस्याहरू देखिएका छन् । विमानस्थलमा विद्यमान रहेका यी समस्याहरूका कारण एकातर्फ आमयात्रुले निर्वाध रूपमा प्राप्त गर्नु पर्ने सेवा र सुविधाबाट बन्चित हुनु पर्ने अवस्था सृजना भएको देखिन्छ भने अर्कोतर्फ विदेशीहरूको प्रवेश विन्दुको रूपमा रहेको विमानस्थलमा रहेको अव्यवस्थाले पर्यटकहरूमा नेपाल प्रतिको नकारात्मक धारणा सृजना हुन जान्छ । यस अवस्थामा विमानस्थल जस्तो अति संवेदनशील स्थलमा हरदम पूर्ण रूपमा विद्युत आपूर्ति अनिवार्य हुन्छ । तर विद्युत लोडसेडिङको कारणले विमानस्थलमा संचालित विद्युतीय उपकरणहरूको संचालन र जहाज उडानमा समेत असर परेको र यसले सुरक्षा व्यवस्थामा समेत गम्भिर असर पर्न सक्ने हुँदा विमानस्थलमा चौंबीसै घण्टा विद्युत आपूर्तिको समुचित व्यवस्था मिलाउन आयोगको मिति २०६५।९।१७ को निर्णय अनुसार जलस्रोत मन्त्रालयका सचिवलाई लेखी पठाईएको ।

(छ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत

१. विघटित भ्रष्टाचार नियन्त्रण शाही आयोगका तत्कालीन सदस्य रघुचन्द्र बहादुर सिंहले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ग) बमोजिम अनुचित कार्य गरेको देखिएको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा रघुचन्द्र बहादुर सिंहले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ग) बमोजिम अनुचित कार्य गरेको स्पष्ट देखिएको र निज हाल सार्वजनिक पदमा नरहेकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क र अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५ को खण्ड ख बमोजिम २ वर्षसम्म निजलाई सार्वजनिक जवाफदेहीको पदमा नियुक्त नगर्न आयोगको मिति २०६५।०७।०३ को निर्णय अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाईएको ।

२. विघटित भ्रष्टाचार नियन्त्रण शाही आयोगका तत्कालीन सदस्य शम्भु प्रसाद खनालले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ग) बमोजिम अनुचित कार्य गरेको सम्बन्धमा शम्भु प्रसाद खनालले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ग) बमोजिम अनुचित कार्य गरेको स्पष्ट देखिएको र निज हाल सार्वजनिक पदमा नरहेकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क र अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५ को खण्ड ख बमोजिम २ वर्षसम्म निजलाई सार्वजनिक जवाफदेहीको पदमा नियुक्त नगर्न आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।०७।३ को निर्णय अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाईएको ।

३. विघटित भ्रष्टाचार नियन्त्रण शाही आयोगका तत्कालीन सदस्य हरिबाबु चौधरीले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ग) बमोजिम अनुचित कार्य गरेको सम्बन्धमा

आयोगबाट अनुसन्धान हुँदा हरिबाबु चौधरीले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ग) बमोजिम अनुचित कार्य गरेको स्पष्ट देखिएको र निज हाल सार्वजनिक पदमा नरहेकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क र अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५ को खण्ड ख बमोजिम २ वर्षसम्म निजलाई सार्वजनिक जवाफदेहीको पदमा नियुक्त नगर्न आयोगको मिति २०६५।०७।३ को निर्णय अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाईएको ।

४. विघटित भ्रष्टाचार नियन्त्रण शाही आयोगका तत्कालीन अध्यक्ष भक्तवहादुर कोइरालाले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ बमोजिम अनुचित कार्य गरेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा भक्त वहादुर कोइरालाले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ बमोजिम अनुचित कार्य गरेको स्पष्ट देखिएको र निज हाल सार्वजनिक पदमा नरहेकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क र अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५ को खण्ड ख बमोजिम २ (दुई) वर्षसम्म निजलाई सार्वजनिक जवाफदेहीको पदमा नियुक्ति नगर्न आयोगको मिति २०६५।०७।३ को निर्णय अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाईएको ।

५. विघटित भ्रष्टाचार नियन्त्रण शाही आयोगका तत्कालीन सदस्य प्रेम वहादुर खातीले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ बमोजिम अनुचित कार्य गरेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा प्रेम वहादुर खातीले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ बमोजिम अनुचित कार्य गरेको स्पष्ट देखिएको र निज हाल सार्वजनिक पदमा नरहेकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क र अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५ को खण्ड ख बमोजिम २ (दुई) वर्षसम्म निजलाई सार्वजनिक जवाफदेहीको पदमा नियुक्ति नगर्न आयोगको मिति २०६५।०७।३ को निर्णय अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखी पठाईएको ।

६. वारा जिल्ला अमृतगन्ज गा.वि.स. वडा नं. १,७ र ८ स्थित श्री रामचन्द्र मठको पूर्ण स्वामित्वमा रहेको गुठी तैनाथि ज.वि. ३४-८-१६ को वालि ठेक्का लगाउँदा टेण्डर प्रकृया नअपनाई व्यक्तिको निवेदनको आधारमा ३ बर्षको लागि प्रति विगाहा १५ (पन्ध्र) मन धानका दरले ठेक्का दिई अनियमितता गरे भन्ने उजुरी सम्बन्धमा गुठी संस्थानका तत्कालीन प्रशासक सेमन्तराज चापागाईलाई गुठी संस्थान कर्मचारी सेवा शर्त सुविधा सम्बन्धी विनियम, २०५१ अनुसार विभागीय कारबाही गर्न निज हाल सार्वजनिक जवाफदेहीको पदमा बहाल नरहेको र निजको उक्त कार्य अनुचित रहेको देखिंदा निजलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम २५ (ख) अनुसार नेपाल सरकारबाट नियुक्ति गरिने सार्वजनिक जवाफदेहीको पदमा २ वर्षसम्म नियुक्ति नगर्न आयोगको मिति २०६५/७/२८ गतेको निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लेखी पठाईएको ।

७. समाज कल्याण परिषद्ले आफ्नो स्वामित्वको जग्गा निशुल्क भाडामा दिई अनियमितता गरेको भन्ने समेतको व्यहोराको आयोगमा पर्न आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा दुवाकोट गाउँ विकास समिति, वडा नं. ५, भक्तपुर स्थित कित्ता नम्बर २०२ र ३७१ को जग्गा क्रमशः २९०-४-०-० र ३३-१५-०-० रोपनी जग्गाको स्वामित्व हालसम्म पनि नेपाल सरकारको रहेको देखियो । उक्त जग्गा नेपाल सरकार मन्त्रिपरिषद्को २०४३ वैशाख २५ गतेको निर्णयले समाज कल्याण परिषद्लाई भोगचलन गर्न दिएको र तत्कालीन बालकल्याण समन्वय समितिले परोपकार बालग्राम, दुवाकोटलाई २०४३।९।२५ को पत्रबाट भोगचलन गर्न दिएको । तत्पश्चात् २०५१।५।२२ मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार उक्त जग्गाको भोगचलन गर्न परोपकार बालग्राम, दुवाकोटलाई दिएको जग्गाधनी पूर्जाबाट देखिन्छ । फिल्ड निरीक्षण गर्दा उक्त जग्गामा असहाय बालबालिकालाई संरक्षण प्रदान गर्न १।२ वटा टहरा बनाइएको र ३० भन्दा कम असहाय बालबालिकालाई संरक्षण दिएको पाइयो । सो जग्गाको साँध सिमाना छुट्टाइएको तथा संरक्षणको लागि पर्खाल समेत लगाएको नदेखिएकोले साँध सिमाना मिचिएको समेत हुन सक्ने देखियो । परोपकार बालग्रामले करिब २।३ रोपनी जग्गा मात्र ओगटेको र बाँकी जग्गा प्रयोगबिहीन अवस्थामा रहेको देखियो । अतः प्रयोगबिहीन अवस्थामा रहेको करोडौ मूल्यको उक्त जग्गा नेपाल सरकार तथा समाज कल्याण परिषद्ले समाज कल्याणका विभिन्न कार्यक्रम सञ्चालन गर्न तथा नेपाल सरकारले अन्य आवश्यक प्रयोजनको लागि उपयोग गर्न सक्ने अवस्था देखिएकोले साविकको निर्णयमा पुनर्विचार गरी सो जग्गाको अधिकतम रूपमा उपयोग गर्न आयोगको मिति २०६५।७।२४ को निर्णय अनुसार नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखि पठाईएको ।

८. फाजिलमा परेका कर्मचारीले भनसुन र दवावका आधारमा अनैतिक आर्जन गर्न अनुकूल हुने कार्यालयमा सरुवा भै अनियमितता गरेकोले कारबाही गरी पाउन परेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा फाजिलका कतिपय कर्मचारीहरू लामो अवधिसम्म एकैस्थानमा बसिरहेका, त्यस्ता कर्मचारीहरू कतिपय अवस्थामा विवादित बनेका, कार्यालयको अनुशासन बिथोल्ने काम गरी कार्यालयको लक्ष्य हासिलमा कठिनाइ उत्पन्न भएको तथा अन्यत्र सरुवा गर्न व्यवस्थापनलाई कठिनाइ भएको र हुनसक्ने कुरालाई मनन गरी नेपाल सरकारका सम्बन्धित उच्च अधिकारीहरूसँग छलफल गरी प्राप्त सुझाव समेतलाई मनन गर्दा प्राप्त तथ्याङ्क अनुसार नेपाल सरकारका विभिन्न निकायहरूमा हजारौं कर्मचारी फाजिलमा रहेको पाइयो । कतिपय मन्त्रालय/निकायमा कतै दरवन्दी रिक्त भै कार्य सञ्चालनमा कठिनाई उत्पन्न भएको अवस्था रहेको देखियो भने कतै फाजिलका कर्मचारी कार्यबोझ भन्दा बढी रहेको पाइयो । यस्तो अवस्थामा सेवा, समूह, उपसमूह तथा श्रेणी मिलाई यथाशीघ्र फाजिलका कर्मचारीबाट रिक्त दरवन्दी पूर्ति गर्ने व्यवस्था मिलाउन, कतिपय मन्त्रालय/निकायमा फाजिलमा परेका कर्मचारी कार्यरत रहेको र तिनको अभावमा त्यस्ता निकायको कार्य सञ्चालनमा बाधा पर्न जाने र निज सेवानिवृत्त भएपछि पनि त्यस्तो कर्मचारीको आवश्यकता रहने भन्ने नेपाल सरकारका सम्बन्धित अधिकारीसँगको छलफलको क्रममा अभिव्यक्त भएको विचार समेतलाई मनन गर्दा त्यस्ता कर्मचारी बहाल रहेका पदहरू पुनः आवश्यक भएको भए त्यस्ता निकायको उद्देश्य, कार्यबोझ, विभिन्न तह र श्रेणीका पदको आवश्यकता आदि समेतका पक्षमा विचार गरी दरवन्दीको पुनरावलोकन गर्ने गराउने व्यवस्था गर्न र पद, क्षमता, योग्यता तथा सीप

समेतका कुराहरूलाई विचार गरी समान तह तथा श्रेणीमा कानून बमोजिम पद परिवर्तन गरी फाजिलमा रहेका कर्मचारीहरूको पद मिलान गर्न सकिने हुँदा आवश्यकता अनुसार यसतर्फ पनि विचार गर्न आयोगको मिति २०६५।७।२६ को निर्णय अनुसार नेपाल सरकारका मुख्य सचिवलाई लेखी पठाएको ।

९. यस आयोग र नेपाल सरकारका मुख्य सचिव तथा सबै मन्त्रालयका सचिव समेतसंग भएको अन्तक्रियामा उठेका विषयगत बुँदाहरूमा छलफल हुँदा विभिन्न सार्वजनिक निकायहरूबाट निर्माण भएका विकास आयोजनाहरू निर्धारित लागत इष्टिमेट, नर्म्स, स्पेशिफिकेशनको मापदण्ड अनुसार भए नभएको परीक्षण गर्न प्राविधिक परीक्षण आवश्यक भएको देखिएको र हालसम्म नेपालमा प्राविधिक परीक्षण गर्ने/गराउने कानूनी व्यवस्था नभएको हुँदा प्राविधिक परीक्षण नियमावली यथाशीघ्र बनाई विकास निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने कार्य गर्न/गराउन, प्रत्येक मन्त्रालय/सचिवालय/कार्यालयले आ-आफ्ना निकायहरूको सुशासनको स्थितिबारे विश्लेषणत्मक प्रतिवेदन प्रत्येक तीन/तीन महिनामा आयोगमा अनिवार्य रूपमा पठाउन लगाउन, सार्वजनिक खरिद कार्यको लागि आव्हान गरिएको बोलपत्रमा ठेकेदारहरूबाट हुने मिलोमतोलाई नियन्त्रण गर्न, इ-प्रोक्यूरमेन्ट (E–procurement) गर्ने व्यवस्था मिलाउन, नेपाल सरकार सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउन आयोगको मिति २०६५।८।४ को निर्णय अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र र कानून न्याय तथा संविधान सभा मन्त्रालयलाई लेखी पठाईएको ।

१०. विदेशी सहयोगमा संचालित अधिकांश गैरसरकारी संस्थाहरूमा अनियमितता तथा भ्रष्टाचार हुने गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा समाज कल्याण परिषद्बाट यस अघि भएका विभिन्न छानबिन प्रतिवेदनहरू र संकलित कागजातहरू समेतबाट विभिन्न गैरसरकारी संघ संस्थाहरूमा अनुचित कार्य तथा भ्रष्टाचारजन्य कसूरहरू भएका प्रसस्त उदाहरणहरू देखियो । तर प्रचलित कानून अनुसार विवरण माग्ने, जाँच गर्ने, अनुगमन गर्ने, सिफारिस गर्ने जस्ता प्रावधानहरू मात्र रहेको अवस्था देखिन्छ । गैरसरकारी संस्थाहरूमा हुने अनुचित कार्य र भ्रष्टाचार उपर कानूनी कारबाही हुन सक्ने कानूनी अभाव देखिन्छ । यस्ता गैरसरकारी संस्थाहरूबाट हुने काम कारबाहीलाई सार्वजनिक सरोकारका विषयमा प्रभाव पर्ने गरेको पृष्ठभूमिमा त्यस्ता संस्थाहरू भित्र हुने अनुचित कार्य र भ्रष्टाचारलाई नियन्त्रण गर्नकालागि कानूनी कारबाही गर्न सक्ने गरी कानूनी व्यवस्था मिलाउन आयोगको मिति २०६५।१०।१२ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाईएको ।

११. भूमिसुधार तथा व्यवस्था मन्त्रालय मातहतका कार्यालयहरूको कामकारबाहीलाई प्रभावकारी बनाउने सन्दर्भमा आयोगबाट विभिन्न मितिमा दिइएका निर्देशनहरूको कार्यान्वयनको अबस्था तथा उपत्यका स्थित मालपोत कार्यालय, भूमिसुधार कार्यालय, नापी कार्यालय तथा गुठी कार्यालयहरूबाट दैनिक रूपमा प्रदान गरिने सेवालाई कसरी अझै प्रभावकारी बनाउन सकिन्छ भन्ने समेत विषयमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव, सह-सचिव, भूमिसुधार तथा व्यवस्थापन विभाग र

नापी विभागका महानिर्देशकहरू, गुठी संस्थानका वरिष्ठ अधिकृत, उपत्यका स्थित मालपोत कार्यालय, भूमिसुधार कार्यालय र नापी कार्यालयका कार्यालय प्रमुख लगायतका पदाधिकारीहरूको उपस्थितिमा भएको अन्तक्रिया समेतका आधारमा भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत रहेका मालपोत कार्यालय, भूमिसुधार कार्यालय, नापी कार्यालय तथा गुठी कार्यालयहरू जनताको अचल सम्पत्तिको अभिलेख राख्ने, जनताका प्रत्यक्ष सरोकारका कार्यालय भएका र उल्लेख्य रूपमा राजश्व समेत उठाउदै आइरहेका सन्दर्भमा सुरक्षा तथा भौतिक अबस्था राम्रो हुनु जरुरी हुन्छ तर यी कार्यालयहरूमध्ये धेरैजसो कार्यालयहरूको आफ्नो भवन नहुँदा निजी घर भाडामा लिई बस्नुपर्ने अबस्था रहेको छ । भाडामा लिइने घरहरू कार्यालयको लागि चाहिने मापदण्ड अनुकूल पनि नहुने र सुरक्षा तथा दैनिक कार्यमा समेत कठिनाई पुग्न गएको देखियो । जसले गर्दा दैनिक कार्य सम्पादन, अभिलेख व्यवस्थापन तथा सुरक्षामा समेत प्रत्यक्ष नकारात्मक असर पर्न गएको देखिएको हुँदा नेपाल सरकारले मुख्य प्राथमिकता दिई यथाशीघ्र छिटो ती कार्यालयहरूका लागि भवन निर्माण गर्न र यी कार्यालयहरूमा प्रवेश गर्ने व्यक्तिहरूको सुरक्षा जाँच आन्तरिक र वाह्य सुरक्षाका लागि प्रभावकारी सुरक्षा व्यबस्था लागू गर्न आयोगको मिति २०६५।११।२३ को निर्णय अनुसार नेपाल सरकारलाई लेखी पठाईएको ।

(ज) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सहसचिव, मन्त्रालय अन्तरगतका विभागका महानिर्देशकहरू र काठमाडौं उपत्यका भित्रका मालपोत, भूमिसुधार र नापी कार्यालयका प्रमुखहरूको सहभागितामा उपरोक्त कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई पारदर्शी, सरल, सहज र प्रभावकारी बनाउने र सरकारी, सार्वजनिक एवं गुठी जग्गाको संरक्षण सम्बन्धी विषयमा छलफल हुँदा मालपोत, भूमिसुधार र नापी कार्यालय जस्ता प्रत्यक्ष जनसम्पर्कमा रही सेवा प्रवाह गर्ने कार्यालयहरूको कामकारबाहीलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन तथा सरकारी सार्वजनिक जग्गाको संरक्षण गर्न सेवाग्राहीलाई सहज पहुँच दिई सो वाहेक अनधिकृत ब्यक्तिहरूको प्रवेशलाई व्यवस्थित गर्न, कार्यालयका मिसिल, स्रेस्ता, फिल्डबुक लगायतका कागजातहरूको रेकर्ड प्रभावकारी र सुरक्षित रूपमा व्यवस्थापन गर्न, सरकारी, सार्वजनिक र गुठी जग्गाको रेकर्ड अद्यावधिक गरी स्थानीय प्रशासन/निकायसँग समन्वय गरी प्रभावकारी रूपमा संरक्षणका लागि आवश्यक व्यवस्था गर्न, आयोगले माग गरेको कागजात, राय, प्रतिकृया समयमा नै तदारुकताका साथ पठाउने ब्यवस्था गर्न, आयोगबाट रोक्का राख्न नभनिएका र काम रोक्न नभनिएका विषयमा रोक्का नराख्न, उपत्यका भित्रका अधिकांश कार्यालयहरूको आफ्नो कार्यालय भवन नपाइएकाले सेवा प्रवाह प्रभावकारी बनाउन कठिनाई परेको देखिएकाले क्रमिक रूपमा आफ्नै कार्यालय भवनको ब्यवस्था गर्न भनी आयोगको मिति २०६५।५।४ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालय माताहतका निकायमा लेखी पठाएको ।

२. भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तरगतका कार्यालयहरूका काम कारबाही सरल, सहज, व्यवस्थित र प्रभावकारी गर्न गराउन आयोगको मिति २०६५।५।४ को निर्णयानुसार दिइएको निर्देशन

कार्यान्वयनको अवस्था र कार्यालय व्यवस्थापन लगायतका विषयमा अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश गर्न खटाइएकोमा खटाइएको टोलीले काठमाडौं उपत्यकाका मालपोत कार्यालयहरू, नापी कार्यालयहरू र ६ नं. नापी गोश्वाराको अनुगमन निरीक्षण गरी पेश गरेको प्रतिवेदन उपर छलफल हुँदा मालपोत कार्यालय डिल्लीबजार, मालपोत कार्यालय चाबहिल, मालपोत कार्यालय कलंकी, नापी कार्यालय डिल्लीबजार, नापी कार्यालय चावहिल, नापी कार्यालय कलंकी, नापी कार्यालय भक्तपुर र ६ नं. नापी गोश्वारा कार्यालय काठमाडौंलाई कार्यालयका महत्वपूर्ण र सम्वेदनशील कागजात समेतमा अनधिकृत व्यक्तिहरूको पहुँच नियन्त्रण गर्न समेत आयोगबाट मिति २०६५।९।११ मा दिइएको निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन नगरेको सन्दर्भमा काठमाडौं उपत्यका भित्रका मालपोत कार्यालयहरू, नापी कार्यालयहरू एवं ६ नं. नापी गोश्वारा कार्यालयहरूलाई कार्यालयको कामलाई चुस्त दुरुस्त गरी सेवाग्राहीलाई सरल एवं सुलभ ढंगले सेवा प्रदान गर्न, कार्यालयमा सुशासन इकाइ गठन गर्न दिईएको निर्देशन कार्यान्वयन गर्न, कर्मचारीहरूलाई आफ्नो कामप्रति जिम्मेवार एवं उत्तरदायी बनाउन, कार्य विवरण तयार गरी सो अनुसार काम तोक्ने, कार्यालयको कामलाई प्रभावकारी र सहभागितामूलक ढंगले सम्पादन गर्न कर्मचारीलाई आफ्नो काममा उत्तरदायी बनाउन नियमित मासिक स्टाफ बैठक गर्न, महत्वपूर्ण कागजातहरूमा अनधिकृत व्यक्तिहरूको पहुँच हुन नदिने तर्फ प्रभावकारी व्यवस्था अपनाउन र महत्वपूर्ण कागजातहरूमा अनधिकृत व्यक्तिहरूको पहुँच हुन नदिन, आवश्यक सूचनाहरू टाँस गर्न, सीमा निर्धारण गरी काउन्टरको व्यवस्था गर्न लगायत आवश्यक सुरक्षाको प्रवन्ध गर्ने, कार्यालयहरूमा कामलाई सरल र सुलभ गराउन, हेल्प डेस्कको व्यवस्था गर्न र नागरिक वडापत्रलाई स्पष्ट बुझ्किने र देखिने गरी प्रभावकारी रूपमा राख्न लगाउन, भौतिक व्यवस्था, कार्यालयको कार्यबोझको मूल्यांकन गरी आवश्यक जनशक्ति एवं अन्य भौतिक पूर्वाधारको व्यवस्था मिलाउन र भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभाग समेतले कार्यालयहरूको कामको लागि अनुगमन एवं निरीक्षण गर्ने सन्दर्भमा बनाइएको निरीक्षण टोलीबाट प्राप्त हुने प्रतिवेदनहरू नियमित रूपमा प्रत्येक महिनाको ७ गते भित्र यस आयोगमा पठाउन आयोगको मिति २०६५।१०।५ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाईएको ।

३. झापा जिल्ला दमक नगरपालिका वडा नं. १ को कि.नं. ६८७६ को जग्गा मालपोत कार्यालय दमकबाट र.नं. २५३६ र २५३७ बाट मिति २०६०।११।१३ मा राजिनामा पारित गर्दा उक्त जग्गामा घर रहेकोमा घर नभएको देखाइ र दमक नगरपालिका कार्यालयबाट वाटो खुलेको सिफारिस भएकोमा मालपोत कार्यालयले वाटो नभएको सरह मूल्याङ्कन गरी राजश्व हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा नगरपालिकाबाट उक्त कि.नं. ६८७६ को जग्गामा वाटो भएको भन्ने सिफारिस भएको र उक्त जग्गासँग जोडिएको वाटो आ.व. ०५९।६० पूर्व नै कालोपत्रे भएको भए तापनि खाल्टाखुल्टी परी जीर्ण भएको हुँदा कालोपत्रे वा ग्राभेल वाटो भन्न सकिने अवस्था नरही कच्ची वाटो सरह नै देखिएको हुँदा कच्ची वाटो सरह थैली कायम गरी लिखत पारित भएको भनी मालपोत कार्यालय दमकको मिति २०६३।२।३० को पत्रबाट उल्लेख भै आएकोमा एक पटक कालोपत्रे भैसकेको सडक खाल्टाखुल्टी परेकै आधारमा कच्चीवाटो सरह मान्न मिल्ने नदेखिएबाट आयोगको

मिति २०६५।४।७ को निर्णय अनुसार साविक कि.नं. ६८७६, हालको कि.नं. ९८६६ र ९८६७ को जग्गालाई पक्की सडकसँग जोडिएको जग्गा सरह मूल्याङ्कन गरी छुट राजश्व रकम नियमानुसार असुल गर्न मालपोत कार्यालय, दमकलाई लेखी पठाईएको ।

४. मेरो पति शिवशंकर प्रजापतिको नाउमा मोहियानी हक नामसारी हुनु पर्नेमा मोहियानी हक मेटाई बिक्री वितरण गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निबेदिका लक्ष्मी प्रजापतीको ससुरा भोला प्रजापतीले जग्गाधनी रविमान प्रधानसंग जम्मा जग्गा ४-३-१ मध्येबाट १-१०-० (एक रोपनी दश आना) मोही भोला प्रजापतीले नै पाउने भनी निज भोला प्रजापति र जग्गाधनी रविमान सिंह प्रधानले मिति २०४४।६।११ गते भूमिसुधार कार्यालयमा संयुक्त रूपमा मिलापत्र निबेदन गरी सोही मितिमा भूमिसुधार अधिकारीबाट जग्गा बाँडफाँड गरिदिने आदेश भएको देखिन्छ । सोही मिलापत्र अनुसार मालपोत कार्यालय काठमाडौंबाट मिति २०४४।६।१२ मा जग्गाधनी रविमान सिंह प्रधानबाट रजिष्ट्रेशन नं. १३८२ (क) छोड्पत्र पारितबाट भोला प्रजापतिले १-१०-० (एक रोपनी दश आना) लिई मालपोत कार्यालय काठमाडौंमा निजको नाममा स्रेस्ता कायम भएको र भोलाप्रजापतिको मृत्यु पश्चात उक्त जग्गा निवेदिकाको पति समेतको नाममा नामसारी भैसकेको पाइयो । तर उजुरकर्ताले अहिले कायम भएका जग्गाधनी हरूले उक्त १-१०-० जग्गा भोग गर्न वाधा दिएको भनी आयोग समक्ष पनि निवेदन गरेको समेत परिप्रेक्ष्यमा साविक र हालको पुर्जा स्रेस्ता अनुसार जग्गाको सिमाङ्कन गरी भोग सुरक्षित गर्ने व्यवस्था गर्नका लागि आयोगको मिति २०६५।४।८ को निर्णय अनुसार मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंलाई निर्देशन दिई सम्वन्धित नापी शाखामा लेखी पठाईएको ।

५. काठमाडौं जिल्ला गोंगवु वडा नं.४ (ख) कि.नं.५६५ को जग्गा बढी भएकोले बढी जग्गा सार्वजनिक गराई पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा साविक का.जि.गंगवु वडा नं.४ (ख) विप्लव मान सिंहको नाउँमा कि.नं.१४१९ क्षे.फ.०-३-३-० र १४५७ को क्षे.फ.०-०-१-० कि.नं.१४५८ क्षे.फ.०-३-०-० र भुवनलाल सिंह डंगोलको कि.नं.८६८ को ०-१-२-० गरी जम्मा ०-८-२-० नापीमा साविकको गंगवु ४ (ख) कि.नं.१४१९, १४५७, १४५८ र ८६८ गरी चार कित्ता नापी हुँदा का.म.न.पा.२९ सिट नं.१०२-०९८४-२५ कित्ता नं.३६ मा क्षेत्रफल ०-१२-०-० कायम हुन गएको नापी शाखा,मालपोत कार्यालयको पत्र अनुसार साविक क्षेत्रफल भन्दा ०-३-२ बढी देखिएको र हालसम्म हाल साविक भएको नदेखिएको भन्ने जानकारी प्राप्त भै के कस्को घुसेको हो हाल साविक गर्दा यकिन हुने जानकारी प्राप्त भएको, काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको ०५७।८।९ को निर्णयानुसार विप्लव मान सिंह डंगोलले साविक गंगवु वडा नं.४ (ख) कित्ता नं.६८६, १४१९, १४५७ को जग्गामा सडक सिमाना भित्र पर्ने गरी घर निर्माण गरेको सम्बन्धमा सडक केन्द्रबाट ४ मिटर छोड्ने गरी नक्सा पास गरेकोमा निजले ११ फिट १ ईन्च मात्र छोडेर घर निर्माण गरेको २ फिट Row नपुग हुने गरी निर्माण गरेको तथा घर अगाडि १ फिट १० इन्च सडकमा नै पर्ने गरी पेटी समेत बनाएको देखिंदा उक्त भाग नगर विकास ऐनको दफा १०(१) अनुसार ३५ दिन भित्र आफ्नै तर्फबाट भत्काई सो वापत लागेको खर्च निजबाट असुल उपर गर्ने र स्वीकृत नक्सा भन्दा ७४३.६३ वर्गफिट बढी निर्माण गरेको हुँदा नगर विकास ऐनको दफा ११(१)

अनुसार रु.२५,०००।- जरिवाना गर्ने र स्वीकृत नक्सा भन्दा बढी निर्माण गरेको भाग ३ महिना भित्र भत्काई नक्सा पेश गर्न लगाउने निर्णय भएकोमा निर्णय कार्यान्वयन नभएको, केवल जरिवाना रु.२५,०००।- मात्र दाखिला गरेकोले उक्त जग्गा मिति ०६२।१।९ च.नं.१४९२ को पत्रबाट रोक्का राखिएको, सडक विभाग डिभिजन सडक कार्यालय नं.२ मिनभवनबाट विप्लव मान सिंह डंगोललाई कि.नं.१४१९ मा घर निर्माण गर्दा घरको सिढी सडक क्षेत्र ०-०-१ मिची बनाएकोले तुरुन्त भत्काउन र नभत्काए सार्वजनिक सडक ऐन अनुसार कार्वाही गरिने गरी पत्राचार गरेको सम्बन्धमा आयोगको मिति २०६५।५।५ को निर्णय अनुसार विप्लव मान सिंह डंगोलको कित्ता नं.३६ को जग्गा साविक र हाल नापीमा ०-३-२ बढी देखिएको र उक्त जग्गाको तीनतिर व्यक्तिको जग्गा र एकातिर सडक भएकोले कस्को जग्गा घुस्न गएको हो हाल साविक नहुँदा सम्म यकिन हुन नसक्ने भएबाट उक्त बढी देखिन गएको जग्गा हाल साविक गर्दा नियमानुसार यकिन गरी बढी देखिएमा नियमानुसार कट्टी गरी सार्वजनिक कायम गर्नेतर्फ कारबाही गर्न मालपोत कार्यालय तथा नापी शाखा काठमाडौंलाई लेखी पठाएको ।

६. गुठी संस्थानको काम कारबाही तथा गुठी सम्वन्धी जग्गाको संरक्षण सम्वर्द्धन, अद्यावधिक गर्ने सम्वन्धमा कसरी समयानुकूल र व्यवस्थित गर्न सकिन्छ भन्ने विषयमा गुठी संस्थाका पदाधिकारी र भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सह-सचिवसंग आयोगमा मिति २०६५।६।३० मा भएको छलफलमा उठेका विषयवस्तुका सन्दर्भमा आयोगवाट गुठी संस्थानको काम कारबाहीका सम्वन्धमा र गुठीका जग्गा संरक्षण सम्वर्द्धन गर्न तथा गुठी जग्गाको मोही कायम गर्ने सम्वन्धमा ऐन नियममा पर्याप्तता, स्पष्टता नभएको पाइयो । यस सम्वन्धमा समय सापेक्ष ऐन तथा विनियममा सुधार गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई पहल गर्न निर्देशन दिने, गुठी जग्गा, मठ मन्दिर संरक्षण सम्वर्द्धनको लागि स्थानीय तहमा समुदाय वनाई संचालन गर्दा वढी व्यवहारिक हुने हो कि ? भन्ने विकल्प खोजी गर्ने तर्फ पहल गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालय तथा गुठी संस्थानलाई सुझाव दिन, तत्कालीन श्री ५ को वायुदेवता गुठी तथा तत्कालीन राजदरवारवाट व्यवस्था भइरहेका गुठी जग्गाहरू सम्वन्धमा स्पष्ट र यकिन कागजात विना लगत भिडाई दर्ता गर्ने गरेको आयोगमा उजुरी पर्ने सन्दर्भमा त्यस्ता वायु गुठी एवं राजदरवारवाट व्यवस्थापन भईरहेका गुठी जग्गाहरूको उत्तरदायित्व परिवर्तित अवस्था अनुसार स्वतः नेपाल सरकारमा आएको हुंदा त्यस्ता वायू एवं दरवारवाट व्यवस्थापन भै रहेका गुठी जग्गाको उचित संरक्षण र व्यवस्थापन भूमिसुधार तथा व्यवस्था मन्त्रालय एवं गुठी संस्थानबाट हुनुपर्ने, गुठी संस्थानवाट गुठी तैनाथी जग्गामा वाली ठेक्का पट्टा गर्दा सार्वजनिक खरीद ऐन, २०६३ अनुसार गर्न आयोगको मिति २०६५।६।३० को निर्णय अनुसार गुठी संस्थानलाई लेखी पठाएको ।

७. साविक काठमाडौं वानेश्वर महादेवस्थान वडा नं. ५ को कि.नं. १४३ क्षे.फ.२३-०-०-० जग्गाधनी नेपाल सरकार मोही धोवीखोला जनिएकोमा हाल का.म.न.पा. वडा न. ३२ अनामनगर स्थित सार्वजनिक सरकारी जग्गा कानून प्रतिकुल दर्ता गराई व्यक्तिको हक भोगमा परिवर्तन गराउने गरेको र कि.नं. १४३ सार्वजनिक भित्रकै पर्ने हाल का.म.न.पा. वडा नं. ३२ कि.नं. ५५ क्षे.फ. ०-३-३-३ जग्गा महर्जन थरका एक व्यक्तिले स्थानीय वन्दना भट्टराईलाई वेच विखन समेत गरी सकेको

तथ्य सार्वजनिक भैसकेकोले उक्त कार्यमा संलग्न कर्मचारीहरू समेत दोषी देखिएकोले कानूनी कारबाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा हाल का.म.न.पा. वडा नं. १० सिट नं. १०२-११०६ २२ कि.नं. ६६ क्षे.फ. ०-२-३-२ पर्ति मध्ये ०-२-२-२, कि.नं. ६७ क्षे.फ. ०-१३-२-२ सरमिस्ता मिश्र मध्ये ०-७-०-०, कि.नं. १०७ क्षे.फ. ०-८-१-० पर्ति मध्ये ०-१-२-०, सिट नं. १०२-११४६-०२ कि.नं. १५६ क्षे.फ. १-१-२-० सरमिस्ता मिश्र मध्ये ०-४-२-० कि.नं. ५४९ क्षे.फ. ०-७-०-२ मध्ये ०-५-०-२, कि.नं. ४३१ क्षे.फ. ०-१-२-० धोवीखोला पुरै कित्ता, कि.नं. ४३३ क्षे.फ. ०-१-२-० धोवीखोला पुरै कित्ता, कि.न. ४४७ क्षे.फ. ०-१-०-० नेपाल सरकार पुरै कित्ता, कि.नं. ४४९ क्षे.फ. ०-१-०-० नेपाल सरकार पुरै कित्ता, कि.नं. २६२ क्षे.फ. ०-७-१-३ सार्वजनिक जग्गा पुरै कित्ता, कि.नं. २६३ क्षे.फ. ०-०-२-० कुमानसिं लामा पुरै कित्ता, कि.नं. २६४ क्षे.फ. ०-१-१-१ बाटो मध्ये ०-०-२-१, कि.नं. २६५ क्षे.फ. ०-३-२-० श्री केदारेश्वर गुठी मध्ये ०-१-२-१, कि.नं. २६ क्षे.फ. २-१-१-३ पर्ति मध्ये ०-०-२-०, सिट नं. १०२-११४६-०१ कि.नं. १९९ क्षे.फ. ०-०-०-३ हेमा थापा पुरै कित्ता, कि.नं. २०० क्षे.फ. ०-०-३-३ बाटो प्रयोजन पुरै कित्ता, कि.नं. ११५ क्षे.फ. ०-८-०-० निर्मला उप्रेती मध्ये ०-५-३-०, कि.नं. १७३ क्षे.फ. ०-५-०-० पुरै कित्ता, कि.नं. ११३ क्षे.फ. ०-७-१-१ सिद्धीवज्र मध्ये ०-७-०-०, कि.नं. १६५ मध्ये ०-०-०-२, कि.नं. १७० क्षे.फ. ०-४-०-० अम्वर वहादुर पाण्डे मध्ये ०-१-०-० सिट नं. १०२-११४६-०६ कि.नं. १ क्षे.फ. ०-८-०-२ मध्ये ०-५-३-०, कि.नं. २०४ क्षे.फ. ०-१-० साविक धोवीखोला पुरै कित्ता, कि.नं. ५२ क्षे.फ. ०-४-२-३ वालकुमारी वास्कोटा पुरै कित्ता, कि.नं. ६ क्षे.फ. १-७-०-१, ज्ञान उपाध्याय समेत मध्ये क्षे.फ. ०-१४-०-०, कि.नं. १६८ क्षे.फ. ०-५-३-० तारानाथ लुइटेल पुरै कित्ता, कि.नं. ३५२ क्षे.फ. ०-०-२-० साविक धोवीखेाला पुरै कित्ता, कि.नं. ३५४ क्षे.फ. ०-७-१-० साविक धोवीखोला पुरै कित्ता, कि.नं. ३५६ क्षे.फ. ०-१-१-० साविक धोवी खेाला पुरै कित्ता, कि.नं. ३३० क्षे.फ. ०-०-१-० धोवीखेाला पुरै कित्ता, कि.नं. १६५ क्षे.फ. ०-८-२-१ मध्ये ०-२-०-०, कि.नं.२७८ क्षे.फ. ०-१-०-० हेमा थापा पुरै कित्ता, कि.नं. २८० क्षे.फ. ०-३-२-० आनन्द नेम्वाङ पुरै कित्ता, कि.नं. २८२ क्षे.फ. ०-६-३-० वाटो प्रयोजन पुरै कित्ता, कि.नं. ३११ क्षे.फ. ०-३-०-० विजय तण्डुकार पुरै कित्ता, कि.नं. ३१२ क्षे.फ. ०-४-३-० शुशिला शाक्य पुरै कित्ता, कि.नं. २८१ क्षे.फ. ०-२-२-० पुरै कित्ता, कि.नं. २०६ क्षे.फ. १-१२-०-० मध्ये १-९-१-०, कि.नं. २०८ क्षे.फ. १-३-०-० मध्ये १-२-०-० र का.म.नपा. वडा नं. ३२ सिट नं. १०२-११४६-०१ कि.नं. १ क्षे.फ. ४७९१.०० व.मी. हाल खोला मध्ये १-१४-०, कि.नं. २ क्षे.फ. ४८३४.३० व.मी. हाल खोला मध्ये ०-१४-०-०, कि.नं. ३ क्षे.फ. ६९२.६० ब.मी. पर्ति मध्ये ०-६-०-०, कि.नं. ४ क्षे.फ. ५५५.६० व.मी. साविक धोवीखोला पुरै कित्ता, कि.नं. १७८ क्षे.फ. २०७३.९५ व.मी. साविक धोवीखोला पुरै कित्ता, सिट नं. १०२-११०६-२१ कि.नं. २ क्षे.फ. १३४४.४३ बाटो, सिट नं. ११०६-२२ कि.नं. ४ क्षे.फ. २०३५.३२ बाटो मध्ये ०-९-०-०, सिट नं. १०२-११४६-०१ कि.नं. ६ क्षे.फ. २४२.४० व.मी. साविक धोवी खोला पुरै कित्ता, कि.नं. ७ क्षे.फ. १५.८० व.मी. साविक धोवी खोला पुरै कित्ता, कि.नं. ८ क्षे.फ. ६१२.०० व.मी. साविक धोवीखोला पुरै कित्ता, कि.नं. १० क्षे.फ. ५४३.८० व.मी. साविक धोवीखोला पुरै कित्ता, कि.नं. ६३ क्षे.फ. ३८९.२० अग्नी प्रसाद पौडेल मध्ये ०-६-०-०, कि.नं. ६४ क्षे.फ. ९७३.४० टेक वहादुर पौडेल समेत मध्ये ०-८-०-०, कि.नं. ५५ क्षे.फ. ०-३-३-२ वन्दना भट्टराई मध्ये ०-३-०-२, कि.नं. १७६ क्षे.फ. ०-०-३-२ मोहनमाया समेत पुरै कित्ता, कि.नं. १८१ क्षे.फ. ०-५-०-० सान्ता

दाहाल मध्ये ०-०-१-०, कि.नं. १८२ क्षे.फ. ०-१२-१-२ हरिप्रसाद गिरी मध्ये ०-४-०-०, कि.नं. १८७ क्षे.फ. ५९६.०६ व.मी. मोहन महर्जन मध्ये ०-२-०-०, कि.न. १८४ मध्ये राजीव समेत मध्ये ०-१-०-०, कि.नं. ३० सविता श्रेष्ठ मध्ये ०-२-०-०, कि.नं. २९ क्षे.फ. १०२.०० व.मी. मध्ये ०-१-२-०, कि.नं. १८५ क्षे.फ. २१.३९ राम प्रसाद श्रेष्ठ पुरै कित्ता र कि.नं. १२६ क्षे.फ. ०-२-२-२ वालकृष्ण कोइराला मध्ये ०-०-१-३ साविक वानेश्वर महादेव स्थान वडा नं. ५ कि.नं. १४३ साविक धोवीखोलाको जग्गा भएको र सो जग्गा व्यक्तिहरूको जग्गामा घुसेको, घुसाएको र हक कायम गराएको देखिन आयो । सार्वजनिक सरकारी जग्गा जो जसको नाममा जुनसुकै तरिकाबाट दर्ता वा भोग कायम भएको भएपनि त्यस्तो जग्गा जहिलेसुकै पनि नेपाल सरकारको नाममा कायम हुन सक्ने गरी मालपोत ऐन, २०३४ को दफा २४ (२) ले व्यवस्था गरेको पाइन्छ । अतः माथि उल्लिखित कित्ताहरू मध्ये कुन कुन कित्ता नेपाल सरकारको नाममा कायम भैसकेको छ सो को विवरण र नेपाल सरकारको नाममा कायम गर्न बाँकी रहेका कित्ताहरू उल्लिखित कानूनी व्यवस्था अनुसार नेपाल सरकारको नाममा कायम गर्नेतर्फ कारबाही गरी सो को जानकारी १ महिना भित्र यस आयोगलाई गराउन आयोगको मिति २०६५।८।९ को निर्णय अनुसार मालपोत कार्यालय डिल्लीवजार काठमाडौंलाई लेखी पठाएको ।

८. कास्की जिल्ला, पोखरा उप-महागरपालिका वडा नं.११ स्थित साविक कि.नं.११८५ को क्षेत्रफल १२३-९-३३/४ फिल्डबुकमा पर्ति जनिएको मसानघाट समेत रहेको सार्वजनिक जग्गा सुकुम्वासी समस्या समाधान आयोग, कास्कीको मिति ०५५।९।१० को पत्रानुसार उक्त जग्गावाट कित्ता काट गरी अष्टमान महर्जन लगायत १४ जनालाई वितरण भै वांकी कि.नं.५०९२ को क्षे.फ.१२१-३-३ जग्गा रहेकोमा उक्त जग्गा रामप्रसाद गौतम समेतले दर्ता गरी पाउन मालपोत कार्यालय, कास्कीमा निवेदन दिएकोमा मिति २०५९।३।३१ गते पुन समाज नामक संस्थासंग करारनामागरी दिएको र पोखरा उप-महानगरपालिकाको मिति २०५९।६।२२ को निर्णयवाट सो संस्थालाई तारवार कम्पाउण्डवाल र वृक्षारोपण गरी संरक्षण समेत गर्ने अनुमति दिने र जग्गा उपलव्ध गराई दिन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय भएको सम्बन्धमा अनुसन्धान हुँदा पोखरा उप-महानगरपालका वडा नं.११ स्थित कि.नं.११८५ कित्ता काट भै केही जग्गा सुकुम्वासी समस्या समाधान आयोग कास्कीवाट अष्टमान महर्जन समेतलाई वितरण गरेको देखियो । निजहरूलाई वितरण गरेको कट्टागरी वांकी कि.नं.५०९२ को क्षे.फ. १२१-३-३ जग्गा भएको देखिन आयो । प्रस्तुत जग्गा नापी हुँदाको वखत फिल्डवुकमा जोताहा तथा जग्गाधनी महलमा खालि भै विरहमा पर्ति जनिएको देखियो । यसै जग्गालाई कित्ताकाट गरी सुकुम्वासी समस्या समाधान आयोग, कास्कीवाट केही जग्गा व्यक्तीहरूलाई वितरण भएको समेत देखिदा कित्ताकाट हुन आई वांकी रहन आएको क्षे.फ. १२१-३-३ जग्गा सार्वजनिक सरकारी पर्ति जग्गा रहेको कुरामा कुनै विवाद गरी रहनु पर्ने अवस्था देखिएन । यस्ता सार्वजनिक सरकारी जग्गा जहिलेसुकै र जुन सुकै अवस्थामा पनि नेपाल सरकारको नाममा दर्ता गर्न सकिने कानूनी व्यवस्था मालपोत ऐन २०३४ को दफा २४(२) ले गरेको पाइन्छ । अतः उक्त जग्गा नेपाल सरकारको नाममा कायम गरी १५ दिन भित्र जग्गाधनी प्रमाण पुर्जाको प्रमाणित प्रतिलिपि यस आयोगमा पठाउन आयोगको मिति २०६५।८।१२ को निर्णय अनुसार मालपोत कार्यालय, कास्कीलाई लेखी पठाएको ।

९. आयोगको मिति २०६५।५।४ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तरगतका कार्यालयका काम कारबाही सरल, सहज, व्यवस्थित र प्रभावकारी गर्न गराउन दिइएको निर्देशन कार्यान्वयनको अवस्था र कार्यालय व्यवस्थापन लगातयका विषयमा अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन पेश गर्न खटाइएकोमा खटिएको टोलिले मालपोत कार्यालय ललितपुर र भक्तपुर एवं नापी कार्यालय ललितपुर, भक्तपुर र ६ नं. नापी गोश्वारा समेतको अनुगमन, निरीक्षण समेत गरी पेश गरेको प्रतिवेदन उपर छलफल हुँदा कार्यालयका मिसिल/फायलहरू अनधिकृत व्यक्तिहरूले लिई हिडेको पाइएको हुँदा यस प्रकारको कार्य तत्काल रोक्न, कार्यालयहरूको २०६० साल पश्चात केही समयको जग्गा कारोवारको रेकर्ड गर्न छुटेका विवरण वा अद्यावधिक गर्ने कार्य प्राथमिकताकासाथ सम्पन्न गर्न, सरकारी, सार्वजनिक तथा गुठी जग्गाको रेकर्ड तत्काल अध्यावधिक गरी पुस्तिकाको रूपमा प्रकाशन गर्न, नापीतर्फ रेखाङ्कन गर्न जाँदा आर्थिक लेनदेन गरी जाने गरेको गुनासा सम्बन्धमा सकेसम्म कार्यालय समयभित्र नै कामकाज गर्न, हाल साविक गर्ने कार्य सहजरूपमा हुन नसक्दा सर्वसाधारणमा ज्यादै गुनासो रहेको हुँदा सहज गर्न/गराउन, नयां नापी गरी हाल साविक गर्ने क्रममा कहिलेकाहीं जग्गाको क्षेत्रफल अस्वभाविक परिवर्तन हुने, परिवर्तनलाई व्यवस्थापन गर्ने कार्य झन्झटीलो हुने तथा उपरोक्त काममा आर्थिक लेनदेन समेत हुने गरेको गुनासाहरू प्राप्त हुने गरेको सन्दर्भ समेतलाई दृष्टिगत गरी जनगुनासो आउन नदिन सचेत रहन, रेखाङ्कन एक जनाको वा एक पक्षको निवेदनबाट नै पनि हुने गरेको पाइएकोले विवाद परेको विषयमा सकभर दुवै पक्षको संयुक्त निवेदनबाट हुने गरेमा अदालतमा तेरोमेरोमा मुद्दा गर्नुपर्ने प्रचलनमा कमि आउन सक्ने हुँदा त्यसतर्फ विचार गर्न, कार्यालयको कार्यवोझको मूल्याङ्कन गरी सोही आधारमा आवश्यक कर्मचारीको व्यवस्था गर्न आयोगको मिति २०६५।९।११ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

१०. धनुषा जिल्ला, धनौजि गा.वि.स. वडा नं. ७ स्थित उदयेश्वर महादेव मन्दिरको धरौटी मठका साविक महन्त महेन्द्र प्रसाद गिरीले मठको चारै तर्फ घेरा लगाई, मन्दिरको जिर्णोद्वार गरी, फुलवारी समेत लगाई समूचित व्यवस्था मिलाएकोमा गुठी संस्थानबाट मिति २०५६।१२।२१ मा निजलाई हटाई ईन्द्रराज पुरिलाई नियुक्ति गरे पछि मठको रुख काटि बेचेको, फूलवारीको जग्गामा बार बनाई रकम मासेको, मठको धान तथा नगद हात पारी पुजाआजा नगरी जनकपुर वस्ने गरेका भन्ने उजुरीका सम्बन्धमा सत्यता नपाइएकोले सो मठ सम्वन्धमा सो मठको आम्दानी खर्चको व्यवस्था पारदर्शी रूपमा राखि सो को अनुगमन गर्ने, मठको जग्गाहरू तैनाथी तथा रैतानी नम्वरी के कति कहां कहां रहेको छ लगत तयार गरी राख्न लगाउने, पोखरी लगायत जुनसुकै ठेक्का लगाउदा कानूनले तोकेको प्रकृया पुऱ्याएर मात्र ठेक्का लगाउने गरी नियमित सन्चालन गराउन आयोगको मिति २०६५।११।५ को निर्णय अनुसार गुठी संस्थान केन्द्रीय कार्यालयलाई लेखी पठाएको ।

११. शुक्लाफाँट वन्यजन्तु इकिन आरक्ष विस्तारको क्रममा सट्टाभर्ना जग्गा पाउने व्यक्तिहरूको जग्गा नापजाच गर्दा अमिनद्वय वुधन यादव र रामविलास महतोले अनियमित कार्य गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा शाही शुक्लाफाँट वन्यजन्तु आरक्ष जग्गा समस्या समाधान समिति

कन्चनपुरको मिति २०६१।२।२५ को निर्णयानुसार आरक्ष विस्तारको क्रममा सुडा गा.वि.स. वडा नं. ४ र ५ वन्दरपुरमा जग्गा सट्टाभर्ना पाएका मानिसहरू मध्ये केही मानिसहरूको जग्गा नहर, वाटो, खोला तथा एक अर्काकोमा परी चलनभोग गर्न नपाइ विवाद परिरहेको र ५ नं. नापी गोश्वराबाट पुनः नाप नक्सा गर्दा आरक्षको विवादित क्षेत्र भनी नाप नक्सा गर्न छोडेको क्षेत्रको साना किसानहरूले आरक्षबाट सोधभर्ना पाएको भोग चलन अनुसारको जग्गा र बाँकी जग्गा वाउण्डरी नाप नक्सा गरी प्रतिवेदन पेश गर्न अमिन द्वय वुधन यादव र राम विलास महतोलाई ०६१।३।१ देखि खटाइएको, यसैगरी मिति २०६१।३।३१ मा निजहरूलाई निर्देशन दिने क्रममा सुडा गा.वि.स. वार्ड नं. २, ४ र ५ वन्दरपुर कटान क्षेत्रमा साना तथा ठुला किसानहरूलाई आरक्ष समितिबाट सट्टाभर्ना दिएका जग्गाहरू निजहरूको भोगचलन वमोजिम नाप नक्सा गरी समितिमा पेश गरेका नक्साहरूमा मसी भरी क्षेत्रफल यकिन गर्ने र घटीवढी भएमा वढी भएको नजिकैको अन्य वाँकी कित्ताबाट पूर्ति गर्ने र बाँकी वचत हुन आएको जग्गाहरू सडकको छेउमा पर्ने गरी बाँकी जनाइ क्षे.फ. समेत यकिन गरी पेश गर्न निर्देशन दिएको देखिएको र सोही अनुसार निजहरूबाट नापनक्सा गरी दर्ता भै सकेको जग्गाको स्रेस्ता तथा जग्गाधनी प्रमाण पूर्जा प्रमाणित गरी ल्याउन शुक्लाफाँट वन्यजन्तु आरक्ष तथा जग्गा समस्या समाधान समितिले निज अमिनद्वयलाई २०६४।१।२६ मा ५ नं. नापी गोश्वारामा पठाइएको समेत देखिन आयो । सम्बन्धित स्रेस्तामा रितपूर्वकको काम सम्पन्न भएको भए वरवुझारथ गर्न कानूनी वाधा नहुने भनी भूमिसुधार तथा व्यवस्थापन विभागले मालपोत कार्यालय कन्चनपुरलाई लेखेको पत्र तथा मालपोत कार्यालय कन्चनपुरले उक्त स्रेस्ता वुझी काम कारबाही समेत शुरु गरिसकेको अवस्था र नापीबाट समेत स्रेस्ता वुझिएको हुँदा निज अमिन द्वयले जग्गा सट्टाभर्ना दिने सम्बन्धमा शुक्लाफाँट वन्य जन्तु आरक्षको निर्देशन वमोजिम नै कार्य गरेको प्राप्त कागजातबाट देखिएकोले निजहरूले अनियमितता गरेको पुष्टि हुन आएन । आयोगको मिति २०६५।११।१९ को निर्णय अनुसार अमिनद्वय वुधन यादव र रामविलास महतोलाई निलम्वन गरिएकोमा अनुसन्धान कार्य समाप्त भई निर्णय समेत भइसकेकोले आयोगबाट मिति २०६५।२।२१ को निर्णयानुसार निजहरूको निलम्वन फुकुवाको लागि भूमिसुधार तथा व्यवस्था विभागमा लेखी पठाइएको ।

१२. भूमिसुधार तथा व्यवस्था मन्त्रालय मातहतका कार्यालयहरूको काम कारबाहीलाई प्रभावकारी बनाउने सन्दर्भमा आयोगबाट यस पूर्व विभिन्न मितिमा दिइएका निर्देशनहरूको कार्यान्वयनको अवस्था तथा उपत्यका स्थित मालपोत कार्यालय, भूमिसुधार कार्यालय, नापी कार्यालय तथा गुठी कार्यालयहरूबाट दैनिक रूपमा प्रदान गरिने सेवालाई कसरी अझै प्रभावकारी बनाउन सकिन्छ भन्नेसमेत विषयमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव, सह-सचिव, भूमिसुधार तथा व्यवस्थापन विभाग र नापी विभागका महानिर्देशकहरू, गुठी संस्थानका बरिष्ठ अधिकृत, उपत्यका स्थित मालपोत कार्यालय, भूमिसुधार कार्यालय र नापी कार्यालयका कार्यालय प्रमुख लगायतका पदाधिकारीहरूको उपस्थितिमा भएको अन्तरक्रिया समेतका आधारमा तत्कालीन श्री ५ को सरकारको मिति ०५६।१।६ को निर्णयानुसार काठमाडौ उपत्यकाभित्र रावल आयोगवाट छानबिन भै पेश भएको प्रतिवेदनका आधारमा रोक्का राखिएका जग्गाहरूका सम्बन्धमा नेपाल राजपत्र मिति ०५६।१।६ खण्ड ४९ संख्या १ भाग ३ को सूचनाको प्रकारण २ अनुसारको कार्य ६ महिनाभित्र पूरा

गर्न, भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गतका मालपोत कार्यालय, भूमिसुधार कार्यालय, नापी कार्यालय तथा गुठी कार्यालयहरूको काम कारबाहीलाई थप प्रभावकारी बनाउनका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालय मार्फत सो मन्त्रालय, मातहत विभाग तथा कार्यालयहरूलाई उल्लिखित कार्यालयरूमा अनधिकृत व्यक्तिहरूको प्रवेश बढ्दै गइरहेको र त्यस्तो प्रवेशले कार्यालय र सरकारी कागजातको सुरक्षामा समेत असर पर्न सक्ने हुँदा अनधिकृत व्यक्तिहरूको प्रवेश नियन्त्रणमा प्रभावकारीता ल्याउन, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र मातहत विभाग तथा कार्यालहरूमा सुशासन इकाई गठन गर्न, नियमित रूपमा महिनाको कम्तीमा एकपटक स्टाफ बैठक बस्ने व्यवस्था मिलाउन र सोको प्रगति अनिवार्य रूपमा आयोगमा पठाउन, उल्लिखित कार्यालयरूमा कामको सिलसिलामा आउने सेवाग्राहीलाई छिटो/छरितो सेवा प्रदान गर्ने कार्यलाई प्रभावकारी बनाउन टोकन व्यवस्था प्रभावकारी रूपमा लागू गर्ने, उल्लिखित कार्यालयहरूको काम कारबाहीलाई प्रभावकारी बनाउन आयोगबाट यस पूर्व विभिन्न मितिमा दिइएका निर्देशनहरूको प्रभावकारी कार्यान्वयन गर्ने, उल्लिखित कार्यालयहरूमा अन्यत्र निकायहरूबाट सरुवा भई आउने कर्मचारीहरूका लागि निजहरूले दैनिक रूपमा गर्नुपर्ने कामसँग सम्बन्धित विषयमा अनुकुल समय र समूह मिलाई कम्तीमा एक हप्ते तालिम दिने व्यवस्था मिलाउन आयोगको मिति २०६५।११।२३ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयका सचिवलाई लेखी पठाएको ।

१३. का.जि सितापाइला गा.वि.स. वडा नं. ९ (क) कि.नं. १२३ क्षे.फ. ०-६-०-० जग्गालाई निवेदन बिना नै घुस खाई प्रमाणित गराई बिक्री गराएको हुँदा दुषित जग्गाधनी प्रमाण पूर्जा रद्द गराई पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा का.जि सितापाइला ९ (क) कि.नं. १२३ क्षे.फ. ०-६-०-० को दर्ता अप्रमाणितवाला व्यक्ति जसवीर नगरकोटीको नामबाट गैरकानूनी रूपमा कृष्णमान नगरकोटीको नाममा दा.खा. भै गैसकेको र निजबाट पनि हाल बिभिन्न व्यक्तिहरूको नाममा गैसकेको देखिंदा उक्त कि.नं. १२३ जति जना व्यक्तिहरूका नाममा गएतापनि उक्त दर्ता दुषित देखिएकोले का.जि सितापाइला ९(क) कि.नं. १२३ क्षे.फ. ०-६-०-० को जग्गाका सम्वन्धमा आवश्यक जाँचवुझ गरी जे गर्न उपयुक्त हुन्छ, सो गर्न भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकलाई पठाई उक्त लिखतको मोठमा दस्तखत गर्ने खरिदार रामचन्द्र पौडेल मिति ०६१।३।२४ को निर्णय अनुसार मालपोत कार्यालय कलंकीबाट १ नं. नापी गोश्वारामा सरुवा भएका तर नापी गोश्वारामा हाजिर भएको नपाइएकोले निजलाई निजामती सेवा ऐन र निजामती सेवा नियमावली अनुसारको कारबाही गरी सो को जानकारी आयोगमा ३ महिना भित्र पठाउन आयोगको मिति २०६५।१२।४ को निर्णय अनुसार नापी विभागका महानिर्देशकलाई लेखी पठाएको ।

१४. काठमाडौं महानगरपालिका वार्ड नं. ५ स्थित धोबीखोलामा परेको कित्ता नं. ११९ को जग्गा कित्ताकाट गरी कित्ता नं. ५२४ र ५२५ बनाई कित्ता नं. ५२४ व्यक्तिको नाममा मिति ०६२।२।२२ मा मालपोत कार्यालय डिल्लीबजारबाट हाल साबिक गर्ने निर्णय गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा मालपोत कार्यालय डिल्लीबजारबाट धोबीखोलाको ०६२।२।२२ मा व्यक्तिको नाममा हाल साबिक भएको कित्ता नं. ५२४ को जग्गा मालपोत कार्यालय डिल्लीबजारबाटै मिति ०६४।३।१८ मा निर्णय बदर गरी साबिक अवस्थामै राख्ने निर्णय भए बमोजिम उक्त जग्गाको पुर्जा नेपाल

सरकारको नाममा बनाई सक्कल प्रति जिल्ला प्रशासन कार्यालय काठमाडौंमा बुझाई दिन र पुर्जाको प्रतिलिपि आयोगलाई पठाई दिन आयोगको मिति २०६६।१।१० को निणर्य अनुसार मालपोत कार्यालय डिल्लीबजारलाई लेखी पठाएको ।

१५. ऐतिहासिक, धार्मिक, वातावरणीय एवं सभ्यताको दृष्टिले महत्वपूर्ण क्षेत्र मानिएको जनकपुरको धार्मिक सम्पदाको यथोचित संरक्षण हुन नसकेको, पोखरी तथा पोखरीका डिल अतिक्रमण भइरहेको, पोखरी पुरेर घर निर्माण भइरहेको, गुठीका जग्गा वेमनासिव ढंगबाट पजनी भइरहेको, मठ मन्दिरहरूको दुरावस्था, पुजारी महन्तबाट हुने गरेको भ्रष्टाचार समेतको विषयको उजुरीहरूको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।२।१३ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई देहाय बमोजिम लेखि पठाइएको छ ।

- आयोगबाट गठित छानबिन समितिको प्रतिवेदन, जिल्ला प्रशासन कार्यालय, धनुषाबाट प्राप्त प्रतिवेदन, आयोगको निर्णयानुसार गुठी संस्थानकै कर्मचारीको कार्यदलबाट पेश भएको प्रतिवेदन एव वृहत्तर जनकपुर विकास परिषद्का अध्यक्ष भोजराज घिमिरेको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलले पेश गरेको प्रतिवेदनमा उल्लेख भएका सुझावहरू समेतको आधारमा जनकपुरमा रहेका पोखरीहरूका सम्बन्धमा देखिएका समस्याहरूको निरूपणको लागि अन्य सरोकारवाला निकायहरूसंग समन्वय गरी अतिक्रमण भइरहेका पोखरीहरूको अतिक्रमण रोक्ने, पोखरीहरूको सिमांकन गर्न लगाउने, प्रदुषण नियन्त्रण गर्ने, लुप्त भइसकेका पोखरीहरूको उद्धार गर्न, सम्पूर्ण पोखरीहरूको विकास तथा संरक्षणका लागि दीर्घकालीन कार्ययोजना बनाउन र लागु गर्न, पोखरी र पोखरीका डिलहरूको रैतान नंवरी दर्ता प्रक्रियालाई रोक्न, पोखरी वरिपरिको अवैध वसोवासलाई हटाउन, पोखरीहरूलाई भू-क्षयबाट जोगाउन, पोखरीको स्वामित्व एवं नियन्त्रणसंग सम्वद्ध निकायहरूलाई एकवद्ध गरी एकीकृत कार्ययोजना अनुकूल कार्य गर्न वातावरण वनाउन,
- गुठी संस्थान अन्तर्गत संचालित २३ गुठीको लगभग दुई हजार विगाहा जमिन देखिए पनि सम्पत्तिको सदुपयोग र संरक्षण हुन नसकेको, मठ, मन्दिरको महन्तहरूको नाममा रहेको गुठी जग्गा निजहरूको शेषपछि उत्तराधिकारीको नाममा नामसारी हुने गरेकोबाट संस्थाको सम्पत्ति व्यक्तिको नाममा हस्तान्तरण हुने गरेको, मन्दिरहरूको अवस्था जीर्ण रहेको, दैनिक रूपमा भक्तजनले चढाएको नगद तथा जिन्सीको अभिलेख राख्ने र सार्वजनिक गर्ने नगरिएको मन्दिरको आन्तरिक संचालनमा संस्थागत संरचना नदेखिनु जस्ता समस्या रहेका र उपर्युक्त समस्याहरूको समाधानार्थ मठ मन्दिरको आय व्ययको हिसाव राख्ने र लेखापरीक्षणको समेत अवस्था मिलाउन, मठ मन्दिरका अनुत्पादक जग्गा र सम्पत्तिलाई उचित प्रक्रिया पुऱ्याइ विक्री गरी अक्षयकोष स्थापना गर्न र सोबाट प्राप्त आम्दानीले मठ मन्दिरको सुसञ्चालन र सुव्यवस्थापनका लागि खर्च गर्न सकिने प्रवन्ध मिलाउन, गुठी संस्थाको भूमिकालाई वढी प्रभावकारी र परिणाममुखी बनाउन उसको कार्यशैली र अधिकार र कर्तव्यको पुनर्व्याख्या र परिमार्जन गर्न, मठ मन्दिरका सम्पत्ति, जग्गा आदि मास्ने अवैध कब्जा गर्ने उपर कारबाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न, जनकपुरका मठ मन्दिरहरूको व्यवस्थापकीय पक्षलाई सवल बनाउनको लागि

आवश्यक ऐन नियम तर्जुमा गर्न र भइरहेका नियममा संशोधन गर्न, जनकपुरका धेरैजसो निजी गुठीका मठ मन्दिरहरूमा स्वामित्वको विवाद रहेकोले त्यस्तो विवादको समाधान गर्न, राम मन्दिर तथा जानकी मन्दिर जस्ता आर्थिक रूपले अत्यन्तै सबल मन्दिरहरूको सुव्यवस्थापनार्थ ट्रष्ट वा कोषको स्थापना गर्न र सो नभएसम्मको लागि मन्दिर व्यवस्थापन समिति गठन गरी मन्दिरहरूको प्रभावकारी व्यवस्थापन र संचालन गर्ने व्यवस्था मिलाउन, मन्दिर व्यवस्थापन तोकिए अनुसार भए नभएको समय-समयमा अनुगमन गर्ने व्यवस्था मिलाउन, ग्रामिण क्षेत्रमा भएका मन्दिरहरूको संचालनको लागि समिति गठन गरी मन्दिर गुठीको भोगाधिकार समेत स्थानीय तहमा नै दिने व्यवस्था मिलाउन, निजी गुठी समेतलाई राजगुठीमा परिणत गरी त्यसको व्यवस्थापन पनि एकीकृत रूपमा गराउनेतर्फ कारबाही गर्न, मठ मन्दिरहरूको मर्मत संभार गराउन,

- निर्माण, खेती, आफ्नो जग्गामा घुसाइ नापनक्सा गर्ने र गुठी अधिनस्थ ऐलानी जग्गा व्यक्तिको नाममा दर्ता गराउने आदि प्रकृयाबाट अतिक्रमण हुने गरेको पाइयो । अतिक्रमण भइ घर बनेका जग्गाको पनि दुई प्रकृति रहेको पाइयो । व्यक्ति विशेषले अतिक्रमण गरी घर निर्माण गरेको र मन्दिरका महन्थले रूपैयां वुझी मन्दिरको गुठी तैनाथी जग्गामा कबुलियतको कागज लेखी घर बनाउन लगाएको । दुधमतिनिरको कुवा मठको जग्गाबाट माटो विक्री गरी जग्गाको स्वरूप विगारेको, २०४४ साल भन्दा पहिलेको मितिको मनखपको कागज तयार गरी सम्बन्धित व्यक्तिलाई दिइ सोही कागजको आधारमा जग्गा विक्री गरी अनधिकृत तवरबाट महन्थहरूबाट १४ विगाहा गुठी तैनाथी जग्गामा घर बनाउन लगाइएको र यसबाट २० करोडभन्दा बढीको सम्पत्ति हिनामिना भएको, शहरी क्षेत्रको नयां नापी अनुसारको राजगुठीको जग्गाको पूर्जा लिन नसकेको, तैनाथी जग्गा नम्वरीमा परिणत गराएको, जग्गा पर्ति राखी आयस्ता गुमाएको, गुठी तैनाथी जग्गामा मोही कायम गरिएको, २०२६ सालको नापीमा गुठीको नाममा नापी भइ स्रेस्ता तैयार रहेको जग्गा पुनः शहरी नापीमा व्यक्ति विशेषको नाममा नापी भएकोमा सो दर्ता बदर गराउने तर्फ कारबाही नभएको, गुठी जग्गाको रेखदेख नभएको जस्ता धेरै जटिल प्रकृतिका समस्या राजगुठीतर्फ रहेको पाइयो । राजगुठीतर्फ देखिएका समस्याहरूको निराकरणको लागि सम्वद्ध अन्य निकायहरूसंग समेत समन्वय गरी गुठी तैनाथी जग्गामा व्यक्ति विशेषले अतिक्रमण गरी कब्जा गरेको (उच्चस्तरीय कार्यदलले पेश गरेको प्रतिवेदनमा उल्लेख भए बमोजिम) जग्गाहरू गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम गुठी कै कायम गरी सो जग्गाबाट अतिक्रमण हटाइ गुठीको प्रयोगमा ल्याउन र त्यस्ता जग्गाको संरक्षण गर्न, अतिक्रमण गरी खेती गरेका गुठी जग्गाबाट बाली असुल गरी सो जग्गा गुठीकै अधिनमा राख्ने व्यवस्था मिलाउन, शहरी नापीमा विभिन्न व्यक्तिहरूले आफ्नो जग्गामा घुसाइ नापी गराइ ज.ध.द.प्र. पुर्जा लिएका वा ज.ध.द.प्र. पुर्जा लिन बांकी समेत गुठी जग्गाको पुर्जा गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम बदर गरी गुठीको साविक स्रेस्ता अनुसार कायम गर्न,
- लक्ष्मण मन्दिरको तैनाथी मोही नलाग्ने जग्गामा पनि फिल्डवुकमा जनाएको र सो आधारबाट जग्गा बेचविखन समेत भएको १५०० विगाहा भित्र परेको गुठी तैनाथी कायम भएका जग्गाको गुठी संस्थान ऐन, २०३३ बमोजिम मोही लगत कट्टा गर्न महन्तको सांठगांठमा मनखपको कागज

लेखी व्यक्ति विशेषले अतिक्रमित गराएको गुठी जग्गाको छानबिन र जग्गाको मूल्याङ्कन समिति बनाइ सो समितिले निर्धारण गरेको मूल्य तिरेमा मात्र त्यस्ता व्यक्तिको नाममा दर्ता गरीदिन र तोकिएको मितिमा तोकिएको रकम नबुझाएमा त्यस्ता घर जग्गाबाट त्यस्ता व्यक्तिलाई हटाई गुठी तैनाथीमा कायम गर्न, मनखपको कागजको आधारमा जग्गा दर्ता नगर्न सम्बन्धित मालपोत कार्यालयलाई निर्देशन दिन र मनखपको आधारमा भएको दर्ता वदर गर्न, पुरानो मिति हाली मनखपको कागज बनाइ गुठी तैनाथी जग्गा बेच विखन गरी त्यस्ता जग्गामा घर बनाउन लगाउने प्रक्रियालाई तुरुन्त रोक्न,

- शहरी नापीमा राजगुठीको नाममा नापी भएर पनि ज.ध.द.प्र. पुर्जा बन्न नसकेका जग्गाहरूको जग्गा पहिचान गरी कानूनी प्रक्रिया मिलाई अविलम्व त्यस्तो जग्गाको ज.ध.द.प्र. पुर्जा प्राप्त गर्न, गुठी जग्गामा नेपाल सरकार एवं संघ संस्थाका कार्यालयहरू रहेका जग्गाको मूल्य कायम गरी सो मूल्य असुल भए पछि उक्त जग्गा सम्बन्धित कार्यालयको नाममा दर्ता गरी गुठी स्रेस्ताबाट लगत कट्टा गर्न, मठ मन्दिरको जग्गा जमिन चल अचल सम्पत्ति सम्पूर्णको रेखदेख र सुव्यवस्था गर्न सम्बन्धित मठ र जग्गा रहेका ठाउंका प्रतिष्ठित व्यक्ति समेत संलग्न गराइ ट्रष्ट बनाइ सोही ट्रष्टहरूद्वारा छुट्टाछुट्टै मठ मन्दिरको रेखदेख गर्ने व्यवस्था मिलाउन, गुठी तैनाथी जग्गामा घर बनाइ नम्वरी रैतानीमा परिणत गराएकोलाई बदर गराउन, व्यापारिक महत्वका क्षेत्र एवं सार्वजनिक पोखरीका डिलमा अनधिकृत तवरबाट बनाइएका कच्ची/पक्की घरहरू भत्काउन लगाइ त्यस्ता जग्गा कव्जा गरी सो जग्गाको संरक्षण व्यवस्थापन गर्न, गुठीको जग्गा एवं पोखरीको डिल व्यक्ति विशेषले आफ्नो नाममा दर्ता गराएकोलाई वदर गरी उक्त पोखरी एवं सोही डिल सम्बन्धित गुठीको नाममा राख्न,
- गुठी जग्गामा भइरहेको अतिक्रमण, अव्यवस्थित बसोवास, कर्मचारी प्रशासन, चल अचल सम्पत्तिको रेखदेख, अक्षय कोष कायम, गुठी रैतान नम्वरी गरिने जग्गाको वा गुठी अधिनस्थ वा गुठी तैनाथी जग्गाको मूल्य, कुत, भू-वहाल, ठेक्का आदिको निर्धारण गर्न समेतको लागि जिल्ला स्तरमा गुठी व्यवस्थापन समितिको गठनको प्रावधान गुठी संस्थान ऐनमा संशोधन गरी राख्ने व्यवस्था मिलाउन, गुठीले विभिन्न सरकारी वा गैर सरकारी संघ संस्थालाई धेरै पहिले दिएको जग्गा उक्त संस्थाले तोकिएको प्रयोजनको लागि प्रयोग नगरी अन्य काममा प्रयोग गरेका छन भने त्यस्तो जग्गा गुठीले फिर्ता लिई गुठी कै नाउमा कायम गर्न, गुठी जग्गाको लगत अध्यावधिक गर्ने व्यवस्था मिलाउन, गुठी जग्गाको विभिन्न संघ संस्था, सरकारी कार्यालयबाट भु-वहाल असुल गराउन, राजगुठी जग्गाका सम्वन्धमा परम्परागतरूपमा महन्थले प्रयोग गर्दै आएको अधिकारलाई तत्काल समाप्त गरी निजलाई निश्चित पारिश्रमिक दिई पूजा आजा मात्र गर्न पाउने अधिकार तोक्न जनकपुरमा रहेका मन्दिरहरूको जीर्ण अवस्था एवं पुजारी महन्तबाट हुने गरेको भ्रष्टाचार, पोखरीहरूको अतिक्रमण एवं गुठी जग्गाको हिनामिना लगायतका धेरै विषयहरू मध्ये तत्काल कार्यान्वयनको लागि उपर्युक्त निर्देशन पालन गर्न र २०६२ सालमा भोजराज घिमिरेको अध्यक्षतामा गठित कार्यदलले पेश गरेको प्रतिवेदनमा दिइएका अन्य सुझावहरू समेत क्रमशः कार्यान्वयन गर्न ।

(झ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. चितवन जिल्ला दारेचोक गा.वि.स वडा नं. ३ कि.नं. ११,४६ र ४८ नं को डिभिजन सडक कार्यालय नं. ३ चितवन भरतपुरको नाममा दर्ता रहेको जग्गा तथा सोमा वनेका घरहरू व्यक्तिले अतिक्रमण गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा विवादको जग्गा चिनीया प्राविधिकहरूले पृथ्वी राजमार्ग निर्माण गर्दा २०२३,२०२४ सालमा घरहरू वनाइएको र पछि उक्त घरहरू मुङ्गलिङ्ग, मलेखु सुधार आयोजना (ब्रिटिस) समेतले भोग चलन गरेको । यसै अवस्थामा २०२७ सालमा नापी हुँदा उक्त कि.नं. ११, ४६ र ४८ को फिल्डवुकमा क्याम्प जनिएर नापी भएको भन्ने देखिएको, उक्त जग्गाको दर्ता सम्बन्धमा सम्वन्धित पक्षले मालपोत कार्यालयमा २०४४।१।१० मा निवेदन दिएको भन्ने देखिएतापनि ०२३।२४ सालमा नै घर बनाई सरकारी रूपमा भोग चलन भई २०२७ सालको नापीमा क्याम्प जनिइ नापी भएको विषयमा आफ्नो हक भोग भए आफ्नो प्रमाण सहित तत्कालै उजुरी गर्नु पर्नेमा सो गर्न सकेको देखिदैन । जग्गा दर्ता गरी पाँउ भन्ने निबेदकहरूले यसै जग्गाको विषयमा नारायणी अञ्चल अदालतमा निषेधाज्ञा जारी गरी पाऊँ भनी दिएको रिट खारेज गर्ने गरी मिति २०४६।१०।१२ मा भएको फैसला उपर परेको पुनरावेदनमा तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतबाट मिति २०४७।११।२८ मा जग्गाको भोग र स्वामित्वमा विवाद समेत भएको आधारमा शुरु सदर गर्ने गरी भएको फैसला अन्तिम भएको देखिएको, त्यसैगरी मालपोत कार्यालय चितवनबाट मिति २०५१।२।२६ मा उल्लिखित ३ कित्ता जग्गा सडक डिभिजन कार्यालयका नाममा जग्गाधनी प्रमाण पुर्जा कायम गरे उपर यिनै निवेदकहरूले नामसारी वदर मुद्दा पु.वे.अ.हेटौंडामा दिएकोमा उक्त अदालतबाट २०५३।११।३ मा भएको खारेजी फैसला सर्वोच्च अदालतबाट समेत मिति २०५९।८।९ मा सदर ठहरी अन्तिम भएर वसेको देखिएको, निवेदकहरूले जग्गा दर्ता सम्बन्धमा २०४४।१।१० मा मालपोत कार्यालयमा दिएको निवेदनमा मा.पो.का. बाट मिति ०५४।६।१९ मा भएका निर्णय उपर पुनरावेदन अदालत हेटौंडामा गरेको पुनरावेदनमा मिति २०६१।३।३ मा पुनः इन्साफ गर्न शुरु मालपोत कार्यालय चितवनमा पठाउने गरी भएको फैसला उपर प्रतिवादी सडक डिभिजनको सर्वोच्चमा पुनरावेदन परी लाग्नै नसक्ने पुनरावेदनमा फैसला गरेको भन्ने समेत आधारमा मिति २०६४।२।२७ मा झगडिया झिकाउने आदेश भई हाल सर्वोच्च अदालतमा विचाराधिन रहेको, प्रस्तुत विवादको कि.नं. ११ को जग्गा निवेदक वलराम त्रिपाठीको तथा कि.नं. ४८ को जग्गा पशुपति त्रिपाठीको भएको हुँदा निजको नाममा दर्ता गरिदिने भन्ने दारेचोक गा.वि.स., ने.क.पा.माओवादी, जनमोर्चा नेपाल, ने.का.(प्रजातान्त्रिक), ने.क.पा. एमाले, नेपाली कांग्रेसजस्ता निकाय तथा पार्टीको सिफारिस भएको, प्रस्तुत कि.नं. ११ को जग्गामा टंकमाया थापामगर, सीताराम त्रिपाठी, शिवहरी त्रिपाठी, टिकानाथ कडेल, योगराज त्रिपाठी, लक्ष्मण त्रिपाठी, मित्रलाल त्रिपाठी, कमान सिंह थापा मगर लगायतका व्यक्तिहरूको स्थायी वसोवास भई भोगचलनमा रहेको र सो जग्गा वलराम त्रिपाठीका नाममा दर्ता भएपछि निजहरूका नाममा वलराम त्रिपाठीले जग्गा पास गरी दिने भन्ने गा.वि.स. स्वयमले मिति २०६४।४।२ को सर्वदलीय तथा सर्वपक्षिय वैठकबाट निर्णय भएको देखिएको र उल्लिखित विवादको कि.नं. ११,४६ र ४८ को जग्गा दर्ताको लागि माग गर्ने निवेदकहरूले ०२३।०२४ सालमा नै घर टहरा वनाई सरकारी भोग चलनमा रही २०२७ को नापीमा क्याम्प जनिई नापी भएको जग्गाका सम्बन्धमा २०४४ सालसम्म चुप लागी

वसेको देखिएको र त्यस पछि नारायणी अञ्चल अदालतमा दायर गरेको निषेधाज्ञा मुद्दामा भएको खारेजी फैसला मध्यमाञ्चल क्षेत्रीय अदालत समेतबाट सदर ठहरी अन्तिम भएर वसेको अवस्थामा मालपोत कार्यालय चितवन भरतपुरबाट मिति २०५१।२।२६ मा सडक डिभिजन नं. ३ का नाममा जग्गाधनी प्रमाण पुर्जा प्रदान भएपछि सो सम्बन्धमा पुनरावेदन अदालत हेटौंडामा दायर गरेको पुनरावेदनपत्रमा उक्त अदालतबाट मिति २०५३।११।३ मा भएको खारेजी फैसला सर्वोच्च अदालत समेतबाट मिति २०५९।८।९ मा सदर भई अन्तिम भएर वसेको देखिन्छ । त्यसै गरी फायल संलग्न दारेचोक गा.वि.स.को मिति २०६४।४।२ को सर्वदलीय तथा सर्वपक्षीय वैठकबाट विवादको कि.नं. ११ को जग्गामा यी निवेदक वलराम त्रिपाठीको भोग चलन भन्ने नदेखिई टंकमाया थापा मगर समेतका विभिन्न व्यक्तिहरूको स्थाई वसोवास भई भोग चलनमा रहेको भन्ने समेत देखिंदा आयोगको मिति २०६५।४।५ को निर्णय अनुसार प्रस्तुत विवादको कि.नं. ११,४६ तथा ४८ नं. को जग्गा सरकारको लागि आवश्यक भए सरकार आफैले र सरकारका लागि उपभोगहिन भएमा कानून बमोजिम रीत पुऱ्याई बिक्री गरी प्राप्त रकम सर्वसंचित कोषमा दाखिला गर्ने व्यवस्था गर्न नेपाल सरकारलाई लेखी पठाईएको ।

२. काठमाडौं जिल्ला गोंगवु वडा नं.४ (ख) कि.नं.५६५ को जग्गा बढी भएकोले बढी जग्गा सार्वजनिक गराई पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा साविक का.जि.गंगवु वडा नं.४ (ख) विप्लव मान सिंहको नाउँमा कि.नं.१४१९ क्षे.फ.०-३-३-० र १४५७ को क्षे.फ.०-०-१-० कि.नं.१४५८ क्षे.फ.०-३-०-० र भुवनलाल सिंह डंगोलको कि.नं.८६८ को ०-१-२-० गरी जम्मा ०-८-२-० नापीमा साविकको गंगवु ४ (ख) कि.नं.१४१९, १४५७, १४५८ र ८६८ गरी चार कित्ता नापी हुँदा का.न.प.२९ सिट नं.१०२-०९८४-२५ कित्ता नं.३६ मा क्षेत्रफल ०-१२-०-० कायम हुन गएको नापी शाखा,मालपोत कार्यालयको पत्र अनुसार साविक क्षेत्रफल भन्दा ०-३-२ बढी देखिएको र हालसम्म हाल साविक भएको नदेखिएको भन्ने जानकारी प्राप्त भै के कस्को घुसेको हो हाल साविक गर्दा यकिन हुने जानकारी प्राप्त भएको, काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको ०५७८।९ को निर्णयानुसार विप्लव मान सिंह डंगोलले साविक गंगवु वडा नं.४ (ख) कित्ता नं.६८६, १४१९, १४५७ को जग्गामा सडक सिमाना भित्र पर्ने गरी घर निर्माण गरेको सम्बन्धमा सडक केन्द्रबाट ४ मिटर छोड्ने गरी नक्सा पास गरेकोमा निजले ११ फिट १ ईन्च मात्र छोडेर घर निर्माण गरेको २ फिट Row नपुग हुने गरी निर्माण गरेको तथा घर अगाडि १ फिट १० इन्च सडकमा नै पर्ने गरी पेटी समेत बनाएको देखिंदा उक्त भाग नगर विकास ऐनको दफा १० (१) अनुसार ३५ दिन भित्र आफ्नै तर्फबाट भत्काई सो वापत लागेको खर्च निजबाट असुल उपर गर्ने र स्वीकृत नक्सा भन्दा ७४३.६३ वर्गफिट बढी निर्माण गरेको हुँदा नगर विकास ऐन दफा ११ (१) अनुसार रु.२५,०००।- जरिवाना गर्ने र स्वीकृत नक्सा भन्दा बढी निर्माण गरेको भाग ३ महिना भित्र भत्काई नक्सा पेश गर्न लगाउने निर्णय भएकोमा निर्णय कार्यान्वयन नभएको केवल जरिवाना रु.२५,०००।- मात्र दाखिला गरेकोले उक्त जग्गा मिति ०६२।१।९ च.नं.१४९२ को पत्रबाट रोक्का राखिएको, सडक विभाग डिभिजन सडक कार्यालय नं.२ मिनभवनबाट बिप्लव मान सिंह डंगोललाई कि.नं.१४१९ मा घर निर्माण गर्दा घरको सिढी सडक क्षेत्र ०-०-१ मिची बनाएकोले तुरुन्त भत्काउन र नभत्काए सार्वजनिक सडक ऐन अनुसार कार्वाही गरिने गरी पत्राचार गरेको, सडक डिभिजन कार्यालयले

सडक मिचेको सन्दर्भमा कारबाही गर्न केवल पत्राचार मात्र गरेको साथै काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिले भत्काउने तथा जरिवाना गर्ने गरी ०५७८।९ मा गरेको निर्णय हालसम्म केवल जरिवाना मात्र असुल गरेको र अनियमित रूपमा सडक मिची बनाईएको निर्माण कार्य भत्काउने तर्फ कारबाही गरेको नदेखिएको हुँदा आयोगको मिति २०६५।५।५ को निर्णय अनुसार समितिबाट निर्णय मात्र गर्ने तर निर्णय कार्यान्वयन भएको नदेखिंदा ३ महिना भित्र उक्त निर्णय कार्यान्वयन गर्न लगाउन काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिलाई लेखी पठाईएको ।

३. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय नुवाकोटको जिल्ला अस्पताल जाने बाटोमा नाली निर्माण तथा चिहान डाँडा जाने बाटो सुधार गर्ने काममा अनियमितता गरेको भन्ने विषयको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त निर्माण कार्य गर्दा गराउँदा चेकलिष्ट बनाई गर्नुपर्नेमा सो अनुसार भएको नदेखिएको हुँदा आयोगको मिति २०६५।५।११ को निर्णय अनुसार भविष्यमा निर्माण कार्य गराउँदा सार्वजनिक निर्माण निर्देशिका अनुसार चेकलिष्ट बनाई निर्माण कार्य गर्न गराउने व्यवस्था मिलाउनका लागि भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाईएको ।

४. खानेपानी तथा ढल निकास विभाग, साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत संचालित वालिङ साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको लागि पानी प्रशोधन गर्ने संयन्त्र निर्माणको शुरुको डिजाइन विना स्वीकृति परिवर्तन गरी माइल्ड स्टिलको सट्टा कन्क्रिटद्वारा निमार्ण गरिएकोले कारबाही गरी पाऊँ भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा उक्त आयोजनाको पानी प्रसोधन संयन्त्र निर्माण डिजाइन परिवर्तनको बिषयमा भएको समस्याको अध्ययन गरी प्रतिवेदन गर्न विशेषज्ञ नियुक्त भई विशेषज्ञद्वारा ४ वटा बुँदामा सिफारिस समेत पेश भइसकेको देखिएको तथा आयोजना ब्यवस्थापन कार्यालयको मिति ०६२।८।१० को पत्र अनुसार पनि उक्त प्रसोधन संयन्त्र आयोजनाको मूल सम्झौताको BOQ मा उल्लेख भए बमोजिमनै जडान गर्ने सहमति भई उक्त उपकरण भन्सारसम्म आइपुगेको जानकारी प्राप्त भएको हुँदा मूल सम्झौता अनुसार नै उक्त कार्य गर्न लगाउन आयोगको मिति २०६५।९।१४ को निर्णय अनुसार साना शहरी खानेपानी तथा सरसफाई आयोजना, आयोजना व्यवस्थापन कार्यालयलाई सुझाव दिई सो को अनुगमन गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाईएको ।

५. काठमाडौं उपत्यका नगर विकास प्रमुख अशोकनाथ उप्रेतीले अपार्टमेन्ट सिष्टमको संयुक्त आवास भवन निर्माण गर्दा नियम विपरित स्वीकृति दिएको, नक्सापास र भवन निर्माण स्वीकृति गर्ने काममा रकम लिने गरेको अपार्टमेन्ट सिष्टमको संयुक्त आवासको भवन निर्मातालाई धम्क्याउने गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा अशोकनाथ उप्रेतीको अपार्टमेन्ट निर्माणको स्वीकृति दिने कार्यमा संलग्नता नै नभएकोले निजको हकमा केही गरिरहनु परेन । नख्खुमा निर्माणाधीन सनराइज टावरको प्रवेशमार्ग ८ मीटर हुनुपर्नेमा केही स्थानमा सो भन्दा कम भएको भनी भौतिक योजना तथा निर्माण मन्त्रालयबाट प्राप्त छानबिन प्रतिवेदनमा उल्लेख भएको देखिंदा मापदण्डले निर्धारण गरे बमोजिम सम्बन्धित आवास कम्पनीलाई ८ मी चौडा सडक कायम गर्न लगाउन आयोगको

मिति २०६६।१।२४ को निर्णय अनुसार काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालय ललितपुरलाई लेखी पठाईएको ।

(त्र) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत

१. समाज कल्याण परिषद्ले आफ्नो स्वामित्वको जग्गा निशुल्क भाडामा दिई अनियमितता गरेको भन्ने समेतको व्यहोराको आयोगमा पर्न आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा समाज कल्याण परिषद्को आफ्नै स्वामित्वको जग्गा तथा नेपाल सरकारको स्वामित्वमा भएपनि समाज कल्याण परिषद्ले भोगचलन गरिरहेको समग्र जग्गाको वस्तुस्थितिको बारेमा समाज कल्याण परिषद्को नाममा रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १०, (हाल वडा नं. ३४) वानेश्वरस्थित कित्ता नंबर ७२ र ३३४ को क्षेत्रफल क्रमशः १-७-२-० र ७-१०-२-३ को जग्गामध्ये राधाकृष्ण मन्दिर, बहिरा विद्यार्थी छात्रावास र सुस्त मनस्थिति विद्यालय रहेको जग्गाबाहेक खाली रहेको बाँझो जग्गाको क्षेत्रफल २-५-२-२ जग्गा समाज कल्याण परिषद्को कार्य सञ्चालन समितिको मिति २०६३।७।२८ मा गैरसरकारी संस्था महासंघलाई र परिषद्को कार्य सञ्चालन समितिको मिति २०६३।८।११ को निर्णयानुसार मस्कुलर डिष्ट्रोफी फाउण्डेशनलाई ५० वर्षको लागि निशुल्क जग्गा उपलब्ध गराउने निर्णय गरेको देखियो । समाज कल्याण परिषद्लाई आफ्ना गतिविधि तथा कार्यक्रम सञ्चालन गर्न श्रोत साधनको बढ्दो आवश्यकतातर्फ विचार गरी उक्त जग्गा व्यावसायिक महत्वको भएकोले सो जग्गाको व्यावसायिक प्रयोगले परिषद्लाई आर्थिक भरथेग हुने अवस्था विद्यमान रहेको तथा प्रचलित ऐनमा परिषद्को हित विपरित निशुल्क जग्गा उपलब्ध गराउन सकिने प्रावधान रहेको नदेखिदा गैरसरकारी संस्था महासंघ र मस्कुलर डिष्ट्रोफी फाउण्डेशनलाई निशुल्क जग्गा उपलब्ध गराउने गरी भएको निर्णय तथा सम्झौता रद्द गर्न, समाज कल्याण परिषद्ले भवन, स्टल, टहरा तथा जग्गा भाडामा दिदा कतिपय अवस्थामा नर्मस् बिना हचुवाका भरमा दिएको, विना प्रतिस्पर्धा बिना आधार ५ वर्ष भन्दा बढीको अवधिको लागि सम्झौता गरेको तथा हचुवाका भरमा कसैलाई निशुल्क भाडामा दिएको, कसैलाई ७५ प्रतिशतसम्म भाडा छुट दिएको देखिएकोले आगामी दिनमा त्यस्ता कमी कमजोरी हुन नदिन भवन, स्टल, टहरा, जग्गा आदि समेतको भाडा निर्धारण गर्दा वा छुट दिदा निश्चित आधारहरू तैयार गरी सोही आधारबाट एकरूपता कायम गरी परिषद्लाई बढी भन्दा बढी हित हुने गरी प्रतिस्पर्धा गराई प्रचलित सार्वजनिक खरीद ऐन नियम र प्रचलित कानूनको रीत पुऱ्याएर मात्र गर्न र भृकुटी मण्डपस्थित २६ रोपनी क्षेत्रफल ओगटेको वालउद्यान क्षेत्रलाई समाज कल्याण परिषद्को कार्य सञ्चालन समितिको २०५४।२।२० को निर्णयानुसार २५ वर्षका निम्ति ल्याम्ह पुचः नामक संस्थालाई २०५३।९।१५ गतेदेखि लागू हुने गरी सम्झौता भएको र दोस्रो वर्षवाट मासिक भाडा रु. ५,०००।- र प्रत्येक वर्ष थप ५% का दरले रकम वृद्धि गर्ने गरी उपलब्ध गराएको देखिएकोमा उक्त जग्गाको क्षेत्रफलको अनुपातमा भाडा दर न्यून रहेको र सम्झौता अवधी निकै लामो देखिएकोले यसमा समाज कल्याण परिषद्लाई अधिकतम हित हुने गरी सम्झौता पुनरावलोकन गर्न आयोगको मिति २०६५।७।२४ को निर्णय अनुसार समाज कल्याण परिषद्लाई लेखी पठाईएको ।

२. समाज कल्याण परिषद्का सदस्य सचिव जयेन्द्र श्रेष्ठले डिजलको गाडी चढेर पेट्रोलको वील लिने गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा समाज कल्याण परिषदका पदाधिकारीहरूलाई दिइने भनिएको इन्धन कोटा मासिक २०० लिटर अस्वाभाविक भएको देखिएकोले समकक्षीय अन्य पदाधिकारीलाई मासिक के कति लिटरको कोटा तोकिएको छ, त्यसको अध्ययन गरी एकरूपता हुने गरी कोटा निर्धारण गर्ने, मासिक रूपमा तलव भत्ता वा पारिश्रमिक पाइरहने पदाधिकारीले वैठक भत्ता पनि लिंदा दोहोरो सुविधा उपभोग गरेको देखिने हुनाले यस्तो दोहोरो सुविधा लिने व्यवस्था हटाउने, समाज कल्याण परिषदको हाल विघटन भैसकेको परिप्रेक्षमा तत्कालीन पदाधिकारीहरूले लिएका जिन्सी मालसामान प्रचलित कानूनको रीतपुऱ्याई तुरुन्त फिर्ता गर्ने गराउने व्यवस्था मिलाउन आयोगको मिति २०६५।९।१४ को निर्णय अनुसार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा लेखी पठाईएको ।

३. समाज कल्याण परिषद्ले विभिन्न अनियमितता गरेको भनि आयोगमा प्राप्त उजुरी उपर अनुसन्धान, छानबिन प्रतिवेदन एवं महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव र समाज कल्याण परिषद्का सदस्य सचिव समेतको उपस्थितिमा छलफल हुँदा समाज कल्याण परिषद्को ऐन नियममा स्पष्ट व्यवस्था नभएको तर कार्य संचालन समितिको तथा पदपूर्ति समितिको निर्णयद्वारा कानूनी कारबाही गर्ने गरेका नियममा स्पष्ट नभएको कार्यरत सेवा भन्दा अलगै सेवाको पदमा बढुवाको लागि उम्मेदवार वनाउने कार्य कानून संगत नदेखिएकोले नियममा व्यवस्था गरेरमात्र कार्यान्वयन गर्न, कुनै पदका लागि निर्धारण गरिने न्यूनतम शैक्षिक योग्यता नियमावलीमा व्यवस्था गरी तोक्न, रिक्त पदमध्ये खुल्ला वा बढुवावाट के कति पद कति कति अवधिमा पूर्ति गर्ने भन्ने कुरा पारदर्शीरूपमा नियममा व्यवस्था गर्न, नगद सहायता रकम वितरण गर्दा स्पष्ट र पारदर्शी आधार (मापदण्ड) निर्धारण गर्ने निष्पक्षरूपमा वितरण गर्न तथा व्यवस्था मिलाउन र कोषका पदाधिकारीहरूलाई उपलव्ध गराउने सुविधाको हकमा प्रचलित कानून वमोजिम पाउने भए मात्र कानूनले तोकिएको सुविधा उपलव्ध गराउन अन्यथा त्यस्तो रकम खर्च नगर्ने व्यवस्था मिलाउन नियममै व्यवस्था गरी कार्यन्वयन गर्न गराउन आयोगको मिति २०६६।१।१० को निर्णय अनुसार समाज कल्याण परिषद्लाई लेखी पठाईएको ।

(ट) वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत

१. जिल्ला वन कार्यालय चितवनले वन क्षेत्रबाट तोकिएको भन्दा कम दुरीमा काष्ठ उद्योग खोल्न अनुमति दिएको भन्ने विषयको उजुरी उपर क्षेत्रीय प्रशासन कार्यालय हेटौडाबाट छानबिन भई पेश हुँदा नेपाल सरकार वन राज्यमन्त्रीस्तरबाट मिति २०६३।११।११ मा निर्णय भए बमोजिम तराईका हकमा वनक्षेत्र वा संरक्षितक्षेत्र (मध्येवर्तीक्षेत्र समेत) बाट २ कि.मि. टाढा र अन्यक्षेत्रका हकमा वनक्षेत्र वा संरक्षितक्षेत्र (मध्येवर्तीक्षेत्र समेत) बाट १ कि.मि. टाढा मात्र वन पैदावारमा आधारित उद्योग स्थापना र संचालन हुन दिने भन्ने निर्णय भएकोमा उक्त निर्णय उद्योग प्रशासन निर्देशिका, २०५८ बमोजिम भएको नदेखिएकोले वन संरक्षणको दृष्टिकोणले यस्ता वनपैदावारमा आधारित उद्योग स्थापना गर्दा गराउँदा उद्योग प्रशासन निर्देशिका २०५८ बमोजिम गर्न गराउन तथा सो

निर्देशिकाको दफा १ को खण्ड (ग) र (घ) मा उल्लिखित विषयहरू खास गरी तराइ तथा भित्री मधेशमा वन क्षेत्रबाट कम्तिमा ५ कि.मि. टाढा र पहाडमा ३ कि.मि. टाढा मात्र उद्योगहरू स्थापना गर्न स्वीकृति दिन सक्ने गरी वन नियमावली, २०५१ मा आवश्यक संशोधन र समावेश गर्न गराउन आयोगको मिति २०६५।१०।२१ को निर्णय अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं वन तथा भूसंरक्षण मन्त्रालयलाई लेखी पठाईएको ।

२. शुक्लाफाँट वन्यजन्तु आरक्ष विस्तारको क्रममा सट्टाभर्ना जग्गा पाउने व्यक्तिहरूको जग्गा नापजाँच गर्दा अमिन द्वय वुधन यादव र रामविलास महतोले अनियमित कार्य गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा शाही शुक्लाफाँट वन्यजन्तु आरक्ष जग्गा समस्या समाधान समिति कन्चनपुरको मिति २०६१।२।२५ को निर्णयानुसार आरक्ष विस्तारको क्रममा सुडा गा.वि.स. वडा नं. ४ र ५, वन्दरपुरमा जग्गा सट्टाभर्ना पाएका मानिसहरू मध्ये केही मानिसहरूको जग्गा नहर, वाटो, खोला तथा एक अर्काकोमा परी चलनभोग गर्न नपाइ विवाद परिरहेको र ५ नं. नापी गोश्वराबाट पुनः नापनक्सा गर्दा आरक्षको विवादित क्षेत्र भनी नापनक्सा गर्न छोडेको क्षेत्रको साना किसानहरूले आरक्षबाट सोधभर्ना पाएको भोग चलन अनुसारको जग्गा र बाँकी जग्गा वाउण्डरी नाप नक्सा गरी प्रतिवेदन पेश गर्न अमिन द्वय वुधन यादव र रामविलास महतोलाई ०६१।३।१ देखि खटाइएको, यसैगरी मिति २०६१।३।३१ मा निजहरूलाई निर्देशन दिने क्रममा सुडा गा.वि.स. वार्ड नं. २, ४, ५ वन्दरपुर कटान क्षेत्रमा साना तथा ठुला किसानहरूलाई आरक्ष समितिबाट सट्टाभर्ना दिएका जग्गाहरू निजहरूको भोगचलन वमोजिम नाप नक्सा गरी समितिमा पेश गरेका नक्साहरूमा मसी भरी क्षेत्रफल यकिन गर्ने र घटी वढी भएमा वढी भएको नजिकैको अन्य वाँकी कित्ताबाट पूर्ति गर्ने र बाँकी वचत हुन आएको जग्गाहरू सडकको छेउमा पर्ने गरी बाँकी जनाइ क्षे.फ. समेत यकिन गरी पेश गर्न निर्देशन दिएको देखिएको र सोही अनुसार निजहरूबाट नापनक्सा गरी दर्ता भै सकेको जग्गाको स्रेस्ता तथा जग्गाधनी प्रमाण पूर्जा प्रमाणित गरी ल्याउन शुक्लाफाँट वन्यजन्तु आरक्ष तथा जग्गा समस्या समाधान समितिले निज अमिन द्वयलाई २०६४।१।२६ मा ५ नं. नापी गोश्वारामा पठाइएको समेत देखिन आयो । सम्बन्धित स्रेस्ता रितपूर्वकको काम सम्पन्न भएको भए वर वुझारथ गर्न कानूनी वाधा नहुने भनी भूमिसुधार तथा व्यवस्थापन विभागले मालपोत कार्यालय कन्चनपुरलाई लेखिएको पत्र तथा मालपोत कार्यालय कन्चनपुरले उक्त स्रेस्ता वुझी कामकारबाही समेत शुरु गरिसकेको अवस्था र नापीबाट समेत स्रेस्ता वुझिएको हुँदा निज अमिन द्वयले जग्गा सट्टाभर्ना दिने सम्बन्धमा शुक्लाफाँट वन्य जन्तु आरक्षको निर्देशन वमोजिम नै कार्य गरेको प्राप्त कागजातबाट देखिएकोले निजहरूले अनियमितता गरेको पुष्टि हुन आएन । शुक्लाफाँट वन्य जन्तु आरक्ष विस्तारको क्रममा जग्गा सट्टाभर्ना पाउने व्यक्तिहरूलाई भोगचलन अनुसार वाधा तथा अड्काउ पर्न गएको अवस्था देखिन गएमा नियमानुसार वाधाअड्काउ फुकाउने कार्य आवश्यक कानूनी प्रक्रिया पुऱ्याई गर्न आयोगको मिति २०६५।११।१९ को निर्णय अनुसार शुक्लाफाँट आरक्ष जग्गा समस्या समाधान समितिलाई लेखी पठाइएको ।

३. कोपिला सामुदायिक वन उपभोक्ता समूह नेउलापुर-९ गोदाना वर्दियाको काठ हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा कोपिला सामुदायिक वन उपभोक्ता समूह नेउलापुर

९ गोदान वर्दियाको वन क्षेत्र भित्र रहेको सुखड खडा तथा ढलापढा रोगग्रस्त साल जातका वेवारिसे ११९२.९६ घन फिट वनपैदावार न्यूनतम प्रति घ.फि. रु.३००।- को दर कायम गरी स्थानीय पत्रिका वर्दिया टाइम्समा मिति २०६३।३।१८ मा लिलाम बढाबढको सूचना प्रकाशित भई प्रकाशित सूचना अनुसार लिलाम बढाबढ भई सो लिलाम बढाबढमा वंचित गरेकोले टेण्डर बदर गरी पुनः टेण्डर गरी पाऊ भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, वर्दियामा उजुरी परी जिल्ला प्रशासन कार्यालयको मिति २०६३।१०।२९ को पत्रबाट उक्त टेण्डर कानूनी प्रक्रिया पूरा भएर रीतपूर्वक अन्तिम स्वीकृति भएको भन्ने तथ्यगत प्रमाण हालसम्म प्राप्त नभएकोले कानूनको रीत पुऱ्याई पूर्व टेण्डर वदर गरी पुनः टेण्डर निकाल्न भनी समूहलाई पत्राचार भएको र मिसिल संलग्न कागजातहरूबाट पुनः टेण्डर निकालेको नदेखिएको तथा मिति ०६४।४।४ को कोपिला सामुदायिक वन उपभोक्ता समूहको कार्यकारिणी समूहको वैठकले घाट गद्दी भएको ११९२.९६ क्यू.फि.काठ कोपिला सामूदायिक वन उपभोक्ता समूहका सदस्यहरूलाई नै वितरण गर्ने निर्णय गरी साल जातको वन पैदावार प्रति क्यू.फिट रु.४०।- र आसना जामुना जातको वन पैदावार प्रति क्यू.फि.रु.२५।- कायम गरी समूहका सदस्यहरूलाई वितरण गरेको मिसिल संलग्न भरपाईको प्रतिलिपिबाट स्पष्ट देखियो । प्रति क्यू.फिट रु.३००,।- कायम गरी टेण्डर प्रकाशन भएकोमा पछि उपभोक्ता समूहका सदस्यहरूलाई सालको रु.४०।-, आसना र जामुनको रु.२५।- प्रति कयू.फिट कायम गरी वितरण गरेको हुँदा वन नियमावली, २०५१ ले कायम गरेको न्यूनतम मूल्यमा उपभोक्ता समूहका सदस्यहरूलाई रकम लिई वितरण गर्नु पर्नेमा सो भएको नदेखिंदा तत्कालीन वन नियमावलीमा कायम रहेको न्यूनतम राजस्व अनुसार नै उपभोक्त समूहका सदस्यहरूलाई वितरण गरेको परिमाण अनुसार नपुग रकम सम्वन्धित व्यक्तिवाट कानूनको रीत पुऱ्याई असुल गरी लिई राजस्वमा दाखिला गर्न, कोपिला सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रभित्र रहेका वन पैदावारहरू न्यूनतम प्रति क्यू.फिट रु.३००।- का दरले लिलाम बढाबढको लागि सूचना प्रकाशित भएकोमा सो वन पैदावरहरू समूहका सदस्यहरूलाई नै वितरण गर्ने भन्ने निर्णय गरी साल जातका वनपैदावार प्रति क्यू. फिट रु.४०।- कायम गरी वितरण गरी तत्कालीन वन नियमावलीमा कायम रहेको न्यूनतम दररेट विपरित समूहले कार्य गरेको देखिंदा तत्सम्बन्धमा वन ऐन, २०४९ को दफा २७ बमोजिम प्रक्रिया पूरा गरी कारबाही गर्न र कोपिला सामुदायिक वन उपभोक्ता समूहबाट वन पैदावारहरू समूहका सदस्यहरूलाई विक्री वितरण गर्दा वन नियमावली, २०५१ ले न्यूनतम प्रति क्यू.फिट कायम गरेको राजस्व भन्दा कम मूल्य कायम गरी विक्री वितरण गरेको देखिएकोले सबै जिल्लाका वन उपभोक्ता समितिहरूले वन नियमावली, २०५१ ले कायम गरेको न्यूनतम मूल्य भन्दा कम दररेट कायम गरी विक्री वितरण वा समूहका सदस्यहरूलाई विक्री वितरण नगर्न नगराउन आयोगको मिति २०६६।३।११ को निर्णय अनुसार जिल्ला वन कार्यालय बर्दियालाई लेखी पठाएको ।

(ठ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. तत्कालीन पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशक श्रवण कुमार चौधरी समेतले मिति २०६४।४।३० मा अनियमित तरिकाले अन्धाधुन्धा सरुवा गरेको; केही कर्मचारीलाई अनिश्चित कालिन काज सरुवा गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशानालय धनकुटा

अन्तर्गत विभिन्न निकायमा विभिन्न तहमा कार्यरत ३५० जना कर्मचारीहरूको सरुवा मिति २०६४।४।३० र ०६४।७।३० को निर्णयानुसार भएको देखिन्छ । सो निर्णयमा यस अघि सरुवा भै अटेर गरी सरुवा भएको कार्यालयमा हाजिर हुन नजाने २७ जना कर्मचारी समेतको सरुवा संसोधनको नाममा भएको थमौति नियम सम्मत देखिन्न । निर्देशनालयमा अभिलेख समेत नराखी गरिएको अनिश्चितकालीन काजसरुवा सम्बन्धी निर्णय समेत प्रचलित कानून विपरित देखियो । अन्य नियमित सरुवाको सन्दर्भमा समेत कर्मचारी अभिलेख दुरुस्त नभएको कारणले प्रचलित ऐन नियम वमोजिम तोकिएको भौगोलिक क्षेत्रमा वसेको अवधि पुगी सरुवा भएको हो होइन ? शंकास्पद नै देखियो । तसर्थ, अनिश्चितकालीन काजमा राखिएका कर्मचारीहरूको तुरुन्त काज फिर्ता गर्न; मातहत निकायमा कार्यरत कर्मचारीहरूको अभिलेख दुरुस्त राख्न, सरुवा निर्णय गर्दा तत्कालीन कार्यालयमा कार्यरत अवधि खुलाई गर्न, कर्मचारी सरुवा गर्दा प्रचलित ऐन नियमको अनिवार्य पालन गर्न; ६० दिन भन्दा बढी विना सूचना एवं विदा स्वीकृत नगराई कार्यक्षेत्रमा अनुपस्थित रहने कर्मचारीहरूको विवरण संकलन गरी विभागीय कारबाही प्रक्रिया अघि वढाउन आयोगको मिति २०६५।६।८ को निर्णय अनुसार पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशकलाई लेखी पठाएको ।

२. तत्कालीन पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशक श्रवण कुमार चौधरी समेतले मिति २०६४।४।३० मा अनियमित तरिकाले अन्धाधुन्ध सरुवा गरेको, केही कर्मचारीलाई अनिश्चितकालीन काजमा राखेको भन्ने आयोगमा प्राप्त उजुरीको सम्बन्धमा पूर्वाञ्चाल क्षेत्रीय स्वास्थ्य निर्देशनालय धनकुटा अन्तर्गत विभिन्न निकायमा विभिन्न तहमा कार्यरत ३५० जना कर्मचारीको सरुवा मिति २०६४।४।३० र ०६४।७।३० मा भएको पाइयो । निर्देशनालयमा अभिलेख समेत नराखी गरिएको अनिश्चित कालिन काजसरुवा एवं सरुवा संशोधनका नाममा भएको थमौती समेत प्रचलित ऐन नियम विपरित भएकोमा पदीय दुरूपयोग गरी अनियमित तरिकाले सरुवा गर्ने तत्कालीन क्षेत्रीय निर्देशक श्रवणकुमार चौधरीबाट वारम्वार अनुचित कार्य भईरहेको पाईएवाट निजलाई हालको पदमा राखी रहन मनासिव नहुने व्यहोरा आयोगको मिति २०६५/७/२८ गतेको निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाईएको ।

३. प्राथमिक स्वास्थ्य केन्द्र चतराका जनस्वास्थ्य निरीक्षक शिवदयाल महतोले नियम विपरित विदा स्वीकृत नगराई गैरसरकारी संस्थामा काम गरिरहेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा विभागीय स्वीकृति वेगर जनस्वास्थ्य निरीक्षक शिवदयाल महतोले मिति २०६२।९।१३ देखी ०६३।६।२८ सम्म सेभ द चिल्ड्रेन, यु.एस.ए. अन्तर्गतको फेमीली हेल्थ प्रोग्राम, सिरहामा ट्रेनिङ अफिसर पदमा पूर्ण कालिन कर्मचारी भै कामकाज गरेको पुष्टि भएको, निजले घरायसी कारण देखाई असाधारण विदा माग गरी सेभ द चिल्ड्रेन सिरहामा कार्यरत रहेको हुँदा उक्त विदा स्वीकृत तर्फ कारबाही अघि वढाउन नियमानुसार नमिल्ने भएकोले अनुचित तवरले स्वीकृत भएको मिति २०६२।९।१३ देखी २०६३।६।२८ सम्मको जनस्वास्थ्य निरीक्षक शीवदयाल महतोको असाधारण विदा वदर गर्न आयोगको मिति २०६५।१०।२९ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाएको ।

४. स्वास्थ्य सेवा नियमावलीको नियम ५ को ३० बमोजिम अधिकृतस्तरको कर्मचारीको सरुवा मन्त्रालयले गर्नु पर्नेमा नियम विपरीत खोप सुपरभाइजर छैठौ तहका अधिकृत दिवाकर महर्जनलाई क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराले जिल्ला स्वास्थ्य कार्यालय, रूपन्देहीबाट जिल्ला जनस्वास्थ्य कार्यालय, कपिलवस्तुमा सरुवा गरेकोले कारबाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३० मा अधिकृत स्तरका कर्मचारीहरूको सरुवा गर्ने अधिकार मन्त्रालयलाई हुनेछ भन्ने कानूनी व्यवस्था रहेको तर स्तरबृद्धि भई अधिकृत तहमा बढुवा भएका कर्मचारीहरूको हकमा भने केही उल्लेख नभएको र स्तरबृद्धि भई अधिकृत तहमा बढुवा भएका कर्मचारीहरूको सरुवा सहायक तहमा रहेका कर्मचारीहरू सरह नै स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३० बमोजिम अख्तियारवालाले गर्ने गरेको पाईएकाले आयोगको मिति २०६५।५।९ को निर्णय अनुसार प्रचलित कानूनी व्यवस्थामा नै संशोधन गरी यसमा उचित व्यवस्था गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई लेखी पठाएको ।

५. स्वास्थ्य सेवा विभागले Health Sector Reform Project अन्तर्गत विभिन्न उपकरण खरिदको टेण्डरमा कम मूल्यको टेण्डर अनियमित तरिकाले अस्वीकृत गरी बढी मूल्य अंकित गर्नेको वोलपत्र स्वीकृत गरी अनियमितता गरे भन्ने उजुरीको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका का.मु.सचिव, स्वास्थ्य सेवा विभागका महानिर्देशक तथा स्वा.से.वि. आपूर्ति महाशाखाका प्रमुख समेतको उपस्थितिमा छलफल हुँदा नेपाल सरकार वा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा अन्तर्गतका निकायहरूमा हुने विभिन्न स्वास्थ्य सम्बन्धी यन्त्र उपकरण तथा औषधीको खरिद सम्बन्धमा हुन सक्ने संभावित अनियमितता नियन्त्रण गर्न, आर्थिक मितव्ययिता, पारदर्शीता एवं मूल्य र गुणस्तरमा एकरूपता कायम गर्ने सन्दर्भमा हालसम्मका अनुभववाट देश भरका सरकारी स्वास्थ्य निकायहरूमा प्रयोग भएका र प्रयोग हुन सक्ने संभावित स्वास्थ्य यन्त्र उपकरणको सूची तैयार गर्न, यसरी सूचिकृत भएका विभिन्न यन्त्र उपकरणहरूको स्टाण्डर्ड स्पेशिफिकेसन वनाउन विशेषज्ञहरूको कार्यदल (Panel या Expert) गठन गर्न, स्टाण्डर्ड स्पेशिफिकेसन निर्माण कार्यदल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संयोजकत्वमा त्रि.वि.शिक्षण अस्पताल, निजी अस्पताल/सैनिक अस्पताल वा अन्य सरकारी अस्पतालले आवश्यकता अनुसार, यस कार्यमा दखल भएका वाह्य विशेषज्ञ तथा अन्य सरोकारवालाहरूलाई समावेश गरी गठन गर्न, उक्त कार्यदलवाट ६ महिनाभित्र स्टाण्डर्ड स्पेशिफिकेसन तैयार गराई नेपाल सरकारवाट स्वीकृत गरी गराई देश भरका सबै सरकारी स्वास्थ्य निकायहरूमा लागू गर्न, स्वास्थ्य उपकरण खरिद गर्दा जनशक्ति, स्पेयर पार्टसको उपलव्धता सामानको गुणस्तर, सामानको आवश्यकता र उपयोगिता, एवं अन्य प्राविधिक र आर्थिक पक्षहरू समेतलाई मध्यनजर राखी वार्षिक खरिद योजना बनाईमात्र गर्न, सार्वजनिक स्वास्थ्यका लागि आवश्यक पर्ने औषधि खरिदको दररेटमा कार्यालय पिच्छे व्यापक भिन्नता रहेको सन्दर्भमा मूल्यमा एकरूपता ल्याउन देश भरिका सबै सरकारी स्वास्थ्य निकायहरूलाई लागू हुने गरी आवश्यक सबै प्रकारका औषधिहरूको Base line price (ढुवानी वाहेक) प्रत्येक आर्थिक वर्षको भाद्र मसान्तसम्म निर्धारण गरी सोही वमोजिम मात्र खरिद गर्न मातहतका निकायलाई परिपत्र गर्न र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत सञ्चालित नेपाल सरकार तथा विभिन्न मित्रराष्ट्र तथा वहुपक्षिय दातृसंस्थाहरूको सहयोगमा सञ्चालित निकाय तथा प्रोजेक्टहरूवाट प्रचलित आर्थिक ऐन नियमको

पालना नगरी खर्च गर्ने गरिएको देखिएकोले आइन्दा नेपाल सरकारको प्रचलित सार्वजनिक खरिद ऐन नियमको कडाईका साथ पालना गराउन आयोगको मिति २०६५।७।२२ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाएको ।

६. स्याङजा जिल्ला अस्पतालको भवन निर्माणमा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय पोखराबाट मर्मत सुधार गरी भवनमा विभिन्न थप निर्माण कार्य गरेको पाइएको । यसरी उक्त जिल्ला अस्पताल भवन निर्माण भएको र त्यसमा मर्मत समेत भैसकेको लामो समय व्यतित भैसकेकोले गर्दा प्रयोग भएका सामग्रीहरूको गुणस्तर जाँच गर्न र के कस्ता त्रुटीहरू थिए भनी यकीन गर्न सहज नहुने देखिन्छ । तर भवन विभागको टोलीले स्थलगत निरीक्षण गरी दिएको प्रतिवेदन तथा आयोगबाट मिति २०६५।३।२५ को निर्णयले खटिएको टोलीले स्थलगत निरीक्षण गरी पेश गरेको प्रतिवेदन समेतमा भवन निर्माणमा प्रयोग भएका materials जस्तै cement, sand आदिको quality गुणस्तरयुक्त नभएको तथा concreting गर्दा आवश्यक विधि पुरा नगरेका, poor supervision, carelessness आदि समेतका कारणले भवनमा पर्याप्त crack हरू आएको हुनसक्ने जस्ता कुराहरू उल्लेख गरिएको हुँदा अस्पताल जस्तो अति आवश्यक तथा संवेदनशील स्थानमा विशेष ध्यान पुऱ्याउनु पर्ने देखिएकोले प्राविधिक टोली खटाई यसतर्फ आवश्यक मर्मत संभार गर्ने व्यवस्था गर्न आयोगको मिति २०६५।९।६ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई लेखी पठाएको ।

७. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान मेडिकल डाक्टर, स्टाफ नर्स अन.मी. लगायतको करारमा पदपूर्तिमा व्यापक अनियमितता भएकोले छानबिन गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानवाट लिइएको स्टाफ नर्सको पदपूर्तिको लिखित परीक्षामा केहीले अस्वाभाविक अंक प्राप्त गरेको तथा अन्तर्वार्तामा दिइएको अंक हेर्दा अन्तर्वार्ताकारले अस्वाभाविक अंक दिई उत्तीर्ण गराएको अवस्था देखिन आएको हुँदा अव आइन्दा प्रतिष्ठानको पदपूर्ति गर्दा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३ को दफा १३ अनुसार ३ महिना भित्र सेवा आयोग गठन गरेर मात्र पदपूर्ति गर्न आयोगको मिति २०६५।९।९ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाईएको ।

८. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानवाट प्राध्यापक पदमा पदपूर्ति गर्दा उक्त प्रतिष्ठानसंग आवद्ध भएका सवै अस्पतालका चिकित्सकहरूलाई समेत समान अवसर दिनु पर्नेमा सो नगरी सुटुक्क सूचना निकाली प्रतिष्ठानका चिकित्सकहरूलाई मात्र अवसर दिइ रेशम वहादुर राना लगायतलाई अनियमित नियुक्ति दिएकोले छानबिन गरी कारबाही गरी पाउँ भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा चिकित्सा विज्ञान प्रतिष्ठानका चिकित्सकहरूलाई मात्र अवसर दिई रेशम वहादुर राना लगायतलाई अनियमित रूपमा वढुवा दिइयो भन्ने सम्बन्धमा प्रतिष्ठानवाट प्राप्त जवाफ हेर्दा निजलाई सह-प्राध्यापकको जिम्मेवारीमात्र दिइएको, नियुक्ति नगरिएको र सेवा आयोगवाट मात्र स्थायी नियुक्ति हुने भनी लेखी आएको र अन्य संबद्ध अस्पतालका चिकित्सकहरूलाई समेटिने गरी २०६५।५।१७ मा सूचना समेत प्रकाशित भएको अवस्था देखिदा प्रस्तुत उजुरीमा केही गरिरहनु पर्ने

अवस्था देखिएन । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३ को दफा १३ अनुसार ३ महिना भित्र सेवा आयोग गठन गरी पदपूर्ति गर्न आयोगको मिति २०६५।९।९ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको ।

९. शुक्राज ट्रपिकल तथा सरुवा रोग अस्पतालले विकास तर्फका अस्थायी कर्मचारीहरूलाई स्थायी गर्ने उद्देश्यले सार्वजनिक रूपमा विज्ञापन प्रकाशित नगरी गोप्य रूपमा विज्ञापन प्रकाशित गरी अन्य वाहिरका व्यक्तिहरूलाई दरखास्त फाराम समेत नदिई निरुत्साहित गरेकोले छानबिन गरी कारबाही गरी पाउ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा शुक्राज ट्रपिकल अस्पतालवाट स्थायी पदपूर्तिको लागि मेडिकल अधिकृत, कम्प्यूटर सहायक, ल्याव असिस्टेन्ट, खरिदार, हल्का सवारी चालक, मुखिया, माली र स्वीपर गरी विभिन्न ८ पदको विज्ञापन गोरखापत्र, कान्तिपुर दैनिक लगायतका पत्रिकाहरूमा समेत एकैसाथ प्रकाशित गर्नुपर्नेमा मिति २०६५।७।८ को हिमालय टाइम्स पत्रिकामा मात्र प्रकाशित भएको देखियो । प्रकाशित सूचनामा कुन पदको लागि कति दस्तुर तिरी फाराम भर्नुपर्ने हो र म्याद सकिएपछि ७ (सात) दिन सम्म दोब्बर दस्तुर तिरी फाराम भर्ने कुरा छुट भएको देखियो । अस्पतालवाट पदपूर्तिको लागि आम प्रतिस्पर्धावाट दक्ष कर्मचारी छनौट गर्नुपर्ने सास्वत मान्यतालाई गौण रूपमा लिई हिमालय टाइम्समा मात्र सूचना प्रकाशित भएको देखियो । अतः उल्लिखित पदहरूको पदपूर्तिको लागि १५ दिने सूचना पुनः गोरखापत्र र कान्तिपुर लगायतका प्रमुख दैनिक पत्रिकाहरूमा प्रकाशित गरी प्रतिस्पर्धात्मक रूपमा नियमानुसार दक्ष कर्मचारी छनौट गर्न आयोगको मिति २०६५।११।२० को निर्णय अनुसार शुकराज ट्रपिकल अस्पताललाई लेखी पठाएको ।

१०. "पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराले Electro Cautery Machine खरिद को लागि आह्वान गरिएको टेण्डरमा अनियमितता गरेकाले छानबीन गरी पाऊँ" भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराले Electro Cautery Machine खरिदको लागि आह्वान गरिएको टेण्डरमा अनियमितता भएको सम्बन्धमा टेण्डर Process मा कानूनी त्रूटी देखिएन, तर Technical Specification मा उल्लिखित विवरण र खरिद गरिएको Johansan & Johansan India Limited उत्पादन Digital 400 Cautry Machine को Technical Specification विवरणमा फरक देखिनुका साथै उक्त मेशिन अतिसंवेदनशील Bio-Medical equipments भएकाले विषेशतः Technical Specification अनुसार उक्त मेशिनको Nominal HF Output resistance 500 ohms हुनुपर्नेमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराले खरिद गरेको उक्त मेशिनको Nominal HF Output resistance 350 ohms मात्र देखिएकोले Patient Safety को हिसावले Nominal HF Output resistance 500 ohms भएको मेशिन नै बढी सुरक्षित हुने देखिंदा आगामी दिनमा यस्ता प्रकारका संवेदनशील मेशिनहरू खरिद गर्दा Technical Specification कै आधारमा खरिद गर्न आयोगको मिति २०६५।१२।२५ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाएको ।

११. जनकपुर नर्सिङ्ग क्याम्पसले स्टाफ नर्स भर्ना प्रकृयामा दलित जनजातिका लागि छुट्याइएको ३ सीटमा वैकल्पिक उम्मेदवारलाई मौका नदिई कट अफ प्वाईन्टमा पनि क्रमानुसार नगरी

अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा दलित र जनजाति कोटा अन्तर्गत छुट्याइएको ३ सीटमा कुनै आवेदन नपरेको हुँदा वैकल्पिक उम्मेदवारवाट भर्ना लिन ३ दिने सूचना प्रकाशन गरेकोमा सो मा पनि कुनै आवेदन नपरी कट अफ प्वाईन्टवाट भर्ना लिन ७ दिने म्याद राखी सूचना पाटीमा सूचना टाँस गरेको पाईयो । रिक्त सीटमा भर्ना गर्न उम्मेदवार छनौट गर्दा पर्याप्त प्रचार प्रसार गरेको पाइएन । यसर्थ अव उप्रान्त स्टाफ नर्स अध्ययनका लागि कुनै कारणले सिट रिक्त हुन गएमा वैकल्पिक उम्मेदवार सूचीबाट छनौट गर्दा राष्ट्रियस्तरको पत्रिकामा न्यूनतम ७ दिने सूचना प्रकाशन गर्ने व्यवस्था मिलाउन जनकपुर नर्सिङ्ग क्याम्पसलाई निर्देशन दिन र जनकपुर नर्सिङ्ग क्याम्पसको प्रिन्सीपल पदमा निमित्त भै सहायक स्तरको कर्मचारीवाट संचालन भएको देखिदा अधिकृत स्तरको कर्मचारी १ महिनाभित्र खटाई पठाउन आयोगको मिति २०६६।२।७ को निणर्य अनुसार स्वास्थ्य सेवा विभागलाई लेखी पठाएको ।

१२. डेण्टल विधामा संचालित Certificate in Dental Science (Dental Hygiene) विषयको ३ वर्षे पाठ्यक्रममा ३ वर्षको अध्ययन गरी सकेपछि हाल आएर अन्तिम परीक्षाको केही महिना अगाडि CTEVT ले विद्यार्थीहरूको अनुचित दवावमा पर्दै पाठ्यक्रम परिवर्तन गरी सो जनशक्तिको क्षमता र स्तर भन्दा माथिको कामहरू Tooth extraction र filling समावेश गरेको र यसबाट जनस्वास्थ्यमा ज्यादै ठूलो जोखिम हुने र दन्तचिकित्सा क्षेत्रमा पनि नकारात्मक असर पर्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा दाँत उखेल्ने र भर्ने कार्य Surgical प्रकृतिको भएको साथै Certificate in Dental Science (Dental Hygiene) स्वास्थ्य क्षेत्रमा मध्यम स्तरको जनशक्ति भएको परिप्रेक्ष्यमा यस्तो प्रकारको जनशक्तिलाई जनस्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी र दन्त चिकित्सा क्षेत्रको छवि र ख्यातिमा पनि प्रतिकूल असर नपर्ने गरी जनसाधारणको हितमा व्यवस्थित गर्नु पर्ने हुन्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन २०४५ को दफा ६ को ६.८ अनुसार उक्त परिषदले नेपाल सरकारको स्वामित्वमा रहेका संगठित संस्था तथा गैर सरकारी संगठित संस्थाद्वारा सीप विकासको निमित्त दिइने व्यावसायिक तालीमको पाठ्यक्रम निर्धारण समितिले निर्धारण गरे वमोजिम पाठ्यक्रम लागू गर्नु गराउनु पर्ने हुन्छ । उक्त परिषदको आफ्नै अगुवाईमा निर्धारण समितिको संलग्नतामा पाठ्यक्रम परिमार्जनको कार्य हुनुपर्नेमा सो भएको देखिदैन । Certificate in Dental Science (Dental Hygiene) का विद्यार्थीहरूबाट सम्वन्धित विज्ञहरूको वैठक वोलाइएको र सो वैठकका सहभागी विज्ञहरूले आफूले वैठकमा सहमति जनाएको विषयलाई नै पछि गएर वैठकको विषम परिस्थितिको इंगित गर्दै असहमति जनाएको पाइयो । यसरी विद्यार्थीहरूको अगुवाईमा प्रकृया शुरु भएर विवादास्पद तवरले पाठ्यक्रम संशोधन भएको हुँदा सो कार्य कानूनसंमत देखिएन । तसर्थ स्वास्थ्य मन्त्रालयको सम्वन्धित महाशाखा र नेपाल स्वास्थ्य व्यवसायी परिषद्को प्रतिनिधि समेत राखी विज्ञहरूको सहभागितामा उपयुक्त पाठ्यक्रम निर्धारण गरी लागू गर्न आयोगको मिति २०६६।२।२४ को निणर्य अनुसार सम्वद्ध अन्य निकायलाई जानकारी दिई, प्राविधिक शिक्षा तथा व्यवासायिक तालिम परिषदलाई लेखी पठाएको ।

(ड) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. झापा जिल्ला दमक नगरपालिका वडा नं. १ को कि.नं. ६८७६ को जग्गा मालपोत कार्यालय दमकबाट र.नं. २५३६ र २५३७ बाट मिति २०६०।११।१३ मा राजिनामा पारित गर्दा उक्त जग्गामा घर रहेकोमा घर नभएको देखाइ र दमक नगरपालिका कार्यालयबाट वाटो खुलेको सिफारिस भएकोमा मालपोत कार्यालयले वाटो नभएको सरह मूल्याङ्कन गरी राजश्व हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा दमक नगरपालिका कार्यालयले स्थलगत अवलोकन समेत गरी घरवाटो सिफारिस गर्नु पर्नेमा हचुवाको भरमा गरेको देखिंदा आयोगको मिति २०६५।४।७ को निर्णय अनुसार आइन्दा यस प्रकारको गल्ती नदोऱ्याइ सचेत भै कार्य गर्न दमक नगरपालिका कार्यालयलाई लेखी पठाएको ।

२. त्रिभुवननगर नगरपालिका कार्यालय दाङ्गले योग्यता नै नभएका व्यक्तिहरूलाई अमिन र नगर रक्षक असई पदमा नियुक्ति गरे भन्ने बिषयको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवननगर नगरपालिका कार्यालय, दाङ्गले अमिन पद (सहायकस्तर चौथो तह) मा ललितबहादुर के.सी.लाई करारमा र नगर रक्षक (सहायकस्तर चौथो तह) मा रामगोपाल देउजालाई अस्थायी नियुक्ति गरि निजहरूको म्याद थप गरेको देखियो । नियुक्ति दिइएका पदलाई तोकिएको शैक्षिक योग्यता अनुरूप नियुक्ति पाउने संम्बन्धित व्यक्तिहरूको शैक्षिक योग्यता मिलेको नदेखिएको हुँदा आयोगको मिति २०६५।५।१७ को निर्णय अनुसार प्राविधिक पदमा पदको प्रकृति र पदले गर्नुपर्ने काम अनुसारको शैक्षिक योग्यता, अनुभवको निर्धारण नियममा नै व्यवस्था गरेरमात्र काममा लगाउन सम्बन्धित नगरपालिकालाई लेखी पठाएको ।

३. काठमाडौं महानगरपालिका वडा नं.११ कि.नं ३१४ नेपाल चर्चिल होटल लि. (चाइना टाउनको) को नाउँमा रहेको जग्गा र सो जग्गामा वनेको घर समेतको घरजग्गा कर निर्धारण गर्दा काठमाडौ महानगरपालिकाले मूल्याङ्कन दर भन्दा धेरै कम निर्धारण गरी भ्रष्टाचार गरेकाले कारबाही गरिपाऊँ भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा नेपाल-चर्चिल होटल (चाइना टाउन) ले काठमाडौ महानगरपालिका वडा नं.११ कि.नं. ३१४ क्षेत्रफल २४-१-१-० जग्गामा विभिन्न समयमा जम्मा ७६८२० वर्गफीट क्षे.फ. भएको भवन निर्माण गरेको, उक्त क्षेत्रफल मध्ये ४१४४० वर्ग फिट बिक्रि भई वाँकी रहेको ३५३८० व.फि. घर र जग्गाको क्षेत्रफलको समेत कानून वमोजिम कर निर्धारण गरिपाऊ भनी सम्बन्धित कम्पनीका तर्फवाट निवेदन परेपछि महानगरपालिकाले घर जग्गाको कर प्रयोजनको लागि अर्थ मन्त्रालयबाट निर्धारण गरेको दररेट अनुसार प्रति रोपनी २४ लाख र ३२ लाखका दरले मूल्यांङ्कन गरी उक्त मूल्यांङ्कन रकममा २०% छुट समेत दिई एकमुष्ट कर निर्धारण गरेको देखियो । यसरी महानगरपालिकाले मूल्यांङ्कनको लागि लिएको आधार मिति ०५७१०।२४ को नगर परिषद्को निर्णय र सो निर्णय गर्न लिइएको अर्थ मन्त्रालय र स्थानीय विकास मन्त्रालयको परिपत्र र सो साथ संलग्न अनुसूची ७ विपरित देखिन आई उक्त कर निर्धारण आदेश कानून सम्मत तरीकाले भएको भन्न मिलेन । तसर्थ उक्त अनुसूची ७ मा उल्लेख भएको सो क्षेत्रको जग्गाको मूल्य प्रति रोपनी रु. चालीस लाख कायम गरी नेपाल चर्चित होटल (चाइना टाउन) को कर निर्धारण र

असुल उपर गर्न र कर निर्धारण र असुल उपर गर्ने प्रयोजनका लागि ०५७ सालमा का.म.न.पा. परिषद्ले स्वीकार गरेको जग्गाको मूल्यांकन सरकारले धेरै वर्ष अघि कायम गरेको मूल्यमा आधारित हुँदा आयोगको मिति २०६५।७।१० को निर्णय अनुसार कर निर्धारण र असुल उपर गर्ने प्रयोजनका लागि निश्चित मापदण्ड तयार गरी आवधिक रूपमा पुनरावलोकन गर्न काठमाडौ महानगरपालिकालाई लेखी पठाएको ।

४. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशकले विभिन्न ३१ जना कर्मचारीहरूलाई नियममा तोकिएको भन्दा बढी सुविधा दिई अवकाश दिए भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका २० वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरेका ३१ जना स्थायी कर्मचारीहरूलाई प्रत्येक सेवा वर्षको एक महिना बराबरको तलव सुविधा थप दिई स्वेच्छिक अवकाश दिएको देखियो । यस्तो अवकाश दिनको लागि नेपाल सरकारको समेत सहमति लिएको र कर्मचारीले अवकाश लिई रिक्त हुन आउने पदमा नयाँ भर्ना वा करारमा नराखी पद नै खारेज गर्ने शर्त रहेको देखियो । यसबाट प्रतिष्ठानको आर्थिक व्ययभार घटाउन मद्दत पुगेको भन्ने प्रतिष्ठानको जवाफ समेतलाई विचार गर्दा स्वेच्छिक अवकाश दिदा उपलब्ध गराइएको सुविधा खर्च स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान परिषद्बाट अनुमोदन गराउने र भविष्यमा यस प्रकारको सुविधा दिनु पर्ने भएमा नियमावलीमा नै व्यवस्थित गरेर मात्र दिने गरी आयोगको मिति २०६५।८।३ को निर्णय अनुसार स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई लेखी पठाईएको ।

५. कास्की जिल्ला, पोखरा उप-महागरपालिका वडा नं.११ स्थित साविक कि.नं. ११८५ को क्षेत्रफल १२३-९-३३/४ फिल्डवुकमा पर्ति जनिएको मसानघाट समेत रहेको सार्वजनिक जग्गा सुकुम्वासी समस्या समाधान आयोग, कास्कीको मिति ०५५।९।१० को पत्रानुसार उक्त जग्गावाट कित्ताकाट गरी अष्टमान महर्जन लगायत १४ जनालाई वितरण भै वांकी कि.नं.५०९२ को क्षे.फ.१२१-३-३ जग्गा रहेकोमा उक्त जग्गा रामप्रसाद गौतम समेतले दर्ता गरी पाउन मालपोत कार्यालय, कास्कीमा निवेदन दिएकोमा मिति २०५९।३।३१ गते पुन समाज नामक संस्थासंग करारनामा गरी दिएको र पोखरा उप-महानगरपालिकाको मिति २०५९।६।२२ को निर्णयवाट सो संस्थालाई तारवार कम्पाउण्डवाल र वृक्षारोपण गरी संरक्षण समेत गर्ने अनुमति दिने र जग्गा उपलब्ध गराई दिन सम्बन्धित निकायमा सिफारिश गर्ने निर्णय भएको सम्बन्धमा अनुसन्धान हुँदा उक्त सार्वजनिक सरकारी पर्ति जग्गालाई संरक्षण गर्ने निकाय उप-महानगरपालिका रहेको कुरामा कुनै विवाद देखिदैन । सरकारी सार्वजनिक जग्गा संरक्षण गर्नु पर्ने उप-महागरपालिका, पोखराले अनावश्यक झमेला खडा हुने गरी सिफारिश एवं अन्य अनुमति दिने जस्ता कार्य गरेको देखियो । अतः सरकारी सार्वजनिक जग्गाको संरक्षण गर्नु पर्ने दायित्व रहेको नगरपालिकावाट यस किसिमको झमेला खडा गर्ने गरी पत्राचार गर्नु मनासिव नदेखिदा सरकारी सार्वजनिक जग्गामा व्यक्तिवाट अनावश्यक झमेला खडागर्ने गरी कुनै सिफारिस वा अनुमति दिने कार्य अव आइन्दा नगर्न र उक्त जग्गाको संरक्षण गर्न लगाउन आयोगको मिति २०६५।८।१२ को निर्णय अनुसार पोखरा उप-महानगरपालिकालाई लेखी पठाएको ।

६. स्थानीय विकास मन्त्रालय अन्तर्गतका आयोगमा पर्न आएका उजुरी र त्यस उपरको कारबाहीको सम्बन्धमा स्थानीय विकास मन्त्रालयका का.मु. सचिव, काठमाडौ महानगरपालिकाका कार्यकारी अधिकृत एवं गुम्बा व्यवस्था तथा विकास समितिका नि.सदस्यसचिव समेतको उपस्थितिमा छलफल हुँदा गुम्बा व्यवस्था तथा विकास समिति गठन आदेश, २०४५ लाई हालको परिस्थिति अनुसार परिमार्जन गर्न र उक्त गठन आदेशमा व्यवस्था भए अनुरूपको नियामावली हालसम्म पनि वनेको नदेखिदा शीघ्र नियम वनाउनको साथै गुम्बा व्यवस्था तथा विकास समितिबाट हुने आर्थिक अनुदानमा पारदर्शी नियमनको व्यवस्था मिलाउन, विभिन्न जिल्ला विकास समितिहरूद्वारा उत्खनन गरी ढुङ्गा, गिटी, बालुवा, रोडा निकासी गर्नुपूर्व वातावरणीय अध्ययन समेत गर्ने व्यवस्था मिलाउन र ढुङ्गा, गिटी, बालुवाको निकासीमा राष्ट्रिय हितलाई ध्यानमा राखी नीतिगत आधारमा नै एकरूपताको व्यवस्था मिलाउन आयोगको मिति २०६५।८।२३ को निर्णय अनुसार स्थानीय विकास मन्त्रालयलाई लेखी पठाएको ।

७. रामेछाप जिल्ला बेताली गा. बि. स वडा नं ४ घर भै हाल ठिमी नगरपालिका वडा नं १५ कौशलटार बस्ने केदार बहादुर कार्कीले मध्यपुर थिमि नगरपालिकाका प्रमुख तथा कार्यकारी अधिकृत गोविन्द सिंह भण्डारी, इञ्जिनियर सत्य नारायण साह तथा कानून अधिकृत केशव सिलवालले अनुचित प्रभावमा परी आर्थिक लेनदेन समेत गरी मेरो जग्गाबाट जबरजस्ती बाटो खुलाउन भनी गैरकानूनी निर्णय गरी सम्पत्ति सम्बन्धी संवैधानिक हक हनन गरेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा ठिमी नगरपालिकाले सो नगरपालिका अन्तर्गत वडा नं १५ बस्ने केदार बहादुर कार्कीको कम्पाउण्ड पर्खाल भत्काउने गरी मिति २०६५।८।२ मा निर्णय गरेको देखियो । मिसिल संलग्न नक्सा हेर्दा निज कार्कीको कम्पाउण्ड पर्खाल भत्काएकै कारणबाट मात्र (सडक वारपार खुल्ने अवस्था देखिएन । स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार गठित नगरपालिकाले सोही ऐनको दफा ९६ च बमोजिम योजना बनाएर फाइदा पाउने सवै व्यक्तिबाट समानरूपमा जग्गा लिई सडक विस्तार गर्ने र सो प्रयोजनको लागि आवश्यक पर्दा सोही ऐनको दफा २५८ अनुसारको प्रकृया अपनाएर मात्र कारबाही गर्नुपर्नेमा सो नगरी एकतर्फीरूपमा एकजनाको मात्र पर्खाल भत्काउने गरी भएको निर्णय कानून विपरित भै दुषित निर्णय हुन गएको देखियो । तसर्थ ठिमी नगरपालिकाको उक्त मिति २०६५।८।१३ को निर्णय अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८को दफा १२ ख अनुसार बदर गरी दुष्परिणाम सच्याउन आयोगको मिति २०६५।११।८ को निर्णय अनुसार ठिमी नगरपालिकालाई लेखी पठाएको ।

८. संखुवासभा जिल्लाको लेगुवा तुम्लिङटार सडक निर्माणमा ७० लाख वरावरको काम ठेक्का वोल कवोल नगरी सडक उपभोक्ता समिति मार्फत एक्साभेटर प्रयोगमा ल्याई काम गराएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा उपभोक्ता समिति मार्फत गरिने विकास निर्माणमा कुल लागतको केही प्रतिशत जनसहभागितावाट व्यहोरिने नियम भएता पनि विभिन्न कारणले जनश्रम नजुटेको अवस्था देखियो । यसर्थ, अब उप्रान्त विकास निर्माणका कार्यहरू उपभोक्ता समिति मार्फत गराउदा लागत अनुमानमा जनसहभागितावाट गरिने कार्य समेतको प्रतिशत तोक्न, यसरी जनसहभागितावाट गरिने कार्यको स्पष्ट अभिलेख राख्न (सशुल्क र निशुल्क गरिने कार्यको छुट्टा छुट्टै) निर्माण कार्यको निश्चित

कार्य तालिका (Work program) समेत वनाउन, विकास निर्माणसंग सम्बन्धित समग्र कामको अभिलेख प्रणाली व्यवस्थित र अद्यावधिक गर्न आयोगको मिति २०६५।११।२० को निर्णय अनुसार जिल्ला विकास समितिको कार्यालय, संखुवासभालाई लेखी पठाएको ।

९. काठमाडौं महानगरपालिका वडा नं. १२ कि.नं ८३ क्षे.फ.१-१४-०-२ रोपनी जग्गामा घर निर्माणको नक्सा स्वीकृत गर्दा FAR 3 हुनुपर्नेमा 4 बनाई कि.नं. ८२ को सार्वजनिक जग्गामा भएको पुरानो पाटी समेत हडपी नक्सा पास गरी सोही वमोजिम मापदण्ड विपरित हुने गरी भवन निर्माण गरेका भन्ने उजुरी उपर अनुसन्धान हुँदा शोभाकर न्यौपाने समेत ५ जनाको नाममा रहेको का.जि.का.म.न.पा. वडा नं.१२ कि.नं. ८३ को क्षे.फ. १-१४-०-२ रोपनी जग्गामा भवन निर्माणको लागि नक्सा स्वीकृत गरिएको आयोगमा प्राप्त सक्कल फाइल अध्ययन गर्दा निज शोभाकर न्यौपानेले मिति ०६०।९।३० मा का.म.न.पा. प्रमुख समक्ष Floor Area Ratio (FAR) मा विचार पुऱ्याई नक्सा पास गरिदिने बारे दिनुभएको निवेदनमा तत्कालीन प्रमुख केशब स्थापितले FAR ४ (चार) भन्दा नबढ्ने गरी दिने भन्ने मिति ०६०।१०।५ मा आदेश गर्नु भएको र सोही बमोजिम तक्काल प्रचलित मापदण्ड FAR ३ भन्दा बढि FAR ४ (चार) को नक्सालाई कि.नं. ८२ समेत पर्ने गरी Site Plan भएको नक्शालाई नक्सा संयोजकले दस्तखत गरी मिति ०६०।११।२२ मा प्लिन्थ लेभलभन्दा माथिको भवन निर्माण इजाजतपत्र दिएको देखिन्छ । यसरी प्रचलित मापदण्ड विपरित भवन निर्माणको इजाजत दिइएकोमा आपत्ति जनाउँदै काठमाण्डौ उपत्यका नगरविकास योजना कार्यान्वयन समिति (का.उ.न.वि.यो.का.स.) ले निर्माण गर्न पाइने भन्दा वढी स्वीकृत भएको नक्साको हकमा नक्सा बदर गर्ने तर्फ आवश्यक कारबाही गर्नका लागि काठमाण्डौ महानगरपालिकालाई लेखी पठाएको तर सो बमोजिम नक्शा बदर भएको देखिँदैन । का.उ.न.वि.यो.का.स.ले का.म.न.पा.लाई लेखेका FAR ३ गर्ने पत्रका प्राप्त वोधार्थ वमोजिम हाललाई त्यस कार्यालयको मानमर्यादालाई ध्यानमा राख्दै FAR ३ मै निर्माण सकाई भविष्यमा FAR वढी गर्न पाउने भएमा सोही अनुसार निर्माण वढाउँदै जाने गरी हाललाई निर्माण गरिने व्यहोरा उल्लेख गरी घरधनीका तर्फवाट शोभाकर न्यौपानेले श्री नगर नियोजक का.उ.न.वि.यो.का.स.को कार्यालय समक्ष निवेदन पेश गरेको र सोही बमोजिम भवन निर्माण भएको भन्ने का.म.न.पा.बाट खटिइ आउनु भएका ई. नारायणवावु भट्टराईको प्रतिवेदनमा उल्लेख भएको छ । कि.नं. ८२ को हकमा नापीशाखा डिल्लीबजारवाट प्राप्त ट्रेस नक्सा उतार वमोजिम उक्त कि.नं. सरदर लम्वाई ५.६२ मीटर र सरदर चौडाई ३.३७ मी. अर्थात क्षेत्रफल १८.९३ ब.मि.भएकोमा नापजाँच प्रतिवेदन बमोजिम ११'-३"X१९' = २१३.७५ बर्ग फिट अर्थात १९.८६ व.मि. क्षेत्रफलमा नयाँ पाटी निर्माण भएको अवस्था छ । इ. नारायणबाबु भट्टराईको प्रतिवेदन अनुसार नक्सा पास गर्दाका अवस्थामा बेसमेन्ट १ तल्लामात्रै हुने र सो को क्षेत्रफल FAR मा गणना नहुने व्यवस्था अनुसार कुल क्षेत्रफल ४२७६७-८१८३ =३४५८४ ब.फि. FAR मा गणना हुने देखिन्छ । यस वमोजिम ३४५८४-३०९३०.८४ = ३६५३.१६ व.फि. बढी निर्माण भएको देखिन्छ । तर हाल प्रचलित निर्माण सम्वन्धी मापदण्ड २०६४ अनुसार Basement २ तल्लासम्म निर्माण गर्न पाउने प्रावधान रहेको देखिन्छ । सो वमोजिम FAR मा गणना हुने क्षेत्रफल ३४५८४-५१०५ =२९४७९ व.फि. भई उक्त भवनको निर्माण गर्न पाउने कुल क्षेत्रफलभित्र पर्दछ । उपरोक्तानुसार कि.नं ८२ को सार्वजनिक जग्गाको क्षेत्रफल फिल्डवुक उतार

वमोजिम १८.४ ब.मि. भएको ठाउँमा हाल नयाँपाटी निर्माण भएको देखिन्छ । सो को क्षेत्रफल १९.८६ ब.मि. भएको देखिंदा सार्वजनिक जग्गा मिचेको देखिएन । कि.नं ८३ मा निर्माण भएको घरका सम्वन्धमा घर निर्माण गर्दाका समयमा प्रचलित मापदण्ड अनुसार ३०९३०.८४ व.फि. मात्र निर्माण गर्न पाउनेमा सो समयको मापदण्ड विपरित ४१६४७.३१ व.फि. बढिको नक्शा स्वीकृत गरिएकोमा हाल प्रचलित मापदण्ड अनुसार Basement २ तल्लासम्म निर्माण गर्न पाउने प्रावधान रहेको हुँदा सो वमोजिम FAR मा गणना हुने क्षेत्रफल ३४५८४-५१०५ =२९४७९ व.फि. भई निर्माण गर्न पाउने कुल क्षेत्रफल भित्र पर्न आएकोले सो अनुसार कानून बमोजिम नक्सा सच्याउन र सडकको Right of Way (ROW) भित्र पर्ने गरी लगभग १.७९ मिटर बढि भूमिगत तल्ला निर्माण भएको देखिएकोले सो वढी निर्माण भएको जति भागलाई पर्खाल लगाई टाल्न लगाउनका लागि आयोगको मिति २०६५।११।२२ को निर्णय अनुसार का.म.न.पा.लाई लेखी पठाएको ।

१०. जिल्ला विकास समिति मकवानपुरले ग्रामिण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना अर्न्तगत निर्माण गरिरहेको हटिया-राईगाउँ सडकमा मिलेमतोमा अवैध रकम भेरिएसन समेत गराई व्यापक भ्रष्टाचार गरेको, निर्माण भएको सडक मापदण्ड विपरित निम्न गुणस्तरको बनाएको, एउटै कामको लागि दुई पटक भुक्तानी गरी भ्रष्टाचार भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला विकास समितिको कार्यालय, मकवानपुरले निर्माण गरिरहेको हटिया-राईगाउँ सडकको प्राविधिक पक्षको अनुगमन जिल्ला प्राविधिक कार्यालयबाट भैरहेको, अनुगमन गर्न छुट्टै परामर्शदाता र स्थानीय उपभोक्ता समन्वय समिति समेतको व्यवस्था समेत गरेको देखियो । अनुगमनको कार्यमा इन्जिनियरको स्थलगत प्रतिवेदन, राजनैतिक दलहरूको स्थलगत निरीक्षण प्रतिवेदन र उपभोक्ता समितिको बैठकको निर्णयबाट समेत सडक निर्माणको ल्याण्डफिल गरेको कार्यमा खाल्डा खुल्डीहरू देखिएकोले गुणस्तरयुक्त नभएको भन्ने तथ्य देखिएको र सडक निर्माणाधिन अवस्थामा नै रहेकोले त्रुटि सुधार गर्ने अवधि बाँकी नै देखिंदा भएको त्रुटिपूर्ण कार्यलाई सच्याई निर्धारित मापदण्ड बमोजिम काम गराउन निर्देशन दिने र गरेको काम गुणस्तरयुक्त भएको छ भन्ने अनुगमनबाट यथेष्ठ आधार भएमा मात्र भुक्तानी गर्न आयोगको मिति २०६५।१२।४ को निर्णय अनुसार जिल्ला विकास समितिको कार्यालय, मकवानपुरलाई लेखी पठाएको ।

११. पनौती नगरपालिका कार्यालयबाट आ.ब.२०६४।०६५ मा स्थानीय विकास शुल्क जगेडा कोषको लागत सहभागितामा संचालित पनौती नगरपालिका चक्रपथ निर्माण आयोजनाको सडक निर्माणमा कही कतै पनि कडा चट्टान तथा अन्य जटिल किसिमको निर्माण अवरोध नभएको अवस्थामा उक्त वाटो डिटेल सर्भे नगराई प्रारम्भिक रेखाङ्कन समेत नगराई हचुवाको भरमा लागत इष्टिमेट वनाई आफ्नो अनुकुलको उपभोक्ता समिति वनाई वदनियतपूर्ण किसिमले वाटो खन्ने काम संचालन गरी अत्याधिक खर्च भएको विल भर्पाई पेश गरी आर्थिक अपचलन गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आ.ब.०६४।६५ को आरजु कुमार के.सी. को अध्यक्षतामा गठित उपभोक्ता समिति मार्फत पनौती नगरपालिका क्षेत्रमा चक्रपथ निर्माण गर्ने कार्यको जग्गा अधिग्रहण वा जग्गा प्राप्ती सम्बन्धी कुनै पनि कारबाही भएको देखिन नआएको हुँदा Land compensation या affected area वापत नापी कितावमा चढाएको रु. १०,००,०००।- हटाएर मात्र भुक्तानी गर्ने । Excavation या

soft clay and silty soils को प्रति घन मिटरको दररेट रु. ११२।- भएको अवस्थामा Earthwork excavation in gravel mixed soil को प्रति घन मिटरको दररेट संशोधित लागत अनुमानमा रु. २५४।- राख्नु उचित नभएको हुँदा Earthwork excavation in gravel mixed soil को नर्मस तथा जिल्ला दररेट अनुसार दर विश्लेषण गरी दररेट कायम गरी नापी किताव (विल) संशोधन गर्ने र सोही अनुसार भुक्तानी गर्न, सो निर्माण कार्यको गुणस्तरको जाँच गरेर तथा यथार्थ नापीको आधारमा दोस्रो रनिङ्ग वा अन्तिम विल (नापी किताव) तयार गर्ने गराउन, सडक निर्माणको कार्य गर्दा डिटेल सर्भे र डिजाइनको आधारमा लागत अनुमान तयार गरेर कार्य संपादन गर्ने व्यवस्था मिलाउन, उपभोक्ता समितिवाट निर्माण गरिने सडकहरूमा ठूला यन्त्र (Heavy Equipment) प्रयोग नगर्न आयोगको मिति २०६५।१२।२४ को निर्णय अनुसार पनौती नगरपालिका कार्यालयलाई लेखी पठाएको ।

(ढ) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. नेपाल नागरिक उड्डयन प्राधिकरणले सेवा करारमा लिएका सेवा प्रदायकहरूको म्याद थप गरेको, लामो अवधिदेखि केही कर्मचारीहरूलाई करारमा राख्दै आएको, नेपालगंज विमानस्थलमा जडान गरिने RCAG प्रणाली र तत्सम्वन्धी उपकरणहरू खरिद गर्दा त्रुटिपूर्ण रूपमा ठेक्का स्वीकृति गरिएको, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार क्षेत्रको सुरक्षा व्यवस्थालाई प्रभाव पर्ने गरी आवागमन भन्सार क्षेत्रसंगै व्यापारिक काउन्टरहरू राख्न दिइएको, उक्त विमानस्थल क्षेत्रमा कतिपय व्यापारिक काउन्टरहरूलाई विना प्रतिस्पर्धा भाडामा लगाएको तथा पहिले भाडामा बसेका काउन्टरहरूको वहाल अवधि थप गरेको, वहालवालको म्यादथप गर्दा निश्चित मापदण्डको आधारमा भाडावृद्धि नगरिएको र त्यसरी वहालमा वसेका काउन्टरहरूबाट सम्झौतामा उल्लेख भए वमोजिमका कामकारबाहीहरू भए नभएको विषयमा पर्याप्त अनुगमन हुन नसकेको भनी आयोग समक्ष पर्न आएका उजुरीका सम्बन्धमा आयोगमा प्राधिकरणका पदाधिकारीसँग छलफल हुँदा नेपाल नागरिक उड्डयन प्राधिकरणले तत्कालिन श्री ५ को सरकारबाट निर्णय भएको आधारमा केही कर्मचारीहरूलाई अहिलेसम्म पनि करारमा राख्दै आएको तथा सेवा प्रदायकहरूबाट सेवा करारमा लिने विषयमा समेत म्यादथप गर्दै आएकोमा त्यस्तो कार्य कानून सम्मत देखिएन । अतः करारमा रहेका कर्मचारीहरूको म्यादथप नगर्न तथा सेवा सञ्चालनको आवश्यकतालाई विचार गरी सेवा करारमा लिने सम्वन्धमा समयमानै कानून वमोजिमको प्रकृया अघि बढाउने व्यवस्था मिलाउन तथा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भंसार आगमन कक्षमा रहेका होटल एशोसियसन अफ नेपाल, यति मनी एक्सचेन्ज र नेपाल टुरिजम् वोर्डका काउन्टरहरूका विषयमा छलफल हुँदा सो क्षेत्रमा हाल पार्टिशन गरी भंसार क्षेत्रबाट वाहिर पारिएको हुँदा त्यसबाट भन्सार क्षेत्रको सुरक्षा व्यवस्थामा प्रभाव पर्ने स्थिति नरहेको भनी प्राधिकरणका सम्वन्धित कर्मचारीहरूको भनाई रहेको पाइयो । उक्त काउन्टरहरूलाइ सो क्षेत्रमा राख्न भन्सार तथा अन्य सुरक्षाको दृष्टिकोणले उपयुक्त छ छैन भन्ने विषयमा नागरिक उड्डयन सुरक्षा समितिको वैठकमा छलफल गराई आवश्यक निर्णय प्राधिकरणले गर्न, प्राधिकरणले अब उप्रान्त विद्यमान सार्वजनिक खरिद ऐनको प्रकृया पूरा गरी भाडामा लगाउन, एक पटक भाडामा लगाइसकेपछि पटकपटक म्यादथप नगर्ने व्यवस्था गर्न र हवाई दस्तुर

नियमावली २०३८ ले निर्धारण गरेको न्यूनतम भाडादरमा समेत समय सापेक्ष वृद्धि गरी मिलाउन, घर वा जग्गाको वहालवाट प्राप्त हुने रकम नेपाल नागरिक उड्डयन प्राधिकरणको लागि आय आर्जनको महत्वपूर्ण स्रोत रहेको भए तापनि त्यस्तो भाडा लगाउने प्रकृयालाई कानून सम्मत, स्वच्छ र पारदर्शी बनाई कार्यालयको अधिकतम हित वृद्धि गर्ने दिशामा प्राधिकरणले समुचित ध्यान पुऱ्याउन सकेको देखिएन । प्राधिकरणको आर्थिक प्रशासन सम्वन्धी नियमावली संशोधनको लागी प्रकृयागत रूपमा अगाडी वढाइएको भनी प्राधिकरणका महानिर्देशकले अभिव्यक्त गर्नु भएकाले उक्त नियमावली संशोधन गर्दा सार्वजनिक खरिद ऐन अनुरूप समस्त खरिद प्रकृया लगायत घर वा जग्गा वहालमा दिने प्रकृयाका सम्वन्धमा पनि नियमावलीमा प्रष्ट उल्लेख गरी तत्सम्वन्धी निर्देशिका समेत बनाई जारी गर्न समेत आयोगको मिति २०६५।५।६ को निर्णय अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरणलाई लेखी पठाएको ।

२. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका पदाधिकारीहरूले पर्वतारोही पर्यटकहरूसंग जाने सम्पर्क अधिकृतहरूको मनोनयनमा उक्त मन्त्रालयको कर्मचारीहरूको एकलौटी उपभोग भएको र अन्य मन्त्रालयका कर्मचारीहरूलाई न्यून अवसर दिई अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पर्यटन मन्त्रालय र अन्तर्गतका कर्मचारीहरू पटकपटक सम्पर्क अधिकृत भई पर्वतारोही पर्यटकहरूसंग खटी गएको र उक्त मन्त्रालय र अन्तर्गतका निकाय र अन्य निकायका कर्मचारीहरू बीच सम्पर्क अधिकृत भई खटी जाने कर्मचारीको विवरण निम्न अनुसार पाइयो :

ऋतु	सम्पर्क अधिकृतहरूको संख्या		कैफियत
	पर्यटन मन्त्रालय र सो अन्तर्गतको निकायबाट	अन्य निकायहरूबाट	
Spring 2004	२८	२७	संख्यात्मक रूपमा पर्यटन मन्त्रालय र सो अन्तर्गत भन्दा अन्य निकायमा धेरै गुणा कर्मचारी रहेका
Autumn 2004	५०	२३	
Spring 2005	३४	१९	
Autumn 2005	४४	१५	
Spring 2004	२५	२३	
Autumn 2006	५९	०९	
Spring 2007	४४	२०	
Autumn 2007	६४	०५	
Spring 2008	५६	३६	
जम्मा	**४०४**	**१७७**	

अतः सो मन्त्रालय, अन्तर्गतका निकाय र अन्य निकायमा कर्मचारीहरूबीच सम्पर्क अधिकृत भई खटी जाने कार्यमा समान व्यवहार देखिन नआएको हुँदा उक्त विषयमा सकेसम्म समान व्यवहार हुने गरी ३ महिना भित्र स्पष्ट निर्देशिका बनाई लागु गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६५।७।१० को निर्णय अनुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखी पठाएको ।

३. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको वस्तुस्थिति वारेको स्थलगत अध्ययन प्रतिवेदनका सन्दर्भमा आयोगवाट सम्बद्ध मन्त्रालयका सचिवहरू, महानिर्देशकहरू, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय समेतसंग आयोगमा छलफल हुँदा नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय, समन्वय र सुरक्षाजन्य समस्याहरू देखिएका छन् । विमानस्थलमा विद्यमान रहेका यी समस्याहरूका कारण एकातर्फ आमयात्रुले निर्वाध रूपमा प्राप्त गर्नु पर्ने सेवा र सुविधाबाट वञ्चित हुनु पर्ने अवस्था सृजना भएको देखिन्छ भने अर्कोतर्फ विदेशीहरूको प्रवेश विन्दुको रूपमा रहेको विमानस्थलमा रहेको अव्यवस्थाले पर्यटकहरूमा नेपाल प्रतिको नकारात्मक धारणा सृजना हुन जान्छ । यसका साथै विमानस्थलमा देखिएका विद्यमान कमीजोरीहरूमा सुधार नगरिएमा त्यसले सुरक्षा व्यवस्था, राजस्व तथा सुशासनमा समेत प्रतिकुल असर पर्न सक्ने देखिन्छ । अतः यी समस्याहरू समयमै निरूपण हुन जरुरी देखिएको हुँदा विमानस्थलमा हाल संचालनमा रहेका Taxi हरू धेरै पुराना एवं जीर्णसमेत भएकाले यात्रुको सुविधालाई मध्यनजर राखी निजीक्षेत्र समेत संग छलफल गरी सुविधा सम्पन्न ट्याक्सी संचालन गर्नको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पहल गर्न लगाउन, Departure र Arrival का यात्रु एकै ठाउँमा आउने हालको अवस्था सुरक्षा र व्यवस्थापनका दृष्टिकोणबाट उपयुक्त नहुँदा सो अवस्थाको अन्त्य गरी वेग्ला वेग्लै गर्ने कामको थालनी गर्न, हाल विमानस्थलमा रहेको ट्रलिको अभाव र समस्या समाधान गर्न तत्कालै एक हजार थानसम्म ट्रलीको व्यवस्था गर्न, अध्यागमन कार्यालय लगायतका उक्त विमानस्थल परिसरमा कार्यरत कर्मचारी र यात्रुहरूको पहिचान तथा सुरक्षाको दृष्टिकोणबाट सम्पूर्ण कर्मचारीहरूको Name Tag तथा यूनिफर्मको व्यवस्था आवश्यक हुन्छ तर कतिपय कार्यालयमा तद्नुरूपको व्यवस्था नगरिएको र कतिपय कार्यालयहरूमा यस भन्दा अगाडि नै यूनिफर्म तोकिसकेको भएपनि कर्मचारीहरूबाट तोकिए बमोजिमको यूनिफर्म लगाएको नपाईएकोले यात्रु र कर्मचारी समेत छुट्टयाउन कठिनाइ परी सुरक्षामा समेत असर पर्न सक्ने भएकोले Name Tag तथा यूनिफर्मको व्यवस्था कडाइका साथ लागू गर्न, विमानस्थलमा रहेको फोहोरले सार्वजनिक स्वास्थ्य, सुविधा र सुन्दरतामा प्रतिकुल असर पर्ने हुँदा शौचालय लगायत विमानस्थल भवन तथा परिसरमा सरसफाईको समुचित व्यवस्था गर्न, VIP Lounge को सरसफाइमा ध्यान दिने, विभिन्न सरकारी तथा गैरसरकारी व्यक्ति एवं सर्वसाधारणहरूलाई विमानस्थल प्रवेशको लागि प्रयोग गरिएका पासहरू वितरण गर्दा सुरक्षा गर्ने निकाय र पास वितरण गर्ने निकाय फरक फरक रहेका कारण सुरक्षाको दृष्टिकोणबाट पासको दुरूपयोग भई सुरक्षा व्यवस्थामा असर पर्नसक्ने अवस्था देखिँदा विमानस्थल कार्यालयबाट वितरण गरिने हालको उक्त व्यवस्थालाई परिमार्जन गरी सुरक्षा निकाय समेतलाई पास वितरण प्रकृयामा संलग्न गराउन, हाल व्यवस्था गरिएको खानेपानी अपर्याप्त भएको देखिएको हुँदा सोको पर्याप्त र प्रभावकारी ढंगले व्यवस्था गर्न, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलभित्र जडान गरिएका एअरकण्डीसनर विगत डेढ वर्षदेखि मर्मत संभारको अभावमा संचालनमा नरहेको भन्ने बुझिन आएकोले शीघ्र मर्मत संभार गरी संचालनमा ल्याउन, व्यागेज होल्ड एरियामा ढोकाहरूको लक विग्रिएको कारण मानिसहरू रन वे सम्म सजिलै पुग्न सक्ने र यसबाट अनपेक्षित समस्याको सृजना हुन सक्ने हुँदा तत् सम्वन्धमा आवश्यक मर्मत संभार गर्न, एप्रोनमा एयरलाइन्सका कर्मचारीहरूले ल्फोरेन्स ज्याकेट (टल्कने) लगाउनु पर्ने व्यवस्था पुर्ण रूपमा पालना नभई कोही

कोहीलेमात्र लगाउने गरेकोले यसलाई अनिवार्य गर्ने, विमानस्थलमा कार्यरत लोडरहरूले बिना खल्तीको यूनिफर्म लगाउनु पर्ने अन्तर्राष्ट्रिय मान्यतालाई त्रिभुवन विमानस्थलमा तुरुन्त लागु गर्न, प्रस्थान तर्फ सुरक्षाका विभिन्न निकायहरूले स्क्रीनमा ड्यूटी गर्ने तर आगमन तर्फ भन्सारले मात्र हेर्ने हुंदा विभिन्न प्रकारका विष्फोटक पदार्थ एवं लागु औषधहरू समेतको पहिचान गर्न नसक्ने भई राष्ट्रिय सुरक्षामा समेत गंम्भिर समस्या आउन सक्ने हुंदा स्थितिको पहिचान गरी आवश्यकता अनुसार आगमनतर्फ समेत सुरक्षा निकायको उपस्थितिमा लगेज चेक गर्ने व्यवस्था लगायत सुरक्षाको पूर्ण प्रत्याभूतिका लागि आवश्यक प्रवन्ध गर्न र प्रस्थानतर्फ समेत भन्सारलाई सहभागी गराउन, संभव भएसम्म सवै क्षेत्रमा सामान्य अंग्रेजी भाषा वोलचाल गर्न सक्ने कर्मचारीहरू खटाउन, सुरक्षामा खटिने प्रहरी कर्मचारीहरूको संख्याको आधारमा आवासको पर्याप्त व्यवस्था गर्न, पास उपलव्ध गराउदा चाहिने क्षेत्रको भन्दा वढी क्षेत्रको पास उपलव्ध गराउने कार्य नियन्त्रण गर्न, अति विशिष्ट व्यक्तिहरूको सुरक्षाको संम्वेदनशीलता समेतलाई हृदयङ्गम गरी त्यस्ता व्यक्तिको आवागमनका समयमा विशिष्ट कक्षमा हुने अनधिकृत व्यक्तिहरूको अनावश्यक घुइचोलाई नियन्त्रण गर्न, विभिन्न स्थानमा निगरानीको लागी ३२ स्थानमा सि.सि.टि.भि. जडान गरिएकोमा हाल १३ वटामात्र संचालनमा रहेको कारण सुरक्षा निगरानीमा कठीनाइ भएको पाईएकोले यथाशीध्र सम्पूर्ण सि.सि.टि.भी.संचालनमा ल्याउन र सुरक्षा निकायसंग समेत समन्वय गरी आवश्यक स्थानहरूमा थप सि.सि.टि.भि. जडान गर्न, टर्मिनल भवनको वाहिर र भित्र रहेका विभिन्न पसल कवलहरूले आफूलाई तोकिएको स्थानभन्दा वढी ठाउँ ओगटी सामानहरू विक्री गर्न कडाइका साथ रोक लगाउने । घर वा जग्गाको वहालवाट प्राप्त हुने रकम नेपाल नागरिक उडड्यन प्राधिकरणको लागि आय आर्जनको महत्वपूर्ण स्रोत रहेको भएतापनि त्यस्तो भाडामा लगाउने प्रक्रियालाई कानूनसम्मत स्वच्छ र पारदर्शी वनाई कार्यालयको आय आम्दानी अधिकतम बृद्धि गर्न आवश्यक देखिंदा यस दिशामा नेपाल नागरिक उड्डयन प्राधिकरणले समूचित ध्यान पुऱ्याउन, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलभित्र अवस्थित कार्यालयहरूबीच समन्वयको अभाव देखिँदा प्रभावकारी रूपमा समन्वय कायम गर्ने, विमानस्थलमा हाल विद्यमान रहेका समस्या, अव्यवस्था एवम् कमीकमजोरीहरूको निराकरणको लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना तुरुन्त लागू गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६५।९।१७ को निर्णय अनुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई लेखी पठाएको ।

४. नेपाल पर्यटन वोर्डले संचालन गरेको लिखित परीक्षामा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा उत्तर पुस्तिका लगायतका अनुसन्धान र संकलित कागजातहरूको अध्ययनबाट नेपाल पर्यटन वोर्डद्वारा संचालित निर्देशक, प्रबन्धक पदको लिखित परीक्षाको Guidelines मा Tourism Knowledge (I) पूर्णाङ्क ४०, General Knowledge II को पूर्णाङ्क २०, Language नेपाली १०, अग्रेजी १० गरी पूर्णाङ्क २०, Case Study को पूर्णाङ्क २० देखियो । Guidelines for Selection या Director and Manager मा लिखित परीक्षा तथा अर्न्तवार्ताको व्यवस्था समेत गरिएको पाइन्छ । साथै उत्तरपुस्तिका हेर्दा एकै परीक्षार्थीको भिन्दाभिन्दै विषयको भिन्दा भिन्दै उत्तरपुस्तिका देखिन्छ । यसरी भिन्न भिन्न विषयको भिन्दा भिन्दै पूर्णाङ्क देखिएकोमा कुनै विषयमा साह्रै न्यूनतम अंक प्राप्त गर्ने परीक्षार्थी पनि उत्तिर्ण भएको पाइयो । प्रस्तुत विषयमा नेपाल पर्यटन वोर्डको प्रतिक्रियामा ३

घण्टाको अवधिको परीक्षाको प्रश्नपत्रमा विभिन्न विषयगत क्षेत्रहरूको प्रश्नहरू समावेश होस भन्ने अभिप्रायले अलग अलग उत्तीर्णाङ्क नतोकी समग्र परीक्षाको उत्तिर्णाङ्क ४० गर्ने गरी निर्णय भएको, विशेषज्ञहरूबाट जचाउन सजिलो होस भन्ने अभिप्रायले अलग अलग विषयगत क्षेत्रको अलग अलग उत्तर पुस्तिकाको व्यवस्था गरिएको तर उत्तीर्णाङ्क सवै विषयगत उत्तरपुस्तिकाको प्राप्ताङ्क जोडेर मात्र निर्धारण गरिएको भन्ने जवाफबाट देखिएको र निर्देशक - १ तथा प्रवन्धक ३ जनालाई छनौट गरी नियुक्ति दिइ सकेको पाइन्छ । प्रस्तुत विषयमा प्रवन्धक, निर्देशक पदको Tourism Knowledge, General Knowledge, Language Nepali, English, Case Study, सम्पूर्ण विषय महत्वपूर्ण देखिंदा हालको परीक्षा पद्धतिवाट नेपाली भाषामा, अग्रेजी भाषामा, Tourism Knowledge, अर्थात अन्य कुनै विषयमा ज्ञानै नभएको अर्थात् कुनै एक विषयमा '०' नम्वर प्राप्त गर्ने परीक्षार्थी समेत उत्तीर्ण हुन सक्ने अवस्था देखिंदा प्रस्तुत अन्यौल समाप्त गर्न सवै विषयमा उत्तीर्ण हुनु पर्ने स्पष्ट व्यवस्था गरी प्रत्येक विषयको पूर्णाङ्क र उत्तीर्णाङ्क व्यवस्था गरी निर्देशिका वा विनियमावलीमा लागू गर्न नेपाल पर्यटन वोर्डलाई आयोगको मिति २०६५।१०।१५ को निर्णय अनुसार लेखी पठाएको ।

५. त्रिभूवन अन्तराष्ट्रिय विमान स्थलको वस्तुस्थिति वारेको आयोगको तर्फवाट स्थलगत अध्ययन समेत गरी प्राप्त प्रतिवेदन र सम्वद्ध मन्त्रालयका सचिवहरू, महानिर्देशकहरू, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय समेतसंग भएको छलफल समेतका आधारमा हेर्दा नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय, समन्वय र सुरक्षाजन्य समस्याहरू देखिएका र विमानस्थलमा रहेका ती समस्याहरूका कारण अन्य मुलुकहरूवाट आउने पर्यटक तथा आम यात्रुहरूलाई समेत समस्या पर्न गएको साथै विमानस्थलमा देखिएका विद्यमान कमीजोरीहरूमा सुधार नगरिएमा त्यसले सुरक्षा व्यवस्था, राजस्व तथा सुशासनमा समेत प्रतिकुल असर पर्न सक्ने महसुस गरी आयोगको मिति २०६५।९।१७ को निर्णयद्वारा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजीम सम्वद्ध अधिकारीहरूलाई विभिन्न किसिमका निर्देशनहरू दिइएको थियो । दिईएका निर्देशनको पालना भएको छ छैन भनी आयोगको तर्फवाट पुनः अनुगमन भै प्राप्त प्रतिवेदनका आधारमा श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवलाई दिईएको निर्देशनकोबुँदा नं. १ मा उल्लिखित श्रम डेस्क सार्ने सम्वन्धी निर्देशन कार्यान्वयन हुन नसकेको तर्फ स्थलगत अध्ययन र सम्बन्धित पदाधिकारीहरूको धारणा वुझ्दा विमानस्थल व्यवस्थापनले विमानस्थलभित्र प्रवेश पश्चात् तल स्थान अभावले दिन नसकिने, सोको विकल्पमा सुरक्षा जाँच स्थान नजिक भवनको बाहिरपट्टि वार लगाई कर्मचारीमात्र भित्र पसी डेस्क संचालन गर्न सकिने धारणा व्यक्त गरेको र श्रमका पदाधिकारीहरूवाट सुरक्षा समेतको कारण बाहिर लाईन लगाई जाँच गर्न उपयुक्त हुने हुँदा विमानस्थलभित्र स्थान पाउनुपर्ने धारणा राखेको सन्दर्भमा विमानस्थलभित्र स्थानको पर्याप्तता नभएको यथार्थता हुँदा हुँदै पनि सरकारी निकायको इकाईलाई बाहिर राखी सेवा उपलब्ध गराउन सुरक्षा सम्बेदनशीलता समेतको कारणले उपयुक्त नहुने हुँदा हाल सुरक्षा जाँचकै लागि राखिएको एक्सरे मेशिन भएको उत्तर तर्फको कुनाको भागमा श्रम डेस्क राखी सेवा उपलब्ध गराउन, एयरपोर्ट भित्रै Airport Tax लिने हालको व्यवस्थामा सुधार गरी आवश्यकतानुसार एयरपोर्ट बाहिर पनि Airport Tax बुझाउन सकिने व्यवस्था लागु गर्न पहल गर्न आयोगको मिति

२०६५।११।१३ को निर्णय अनुसार अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उडड्यन कार्यालय गौचर, काठमाडौका प्रमुखलाई लेखी पठाएको ।

६. नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक यज्ञप्रसाद गौतम लगायतका पदाधिकारीहरूले रिक्वायरमेन्ट पूरा नगरी AOC थप गरी करोडौं भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा एयरलाइन्सहरूको नवीकरण सम्बन्धमा एयर नेपाल इन्टरनेसनलको Aircraft Operation Certificate (AOC) नवीकरण Requirements पूरा नभएको हुँदा तत्कालीन महानिर्देशकबाट नवीकरण भएको नदेखिएको र सांग्रिला एयरको Aircraft Operation Certificate (AOC) नवीकरण Requirements पूरा नभएको हुँदा हालसम्म पनि नवीकरण भएको नदेखिएको हुँदा उपरोक्त एयरलाइन्सहरूको AOC नवीकरण सम्बन्धी उजुरीमा उल्लिखित व्यहोरा सत्य देखिएन । Aircraft Operation Certificate renew गर्दा पूरा गर्नुपर्ने चेकलिस्टहरू प्राधिकरणले बनाएको अडिट टिमले चेक गरी सो टिमको सिफारिस अनुसार बुद्ध एयर, श्री एयरलाइन्स, सिम्रिक एयर, मनाङ एयर र डाइनेस्टिक एयरको AOC नवीकरण गर्दा आवश्यक प्रक्रिया र Requirement पूरा गरेर मात्र गरेको देखिन आयो । इम्प्रो एयरवेज प्रा.लि.को हकमा नागरिक उड्डयन प्राधिकरणबाट बनाएको Audit Team ले औल्याइएका Aircraft र Engineering Organization and Operational Organizations नभएको तर तीन महिनापछि जहाज ल्याउन प्राधिकरणसँग अनुरोध गरेका आधारमा AOC नवीकरण गरेको हुँदा अब उप्रान्त सबै Requirements पूरा गरेर मात्र Air Operation Certificate नवीकरण गर्न आयोगको मिति २०६५।११।२५ को निर्णय अनुसार नागरिक उड्डयन प्राधिकरणलाई लेखी पठाएको ।

७. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हाताभित्र घांस काट्ने ठेक्कामा अनियमितता गरेको भन्ने समेत व्यहोराको घटना र विचार राष्ट्रिय साप्ताहिक पत्रिकामा प्रकाशित समाचारको सम्बन्धमा अनुसन्धान हुँदा मिति २०६०।६।१४मा प्रकाशित सूचना बमोजिमको ठेक्कामा २ पटक देखि ४ पटक सम्म घाँस कटान गर्ने गरी लागत अनुमान स्वीकृत गरी गराई ठेकेदार एक्टिभ मोर्डन कन्स्ट्रक्सन प्रा.लि.का संचालक राम प्रसाद प्याकुरेलबाट कार्य सम्पन्न भएकोमा मिति २०६२।१०।१५ मा प्रकाशित सूचना बमोजिमको ठेक्कामा १ देखि १२ पटक सम्म घाँस कटान गर्ने लागत अनुमान स्वीकृत गरी गराई एक्टिभ/देवितान/राम प्रसाद/काली जे.भी.को कवोल अंक स्वीकृत भई सोही जे.भी.लाई कार्यादेश समेत दिएकोमा सो ठेक्काको कार्य यसअघि काम गर्ने ठेकेदार एक्टिभ मोर्डन कन्स्ट्रक्सन प्रा.लि.का संचालक राम प्रसाद प्याकुरेलबाटै भए गरेको पाईयो । अघिल्लो ठेक्का भन्दा पछिल्लो ठेक्कामा क्षेत्रफल बढाई घाँस कटान गर्नु पर्ने औचित्य र कारण कतैबाट खुलाएको देखिएन । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको सम्पूर्ण क्षेत्रको घाँस कटान गर्ने कार्य पछिल्लो ठेक्काले समेत समेटेको पाइएन । यसरी, नत विमानस्थलको सम्पूर्ण क्षेत्रको घाँस कटान हुने गरी पछिल्लो ठेक्कापट्टा गरेको देखियो नत अघिल्लो ठेक्काभन्दा केही मात्र क्षेत्रफल बढाई पछिल्लो ठेक्कापट्टा गर्नु पर्ने औचित्य नै खुलाईयो । ठेक्कापट्टाको कार्य गराउँदा सरकारले स्वीकृत गरेको Norms मा उल्लेख नभएको कार्य विभागीय स्वीकृति विना नै लागत अनुमान गरी गराई ठेक्का पट्टा गरेको रु.१० लाख भन्दा वढीको कार्य वोलपत्रद्वारा गर्नु पर्नेमा शिलवन्दि दरभाउपत्रद्वारा गरिएको, शुरुमा प्रकाशित ठेक्कापट्टाको

सूचनामा उल्लिखित र सारभुत रूपमा असर पार्ने शर्त संशोधन हुने गरी कार्यालयको सूचना पाटीमा सूचना टांस गरिएकोमा सो सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गरिएको देखिएन । तसर्थ आगामी ठेक्का पट्टा र घाँस काट्नु पर्ने क्षेत्रको व्यवस्थापन कार्यको लागि त्रिभुवन बिमानस्थल क्षेत्रमा ग्रेडरद्वारा जग्गाको ढाल मिलाई सो स्थानमा दुबो लगाउने कार्यको तुरुन्त प्रारम्भ गर्न, हरियो घाँस आफैमा एउटा प्राकृतिक श्रोत र साधन भएकाले बिमानस्थल क्षेत्र भित्रको घाँसको उचित व्यबस्थापन गरी सकेसम्म आय आर्जन गर्ने व्यबस्था मिलाउन, सरकारद्वारा स्वीकृत Norms मा घाँस काट्ने जस्ता आईटमहरू समाबेश नभएकाले सो समाबेश नभएको कार्यका लागि प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट Norms स्वीकृत गराएर मात्र दर बिश्लेषण गरी लागत अनुमान तयार गर्न, बिमानस्थल क्षेत्र अति संबेदनशील भएकोले सो को वरीपरी सुकेका लगायतका घाँसपात पतिङ्गरको उचित व्यबस्थापन गरी आगलागीबाट बिमानस्थल सुरक्षित राख्ने तर्फ आबश्यक प्रबन्ध मिलाउन, घाँस काट्ने जस्तो कार्यको ठेक्काको लागि स्थायी लेखानम्बर प्राप्त गरेको कुनै पनि नेपाली नागरिक, व्यक्ति, फर्म वा कम्पनी सहभागी हुन पाउने व्यबस्था गरी अत्याधिक प्रतिस्पर्धाको माध्यमबाट ठेक्का व्यबस्था गर्ने प्रबन्ध मिलाउन, तत्काल प्रचलित आर्थिक ऐन नियम बमोजिम रु. १०लाख भन्दा बढीको ठेक्का बोलपत्र आह्वान गरी ठेक्का व्यबस्था गर्नु पर्नेमा सिलबन्दी दरभाउपत्रद्वारा गरेको देखिएकोले अव आयन्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४मा उल्लिखित कार्यबिधि अनिबार्य रूपमा पालना गर्न, राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित ठेक्का व्यबस्था सम्बन्धी सूचना संशोधन गर्नुपर्दा राष्ट्रिय स्तरकै पत्र पत्रिकामा प्रकाशित गर्न आयोगको मिति २०६६।१।१५ को निणर्य अनुसार नेपाल नागरिक उडयन प्राधिकरण मातहतका सवै कार्यालयहरूलाई जानकारी गराउन नेपाल नागरिक उडयन प्राधिकरणलाई लेखी पठाएको ।

८. नेपालबाट केही समय अगाडि हङकङको ID मार्फत त्रिभुवन बिमानस्थल काठमाडौंबाट हङकङ जान लागेको अवस्थामा नेपाल वायुसेवा निगम गौचरणका भ्रष्ट कर्मचारीहरूले हङकङबाट नेपाल आएको एक वर्ष भुक्तान भएपछि हङकङ जान नमिल्ने भन्ने परिपत्र छ जान मिल्दैन भनी अनेकौं झन्झट लगाई १ लाख घुस मागेको र पछि विरोध गरेको हुँदा तवमात्र जान दिएको, त्यसै गरी ती भ्रष्ट कर्मचारीहरूले विशेष गरी यात्रुहरूलाई तिम्रो भिषा मिलेन भनी वाहाना बनाई अप्रत्यक्ष रूपमा घुस माग्ने गरेको र निगमका लोडरहरूले यात्रुहरूले लिएर आएको सामानहरू झिकी चोरी गर्ने गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रस्थान गर्ने यात्रुहरूको ट्राभेल डकुमेण्टमा कुनै समस्या देखा परी प्रस्थानमा रोक लगाउनुपर्ने अवस्था परेमा त्यस्तो यात्रुलाई लिखित रूपमा कारण खोली जानकारी दिने । कर्मचारीले मौखिक रूपमा रोक लगाउने प्रवृत्तिको पूर्ण रूपमा नियन्त्रण गर्न, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा यात्रुहरूको सामान चोरीलाई नियन्त्रण गर्नको निमित्त हवाई जहाजवाट सामान ओसार पसार गर्ने काममा खटीएका कर्मचारीहरूलाई खल्ती नभएको युनीफर्म लगाउने व्यवस्था कडाइका साथ लागू गरी चोरी कार्यको नियन्त्रण गर्न, बैदेशिक यात्रामा जाने क्रममा गलत विवरण पेश गरी गलत व्यक्तिहरू पनि यात्रामा जान सक्ने हुँदा यस्तो गलत प्रवृत्तिको नियन्त्रण गर्न र सही व्यक्तिहरूले सहज रूपमा बैदेशिक यात्रामा जान पाउने व्यवस्था मिलाउन

आयोगको मिति २०६६।३।४ को निर्णय अनुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल वायु सेवा निगम र नेपाल नागरिक उड्डयन प्राधिकरणलाई लेखी पठाएको ।

(ण) संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत

१. बौद्धनाथ क्षेत्र विकास समितिमा आर्थिक अनियमितता एवं भ्रष्टाचार भएको तथा कर्मचारी भर्ना गर्दा नियमसंमत रूपमा नगरिएको भनी पर्न आएको उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा उक्त समितिले सार्वजनिक जवाफदेहीको नीति अनुरूप स्वच्छ र पारदर्शी ढंगले काम कारबाही गरेको देखिन नआएको हुँदा समितिको सम्पूर्ण काम कारबाहीलाई सार्वजनिक जवाफदेहीपनको नीति अनुरूप अझ बढी स्वच्छ पारदर्शी र नियमसंमत बनाउन समितिको आर्थिक तथा कर्मचारी प्रशासन सम्वन्धी नियम विनियमहरूमा कुनै संशोधन वा परिमार्जन गर्नु पर्ने भएमा सो समेत गर्न लगाई कार्यप्रगति विवरण ३ महिना भित्र आयोगलाई दिन आयोगको मिति २०६५।४।१२ को निर्णय अनुसार संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयमा लेखी पठाएको ।

२. "वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा विभिन्न अनियमितता एवं भ्रष्टाचार भएको" भन्ने विषयको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा प्राप्त भारतीय सहयोग अनुदान रकम परिषद्को नियमावलीमा कार्यकारी निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुने, कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत र लेखा प्रमुख वा अन्य कर्मचारीको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ भनी उल्लेख भएकोमा सो बमोजिम खाता खोली संचालन गर्नु पर्नेमा भारतीय सहयोगबाट प्राप्त रकम Oversight Committee को निर्णयद्वारा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड जनकपुरमा खाता खोलेको देखिनाले सो कार्य बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन २०५५ को दफा १९ उपदफा (३) अनुसार भएको देखिएन । त्यस्तै बृहत्तर जनकपुरक्षेत्र विकास परिषद नियमावली, २०५८ को नियम १८.२ को उपनियम (१) मा "विदेशी अनुदानको रकमको खाताको हकमा कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत र लेखा प्रमुख वा तोकिएको लेखाको अन्य कर्मचारीको संयुक्त दस्तखतबाट संचालन हुनेछ" भनी किटानी व्यवस्था भएकोमा सो विपरित परिषदका कार्यकारी निर्देशकको अख्तियारी नै नलिई परिषदका कर्मचारी इन्जिनियर देवेन्द्र अधिकारी र लेखापाल उत्तमराज शर्मा ढकाल समेतको नामबाट खाता संचालन हुने गरीएको कार्य पनि नियम संमत छ भन्ने अवस्था देखिएन । यस सम्बन्धमा वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को अब खाता सञ्चालन गर्दा कानून सम्मत ढङ्गबाट संचालन गराउने व्यवस्था मिलाउन संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई आयोगबाट मिति २०६४।५।२९ मा निर्देशन दिईएको । यसैगरी बृहत्तर जनकपुर क्षेत्र विकास परिषदको तत्कालीन अध्यक्ष रामचन्द्र झाको कार्यकालमा विभिन्न संघ,संस्थाहरूलाई आर्थिक सहयोग प्रदान गरेको देखियो । परिषद नियमावलीमा आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा अध्यक्षलाई कुनै अधिकार भएको देखिएन । अध्यक्षले यसरी आर्थिक सहयोग दिएको कार्य कानूनसंमत देखिएन । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् तथा कार्यकारिणी समितिका सदस्यहरूले परिषद्बाट पेश्की लिई आफैले अमानतबाट काम गराउने कार्यमा परिषदका तथा कार्यकारिणी समितिका केही सदस्य आफै संलग्न भएको देखियो । साथै बृहत्तर जनकपुर क्षेत्र

विकास परिषद नियमावली अनुसार रु. १ लाख सम्मको स्वीकृत लागत इष्टिमेट अनुसारको कार्य कार्यालय प्रमुखले सोझै वा अमानतबाट गराउन सक्ने र सो भन्दा बढी रकमको काम गराउँदा सिलबन्दी दरभाउपत्र तथा बोलपत्रबाट गराउनु पर्ने व्यवस्था रहेकोमा केही कार्यहरू रु. १ लाख भन्दा बढी लागत अनुमान भएका कार्य समेत अमानत बाट गराएको देखियो । त्यस प्रकारबाट भएको खर्चलाई कानून सम्मत भन्न मिल्ने देखिएन । तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषदको मिति २०६०/६/१२ को परिषदका तत्कालीन अध्यक्ष भोजराज घिमिरेको कार्यकालमा भएको निर्णय अनुसार भनी परिषद्का अध्यक्ष रामचन्द्र झाले प्रति महिना मासिक पारिश्रमिक, घरभाडा, गाडी, १ लाईन टेलिफोन र १ जना निजी सचिवको सुविधा प्राप्त गरेको देखियो । तत्कालीन परिषद्का अध्यक्षको नियुक्ती गर्दै निजले पाउने पारिश्रमिक, सुविधा समेत तोकिएकोमा रामचन्द्र झा अध्यक्षमा नियुक्त हुँदा त्यस्तो पारिश्रमिक, सुविधा तोकिएको देखिएन । यस सम्बन्धमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् नियमावली २०५८ को नियम १९ मा परिषद्का सदस्यले संचालक परिषदको बैठकमा भाग लिए वापत मात्र बैठक भत्ता, भ्रमण भत्ता, परिवहन र आवास सुविधा पाउने उल्लेख गरेकोले परिषदका अध्यक्षले प्राप्त गरेको प्रति महिना मासिक पारिश्रमिक र सुविधाहरू कानून सम्मत देखिएन । बृहत्तर जनकपुर क्षेत्र विकास परिषदले आयोजना गरेको "मिथिला महोत्सव २०६३" को आयव्ययहरू लेखाप्रणालीमा नराखेको वा लेखा प्रणाली अनुसार खर्च नगरेको हुँदा आ.ले.प. र म.ले.प. गर्न नसकिएकोले लेखापरीक्षण हुन नसकेको अवस्थामा यसरी महोत्सवहरूमा सङ्कलन हुने रकमहरू हिनामिना र सहि उपयोग भए/नभएको थाहा नहुने हुँदा लेखा प्रणाली अनुसार आय व्ययको अभिलेख राख्नु पर्ने देखिएको हुँदा भारतीय सहयोगबाट प्राप्त अनुदान रकम कानून बमोजिम संचालन हुने परिषदको खातामा राखी संचालन गर्न गराउन, परिषदबाट गरिने निर्माण सम्बन्धी कार्यहरू परिषदको नियमावली अनुरूप खर्च गर्न र आइन्दा कानून विपरित अमानतबाट नगर्न नगराउन, मिथिला महोत्सव जस्ता महोत्सवहरूमा जम्मा हुने रकम र खर्च पारदर्शी रूपमा राख्न लगाउन र परिषदको आर्थिक नियमावली विपरित आर्थिक सहायता वितरण नगर्न समेत आयोगको मिति २०६५।५।८ को निर्णय अनुसार परिषद्लाई निर्देशन दिन संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयलाई लेखी पठाएको ।

३. देवघाट क्षेत्र विकास समितिका पूर्व कार्यकारी निर्देशक श्रीधर शर्माले आफ्नो जिम्माको नगदी जिन्सी र माइन्यूटवुक लगायतका कागजपत्रहरू समेत नबुझाएकोले समितिको कार्य संचालनमा वाधा पर्न गएको भनी उक्त समितिको तर्फबाट पर्न आएको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा समितिका पूर्व कार्यकारी निर्देशक श्रीधर शर्माले सोही समितिका पूर्व लेखापाल श्री पुष्पराज पौडेललाई बुझाएका मुभी क्यामरा थान १, मोवाइल सेट थान १ तथा हाल कार्यरत लेखापाल किरण पौडेललाई वुझाएका समितिको माइन्यूटवुक थान १, वैठक आदेश वुक थान १, वाटो निर्माण सम्वन्धी फाइल थान १ र कर्डलेस टेलिफोन सेट थान १ अविलम्व कार्यालयमा दाखिला गराउन, निज शर्माले वुझाउन वांकी अन्य कुनै कार्यालय सामानका हकमा निजलाई जानकारी गराई सामान नै दाखिला गर्न लगाउने र सामान दाखिला नगरेको खण्डमा सामानको परल मूल्य यकिनगरी उक्त रकम निज शर्माले कार्यालयवाट लिन वांकी कमबाट कट्टा गरी कार्यालयमा अभिलेख जनाउनका साथै निज शर्माले फछ्यौंट गर्न वांकी देखिएको अन्य रकमका विषयमा शीघ्र फछ्यौंटगर्ने व्यवस्था

हुन आयोगको मिति २०६५।१०।५ को निर्णय अनुसार देवघाट क्षेत्र विकास समितिलाई लेखी पठाएको ।

४. निवेदक मोहन वावाबाट पर्न आएको उजुरीको सिलसिलामा पशुपति क्षेत्र विकास कोषका जिम्मेवार पदाधिकारीहरू तथा सम्वन्धित विज्ञहरू समेतसंग छलफल एवं पशुपति क्षेत्र विकास कोषको प्राप्त प्रतिकृया समेतलाई दृष्टिगत गरी उक्त कोषबाट निर्माण हुने भनिएको शौचालयको निर्माण सम्वन्धमा कुलानन्द झा सत्तलको जिर्णोद्धार गर्ने क्रममा सोही सत्तलको भूइतलामा शौचालयको पनि व्यवस्था गर्ने कार्यक्रम रहेकोमा सो शौचालयबाट पशुपतिनाथको मन्दिर परिसर प्रदूषित हुने नहुने तथा दर्शनार्थीहरूलाई प्रतिकूल प्रभाव पर्ने नपर्ने सम्वन्धमा प्राविधिक, व्यवहारिक, सांस्कृतिक तथा सामाजिक दृष्टिकोण समेतबाट विचार विमर्श गरी जनसाधारणको हित हुनेगरी उपयुक्त कदम चाल्न आयोगको मिति २०६५।११।८ को निर्णय अनुसार पशुपति क्षेत्र विकास कोषलाई निर्देशन लेखी पठाइएको ।

५. लुम्विनी विकास कोषले कर्मचारी निवासको 'बि' ग्रेडको भवनमा तल्ला थपको कार्य, सेन्ट्रल क्यानलको टो वाल निर्माण कार्य, पोखरी निर्माण गर्ने कार्य र बाउन्डरी वालको निर्माण कार्यमा अनियमितता गरेको, साथै कम्प्यूटर अपरेटर भिम वहादुर वस्नेतलाई कोषको कानून विपरित सेवा परिवर्तन गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कोषको कम्प्यूटर अपरेटर भिम वहादुर वस्नेतलाई लेखापाल पदमा सेवा परिवर्तन गरेको सम्बन्धमा कोषको उपाध्यक्षको अध्यक्षतामा मिति २०६५।११।१८ गते वसेको व्यवस्थापन सचिवालयको वैठकबाट निर्णय गरी सेवा परिवर्तन गरेकोमा सो कार्य लुम्विनी विकास कोष कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली २०५८ को विनियम ४.८ बमोजिम भएको देखिन आएन । तसर्थः निज भिम वहादुर वस्नेतको सेवा परिवर्तन सम्बन्धमा यस विषयलाई लुम्विनी विकास कोष ऐन, २०४२ को दफा ११ (क) र दफा ११ (ख) वमोजिमको कार्यकारिणी समितिको बैठकमा पेश गरी उक्त समितिले दिएको निकासा वमोजिम गर्न आयोगको मिति २०६६।३।१४ को निर्णय अनुसार लुम्विनी विकास कोषलाई लेखी पठाएको ।

(त) सूचना तथा संचार मन्त्रालय अन्तर्गत

१. गोरखापत्र संस्थानबाट लिइएको समाचारदाता तह-६ को पदपूर्ति गर्दा परीक्षामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा यस आयोगबाट भएको मिति २०६४।८।२४ को निर्णय नं. १७३ कार्यान्वयन नगरी सो संस्थामा लामो समय देखि करार सेवामा कार्यरत रहकै अवस्थाबाट मिति २०६४।१०।१ देखि सेवाबाट हटाईएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा गोरखापत्र संस्थानद्वारा लिइएको समाचारदाता तह-६ को परीक्षामा निष्पक्षता र स्वच्छता भएन भनी कानून बमोजिम संस्थानको हितमा निर्णय गर्न आयोगबाटै संस्थानका संचालक समितिलाई लेखी पठाइएकोमा उक्त संस्थानका संचालक समितिबाट मिति २०६४।११।११ मा निर्णय गर्दा पदपूर्ति समितिले उर्त्तीण परीक्षार्थीलाई नियुक्ति दिने सिफारिस गरिएको निर्णय बदल्नु पर्ने आवश्यकता देखिएन भन्ने समेत उल्लेख भएकोले यस आयोगको निर्णय नं. १७३ पूर्ण कार्यान्वयन भएको मान्न

सकिने अवस्था देखिएन । आयोगको मूल मनसाय निष्पक्ष रूपले परीक्षा संचालन भए नभएको हेर्नु नै हो, आयोगको निर्णय पूर्ण कार्यान्वयन हुनुको सट्टा परीक्षामा अनियमितता उजागर गर्ने २०५१ साल देखि करार सेवामा कार्यरत उजुरीकर्ता गीता मैनालीलाई नै २०६४।१०।१ देखि संस्थानको करार सेवाबाट समेत हटाएको प्रष्ट देखिन आयो । अनियमितता उजागर गरेकै कारणबाट कसैले सेवाबाट विमुख हुनुपर्ने अवस्था आउनु निश्चय नै राम्रो मान्न सकिन्न । उजुरीकर्ता र साक्षीको संरक्षण र सम्बर्द्धन गर्नु समेत राज्यको पुनित कर्तव्य हो । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५६ ले "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि भ्रष्टाचार भएको वा हुन लागेको विषयमा कानूनी कारबाही अगाडि वढाउन वा भ्रष्टाचार हुन नदिने गरी सूचना दिने राष्ट्र सेवकलाई निजले गरे वा पुऱ्याएको सहयोग वापत निजको सेवा शर्त सम्बन्धी कानून अनुसार गोपनीयता भंग गरेको आधारमा कारबाही हुने छैन" भन्ने स्पष्ट उल्लेख गरेको अवस्था समेतलाई दृष्टिगत गर्दा वास्तविक कुरा उजागर गर्ने सूचनाकर्ता वा उजुरीकर्तालाई राज्यले संरक्षण नै दिनुपर्ने हुन्छ । यस परिप्रेक्ष्यमा विचार गर्दा अनुसन्धानका क्रममा वयान गर्ने गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष लगायतका व्यक्तिहरूले उजुरीकर्तालाई आयोगमा उजुरी गरेको कारणले हटाइएको होइन भन्ने व्यहोरा खुलाएका भएपनि उजुरीकर्ता गीता मैनालीलाई विना कारण हटाइएको विषयलाई वस्तुनिष्ट र तथ्यपरक ढंगबाट प्रमाण प्रस्तुत गर्न सकेको नदेखिएको समेत कारणले निज उजुरीकर्तालाई दुरासयपूर्वक करार सेवाबाट हटाइएको मान्नुपर्ने देखिन आयो । तसर्थ, उजुरीकर्ता गीता मैनालीलाई मिति २०६४।१०।१ देखि नै लागू हुने गरी करार सेवामा यथावत काम लगाउन, अब संस्थानबाट गरिने समाचारदाताको पदपूर्तिमा निज गीता मैनालीलाई समेत प्रतिस्पर्धामा समावेश हुने अवसर दिन आयोगको मिति २०६५।५।२५ को निर्णय अनुसार गोरखापत्र संस्थान,व्यवस्थापनलाई र नेपालको अन्तरिम संविधान, २०६३ को संवैधानिक व्यवस्था, निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० मा भएको पछिल्लो संशोधन समेतले समावेशी सिद्धान्तलाई समेटी सकारात्मक विभेदको नीतिलाई समेत अंगिकार गरेको देखिन्छ । यस विषयमा आयोगबाट सबै सार्वजनिक संस्थानहरूका प्रमुखहरूलाई बोलाई छलफल समेत भै आयोगबाट लेखी पठाई सकिएको समेत हुँदा समावेशी सिद्धान्तलाई समेटने गरी गोरखापत्र संस्थानको कर्मचारी सेवा शर्त विनियमावली, २०५२ मा समेत आवश्यक संशोधन र परिमार्जन गर्न गराउन गोरखापत्र संस्थानको संचालक समितिलाई लेखी पठाइएको ।

२. जिल्ला हुलाक कार्यालय, मकवानपुरले नवीन तिमिल्सीनाको नाममा आएको पत्र खोलिएको अवस्थामा बुझ्काएको हुँदा यस्तो कार्य गर्ने कर्मचारीलाई कारबाही गरी पाँउ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा यस्ता प्रकृतिका कार्यहरू अन्य हुलाक कार्यालय समेतले गर्ने गरेको भन्ने उजुरी प्राप्त हुन आएको सन्दर्भमा अब उप्रान्त हुलाक कार्यालयमा आएको चिट्ठीपत्रहरू सुरक्षित तवरले बुझ्काउने, राख्ने लगायत अन्य आवश्यक प्रवन्ध मिलाउन आयोगको मिति २०६६।२।११ को निर्णय अनुसार हुलाक सेवा विभागलाई लेखी पठाएको ।

(थ) शिक्षा मन्त्रालय अन्तर्गत

१. त्रि-चन्द्र क्याम्पस, काठमाडौका स्व.वि.यू. सभापति, लेखा प्रमुख र क्याम्पस प्रमुखको मिलेमतोमा बिद्यार्थी संग प्रत्यक्ष रूपमा सरोकार राख्ने स्व.वि.यू. कोष, बिद्यार्थी कल्याण कोष र खेलकुद कोषहरूको रकम अपारदर्शी रूपमा खर्च गरी हिनामिना गरेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा क्याम्पसहरूमा बिद्यार्थी भर्ना हुँदा खेलकुद शुल्क, बिद्यार्थी यूनियन शुल्क, बिद्यार्थी कल्याण कोष, क्याम्पस बिकास कोष, मरमत सम्भार, सरसफाई जस्ता बिभिन्न शिर्षकहरूमा शुल्क असुल गर्ने गरेको पाइयो । यस्ता शुल्कहरू बापत उठाइएका रकमहरू खर्च गर्ने सम्वन्धमा त्रि.बि. ऐन नियममा स्पष्ट रूपमा व्यवस्था भएको पाइएन । अत : बिद्यार्थी भर्ना हुँदा असुल गरिने शुल्क र त्यस्तो शुल्कबाट असुल भएको रकम खर्च गर्ने सम्वन्धी बिषयहरू त्रि.वि.आर्थिक नियमावलीद्धारा व्यवस्थित गर्न आयोगको मिति २०६५।११।१९ को निर्णय अनुसार त्रि.वि.उपकुलपतिको कार्यालयमा लेखी पठाएको ।

२. ताप्लेजुङ्ग जिल्लाका विभिन्न विद्यालयहरूमा नि.मा.वि. द्वितीय श्रेणीका २५ वटा पद रिक्त रहेकोमा उक्त रिक्त २५ पदहरू मध्ये १९ वटा पद कार्य सम्पादन मूल्यांकनबाट वढुवा गर्नु पर्नेमा सो नगरी जम्मा १० वटा पदहरूमात्र स्थायी रूपमा पदपूर्ति गर्न शिक्षक सेवा आयोगले मिति २०६४।११।२४ को गोरखापत्रमा विज्ञापन गरेको र १५ वटा पदहरूमा अस्थायी शिक्षकहरू यथावत राखेकोले नि.मा. तृतीय श्रेणीका स्थायी शिक्षकहरूको वृत्ति विकासमा असर परेको हुंदा शिक्षक सेवा आयोग नियमावलीले व्यवस्था गरे अनुसार रिक्त पदहरूको ७५ प्रतिशत का.स.मू. बाट र २५ प्रतिशत आ.प्र.बाट पदपूर्ति गर्ने व्यवस्था गरी पाउं भन्ने समेत व्यहोराको उजुरी निवेदनको सम्बन्धमा अनुसन्धान हुँदा ताप्लेजुङ्ग जिल्लामा नि.मा.वि. द्वितीय तहको शिक्षक पद २५ रिक्त रहेको सो को पूर्ति का.स.मूल्याङ्कन वढुवा एवं आन्तरिक प्रतियोगितात्मक वढुवाबाट क्रमश: ७५% र २५% का दरले गर्नु पर्नेमा २ जना आ.प्र. बाट र ८ जना कार्य सम्पादन मूल्याङ्कनबाट गरी जम्मा १० जना मात्र वढुवा गर्ने गरी शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरबाट प्रकाशित सूचना गैरकानूनी भन्ने निवेदकको उजुरी व्यहोराबाट देखिन्छ शिक्षक सेवा आयोग नियमावली, २०५० को परिच्छेद-४ को नियम २८ मा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको प्रथम र द्वितीय श्रेणी रिक्त पद मध्ये २५% आ.प्र परीक्षा र ७५% का.स.मूल्याङ्कनको आधारमा वढुवाद्वारा पूर्ति गरिने छ भन्ने व्यवस्था भएको परिप्रेक्ष्यमा ताप्लेजुङ्ग जिल्लाका लागि उपरोक्तानुसार १० जना मात्र शिक्षक वढुवाका लागि प्रकाशित सूचना कानून सम्मत देखिएन । वांकी १५ दरवन्दीको सूचना ननिकालिएको र उक्त पदमा १५ जना शिक्षक अस्थायी कार्यरत रहेका भन्ने जि.शि.का.को पत्रको सन्दर्भमा शिक्षक सेवा आयोगको मिति २०६५।९।७ को बैठकको निर्णय नं. २ को तेस्रो प्याराग्राफमा लिइएको जिकिरले निवेदकको वृत्ति विकासमा आघात पुऱ्याएको तथा सो को कानूनी आधार समेत उल्लेख भएको पाइएन । तसर्थ जम्मा रिक्त पद संख्या २५ देखिएकोले त्यसलाई नै शतप्रतिशत मानी शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २८ को उपनियम (१) बमोजिम २५ प्रतिशत पद आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट र ७५ प्रतिशत पद कार्य सम्पादन मूल्याङ्कनका आधारमा वढुवाबाट पूर्ति

गर्न आयोगको मिति २०६५।१०।१९ को निर्णय अनुसार शिक्षक सेवा आयोग र जिल्ला शिक्षा कार्यालय, ताप्लेजुङ्गलाई लेखी पठाएको ।

३. त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान अन्तरगत महाराजगञ्ज क्याम्पसमा बिभिन्न ४ (चार) जनालाई त्रि.बि.को प्रचलित नियम अनुरूपको प्रक्रिया पुरा नगरी प्रतिस्पर्धा बेगर नै ठाडो निवेदनको भरमा हेडअसिष्टेन्ट पदमा करार सेवामा नियुक्ति गरेको हुँदा आवश्यक छानबिन गरी त्यस्तो नियुक्ति गर्ने उपर कारबाही गरी अनियमित नियुक्ति गरी भुक्तानी गरिएको तलवभत्ता बापतको रकम असुल उपर गरिपाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा त्रि.वि.चि.शा.अ.सं. कार्यान्वयन समितिको मिति २०६४।१०।२३ निर्णय नं. १३१८ मा "स्थापित प्रकृया पुरा गरी ६।६ महिनाको करारमा नियुक्ति गर्न स्वीकृति दिने" भनिएको पाइयो । तर उक्त क्याम्पसले पदपूर्ति समितिवाट विधिवत छनौट नगराउनुका साथै प्रतिस्पर्धा नै नगराई राज कुमार श्रेष्ठ समेतका ४ जना उम्मेदवारवाट निवेदन मात्र लिई निवेदन दर्ता समेत नगरी मिति २०६५।४।२२ देखि हेड असिस्टेण्ट पदमा ६ महिनाको लागि करारमा नियुक्ति गरेको देखिंदा नियुक्तिको स्थापित प्रकृया पूरा भएको पाइएन । त्रिभुवन विश्वविद्यालय स्वायत्तता प्राप्त अध्ययन संस्थान वा क्याम्पस सम्वन्धी नियम, २०६२ ले करारमा सोझै नियुक्ति गर्न क्याम्पस प्रमुखलाई अधिकार भएको भनी महाराजगंज क्याम्पसको मिति २०६५।९।७ को पत्रमा उल्लेख भएको जिकिर कानून संमत देखिएन । सो नियमवाट प्राप्त अधिकार प्रयोग गर्दा क्याम्पस प्रमुखले अन्य कानूनी प्रकृया पुऱ्याएर मात्र प्रयोग गर्न पाउने हो तसर्थ स्थापित प्रकृया पूरा नगरी अनियमित तवरवाट करार सेवामा गरिएका निज ४ जनाको नियुक्ति तथा यस्तै प्रकारका अन्य नियुक्तिहरू पनि भए ती नियुक्तिहरू समेतलाई निरन्तरता नदिन तथा आइन्दा कुनै पनि रिक्त पदमा कुनै पनि प्रकारको नियुक्ति गर्दा त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्वन्धी नियम, २०५० को नियम १० तथा कर्मचारीहरूको नियुक्ति र वढुवाका लागि सिफारिस गर्ने आधार सम्वन्धी कार्यविधि, २०५१ को दफा १.३ वमोजिम स्थापित प्रकृया पूरा गरी तथा अन्य प्रचलित कानूनको रित समेत पुऱ्याई पदपूर्ति समितिवाट विधिवत प्रतिस्पर्धा गराई प्रकृयागत ढंगवाट छनौट भएका उम्मेदवारलाई मात्र नियुक्ति गर्न र अव उप्रान्त अनियमित तवरवाट नियुक्ति गरेको पाइएमा यसरी नियुक्ति भएका व्यक्तिलाई उपलब्ध गराएको तलव भत्ताको रकम त्यस्तो नियुक्ति गर्ने जिम्मेवार पदाधिकारीवाटै असुल उपर गरिने व्यहोरा त्रि.वि.चि.शा.अ.सं. महाराजगंज क्याम्पसलाई निर्देशन दिई सो व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्न गराउन आयोगको मिति २०६५।१०।२१ को निर्णय अनुसार त्रि.वि. रजिष्ट्रारको कार्यालय समेतलाई लेखी पठाएको ।

४. काठमाडौं शिक्षा क्याम्पस, रामशाहपथमा क्याम्पस प्रमुख पदमा कार्यरत उत्तमराज भट्टराई र सहायक क्याम्पस प्रमुख पदमा कार्यरत लोकनाथ भट्टराई त्रिभुवन विश्वविद्यालयको स्थायी र करार सेवामा कार्यरत रहेकोले त्रिभुवन विश्वविद्यालयमा कार्यरत शिक्षक अन्य कुनै पनि सार्वजनिक क्याम्पसमा कार्य गर्न नपाउने व्यवस्था हुंदा पनि निजहरूले दोहोरो सेवा गरेको देखिएकोले कारबाही गरी पाउं भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरू समेतले उक्त विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा र

विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस समेतमा अध्यापन कार्य गरी दोहोरो काम गर्ने गरेको देखिन आयो । यसरी एउटा क्याम्पसमा स्थायी, अस्थायी वा करारमा कार्यरत शिक्षक कर्मचारीहरू मध्ये केहीले अन्य क्याम्पसमा अध्यापन कार्य गर्नको लागि त्रि.वि.वि. को नियम अनुसार स्वीकृति लिएको देखिएता पनि कतिपयले त्यस्तो स्वीकृति लिएको देखिएन । अतःत्रिभुवन विश्वविद्यालय र मातहतका क्याम्पस एवं कार्यालयहरूमा स्थायी, अस्थायी वा करार सेवामा कार्यरत शिक्षक तथा कर्मचारीहरूले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसहरूमा अध्यापन गर्न त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ६९ मा भएको प्रावधान अनुरूप पूर्व स्वीकृती लिनु पर्ने व्यवस्थालाई कडाईका साथ लागु गर्न आयोगको मिति २०६५।११।१ को निर्णय अनुसार त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालयलाई लेखी पठाएको ।

५. जनक शिक्षा सामग्री केन्द्र लि.का प्रवन्ध संचालक राम प्रसाद शर्मा प्रदीपले जनक शिक्षा सामग्री केन्द्र लि. मा स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी ज्यालादारी, करार सेवामा भर्ती गरी केन्द्रले थेग्नै नसक्ने कर्मचारीहरू राख्दै आफू संलग्न पार्टीका कार्यकर्ता भर्ती केन्द्रको रूपमा प्रयोग गरिरहेको हुँदा निजवाट त्यस्ता कर्मचारीहरूलाई भुक्तानी गरिएको रकम असुल उपर गरी कारबाही गरी पाऊँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा अव आइन्दा उच्च व्यवस्थापकको तोक आदेशको आधारमा करार तथा ज्यालादारीमा कर्मचारीहरू नियुक्ति नगर्न, सिजनल कामहरू तोकिएको समयमा पूरा गर्न करार तथा ज्यालादारीमा कर्मचारी नियुक्ती गर्ने पर्ने अवस्था आएमा त्यस्ता कर्मचारीहरूको संख्या आवश्यकता निर्धारण गर्ने संयन्त्रको निर्माण गर्न, करार तथा दैनिक ज्यालादारी कर्मचारीहरूको आवश्यकता निर्धारण भै नियुक्ति गर्नु पूर्व सार्वजनिक सूचना गरी योग्यता क्षमता तथा प्रतिस्पर्धाको आधारमा मात्र नियुक्ति गर्न, करार तथा दैनिक ज्यालादारीमा नियुक्त भै कार्यरत सवै कर्मचारीहरूलाई मिति २०६६।१।१ देखि सेवावाट हटाउन आयोगको मिति २०६५।१२।२० को निर्णय अनुसार जनक शिक्षा सामग्री केन्द्रलाई लेखी पठाएको ।

६. उच्च माध्यमिक शिक्षा परिषद्वाट सञ्चालित कक्षा १२ को परीक्षाको प्रश्नपत्र समय भन्दा अगावै वाहिरिएको सम्वन्धमा यस आयोगमा उच्च माध्यमिक शिक्षा परिषद्को तर्फवाट पर्न आएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उच्च माध्यमिक शिक्षा परिषद् परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको निर्देशिकाको दफा १५ मा प्रष्टरूपमा सवै गोप्य प्रश्नपत्र प्रहरी चौकी (थाना) मा राख्ने र प्रत्येक दिन चाहिने विषयको प्रश्नपत्र पर्यवेक्षक र केन्द्राध्यक्षको रोहवरमा प्रहरी चौकीवाट ल्याई प्रयोग गर्नु पर्ने गरी भएको व्यवस्था प्रतिकूल परीक्षाको पहिलो दिनमा नै एकै पटक सम्पूर्ण प्रश्नपत्र उपलव्ध गराएको कारणवाट प्रश्नपत्र वाहिरिन मद्दत मिलेकोले उक्त प्रश्नपत्र राख्ने जिम्मेवारी पाएको प्रहरी प्रभाग वल्खु, ललितपुरका प्रमुख प्र.ना.नि. वद्री दाहाललाई प्रचलित कानूनको रित पुऱ्याई आवश्यक विभागीय कार्वाही गर्न प्रहरी प्रधान कार्यालयलाई लेखी पठाउने र परीक्षा संचालनका लागि स्थानीय प्रशासन, जिल्ला शिक्षा कार्यालयहरू र प्रहरी निकायसंगको समन्वय गर्ने तथा परीक्षा सम्बन्धी निर्देशिका लागू गर्ने कार्य प्रभावकारी भएको नदेखिदा परीक्षा संचालन निर्देशिकालाई समसामयिक संशोधन गर्ने र समन्वय कार्यलाई प्रभावकारी र नियमित गर्न, उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा सम्वन्धी विनियम, २०५५ को नियम २९ (३) एवं उच्च

माध्यमिक शिक्षा परिषद् परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको निर्देशिकाको दफा १५ मा उल्लेख भए वमोजिमको कार्यहरू उक्त केन्द्रका पर्यवेक्षक नारायण कोइरालावाट भए गरेको नपाइएको र सोही कारणले प्रश्नपत्र वाहिरिन मद्दत मिलेको भन्ने देखिन आएकोले पर्यवेक्षक नारायण कोइरालालाई उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा सम्वन्धी विनियम, २०५५ को नियम ३० वमोजिमको कार्वाही गर्न, डि.ए.भि.शुशिल केडिया विश्वभारती उ.मा.वि. धोवीघाट परीक्षा केन्द्रमा उ.मा.शि.प. काठमाण्डौं कार्यालयका कार्यालय प्रमुख भवराज कोइरालावाट नाम नै नतोकी उक्त उ.मा.वि. को प्राचार्यलाई केन्द्राध्यक्ष तोकिएकोमा प्राचार्यवाट केन्द्राध्यक्षको कार्य नभई सोही उ.मा.वि.को दश जोड २ का को-अर्डिनेटर अजय यादवले केन्द्राध्यक्षको काम सम्हालेको र परीक्षा समन्वय समितिलाई समयमा नै जानकारी पठाई सो को अनुगमन गर्नु पर्नेमा ती कार्य हुन नसकेको कारणले समन्वय समितिको वैठक वस्न नसकी सुरक्षा समेतको उचित प्रवन्ध हुन नसकेको भन्ने समन्वय समितिको पदाधिकारी समेतले आयोग समक्ष गरेको वयानवाट देखिंन आएकोले सो कार्यमा लापर्वाही अपनाउने कार्यालय प्रमुखलाई आवश्यक विभागीय कार्वाही गर्न उच्च माध्यमिक शिक्षा परिषद्लाई लेखी पठाउने । अव उप्रान्त केन्द्राध्यक्ष नियुक्ति गर्दा नाम, पद, वतन र कार्यादेश स्पष्टरूपमा उल्लेख गरी नियुक्ति गर्नु पर्ने व्यवस्था मिलाउन, उच्च माध्यमिक शिक्षा परिषद्, सम्वन्धन सम्वन्धी विनियमहरू, २०५५ को विनियम २.१ को शर्तहरूको खण्ड (क) लगायतका विषयहरूमा विद्यालयहरूको अभिलेख दुरुस्त छ छैन अनुगमन, निरीक्षण परिषद्को तर्फवाट हुनु पर्नेमा परिषद्मा रहेको सम्वन्धित विद्यालयहरूको अभिलेख फायल हेर्दा डि.ए.भी. शुशील केडिया विश्वभारती उ.मा.वि., धोबीघाट, ललितपुरले यस परिषद्को तर्फबाट सम्बन्धन लिदा पालना गर्नुपर्ने नियमहरूको पालना नगरेको, व्यवस्थापन समितिले प्राचार्यको नियुक्ति गर्दा अवलम्बन गर्नु पर्ने कुनै पनि प्रक्रिया अवलम्बन नगरेको, प्राचार्य नियुक्तिको जानकारी परिषद्को सम्बन्धन महाशाखामा पठाउने कार्य नगरेको, उक्त विद्यालयबाट प्राप्त कागजातहरूमा अलग-अलग प्राचार्यहरू उल्लेख भएको देखिदा उच्च माध्यमिक शिक्षा परिषद्ले सम्वन्धन प्रदान गरेको विद्यालयहरूको नियमित अनुगमन तथा निरीक्षण सम्वन्धी नीति तय गरी यस विषयमा सजगता अपनाउन र सवै पक्षको आचारसंहिता निर्माण गरी लागु गर्न, उच्च माध्यमिक शिक्षा परिषद्का उपाध्यक्षले गरेको कागजको व्यहोरा समेतवाट उक्त उ.मा.वि.ले अन्य विश्व विद्यालयहरूबाट सम्बन्धन (Affiliation) लिई विभिन्न विषयहरूमा कक्षा संचालन गर्ने कार्य गर्दै आएको भन्ने कुरा जानकारीमा आएको हुंदा उक्त विद्यालयको सम्बन्धन दिने निकाय वीच समन्वय गरी छानबीन समितिको प्रतिवेदनका सम्वन्धमा सबै विश्वविद्यालयहरूलाई जानकारी गराई तत् तत् निकायवाट आवश्यक नियमन गर्ने गरी व्यवस्था मिलाउन, परीक्षा संचालन एक महत्वपूर्ण र संवेदनशील कार्य भएकोले परीक्षाको विश्वसनियतामा कमी हुन नदिन, निष्पक्ष र मर्यादित तवरले परीक्षा संचालन गर्नु/गराउनु सरोकारवालाहरू र परीक्षा नियन्त्रण कार्यालयको कर्तव्य हो तर प्रश्नपत्रको सुरक्षाको जिम्मेवारी पाउने निकायको दायित्व, स्थानीय प्रशासनको सुरक्षाका सम्वन्धमा दायित्व, स्थानीय तहमा समन्वय समिती रहने स्पष्ट व्यवस्था, जिल्ला शिक्षा कार्यालयसंगको समन्वय कुनै पनि विषयमा कानून स्पष्ट रहेको नपाइएकोले रहनु पर्नेमा नरहेको आभाष हुन गयो । यसैले कानूनमा सुधार गरी उच्च माध्यमिक तहका परीक्षाहरू स्वच्छ, मर्यादित र कानूनसम्मत् संचालन गर्ने वातावरण मिलाउन शिक्षा प्रशासन, गृह प्रशासन, प्रहरी प्रशासन एवं सरोकारवालाहरू समेतलाई समावेश गरी केन्द्रीय,

क्षेत्रीय र स्थानीय स्तरमा उच्च स्तरीय संयन्त्रहरू निर्माण गर्न र ती परीक्षा संचालन तथा व्यवस्थापनसंग सम्बद्ध सरोकारवाला पक्षहरूको आचारसंहिता (Code of Conduct) अविलम्ब निर्माण गरी लागू गर्न तथा सो को अनुगमन समेत हुन, उच्च माध्यमिक शिक्षा परिषदको आफ्नै कर्मचारी नहुंदा पर्यवेक्षक र केन्द्राध्यक्ष नियुक्तिमा अन्य निकायका व्यक्तिको भर पर्नु पर्ने र सो कार्यमा संलग्न हुन वरिष्ठ कर्मचारीहरू उदासिन रहने गरेको भन्ने एकातिर उच्च माध्यमिक शिक्षा परिषदको गुनासो रहेको छ भने अर्को तर्फ प्रश्नपत्र मोडरेट भत्ता पाइने भएको कारणवाट धेरै व्यक्ति मोडरेट गर्नेमा नियुक्त गर्ने गरिएको, उचित व्यक्तिलाई नछानी आफ्नो व्यक्तिलाई प्रश्नपत्र वनाउन दिइने गरेको, योग्यताको आधारमा भन्दा आफ्नो व्यक्ति भएको नाताले जांचकी नियुक्त गर्ने गरिएको भन्ने जस्ता गुनासो पनि आउने गरेको देखिंदा परिषद्को आफ्नै दरवन्दी वढाउन आवश्यक छ वा अन्य कुनै संयन्त्रवाट कार्य सम्पन्न गर्न सहज हुन्छ सो वारेमा अध्ययन गरी विज्ञ र परिपक्क एवं स्वार्थ नगासिएका व्यक्तिहरूलाई मात्र परीक्षासंग सम्वन्धित जिम्मेवारी दिने व्यवस्था गर्ने । डि.ए.भी. कलेज केन्द्रमा सञ्चालन गरिने परीक्षाको लागि विगतमा प्रश्नपत्र सुरक्षित राख्न प्रहरी परिसर, जावलाखेललाई जिम्मा दिई आएकोमा यसपटक कुनै नीति, समन्वय र निर्देशन वेगर प्रश्नपत्रहरू प्रभागमा पठाइएको अनुसन्धानवाट देखिन आउंछ यसले गर्दा गोपनियता भंग हुन सहज वातावरण वनेको छ । यसैले परिषद्द्वारा संचालित परीक्षाको प्रश्नपत्र व्यवस्थापन एवं सुरक्षा व्यवस्था थप मजवुत बनाउन सुरक्षा प्रणालीमा आवश्यक सुधार गर्न, उच्च माध्यमिक तहको परीक्षामा सम्बद्ध विज्ञ, कर्मचारी, पर्यवेक्षक एंव सुरक्षासंग सम्बन्धित प्रहरी कर्मचारीहरूलाई परीक्षा संचालन सम्बन्धमा अनिवार्य Orientation दिनुपर्ने गरी कार्यक्रम निर्धारण गर्न, प्रश्नपत्र तयार गर्ने कार्य देखि लिएर मोडरेट गर्ने, छपाउने, केन्द्राध्यक्ष नियुक्ति गर्ने, पर्यवेक्षक नियुक्ति गर्ने, निरिक्षक नियुक्ति गर्ने जस्ता कार्यलाई कानून सम्मत वनाउन निश्चित सेवा अवधि, अनुभव, दक्षता र तटस्थता जस्ता न्यूनतम मापदण्ड कानूनद्वारा नै निर्धारण गरी संभाव्य व्यक्तिहरूको नामावली तयार गर्ने र त्यस्ता व्यक्तिहरूलाई परिषद्ले खटाएको अवस्थामा खटिनु पर्ने वाध्यात्मक व्यवस्था गरी निजहरूको काम, कर्तव्य र अधिकारको स्पष्ट किटान गर्नुका साथै जिम्मेवारी निर्वाह नगर्ने केन्द्राध्यक्ष, विशेष पर्यवेक्षक, पर्यवेक्षक, विज्ञ तथा निरीक्षकहरू समेतलाई तत्कालै र पछिसम्म प्रभाव पर्न सक्ने जस्ता कारबाहीका अवस्थाहरू तोकिन उल्लिखित आधार, अवस्था र सजायको व्यवस्था एवं त्यसरी खटिने व्यक्तिलाई समुचित पारिश्रमिकको व्यवस्था वारे एक कार्यदल वनाई कार्यदलवाट थप अध्ययन गर्न लगाई गरिएको सिफारिसलाई कार्यान्वयन गर्दै लैजान आयोगको मिति २०६६।२।२५ को निणर्य अनुसार उच्च माध्यमिक शिक्षा परिषद्लाई लेखी पठाईएको ।

७. जनक शिक्षा सामग्री केन्द्र लि. को व्यवस्थापन पक्ष तथा आर्थिक कृयाकलापसंग सम्वन्धित विषयमा परेका विभिन्न उजुरीहरूको सम्बन्धमा अनुसन्धान हुँदा आर्थिक अनुशासन कायम राख्ने सिलसिलामा उक्त केन्द्रलाई मालसामान खरीद गर्दा वा सेवा उपलब्ध गर्दा जनक शिक्षा सामग्री केन्द्र लिमिटेड आर्थिक प्रशासन विनियमावली, २०५८ को प्रावधानलाई कडाइका साथ पालना गर्ने । उक्त विनियमावलीको विनियम २० को उपविनियम (४) को खण्ड (छ) को प्रावधान वमोजिम दरभाउपत्र वा वोलपत्र वेगर खरीद नगर्न र नगरी नहुने परिस्थिति परेमा संचालक समितिबाट अग्रिम रूपमा त्यसको कारण र औचित्यको पुष्टयाई सहित निर्णय गराएर मात्र खरीद गर्ने । पहिले सामान खरीद

गरी संचालक समितिबाट पछि अनुमोदन गराउने प्रचलन वन्द गर्न, खरीद गरिएको सामानको गुणस्तरको विश्वसनीयता कायम गर्नको लागि प्रभावकारी र भरपर्दो संयन्त्रको व्यवस्था मिलाउन, अस्थाई, ज्यालादारी र करारमा कर्मचारी भर्ना गर्ने विषयमा आयोगको पूर्व निर्देशन वमोजिम गर्न, पुस्तक छपाइको कार्य जनक शिक्षा सामग्री केन्द्र भक्तपुरबाट मात्र गराउदा समयमा पुस्तक नपुग्ने जस्ता असहज स्थिति देखिएबाट सो केन्द्रलाई क्रमशः क्षेत्रीय सदर मुकामहरूमा पनि स्थापना गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६६।३।१७ को निर्णय अनुसार शिक्षा मन्त्रालयलाई लेखी पठाएको ।

८. सुनसरी जिल्ला धरान न.पा. स्थित श्री पब्लिक उच्च मा.वि. धरानले विद्यालयको भवन निर्माण गर्दा प्रचलित मापदण्ड पुरा नगरी वनाएको र विभिन्न राजनैतिक पार्टीलाई आर्थिक सहायता दिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा विद्यालयको भवन निर्माण गर्दा प्रचलित मापदण्ड विपरीत वनाएको भन्ने सम्वन्धमा धरान नगरपालिकाका इन्जिनियर राजु पोखरेलले मिति ०६५।८।२२ मा पेश गरेको प्रतिवेदनमा उक्त विद्यालयको परिसरमा रहेका चतरा लाईन तर्फका भवनहरूले धरान न.पा.को "भवन तथा योजना मापदण्ड, २०५६" को पालना नगरेको भन्ने प्रतिवेदन पेश हुन आएको र मापदण्ड र गुणस्तर फरक विषय भएकोले मापदण्डकै कारणले भौतिक तथा अन्य मानवीय क्षति नहुने भन्ने व्यहोरा समेत निज इ. राजु पोखरेलबाट २०६६।३।१९ मा पेश भएको प्रतिवेदनबाट देखिन आएकोले उक्त विद्यालय भवनहरू सुरक्षित छन छैनन र सोबाट कुनै मानविय क्षति हुन सक्ने अवस्था रहे नरहेको सम्वन्धमा शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालयबाट प्रतिवेदन लिई मानविय क्षति हुने अवस्थामा ती भवनहरू रहेका भए सोलाई सुरक्षित हुने व्यवस्था मिलाउन र विद्यालय व्यवस्थापन समितिले प्र.अ. लाई रु. ५००।- आर्थिक सहायता दिन पाउने अख्तियारी दिएको र प्र.अ. ले सो भन्दा वढी रकम विभिन्न राजनीतिक दल र तिनका भातृ संगठनलाई विद्यालयको कोषबाट आर्थिक सहायता दिएको व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा सो समेत विद्यालय व्यवस्थापन समितिले अनुमोदन गरिदिएको पाइयो । प्रचलित कानून अनुसार विद्यालयको कोषबाट आर्थिक सहायता दिने अधिकार विद्यालय व्यवस्थापन समितिलाई नभएकाले गैर कानूनी रूपमा खर्च लेखेको निम्न बमोजिमको रकम तत्कालीन प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू (निर्णयमा असहमति जनाउनेहरू बाहेक) बाट दामासाहीले असुल गर्न आयोगको मिति २०६६।३।२५ को निर्णय अनुसार जिल्ला शिक्षा कार्यालय, सुनसरीलाई लेखी पठाएको ।

सि.नं.	आर्थिक सहायता पाउनेको नाम	आ.व.२०६३-६४	आ.व. २०६४-६५	जम्मा
१.	अनेरास्ववियू कान्तिक्रारी	६,८००।-	१४,३२८।-	२१,१२८।-
२.	नेपाल विद्यार्थी संघ	५,०००।-	-	५,०००।-
३.	कोचिला राज्य समिति	२,०००।-	-	२,०००।-
४.	नेपाली कांग्रेस	२,०००।-	-	२,०००।-
५.	नेकपा एमाले	२,०००।-	-	२,०००।-
जम्मा		**१९,८००।-**	**१४,३२८।-**	**३२,१२८।-**

(द) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत

१. राष्ट्रिय खेलकुद परिषदसंग आवद्ध विभिन्न खेलकुद संघहरूमा आर्थिक अनियमितता हुने गरेको भन्ने उजुरीहरूको सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय खेलकुद परिषदसंग आवद्ध विभिन्न खेलकुद संघहरूको आर्थिक कार्य सञ्चालन सम्बन्धमा आर्थिक नियमावलीको अभाव रहेको अवस्थामा त्यस्ता संघहरूले राष्ट्रिय खेलकुद परिषद् लगायत नेपाल सरकार तथा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्था एवं व्यक्तिबाट प्राप्त रकमको खर्चका सम्बन्धमा पारदर्शीता नहुने भई हिनामिना समेत हुन सक्ने हुंदा ३ महिना भित्र त्यस्ता सम्पूर्ण खेलकुद संघहरू लगायत ओलम्पिक कमिटिको आर्थिक नियमावली वनाई लागु गरी सो को जानकारी आयोगलाई दिने र सो नियमावली अनुसार भएका खर्चको लेखा परिक्षण समेत राष्ट्रिय खेलकुद परिषद्बाट गराउने व्यवस्था गराउन आयोगको मिति २०६५।४।६ को निर्णय अनुसार राष्ट्रिय खेलकुद परिषदमा लेखी पठाएको ।

२. राष्ट्रिय खेलकूद परिषद्सँग आवद्ध विभिन्न खेलकुद संघहरूको आर्थिक कार्य संचालन सम्बन्धमा आर्थिक नियमावलीको अभाव रहेको अवस्थामा त्यस्ता संघहरूले राष्ट्रिय खेदकुद परिषद् लगायत नेपाल सरकार तथा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था एवं व्यक्तिबाट प्राप्त रकमको खर्चका सम्बन्धमा पारदर्शीता नहुने भई हिनामिना समेत हुन सक्ने हुँदा ३ (तीन) महिनाभित्र त्यस्ता सम्पूर्ण खेलकूद संघहरू लगायत ओलम्पिक कमिटीको आर्थिक नियमावली बनाई लागू गरी सोको जानकारी आयोगलाई दिन र सो नियमावली अनुसार भएका खर्चको लेखा परीक्षण समेत राष्ट्रिय खेलकूद परिषद्बाट गराउने व्यवस्था गराउनु भनी आयोगबाट मिति २०६५।४।६ मा भएको निर्णय कार्यान्वयनका लागि राष्ट्रिय खेदकूद परिषद्मा लेखी पठाएकोमा अखिल नेपाल फूटवल संघबाट मात्र आर्थिक नियमावली पेश गरेको देखिएको तर खेलकूद् परिषद्सँग सम्बन्धित अन्य संघ संस्थाहरूले आर्थिक नियमावली बनाई पेश गरेको नदेखिएको हुँदा पूर्व निर्णयानुसारको काम ३ (तीन) महिनाभित्र पूरा गरी मात्र आर्थिक कारोवार गर्ने गराउने र सो अनुसार नगरेमा राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूबाट प्रदान गरिने आर्थिक सहयोग तथा अनुदान रकम रोक्का गर्ने तथा गर्न लगाउने र नयाँ संस्था दर्ता गर्दा समेत आर्थिक नियमावली निर्माण गरी मात्र दर्ता गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६५।१०।१५ को निर्णय अनुसार राष्ट्रिय खेदकूद परिषद्का सदस्य सचिवलाई लेखी पठाएको ।

(ध) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. यातायात व्यवस्था कार्यालयहरूबाट जारी हुने सवारी चालक अनुमति पत्र लगायतका कार्यहरूमा अनियमितता हुने गरेको भनी आयोगमा प्राप्त जनगुनासो तथा उजुरीको सम्बन्धमा स्थलगत निरीक्षण र अनुसन्धान भई प्राप्त प्रतिवेदन समेतको आधारमा कार्यालयमा रहेको भिडभाडलाई नियन्त्रण गर्न कार्यालयको कार्य बोझको मूल्यांकन गरी सो को आधारमा आवश्यक कर्मचारी व्यवस्थापन हुनुपर्ने, दैनिक झण्डै ६ लाख राजश्व आम्दानी गर्ने र लाइसेन्स वितरण जस्तो

संवेदनशील कार्य गर्ने कार्यालयका रेकर्डहरू व्यवस्थित तथा सुरक्षित गर्न र सेवा प्रवाह प्रभावकारी बनाउन Computer Networking को कार्य यथाशीघ्र अवलम्बन गरिनु पर्ने, सवारी चालक अनुमति पत्रको कार्डमा Security thread राखी सुरक्षित तवरले मुद्रित हुनुपर्ने (जस्तो Smart Card हरू प्रयोग गर्न सकिन्छ) , पुरानो रेकर्डहरूलाई विशेष प्राथमिकता दिई उक्त रेकर्ड अद्यावधिक र Computerized गर्नुपर्ने, कार्य बोझलाई कम गर्न शाखा कार्यालय स्थापना गर्ने, झुठो विवरण दिने, नक्कली व्यक्ति उपस्थित भै अर्को व्यक्तिको नाममा परीक्षा दिने व्यक्तिलाई तत्काल कारबाही गर्न प्रभावकारी कानूनी व्यवस्था हुनुपर्ने, त्यसैगरी यातायात व्यवस्था कार्यालय, वागमती अञ्चल लगायत अन्य यातायात कार्यालयबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा व्यवस्था भए बमोजिम एकपटक सवारी चालक अनुमतिपत्रको परीक्षामा अनुत्तीर्ण व्यक्तिले तीन महिनासम्म दरखास्त दिन नपाउने व्यवस्थालाई अनिवार्य र कडाइका साथ पालना गर्नु गराउनु पर्ने, दरखास्त फाराम दर्ता भए लगतै दरखास्तवालालाई प्रवेशपत्र दिने व्यवस्था कडाइका साथ लागू गर्ने, आवेदकले प्रवेशपत्रमा फोटो परिवर्तन तथा अन्य अनियमितता गर्न सक्ने हुँदा सो को नियन्त्रण गर्न तथा एकव्यक्तिको स्थानमा अर्कोव्यक्तिले परीक्षा दिने कार्य नियन्त्रण गर्न अनिवार्य रूपमा दरखास्त फारम र प्रवेशपत्र भिडाई रुजु गरी परीक्षा हलमा प्रवेश गर्ने गराउने,कार्यालयको परीक्षा समितिका कानूनले तोकेको योग्यता पुगेको प्रहरी प्रतिनिधि आफै उपस्थित हुनु पर्ने, अनिवार्य रूपमा सक्कल नागरिकता हेरी व्यहोरा जाँची मात्र दर्ता गर्नु पर्ने, दरखास्त फाराम र चालक अनुमतिपत्रमा टाँसिने फोटो अनिवार्य रूपमा एउटै हुनु पर्ने र उक्त अनुमतिपत्र तयार गर्दा दरखास्त फारम समेत भिडान गर्ने व्यवस्था हुनुपर्ने, कार्यालयको परीक्षा समितिले लिखित तथा ट्रायल परीक्षामा उत्तिर्ण व्यक्तिहरूको उचित अध्ययन तथा verification पछि मात्र अन्तिम निर्णय गर्नु पर्ने, सवारी चालक अनुमतिपत्रको लागि दरखास्त दर्ता गर्नेहरूको नामावली लिखित परीक्षा हुन पूर्व प्रकाशित गर्न आयोगको मिति २०६५।४।१९को निर्णय अनुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाईएको ।

२. श्रम तथा रोजगार प्रबर्द्धन विभागका कर्मचारी समेतको मिलेमतोबाट बैदेशिक रोजगारीको लागि पूर्व स्वीकृति र अन्तिम स्वीकृति दिंदा अनियमितता भएको भन्ने बिषयको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा श्रम तथा रोजगार प्रबर्द्धन विभागबाट इजाजतपत्र वालाले (बिभिन्न मेन पावर कम्पनीहरू) श्रम विभागसंगको मिलेमतोमा नक्कली अभिमुखीकरण तालिमको प्रमाणपत्र, नक्कली डिमाण्ड लेटर एवं नक्कली भिसा लगायतका कागजातका आधारबाट बैदेशिक रोजगारमा पठाउने कार्य गरेको भन्ने बिषयको उजुरी निवेदनका सम्बन्धमा व्यक्तिगतरूपमा बैदेशिक रोजगारमा जाने र इजाजतपत्र वालाले बैदेशिक रोजगारमा पठाउन पूर्व स्वीकृति तथा श्रम स्वीकृतिका लागि पेश भएका सम्पूर्ण कागजातहरूको अभिलेख (सक्कल वा प्रतिलिपी)अनिवार्य रूपमा श्रम तथा रोजगार प्रबर्द्धन विभागमा राख्न लगाउने, श्रम तथा रोजगार प्रबर्द्धन विभागको जिम्मेवारी श्रम प्रबर्द्धन, नियन्त्रण, सहजकर्ताको भूमिका निर्वाह गर्ने रहेकोमा श्रम स्वीकृतिको लागि पेश भएका कागजातहरूको आधिकारीकता जाँच गर्ने कुनै संयन्त्र तथा अधिकार नभएको भन्ने सम्बद्ध अधिकारीको भनाई रहेको हुँदा सम्बन्धित रोजगारदाता देश वा संस्थाहरूसंग इमेल, इन्टरनेट, फ्याक्स वा अन्य कुनै संयन्त्र तयार गरी पेश भएका कागजातहरूको (डिमाण्ड लेटर, कन्ट्रयाक्ट

लेटर आदि) आधिकारीकता जाँच गरेर मात्र कारबाही अघि बढाउने, बैदेशिक रोजगार प्रबर्द्धन विभागको कार्य क्षेत्रको अनुपातमा जनशक्ति कम भएको कारण कार्य सम्पादनमा कठिनाई उत्पन्न भएको पाईएकोले ततसम्बन्धमा पर्याप्त जनशक्तिको व्यवस्था गरी कठिनाई न्यूनीकरण गर्ने तर्फ आवश्यक पहल गर्ने, वैदेशिक रोजगार सम्बन्धी सूचनाको पहुँच सर्वसाधारणसम्म पुऱ्याउनको लागि बैदेशिक रोजगार जनचेतना अभिबृद्धि केन्द्रहरूको स्थापना गर्ने/गराउने, वैदेशिक रोजगारका लागि जाने बिभिन्न मुलुकहरूमा बैदेशिक रोजगार ऐन २०६४ मा उल्लेख भए बमोजिम श्रम सहचारीको व्यवस्था गर्ने प्रावधानलाई अनिवार्य रूपमा कार्यान्वयन गर्ने, बैदेशिक रोजगारीसंग सम्बन्धित मन्त्रालयहरूबीच पारस्परिक समन्वयका लागि समन्वय डेस्क स्थापना गर्ने र पेपर भिसाको सम्बन्धमा बढी समस्याहरू आउने गरेको पाइएकोले त्यस्ता समस्या न्यूनीकरण तर्फ आवश्यक व्यवस्था मिलाउने, बैदेशिक रोजगार प्रबर्द्धनमा विदेशस्थित कुटनीतिक नियोगहरूले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको भनी गुनासाहरू आएकाले तत्सम्बन्धमा प्रभावकारी भूमिका निर्वाहकालागि सम्बन्धित निकायलाई लेखी पठाउने, त्रिभुवन विमानस्थलभित्र हालको स्थानमा लेवर डेस्क रहेको कारण विदेश जान नमिलेका कामदारहरूले भन्झट व्यहोर्नु परेको भन्ने गुनासाहरू आइरहेको हुँदा उक्त लेवर डेक्सलाई उपयुक्त स्थानमा सार्नेतर्फ आवश्यक कार्य गर्ने, अभिमुखीकरण तालिम संचालन गर्ने केही संस्थाहरूको भौतिक पूर्वाधारहरू भएपनि हाल कक्षा संचालन भएको नपाईएको र श्रम तथा रोजगार प्रबर्द्धन विभागबाट पनि कक्षा संचालन भए नभएको सम्बन्धमा नियमित रूपमा अनुगमन तथा निरीक्षण गरेको नपाइएकोले अनुगमन तथा निरीक्षण शाखाको व्यवस्था गरी प्रभावकारी रूपमा अनुगमन तथा निरीक्षण कार्य सम्पन्न गर्ने, अभिमुखीकरण तालिम दिने संस्थाहरू नवीकरण गर्दा श्रम विभागबाट भौतिक अवस्थाको समेत निरीक्षण गरी मापदण्ड पूरा गरेकाहरूको मात्र नवीकरण गर्ने व्यवस्था मिलाउने, अभिमुखीकरण तालिम दिने संस्थाको साइन वोर्ड अनिवार्य रूपमा राख्न लगाउने व्यवस्था गर्ने तथा अनुगमन कार्यलाई सहज वनाउन सम्पर्क फोन नं. र ठेगाना समेत खुलाई विभाग समक्ष पेश गर्न लगाउन सूचना जारी गर्ने, बैदेशिक रोजगार ऐन, २०६४, बैदेशिक रोजगार नियमावली २०६४ र दिग्दर्शनमा निर्दिष्ठ भए बमोजिम श्रम विभागवाट पर्याप्त रूपमा कार्य सम्पादित भएको नदेखिएकाले आगामी दिनमा उल्लिखित कानूनी व्यवस्थालाई पूर्णरूपमा कार्यान्वयन गर्न विभागलाई निर्देशन दिने, श्रम विभागमा टिप्पणी उठाइएको कागजातमा टिप्पणी उठाउने, राय पेश गर्ने तथा अन्तिम स्वीकृति प्रदान गर्ने कर्मचारीहरूको प्रष्ट नाम थर दर्जा उल्लेख गर्ने, इजाजतपत्र वालाले विभागमा पेश गर्ने पूर्व स्वीकृति निवेदन, श्रम स्वीकृति निस्सा(स्टिकर) को लागि पेश गर्ने कागजातहरूमा भर्नुपर्ने पूर्ण बिबरण सहित सहीछाप, इजाजतपत्र वाला संस्थाको छाप समेत अनिवार्य रूपमा गर्न लगाउने, वैदेशिक रोजगार ऐनमा व्यवस्था भए वमोजिम न्यायाधीकरण बोर्ड, प्रबर्द्धन बोर्ड, विभागको स्थापना आदि जस्ता कुराहरू हालसम्म कार्यान्वयन भएको नपाइएकोले सो को क्रमशःकार्यान्वयन गर्दै जाने जस्ता कमी कमजोरीहरू देखिएकाले सोको अबिलम्ब सुधार गर्न गराउन आयोगको मिति २०६५।५।२७ को निर्णय अनुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाईएको ।

३. आयोगको मिति ०६५।५।२७ को वैठकले श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई १६ बुँदाको सुझाव कार्यान्वयनको लागि लेखी पठाएकोमा सो सुझावहरू कार्यान्वयन भए नभएको सम्बन्धमा

अनुगमन गर्न आयोगका प्रहरी उपरीक्षक श्री घनानन्द भट्ट, उपन्यायाधिवक्ता राजेन्द्र कुमार श्रेष्ठलाई श्रम तथा यातायात व्यवस्था मन्त्रालय र श्रम तथा रोजगार प्रवर्द्धन विभागमा खटाइएकोमा निजहरूले पेश गरेको अनुगमन प्रतिवेदन समेतबाट सुझावहरू कार्यान्वयनकै क्रममा रहेको भन्ने देखिएको तथा वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूसँग सम्बन्धित निकायहरू (इजाजत पत्रवाला संस्था, अध्यागमन विभाग, मन्त्रालयहरू, कुटनीतिक नियोग समेत) मा अनलाइन सर्भिसको व्यवस्था गर्न,पेपर भिसा सम्बन्धमा आउने समस्याको न्यूनिकरणको लागि परराष्ट्र मन्त्रालयसँग छलफल गरी उपयुक्त विकल्प निकाल्न श्रम तथा रोजगार प्रवर्द्धन विभागलाई निर्देशन दिन, अन्तर्राष्ट्रिय विमानस्थलभित्र रहेको लेवर डेक्सलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्न आवश्यक कारबाही गर्ने सुझावहरू ३ महिनाभित्र कार्यान्वयन गर्न आयोगको मिति २०६५।७।२४ को निर्णय अनुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाईएको ।

४. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको वस्तुस्थिति वारेको स्थलगत अध्ययन प्रतिवेदनका सन्दर्भमा आयोगवाट सम्बद्ध मन्त्रालयका सचिवहरू, महानिर्देशकहरू, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय समेतसंग आयोगमा छलफल हुँदा नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय, समन्वय र सुरक्षाजन्य समस्याहरू देखिएका छन् । विमानस्थलमा विद्यमान रहेका यी समस्याहरूका कारण एकातर्फ आमयात्रुले निर्वाध रूपमा प्राप्त गर्नु पर्ने सेवा र सुविधाबाट बन्चित हुनु पर्ने अवस्था सृजना भएको देखिन्छ भने अर्कोतर्फ विदेशीहरूको प्रवेश विन्दुको रूपमा रहेको विमानस्थलमा रहेको अव्यवस्थाले पर्यटकहरूमा नेपाल प्रतिको नकारात्मक धारणा सृजना हुन जान्छ । यसका साथै विमानस्थलमा देखिएका विद्यमान कमी-कमजोरीहरूमा सुधार नगरिएमा त्यसले सुरक्षा व्यवस्था, राजस्व तथा सुशासनमा समेत प्रतिकुल असर पर्न सक्ने देखिन्छ । अतः यी समस्याहरू समयमै निरूपण हुन जरुरी देखिएको हुँदा हाल Ticketing र Baggage हरू Clear पश्चात श्रम डेस्कबाट कागजात र स्टीकर जाँच भएपछि अध्यागमनको लागि पठाइने गरिएको हुँदा श्रमको आवश्यक कागजात अपुग भएको अवस्थामा यात्रुको सामान अफलोड गर्न परी हवाइ उडान ढिला हुने गरेको हुँदा श्रम डेस्कको व्यवस्था Ticketing भन्दा अगाडि नै हुन उपयुक्त देखिंदा सो बमोजिमको व्यवस्था तुरुन्तै गर्न, अध्यागमन कार्यालय लगायतका उक्त विमानस्थल परिसरमा कार्यरत कर्मचारी र यात्रुहरूको पहिचान तथा सुरक्षाको दृष्टिकोणबाट सम्पूर्ण कर्मचारीहरूको Name Tag तथा यूनिफर्मको व्यवस्था आवश्यक हुन्छ तर कतिपय कार्यालयमा तद्नुरूपको व्यवस्था नगरिएको र कतिपय कार्यालयहरूमा यस भन्दा अगाडि नै यूनिफर्म तोकिसकेको भएपनि कर्मचारीहरूबाट तोकिए बमोजिमको यूनिफर्म लगाएको नपाईएकोले यात्रु र कर्मचारी समेत छुट्टयाउन कठिनाइ परी सुरक्षामा समेत असर पर्न सक्ने भएकोले Name Tag तथा यूनिफर्मको व्यवस्था कडाइका साथ लागू गर्न, श्रम डेस्कले वैदेशिक रोजगारमा जाने Highly Skilled लगायत सबै प्रकारका जनशक्तिको तथ्यांक अद्यावद्यिक राख्न जरुरी देखिएको हुंदा सोको व्यवस्था गर्न, संभव भएसम्म सवै क्षेत्रमा सामान्य अंग्रेजी भाषा वोलचाल गर्न सक्ने कर्मचारीहरू खटाउन, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलभित्र अवस्थित कार्यालयहरूबीच समन्वयको अभाव देखिंदा प्रभावकारी रूपमा समन्वय कायम गर्न, विमानस्थल भित्रको अव्यवस्था एवम् कमीकमजोरीहरूको निराकरणको लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना तुरुन्त लागू गरी आयोगलाई जानकारी दिन

आयोगको मिति २०६५।९।१७ को निर्णय अनुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवलाई लेखी पठाएको ।

५. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वस्तुस्थिति वारेको आयोगको तर्फवाट स्थलगत अध्ययन समेत गरी प्राप्त प्रतिवेदन र सम्वद्ध मन्त्रालयका सचिवहरू, महानिर्देशकहरू, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकाय समेतसंग भएको छलफल समेतका आधारमा हेर्दा नेपालको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा थुप्रै व्यवस्थापकीय, समन्वय र सुरक्षाजन्य समस्याहरू देखिएका र विमानस्थलमा रहेका ती समस्याहरूका कारण अन्य मुलुकहरूवाट आउने पर्यटक तथा आम यात्रुहरूलाई समेत समस्या पर्न गएको साथै विमानस्थलमा देखिएका विद्यमान कमजोरीहरूमा सुधार नगरिएमा त्यसले सुरक्षा व्यवस्था, राजस्व तथा सुशासनमा समेत प्रतिकुल असर पर्न सक्ने महसुस गरी आयोगको मिति २०६५।९।१७ को निर्णयद्वारा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम सम्वद्ध अधिकारीहरूलाई विभिन्न निर्देशनहरू दिइएको थियो । दिईएका निर्देशनको पालना भएको छ छैन भनी आयोगको तर्फवाट पुनः अनुगमन भै प्राप्त प्रतिवेदनका आधारमा श्रम स्टिकर दिंदा सरलीकरण गर्ने र यस सम्वन्धमा One door policy लागु गर्ने तर्फ प्रक्रिया अघि वढाउन, कुन कुन देशमा जानको लागि श्रम स्वीकृति लिनुपर्ने हो ? सो स्पष्ट खुल्ने गरी श्रम विभाग र त्रिभूवन अन्तराष्ट्रिय विमान स्थलमा सरोकारवाला सबैले देख्ने गरी नागरिक वडापत्रको व्यवस्था र सोको सार्वजनिक सूचना प्रवाहको व्यवस्था समेत मिलाउन, वैदेशिक रोजगारमा जाने व्यक्तिले टिकट लिदाको अवस्थामा नै श्रम स्टिकर लगाए नलगाएको हेरी स्टिकर लगाएको अवस्थामा मात्र हवाई टिकट दिने व्यवस्था मिलाउने तर्फ प्रक्रिया अधि बढाउन आयोगको मिति २०६५।११।१३ को निर्णय अनुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवलाई लेखी पठाएको ।

परिच्छेद - ११
आयोगबाट भएका अन्य कारवाहीहरू

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (क) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने र ऐनको दफा १२ (ख) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने व्यवस्था भए अनुरूप आर्थिक वर्ष ०६५/६६ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाइएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. कृषि विकास बैंक लिमिटेड, मुख्य कार्यालय, काठमाडौंद्वारा प्रकाशित विज्ञापन बमोजिम शाखा अधिकृत पद संख्या १५ र कानून अधिकृत पद संख्या ८ को लिखित परीक्षामा भएको अनियमितता सम्बन्धमा अनुसन्धान हुँदा कृषि विकास बैंक लिमिटेडद्वारा लिइएका शाखा अधिकृत र कानून अधिकृतको प्रतिस्पर्धात्मक लिखित परीक्षाका उत्तरपुस्तिका परीक्षण कार्यमा संलग्न बैंककै कर्मचारीहरू प्रताप बहादुर सिंह, दयाराम जैसी, अनिल कुमार उपाध्याय, घुरन ठाकुर र कूलमणी शर्माले पेश गरेको स्पष्टीकरण व्यहोरामा आफुहरूले जानी जानी गल्ती गरेको होइन, छैन भन्ने व्यहोरा खुलाएका भएपनि प्राप्त स्पष्टीकरणको व्यहोरा सन्तोषजनक र चित्त बुझ्दो नदेखिएको हुंदा निजहरूलाई बैंकको पदपूर्ति सम्बन्धी कुनै पनि कार्यमा आगामी २ वर्षसम्म संलग्न नगर्न नगराउन आयोगको मिति २०६५।०९।०३ को निर्णय अनुसार बैंकका महाप्रबन्धक तथा संचालक समितिलाई लेखी पठाइएको ।

२. नेपाल बंगलादेश बैंक लिमिटेडको व्यवस्थापनको जिम्मा लिएको नेपाल राष्ट्र बैंकका व्यवस्थापन समुहका सदस्यबाट नियम कानूनको ख्याल नराखी कार्य गर्ने गरेको, चण्डीराज ढकाल संचालक रहेको मोमेण्टो एपरेल्सले बैंकलाई करिब रु ४० करोड कर्जा तिर्नु पर्ने अवस्था विद्यमान रहेको अवस्थामा बर्तमान बजार मूल्य अनुसार रु १२ करोड देखि १५ करोड सम्ममा बिक्री गर्न सकिने घर जग्गा उक्त समुहका सदस्यहरूले जम्मा रु ५ करोडमा धितो फुकुवा गरी करोडौको हिनामिना गरेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा नेपाल बंगलादेश बैंक लि. व्यवस्थापन समुहका प्रमुख बासुदेबराम जोशी सदस्य सुधिर कुमार शर्माको प्रारम्भिक अनुसन्धानको सिलसिलामा निजहरूको वयान लिने कार्य सम्पन्न भएको देखियो, निजहरूको वयान अध्ययन गर्दा निजहरूले सम्पूर्ण कर्जा चुक्ता नहुदै प्रचलित बजार मूल्य भन्दा कम रकम भुक्तानी लिई धितो फुकुवा गरी दिएको देखिन्छ । उक्त धितो रहेका घर जग्गा फुकुवा भई सकेपछि बाँकी रहेको झण्डै रु ४० करोडको बक्यौता कर्जा

तथा सुविधा असुरक्षित भएको देखिएकोले उक्त बैंक व्यवस्थापन समुहलाई आयोगको मिति २०६५।८।१८ को निर्णय अनुसार स्पष्टिकरण सोधिएकोमा उक्त व्यवस्थापन समुहका सदस्य मध्येका एक जना सदस्य उमेश सिंह भण्डारीले मोमेन्टो एपेरेल्स प्रा.ली.को सुरक्षण फुकुवा गरेको दिनहरूमा आफु विदामा रहेको तथा सो निर्णयमा मेरो कुनै पनि सहभागीता नरहेको जवाफ प्राप्त भएको देखियो । अन्य दुई सदस्यहरूले आयोगमा पेश गरेको स्पष्टिकरणको जवाफ सन्तोषजनक भएको नपाइएकोले र प्रस्तुत उजुरीको विषयमा नेपाल राष्ट्र बैंकको छानवीन समेतबाट अनियमितता भएको र सोही विषयमा उक्त व्यवस्थापन समुहलाई नेपाल राष्ट्र बैंकले विभिन्न बुँदाहरूमा स्पष्टीकरण सोधिएको र सो स्पष्टीकरण समेत सन्तोषजनक नदेखिए बाट उक्त कार्यलाई बैंक व्यवस्थापन समुहले असल नियतले सक्षम तरिकाले गरेको हो भन्न सक्ने स्थिति देखिएन । अतः बैंक व्यवस्थापनको असक्षमताको कारणले उक्त कर्जा असुर्राक्षत देखिएबाट नेपाल राष्ट्र बैंकबाट नियुक्त यो व्यवस्थापन समुहलाई प्रचलित कानून बमोजिम कारवाही गर्न आयोगको मिति २०६५।०९।०३ को निर्णय अनुसार नेपाल राष्ट्र बैंकलाई लेखी पठाइएको ।

३. कुमारी बैंक लिमिटेडका अध्यक्ष नुर प्रताप राणा र निजका छोरा संचालक अमिर प्रताप राणाको मिलेमतोमा निजी स्वार्थले गर्दा बैंकमा ब्रम्हलुट गरेको, लगानीकर्ताहरूको लगानी डुब्ने अबस्थामा पुगेको, निज नुर प्रताप राणाले बिना विल भर्पाई बैंकको संचालन पूर्व भएको खर्चलाई शेयरमा समायोजन गर्ने गरी रु. १,५०,३१,७०५।- सम्बन्धित संचालकबाट असूल गर्न नेपाल राष्ट्र बैंकले दिएको निर्देशन पालना नगरी सर्वोच्च अदालतमा रिट गरेकोमा समेत उक्त रिट खारेज भइसकेकोले त्यस्तो व्यक्ति संचालकको पदमा बहाल रहन नसक्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कुमारी बैंक लि.का अध्यक्ष नुर प्रताप राणाले आयोगमा पठाएको प्रतिकृया अध्ययन गर्दा बैंकको शेयर धनिहरूको साधारण सभाबाट स्वीकृत पूर्व सञ्चालन खर्च मध्ये केही रकमलाई नेपाल राष्ट्र बैंकले अमान्य गरेकोमा त्यस उपर सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन परी उक्त अदालतबाट रिट खारेज गर्ने गरी फैसला भएपछि पूर्व संचालन खर्च बापतको सम्पूर्ण हिसाब मिलान भैसकेको छ भन्ने समेत व्यहोरा लेखी आएको र सोही कुरालाई स्वीकार गरी निज अध्यक्ष राणाले आयोग समक्ष सनाखत गरी दिएको समेत देखियो । कुमारी बैंक लि. को नियमावलीमा र बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ मा समेत बैंक तथा वित्तीय संस्थाको काम कारवाहीमा बेइमानी तथा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा त्यस्तो व्यक्ति संचालकको पदमा बहाल हुन नसक्ने कुरा स्पष्ट हुंदा ह्वुदै निज अध्यक्ष राणा संचालक समितिको अध्यक्ष पदमा रही रहेको देखिएकोले यस सम्बन्धमा प्रचलित कानून बमोजिम कारवाही गर्न आयोगको मिति २०६५।०९।०९ को निर्णय अनुसार नेपाल राष्ट्र बैंकलाई लेखी पठाइएको ।

४. डिभिजन सडक कार्यालय, भरतपुर अन्तरगत भरतपुर-माडी-ठोरी हुलाकी सडक खण्डको रियु खोलामा निर्माणाधिन कजवे २०६४ श्रावणको बाढीले बगाएकोले सम्वन्धित पदाधिकारीहरूलाई कारवाही गरी पाउं भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा डिभिजन सडक कार्यालय, भरतपुर अन्तरगत भरतपुर-माडी-ठोरी हुलाकी सडक खण्डको रियु खोलामा निर्माणाधिन भेन्टेड कजवेको करिव आधा भाग २०६४ श्रावणको बाढीले बगाएको देखियो भने दक्षिण तर्फको करिव २०० मीटर

चाहिं हालपनि प्रयोग गर्न मिल्ने अवस्थामा रहे भएको पाइयो । सो कजवे निर्माणको लागि सरकारले आ.ब.०५७।५८ देखी ०६३।६४ सम्म जम्मा रु. २,९२,२७,०००।- बजेट विनियोजन गरेको, हाल सम्म सो कजवे निर्माण वापत जम्मा रु. २,२२,१२,०३७।- भुक्तानी भएको समेत देखियो, २ मी X ३ मी. Open area हुने गरी सुरुमा डिजाइन गरी करिव २०० मीटर निर्माण सम्पन्न भएपछि चितवन राष्ट्रिय निकुन्ज तर्फ खोला १.७५ मी गहिरिएर बगेपछि सो कजवेको पियर पनि १.७५ मीटर बढाई open area ३.७५ मी X ३ मि. हुने गरी डिजाइन संशोधन गरी सो डिजाइन परामर्शदाता र सडक विभागबाट समेत स्वीकृत गराई संशोधित डिजाइन अनुरूप निर्माण कार्य गर्दाको अवस्थामा २०६४ श्रावण १३ को वाढीले सो कजवेको जग भन्दा मुनी सम्म scour गरी डिजाइन संशोधन गरेको खण्डको करिव २०० मिटर कजवे लाई पुन प्रयोगमा आउन नसक्ने गरी क्षति पुचाएको देखियो । सो क्षति हुनुको कारण डिजाइन गर्दा खोलाको Scour depth भन्दा जग (Cut off wall र Down stream को गहिराइ कम भएको र २ पियर बीचको दुरी ३ मी. मात्र भएको कारणबाट सो क्षति भएको कुरा तत्कालै खिंचीएको १८ थान फोटोको अध्ययनबाट देखियो, जि.वि.स. चितवनले मिति २०६४।४।३२ मा समेत सोही व्यहोरा उल्लेख गरी भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखि पठाएको समेत देखियो, निर्माण कार्यको डिभिजन सडक कार्यालय भरतपुरले विमा गराएको हुंदा क्षतिपूर्ति बापतको रकम रु. ५६,३५,५१४।९० आयोगको पहलमा एलाइन्स इन्स्योरन्स कंपनी लि. बाट असुर उपर भै सम्बन्धित निकायमा पठाई सकिएको पाईयो । क्षति पुगे लगत्तै खिचिएको उक्त भेन्टेड कजवेको फोटोहरूको सम्वन्धित प्राविधिकहरूबाट अध्ययन गराउंदा सो क्षति कम open area राखी डिजाइन गरेको कारण लामो मुढाहरूले वाढीको पानी कजवेमा छेकिएको, डिजाइन गर्दा कम Scour depth लिएको, सो खोलाको catchment area को राम्रो अध्ययन नभएको आदि कारणबाट सो दुर्घटना भई उक्त भेन्टेड कजवे क्षति ग्रस्त हुन पुगेको भन्ने समेतको व्यहोरा खुल्न आएको हुंदा आयोगको मिति २०६५।०९।२७को निर्णय अनुसार खोला/ नदी मा निर्माण हुने संरचना २ देखि ३ वर्ष भित्र निर्माण सम्पन्न हुने गरी बजेट विनियोजन गर्ने व्यवस्था हुन अर्थ मन्त्रालयमा लेखी पठाइएको ।

५. महेन्द्र राजमार्गको फुलजौर पथलैया खण्ड मर्मत गर्न पर्सा वन्यजन्तु आरक्ष क्षेत्रबाट १३ हजार घनमिटर गिट्टी ढुंगा संकलन गर्दा आरक्ष कार्यालयले ठेकेदार कालिका सपना हिमढुंगा जे.भि.सँग नियमानुसार लाग्ने रोयल्टी र भ्याट रकम असुल उपर नगरी अमलेखगञ्ज खोलामा स्क्रिन समेत राखी गिट्टी ढुंगा संकलन गर्न दिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पर्सा वन्यजन्तु आरक्षले ठेकेदार कालिका सपना हिमढुंगा जे.भि.लाई महेन्द्रराजमार्गको फुलजौर पथलैया खण्ड मर्मतको लागि अमलेखगञ्ज खोलामा स्क्रिन राखी १३ हजार घ.मी. ढुंगा संकलन गरी ढुंगाको गुणस्तर र प्रकार अनुसार प्रति घनफिट लाग्ने २०६२ साल जेष्ठ महिनाको नेपाल राजपत्रमा प्रकाशित वन पैदावर सम्बन्धी तोकिएको दररेट बमोजिमको राजस्व तथा कुल राजस्वको १३ प्रतिशत भ्याट समेत असुल उपर गर्ने गरी अनुमति दिएको देखिन्छ । निज ठेकेदारले आरक्ष कार्यालयले दिएको अनुमति अनुसार उक्त परिमाणमा ढुंगा संकलन गरेवापत हालसम्म पनि राजस्व रकम दाखिला गरेको नदेखिएकोले आयोगको मिति २०६५।०९।२९को निर्णय अनुसार आन्तरिक

राजस्व विभागलाई यस विषयमा छानविन गरी नियमानुसार लाग्ने भ्याट र अन्य राजस्व रकम असुल उपर गर्न लेखी पठाइएको ।

६. विशाल बजार कम्पनी लि. ले पसल कवल भाडामा दिंदा अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्वन्धमा अनुसन्धान हुँदा विशाल बजार कम्पनी लि. मा नेपाल खाद्य संस्थानको १५% नेशनल ट्रेडिङ्ग लि. को १४% र कृषि सामाग्री कम्पनी लि. को ५ % गरी कुल ३४% शेयर उक्त ३ वटा पूर्ण सरकारी स्वामित्व रहेको संस्थाको नाममा रहेको छ । सो कम्पनीको शुक्रपथ स्थित विशालबजार भवनको विभिन्न तल्लामा गरी जम्मा ३४६ वटा पसल कवल रहेको, ती पसल कवलहरू बोलपत्र बिना आफू अनुकूलका व्यक्तिहरूलाई कम भाडादरमा बाँडफाँड गर्दै आएको र पसल कवल प्राप्त गरेका अधिकांसले व्यापारीहरूलाई बढी रकममा पुनः बहालमा दिंदै आएबाट कम्पनीले प्राप्त गर्ने आम्दानी रकम व्यक्ति विशेषले प्राप्त गर्दै आएको छ । आयोगबाट मिति २०६५।११।१५ मा विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दाको आरोपपत्र दर्ता गर्दा प्रतिवादी बनाईएका राम कृष्ण श्रेष्ठको नाती, सानुमान श्रेष्ठको छोरा काठमाडौ, जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २७ त्यौड, ढोका वहाल २ घर नं. ७१ मा बस्ने अन्दाजी बर्ष ४६ का रमेशमान श्रेष्ठले २०६०।९।३ मा प्रति कित्ताको रु. १४००।- का दरले १६०० कित्ता शेयर रु. २२,४०,०००।- मा खरीद गरेको देखिँदा के कुन श्रोतका आधारबाट सो शेयर खरीद गरेको हो ? आयकर तिरेको छ छैन? भन्ने विषयमा छानविन गर्न राजश्व अनुसन्धान विभागलाई लेखी पठाइएको, रमेशमान श्रेष्ठले बिशालबजार कम्पनी लि. सँग मिति २०६०।१०।२० मा सम्झौता गरी मासिक कूल रकम १,०७,३३८।- बुझाउने गरी भाडामा लिएको जम्मा १३९४ बर्गफिट क्षेत्रफल भएको पसल कवल नं ९९ र ५१ को मासिक रु. ३,७६,२८०।- र ९७.५ बर्ग फिटको पसलको मासिक रु. ९७५०।- र प्रत्येक २/२ वर्षमा १०% का दरले भाडा बृद्धि हुने गरी नेपाल इन्भेष्टमेन्ट बैंक लि. र निज रमेशमान श्रेष्ठ बीच मिति २०६०।१०।२१ मा पुनः संझौता गरी कम रकममा भाडामा लिई बढी रकममा भाडामा दिए दिलाएको साथै उक्त कोठा बापतको घरभाडा रकम मध्ये बिशाल बजार कम्पनी लि. लाई निज रमेशमान श्रेष्ठले बुझाउनु पर्ने रकम बैंकले नै कम्पनीको खातामा दाखिला गरी बढी भएको रकम सोही बैंकमा भएको रविन्द्रलाल श्रेष्ठको खाता नं. ००१-२५६६४१० मा जम्मा गर्दै आएकोमा प्रस्तुत विषयमा मिति २०६५।११।१५ मा विशेष अदालत, काठमाडौंमा निज रमेशमान श्रेष्ठ र रविन्द्रलाल श्रेष्ठ समेत उपर भ्रष्टाचार मुद्दा दायर गरिएको हुंदा पछि ठहरे बमोजिम हुने गरी त्यस बैंकले निज रमेशमान श्रेष्ठसंग मिति २०६०।१०।२१ मा संझौता गरी लिए दिएको सो पसल कोठाहरू वापतको सम्पूर्ण घरभाडा रकम बिशाल बजार कम्पनीकै खातामा २०६५ चैत्र देखि दाखिला गर्न आयोगको मिति २०६५।११।२५ को निर्णय अनुसार नेपाल इन्भेष्टमेन्ट बैंक शुक्रपथमा लेखि पठाईएको ।

७. जनकपुर चुरोट कारखाना र सूर्य टोवाको कं. ले उत्पादन गरेको प्रत्येक हार्डप्याक वट्टामा अंतशुल्क लेवल लगाउनु पर्ने अनिवार्य कानूनी व्यवस्था भएपनि २० वटा वट्टा समावेश भएको एउटा वट्टामा मात्र अंतशुल्क लेवल लगाउदा १९ वटा हार्डप्याक वट्टामा लाग्ने अंतशुल्क वापतको राजश्व चुहावट गर्ने कार्य गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जनकपुर चुरोट कारखाना लि. र सूर्य

टोवाको कं.ले उत्पादन गरेका चुरोट मध्ये केही चुरोटका हार्डकभर भएका चुरोटका वट्टामा १० वा २० वटा वट्टा भएको आउटर प्याकमा एकवटाका दरले अंतशुल्क टिकट लगाई प्याक गरी विक्री वितरणमा लगेको, सफ्टकभर भएको वट्टामा उद्योगले नै अंतशुल्क वापतको टिकट लगाई विक्री वितरण गरेको देखियो, हार्डप्याकवाला चुरोटका वट्टामा अनिवार्यरूपमा अंतशुल्क लेवल लगाईनु पर्ने कानूनी व्यवस्था अंतशुल्क नियमावली २०५९ को नियम ३० ले गरेपछि उद्योगले तत्काल उक्त टिकट लगाउने मेशिन खरिद नगरेका कारण समस्या परेको भन्ने आधारमा हार्डप्याक चुरोटको एक आउटर प्याकमा एकवटाका दरले ३ महिनाको लागि प्रयोग गर्न दिने भनी ०६४।४।२० मा मंत्रीस्तरीय निर्णय भएको देखियो । कानूनले नै व्यवस्था गरेको विषयलाई मंत्रीस्तरीय निर्णयबाट अन्यथा व्यवस्था गर्न कानूनतः मिल्दैन । तसर्थ आयन्दा यस प्रकारको निर्णय नगर्न नगराउन र आगामी २०६५ साल मार्ग १५ गतेसम्म हार्डप्याकवाला चुरोटको एक आउटर प्याकमा अंतशुल्क लगाउने सम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न गराउन आयोगको मिति २०६५।०७।०६ को निर्णय अनुसार अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।

८. Insurance Company Ltd. का संचालक समितिका अध्यक्ष श्री गोविन्ददाश श्रेष्ठ समेतले विभिन्न किसिमका अनियमितता गरी भ्रष्टाचार गरे भनी परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा वीमकको खाताबाट रु. ५१,३५,०४२।२९ हिनामीना भएको मध्ये रु. १९ लाख कम्पनीको खातामा जम्मा भएको र वाँकी रकम दाखिला भएको नदेखिएको छानबीन प्रतिवेदनले देखाएको हुंदा सो रकम सम्वन्धित पदाधिकारीबाट असुल उपर गराई दोषी उपर प्रचलित वीमा सम्बन्धी कानून अनुसार कारवाही गर्न, वीमा शुल्क वापत उठ्न वाँकी देखिएको रकम रु. २,७९,३४,३५२।९१ मध्ये रु. १,६३,६७,४७६।१९ अपलेखन (write off) गरेको सम्वन्धमा, कर्मचारीहरूको लागि पेन्सन लगायत कल्याणकारी कोषको व्यवस्था गरी नाफा कायम गर्नु पर्नेमा सो नगरी सिधै नाफा देखाएको सम्वन्धमा, वीमा शुल्क वापतको रकम प्रचलित कानूनको अधिनमा रही समयमै बैंकमा जम्मा गरी लेखा राख्ने सम्वन्धमा, पुर्नवीमा वापतको रकम निकै ढिला गरी भुक्तानी गर्ने गरेको भन्ने छानबीन प्रतिवेदनबाट देखिएको हुंदा उक्त रकम तोकीएको समयभित्रै भुक्तानी गर्ने व्यवस्था गर्न, Company को चुक्ता पूँजि रु. १० करोड पुऱ्याउनु पर्ने कानूनी व्यवस्था भएकोमा केवल रु. ५,९९,५१,७००।- मात्र भएको प्रतिवेदनबाट देखिएकोले Company को चुक्ता पूँजि रु. १० करोड पुऱ्याउने व्यवस्था गर्न, कम्पनीको नाममा खरीद भएका भनिएका गाडीहरू निजी काममा प्रयोग भएको भन्ने सम्वन्धमा उक्त गाडीहरू सही कार्यमा प्रयोग गर्न गराउन आयोगको मिति २०६६।३।१४ को निर्णय अनुसार विमा समितिलाई लेखि पठाईएको ।

९. विज्ञापन प्रकाशित नगरी कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत जनक राज शाहलाई नियुक्ति दिई अनियमितता गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सार्वजनिक संस्थानको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको लागि उम्मेदवारको छनौट गर्न सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्नेमा सो बमोजिम दरखास्त आह्वान नगरी आफू खुशि विवरण लिई नियुक्तिको लागि सिफारिस गरेको कार्य उचित प्रक्रियाबाट भएको भन्न मिलेन । तसर्थ अब उप्रान्त कृषि विकास बैंक नियमावलीको नियम २१ बमोजिम गठित संस्थागत सुशासन उपसमितिले

सार्वजनिक सूचना मार्फत दरखास्त आह्वान गरेर मात्र छनौट गरी नियुक्तिकालागि सिफारिस गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६६/२/२९ को निर्णयानुसार कृषि विकास बैंक लिमिटेडको सञ्चालक समितिलाई लेखि पठाइएको ।

१०. नेपाल राष्ट्र बैंकका निर्देशक महाप्रसाद अधिकारीले ने.रा.बैंक तथा नेपाल बंगलादेश बैंक दुवैबाट अवैध रूपमा दोहोरो सुविधा लिई अकुत सम्पत्ति आर्जन गरेकोले आवश्यक कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा नेपाल राष्ट्र बैंकबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग को खण्ड (ण) अनुसार त्यस्ता बैंक तथा वित्तिय संस्थाहरूको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई आफैं वा आफूद्वारा नियुक्त अधिकारी मार्फत व्यवस्थापन तथा कारोवार गर्दा राष्ट्र बैंकबाट खटिएका कर्मचारीहरूले थप आर्थिक भत्ता उपभोग गरेको पाइयो । सो सम्वन्धमा नेपाल राष्ट्र बैंकको संचालक समितिको निर्णयले प्रदान गरिंदै आएको त्यस्तो किसिमको आर्थिक सुविधा प्रदान गर्ने सम्वन्धमा नेपाल राष्ट्र बैंकबाट निश्चित मापदण्ड (नर्म्स) तयार गरी लागु गरेको नदेखिएकोले विशेष अवस्थामा नेपाल राष्ट्र बैंकबाट खटिने राष्ट्रसेवकहरूले प्राप्त गर्ने थप आर्थिक सुविधामा कार्यप्रकृति अनुसार सो बारेमा यथेष्ट अध्ययन गरी कार्य सम्पादन र कार्य प्रगती मूल्यांकनको आधारमा मितव्ययीता समेतका आधार वनाई निश्चित मापदण्ड (नर्म्स) तयार गरी आर्थिक सुविधा स्वरूप त्यस्ता भत्ता वापतका रकम उपलव्ध गराउने व्यवस्था हुन आवश्यक प्रकृया अवलम्वनको लागी आयोगको मिति २०६६।३।२२ को निर्णय अनुसार नेपाल राष्ट्र बैंकलाई लेखि पठाइएको ।

११. आन्तरिक राजश्व कार्यालय, चितवनले श्री डिष्टीलरी प्रा.लि.को हकमा निर्धारण गरेको कर रकम असुल नहुँदै तत्कालीन माननीय मन्त्रीले पदको दुरुपयोग गरी कर रकम असुल नगरी कारखाना सञ्चालन गर्न दिने भनी गरेको निर्णय बदर गरि पाऊँ भनी दिएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आन्तरिक राजश्व कार्यालय, चितवनबाट निर्धारण भएको कर रकम असुल गर्ने सम्बन्धमा आन्तरिक राजस्व विभाग र श्री डिष्टीलरी प्रा.लि. बिच सम्झौता भई सो बमोजिमको रकम असुल भइरहेकोमा श्री डिष्टीलरी प्रा.लि. ले आन्तरिक राजश्व कार्यालय, चितवनलाई विपक्षी बनाई सर्वोच्च अदालतमा रिट दायर गरेकोमा सम्माननीय अदालतबाट सम्झौता अनुसारको धरौटी लिने कार्य नगरी सम्पत्ति फुकुवा गरिदिने भनि मिति २०६५/१२/२८ मा अन्तरिम आदेश जारी भएको भन्ने व्यहोरा आन्तरिक राजश्व कार्यालय, चितवनको मिति २०६६/३/१६ को पत्रबाट लेखी आएको देखिएको र हाल कारखाना बन्द रहेकोले अदालतमा विचाराधीन मुद्दाबाट हुने निर्णयले नै यस विषयमा टुङ्गो लाग्ने हुँदा कारखाना खोल्ने वातावरण मिलाई पाऊँ भन्ने श्री डिष्टीलरी प्रा.लि. को उजुरी परेको देखिँदा प्रस्तुत विषय अर्थ मन्त्रालयको क्षेत्राधिकार भित्रको विषय वस्तु हुँदा यस सम्बन्धमा आवश्यक निर्णय गर्न आयोगको मिति २०६६/३/२८ को निर्णयानुसार अर्थ मन्त्रालयमा लेखि पठाइएको ।

१२. नेपाल एयरवेजको संचालनमा रहेको 9N-ADM MI-8MTV हेलिकप्टर २४ जनवरी, १९९६ तदनुरूप २०५२।१०।१० मा सोलुखुम्वु जिल्लाको खोटाङ्गमा दुर्घटना भएपछि Wreckage मा परिणत भैसकेको उक्त हेलिकप्टरको दर्ता खारेज नगरेको, विदेशी मुद्रा सिफारिस गरी मर्मतको लागि Russia पठाएको र नेपाल नागरिक उड्डयन प्राधिकरणले अनुचित कार्य गरेको उजुरीका सम्वन्धमा

अनुसन्धान हुँदा सोलुखुम्वु जिल्लाको खोटाङ्गमा दुर्घटनाग्रस्त हेलिकप्टर Kazan Helicopter plant Russia मा निर्माण गरी नेपालमा आयत भई Russian Federation DCA Komi को स्वामित्व र नेपाल एयरवेजको संचालनमा दर्ता नं. 9N-ADM मा दर्ता भई उडान संचालन भएकोमा उक्त नेपाल एयरवेजले हालको श्री एयर लाइन्स प्रा.लि. (तत्कालिन एयर अनन्य प्रा.लि.) लाई हस्तान्तरण गरेको देखियो, सोलुखुम्वु जिल्लाको खोटाङ्गमा सन २४ जनवरी, १९९६ तदनुरूप २०५२।१०।१० मा 9N-ADM हेलिकप्टर दुर्घटना भएको र सो दुर्घटना पश्चात Spare Aviation Repair Company Russia मा मर्मत गराएको, सो कम्पनीले हेलिकप्टर मर्मत योग्य भनी लेखि दिएको, बायुयान संचालन विभागको निर्देशक विनोद कुमार गौतमले बायुयानमा कोही पनि हताहत भएको नदेखिएको भनी कागज गरिदिएको, मिसिल संलग्न रहेको हेलिकप्टरको फोटोकपी प्रतिलिपीबाट जली ध्वस्त भएको अवस्था नदेखिएको, कम्पनीबाट मर्मत गरी उडान स्थितीमा ल्याएको अवस्था समेतबाट उक्त 9N-ADM हेलिकप्टर Wreckage मा परिणत भई कामै नलाग्ने भए रहेको अवस्था नदेखिएको, नेपाल नागरिक उड्डयन प्राधिकरणको मिति २०५९।८।१७ को निर्णयानुसार रकम सटही गर्न नेपाल राष्ट्र बैंकलाई सिफारिस गरेको र सो सिफारिस बमोजिम विदेशी रकमको सटहीलाई अनुचित तरिकाबाट सटही भएको भन्न सकिने अवस्था नदेखिनुका साथै नागरिक उड्डयन नियमावली, २०५८ को नियम १३ र गैर सैनिक हवाई उडान नियमावली, २०५२ को नियम २७ बमोजिम कुनै व्यक्ति वा संस्थानको नाममा दर्ता भएको बायुयान चलाउन नसकिने गरी नासिएमा वा नेपाल अधिराज्यमा संचालन नगर्ने गरी स्थायीरूपबाट स्वदेश वाहिर पठाईने भएमा वा विक्री वितरण गरी सम्वन्धित व्यक्ति वा संस्थाले दर्ता खारेजीको लागि दरखास्त दिएमा महानिर्देशकले आवश्यक जाचबुझ गरी सो बायुयानको दर्ता खारेज गरी दिनु पर्ने छ भनी उल्लेख भएको देखिएको तर दुर्घटना पश्चात उक्त बायुयान चलाउन नसकिने गरी नासिएको अवस्था नदेखिएबाट दर्ता खारेजीको आवेदन पेश गरेको नदेखिएको र नियमावलीमा लेखिएको उक्त अवस्था विद्यमान नरहेको स्थितिमा उक्त 9N-ADM हेलिकप्टरको दर्ता खारेज गर्नु पर्ने अवस्था रहेको देखिन आएन । दुर्घटना पश्चात 9N-ADM हेलिकप्टर उजुरी बमोजिम Wreckage मा परिणत भएको र अनुचित तरिकाबाट विदेशी मुद्दा सटही गर्न सिफारिस गरेको तथ्य पुष्टि भएको नदेखिए पनि नेपाल एयरवेज हालको श्री एयर लाइन्स प्रा.लि. ले स्काई टेक इण्टरनेशनलबाट लिज (किस्तावन्दी भुक्तानी) मा खरिद गरेको उक्त 9N-ADM हेलिकप्टरको किस्ता भुक्तानीमा लाग्ने कर Tax नबुझाएको भए सो कर असुल उपर गरी लिनु भनि आन्तरिक राजश्व विभागमा र उक्त Spare Aviation Repair Company Russia बाट सो हेलिकप्टर मर्मत गरी स्थल र जलमार्ग हुदै सिमरा एयरपोर्ट ल्याएको हुदाँ मर्मतका सिलसिलामा जडान भएका नयाँ पार्ट पूर्जाको लाग्ने कर दस्तुर र भन्सार महसुल नतिरेको भए सो महसुल असुल उपर गर्न आयोगको मिति २०६५।०८।२६ को निर्णय अनुसार भन्सार विभागमा लेखी पठाइएको ।

(ख) उद्योग मन्त्रालय अन्तर्गत

१. उदयपुर सिमेण्ट उद्योगको स्वामित्वमा रहेको खानी क्षेत्र भित्रको केही चुनढुङ्गा खानी अनधिकृत रूपमा विक्री गरी अनुचित लाभ लिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा उदयपुर सिमेण्ट उद्योगलाई आवश्यक पर्ने कच्चा चुनढुङ्गा आफ्नै खानी क्षेत्रबाट उपलब्ध गराउने गरी

२०४४ सालमा स्थापना भएको उदयपुर सिमेन्ट उद्योगसंग जम्मा ७३.५४ मिलियन मेट्रिक टन चुनढुंगाको भण्डारण रहेकाले उक्त भण्डारण मध्ये ३२.३७ मिलियन टन उदयपुर सिमेन्ट उद्योगलाई छुट्याई बाँकी रहन गएको चुन ढुंगा निजी क्षेत्रलाई विक्री गर्न सकिने र यसको लागि उपसमिति बनाई उक्त समितिबाट स्पष्ट कार्यविधि बनाउन लगाएपछि प्रकीया अघि बढाउनु पर्ने, बोलपत्र आह्वान गर्दा छुट्टाछुट्टै आर्थिक र प्राविधिक प्रस्ताव माग गरी दुवैमा सबभन्दा बढी कबोल गर्ने कम्पनीलाई स्पष्ट शर्त तोकी दिनुपर्ने सुझावसम्म दिएको देखिन्छ ।

संसदबाट पारित नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्नुपर्ने विषयलाई विशेषज्ञ सहितको कार्यदल गठन नगरी वा राय सुझाव नलिई विभागीय मंत्रीले मनोगत आधारमा चुनढुंगा प्रयोग गर्ने प्रयोजनको लागि न्यूनतम दुइहजार मे.टन. क्षमता भएको सिमेण्ट उद्योग उदयपुर जिल्लामा स्थापना भएको वा हुन सक्ने, त्यसका लागि एकवर्ष भित्र आवश्यक पूर्वाधार तयार गर्न तत्पर, कालो सूचीमा नपरेका, कम्तिमा पनि चारसय करोड लगानी गर्न सक्ने तथा कम्तिमा पन्ध्र वर्ष देखि चुनढुंगा खानीमा आधारित उद्योग व्यवसायमा संलग्न व्यक्तिहरूले मात्र प्रतिष्पर्धा गर्न पाउने गरी निजी क्षेत्रको लागि विक्री गर्ने प्रकृया अघि बढाउन निर्देशन दिने गरी मन्त्रीज्यूबाट निर्णय भएको देखियो । विभिन्न शर्त तोक्दा उक्त शर्त राख्ने आधार र कारण उल्लेख गरेको देखिएन । यसरी आधार र कारणको अभावमा विभिन्न शर्त तोक्दा स्वस्थ प्रतिस्पर्धा हुन नसक्ने अवस्था सिर्जना हुने हुँदा मा.मन्त्रीज्यूको निर्णय कानूनसम्मत मान्न मिलेन । अतः दक्ष प्राविधिक र विशेषज्ञ सहितको टोली समावेश गरी कार्यदल गठन गर्न र उक्त कार्यदलबाट प्राप्त सुझावको आधारमा मात्र शर्त तोकी पुनः निर्णय तथा कार्यान्वयन गर्ने प्रकृया अघि बढाउन आयोगको मिति २०६५।०८।१७ को निर्णय अनुसार उद्योग मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

२. वेलिज नागरिक Kent B. Crane ले २०५०।५।१० मा नेपालमा वाइल्ड लाइफ डेभलपमेन्ट नामको कम्पनी दर्ता गरी वन्यजन्तुको विकास गर्ने कार्यको लागि जग्गाको हदवन्दी छुट गराई ६०० रोपनी जग्गा तथा लप्सी फेदीमा २५० रोपनी जग्गा करारमा लिएकोमा देखावटी रूपमा भिसा प्रयोजनको लागि मात्र कंपनी दर्ता भएको र अन्य कुनै काम कारवाही अघि नबढाएकोले सम्बन्धित क्षेत्रका वासिन्दाले भिसा खारेजीको माग गर्दा पनि अनुचित प्रभावमा पारी उद्योग विभागबाट हचुवाको भरमा ५ वर्षको भिसा सिफारिस गराउन सफल भएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जंगल रिसोर्ट संचालन गर्ने उद्देश्यले मिति २०५०।५।१० मा नेपाल वाइल्ड लाइफ डेभलपमेन्ट कम्पनी प्रा.लि. दर्ता भएको र यही उद्देश्य अनुसार उद्योग विभागल] Eco-tourism, Eco-tourism resort site, Golf resort को प्रवर्द्धन गरी २९ कोठा क्षमता भएको रिसोर्ट होटल स्थापना गरी संचालन गर्ने गरी स्थीर पूजी रु.२४,३७,४०,०००।- को लागतमा पर्यटन मूलक ठूलो उद्योग मिति २०५२।११।६ मा दर्ता भएको र कम्पनीको लगानीकर्ताहरूमा नेपाली पक्षका सुरेन्द्र बहादुर वस्नेत र विदेशी पक्षका Kent B.Crane, Jeffrey S.Crane / Andren crane रहेका र कम्पनीमा केही विदेशी लगानी आई उद्योगले जग्गा खरिद गरेको भए पनि उद्योग १५ वर्ष भन्दा बढी अवधि व्यतित भै सक्दा पनि पूर्णरूपमा संचालनमा आइनसकेको अवस्थामा उद्योग विभागबाट मिति २०६३।११।६ को निर्णयले निज Kent B. Crane लाई एकै पटक पाँच वर्षको व्यसायिक भिसा सिफारिस भएको

विषयलाई उचित भन्न सकिने अवस्था नरहेको हुँदा आयन्दा उद्योग विभागबाट यस्ता लगानीकर्ताहरूको व्यावसायिक भिसा सिफारिस गर्दा नेपालमा अधिकरूपमा लगानी नगरी सीमित रूपमा मात्र लगानी गरिरहेका, पूर्णरूपमा संचालनमा नआएका वा आंशीक रूपमा संचालनमा आएका वा लगानी मात्र ल्याइ काम शुरु नगरेका लगानीकर्ताहरूको व्यावसायिक भिसा सिफारिस गर्दा १ वर्षको लागि मात्र गर्ने, भिसा सिफारिस गर्नु पूर्व उद्योगको अवस्था हेर्न निरीक्षण गर्न र उद्योग स्थापना गरी संचालन गर्ने म्याद व्यतित भैसकेको छ वा छैन सो कुरालाई समेत आधार लिन, नेपाल वाइल्ड लाइफ डेभलपमेन्ट प्रा.लि.को सम्बन्धमा उद्योग विभागमा प्राप्त उजुरीहरूको कुनै सुनुवाई नभएको अवस्था देखिदा लगानीकर्ता Kent B.Crane ले प्रचलित कानून विपरितको कार्य गरेको हो भने विभागबाट निरीक्षण गरी त्यस्तो गतिविधि तुरुन्त रोक्न लगानीकर्तालाई सूचना गर्न आयोगको मिति २०६५।१२।४ को निर्णय अनुसार उद्योग विभागका महानिर्देशकलाई लेखी पठाइएको ।

(ग) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. विशाल बजार कम्पनी लि. ले पसल कवल भाडामा दिंदा अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्वन्धमा अनुसन्धान हुँदा विशाल बजार कम्पनी लि. मा नेपाल खाद्य संस्थानको १५% नेशनल ट्रेडिङ्ग लि. को १४% र कृषि सामग्री कम्पनी लि. को ५ % गरी कुल ३४% शेयर उक्त ३ वटा पूर्ण सरकारी स्वामित्व रहेको संस्थाको नाममा रहेको छ । सो कम्पनीको शुक्रपथ स्थित विशालबजार भवनको विभिन्न तल्लामा गरी जम्मा ३४६ वटा पसल कवल रहेको, ती पसल कवलहरू बोलपत्र बिना आफू अनुकूलका व्यक्तिहरूलाई कम भाडादरमा बांडफांड गर्दै आएको र पसल कवल प्राप्त गरेका अधिकांसले व्यापारीहरूलाई बढी रकममा पुनः बहालमा दिंदै आएबाट कम्पनीले प्राप्त गर्ने आम्दानी रकम व्यक्ति विशेषले प्राप्त गर्दै आएको हुंदा कंपनीको प्रचलित विनियमावली २ महिना भित्र सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुने गरी संशोधन गरी २०६५ श्रावण १ गते देखि अनिवार्य रूपमा बोलपत्र प्रकृयाद्वारा पारदर्शी रूपमा भाडामा लगाउन मिति २०६५।१२।२५ को निर्णयानुसार विशालबजार कंपनी लि. लाई लेखी पठाइ सो कार्यको अनुगमन कम्पनी रजिष्टारको कार्यालयद्वारा गर्न लेखी पठाइएको ।

२. नेपाल आयल निगम अरवौंको घाटामा रहेको अवस्थामा व्यवस्थापन, सचिव र मन्त्रिको मिलेमतोमा २०० भन्दा वढी कर्मचारी करार, अस्थायी र ज्यालादारीमा नियुक्त गरी संस्थानलाई भर्ती केन्द्र वनाई निगमलाई थप संकटमा पार्ने कार्य गरेको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा नेपाल आयल निगम संचालनको लागि ५७७ जना कर्मचारीको विभिन्न पदको स्थायी दरवन्दी रहेको, उक्त दरवन्दी मध्ये विभिन्न पदमा ४२५ स्थायी पदपूर्ति भएको र नवौं तहको सि.ए.देखि सवारी चालक समेतका २२ जना करारमा नियुक्त भै कार्यरत रहेको र अन्यमा सहायकदेखि पियन सम्म ११४ जना ज्यालादारीमा नियुक्त भै कामकाज गरेको देखियो । यसरी निगमद्वारा करार तथा ज्यालादारीमा नियुक्त गर्ने कार्य नेपाल आयल निगम कर्मचारी प्रशासन विनियमावली २०६३ को विनियम ५.१४ तथा ४.४ को विपरित भएकोले निगमको विभिन्न पदमा करारमा नियुक्ति भै कार्यरत रहेका

कर्मचारीहरूलाई करारको अवधि पुरा भएपछि पुनः करारको म्याद नथप्ने, निगमको विभिन्न पदमा अस्थायी र ज्यालादारीमा नियुक्त भएका कर्मचारीलाई २०६५ साल मंसीर १ गते देखी लागुहुने गरी अवकाश दिने, निगममा रहेको स्वीकृत दरवन्दीको सम्बन्धमा संचालक समितिबाट पुनरावलोकन गरी वर्तमानको आवश्यकता र औचित्यको आधारमा मात्र दरवन्दी स्वीकृत गरी सो दरवन्दीमा ६ महिना भित्र स्थायी पदपूर्ति गर्ने प्रकृया शुरु गर्न आयोगको मिति २०६५।५।१२ को निर्णय अनुसार नेपाल आयल निगममा लेखी पठाइएको ।

(घ) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

नेपाल कृषि अनुसन्धान परिषदले अनुचित कार्य गरी हाजिर गराउन नदिएको भन्ने छविलाल पौडेलको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा गैर हाजीर भएको भनी मिति २०५७।४।१३ देखी नेपाल कृषि अनुसन्धान परिषदका बरिष्ट बैज्ञानिक एस. ३ मा कार्यरत छविलाल पौडेललाई सेवाबाट हटाएकोमा चित्त बुझेन भनी परिषदका अध्यक्ष एवं कृषि तथा सहकारी मन्त्री समक्ष पुनरावेदन दिएकोमा परिषदले मिति २०५९।३।१० मा गरेको निर्णय, सो निर्णयको आधारमा गरिएका अन्य सबै काम कारवाही बदर गरिएको छ । निजको सेवामा पुनर्वहाली हुने ठहर्छ भनी मिति २०६१।९।२२ मा परिषदका अध्यक्षबाट निर्णय भएको देखिन्छ। उक्त पुनरावेदन तहको निर्णय कार्यान्वयन गर्ने गराउने सिलसिलामा मिति २०६५।१।३ मा कृषि तथा सहकारी मन्त्रीबाट समेत निर्णय भएको भन्ने उजूरी साथ पेश गरेको टिप्पणी निर्णयको छायाँ प्रतिबाट र परिषदको मिति २०६५।१।३१ मा आयोगलाई प्रेषित पत्रबाट समेत देखिन आयो । परिषदको कर्मचारी प्रशासन विनियम २०४९ को विनियम ४० (२) ङ ले कार्यकारी निर्देशकले गरेको निर्णय उपरको उजूरी परिषदको अध्यक्ष समक्ष गर्न सकिने व्यवस्था मुताविक दिएको पुनरावेदन उपर मिति २०६१।९।२२ मा निर्णय हुँदा सेवामा पुनर्वहाली हुने ठहऱ्याई गरेको निर्णय कार्यान्वयन गर्ने सिलसिलामा मिति २०६५।१।३ समेतमा माननीय मन्त्रीबाट निर्णय भएको देखिएकोले कानून बमोजिम निर्णय कार्यान्वयन गर्न तालुकवाला मन्त्रालयले दिएको निर्देशन परिषदले पालना गरी कार्यान्वयन गरेको देखिएन । अतः निज छविलाल पौडेललाई पुनर्वहाली हुने ठहऱ्याई गरेको परिषदका अध्यक्षको निर्णय कानूनसम्मत नै देखिएकोले निज पौडेलले परिषदको (कर्मचारी प्रशासन) विनियमावली २०४९ को विनियम ४०(२) ग बमोजिम अनुपस्थित अवधिको तलव भत्ता एवं अन्य कुनै पनि सुविधा नपाउने गरी ३५ दिनको सूचना दिई सो ३५ दिन भित्र हाजिर हुन आए हाजिर गराई काममा लगाउन आयोगको मिति २०६५।०८।१३ को निर्णय अनुसार नेपाल कृषि अनुसन्धान परिषदमा लेखी पठाइएको ।

(ङ) गृह मन्त्रालय अन्तर्गत

१. जिल्ला प्रशासन कार्यालय, काठमाडौं, ललितपुर र भक्तपुरबाट राहदानी वितरण गर्दा अनियमितता भएको भन्ने सम्बन्धी जन गुनासोहरू समेतको आधारमा यस आयोगबाट छानविन हुँदा अन्यत्र जिल्लाबाट बसाई सरी काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाहरूमा बसोबास गर्दै आएका व्यक्तिहरूले काठमाडौं उपत्यकाका सम्बन्धित जिल्लाहरूबाट राहदानी लिएको अवस्था देखियो,त्यसरी राहदानी लिने क्रममा पेश गरेको बसाई सराई सम्बन्धी कागजात (खास गरेर स्थानीय

पञ्जिकाधिकारीको सिफारीश) समेत यदाकदा नक्कली हुने गरेको सन्दर्भमा आयोगको मिति २०६५।४।३० को निर्णय अनुसार उक्त कार्यलाई तदारुकतासाथ रोक्न बसाई सराई सम्बन्धी सम्बन्धित जिल्लाबाट प्राप्त हुने शुरु कागजातहरूको प्रतिलिपि समेत राख्न लगाई राहदानी वितरणको व्यवस्था मिलाउन जिल्ला प्रशासन कर्यालयहरू काठमाडौं, ललितपुर र भक्तपुरलाई निर्देशन दिइएको र आयोगमा प्राप्त जन गुनासाहरू समेतको आधारमा नागरिकता वितरणमा, ठाडो उजुरी लिने प्रक्रिया, सेवाग्राहीले पाउनुपर्ने सुविधाको प्रभावकारीता सम्बन्धमा, संस्था दर्ता र संस्थाको हिसाव किताबको सम्बन्धमा, उपभोक्ता संरक्षण ऐन २०५४ अन्तरगत गठित क्षतिपूर्ति समितिले कानून बमोजिम काम, कारवाही नभएको सम्बन्धमा र सार्वजनिक/सरकारी जग्गाको संरक्षण विषयका साथै सुशासन ऐन, २०६४ लागू भैसकेको स्थिति समेतको विविध विषयहरूमा समेत छलफल भै कानून बमोजिम गर्नुपर्ने काम कारवाहीहरूमा प्रभावकारिता अपनाई छिटो छरितो सुलभ र इमान्दारीपूर्वक सेवाग्राहीहरूलाई सेवा प्रदान गर्न गराउन जिल्ला प्रशासन कार्यालय, काठमाडौं, ललितपुर र भक्तपुरका प्रमुख जिल्ला अधिकारीहरूलाई लेखी पठाइएको ।

२. वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत जिल्ला वन कार्यालय कपिलवस्तुको खुरहरिया-२ वघमरी गाउ स्थित ऐलानी जग्गामा रहेको सिसम र जामुन जातका काठ गैरकानूनीरूपमा कटान विक्री गरी रु.३,५०,०००।- को सरकारी सम्पत्ति हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला कपिलवस्तु खुरुहुरिया गा.वि.स. वार्ड नं. २ वघमरी बस्ने गुरु गोविन्द चौधरी समेतबाट उपरोक्त रुख कटानी गरी घटी मूल्यमा विक्री गरी संस्थालाई रु.५०,९००।- नोक्सान पारेको सम्वन्धमा छानविन गरी टुङ्गो लगाउन आयोगको मिति २०६५।०८।३० को निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय कपिलवस्तुलाई लेखी पठाइएको ।

३. जिल्ला प्रशासन कार्यालय,म्याग्दीका खरिदार वेदनाथ सुवेदी लगायतका व्यक्तिहरूले सोही जिल्ला अन्तर्गत राखु पिप्ले गा.वि.स. ७ का तीर्थ बहादुर मल्लको नाममा दोहोरो नागरिकता बनाउनको लागि रिसवत लिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय, म्याग्दीका तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी नवराज वराल र खरिदार वेदनाथ सुवेदीका हकमा अनुसन्धानबाट म्याग्दी जिल्ला राखु पिप्ले गा.वि.स. वडा नं. ७ का तिर्थ बहादुर मल्लको नाममा मिति २०६२।१।१९ मा नेपाली नागरिकताको प्रमाण पत्र दिइसकेकोमा पुनः मिति २०६४।२।१० मा उमेर घटाएर दोहोरो नागरिकता दिने दिलाउने कार्य यी कर्मचारीबाट भए गरेको देखिएको, नागरिकता प्रमाण पत्र दिनुपूर्व आफ्नै कार्यालयमा भएको डेढदुई वर्ष पुरानो अभिलेख समेत हेर्ने भिडाउने कार्य नगरी आफ्नो पदीय कर्तव्य एवं जिम्मेवारी पालनामा गम्भीर लापरवाही गरेको देखिएको, नागरिकता लिनेको उमेर एकिन गर्न निवेदकले पेश गरेको गोल्डेन पिक हाइस्कूल काठमाडौंको चारित्रिक प्रमाण पत्रको अप्रमाणित कपी जस्मा प्रमाणपत्र जारी मिति, रजिष्ट्रेशन नम्बर समेत उल्लेख नभएको अवस्थामा समेत सोलाई उमेर एकिन गर्न आधार बनाएको देखिएको, रिसवत लिएको भनिएको रकम दशी प्रमाण स्वरूप बरामद हुन आएको नभएता पनि यस कार्यका लागि रकम खोजिदिएको हुँ भनी पुर्व जि.वि.स. उप-सभापति अमृत कुमार श्रेष्ठले वयानमा लेखाएको समेत देखिंदा यी कर्मचारीहरूको प्रस्तुत कार्य स्वच्छ नियतको देखिन नआएको र तिर्थ बहादुर

मल्लले प्राप्त गरेको दोश्रो नागरिकता हाल रद्द भइसकेको समेत अवस्था हुँदा कसुरको मात्रा अनुसार निजामती सेवा ऐन, २०४९ बमोजिम उपयुक्त विभागीय सजाय गर्न, म्याग्दी जिल्ला राखु पिप्ले गा.वि.स.का सचिव ईन्द्रशर्मा पौडेलको हकमा अनुसन्धानबाट यी कर्मचारीले गा.वि.स. सचिवको हैसियतले तिर्थ बहादुर मल्ललाई नागरिकताको प्रमाण पत्र दिनको लागि सिफारिस गरेको देखिएको, सिफारिस गर्दा व्यहोरा "मैले जाने बुझेसम्म साँचो हो, उक्त विवरण झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला" भनी हस्ताक्षर गरेको देखिएको, तिर्थ बहादुर मल्ललाई नागरिकताको प्रमाण पत्र दिलाई दिनु हुन भनी निजले नै जिल्ला प्रशासन कार्यालय म्याग्दीलाई च.नं. ४२९ मिति २०६४।२।४ को सिफारिस पत्र समेत लेखेको देखिएको, गा.वि.स. क्षेत्रको पारिवारिक लगतको निर्माण गरी राख्नुपर्ने जिम्मेवारी स्थानीय स्वायत्त शासन ऐनले गा.वि.स. सचिवलाई दिएकोमा यी कर्मचारीबाट त्यस्तो पारिवारीक लगत तयार गरी राखेको नदेखिएको समेत अवस्था हुँदा यी कर्मचारीले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख) र (छ) अनुसारको अनुचित कार्य गरेको देखिएको हुँदा निजले गरेको कसुरको मात्रा अनुसार निजामती सेवा ऐन, २०४९ बमोजिम उपयुक्त विभागीय सजाय गर्ने व्यवस्थाका लागि आयोगको मिति २०६५।०९।२७को निर्णय अनुसार गृह मन्त्रालयलाइ लेखी पठाइएको, म्याग्दी जिल्ला राखु पिप्ले गा.वि.स. वडा नं. ७ का तिर्थ बहादुर मल्लले मिति २०६२।१।१९ मा जन्म मिति २०४४।७।१६ राखी ५८४३ नं.को नेपाली नागरिकताको प्रमाण पत्र लिइसकेकोमा पुनः मिति २०६४।२।१० मा झुठ्ठा विवरण दिई उमेर घटाएर जन्म मिति २०४६।९।१० राखी ४९१०१६।१६५० नं.को दोहोरो नागरिकता प्राप्त गरेको देखिएको र सोहि नागरिकताको आधारमा दोहोरो राहदानी समेत प्राप्त गरेको देखिएकोले आयोगको मिति २०६५।०९।२७ को निर्णय अनुसार झुठा विवरण दिई नागरिकता र राहदानी लिएको सम्बन्धमा कानून बमोजिम गर्नुपर्ने आवश्यक अनुसन्धान गरी संलग्न देखिएका व्यक्तिहरूका सम्बन्धमा प्रचलित ऐन अनुसार मुद्दा दायर गर्न जिल्ला प्रहरी कार्यालय, म्याग्दीलाई लेखी पठाइएको ।

४. नेपाल प्रहरीको अपराध अनुसन्धान विभाग अन्तर्गत गैह्रीधारा चोकमा गोप्य रूपमा सञ्चालित विशेष शाखामा कार्यरत प्रहरी उपरीक्षक जीवन श्रेष्ठले पदको दुरूपयोग गरी भारतीय राजदुतावासको कर्मचारीसँग रु.तीन लाख रूपैया समेत घुस लिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रहरी प्रधान कार्यालयको पत्रबाट प्रहरी उपरीक्षक जीवन श्रेष्ठलाई नसिहत दिएको भन्ने जानकारी तथा प्रहरी उपरीक्षक जीवन श्रेष्ठ वारे तत्कालीन प्रहरी नायव महानिरीक्षक प्रकाश कुवरले सत्य तथ्य बुझी पेश गरेको प्रतिवेदन र प्रहरी उपरीक्षक जीवन श्रेष्ठलाई नसिहत दिएको सम्बन्धी उठेका प्राप्त कागजातहरू हेर्दा अपहरण केशमा पक्राउ परेको मोटर साइकल, N95 को मोबाइल प्रमाणको रूपमा सम्बन्धित निकायमा नबुझाई काल्पनिक व्यक्ति खडा गरी बुझाएको तथा भारतीय प्रहरीलाई अपराधी हस्तान्तरण गरे वापत रु.३,००,०००।- पुरस्कार लिएको भन्ने देखिए पनि सो रकम पाएको भन्ने कोही कही कसैलाई रिपोर्टिङ्ग नगरेको भन्ने समेत आधारमा विभागीय कारवाही गर्नुपर्ने भनी प्रतिवेदन दिएको र सो प्रतिवेदनबाट प्रहरी उपरीक्षक जीवन श्रेष्ठलाई विभागीय कारवाहीको लागि मिति २०६५।१।२४ को निर्णयले नसहित दिइएको भन्ने देखियो । प्रहरी उपरीक्षक जीवन श्रेष्ठले विदेशी राजदुतावासबाट रु.३,००,०००।- नेपाल सरकारको स्वीकृति लिई पुरस्कार लिएको भन्ने फायलबाट नदेखिएको र प्रमाण स्वरूप पेश गर्नुपर्ने दशी पेश नगरेको कार्य

प्रहरी नियमावली, २०४९ बमोजिमको आचरण सम्बन्धी नियमहरू उल्लंघन गरेको भन्ने देखिएकोमा आयोगको मिति २०६५।१०।६को निर्णय अनुसार आचरण सम्बन्धी नियम उल्लंघन भए प्रहरी नियमावली, २०४९ को नियम ८७ बमोजिम दर्जा र तलव घटाउने सजाय हुनुपर्ने स्पष्ट व्यवस्था हुँदा हुदै निज प्रहरी उपरीक्षक जीवन श्रेष्ठलाई नसिहत मात्र दिने सजाय भएको उक्त निर्णयको सम्बन्धमा गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयमा जानकारीको लागि लेखि पठाइएको ।

५. सशस्त्र प्रहरी बल कल्याण कोषको रकमबाट सवारी साधन खरिद गरी दुरूपयोग गरिएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ लाइवेरियामा कार्यरत FPU A8(Munrovia) / FPU B-7 (Buchanan) का ३ वटा कम्पनीहरूको प्रयोगका लागि भनी सशस्त्र प्रहरी बल कल्याण कोषको मिति २०६४।१०।१९ गतेको निर्णयानुसार काठमाडौंमा दुईवटा टोयोटा ल्याण्ड क्रुजर जिपहरू खरिद भएको तर उक्त दुवै जिपहरू हालसम्म पनि त्यसतर्फ नपठाइएको देखिएकोले सशस्त्र प्रहरी बल कल्याण कोषको अधिकतम हित हुने गरी यु.एन. मिशनमा पठाउनको लागि भनी खरिद गरिएका दुवै ल्याण्ड क्रुजर जिपहरू तीन महिनाभित्र त्यस तर्फ पठाई कल्याण कोषको खर्च भएको रकम सोधभर्ना स्वरूप प्राप्त गर्ने व्यवस्था मिलाउन, उक्त दुवै गाडीहरू यु.एन. मिशनमा पठाउन सम्भव नभएमा वा पठाउँदा पनि कल्याणकोषलाई अधिक खर्च भार पर्न जाने देखिएमा वा गाडीहरू विक्री गर्दा नै कोषको अधिकतम हित हुने देखिएमा दुवै गाडीहरू विक्री गरेर भएपनि सशस्त्र प्रहरी बल कल्याण कोषको खर्च भएको रकम पूर्ति गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६५।११।६ को निर्णय अनुसार सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा लेखी पठाइएको ।

६. संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ लाइवेरियामा कार्यरत FPU A8 (Munrovia) र B-7(Buchanan) का २ वटा कम्पनीहरूको प्रयोगको लागि भनी सशस्त्र प्रहरी बल कल्याण कोषको मिति २०६४।१०।१९ गतेको निर्णयानुसार काठमाडौंमा दुईवटा टोयोटा ल्याण्ड क्रुजर जिपहरू खरिद भएको तर उक्त दुवै जिपहरू सम्बन्धित मिशनमा नपठाई शसस्त्र प्रहरीकै उच्च पदाधिकारीद्वारा काठमाडौंमा प्रयोग गरी दुरूपयोग गरिएको सम्बन्धमा आयोगको मिति २०६५।११।६ को निर्णयानुसार सशस्त्र प्रहरी बल कल्याण कोषको खर्च भएको रकम कोषको अधिकतम हित हुने गरी पूर्ति गर्ने व्यवस्था समेत मिलाउनु भनी सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा लेखी पठाइएकोमा रु.१,४०,००,०००।- (एक करोड चालिस लाख) मा खरिद भएको उक्त दुवै थान गाडीहरू मिति २०६६।२।१६ गते रु.१,४४,००,०००।- (एक करोड चौवालिस लाख) मा विक्री गरी सशस्त्र प्रहरी बल कल्याण कोषमा रकम जम्मा गरिएको भनी सशस्त्र प्रहरी बल प्रधान कार्यालयको च.नं. ९९० मिति २०६६।२।२७ गतेको पत्रद्वारा आयोगलाई जानकारी प्राप्त हुन आएको विषयका सम्बन्धमा अनुसन्धान हुँदा दुवै गाडीहरू संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ लाइवेरियामा कार्यरत, सशस्त्र प्रहरीका २ वटा मिशनहरूमा पठाउनको लागि भनी काठमाडौंमा खरिद गर्नु अघि उक्त गाडीहरू सम्बन्धित मिशनमा पठाउन के कति खर्च लाग्छ भनी पहिले नै बुझी खरिद गर्नु पर्नेमा गाडीहरू खरिद गरिसकेपछि मात्र के कसरी त्यसतर्फ पठाउन सकिन्छ भनी सुझाव दिन कार्यटोली गठन गर्ने काम भएको देखिएकाले आयोगको मिति २०६६।३।२ को निर्णय अनुसार अब आयन्दा सशस्त्र प्रहरी

बल कल्याण कोषबाट व्ययभार पर्ने गरी रकम खर्च गर्दा कोषको एवं कोषका सदस्यहरूको अधिकतम सामूहिक हित हुने गरी बढी संवेदनशील भई रकम खर्च गर्ने व्यवस्था गर्न सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा लेखी पठाइएको ।

७. सार्वजनिक पद धारण गरेको व्यक्ति (राष्ट्रसेवक) वाहेक अन्य व्यक्तिले नेपालका शैक्षिक संस्थाको नामबाट नक्कली शैक्षिक प्रमाणपत्रको प्रयोग वा कारोवार गरेको तथ्य सम्वन्धित शैक्षिक संस्थामा प्रमाणिकरण गर्ने क्रममा खुल्न जाने गरेको पाइएको हुंदा त्यस्तो अवस्थामा सो उपर कानूनी कारवाही गर्ने सम्वन्धित निकायका जिम्मेवार पदाधिकारीहरू समेत राखी आयोगमा छलफल हुँदा कानून वमोजिम स्थापित विश्वविद्यालय र शिक्षण संस्थाहरूबाट जारी हुने शैक्षिक योग्यताका प्रमाणपत्र वा सोसंग सम्वन्धित कुनै पनि कागजातहरू किर्ते गरेको मुद्दालाई सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश गर्ने प्रवन्ध मिलाउन आयोगको मिति २०६६।३।१८ को निर्णय अनुसार गृह मन्त्रालयमा लेखी पठाइएको ।

८. का.जि.का.म.न.पा. साविक वडा नं.२३.(ड) कि.नं. ७६ क्षे.फ.११-९-१-० धोविखोला वगर जनिएको जग्गालाई खरिदार प्रल्हाद प्रसाद साह समेतका विपक्षीहरूले एकआपसमा मिलोमतो गरी २०६३ साल अषाढको पहिलो हप्ता तिर खाली जग्गाधनी दर्ता श्रेस्तामा वाँयापट्टि भू.प्र.का.बाट यसमा मिति २०२९।२।१०।२ को सदर टिप्पणी पर्चा वमोजिम उदय प्रसाद मिश्रका नाउमा दर्ता कायम हुन आएको भन्ने र सो मुनि हाकिम भन्नेको कीर्ते दस्तखत गरी उक्त मेरो साविक कि.नं.७६ को जग्गा गैरकानूनी तरिकाबाट नक्कली जग्गा धनी श्रेस्ता खडा गरी मलाई गैरकानूनी हानी नोक्सानी र विपक्षीहरूलाई गैरकानूनी लाभ पुऱ्याउने वदनियतले श्रेस्ता खडा गरेको हुँदा कारवाही गरी पाउँ भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा उदयप्रसाद मिश्रको नाममा कायम भएको जग्गा धनी दर्ता स्रेस्ता खडा गर्दा सरकारी कर्मचारी र सरकारी अड्डाको छाप दस्तखत किर्ते भए गरेको हुनसक्ने देखिएको हुँदा त्यसतर्फ आवश्यक अनुसन्धान तहिकात र कारबाही गर्न आयोगको मिति २०६६।३।२१ को निर्णय अनुसार महानगरीय प्रहरी परिसर, काठमाडौंमा लेखी पठाइएको ।

९. राष्ट्रिय प्रकृति संरक्षण कोषमा करोडौको आर्थिक हिनामिना भएको, चितवन राष्ट्रिय निकुन्ज भित्र संचालित होटल,लज तथा रिसोर्टहरूसँग भएको सम्झौता अनुसार करिब २ करोड २० लाख रोयल्टी नलिएको, कोषको भन्सार सुविधाका गाडीहरू कर्मचारीहरूद्धारा व्यापक दुरूपयोग गरिएको सम्बन्धमा अनुसन्धान हुँदा अरूप रजौरियाले कोषबाट लिएको बा.१च. ९००४ नम्वरको पजेरो गाडीको सम्बन्धमा सम्झौता अनुसार कार्य नगरेकोले उक्त गाडी नियन्त्रणमा लिई उल्लिखित सम्पुर्ण रकम दाखिला गर्न लगाई नियमानुसार उक्त गाडी निजको नाममा नामसारी गराउन आयोगको मिति २०६६।२।१९को निर्णय अनुसार महानगरीय ट्राफिक प्रहरी कार्यालय रामशाहपथलाई लेखी पठाइएको ।

(च) उर्जा/सिंचाइ मन्त्रालय अन्तर्गत

१. कपिलवस्तु जिल्लाको वाणगंगा सिंचाई योजनाका जल उपभोक्ता संस्थाका अध्यक्षले बिना टेण्डर १० वर्षको लागि जगदिशपुर तालमा माछा पाल्ने ठेक्का दिएको र सो ताल हालसम्म उक्त जल उपभोक्ता संस्थालाई हस्तान्तरण नभएको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कपिलवस्तु जिल्लाको १२ वटा गा.वि.स. र १ नगर पालिका समेतको ६३५० हेक्टर जमिनमा सिंचाई सुविधा पुऱ्याउन वाणगंगा सिंचाई योजना निर्माण भएको, सो योजना निर्माणको क्रममा २२५ हेक्टर क्षेत्रफल भएको जगदिशपुर जलाशय समेत निर्माण भएको देखियो र हथिहवा शाखाको ७ कि.मि. शाखा नहर र जगदिशपुर जलाशय नेपाल सरकारकै स्वामित्वमा रहेको पाइयो, सो जलाशय (सिमसार) लाई अगष्ट १३,२००३ मा रामसार घोषणा गरी विश्वसम्पदा सूचिमा सूचिकृत भएको पाइयो, अन्तरष्ट्रिय महत्वका सिमसारहरूको महासन्धि बमोजिम रामसार सूचिकृत क्षेत्रमा रामसारमा उल्लेख भएका गुणस्तरलाई असर पर्ने गरी कुनै पनि गतिविधी संचालन गर्न नपाईने स्पष्ट देखिन्छ । सो क्षेत्र विभिन्न प्रजातिका पशुपन्छी एवं जलचरहरूको बासस्थानका रूपमा रहेकोले सो को संरक्षण हुनु पर्ने देखियो । यस्तो अन्तर्राष्ट्रिय महत्वको र विश्व सम्पदा सूचिमा सूचिकृत भएको जगदीशपुर जलाशय वाणगंगा सिंचाई योजना जल उपभोक्ता संस्थालाई हस्तान्तरण नभएको र नेपाल सरकारकै स्वामित्वमा रहे भएको देखियो । आफ्नो स्वामित्व नै नभएको जलाशयमा जल उपभोक्ता संस्थाले १० वर्षको लागि माछापाल्ने ठेक्का लगाएको पाइयो । सो ठेक्का प्रकृया समेत कानून सम्मत भएको देखिएन । हाल सो सिमसार क्षेत्रमा रैथाने माछा आउन नपाउने, प्रजनन गर्न रैथाने माछा नदीतिर जान नपाउने,माछा मार्न विषादी प्रयोग गर्दा सम्पूर्ण जलचरहरू मर्ने, बेलाबेलामा विभिन्न प्रयोजनका लागि भनि जलाशयको सम्पूर्ण पानी सुकाउंदा त्यहांका जलचरहरूलाई नकारात्मक असर पर्ने समेत देखिंदा सो सिमसार क्षेत्रको गुणस्तर कायम हुने अवस्था देखिएन, तसर्थ सरकारबाट भोगाधिकार नै प्राप्त नगरेको वाणगंगा सिंचाई योजना, जल उपभोक्ता संस्थाले लगाएको माछापाल्ने ठेक्का कानूनी हिसावले वदर योग्य र सिमसार क्षेत्रको संरक्षणको हिसावले अन्तर्राष्ट्रिय महत्वको सिमसारहरूको महासन्धि विपरित समेत भएकोले उक्त ठेक्का तोड्ने तर्फ कारवाही चलाउन आयोगको मिति २०६५।०९।०६ को निर्णय अनुसार सिंचाई विभागमा लेखि पठाइएको ।

२. सर्लाही जिल्लामा पर्ने मनुस्मारा सिंचाई प्रणाली प्रथम र दोश्रोको सिंचित क्षेत्र भित्र पर्ने एउटै जग्गालाई अर्कै सिंचाई योजनाले समेत सिंचाई हुने गरी छुट्टै बगदह सिंचाई योजना निर्माण गरी अनियमितता गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला सर्लाही अन्तर्गत मनुष्मारा सिंचाई योजनाको प्रथम र दोश्रो चरणको सिंचित क्षेत्रको नक्सा र नापी कार्यालय सर्लाहीबाट प्राप्त बगदह सिंचाई योजनाको सिंचित क्षेत्र देखाइएको कित्तानापीको प्रिन्ट नक्साको अध्ययनबाट मनुष्मारा सिंचाई योजना प्रथम, दोश्रो र वगदह सिंचाई योजनाको मूल नहर जिल्ला सर्लाही गा.वि.स. सेखौना वडा नं. २ बाट सुरु भएको देखियो, सेखौना गा.वि.स. वडा नं. २, ३ र वगदह गा.वि.स. वडा नं. २ क,ख, ३ र ४ (क) को उत्तर बीच सम्म वगदह सिंचाइ योजनाको नहर भएको देखियो, उक्त वगदह सिंचाई योजनाबाट सिंचित हुने क्षेत्र वगदह गा.वि.स. २ ख, ४ (क) पुरै र वडा नं. १,२ (क), ३ र ४ (ख) मध्ये पर्ने देखियो, सो प्रिन्ट नक्सामा वगदह नहरबाट सिचित हुने क्षेत्र दोहोरो परेको

देखिएन । तर जल उपभोक्ता संस्थाद्वारा रु. ४,९६,४३०।२९ को जनसहभागिता जुटाउने गरी लागत अनुमान स्वीकृत भएकोमा जनसहभागिता जुटेको नदेखिंदा अव आइन्दा जनसहभागिता जुटाएर मात्र योजना संचालन गर्ने व्यवस्था गर्न आयोगको मिति २०६५।१०।२९ को निर्णय अनुसार सिंचाइ विभागमा लेखी पठाईएको ।

३. नेपाल विद्युत प्राधिकरण अन्तरगत निर्माणाधिन चमेलिया जल विद्युत आयोजनाको ठेक्कामा पेश भएको एउटा मात्र बोलपत्र स्वीकृत गरी भ्रटाचार गरको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुदा चमेलिया जलविद्युत आयोजना अन्तरगत अगष्ट २०, २००८ मा 'The Rising Nepal' मा प्रकाशित सूचना बमोजिम ६ वटा कम्पनीले बोलपत्र खरीद गरेको । सेप्टेम्वर २३, २००८ मा Pre-Bid meeting मा ३ वटा कम्पनीले भाग लिएको, ७ दिनको बोलपत्र पेश गर्ने म्याद थप गर्दा समेत Korea Hydro and Nuclear Power Co. Ltd. (KHNP), Hwachon Plant Construction Co. Ltd (HWACHON) Korea, Sean Engineering and Construction Co. Ltd. (SEAN) Korea and Nepal Hydro & Electric Ltd. (NHE) Nepal Consortium (KHNP Consortium) को एकमात्र बोलपत्र पेश भई निम्नानुसार बोल कबोल गरेको समेत देखियो ।

Lot No	विवरण	लागत अनुमान, US$	कबोल अंक, US$	फरक
Lot 1	Electromechanical	22,978,573.90	15,658,113.52	- 31.85%
Lot 2	Hydro mechanical	6,794,308.00	9,173,302.04	+ 35.01%
Lot 3	Transmission line	18,559,903.00	23,006,485.77	+ 23.95%
	Total	48,332,784.90	47,837,901.33	- 1.02%

प्रस्तुत परिप्रेक्ष्यमा Lot 1, Lot 2 / Lot 3 एउटै ठेक्का हो होइन ? छुट्टाछुट्टै ठेक्का भए आर्थिक रूपमा कसरी सारभुत रूपमा प्रभावग्राही हुने हो ? बोलपत्र कागजात बमोजिम Lead Partner KHNP को works schedule 51% भन्दा बढी छ भन्ने प्रमाण पेश गर्न लगाउने, KHNP AF6 Multi Power Hydro Development Corporation (MHDC) KHNP को Subsidiary हो होइन एकिन गर्ने, MHDC ले Ghana Electricity Utility / Laos Electricity Utility मा निर्माण सम्पन्न गरी अनुभव प्राप्त गरेको प्रमाण सम्बन्धित कंपनीसँग माग गर्ने, मेसिनको Certificate of origin कुन देश हुनुपर्ने र कुन देश हो ? एकिन गर्ने, Lot/Lot को कवोल अंक स्वीकृत लागत अनुमान भन्दा ३१.८५% कम र ३५.०१% सम्म वढी देखिएको हुँदा बढी दररेट कबोल गरेको कामको परिमाण वढाउने र घटी दररेट कबोल गरेको कामको परिमाण घटाउने गरी Variation Order नदिने तर्फ सचेत रही मूल्याङ्कन गर्दा देखिएका Deviation हरू minor deviation हो होइन बोलपत्र कागजात, स्पेसिफिकेसन र प्रचलित कानून विपरित छ छैन एकिन गरी उक्त चमेलिया जल विद्युत आयोजनाको प्रस्तुत ठेक्का सम्बन्धी कार्य गर्न/गराउन आयोगको मिति २०६६।१।४ को निणर्य अनुसार नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएको ।

(छ) परराष्ट्र मन्त्रालय अन्तर्गत

वैदेशिक रोजगारीका लागि कतार गएका नेपाली कामदारबाट नियम विपरित कतारस्थित नेपाली राजदूतावासबाट अबिलम्ब शुल्क (Urgent Charge) लिने गरेको भन्ने समेतको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा रोजगारीको लागि कतार पुगेका नेपाली कामदारहरु तथा विभिन्न संघसंस्थाहरुबाट कतारस्थित नेपाली राजदूतावासका तत्कालीन राजदूत श्यामानन्द सुमनबाट अबिलम्ब शुल्क (Urgent Charge) को रुपमा राहदानी नवीकरण वापत प्रति व्यक्ति कतारी रियाल ५० तथा अन्य संघसंस्थाहरुबाट स्वेच्छिक रुपमा रकम लिन शुरु गरे तापनि १ जनवरी २००८ बाट सो कार्य बन्द भइसकेको परराष्ट्र मन्त्रालयको पत्रबाट देखियो । तत्कालीन राजदूत श्यामानन्द सुमनबाट प्राप्त स्पष्टीकरणमा विभिन्न व्यक्ति तथा संघसंस्थाबाट उठाइएको रकम खाइ मासी हिनामिना नगरी मानवीय सहयोग कार्यमा नै खर्च गरेको भनी उल्लेख गरे तापनि निजको सो स्पष्टीकरण सन्तोषजनक नदेखिँदा निजले अनुचित कार्य गरेको मान्नु पर्ने देखिन आयो । तर निज श्यामानन्द सुमन हाल राजदूत पदबाट हटिसकेको हुँदा पदमा नरहेको व्यक्ति उपर अनुचित कार्यतर्फ थप केही गरिरहनु पर्ने देखिएन । कतारस्थित नेपाली राजदूतावासबाट विभिन्न व्यक्ति तथा संघसंस्थाहरुबाट रकम उठाइ कतारको दोहास्थित HSBC बैंकको खातमा ३० मार्च २००८ सम्म रहेको कतारी रियाल २,०८,०३५।३२ को पूर्ण सदुपयोग हुने गरी आवश्यक व्यवस्थापन गर्न, विदेशस्थित अन्य नेपाली राजदूतावास तथा नियोगहरुबाट अविलम्ब शुल्क (Urgent Charge) वा अन्य कुनै नामबाट रोजगारीमा गएका व्यक्तिहरुसँग रकम उठाउने कार्य भएको छ भने त्यस्तो कार्य तुरुन्त बन्द गर्न लगाउन, मानवीय सहयोगको लागि रोजगारीमा गएका व्यक्तिहरु वा अन्य संघसंस्थाहरुबाट रकम उठाउनु पर्ने भए ऐन, नियम वा निर्देशिका जो जे बनाउनु पर्ने हो बनाइ सो बमोजिम मात्र उठाउने व्यवस्था मिलाउन, पारदर्शिता, निष्पक्षता, तटस्थता र कुटनैतिक मर्यादा लगायत अन्य आवश्यकीय विषयमा केन्द्रित रहि सबै राजदूतहरु तथा नियोगमा कार्यरत पदाधिकारीहरुको लागि आवश्यक आचारसंहिता तयार गरी लागू गर्न आयोगको मिति २०६५/१२/१७ को निर्णयानुसार परराष्ट्र मन्त्रालयलाई लेखि पठाइएको ।

(ज) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत

१. टि.सि.एल. सन्तोषी जे.भि.(सन्तोषी निर्माण सेवा प्रा.लि.) चितवनका प्रोपाइटर केशव कडेलले विभिन्न निकायमा गलत कार्य गरी कारवाही भएकोलाई तुल्सीपुर-सल्यान सडक स्तरोन्नती गर्ने कार्यको ठेक्का RIP/EXIM/TS-04 स्वीकृत गर्न नहुने भनी परेको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा सन्तोषी निर्माण सेवा प्रा.लि.का विरुद्ध परेका उजुरीहरूलाई दृष्टिगत गरी आयोगबाट भएका पूर्व निर्णयहरू (२०६४।६।२, २०६२।९।५, २०६१।८।२१, २०६१।७।१०) हेर्दा सन्तोषी निर्माण सेवा प्रा.लि.का अख्तियार प्राप्त प्रतिनिधि जीवनराज कडेल र सोही कम्पनीका प्रवन्ध निर्देशक केशवराज कडेल विरुद्ध आयोगको मिति २०६१।८।२१ को निर्णयले नयाँ बजार जग्गा एकिकरण आयोजना अन्तरगत खानेपानी योजना निर्माण कार्य गर्दा स्तरहीन कार्य गरी आयोजनालाई रु.१,३१,८९,३१५।६९ हानी नोक्सानी पुऱ्याएकोले सो को असुल उपर गर्न र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय समेत गरी पाँउ भनी विशेष अदालतमा मुद्दा दायर भै हाल विचाराधीन अवस्थामा रहेको । आयोगको मिति २०६४।६।२ को निर्णयले उक्त सन्तोषी निर्माण सेवा प्रा.लि.ले नौविसे-मुग्लीङ सडक खण्डको पटके सवारी कर उठाउने ठेक्का लिदा नेपाल सडक वोर्डलाई बुझाउनु पर्ने

ठेक्का रकम मध्ये रु.१३,७१,३५२।३९ बाँकी रहेको देखिएबाट बाँकी रहेकै मितिबाट सांवा व्याज हिसाव गरी सरकारी बाँकी सरह असूल उपर गर्न लेखी पठाएको र उक्त रकम हालसम्म पनि फरफारक गरिनसकेको अवस्था रहेको, आयोगको मिति २०६१।९।५ को निर्णयानुसार सन्तोषी निर्माण सेवा प्रा.लि.ले अन्य क्रेताहरूका नाममा जारी बील विजकहरू समेत प्रयोग गरी कर छली गरेकोले छलेको कर रकम एकिन गरी आयोगलाई जानकारी दिन राजश्व अनुसन्धान विभागमा लेखी पठाएकोमा सो छलेको राजश्व समेत नतिरी आलटाल गरी बसेको अवस्था रहेको, आयोगको मिति २०६१।७।१० को निर्णयबाट पर्यटन पूर्वाधार विकास आयोजना अन्तरगत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको विषयमा सन्तोषी निर्माण सेवा प्रा.लि. समेतले रु.१७,४२,००१।९२ बढी भुक्तानी लिएको, सन्तोषी निर्माण सेवा प्रा.लि.को ज्वाइन्ट भेन्चर पार्टनर Telecommunications Consultant India Ltd. ले सडक निर्माण विस्तारमा कार्य गरेको भन्ने पनि स्पष्ट नदेखिएको, उपरोक्त अवस्थाबाट सन्तोषी निर्माण सेवा प्रा.लि.ले स्तरहीन काम गरेको, कर छलेको, ठेक्का रकम नबुझाएको जस्ता कार्य वारम्वार गरेको पाइएबाट यस्ता कम्पनीलाई पुनः सडक विस्तारको ठेक्का प्रदान गर्नु मनासिव नहुने हुंदा आयोगको मिति २०६५।४।५ को निर्णय अनुसार प्रस्तुत ठेक्का प्रदान गर्ने विषयमा पुनः विचार गर्न आयोगका पूर्व निर्णयहरूको प्रतिलिपीहरू समेत राखी सडक विभागका महानिर्देशकलाई र आयोगको २०६१।७।१०, २०६१।८।२१, २०६२।९।५ र २०६४।६।२ का निर्णयहरूको प्रमाणित प्रतिलिपी सहित निर्माण व्यवसायी ऐन, २०५५ को दफा ७ अनुसार कारवाही र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ अनुसार कारवाही गर्न क्रमशः नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय तथा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाइएको ।

२. नेपाल सरकारका निकायमा (पत्र तथा टिप्पणीमा) सही गर्ने पदाधिकारीले दस्तखत गर्दा आफ्नो नाम तथा पद स्पष्ट रूपले लेख्ने गरेको नपाइएकोले दस्तखत गर्ने पदाधिकारीले दस्तखतको मूनि आफ्नो नाम तथा पद खुल्ने गरी लेख्ने व्यवस्था अनिवार्य रूपमा मिलाउन सवै आयोग, सचिवालय, मन्त्रालयहरूमा जानकारी गराइ दिन सामान्य प्रशासन मन्त्रालयमा यस अघि आयोगबाट लेखी पठाईएको भए पनि कतिपय निकायहरूमा सो अनुरूप गरेको नपाइएकोले नेपाल सरकारका सवै निकायमा (पत्र, टिप्पणी निर्णय इत्यादीमा) दस्तखत गर्ने पदाधिकारीले दस्तखत मुनी अनिवार्य रूपमा आफ्नो नाम तथा पद लेख्ने व्यवस्था मिलाउन आयोगको मिति २०६५।०७।२० को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लेखी पठाइएको ।

३. निजामती सेवाको नियुक्तिको निमित्त उम्मेदवारको छनौट गर्न संविधानतः लोकसेवा आयोग रहे पनि सार्वजनिक संस्थाका हकमा यस्तो स्वतन्त्र आयोगको गठन हुन सकेको छैन । फलतः सार्वजनिक संस्थामा कर्मचारीको नियुक्तिका लागि उम्मेदवारको छनौट गर्ने कार्य सम्बन्धित संस्थाद्वारा नै हुदै आएको छ । यस्ता संस्थाहरूबाट भएका कतिपय छनौट निष्पक्ष नभएको भनि आयोगमा गुनासोहरू आउने गरेको र आयोगले समय समयमा सम्बन्धित संस्थालाई निर्देशन समेत दिदै आएको छ । यस सन्दर्भमा सवै सार्वजनिक संस्थाका कर्मचारीको छनौट गर्ने कार्य स्वच्छ, स्वस्थ र निष्पक्ष रूपमा सम्पादन गर्न छाता कानून र स्वतन्त्र एवं प्रभावशाली आयोगको गठन हुन आवश्यक हुँदा तत्

सम्बन्धमा आवश्यक अध्ययन कार्य प्रारम्भ गर्न आयोगको मिति २०६५।०७।२० को निर्णय अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाइएको ।

४. भ्रष्टाचार निवारण तथा त्यसको प्रतिरोध सम्बन्धी उपायहरू अझ दक्षतापूर्वक र प्रभावकारी रूपमा विकसित र सुदृढ गर्ने, भ्रष्टाचार निवारण तथा त्यसको प्रतिरोध लगायत सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहयोग र प्राविधिक सहायताको अभिबृद्धि, सबलीकरण र समर्थन गर्ने तथा सार्वजनिक कार्य र सार्बजनिक सम्पत्तिको उचित व्यवस्थापन र जिम्मेवारीको अभिबृद्धि गर्ने उद्देश्यले ३१ अक्टोवर २००३ मा भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि पारित भई नेपालले उक्त महासन्धिमा १० डिसेम्बर २००३ मा हस्ताक्षर गरी सकेको परिप्रेक्षमा प्रस्तुत महासन्धि भ्रष्टाचार नियन्त्रणका लागि नेपालमा पनि तत्काल कार्यान्वयन हुन आवश्यक छ । तर महासन्धिको भावना अनुरूप कतिपय पूर्वाधारहरूको विकास भइ सकेको भए पनि त्यसले पूर्णता पाउन नसकेको हुँदा आयोगको आर्थिक वर्ष २०६३।६४ को बार्षिक प्रतिवेदन देखि नै आयोगले चाडो भन्दा चाडो व्यवस्थापिका-संसदबाट महासन्धिको अनुमोदन गरी महासन्धिसँग मेल खाने गरी आवश्यक कानूनहरू निर्माण, संशोधन एवं परिमार्जन गर्न आवश्यक रहेको तथ्य औल्याउदै आएको छ । यसै परिप्रेक्षमा संविधान सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका आधिकारिक प्रतिनिधिहरूसँग गरेको अन्तरक्रिया कार्यक्रमका सहभागि राजनैतिक दलका आधिकारिक प्रतिनिधिहरूले उक्त महासन्धिलाई अनुमोदन गर्ने प्रतिवद्धता व्यक्त गरेको र अन्तर्राष्ट्रिय सभा सम्मेलनमा नेपालले महासन्धि अनुसारको प्रगति प्रस्तुत गर्न नसकिरहेको हुँदा भ्रष्टाचार नियन्त्रणमा अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्न र भ्रष्टाचारलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न महासन्धिको अनुमोदन र कार्यान्वयन हुन अत्यावश्यक भएको छ । अतः भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनका लागि आवश्यक पर्ने तर्जुमा हुन बाँकी कानून निर्माण लगायतका अन्य व्यवस्थाहरू पूरा गर्नका साथै महासन्धि अनुमोदन गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६५।०७।२७ को निर्णय अनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाइएको ।

५. नेपाल सरकारले पैठारीका लागि परिमाणत्मक बन्देज लगाएको, नशालु पदार्थ अन्तरगतको पोस्तादाना, नेपालमा हाहाकार रहेको भनी मोरगं ब्यापार संघबाट सिफारिस गराई तत्कालिन मन्त्री राजेन्द्र महतोको ठाडो तोक आदेशले अफगानीस्तानबाट १००० मे. टन आयात इजाजत दिई सम्वन्धित फर्म धनीहरूलाई थाहा नदिई उनिहरूको नामबाट आयात गरी राष्ट्रकै छवि विगार्ने गैह्र कानूनी कार्य गर्न लागेकाले आवश्यक कारबाही गरी पाँउ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा नेपाल सरकारबाट निकासी पैठारी ऐन, २०१३ को दफा ३ को अधिकार प्रयोग गरी २०५५।६।२६ गतेको राजपत्रमा परिमाणात्मक बन्देज लगाएको पोस्ता दाना, मिति २०६४।४।३१ गतेको मन्त्रीस्तरिय निर्णयले आ.व. ०६४।०६५ का लागी १००० मे. टन स्वीकृत प्रकृया अन्तरगत रही पैठारी गर्न पाउने गरी परिणाम तोकी २०६४।५।२८ गतेको राजपत्रमा सूचना प्रकाशित भएको देखिएकोले, परिमाणात्मक बन्देज लगाइएको बस्तु आयात इजाजत दिँदा मन्त्रीस्तरीय निर्णय हुने अथवा मन्त्रिपरिषदबाट नै निर्णय हुनु पर्ने हो ? सोको मन्त्रिपरिषदबाट नितिगत निर्णय गरेर मात्र

आयात इजाजत प्रदान गर्न आयोगको मिति २०६६।३।२३ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयलाई लेखी पठाइएको ।

६. नेपाली सेनाको सम्भार रथी विभाग प्राप्तीबाट आर्थिक वर्ष ०६५।६६ को सामान खरिद गर्ने क्रममा भ्रष्टाचार भएको, Camouflage Fabric खरिद प्रकरणबाट शुरु भएको आर्थिक अनियमितताको सिलसिला Chad Mission सो Heavy तथा Light Categories का गाडीहरू खरिद गर्ने क्रममा पुग्दा भ्रष्टाचार तथा आर्थिक अनियमितता चरम विन्दूमा पुगेको, संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति स्थापनार्थ निकट भविष्यमा Minucrat Mission chad मा खटिई जाने फौजको लागि आवश्यक Tentage item को खरिद प्रक्रियामा पनि रीत पूर्वकको Technical Specification र न्यूनतम दररेट कवूल गर्ने कम्पनीलाई छनौट नगरी Specification नमिल्ने र सवैभन्दा उच्चतम दररेट कवूल गर्ने कम्पनीको वोलपत्र स्वीकृत गर्ने मनशायले कारवाही अघि वढाइएको, Minucrat Mission Chad को लागि Heavy 54 units र light 56 units गाडीमा पनि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ विपरीत कार्य भएको, भारतमा निर्मित कुनै सामग्री नेपाल आयात गर्दा प्रतितपत्र भारतीय रूपैंयामा खोल्नु पर्नेमा, US dollar मा खोलिएको, सामानहरूको Life cycle, Durability, reliability आदिलाई अध्ययन नगरी देशलाई १५ करोडको घाटा हुने गरी हतारमा उक्त वोलपत्रहरू रक्षा मन्त्रालयमा पेश गरिएको हुँदा आवश्यक कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगबाट मिति ०६६।१।२९ मा छानविन गरी यथार्थ प्रतिवेदन १ महिना भित्र पेश गर्न रक्षा सचिवलाई लेखी पठाइएको र रक्षा सचिवबाट निवेदकले दावी गरेको जस्तो प्रकृतिका अनियमितता तथा आर्थिक भ्रष्टाचारका सम्वन्धमा सैनिक ब्यक्तिका हकमा अनुसन्धान तथा तहकिकात गर्न सैनिक ऐन, २०६३ को दफा ६२ ले समितिको व्यवस्था गरेको र सो समिति गठन भई समितिले कामकाज गरिरहेको भन्ने जवाफ प्राप्त भएको पाइँदा प्रस्तुत उजुरी उपर आवश्यक छानविन तथा कारवाही गर्न आयोगको मिति २०६६।३।२४ को निर्णय अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखि पठाइएको ।

(झ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. काठमाडौं सुन्धारा बस्ने मनोहर वर सिंह थापा समेतको नाममा काठमाडौं कीर्तिपुर नगरपालिका बाहिर र भक्तपुर चितपोल, दधिकोट समेतमा रहेको जग्गा हदवन्दी फुकुवा नै नगरी नामसारी बिक्री वितरण गर्ने कार्य भएकोले कारवाही गरी पाउँ भनी राष्ट्रप्रेमीको नाममा परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं सुन्धारा बस्ने नेत्र कुमारी थापाको नाममा नापी हुँदा काठमाडौं किर्तिपुर बाहिरी गाउँका विभिन्न कित्ता जग्गाहरू नाप नक्सा भै दर्ता गर्न बाँकी रहेको र निज नेत्र कुमारी तथा काठमाडौं सुन्धारा बस्ने भैरव वर सिंह थापा, रेजवर सिंह थापाको भक्तपुर जिल्लामा पनि विभिन्न ठाउँका जग्गा नापी नक्सा हुँदा निजहरूको नाममा नापनक्सा भै दर्ता बाँकी रहेको देखियो । निज तिनै जनाको मृत्यु पछि उक्त नापनक्सा भै दर्ता बाँकी जग्गाहरू दर्ता नामसारी गर्न निजहरूका हकदारहरू मालपोत कार्यालयमा आएको पाइयो । उल्लेखित ब्यक्तिहरूको नाममा नापनक्सा भएका ती जग्गाहरू हदबन्दी फुकुवा नभएका जग्गा हुन भनी उजुर परेको देखिएको र जग्गा हदवन्दी

भित्रका हुन् वा बाहिरका हुन् हदवन्दी सम्बन्धि छानविन गर्ने निकाय भूमि सम्बन्धी ऐन, २०२१ ले सम्बन्धित भूमि सुधार कार्यालय देखिन आउँछ । अतः आयोगको मिति २०६५।४।२१ को निर्णय अनुसार काठमाडौं सुन्धारा बस्ने नेत्र कुमारी थापा, भैरव वर सिंह थापा, रेजवर सिंह थापाको नाममा नाप नक्सा भएका काठमाडौं तथा भक्तपुर जिल्ला स्थित विभिन्न कित्ताका जग्गाहरू हदवन्दी भित्र वा बाहिरका के हुन् भूमि सम्बन्धि ऐन, २०२१ बमोजिम छानविन गरी ३ महिना भित्र टुंगो लगाउन भूमिसुधार कार्यालय काठमाडौं र भक्तपुरलाई लेखी पठाइएको ।

२. बारा जिल्ला, अमृतगञ्ज गा.वि.स.वडा नं.१, ७, ८ स्थित श्री रामचन्द्र मठको पूर्ण स्वामित्वमा रहेको गुठी तैनाथि ज.वि.३४-८-१६ को टेण्डर प्रकृया नअपनाई वार्ताद्वारा ३ वर्षको लागि प्रति विगाहा १५ मन धानका दरले ठेक्का दिई अनियमितता गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उपरोक्त ठेक्का बन्दोवस्त टेण्डर प्रकृयाबाट गरी गुठी संस्थानलाई बढी आय आर्जन गर्नु गराउनु पर्नेमा टेण्डर प्रकृयाबाट ठेक्का नलगाई वार्ताद्वारा ठेक्का लगाएकोलाई कानून सम्मत मान्न सकिएन । यस वर्षको वाली लगाउने समय व्यतित भैसकी हाल ठेक्का पाउने व्यक्तिद्वारा वाली लगाइसकिएको स्थिति हुँदा उक्त ठेक्का बन्दोवस्त पूर्ण रूपमा सच्याउन सकिने स्थिति पनि व्यवहारिक रूपमा रहेन । अत : आगामी वाली देखिको लागि समयमै टेण्डर प्रक्रियाबाट ठेक्का वन्दोवस्त गर्न मिति २०६४।१२।११ मा भएको ठेक्का सम्झौता सो हदसम्म वदर गरी यस वर्ष १५ मन प्रति विघामा नघट्ने गरी टेण्डर प्रक्रियामा गई दुष्परिमाण सच्याउन आयोगको मिति २०६५।५।२७ को निर्णय अनुसार गुठी संस्थानलाई लेखी पठाइएको ।

३. अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको ढल निर्माण सुधार आयोजना अन्तरगत साविक, २०२१ सालको नापिको समयको वागमती नदीले चर्चेको जग्गा र सो अन्तरगतका सरकारी सार्वजनिक पर्ति, प्रकृतिका जग्गा अतिक्रमण भै वागमति नदीको प्राकृतिक बहाव नै परिवर्तन भैरहेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा ऐतिहासिक तथा धार्मिक महत्वको वागमती नदीले साविक २०२१ सालको नक्सा अनुसार चर्चेको जग्गा व्यापक अतिक्रमणको मारमा परिरहेको विषय, रावल आयोगको प्रतिवेदन, हालको नया नापीको नक्सानुसार वागमती नदीले चर्चेको क्षेत्र, हाल वागमती नदीको बहावको अवस्था र अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समितिले उपलब्ध गराएको जानकारी तथा छलफलबाट समेत उक्त वागमती नदी क्षेत्रको जग्गा व्यक्तिहरूबाट व्यापक रूपमा अतिक्रमण भैरहेको देखिंदा उक्त जग्गा संरक्षण गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अधिकार सम्पन्न वागमति सभ्यता एकिकृत विकास समितिलाई एक आपसमा आवश्यक समन्वय समेत गरी प्रभावकारी रूपमा खोजविन, संरक्षण र व्यवस्थापन गर्न, काठमाडौं जिल्ला वडा नं ३४ सिट नं. ०२-११४७-०९ कि.नं ११२ क्षेत्रफल ११-१-०-० को जग्गा नयाँ नापीका बखत ब्लकमा नापी गरी नदी किनारको सरकारी जग्गा व्यक्तिको नाममा नाप नक्सा भै गएकोमा आयोगको मिति २०६५।५।१५ को निर्णयले ब्लकमा नापी भै व्यक्तिका नाममा घुसाई नाप नक्सा भएको कूल क्षेत्रफल ११-१-०-० मध्ये ६-०-२-० सरकारी सार्वजनिक जग्गा नेपाल सरकारका नाममा कायम गर्न लेखि पठाइएको । यस्तो अवस्थामा काठमाडौं उपत्यका लगायत देशभरका सरकारी, सार्वजनिक पर्ति लगायतका जग्गाहरूको भौतिक रूपमानै

खोजविन, संरक्षण र व्यवस्थापन गर्ने प्रभावकारी संस्थागत संरचनाको समेत अभाव देखिएकाले यस प्रकारको जग्गाहरूको प्रभावकारी रूपमा खोजविन, संरक्षण र व्यवस्थापन समेत गर्ने कार्यका लागि उपयुक्त तथा प्रभावकारी संस्थागत संरचनाको व्यवस्था गर्न आयोगको मिति २०६५।०७।०३ को निर्णय अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएको ।

४. मध्यपुर ठिमी नगरपालिका वडा नं.१६ दिव्यश्वरी ६ ख. कि.नं.३४५ को अरनीको राजमार्गको दक्षिणतर्फ रहेको दिव्यश्वरी वाटिका निर्माण स्थलको करौडौ मूल्य पर्ने सार्वजनिक जग्गा मालपोत कार्यालय भक्तपुर समेतको मिलोमतोमा दुइ रोपनी नौ आना जग्गा व्यक्तिका नाममा दर्ता गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा गुहेश्वरी देखि गोकर्ण व्यारेज सम्म नदी किनारका जग्गा अधिग्रहण गरी नदी क्षेत्र र किनारमा ढल निर्माण लगायतका कार्यक्रम संचालन गर्ने सिलसिलामा अधिकार सम्पन्न वागमती क्षेत्र ढल निर्माण सुधार आयोजनाबाट मिठाराम दाहाल, ईश्वरी प्रसाद खतिवडा, मजराम पण्डित, धनकुमारी दाहाल, दावा लामु शेर्पा समेतको वागमती नदी किनाराका निजहरूको जग्गा अधिग्रहण भएको पाइयो । उक्त अधिकरणमा परेको जग्गाहरूको सम्बन्धमा जग्गाधनिहरूलाई जग्गाको सट्टा भर्ना संभव भएसम्म उल्लेखित क्षेत्रको जग्गा नै सट्टा भर्ना दिने र जग्गा नपुग भएमा नियमानुसार मुआव्जा दिने भनी मन्त्रिपरिषदको वैठक संख्या २९।०५७ मा निर्णय (मन्त्रिपरिषदको च.नं.२९५।०५७ मिति २०५७।३।२६) को पत्र मिसिल संलग्न पाइयो । तर मन्त्रिपरिषदको उक्त निर्णय विपरित अधिकार सम्पन्न वागमती क्षेत्र ढल निर्माण सुधार आयोजना मुआव्जा निर्धारण समिति काठमाण्डौंको मिति ०६३।१२।१५ र ०६४।१।१० को निर्णयले निज जग्गा धनि वागेश्वरी गुठी (मोहि मिठाराम दाहाल) का नाममा ०-१५-०-० इश्वरी प्र.खतिवडाका नाममा ०-८-१-१, भजराम पण्डितका नाममा ०-३-३-०, धनकुमारी दहाल समेतका नाममा ०-५-०-२ र दावा लामु शेर्पाका नाममा ०-९-३-० जग्गा अर्को जिल्ला भक्तपुर दिव्यश्वरी ५(ख) कि.नं.३४५ को जग्गाबाट सट्टा भर्ना दिइएको पाइयो । मन्त्रिपरिषदको उल्लेखित निर्णयबाट गुहेश्वरीदेखि गोकर्ण व्यारेजसम्म वाग्मती नदी किनारको जग्गा अधिकरण गर्ने विषयमा जग्गा प्राप्त गर्दा जग्गाका जग्गा धनिहरूलाई जग्गाको सट्टा संभव भए सम्म उल्लेखित क्षेत्रको नदी उकास, ऐलानी एवं सार्वजनिक पर्ति जग्गाबाट जग्गा नै सट्टा भर्ना उपलव्ध गराउने जग्गा सट्टा भर्ना दिन नपुग भएमा नियमानुसार मुआव्जा दिने निर्णय भएको स्थितिमा त्यसरी जग्गा सट्टा भर्ना दिदा जे जुन सुकै ठाउँको सार्वजनिक, सरकारी, पर्ति जग्गा अधिकार सम्पन्न वागमती क्षेत्र ढल निर्माण सुधार आयोगले दिन पाउनेगरी अनियन्त्रित तवरबाट अधिकार दिइएको उक्त मन्त्रिपरिषदको उल्लेखित निर्णयको व्यहोराबाट देखिन आउदैन । अतः मुआव्जा निर्धारण समिति काठमाण्डौंले भक्तपुर दिव्यश्वरी ५(ख) कि.नं. ३४५ बाट मिति २०६३।१२।१५ र २०६४।१।१० मा जग्गा धनि वागेश्वरी गुठी (मोहि मिठाराम दाहाल) का नाममा ०-१५-०-० इश्वरी प्र.खतिवडाका नाममा ०-८-१-१, भजराम पण्डितका नाममा ०-३-३-०, धनकुमारी दहाल समेतका नाममा ०-५-०-२ र दावा लामु शेर्पाका नाममा ०-९-३-० जग्गा सट्टा भर्ना दिने गरी गरिएको निर्णय र सो को आधारमा मालपोत कायालर्य भक्तपुरबाट उल्लेखित व्यक्तिहरूको नाममा दर्ता श्रेस्ता कायम गर्ने काम मन्त्रिपरिषदको उक्त निर्णय विपरित देखिदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ख वमोजिम साविक वमोजिम नै श्रेस्ता कायम राख्नेगरी दुष्कृति सच्याउन आयोगको मिति

२०६५।०७।१८को निर्णय अनुसार अधिकार सम्पन्न वागमती क्षेत्र ढल निर्माण सुधार आयोजना र मालपोत कार्यालय, भक्तपुरलाई लेखी पठाइएको ।

५. काठमाडौं जिल्ला काभ्रेस्थली गा.वि.स. वडा नं. ५ घ को कि.नं. १२१ को ३ रोपनी र ऐ. वडा नं. ५ ङ को कि.नं. १०७ को २ रोपनी जग्गा कर्मचारी र भू-माफियाको मिलमतोमा तोयानाथ तिमल्सिना समेतका नाममा दर्ता गर्न लागेको हुँदा सो कार्य रोकी पाउँ भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा तोयानाथ तिमल्सेनाकै नाममा धर्मस्थली गा.वि.स. वडा नं. १, ४, २ र ९ मा १२ कित्ता लगायतका प्रमाण पुगेका जग्गाहरू २०४३।३।२५ मा नै दर्ता गर्ने गरी मालपोत कार्यालय डिल्लीवजारबाट निर्णय भएको पाइयो । तर काभ्रेस्थली ५ (ङ) को कि.नं. १०७ क्षे.फ. २-१-० र ऐ. ५ (घ) कि.नं. १२१ क्षे.फ. ३-१-० जग्गाहरू दर्ता नामसारी हुन नसकेको स्थिति रहेकोमा पुनः आफ्नो नाममा दर्ता गर्न निज तोयानाथ तिमिल्सेनाबाट निवेदन गरेको देखियो । उल्लेखित कित्ता नं. का जग्गाहरूको फिल्ड बुकको जग्गा धनि, जोताह महल खाली भै विरह महलमा पर्ति उल्लेख भएकोबाट उक्त जग्गा सरकारी प्रकृतिको जग्गा देखिन आयो । यस प्रकारका जग्गाहरू कसैले पनि आफ्नो हकको प्रमाण पेश गर्न नसकेको र सरकारी प्रकृतिको जग्गा व्यक्तिको नाममा दर्ता गर्न मिल्ने अवस्था नदखिंदा उल्लेखित कि.नं. १०७ र १२१ का जग्गा नेपाल सरकारका नाममा दर्ता गरी दर्ता पुर्जा जिल्ला प्रशासन कार्यालयमा पठाई आयोगलाई पूर्जाको प्रतिलिपी पठाउन आयोगको मिति २०६५।०७।२८ को निर्णय अनुसार मालपोत कार्यालय डिल्लीवजारलाई लेखी पठाइएको ।

६. बर्दिया जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. २ वस्ने पन्नी थरुनी को मोतिपुर गा.वि.स वडा नं २ को कि.नं. ६०० को ज. वि. ०-३-० र ऐ.ऐ. कि.नं. १००९ को ज.वि. ०-१७-० गरी जम्मा ज.वि.१-०-० भतिजा गहुं थारुले लेखन्दास र कर्मचारीहरूलाई मिलाई थारु जातीसमेतको सम्पत्तिको सुरक्षाको लागि लिखत पारित हुंदा प्रमुख जिल्ला अधिकारीको रोहवरमा रकम लिनु दिनु गरी विक्रि वा हक हस्तान्तरण गर्न मन्जुर गरेको व्यहोराको सिफारिस भएपछि मात्र लिखत पारीत गर्नु पर्नेमा सिफारिस नलिइ निज पन्नी थरुनीलाई कुनै जानकारी नदिई मिति ०६१।३।२२ मा हालै देखिको वक्सपत्र पारित गरी गराई लिएको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा तत्सम्वन्धमा लिखत पारित हुन आवश्यक पर्ने सिफासिको अभावमा पारित लिखतलाई कानूनीरूपमा पारित भएको भन्न मिलेन । अतः कानूनी प्रकृया पूरा नभै पारित भएको भनिएको उक्त लिखतबाट हक हस्तान्तरण भयो भन्न नसकिने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख अनुसार दुस्कृति सच्याई उक्त विवादित जग्गा लिखत पारित हुन पूर्व अवस्थामै लैजान आयोगको मिति २०६५।०९।१३ को निर्णय अनुसार सम्वन्धित मालपोत कार्यालयलाई लेखी पठाईएको ।

७. पोखरा - ८ पृथ्वी चोक स्थित कि.नं. १०४ को करिब ३२ रोपनी सार्वजनिक जग्गामा तिब्बतियन शरणार्थीहरू बसोबास गरी आएकोमा सो जग्गा वाङ्गे लामाले आफ्नो नाममा दर्ता गराई आफ्नै श्रीमती डेण्डु लामाको नाममा वण्डापत्र गरी तत्पश्चात निज डेण्डु लामाले भृकटी सुपर मार्केट कम्प्लेक्स प्रा.लि.लाई विक्री गरेकोले सार्जजनिक जग्गा हिनामिना गर्ने सम्वन्धित सबैलाई कारबाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सो जग्गा २०३१ सालको नापीमा निज वाङ्गे

लामाको नाममा नापी भएको, सोही जग्गामा ७७ परिवारका २५० जति तिब्बतियन शरणार्थीहरू बसोबास गरिरहेका, त्यसैमा शरणार्थी बस्ने घर, प्रा.वि., गलैंचा कारखाना, स्वास्थ्य क्लिनिक, सभाहल, बौद्ध गुम्वा, स्तुप, बास्केट बल कोर्ट, व्यापारिक प्रयोजनका सटरहरू, प्रशासकीय भवन लगायतका भौतिक पूर्वाधार रहेका, ती सबै पूर्वाधारहरू शरणार्थीहरूको लागि प्रयोग हुने गरेको, सोही जग्गा निज वाङ्गे लामाले आफ्नी श्रीमती डेण्डु लामालाई अंश दिएको, निज डेण्डु लामाले सो मध्येको जग्गा भृकुटी सुपर मार्केट कम्प्लेक्सलाई हक हस्तान्तरण गरिदिएको भन्ने जिल्ला प्रशासन कार्यालय कास्कीको मिति २०६३।७।१९ च.नं. २६११ र मिति २०६३।१२।७ च.नं. ५४५७ समेतका पत्रहरूबाट लेखी आएको पाइयो, प्राप्त प्रमाण अनुसार सो जग्गा २०३१ सालको नापीबाट श्री वाङ्गे लामाको नाममा नापी भएको देखिन्छ । निज वाङ्गे लामाले सो कि.नं. १०४ क्षे.फ. ३१-१३-०-०.५ को जग्गा मिति २०४८।१।२७ मा आफ्नी श्रीमती डेण्डु लामालाई अंश वापत हक हस्तान्तरण गरी दिएको र निज डेण्डु लामाले सो जग्गा मध्येबाट कित्ताकाट गरी मिति २०५८।५।२१ मा १७-९-०-० जग्गा र मिति २०५८।५।२४ मा ६-९-२-० जग्गा निज वाङ्गे लामा समेत संस्थापक भएको भृकुटी सुपर मार्केट कम्प्लेक्स प्रा.लि. लाई विक्री गरी हक हस्तान्तरण भएको देखिएकोले हाल सो जग्गाको स्वामित्वको स्थिति निम्न अनुसार रहेको पाइयो, यसमा कि.नं. १०४ को जग्गा आफ्नो नाममा दर्ता हुँदाका वखत श्री वाङ्गे लामाले खरिद गरेको कुनै प्रमाण नभएको, कोबाट खरिद गरेको भन्ने कुरा उल्लेख गर्न नसकेको र सो जग्गा तिव्वती शरणार्थी राख्न सरकारले नै उपलब्ध गराएको भन्ने स्थानीय व्यक्ति र उजुर कर्ताको भनाई रहेको र निज वाङ्गे लामाको समेत कानूनी हैसियत तिब्बतियन शरणार्थीको रूपमा रहेको कुरा निजले आयोगमा वयान गर्दा स्वीकार गरेको र निजले मिति २०४२।३।१६ मा मात्र नेपालको अंगीकृत नागरिकता प्राप्त गरेकोले तत्कालीन नापी अधिकृतले हकको स्रोत र जग्गावाला व्यक्ति नेपाली नागरिक हो होइन भन्ने कुराको ख्यालै नगरी २०३१ सालको नापीमा निजका नाममा नापी गरी दिएको र मालपोत अधिकृतले सो जग्गा निजका नाममा नापी गर्दा हकको स्रोततर्फ ध्यान नगरिएको तथा जग्गावाला व्यक्ति नेपाली नागरिक हो होइन भन्ने यकीन गरेर नेपाली नागरिक भएको अवस्थामा मात्र निजको नाममा दर्ता गर्न पर्नेमा सो नगरी नागरिकता बेगर नै मुलुकी ऐन अदलको महलको २ नं. विपरीत निज तिव्वतियन शरणार्थीको नाममा दर्ता गरी दिएको देखिन्छ । तसर्थ उक्त कि.नं. १०४ क्षे.फ. ३१-१३-०-०.५ को जग्गा तत्कालीन मालपोत कार्यालय, कास्कीका मालपोत अधिकृतबाट मुलुकी ऐन अदलको महलको २ नं. विपरीत हुने गरी विदेशी नागरिक श्री वाङ्गे लामाको नाममा त्रुटीपूर्ण दर्ता भएको, निजले २०४२।३।१६ मा मात्र अंगीकृत नागरिकता प्राप्त गरेकोले सो दर्ता वैध हुन नसक्ने भएको । यसरी अवैध दर्ता भएकोमा सोही अदलको महलको २ नं. वमोजिम दर्ता वदर भै जग्गा नेपाल सरकारको नाममा कायम हुने प्रावधान भएको हुँदा आयोगको मिति २०६५।०९।२८ को निर्णय अनुसार उक्त कि.नं. १०४ फोड भई हाल कायम हुन आएका जग्गाको दर्ता मालपोत ऐन, २०३४ को दफा ३२ ख र अन्य प्रचलीत कानूनका आधारमा वदर गरी नेपाल सरकारको नाममा कायम गरी सम्वन्धित व्यक्तिहरूलाई सोही व्यहोरा जानकारी गराउन भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकलाई लेखी पठाइएको ।

८. भौतिक पूर्वाधार नभएको क्षेत्रमा संचालन गर्नुपर्ने जग्गा एकिकरण आयोजना सयौं घर निर्माण भई पूर्वाधार समेतको विकास भएको क्षेत्रलाई समेटेर चःमती जग्गा एकिकरण आयोजना संचालन गरेको, २ बर्ष भन्दा बढी अवधि सम्म घर जग्गा रोक्का राखेको र प्लटिङ्ग गरेका घडेरी फिर्ता दिंदा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा पूर्व विष्णुमती नदी, पश्चिम स्वयम्भु भगवान पाउ वनस्थली सडक, उत्तर वालाजु वनस्थली चक्रपथ (ट्रयाक रोड) र दक्षिण स्वयम्भू भगवान पाउ विजेश्वरी हुँदै शोभा भगवती मन्दिर सम्मको चार किल्ला भित्रको क्षेत्रमा चःमती जग्गा एकिकरण आयोजना लागु भएको देखियो, आयोजना कार्यान्वयनको क्रममा सो क्षेत्रलाई A देखि Q सम्म १७ वटा ब्लकमा विभाजन गरी A, C र Q गरी ३ वटा ब्लक बाहेक अन्य १४ वटा ब्लकमा रिप्लटिङ्ग गरी हालसम्म जम्मा १३० वटा कित्ता जग्गा फिर्ता दिएको र सो मध्ये ३१ वटा कित्तामा नयाँ भवन निर्माणको लागि आयोजनाबाट काठमाडौं महानगरपालिकामा सिफारिश गरेको समेत देखियो, खुल्ला क्षेत्र वापत २.५%, पूर्वाधार निर्माण वापत ५%, सडकको योगदान वापत प्रति मिटर चौडाई सडकको लागि ३.३५% र कर्नर प्लट वापत २.७५% देखि ९.६% सम्म जग्गा धनीहरूले आफ्नो जग्गाबाट योगदान गर्नुपर्ने गरी निर्णय भएको पनि देखियो, आयोजना क्षेत्रका सम्पूर्ण प्लटहरूमा के कति क्षेत्रफल भएको के कतिवटा कित्ता जग्गाहरू एउटै व्यक्तिका भए रहेको छ भनी एकिन गर्न तीनपुस्ते र वतन समेतको विवरण तयार गरी समुच्च जग्गाको क्षेत्रफलका आधारमा योगदान वापतको जग्गा कटाई बाँकी रहेको जग्गा मात्र फिर्ता दिनु पर्नेमा कडाइका साथ सो व्यवस्था लागु गरेको देखिएन, यसबाट एउटै व्यक्तिको वेग्लावेग्लै कित्ताहरूमा योगदान वापतको जग्गा कट्टा गरी ०-२-२-० रोपनी जग्गा फिर्ता पाउने क्षेत्रफल वरावरको जग्गा नभएकोमा समेत प्रत्येक कित्तालाई सो न्यूनतम जग्गा पुऱ्याउन सवै कित्ताहरूमा जग्गा थप गरिदिने गरी निर्णय भए गरेको समेत देखियो । जुनकुरा जग्गा एकिकरण आयोजनाको मुख्य सिद्धान्त एवं नीतिको प्रतिकुल रहेको छ, न्यूनतम ०-२-२-० रोपनी पुऱ्याउन जग्गा थप गरिदिने जग्गा एकिकरण आयोजनाको नीति भएको हुँदा त्यस्ता प्लटहरूको संख्या कम भन्दा कम गर्नु आयोजनाको हितमा हुने भए तापनि त्यसतर्फ आयोजनाले ध्यान दिएको देखिएन, न्यूनतम क्षेत्रफल ०-२-२-० रोपनी वा सो भन्दा वढी क्षेत्रफल भएको विकसित घडेरी प्रतिस्पर्धा गराई वोलपत्र प्रकृयाद्वारा विक्रि गर्ने, सो भन्दा कम क्षेत्रफलको मिलेको घडेरी सँधियारको वीचमा मात्र प्रतिस्पर्धा गरी विक्री गरिने र यी बाहेकका प्राविधिक कारणले जस्तै न्युनतम मोहडा २–०-० र घर बनिसकेको अवस्थामा न्यूनतम सेडब्याक भन्दा वढी हुन गएको जग्गा तथा सडकको पहुँच नपुगेको घडेरीहरूको पछाडि पट्टी र दुइ घडेरीको वीचमा रहेको जग्गाहरू प्राविधिक थपका रूपमा सम्बन्धित घर या जग्गा धनीलाई न्यूनतम मूल्य भन्दा ६०% थप मूल्य लिई जग्गा फिर्ता दिने नीति आयोजनाले हाल अवलम्वन गरेको देखियो । आयोजना संचालन २०६० साल बैशाख ५ गतेको जग्गा अधिग्रहणको सूचना वमोजिम भएको, मिति ०६१।९।२१ मा जग्गाको न्यूनतम मूल्य कायम गरेको, मिति ०६२।१२।१८ देखि जग्गा फिर्ता दिने कार्य शुरु गरेकोमा उक्त न्यूनतम मूल्यलाई बजार भाउ एवं समय सापेक्ष हुने गरी मूल्य पुनरावलोकन नियमित रूपमा नगरेको र ४ वर्ष पश्चात अर्थात मिति ०६५।८।९ को जग्गा व्यवस्थापन उपसमितिको निर्णयबाट बोलपत्र आह्वान गरी विक्री गर्ने जग्गाको न्यूनतम मूल्य, प्राविधिक थपको मूल्य र न्यूनतम जग्गाको मूल्य ०-२-२-० रोपनी पुऱ्याउन थपिएको तथा आयोजना संचालन हुनु अगाडि नै नक्सा पास गरी घर वनाएको अवस्थामा न्यूनतम सेडब्याक पुऱ्याउन थपिएको जग्गा

निर्धारण गरेको पाइयो । जग्गा धनीको नाम, साविक कित्ता, क्षेत्रफल, बाटो, विकसित हुंदाको अवस्थामा उपलब्ध हुने सडक, जग्गाको क्षेत्रफल, पुग,नपुग वा थप जग्गाको विस्तृत विवरण उल्लेख भएको Long Sheet, जसले Reploting नक्सालाई Justify गर्दछ त्यस्तो Long Sheet जग्गा व्यवस्थापन उप-समितिले प्रमाणित वा स्वीकृत गरेको नदेखिएको हुंदा कस्को जग्गा कुन कति र किन भन्ने पुष्टि गर्ने आधारको अभाव देखियो । अतः एउटै जग्गा धनीको के कति जग्गा आयोजना क्षेत्र भित्र छ भन्ने एकिन गर्न ३ पुस्ते सहितको जग्गा सम्वन्धि विवरण तैयार गरी एउटै व्यक्तिको जग्गा एकिकरण गरी आयोजनाको नीति अनुरूप जग्गा फिर्ता गर्न, जग्गा एकीकरणको सामान्य नीति प्रतिकूल हुने गरी थपिएका जग्गालाई सर्भिस प्लट वनाउने, सर्भिस प्लट वनाउन नसकेको अवस्थामा नजिकको सर्भिस प्लटमा गाभ्ने, यी दुवै हुन नसकेको अवस्थामा अर्थात ०-२-२-० रोपनी भन्दा कम मिलेको घडेरी संधियार वीच प्रतिस्पर्धाद्वारा विक्री गर्न small plot को रूपमा व्यवस्था गर्ने, यी सवै हुन नसकेको अवस्थामा मात्र आयोजनाले निर्धारण गरेको प्राविधिक थप मूल्य लिई प्राविधिक थपको रूपमा जग्गा फिर्ता गर्ने, आयोजनाको एकमात्र आय स्रोत जग्गा विक्रीबाट प्राप्त हुने रकम भएको हुंदा प्रत्येक वर्षको कार्यक्रम तथा वजेट स्वीकृत हुनु पूर्व विक्रिका लागि छुट्याइएका सर्भिस प्लटहरूको बोलपत्रको न्यूनतम मूल्य अनिवार्य रूपमा पुनरावलोकन गर्न स्वीकृत भएका Reploting का नक्सा तथा आयोगबाट अनुसन्धानका क्रममा अध्ययन हुंदा १४ वटा व्लकहरूमा आयोजनाको नीति विपरित थप गरिदिएका जग्गाहरूलाई Service Plot का रूपमा व्यवस्थित गर्दा १५ रोपनी भन्दा बढी जग्गा थप Service Plot का रूपमा व्यवस्थापन गर्न सकिने देखिएको र संशोधित दररेट बमोजिम सो को न्यूनतम मूल्य करिव २९ करोड हुने समेत देखिंदा अनुसन्धान प्रतिवेदनमा संलग्न सो थप Service Plot सम्वन्धि तालिका र Adjustment Plan समेतको आधारमा Long Sheet समेत अद्यावधिक र प्रमाणित गरी अभिलेख राख्न, अवआइन्दा स्वीकृत गरिने Reploting नक्सा संग संगै Long Sheet समेत अनिवार्य रूपमा स्वीकृत एवं प्रमाणित गर्न गराउन, सो Long Sheet का आधारमा फिर्ता गर्नु पर्ने जग्गाको क्षेत्रफल यकिन गरेर मात्र जग्गा फिर्ता गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६५।११।५को निर्णय अनुसार चमती जग्गा व्यवस्थापन उप-समितिलाई लेखी पठाइएको ।

९. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १५ स्वयम्भु स्थित घ्याङ्ग गुठीको पुरातात्विक महत्वका मूर्तिहरू हिनामिना र विक्री गरी अनुचित कार्य र भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रस्तुत विषयमा गुठी संस्थान समेतलाई छानविन गरी प्रतिवेदन पठाउन आयोगको मिति २०६४।९।२६ को निर्णयानुसार पत्राचार गरिएकोमा गुठी संस्थान केन्द्रीय लगत तथा अभिलेख शाखा कार्यालयबाट जाँच मुचुल्का गर्दा फाइल संलग्न मिति २०६५।७।३ को मुचुल्कामा साविक लगत अनुसारको हाल भएको अवस्थाको सि.नं. ३, ४, ५, ६, ७, ९, १०, ११, १८ र मिति २०३१।९।९ को लिखित लगत अनुसार क्र.सं. १८, १९, २६, २९, ३३, ३९ समेतका चादीका गरगहना, पित्तल, तामा, ढलौटका सामान तथा भाडावर्तन समेतका सामान कोही नभएको तथा कोही साविक भन्दा कम तौलमा भएको पाइएको, यस सम्वन्धमा गुठी संस्थान केन्द्रीय लगत तथा अभिलेख शाखाबाट रुजु जाँच भएको जाँच मुचुल्का हेर्दा केही सामान नभएको देखिएकोले नपुग सरसामान सम्वन्धमा जिम्मेवार व्यक्ति झिकाउन लगाई सोधपुछ गरी केन्द्रीय कार्यालयको निर्णय निर्देशन

लिएर कारवाही गरिने व्यहोरा समेत उल्लेख भएको पाइदा प्रस्तुत विषय प्राचिन तथा पुरातात्विक सामानहरूको उचित संरक्षण भएको नभई गुठी संस्थान केन्द्रीय कार्यालयबाट प्रस्तुत विषयमा छानविन गरी उक्त गुठीको गरगहना, भाडा वर्तन तथा प्राचिन तथा पुरातात्विक सामान यथास्थानमा राखी दोषी उपर ३ (तीन) महिना भित्र कारवाही गर्न आयोगको मिति २०६५।१२।३को निर्णय अनुसार गुठी संस्थान केन्द्रिय कार्यालयमा पठाइएको ।

१०. पर्सा जिल्ला अलौ गा.वि.स. वडा नं. ६ कित्ता नं. ४२ क्षेत्रफल ०-०-३ विगाहा जग्गा भन्दा दक्षिण पूर्वतर्फको जग्गा मिचिएको र नापीका कर्मचारीहरूको समेत मिलेमतोमा नक्सामा फेरवदल गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पर्सा जिल्ला अलौ गा.वि.स. वडा नं. ६ कित्ता नं. ४२ को पूर्व तर्फको त्रिभुजाकार जग्गामा कुनै कित्ता नं. उल्लेख नभएको र अन्य कुन कित्ता नं. तर्फको हो एकिन गर्न सकिएन भन्ने नापी कार्यालय पर्साबाट लेखी आएको र सक्कल नक्सामा उक्त कित्ता नं. ४२ र त्रिभुजाकार जग्गाका विचमा कोरिएको देखिए तापनि सक्कल नक्सा जिम्मा दिने लिने क्रममा स्पष्ट जिम्मेवारी नतोकिंदा पर्सा जिल्ला अलौ गा.वि.स. वडा नं. ६ कित्ता नं. ४२ भन्दा पूर्व तर्फको त्रिभुजाकार जग्गा कस्को हो कानून वमोजिम एकिन गर्न नापी कार्यालय पर्सामा र नापी विभाग अन्तरगतका कार्यालयहरूमा सक्कल नापी नक्सा लगायतका महत्वपूर्ण कागजातहरू कार्यालय प्रमुखसँग सुरक्षित राख्ने र त्यस्ता कागजपत्रहरू विशेष कारणवस अन्य कर्मचारीहरूलाई जिम्मामा दिनु पर्दा ती कागजातमा केरमेट फेरवदल आदि हुन नसक्ने व्यवस्था मिलाई जिम्मा दिन र सम्पूर्ण कर्मचारीहरूको कार्य विवरणका आधारमा स्पष्ट रूपमा जिम्मेवारी तोक्ने व्यवस्था मिलाउन आयोगको मिति २०६५।१२।१६ को निर्णय अनुसार नापी विभागमा लेखी पठाइएको ।

११. साविक चावहिल वार्ड नं.८ कि.नं.२५, २६, ४२, ४४ का उत्तर साँधबाट धोवीखोला बगिरहेको, २०२२ सालमा नापी नक्सा हुँदा खोला जनिएको हाल नापीमा नगर ७ (ज्ञ) १०२७-१८ कि.नं.८५, ७४, ७५, १७५, १७६ समेत भइ नाप नक्सा भएका जग्गाहरू कसैका नाममा दर्ता नगरी सार्वजनिक कायम गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं महानगरपालिका वडा नं.७ सिट नं.१०२-१०२७-१८ कि.नं.७४ क्षे.फ.३-४-१-२ मध्ये १-३-०-० साविकको धोवीखोला घुसेको भाग मिति २०६०।८।१७ मा कित्ताकाट गरी कि.नं.३६६ क्षे.फ.१-३-०-० नेपाल सरकार साविक धोवीखोला भनि कट्टा गरी सकेको पाइयो । कि.नं.८५ को क्षे.फ.०-३-०-३ मध्ये ०-१-१-० धोवीखोलाको जग्गा घुसी नाप नक्सा भएकोमा कि.नं.८५ बाट कित्ताकाट गरी कि.नं.३७४ क्षे.फ.०-०-१-१ मात्र नेपाल सरकारको नाममा कायम गरेको देखिएको र ०-०-३-३ कट्टा गर्न बाँकी रहेको देखियो, कि.नं.७५ को क्षे.फ.०-९-२-३ मध्ये ०-५-१-२ साविक धोवी खोला घुसेको, कि.नं.१७५ क्षे.फ.१-७-२-० मध्ये ०-१०-१-० साविक धोवीखोलाको जग्गा घुसेको र कि.नं.१७६ क्षे.फ.०-१३-१-० मध्ये ०-१-१-२ साविक धोवीखोलाको जग्गा घुसेको भाग कट्टा गरेको भने देखिन आएन, सरकारी तथा सार्वजनिक जग्गा सम्बन्धमा मालपोत ऐन २०३४ को दफा २४ को उपदफा २ मा कसैले यो दफा प्रारम्भ हुनु भन्दा अघि पछि कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वत: वदर हुने छ । त्यस्तो जग्गा व्यक्ति विशेषको नाममा रहेको दर्ता लगत समेत मालपोत कार्यालयले कट्टा गर्ने छ भन्ने कानूनी व्यवस्था भएको

पाइँदा उल्लेख भएको का.म.न.पा.वडा नं.७ सिट नं.१०२-१०२७-१८ कि.नं.८५ बाट नपुग क्षे.फ.०-०-३-३, कि.नं.७५ बाट ०-५-१-२, कि.नं.१७५ बाट ०-१०-१-० र कि.नं.१७६ बाट ०-१-१-२ साविक कि.नं.१४० धोवीखोलाको जग्गा घुसेको भाग सम्बन्धित कित्ताबाट कट्टा गरी नेपाल सरकारको नाममा कायम गर्न आयोगको मिति २०६५।५।२७ को निर्णय अनुसार मालपोत कार्यालय चावहिलमा लेखी पठाइएको ।

१२. काठमाडौ जिल्ला,जोरपाटी गा.वि.स.वार्ड नं.९ (घ) को कि.नं.४८, ४९ को जग्गा सत्र ठाउँको बत्तिस देवता तिर्थ लिङ्गनाथ जात्रा गुठी जग्गा हो पुजारीको नाममा जोताहा कायम भई नापनक्सा भै फिल्डबुक भएको जग्गा हालसालै अन्य व्यक्तिको नाममा दर्ता गरिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा काठमाण्डौ जिल्ला, जोरपाटी गा.वि.स.वार्ड नं.९ (घ) कि.नं.४८ को क्षेत्रफल ७-२-०-० र कि.नं.४९ को क्षे.फ.१२-११-०-० को जग्गा १७ ठाउँका ३२ देवता तिर्थ लिंग जात्रा गुठीको जग्गा भएकोले उक्त जग्गाको मोही म हुँ भनि दावी गरी आशामाया श्रेष्ठ र मदन भट्टको छुट्टा छुट्टै निवेदन परी गुठी लगत तथा तहसिल कार्यालय, भद्रकालीले उक्त जग्गाको फिल्डबुकको जोताहा महलमा मदन भट्टको नाम उल्लेख भएको, निज श्री पशुपतिनाथको सत्र ठाउँ बत्तिस देवता गुठीको पुजारी भएको हुँदा गुठी संस्थान ऐन, २०३३ को दफा २७ (क) मा गुठीको कुनै निश्चित काम गरे वापत जोतभोग गर्न पाउने रकमीले त्यस्तो जग्गाको मोहीयानी हक पाउने छैन भन्ने व्यवस्था भए अनुरूप मोही महलमा पुजारीको नाम कट्टा गर्ने र प्रमाणको अभावमा आशामाया मोही हुन नसक्ने भनि मिति २०५४।१०।२१ मा निर्णय गरेको पाइयो । सो निर्णय उपर मदन भट्टको सर्वोच्च अदालतमा रिट परी मोही सम्बन्धी विवादको टुंगो लगाउने क्षेत्राधिकार भूमि सुधार कार्यालयलाई भएको हुँदा गुठीको उक्त २०५४।१०।२१ को निर्णय उत्प्रेषणको आदेशद्वारा मिति ०५८।८।२ मा वदर भएको देखियो । तत् पश्चात भूमिसुधार कार्यालयमा मोही म हुँ भन्ने उल्लेखित पक्षहरूको निवेदन परी भूमि सुधार कार्यालय, काठमाडौंबाट मिति २०६४।८।९ मा आशामाया श्रेष्ठ मोही कायम हुने गरी निर्णय भएको पाइयो । उक्त निर्णयमा चित्त नबुझी मदन भट्टको पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी उक्त अदालतबाट मिसिल समेत माग भएको अवस्था देखियो । उल्लेखित विवादमा भू.सु.का.काठमाडौंबाट गुठी संस्थानलाई समेत विपक्षी कायम गरी फैसला भई पुनरावेदनको म्याद समेत दिने भनी फैसलामा बोलिएको भए पनि पुनरावेदनको म्याद दिइ सकेको अवस्था भने भू.सु.का.काठमाडौं एवं गुठी संस्थानको पत्रबाट देखिन आएन । गुठी जग्गाको संरक्षण सम्वद्धन गर्ने काम मूलत गुठी संस्थानको रहे भएको कुरामा कुनै विवाद देखिदैन । अत : भूमि सुधार कार्यालयबाट भएको उक्त निर्णय उपर गुठी संस्थानको पुनरावेदन गर्न पाउने अवस्था बाँकी नै रहेको र मदन भट्टको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परी मुद्दा विचाराधिन रहेको देखिंदा अदालतमा विचाराधिन रहेको विषयमा आयोगबाट हाल कोही बोली रहनु परेन । तसर्थ: गुठी संस्थानलाई फैसलाको प्रतिलिपी राखी पुनरावेदनको म्याद दिन भू.सु.का.काठमाडौंलाई र उक्त फैसला उपर कानून बमोजिम समयमै पुनरावेदन गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६५।६।८ को निर्णय अनुसार गुठी संस्थानलाई लेखी पठाइएको ।

१३. बुटवल नगरपालिका वा.नं. ८(क) को कि.नं. १, १०० र १०३ का सार्वजनिक जग्गाहरू विभिन्न व्यक्तिहरूले नगरपालिका, वन क्षेत्र सुदृढीकरण आयोग, नापी शाखा र मालपोत कार्यालय समेतको मिलेमतोमा बद्नियतपूर्ण ढंगले दर्ता गराउन लागेकोले सार्वजनिक जग्गाको सुरक्षा गरिपाउँ भन्ने विषयको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा तत्कालिन विशेष प्रहरी विभागमा दर्ता भै सोही विभागबाट अनुसन्धान हुँदाका क्रममा उक्त विभागको मिति ०४८।६।११ को पत्रबाट उजूरीमा उल्लेखित कि.नं. १, १०० र १०३ का जग्गाहरू अर्को आदेश नभएसम्मका लागि रोक्का राखिएकोमा ति प्रत्येक कित्ताहरूको वास्तविक स्थिति भिन्न भिन्न देखिन आएको छ । कित्ता नं. १ को ३-१३-५ विगाह जग्गा २०२८ सालको सर्भे नापीका बखत देखि नै फिल्डबुक उतारमा ऐलानी जनिइरहेको अवस्था छ । फिल्डबुकमा ऐलानी जनिइरहेको अवस्था भए तापनि उक्त कित्ता भित्रका सवैजसो जग्गाहरू विटौरीमा दर्ता भै भोगचलन हुँदै आएको तथ्य बुटवल नगरपालिकाबाट प्राप्त बिटौरी स्वामित्व सम्बन्धी कागजात, सोही कार्यालयले स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्न गठित ६ सदस्यीय कार्यदलको प्रतिवेदन तथा नापी शाखा रूपन्देहीले सो जग्गामा विद्यमान भोगको अवस्था के कस्तो छ भन्ने बारेमा यस आयोगमा दिएको प्रतिवेदन समेतबाट देखिन्छ । उक्त कित्ता नं. १ मा ल.नं.१६१ र ५७३ का जग्गाहरू पाइएको भन्ने समेत उपरोक्त प्रतिवदेनहरूले औंल्याएका छन । कित्ता नं. १०० को क्षेत्रफल १-०-५ विगाह जग्गा सर्भे नापीका बखत फिल्डबुकमा खोला जनिएको छ । माथि उल्लेख गरिएका प्रतिवेदनहरूबाट पनि सो क्षेत्र खोला नै रहेको र विटौरी तथा कोदालेको माध्यमबाट कसैको स्वामित्व पनि नरहेको देखिन्छ । सो कि.नं.का केही जग्गाहरू भने सुकुम्बासी समस्या समाधान आयोगबाट केही कित्ताकाट भै गएको भन्ने नापी शाखाबाट प्राप्त ०६५।३।११ को पत्रमा उल्लेख गरिएको छ । यस जग्गामा खोला मिची बसोबास भएको भन्ने समेत उक्त प्रतिवेदनमा उल्लेख छ । कित्ता नं. १०३ को ०-१४-५ विगाह जग्गा सर्भे नापीका बखत फिल्डबुकमा बाटो जनिएको छ । उक्त माथि उल्लेखित प्रतिवेदनहरूले सो जग्गाको दक्षिणतर्फ सडकमै पर्ने गरी बिना प्रमाण केही व्यक्तिहरूले अस्थायी कच्चि घर बनाई बसोबास गर्दै आएको कुरा उल्लेख गरेका छन । यस जग्गा मध्येको १५ धुर जग्गा विटौरी देखिएको र सार्वजनिक सूचना जारी गर्दा समेत कसैले पनि कोदाले जग्गाको प्रमाण पेश गर्न नसकेको भन्ने समेत बुटवल नगरपालिकाको माथि वर्णित प्रतिवेदनमा उल्लेख छ । यो सडक साविकमा ५४ फिट चौडा भएको र तत्कालिन नगरपालिकाको मिति २०४४।१२।१४ को निर्णयले २५ फिट चौडा मात्र बनाई बाँकी जग्गा विभिन्न व्यक्तिका नाममा दर्ता गराउन सिफारिस गरेको भन्ने कुरा तत्कालिन विशेष प्रहरी विभागको अनुसन्धान प्रतिवेदनले औंल्याएको अवस्था एकातिर देखिन्छ भने नापी शाखाको मिति ०६५।३।११ प्रतिवेदनमा उक्त सडक हाल करिव ३० फिट चौडा रहेको औंल्याएको छ । यसरी ५४ फिट चौडा बाटोलाई तत्कालिन न.पं. ले कम गर्ने निर्णय गरे पश्चात बाँकी रहेको जग्गा जगतबहादुर भन्ने वतन पत्ता लाग्न नसकेको व्यक्तिले कोदाले देखाई विभिन्न व्यक्तिहरूका नाममा राजिनामा पास गरेको तर हाल ति जग्गाहरूको धनी पूर्जा नबन्दै रोक्का रहेको अवस्था छ । कित्ता नं. १, १०० र १०३ का जग्गाहरूमा विटौरी वा कोदालेको माध्यमबाट दर्ता भै भोगचलनमा रहेका जग्गाहरू बाहेकका सवै जग्गाहरू सार्वजनिक कायम गर्न र उक्त जग्गाहरूमा विटौरी वा कोदालेको माध्यमबाट भोग चलन भएका जग्गाहरूलाई सम्बन्धित व्यक्तिहरूकै नाममा दर्ता गराउने तर्फ आवश्यक कार्य गर्न गराउन जिल्ला प्रशासन कार्यालय, रूपन्देहीका प्रमुख जिल्ला अधिकारीको

संयोजकत्वमा, प्रमुख मालपोत अधिकृत रूपन्देही, प्रमुख, नापी शाखा रूपन्देही र कार्यकारी अधिकृत, बुटवल नगरपालिका समेत रहेको एउटा कार्यदल बनाई आवश्यक सिफारिस र कार्यान्वयन गर्न गराउन,उक्त कार्यदलले ३ महिना भित्रमा सार्वजनिक जग्गाहरूलाई नेपाल सरकारका नाममा कायम गराई धनीपूर्जा जिल्ला प्रशासन कार्यालय रूपन्देहीमा सुरक्षित राख्न लगाउन र रैकरमा परिणत गरिएका जग्गाहरूको धनिपूर्जा मालपोत कार्यालय मार्फत सम्बन्धित धनीलाई बुझाउन आवश्यक कार्यहरू गर्न गराउन,उक्त कार्यदलले गरेका सिफारिस, निर्णयहरू र मालपोत कार्यालयले उपरोक्तानुसार गरेका निर्णयहरूको जानकारी जिल्ला प्रशासन कार्यालय, रूपन्देहीले यस आयोगलाई जानकारी गराउन लागि आयोगको मिति २०६५।६।९को निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय र उक्त कित्ता नं. हरूका जग्गाहरू मध्ये दर्ता भै धनिपूर्जा वितरण गरिएका जग्गाहरू मात्र धनिपूर्जा वितरण गरे पश्चात विषेश प्रहरी विभागबाट राखिएको रोक्का तुरुन्त फुकुवा गर्न मालपोत कार्यालय, रूपन्देहीलाई आयोगको मिति २०६५।६।९को निर्णय अनुसार लेखी पठाइएको ।

१४. झापा जिल्ला दमक नगरपालिका वडा नं. १३ भित्रका सार्वजनिक ऐलानी पर्ति जग्गामा वसोवास गर्दै आएका व्यक्तिहरूलाई जग्गा धनि दर्ता श्रेस्ता वनाइदिने भनी प्रति व्यक्ति रु. ७००।- देखि रु. ३५००।- सम्म लिएको भन्ने समेत व्यहोराको सम्बन्धमा अनुसन्धान हुँदा व्यक्तिले पुर्जा पाइसकेको अवस्था वाहेकको केशमा सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता गर्न नेपाल सरकार (मन्त्री परिषदको) निर्णय आवश्यक पर्ने भएकोले यस विषयमा कारवाही अगाडि वढाइरहन नपर्ने भन्ने भूमि सुधार कार्यालय झापाले पत्र लेखि तत्कालिन सुकुम्वासी समस्या समाधान आयोगको निर्णय, फिल्ड चेक रजिष्टर लगायतका कागजात ७ नं. नापि गोश्वराबाट माग भै भूमि सुधार विभागबाट राय माग गर्दा विभागले राय दिएको पत्रमा देखिएको, निवेदक भिष्म अधिकारीको निवेदनमा निवेदकको माग वमोजिमका कागजातहरू सम्बन्धित कार्यालयमा पठाउने व्यवस्था मिलाउन मन्त्रीको आदेश भएको पाइयो, ७ नं. नापी गोश्वरा झापाले दमक नगरपालिका वडा नं. १३ भित्रको साविकमा ऐलानी पर्ति जग्गालाई साविकदेखि भोग कायम भैरहेको, पुर्जा तयार भने हुन नसकेको, केन्द्रिय उपाध्यक्षबाट समर्थन भएको, दर्ता प्रकृया बाँकी रहेको, फिल्ड चेक भै रजिष्टर तयार भैसकेको, हकदावी सूचनाको आधारमा २१ दिने सूचना जारी गरिएको, पारिवारिक लगत, जनसंख्या कार्ड, घरधुरी कर तिरेका, नागरिकताको प्रतिलिपि समेतको आधार लिई विगतमा गठन भएका सुकुम्वासी समस्या समाधान आयोग वा समितिहरूबाट भएका निर्णयहरूका आधारमा जग्गा नापजाच ऐन २०१९ को दफा ६ (५) वमोजिम भोग र घरवासका आधारमा ११५ जना व्यक्तिहरूका नाममा दर्ता गरी श्रेस्ता पुर्जा तयार गर्न मिति २०६५।३।५ मा प्रमुख नापी अधिकृतबाट निर्णय भएको पाइयो, जग्गा नाप जाच ऐन, २०१९ को दफा ६ (५) मा .... ऐलानी जग्गा, सार्वजनिक जग्गा र निर्धारित भएको वन सिमाना भित्रको जग्गा वाहेक दर्ता तिरो केही नभई परापूर्व देखि वेनिस्सा हक भोग भई आवाद गरी खाइ आएको जग्गावालाले पनि सो जग्गा दर्ता गराउनु पर्दछ भन्ने व्यवस्था रहेको देखियो । दमक नगरपालिका वडा नं. १३ लगायत सार्वजनिक जग्गा वसोवास गरी आएका विभिन्न व्यक्तिहरूको नाममा जग्गा दर्ता गर्न विगतमा गठन भएका आयोग एवं समिति एवं हाल आएर भूमिसुधार तथा व्यवस्था मन्त्रीको आदेशबाट ७ नं. नापी गोश्वारा कार्यालय झापाले जग्गा दर्ता गर्ने काम कारवाही गरेको सम्बन्धमा जग्गा दर्ता कार्यविधि, जग्गा नापजाच ऐन, २०१९

लगायतका व्यवस्था पालना भएको पाइएन । उपरोक्त नापी गोश्वाराको जग्गा दर्ता सम्बन्धी काम कारवाहीलाई छानविन गर्न एवं समस्याको पहिचान गरी आवश्यक निर्णय लिन भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई आयोगको मिति २०६५।७।१७को निर्णय अनुसार लेखी पठाईएको ।

१५. नेपालगञ्ज नगरपालिका साविक वडा नं. ११ कि.नं. ५१५ क्षे.फ. १०-७-१६ जग्गा सवै जात, जाती, भाषा, भाषी, धर्म संस्कृतिका व्यक्तिहरूले प्रयोग गरी आइरहेकामा रहस्यमय ढङ्गले कर्वला संरक्षण समितिको नाममा दर्ता नामसारी गर्ने प्रयास भैरहेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा साविक नेपालगंज ११ कि.नं. ५१५ जग्गा कुनै व्यक्तिगत भोगचलनमा नरहेको, सार्वजनिक पोखरी रहेको, वहुसंख्यक जनताको उजुरीबाट समेत सार्वजनिक प्रकृतिको देखिन आएको र नापिका समयदेखि हालसम्म कोही कसैले आफ्नो हक पुग्ने प्रमाण पेश गर्न नसकेको देखिएकोले यसप्रकार सार्वजनिक महत्वका पोखरी जमिनको संरक्षणको प्रभावकारी व्यवस्था समेत हुनुपर्ने देखिंदा उपरोक्त सार्वजनिक जमिन नेपाल सरकारका नाममा दर्ता गरी प्रमाण पुर्जा जिल्ला प्रशासन कार्यालयमा पठाई आयोगलाई जानकारी पठाउन आयोगको मिति २०६५।७।२८ को निर्णय अनुसार मालपोत कार्यालय नेपालगन्जलाई लेखी पठाइएको ।

१६. काठमाडौं जिल्ला मूलपानी गा.वि.स. वडा. नं. ८ ख को करिव १७१ रोपनी जग्गा हदवन्दीमा कारवाही नगरी अनियमित तरिकाले षडानन्द प्रसाद उपाध्याय र भरतमणि आ.दि. तथा विजयमणि आ.दि. को नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा काठमाण्डौ जिल्ला मूलपानी गा.वि.स.वडा. नं. ८ ख को साविकमा मेघकुमारी उपाध्याय (ढुंगेल) को नाममा नापी भएको कि.नं. ७७ को रोपनी ३०-६-३, कि.नं. ८९ को ०-९-१, कि.नं. १४२ को १७-५ र कि.नं. १४४ को २२-३-२ जग्गा छुट जग्गा दर्ता अन्तर्गत कारवाही भई मालपोत कार्यालय चावहिलको मिति २०६२।३।२० को निर्णय बमोजिम षडानन्द प्रसाद उपाध्यायको नाममा नामसारी दर्ता गर्ने निर्णय गरेको । यसैगरी मूलपानी गा.वि.स. वडा.नं. ८ ख कै साविकमा भरतमणि आ.दि. को नाममा नापी भएको कि.नं. ८८ को रापनी ७-६-१ कि.नं. ९० को ३-२-१, कि.नं. ९१ को १३-५-२, कि.नं. ९२ को ४-९-१, कि.नं. १३३ को १२-१-१ कि.नं. १३६ को १-६-१, कि.नं. १३७ को ९-९-२ कि.नं. १३८ को ३-१४-२, कि.नं. १३९ को ३०-५-२, कि.नं. १४० को ५-३-२, कि.नं. १४१ को ७-५-१, कि.नं. १४३ को २-६-१, कि.नं. १४८ को ०-१०-२ र कि.नं. १५० को १-३-१ जग्गा छुट जग्गा दर्ता अन्तर्गत कारवाही चलाई मालपोत कार्यालय चावहिलको मिति २०६४।६।२९ को निर्णयबाट विजयमणि आचार्य दिक्षित, दुर्गादेवी आ.दि., अमर भरतमणि र अरुण दिक्षितको संयुक्त नाउँमा दर्ता गर्ने निर्णय गरेको र निर्णय पश्चात उक्त दुवै मितिमा जग्गा दर्ता भएको जानकारी भूमिसुधार कार्यालय काठमाडौंलाई दिएको देखियो । भूमिसुधार कार्यालय काठमाडौं र मालपोत कार्यालय चावहिल वीच उक्त जग्गाहरू हदवन्दीमा कारबाही गर्ने सम्वन्धमा पत्राचार सम्म भएको तर भूमि सुधार कार्यालय काठमाण्डौबाट हदवन्दीमा छानविन भएको नदेखिएको हुँदा सक्कल मिसिल मालपोत कार्यालय चावहिलबाट प्राप्त गरी मेघकुमारी उपाध्याय (ढुङ्गयाल) र भरतमणि आ.दि. को नाममा हदवन्दीमा छानविन गरी कारवाही टुङ्गो लगाई सो को विवरण ३ महिना भित्र आयोगमा पठाउन

आयोगको मिति २०६५।९।२४ को निर्णय अनुसार भूमिसुधार कार्यालय काठमाडौंलाई लेखी पठाइएको ।

१७. काठमाडौं जिल्ला. साविक नगर वडा नं.१(च) कि.नं. ४८ क्षे.फ. ४-३-२-० मोही हाम्रा बाजे नारायण महर्जन भएकोमा निजको मृत्यु भै बज्यै अष्टमाया महर्जनका नाउँमा नामसारी भएको, हाल निज बज्यैको पनि मृत्यु भइसकेकोले निजको शेष पछिको हक खाने हामी एकाघर सगोलका नातीहरू मात्र भएकोमा जग्गाको मोही अष्टमाया महर्जनको नामबाट म श्याम महर्जनका नाममा मोही नामसारी हुनु पर्नेमा भुमि सुधार कार्यालय काठमाडौंका भूमिसुधार अधिकारी देवराज ढकालले आर्थिक प्रलोभनमा परी मिति २०६४।१।१० मा मोहीको हक मेटीने गरी निर्णय गरेको भन्ने उजुरीको सम्वन्धमा छानवीन हुदा निज तत्कालिन भुमिसुधार अधिकारीले मोही सम्वन्धमा मिति २०६४।१।१० मा गरेको निर्णय उपर पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी निर्णय हुदाँ भूमिसुधार कार्यालय काठमाडौंबाट गरेको निर्णय सदर ठहर्‍याई मिति २०६५।१०।१३ मा फैसला गरेको पाइयो । तसर्थ पुनरावेदन अदालत पाटनको मिति २०६५।१०।१३ को फैसला न्याय परिषदबाट परिक्षण हुनु पर्ने देखिदा आवश्यक कारवाहीको लागि फैसलाको प्रतिलीपी न्याय परिषदमा पठाई दिन आयोगको मिति २०६६।१।८ को निणर्य अनुसार भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाइ लेखी पठाइएको ।

१८. साविक काठमाडौं जिल्ला धापासी गा.वि.स.वडा नं. ९(क) कित्ता नं. १३९ को विरेन्द्र वन बाटिका भएको सार्वजनिक जग्गा संधियारहरूले बिच आ-आफ्नो नाममा दर्ता गराएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुदा साविकमा काठमाडौं जिल्ला धापासी गा.वि.स. वडा नं. ९ क कित्ता नं. १३९ क्षेत्रफल जग्गा रोपनी १०-२-३-० हाल काठमाडौं जिल्ला धापासी गा.वि.स. वडा नं. ९ सिट नं. १०२-०९४६-२२ कि. नं. १ क्षेत्रफल १०३६.७० वर्ग मिटर बाटो कि.नं. २ क्षेत्रफल ३५१९.०० पर्ति मन्दिर कि.नं. १०६ क्षेत्रफल २२९.१० सार्वजनिक पर्ति बाहेक केही जग्गा हाल काठमाडौं महानगरपालिका वडा नं. ३ को सार्वजनिक बाटोमा पर्ने भन्ने ६ नं. नापी गोश्वाराबाट लेखी आएको भए पनि उपरोक्त बमोजिमको हाल कायम भएको कित्ता नं. २ क्षेत्रफल ३५१९.०० वर्ग मिटरको सार्वजनिक जग्गालाई नेपाल सरकारको नाममा दर्ता गर्न र बाटोको रूपमा दर्ता भएको अन्य बांकी जग्गा बाटो नै कायम गरी नेपाल सरकारको नाममा कानूनी प्रकृया पूरा गरी तत्काल दर्ता गर्न र सो को प्रमाण पूर्जा जिल्ला प्रशासन कार्यालय काठमाडौं मा पठाई तथा नापीको नक्सामा समेत उक्त जग्गालाई सार्वजनिक जनिने संकेत राख्न आयोगको मिति २०६६।१।१४ को निणर्य अनुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाइ लेखी पठाइएको ।

१९. जगदम्बा कुमारी राणाको नाममा दर्ता भै हदवन्दिमा परेको सितापाइला गा.वि.स. ८ कि.नं. १७४ को ३-२-१-० र कि.नं. १९३ को ०-१३-०-० जग्गा नेपाल सरकारको नाममा हुनुपर्नेमा मालपोत कार्यालय कलंकीले जग्गा धनीको हकवाला गोपाल शम्सेर ज.व.रा. र गौरी शम्सेर ज.व.रा.को नाउँमा दर्ता गर्ने निर्णय भएकोले बदर गरी पाउँ भनी मदन विक्रम राणाको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा भूमि सम्वन्धि ऐन लागु हुदाँ जगदम्वा कुमारी राणाको हदवन्दी जग्गा सम्वन्धमा कारवाही हुदाँ मिति २०२८।३।१ मा भूमि प्रशासन कार्यालय ललितपुरमा निजले पेश गरेको आफ्नो

जग्गाको विवरण अनुसार ललितपुर जिल्ला भित्र १९०-९-२-३ रोपनी काठमाण्डौं जिल्ला भित्र ४७-२-१-२ रोपनी काभ्रे पलान्चोक जिल्ला भित्र २०७-०-१-१ रोपनी जग्गा रहेकोमा निज जगदम्वा कुमारी राणाले ललितपुर जिल्ला ल.न.पा. बडा नं. ३ भित्रका ५८-०-० रोपनी जग्गा आफनो नाउमा दर्ता कायम गरी सो वाहेक अन्य कित्ताहरू श्रेस्ता कायम भएका र श्रेस्ता कायम नभई पछि पत्ता लाग्ने समेत कित्ताहरू कानून बमोजिम गर्नमा आफनो मन्जुरी रहेको व्यहोरा लेखेबाट सोही मञ्जुरीको व्यहोरालाई आधार मानी प्राप्त जग्गाहरू विक्री वितरण समेत गर्ने तर्फ पछि कारवाही गर्ने गरी मिति २०३०।१।२२ मा भूमि प्रशासकबाट निर्णय भएको देखिएको । मालपोत कार्यालय कलंकीले २०६४।३।३२ मा मदन शम्सेर राणाको कान्छी श्रीमती तर्फको छोरा तथा नाती गोपाल शम्सेर राणा र गौरी शम्सेर राणाको नाउमा काठमाडौं जिल्ला सितापाइला गा.वि.स. ८ कि.नं. १७४ को ३-२-१-० र कि.नं. १९३ को ०-१३-० जग्गा मालपोत ऐन २०३४ को दफा ७ तथा भूमि सुधार तथा व्यवस्थापन विभागको निर्देशिकाको दफा ८१(२) अनुसार हदवन्दी सम्वन्धी कारवाही भैरहेको जग्गा दर्ता गरेको र जग्गा धनीपुर्जा समेत दिएको देखिएको । हदवन्दिको जग्गा सम्वन्धमा भूमि सम्वन्धि ऐन २०२१ अनुसार छानविन गरी निर्णय गर्ने अधिकार भूमि सुधार कार्यालयमा निहित भएको देखिन आएको सन्दर्भमा मालपोत कार्यालय कलंकीबाट जग्गा दर्ता गरी आवश्यक कारवाहीको लागि भूमि सुधार कार्यालय काठमाडौंमा पठाउनु पर्नेमा नपठाई जग्गा धनी पुर्जा समेत दिएको देखिएकोले यस सम्वन्धमा तत्काल कायम रहेको परिवार संख्या आदि सवै विषय बस्तुमा भूमिसम्बन्धी ऐन २०२१ बमोजिम आवश्यक कानूनी प्रकृया पुऱ्याई छानविन गरी ३ महिना भित्र टुङ्गो लगाउन आयोगको मिति २०६६।२।२० को निणर्य अनुसार भूमि सुधार कार्यालय काठमाण्डौंमा लेखि पठाइएको ।

२०. ६ नं. नापी गोश्वाराका प्रमुख विष्णु कुमार न्यौपानेले मिलेमतो गरी साविक वल्खु खोलाको १ रोपनी जग्गा हाल कालीमाटी ९ (क) को कि.नं. २५६ क्षेत्रफल ०-३-०-० कि.नं. १३२० को क्षेत्रफल ०-९-३-० भिडाई हाल का.म.न.पा. १४ को नक्सा नं. १०२-११८३-०४ को कि.नं. ३२ र ४६ को क्षेत्रफल १-१-०-२ उर्मीला राजभण्डारीका नाउमा त्यस्तै कालिमाटी ९ (क) कि.नं. १०३८, ११२२ र कि.नं. ११०० को क्रमशः क्षेत्रफल ०-४-०-०, १-८-०-१ र ०-३-०-० जम्मा १-१५-०-० भिडाई हाल का.म.न.पा. १४ को नक्सा नं. १०२-११८३-०४ कि.नं. ४७ मा २-११-० जग्गा मिला श्रेष्ठको नाममा दर्ता गरी भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा साविक उर्मीला राज भण्डारीको नाममा दर्ता भएको र मालपोत कार्यालय कलंकीको र.नं. ११३१९ मिति ०६१।३।२ को मितिमा हालै देखिको वकसपत्र गरी मिला श्रेष्ठले लिएको साविक कालिमाटी ९ (क) कित्ता नं. २५६ को क्षेत्रफल ०-३-०-० रहेको जग्गा हाल काठमाडौं महानगरपालिका १४ कि.नं. ३२ कायम भई १३९.८० वर्गमिटरको जग्गा कायम भएको । साविक उर्मीला राजभण्डारीको नाममा दर्ता भएको र मालपोत कार्यालय कलंकीको र.नं. ११३१९ मिति ०६१।३।२ मा हालै देखिको वकसपत्र गरी मिला श्रेष्ठले लिएको साविक कालिमाटी ९ (क) कित्ता नं. १३२० मा क्षेत्रफल ०-९-३-० रहेको हाल उक्त जग्गा काठमाडौं महानगरपालिका १४ कि.नं. ४६ भइ ४०६.०० व.मी.को जग्गा कायम भएको । मिला श्रेष्ठको नाममा रहेको साविक कालिमाटी ९ (क) कि.नं. १०३८ को ०-४-०-० रोपनी कि.नं. १३२२ को ०-८-०-१ रोपनी, कि.नं. ११०० को ०-३-०-० रोपनी जग्गा गरी जम्मा १-१५-०-१

रोपनी भएकोमा हाल कि.नं. ४७ कायम भई १३६७.८५ वर्गमिटरको जग्गा कायम भएको । कित्ता नापी महाशाखा ६ नं. गोश्वाराको मिति ०६०।११।५ को टिप्पणी निर्णयले साविक कि.नं. २५६, १३२० हाल कि.नं. ३२, कि.नं. ४६ उर्मीला राजभण्डारीको नाउमा दर्ता र साविक कि.नं. १०३८, १३२२, ११०० जग्गा हाल कि.नं. ४७ कायम भई मिला श्रेष्ठको नाममा दर्ता गर्ने निर्णय गरेको । नापी विभाग कित्ता नापी महाशाखामा मिति २०६३।२।३१ गते भएको समितिको निर्णयमा "का.म.न.पा. वडा नं. १४ कि.नं. ४६, ४७, ३२ सिट नं. १०२-११८३-०४ को जग्गा पुन नापीमा दर्ता भै सकेकोमा नापी विभागको प.सं. ३।१४।१०९।०६२/६३ च.नं. ७६० मिति ०६२।११।२५ को पत्रबाट लेखि आएको सन्दर्भमा छलफल हुँदा साविक नक्सामा भएको त्रुटीको कारणले जग्गाको क्षेत्रफल वढ्न गएको र संगै जोडिएको सरकारी सार्वजनिक जग्गाको क्षेत्रफल घटेको नदेखिंदा भै सकेको दर्तालाई यथावत राख्न सिफारिश गरियो" भनी उल्लेख गरेको देखिन्छ । हाल मिला श्रेष्ठको नाममा दर्ता कायम भएको माथि उल्लेखित जग्गाहरूको क्षेत्रफल साविकको भन्दा हाल धेरै वढी क्षेत्रफल कायम भएको देखिंदा र एक पटक नापजाँच भई अमिनले वनाएको नक्सा सच्याएर बढाएर दिएको क्षेत्रफल कानून सम्मत हो होइन ? साविक नाप नक्सा र हालको नाप नक्सा हेरी फिल्ड सर्भेक्षण गरी बढाएर दिएको क्षेत्रफल सार्वजनिक भएको देखिएमा नेपाल सरकारका नाउमा कायम गर्न गराउन आयोगको मिति २०६६।२।२७ को निर्णय अनुसार नापी विभागका महानिर्देशकलाई लेखी पठाइएको ।

२१. का.जि.का.म.न.पा. साविक वडा नं.२३.(ड) कि.नं. ७६ क्षे.फ.११-९-१-० धोविखोला वगर जनिएको जग्गालाई खरिदार प्रल्हाद प्रसाद साह समेतका विपक्षीहरूले एकआपसमा मिलोमतो गरी २०६३ साल अषाढको पहिलो हप्ता तिर खाली जग्गाधनी दर्ता श्रेस्तामा वाँयापट्टि भू.प्र.का.बाट यसमा मिति २०२९।२।१०।२ को सदर टिप्पणी प्रचा वमोजिम उदय प्रसाद मिश्रका नाउमा दर्ता कायम हुन आएको भन्ने र सो मुनि हाकिम भन्नेको कीर्ते दस्तखत गरी उक्त मेरो साविक कि.नं.७६ को जग्गा गैर कानूनी तरिकाबाट नक्कली जग्गा धनी श्रेस्ता खडा गरी मलाई गैरकानूनी हानी नोक्सानी र विपक्षीहरूलाई गैरकानूनी लाभ पुऱ्याउने वदनियतले श्रेस्ता खडा गरेको हुँदा कारवाही गरी पाउँ भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा का.जि.का.म.न.पा. साविक वडा नं.२३(ड) कि.नं. ७६ क्षे.फ. ११-९-१-० (हाल वडा नं.४ कि.नं. ४३४ क्षे.फ. ११-९-१-०) को जग्गा शुरु नापीमा जग्गा धनी महलमा नामखाली भै विवरण महलमा वगर जनिइ दर्ता वाँकी श्रेस्ता रहेकोमा सोही जग्गा उदय प्रसाद मिश्रका नाममा विवरण महलमा आवादी जनिइ मिति २०२९।२।१०।२ को सदर टिप्पणी पर्चा वमोजिम उदय प्रसाद मिश्रको नाउमा दर्ता कायम हुन आएको भन्ने कैफियत जनिएको प्रमाणित श्रेस्ता देखियो । साथै मालपोत कार्यालय, डिल्लीबजारको मिति २०६४।४।२२ को पत्र तथा जग्गा धनी दर्ता श्रेस्ता उतार फोटोकपी समेतबाट उल्लेखित जग्गा मिति २०४४।८।२३ को निर्णयानुसार नेपाल सरकारको नाममा समेत प्रमाणित श्रेस्ता रहेको भन्ने देखियो । उदय प्रसाद मिश्रको नाममा दर्ता गर्ने सम्वन्धी मिति २०२९।२।१० को सदर टिप्पणी सहितको मिसिल मालपोत कार्यालय, काठमाडौंसंग माग गर्दा उक्त मिसिल मालपोत कार्यालयको तामेली मिसिल दर्ता किताबमा नदेखिएको भन्ने जवाफ प्राप्त हुन आएको । यसरी एउटै जग्गाको दोहोरो दर्ता श्रेस्ता कायम भएको सम्वन्धमा एवम् साविक नापीमा वगर जनिएको र नेपाल सरकारको नाममा दर्ता

प्रमाणित श्रेस्ता समेत रहेको उल्लेखित कि.नं ७६ को जग्गा के कसरी उदय प्रसाद मिश्रको नाममा आवादी जनाइ दर्ता कायम हुन आएको हो भन्ने सम्बन्धमा मालपोत कार्यालय काठमाण्डौबाट छानविन भै प्राप्त प्रतिकृयाबाट उक्त कि.नं. ७६ को जग्गाको जग्गाधनी दर्ता श्रेस्ता तयार गर्दा गरिएको दस्तखत तत्कालिन अवस्थाका कुनै अधिकृत कर्मचारीहरूको दस्तखत संग मेल नखाएकोले उदय प्रसाद मिश्रको नाउमा मोठ श्रेस्तामा देखिएको पाना पुरै कीर्ते गरी पछि राखिएको देखिएको भन्ने प्रतिकृया प्राप्त भएको । उल्लेखित अवस्था देखिएबाट शुरु नापीमा जग्गा धनीको नाम खाली भै विवरण महलमा वगर जनिएको र मिति २०४४।८।२३ को निर्णयबाट तत्कालिन श्री ५ को सरकारको नाममा श्रेस्ता कायम भैसकेको उल्लेखित कि.नं. ७६ क्षेत्रफल ११-९-१-० जग्गा आवादी जनाइ उदय प्रसाद मिश्र भन्ने व्यक्तिको नाममा व्यक्तिगत दर्ता कायम रहने अवस्था देखिएन । अतः उदय प्रसाद मिश्रका नाममा दर्ता कायम भएको भनिएको उल्लेखित कि.नं. ७६ को जग्गा कुनै पनि प्रकारबाट हक हस्तान्तरण नहुने गरी यथाशिघ्र रोक्का राख्न र दोहोरो दर्ताका सम्वन्धमा मालपोत ऐनको व्यवस्था अनुसार कारवाही गर्न आयोगको मिति २०६६।३।२१ को निर्णय अनुसार मालपोत कार्यालय, डिल्लीबजारमा लेखी पठाइएको ।

२२. काठमाडौं जिल्ला का.म.न.पा वडा नं २८ बाङ्गेमुढा स्थित धार्मिक महत्वको स्थानमण्डप नामले प्रसिद्ध सार्वजनिक सत्तल भत्काई केशरीवदन जोशी समेतले का.म.न.पा. बाट नक्सा पास गराई घर निर्माण गर्न लागेकोले सो अनियमित कार्य रोक्का गरी साविक वमाजिम सार्वजनिक सम्पत्तिको सुरक्षा गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा काठमाडौं महानगरपालिका कार्यालय र पुरातत्व विभागसँग प्रतिकृया माग गरिएकोमा पुरातत्व विभागको मिति २०६५/४/१६ को पत्रबाट काठमाडौं जिल्ला का.म.न.पा वडा नं २८ बाङ्गेमुढा स्थित धार्मिक महत्वको स्थानमण्डप नामले प्रशिद्ध सार्वजनिक सत्तल सम्पदाको इन्भेन्ट्रीमा सत्रौं शताब्दीमा बनेको देखिएको र वि.सं १९९६ सालको घर संख्या लगतमा घर धनीको लगतमा घरमा बस्नेको नाम थर महलमा खाली जनिएको पाइयो । सार्वजनिक सम्पदा वा निजी सम्पत्ति जे भए पनि भौतिक संरचना फेरबदल हुनेगरी निर्माण गर्न नमिल्ने स्मारक संरक्षण ऐन २०१३ मा स्पष्ट व्यवस्था भएको भन्ने प्रतिकृया प्राप्त भएको पाइयो । साथै का.म.न.पा.को मिति २०६५/४/१७ को पत्रबाट का म पा वडा नं २८ स्थित उक्त सत्तल भएको कि. नं ९१६ क्षे.फ. ०-२-०-३ जग्गा केशरीवदन जोशी समेतको नाउमा दर्ता भएको जग्गा धनीपूर्जामा देखिएको भनी प्रतिकृया प्राप्त भएको पाइयो । का.म.न.पा.कार्यालयको मिति २०६५/२/३ को आदेशानुसार का म पा वडा नं २८ स्थित उक्त सत्तल भएको कि. नं ९१६ क्षे.फ. ०-२-०-३ जग्गामा घर बनाउन नक्सापास गरिपाउँ भन्ने विषयको मुद्दा तामेलीमा राखेको पाइयो । सो सम्बन्धमा पुरातत्व विभागको रेकर्ड अनुसार स्थानमण्डप नामले प्रशिद्ध सत्तल सम्पदाको इन्भेन्ट्रीमा सत्रौं शताब्दीमा बनेको देखिएको उक्त सम्पदा के कसका नाउमा के कस्तो प्रकियाबाट के कस्तो स्रोतका आधारमा कसरी दर्ता भएको हो वा होइन, हो भने सत्रौ शताब्दी देखिको सार्वजनिक सम्पदा हाल आएर कसरी कुन मितिमा व्यक्तिका नाउमा दर्ता भएको हो सोको स्पष्ट विवरणका साथै दर्ता हुँदाका बखत दर्ता कार्यमा संलग्न कर्मचारीहरूको नाम थर र वतन समेत स्पष्ट खुलाई पठाईदिन अनुरोध गरी मालपोत कार्यालय र नापी कार्यालय काठमाडौंलाई लेखी पठाइएकोमा मालपोत कार्यालय काठमाडौंको मिति २०६५/१२/१७ को पत्रानुसार सो घर जग्गा ३ नं नापी

गोश्वाराको मिति २०३६/८/१८ को निर्णय बमोजिम नानीबाबा बैद्य, केशरीबदन र बाबानानी समेतका नाममा स्ववासी दर्ता भएको देखियो । उक्त जग्गा हाल केशरीबदनको हकहिस्सा यथावत राखी नानीबाबाको हकहिस्सा नेत्रमान र बाबानानीको हकहिस्सा श्रीबहादुर रघुवंशीका नाममा गएको भनी जानकारी प्राप्त भएको देखियो । तत्पश्चात् ३ नं नापी गोश्वाराबाट उक्त घर जग्गाको निर्णय मिसिल झिकाई अध्ययन गर्दा का म पा वडा नं २८ स्थित उक्त सत्तल भएको कि. नं ९१६ क्षे.फ. ०-२-०-३ जग्गा हिरादेवी भन्ने व्यक्तिको शेषपछिको बकसपत्र, पसल भाडा उठाएको भर्पाई समेतको आधार देखाई हक खाने नानीबाबा र बेशरीबदन समेतले भोग गरी आएको हुँदा जग्गा नापजाँच ऐन, २०१९ को दफा ६.७ बमोजिम अस्थायी साझा दर्ता गरिदिन मनासिव देखिएको भनी नापी टोली खटिएका टोली प्रमुखको राय अनुसार मिति २०३६/१२/६ मा तत्कालीन का.मु नापी अधिकृतको निर्णयानुसार दर्ता भएको देखियो । सो नापी टोली तथा दर्ता कार्यमा संलग्न कर्मचारीहरूको एकीन नाम थर बतन समेत निर्णय फाइलबाट स्पष्ट खुल्न सकेको पाइएन । अतः काठमाडौं जिल्ला का.म.न.पा वडा नं २८ बाङ्गेमुढा स्थित कि. नं ९१६ क्षे.फ. ०-२-०-३ घर जग्गा धार्मिक महत्वको स्थानमण्डप नामले प्रशिद्ध सार्वजनिक सत्तल सम्पदाको इन्भेन्ट्रीमा सत्रौं शताब्दीमा बनेको देखिएको र वि.सं १९९६ सालको घर संख्या लगतमा घर धनीको लगतमा घरमा बस्नेको नाम थर महलमा खाली जनिएबाट सो जग्गा र त्यसमा बनेको सत्तल सार्वजनिक र पुरातात्विक महत्वको ऐतिहासिक सम्पदा हो भन्ने कुरा स्पष्ट देखियो । तसर्थ उक्त जग्गा र सो मा निर्मित सार्वजनिक सत्तल जोसुकैले जे आधारमा व्यक्तिका नाउमा दर्ता गरे गराएको भएपनि मालपोत ऐन, २०३४ को दफा २४ अनुसार बदर गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (ख) बमोजिमको कारबाही हुनुपर्ने देखिंदा के कस्तो आधार लिएर सार्वजनिक र पुरातात्विक महत्वको ऐतिहासिक सम्पदा तपाईहरूका नाउमा दर्ता गरे गराएको हो सो सम्बन्धमा जग्गा धनी भनिएका काठमाडौं जिल्ला का.म.न.पा वडा नं २३ बस्ने नेत्रमान बैद्य, ऐ वडा नं १९ बस्ने श्री बहादुर रघुवंशी र ऐ. वडा नं. ११ बस्ने केशरीबदन जोशीलाई जोसुकैले जेसुकै आधार लिएर सार्वजनिक र पुरातात्विक महत्वको ऐतिहासिक सम्पदा व्यक्तिका नाउमा दर्ता गरे गराएको भएपनि त्यो दर्ता बदर भागी देखिन्छ । अतः काठमाडौं जिल्ला का.म.न.पा वडा नं २८ बाङ्गेमुढा स्थित कि. नं ९१६ क्षे.फ. ०-२-०-३ जग्गा र सो मा बनेको स्थानमण्डप नामले प्रशिद्ध सार्वजनिक र पुरातात्विक महत्वको ऐतिहासिक सम्पदा केशरी बदन समेतका व्यक्तिका नाउमा भएको दर्ता कानूनसम्मत नदेखिदा मालपोत ऐन २०३४ को दफा २४ लगायतका प्रचलीत कानूनको अधिनमा रही निर्णय गर्न आयोगको मिति २०६६।३।२८ को निर्णय अनुसार मालपोत कार्यालय डिल्लीबजार काठमाडौंमा लेखी उक्त सम्पदाको संरक्षण गर्न पुरातत्व विभाग र काठमाडौं महानगरपालिकालाई लेखी पठाइएको ।

२३. काठमाडौं जिल्ला खड्का भद्रकाली गा.वि.स.बा. नं. ८ साविक कि.नं. ३५८ क्षे.फ. ०-४-०-० जग्गालाई जग्गा धनी भरत बहादुर के.सी. ले नापीका कर्मचारी समेतको मिलोमतोमा नयाँ नापीमा सिट नं. १०२-०९४६-१५ कि.नं. ११ क्षे.फ. ८६८.७० व.मि. जग्गा दर्ता गराउदा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा काठमाण्डौं जिल्ला खड्का भद्रकाली गा.वि.स. अन्तरगतको सिट नं. १०२-९४६-१५ को जग्गा ६ नं. नापी गोश्वारा, २ नं. नापी टोलीबाट नाप

नक्सा गर्ने कार्य भएकोमा साविक कि.नं. ३५८ क्षे.फ. ०-४-०-० जग्गा धनी भरत बहादुर के.सी. को जग्गा हाल कि.नं. ११ क्षे.फ. ८६८.७० व.मि. कायम भई सोही बमोजिमको जग्गा हाल साविक गरी दर्ता गरी पाउँ भन्ने व्यहोराको जग्गा धनी भरत बहादुर के.सी. को निवेदन मिति २०६३।९।१४ मा ६ नं. नापी गोश्वारामा दर्ता भएको र सो सम्वन्धमा अमिन नरोत्तम देवबाट फिल्ड निरिक्षण गरी पेश भएको प्रतिवेदनको आधारमा २ नं. नापी टोली प्रमुख संजय कुमार ठाकुरबाट मिति २०६४।१।१४ मा निवेदकको साविक प्रमाण भोग अनुसार जग्गा दर्ता गर्ने गरी सदर भनी टिप्पणी सदर भएको । साविक कि.नं. १०६ क्षे.फ. ६-१४-०-० जग्गा धनी कुल बहादुरको छोरा इन्द्र बहादुर र जोताहा भरत बहादुर के.सी. भई निजले कि.नं. २५५ क्षे.फ. २-१४-०-० जग्गा प्राप्त गरेकोमा सो मध्यबाट निजले कित्ता काट गरी विभिन्न व्यक्तिहरूलाई जग्गाको हक हस्तान्तरण गरी अन्तमा निजको नाउँमा कि.नं. ३५८ क्षे.फ. ०-४-०-० जग्गा कायम भएकोमा सोही जग्गा पुनः नयाँ नापीको क्रममा नाप नक्सा गर्दा हाल कि.नं. ११ क्षे.फ. ८६८.७० व.मि. कायम भई निज भरत बहादुर के.सी.को नाममा दर्ता भएको । हाल कि.नं. ११ को जग्गाले कुनै सरकारी सार्वजनिक जग्गालाई नछोएको, सो जग्गाको वरीपरी अन्य व्यक्तिहरूको जग्गा रहेको, भरत बहादुर के.सी.ले नै विक्री गरेको हाल कि.नं. १७, १८, २० र २३ को जग्गा दक्षिण तर्फको सानो कुलोसंग जोडिएको देखिएकोमा स्थलगत निरिक्षणबाट र नक्सा भिडाई हेर्दा उक्त जग्गाहरूले कुनै सरकारी सार्वजनिक जग्गा मिचेको नदेखिएको । पुनः नापीमा व्यक्तिको भोगधिकारको आधारमा जग्गा नाप नक्सा भएको भन्ने उल्लेख भएको, कुनै व्यक्तिको जग्गा लोप भएको नदेखिएको र सम्वन्धित कुनै पनि जग्गा धनीबाट उजुर परेको नभई वेनामी उजुरी परेको देखिएको भएतापनि निज भरत बहादुर के.सी.को नामको जग्गाको हाल साविक क्षेत्रफलमा अस्वभाविक बृद्धि भएको देखिएको । यसरी अस्वभाविक रूपमा साविकको क्षेत्रफल बृद्धि भएका विभागको सहमती लिनु पर्नेमा नापी गोश्वारा बाट त्यस्तो सहमती लिएको नपाइएको हुँदा आयोगको मिति २०६६।३।२८ को निर्णय अनुसार भरत बहादुर के.सी.को साविक भन्दा हालको जग्गाको क्षे.फ. अस्वभाविक बढी देखिएकोले सो सम्वन्धमा प्रचलिन कानून बमोजिम के कसो गर्नु पर्ने हो ? आवश्यक कारवाहीको लागि भूमिसुधार तथा व्यवस्थापन विभागमा लेखी पठाइएको ।

(ञ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. टिकापुर विकास समितिको काम कारवाही वारे तत्कालिन भौतिक योजना तथा निर्माण मन्त्रालयका मन्त्री स्तरीय निर्णयबाट गठित छानविन समितिबाट प्राप्त प्रतिवेदन यस आयोगमा प्राप्त भई तत् सम्बन्धमा मन्त्रीस्तरीय निर्णयबाट गठित समितिबाट प्राप्त प्रतिवेदन हेर्दा समग्रमा समितिबाट भए गरेका काम कारवाहीमा आर्थिक अनियमितता भएको भन्ने कुरा देखिन आएको । कुन व्यक्ति वा पदाधिकारीले के कस्तो आर्थिक अनियमितता वा हिनामिना गरे वा भ्रष्टाचार गरेको भन्ने तथ्यगत विवरण खुल्न नआएको अवस्था हुदा त्यसरी प्रमाण सहित खुली आएका वखत कानून बमोजिम कारवाही गरिने व्यहोरा र टिकापुर विकास समिति विकास समिति ऐन, २०१३ को दफा ३ को अधिकार प्रयोग गरी नेपाल सरकारले (तत्कालिन श्री ५ को सरकार) राजपत्रको मिति २०२८।४।१ को सूचनाबाट गठन गरी पटक पटक अध्यक्षहरू फेरवदल गर्ने, हचुवा तवरबाट काम कारवाही गरी

रहेको देखिन आए पनि हालसम्म त्यस्को उपयुक्त कानूनी संरचना, जिम्मेवारी र संस्थागत व्यवस्था गरेको पाइएन । टिकापुर विकास समितिको काम कारवाहीको लागि व्यवस्थित स्थायी प्रवन्ध गर्न गराउन वा अन्य कानूनी संरचना भएको निकायमा हस्तान्तरण गराउन अपरिहार्य रहेकोले तत्सम्बन्धमा स्थानीय विकास मन्त्रालयसँग समेत सहकार्य गरी उक्त समितिको काम कारवाहीलाई कानूनी संरचना अन्तरगत ल्याउन आवश्यक नीतिगत निर्णय अविलम्ब गर्न गराउन आयोगको मिति २०६५।५।१६ को निर्णय अनुसार भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको ।

२. डिभिजन सडक कार्यालय, भरतपुर अन्तरगत भरतपुर-माडी-ठोरी हुलाकी सडक खण्डको रियुखोलामा निर्माणाधिन कजवे २०६४ श्रावणको बाढीले बगाएकोले सम्वन्धित पदाधिकारीहरूलाई कारवाही गरी पाउं भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा डिभिजन सडक कार्यालय, भरतपुर अन्तरगत भरतपुर-माडी-ठोरी हुलाकी सडक खण्डको रियु खोलामा निर्माणाधिन भेन्टेड कजवेको करिव आधा भाग २०६४ श्रावणको बाढीले बगाएको देखियो भने दक्षिण तर्फको करिव २०० मीटर चाहिं हालपनि प्रयोग गर्न मिल्ने अवस्थामा रहे भएको पाइयो । सो कजवे निर्माणको लागि सरकारले आ.ब.०५७।०५८ देखी ०६३।०६४ जम्मा : २,९२,२७,०००।- वजेट विनियोजन गरेको, हाल सम्म सो कजवे निर्माण वापत जम्मा रु. २,२२,१२,०३७।- भुक्तानी भएको समेत देखियो, २ मी X ३ मी. Open area हुने गरी सुरुमा डिजाइन गरी करिव २०० मीटर निर्माण सम्पन्न भएपछि चितवन राष्ट्रिय निकुन्ज तर्फ खोला १.७५ मी गहिरिएर बगेपछि सो कजवेको पियर पनि १.७५ मिटर बढाई open area ३.७५ मी X ३ मि. हुने गरी डिजाइन संशोधन गरी सो डिजाइन परामर्शदाता र सडक विभागबाट समेत स्वीकृत गराई संशोधित डिजाइन अनुरूप निर्माण कार्य गर्दाको अवस्थामा २०६४ श्रावण १३ को वाढीले सो कजवेको जग भन्दा मुनीसम्म scour गरी डिजाइन संशोधन गरेको खण्डको करिव २०० मिटर कजवेलाई पुन प्रयोगमा आउन नसक्ने गरी क्षति पुऱ्याएको देखियो । सो क्षति हुनुको कारण डिजाइन गर्दा खोलाको Scour depth भन्दा जग Cut off wall र Down stream को गहिराइ कम भएको र २ पियर बीचको दुरी ३ मी. मात्र भएको कारणबाट सो क्षति भएको कुरा तत्कालै खिंचिएको १८ थान फोटोको अध्ययनबाट देखियो, जि.वि.स. चितवनले मिति २०६४।४।३२ मा समेत सोही व्यहोरा उल्लेख गरी भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाएको समेत देखियो, निर्माण कार्यको डिभिजन सडक कार्यालय भरतपुरले विमा गराएको हुंदा क्षतिपूर्ति बापतको रकम रु. ५६,३५,५१४।९० आयोगको पहलमा एलाइन्स इन्स्योरन्स कंपनी लि. बाट असुर उपर भै सम्वन्धित निकायमा पठाइसकिएको पाइयो । क्षति पुगे लगत्तै खिचिएको उक्त भेन्टेड कजवेको फोटाहरूको सम्वन्धित प्राविधिकहरूबाट अध्ययन गराउंदा सो क्षति कम open area राखी डिजाइन गरेको कारण लामो मुढाहरूले वाढीको पानी कजवेमा छेकिएको, डिजाइन गर्दा कम Scour depth लिएको, सो खोलाको Catchment Area को राम्रो अध्ययन नभएको आदि कारणबाट सो दुर्घटना भई उक्त भेन्टेड कजवे क्षति ग्रस्त हुन पुगेको भन्ने समेतको व्यहोरा खुल्न आएको हुंदा आयोगको मिति २०६५।०९।२७को निर्णय अनुसार आइन्दा खोला/नदीमा निर्माण कार्य सुरु गर्नु पूर्व सो खोला/नदी र सो को Catchment Area को बिस्तृत अध्ययन गराएर मात्र त्यस्तो संरचनाको डिजाइन गर्ने गराउन, सो डिजाइन सडक बिभागबाट

स्वीकृति गराएर मात्र ठेक्का पट्टाको काम शुरु गर्ने व्यवस्था मिलाउन सडक विभागमा लेखी पठाइएको ।

(ट) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत

१. समाज कल्याण परिषद् भृकुटी मण्डप संचालन कार्यालयको आ.व. ०५२।५३ को लेखापरिक्षणमा देखिएका वेरुजु सम्वन्धमा तत्कालिन लेखापाल गोपी चौधरीलाई कारवाही गरी पाउ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा समाज कल्याण परिषद् भृकुटीमण्डप संचालन कार्यालयको आर्थिक कारोवार आ.व. ०५२।५३ को लेखापरीक्षण प्रतिवेदनमा देखाइएका विभिन्न अनियमितता एवं वेरुजुका सम्वन्धमा समाज कल्याण परिषद्को प्रतिकृया एवं ततपश्चात् गरेका निर्णय अनुरूप वेरुजु सम्परिक्षण गराउने तर्फ कारवाही गरेको देखिएता पनि म.ले.प. कार्यालयबाट हाल सम्म सम्परिक्षण भै नसकेको देखिएकोले यस अघि आयोगको मिति २०५८।४।१० को निर्णयानुसार बेरुजु नियमित गर्न मिल्ने हकमा नियमित गरी असुल गर्नुपर्ने देखिएमा सिघ्र असुल एवं फछ्र्यौट गरी सम्परिक्षण गराउन आयोगको मिति २०६५।९।१४ को निर्णय अनुसार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयलाइ लेखी पठाइएको ।

२. समाज कल्याण परिषद्ले विभिन्न अनियमितता गरेको भनि आयोगमा प्राप्त उजुरी उपर अनुसन्धान, छानविन प्रतिवेदन एवं महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव र समाज कल्याण परिषद्का सदस्य सचिव समेतको उपस्थितिमा छलफल हुँदा समाजकल्याण परिषद् कार्य संचालन समितिको मिति ०६४।११।१० को निर्णय तथा मिति ०६४।११।१२ को सम्झौता अनुसार घर भाडामा ७५ प्रतिशत छुट दिने गरी भएको सम्झौता रद्द गरी घर जग्गा भाडामा लगाउनु पर्दा विद्यमान सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुकूल हुने गरी व्यवस्था मिलाउन, परिषद्मा कार्यरत कर्मचारीले विदेशी विश्वविद्यालयबाट उत्तिर्ण गरेका शैक्षिक योग्यताको प्रमाणपत्रको समकक्षता प्रमाणित गर्न नपर्ने भनी परिषद् पदपूर्ति समितिबाट मिति ०६४।११।१२ मा भएको निर्णयका सम्वन्धमा सो प्रमाणपत्रहरू झिकाई आयोगको प्रमाणपत्र छानविन इकाइबाट छानविन गरिने भनी आयोगको मिति २०६६।१।१० को निणर्य अनुसार समाज कल्याण परिषद्लाई लेखी पठाइएको ।

(ठ) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत

१. वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत जिल्ला वन कार्यालय डोटीको जिल्ला वन अधिकृत रमेश बहादुर चन्दले वन तस्करसँग मिली लाखौं फिट काठमा अनियमितता गरेकोले निज माथि कडा कारवाही गरी पाउ भन्ने विषयको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कफल कट्टे, वसेनी, त्रिवेणी दुर्गा देवी, वाह्र पाखे र नव दुर्गा सामुदायिक वन समूहहरूले नियम विपरित काठ कटान गरेको देखिन आयो भने आफ्नो कार्य क्षेत्र भित्र पर्ने रेन्जपोष्टमा उल्लेखित सामुदायिक वन समूहहरूले नियम विपरित कार्य गरेकोमा तत्कालीन रेन्जर सच्चिदानन्द सिंहले ति वन समूहहरू उपर कुनै

कानूनी कारवाही नगरेको तथा जिल्ला वन अधिकृत रमेश बहादुर चन्दले कार्यालय प्रमुखको हैसियतले अनुगमन निरीक्षण गरी उल्लेखित अनियमितताको मौकामै कारवाही गर्नुपर्नेमा सो नगरेको देखिएकोले आयोगको मिति २०६५।९।६ को निर्णय अनुसार उल्लेखित सामुदायिक वन समूहहरूबाट भएको अनियमित काम माथि अविलम्ब कारवाही हुन सुदूर पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय धनगढीका वन निर्देशक गोपाल कुमार श्रेष्ठको मिति ०६४।६।२४ को छानविन सम्बन्धको पत्रमा पेश हुन आएको सुझाव नं. १ को (क), (ख) र (ग) कार्यान्वयन गर्ने र रेन्जर सच्चिदानन्द सिंहले आफ्नो पदीय दायित्व निर्वाह नगरेकोले निज माथि सुझाव नं. ३ बमोजिम कारवाही गर्न वन तथा भूसंरक्षण मन्त्रालयलाई लेखी पठाइएको ।

२. वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत जिल्ला वन कार्यालय वर्दियाको सहायक वन अधिकृत रामकाजी श्रेष्ठ समेतले नियम विपरित वन क्षेत्रबाट ५०० मी दुरीमा सः मिल खोल्न स्वीकृत दिई दर्ता गरिदिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा वन तथा भूसंरक्षण मन्त्रालयबाट अनुसन्धान भई निर्णयको लागि फाइल आयोगमा पेश हुँदा वर्दिया जिल्लाको डेउढाकला गा.वि.स. अन्तर्गत प्रोप्राइटर राम बहादुर थारुको देउती सःमिल स्थापना सम्बन्धमा नजिकको वन भनिएको वन वर्दिया सामुदायिक वन र सःमिल स्थापना स्थान बीचको दुरी २ कि.मी. भन्दा कम भएको देखिन आएकोमा सोको अनुगमन तथा कार्यान्वयनको लागि तत्कालिन श्री ५ को सरकार(मन्त्रिस्तर) बाट मिति २०५४।७।२६ मा वन संरक्षणको दृष्टिकोणले सःमिल तथा इटा भट्टाहरू संचालन गर्न गराउनको लागि तराईमा वन क्षेत्र भन्दा ५ कि.मी. र अन्य क्षेत्रमा ३ कि.मी. टाढा हुनुपर्ने भनी कायम भइरहेको नीति निर्णय एवं कानूनी व्यवस्था बमोजिम गर्न आयोगको मिति २०६५।०८।३ को निर्णय अनुसार वन विभागमा लेखी पठाइएको ।

३. वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत जिल्ला वन कार्यालय डोटीको जिल्ला वन अधिकृत रमेश बहादुर चन्दले वन तस्करसँग मिलि लाखौं फिट काठमा अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सामुदायिक वन समूहहरू क्रमशः कफल कट्टे, वसेनी, त्रिवेणी दुर्गा देवी, वाह्र पाखे र नव दुर्गा वन समूहहरूले अनियमित कटान गरेको रुखहरूको विगो एकीन गरी विगो असुल गरी सम्बन्धितलाई वन ऐन, २०४९ बमोजिम कारवाही गर्ने गराउने, उल्लेखित सामुदायिक वन समूहहरूबाट भएको अनियमित काम माथि अविलम्ब कारवाही हुन सुदूर पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय धनगढीका वन निर्देशक गोपाल कुमार श्रेष्ठको पत्रमा पेश हुन आएको सुझाव नं. १ को (क), (ख) र (ग) कार्यान्वयन गर्न,जिल्ला वन अधिकृत श्री रमेश बहादुर चन्द कार्यालय प्रमुखको हैसियतले अनुगमन र निरीक्षण गरी उल्लेखित अनियमितताको मौकामै कारवाही गर्नुपर्नेमा सो नगरेकोले निज माथि कारवाही हुन सुदूर पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय धनगढीका वन निर्देशक गोपाल कुमार श्रेष्ठको पत्रमा पेश हुन आएको सुझाव नं. २ बमोजिम सचेत गराउन,रेन्जर सच्चिदानन्द सिंहले आफ्नो पदीय दायित्व निर्वाह नगरेकोले निज माथि कारवाही हुन सुदूर पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय धनगढीका वन निर्देशक श्री गोपाल कुमार श्रेष्ठको पत्रमा पेश हुन आएको सुझाव नं. ३ बमोजिम कारवाही गर्न आयोगको मिति २०६५।०९।०६ को निर्णय अनुसार वन तथा भूसंरक्षण मन्त्रालयलाइ लेखी पठाइएको ।

४. कपिलवस्तु जिल्लाको वाणगंगा सिंचाई योजनाका जलउपभोक्ता संस्थाका अध्यक्षले बिना टेण्डर १० वर्षको लागि जगदिशपुर तालमा माछापाल्ने ठेक्का दिएको र सो ताल हालसम्म उक्त जलउपभोक्ता संस्थालाई हस्तान्तरण नभएको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कपिलवस्तु जिल्लाको १२ वटा गा.वि.स. र १ नगर पालिका समेतको ६३५० हेक्टर जमिनमा सिंचाई सुविधा पुऱ्याउन वाणगंगा सिंचाई योजना निर्माण भएको, सो योजना निर्माणको क्रममा २२५ हेक्टर क्षेत्रफल भएको जगदिशपुर जलाशय समेत निर्माण भएको देखियो र हथिहवा शाखाको ७ कि.मि. शाखा नहर र जगदिशपुर जलाशय नेपाल सरकारकै स्वामित्वमा रहेको पाइयो । सो जलाशय (सिमसार) लाई अगष्ट १३,२००३ मा रामसार घोषणा गरी विश्वसम्पदा सूचिमा सूचिकृत भएको पाइयो, अन्तर्राष्ट्रिय महत्वका सिमसारहरूको महासन्धि बमोजिम रामसार सूचिकृत क्षेत्रमा रामसारमा उल्लेख भएका गुणस्तरलाई असर पर्ने गरी कुनै पनि गतिविधी संचालन गर्न नपाईने स्पष्ट देखिन्छ । सो क्षेत्र विभिन्न प्रजातिका पशुपन्छी एवं जलचरहरूको बासस्थानका रूपमा रहेकोले सो को संरक्षण हुनु पर्ने देखियो । हाल सम्म सो सिमसार क्षेत्रको व्यवस्थापन र संरक्षण कार्य कुनै पनि निकायबाट भए गरेको देखिएन । वन तथा भू संरक्षण मन्त्रालयबाट राष्ट्रिय सिमसार नीति, २०५९ लागू गरेको समेत देखिंदा सो सिमसार क्षेत्रको व्यवस्थापन एवं संरक्षण गर्ने दायित्व पनि सोही मन्त्रालयको हुंदा उक्त जगदीशपुर सिमसार क्षेत्रको व्यवस्थापन र संरक्षण एवं प्रवर्दन कार्य गर्न आयोगको मिति २०६५।०९।०६ को निर्णय अनुसार वन तथा भू -संरक्षण मन्त्रालयलाई लेखी पठाइएको ।

५. रौतहट जिल्लाको बन कार्यालयका जिल्ला बन अधिकृत समेतले अनियमित तरिकाबाट सो जिल्लाको वन फडानी गराई काठ तस्कर संग मिलि विभिन्न अनियमित काम गरे र सोबाट प्राप्त रकम माथि सम्म खुवाई पटक पटक सोही जिल्लामा सरुवा भई आएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा वारा, रौतहट र उदयपुर जिल्ला अन्तर्गत बनजंगलको संरक्षणमा भएको कमि कमजोरी सम्बन्धमा छानविन गरि प्रतिवेदन दिन मिति २०६२।४।३० र मिति २०६२।५।१७ मा बन तथा भू-संरक्षण मन्त्रालयबाट टोलीहरू गठन भै ती टोलीहरूबाट सम्बन्धित जिल्लाको वन क्षेत्रको स्थलगत निरीक्षण समेत गरि सुझाव सहितका प्रतिवेदनहरू सो मन्त्रालयले प्राप्त गरेको र प्राप्त प्रतिवेदनमा उल्लेख भएका सुझाव कार्यान्वयनको क्रममा रहेको अवस्थामा थप अनुसन्धानको लागि भनि आयोगमा अनुरोध भै आएको अवस्थामा प्रचलित कानून बमोजिम प्राप्त सुझाव मन्त्रालयबाट नै कार्यान्वयन हुन कुनै समस्या नदेखिएको हुँदा यस सम्बन्धमा आयोगबाट थप छानविन हुनु भन्दा प्राप्त सुझाव त्यहाँबाट नै कार्यान्वयन हुन मनासिव हुने भएको हुदा आयोगको मिति २०६५।०९।२३को निर्णय अनुसार वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखी पठाइएको ।

६. चितवन जिल्ला पिप्ले गा.वि.स. अन्तर्गत २०४७ साल श्रावण महिनादेखि जंगल फडानी गरी वन क्षेत्रमा सुकुमवासीको नाममा अन्यत्र जग्गा भएका व्यक्तिहरूले बसोबास गर्दै आएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा चितवन जिल्ला पिप्ले गा.वि.स.को वडा नं. ५, ६, ७ र ९ गरी मार्तल खोला देखि लोथर खोलासम्म महेन्द्रराजमार्ग देखि उत्तरभेग राष्ट्रिय वन क्षेत्रमा पर्ने भन्ने व्यहोरा

जिल्ला वन कार्यालय चितवनबाट खुल्न आएको देखिन्छ र उक्त क्षेत्रको करीव ७० हेक्टर वन क्षेत्र अतिक्रमण गरी २०५० सालसम्ममा बाढी पीडितको नाममा १०६९ घर निर्माण गरी बसोबास गरेको र उक्त क्षेत्रमा विद्यालय स्वास्थ्य चौकी, खानेपानी, विद्युत र टेलिफोन सेवाको समेत व्यवस्था भएको पाइएबाट उपरोक्त सुविधा शुरुमै उपलब्ध नगराई बस्ती हटाइएको भए वनमा अतिक्रमण गर्नेहरूलाई निरुत्साहित गर्न सहज हुने थियो । हाल आएर सो क्षेत्र १०६९ परिवार बसोबास गरेको ठूलो सुकुम्वासी वस्ती भएको र यो विषय देशका अन्य क्षेत्रमा समेत समस्याकै रूपमा रहेको हुँदा आयोगको मिति २०६५।०९।२९को निर्णय अनुसार यस सम्बन्धमा समग्रमै वृहत्त राष्ट्रिय नीति निर्माण गरी समस्या संबोधन गर्नु उपयुक्त हुने भएकोले वन तथा भूसंरक्षण मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय र गृह मन्त्रालयको समन्वयमा आवश्यक नीति निर्माण गरी शिघ्र कारवाही अघि बढाउन तत्तत् निकायमा लेखी पठाइएको ।

७. कपिलवस्तु धनकौली स्थित सरस्वती सामुदायिक बन उपभोक्ता समितिका पदाधिकारीहरूले मनोमानि किसिमबाट रुख कटान गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सरस्वती सामुदायिक वन उपभोक्ता समितिबाट जिल्ला वन कार्यालय कपिलबस्तुबाट मिति २०६५/१/५ मा दिइएको संकलन सहमति पत्र अनुसार साल १२१९.९२ क्यू.फि., कुसुम ४७.५८क्यू.फि.र दाउरा ३ चट्टा मात्र संकलन गर्न पर्नेमा बढी परिमाणमा संकलन एवं विक्री वितरण हुन गएको सम्बन्धमा उक्त समितिका पदाधिकारीहरूले आफ्नो सफाइ पेश गर्दा चोर, तस्करहरूले काटी छाडेका अवस्थाका काठहरू समेत संकलन भएबाट बढी परिमाणमा संकलन भएको भनि उल्लेख गरेतापनि उक्त काठ दाउरा वन कार्यालयका कर्मचारीहरूले छपान गरे भन्दा बाहिरको भएको भन्ने थाहा पाए पश्चात सम्बन्धित वन कार्यालयमा जानकारी गराएर मात्र संकलन गर्नु पर्नेमा सो अनुसार गरेको देखिएन । यसरी संकलन भएका मध्ये सार्वजनिक विद्यालय, मदरसालाई सालको काठ २१३.८१ क्यू.फि. वितरण गरेको, घाटगद्दीमा १२९.३३ क्यू.फि. मौज्दात रहेको, लिलामी कागजात अनुसार जिल्ला वन कार्यालयबाट स्वीकृत संकलन सहमति पत्र भन्दा बढी देखिएको १६२.२२ क्यू.फि. समेत गरी जम्मा ५०५.३६ क्यू.फि. सालको काठ उक्त समितिबाट बढि परिमाणमा संकलन गरेको देखिन आयो । उक्त बढी परिमाणमा संकलित सालको काठ मध्ये सार्वजनिक विद्यालय, मदरसालाई वितरित काठका सम्बन्धमा उक्त वन उपभोक्ता समितिबाट आगामि वर्षमा संकलन सहमति माग भएका वखत उक्त परिमाण समायोजन गर्न लगाउने, घाटगद्दीमा मौज्दात रहेको १२९.३३ क्यू.फि.काठ वन ऐन नियममा भएको व्यवस्था अनुसार जिल्ला वन कार्यालय कपिलबस्तुले जफत गरि कानून बमोजिम लिलामको व्यवस्था गर्ने, जिल्ला वन कार्यालयबाट स्वीकृत संकलन सहमति भन्दा बढी परिमाणमा संकलन गरी लिलाम कागजातको आधारमा लिलाम गरेको देखिएको १६२.२२ क्यू.फि.काठ बरावरको राजस्व रकम उक्त सामुदायिक वन उपभोक्ता समितिबाट नेपाल सरकारको राजस्व खातामा दाखिला गर्न र उपभोक्ताहरूलाई वितरण नै नगरी लिलाम विक्रि गर्ने परिपाटीलाई दुरुत्साहित गर्न, हाल भैरहेको सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शनमा भएको व्यवस्थाको अतिरिक्त सामुदायिक वनको वन पैदावार संकलन तथा वितरण प्रणालीलाई प्रभावकारी, विश्वसनीय एवं पारदर्शी बनाई विद्यमान विसंगतीहरूलाई हटाउन हाल राष्ट्रिय वनको हकमा लागु भैरहेको प्रकृतिको सामुदायिक वनको वन

पैदावार संकलन/वितरण निर्देशिका तयार गरी लागु गर्न आयोगको मिति २०६६।२।२६ को निणर्य अनुसार वन तथा भूसंरक्षण मन्त्रालयलाई लेखी पठाउने ।

८. राष्ट्रिय प्रकृति संरक्षण कोषमा करोडौको आर्थिक हिनामिना भएको, चितवन राष्ट्रिय निकुन्ज भित्र संचालित होटल,लज तथा रिसोर्टहरूसँग भएको सम्झौता अनुसार करिब २ करोड २० लाख रोयल्टी नलिएको, कोषको भन्सार सुविधाका गाडीहरू कर्मचारीहरूद्धारा व्यापक दुरूपयोग गरिएको सम्बन्धमा अनुसन्धान हुँदा दिपक कुमार सिंहले कोषमा भएको गाडी निशर्त योजनाको सम्झौता वमोजिम लिएको बा.१च.८३२२ र गंगाजङ्ग थापाले लिएको बा.१च. ८३२३ नम्वरका गाडीहरूको हकमा निजहरू कोषमै कार्यरत रहेको देखिंदा आयोगको मिति २०६६।२।१९को निर्णय अनुसार उक्त गाडीहरू कोषमा बुझाउन गाडीलिने व्यक्तिहरू तथा राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिवलाई लेखी पठाइएको ।

(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. नेपाल नर्सिङ परिषदका अध्यक्ष दयालक्ष्मी वैद्य तथा रजिष्ट्रार मन कुमारी राइले अफिसको गाडी प्रयोग गर्ने र वैठक भएको दिनमा ट्याक्सी भाडा लिने, घूस दिने मान्छेको नर्सिङ कलेजलाई चलाउन हुन्छ भनी परामर्श र मान्यता दिने, घूस नदिनेकोलाई मापदण्ड पुगेन भनी नदिने भन्ने समेतको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रारम्भिक अनुसन्धानबाट अध्यक्ष तथा रजिष्ट्रारले परिषदको वैठक भएको दिनमा अफिसको गाडी पनि प्रयोग गर्ने र ट्याक्सी भाडा वापतको रकम वुझ्ने गरेको देखिएको । एशियन फाउन्डेशन अफ एजुकेशन एण्ड रिसर्च प्रा.लि.ले २०६५।७।१८ मा B.Sc. Nursing Clinical Practicum को लागि Norvic International Hospital संग संझौता गरी पेश गरेको अवस्थामा सो अस्पतालको स्थलगत निरीक्षण गरी सो आधारमा भर्ना रोक्ने नरोक्ने निर्णय गर्नु पर्नेमा सो को स्थलगत निरीक्षण नै नगरी २०६५।८।११ गतेको गोरखापत्रमा उक्त कलेजलाइ भर्ना नगर्नु भन्ने आशयको सुचना प्रकाशित भएको देखिएबाट आयोगको मिति २०६५।१२।२३ को निर्णय अनुसार नेपाल नर्सिङ परिषदको कार्यालय वाँसवारी काठमाण्डौमा रहेको र विगतमा परिषद्का अध्यक्ष रजिष्ट्रार तथा सदस्यहरूलाई ट्याक्सी भाडा वापत रु ३००।- दिइ आएकोमा मिति २०६४।१०।१३ को वैठकबाट ट्याक्सी भाडा वृद्धि गरी रु.१०००।- दिने निर्णय भएको । वृद्धि भएको ट्याक्सी भाडा हेर्दा परिषद्को कार्यालय खासै टाढा नरहेको अवस्थामा ट्याक्सी भाडा मनासिव माफिकको भएको नदेखिएकोले सदस्यको वसोवासको अवस्था विचार गरी मनासिव माफिकको ट्याक्सी भाडा तोक्ने, परिषद्को अध्यक्ष दयालक्ष्मी वैद्य र रजिष्ट्रार मनकुमारी राइले परिषद्को वैठक भएको दिनमा आवत जावतका लागि अफिसको गाडी पनि प्रयोग गर्ने र ट्याक्सी भाडा पनि लिने गरेको देखिएकोले उक्त कार्य नियमपूर्वक भए गरेको नदेखिएकोले अध्यक्ष दयालक्ष्मी वैद्यले मिति २०६४।१०।१३ देखि हालसम्म र रजिष्ट्रार मनकुमारी राइले मिति २०६५।९।२१ देखि हालसम्म लिएको ट्याक्सी भाडा असुल उपर गर्ने । आयन्दा वैठक भएका दिन दुवैले एकैसाथ ट्याक्सी भाडा पनि लिने र अफिसको गाडी पनि प्रयोग गर्ने कार्य तुरुन्त रोक्ने । एशियन कलेज अफ एडभान्स स्टडिजले B.Sc. नर्सिङ कार्यक्रमको लागि नर्भिक अस्पतालसंग Clinical Practice को

लागि सम्झौता गरी परिषदमा पेश गरेको अवस्थामा सो को स्थलगत निरीक्षण नै नगरी सिधै मिति २०६५।८।४ को बैठक तथा मिति २०६५।८।८ को गोरखापत्रको सूचना मार्फत उक्त कलेजमा भर्ना नगर्न सूचना प्रकाशित गरिएको तर्फ हेर्दा उक्त हस्पिटलको निरीक्षण पछि मात्र Clinical Practice को लागि मापदण्ड पुग्यो पुगेन भन्ने निर्णय गर्नु पर्नेमा सो भएको नदेखिएकोले उक्त नर्भिक हस्पिटलको निरीक्षण गरी Clinical Practice को मापदण्ड पुगेमा उक्त Asian College of Advance Studies लाई मिति २०६५।८।४ को निर्णय तथा मिति २०६५।८।८ को गोरखापत्रमा प्रकाशित सूचनाको लिष्टबाट हटाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन ,२०४८ को दफा १२क अनुसार निर्धारित मापदण्ड अनुसारको स्थलगत निरीक्षण फारमहरूको निर्माण गरी निरीक्षण प्रतिवेदनहरूमा एकरूपता ल्याउन नेपाल नर्सिङ परिषदलाई लेखी पठाइएको ।

२. तत्कालिन पूर्वाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशक श्रवण कुमार चौधरी समेतले मिति २०६४।४।३० मा अनियमित तरिकाले अन्धाधुन्धा सरुवा गरेको; केही कर्मचारीलाई अनिश्चितकालीन काज सरुवा गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पूर्वाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशानालय धनकुटा अन्तर्गत विभिन्न निकायमा विभिन्न तहमा कार्यरत ३५० जना कर्मचारीहरूको सरुवा मिति २०६४।४।३० र ०६४।७।३० को निर्णयानुसार भएको देखिन्छ । सो निर्णयमा यस अघि सरुवा भै अटेर गरी सरुवा भएको कार्यालयमा हाजिर हुन नजाने २७ जना कर्मचारी समेतको सरुवा संसोधनको नाममा भएको थमौति नियम सम्मत देखिन्न । निर्देशनालयमा अभिलेख समेत नराखी गरिएको अनिश्चितकालिन काज सरुवा सम्बन्धी निर्णय समेत प्रचलित कानून विपरित देखियो । अन्य नियमित सरुवाको सन्दर्भमा समेत कर्मचारी अभिलेख दुरुस्त नभएको कारणले प्रचलित ऐन नियम वमोजिम तोकिएको भौगोलिक क्षेत्रमा वसेको अवधि पुगी सरुवा भएको हो होइन ? शंकास्पद नै देखियो । यसर्थ तत्कालिन क्षे.नि. श्रवण कुमार चौधरी र नि.क्षे.नि. चन्द्र देव महतोले मिति २०६४।४।३० र ०६४।७।३० मा सरुवा संशोधनका नाममा गरिएका अनियमित सरुवा निर्णय वदर गर्न आयोगको मिति २०६५।६।८ को निर्णय अनुसार पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशकलाई लेखी पठाइएको ।

३. वीर अस्पतालले प्याथोलोजी इक्विपमेण्ट खरिद गर्न मिति २०६३।१।२६ मा गरेको टेण्डरको स्पेशीफिकेसन तोक्दा सार्वजनिक खरिद ऐन २०६५ विपरित ३ वटा सप्लायर्सको मिलोमतोमा अन्य प्रतिस्पर्धीलाई प्रतिस्पर्धा गर्नबाट वंचित गरेकोले बोलपत्र पूनरावलोकन गरी कानूनको पालना नगर्ने कर्मचारी उपर कारवाही गरी पाँउ भन्ने समेत आयोगमा प्राप्त उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा स्वास्थ्य निकायहरूले विभिन्न प्रकारका स्वास्थ्य उपकरण खरिदका लागि आवश्यक पर्ने स्पेशिफिकेसन निर्माण गर्दा व्यापक अनियमितता हुने गरेको भन्ने व्यहोराको उजुरीहरू आयोगमा पटक पटक प्राप्त हुने गरेको सन्दर्भमा यसमा नीतिगत सुधारको खाँचो महसुस गरी ६ महिना भित्र स्वास्थ्य उपकरण सम्बन्धी स्टाण्डर्ड स्पेशीफिकेशन वनाई सम्पूर्ण सरकारी स्वास्थ्य निकायमा लागु गर्न आयोगको मिति २०६५।७।२२ को निर्णयबाट स्वास्थ्य मन्त्रालयलाई निर्देशन भैसकेको हुँदा प्रस्तुत उजुरीमा केही गरिरहन परेन । तर यस उजुरी सम्वन्धी अनुसन्धानका लागि वारम्बार माग गर्दा समेत समयमा कागजात फाईल नपठाई आयोगको मिति २०६५।०७।२८ को निर्णय अनुसार

अनुसन्धानमा असहयोग गर्ने वीर अस्पतालका निर्देशक डा. श्रवणकुमार चौधरीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १९ (५) (ख) बमोजिम रु १,०००।- (रु एक हजार) जरिवाना गर्न लेखी पठाइएको ।

४. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत करिब ९०० जना सि.अ.हे.व. मध्ये केहिको पदस्थापन भैसकेको र वाँकी ७१८ जनाको पदस्थापन हुन वाँकी रहेकोमा मंत्रीको ठाडो तोक आदेशमा करिब १५ जनालाई अनियमित तरिकाले पदस्थापन गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा १३०० अ.हे.ब.ले सि.अ.हे.ब. पद नाम पाएको तर निजहरूको पदस्थापन सम्बन्धमा स्पष्ट नीति, नियम निर्देशिका नवनेको पाइयो । सि.अ.हे.व.लाई कुन प्राथमिकताका आधारमा पदस्थापन गर्ने भन्ने कुनै कार्यविधि समेत नभएको अवस्थामा सम्बन्धित सि.अ.हे.व.ले पदस्थापन गरिपाउँ भन्ने व्यक्तिगत निवेदनको आधारमा गरिएको १४ सि.अ.हे.व.को पदस्थापन सम्बन्धी मिति २०६५।४।७ को स्वास्थ्य मन्त्रिस्तरीय निर्णय ऐन कानूनसम्मत देखिएन । यसबाट संगै स्तरवृद्धि भएका अन्य सि.अ.हे.व. पदस्थापन हुने हक कुंठित भएको हुँदा पदस्थापन सम्बन्धी मिति २०६५।४।७ को उक्त निर्णय वदर गर्न र सि.अ.हे.व. लगायत पदस्थापन हुन वाँकी रहेका सवै कर्मचारीका लागि स्पष्ट आधार सहितको नीति नियम वनाई लागु गर्न आयोगको मिति २०६५।०९।०२ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको ।

५. सेती अंचल अस्पताल विकास समितिले २०६४ वैशाख ११ गते गोरखापत्रमा करारमा पदपूर्तिको लागि सूचना प्रकाशित गरी असार १७,१८,१९,२० र २१ गते लिएको अन्तर्वार्तामा अस्पताल विकास समितिका अध्यक्ष र मे.सु.को मिलेमतोमा कर्मचारी छनौट गर्दा मोटो रकमको लेनदेन गरी व्यापक भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अ.न.मि पदपूर्तिका लागि मिति २०६४।३।२० मा लिइएको अन्तर्वार्तामा अस्पताल विकास समितिका अध्यक्ष धर्मराज पाण्डे र मे.सु.श्रवण कुमार चौधरीले शुरुमा अन्तर्वार्ता सीटमा अंक दिइसकेको अवस्थामा आफूले दिइएको अंकबाट आफ्नो मान्छे नआउने देखेपछि निजहरूले कानून विपरित अन्तर्वार्तामा दिएको अंकमा टिपेक्स लगाउने, केरमेट तथा थपघट गरी अनियमित काम गरेको देखिन आयो । यसबाट निजहरूले अ.दु.अ.आ.ऐन २०४८ को (ख) (ग) र (घ) अनुसार अनुचित कार्य गरेको देखिएको हुँदा अस्पताल विकास समितिको अध्यक्ष धर्मराज पाण्डेबाट उक्त थपघट कार्य आफू स्वयंबाट भएको कुरा आयोगमा स्पष्टिकरण पेश गर्दा व्यक्त गरेको तथा थपघट केरमेटमा निजको हस्ताक्षर मिल्ने देखिएको हुँदा निजलाई सेती अंचल विकास समितिको अध्यक्ष पदबाट तत्काल हटाई पुनः नियुक्ति नगर्न तथा सो विज्ञापन अनुसार अ.न.मि.पदमा नियुक्त व्यक्तिहरूको म्याद थप नगर्न र कानून अनुसार निस्पक्ष, पारदर्शी किसिमले पदपूर्ति गर्न आयोगको मिति २०६५।०९।१३ को निर्णय अनुसार सेती अंचल अस्पताल विकास समितिलाई लेखी पठाईएको ।

६. शुक्राज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुको च.नं. २६७ मिति २०६५।८।२२ को पत्रानुसार फेब्रुवरी १६ देखि मार्च १९, २००९ सम्म जापानमा हुने Prevention and control measure of HIV/AIDS(B) विषयको तालिममा मेरो नाम मनोनयन हुनुपर्नेमा स्वास्थ्य तथा जनसंख्या

मन्त्रालयले विना सूचना विना कारण मनोमानी तरिकाले मेरो नाम वदर गरी डा.वासुदेव पाण्डेको मनोनयन गरेकोले अनियमित तरिकाले गरिएको मनोनयनमा छानविन गरी पाउँ भनी शुक्राज ट्रपिकल सरुवा रोग अस्पताल टेकुका डा.देवी प्रसाद भूसालको उजुरिको सम्बन्धमा अनुसन्धान हुँदा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत शुक्राज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा ५ वर्ष AIDS संग सम्वन्धित विषयमा काम गरेका संभाव्य उम्मेदवारहरूमध्येबाट जापानमा Feb.16 -Mar.25.2009 सम्म संचालन हुने Prevention and control measure of HIV/AIDS (B) विषयमा मनोनयन गरी पठाउन पत्र प्राप्त भएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्राज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुबाट सिफारिस भै आए अनुसारको आधारमा समेत मनोनयन गर्नु पर्नेमा नगरी सिधै मनोनयन गरेको, मनोनयन गर्दा स्वास्थ्य सेवा ऐन २०५३ को दफा ३२(ख) अनुसार शैक्षिक योग्यता, जेष्ठता, भौगोलिक क्षेत्र र का.स.मु. वापतको अंक समेत गरी कूलमा वढी अंक प्राप्त गर्नेलाई मनोनयन गर्नुपर्नेमा नगरी हचुवा किसिमले मनोनयन गरेको पाइएकोले जापान सरकारबाट प्राप्त उक्त सीटमा शुक्राज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा कार्यरत योग्यता पुगेका संभाव्य उम्मेदवारहरूमध्येबाट स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३२(ख) अनुसारको प्रकृयापूरागरी मनोनयन गर्न र आयन्दा ऐनको उल्लेखित प्रावधान पूरा गरेर मात्र मनोनयन गर्न आयोगको मिति २०६५।१०।१३ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

७. पश्चिमाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशनालय पोखराले जिल्ला स्वास्थ्य कार्यालय पर्वतको स्वास्थ्य सहायक ज.स्वा.नि.सातौ तहमा स्तर वृद्धि भएका भीम वहादुर थापालाई नियम विपरित पश्चिमाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशनालयको राजपत्रांकित तृतिय श्रेणीको योजना अधिकृत पदमा सरुवा गरेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला स्वास्थ्य कार्यालय, पर्वत अन्तर्गत रहेको स्वास्थ्य सहायक दरवन्दिका ज.स्वा.नि. (पव्लिक हेल्थ समूह) (सातौ तह) भीम वहादुर थापालाई पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, पोखराको नेपाल स्वास्थ्य सेवा, हे.ई.समूहको अधिकृत तहको योजना अधिकृत पदमा सरुवा गरेको निर्णय कानूनसम्मत देखिएन, अधिकृत तहको सरुवा मन्त्रालयबाट मात्र हुन सक्ने कानूनी व्यवस्था विपरित क्षेत्रीय निर्देशकले सरुवा गरेको देखियो । अतः आफूलाई अधिकार नभएको यस प्रकारको सरुवा पुनः नगर्न पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशकलाई ध्यानाकर्षण गराउन र माथि नियम विपरित गरिएको ज. स्वा.नि. भीम वहादुर थापाको सरुवा प्रचलित कानून वमोजिम सच्याउन आयोगको मिति २०६५।११।४ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएको ।

८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले माओवादी स्वामित्वमा रहेको वालाजु स्थीत जनमैत्री अस्पताललाई नियम विपरित रु.१(एक) करोड अनुदान दिने निर्णय गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्रबाट उजुरीमा उल्लेख भए अनुसारको रकम निकाशा भए पनि हालसम्म सो रकम दिइनसकिएको जानकारी प्राप्त भयो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट नेपालमा निजी तथा सामुदायिक स्वामित्वमा के कति अस्पताल कुन अवस्थामा रहेका छन् तथा दुर्गम स्थानमा यस्ता अस्पतालहरूको के अवस्था रहेको छ भन्ने

सम्वन्धमा कुनै अध्ययन नगरिएको, सरकारी कोषबाट यस्ता अस्पतालहरूलाई रकम दिनु पर्ने हो भने सवैलाई समान अवसर दिनेगरी स्पष्ट मापदण्ड वनाई दिनु पर्नेमा त्यस्तो भए गरेको पाइएन, अतः यस्ता अस्पतालहरूलाई सरकारी कोषबाट अनुदान उपलव्ध गराउनु पर्ने भए सवैलाई समान अवसर दिनेगरी स्पष्ट मापदण्ड वनाई मात्र गर्न आयोगको मिति २०६५।१२।३को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या सचिवलाई लेखी पठाइएको ।

९. औलो तथा इण्सेफलाइटिस् नियन्त्रणका लागि क्षेत्रिय स्वास्थ्य निर्देशनालय, हेटौडामा दरवन्दी व्यवस्था भएका कर्मचारीहरू विगत लामो समयदेखि (२०५९।७५ देखी) स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा रोग नियन्त्रण शाखामा (केन्द्रमा) काजमा कार्यरत रही सुविधा सम्पन्न स्थलमा जागीर खाइरहेको भन्न उजुरीको सम्बन्धमा अनुसन्धान हुदा क्षेत्रिय स्वास्थ्य निर्देशनालय हेटौडामा दरवन्दी भएका इण्टोटिमका सात जना कर्मचारीहरू स्वास्थ्य सेवा विभागको मिति २०५९।७५ को निर्णयानुसार स्वास्थ्य सेवा विभाग अन्तर्गतको इपिडिमियोलोजी महाशाखामा काजमा कार्यरत रहेको पाइयो, औलो तथा इण्सेफ्लाइटिसका वारेमा दैनिक अध्ययन अनुसन्धान गर्नुपर्ने जनशक्तिलाई हेटौडामा श्रोत साधनको अभाव भएको भनी लामो समयसम्म केन्द्रमा काजमा राख्ने प्रवृत्ति कानूनसंमत भएन । यसर्थ भविष्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पुनः संरचना पारित भए सोही वमोजिम हुने गरी हाल इण्टोटिमका कर्मचारीहरूलाई आफ्नो पदाधिकार रहेको क्षेत्रिय स्वास्थ्य निर्देशनालय, हेटौडामा १५ दिन भित्र काज फिर्ता गरी सो को जानकारी आयोगमा पठाउन आयोगको मिति २०६६।१।३० को निणर्य अनुसार स्वास्थ्य सेवा विभागलाई लेखि पठाइएको ।

१०. शिक्षण अस्पतालको इन्डोर फार्मेसीमा अस्पतालको आर्थिक वर्षको शरुमा टेण्डर गरी प्राप्त गरेका हस्पिटल फर्मुलरीमा पर्ने औषधी मात्र बिक्री गर्नु पर्नेमा अन्य औषधीहरू समेत बिक्री अनुचित कार्य गरेकाले कारवाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा अब उप्रान्त अस्पतालबाट बिक्री गर्न जरुरी हुने सबै प्रकारका औषधी र सर्जिकल सामाग्री प्रत्येक वर्ष हस्पिटल फर्मुलरीमा समावेश गरी अद्यावधिक गर्न, अस्पतालबाट बिक्री गर्ने औषधी सहज र सरल प्रकारले बिरामीलाई उपलब्ध गराउन स्टोर तथा औषधी बिक्री कक्ष व्यवस्थित गर्न, नियन्त्रण, अनुगमन र निरीक्षणको कडा व्यवस्था गर्न आयोगको मिति २०६६।२।२७ को निणर्य अनुसार शिक्षण अस्पतालमा लेखी पठाइएको ।

(ढ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. जिल्ला बिकास समितिको कार्यालय कञ्चनपुरले द्वन्दकालमा मारिएका र राज्यबाट तत्काल सहायता नपाएका परिवारका नाममा रकम बितरण गर्दा अनियमितता गरी भ्रष्टाचार गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बिकास समितिको कार्यालय कञ्चनपुरले द्वन्दकालमा मारिएका र राज्यबाट तत्काल सहायता नपाएका परिवारका नाममा अनुदान दिने गरि कार्यक्रममा राखि रु ५,००,०००। रकम बितरण गरेको देखियो । द्वन्दकालका शहिद तथा घाईते परिवारलाई उचित व्यवस्था गर्न सरकारले छुट्टै संयन्त्र खडागरी कार्य गरीरहेको हुदा आयोगको मिति

२०६५।५।९ को निर्णय अनुसार घाईते र शहिद परिवारलाई उचित हेरचाह र क्षतिपूर्ति एकिकृत रूपमा एकैस्थानबाट मापदण्डको आधारमा सहयोग गर्ने व्यवस्था गर्न र स्थानीय निकायको रकम बिकास निर्माणको काममा सदुपयोग गर्न स्थानीय बिकास मन्त्रालयलाई लेखि पठाइएको ।

२. जिल्ला विकास समितिको कार्यालय काभ्रेपलान्चोकका स्था.वि. अधिकारी समेतको मिलेमतोमा भारत सरकारको सहयोगमा निर्माण भैरहेको श्री भगवती उच्च मा.वि. को भवन निर्माण कार्यमा ठेकेदारसंग ठूलो रकम लिई निर्माणस्थलमा प्राविधिक कर्मचारी नआउने व्यवस्था मिलाई गुणस्तरहीन कार्य गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्वन्धमा अनुसन्धान हुँदा भारत सरकारको सहयोगमा निर्माण भएको श्री भगवती उच्च माध्यमिक विद्यालय काभ्रेपलान्चोकको भवन निर्माणमा निर्माण कार्य बोलपत्रको माध्यमबाट गराउने MOU को शर्त अनुसार बोलपत्र आहवानको सूचना प्रकासित भै तोकिएको समय अवधिभित्र नियमानुसार दर्ता हुन आएको शिलवन्दी बोलपत्रदाताहरू मध्येबाट न्यूनतम अंक कवोल गर्ने ठेकेदारको बोलपत्र स्वीकृत भएको, भवन निर्माण कार्य नक्सा बमोजिम भएको, भवन निर्माणको क्रममा क्यूव टेष्ट नगराइएको अवस्थामा भवनको गुणस्तर एकिन गर्न Beam Deflection Test गराइएकोमा उक्त Test गर्ने Professional Network for Engineering and Computer Training P. Ltd. को परिक्षण प्रतिवेदन अनुसार सो भवन निर्माणको गुणस्तर सन्तोषजनक पाइएको, निर्माणाधीन श्री भगवती उच्च मा.वि. भवन निर्माणको क्रममा अनियमितता भएको नदेखिएको र भवनको गुणस्तर सन्तोषजनक पाइएतापनि निर्माणको क्रममा गुणस्तर कायम गर्न गराउनुपर्ने कंक्रिटको क्यूव टेष्ट गराइएको नपाइएकोले अव उप्रान्त गरिने कुनैपनि निर्माण कार्यको अनिवार्य क्यूव टेष्ट गराउन आयोगको मिति २०६५।५।१७ को निर्णय अनुसार जिल्ला प्राविधिक कार्यालय, काभ्रेपलाञ्चोकलाई लेखी पठाइएको ।

३. भक्तपुर नगरपालिका कार्यालयका कार्यकारी अधिकृतले नगरपरिषदको बैठक नबसालेको र नगरपालिकाबाट संचालित ख्वप: कलेजका सबै संकायहरू बिनियम बिनानै संचालन गरी अनुचित कार्य गरे भन्ने बिषयमा अनुसन्धान हुँदा प्रारम्भिक छानविन प्रतिवेदन तथा संबन्धित कार्यालयको प्रतिकृया समेतको आधारमा नगरपरिषदको बैठक नबसालेको भन्ने बिषयमा स्थानीय बिकास मन्त्रालयलाई आवश्यक कारवाहीका लागि लेखि सकिएकोले थप केहि गर्नु परेन । नगरपालिकाबाट संचालित ख्वप: कलेजमा अनियमितता भएको तथा बिनियम बिना नै संचालन भएको विषयमा ती कलेजहरूमा भ्रष्टाचार भएको भन्ने अनुसन्धानबाट नदेखिएको तर कलेज संचालन भने स्पष्ट नियम बिनियम बिनानै संचालन भएको पाईएकोले नगरपालिकाबाट संचालित ख्वप: कलेज संचालन गर्ने आवश्यक नियम बिनियम तिन महिना भित्र तयार गरी कार्यन्वयन गर्न आयोगको मिति २०६५।०६।१३ को निर्णय अनुसार भक्तपुर नगरपालिकालाई लेखी पठाइएको ।

४. यस आयोगमा दर्ता भएका का.म.न.पा.वार्ड नं. १४ कुलेश्वर बन क्षेत्रमा पुरातात्विक प्राचीन स्मारक धार्मिक तिर्थस्थान श्री कुलेश्वर महादेवको देवालय रहेको मन्दिरको पश्चिम पट्टीको साविक कि.नं. ३२ को जग्गा कमाउने अतिक्रमणकारीले वर्षेनी काटी छाँटी भत्काई आफ्नो जग्गा बढाएको र श्री महादेवकै जग्गा पश्चिम दक्षिण कुनामा फाँडी टहरा समेत बनाई बहालमा दिई श्री महादेवको

जग्गाबाट नाजायजी फाइदा लिइ राखेको भन्ने समेत उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा का.म.न.पा. वडा नं. १४ स्थित पुरातात्विक प्राचीन स्मारक धार्मिक तिर्थस्थान कुलेश्वर महादेव राजगुठीमा दर्ता नभएको र राजगुठीमा दर्ता नभएका जग्गाको संरक्षण र सम्बर्द्धन कार्यका सम्बन्धमा गुठी संस्थानबाट हालसम्म खासै पहल हुन नसकेको भनी गुठी संस्थान तहसील शाखा कार्यालय कालमोचन काठमाडौंको च.नं. २४७४ मिति २०६५।२।२३ को पत्रबाट लेखि आएको एवं नापी कार्यालय कलंकीबाट प्राप्त प्राविधिक प्रतिवेदनमा "का.म.न.पा. वडा नं. १४ कुलेश्वर महादेव मन्दिर साविक कि.नं. ३३ मा साविक क्षेत्रफल ९-८-०-० कायम भएको र हाल ०-६-०-० क्षेत्रफल जग्गा पूर्वतर्फ बाटोमा गई हाल मन्दिरको जग्गा जम्मा क्षे.फ. ९-३-१-२ कायम भई साविक क्षेत्रफल भन्दा मन्दिरको जग्गा नघट्ने " भन्ने प्रतिवेदन प्राप्त भएको देखियो । अतः उक्त मन्दिरको जग्गा साविक भन्दा घटी नदेखिंदा त्यहाँ मन्दिर क्षेत्रमा रहेका सृष्टी बाल बिकास केन्द्र र सामुदायिक सेवा समुहले मन्दिरको हानी नोक्सानी गरेका छन् छैनन् र अन्य कारणले गर्दा मन्दिरको सम्पत्ति हानी नोक्सानी भएको छ छैन सो को रेखदेखका सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६ (ङ) १ मा महानगरपालिकालाई नगर क्षेत्र भित्रका साँस्कृतिक तथा धार्मिक महत्वका स्थानहरूको लगत तयार गरी तिनीहरूको मर्मत सम्भार गरी संरक्षण सम्वर्द्धन गर्ने गराउने र (ङ) (२) मा नगरपालिका क्षेत्रभित्रका पुरातात्विक वस्तु, भाषा, धर्मकला, संस्कृतिको सम्वर्द्धन एवं प्रयोग गर्ने गराउने" भन्ने कर्तब्य तोकिदिएको देखिदा उक्त ऐनको दफा ९६ (ङ) १ र २ बमोजिम कुलेश्वर महादेवको मन्दिरको चल अचल सम्पत्ति संरक्षण गर्नको निमित्त आयोगको मिति २०६५।०७।१० को निर्णय अनुसार काठमाडौं महानगरपालिकालाई लेखी पठाइएको ।

५. गुल्मी जिल्लाको तम्घासमा रेसुङ्गा मा.वि. भवन निर्माण गर्दा ठेकेदारले सामान पर्याप्त नराखी कमजोर गुणस्तरको निर्माण गरेकोमा रकम भुक्तानी दिई आर्थिक अनियमितता गरे भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा गुल्मी जिल्लाको तम्घास स्थित रेसुङ्गा मा.वि. भवनको निर्माणको क्रममा पहिलो तल्लाको ढलान भएको कार्यको गुणस्तरमा शंका ब्यक्त गरी जिल्ला विकास समिति गुल्मीले इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पसको हेवी ल्याबबाट प्रयोगशाला परिक्षण गरेको देखियो । उक्त प्रयोगशालाको Rebound Hammer Test Report बिश्लेषणमा क्लास ४ माथिको Beam No. 2 र क्लास ५ माथिको Beam No. 4 बाहेक अन्य सबै Slab, Columns / Beams को औषत Strength हुनुपर्ने Design Strength 15 N/mm^2 भन्दा कम देखिएको र गुणस्तरयुक्त काम भएको नदेखिएकोले त्रुटीपूर्णरूपमा भएको निर्माण कार्यलाई तोकिएको Design Strength 15 N/mm^2 अनुरूप हुने गरी निर्माण कार्य सच्याउन लगाएर मात्र बांकी रकम ठेकेदारलाई भुक्तानी गर्न आयोगको मिति २०६५।०९।२८को निर्णय अनुसार जि.वि.स. गुल्मीलाई लेखी पठाइएको ।

६. ललितपुर जिल्लाको स्थानीय निकायहरूले नियम विपरित बढि दस्तुर राजस्व असुल गरे भन्ने बिषयको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा प्राप्त बिवरण तथा छानविन प्रतिक्रियाबाट नगरपालिकासंग जोडिएका गा.वि.स. हरूले भौतिक संरचना निर्माण स्वीकृति, घर निर्माण स्वीकृति, घरजग्गा मूल्यांकन, घरबाटो खुलाउने सिफारिस आदि गर्दा नियममा ब्यवस्था भएको गाउँ परिषदबाट तोकेको दर भन्दा फरक पारी आ-आफ्नो हिसावले दस्तुर लिने गरेको देखिएकोले एकै

प्रकृतिको कामको लागि लाग्ने दस्तुर राजश्वमा एकरूपता कायम भएको देखिएन । नगरपालिकासंग जोडिएका गा.वि.स./नगरोन्मुख गा.वि.स. ले लिने दस्तुरमा एकरूपता अपनाउन र नियमको सीमा वा निर्णय भन्दा घटबढ दरबाट दस्तुर असुल गर्न नपाउने व्यवस्थाका लागि आयोगको मिति २०६५।१०।८ को निर्णय अनुसार स्थानीय विकास मन्त्रालयलाई लेखि पठाइएको ।

७. भरतपुर नगरपालिकामा निर्माणधिन कभर्डहलका लागि श्रोत जुटाउने सन्दर्भमा राहदानी फारम तथा मालपोत रजिष्ट्रेशन फारम बितरण गर्दा प्रति फारम रु. १००।- का दरले संकलन गरी रहेकोमा अनियमितता भयो भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा भरतपुर नगरपालिकामा कभर्डहल निर्माण गर्न भनी राहदानी तथा रजिष्ट्रेशन फारम बितरण गर्दा प्रति सेटमा रु. १००।- सेवाग्राहीबाट लिई रकम संकलन गर्ने निर्णय गरी रकम उठाउँदै आएको देखियो । ऐन, नियम, कानूनले निर्धारण गरे बाहेक अन्य कुनैपनि प्रकृयाबाट कर शुल्क, दस्तुर, सेवा दस्तुर उठाउन नसकिने र नमिल्ने अवस्थामा पनि जिल्ला प्रशासन कार्यालयबाट राहदानी लिन तथा मालपोत कार्यालयबाट घर जग्गा राजिनामा पारित गर्न आउने सर्वसाधारणबाट थप दस्तुर लिएको कुरा कानूनसम्मतः नदेखिएकोले आयोगको मिति २०६५।४।२६ को निर्णय अनुसार कानून विपरितको कार्य नगर्न र यसप्रकारको दस्तुर लिनुपर्ने भए कानूनमा व्यवस्था गरी मात्र लिने व्यवस्था गर्न गृह मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी सो को जानकारी स्थानीय विकास मन्त्रालयलाई दिइएको ।

८. Insurance Company Ltd. का संचालक समितिका अध्यक्ष श्री गोविन्ददाश श्रेष्ठ समेतले विभिन्न किसिमका अनियमितता गरी भ्रष्टाचार गरे भनी परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा Alliance Insurance Company Ltd. को काठमाडौं स्थित तिनकुनेमा निर्माण भइरहेको भवन स्वीकृत मापदण्ड विपरित भएको भन्ने विमा समितिको छानविन प्रतिवेदनबाट देखिदा आयोगको मिति २०६६।३।१४ को निर्णय अनुसार यस सम्वन्धमा आवश्यक कारवाही गर्न काठमाडौं महानगरपालिकाको कार्यालय, काठमाडौंलाई लेखी पठाइएको ।

(ण) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका ड्राइभर महेन्द्रराज श्रेष्ठले नविग्रिएको गाडीलाई विग्रेको देखाइ विल वनाइ भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा महाप्रवन्धकको गाडीमा प्रति महिना ३०० लिटर देखि ५५० लिटर सम्म इन्धन प्रयोग हुने अध्ययन अनुसन्धानको क्रममा देखिएकोले यस सम्बन्धमा नेपाल सरकारका सोही सरहका पदाधिकारीलाई तोके सरह हुने गरी महाप्रवन्धकको गाडीमा इन्धन दिने सम्बन्धमा आवश्यक निर्णय गर्न र मर्मत तथा इन्धन उपलब्ध गराउने सम्बन्धमा अध्ययन अनुसन्धानबाट देखिन आएका कमि कमजोरीका सम्बन्धमा गाडी मर्मत गर्दा म.ले.प. फा.नं. २ अनिवार्य रूपमा प्रयोगमा ल्याउने व्यवस्था गर्न, पुराना गाडी लिलाम विक्री गर्ने व्यवस्था तदारुकतासाथ मिलाउन, नागरिक उड्डयन प्राधिकरणमा ठुलो रकम मर्मत कार्यमा खर्च हुने हुँदा आफ्नै वर्कसपको व्यवस्था हुन पर्ने देखिन गएकोले यसतर्फ आवश्यक पहल गर्न, इन्धन उपलब्ध गराउदा माग फाराम स्वीकृत भए पश्चात मात्र दिने व्यवस्था

गर्न र इन्धनको कुपन काट्ने कर्मचारी अधिकृत तहको राख्ने व्यवस्था गरी आवधिक रूपमा हेरफेर गर्न आयोगको मिति २०६६।३।३१ को निर्णय अनुसार नेपाल नागरिक उड्डयन प्राधिकरण संचालक समितिमा लेखी पठाईएको ।

(त) सूचना तथा संचार मन्त्रालय अन्तर्गत

१. गोरखापत्र संस्थानले एकतर्फीरूपमा एभरग्रीन एडभरटाईजिङ्ग मिडियासंग भएको सम्झौता म्याद समाप्त भएको भनी भङ्ग गरी हाल पूनः संचालक समितिबाट नयां सम्झौता गर्ने निर्देशन दिने निर्णय भएकोमा सो को कार्यान्वयन नभएको भन्ने उजूरीका सम्वन्धमा अनुसन्धान हुँदा गोरखापत्र संस्थानले उजुर कर्ता एभरग्रीन एडभरटाइजिङ्ग मिडियासंग सर्वप्रथम २०५८ सालमा सम्झौता गरी एडभरटाइजिङ्ग मिडियाले काम गरिरहेकै वखत विज्ञापनमा एकद्वार नीति लागु गर्ने भनी गोरखापत्र संस्थानले सम्झौता रद्द गरेकोमा पुनः संचालक समितिबाट नयां सम्झौता गर्ने निर्णय गरेतापनि सो को कार्यान्वयन नभएको भन्ने उजूरीका सम्वन्धमा गोरखापत्र संस्थान संचालक समितिको मिति २०६२।१२।३० को बैठक नं. २७ निर्णय नं. ८३ बाट निर्णय भएतापनि सो निर्णय कार्यान्वयन भएको देखिएन । संस्थानको संचालक समितिले गरेको निर्णय कार्यान्वयन हुनुपर्नेमा सो निर्णय कार्यान्वयन नभएको कारणले एभरग्रीन एडभरटाईजिङ्ग मिडियाको हिसाव किताव फरफारक समेत हुन बाधा उत्पन्न भएको देखिदा आयोगको मिति २०६५।४।१३ को निर्णय अनुसार उक्त २०६२।१२।३० को संचालक समितिको निर्णय कार्यान्वयन गरी हिसाव किताव समेत फरफारक गर्न गराउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क बमोजिम गोरखापत्र संस्थानलाई लेखी पठाइएको ।

२. गोरखापत्र संस्थानबाट लिइएको समाचारदाता तह-६ को पदपूर्ति गर्दा परीक्षामा अनियमितता भएको भन्ने बारे परेको उजुरीका सम्बन्धमा यस आयोगबाट भएको मिति २०६४।८।२४ को निर्णय कार्यान्वयन नगरी सो संस्थामा लामो समयदेखि करार सेवामा कार्यरत रहकै अवस्थाबाट मिति २०६४।१०।१ देखि सेवाबाट हटाईएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा गोरखापत्र संस्थानद्वारा लिइएको समाचारदाता तह-६ को परीक्षामा निष्पक्षता र स्वच्छता भएन भनी कानून बमोजिम संस्थानको हितमा निर्णय गर्न आयोगबाटै संस्थानका संचालक समितिलाई लेखी पठाइएकोमा उक्त संस्थानका संचालक समितिबाट मिति २०६४।११।११ मा निर्णय गर्दा पदपूर्ति समितिले उत्तीर्ण परीक्षार्थीलाई नियुक्ति दिने सिफारिस गरिएको निर्णय बदल्नु पर्ने आवश्यकता देखिएन भन्ने समेत उल्लेख भएकोले यस आयोगको निर्णय नं. १७३ पूर्ण कार्यान्वयन भएको मान्न सकिने अवस्था देखिएन, आयोगको मूल मनसाय निष्पक्ष रूपले परीक्षा संचालन भए नभएको हेर्नु नै हो, आयोगको निर्णय पूर्ण कार्यान्वयन हुनुको सट्टा परीक्षामा अनियमितता उजागर गर्ने २०५१ साल देखि करार सेवामा कार्यरत उजुरीकर्ता गीता मैनालीलाई नै २०६४।१०।१ देखि संस्थानको करार सेवाबाट समेत हटाएको प्रष्ट देखिन आयो । अनियमितता उजागर गरेकै कारणबाट कसैले सेवाबाट विमुख हुनुपर्ने अवस्था आउनु निश्यय नै राम्रो मान्न सकिन्न । उजुरीकर्ता र साक्षीको संरक्षण र सम्बर्द्धन गर्नु समेत राज्यको पुनित कर्तव्य नै हो । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५६ ले

"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि भ्रष्टाचार भएको वा हुन लागेको विषयमा कानूनी कारवाही अगाडि वढाउन वा भ्रष्टाचार हुन नदिने गरी सूचना दिने राष्ट्र सेवकलाई निजले गरे वा पुऱ्याएको सहयोग वापत निजको सेवा शर्त सम्बन्धी कानून अनुसार गोपनीयता भंग गरेको आधारमा कारवाही हुने छैन" भन्ने स्पष्ट उल्लेख गरेको अवस्था समेतलाई दृष्टिगत गर्दा वास्तविक कुरा उजागर गर्ने सूचनाकर्ता वा उजुरीकर्तालाई राज्यले संरक्षण नै दिनुपर्ने हुन्छ । यस परिप्रेक्ष्यमा विचार गर्दा अनुसन्धानका क्रममा वयान गर्ने गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष लगायतका व्यक्तिहरूले उजुरीकर्तालाई आयोगमा उजुरी गरेको कारणले हटाइएको होइन भन्ने व्यहोरा खुलाएका भएपनि उजुरीकर्ता गीता मैनालीलाई विना कारण हटाइएको विषयलाई वस्तुनिष्ट र तथ्यपरक ढंगबाट प्रमाण प्रस्तुत गर्न सकेको नदेखिएको समेत कारणले निज उजुरीकर्तालाई दुरासय पूर्वक करार सेवाबाट हटाइएको मान्नुपर्ने देखिन आयो । तसर्थ उजुरीकता गीता मैनालीलाई मिति २०६४।१०।१ देखि नै लागू हुने गरी करार सेवामा यथावत काम लगाउन,उजुरीकर्ता गीता मैनाली २०५१ सालदेखि गोरखापत्र संस्थानमा निरन्तर करार सेवामा कार्यरत रहेकी भन्ने देखिएको र एउटी स्नातकोत्तर गरेकी अनुभवी महिलालाई गोरखापत्र संस्थानको सेवामा लगाई निजको क्षमता र अनुभवको सदुपयोग गराउनु पनि वान्छनीय नै हुन्छ । तसर्थ अब संस्थानबाट गरिने समाचारदाताको पदपूर्तिमा निज गीता मैनालीलाई समेत प्रतिस्पर्धामा समावेश हुने अवसर दिन गोरखापत्र संस्थान,व्यवस्थापनलाई र नेपालको अन्तरिम संविधान, २०६३ को संवैधानिक व्यवस्था, निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० मा भएको पछिल्लो संशोधन समेतले समावेशी सिद्धान्तलाई समेटी सकारात्मक विभेदको नीतिलाई समेत अंगिकार गरेको देखिन्छ । यस विषयमा आयोगबाट सबै सार्वजनिक संस्थानहरूका प्रमुखहरूलाई बोलाई छलफल समेत भै आयोगबाट लेखी पठाई सकिएको समेत हुँदा समावेशी सिद्धान्तलाई समेटने गरी गोरखापत्र संस्थानको कर्मचारी सेवा शर्त विनियमावली, २०५२ मा समेत आवश्यक संशोधन र परिमार्जन गर्न गराउन आयोगको मिति २०६५।५।२५ को निर्णय अनुसार गोरखापत्र संस्थानको संचालक समितिलाई लेखी पठाइएको ।

३. गोरखापत्र संस्थानले विज्ञापन नं. १।२०६४।०६५ अनुसार तह ६ को समाचारदाता पदको लागि "पत्रकारितामा स्नातक" योग्यता नपुगेका किशोर पन्थीको दरखास्त फाराम स्वीकृत गरी परीक्षा समेत लिई नियुक्त गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा किसोर पन्थीले दरखास्त साथ पेश गरेको प्रमाणपत्र पत्रकारिता विषयको स्नातक तहको नभै राजनीति शास्त्रको भएको भन्ने उजुरी व्यहोरा छानवीन गरी त्रिभुवन विश्व विश्वविद्यालयबाट जानकारी माग गर्दा उक्त प्रमाणपत्र पत्रकारिता विषयको नभै राजनिती शास्त्रको भएको पुष्टि हुन आएबाट संस्थानले तोकेको न्यूनतम शैक्षिक योग्यता नपुगेका व्यक्तिको दरखास्त स्वीकृत गरी नियुक्ति समेत दिने अवस्था रहेको कुरा संस्थानको प्रतिकृयाबाट जानकारी हुन आयो । संस्थान आफैले तोकेको न्यूनतम शैक्षिक योग्यता नपुगेका निज किसोर पन्थीलाई उक्त पदमा नियुक्त गर्न नमिल्ने भनी आयोगको मिति २०६५।१०।६को निर्णय अनुसार गोरखापत्र संस्थान संचालक समितिलाई लेखी पठाइएको ।

(थ) शिक्षा मन्त्रालय अन्तर्गत

१. बाँके जिल्ला मैटहवा स्थित जनता निम्न माध्यमिक विद्यालयमा कार्यरत शिक्षक बद्रीविशाल थारुको प्रमाण पत्रको आधारमा मिति २०५७ सालमा अवकाश हुनु पर्नेमा २०५९ सालसम्म तलव भत्ता खुवाएको, सोही जिल्लास्थित नि.मा.वि. वनकट्टीमा कार्यरत शिक्षक अम्विका प्रसाद वर्मा गैर नेपाली नागरिक भएर पनि कार्यरत भैरहेको, सोही विद्यालयका शिक्षक उमेश कुमार तिवारी र रमेश प्रसाद श्रीवास्तवको शैक्षिक योग्यता नक्कली भएकोले छानविन गरी पाउं भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।२१ को निर्णय अनुसार निम्न माध्यमिक बिद्यालय, वनकट्टीमा कार्यरत शिक्षक अम्विका प्रसाद वर्मा भारतीय नागरिक भएको भन्ने बिषयका सम्वन्धमा निज शिक्षकको नेपाली नागरिकताका सम्वन्धमा आवश्यक छानविन गरी टुङ्गो लगाउन जिल्ला प्रशासन कार्यालय, बाँकेलाई लेखी पठाइएको ।

२. विभिन्न मेडिकल कलेजहरूले एम.वि.वि.एस. अध्ययन गर्न भर्ना हुन चाहने विद्यार्थीहरूबाट भर्ना हुँदाकै समयमा एकमुष्ट रु. २६,००,०००। अग्रिम रूपमा लिइ भाँडभैलो गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा विभिन्न मेडिकल कलेजहरूले एम.वि.वि.एस. अध्ययन गर्न भर्ना हुन चाहने विद्यार्थीहरूबाट लिने शुल्क एकमुष्ट रूपमा लिने गरेको पाइएको र यसो गर्दा प्रवेश परीक्षामा उत्तिर्ण भै किस्तावन्दीमा शुल्क वुझाउन सक्षम तर एकमुष्ट वुझाउन असमर्थ हुने विद्यार्थीहरू भर्ना हुन समस्या पर्ने देखिएबाट अव उप्रान्त यस सम्बन्धमा एकमुष्ट र किस्तावन्दी दुवै प्रकारले शुल्क वुझाउन पाउने विकल्प सहितको व्यवस्था गर्न, सवै मेडिकल कलेजहरूमा एम.वि.वि.एस. अध्ययन गर्न भर्ना हुन चाहने विद्यार्थीहरूको प्रवेश परीक्षा लिने सम्बन्धमा सवै विश्वविद्यालयहरूका प्रतिनिधि रहेको एक उच्चस्तरीय संयन्त्र वनाई शिक्षा मन्त्रालयबाट समन्वय गरी एउटै पाठ्यक्रमका आधारमा प्रवेश परीक्षा संचालन गरी सो परीक्षामा उत्तिर्ण गरेका विद्यार्थीहरू योग्यताको आधारमा कलेजहरू छानी भर्ना हुन पाउने व्यवस्थाका मिलाउन आयोगको मिति २०६५।५।१९ को निर्णयानुसार शिक्षा मन्त्रालयमा लेखी पठाइएको ।

३. आइ.एस्सी. तथा उच्च माध्यमिक (+२) मा ५०% भन्दा कम अंक ल्याई वा फिजिक्स, केमेष्ट्री र वायोलोजी विषय मध्ये फिजीक्स वा केमेष्ट्री मध्ये एक विषय नलिएका वा उक्त विषयमा तोकिएको नम्वर प्राप्त गर्न नसकी उत्तिर्ण भएका विद्यार्थीहरू चिन लगायत विभिन्न देशका मेडिकल कलेजमा एम.वि.वि.एस. र वि.डि.एस. अध्ययन गर्न नेपाल सरकार तत्कालिन शिक्षा तथा खेलकुद मन्त्रालयको स्वीकृती लिई अध्ययन पुरा गरी स्वदेश फर्की आएको देखियो, त्यस्ता विद्यार्थीहरूलाई नेपाल मेडिकल काउसिन्लले एम.वि.वि.एस. र वि.डि.एस. उत्तिर्ण गरेका विद्यार्थीहरूलाई प्रदान गर्ने अनुमति पत्रको परीक्षामा उल्लेखित अवस्थामा रहेका विद्यार्थीहरूलाई एम.वि.वि.एस. उत्तिर्ण गरेको नमानी परिक्षार्थीलाई अनुमति पत्रको परीक्षामा समावेश नगराउने गरेको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा चिन लगायत विश्वका अन्य राष्ट्रहरूमा एम.वि.वि.एस. र वि.डि.एस. अध्ययन गर्न शिक्षा मन्त्रालयबाट अनुमति लिई अध्ययन गर्न जाने विद्यार्थीहरूले अनिवार्य रूपमा नेपाल मेडिकल काउन्सिलको Eligible Certificate पेश गर्नु पर्ने व्यवस्था मिति २०६५।४।१ देखि लागु गरेको देखियो

तर सो मिति २०६५।४।१ पछिका दिनमा के कस्तो प्रकृया पुरा गरी अध्ययन गराउन उचित हुन्छ ? मापदण्ड तोकी तोकिएको मापदण्ड पुरा गरेका विद्यार्थीलाई मात्र मेडिकल काउन्सीलले छनौट गरी स्वदेश तथा विदेशमा आफ्नो खर्चमा पढन जाने विद्यार्थीहरूको छनौट गर्ने । तर उक्त मिति अगावै शिक्षा मन्त्रालयबाट अनुमति लिई विभिन्न राष्ट्रहरूमा एम.वि.वि.एस. र वि.डि.एस. गर्न गएका विद्यार्थीहरूलाई नेपाल मेडिकल काउन्सिलले लिने अनुमति परीक्षामा सामेल नगराउँदा व्यक्तिको समय र राष्ट्रको श्रोत साधन समेत खेर जाने र निजहरूको भविष्य समेत अन्योलमा पर्ने देखिन्छ । बितेका दिनहरूमा समेत विभिन्न समस्याहरू परी अदालतसमेतबाट सो समस्याहरूको निरूपण भएको पृष्ठभूमिमा हाल चिन लगायत अन्य राष्ट्रहरूमा अध्ययन गरी फर्केका र अव फर्किन वाँकी विद्यार्थीहरूको भविष्यप्रति नेपाल सरकार र सम्वन्धित निकाय संवेदनशिल हुनु पर्ने देखिंदा मिति २०६५।४।१ अघिका विद्यार्थीहरूलाई मात्र राज्यले आफ्नो उत्तरदायीत्व वुझी आवश्यक पर्ने परीक्षा समेत लिई वा अन्य उपयुक्त वैकल्पिक व्यवस्था गरी निजहरूलाई समेत परीक्षामा सामेल गराई उनीहरूको भविष्यप्रति संवेदनशिल हुन आवश्यक व्यवस्था मिलाउने प्रयोजनको लागि आवश्यक कानूनी ब्यवस्था गर्न, मित्रराष्ट्र चिन, रुस र फिलिपिन्समा आफ्नो खर्चमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई भाषाको कारणबाट हुने समस्या र ठुलो परिमाणमा खर्च व्यहोर्न पर्ने अवस्था देखिएकोले ती तीन देशमा मेडिकल विषयमा अध्ययन गर्न जाने विद्यार्थीहरूलाई मात्र नेपालमा आई Pre-internship र Internship गर्न पाउने कानूनी ब्यवस्था गर्न आयोगको मिति २०६५।०७।२२ को निर्णय अनुसार नेपाल सरकार शिक्षा मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।

४. बारा जिल्लाको जीतपुर स्थित श्री माध्यमिक बिद्यालय, नगौल जीतपुर स्व. अदालत गिरीको सक्रियतामा स्थापना भई सार्वजनिक बिद्यालयको रूपमा संचालन हुँदै आएकोमा बिद्यालय प्रति खासै योगदान नभएका एवम् संस्थापक गिरी परिवार भन्दा बाहिरका राजेश्वर गिरीले बिद्यालयको संचालक समितिलाई समेत अनुचित प्रभावमा पारी बिद्यालयलाई रु. १०,००,०००।- चन्दा दिई बिद्यालयको नाममा निज राजेश्वर गिरी र निजका पिता फकिरा गिरीको नामजोडी नामाकरण गराई बिद्यालयलाई व्यक्तिगत खेल मैदान जस्तो बनाएको एवम् शिक्षा नियमावली २०५९ को नियम १५४ को पूर्ण वेवास्ता गरी केवल चन्दा रकमलाई मात्र मध्यनजर गरी निर्णय गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा श्री माध्यमिक बिद्यालय, नागौल जीतपुरको नाम सँग फकिरा गिरी राजेश्वर गिरीको नाम जोडि श्री फकिरा गिरी राजेश्वर गिरी माध्यमिक बिद्यालय, नागौल जीतपुर कायम गर्ने गरी शिक्षा तथा खेलकुद मन्त्रालयबाट मिति २०६३।१०।३ समेतमा भएको निर्णय सम्वन्धी फाइल संलग्न कागजात हेर्दा यस बिषयमा तत्कालिन शिक्षा तथा खेलकुद मन्त्रीबाट पटक पटक निर्णय भएको देखियो । यस बिषयमा भएको बिरोधाभाषलाई समाधान गर्न बिद्यालयको संस्थापन पक्ष र मागकर्ताहरू, जि.बि.स. र स्थानिय भद्र भलाद्मीहरू समेतको रोहवरमा सहमति बनाई पुनः पेश गर्ने भन्ने मन्त्रिस्तरबाट मिति २०६२।१०।१३ मा भएको निर्णय कार्यान्वयननै नगरी प्रकृया पुगी आएकोले बिद्यालयको नामाकरण नियमानुसार गर्ने भनि मिति २०६३।२।२१ मा मन्त्रीस्तरबाट निर्णय भएको एवम् यसै बिषयमा परिवर्तित सन्दर्भमा नयाँ राय माग गरी पेश गर्ने भनी पुनः मिति २०६३।६।२ मा मन्त्रीज्यूबाट निर्णय भएको देखियो, परिवर्तित सन्दर्भमा नयाँ राय

माग गरी पेश गर्ने भनी मन्त्रीस्तरबाट मिति २०६३।६।२ मा निर्णय भए पश्चात नयाँ राय केही उल्लेख नै नभएको एवम् तत्कालीन प्रतिनिधि सभाको जनसंख्या तथा सामाजिक समितिमा यस बिषयमा छलफल हुँदा पुनः बिचार गर्नको लागि भनिएको थियो भन्ने व्यहोरा तत्कालीन शिक्षा तथा खेलकुद सचिवको रायमा उल्लेख भएको अवस्थामा मिति २०६३।२।२१ को निर्णय कायम गर्ने भनी मिति २०६३।१०।३ मा मन्त्रीस्तरबाट निर्णय भएको देखियो । यसबाट सहमति पश्चात निर्णय गर्ने भनिएको बिषय व्यवहारमा लागू नभएको अवस्था देखिनुका साथै तत्कालीन संसदको समितिले यस बिषयमा पुनः बिचार गर्ने भनि दिएको निर्देशन पालना भएको समेत नदेखिदा उक्त विद्यालयको नामाकरण सम्वन्धी शिक्षा तथा खेलकुद मन्त्रालयका मिति २०६३।२।२१ र २०६३।१०।३ का निर्णय कानूनसम्मत नभएबाट उक्त निर्णय बदर गरी प्रचलित कानून बमोजिम निर्णयमा पुग्न आयोगको मिति २०६५।०९।२१ को निर्णय अनुसार शिक्षा मन्त्रालयमा लेखी पठाइएको ।

५. त्रि-चन्द्र क्याम्पस, काठमाडौका स्व.वि.यु. सभापति, लेखा प्रमुख र क्याम्पस प्रमुखको मिलेमतोमा बिद्यार्थी संग प्रत्यक्ष रूपमा सरोकार राख्ने स्व.वि.यु. कोष, विद्यार्थी कल्याण कोष र खेलकुद कोषहरूको रकम अपारदर्शी रूपमा खर्च गरी हिनामिना गरेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा क्याम्पसहरूमा बिद्यार्थी भर्ना हुँदा खेलकुद शुल्क, विद्यार्थी यूनियन शुल्क, बिद्यार्थी कल्याण कोष, क्याम्पस बिकास कोष, मरमत सम्भार, सरसफाई जस्ता बिभिन्न शिर्षकहरूमा शुल्क असूल गर्ने गरेको पाइयो । यस्ता शुल्कहरू बापत उठाइएका रकमहरू खर्च गर्ने सम्वन्धमा त्रि.बि. ऐन नियममा स्पष्टरूपमा व्यवस्था भएको पाइएन । अतः विद्यार्थी भर्ना हुँदा असूल गरीने शुल्क र त्यस्तो शुल्कबाट असूल भएको रकम खर्च गर्ने सम्वन्धी बिषयहरू त्रि.वि.आर्थिक नियमावलीद्धारा व्यवस्थित गर्न त्रि.वि.उपकुलपतिको कार्यालयमा र त्रि-चन्द्र बहुमुखी क्याम्पस, काठमाडौले स्व.वि.यू. कोष र विद्यार्थी कल्याण कोषबाट आम्दानी भन्दा बढी खर्च गरेको देखियो । उक्त कोषहरूबाट आम्दानी भन्दा बढी खर्च गर्ने प्रवृत्ति बिगत आ.ब.हरूमा समेत रहेको देखिएको हुँदा उक्त कोषहरूबाट के कुन आ.ब.मा उक्त क्याम्पसका के कुन पदाधिकारीको कार्यकालमा के कति रकम बढी खर्च भएको हो एकिन गरी उक्तानुसार बढी खर्च भएको रकम तत् तत् पदाधिकारीहरूबाट असूल उपर गर्न आयोगको मिति २०६५।११।१९को निर्णय अनुसार त्रि.बि.रजिष्ट्रारको कार्यालयलाई लेखी पठाइएको ।

६. जिल्ला शिक्षा कार्यालय, दाङका जिल्ला शिक्षा अधिकारी टेकनारायण पाण्डेले पदीय अधिकारको दुरूपयोग गरी बदनियतपूर्बक कार्यहरू गरेको एवम् गैरकानूनी रूपमा बिभिन्न शिर्षकमा मोटो रकम उठाई फर्जि बिल बनाई भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा समिति, दाङले समितिको कोष बृद्धि गर्न भनी २०६३ सालमा बढुवा भएका शिक्षकहरूले बढुवा नियुक्ति लिदा बढुवा हुने शिक्षकहरूबाट जनही रु. ५००।- (पाँच सय रूपैयाँ) का दरले र शिक्षकहरूको माग बमोजिम हुने आन्तरिक सरुवामा प्रा.बि., नि.मा.बि. र मा.बि. तहका लागि क्रमशः रु. ३००।-, ४००।-, र ५००।- तथा जिल्लान्तर सरुवा भई आउने शिक्षकहरूबाट प्रा.बि., नि.मा.वि.,र मा.वि.को लागि क्रमशः रु. १,०००।-, १,५००।-, र २,०००।- का दरले शुल्क असूल गर्ने निर्णय गरी रकमहरू असूल गरेको भन्ने देखियो, समितिको कोष बढाउने बहानामा सरुवा बढुवा लगायतका बिषयहरूमा शिक्षक तथा कर्मचारीहरूसंग रकम असूल गर्नु उचित देखिएन, जिल्ला

शिक्षा समितिहरूले बिभिन्न बहानामा विभिन्न दरमा शुल्क उठाउने प्रचलन अन्य जिल्लाहरूमा समेत भएको बुझिन आयो । अतः जिल्ला शिक्षा समितिले समितिको कोषमा जम्मा गर्ने गरी रकम असूल गर्न पाउने विषय क्षेत्रहरू र रकमको सीमा समेत निर्धारण गरी सबै जिल्लाहरूमा एकरूपता कायम गर्ने व्यवस्था गन आयोगको मिति २०६५।११।२८को निर्णय अनुसार शिक्षा मन्त्रालयलाई लेखी पठाइएको ।

७. त्रिभुवन विश्वविद्यालय म.वि.व.क्याम्पस राजविराजमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरूको तलवबाट आर्थिक वर्ष ०६३।६४ को आयकर वापतको रकम कट्टा गरेको तर राजश्व नवुझ्काई क्याम्पस प्रमुख र लेखा अधिकृतबाट हिनामिना गरेकोले अवकाश प्राप्त गरेपछि निवृत्तिभरण तथा अन्य सूविधा लिन पनि वन्चित हुन परेकोले आवश्यक छानविन गरी उक्त रकम असूल उपर गराई राजश्व दाखिल गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुदा क्याम्पस प्रमुख डा. परमेश्वर यादव र लेखा अधिकृत अधिकलाल चौधरीले माथि उल्लेखित रकमहरू खाइ मासेको नभइ क्याम्पसकै अन्य शिर्षकहरूमा खर्च गरेको देखिएकोले राजश्व रकम रु. ८,६८,७६०।५८ राजश्व खातामा र त्रि.वि. ऋण शाखामा पठाउन बाँकी रहेको रकम रु. १,३८,९८२।२७ पैसा सम्वन्धित खातामा दाखिल गर्न आयोगको मिति २०६६।१।९ को निणर्य अनुसार रजिष्ट्रारको कार्यालय त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाइएको ।

८. सिरहा जिल्ला देवनगर स्थित श्री ज्योती प्रा.वि.मा जिल्ला शिक्षा कार्यालय, सिरहाबाट प्राप्त राहत कोटामा प्रा.वि. शिक्षक पदमा पदपूर्ति गर्दा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामनाथ यादवको किर्ते दस्तखत गरी सुशिला कुमारी यादवलाई नियुक्ति गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुदा उक्त विद्यालयलाई प्राप्त राहत कोटा दरवन्दीमा शिक्षक नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिले मिति २०६३।७।२७ को निर्णय अनुसार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री रामनाथ यादवको अध्यक्षतामा एक जना समाजसेवी र विद्यालयको प्र.अ. पूनिता कुमारी सिंह सदस्य रहेको शिक्षक छनौट समिति गठन गरेको देखिएको । सो समितिको मिति २०६३।७।२७ को निर्णयबाट सो पदमा शिक्षक नियुक्ति गर्न प्रक्रिया निर्धारण गरी मिति २०६३।१०।२८ को निर्णयबाट उक्त पदमा शुशिला कुमारी यादवलाई नियुक्ति गर्न विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने निर्णय गरेको । समितिको सिफारिस अनुसार विद्यालय व्यवस्थापन समितिको मिति २०६३।१०।२९ को निर्णय अनुसार प्रा.वि. राहत दरवन्दीमा जि.सिरहा नवराजपुर गा.वि.स. वडा नं. ६ वस्ने श्रीमती सुशिला कुमारी यादवलाई नियुक्त गर्ने भन्ने निर्णय गरी नियुक्ति दिएको देखिएको । व्यवस्थापन समितिका अध्यक्ष रामनाथ यादवले छनौट समिति र व्यवस्थापन समितिको बैठकमा आफु नवसेको सही नगरेको भन्ने दावी लिएको र विवादित दस्तखतहरू विद्यालय व्यवस्थापन समिति तथा शिक्षक छनौट समितिका अध्यक्ष रामनाथ यादवका हुन होइनन् भनी निजको दस्तखत नमूना लिई परीक्षणको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारमा पठाउदा दिइएका नमूनासंग विवादित दस्तखतहरू मिल्दैन भन्ने मिति २०६५।१२।२० को प्रतिवेदनबाट देखिन आएको, छानविनबाट निज रामनाथ यादवको सही कसले गऱ्यो भन्ने खुल्न सकेन । अतः उक्त विद्यालयको राहत कोटामा प्रा.वि. शिक्षक पदमा सुशिला कुमारी यादवलाई नियुक्ति गर्दा गलत ढंगले नियुक्ति

गरेको देखिंदा सो नियुक्ति वदर गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. बमोजिम दुष्परिणाम सच्चाउन आयोगको मिति २०६६।१।१४ को निणर्य अनुसार जिल्ला शिक्षा कार्यालय, सिरहाका जिल्ला शिक्षा अधिकारीलाई लेखी पठाइएको ।

९. सार्वजनिक पद धारण गरेको व्यक्ति (राष्ट्रसेवक) वाहेक अन्य व्यक्तिले नेपालका शैक्षिक संस्थाको नामबाट नक्कली शैक्षिक प्रमाणपत्रको प्रयोग वा कारोवार गरेको तथ्य सम्वन्धित शैक्षिक संस्थामा प्रमाणिकरण गर्ने क्रममा खुल्न जाने गरेको पाइएको हुंदा त्यस्तो अवस्थामा सो उपर कानूनी कारवाही गर्ने सम्वन्धित निकायका जिम्मेवार पदाधिकारीहरू समेत राखी आयोगमा छलफल हुँदा नेपाल स्थित सवै विश्वविद्यालयहरू लगायत शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने सवै शिक्षण संस्थाहरूलाई शैक्षिक योग्यताका प्रमाणपत्र प्रमाणीकरण गर्दा प्रयोग हुने निवेदन फाराम एवं पेश गर्नुपर्ने कागजातहरू (जस्तै नागरिकताको प्रमाणपत्र आदि) लगायतका ढांचा (Format) मा एकरूपता कायम गर्न गराउन र प्रमाणीकरण गर्न आएका वखत नक्कली प्रमाणपत्र लिई आउने सम्वन्धित व्यक्तिलाई तत्कालै कारवाही गर्न परिक्षा नियन्त्रण कार्यालय र प्रहरी निकायको आपसी समन्वयमा प्रभवकारी संयन्त्र बनाउने । त्यस्तो व्यक्ति राष्ट्रसेवक भएको पाइएमा सो प्रमाणपत्र तत्कालै अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउन आयोगको मिति २०६६।३।१८ को निर्णय अनुसार शिक्षा मन्त्रालयलाई लेखी पठाईएको ।

(द) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत

१. राष्ट्रिय खेलकुद परिषदबाट ब्याटमिण्टन प्रशिक्षक प्रताप अधिकारी विरुद्द राष्ट्रिय खेलकुद परिषद समेत भएको मुद्दामा राष्ट्रिय खेलकुद परिषदबाट नियुक्ति गर्दा अनियमितता भएको हुन सक्ने हुँदा छानविन र अनुसन्धान गर्न सर्वोच्च अदालतबाट लेखी आएकोले आयोगको तर्फबाट अनुसन्धान हुँदा राष्ट्रिय खेलकुद परिषदबाट कर्मचारी स्थायी नियुक्ति सम्बन्धमा परिषदको कर्मचारी सेवा सर्त सम्बन्धी नियम, २०४९ को नियम २.९ मा पदपूर्ति समितिले तयार पारेको निर्देशिका अनुसार गर्नुपर्ने व्यवस्था भएकोमा तत्कालिन अवस्थामा कुनैपनि निर्देशिका तयार भएको पाइए । राष्ट्रिय खेलकुद परिषदका तत्कालिन सदस्य सचिवहरू क्रमशः रुक्म समशेर ज.व.रा.र जिवन राम श्रेष्ठ समेतका व्यक्तिहरूलाई आयोगमा बोलाई वयान गराउँदा साविकको प्रचलन अनुसारै गरेको भन्दै सम्बन्धित खेल क्षेत्रका अस्थायी कर्मचारीहरूलाई पदपूर्ति समितिको सिफारिस अनुसार स्थायी नियुक्ति दिने र त्यसलाई परिषदको बोर्डबाट अनुमोदन गर्ने गरिएको भन्ने वयान गरेको र राष्ट्रिय खेलकुद परिषदबाट समेत लेखी आएको पाइयो, यस प्रकार नियुक्ति भै परिषदबाट अनुमोदन हुन नसकेका कार्यरत कर्मचारीहरूले मात्र अवकास पाएको देखियो । २०६१ सालमा आएर पदपूर्ति तथा बढुवा सम्बन्धी निर्देशिका तयार भै हाल कार्यान्वयनमा रहेको र हाल कार्यरत रहेका कर्मचारीहरू एवं पदाधिकारी र निवर्तमान पदाधिकारीबाट समेत पदपूर्ति एवं बढुवा सम्बन्धी कारवाही निष्पक्ष, स्वतन्त्र एवं पारदर्सी बनाउन निर्देशिकामा तोकिएको मापदण्ड अनुसार संचालन गर्ने कुरामा प्रतिवद्धता जनाएको पाईयो । यसरी विगतमा निर्देशिकाको अभावमा पदपूर्ति सम्बन्धी कारवाही नियमित हुन नसकेको देखिएको हुँदा र हाल निर्देशिका वनी लागु समेत भै सकेको देखिदा आयोगको

मिति २०६५।४।१३ को निर्णय अनुसार बढुवा एवं पदपूर्ति सम्बन्धी व्यवस्थालाई निष्पक्ष, स्वतन्त्र पारदर्शी बनाउन राष्ट्रिय खेलकुद परिषदलाई लेखी पठाइएको ।

२. नेपाल क्रिकेट संघले पिच रोलर एवं क्रिकेट खेल सामाग्री खरिद गर्दा कम गुणस्तरको सामान वढी मुल्य तिरी खरिद गरी लाखौं रकम घोटाला गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मिसिल संलग्न कागजातहरूबाट प्रस्तुत बिषयका सम्वन्धमा छानबिन गर्न राष्ट्रिय खेलकुद परिषदले वरिष्ठ चार्टड एकाउन्टेन्ट श्री पुष्पलाल श्रेष्ठको संयोजकत्वमा छानविन समिति गठन गरेको भन्ने देखिएतापनि उक्त छानविन समितिले के कस्तो प्रतिवेदन दिएको छ भन्ने खुल्न सकेको देखिएन । खेलकुद विकास ऐन २०४८ अनुसार राष्ट्रिय खेलकुद परिषदमा दर्ता भएका खेलकुद सम्वन्धी संस्थाहरूले आफ्नो आम्दानी खर्चको हिसावको श्रेस्ता परिषदले तोकिएको ढाँचामा राख्नु पर्ने, त्यस्तो संस्थाले राखेको श्रेस्ताको जाँचवुझ परिषदले जहिलेसुकै पनि गराउन सक्ने, जाँचवुझ गराउँदा आम्दानी खर्चको हिसाव किताव अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाव किताव नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउन पर्ने एवम् परिषदले दिएको निर्देशनको पालन नगर्ने खेलकुद सम्वन्धी संस्था वा परिषदले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाव किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्वन्धी संस्थाको नाम परिषदले आफ्नो लगतबाट कट्टा गर्न सक्ने समेत व्यवस्था रहेको देखियो । राष्ट्रिय खेलकुद परिषदसंग आवद्ध विभिन्न खेलकुद संघहरूको आर्थिक कार्य संचालन सम्वन्धमा आर्थिक नियमावलीको अभाव रहेको अवस्थामा त्यस्ता संघहरूले राष्ट्रिय खेलकुद परिषद लगायत नेपाल सरकार तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था एवम व्यक्तिबाट प्राप्त रकमको खर्चको सम्वन्धमा पारदर्शिता नभई हिनामिना समेत हुनसक्ने अवस्था देखिएको हुँदा ओलम्पिक कमिटि लगायतका सम्पूर्ण खेलकुद संघहरूको आर्थिक नियमावली वनाई लागू गरी सो को जानकारी आयोगलाई दिने र सो नियमावली अनुसार भएका खर्चको लेखा परिक्षण समेत राष्ट्रिय खेलकुद परिषदबाट गराउने व्यवस्था गराउन राष्ट्रिय खेलकुद परिषदलाई निर्देशन दिइएको । अतः आयोगको पूर्व निर्देशन एवम् प्रचलित खेलकुद विकास ऐनमा भएका प्रावधान समेतका आधारमा प्रस्तुत उजुरीको बिषयका सम्वन्धमा आवश्यक छानविन तथा कारवाही गर्न आयोगको मिति २०६५।१०।५को निर्णय अनुसार राष्ट्रिय खेलकुद परिषदमा लेखी पठाइएको ।

(ध) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. जनकपुर रेल्वे कम्पनीका महाप्रवन्धक युगेश्वर कापडीको योग्यता तथा कर्मचारी भर्नामा अनियमितता भएको भन्ने विषयमा पर्न आएको उजुरी सम्वन्धमा अनुसन्धान हुँदा सार्वजनिक संस्थानको महाप्रवन्धक पद कार्यकारी पद भएकोले मन्त्रिपरिषदको मिति ०५९।८।२ को निर्णयानुसार नै सार्वजनिक संस्थानको महाप्रवन्धक नियुक्ति गर्दा आवश्यक योग्यता र प्रकृया पुरा गरी नियुक्ति गर्न आयोगको मिति २०६५।०७।२४ को निर्णय अनुसार मन्त्रिपरिषद सचिवालयलाई, नेपाल रेलवे कम्पनीमा कर्मचारी प्रशासन सम्वन्धी नियमावली अविलम्व तयार गरी गराई कर्मचारी व्यवस्थापन

कानून बमोजिम गर्ने गराउने व्यवस्था मिलाउन श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

२. वल्खु-कुलेखानी-हेटौडा-वीरगञ्ज रुटमा संचालन भइरहेको टाटा सुमोजीपले रुट इजाजत नलिई संचालनमा रहेको र मनोमानी रूपमा भाडा असुली रहेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुदा उक्त रुटमा संचालनको लागि रुट इजाजत लिएका १९३ वटा जीपहरू देखियो, सो वाहेक अन्य जीपहरू संचालनमा छन् छैनन् संख्या र इजाजत एकिन गरी प्रहरी समेतको समन्वयमा अनुगमन व्यवस्था मिलाउन र विना इजाजत संचालन भएको पाइएमा आवश्यक कारवाही गर्न, जीपहरूको भाडादर मापदण्ड निर्धारण गरी ३ महिना भित्र सार्वजनिक गरी लागु गर्न र कार्यान्वयन व्यवस्थित गर्न तथा अनुगमनको समेत आवश्यक व्यवस्था मिलाउन आयोगको मिति २०६६।१।२१ को निणर्य अनुसार यातायात व्यवस्था विभागमा लेखी पठाइएको ।

३. राष्ट्रिय प्रकृति संरक्षण कोषमा करोडौको आर्थिक हिनामिना भएको, चितवन राष्ट्रिय निकुन्ज भित्र संचालित होटल, लज तथा रिसोर्टहरूसँग भएको सम्झौता अनुसार करिब २ करोड २० लाख रोयल्टी नलिएको, कोषको भन्सार सुविधाका गाडीहरू कर्मचारीहरूद्धारा व्यापक दुरूपयोग गरिएको सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय प्रकृति संरक्षण कोषका गाडीहरूको दुरूपयोगको सम्बन्धमा अरूप रजौरियाले कोषबाट लिएको बा.१च. ९००४ नम्वरको पजेरो गाडीको सम्बन्धमा कोषमा भएको गाडी निसर्त योजनाको सम्झौता बमोजिम निज कोषबाट निवृत्त भए पश्चात हालसम्मको नियमानुसार लाग्ने सम्पूर्ण भन्सार शुल्क तिर्न लगाई नामसारी गर्न र निजले उक्त कार्य नगरेमा उक्त गाडी नियन्त्रणमा लिई उल्लिखित सम्पुर्ण रकम दाखिला गर्न लगाई नियमानुसार उक्त गाडी निजको नाममा नामसारी गराउन आयोगको मिति २०६६।२।१९को निर्णय अनुसार भन्सार विभाग एवं यातायात व्यवस्था विभागलाई लेखी पठाइएको ।

परिच्छेद - १२
विभागीय वा अन्य कारवाही गर्न लेखिएका विषयमा कार्यान्वयन सम्पन्न भई आएको

अनुचित कार्यको अनुसन्धानको सिलसिलामा विभागीय कारबाही लगायत अन्य कारबाही गर्ने गरी आयोगले गरेका निर्णयहरुको कार्यान्वयनका लागि विभिन्न सरकारी मन्त्रालय, विभाग तथा अन्तर्गत कार्यालयहरुलाई लेखी पठाउने गरेको छ। प्रत्येक महिनामा हुने बैठकमा सबै मन्त्रालयबाट फोकल प्वाइन्टको रुपमा प्रतिनिधित्व गराई कार्यान्वयन स्थितीको समीक्षा गराउँदा आयोगका निर्णयहरुको कार्यान्वयन स्थितिमा सुधार आएको देखिएको छ। विभागीय कारबाही लगायत विविध कारबाही गर्ने गरी भएका निर्णयहरु मध्ये आ.व. ०६५।६६ को अवधिमा कार्यन्वयन भई आयोगको जानकारीमा आएका निर्णयहरुको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

(क) विभागीय कारवाही

क्र.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६३।४।३	कम्प्युटर खरिद र गाडी मर्मत लगायतका कार्यमा लमजुङ क्याम्पस प्रमुख डा. रवि पौडेलले अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा लमजुङ क्याम्पस प्रमुख डा. रवि पौडेललाई हदैसम्मको विभागीय कारबाही गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको।	रजिष्ट्रारको कार्यालयको मिति २०६५।४।१७ को पत्रानुसार निजको राजीनामा स्वीकृत भएको जानकारी प्राप्त।
२.	२०६२।११।२९	विश्वभाषा क्याम्पसको दक्षिण मोहडामा भएको एकेडेमिक कमर्शीयल कम्प्लेक्स निर्माण समेतमा अनियमितता भएको उजुरीका सम्बन्धमा सहप्राध्यापक हरिदर्शन श्रेष्ठ (पुल्चोक इन्जिनियरिङ्ग अध्ययन संस्थान) र ल्याव असिस्टेन्ट अर्जुन के.शी. (पुल्चोक इन्जिनियरिङ्ग अध्ययन संस्थान) लाई विभागीय कारवाही गर्न त्रिभुवन विश्व विद्यालयमा लेखी पठाइएको।	त्रि.वि.वि रजिष्टारको कार्यालयको मिति २०६५।५।२ को पत्रानुसार दुवै जनालाई नसिहत दिइएको जानकारी प्राप्त।
३.	२०६१।७।११	नक्कली पासपोर्ट र भिषामा यात्रु पठाएको भन्ने उजुरीका सम्बन्धमा शा.ने.वा.नि.ले बेलायतको होम अफिसलाई तिरेको जरिवाना सम्बन्धी फायल आयोगमा उपलब्ध हुन नसकेकोले उक्त निर्णय फायल कस्को जिम्मामा रहेको छ ? क कस्को लापरवाहीले उपलब्ध हुन नसकेको हो,	सचेत गराइएको जानकारी प्राप्त भएको।

		सम्बद्ध जिम्मेवार पदाधिकारीलाई विभागीय कारवाही समेत गरी ३ महिना भित्र आयोगलाई जानकारी दिने ।	
४.	२०६४।९।२४	धादिङ्गका नि. मा.वि. शिक्षक बोधनारायण श्रेष्ठ सरस्वती मा.वि.मा नियुक्त भई श्री सिद्देश्वर मा.वि.मा सरुवा भएकोमा हाल सम्म विद्यालयमा हाजिर नभई जापानिज संस्थामा हाजिर रहेको भन्ने सम्बन्धमा निज बोधनारायण श्रेष्ठलाई शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ बमोजिम कारवाही गरी आयोगलाई जानकारी दिने ।	शिक्षा मन्त्रालयको मिति मिति २०६५।५।२० को पत्रानुसार बोधनारायण श्रेष्ठले दिएको राजीनामा स्वीकृत भएको जानकारी प्राप्त ।
५.	२०६४।१२।२७	जेष्ठ नागरिक तथा असहाय विधवा भत्ता हिनामिना गरी भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा शुशिल झालाई विभागीय कारवाही गरी आयोगलाई जानकारी दिने ।	जिल्ला विकास समितिको कार्यालय महोत्तरीको मिति २०६५।५।१५ को पत्रानुसार दुई वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
६.	२०६५।५।८	मालपोत कार्यालय कलंकी काठमाडौबाट का.जि स्युचाटार वडा नं. १ कि.नं.२३ क्षे.फ.२-४-०-० को जग्गाको घरबाटोको सिफारिस र मालपोत तिरेको रसिद समेतको कागजात वेगर नै रजिष्ट्रेशनको लिखत पारित गरी अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा मालपोत अधिकृत नविन किशोर अधिकारी, ना.सु. मधुसुधन रिजाल र. खरिदार लक्ष्मण थापालाई सचेत गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६५।७।२५ को पत्रानुसार तीनै जनालाई सचेत गराइएको जानकारी प्राप्त ।
७.	२०६४।४।१०	पर्सा जिल्ला श्रीपुर वडा नं. १ कि.नं १११ क्षे.फ.०-१-१७-२ जग्गा मालपोत कार्यालय पर्साबाट रजिष्ट्रेशन पारित गर्दा उक्त जग्गामा भएको घर नदेखाई जग्गा मात्र देखाई राजश्व छलेको भन्ने उजुरीका सम्बन्धमा खरिदार किरण प्रसाद उपाध्याय र राज कुमार लाललाई विभागीय कारवाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति ०६५।७।२६ को पत्रानुसार दुवैजनालाई २ वर्ष बढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
८.	२०६५।३।४	नेपाल टेलिकम अन्तर्गत दुर संचार कार्यालय,पाटनमा भएको सिम कार्ड,रिम कार्ड र रिचार्ज कार्ड लगायतका प्लाष्टिक मनीको कारोवारमा अनियमितता भएको भन्ने उजुरीका सम्वन्धमा उप-प्रवन्धक अमरनाथ झा, उप	नेपाल टेलिकमको मिति २०६५।८।२९ को पत्रानुसार उप-प्रवन्धक अमरनाथ झा, उप प्रवन्धक धर्मराज उपाध्यायको ३।३ ग्रेड रोक्का

		प्रवन्धक धर्मराज उपाध्याय (तत्कालिन लेखा प्रमुख दू.का.पा.), वरिष्ठ सहायक नानीराम प्रसाद अधिकारी (दूर संचार कार्यालय,पाटन) लाई विभागीय कारवाही गर्न प्रवन्ध निर्देशक नेपाल टेलीकम दुरसंचार कम्पनी लि.लाई लेखी पठाईएको ।	राखिएको र वरिष्ठ सहायक नानीराम प्रसाद अधिकारीको १ ग्रेड घटुवा गरिएको जानकारी प्राप्त ।
९.	२०६४।१०।२३	अनियमित तरिकाले घर जग्गाको मूल्यांकन गरी राजश्व हानी पुर्‍याएको भन्ने उजुरीका सम्वन्धमा गा.वि.स. सचिव लेखनाथ भट्टराई इचंगु नारायण गा.वि.स.लाई सचेत गराउन जि.वि.स काठमाडौलाई लेखी पठाईएको ।	जि.वि.स भक्तपुरको मिति २०६५।८।१६ को पत्रानुसार नसिहत दिएको जानकारी प्राप्त ।
१०.	२०६४।१।१०	शिवपुरी राष्ट्रिय निकुन्ज कुटी निर्माण र जिर्णोद्वार गर्दा प्रमुख संरक्षण अधिकृत समेतले आफ्नो जिम्मेवारी ग्रहण नगरेको भन्ने उजुरीका सम्बन्धमा प्रमुख संरक्षण अधिकृत र तिनचुले क्षेत्रका जिम्मेवार कर्मचारीहरुलाइ विभागीय कारवाही गर्न बन तथा भू- संरक्षण मंत्रालयमा लेखी पठाईएको ।	बन तथा भुसंरक्षण मन्त्रालयको मिति २०६५।९।२९ को पत्रानुसार नेपाल सरकार मन्त्रीस्तरको निर्णयानुसार कारवाही गर्नु पर्ने अवस्था नदेखिएको लेखि आएको ।
११.	२०६२/५/२८	धनुषा जिल्ला देवपुरा रुपैठा गाविस वाड नं ५ वस्ने धुरनदासको छोरा रामपृत दासले दोहोरो नागरिकता लिएको भन्ने उजुरीको सम्बन्धमा कार्यालयमा सक्कल रेकर्ड हुदाहुदै फेला नपरेको भनी दस्तखत गर्ने जिल्ला प्रशासन कार्यालय, धनुषाका कर्मचारीउपर विभागीय कारवाही गर्न गृह मन्त्रालयमा लेखी पठाईएको ।	गृहमन्त्रालयको मिति २०६५।१०।७ को पत्रानुसार सम्बन्धित कर्मचारीले अवकास पाई सकेको भनी लेखी आएको ।
१२.	२०६५।४।२१	पशु आहार उत्पादन विकास समिति हेटौडाका तत्कालिन डा. मुनिलाल चौधरीले स्टोर किपर मानसिहं थापालाई सफाईको मौका नै नदिई सेवाबाट आवकास दिएको भन्ने उजुरीका सम्बन्धमा डा. मुनिलाल चौधरी (पशु क्वारेन्टाइन कार्यालय बाँके) लाई विभागीय कारवाही गर्न कृषि तथा सहकारी मन्त्रालयलाई लेखी पठाईएको ।	कृषि तथा सहकारी मन्त्रालयको मिति २०६५।११।४ को पत्रानुसार डा. मुनिलाल चौधरीलाई विभागीय कारवाही गर्न सचिवस्तरको निर्णयले लो.से.आ.मा परामर्श माग गरिएको भनी लेखी आएको ।
१३.	२०६१।६।६	अधिग्रहणमा परको जग्गा युनियन फाइनान्सका प्रबन्धकले धितो राखी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा कानून व्यवसायी अधिवक्ता रविन्द्र बज्राचार्यलाई आचार संहिता विपरीत काम गरेको देखिन आएकोले प्रचलित कानून बमोजिम कारवाही गर्न नेपाल कानून व्यवसायी	कानून न्याय तथा संविधानसभा मन्त्रालयको मिति २०६५।१२।३० को पत्रानुसार अधिवक्ता रविन्द्र बज्राचार्यलाई नसिहत दिएको जानकारी प्राप्त भएको ।

		परिषद्लाई लेखी पठाईएको ।	
१४.	२०६५।४।१९	यातायात व्यवस्था कार्यालय वाग्मती ललितपुरका कर्मचारीले घुस रिसवत लिई लाईसेन्स बनाई दिने गरेको उजुरीका सम्बन्धमा प्र.ना.नि. देवेन्द्र रावललाई विभागीय कारवाही गर्न प्रहरी प्रधान कार्यालयलाई लेखी पठाईएको ।	प्रहरी प्रधान कार्यालयको मिति २०६५।११।२६ को पत्रअनुसार नसिहत दिएको जानकारी प्राप्त ।
१५.	२०६६।१।२९	शारदा प्रावि ढोरफिर्दि तनहुँमा पठनपाठन गरेको केही अवधिको तलव भत्ता भुक्तानि नदिई एवं क.सं. कट्टी रकम क.सं. खातामा दाखिला नगरी उक्त विद्यालयका प्रधानाध्यापक निर्मल पौडेलले मासी खाएको एवं किर्ते भरपाई गरी अडिट समेत गरको भन्ने उजुरीका सम्बन्धमा प्रधानाध्यापक निर्मल पौडेल (शारदा प्रावि तनहुँ) लाई विभागीय कारवाही गर्न जिल्ला शिक्षा कार्यलय तनहुँलाई लेखी पठाईएको ।	जिल्ला शिक्षा कार्यलय तनहुँको मिति २०६६।३।१६ को पत्रानुसार निजलाई नसिहत दिएको जानकारी प्राप्त ।

(ख) सचेत

क्र.सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६५।५।८	मालपोत कार्यालय कलंकी काठमाडौबाट का.जि स्युचाटार वडा नं. १ कि.नं. २३ क्षे.फ.२-४-०-० को जग्गाको घरबाटोको सिफारिस र मालपोत तिरेको रसिद समेतको कागजात वेगर नै रजिष्ट्रेशनको लिखत पारित गरी अनियमितता भएको भन्ने सम्बन्धमा मालपोत अधिकृत नविन किशोर अधिकारी, ना.सु. मधुसुधन रिजाल, खरिदार लक्ष्मण थापालाई सचेत गराउन लेखी पठाइएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६५।५।३० को पत्रानुसार तीनै जनालाई सचेत गराइएको जानकारी प्राप्त भएको ।
२.	२०६४।१०।२	झूठो व्यहोराको नाता प्रमाणित गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा गलत नाता प्रमाण पत्र सम्बन्धमा अभिलेख राख्न टोखा चण्डेश्वरी काठमाडौँ लाई लेखी पठाईएको ।	जि.वि.स. काठमाडौको मिति २०६४।११।२० को पत्रानुसार गाविस सचिव केदार फौजुलाई सचेत गराईएको जानकारी प्राप्त ।
३.	२०६५।८।१	व्यवसायिक तथा सीप विकास तालीम केन्द्र हेटौडाको जिन्सी सामान हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा	सीप विकास तथा व्यवसायिक तालीम केन्द्रको मिति २०६५।८।२५ को

		ना.सु. नवराज सापकोटालाई सचेत गराउन प्रमुख, सीप विकास तथा व्यवसायिक तालीम केन्द्रलाई लेखी पठाईएको ।	पत्रानुसार निजलाई सचेत गराईएको जानकारी प्राप्त ।
४.	२०६५।४।१२	श्री जनकल्याण मा.वि. सिन्धुलीका तत्कालीन अस्थाई शिक्षक विष्णु प्रसाद फुयालले २०६० सालमा भत्तपुर स्थित महेन्द्र ग्राम मा.वि. को पद त्याग नगरी दोहोरो तलव भत्ता समेत लिएको उजुरीका सम्बन्धमा निजलाई आयन्दा त्यस प्रकारको काम कारवाही नगर्न सचेत गराउने र निजबाट जम्मा हुन आएको रु २३८३०। जन कल्याण मा.वि. सिन्धुलीको बैंक खातामा जम्मा भएको देखिएकोले उक्त विद्यालयलाई निकासा दिदाँ उक्त रकम कट्टा गरी सर्वसञ्चित कोषमा जम्मा गरी आयोगमा जानकारी गराउन जिल्ला शिक्षा कार्यालय, सिन्धुलीलाई लेखी पठाईएको ।	शिक्षा मन्त्रालयबाट आयोगको निर्णय पालना भएको जानकारी प्राप्त भएको ।
५.	२०६५।६।६	सिचांइ विभागका ई. विष्णु प्रसाद पौडेलले दुई वर्ष दश महिना ८ दिन मात्र अध्ययन विदा लिई चार वर्षे Civil Engineering विषयको स्नातक तहको अध्ययन पूरा गरेको भन्ने उजुरीका सम्बन्धमा ई. विष्णु प्रसाद पौडेललाई सचेत गर्न सिंचाई विभागमा लेखी पठाईएको ।	सिंचाई विभागको मिति २०६५।७।२८ को पत्रानुसार सचेत गराईएको जानकारी प्राप्त ।
६.	२०६५।१०।१५	होटेल मणिभद्र प्रा.लि.को नाममा दर्ता रहेको का जी.किर्तिपुर, ७ मच्छेगाउं स्थित कि.नं.२९३, र ८९ लगायतका जग्गा विक्री गर्दा राजश्व छली अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा जय लोचन सुवेदी वडा सचिव, वडा नं.७ किर्तिपुर न.पा. लाई सचेत गर्न किर्तिपुर नगर पालिका कार्यालयलाई लेखी पठाईएको ।	किर्तिपुर नगरपालिका कार्यालयको मिति २०६५।११।११ को पत्रानुसार निजलाई सचेत गराईएको जानकारी प्राप्त ।
७.	२०६६।१।६	जिल्ला जनस्वास्थ्य कार्यालय रामेछापमा औषधि खरिद गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा तत्कालीन प्रमुख शिवराम श्रेष्ठ, स्टोरकिपर कृष्णप्रसाद शर्मा र लेखापाल कृष्णगोपाल श्रेष्ठलाई आयोगवाटै सचेत गराइएको ।	आयोगको मिति २०६६।१।१० को पत्रानुसार निजहरुलाई सचेत गराईएको ।

(ग) अन्य कारवाही

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६४।११।१५	राज गुठीको जग्गा नियम विपरित रैकरमा परिणत गरेको (प्रमुख मा.पो. अ. चावहिल समेतको मिलेमतोमा) भन्ने उजुरीका सम्बन्धमा के कस्तो काम भयो भनी भूमि सुधार तथा व्यवस्था मंत्रालयमा प्रगति माग गर्न भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६५।३।२५ को पत्रानुसार जग्गा धनी र मोही बीच जग्गा बाडफाड गरी मिलापत्र भएको जानकारी प्राप्त भएको ।
२.	२०६५।६।५	सल्यान जिल्ला स्थित जि.वि.सबाट संचालित विकास कार्यको रकम खर्च गर्दा योजनाको रकम हिनामिना भएको भन्ने उजुरीका सम्बन्धमा जि.वि.स कार्यालय, संखुवासभाका स्थानीय विकास अधिकारी शेर बहादुर ढुंगानालाई ध्यानाकर्षणका लागि लेखी पठाईएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६५।७।२४ को पत्रानुसार ध्यानाकर्षण भएको जानकारी प्राप्त ।
३.	२०६५।५।५	जि.वि.स.पर्वतले कम्पाउण्ड वाल निर्माण र सडक कालोपत्रे गर्ने कार्यमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मूल्यांकन गरी सामान खरिदमा लिएको पेश्की असुल लगायत जो जे गर्नु पर्ने हो गर्ने र आइन्दा खरिद तथा निर्माणको सम्बन्धमा भएको नियमका व्यवस्थाहरुलाई कडाईका साथ लागू गर्न स्थानीय विकास मन्त्रालयलाई लेखी पठाईएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६५।९।२३ को पत्रानुसार रु ८४५१।१० असुल उपर भएको र आयोगको मिति २०६५।१०।९ को निर्णयानुसार सबै जि.वि.स.लाई स्थानीय विकास मन्त्रालय मार्फत परिपत्र गरिएको जानकारी प्राप्त ।
४.	२०६५।५।२७	धोवीखोला वगेको जग्गाहरु कसैका नाममा दर्ता नगरी सार्वजनिक कायम गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा मालपोत कार्यालय चावहिल) का.म.न.पा ७ सिट नं १०२-१०२७-१८ कि.नं. ८५ बाट नपुग क्षे.फ. ०-०-३-३ कि.नं.७५ बाट ०-५-१-२ कि.नं.१७५ बाट ०-१०-१-० र कि.नं १७६ बाट ०-१-१-२ साविक कि.नं १४० धोवीखोलाको जग्गा घुसेको भाग सम्वन्धित कित्ताबाट कट्टा गरी नेपाल सरकारको नाममा कायम गरी आयोगलाई जानकारी दिन भूमि सुधार तथा व्यवस्था	भुमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६६।३।१० को पत्रानुसार जम्मा १-१-३-३ जग्गा नेपाल सरकारको नाममा कायम भएको जानकारी प्राप्त ।

		मन्त्रालयमा लेखी पठाईएको।	
५.	२०६५।८।११	ललितपुर जिल्ला लामाटार गाविस वडा नं.८ मा पर्ने ११ केभी हाईटेन्सन विद्युत प्रसारण लाईनलाई व्यक्तिको अनुरोधमा यु टर्नमा सारी ग्वार्को लामाटार पनौती सडकको किनारामा पोलहरु गाडी सडक अतिक्रमण समेत गरेको भन्ने उजुरीको सम्बन्धमा ललितपुर वितरण केन्द्र, लगनखेललाई ध्यानाकर्षण गरिएको ।	आयोगको मिति २०६५।८।२३ को पत्रानुसार केन्द्र प्रमुख श्रीरामराज पाण्डेलाइ ध्यानाकर्षण गराइएको ।

(घ) असुल उपर

क्र.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	०६१।१०।११	बारा जिल्लाको जि.शि.अ. बलबहादुर परियार समेतले अनियमित तवरमा शिक्षक नियुक्ति गरी भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा रु.२८,१६,७००।- रकम कलम असुल उपर लगायत सम्पूर्ण आवश्यक कारवाही अख्तियारवालाबाटै गरी त्यसको जानकारी दिन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।	शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०६५।४।५ को पत्रानुसार असुल उपर भएको जानकारी प्राप्त । रु.२७,३०,६००।- म.ले.पबाट लगतकट्टी र ८६,०००।- क. १.६ बेरुजुमा जम्मा ।
२.	२०६३।११।२२	उच्च माध्यमिक शिक्षा परिषद सानोठिमी भक्तपुरले आर्थिक अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा परिषदका शा.अ. बालकृष्ण मिश्रले पेश्कि फछ्यौंट गरि पाऊँ भनी पेश गरेका कागजातहरुको आधिकारिकता,प्रमाणिकता एवं सत्य तथ्यताको समेत एकिन गरि नियमानुसार पेश्की फछ्यौंट गरी आयोगलाई जानकारी दिन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।	शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०६५।०४।७ को पत्रानुसार शा.अ. बालकृष्ण मिश्रबाट पे.फ. रु ३,८०,०००। भएको जानकारी प्राप्त ।
३.	०६२।२।२५	जि.शि.का.पर्साका तत्कालिन जि.शि.अ. योगेन्द्र बहादुर बस्नेतले दरबन्दी भन्दा बढी अस्थायी शिक्षक नियुक्ती गरिएको भन्ने उजुरीका सम्बन्धमा नेपाल सरकारलाई हानी नोक्सानी पुगेको रकम असुल उपर गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।	शिक्षा तथा खेलकुद मन्त्रालयको मिति २०६५।७।२६ को पत्रानुसार मलेपबाट बेरुजु रकम संपरीक्षणबाट रुजु भई सकेको लेखी आएको ।
४.	२०६४।३।१२	ल.पु.उ.म.न.पा.अन्तर्गत वडा नं. ४ वस्ने	भुमिसुधार तथा व्यवस्था

		तेजमान केवठले जग्गा मात्र विक्री गरेकोमा घर समेत पाएको भनी उक्त घर जग्गा पुनः विक्री भएकोले कारवाही गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा सुरेश ताम्राकारले योगमाया थापालाई २०५९ सालमा सो कि.नं.९५को जग्गा विक्री गर्दा सो घर जग्गामा रहेको ५१३.८० वर्गफिटको घरदेखाई सो वापत लाग्ने राजश्व तिरी घर जग्गा रजिष्टेशन पारित भएको देखिएको र सोही जग्गा २०५१ सालमा सुरेश ताम्राकारले खरिद गर्दा घर नदेखाई जग्गा मात्र देखाई रजिष्ट्रेशन पारित गरेकोले २०५१ सालमा सो घर समेत विक्री भएको मानी त्यसमा लाग्ने रजिष्ट्रेशन दस्तुर (राजश्व) सम्वन्धित पक्षबाट लिई उक्त जग्गाको रोक्का फुकुवा गर्न मालपोत कार्यालय ललितपुरलाई लेखी पठाईएको ।	मन्त्रालयको मिति २०६६।१।२९ को पत्रानुसार रजिष्ट्रशन दस्तुर २७३३५।- दाखिला भएको जानकारी प्राप्त ।
५.	०६४।६।२९	खलंगा रेन्जपोष्ट भवन निर्माण मर्मत कार्य नगरी सोझै विल भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा ठेकेदार हरिजंग शाहबाट रु ८०,४२३.९६। असुल उपर गर्ने र ६ महिना भित्र ठेकेदारबाट असुलउपर नभए दामासाहीबाट जि.व.अ. शिव सापकोटा र सव इ. प्रविणकार्कीबाट असुलउपर गर्न लेखि पठाइएको ।	उक्त रकम रु.८०,४२३।९६ राजश्व खातामा जम्मा भएको जानकारी प्राप्त ।
६.	२०६१।८।२	कानून अधिकृत कलानिधी पौडेलले कार्यालयमा रुजु हाजिर रही विदा स्वीकृत नगराई कानून स्नातकोत्तरको दिवा कक्षामा अध्ययन गरेको भन्ने उजुरीका विषयमा अध्ययन गरेको अवधिको कार्यालय खुलेको दिनमा क्याम्पसमा अध्ययन गरेको अवधिको हिसाब गरी सो बमोजिमको रकम निजसंग भरिभराउ गरी जानकारी दिन कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा लेखी पठाईएको ।	विशेष अदालत काठमाडौंको मिति २०६५।२।२६ को निर्णयले आयोगको मिति २०६१।८।२ को निर्णय बदर भएको ।
७.	२०६४।११।८	स्थानीय विकास निर्माण तथा कृषि सडक आयोजना अन्तर्गतको रु २४ लाख ६४ हजार कामको विल भर्पाइ वेगर भुक्तानी दिएको भन्ने उजुरीका विषयमा असुल उपर गर्न जिल्ला विकास समिति पर्साका उपभोक्ता समिति	स्थानीय विकास मन्त्रालयको मिति २०६५।९।२२ को पत्रानुसार रकम असुल उपर भएको जानकारी प्राप्त ।

		अध्यक्ष राम प्रसाद वरैबाट रु ३,२७८।२६ असुल उपर गर्न लेखि पठाएको ।	
८.	२०६४।१२।२७	जेष्ठ नागरिक तथा असहाय विधवा भत्ता हिनामिना गरी भ्रष्टाचार गरे भन्ने उजुरीका विषयमा गा.वि.स.सचिव शुशिल झाबाट रु. ७५०।- असुल उपर गर्न जि.वि.स. महोत्तरीलाई लेखी पठाईएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६५।९।२३ को पत्रानुसार रकम असुल उपर भएको जानकारी प्राप्त ।
९.	२०६४।९।२७	सिरहा न.पा. ४ स्थित श्री नि.मा.वि. रमौल मखानाहाका प्र.अ.शुकरुल्लाह शाकिरले विद्यालयको रकम हिनामिना एवं भ्रष्टाचार गरेको उजुरीका सम्बन्धमा ३ महिना भित्र असुल उपर वा नियमित के गर्नु पर्ने हो गरी आयोगमा जानकारी पठाउन जिल्ला शिक्षा कार्यालय सिराहामा लेखी पठाईएको ।	शिक्षा मन्त्रालयको मिति २०६५।९।२८ को पत्रानुसार रकम नियमित गरेको जानकारी प्राप्त ।
१०.	२०६२।४।१०	किर्ते तामाङ सहित ११ ऋणीहरुलाई कर्जा प्रवाह गर्दा अनियमितता गरेका भन्ने उजुरीका सम्बन्धमा किर्ते तामाङ सहित ९ जना ऋणीको हकमा प्रवाह भएको ऋण र ब्याज समेतको रु.२९,५०,०००।- धितो लिलामी प्रक्रियाबाट असुल उपर गर्ने सो अनुसार नभए प्रचलित कानून बमोजिम महाप्रबन्धकले असुल उपर गर्न र ढकाल पोल्ट्री फर्म प्रा.लि.लाई प्रवाह गरेको ऋण रकम मध्येको जोखिममा परेको रु २४,६८,७८४।- र सो को हालसम्मको ब्याज जमानत दाता रामप्रसाद ढकालको धितोबाट असुल उपर गर्ने । सो अनुसार नभए तत्कालीन प्रबन्धक सुशील कुमार उपाध्यायको जेथा जमानतबाट महाप्रबन्धकले असुल उपर गर्न लेखी पठाईएको ।	कुल ऋण रकम रु १,३४,९०,०००।- मध्ये अधिकांश असुल उपर भई सकेको र बाँकि रु ६३,९२,०३३।- पनि असुली तर्फ बैकले कारवाही गरि सकेको जानकारी प्राप्त ।
११.	२०६२/११/१७	कृषि विकास वैंक वैंकिङ्ग कार्यालय दाङ्ग घोराहीका तत्कालिन प्रवन्धक कमलवहादुर के.सी. र का.स. दिपकराज श्रेष्ठले बढी धितो मूल्यांकन गरी ऋण प्रवाह गरे भन्ने उजुरीका सम्बन्धमा राना मेडिकल स्टोर, सुजिता ग्रिल उद्योग, तेजनाथ योगी, हरिनाथ योगी, हिमा सिस्नेरी इन्टरप्राइजेज, त्रिचन्द्र इन्टरप्राइजेजलाई लगानी गरेको कूल रकम रु. ५५,७९,९५०।- ६ महिनाभित्र असूल उपर गर्न कृषि विकास वैंक,	अर्थ मन्त्रालयको मिति २०६५।९।२७ को पत्रानुसार संलग्न कर्मचारीले अवकास पाई सकेका र केहीको रकम असुलीको प्रक्रिया अगाडि बढिसकेको र बाँकि ऋण असुल भएको, ऋण नबुझाएकामा कृषि विकास बैकबाट धितो सकार गर्ने

		मुख्य कार्यालय लाई लेखी पठाईएको ।	निर्णय भईसकेको जानकारी प्राप्त ।
१२.	२०५८।४।३१	आठौं साफ खेलकुदको नेपाल टेलिभिजनबाट हाइलाइट गरेको बखत प्रशारण गरेको विज्ञापन वापतको रकम हिनामिना गरे भन्ने उजुरीका सम्बन्धमा अनियमितता भएको रकम अशुल उपर गर्न तत्कालीन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाईएको ।	शिक्षा तथा खेलकुद मन्त्रालयको पत्रानुसार कम्पनिको हकमा शिक्षा मन्त्रालय र कौषि तोषाखानामा लगत कसी सकिएको जानकारी प्राप्त ।
१३.	०६५।८।२०	ने.वि.प्रा.चरिकोटमा कार्यालयको सम्पति हिनामिना भएको भन्ने उजुरीका विषयमा निजी मोवाइलहरु वापत भूक्तानी भएको रकम सम्वन्धित व्यक्ति/कर्मचारी- १.जिरीका हर्क व. जिरेल- रु.६,०००।– २.मैनापोखरीका भवानी प्र.घिमीरे- रु.६,३००।– ३.चरिकोटका रत्न प्र.चौलागाई- रु.२,५००।– ४.चरिकोटका टिका प्र. पराजुली- रु.६,५००।– ५.प्राविधिक रंगीनराज श्रेष्ठ- रु.९,७५०।– ६.जिरीका तारानाथ भट्टराई- रु.३,२००।– ७.मैनापोखरीका विष्णुदेव पण्डित- रु.२,०००।- ८.दोलखाका रामचन्द्र पराजुली- रु.१,८१२। - ९.डुंडेका शिवनाथ शिवाकोटी- रु.४,२४६।- समेतवाट जम्मा रु.४२,३०८।- १ महिना भित्र फिर्ता गराउने, सो नभएमा भुक्तानी दिने व्यक्तिबाट असुल उपर गर्न ने.वि.प्रा.प्रधान कार्यालय, काठमाडौंलाई लेखि पठाएको ।	नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयको मिति २०६५।१२।१४ को पत्रानुसार जम्मा रु.४२,३०८।- रकम असुल उपर भएको जानकारी प्राप्त ।
१४.	२०६४।१०।२४	का.म.न.पा.का कर्मचारीहरु समेतको मिलेमतोमा मापदण्ड विपरित घर बनाएको कारण बाटो विस्तार गर्ने कार्यमा बाधा पुऱ्याएको भन्ने उजुरीका सम्बधमा निवेदनको व्यहोरा अनुसन्धानको क्रममा संलग्न भएको प्रमाण कागजातहरुको अध्ययन समेतवाट झुठ्ठा देखिएकोले निवेदक प्रविण निरौला कामनपा-१४ लाई रु.१०००।- जरिवाना गरिएको ।	निजले रु.१०००।-जरिवाना मिति २०६६।१।२४ गते आयोगमा नै बुझाएको ।
१५.	२०६५।४।२७	साल्ट ट्रेनिङ कर्पोरेशन लि. का का.मु नायव महा प्रवन्धक मनोज आचार्य समेतका १३ जना कर्मचारीलाई नियम विपरित का.मु. दिई तलव	वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६६।१।६ र साल्ट ट्रेनिङ्ग कर्पोरेशन

		भत्ता खुवाएको भन्ने सम्बन्धमा का.मु. नायव महा प्रवन्धक मनोज आचार्यको मिति २०६२।६।३१ मा का.मु. अवधि समाप्त भई मिति २०६४।५।२६ मा मात्र पदोन्नती भएको, का.मु. प्रवन्धक जगदिश नारायण चौधरी, सवल रिजाल, का.मु अधिकृत सुशिल आचार्य, हरिध्वज थापा, का.मु. प्रमुख सहायक सरोज पाण्डे, गोपाल प्रसाद भारती, मनोज कुमार श्रेष्ठ, का.मु. सहायक मधुसुधन अधिकारी, ईश्वरी प्रसाद श्रेष्ठ, दिपेन्द्र विक्रम थापा र तेज बहादुर कार्की समेतको मिति २०६३।३।३१ मा का.मु. अवधि समाप्त भई मिति २०६४।६।१ मा मात्र पदोन्नति भएकोमा सो विचको अवधि नियम विपरित का.मु. कै तलव, भत्ता र सुविधा खाएको देखिएकोले उल्लेखित कर्मचारीहरुबाट सो विच अवधिको फरक तलव, भत्ता समेत कानूनको रित पुऱ्याई साल्ट ट्रेनिङ्ग कर्पोरेशन लिमिटेड, केन्द्रिय कार्यालयलाई असल उपर गर्न लेखी पठाईएको ।	लिमिटेड, केन्द्रिय कार्यालयको मिति २०६६।१।२८ गतेको पत्रानुसार रकम रु. २,८४,७३६।६७ असुल भएको जानकारी प्राप्त ।
१६.	२०६५।७।२८	बीर अस्पतालमा प्याथोलोजी इक्युमेण्ट खरिद गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा श्रवणकुमार चौधरीलाई जरिवाना स्वरुप रु १,०००।- असुल उपर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाईएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।१।२५ को पत्रानुसार जरिवाना रु.१०००।- असुलउपर भएको जानकारी प्राप्त ।
१७.	२०६२/७/२४	सेती अंचल अस्पताल धनगढीको पसल भाडामा दिदा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा तत्कालिन मे.सु. डा. कृष्णकुमार राईबाट दामासाहीबाट हुन आउने रकम रु २१,८८६।– असूलउपर गर्न स्वास्थ्य मन्त्रालयलाई लेखी पठाईएको ।	निज मे.सु. डा. कृष्णकुमार राईले आयोगमा मिति २०६६।३।३ मा नगद रु.२१,८८६ ।- बुझाएको ।
१८.	२०६५।६।७	जिल्ला प्रहरी कार्यालय अछामको राशन आपूर्तिमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा वडिमालिका डिष्ट्रीव्युटर्स धनगढीबाट रु ९ लाख असुल उपर गर्न र दोहोरो भुक्तानी दावी गर्ने र रकम लिने ठेकेदार (वडिमालिका डिष्टीव्युटर्स, धनगढी) लाई आवश्यक कारवाही गर्न गृह मन्त्रालयलाई लेखी पठाईएको ।	गृह मन्त्रालयको मिति २०६६।३।८ को पत्रानुसार रु.९ लाख हिसाव मिलान भएको र दोहोरो भुक्तानी दावी गर्ने ठेकेदारले १०%ले हुने सुद रु ६६,५१८।- ने.रा.वैक थापाथली शाखामा राजश्वमा जम्मा गरेको साथै

			तत्कालीन लेखापाल प्र.ना.नि. निम बहादुर सिंहलाई ३ ग्रेड रोक्का गरिएको जानकारी प्राप्त ।
१९.	२०६२।११।२९	विश्वभाषा क्याम्पसको दक्षिण मोहडामा भएको एकेडेमिक कमर्शीयल कम्प्लेक्स निर्माण समेतमा अनियमितता भएको उजुरीका सम्बन्धमा सहप्राध्यापक हरिदर्शन श्रेष्ठ (पुल्चोक इन्जिनियरिङ्ग अध्ययन संस्थान) र ल्याव असिसटेन्ट अर्जुन के.शी.(पुल्चोक इन्जिनियरिङ्ग अध्ययन संस्थान) लाई विभागीय कारवाही गर्न त्रिभुवन विश्व विद्यालयमा लेखी पठाइएको ।	त्रि.वि.वि रजिष्टारको कार्यालयको मिति ०६६ को पत्रानुसार रु ८२,२८७।९० रिटेन्सन मनि प्राप्त गर्दा नै असुल उपर गर्ने जानकारी प्राप्त ।
२०.	२०६४।१०।१७	ठाकुरराम क्याम्पसका सह-लेखापाल वुनिलाल प्रसाद चौरसिया समेतले क्याम्पसको रकम हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा स.ले.पा. हृदय प्रसाद चौरसिया र वुनिलाल चौरसियाबाट रु १,४३,५१५।०५ असुल उपर गरी त्रि.वि.वि आर्थिक व्यवस्थापन तथा संचयकोष सम्बन्धी नियम २०५० को नियम ३४ बमोजिम कारवाही गर्न ठाकुरराम बहुमुखी क्याम्पसलाई र आ.ले.प. तथा म.ले. प को विभागबाट देखाएको विवरणलाई नियमानुसार फछ्यौंट गर्न त्रि.वि.वि. रजिष्टारको कार्यालयलाई लेखि पठाईएको ।	त्रिभुवन विशवविद्यालय रजिष्टारको कार्यालयको मिति २०६६।२।३१ को पत्रानुसार रकम असुल उपर भएको जानकारी प्राप्त ।
२१.	२०६५।७।२५	जिल्ला प्रहरी कार्यालय महोत्तरीका कार्यालय प्रमुख तथा लेखापालले कार्यालयको खाद्यान्नको बजेट अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा प्र.उ. नारायणकुमार आचार्य र प्र.ना.नि. गुन्जबहादुर पाण्डेबाट रु १०,६४,१५५।२४ त्यसैगरि प्र.उ. छोक्पा शेर्पा र प्र.ना.नि. गुन्जबहादुर पाण्डेवाट रु १,२४,१५१।६९ असुल उपर गर्न प्रहरी प्रधान कार्यालयलाई लेखी पठाईएको ।	प्र.ना.नि. गुन्जबहादुर पाण्डेले रु. ५,९४,१५३।- आयोगमा नै दाखिला गरेको र छोक्पा शेर्पावाट राजश्व क-१-१-०९१ मा रु. ६२,०७५।८५ जम्मा गरेको भौचर अनुसार असुल उपर भएको ।
२२.	२०६५।५।३१	दुरसंचार कार्यालय विरगंजका प्रमुख श्याम प्रसाद शुक्ला अधिकारीले राजश्व हिनामिना गरी टेलीफोन वितरण गरेको भन्ने उजुरीका सम्बन्धमा प्रमुख श्याम प्रसाद शुक्ला अधिकारी (दूरसंचार कार्यालय विरगंज पर्सा) बाट रु. २,५२,४५०।- असुलउपर गर्न ने. दुरसंचार कं.लि के.का.लाई लेखी पठाईएको ।	सुचना तथा संचार मन्त्रालयको मिति २०६६।३।२१ को पत्रानुसार रु.२,५२,४५०।-असुलउपर भएको जानकारी प्राप्त ।

२३.	२०६६।१।२९	शारदा प्रावि ढोरफिर्दि तनहुँमा पठनपाठन गरेको केहि अवधिको तलव भत्ता भुक्तानि नदिई एवं क.सं. कट्टी रकम क.सं. खातामा दाखिला नगरी उक्त विद्यालयका प्रधानाध्यापक निर्मल पौडेलले मासी खाएको एवं किर्ते भरपाई गरी अडिट समेत गरको भन्ने उजुरीका सम्बन्धमा प्र.अ. निर्मल पौडेलवाट श्रावण र भाद्र महिनाको तलव भत्ता वापतको रकम भराई दिन जिल्ला शिक्षा कार्यालय तनहुँलाई लेखी पठाईएको ।	जिल्ला शिक्षा कार्यालय तनहुँको मिति २०६६।३।१६ को पत्रानुसार निज प्रधानाध्यापकवाट रु ७,६०८।४० विद्यालयको धरौटी खातामा जम्मा गरेको जानकारी प्राप्त ।
२४.	२०६५।११।१९	जिविस दार्चुला अन्तरगत DRILP आयोजनामा स्थानीय विकास अधिकारी दण्डपाणि वरालले भ्रष्टाचार/अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा स्था.वि.अ. दण्डपाणि वराल (आयोजना संयोजक)जिविस दार्चुलावाट रु १,००,०००।- र स्टोरकीपर जयन्ती भट्टवाट रु.२५०००।- असुल उपर गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाईएको ।	निजहरु दुवैले आयोग मार्फत नै राजश्व खातामा रकम दाखिला गरि सकेको ।
२५.	२०६६।१।६	जिल्ला जनस्वास्थ्य कार्यालय रामेछापमा औषधि खरिद गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा का.प्र.विश्वराम श्रेष्ठबाट- रु.३०,०००।- असुल उपर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाईएको ।	का.प्र.विश्वराम श्रेष्ठले आयोगमा नै आई रु.३०,०००।- राजश्व दाखिला गरेको ।
२६.	२०६६।२।१९	राष्ट्रिय प्रकृति संरक्षण कोषमा करोडौको आर्थिक हिनामिना भएको, चितवन राष्ट्रिय निकुन्ज भित्र संचालित होटल,लज तथा रिसोर्टहरुसँग भएको सम्झौता अनुसार करिब रु. २ करोड २० लाख रोयल्टी नलिएको, कोषको भन्सार सुविधाका गाडीहरु कर्मचारीहरुद्धारा व्यापक दुरुपयोग गरिएको उजुरीको सम्बन्धमा अनुसन्धान जारी भइरहेको ।	आयोगमा अनुसन्धान प्रारम्भ भए पश्चात हालसम्म होटल, लज तथा रिसोर्टहरुका संचालकहरुले रोयल्टी वापत रु.१,१०,५७,१५७।- तथा संरक्षण शुल्क वापत रु.२,४२,२६,२७३।- गरी कूल रु.३,५२,८३,४३०।- बुझाएको ।

(ङ) निर्देशन /सुझाव

क्र.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६३।९।३०	अ.ने.फुटबल संघका अध्यक्ष गणेश थापाले विदेशी संघ संस्थाबाट र प्रायोजकबाट प्राप्त	शिक्षा तथा खेलकुद मन्त्रालयको मिति

		रकम अनियमितता गरी गैरकानूनी सम्पत्ती आर्जन गरेको भन्ने सम्बन्धमा आर्थिक विनीयमावली तयार गरी कार्यान्वयनमा ल्याई आयोगलाई जानकारी दिन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।	२०६५।४।१३ को पत्रानुसार आर्थिक विनियमावली तयार गरी कार्यान्वयनमा ल्याएको जानकारी प्राप्त ।
२.	२०६४।२।२८	का.म.न.पा. ३४ स्थित श्री ५ विरेन्द्र ऐश्वर्य पार्क निर्माण स्थलको सार्वजनिक जग्गा व्यक्ति विशेषले आफ्नो नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा सार्वजनिक जग्गा व्यक्तिको नाउमा दर्ता गरेको निर्णय बदर गरी सार्वजनिक कायम गरी आयोगलाई जानकारी दिन मालपोत कार्यालय डिल्ली बजार र का.म.न.पा.मा लेखी पठाइएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६५।४।३० को पत्रानुसार निर्णय कार्यान्वयन गरी सरकारी श्रेस्ता कायम गरेको जानकारी प्राप्त ।
३.	२०६२।११।२१	नवलपरासी गैंडाकोट ३ (ख) कि.नं. ३३,३७ र ३८ को जग्गा नारायणी नदी किनारको सार्वजनिक जग्गा वीरबहादुर पाण्डेको मिलेमतोमा आफ्ना नातेदारको नाममा दर्ता गराई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा स्थलगत निरीक्षण गरी छानबिनबाट कानून सम्मत दर्ता देखिएमा सोही बमोजिम कारबाहीको टुंगो लगाई रोक्का फुकुवा समेत गर्ने र साबिक लगत र पोता नभिड्ने जग्गा निवेदकको नाममा दर्ता भएको र सरकारी सार्वजनिक जग्गा देखिन आएमा उक्त सरकारी जग्गा मालपोत ऐन २०३४ को दफा २४ अनुसार ३ महिनाभित्र कारबाही सम्पन्न गरी सो को जानकारी आयोगमा पठाउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६५।४।२९ को पत्रानुसार कि.नं.७६ क्षे.फ.१४-१५-१-०, कि.नं. ३ क्षे.फ. १३-३-०-० तथा कि.नं. २३ क्षे.फ. १२-१३-३-० जग्गा नेपाल सरकारको नाममा प्राप्त भएको जानकारी प्राप्त ।
४.	२०६३। ११।२२	का.म.न.पा.अन्तर्गत टेकुमा विभागीय भवन ब्लक "ए र वि" निर्माण गर्दा व्यापक भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा एभरेष्ट कन्सट्रक्सन प्रा.लि लाई निर्माण व्यवसाय ऐन २०५५ को दफा ७ बमोजिम खारेज गरी ४५ दिन भित्र आयोगलाई जानकारी दिन लेखी पठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६५।५।३१ को पत्रानुसार एभरेष्ट कन्सट्रक्सन प्रा.लि लाई निर्माण व्यवसाय ऐन २०५५ को दफा ७ बमोजिम खारेज गरिएको जानकारी प्राप्त ।
५.	२०६३।११।२	श्री ने.रा. मा.वि. पिपरपाती पचरौताका प्र.अ. राजेन्द्र प्रसाद विद्यार्थीले विद्यालयको सम्पत्ति हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा	आयोगको निर्णय कार्यान्वयन भई सकेको व्यहोरा जि.प्र.का. बाराको मिति

		आवश्यक कारवाही गरी आयोगलाई जानकारी दिन लेखी पठाइएको ।	२०६५।५।२४ को पत्रबाट जानकारी प्राप्त ।
६.	२०६०।७।१८	विभिन्न संस्थान र समितिहरुमा रहेको संचालक समितिका अध्यक्ष र सदस्यहरुलाई दिइआएको सुविधाहरुको हकमा नेपाल सरकार मन्त्रिपरिषदबाट मिति ०५७।२।२ मा निर्णय भैरहेकोमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतका समितिहरुका हकमा पुन: ०५९।३।२० मा बेग्लै निर्णय भएको तथा अन्य केही संस्थान र समितिहरुमा बढी र फरक किसिमका सुविधाहरु संचालक समिति स्वयंले निर्णय गरी सुविधा उपलब्ध गराएको भन्ने उजुरीको सम्बन्धमा संस्थानको संचालक समितिले आफूखुशी निर्णय गर्न नपाउने समेतका उपयुक्त व्यवस्थाहरु ३ महिना भित्र गरी आयोगलाई जानकारी दिन मन्त्रिपरिषद् सचिवालय तथा अर्थ मन्त्रालयमा लेखी पठाईएको । बुटवल धागो कारखाना लि.मा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा आयोगको २०६०।७।४ को निर्णय भन्दा बढी सुविधा लिने संस्थानका अध्यक्ष र सदस्यहरुबाट बढी लिए जति सुविधाका रकमहरु असूल उपर गर्न उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालयमा लेखी पठाईएको ।	आयोगको मिति २०६५।८।३० को निर्णयानुसार नीतिगत व्यवस्था सम्बन्धमा निर्देशन भईसकेको जानकारी प्राप्त ।
७.	२०६५।३।१७	काठमाडौ जिल्ला धापासी गा.वि.स. सचिव समेत मिलि ट्वाइलेट बनाउने कार्य रोक्का गरेको भन्ने उजुरीको सम्बन्धमा हेरी बुझी समस्याको समाधान गर्न जि.वि.स काठमाडौलाई लेखी पठाईएको ।	काठमाडौ जि.वि.स.को मिति २०६५।८।८ को पत्रानुसार समस्या समाधान भएको जानकारी प्राप्त भएको ।
८.	२०६५।३।१९	स्थानीय विकास अधिकारी काभ्रेले योजनाको रकम बाँडफाँडमा अनियमितता गरेको भन्ने उजुरीका विषयमा कार्यक्रम संचालन गर्दा समयमै प्रकृया थालनी गर्ने, सम्बन्धित वर्षमा योजना सम्पन्न गर्ने गराउने, आर्थिक साधनको सदुपयोग गर्ने व्यवस्था मिलाउन स्थानीय विकास मन्त्रालयलाई लेखी पठाईएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६५।८।१७ को पत्रानुसार योजना तर्जुमा र नियमानुसार निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त ।
९.	०६३।१०।२४	नेपालगंज नगरपालिकाको सपिङ कम्प्लेक्स निर्माणमा अनियमितता भएको भन्ने उजुरीका	स्थानीय विकास मन्त्रालयको मिति २०६५।९।२३ को

		सम्बन्धमा ने. नगरपालिकाको सपिङ कम्प्लेक्स भवन निर्माणको बाँकी कार्य अविलम्ब सम्पन्न गरी आयोगलाई जानकारी दिन नेपालगन्ज नगरपालिकाको कार्यालयलाई लेखी पठाईएको ।	पत्रानुसार सो भवन निर्माण सम्बन्धी कार्य सम्पन्न भएको जानकारी प्राप्त ।
१०.	२०६५।४।१४	त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय गौचरका कर्मचारीले युनिफर्म नलगाई स्वदेशी तथा विदेशीको रेकर्ड कम्प्यूटरमा राख्न लगाउने गरेकोले काउन्टरमा बाहिरका व्यक्तिले समेत प्रवेश पाउन सक्ने भएको हुँदा कारवाही गरि पाउँ भन्ने उजुरीका सम्बन्धमा यस बारेमा आवश्यक कारवाही गरी आयोगलाई जानकारी गराउन गृह मन्त्रालयका सचिवलाई लेखी पठाईएको ।	गृह मन्त्रालयको मिति २०६५।१०।७ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
११.	२०५८।४।१	पर्सा जिल्ला पोखरीया नगर विकास समितिमा जग्गा खरिदमा अनियमितता भएको उजुरीका सम्बन्धमा ठोस निर्णय गरी विवाद टुंग्याउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाईएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६५।१०।५ को पत्रानुसार नेपाल सरकार मन्त्री स्तरबाट तत्सम्बन्धी निर्णय भएको जानकारी प्राप्त ।
१२.	२०६५।१।२७	आ.व ०६०।६१मा मुस्ताङ्गका ई.जगदिश शर्माले निमार्ण कार्य गर्दा रकम हिनामिना गरेको भन्ने उजुरीका सम्वन्धमा अनियमितताको सम्बन्धमा अनुसन्धान कारवाही गरी आयोगमा जानकारी दिन जिल्ला प्रशासन कार्यालय मुस्ताङ्गलाई लेखी पठाईएको ।	गृह मन्त्रालयको मिति २०६५।१०।७ को पत्रानुसार छानवीन प्रतिवेदनबाट समेत अनियमितता भएको नदेखिँएको जानकारी प्राप्त ।
१३.	२०६५।२।९	राजस्व चुहावटका उजुरी र गुनासाहरु दिनप्रतिदिन आइनैरहेको अवस्थामा अर्थ मन्त्रालयका सम्बन्धित पदाधिकारी लगायत सुरक्षा अंगसँग भएको अन्तरक्रियामा व्यापक छलफल पश्चात् राजस्व चुहावट नियन्त्रण गर्ने सम्बन्धमा विद्यमान कानूनी प्रावधान विपरीत मानिस बोक्ने सवारी साधनले व्यवसायिक प्रकृतिको सामान ओसारपसार भैरहेका गुनासा आइरहेको सन्दर्भमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरीलाई यसतर्फ अझ बढी क्रियाशील बनाई कानूनको परिपालनाका साथै राजस्व चुहावट नियन्त्रण गर्न नेपाल प्रहरी तथा सशस्त्र प्रहरी प्रधान कार्यालयलाई लेखी पठाईएको ।	गृह मन्त्रालयको मिति २०६५।१०।७ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त भएको ।
१४.	२०६५।४।२१	पशु आहार उत्पादन विकास समिति हेटौडाका	कृषि तथा सहकारी

		तत्कालिन डा. मुनिलाल चौधरीले स्टोर किपर मानसिहं थापालाई सफाईको मौका नै नदिई सेवाबाट आवकास दिएको भन्ने उजुरीका सम्बन्धमा स्टोर किपरले दर्ता गरेको पुनरावेदन पत्र उपर कारवाही भएको नदेखिएकोले उक्त पुनरावेदन उपर ३ महिना भित्र टुंगो लगाउन पशु आहार उत्पादन विकास समिति हेटौडालाई लेखी पठाईएको ।	मन्त्रालयको मिति २०६५।११।४ को पत्रानुसार स्टोर किपर मानसिहं थापालाई पाचौं तहमा पुनर्वहाली गरिएको जानकारी प्राप्त ।
१५.	२०६४।५।३	खाना पकाउने एल.पि. ग्यासको अवैध व्यापारबाट उपभोक्ता ठगिने क्रम बढ्दै गएको र यस विषयमा पत्र पत्रिकामा प्रकाशित समाचारका सम्बन्धमा- १. सिल खोलिएका, तोकिएका मापदण्ड भन्दा कम तौल भएका, उद्योगको लेवल नभएका, तोकिएको भन्दा बढी मूल्य लिई विक्रि भैइरहेका तथा सुरक्षाका दृष्टिकोणबाट जोखिम हुन सक्ने कुच्चिएका तथा सरसफाई नभएका एल.पि. ग्याँस सिलिण्डरहरु बजारमा विक्रीको लागि राख्ने गरिएको र यस्ता पक्षहरुको अनुगमन गर्ने निकायगत व्यवस्था समेत भएको भए पनि यस्ता पक्षका अनुगमनलाई अझ प्रभावकारी बनाउदै उपभोक्ताको हितलाई प्रवर्द्धन गर्न यल.पि.ग्यासको आयत र फिलिङ्गदेखि वितरण प्रणाली समम सहज पहुँच प्राप्त गर्ने, यसलाई नियमित रुपमा अनुगमन गर्ने, अवैध कारोवार उपर तत्काल कारवाही गर्ने र नियमित रुपमा उपभोक्ताका गुनासा सुन्ने समेतका कार्य एकीकृत रुपमा गर्न विभिन्न ऐनमा यस सम्बन्धी भएका प्रावधान समेतलाई विचार गरी विद्यमान ऐन कानूनमा परिमार्जन गरी स्पष्ट अधिकार र उत्तरदायित्व तोकिएको सांगठनिक व्यवस्था (Regulatory Framework) बनाउने । २. सुरक्षा र जन स्वास्थ्यका दृष्टिले अत्यन्त सवेदनशील रहेको यल.पि.ग्याँसको आपूर्ति र उपभोक्तालाई सुरक्षित बनाउने हालका	नेपाल आयल निगमको मिति २०६५।११।२ को पत्रानुसार सुझाव तथा निर्देशन पालना भएको जानकारी प्राप्त ।

		व्यवस्थाहरु अपर्याप्त देखिएकोले ग्याँसको फिलिङ्ग गर्ने भल्भबाट हुने चुहावट जाँच गर्न सिल लगाउने, तोकिएको अवधिमा ग्याँस सिलिण्डरको मर्मत संभार तथा सरसफाइ गर्ने, प्रयोग अवधि समाप्त हुनासाथ त्यसलाई नष्ट गर्ने जस्ता विषयलाई नियमन गर्न प्रचलित ने.गुण ३६९।२०५३ अनुसारको सिलिण्डरको स्पेशिफिकेशन तथा ने.गुण ३७६। २०५३ अनुसारको आचार सहिता समेत समावेश गरी उपयुक्त सजायका प्रावधानहरु सहितको कानुनी व्यवस्था गर्न र सरकारी स्वामित्वमा रहेको नेपाल आयल निगम लि.ले एल.पि.ग्याँसको लागत मूल्य भन्दा कम मूल्यमा विक्री वितरण गरी संचालन नोक्सानमा रहेको अवस्थामा ग्राहस्थ प्रयोग बाहेक संगठित होटल जस्ता गैर ग्राहस्थ क्षेत्रमा बढी मात्रामा इन्धन खपत हुने हुदाँ त्यस्ता क्षेत्रमा इन्धनको प्रयोजनको लागि वितरण हुने ग्याँसको मूल्य र ग्राहस्थ प्रयोजनका लागि वितरण हुने ग्याँसको मूल्य निर्धारण समेत फरक फरक गर्न अति आवश्यक देखिएकोले नेपाल आयल निगम संचालक समितिलाई उद्योग वा. तथा आपूर्ति मन्त्रालय मार्फत लेखी पठाईएको ।	
१६.	०६४।८।२०	सामान्य प्रशासन मन्त्रालयले खरिदार दयाराम खत्रीलाई हुलाक कार्यालय समेत एक वर्षमा चारपटक सरुवा गरेको भन्ने उजुरीका सम्बन्धमा यातायात व्यवस्था कार्यालय वाग्मती काठमाडौंका खरिदार श्री दयाराम खत्रीलाई न्यूनतम २ वर्ष अवधि पूरा भए पश्चात जिल्ला हुलाक कार्यालय ल.पु.मा सरुवा गरेपछि सो अवधि नै भुक्तान नहुदै निजामती सेवा ऐन २०४९ को दफा १८ र नि. से नि. २०५० को नियम ३६ मा स्पष्ट व्यवस्था हुदाँहुदै करीव १ वर्षभित्र ४ ठाउँमा निजामती सेवा ऐन र नियमावलीको मर्म विपरित सरुवा गरेको देखिदाँ निजलाई जिल्ला हुलाक कार्यालय ललितपुर मै न्यूनतम २ वर्ष कामकाज गर्ने गरी	सामान्य प्रशासन मन्त्रालयको मिति २०६५।११।३० को पत्रानुसार निजको साविक जिल्ला हुलाक कार्यालयमा सरुवा गरिएको जानकारी प्राप्त ।

		साविकमा गरिएको सरुवा नै कार्यान्वयन गराउन सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाईएको ।	
१७.	२०६५।४।८	का.न.पा. ४ कि.नं. ७१ को क्षेत्रफल ७३९.२० व.मी जग्गाको मोहियानी हक ससुराको नाममा कायम रहेकोमा सुसुराको मृत्यु पछि पतिको नाममा दर्ता हुनुपर्नेमा मालपोत कार्यालय डिल्लीबजारको कर्मचारीको मिलेमतोमा अन्य व्यक्तिको नाममा दर्ता गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा साविक र हालको पुर्जा श्रेस्ता अनुसार जग्गाको सिमांकन गरी भोग सुरक्षित गर्ने व्यवस्था गर्न मालपोत कार्यालय डिल्लीवजारमा लेखी पठाईएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६५।१०।२७ को पत्रानुसार नापी कार्यालयको श्रेष्ता पूर्जामा रहेको जग्गा फिल्ड चेक गर्दा पूरै क्षेत्रफल नक्शा बमोजिम नै जग्गा धनी को भोग सुरक्षित रहेको भन्ने प्रतिवेदनबाट देखिँन आएको ।
१८.	२०६४।१२।५	का.म.न.पा.को आ.प्र. सम्बन्धी नियम विपरित सामान खरिद तथा निर्माण कार्य गरेको भन्ने उजुरीका सम्बन्धमा आ.प्र. नियमावली अनुरुप र सार्वजनिक खरिद ऐनको कार्यविधि पूरा गरी अभिलेख स्पष्ट र व्यवस्थित राखी आ.ले.प नियमित गराउने, सबै नगरपालिकालाई जानकारी गराउन, आवश्यक परेमा आ.प्र. नियमावलीमा संशोधन गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाईएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६५।११।२२ को पत्रानुसार सबै नगरपालिकालाई निर्देशन दिई सकिएको र आवश्यकतानुसार आ.प्र. नियमावली संशोधन गर्दै जाने भन्ने लेखी आएको ।
१९.	२०६५।७।१०	पर्वतारोही पर्यटकहरुसँग खटिजाने सम्पर्क अधिकृतहरुको मनोनयनमा उक्त मन्त्रालयको कर्मचारीहरुको एकलौटी उपभोग भई अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा पर्यटन मन्त्रालय, अन्तर्गतका निकाय र अन्य निकायका कर्मचारीहरु वीच सम्पर्क अधिकृत भई खटी जाने कार्यमा समान व्यवहार देखिन नआएको हुँदा उक्त विषयमा सकेसम्म समान व्यवहार हुने गरी ३ महिना भित्र स्पष्ट निर्देशिका बनाई लागू गरी आयोगमा जानकारी दिन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखी पठाईएको ।	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको को पत्रानुसार निर्देशिका बनी कार्यान्वयनमा रहेको जानकारी प्राप्त ।
२०.	२०६५।९।१४	समाज कल्याण परिषदका सदस्य सचिव गहेन्द्र श्रेष्ठले डिजेलको गाडी चढेर पेट्रोलको विल लिने गरेको भन्ने उजुरीका सम्बन्धमा- १. समाज कल्याण परिषदका	महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयको मिति २०६५।१२।६ को पत्रानुसार जिन्सी माल फिर्ता

		पदाधिकारीहरुलाई इन्धन कोटा मासिक २०० लि.अस्वभाविक भएको देखिएकोले समकक्षीय अन्य पदाधिकारीलाई मासिक के कति लिटरको कोटा तोकिएको छ, त्यसको अध्ययन गरी एकरुपता हुने गरी कोटा निर्धारण गर्ने । २. मासिक रुपमा तलवभत्ता वा पारिश्रमिक पाइरहने पदाधिकारीले वैठक भत्ता पनि लिंदा दोहोरो सुविधा उपभोग गरेको देखिने हुनाले यस्तो दोहोरो सुविधा लिने व्यवस्था हटाउने ३. समाज कल्याण परिषदको हाल विघटन भैसकेको परिप्रेक्षमा तत्कालिन पदाधिकारीहरुले लिएका जिन्सीमाल सामान प्रचलित कानूनको रीत पुऱ्याई तुरुन्त फिर्ता गर्ने गराउने व्यवस्था मिलाउन सुझाबका लागि महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयमा लेखी पठाईएको ।	भएको जानकारी प्राप्त ।
२१.	२०६५।९।१७	त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल गौचरमा विभिन्न किसिमका व्यवस्थापन लगायत अन्य अनियमितता भएको सम्वन्धमा विमानस्थल जस्तो अति संवेदनशिल स्थलमा हरदम पूर्ण रुपमा विद्युत आपूर्ति अनिवार्य हुन्छ तर लोडसेडिङको कारणले विमानस्थलमा संचालित विद्युतीय उपकरणहरुको संचालन र जहाज उडानमा समेत असर परेको र यसले सुरक्षा व्यवस्थामा समेत गम्भिर असर पर्न सक्ने हुँदा विमानस्थलमा चौंबीसै घण्टा विद्युत आपूर्तिको समुचित व्यवस्था मिलाउन जलश्रोत मन्त्रालयका सचिवलाई लेखी पठाईएको ।	जलश्रोत मन्त्रालयको मिति २०६५।११।२८ को पत्रानुसार आवश्यक व्यवस्था मिलाई निर्देशन पालना भएको जानकारी प्राप्त ।
२२.	२०६२/९/२६	कैलाली जिल्ला मालाखेती गा.वि.स. वाड नं ६ मा वस्ने जोगी रानाले अर्काको बाबु जग्गु रानालाई आफ्नो वावु उल्लेख गरी गराउन लगाई नागरिकता लिएको भन्ने उजुरीका सम्बन्धमा छानविन गरी कारवाही टुंगो लगाउन गृह मन्त्रालयलाई लेखी पठाईएको ।	गृह मन्त्रालयको मिति २०६५।११।२६ को पत्रानुसार जोगी राना थारु र ललता रानाथारुको नेपाली नागरिकताको प्रमाण पत्र वदर गरिएको जानकारी प्राप्त ।

२३.	२०६२/१०/३	का.जि. का.म.न.पा. वाड नं ६ र ७ को सिट नं १०२-२०२७-२३ नक्सामा पर्ने सार्वजनिक जग्गा, कुलो/बाटो व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा उक्त क्षेत्रफल ०-९-३-१.२५ को सार्वजनिक जग्गा का.म.ना.पा. वडा न. ६ र ७ मा पर्ने हुंदा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौको समेत सहयोगमा उक्त जग्गामा निर्मित संरचनाहरु भत्काउन लगाई दुई महिनाभित्र आयोगमा जानकारी दिन काठमाडौ महानगरपालिकालाई लेखी पठाईएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६५।१२।२८ को पत्रानुसार निर्मित संरचना भत्काईएको जानकारी प्राप्त ।
२४.	२०६५।८।१९	किर्तिपुर नगरपालिका वा.नं.२ लायकु ६ (क)को किता नं. ५१६ मध्ये ४-०-० रोपनी जग्गा श्री वायु देवता गुठीको नाममा दर्ता भएको र हाल साविक गर्दा सिमानामा जोडिएको १–८–०-० रोपनी प्रती ऐलानी जग्गा पनि दर्ता गरी अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा एक पटक नेपाल सरकारको नाममा दर्ता भै सकेको जग्गा वदर गरी गुठी कायम गर्दा सम्वन्धित मन्त्रालयको सहमति लिएर मात्र गुठी कायम गर्न गुठी संस्थान केन्द्रीय कार्यालयलाई लेखी पठाईएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६५।१२।२६ को पत्रानुसार नेपाल सरकारको नाममा दर्ता भै सकेको जग्गा वदर गरी गुठी कायम गर्दा सरकारको सहमती लिन गुठि संस्थान केन्द्रीय कार्यालयले मातहतका सबै कार्यालयलाई निर्देशन दिएको जानकारी प्राप्त ।
२५.	२०६५।१।४	रावल आयोगले रोक्का राखेको जग्गा फुकुवा गर्दा तत्कालिन सचिव योद्धा शाहको संयोजकत्वमा गठित समितिले गरेको निर्णय सम्बन्धमा मालपोत कार्यालय कलंकी, डिल्ली बजार र चावहिलका प्रमुख मालपोत अधिकृतको संलग्नतामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा उपसचिव गेहनाथ भण्डारीको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदन समेतको आधारमा कारवाही गरी नतिजा आयोग समक्ष पठाउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाईएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६५।१२।२५ को पत्रानुसार निर्देशनको पालना भएको जानकारी प्राप्त ।
२६.	२०६५।८।१	व्यवसायिक तथा सीप विकास तालीम केन्द्र हेटौडाको जिन्सी सामान हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा निर्णयको जानकारी सहित अन्तर्गतका सबै केन्द्रहरूमा सामानको परल मूल्य खुलाउने लगायत समग्र जिन्सी व्यवस्थापन नियमानुसार	श्रम मन्त्रालयको मिति २०६५।९।२९ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।

		अध्यावधिक गराउन सीप विकास तथा व्यवसायिक तालीम केन्द्रलाई लेखी पठाईएको ।	
२७.	२०६५।७।२२	पुल्चोक स्थित २०० वर्ष पुरानो ऐतिहासिक महत्वको सम्पदा अतिक्रमण गरेको भन्ने उजुरीका सम्बन्धमा ललितपुर-३ पुल्चोक चुनदेवी महादेवस्थानका मन्दिर, मूर्तिहरू ९७ वर्ष पुराना देखिदा सार्वजनिक पुरातात्विक महत्वको देखिएको हुँदा सामुदायिक भन्ने शब्द सच्याई पुरातात्विक महत्वको सार्वजनिक भन्ने शब्दावली प्रयोग गरी तीन दिनभित्र आयोगलाई जानकारी दिन पुरातत्व विभागलाई र व्यक्ति विशेषले सम्बन्धित निकायको स्वीकृति नलिई सार्वजनिक पुरातात्विक महत्वको स्थलको निर्माण कार्य भए गरेको देखिदा त्यहाँ मन्दिरहरू, मूर्तिहरू नोक्सान पारिएको छ छैन ? सार्वजनिक पुरातात्विक स्थलको व्यक्तिगत स्वार्थको लागि प्रयोग भए गरिएको छ छैन ? सो क्षेत्रको स्थलगत निरीक्षण गरी सार्वजनिक पुरातात्विक महत्वको स्थानको गरिमा घटाएको भए सो सम्बन्धमा आबश्यक कारवाही समेत गरी सोको प्रतिवेदन एक महिनाभित्र आयोगमा पठाउन प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई लेखी पठाईएको ।	गृह मन्त्रालयको मिति २०६५।१२।२६ को पत्र र संस्कृति तथा पुनसंरचना मन्त्रालयको पत्रवाट निर्देशन पालना भएको जानकारी प्राप्त भएको ।
२८.	२०६५।११।४	पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखरा का निर्देशकले जन स्वास्थ्य निरीक्षक भिम वहादुर थापालाई अनियमीत रुपमा सरुवा गरेको भन्ने उजुरीका सम्बन्धमा निज जन स्वास्थ्य निरिक्षक भिम बहादुर थापालाई पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखराको रा. प. तृतीय श्रेणीको योजना अधिकृतमा गरिएको सरुवा नियम विपरित भएकोले प्रचलित कानून बमोजिम सच्याउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिन लेखी पठाईएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।१।२७ को पत्रानुसार निजलाई साविक स्थानमा नै पदाधिकार कायम गरिएको जानकारी प्राप्त ।
२९.	२०६५।११।२५	नागरिक उड्डयन प्राधिकरणका तत्कालिन महानिर्देशक यज्ञ प्रसाद गौतम लगायतका पदाधिकारीहरुले रिक्वायरमेन्ट पुरा नगरी	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०६६।३।१० को पत्रानुसार

		करोडौ भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा इम्पो एयरवेज प्रा.लि.को हकमा नागरिक उड्डयन प्राधिकरणवाट वनाएको अडीट टिमले औल्याएको एयर क्याफ्ट नभएको तर तीन महिना पछि जहाज ल्याउन प्राधिकरणसँग अनुरोध गरेको आधारमा ए.ओ. सि.नविकरण गरेका हुँदा अव उप्रान्त सवै requirements पुरा गरेर मात्र operation certificate नवीकरण गर्न नागरिक उडडयन प्राधिकरणलाई लेखी पठाईएको ।	निर्देशन पालना भएको जानकारी प्राप्त ।
३०.	२०६५।१।१२	जयन्ती प्रा.वि.को विद्यालय नवलपरासी व्यवस्थापन समितिले हिसाव किताव सार्वजनिक नगरेको समेत उजुरीको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिबाट औल्याइएका कुराहरुलाई छानविन गरी कारवाही नै गर्नु पर्ने देखिएको विषयमा मात्र कारवाही गरी आयोगलाई २०६५ असार मसान्त सम्ममा जानकारी गराउन प्रमुख जिल्ला अधिकारी, नवलपरासीलाई लेखी पठाईएको ।	गृह मन्त्रालयको मिति २०६५।१०।२२ को पत्रानुसार आयोगको निर्देशन पालना भएको जानकारी प्राप्त ।
३१.	२०६३।६।३०	साझा भण्डार संस्था ली.का अध्यक्ष जयकुमार खड्काले अनियमित तवरले भवन भाडामा लगाई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा सम्पति भाडामा लगाउने र सोको प्रकृया सम्बन्धमा समेत स्पष्ट रुपमा विनियमको व्यवस्था गर्ने र विनियमको व्यवस्था नहुञ्जेल अव भाडामा दिनु पर्दा पारदर्शी ढंगले प्रतिष्पर्धात्मक प्रकृयाद्वारा वोर्डलाई अधिकतम लाभ हुने गरी गर्न राष्ट्रिय सहकारी विकाश बोर्डलाई लेखी पठाईएको ।	कृषि तथा सहकारि मन्त्रालयको मिति २०६६।३।२८ को पत्रानुसार राष्ट्रिय सहकारी विकाश बोर्डको आ.प्र नियमावली २०६६ वनाई सुझाव कार्यान्वयन भएको जानकारी प्राप्त ।
३२.	२०६५।५।३०	त्रियुगा उच्च मा.वि.को भवन निर्माणमा अनियमितता भएको उजुरीको सम्बन्धमा त्रियुगा उ.मा.वि.ले अमानतबाट बनाउन सुरु गरेको भवन निर्माण कार्य उपभोक्ता समितिबाट गराउन नमिल्ने देखिदा भवन निर्माणको क्रममा हालसम्म भएका खर्चहरुलाई समेत सदुपयोग गरी न.पा.बाट नक्सा पास गराई कानून बमोजिम वोलपत्रको माध्यमबाट भवन निर्माण गराउन त्रियुगा उच्च मा.वि.उदयपुरलाई	शिक्षा मन्त्रालयको मिति २०६६।०२।२१ को पत्रानुसार आयोगको निर्देशन पालना भएको र शिक्षा मन्त्रालयको मिति २०६५।११।१९ को पत्रानुसार कार्यक्रम कार्यान्वयन पुस्तिका २०६५ तयार भई आएको जानकारी प्राप्त ।

		सार्वजनिक विद्यालयहरुले जुनसुकै श्रोतबाट प्राप्त रकमबाट भवन निर्माण आदि गर्दा प्रचलित कानून बमोजिम खर्चको सीमा, खर्च गर्ने तौर तरिका एवं गुणस्तर नियन्त्रणको व्यवस्था समेत समावेश गरी यथाशिघ्र निर्देशिका तयार गरी प्रचलनमा ल्याई आयोगमा जानकारी गराउन शिक्षा मन्त्रालयलाई लेखी पठाईएको ।	
३३.	२०६४।४।३०	डिल्लीराम शर्माले हिलवर्ड ईङ्गलीस बोर्डिङ्ग स्कुल (धनगढी) वाट झुट्ठा विवरण पेश गरी नागरिकता लिएको भन्ने उजुरीको सम्बन्धमा आवश्यक कार्यवाही गरी अन्तीम टुङ्गोमा पुग्ने र सोको जानकारी आयोगलाई दिन गृह मन्त्रालयलाई लेखी पठाईएको ।	गृह मन्त्रालयको मिति २०६६।२।२४ को पत्रानुसार आयोगको निर्देशन पालना भएको जानकारी प्राप्त ।
३४.	२०६५।७।२५	जिल्ला प्रहरी कार्यालय महोत्तरीका कार्यालय प्रमुख तथा लेखापालले कार्यालयको खाद्यान्नको बजेट अनियमितता गरेको भन्ने उजुरिका सम्बन्धमा घोडाको दरवन्दी नै नभएको अबस्थामा खाद्यान्न आहार अन्तर्गत २०५९ साउन महिना भन्दा अघिका महिनासम्म भएका अनियमित खर्च सम्बन्धित कार्यालय प्रमुख र सम्बन्धित लेखा प्रमुखसँग असुलउपर गरी राजश्वमा दाखिला गरी आयोगलाई जानकारी दिन प्रहरी प्रधान कार्यालयलाई लेखी पठाईएको ।	गृह मन्त्रालयको मिति २०६६।३।२१ को पत्रानुसार २०५९ अगाडि मलेपवाट कुनै वेरुजु नभएको लेखापरिक्षण प्रतिवेदनमा देखाएको भनि लेखी आएको ।
३५.	२०६५।१०।२२	तत्कालीन ललितपुर उ.म.न.पा.का.का कार्यकारी अधिकृत कोमल प्रसाद काफ्लेले वाकीटकी खरिदमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा संचालन नगरी राखेको वाकिटकि १ महिना भित्र संचालन गरी आयोगलाई जानकारी दिन ललितपुर उपमहानगरपालिकामा लेखी पठाईएको ।	स्थानीय विकास मन्त्रालयको मिति २०६६।३।२५ को पत्रानुसार वाकिटकी नगरपालिका परिसर भित्र चलाउन थालिएको जानकारी प्राप्त ।
३६.	२०६५।५।११	कतारमा नेपाली कामदारहरुको समस्या विषयमा श्रम तथा रोजगार प्रवर्द्धन विभागको काम कारवाही अनुसन्धान गर्ने सम्बन्धमा कम्पनीले के कसरी कामदार पठाएको छ अनुसन्धान गरी दोषी उपर कानूनी कारवाही	श्रम तथा यातायात व्यवस्था मन्त्रालयको मिति २०६६।१।२४ को पत्रवाट बैदेशिक रोजगार तथा रोजगार प्रवर्द्धन विभागबाट

		गरी ३ महिना भित्र आयोगलाई जानकारी पठाउन श्रम तथा रोजगार प्रवर्द्धन विभागलाई लेखी पठाईएको ।	अनुसन्धान अधिकृत खटाई अनुसन्धान हुँदा तत्काल कुनै कसुर गरेको पुष्टि हुन नसकेको भनी प्रतिवेदन प्राप्त भएको ।
३७.	२०६५।११।०९	स्वास्थ्य सेवा विभागले इन्सपेक्सन समुहको कर्मचारी रमण झा लाई फार्मेसी समुहको कार्यालय प्रमुख पदमा कामकाज गर्ने गरी अनियमीत किसिमले सरुवा गरेको भन्ने उजुरीका सम्बन्धमा हेल्थ इन्सपेक्सन समुहको कर्मचारी रमण झालाई फार्मेसी समूहको कार्यालय प्रमुख पदमा कामकाज गर्ने गरी गरिएको मिति २०६३।१२।२५ को सरुवा बदर गरी आयोगलाई जानकारी गराउन र आइन्दा कानून विपरित सरुवा गरिएको पाइएमा त्यस्तो सरुवा गर्ने निर्णय गर्ने अधिकारीलाइ प्रचलित कानून बमोजिम कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाईएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।३।२४ को पत्रानुसार हेल्थ इन्सपेक्सन समुहको कर्मचारी रमण झालाई सरुवा नगरिएको तर निमित्त भई कामकाज गर्न लेखिएको जानकारी प्राप्त ।
३८.	२०६५।९।१३	सेती अंचल अस्पतालले कर्मचारी छनौट गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अस्पताल विकास समितिको अध्यक्ष धर्मराज पाण्डेबाट परीक्षार्थीहरुको प्राप्ताकंमा थपघट गरी केरमेट समेत गर्ने कार्य आफू स्वयंबाट भएको कुरा आयोगमा स्पष्टीकरण पेश गर्दा व्यक्त गरेको तथा थपघट केरमेटमा निजको हस्ताक्षर मिल्ने देखिएको हुंदा निजलाई सेती अंचल विकास समितिको अध्यक्ष पदबाट तत्काल हटाई पुनः नियुक्ति नगर्न तथा सो विज्ञापन अनुसार अ.न.मी.पदमा नियुक्त व्यक्तिहरुको म्याद थप नगर्न र कानून अनुसार निष्पक्ष पारदर्शी किसिमले पदपूर्ति गर्न सेती अञ्चल अस्पताल विकास समितिलाई लेखी पठाईएको ।	स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६६।३।२४ को पत्रानुसार अध्यक्ष धर्मराज पाण्डेको स्थानमा गोविन्द तिमिल्सिनाको नियुक्ति भएको हुँदा निज धर्मराज पाण्डे स्वत पदमुक्त भई सकेको साथै विवादित ७ जना अ.न.मी.को मिति २०६५।१०।१ वाट म्याद थप नभएको जानकारी प्राप्त ।

परिच्छेद - १३
कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारबाहीको विवरण

आयोगको भ्रष्टाचार तथा अनुचित कार्यको छानविन तथा अनुसन्धानको क्रममा विभागीय कारबाही लगायत अन्य कारबाही गर्ने गरी भएका निर्णयहरु कार्यान्वयनका लागि विभिन्न मन्त्रालय, विभाग र अन्तर्गत कार्यालयहरुलाई लेखिएकोमा केही निर्णयहरुको कार्यान्वयन अहिलेसम्म पनि हुन सकिरहेको देखिदैन । आ.व. ०६५।६६ सम्ममा विभिन्न कारणबाट कार्यान्वयन हुन बाकी रहेका आयोगका निर्णयहरुको विवरण निम्न अनुसार रहेको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. कानून अधिकृत केदार मैनालीले कायमी धितोलाई कम मूल्यांकन गरी आफ्नै सालीलाई धितो सकार गर्न लगाई रा.वा.बैंक मैतिदेवीको धितो हिनामिना गरी अनुचित कार्य गरे भन्ने सम्बन्धमा ऋणी धर्मानन्द अवस्थीले लिएको रकम रु. १०,००,०००। असूलउपर गर्नका लागि राखेको धितोबाट असूल उपर हुन नसकेमा धर्मानन्द अवस्थीबाट र निजबाट पनि असूलउपर हुन नसकेमा कि.नं. १५ को ३-११-० जग्गाको लिलाम स्वीकृत गर्ने व्यक्तिहरुउपर कानून वमोजिम मुद्दा दायर गरी असूलउपर गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रिय कार्यालयमा आयोगको मिति २०६२।५।३० को निर्णय अनुसार लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. आन्तरिक राजश्व विभागका तत्कालिन महानिर्देशकले राजश्व हानीनोक्सानी गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।२० को निर्णय अनुसार सह-सचिव रणबहादुर श्रेष्ठलाई विभागीय कार्यान्वयन गर्न अर्थ मंत्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. राष्ट्रिय बाणिज्य बैंकका उपत्यका स्थित बिभिन्न शाखा कार्यालयहरुबाट जगरनाथप्रसाद सोनार सम्बद्ध काठमाडौं टुकटुक र अनिता इलेक्ट्रिकल प्रा.लि.सप्लायर्स रही टेम्पोमा कर्जा लगानी गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५।३।८ को निर्णय अनुसार बैंकले निर्धारण गरेको अबधी आषाढ मसान्तदेखि ३ महिना भित्र कडाइका साथ बाँकी बक्यौता असुली गरी सोको जानकारी आयोगलाई दिन राष्ट्रिय वाणिज्य बैक केन्द्रिय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. साइवर इन्ट्ररप्राइजेज समेत भई ३ करोड बराबरको इलेक्ट्रोनिक सामान आयात गर्दा राजश्व चुहावट भएको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको २०६४।१०।१३ को निर्णय अनुसार त्रि.वि.भन्सार कार्यालयका तत्कालिन प्रमुख भन्सार अधिकृत मुकुन्द प्रसाद पौडेल, भन्सार अधिकृत उमेश कुमार बस्नेत, भन्सार अधिकृत दुर्गा प्रसाद आचार्य, जाँचकी ना.सु. देवी थापा, खरिदार महेन्द्र

कुमार पोखरेल, खरिदार इन्द्रमणि पराजुली र खरिदार टिकाप्रसाद पोखरेललाई विभागीय कार्यान्वयन गर्न अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. राष्ट्रिय विमा संस्थानका सबै कर्मचारीहरुले आ.व. २०५१।५२ देखि नियम विपरित पुरस्कार रकम लिएको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।४। १३ को निर्णय अनुसार राष्ट्रिय विमा संस्थानका कर्मचारीहरुबाट रु. ८,३५,७४,७१३।५५ असुल उपर गर्न र प्रस्तुत सन्दर्भमा आवश्यक परे मन्त्रीपरिषद्को बैठक समेतमा पेश गरी निकासा भए बमोजिम आवश्यक कार्यान्वयन गरी प्रस्तुत विषयमा टुङ्गो लगाउन अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. रा.वा.बैंक खाँदवारी शाखाले कमसल धितो लिई ऋण प्रवाह गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९। २ को निर्णय अनुसार खाँदवारी शाखाको कर्जा नं. ३८/४७, ३८/ ४८, ३८ /४९ ३८/५०, ३८/५१, ३८/५२, ३८/५३, ३८/५४, ३८/५६, र ३८/५७ अन्तर्गतको ऋण ६ महिना भित्र असुल उपर गर्न रा.वा.बैंक केन्द्रिय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. विशाल वजार कम्पनीले पसल कवल भाडामा दिदा अनियमितता गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५। ११।२५ को निर्णय अनुसार आयोगबाट २०६५।११।१५मा विशेष अदालतमा भ्रष्टाचार मुद्दाको आरोपपत्र दर्ता गर्दा प्रतिवादी वनाइएका कामनपा वडा नं २७ वस्ने रमेशमान श्रेष्ठले मिति २०६०।९।३ मा १६०० कित्ता शेयर रु.२२,४०,०००। मा खरिद गरेको देखिंदा के कुन श्रोतमा सो शेयर खरिद गरेको हो,आयकर तिरेको छ छैन ? सो विषयमा छानविन गर्न राजश्व अनुसन्धान विभाग पठाइएकोमा हालसम्म छानविन र कारबाही टुङ्गो लागेको जानकारी प्राप्त नभएको ।

८. नेपाल धितोपत्र विनिमय बजार लिमिटेडले दलाल व्यवसायी छनौट गर्दा अनियमितता गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५। ९।२३ र २०६५। ११।२८ को निर्णय अनुसार नेपाल धितोपत्र विनिमय बजार लिमिटेडले दलाल व्यवसायी इजाजतका लागि सिफारिस गर्न स्वीकृत गरेको छनोट विधि नै त्रुटीपूर्ण रहेको तथा विधि वमोजिम सिफारिशको लागि छनोट गर्दा प्रदान गरेको अंक समेत कानूनसम्मत नदेखिएकोले साविकका दर्खास्तहरु यथावत कायम राखी प्रबन्ध निर्देशकको योग्यता अर्को संचालकको योग्यता, निजहरुको अनुभव तालिम र कम्पनीको पुँजी संरचनालाई ५०अंक तथा वस्तुगत परीक्षाको लागि ५०अंक प्रदान गर्नेगरी छनोट बिधि परिमार्जन गर्न, पुँजीको संरचनाको भुक्तानी भएको प्रमाणको लागि कम्पनीले बैंकमा जम्मा गरेको भौचर र सम्बन्धित बैंक प्रमुखले प्रमाणित गरेको बैक स्टेटमेन्ट वा व्यालेन्स सर्टिफिकेटलाई मान्यता दिन, प्रवन्ध निर्देशक र संचालकले कानूनबमोजिम दर्ता भएको संगठित संस्थामा कम्तीमा २ बर्ष अविच्छिन्न काम गरेको अनुभवलाइ मात्र मान्यता दिन, विदेश स्थित शैक्षिक संस्थाको शैक्षिक योग्यता तथा अतिरिक्त डिग्रीको निमित्त त्रि.वि.समकक्षता तथा मान्यताको प्रमाण लिने, आवेदक

कम्पनीका प्रवन्ध निर्देशक नेपाल सरकारको स्वामित्व भएको संस्थामा कार्यरत कर्मचारी भएमा विभागिय स्वीकृति लिने समेतका छनोट विधि परिमार्जन गरी पूनः दर्खास्त आह्वान गरी छनोटका लागि सिफारिस तीन महिना भित्र गरी आयोगलाई जानकारी दिन नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. कृषि विकास वैंकमा कमिशन खाएर वढुवा गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१०।७ को निर्णय अनुसार निजामति सेवा ऐन २०४९ तथा नियमावली २०५० संग तादात्म्यता रहने गरी अर्थात का.स.मु.वापत ४० अंक र बाँकीमा ६० अंक कायम गरी कृषि विकास वैंक कर्मचारी सेवा विनियमावली २०६२ को विद्यमान वढुवा सम्वन्धि प्रावधान ३ महिना भित्र संशोधन गर्ने र अव हुने आन्तरिक मूल्याकंनको वढुवा सिफारिस गर्दा सोही प्रावधान अवलम्वल गरेर मात्र गराउन कृषि विकास वैंक केन्द्रिय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. तातोपानीबाट २०६४।१०।२१मा छुटेका २ कन्टेनर राजश्व अनुसन्धान विभाग समेतले राजश्व छल्ने काम गरे भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।२।११ निर्णय अनुसार ना.सु. रामकृष्ण तिवारी र ख. अर्जुन बस्नेतलाई विभागीय कारबाही गर्न भन्सार विभाग त्रिपुरेश्वरलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ख) उद्योग मन्त्रालय अन्तर्गत

१. नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा हिनामिना गरी गैर कानूनी फाइदा लिने गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।४।१ निर्णय अनुसार नेपाल सरकारले विशाल बजार कम्पनीलाई दिएको जग्गा बापत मूल्यांकन भएको रु. ३९ करोड ६० लाख बराबरको रकमलाई नेपाल सरकारको शेयरको रुपमा परिणत गर्न आवश्यक कारबाही गरी आयोगलाई जानकारी गराउन उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. बोलबम लगायत मापदण्ड विपरितका इट्टाभट्टाहरु बन्द गरी स्वच्छ प्रशासनको प्रत्याभूति पाउँ भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६३।५।९ को निर्णय अनुसार यस सम्बन्धमा सर्वोच्च अदालतबाट २०६२ साल मार्ग २४ गते भएको फैसलामा उल्लिखित ४ बुँदा कार्यान्वयन गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. उदयपुर सिमेन्ट उद्योग लि.बाट म्याग्नेसिया क्रिम खरिद विक्रि गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।३।३१ को निर्णयानुसार ए.सी.सी. नागपुर (ब्रिक्स आपुर्त्ति कर्ता) बाट रु. ३६,०९,४४७।९० असुल उपर गर्न र उद्योगलाई भएको क्षतिपूर्तिको असुली प्रकृया सम्पन्न नभएसम्म उक्त कम्पनी ए.सी.सी. हाल ए.सी.इ.बाट पछि खरिद गरेको High Alumina bricks बापतको रकम रु. १८,६३,७४०।- रोक्का राखी आयोगलाई जानकारी दिन उदयपुर सिमेन्ट

उद्योग लि.लाई र म्याग्नेसिया क्रिम जस्तो महंगो उद्योगको लागि नभइ नहुने संवेदनशील सामानहरु खरिद गर्दा हचुवाको भरमा ब्रान्ड उत्पादक कम्पनी उत्पादक देश तोकिनु भन्दा ब्रिकको सेप साइज स्पेशिफिकेशन तथा केमिकल कम्पोजिशन तथा टेष्ट सर्टिफिकेट बारे अध्ययन गरी निर्णय गराई प्रि-क्वालिफिकेशन गराएर ब्राण्ड उत्पादक कम्पनी, उत्पादक देश तोक्ने गर्न र उद्योगमा चुस्त व्यवस्थापन प्रकृया अपनाई उद्योग संचालनको असामान्य अनुत्पादक समयलाई घटाउन उदयपुर सिमेन्टलाई निर्देशन दिन उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. गैरकानूनी रुपमा वन पैदावारमा आधारित उद्योगहरु दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय दाङ्गका कर्मचारीले रकम भाग बन्डा गरी खाए भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।६।२१ को निर्णय अनुसार वन क्षेत्रबाट वन पैदावारमा आधारित उद्योगहरु दर्ता गर्दा वातावरण संरक्षण सम्बन्धी नियमहरु पटक पटक संशोधन गर्न युक्तीसंगत नदेखिने हुँदा आगामी दिनमा नियमावलीमा यस विषयलाई समावेश गरी व्यवस्थित रुपमा लागू गर्ने तथा दाङ्ग जिल्लाको देउखुरी क्षेत्रमा कानून विपरित दर्ता भएका वन पैदावरमा आधारित १४ उद्योगको सम्बन्धमा आवश्यक व्यवस्था मिलाइ आयोगमा जानकारी पठाउन उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. गुणस्तर तथा नाप तौल कार्यालय विराटनगरका कर्मचारीले घुस लिएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।४ को निर्णय अनुसार कार्यालय प्रमुख रामआधार शाह र कालीगढ (रा.प.अ. चतुर्थ) बद्रीबहादुर बुढाथोकीलाई विभागीय कारवाही गर्न गुणस्तर तथा नापतौल विभाग बालाजुमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. विशाल वजार कम्पनी लि. ले पसल कवल भाडामा दिंदा अनियमितता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।२५ को निर्णय अनुसार विशाल वजार कम्पनीको शुक्रपथस्थित भवनको ३४६ वटा पसल कवल वोलपत्र विना आफू अनुकुलका व्यक्तिहरुलाई कम भाडादरमा बाडफाड गर्दै आएको र पसल कवल प्राप्त गरेका अधिकांसले व्यापारीहरुलाई बढि रकममा पूनः बहालमा दिदै आएबाट कम्पनीले प्राप्त गर्ने आम्दानी रकम व्यक्ति विशषले प्राप्त गर्दै आएको हुँदा कम्पनीको प्रचलित विनियमावली २ महिना भित्र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेगरी संशोधन गरी २०६६ श्रावण १ गतेदेखि अनिवार्य रुपमा बोलपत्र प्रक्रियाद्वारा पारदर्शीरुपमा भाडामा लगाउन विशाल वजार कम्पनी लिमिटेड, शुक्रपथमा लेखि पठाईएको र सो को अनुगमन गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. वेलिज नागरिक kent B.Crane ले २०५०।५।१०मा नेपालमा वाइल्ड लाईफ डेभ्लप्मेण्ट नामको संस्था दर्ता गराई (भीसाको प्रयोजनको लागी) अनियमित कार्य भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।४ को निर्णय अनुसार नेपालमा आवधिक रुपमा लगानी नगरी सीमित

रुपमा मात्र लगानी गरिरहेका, पूर्ण रुपमा संचालनमा नआएका वा आंशिक रुपमा संचालनमा आएका वा लगानी मात्र ल्याई काम शुरु नगरेका लगानी कर्ताहरुको व्यवसायीक भीसा सिफारिस गर्दा १ वर्षको लागि मात्र गर्न, भीसा सिफारिस गर्नु पूर्व उद्योगको अवस्था हेरी निरीक्षण गर्न र उद्योग स्थापना गरी संचालन गर्ने म्याद व्यतित भैसकेको छ छैन सो कुरालाइ आधार लिन, लगानीकर्ता Kent B. Crane ले प्रचलित कानून विपरीतको कार्य गरेको हो भने विभागबाट निरीक्षण गरी त्यस्तो गतिविधि तुरुन्त रोक्न लगानीकर्तालाई सूचना गर्न र यस कुरालाई आयन्दा भीसा सिफारिसको आधार लिन र शुरुमै रु.२४,३७,४०,०००।- लगानी गर्ने भनिएपनि एक करोड भन्दा केही वढी रकम उक्त कम्पनीले लगानी गरेको देखिएकोले शर्त अनुसार आगामी ६ महिना भित्र पुरै रकम लगानी गरी उदेश्य अनुरुप कार्य गर्न लगाउन उद्योग विभागका महानिर्देशकलाई लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ग) वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. नेशनल ट्रेडिङ लिमिटेडका अध्यक्ष कृष्णचन्द्र झाले नेपाल सरकारले तोकेको भन्दा वढी सुविधा लिनु खानु गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५९।३।२६ मा निर्णय हुंदा तोकिएको हदभन्दा बढी भुक्तानी लिएको रकम निज झाबाट असूल उपर गराई आयोगलाई जानकारी दिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखिएकोमा रकम असुल उपर भएको जानकारी प्राप्त नभएको ।

२. नेपाल आयल निगमका कर्मचारीको मिलोमतोमा जहाजलाई दिने तेलको विल सम्बन्धमा व्यापक भ्रष्टाचार भएको उजुरीका सम्बन्धमा आयोगको मिति २०६३।२।९ को निर्णय अनुसार तेलको भुक्तानी हुन बाँकी रकम तीन महिना भित्र असुल उपर गरी आयोगलाई जानकारी दिन संचालक समिति, नेपाल आयल निगममा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. साल्ट ट्रेडिङ कर्पोरेशनका प्रवन्धक व्रजेशकुमार झाले कालीमाटीस्थित तरकारी तथा फलफुल व्यापार केन्द्रको प्रवन्धक भै काम गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।११।२६को निर्णय अनुसार कुनै कारोवार गर्दा गराउँदा प्रचलित नियम कानूनको अधिनमा रही नोक्सानी घटाइ नाफा बढाउने तर्फ आवश्यक नीति एवं संयन्त्र निर्माण गरी व्यवस्थित गर्नु पर्नेमा सो भएको नपाइएकोले त्यस्तो संयन्त्रको निर्माण नै नभै तरकारी केन्द्र खोली लगानी गरी वन्द समेत गरेको देखिएको तथा कर्पोरेशनवाट गरिने उधारो कारोवारमा समेत कुनै निश्चीत नीति वनाई अवलम्वन गरेको नदेखिएकोले अव सोही किसिमको काम गर्दा सो वारेमा एथेष्ट अध्ययन गरी आवश्यक संयन्त्र तथा नीतिको व्यवस्था मिलाई कार्य गर्न गराउन एवं हाल वन्द तरकारी तथा फलफुल आयात निर्यात तथा खरिद केन्द्रवाट गएका उधारो रकमहरुका सम्वन्धमा कडाईका साथ अशुल उपर गराई आयोगलाई जानकारी दिन साल्ट ट्रेडिङ कर्पोरेशन लि. मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(घ) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. तरकारी पेकेज प्रर्दशनीमा नक्कली विल बनाई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।११।३० को निर्णय अनुसार ना.प्रा.स. मोहमद मजिद ना.प्रा.स. भगवान प्रसाद पोखरेल तथा प्रा.स. राम विलास शाहलाई विभागीय कारबाही गर्न कृषि तथा सहकारी मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. पाखिवास कृषि अनुसन्धान परिषदका का.मु कार्यकारी निर्देशकले प्रमुख हुँदा विल भरपाई नराखि रकम हिनामिना गरेको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।२।२५ को निर्णय अनुसार तत्कालीन का.मु. कार्यकारी निर्देशक परशुराम लाल कर्णले प्रमुख हुँदा आ.व. ०५९/६० मा भएको खर्च सम्बन्धमा तत्कालै हिसावकिताव दुरुस्त बनाई वेरुजु फछ्यौंट गर्न गराउन नेपाल कृषि अनुसन्धान परिषदमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ङ) गृह मन्त्रालय अन्तर्गत

१. धापासी ७ को कि.नं. ९० को क्षेत्रफल १८-३-३ रोपनी जग्गा अतिक्रमण भएको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६२/४/१३ को निर्णयानुसार उक्त धापासी ७ को कि.नं. ९० को जग्गासँग जोडिएका संधियारहरुबाट अतिक्रमण भएको जग्गा छुट्टयाई सार्वजनिक पर्ति नै कायम गरी आयोगलाई जानकारी गराउन प्र.जि.अ. काठमाडौंलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. सुनसरीका तत्कालीन प्र.जि.अ. समेतले हडकङबाट स्थाई अनुमतिपत्र दिलाउने कार्यमा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।५।६ को निर्णयानुसार आवश्यक अनुसन्धान गरी नतिजाको जानकारी यथासिघ्र आयोगमा पठाउन जिल्ला प्रहरी कार्यालय सुनसरीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. जावलाखेल ल.पु उ.म.न.पा. वडा नं. ४ (झ) स्थित कि. नं. ७० को जग्गामा अनियमित तरिकाले व्यक्ति समेतको मिलेमतोमा घर निर्माण गर्न लागेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।१२।१४ को निर्णयानुसार स्थानीय प्रशासन ऐन २०२८ अनुसार सार्वजनिक जग्गामा निमार्ण भएका घर टहराहरु हटाई जग्गा यथावत खुला राखी सोको जानकारी आयोगलाई दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. मंगलचन्द्र संखुलिया (शर्मा) भन्ने भारतीय नागरिकले जिल्ला प्रशासन कार्यालय भद्रपुर झापाबाट नेपाली नागरिकता लिए भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।४।३० को निर्णय अनुसार

यस विषयमा गृह मन्त्रालयवाटै आवश्यक कार्यवाही गरी आयोगलाई जानकारी दिन गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. कुनै विकास निर्माण नै नगरी रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।८।१७ को निर्णय अनुसार विन्देश्वरी प्र. साहबाट रु.२,९८,८६८।-, महेन्द्र राउत कुर्मिबाट रु.३३,५००।-, रामचन्द्र वैठाबाट रु.१७,०८५।-, प्रभुप्रसादबाट रु.६,५००।- कृष्ण प्रसाद कुर्मिबाट रु.७०,३५१।- असुल उपर गर्न जिल्ला प्रशासन कार्यालय पर्सामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. बालिका छात्रवृति रकम दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।२।२९ को निर्णय अनुसार फर्स्यौट गर्न बाँकी रकम असुल उपर गर्न जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. ना.१ च ७१८८ नं को निशान जिप गैरकानूनी रुपमा दर्ता गरी संचालन गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६२/६/४ को निर्णय अनुसार (तत्कालिन श्रम मन्त्रालय अन्तरगतको खरिदार हाल गृह मन्त्रालय अन्तरगतका) ना.सु. हरिभक्त पोखरेललाई विभागीय कारवाही गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. काठमाडौं महानगरपालिका वडा नं. ३ रानीवारी स्थित सामाखुशी किनारमा रहेको सार्वजनिक जग्गा आसपासमा रहेका जग्गा धनीहरुले अतिक्रमण गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।१।४ को निर्णय अनुसार का.म.न.पा. वडा नं. ३ स्थित सिट नं. १०२-१८५-२२ को सार्वजनिक जग्गा र कि.नं.८४, १६५, १५२,, १५३, २५५, ५१, ५४, ५५, ७३, ४२, ४१, समेतले केही सार्वजनिक जग्गा अतिक्रमण गरेको हुँदा उल्लिखित कि.नं. जग्गाका धनीहरुले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित प्राविधिकहरुद्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कि.नं. बाट झिकी सार्वजनिकीकरण गरी जानकारी ३ महिना भित्र आयोगलाई दिन गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. का.म.न.पा. ३४ भिमसेनगोला कात्यायानी मन्दिर आसपासको १०,१२ रोपनी सार्वजनिक जग्गा व्यक्तिले प्रयोगमा ल्याएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१।८ को निर्णय अनुसार आयोगको निर्णयमा उल्लिखित कि.नं.हरुले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हद सम्मको सार्वजनिक जग्गा सम्बन्धित कि.नं.बाट झिकी सार्वजनिकीकरणद्वारा एकीन गरी गराई ३ महिना भित्र आयोगलाई जानकारी दिन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. कम्पनी दर्ता हुँदा लाग्ने दस्तुर तिरेको नक्कली भौचरका आधारमा १०० वटा कम्पनी दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।२० को निर्णय अनुसार आ.ब. २०६२/६३ मा उक्त नक्कली भौचर प्रकरणमा संलग्न व्यक्तिउपर ठगीमा मुद्दा चलाईसकेको बुझिएको तर आ.ब. २०६१/६२ र २०६३/६४ मा नक्कली भौचर पेश गरी कम्पनी दर्ता गरी राजश्व चुहावट गर्ने कार्यमा संलग्न व्यक्तिहरूउपर हालसम्म कुनै कारबाही भएको नदेखिएकोले यथाशिघ्र उक्त दुई आर्थिक वर्षको हकमा समेत अनुसन्धानको कार्य पूरा गरी कानून बमोजिम कारबाही गराउन उद्योग मन्त्रालयमा र महानगरीय प्रहरी परिसर हनुमानढोकामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. बुटवल नगरपालिका वडा नं. ८ (क) को कित्ता नं. ११०० र १०३ का सार्वजनिक जग्गा बदनियत तरिकाले दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।६।९ को निर्णय अनुसार कित्ता नं ११०० र १०३ का जग्गाहरूमा विटौरी वा कोदालेको माध्यमबाट दर्ता भई भोगचलनमा रहेका जग्गाहरू वाहेकका सबै जग्गाहरू सार्वजनिक कायम गर्न र उक्त जग्गाहरूमा विटौरी वा कोदालेको माध्यमबाट भोगचलन भएका जग्गाहरूलाई सम्बन्धित व्यक्तिहरूकै नाममा दर्ता गराउनेतर्फ आबश्यक कार्य गर्ने गराउन प्र.जि.अ. रुपन्देहीको संयोजकत्वमा प्रमुख मालपोत अधिकृत रुपन्देही, प्रमुख, नापी शाखा रुपन्देही र कार्यकारी अधिकृत बुटवल नगरपालिका समेत रहेको एउटा कार्यदल बनाई आबश्यक सिफारिस र कार्यान्वयन गर्न,. उक्त कार्यदलले ३ महिनाभित्रमा सार्वजनिक जग्गाहरूलाई नेपाल सरकारका नाममा कायम गराई धनीपुर्जा जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा सुरक्षित राख्न र रैकरमा परिणत गरिएका जग्गाहरूको धनीपुर्जा मालपोत कार्यालय मार्फत सम्बन्धित धनीहरूलाई बुझाउने आबश्यक कार्य गर्न गराउन, उक्त कार्यदलले गरेका सिफारिस, निर्णयहरू र मालपोत कार्यालयले उपरोक्त अनुसार गरेका निर्णयहरूको जानकारी ३ महिना भित्र आयोगलाई गराउन र उक्त कित्ता नं. का जग्गाहरू मध्ये दर्ता भै धनीपुर्जा वितरण गरिएका जग्गाहरू मात्र धनीपुर्जा वितरण गरेपश्चात मा.पो.का.रुपन्देहीले रोक्का गरेको जग्गा (वि.प्र.विभागबाट) तुरुन्त फुकुवा गरिदिन प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, रुपन्देहीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. विरेन्द्र सार्वजनिक मा.वि.मोरङ्गका प्र.अ.श्यामलाल शर्माले विद्यालय भवन निर्माण गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।७।५ र २०६५।९।२७ को निर्णय अनुसार प्र.अ. श्यामलाल शर्माबाट रु.१,१५,५९४।६९ र अध्यक्ष महेश्वर प्रसाद राजवंशीबाट (भवन निर्माण समिति) रु.४५,०००। असुल उपर गराउन जिल्ला प्रशासन कार्यालय, मोरङ्गमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. जिल्ला प्रशासन कार्यालय म्याग्दीका कर्मचारीहरुले दोहोरो नागरिकता बनाई अनियमितता तथा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।२ को निर्णय अनुसार नवराज बराल स.प्र.जि.अ. र खरिदार बेदनाथ सुवेदीलाइ विभागीय कार्वाही गर्न गृह मंत्रालयमा र म्याग्दी जिल्ला राखुचिप्ले ७ का तिर्थ बहादुर मल्लले दोहोरो नागरिकता लिई

नागरिकता समेत झुठ्ठो विवरण दिएको सम्वन्धमा कानून बमोजिम गर्नु पर्ने आवश्यक अनुसन्धान गरी संलग्न देखिएका व्यक्तीहरुको सम्वन्धमा प्रचलित ऐन अनुसार मुद्दा दायर गर्ने गराउने व्यवस्था हुनका लागी जिल्ला प्रहरी कार्यालय म्याग्दीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. काठमाडौ जिल्ला धापासी गा.वि.स.४ क कि.नं.११०, ११५ समेतको सार्वजनिक जग्गा मिची अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६। १। १५ को निर्णय अनुसार. काठमाडौ जिल्ला धापासी गा.वि.स. वडा नं.४ ग कि.नं.११०,११५ ,११६ र १२१ बिचमा रहेको राजकुलो नक्शा एवं श्रेस्तामा रहेको भएता पनि फिल्डमा व्यक्तिहरुले मिचेको भन्ने विषयमा नापी शाखावाट निरीक्षण गराउदा प्राप्त प्रतिवेदन वाट सार्वजनिक जग्गा राजकुलोको संरक्षण हुन नसकेको देखिएकोले उक्त राजकुलो सार्वजनिक जग्गा संरक्षण गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. सार्वजनिक पद धारण गरेको व्यक्ति राष्टसेवक वाहेक अन्य व्यक्तिले नेपालको शैक्षिक संस्थाको नामबाट नक्कली शैक्षिक प्रमाणपत्रको प्रयोग वा कारोवार गरेको तथ्य सम्बन्धीत शैक्षिक संस्थामा प्रमाणिकरण गर्ने क्रममा खुल्न जाने गरेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६। ३। ८ को निर्णय अनुसार कानून बमोजिम स्थापित विश्वविद्यालय र शिक्षण संस्थाहरुवाट जारि हुने शैक्षिक योग्यताका प्रमाणपत्र वा सोसँग सम्बन्धीत कुनै पनि कागजातहरु कीर्ते गरेको मुद्दालाई सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसुचि १ मा समावेश गर्ने प्रवन्ध मिलाउन गृह मन्त्रालयमा र प्रमाणिकरण गर्न आएका वखत नक्कली प्रमाणपत्र लिई आउने सम्बन्धीत व्यक्तिलाई तत्कालै कारवाहि गर्न परीक्षा नियन्त्रण कार्यालय र प्रहरी निकायको आपसि समन्वयमा प्रभावकारी संयन्त्र बनाउन प्रहरी प्रधान कार्यालय र परीक्षा नियन्त्रण कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. लेप्रोसी प्रोजेक्ट पोखरामा कार्यरत लेखापाल खिम वहादुर गुरुङ्गले आफ्नो जिम्मा रहेको रु.९,३३,३०७।- रकम हिनामिना गरेको रकम मध्ये रु.४,७२,०००।- कार्यालयलाई तिरेको रु.४,६१,३०७।०६ नतिरेकोले कारवाही गरि पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।१० को निर्णय अनुसार निज खिमवहादुर गुरुङ्ग विदेशमा फरार भएकोले निजले हिनामिना गरेको रकम पोन वहादुर गुरुङ्गले धरौटी राखेकोले निज पोनवहादुर गुरुङ्गले जिल्ला प्रशासन कार्यालय कास्कीमा राखिएको मिति ०६१।९।६ को रसिद नं. १११३६७ वजेट रकम उ.भौ.नि.६३७७५ बाट नगद धरौटी रु. ४,६१,३०८।- बाट खिम वहादुर गुरुङ्गले तिरेको रु.१,२०,०००।- कटाई रु. ३,४१,३०७।०६ पैसा र त्यसमा प्रचलित कानूनबमोजिम लाग्ने व्याज समेत धरौटी रहेको रु ४,६१,३०८।- बाट असुल गरी तत्कालीन कुष्ठरोग आयोजना हाल इन्टरनेशनल नेपाल फेलेसीप, कास्की प्रोग्रामलाई दिई वांकी वढी रकम पोन वहादुर गुरुङ्गलाई फिर्ता दिई आयोगलाई जानकारी दिन जिल्ला प्रशासन कार्यालय, कास्कीलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(च) उर्जा/सिंचाई मन्त्रालय अन्तर्गत

१. मध्यपश्चिमाञ्चल सिंचाई विकास सव डिभिजन १ रुकुमका ई. विनय कुमार गामी समेतले सिम्ली सिचाई योजना समेतमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।२६ को निर्णय अनुसार रामचन्द्र पण्डित (तत्कालिन ओभरसियर) र रामचरित्र चौधरी (सिचाई कार्यालय नं. १ रुकुम) लाई विभागीय कारवाही गर्न सिचाई विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. चिलिमे जलविद्युत कम्पनीको शेयर वाँडफाँडमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।७।१० को निर्णय अनुसार विद्युत प्राधिकरणको कर्मचारी सेवा नियमावली २०६२ को नियम १११ मा नेपाल सरकारको शतप्रतिशत स्वामित्व भएको विद्युत क्षेत्रमा क्रियाशील सार्वजनिक संस्थाका कर्मचारी जल विद्युत कम्पनीकै संस्थापक शेयरधनी हुन पाउने व्यवस्था भएको देखिदा यसबाट conflict of interest हुने देखिएकोले संस्थापक शेयर धनी हुन पाउने व्यवस्थालाई संशोधन गर्न सुझाव संचालक समिति नेपाल विद्युत प्राधिकरणलाई, प्रचलित कानूनबमोजिम सर्बसाधारणका लागि शेयर निष्कासन सम्बन्धी कार्य ३ महिनाभित्र गर्ने गराउन निर्देशन चिलिमे जलविद्युत कम्पनी र धितोपत्र बोर्ड थापाथलीलाई र उच्च दरमा विद्युत खरिद सम्झौता गरी नोक्सान व्यहोर्नुपरेको देखिएकोले नोक्सान नहुने गरी साविकको विद्युत खरिद सम्झौता (PPA) मा पुनरावलोकन गरी सोको जानकारी आयोगलाई दिन सञ्चालक समिति, ने.वि.प्राधीकरणलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(छ) परराष्ट्र मन्त्रालय अन्तर्गत

अविलम्ब शुल्कको रुपमा रकम संकलन गरी दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।१७ को निर्णय अनुसार मानविय सहयोगका लागि रोजगारीमा गएका व्यक्तिहरु वा अन्य संघ संस्थाबाट रकम उठाउनु पर्ने भए ऐन नियम वा निर्देशिका जो जे बनाउनु पर्ने हो वनाई सो वमोजिम मात्र उठाउने व्यवस्था मिलाउन र पारदर्शिता, निष्पक्षता, तटस्थता र कुटनैतिक मर्यादा लगायत अन्य आवश्यकिय विषयमा केन्द्रित रही सवै राजदुतहरु तथा नियोगमा कार्यरत पदाधिकारीहरुको लागी आवश्यक आचार संहिता तयार गरी लागु गर्न परराष्ट्र मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ज) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत

१. मकालु वरुण राष्ट्रिय निकुन्ज संखुवासभाको मध्यवर्ती क्षेत्रको कार्ययोजना काल्पनिकरुपमा तयार गरी गैरसरकारी संस्थाबाट रकम लिई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६२।१२।९ को निर्णयानुसार कतिपय मन्त्रालय, विभाग तथा कार्यालयहरुले विभिन्न अन्तर्राष्ट्रिय

गैरसरकारी संस्था लगायत अन्य अन्तर्राष्ट्रिय संस्थाहरुबाट आर्थिक सहयोग रकम स्वीकार गर्दा भैरहेको कानूनको परिपालन नगरी सोझै सहयोग रकम लिने र आफ्नै खातामा राखी आफू खुसी खर्च गर्ने गरेको अनुसन्धानबाट देखिएकोले यसरी सहयोग स्वीकार गर्दा कानूनी प्रक्रिया अवलम्बन गरी लिने परीपाटी बसाल्न मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. उच्चस्तरीय रायमाझी जाँचबुझ आयोग २०६३ को प्रतिवेदनबाट राष्ट्रिय ढुकुटी एवं शक्ति र पदको दुरुपयोग गरेको बारे आयोगको मिति २०६५।३।३० को निर्णयानुसार तत्कालिन सूचना तथा संचार मन्त्री टंक ढकालबाट रु.७,०८,५००।- असुल उपर गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. विदेशी सहयोगमा संचालित अधिकांश गैर सरकारी संस्थाहरुमा अनियमितता तथा भ्रष्टाचार भएको भन्ने उजूरीका सम्वन्धमा आयोगको मिति २०६२।१०। १२ को निर्णयानुसार गैरसरकारी संस्थाहरुबाट सार्वजनिक सरोकारका विषयमा प्रभाव पर्ने गरी कार्य कार्यान्वयन हुने गरेको पृष्टभूमिमा तिनीहरु भित्र हुने अनुचित कार्य र भ्रष्टाचार नियन्त्रण गर्न सक्ने गरी कानूनी व्यवस्था मिलाउन प्रधानमन्त्री तथा म.प.कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(झ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. सुकुलढोका केदारेश्वर महादेवस्थानको नाममा दर्ता भएको गुठीको जग्गा गुठी संस्थानका कर्मचारीहरुको मिलेमतोमा अनधिकृत व्यक्तिलाई गुठियार कायम गर्न खोजी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६१/९/२ को निर्णयानुसार गुठी संस्थान ऐन, २०३३ को दफा ३९ वमोजिम जे जस्तो निर्णय गर्नुपर्ने हो गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिने भनी लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. काठमाडौं, ललितपुर र भक्तपुर मालपोत कार्यालयमा रजिस्ट्रेसन पास गर्दा कम राजस्व दाखिला गरी राजस्व मस्यौट गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।४।१६ को निर्णयानुसार कम राजश्व दाखिला गरी गराई जग्गा रजिष्ट्रेशन पास गर्ने, मस्यौट गर्ने कर्मचारीहरु विरुद्ध विभागीय कार्यवाही गरी आयोगलाई जानकारी गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा र नियमानुसार लाग्ने राजस्व रकम भन्दाकम राजश्व असुल हुने गरी लिखत पारीत भएका जग्गाको नियमानुसार नपुग राजश्व ३ महिना भित्र असुल गरी रोक्का रहेका जग्गा फुकुवा गर्ने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. सकुम्बासी समस्या समाधान आयोग मोरङ्गले बिक्री बितरण गरेको जग्गामा अनियमितता भयो भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।११।२७ को निर्णयानुसार अनियमित रुपमा मालपोत ऐन २०३४ को प्रतिकूल हुने गरी दर्ता भएको सरकारी जग्गालाई दर्ता बदर गरी सरकारी जग्गा कायम

गर्न मातहतको विभाग कार्यालयलाई निर्देशन दिनु पर्ने दायित्व भएको मन्त्रालयले सो नगरी सचिवस्तरबाट भएको रोक्का निर्णयलाई मिति २०५८।११।१५ मा मन्त्रीस्तरीय निर्णय गराई फुकुवा गरी सरकारी जग्गा संरक्षण गर्ने दायित्वबाट पन्छिएको देखिन आएको हुँदा मालपोत ऐन २०३४ को दफा २४ (२) लाई प्रभावकारी कार्यान्वयन गरी कानूनले तोकेको दायित्व पुरा गर्न र जालसाजीपूर्ण कार्यगरी झुट्ठा व्यहोरा पेश गरी गैर सुकुम्बासी गैर अव्यवस्थित बसोबासी र क्षेत्रिय कार्यालय विराटनगरले वितरण नगरेको जग्गालाई तत्कालिन बसोबास प्रशासकको दस्तखत संग मिल्लोजुल्दो गरी जालसाजी श्रेष्ता पुर्जा पेश गरी अनधिकृत रुपमा जग्गा दर्ता गराएको हुन सक्ने देखिएकोले यस सम्बन्धमा सम्बन्धित मंत्रालयले कुनै पदाधिकारी तोकी वा समिति गठन गरी एकिन गर्नु पर्ने हुँदा सुकुम्बासी समस्या समाधान आयोग कार्यनीति २०५६ (संशोधन सहितको) दफा ५ र सुकुम्बासी समस्या समाधान आयोग कायविधि २०५७ को दफा २१ अनुसार कारबाही गरी सोको जानकारी ६ महिना भित्र आयोगलाई गराउन तथा आयोगको मिति २०६३।११।२७ को निर्णयको बुदाँ नं. २ मा उल्लिखित कित्ता नं. का जग्गाहरु अनियमित रुपमा दर्ता भएको प्रमाणित भएको हुँदा अ.दु. अ. आयोग ऐन २०४८ को दफा १२ ख अनुसार दुष्परिणाम सच्याउनु पर्ने देखिएको हुँदा सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि २०५७ को दफा २१ तथा मालपोत ऐन २०३४ बमोजिम ३ महिना भित्र दुष्परिणाम सच्याई आयोगलाई जानकारी गराउन भूमिसुधार तथा व्यवस्था मंत्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. भूमिसुधार कार्यालय बाराका खरिदार राजमहमद मन्सुर समेतले भोगचलन गर्दै आएको जग्गा अनियमित तरिकाले बाँडफाँड गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।८।२७ को निर्णय अनुसार खरिदार राजमहम्मद मंन्सुरलाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. काठमाडौं जिल्ला साविक सितापाइला हाल इचङगुनारायण गा.वि.स ९ (क) कि.नं ३९५ को जग्गा २०२१ सालमा सर्वे नापी हुँदा ज.ध.काठमाडौ मखनटोल बस्ने हिरालाल नापित भएको दर्ता बाँकी जग्गाको किर्ते श्रेस्ता पूर्जा बनाएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५।३।२ को निर्णय अनुसार टाइपिष्ट खरिदार रामकृष्ण श्रेष्ठलाई विभागीय कारबाही गर्न मालपोत कार्यालय कलंकीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. मालपोत कार्यालय सुनसरीबाट रोक्का रहेको जग्गा मोरङ्गबाट खरिद विक्री भई अनियमितता भएको भन्ने सम्बन्धमा आयोगको २०६५।२।१४ को निर्णय अनुसार खरिदार देवी प्रसाद पोखरेललाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. वालाजु वनस्थलीको कि.नं.२७७ को जग्गामा मोही नभएकोमा हाल मोही कायम गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६५।५।२७ को निर्णय अनुसार ख. निमा छिरिङ्ग लामालाई विभागीय

कारबाही गर्न मालपोत कार्यालय डिल्ली बजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. सुन्धारा बस्ने मनोहरवरसिं थापाको नाममा हदवन्दी भन्दा बढी रहेको जग्गा बेचविखन गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६५।४।२१ को निर्णय अनुसार काठमाडौ सुन्धारा बस्ने नेत्र कुमारी थापा, भैरववरसिंह थापा, रेजवरसिं थापाको नाममा नाप नक्सा भएका काठमाडौ तथा भक्तपुर जिल्ला स्थित जग्गाहरु हदवन्दी भित्र बाहिरका के हुन भूमि सम्बन्धी ऐन २०२१ बमोजिम छानविन गरी ३ महिना भित्र टुंगो लगाउनका लागी भूमिसुधार कार्यालय, काठमाडौ र भक्तपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. का.म.न.पा.३२ धोवीखोला स्थित कित्ता नं. १४३ को २३ रोपनी जग्गा व्यक्तिहरूले अनियमित रुममा दर्ता गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६५।८।९ को निर्णय अनुसार उल्लिखित कित्ताहरूमध्ये कुन कुन कित्ता नेपाल सरकारको नाउमा कायम भइसकेको छ ? सोको विवरण र नेपाल सरकारका नाउमा कायम गर्न बाँकी रहेका कित्ताहरू उल्लिखित कानूनी व्यवस्था अनुसार नेपाल सरकारका नाममा कायम गर्ने तर्फ कार्यान्वयन गरी सोको जानकारी १ (एक) महिनाभित्र आयोगलाई गराउनका लागी मालपोत कार्यालय, डिल्लीबजारमा र भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. काठमाडौं जिल्ला गंगबु वडा नं. ४ (ख) कित्ता नं. ५६५ को जग्गा बढी भएकोले बढी जग्गा सार्वजनिक गराई पाउँ भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५।५।५ को निर्णय अनुसार बिप्लनमान सिंह डंगोलको कित्ता नं. ३६ को जग्गा साविक र हाल नापीमा ०-३-२-० बढी देखिएको र उक्त जग्गाको तीनतिर व्यक्तिको जग्गा र एकतिर सडक भएकोले कसको जग्गा घुस्न गएको हो ? हाल साविक नहुँदा सम्म एकिन हुन नसक्ने भएबाट उक्त बढी देखिन गएको जग्गा हालसाविक गर्दा नियमानुसार एकिन गरी बढी देखिएमा कट्टी गरी सार्वजनिक कायम गर्नेतर्फ कार्यान्वयन गर्न मालपोत कार्यालय तथा नापी शाखा, डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. पर्सा जिल्ला पटेर्वा सुगौली गा.वि.स. वा.नं. ३ (ख) साविक कि.नं.७६ बदर भई हाल कायम भएको किताहरुको हाल आवादी समितिको निर्णय कार्यान्वयन गर्दा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५।५।८ को निर्णय अनुसार। पर्सा जिल्ला पटेर्वा सुगौली गा.वि.स.वडा नं ३(ख) कि.नं.७६ को जग्गा मिति २०२८।१।२मा राधा गोपाल समेतका ६ जनाको नाममा दर्ता गर्ने निर्णय भई सोही निर्णयका आधारमा मालपोत कार्यालय पर्साबाट मिति २०६२।११।२१मा निजहरु मध्ये ५ जनालाई जग्गाधनी प्रमाणपत्र वितरण गरेको देखिएकोमा उक्त कि.नं.का जग्गाहरुमा निज निवेदकहरुले अविछिन्न भोग नगरेको र उक्त जग्गामा स्थानीय व्यक्तिहरुले घरवास समेत गरेको देखिदा शान्ता देवी सापकोटाको नाममा रहेको पटेर्वा सुगौली गा.वि.स.३ (ख) स्थित कि.नं.२६९, २७०, राधा गोपाल श्रेष्ठको नाममा ऐ.ऐ.गा.वि.स.को कि.नं. २७२ र २७३, चन्दनाथ जोशीको नाममा

रहेको २७८, २७९, तेजकृष्ण जोशीको नाममा रहेको कि.नं. २८१, २८२, ओमकृष्ण जोशीको नाममा रहेको कि.नं. २८६, २७५, २७६ र २८७ को जग्गा नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय पर्सा, नापी कार्यालय पर्सामा र पर्सा जिल्ला पटेर्वा सुगौली गा.वि.स.वडा नं. ३ (ख)को साविक कि.नं.७६बाट कित्ताकाट भई हाल १ नं.नापी गोश्वारा पुन नाप जांच गर्दा हाल आवादी समितिबाट निर्णय नै नभएका भोग समेत नगरेका शान्ता देवी भन्ने शान्ती खत्री समेतको नाममा कायम गरिएको वडा नं. ९, ग्रिडसिट नं. १०७(१३०२)३ , कि.नं.१७, १८, १९, २०, २१, २२, २३, २४, ४६, ४९, ५०, ५१, ५२, ५३, ५४, ५५, ६०, ६१, ६२, ६३, ६४, ६५, ६६, ६७, ६८, ६९, ७०, ७१, ७२, ८४, ८६, ८८, ९०, ९२, ९४, ३, ४, ५, २८, ग्रिड सिट नं. १०७(१३०२)३ को कि.न.७६, ८३, ९१, ९३, ९५, ग्रिड सिट नं. १०७(१३०२)४ को कि.न.७, ८, ९, १०, ११, २९, ३०, ३२, ग्रिड नं.१०७(१३०२)४ को कि.न.१५, १६, २१, २२, ३१, ३३, ३४, ३६, ग्रिड सिट नं. १०७(१३४२) कि.न.१३८, १४०, ग्रिड सिट नं. १०७(१३०२)४ को कि.न.१८, १९, २०, २४, २५, २६, २७, ३५, ३६, ग्रिड सिट नं. १०७(१३४२) कि.न.६७, १३९, १४१, ग्रिड सिट नं. १०७(१३४२) कि.न.७१, १४२, ग्रिड सिट नं. १७(१३४२) कि.न. ८, ९, १०, ११, २८, ४२, ४४, ४६ ग्रिड सिट नं. १०७(१३४२)२ कि.न.१६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४३, ४५, ४७, ४८, ५० र ५२ का जग्गाहरु नेपाल सरकारको नाममा कायम गर्न नापी गोश्वारा पर्सालाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. काठमाडौ जिल्ला मुलपानी गा.वि.स. वडा नं. ८ (ख)को करिव १७१ रोपनी जग्गा हदवन्दीमा कार्यान्वयन नगरी अनियमित तरिकाले दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५।९।२४ को निर्णय अनुसार भूमिसुधार कार्यालय काठमाण्डौं र मालपोत कार्यालय चावहिल बीच पत्राचारसम्म भएको तर भूमिसुधार कार्यालय काठमाडौंबाट छानविन भएको नदेखिएको हुंदा सक्कल मिसिल मालपोत कार्यालय चावहिलबाट प्राप्त गरी मेघ कुमारी उपाध्याय र भरतमणि आ.दि.को नाममा हदवन्दीमा छानवीन गरी टुंगो लगाई ३ महिना भित्र आयोगमा विवरण पठाउन भूमिसुधार कार्यालय, काठमाण्डौमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. पोखरा उ.म.न.पा.वा.नं.८ पृथ्वीचोक स्थीत कि.नं.१०४ को करिव ३२ रोपनी जग्गा तिव्वती शरणार्थी वाङ्गे लामाको नाममा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५।९।२८ को निर्णय अनुसार कि.नं.११५९४ क्षे.फ.६-९-२-० जग्गाधनी भृकुटी सुपर मार्केट कम्प्लेक्स प्रा.लि., कि.नं. ११५९५ क्षे.फ. १ ७-९-०-०, जग्गाधनी भृकुटी सुपर मार्केट कम्प्लेक्स प्रा.ली, र. कि.नं. ११५९६ क्षे.फ. ७-१०-२-२ जग्गा धनी श्रीमती डेकु लामाका जग्गाको दर्ता मालपोत ऐन २०३४को दफा ३२ (ख) र अन्य प्रचलीत कानूनका आधारमा बदर गरी नेपाल सरकारको नाममा कायम गरी दुष्परिणाम सच्याउन महानिर्देशक भूमिसुधार तथा व्यवस्था विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. झापा जिल्ला दमक नगरपालिका वा.नं. १३ भित्रका सार्वजनिक ऐलानी पर्ति जग्गा अनियमित तवरले सुकुम्वासीको नाममा दर्ता भएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५।७। १७ र

२०६५।९।७ को निर्णय अनुसार नापी अधिकृत विष्णुकुमार न्यौपानेलाइ विभागीय कारवाही गर्न र नापी गोश्वाराको जग्गा दर्ता सम्वन्धी काम कारबाहीलाई छानवीन गर्न एवं समस्याको पहिचान गरी आवश्यक निर्णय लिनका लागी भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखि पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. जनकपुरमा पर्ने तोताडी मठरानी पारी मठका गुठीका जग्गालाई नापीको समयमा मठका पुजारी चतुरभुज उपाध्यायले रैतान नम्बरी दर्ता गराई अनियमीतता गरे भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५। १२।११ को निर्णय अनुसार तोताडी मठरानी पाटीका जग्गाको रैतान नम्बरी तर्फको लगत कट्टा गरी साविकवमोजिम दर्ता गरी आयोगमा जानकारी पठाई दिनका लागी गुठी सस्थान केन्द्रीय कार्यालयमा लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. १५ स्वयम्भु ध्याङ्ग गुठीको लगतमा दर्ता भएका पुरातात्वीक महत्वका वस्तुहरु विक्री गरेको वा मासेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५। १२।४ को निर्णय अनुसार प्रस्तुत विषय प्राचीन तथा पुरातात्वीक सामानहरुको उचित संरक्षण भएको नभई गुठी संस्थान के.काबाट यस विषयमा छानविन गरी उक्त गुठीको गर गहना, भाडा वर्तन तथा प्राचीन तथा पुरातात्वीक सामान यथास्थानमा राखी दोषी उपर ३ महिनाभित्र कारबाही गरी आयोगलाई जानकारी गराउन गुठी संस्थान केन्द्रीय कार्यालयलाई लेखि पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. काठमाडौ जिल्ला सीतापाईला गा.वि.स. ९ (क) कि.नं.१२३ क्षेत्रफल ०-६-०-० जग्गालाई घुस खाई विक्री गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६५। १२।४ को निर्णय अनुसार का.जी.सीतापाईला गा.वि.स.९(क) कि.नं.१२३ क्षेत्रफल ०-६-०-० को दर्ता अप्रमाणितवाला व्यक्ति जसविर नगरकोटीको नामबाट गैर कानूनी रुपमा कृष्णमान नगरकोटीको नाममा दा.खा भई गई सकेको र निजवाट पनि हाल विभिन्न व्यक्तिहरुको नाममा गई सकेको देखिदा उक्त कि.नं. १२३ जना जति व्यक्तिहरुका नाममा गएता पनि उक्त दर्ता दुषित देखिएकोले का.जी.सीतापाईला ९(क) कि.नं.१२३ क्षेत्रफल ०-६-०-०को जग्गा सम्वन्धमा जाँचवुझ गरी जे गर्न उपयुक्त हुन्छ सो गर्न महानिर्देशक, भूमिसुधार तथा व्यवस्थापन विभागमा लेखि पठाएको र खरिदार रामचन्द्र पौडेललाइ विभागीय कार्वाही गर्न महानिर्देशक नापी विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. साविक का.जि.धापासि गाविस वडा नं.९(क) कित्ता नं.१३९को विरेन्द्रवाटिका भएको सार्वजनिक जग्गा सधियारले आ-आफ्नो नाममा दर्ता गराएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६६।१।१४ को निर्णय अनुसार साविक का.जि. धापासी गाविस वडा नं.९(क) कित्ता नं.१३९ को क्षेत्रफल १०-२-३-० हाल का.जि. धापासी गाविस वडा नं.९ सि.नं. १०२-०९४६-२२ कि.नं. १ क्षेत्रफल १०३६.७० वर्ग मिटर बाटो कि.नं. २ क्षेत्रफल ३५१९.०० पर्ति मन्दिर कि.नं. ११०६ क्षेत्रफल २२९.१० सार्वजनिक पर्ति वाहेक केहि जग्गा हाल कामनपा-३ को सार्वजनिक बाटोमा पर्ने

भन्ने ६ नं. नापी गोश्वाराबाट लेखी आएको भए पनि उपरोक्त बमोजिमको हाल कित्ता नं.२ क्षेत्रफल ३५१९ वर्ग मि. सार्वजनिक जग्गालाई नेपाल सरकारको नाममा दर्ता गर्न र बाटोको रुपमा दर्ता भएको अन्य बाँकि जग्गा बाटो नै कायम गरी नेपाल सरकारको नाममा कानूनि प्रक्रिया पूरा गरी तत्काल दर्ता गर्ने र सोको प्रमाण पूजा जिल्ला प्रशासन कार्यालय काठमाडौमा पठाई प्रतिलिपी आयोगमा समेत पठाउने र नापी नक्सामा समेत उक्त जग्गालाई सार्वजनिक जनिने संकेत राख्नका लागी मालपोत कार्यालय चावहिलमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. जगदम्वा कुमारी राणाको नाममा दर्ता भई हदवन्दीमा परेको सितापाईला गा.वि.स.८ कि.नं.१७४, १९३को जग्गा नेपाल सरकारको नाममा हुनु पर्नेमा व्यक्तिको नाममा दर्ता भएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६६।२।२० को निर्णय अनुसार हदवन्दीको जग्गा सम्वन्धमा भूमि सम्वन्धी ऐन २०२१ अनुसार छानविन गरी निर्णय गर्ने अधिकार भूमिसुधार कार्यालयमा निहित भएको देखिन आएको सन्दर्भमा मालपोत कार्यालय कलंकीबाट जग्गा दर्ता गरी आवश्यक कार्यान्वयनको लागी भूमीसुधार कार्यालय काठमाडौंमा पठाउनु पर्नेमा नपठाई जग्गा धनी पुर्जा समेत दिएको देखिएकोले यस सम्वन्धमा तत्काल कायम रहेको परिवार संख्या आदी सवै विषय वस्तुमा भूमि सम्वन्धी ऐन २०२१ वमोजिम आवश्यक कानूनी प्रकृया पुर्याई छानविन गरी ३ महिना भित्र टुंगो लगाउन भूमिसुधार कार्यालय काठमाण्डौंलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. का.म.न.पा भीमसेन गोलाको कि.नं.१९७को सार्वजनिक प्रति जग्गा आफ्नो नाममा दर्ता गराउन लागेकोले आवश्यक कार्वाही गरी पाउं भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६६।४।६ को निर्णय अनुसार का.जि.भिमसेनगोला वडा नं.१ ख.कि.नं.७३को जग्गा हाल का.म.न.पा वडा नं.१० सिटनं.१०२–११४७–०२ को हालको कि.नं.१७९, १८०, १६१, १६९, ३७१, १६३ को जग्गा भित्र व्यक्तिको जग्गामा घुसेको देखिदा साविक ७३ नं. कित्ता हालको कित्तामा घुसेको जति क्षेत्रफलको जग्गा सम्वन्धित व्यक्तिहरु समेत वुझि कानूनको रित पुर्‍याई नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय डिल्लीबजारलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. काठमाडौं जिल्ला का.म.न.पा वडा नं. २८ वांगेमुडास्थित धार्मिक महत्वको स्थानमण्डपको नामले प्रसिद्ध सार्वजनिक सतल भत्काई केशरी वदन समेतले का.म.न.पा. बाट नक्सा पास गराई घर निर्माण गर्न लागेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६६।३।२८ को निर्णय अनुसार काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं.२८ वांगेमुडा स्थित कि.नं. ९१६ क्षेत्रफल ०-२-०-३ जग्गा र सो मा बनेको स्थानमण्डप नामले प्रसिद्ध सार्वजनिक र पुरातात्विक महत्वको ऐतिहासिक सम्पदा केशरीवदन समेतका व्यक्तिको नाउमा भएको दर्ता कानूनसम्मत नदेखिदा मालपोत ऐन २०३४ को दफा २४ लगायतका प्रचलित कानूनको अधिनमा रही निर्णय गर्न मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(त्र) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. दोस्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६१।७।१० र २०६१।९।१४ को निर्णय अनुसार ईष्ट कन्सल्ट प्रा.लि.का ईं अनन्त बहादुर गुरुङलाई ऐन नियमानुसार गर्न नेपाल ईन्जिनियरिङ परिषद्लाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय, दोलखा समेतले नियम विपरित ल्याप्स, चेयर्स र वेष्ट वापतको रकम भुक्तानी गरेको भन्ने उजुरी सम्बन्धमा आयोगको मिति २०६२।१२।१८ को निर्णयानुसार अनियमित रुपमा रकम भुक्तानी दिने कर्मचारी उपर विभागीय कारवाही गरी आयोगमा जानकारी पठाउने र डिभिजन सडक कार्यालय, जनकपुरबाट रु.१३,७६२।६६ र डिभिजन सडक कार्यालय, हेटौडाबाट रु १,११,२७७।०६ असूलउपर गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. मापदण्ड विपरित नक्सा पास गराई भवन निर्माण गरको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६३।४।१७ को निर्णयानुसार काठमाडौ उपत्यका न.वि.स.ले लागू गरेको मापदण्ड २०५० विपरित का.म.न.पा.ले नक्शा पास गरी दिई घर धनीहरुले स्वीकृत मापदण्ड विपरित तथा पास भएको नक्शा भन्दा बढी संरचना समेत निर्माण गरेको देखिंदा न.वि.स.ऐन बमोजिम गर्नु पर्ने कार्यवाही गरी ३ महिना भित्र आयोगलाई जानकारी दिने भनी काठमाडौ उपत्यका न.वि.स.काठमाडौ लाई दिईएको निर्देशन र डिजाईनर-हरिभक्त गुरुङ र नरेशराज आचार्य,का.म.न.पा.का ईजाजत प्राप्त डिजाईनर भएको र दोश्रो पटक नक्सा पेश गर्दा मापदण्ड विपरित छ भन्ने थाहा हँदा हुँदै घर धनी तथा नगरपालीकाका कर्मचारीले भनेकै आधारमा नक्शा बनाएकोले निजहरुको व्यवसायिक आचारण उपयुक्त मान्न नसकिएकोले निजहरुलाई आवश्यक कार्यवाहिको लागी नेपाल ईन्जिनियरिङ परिषदमा लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. अरनिको राजमार्ग वरीपरी केही ठाउँमा सडक अतिक्रमण गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।११।१० को निर्णयानुसार मालपोत कार्यालयसँग लेखापढीको कार्यलाई प्राथमिकताका साथ अघि बढाउन सडक विभागमा लेखी पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. लम्जुङ्ग बेसी शहर सडक योजनामा निर्माण कार्य हुँदा करोडौँ रुपैया अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६४।७।१९ को निर्णयानुसार नेशनल कन्सट्रक्सन कम्पनी नेपालबाट रु.४,७१,७८२।१३ कालिका कन्सट्रक्सनबाट रु.४९,४०९।६७ असुल उपर गर्न सडक विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. नेपाल खानेपानी संस्थानमा प्रवन्धक लव कुमार थापाले अख्तियारको दुरुपयोग गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६४।९।९ को निर्णयानुसार खानेपानी संस्थानका तत्कालीन वरिष्ठ

सहायक दक्ष कुमार पोखरेललाई विभागीय कारबाही कायम रहेकै आवस्थामा मिति २०६३।९।१२ मा अपग्रेड गरी वढुवा गरिएको कार्य सोही विनियमावली २०४९ को विनियम १०(४) ख १ को (ग) विपरित बढुवा कायम रहन नसक्ने देखिँदा उल्लिखित विनियमावली अनुसार कानूनसम्मत निर्णय गर्न नेपाल खानेपानी संस्थानको संचालक समितिलाई निर्देशन दिएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. डिभिजन सडक कार्यालय बुटवल अन्तर्गत आ.व. ०६३।६४ भएको १८ वटा ठेक्का ३।३ वटा मात्र बोलपत्र दर्ता गराई भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६५।५।११ को निर्णयानुसार तत्कालिन डिभिजन प्रमुख दिनेशप्रकाश बस्नेत, सडक कार्यालय बुटवल, तत्कालिन क्षेत्रिय निर्देशक भोजबहादुर ढकाल, पश्चिमाञ्चल क्षेत्रियसडक निर्देशनालयलाई विभागीय कारवाही गर्ने सम्वन्धमा भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. सार्वजनिक बाटो जग्गा मिचेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६५। १।१० को निर्णयानुसार विष्णुमती किनारबाट मापदण्ड भन्दा कम सेट व्याक छोडी निर्माण गरिएका सबै घर संरचना प्रचलित कानूनको रीत पुर्याई भत्काई निर्धारीत मापदण्ड कायम राखी ३ महिना भित्र आयोगलाई जानकारी दिन काठमाडौँ उपत्यका न.वि.स.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. काठमाडौं जिल्ला गंगबु वडा नं. ४ ख कित्ता नं. ५६५ को जग्गा बढी भएकोले बढी जग्गा सार्वजनिक गराई पाउँ भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६५। ५।५ को निर्णयानुसार सडक डिभिजन कार्यालयले सडक मिचेको सन्दर्भमा कार्यान्वयन गर्न केवल पत्राचार मात्र गरेको साथै काठमाडौं उपत्यका नगरविकास योजना कार्यान्वयन समितिले भत्काउने तथा जरिवाना गर्ने गरी गरेको मिति २०५७।८।९ को निर्णय हालसम्म केवल जरिवाना मात्र असुल गरेको र अनियमित रुपमा सडक मिची बनाएको निर्माण कार्य भत्काउने तर्फ कार्यान्वयन गरेको नदेखिएको हुँदा उक्त निर्णय ३ (तीन) महिनाभित्र कार्यान्वयन गर्नका लागी काठमाडौं उपत्यका नगरविकास योजना तथा कार्यान्वयन समितिमा लेखि पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. सडक डिभिजन नं.८ जनकपुरवाट महोत्तरी जिल्लाको रातुपुल निर्माण गर्ने कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६५। १।२४ को निर्णयानुसार बद्रिनाथ झालाई विभागीय कारवाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ट) महालेखा नियन्त्रक कार्यालय अन्तर्गत

१. जिल्ला स्वास्थ कार्यालय रामेछापका प्रमुख तथा ले.पा.ले प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माण गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६५। १२।६ को निर्णयानुसार जिल्ला स्वास्थ्य कार्यालय, रामेछापका ले.पा. रामप्रसाद देवकोटालाई विभागीय कार्वाही गर्न म.ले.नि.का लाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. जिल्ला शिक्षा कार्यालय अछामका जि.शि.अ.र लेखापालले आ.व.०६१।६२ मा सवैको लागी शिक्षा कार्यक्रम संचालन गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६६।३।३१ को निर्णयानुसार लेखापाल रुद्रराज शर्मालाई विभागीय कार्वाही गर्न म.ले.नि.का लाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ठ) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत

१. नेपाल रेडक्रस सोसाइटीले रक्त संचार केन्द्रको लागि किट्स केमिकल खरिद गर्दा भ्रष्टाचार भयो भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६१।११।१४ र २०६२।५।१६ को निर्णयानुसार टेण्डर स्वीकृत प्रक्रियामा भएको अनियमितताबाट नेपाल रेडक्रश सोसाइटीलाई नोक्सान पर्न गएको रु १९,१७,५००। का सम्बन्धमा नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यसमितिको वैठकमा पेश गरी केन्द्रिय कार्यसमितिबाट भएको जानकारी ३ महिना भित्र आयोगमा पठाउन मन्त्रिपरिषद् तथा नेपाल रेडक्रस सोसाइटी र यस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी संघसंस्थालाई आर्थिक अनुशासनमा बाँधी नियमन गर्ने कुनै निकाय भए आयोगलाई जानकारी दिने, नभए शिघ्र कानूनी व्यवस्था गर्न अध्यक्ष नेपाल रेडक्रस सोसाइटीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. समाज कल्याण परिषदमा विभिन्न अनियमितता भएको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६१। १।१० को निर्णयानुसार नियममा स्पष्ट नभएको कार्यरत सेवा भन्दा अलग्गै सेवाको पदमा वढुवाको लागि उम्मेदवार बनाउने कार्य कानूनसंमत नदेखिएकोले नियममा व्यवस्था गरेर मात्र कार्यान्वयन गर्न, कुनै पदका लागि निर्धारण गरिने न्यूनतम शैक्षिक योग्यता नियमावलीमा व्यवस्था गरि तोक्न, रिक्त पद मध्ये खुला वा बढुवावाट के कती पद कति कति अवधिमा पूर्ति गर्ने भन्ने पारदर्शि रुपमा नियममा व्यवस्था गर्न, नगद सहायता रकम वितरण गर्दा स्पष्ट र पारदर्शिको आधार निर्माण गर्न, निष्पक्ष रुपमा वितरण गर्ने व्यवस्था मिलाउन, कोषका पदाधिकारीलाई उपलव्ध गराउने सुविधाको हकमा प्रचलित कानून बमोजिम पाउने भएमात्र कानूनले तोकेको सुविधा उपलव्ध गराउने अन्यथा त्यस्तो रकम उपलब्ध नगर्ने व्यवस्था गर्न समाज कल्याण परिषदलाई सुझाव लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको र समाज कल्याण परिषद कार्य संचालन समितीको मिति २०६४।११।१० को निर्णय तथा मिति २०६४।११।१२ को सम्झौता अनुसार घर भाडामा ७५% छुट दिने गरि भएको सम्झौता रद्द गरि घर जग्गा भाडामा लगाउनु पर्दा विद्यमान

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुकुल हुने गरि व्यवस्था मिलाउन लेखि पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ड) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत

१. खोटाङ्ग जिल्ला खार्मी गा.वि.स. मा पर्ने सामुदायिक वन अवैध रुपमा कटान गरी भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६२/७/२४ को निर्णयानुसार खिसापत्रे सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीवाट वरावरीका हिसावले हिनामिना भएको रु.२,०९,२८०।- असूलउपर गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत शाही शुक्लाफाँटा वन्यजन्तु आरक्ष क्षेत्र भित्र व्यवसाय संचालन गरे वापत एक ठेकेदारसँग रु. ३,९९,०००। तीन किस्तामा वुझाउने गरी सम्झौता भएकोमा पहिलो किस्ता वुझाएको र दुई किस्ता वापतको रु. २,६६,०००। र वार्षिक २० प्रतिशतले हुने जरिवानासमेत रु. ३,१९,०००। असूल हुनुपर्ने भन्ने म.ले.प. विभागको वार्षिक प्रतिवेदन २०६१ अनुसार असूली सम्वन्धमा आयोगको मिति २०६२/११/२२ को निर्णयानुसार शाही शुक्ला फाट आरक्ष अन्तर्गत पर्यटन व्यवसाय संचालन गर्ने साइलेन्ट सफारी प्रा.लि. का प्रो. हिक्मतवहादुर विष्टवाट असूलउपर गर्नुपर्ने आ.व. २०५९/६० सम्मको जम्मा रु. ७, ८०, ०४१।८५ सरकारी वाँकी सरह असूलउपर गर्न केन्द्रीय तहसिल कार्यालयमा २०६२/१०/१९ मा शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षले लेखी पठाएकोमा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्ने कार्य वाँकी रहेकोले उक्त प्रा.लि.बाट असूलउपर गर्नुपर्ने रकम प्रचलित कानूनवमोजिम लगत कस्न लगाउने कार्य सम्पन्न गरी उक्त प्रा.लि. ले करारनामाको उल्लघंन गरेकोमा सम्झौता वमोजिम गर्नुपर्ने कार्यान्वयन समेत तीन महिनाभित्र टुंगो लगाई आयोगमा जानकारी गराउन वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. तातोपानीनाकाबाट भन्सार कर्मचारीको मिलेमतोमा जडिबुटी तस्करी गरी राजश्व छलेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६४।२।२१ को निर्णयानुसार रक्त चन्दन पक्रिएको /भेटिएको केशमा सबैलाई एकै प्रकारको कारबाही हुनुपर्दछ । रक्त चन्दन तस्करी गर्दा जुन जुन केशमा जो जो सम्लग्न छन् ती सबैलाई त्यहाँबाट कारबाही गरी आयोगलाई जानकारी दिन वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. बाँके जिल्लाको वैजापूरमा वन कार्यालयको कर्मचारी समेतको मिलिमतोमा करिव ४० करोड मूल्य वरावरको साल सिसौं खयर आदि रुखहरु काटी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६४।३।११ को निर्णयानुसार वन ऐन २०४९ र वन नियमावली २०५१ विपरित गई संकलन भएको उल्लिखित वन पैदावरहरु प्रति दिन सडीगली जाने विद्यमान अवस्था रहेकाले

वन विभागको माग बमोजिम प्रचलित वन ऐन नियम बमोजिम लिलाम गर्न महानिर्देशक वन विभागमा लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. वाण गंगा सिंचाई आयोजना समेतमा अनधिकृत ठेक्का पट्टा गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा आयोगको मिति २०६५।९।६ को निर्णयानुसार जगदिशपुर जलाशय सिमसार क्षेत्रको व्यवस्थापन र संरक्षण कार्य कुनै पनि निकायबाट भए गरेको नदेखिएकाले उक्त क्षेत्रको व्यवस्थापन र संरक्षण एवं प्रवर्द्धन कार्य गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. चितवन राष्ट्रिय निकुन्जका कर्मचारीहरुले एक सिङ्गो गैडाको खाग विकी गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा आयोगको मिति २०६५। १२।२५ को निर्णयानुसार का.मु.संरक्षण अधिकृत (हाल सहायक वातावरण अधिकृत) कमलगंज कुंवर र सहायक संरक्षण अधिकृत अणनाथ वरालसमेतलाई विभागीय कारबाही गर्नका लागी वन तथा भू-संरक्षण मन्त्रालयलाइ लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. बर्दिया राष्ट्रिय निकुन्ज क्षेत्रमा दर्ता नभई सामुदायिक स्वास्थ्य सेवा संचालन गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा आयोगको मिति २०६५।१२।१८ को निर्णयानुसार निकुन्ज सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा लेखा सम्वन्धी कर्मचारीको व्यवस्था गर्न र निकुन्ज सामुदायिक स्वास्थ्य सेवा केन्द्रं ठाकुरद्वार बर्दियालाई कानून बमोजिम दर्ता गर्न राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागमा लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. जिल्ला कपिलवस्तु धनकोली स्थित सरस्वती सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरुले मनोमानी किसिमवाट रुख कटान गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा आयोगको मिति २०६६।२।२६ को निर्णयानुसार वढी परिमाणमा संकलित सालको काठ मध्य सार्वजनिक विद्यालय मदरसालाई वितरीत काठका सम्बन्धमा उक्त वन (सरस्वती सामुदायीक वन) उपभोक्ता समितिवाट आगामी वर्षमा संकलन सहमति माग भएका वखत उक्त परिमाण समायोजन गर्न लगाउने, घाटगद्दीमा मौज्जात रहेको १२९.३३ क्यू फीट काठ वन ऐन नियममा भएको व्यवस्था अनुसार जिल्ला वन कार्यालय कपिलवस्तुले जफत गरी कानून वमोजिम लिलामको व्यवस्था गर्ने, जिल्ला वन कार्यालयवाट स्वीकृत संकलन सहमति भन्दा वढी परिमाणमा संकलन गरी लिलाम कागजातको आधारमा लिलाम गरेको देखिएकोले १६२.२२ क्यू.फी. काठ वरावरको राजस्व रकम उक्त सामुदायीक वन उपभोक्ता समितिवाट नेपाल सरकारको राजस्व खातामा दाखिला गर्ने र हाल भै रहेको सामुदायीक वन विकास कार्यक्रमको मार्गदर्शनमा भएको व्यवस्थाको अतिरिक्त सामुदायिका वनको वन पैदावार संकलन तथा वितरण प्रणालीलाइ प्रभावकारी, विश्वसनिय एवं पारदर्शि वनाइ विद्यमान विसंगतीलाइ हटाउन हाल राष्ट्रिय वनको हकमा लागु भै रहेको प्रकृतिको सामुदायिक वनको वन पैदावार संकलन वितरण निर्देशिका तयार गरी लागु गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ढ) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत

तत्कालिन भूमिसुधार कार्यालय बाराका भू.सु अधिकारी सानुकाजी देसार (हाल वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयमा कार्यरत) समेतले भोगचलनमा रहदै आएको जग्गा अनियमित तरिकाले बाँडफाँड गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।८।२७ को निर्णय अनुसार निजलाई विभागीय कारबाही गर्न वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयलाई लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ण) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. प्राथमिक स्वास्थ्य केन्द्र गौडा लमजुङका ल्या.अ.सुमन कुमार साहले दोहोरो हाजिर गरी ल्याव टेक्नीसियन कोर्ष अध्ययन गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६३।६।२९ को निर्णयानुसार जन स्वास्थ्य निरिक्षक चेत बहादुर अधिकारीलाई विभागीय कारवाही गर्न स्वास्थ्य सेवा विभागमा लेखी पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. निरोगीताको प्रमाणपत्रमा बुँदाहरु नभरी खाली चिकित्सकको दस्तखत गरी छोडेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६३।८।१९ को निर्णयानुसार वरिष्ठ कविराज मुरली मनोहर रौनियार (महाकाली अञ्चल आयुर्वेद औषधालय) विभागीय कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. गौशला, महोत्तरीको हाटबजार सन्चालन गर्नेले बुझाउनु पर्ने बाँकी रकम करिव रु १० लाख गा.वि.स.सचिवले मिन्हा दिएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६४।७।१४ को निर्णयानुसार प्राथमिक स्वास्थ्य केन्द्र चाल्नाखेलका डा. इश्वर प्रसाद उपाध्यायको २ तलव वृद्दि रोक्काको विभागिय कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. चितवन जिल्ला जुटपानी स्थित स्वास्थ्य चौकीमा कार्यारत डा. भोजराज अधिकारीले विभागीय स्वीकृति नलिई प्राइभेट अस्पतालमा करार सेवामा प्रचलित ऐन नियम विपरित काम काज गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।४।१५ को निर्णयानुसार डा.भोजराज अधिकारी (स्वास्थ्य चौकी जुटपानी, चितवन)लाई विभागिय कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. स्वास्थ्य सेवा विभागले हेल्थसेक्टर रिफर्म प्रोजेक्ट अर्न्तगत विभिन्न उपकरण खरिदको टेण्डरमा अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।७।२२ को निर्णयानुसार हालसम्म अनुभवबाट देशभरका सरकारी स्वास्थ्य निकायहरूमा प्रयोग भएका र प्रयोग हुन सक्ने

सम्भावित स्वास्थ्य यन्त्र उपकरणको सूची तयार गर्न, यसरी सूचिकृत भएका विभिन्न यन्त्र तथा उपकरणहरूको स्टान्डर्ड स्पेसिफिकेशन बनाउन विशेषज्ञहरूको कार्यदल गठन गर्न, स्टान्डर स्पेसिफिकेशन कार्यदल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संयोजकत्वमा त्रि.वि.शिक्षण अस्पत्ताल, निजी अस्पताल, सैनिक अस्पत्ताल वा अन्य सरकारी अस्पतालले (आबश्यकतानुसार) यस कार्यमा दखल भएका बाह्य विशेषज्ञ तथा अन्य सरोकारवालाहरूलाई समावेश गरी गठन गर्न, उक्त कार्यदलबाट ६ महिनाभित्र स्टान्र्डड स्पेसिफिकेशन तयार गराई नेपाल सरकारबाट स्वीकृत गरी गराई, देशभरका सबै सरकारी स्वास्थ्य निकायहरूमा लागू गर्न, स्वास्थ्य उपकरणहरू खरिद गर्दा जनशक्ति स्पेयरपार्टको उपलब्धता सामानको गुणस्तर, सामानको आवश्यकता र उपयोगिता एवं अन्य प्राविधिक र आर्थिक पक्षहरू समेतलाई मध्यनजर राखी वार्षिक खरिद योजना बनाइ मात्र गर्न, सार्वजनिक स्वास्थ्यका लागि आबश्यक पर्ने औषधि खरिदको दररेटमा कार्यालय पिच्छे विभिन्नता पाइरहेको सन्दर्भमा मूल्यमा एकरुपता ल्याउन देशभरिका सबै सरकारी स्वास्थ्य निकायहरूलाई लागू हुनेगरी आवश्यक सबै प्रकारका औषधीहरूको बेसलाईन Price (ढुवानी बाहेक) प्रत्येक आर्थिक वर्षको भाद्र मसान्तसम्म निर्धारण गरी सोही बमोजिम मात्र खरिद गर्न मातहतका निकायलाई परिपत्र गर्न, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत संचालित नेपाल सरकार तथा विभिन्न मित्र राष्ट्र तथा बहुपक्षीय दात्री संस्थाहरूको सहयोगमा सञ्चालित निकाय तथा प्रोजेक्टहरूबाट प्रचलित आर्थिक ऐन नियमको पालना नगरी खर्च गर्ने गरिएको देखिएकोले आइन्दा नेपाल सरकारको प्रचलित सार्वजनिक खरिद ऐनको कडाइका साथ पालना गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अर्न्तगत ९०० जना सिअहेब मध्ये १५ जनालाई अनियमित तरिकाले पदस्थापन गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।९।२ को निर्णयानुसार मन्त्री स्तरीय निर्णय अनुसार व्यक्तिगत निवेदनका आधारमा गरिएको १४ सि.अ.हे.ब.को पदस्थापन कानूनसम्मत नदेखिएको र यसबाट सँगै स्तरवृद्धि भएका सि.अहेबको पदस्थापन हुने हक कुण्ठित भएको हुँदा पदस्थापन सम्बन्धी मिति २०६५।४।७ को उक्त निर्णय वदर गरी सि.अहेब लगायत पदस्थापन हुन बाँकी रहेका सबै कर्मचारीका लागि स्पष्ट आधार सहितको नीति नियम बनाई लागु गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. स्याङ्गजा जिल्ला अस्पतालको भवन निर्माणमा अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।९।६ को निर्णयानुसार भवन विभागको टोलीले स्थलगत निरिक्षण गरी पेश गरेको प्रतिवेदनमा भवन निर्माणमा प्रयोग भएका Material को गुणस्तर नभएको तथा concreting गर्दा आवश्यक विधि पूरा नगरेको Poor supervision, carelessness आदि समेतका कारणले भवनमा पर्याप्त Crack हरु आएको हुन सक्ने जस्ता कुराहरु उल्लेख गरिएको हुँदा अस्पताल जस्तो अति आवश्यक तथा संवेदनशीन स्थानमा विशेष ध्यान पुर्‍याउनु पर्ने देखिएकोले प्राविधिक टोली खटाई यस तर्फ आवश्यक मर्मत संभार गर्ने व्यवस्था गर्न सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. तत्कालिन जिल्ला स्वास्थ्य कार्यालय वांकेका अ.हे.व. हंशराज भण्डारीले वैंकमा रहेको खाताबाट कीर्ते दस्तखत गरी अनियमित तरिकाले रकम झिकी हिनामिना गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।९।२७ को निर्णयानुसार तत्कालिन अ.हे.व. हंसराज भण्डारी जिल्ला स्वास्थ्य कार्यालय, वाँकेलाई सचेत गराउन स्वास्थ्य सेवा विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान मेडिकल डाक्टर, स्टाफनर्स, अनमी लगायतको करार पदपूर्तिमा व्यापक अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।९।९ को निर्णयानुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानबाट लिइएको स्टाफ नर्सको पदपूर्तिको लिखित परीक्षामा केहीलाई अस्वाभाविक अंक दिई उत्तीर्ण गराएको अवस्था देखिन आएको हुंदा अव आयन्दा प्रतिष्ठानको पदपूर्ति गर्दा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३ को दफा १३ अनुसार ३ महिना भित्र सेवा आयोग गठन गरेर मात्र पदपूर्ति गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानबाट प्राध्यापक पदमा पदपूर्ति गर्दा अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।९।९ को निर्णयानुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३ को दफा १३ अनुसार ३ महिना भित्र सेवा आयोग गठन गरी पदपूर्ति गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. यातायात व्यवस्था कार्यालय वाग्मती ललितपुरका कर्मचारीले घुस रिसवत लिई लाईसेन्स बनाई दिने गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।४।१९ को निर्णयानुसार विर अस्पतालका मेडिकल अधिकृत दिपकमान कर्माचार्यले स्वास्थ्य परीक्षण सम्बन्धी खाली फारममा सही गरी अनुचित कार्य गरेकोले निजलाई आवश्यक कारवाही गर्न नेपाल मेडिकल काउन्सिललाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जापानको तालिममा मनोनयन गर्दा अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।१०।१३ को निर्णयानुसार जापान सरकारबाट Prevention and Control MEASURE OF HIV AIDS(B) विषयक तालिममा शुक्रराज टपिकल तथा सरुवा रोग अस्पतालमा कार्यरत योग्यता पुगेका सम्भाव्य उम्मेद्वारहरुवाट स्वास्थ्य सेवा ऐन २०५३ को दफा ३२ ख अनुसारको पक्रीया पुरा गरि मनोनयन गर्न सचिव स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. एच्.आई.भी. रोकथामको लागी प्राप्त रकम हिनामिना गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।१०।२० को निर्णयानुसार निर्देशक डा.पदम बहादुर चन्द र ले.पा.खडग बहादुर

बमजनलाई विभागीय कारबाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. प्राथमिक स्थास्थ्य केन्द्र चतराका जनस्वास्थ्य निरिक्षक शिवदयाल महतोले नियम विपरित विदा स्वीकृत नगराई गैर सरकारी संस्थामा काम गरि रहेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।१०।१९ को निर्णयानुसार क्षेत्रिय निर्देशक डा.महानन्द मिश्र, धनकुटा र जनस्वास्थ्य निर्देशन शिव दयाल महतोलाई विभागीय कारवाही गर्न र अनुचित तवरले स्वीकृत भएको मिति २०६२।९।१३ देखि २०६३।६।२८ सम्मको ज.स्वा.निरीक्षक शिव दयाल महतोको असाधारण विदा वदर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुले उपकरण तथा विभिन्न केमिकल खरिद गर्दा अनियमिताता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।४।५ को निर्णयानुसार यन्त्र उपकरण (आवश्यक पर्ने) को स्पेसिफीकेशनमा एकरुपमा ल्याउन एउटा स्पेसिफीकेशन निर्माण समिति वनाई सोको सिफारिस अनुसार एस.टि.डि स्पेसिफीकेशन तयार गरी सोही अनुसार खरिद प्रकृया अघि वढाउने । यस्तो स्पेसिफीकेशन वनेपछि ४ वर्षमा एकपटक पुनरावलोकन गरी स्पेसिफीकेशन परिमार्जित गर्ने । वर्षै पिच्छे स्पेसिफीकेशन वनाउने प्रकृया अन्त्य गर्ने, दातृ संघ संस्थाहरुबाट सहयोग स्वरुप प्राप्त हुने मालसामानहरु मूख्य जिन्सीखातामा दाखिल गरी छुट्टै सहायक खाता वनाउने, प्रयोग अवधि नाघिसकेको केमिकल र म्याद समाप्त नहुने पुराना म्यानुअल मेथडका केमिकलहरु आवश्यक प्रकृया पुरा गरी अविलम्व नष्ट गर्ने, प्रयोगशालाले खरिद गरेको मालसामान अन्य कार्यालयलाई हस्तान्तरण गरी पठाउंदा अन्य विवरण वाहेक सामानको स्पेसिफीकेशन, खरिद मिति, परलमूल्य समेत खुलाई पठाउने व्यवस्था मिलाउन राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. कोशी अञ्चल अस्पतालले पोषण वार्ड निर्माण गराउदा आर्थिक ऐन विपरित अनियमित कार्य भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।४।१५ को निर्णयानुसार अव उप्रान्त पेश्की निकाशा सम्वन्धि प्रावधानको अनिवार्य पालन गर्न गराउन एवं बाँकी रकम एक महिना भित्र पेश्की फछर्यौट गर्ने गराउने सम्बन्धमा कोशी अञ्चल अस्पतालमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. जिल्ला स्वास्थ्य कार्यालय सर्लाहीमा औषधी खरिद गर्दा अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।१२।११ को निर्णयानुसार औषधी खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ को प्रकृया पुरा गराई वार्षिक खरिद योजना बनाई खरिद गर्न, लागत अनुमान तयार गरी वोलपत्र आह्वान गर्न समेत सम्बन्धित निकायमा निर्देशन दिई सो बमोजिम पालना गर्न गराउन स्वास्थ सेवा विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. जिल्ला स्वास्थ कार्यालय रामेछापका प्रमुख तथा ले.पा.ले प्राथमिक स्वास्थ्य केन्द्रको भवन निर्माण गर्दा अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।१२।६ को निर्णयानुसार डा.अव्दुल रहमान प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, रामेछापलाई विभागिय कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा कार्यरत डा.त्रिभुवनप्र.राजभण्डारीले योग्यता नै नभई प्रथम श्रेणी प्याथोलोष्जीट पदमा नियुक्ति भई अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।१२।१२ को निर्णयानुसार अव उप्रान्त हुने गरिने वढुवामा नियममा तोकेको शैक्षिक योग्यता पुगेको उम्मेदवारको मात्र दरखास्त स्वीकार गर्न र आवश्यक परे स्वास्थ्य सेवा नियमावली २०५५ मा संशोधन गरी मात्र गर्न गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. नेपाल नर्सिङ्ग परिषदको अध्यक्ष दयालक्ष्मी वैद्य तथा रजिष्टार मन कुमारी राईले अफिसको गाडी प्रयोग गरी ट्याक्सी भाडा लिने र घुस दिने मान्छेको नरसिङ्ग कलेजलाई संचालन अनुमति दिएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।१२।२३ को निर्णयानुसार परिषदको कार्यालय खासै टाढा नरहेको अवस्थामा ट्याक्सी भाडा मनासिव माफिकको नदेखिएकोले सदस्यको बसोवासको अवस्था विचार गरी मनासिव माफिकको ट्याक्सी भाडा तोक्ने, अध्यक्ष दयालक्ष्मी वैद्यले २०६४।१०।१३देखि र रजिष्टार मन कुमारी राईले मिति २०६५।९।२१ देखि लिएको ट्याक्सी भाडा असुल उपर गर्ने । आइन्दा दुवैले वैठक भएका दिन एकै साथ ट्याक्सी भाडा पनि लिने र अफिसको गाडी पनि प्रयोग गर्ने कार्य तुरुन्तै रोक्ने, एसियन कलेज अफ एडभान्स स्टडिजले वी.एस.सी. नरसिङ्ग कार्यक्रमको लागी नरविक अस्पतालसंग क्लीनिकल प्राक्टीकलको लागी सम्झौता गरी परिषदमा पेश गरेको अवस्थामा स्थलगत निरिक्षण नै नगरी सिधै मिति २०६५।८।४को वैठक तथा मिति ०६५।८।८को गोरखापत्रको सूचना मार्फत उक्त कलेजमा भर्ना नगर्न सूचना प्रकाशित भएको । उक्त नर्भिक अस्पतालको निरिक्षण गरी क्लीनिकल प्राक्टीसको मापदण्ड पुगेमा उक्त एसियन कलेज अफ एडभान्स स्टडिजलाई मिति २०६५।८।४को निर्णय तथा ०६५।८।८को गोरखापत्रमा प्रकाशित सूचनाको लिष्टबाट हटाउने, निर्धारित मापदण्ड अनुसारको स्थलगत निरीक्षण फारमहरुको निर्माण गरी निरीक्षण प्रतिवेदनहरुमा एकरुपता ल्याउन नेपाल नरसिङ्ग परिषदमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. जलेश्वर अस्पताल विकास समितिले घर भाडा दिंदा अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६६।१।४ को निर्णयानुसार आ.व. २०६६/६७ देखि प्रतिस्पर्धा गराएर मात्र सटर भाडामा दिन जलेश्वर अस्पताल विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२२. स्वास्थ्य सेवा विभागले नियम विपरित लामो अवधिसम्म कर्मचारी काजमा राखी अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।८।३० को निर्णयानुसार औलो तथा

ईन्सेफ्लाईट्सका वारेमा दैनिक अध्ययन तथा अनुसन्धान गर्नु पर्ने जनशक्तिलाई हेटौडामा श्रोत साधनको अभाव भएको भन्ने लामो समयसम्म केन्द्रमा काजमा राख्ने प्रवृति कानूनसम्मत भएको नदेखिँदा भविष्यमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पुन संरचना पारित भए सोहि बमोजिम हुने गरि हाल उक्त टिमका ७ जना कर्मचारीलाई आफ्नो पदाधिकार भएको क्षेत्रिय स्वास्थ्य निर्देशनालय हेटौडामा १५ दिन भित्र काज फिर्ता गरी सोको जानकारी आयोगमा पठाउन स्वास्थ्य सेवा विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२३. जिल्ला जनस्वास्थ्य कार्यालय रामेछापमा औषधि खरिद गर्दा अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६६।१।६ को निर्णयानुसार सुपरभाईजर भैरव थापाबाट रु. ३०,०००।- असुल उपर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२४. शुक्राज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुले पद पूर्ति गर्दा अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।११।२० को निर्णयानुसार कुन पदका लागि कति दस्तुर तिरि फाराम भर्नु पर्ने हो र म्याद सकिए पछि ७ दिन भित्र डवल दस्तुर तिरि फाराम भर्न सकिने कुरा समेत छुट भएको देखिंदा उल्लिखित पदहरुको पदपुर्तिको लागि १५ दिने सूचना पुनः गोरखापत्र र कान्तिपुर लगायतका प्रमुख दैनिक पत्रिकाहरुमा प्रकाशित गरि प्रतिष्पर्धात्मक रुपमा नियमानुसार दक्ष कर्मचारी छनौट गर्न शुकराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२५. जनकपुर नर्सिङ क्याम्पसले स्टाफ नर्स भर्ना प्रक्रियामा दलित जनजातिका लागि छुट्याइएको तीन सिटमा वैकल्पिक उम्मेद्वारलाई मौका नदिइ कट अफ प्वाइन्टमा पनि क्रमानुसार नगरी अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६६।२।७ को निर्णयानुसार उप्रान्त स्टाफ नर्स अध्ययनको लागि कुनै कारणले सिट रिक्त हुन गएमा वैकल्पिक वा कट अफ प्वाइन्ट उम्मेदवार सुचीवाट छनौट गर्दा राष्ट्रिय स्तरको पत्रिकामा न्यूनतम ७ दिने सुचना प्रकाशन गर्ने व्यवस्था मिलाउन जनकपुर नर्सिङ. क्याम्पसमा र जनकपुर नर्सिङ. क्याम्पसको प्रिन्सीपल पदमा निमित्त भई सहायकस्तरको कर्मचारीवाट सञ्चालन भएको देखिदा अधिकृतस्तरको कर्मचारी एक महिना भित्र खटाई पठाउन स्वास्थ्य सेवा विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२६. भेरी अन्चल अस्पताल विकास समितिले नेपालको अन्तरिम संविधानको भावना विपरित पदहरु पूर्ती गरी अनियमितता गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६६।२।१४ को निर्णयानुसार समितिले पदपूर्ती गर्न सूचना प्रकाशित गर्दा विज्ञापन समावेशीरुपमा ननिकालेको, खुला प्रतियोगिताबाट पदपूर्ती गर्ने सूचनामा परिक्षाको किसिम लिखित समेत हुनु पर्नेमा सो नभएको तथा वान्छनिय योग्यता राखेर पुर्ण प्रतिस्पर्धामा रोक लगाइएको जस्ता प्रकृयागत त्रुटीहरु देखिएकोले उक्त विज्ञापन वदर गरी नेपालको अन्तरिम संविधान २०६३ को धारा १२६(६) अनुसार गर्न भेरी अञ्चल अस्पताल विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२७. स्वास्थ्यमन्त्री, राज्यमन्त्री तथा सचिव जस्ता जिम्मेवार पदाधिकारीहरुले प्रचलित स्वास्थ्य ऐन नियमावली विपरित लामो समय कार्यालयमा अनुपस्थित कर्मचारीलाई हाजिर गराई वा अनियमितता गराएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६६।३।१५ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य सेवा विभाग सम्मिलित एउटा कार्यदल बनाई विभागीय सजाय सम्बन्धी सिफारिस भई आएका फायलहरु असाधारण विदा माग भई आएका फायलहरुमा एउटा निश्चित अवधि तोकि छिनोफानो गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२८. चीन लगायत विभिन्न देशका मेडिकल कलेजमा एम.वि.वि.एस. र वि.डि.एस. अध्ययन पुरा गरी फर्केका विद्यार्थीहरुलाई अनुमति पत्र दिदा अनियमितता भएको भन्ने उजुरीको सम्वन्धमा आयोगको मिति २०६५।७।२२ को निर्णयानुसार मित्रराष्ट्र चीन रुस र फिलिपिन्समा आफ्नो खर्चमा अध्ययन गर्न जाने विद्यार्थीहरुलाई भाषाको कारणबाट हुने समस्या र ठूलो परिमाणमा खर्च व्यहोर्नु पर्ने अवस्था देखिएकोले ती तीन देशमा मेडिकल विषयमा अध्ययन गर्न जाने विद्यार्थीहरुलाई मात्र नेपालमा आई प्रि इन्टेनशीप र इन्टेनशीप गर्न पाउने कानूनी व्यवस्था गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(त) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. दोस्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने उजुरीका विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६१/७/१० को निर्णयबाट सो आयोजनामा संलग्न अनक कन्स्ट्रक्सनबाट रु १५,२८,८००।- र सन्तोषी टि.एस.जि. जेभीबाट रु.१७,४२,००१।९२ असूलउपर गर्न पोखरा उपमहानगरपालिकालाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. काठमाडौं म.न.पा.ले गरेका विकास निर्माण र खरिदमा भ्रष्टाचार भएका भन्ने विषयमा आयोगको मिति २०६०।१०।२ को निर्णयानुसार लेखापरीक्षणबाट कायम भएको बेरुजु फछ्यौंट गर्ने गराउने दायित्व निकासा दिने अधिकारीको भएको हुँदा २०६१ असार मसान्तभित्र फछ्यौंट गर्न का.म.न.पा.मा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. ई सुरेशहर्ष बज्राचार्यले एकै समयमा अध्ययन र कार्यालयमा काम गरेको भन्ने विषयमा आयोगको मिति २०६३।५।५ को निर्णयानुसार इन्जिनियर सुरेशहर्ष वज्राचार्यले कार्यालय समयमा अध्ययन गरेको अवधिमा निजले पाएको तलव भत्ता निजवाट असुल उपर गरी नगरपालिकामा जम्मा गर्न र निजले दिवा समयमा अध्ययन गरेको अवधि असाधारण विदामा कायम गर्न का.म.न.पा.मा निर्देशन दिईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. का.म.न.पा.का वार्ड नं.८ का तत्कालीन अध्यक्ष हंसराज कर्माचार्यले नियम विपरित दुई स्थानमा कार्यरत रही दोहोरो सुविधा लिएको भन्ने विषयमा आयोगको मिति २०६४।५।१३ को निर्णयानुसार तन्कालीन वार्ड नं.८ का अध्यक्ष हंसराज कर्माचार्यले लिएको मोवाइल सेट खरिद पेश्कि रु.१५,०००।-र परिवहन पेश्कि रु.१५,०००।-समेत जम्मा रु.३०,०००।- फछ्र्यौट भएको नदेखिएकोले उक्त पेश्कि रकम यथाशिघ्र फछ्र्यौट गरि आयोगलाई जानकारी दिन का.म.न.पा. मा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. जाजरकोट खलंगा रेन्जपोष्ट भवन निर्माण मर्मत कार्य केही नगरी सोझै विल भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगको मिति २०६४।६।२९ को निर्णयानुसार सव-इञ्जिनियर प्रवीण कार्कीलाई विभागीय कारबाही गर्न र ठेकेदार हरिजंग शाहबाट रु ८०,४२३।९६ रकम ६ महिना भित्र असुलउपर नभए दामासाहीबाट जि.व.अ. शिव सापकोटा र सव ई. प्रवीण कार्कीलाई विभागीय कारबाही गर्न स्थानीय विकास मंत्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. बखुण्डोलमा ढल निर्माण गर्दा र ज्वगल कच्ची बाटोमा ईटा छाप्दा तत्कालीन वडा अध्यक्ष राजिव जोशीले रु ५४,०००।- पेश्की लिई काम नै नगरी पैसा हिनामिना गरेको भन्ने विषयमा आयोगको मिति २०६४।५।१७ को निर्णयानुसार यस्ता प्रकृतिका विभिन्न विकास निर्माण एर्व सार्वजनिक कार्य सम्पादन गर्न त्यस्ता स्थानीय निकायबाट थुप्रै व्यक्ति एवं संस्थाहरूले रकम बुझीलिई कार्य सम्पादन नगरी ठूलो मात्रामा सरकारी रकम हिनामिना एवं दुरुपयोग गरेको भन्ने उजुरी एवं सूचना आयोगमा प्राप्त भएकोले सो विषयमा उक्त निकायबाट रकम असुलउपर गर्न के कस्तो काम कारबाहीहरू अगाडि बढाइएका छन् भन्ने कुराको जानकारी माग गर्ने एवं त्यस्ता दुरुपयोग वा हिनामिना भएका रकम असुलउपर गर्न तर्फ अविलम्ब कारबाही अगाडी बढाउन तथा भविष्यमा सरकारी रकम दुरुपयोग हुन नदिन आवश्यक कारबाही एवं अनुगमन कार्यलाई प्रभावकारी बनाउने एवं स्थानीय विकास मन्त्रालय अन्तर्गतका स्थानीय निकायहरूबाट संचालन गरिने विकास निर्माण सम्बन्धी कार्यमा यस्ता प्रकारबाट सरकारी रकम हिनामिना एवं दुरुपयोग हुन नदिन आवश्यक पहल गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. राहदानी जारी गर्दा रिसवत लिएको भन्ने विषयमा आयोगको मिति २०६४।५।२४ को निर्णयानुसार शालिकराम मिश्र, गाविस सचिव, इमाडोल गा.वि.स. कार्यालयलाई विभागीय कारबाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. मा.पो.का. डिल्लीबजारबाट अपुताली परेको संपति नक्कली हकदार बनी मुलुकी ऐन अपुताली महल विपरित नामसारी दर्ता गरेको भन्ने विषयमा आयोगको मिति २०६४।११।२९ को निर्णयानुसार तत्कालीन प्र. मालपोत अधिकृत सूर्यकान्त झा (हाल उप-सचिव उद्योग वा.तथा आपूर्ति मंत्रालय) लाई विभागीय कारबाही गर्न सचिव, उद्योग वा.तथा आपूर्ति मन्त्रालयमा लेखी पठाएकोमा कारबाहीको जानकारी प्राप्त नभएको ।

९. काठमाडौँ महानगरपालिका वडा नं. ३ रानीवारी स्थित सामाखुशी किनारमा रहेको सार्वजनिक जग्गा आसपासमा रहेका जग्गा धनीहरुले अतिक्रमण गरेको सम्बन्धमा आयोगको मिति २०६४।१।४ को निर्णयानुसार का.म.न.पा. वडा नं. ३ स्थित सिट नं. १०२-०९८५-२२ को सार्वजनिक जग्गा र कि.नं.८४, १६५, १५२,, १५३, २५५, ५१, ५४, ५५, ७३, ४२, ४१, ले समेत केही सार्वजनिक जग्गा अतिक्रमण गरेको हुँदा उल्लिखित कि.नं. जग्गा धनीहरुले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हदसम्म को सार्वजनिक जग्गा सम्बन्धित प्राविधिकहरुद्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कि.नं. बाट झिकी सार्वजनिकीकरण गरी ३ महिना भित्र आयोगलाई जानकारी दिन प्रमुख का.म.न.पा.लाई लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. का.म.न.पा. ३४ भिमसेन गोला कात्यायानी मन्दिर आसपासको १०,१२ रोपनी सार्वजनिक जग्गा व्यक्तिले प्रयोगमा ल्याएको भन्ने विषयमा आयोगको मिति २०६५।१।८ को निर्णयानुसार आयोगको निर्णयमा उल्लिखित कि.न.हरुले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित कि.नं.बाट झिकी सार्वजनिकीकरणद्वारा एकीन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कि.नं.बाट झिकी सार्वजनिकीकरण गरी ३ महिना भित्र आयोगलाई जानकारी दिन प्रमुख का.म.न.पा.लाई निर्देशन लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. गौशला, महोत्तरीको हाटबजार सन्चालन गर्नेले बुझाउनु पर्ने बाँकी रकम करिव रु १० लाख गा.वि.स.सचिवले मिन्हा दिएको भन्ने विषयमा आयोगको मिति २०६४।७।१४ को निर्णयानुसार ना.सु.शिवराम पाण्डे-५ वर्ष बढुवा रोक्का गर्न र ना.प्र.स. राम प्रसाद शाह २ वर्ष तलव वृद्धि रोक्का गर्न जि.वि.स. महोत्तरीमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. धर्म महर्जन समेतले का.म.न.पा. वडा नं. १५,सार्वजनिक पर्ति जग्गामा अनियमित तरिकाले टहरा निर्माण गरेको भन्ने विषयमा आयोगको मिति २०६५।३।१६ को निर्णयानुसार उजुरीमा उल्लिखित विपक्षीहरुले उक्त जग्गा आफूले परापूर्व कालदेखि भोग चलन गरी आएको र हाल मालपोत कार्यालय कलंकीमा हालसाविकको प्रकृयामा रहेको भन्ने निवेदनमा नै जनाएकोले सो हालसाविक गर्ने प्रकृयामा त्यस कार्यालयबाट सिफारिश भएको छ छैन साविक देखिको भोग चलन प्रमाणित गर्ने कार्य भएको छ छैन आदि समेत कानूनी प्रमाणको आधारमा पर्ती जग्गा स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६ (१) ञ (३) अनुसार कर्तव्य निर्वाह गर्न का.म.न.पा.लाई लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. उमादेवी श्रेष्ठ कामनपा १ ले सडक मिची घर निर्माण गरेको भन्ने विषयमा आयोगको मिति २०६५।३।१२ को निर्णयानुसार मापदण्ड अनुसार नक्सा पास गर्ने र पारित नक्सा अनुसार निर्माण कार्य भए नभएको अनुगमन गरी मिचेर बनाएको भए कानून बमोजिम कार्यान्वयन गर्न कामनपालाई लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. थानकोट चेक पोष्ट इन्चार्ज रामकुमार समेतले सवारी कर लिदाँ रसिद नकाटेको भन्ने विषयमा आयोगको मिति २०६५।५।१५ को निर्णयानुसार भौतिक योजना मन्त्रालयसँग सम्बन्धित विषय (कर असुली) विषयमा छलफल गरी १ महिना भित्र आयोगलाई जानकारी दिन स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. सार्वजनिक बाटो जग्गा मिचेको भन्ने विषयमा आयोगको मिति २०६५।१।१० को निर्णयानुसार गा.वि.स. सचिव मधुसुधन रिसाललाई विभागीय कारबाही गर्न जिल्ला विकास समिति, काठमाडौमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. सल्यान जिल्ला स्थित जि.वि.सबाट संचालित विकास कार्यको रकम खर्च गर्दा योजनाको रकम हिनामिना भएको भन्ने विषयमा आयोगको मिति २०६५।६।५ को निर्णयानुसार उक्त आयोजनामा भएको खर्चको हिसाव ३ महिना भित्र फरफराक गर्न गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. सामाजिक सुरक्षा रकम हिनामिना गरेको भन्ने विषयमा आयोगको मिति २०६५।८।२० को निर्णयानुसार नबलकिशोर शाहलाई (गाविस सचिव, बेलवाजब्दी गा.वि.स.कार्यालय) विभागीय कारबाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. पोखरा उ.म.न.पा.ले अनियमित तवरले कर्मचारी नियुक्ति गरेका भन्ने विषयमा आयोगको मिति २०६५।१०।२२ को निर्णयानुसार तत्कालीन पो.उ.म.न.पा. का कार्यकारी अधिकृत केदार वोगटी र दिवाकर वास्तोलालाई विभागीय कारवाही गर्न स्थानिय विकास मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. जिल्ला प्रशासन कार्यालय म्याग्दीका कर्मचारीहरुले दोहोरो नागरिकता बनाई अनियमितता तथा भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगको मिति २०६५।९।२७ को निर्णयानुसार गा.वि.स.सचिव इन्द्र शर्मा पौडेल म्याग्दी जिल्ला रातोपिप्ले गाविसलाई विभागीय कारबाही गर्न स्थानिय विकास मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. जिविस दार्चुला अन्तरगत DRILP आयोजनामा स्थानीय विकास अधिकारि श्री दण्डपाणि वरालले भ्रष्टाचार/अनियमितता गरेको भन्ने विषयमा आयोगको मिति २०६५।११।१९ को निर्णयानुसार स्था.वि.अ. दण्डपाणि वराल (आयोजना संयोजक)जिविस दार्चुला, आयोजना प्रमुख लालु गिरी, ई.हिरालाल चौधरी, लेपा. विष्णदत्त भट्ट, सलेपा. केशवराज भट्ट, स्टोरकीपर जयन्ती भट्टलाई विभागीय कारवाही गर्न र आयोजना प्रमुख लालु गिरी (जिविस दार्चुला) बाट-रु.५०,०००।- र सलेपा केशवराज भट्टबाट -रु.२६,४९३।- असुल उपर गर्न स्थानिय विकास मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. काठमाडौ जिल्ला धापासी गा.वि.स.४ (क) कि.नं.११०,११५ समेतको सार्वजनिक जग्गा मिची अनियमितता भएको भन्ने विषयमा आयोगको मिति २०६६।१।१५ को निर्णयानुसार काठमाडौ जिल्ला धापासी गा.वि.स. वडा नं.४ ग कि.नं.११०,११५ ,११६ र १२१ बिचमा रहेको राजकुलो नक्शा एवं श्रेस्तामा रहेको भएता पनि फिल्डमा व्यक्तिहरुले मिचेको भन्ने विषयमा नापी शाखावाट निरीक्षण गराउदा प्राप्त प्रतिवेदन वाट सार्वजनिक जग्गा राजकुलोको संरक्षण हुन नसकेको देखिएकोले उक्त राजकुलो सार्वजनिक जग्गा संरक्षण गर्न धापासी गा.वि.स.कार्यालयलाई लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२२. काठमाडौं जिल्ला का.म.न.पा वा.नं.२८ वाँगेमुडा स्थित धार्मीक महत्वको स्थानमण्डपको नामले प्रसिद्ध सार्वजनिक सतल भत्काई केशरी वदन समेतले का.म.न.पाबाट नक्सा पास गराई घर निर्माण गर्न लागेको भन्ने विषयमा आयोगको मिति २०६६।३।२८ को निर्णयानुसार उक्त सम्पदाको संरक्षण गर्ने काठमाडौ महानगरपालिकालाई लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२३. सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरे भन्ने विषयमा आयोगको मिति २०६६।३।२३ को निर्णयानुसार खरिदार तेजनाथ पौडेललाई विभागीय कारबाही गर्न जि.वि.स. धादिङ्गलाई लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(थ) पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवनमा रहेका पसलको वक्यौता भाडा असूलउपर सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२/८/६ को निर्णय अनुसार त्रि.अ.वि. नागरिक उड्डयन कार्यालयको मिति ०६२/७/१४ को पत्रमा उल्लिखित प्रतिवद्धता ३ महिनाभित्र सम्पन्न गरी आयोगलाई जानकारी दिन त्रि.अ.वि. नागरिक उड्डयन कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. त्रिभुवन विमानस्थल नागरिक उड्डयन कार्यालयमा स्टोरमा रहेका सामानहरुमा भ्रष्टाचार भएको भन्ने सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२।१०।९ को निर्णय अनुसार उल्लिखित त्रुटिहरुका सम्वन्धमा खरिद गरिएका र विभिन्न परियोजनाहरुबाट हस्तान्तरण गरिएका जिन्सी सामानहरुको नियमानुसार निरीक्षण गरी निरीक्षण प्रतिवेदन तैयार पार्ने । सो प्रतिवेदन तैयार पार्दा परियोजनाहरुबाट खरिद गरिएका सामानहरुको साविक र हालको लगत भिडाई सामान नपुग भए सामान बुझ्ने बुझाउने उत्तरदायी व्यक्ति समेत पहिचान गरी विवरण तैयार गर्ने । मासिने नासिने सामानहरु र खर्च नहुने सामानहरुको लगत लिई मिन्हा गरि मिन्हा नहुने सामानहरु को कस्का जिम्मामा छन् पत्ता लगाई सामानहरुको सोध भर्ना गराउने, नभए कुन कर्मचारी उपर कानूनी कार्यवाही हुनुपर्ने हो विवरण पेश गर्ने । त्यस कार्यालयका कर्मचारीहरुको कार्य विवरण लागु गरी

उत्तर दायित्व र जिम्मेवारी तोक्न कार्यालय प्रमुख त्रिभुवन अन्तराष्ट्रिय विमान स्थल नागरिक उड्डयन कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. ने.वा.नि.ले गर्ने गराउने कामका बारेमा भएको सहमति गर्ने बारेको उजुरीको सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६०।१०।२६ को निर्णय अनुसार विभिन्न ४ बूंदाको कार्यान्वयन सम्बन्धमा कार्यनीति तयार गरी आयोगमा २०६०।११।१ सम्ममा महाप्रबन्धक ने.वा.नि.ले पेश गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल गौचरमा विभिन्न किसिमका व्यवस्थापन लगायत अन्य अनियमितता सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।१७ को निर्णय अनुसार विमानस्थलमा हाल संचालनमा रहेका ट्याक्सीहरु धेरै पुराना एवं जीर्ण भएकाले यात्रुको सुविधालाई मध्यनजर राखि निजी क्षेत्र समेतसँग छलफल गरी सुविधा सम्पन्न ट्याक्सी संचालन गर्नको लागी नेपाल ना.उ. प्राधिकरणलाई पहल गराउने, विमानस्थलमा हाल संचालनमा रहेका Taxi हरु धेरै पुराना एवं जीर्णसमेत भएकाले यात्रुको सुविधालाई मध्यनजर राखी निजीक्षेत्र समेत संग छलफल गरी सुविधा सम्पन्न ट्याक्सी संचालन गर्नको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पहल गर्न लगाउने, Departure र Arrival का यात्रु एकै ठाउँमा आउने हालको अवस्था सुरक्षा र व्यवस्थापनका दृष्टिकोणबाट उपयुक्त नहुँदा सो अवस्थाको अन्त्य गरी वेग्ला वेग्लै गर्न कामको थालनी गर्ने, हाल विमानस्थलमा रहेको ट्रलिको अभाव र समस्या समाधान गर्न तत्कालै एक हजार थानसम्म ट्रलीको व्यवस्था गर्ने, अध्यागमन कार्यालय लगायतका उक्त विमानस्थल परिसरमा कार्यरत कर्मचारी र यात्रुहरुको पहिचान तथा सुरक्षाको दृष्टिकोणबाट सम्पूर्ण कर्मचारीहरुको Name Tag तथा यूनिफर्मको व्यवस्था आवश्यक हुन्छ तर कतिपय कार्यालयमा तद्नुरुपको व्यवस्था नगरिएको र कतिपय कार्यालयहरुमा यस भन्दा अगाडि नै यूनिफर्म तोकिसकेको भएपनि कर्मचारीहरुबाट तोकिए बमोजिमको यूनिफर्म लगाएको नपाईएकोले यात्रु र कर्मचारी समेत छुट्टयाउन कठिनाइ परी सुरक्षामा समेत असर पर्न सक्ने भएकोले Name Tag तथा यूनिफर्मको व्यवस्था कडाइका साथ लागू गर्न, विमानस्थलमा रहेको फोहोरले सार्वजनिक स्वास्थ्य, सुविधा र सुन्दरतामा प्रतिकुल असर पर्ने हुँदा शौचालय लगायत विमानस्थल भवन तथा परिसरमा सरसफाईको समुचित व्यवस्था गर्ने, VIP Lounge को सरसफाइमा ध्यान दिने, विभिन्न सरकारी तथा गैरसरकारी व्यक्ति एवं सर्वसाधारणहरुलाई विमानस्थल प्रवेशको लागि प्रयोग गरिएका पासहरु वितरण गर्दा सुरक्षा गर्ने निकाय र पास वितरण गर्ने निकाय फरकफरक रहेका कारण सुरक्षाको दृष्टिकोणबाट पासको दुरुपयोग भई सुरक्षा व्यवस्थामा असर पर्नसक्ने अवस्था देखिँदा विमानस्थल कार्यालयबाट वितरण गरिने हालको उक्त व्यवस्थालाई परिमार्जन गरी सुरक्षा निकायसमेतलाई पास वितरण प्रकृयामा संलग्न गराउने, हाल व्यवस्था गरिएको खानेपानी अपर्याप्त भएको देखिएको हुँदा सोको पर्याप्त र प्रभावकारी ढंगले व्यवस्था गर्ने, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भित्र जडान गरिएका एअरकण्डीसनर विगत डेढ वर्षदेखि मर्मत संभारको अभावमा संचालनमा नरहेको भन्ने बुझिन आएकोले सिध्र मर्मत संभार गरी संचालनमा ल्याउने, व्यागेज होल्ड एरियामा ढोकाहरुको लक विग्रिएको कारण मानिसहरु रन वे सम्म सजिलै पुग्न सक्ने र यसबाट अनपेक्षित समस्याको

सृजना हुन सक्ने हुँदा तत् सम्वन्धमा आवश्यक मर्मत संभार गर्ने, एप्रोनमा एयरलाइन्सका कर्मचारीहरुले ल्फोरेन्स ज्याकेट (टल्कने) लगाउनु पर्ने व्यवस्था पुर्ण रुपमा पालना नभई कोही कोहीलेमात्र लगाउने गरेकोले यसलाई अनिवार्य गर्ने, विमानस्थलमा कार्यरत लोडरहरुले बिना खल्तीको यूनिफर्म लगाउनु पर्ने अन्तर्राष्ट्रिय मान्यतालाई त्रिभुवन विमानस्थलमा तुरुन्त लागु गर्ने, प्रस्थान तर्फ सुरक्षाका विभिन्न निकायहरुले स्क्रीनमा ड्यूटी गर्ने तर आगमन तर्फ भन्सारले मात्र हेर्ने हुंदा विभिन्न प्रकारका विष्फोटक पदार्थ एवं लागु औषधहरु समेतको पहिचान गर्न नसक्ने भई राष्ट्रिय सुरक्षामा समेत गंम्भिर समस्या आउन सक्ने हुंदा स्थितिको पहिचान गरी आवश्यकता अनुसार आगमनतर्फ समेत सुरक्षा निकायको उपस्थितिमा लगेज चेक गर्ने व्यवस्था लगायत सुरक्षाको पूर्ण प्रत्याभूतिका लागि आवश्यक प्रवन्ध गर्ने र प्रस्थानतर्फ समेत भन्सारलाई सहभागी गराउने, संभव भएसम्म सवैक्षेत्रमा सामान्य अंग्रेजी भाषा वोलचाल गर्न सक्ने कर्मचारीहरु खटाउने, सुरक्षामा खटिने प्रहरी कर्मचारीहरुको संख्याको आधारमा आवासको पर्याप्त व्यवस्था गर्ने, पास उपलव्ध गराउदा चाहिने क्षेत्रकोभन्दा वढी क्षेत्रको पास उपलव्ध गराउने कार्य नियन्त्रण गर्ने, अति विशिष्ट व्यक्तिहरुको सुरक्षाको संम्वेदनशीलता समेतलाई हृदयङ्गम गरी त्यस्ता व्यक्तिको आवागमनका समयमा विशिष्ट कक्षमा हुने अनधिकृत व्यक्तिहरुको अनावश्यक घुइचोलाई नियन्त्रण गर्ने, विभिन्न स्थानमा निगरानीको लागी ३२ स्थानमा सि.सि.टि.भि. जडान गरिएकोमा हाल १३ वटामात्र संचालनमा रहेको कारण सुरक्षा निगरानीमा कठीनाइ भएको पाईएकोले यथाशिध्र सम्पूर्ण सि.सि.टि.भी.संचालनमा ल्याउने र सुरक्षा निकायसंग समेत समन्वय गरी आवश्यक स्थानहरुमा थप सि.सि.टि.भि. जडान गर्ने, टर्मिनल भवनको वाहिर र भित्र रहेका विभिन्न पसल कवलहरुले आफूलाई तोकिएको स्थानभन्दा वढी ठाउँ ओगटी सामानहरु व्यवस्थित गर्न कडाइका साथ रोक लगाउने, घर वा जग्गाको वहालवाट प्राप्त हुने रकम नेपाल नागरिक उडड्यन प्राधिकरणको लागि आय आर्जनको महत्वपूर्ण स्रोत रहेको भएतापनि त्यस्तो भाडामा लगाउने प्रक्रियालाई कानूनसम्मत स्वच्छ र पारदर्शी वनाई कार्यालयको आय आम्दानी अधिकतम बृद्धि गर्न आवश्यक देखिंदा यस दिशामा नेपाल नागरिक उड्डयन प्राधिकरणले समूचित ध्यान पु-याउने, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भित्र अवस्थित कार्यालयहरुवीच समन्वयको अभाव देखिँदा प्रभावकारी रुपमा समन्वय कायम गर्ने, विमानस्थलमा हाल विद्यमान रहेका समस्या,अव्यवस्था एवम् कमीकमजोरीहरुको निराकरणको लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना तुरुन्त लागू गरी आयोगलाई जानकारी दिने, वैदेशिक रोजगारमा जाने व्यक्तिले टिकट लिदाको अवस्थामा नै श्रम स्टिकर लगाए नलगाएको हेरी स्टिकर लगाएको अवस्थामा मात्र हवाई टिकट दिने व्यवस्था मिलाउने तर्फ प्रक्रिया अघि बढाउन, सचिव पर्यटन तथा मन्त्रालयलाई विभिन्न सरकारी तथा गैरसरकारी व्यक्ति एवं सर्वसाधारणहरुलाई विमानस्थल प्रवेशको लागि प्रयोग गरिएका पासहरु वितरण गर्दा सुरक्षा गर्ने निकाय र पास वितरण गर्ने निकाय फरकफरक रहेका कारण सुरक्षाको दृष्टिकोणबाट पासको दुरुपयोग भई सुरक्षा व्यवस्थामा असर पर्नसक्ने अवस्था देखिंदा विमानस्थल कार्यालयबाट वितरण गरिने हालको उक्त व्यवस्थालाई परिमार्जन गरी सुरक्षा निकायसमेतलाई पास वितरण प्रकृयामा संलग्न गराउने, सर्वसाधारणको लागि व्यवस्था गरिएको प्रस्थान, आगमन र विशिष्ट व्यक्तिहरुको लागि पार्किङ स्थल एकै स्थानमा रहेकाले सुरक्षा कार्यान्वयनमा समेत असर पर्नसक्ने भएकोले अलग अलग व्यवस्था गर्न, .रन वे वरीपरी रहेका सुरक्षा पोष्टहरुमा खटिने कर्मचारीहरुको लागि खानेपानी एवं शौचालयको

व्यवस्था गर्न, पास उपलब्ध गराउदा चाहिने क्षेत्रको भन्दा वढी क्षेत्रको पास उपलब्ध गराउने कार्य नियन्त्रण गर्न, TIA ले उपलब्ध गराएको संचार सेवालाई आवश्यकता अनुसार वृद्धि गर्न र विमानस्थल भित्रको अव्यवस्था एवम् कमीकमजोरीहरुको निराकरणको लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना तुरुन्त लागू गरी आयोगलाई जानकारी दिन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उडड्यन कार्यालय गौचर,काठमाडौका प्रमुखलाई निर्देशन लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. कर्मचारी र एजेन्सी मिलि विभिन्न प्रकारको जालसाजी फायल खडागरी हानी नोक्सानी पुर्‌याएको भन्ने उजुरीको सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६६।१।६ को निर्णय अनुसार हिमालयन ल्याण्ड ट्रावेल एजेन्सीबाट उठाउन वांकी रकम र दुवईबाट फर्काएका यात्रुहरुको विषयमा छानविन गरी रकम उठाउन तथा संलग्न कर्मचारीलाई सिफारिस अनुसार नसिहत दिन नेपाल वायु सेवा निगमलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. त्रिभुवन अन्तर्राष्ट्रिय विमालस्थल नागरिक उडयन कार्यालयका सवारी चालक महेन्द्रराज श्रेष्ठले नविग्रीएको गाडीलाई विग्रेको देखाई वील वनाई भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।३१ को निर्णय अनुसार महाप्रवन्धकको गाडीमा प्रतिमहिना ३०० ली.देखि ५५० ली.सम्म इन्धन प्रयोग हुने अनुसन्धानको क्रममा देखिएकोले यस सम्वन्धमा नेपाल सरकारका सोही सरहका पदाधिकारीलाई तोके सरह हुनेगरी महाप्रवन्धकको गाडीमा इन्धन दिने सम्वन्धमा आवश्यक निर्णय गर्न नागरिक उडयन प्राधिकरण संचालक समितिलाई र गाडी मर्मत गर्दा म.ले.प.फा.नं.२ अनिवार्य रुपमा प्रयोगमा ल्याउने व्यवस्था मिलाउने, पुराना गाडी लिलाम विक्री गर्ने व्यवस्था तदारुकताका साथ मिलाउन, नागरिक उडयन प्राधिकरणमा ठूलो रकम मर्मत कार्यमा खर्च हुने हुँदा आफ्नै वर्कसपको व्यवस्था हुनु पर्ने देखिएकोले यस तर्फ आवश्यक पहल गर्न, इन्धन उपलब्ध गराउदा मांग फारम स्वीकृत भए पश्चात मात्र दिने व्यवस्था गर्न र इन्धनको कुपन काटने कर्मचारी अधिकृत तहको राख्ने व्यवस्था गरी आवधिक रुपमा हेरफेर गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणलाई लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(द) संघिय मामिला, संविधान सभा, संसदिय व्यवस्था तथा संस्कृति मन्त्रालय अन्तर्गत

१. बौद्धनाथ क्षेत्र विकास समितिका तत्कालिन अध्यक्ष दिलिपकुमार लामाको कार्यकालमा रु. ३ करोड ५० लाख रकम हिनामिना गरेको भन्ने उजुरीको सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।७ को निर्णय अनुसार उक्त समितिले सार्वजनिक जवाफदेहिको नीति अनुरुप स्वच्छ र पारदर्शी ढंगले काम कारबाही गरेको देखिन नआएकोले समितिको सम्पूर्ण काम कारबाहीलाई सार्वजनिक जवाफदेहीको नीति अनुरुप अझ बढी स्वच्छ, पारदर्शी र नियम संगत बनाउन समितिको आर्थिक तथा कर्मचारी सम्बन्धी नियम विनियमहरुमा संशोधन वा परिमार्जन गर्न पर्ने भए

सो समेत गर्न लगाई कार्य प्रगति विवरण ३ महिना भित्र आयोगमा पठाउन वौद्धनाथ क्षेत्र विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशकले नगद, जिन्सी र माइन्यूटवूक लगायत श्रेस्ताहरु नवुझाएकाले समितीको कार्यमा वाधा पुगेको भन्ने उजुरीको सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।१०।५ को निर्णय अनुसार समितीका पुर्वकार्यकारी निर्देशक श्रीधर शर्माले सोही समितीका पूर्व लेखापाल पुष्पराज पौडेललाई बुझाएका मुभी क्यामरा-१, मोवाईल सेट-१ तथा हाल कार्यरत लेखापाल किरण पौडेललाई वुझाएका समितिको माइन्यूटवूक-१ बैठकको आदेशबूक -१, बाटो निर्माण सम्वन्धी फाईल-१ र कर्डलेस टेलीफोन-१ अविलम्व कार्यालयमा दाखिला गराउन र निज शर्माले बुझाउन वांकी अन्य कुनै कार्यालय सामानका हकमा निजलाई जानकारी गराई सामान नै दाखिला गर्न लगाउने र सामान दाखिला नगरेको खण्डमा सामानको परल मूल्य एकिन गरी उक्त रकम निज शर्माले कार्यालयबाट लिन वांकी रकमबाट कट्टा गरी कार्यालयमा अभिलेख जनाउने साथै निज शर्माले फछ्यौंट गर्न वांकी देखिएको अन्य रकमका विषयमा शिध्र फछ्यौंट गर्ने व्यवस्था गर्न देवघाट क्षेत्र विकास समितिमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. काठमाण्डौं जिल्ला का.म.न.पा वडा नं.२८ वांगेमुडा स्थित धार्मिक महत्वको स्थानमण्डपको नामले प्रसिद्ध सार्वजनिक सतल भत्काई केशरी वदन समेतले का.म.न.पाबाट नक्सा पास गराई घर निर्माण गर्न लागेको भन्ने उजुरीको सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।२८ को निर्णय अनुसार उक्त सम्पदाको संरक्षण गर्न पुरातत्व विभागलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ध) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत

घरेलु तथा साना उद्योग कार्यालय काभ्रेपलान्चोकबाट उद्योग दर्ता गर्दा अनियमित कार्य भएको भन्ने उजुरीका सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।३।२६ को निर्णय अनुसार कार्यालय प्रमुख कृष्णबहादुर कार्कीलाई विभागीय कारबाही गर्न सचिव, उद्योग वा.तथा आ.मं.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(न) सूचना तथा संचार मन्त्रालय अन्तर्गत

१. काठमाडौं जिल्ला साविक सितापाइला हाल इचङगुनारायण गा.वि.स ९ (क) कि.नं ३९५ को जग्गा २०२१ सालमा सर्वे नापी हुँदा ज.ध.काठमाडौ मखनटोल बस्ने हिरालाल नापित भएको दर्ता बाँकी जग्गाको किर्ते श्रेस्ता पूर्जा बनाएको भन्ने उजुरीको सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।३।२ को निर्णय अनुसार कार्यालय सहयोगी रविन्द्र गौतमलाई विभागीय कारबाही गर्न गोश्वरा हुलाक कार्यालय सुन्धारालाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. चलचित्र महोत्सब २०६२ मा सरकारी कोषबाट प्राप्त रकम हिनामिना गरेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।७।१८ को निर्णय अनुसार शम्भूजित बास्कोटाबाट रु २०,०००।- र विष्णुगोपाल श्रेष्ठबाट रु १,५०,०००।-(चलचित्र महोत्सबको खर्चको लागि लिएको विल पेश नगरी हालसम्म फछ्यौंट नभएको) रकम असुलउपर गर्न चलचित्र विकास बोर्डमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(प) शिक्षा मन्त्रालय अन्तर्गत

१. त्रिभुवन विश्वविद्यालय अन्तर्गत महेन्द्र मोरङ आ.वहुमुखी क्याम्पस, विराटनगरका तत्कालिन क्याम्पस प्रमुख उपेन्द्र कुमार कोइरालाले विभिन्न अनियमितता गरेको सम्बन्धमा आयोगको मिति २०५९।११।२० को निर्णयानुसार अनियमितता गर्ने उपर कारबाही गरी डा. सूर्यमणी अधिकारीको प्रतिवेदन लागू गर्न उपकुलपति, त्रि.वि.वि.लाई लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. कपिलवस्तु बहुमुखी क्याम्पसका मुखिया पशुपतिप्रसाद मिश्रले रकम हिनामिना गरेको उजुरीका सम्बन्धमा आयोगको मिति २०६०।३।३१ को निर्णयानुसार गफलत गरे नगरेको यकिन गरी मुलुकी ऐन कीर्ते कागजको महलको आधारमा आवश्यक कारबाही गर्न कपिलवस्तु बहुमुखी क्याम्पसलाई लेखी पठाएकोमा कार्यान्वयन जानकारी प्राप्त नभएको ।

३. पूर्वाञ्चल विश्वविद्यालयमा नियम विपरित अस्थायी कर्मचारी भर्ना गरिएको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६१/५/७ को निर्णयानुसार आगामी ६ महिनाभित्र अस्थायी, करार वा ज्यालादारीमा रहेका सवै पदमा स्थायी तवरले पदपूर्तिको व्यवस्था मिलाउन तथा उपयुक्त अवधि भित्र स्थायी पदपूर्तिको व्यवस्था नमिलाए नियुक्ती भएका अस्थायी, करार वा ज्यालादारी पदमा कार्यरत सम्पूर्णलाई उपलव्ध गराएको तलव भत्ता नियुक्ति स्वीकृत गर्ने उपकुलपति तोरणवहादुर कार्कीबाट असूलउपर गर्न पूर्वाञ्चल विश्वविद्यालय तथा सो विश्वविद्यालय सेवा आयोगमा लेखी पठाइएकोमा निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. विश्वभाषा क्याम्पसको दक्षिण मोहडामा भएको एकेडेमिक कमर्शीयल कम्प्लेक्स निर्माण समेतमा अनियमितता भएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२/११/२९ को निर्णयानुसार पुल्चोक इन्जिनियरिङ्ग अध्ययन संस्थानका सहप्राध्यापक हरिदर्शन श्रेष्ठ र ल्याव असिसटेन्ट अर्जुन के.शी.लाई नसिहत दिन त्रिभुवन विश्व विद्यालयलाई र गोर्खा सुभ जेभी कन्ट्रक्सन कम्पनीबाट रु. ८२,२८७।०२ असुल उपर गर्न त्रि.वि.वि रजिष्ट्रारको कार्यालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. सप्तरी स्थित राजेन्द्र देवकी नि.मा.वि.को आय श्रोत हिनामिना गरी गैर कानूनी तरिकाले खर्च गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२ को निर्णयानुसार विद्यालयका प्र.अ. मुरारी प्रसाद सिंहबाट भएको बेरुजु सम्बन्धमा एक महिना भित्र टुङ्गो लगाई

आयोगलाई जानकारी दिन जिल्ला शिक्षा कार्यालय सप्तरीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. वन विज्ञान अध्ययन संस्थान पोखराका डिन अशोककुमार मल्लिकले गाडी खरिद र विद्यार्थी भर्नामा अनियमितता गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णय अनुसार उप-प्रा.शैलेन्द्रनाथ अधिकारी त्रि.वि.वि. कर्मचारी सेवा शर्त सम्बन्धि नियम २०५० बमोजिम सेवाबाट वर्खास्त गर्न रजिष्ट्रार त्रि.वि.वि.मा र ओभर हेड खाता बाट पेश्की लिई फछ्यौंट हुन बाँकी जम्मा रु. ३,१०,२७१।८० मध्ये प्रा.डा. अभय कुमार दास रु.,७,४८२।७०, प्र. देव नारायण ठाकुर रु. ५,०००।-, स. प्रा. अच्युतराज ज्ञावाली रु. १०,४२१।३०, उ.प्र. केशर प्रसाद काफ्ले रु.२०,०००।-, सं प्रा. देवेद्र प्रसाद लिगल रु.३०,०००।-, स.ले.पा शंभु राज ढुंगेल रु.१२०००।-, स.प्रा.ईश्वरेन्द्र प्रसाद ईन्द्र रु. ३८,०००।-, स.प्रा.अशोक कुमार मल्लिक रु.१०,०००।-, ले.अ.दिनानाथ जमरकट्टेल रु. ९,२६७।७०, उ.प्र.कृष्णमोहन श्रेष्ठ रु.५,०००।-, उ.प्र.श्याममोहन मिश्र रु. ३०,०००।-, स.प्रा.सुकदेव चौधरी १५,०००।-, कर्मचारी ईकाई संघ रु. १९,५००।-, स.प्रा समसुहक रु. ३०,०००।-, स.प्रा.मकबुल हुसेन खाँ रु. १०,०००।-, स.प्रां.केदारनाथ पौडेल रु. ६००।-, उ.प्र. गिरीराज त्रिपाठी रु. १५,०००।-, डा. सफेदराज उद्दिन रु. १२,५००।-, प्र.प्रेमकाजि गरुङ रु. ७,५००।-, मे.न्यायदेव खतिवडा रु.१२,०००।-, उ.प्र.रामप्रसाद शर्मा रु.१०,०००।-, स.स्टो.कि. देवनारायण यादव रु.१,०००।-, र वन विज्ञान अध्ययन संस्थान कार्यालय खर्चको लागी प्रदान गरिएको जम्मा रु.३,४०,०००।- मध्ये वन विज्ञान अध्ययन संस्थान सम्पर्क कार्यालय रु. १,००,०००।-, वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालय रु १,७०,०००।-, वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पस रु ७०,०००।- असुल उपर गर्न त्रि.वि.वि.रजिष्ट्रार कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. सदस्य सचिव अग्नीप्रसाद काफ्ले ले CTEVT का मंगलदास कर्माचार्य, शंभूप्रसाद भट्टराई, रामधारी यादवलाई परिषदको नियमावली २०४९ अनुसार ५८ वर्ष पुरा भएका कर्मचारीलाई अवकास दिनु पर्नेमा नदिई आर्थिक मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।१२।२७ को निर्णय अनुसार समयमै विनियममा भएको संशोधनको जानकारी नगराउने र उमेर पुगेपछि अवकास नदिने तत्कालीन सदस्य सचिव डा. अग्नि प्रसाद काफ्ले र आफ्नो अवकास उमेर अवधिको सम्बन्धमा स्वयं जानकारी लिनु पर्ने कानूनी व्यवस्था र त्यस्तो जानकारी प्राप्त गर्न सक्ने अवस्था रहँदा रहदै अवकास पत्र नदिएको भन्ने गैरकानूनी आधार बनाई अवकास हुने उमेर पुगेपछि पनि बढी अवधिमा लिएको तलव भत्ता लगायतका अन्य सुविधाहरु वापतको रकम परिषद्को नियम अनुसार असुल उपर गरी आयोगलाई जानकारी दिन प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदमा र आयोगले निर्णय गरिसकेको विषयलाई अवज्ञा गर्ने मनसायले मिति २०६५।४।१६ का दिन प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्को १०० औँ बैठकबाट भएको निर्णय कानूनसम्मत मान्न नमिलेकोले यस सम्बन्धमा आयोगको पूर्व निर्णयबमोजिम १ महिनाभित्र बढी अबधीको तलब खाने कर्मचारीबाटै असुल उपर गर्ने, सो हुन

नसके निर्णय गर्ने पदाधिकारीबाट ३ महिनाभित्र दामासाहीले असुल गर्न आयोगको मिति २०६५।९।३ को निर्णयानुसार शिक्षा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. टेलिफोन एक्चेन्ज बोर्ड, एयर कण्डिसन सेनीटरी मर्मत र भवन निर्माणमा समेत अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।१७ को निर्णय अनुसार संयोजक मुरारीनाथ शर्मा समेतको समितिले औल्याएका तथ्यहरु उपर कारबाही गरी आयोगलाई जानकारी दिन त्रि.वि.वि केन्द्रिय कार्यालय कीर्तिपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. उच्च माध्यमिक शिक्षा परिषद्मा २०६१।६२को परिक्षाको मोडरेशनमा अनियमितता भएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।५।२८ को निर्णय अनुसार उच्च माध्यमिक शिक्षा परिषद्मा विगत आ.व. ०५६।५७ मा छपाइको गल्तीले दाखिला हुन आएको शैक्षिक प्रमाण पत्र काम नलाग्ने आवस्थामा पाइएकोले सो कार्यमा जिम्मेवार व्यक्तिहरुलाई कारबाही गरी थन्क्याएर राखेको सो प्रमाण पत्रहरु तीन महिना भित्र नियम अनुसार धुल्याई आयोगलाई जानकारी दिन, सो परिषद्बाट शैक्षिक प्रमाण पत्र छपाई गराई लागत मूल्य विश्लेषण गरी त्यसलाई न्यूनतम लागतमा छपाई गर्ने तर्फ प्रयास गर्ने र उपयुक्त प्रमाण पत्र समेत कानून बमोजिम प्रतिस्पर्धा गराएर मात्र गर्ने व्यवस्था मिलाउन, परिषद्को सेवा शर्त सम्बन्धी विनियमहरु २०५३ लाई वर्तमानमा समाबेशी बनाउने र उपयुक्त विनियमावलीको पालना गर्ने गराउने र सो परिषद्बाट लिइने परिक्षालाई समय सापेक्ष निश्पक्ष विश्वसनीय स्तरीय बनाउन परिक्षा समय परिक्षा प्रणालीमा समय सापेक्ष सुधार गर्न उच्च माध्यमिक शिक्षा परिषद्लाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. जिल्ला शिक्षा कार्यालय सर्लाहीका तत्कालिन जि.शि.अ. दुर्गा प्रसाद श्रेष्ठले सर्लाही जिल्ला स्थित रामसखी जनता मा.वि.का शिक्षक भगवत साह कलवारलाई सरुवा गर्दा अनियमितता गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।२।१४ को निर्णय अनुसार निज जि.शि.अ. दुर्गा प्रसाद श्रेष्ठलाई विभागीय कारबाही गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. निमित्त जि.सि.अ. महेन्द्र कुमार बोहोरा (रुकुम) ले दरवन्दी भन्दा बढी शिक्षक नियुक्ति गरी सरकारी रकम हिनामिना गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।२० को निर्णय अनुसार के कति दरवन्दी भन्दा वढी शिक्षक नियुक्ति गरिएको हो ? सो प्रतिवेदनबाट खुल्न नआएकोले कस कसको पालामा कति जना बढी शिक्षक नियुक्ति भएका हुन सो एकिन गरी दरवन्दी भन्दा बढी शिक्षकलाई तलव भत्ता भुक्तानी दिने पदाधिकारी उपर कानूनबमोजिम उक्त रकम असुल उपर गर्न र नियम विपरित अध्ययन विदा स्वीकृत गरेको देखिएकोले नि.जि.शि.अलाई विभागीय कारबाही गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. त्रिचन्द्र क्याम्पस अन्तर्गत स्व.वि.यू.ले विभिन्न शीर्षकमा आ.व. ०६५।६६मा प्राप्त रकम हिनामिना गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।११।१९ को निर्णय अनुसार खर्च सम्बन्धी विषयलाई नियमावलीद्वारा व्यवस्थीत गर्न र स्व.वि.यू.कोष विद्यार्थी कल्याणकारी कोष त्रिचन्द्र क्याम्पसबाट के कुन आ. व.मा के कुन पदाधिकारीको कार्यकालमा के कति रकम वढि खर्च भएको हो ? यकिन गरी बढि खर्च भएको रकम तत् तत् पदाधिकारीवाट अशुल उपर गर्न त्रि.वि.वि.उपकुलपतिको कार्यालयमा लेखी पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. जनक शिक्षा सामग्री केन्द्र ली. का प्रवन्ध संचालक रामप्रसाद शर्मा "प्रदिप"ले नियम विपरित करार र ज्यालादारिमा कर्मचारी नियुक्ति गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।१२।२० को निर्णय अनुसार आईन्दा उच्च व्यवस्थापनको तोक आदेशको आधारमा करार तथा ज्यालादारिमा कर्मचारीहरु नियुक्ति नगर्न, सिजनल कामहरु तोकिएको समयमा पुरा गर्न करार तथा ज्यालादारिमा कर्मचारी नियुक्ति गर्नुपर्ने अवस्था आएमा त्यस्ता कर्मचारीहरुको संख्या आवश्यकता अनुसार निर्धारण गर्न संयन्त्रको निर्माण गर्न, करार तथा दैनिक ज्यालादारिमा कर्मचारीहरुको आवश्यकता निर्धारण भै नियुक्त गर्नुपूर्व सार्वजनिक सुचना गरि योग्यता क्षमता तथा प्रतिष्पर्धाको आधारमा मात्र नियुक्ति गर्न, करार तथा दैनिक ज्यालादारिमा नियुक्त भै कार्यरत सबै कर्मचारीहरुलाई मिति २०६६।१।१ देखि सेवाबाट हटाउन जनक शिक्षा सामग्री केन्द्र ली. मा लेखी पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. त्रि. वि.वि. म.वि. वि. क्याम्पस राजविराजमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवबाट आयकर कट्टा गरी सो दाखिला नगरी हिनामिना गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६६।२।८ को निर्णय अनुसार लेखा अधिकृत अधिकलाल चौधरीलाई विभागीय कारवाही गर्न रजिष्टारको कार्यालय त्रि.वि.वि.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. जनक शिक्षा सामग्री केन्द्र ली.का प्रवन्धक उद्धवप्रसाद गौतमले क्षेत्रीय कार्यालय नेपालगंज र अनुगमन कार्यालय जनकपुरमा रहँदा नक्कली कागजातहरु तयार गरि विभिन्न आर्थिक अनियमितता गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।१२।४ को निर्णय अनुसार प्रवन्धक उद्धव प्रसाद गौतमलाई विभागिय कारवाहि गर्न र निजवाट रु. १३,४६९।- असुल उपर गर्न ज.शि.सा.के.ली.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. विश्व निकेतन मा.वि. त्रिपुरेश्वरका प्र.अ. नरेशमान श्रेष्ठले उच्च मा.वि. निर्माण गर्दा अनियमितता गरेको, कीर्ते लेखापरिक्षकबाट लेखा परिक्षण गरेको, शैक्षिक सत्र नमिलाएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२।५।७ को निर्णय अनुसार प्रधानाध्यापकको शैक्षिक योग्यताको सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद सम्बन्धन सम्वन्धी विनियमहरु २०५५ को नियम ३.४ मा प्रधानाध्यापकको योग्यता स्नाकोत्तर हुने उल्लेख भएकोमा विश्वनिकेतन उच्च

मा.वि. त्रिपुरेश्वरका प्र.अ. नरेशमान श्रेष्ठको शैक्षिक योग्यता वि.ए. वि.एड. मात्र देखिएको हुँदा सो सम्बन्धमा विनियमको व्यवस्था पालना गर्न जिल्ला शिक्षा कार्यालय काठमाडौलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. सार्वजनिक पद धारण गरेको व्यक्ति राष्टसेवक वाहेक अन्य व्यक्तिले नेपालको शैक्षिक संस्थाको नामबाट नक्कली शैक्षिक प्रमाणपत्रको प्रयोग वा कारोवार गरेको तथ्य सम्बन्धीत शैक्षिक संस्थामा प्रमाणिकरण गर्ने कममा खुल्न जाने गरेको भन्ने उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।१८ को निर्णय अनुसार प्रमाणिकरण गर्न आएका वखत नक्कली प्रमाणपत्र लिई आउने सम्बन्धीत व्यक्तिलाई तत्कालै कारवाहि गर्न परीक्षा नियन्त्रण कार्यालय र प्रहरी निकायको आपसि समन्वयमा प्रभावकारि संयन्त्र बनाउन प्रहरी प्रधान कार्यालय र परीक्षा नियन्त्रण कार्यालयलाई र नेपालस्थित सबै विश्वविद्यालयहरु लगायत शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने सबै शिक्षण संस्थाहरुलाई शैक्षिक योग्यताका प्रमाणपत्र प्रमाणिकरण गर्दा प्रयोग हुने निवेदन फाराम एवं पेश गर्नु पर्ने कागजातहरु लगायतका ढाँचामा एकरुपता कायम गर्न शिक्षा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. सुनसरी जिल्ला धरान न.पा.स्थित श्री पव्लीक उच्च मा.वि. धरानको विद्यालय भवन निर्माण गर्दा प्रचलित मापदण्ड पुरा नगरी बनाएको र विभिन्न राजनैतिक पार्टीलाई आर्थिक सहायता दिएको भन्ने उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।२५ को निर्णय अनुसार पब्लीक उच्च मा.वि. धरानको भवनहरु सुरक्षित छन छैनन र सोबाट मानविय क्षति हुन सक्ने अवस्था रहे नरहेको सम्वन्धमा सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयबाट प्रतिवेदन दिई मानवीय क्षति हुने अवस्थामा ती भवनहरु रहेका भए सो लाई सुरक्षित हुने व्यवस्था मिलाउन र प्रचलित कानून अनुसार विद्यालयको कोषबाट आर्थिक सहायता दिने अधिकार विद्यालय व्यवस्थापन समितिलाई नभएकोले गैर कानूनी रुपमा खर्च लेखेको जम्मा रकम रु.३२,१२८।- तत्कालीन प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुबाट दामासाहीले असुल उपर गर्न जिल्ला शिक्षा कार्यालय सुनसरीलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. चीन लगायत विभिन्न देशका मेडिकल कलेजमा एम.वि.वि.एस र वि.डि.एस अध्ययन पुरा गरी फर्केका विद्यार्थीहरुलाई अनुमति पत्र दिदा अनियमितता भएको भन्ने उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।७।२२ को निर्णय अनुसार हाल चीन लगायत अन्य राष्ट्रहरुमा अध्ययन गरी फर्केका र अव फर्किन वांकी विद्यार्थीहरुको भविष्य प्रति नेपाल सरकार र सम्वन्धित निकाय सम्वेदनशिल हुनुपर्ने देखिदा मिति २०६५।४।१ अघिका विद्यार्थीहरुलाई मात्र राज्यले आफ्नो उत्तर दायित्व वुझी आवश्यक पर्ने परीक्षा समेत दिई वा अन्य उपयुक्त वैकल्पिक व्यवस्था गरी निजहरुलाई समेत परीक्षामा सामेत गराई उनीहरुको भविष्य प्रति सम्वेदनशील हुन आवश्यक व्यवस्था मिलाउन आवश्यक कानूनी व्यवस्था गर्न र मित्रराष्ट्र चीन रुस र फिलिपिन्समा आफ्नो खर्चमा अध्ययन गर्न जाने विद्यार्थीहरुलाई भाषाको कारणबाट हुने समस्या र ठूलो परिमाणमा खर्च

व्यहोर्नु पर्ने अवस्था देखिएकोले ती तीन देशमा मेडिकल विषयमा अध्ययन गर्न जाने विद्यार्थीहरुलाई मात्र नेपालमा आई प्रि-इन्टर्नशीप र इन्टर्नशीप गर्न पाउने कानूनी व्यवस्था गर्न शिक्षा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. जिल्ला शिक्षा कार्यालय अछामका जि.शि.अ.र लेखापालले आ.व.०६१।६२मा सवैको लागी शिक्षा कार्यक्रम संचालन गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६६।३।३१ को निर्णय अनुसार प्रा.स.चक्र वहादुर कुँवरबाट रु.७८,७१९।४७ असुल उपर गर्न र जिल्ला शिक्षा अधिकारी शंकर वहादुर विष्टलाई विभागीय कार्यवाही गर्न शिक्षा विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(फ) युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत

१. नेपाल एमाचेयर एथलेटिक्स एशोशिएसन संघका तत्कालीन अध्यक्ष रुक्म शमशेर राणा समेतले संघको रकम दुरुपयोग गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।९।१४ को निर्णय अनुसार नेपाल एमेच्योर एथलेटिक्स एशोशिएसन (NAAA) को नियमानुसार लेखा परीक्षण गराई कानूनबमोजिम छानवीन तथा कारबाही गरी आयोगमा जानकारी गराउन राष्ट्रिय खेलकूद परिषदलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. नेपाल क्रिकेट संघले पिच रोलर एवं क्रिकेट खेल सामग्री खरीद गर्दा लाखौ रुपिया रकम घोटाला गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।१०।५ को निर्णय अनुसार (आयोगको पूर्व निर्देशन मिति २०६५।४।६ को निर्णय) प्रचलित खेलकुद विकास ऐनमा भएका प्रावधान समेतका आधारमा प्रस्तुत उजुरीका सम्वन्धमा आवश्यक छानबिन तथा कारबाही गर्न राष्ट्रिय खेलकुद परिषदलाई निर्देशन लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ब) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

यातायात व्यवस्था कार्यालय वाग्मती ललितपुरका कर्मचारीले घुस रिसवत लिई लाईसेन्स बनाई दिने गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६५।४।१९ को निर्णयानुसार शाखा प्रमुख अर्जुन राज पन्त, शाखा अधिकृत गोकुल खडका (हाल मुद्रण विभाग), शाखा अधिकृत कृष्ण वहादुर कटुवाल, मेका.ई. टेकराज वोहरा, ना.सु. कमलराज गौतम, खरिदार वलराम पण्डित, टाइपिष्ट ख.रञ्जुसेन ठकुरीलाई विभागिय कारबाही गर्न यातायात व्यवस्था विभागमा र दैनिक झण्डै ६ लाख राजश्व आम्दानी गर्ने र लाइसेन्स वितरण गर्ने कार्यालयका रेकर्ड व्यवस्थीत तथा सुरक्षीत गर्न Computer Networking को कार्य यथाशीघ्र अवलम्वन गर्न, सवारी चालक अनुमती पत्रको कार्डमा Security Thread राखी सुरक्षीत तवरले मुद्रित हुनुपर्ने, पुरानो रेकर्डहरुलाई विशेष प्राथमिकता दिई रेकर्ड अध्यावधीक र Computerized गर्नु पर्ने, कार्यवोझलाई सरल बनाउन शाखा कार्यालय स्थापना गर्न, झठ्ठो विवरण दिने, नक्कली व्यक्ति उपस्थित भै अर्को व्यक्तिको नाममा परीक्षा दिने व्यक्तिलाई तत्काल कारबाही गर्ने प्रभावकारी कानूनी

व्यवस्था हुन, यातायात व्यवस्था कार्यालय वागमती लगायत अन्य अञ्चल यातायात कार्यालयलाई तोकिएको सुझाव कार्यान्वयन गर्न लगाउन, सवारी चालक अनुमतिपत्रको परीक्षामा अनुत्तीर्णले ३ महिनासम्म दरखास्त दिन नपाउने, दरखास्त फाराम दर्ता भए लगतै प्रवेश पत्र दिने, आवेदनमा फोटो परिवर्तन, अन्य अनियमितता हुन सक्ने भएकोले अनिवार्य रुपमा दरखास्त फाराम र प्रवेश पत्र भिडाई रुजु गरी परीक्षा हलमा प्रवेश गर्ने गराउने, परीक्षा समितीमा कानूनले तोकेको योग्यता पुगेको प्रहरी प्रतिनिधि आफै उपस्थित हुनु पर्ने, अनिवार्य रुपमा सक्कल नागरिकता हेरी व्यहोरा जाँची दर्ता गर्नु पर्ने, दरखास्त फाराम र चालक अनुमती पत्रमा टाँसिने फोटो एउटै हुनुपर्ने, अनुमति पत्र तयार गर्दा दरखास्त फाराम समेत भिडान गर्ने व्यवस्था हुनु पर्ने, परिक्षा समितीले लिखित तथा ट्रायल परीक्षामा उत्तीर्ण व्यक्तिको उचित अध्ययन तथा Verification पछि मात्र अन्तिम निर्णय गर्नु पर्ने, सवारी चालक अनुमति पत्रको लागी दरखास्त दर्ता गर्नेहरुको नामावली लिखित परीक्षा हुनु पूर्व प्रकाशित गर्न साथै कार्यवोझको आधामा कर्मचारी व्यवस्था हुनका लागि श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

परिच्छेद - १४
तामेली

आर्थिक वर्ष २०६५/०६६ मा आयोगमा पर्न आएका उजूरीहरुमा प्रारम्भिक छानबिन गर्ने क्रममा ऐनको हदम्याद नाघेको, आयोगको अधिकार वा कार्यक्षेत्र भित्र नपरेको, प्रथम दृष्टि (Prima Facie) मै तथ्ययुक्त नदेखिएको, अदालतमा मुद्दा परिरहेको, कुनै कारणले कारबाही गर्न सम्भव नभएको, गोलमटोल, अधुरा, अपुरा प्रमाणहरू भएका, कुनै तथ्यगत आधार नभएका, व्यक्तिगत रिस ईबी साँध्ने खालका, अत्यन्त सामान्य र मामुली विषयको सम्बन्धमा उजूरी परेको भएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० बमोजिम आयोगबाट त्यस्ता उजूरीहरू तामेलीमा राख्ने निर्णय गरिन्छ। उपरोक्त बमोजिमका उजूरीहरू बाहेक आ. व. २०६५/०६६ मा विस्तृत अनुसन्धान भई तामेलीमा राख्ने निर्णय गरिएका उजूरीहरू देहाय बमोजिम छन्।

१. पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराले सिटी स्क्यान मेशीन खरिदका लागि गरेको टेण्डर आव्हानमा मिलोमतो एवं अनियमितता गरि करिब रु.७० लाख रकम भ्रष्टाचार गरेकोले छानविन गरी कार्यवाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा प्रथम घटिवाला ग्लोवल मेडिटेक इन्टरनेशनलको तोसिबा मेशिन ४ को रु.२,८७,८९,०००/ जापानी येन, दोस्रो घटिवाला क्यापिटल इण्टरप्राइजेजको हिटाची मेशिन ४ को रु.३,५५,५५५/ अमेरिकन डलर, तेस्रो घटिवाला, हस्पिटेक इण्टरप्राइजेजको फिलिप्स मेशिन ४ को रु.३,७८,९३३/ अमेरिकन डलर र चौथो घटिवाला इस्ट वेस्ट कन्सर्नको रु.३,८५,८००/ अमेरिकन डलर मूल्य कबोल गरिएको देखिन्छ। यसमा पहिलो घटिवाला ग्लोवल मेडिटेकको अन्य सवै कुरा माग गरिए अनुरुप नै देखिए पनि Upgradation माग गरिएकोमा Not upgradable भएको पाइन्छ। Table vertical motion 400mm - 1100mm (1.0 increment) माग गरिएकोमा ग्लोबल मेडिटेकले भरेको स्पेसिफिकेसनमा 600mm in 0.5 mm increment भनी लेखेको तर क्याटलग हेर्दा सो कुरा उल्लेख नभै step feed pitch 0.5 to 600mm increment भन्ने उल्लेख भएको पाइन्छ। सोही कुरालाई तुलनात्मक तालिकामा not mentioned भनि जनाइएको छ। त्यसैगरी X-ray tube current 10 mA - 400 mA माग भएकोमा qmdzM mA - 300 mA उल्लेख भएको छ। जसलाई स्वास्थ्य विभागको तुलनात्मक तालिकामा requirment नपुगेको देखाई No लेखेको छ। तेस्रो घटिवाला (जस्को बोलपत्र स्वीकृत भएको छ) ले सवै विधिहरु पुरा गरेको देखिन्छ। पहिलो र दोस्रो घटिवालाको Multi slice 4 मात्र भएकोमा (जुन न्यूनतम माग अनुरुप छ) तेस्रो घटिवालाको slice 6 रहेको देखिन्छ। multi slice बढि हुनु प्राविधिक दृष्टिकोणबाट उपयुक्त हुने भन्ने बिशेषज्ञको रायबाट देखियो। यसप्रकार माग भएको स्पेसिफिकेसन अनुरुप तेस्रो घटिवाला हस्पिटेक इण्टरप्राइजेज र सवैभन्दा बढीवाला इस्टवेस्ट कन्सर्नको स्पेसिफिकेसन मिलेको देखिन्छ भने पहिलो घटिवाला ग्लोवल मेडिटेकको मुख्य रुपले upgradation को बुँदा र अन्यमा table verticle motion र x-ray tube current का बुँदाहरु माग गरिएको स्पेफिकेसन अनुरुप नमिलेको देखिन आयो। दोस्रो घटिवाला क्यापिटल इण्टरप्राइजेजको हकमा upgradation लगायतका table verticle motion र x-ray tube current, x-ray tube voltage, cooling rate of tube, focal spot र Monitor size and type का

बुँदाहरु अमिल्दा देखिन आएका छन । यसरी स्पेसिफिकेसन माग अनुरुपका बुँदाहरु फरक परेका पहिलो र दोस्रो घटिवाला बोलपत्रहरुलाई प्रभावग्राही नमानी स्पेसिफिकेसन माग अनुरुप मिल्दो देखिएको तेस्रो घटिवालाको बोलपत्र स्वीकृत भएको र निजले कबोल गरेको अंक लागत अनुमान भित्रै रहेको अवस्था देखिएको हुँदा कानून बमोजिम नै भए गरेकोले प्रस्तुत उजुरी उपर केही गरिरहनु पर्ने देखिएन । तसर्थ प्रस्तुत उजुरी आयोगको २०६५।४।१४ को निर्णयानुसार तामेलीमा राखिएको ।

२. मर्स्याङ्गदी बहुदेश्यीय सहकारी संस्थाले नेपाल विद्युत प्राधिकरणबाट स्थानीय विद्युत वितरक संस्थाको रुपमा छनौट भै विद्युत वितरण गर्दा प्रति यूनिट रु. ३/६० मा खरीद गरेकोमा उपभोक्ताको हित विपरित प्रति यूनिट रु. ९/- सम्म असूल उपर गर्ने गरेको र विद्युत विभागले उक्त सहकारीसँग गरेको सम्झौताले नेपाल सरकारको राजश्वमा घोटाला भएको तथा उक्त संस्थाले सहकारी ऐन विपरित नाफा रकमको २५ प्रतिशत भन्दा बढी लाभांश शेयर सदस्यहरुमा वितरण गरेकोले आवश्यक छानविन गरी कारवाही गरिपाउँ भन्ने उजूरी उपर अनुसन्धान हुँदा नेपाल विद्युत प्राधिकरण र सहकारी संस्थाका बीचमा भएको संझौताले लाखौं राजश्व घोटाला भएको भन्ने र सहकारी ऐन विपरित २५ प्रतिशत भन्दा बढी लाभांश सेयरसदस्यहरुमा वितरण गरिएको भन्ने बुँदाहरु आयोगको क्षेत्राधिकार भित्रको नभएकोले केही गरिरहनु परेन । उजूरीमा उठाइएको नेपाल विद्युत प्राधिकरणसँग संझौता गरी विद्युत वितरक संस्थाको रुपमा विद्युत वितरण गर्दा मर्स्याङ्गदी बहुदेश्यीय सहकारी संस्थाले कानून बमोजिम उठाउन पाउने भन्दा बढी रकम उठाएको भन्ने विषयमा विचार गर्दा सामुदायिक विद्युत वितरण विनियमावली, २०६० विनियम १६ बमोजिम नेपाल विद्युत प्राधिकरण र मर्स्याङ्गदी बहुउद्धेश्यीय सहकारी संस्थाका बीचमा दारेचोक र चण्डिभन्ज्याङ क्षेत्रमा विद्युत वितरण गर्ने गरी मिति २०६०।९।२३ मा सम्झौता भएको देखियो । उक्त सम्झौताका बूँदाहरुमा सामुदायिक वितरक संस्थाले थोक मिटरबाट विद्युत खरिद गरी प्राधिकरणलाई प्रतियूनिट रु. ३।६० बुझाउनु पर्ने र उपभोक्ताबाट उठेको रकमबाट सो थोक महशुल भुक्तान गरी बचेको रकमबाट संस्था संचालन र मर्मत संभार गर्नु पर्ने दायित्व तोकिएको देखिन्छ । वितरक संस्थाले ग्राहकबाट उठाउन पाउने रकमका हकमा उक्त विनियमावलीको विनियम २८ (घ) मा "विद्युत महशूल निर्धारण आयोगले तोकेको विद्युत महशूल दर, प्राधिकरणको अन्य सेवा शुल्क, विद्युत महशूल संकलन नियमावली, २०५० को व्यवस्थानुसार वितरक संस्थाले आफ्ना ग्राहकबाट महशूल संकलन गर्नेछ" भन्ने उल्लेख भएको छ । यस बिषयमा नेपाल विद्युत प्राधिकरणबाट प्राप्त प्रतिक्रियामा "मर्स्याङ्गदी बहुदेश्यीय सहकारी संस्था लि. दारेचोक ४ चितवनको लेखा परीक्षण प्रतिवेदन २०६२।०६३ र २०६३ फाल्गुण महिनाको संस्थाको प्रतिवेदन विश्लेषण गर्दा न्यूनतम विद्युत प्रयोग गर्ने ३२७ ग्राहस्थ ग्राहकबाट औसत रकम प्रतियूनिट रु. ४।-, २५० यूनिट सम्म विद्युत खपत गर्ने ५०७ ग्राहस्थ ग्राहकबाट औसत रकम रु. ६।३० र २५० यूनिट भन्दा बढी खपत गर्ने १४ ग्राहस्थ ग्राहकबाट औसत रकम रु. ७।९६ लिएको पाइएको छ । संस्थाको कार्यक्षेत्र भित्र फाल्गुण महिनामा संकलन गरिएको विद्युत महशूल विललाई चेक गरी भिडाउँदा विद्युत महशूल निर्धारण आयोगले तोके बमोजिमको दररेट अनुसार संस्थाले ग्राहकबाट संकलन गरेको देखिन्छ" भन्ने उल्लेख गरेको छ । उक्त जवाफका साथमा सोही अनुसारका नमूना बिलहरु पनि संलग्न रहेका छन । तसर्थ नेपाल विद्युत प्राधिकरण र उल्लेखित संस्थाका बीचमा कानून बमोजिम भएको संझौता अनुसार

उक्त संस्थाले विद्युत महशूल निर्धारण आयोगले तोके अनुसार नै ग्राहकहरुबाट महशूल उठाउँदै आएको भन्ने विद्युत प्राधिकरण स्वयंको जवाफ प्राप्त भएको र सो तथ्यलाई पुष्टि हुने नमूना विलहरु समेत फायल संलग्न रहेको देखिनाले उजूरीमा उठाए अनुसार अख्तियारको दुरुपयोग भएको देखिएन । तसर्थ प्रस्तुत उजुरी आयोगको २०६५।४।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

३. जिल्ला स्वास्थ्य कार्यालय संखुवासभाका तत्कालीन मे.सु.डा.शुशिलनाथ प्याकुर्याल र खोप सुपरभाइजर भरत भण्डारी समेतको मिलेमतोमा ड्रग स्किम कार्यक्रम अन्तर्गत औषधी आपूर्तिको निम्ति समयमा नै बोलपत्र नगर्ने र विस्तारै समय विताई पुरानै ठेकेदारलाई म्याद थप गर्ने कार्य गरेका र भारतीय राजदूतावासबाट जिल्ला अस्पतालको नाममा उपलब्ध गराइएको एम्बुलेन्स ढुवानी कार्यमा समेत व्यापक भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान गर्दा औषधी आपूर्तिका सम्बन्धमा, ड्रग स्कीम कार्यक्रमका लागि भनेर छुट्टै सरकारी रकम निकाशा नभएको तर जिल्ला विकास समिति तथा नगरपालिकाबाट न्यून मात्रामा अनुदान (जिन्सीमा) प्राप्त हुने गरेको देखियो । उक्त कार्यक्रमको रेखदेख, अनुगमन तथा कार्यक्रम मूल्याँकन जिल्ला स्वास्थ्य समन्वय समिति तथा गठित उप-समितिले गर्ने गरेको समितिको निर्णयबाट देखियो । ब्रिटेन नेपाल मेडिकल ट्रष्टबाट खरिद गरी राखेको औषधीलाई सप्लायर्स मार्फत स्वास्थ्य केन्द्रहरुको माग अनुसार बितरण गर्ने गरेको, नयाँ वोलपत्र माग गर्दा वा पुरानोलाई निरन्तरता दिंदा समितिले नै सप्लायर्सलाई रकमको निश्चित प्रतिशत तोकी दिएको देखिंदा त्यसमा उल्लेखित व्यक्तिहरुबाट दुरुपयोगको सम्भावना रहने अवस्था देखिएन । साथै उक्त कार्यक्रमको आय व्ययको सबै अनुमोदन समितिबाटै भएको र उक्त समितिलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्रकाशित "सामुदायिक औषधी कार्यक्रम दोस्रो परिमार्जित संस्करण २०६३" को अध्याय ३.१.२ अन्तर्गत जिल्ला स्वास्थ्य व्यवस्थापन सम्बन्धी कार्य महलको बुंदा नं.५ मा "जिल्ला भरिका स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने अत्यावश्यक औषधीको साथै तोकिएको स्वास्थ्य सेवाका अन्य कार्यक्रमहरुको औषधीहरुको समेत व्यवस्था गर्ने" तथा बुंदा नं.७ मा "कार्यक्रमको बार्षिक लेखा परिक्षण गराउने" भन्ने स्पष्ट उल्लेख भएको र आय व्ययको अन्तिम लेखा परिक्षण समेत भइसकेको देखिंदा समितिबाट भए गरेका कार्यहरु कानून सम्मत नै देखियो । त्यसैगरी बिगतका बर्षहरुमा उक्त कार्यक्रम अन्तर्गतको औषधी टेण्डर प्रक्रियाद्वारा आपूर्ति गर्ने क्रममा निज भरत भण्डारीले सन्तोषजनक कार्य गरेको र कतिपय अवस्थामा टेण्डर प्रक्रियाद्वारा औषधी आपूर्ति गर्ने कार्यमा धेरै समय लाग्न गई अत्यावश्यक औषधीको नियमित आपूर्तिको कार्य समेत प्रभावित हुनसक्ने अवस्थामा निज भरत भण्डारीबाटै साविक दररेटमा सामान्य हेरफेर गरी औषधी आपूर्ति गर्ने जिम्मेवारीलाई निरन्तरता दिने गरी भएको जिल्ला स्वास्थ्य समन्वय समितिको निर्णय स्वाभाविक देखियो । भारतीय राजदूतावासबाट प्राप्त एम्बुलेन्स ढुवानीका सम्बन्धमा स्वास्थ्य मन्त्रालयद्वारा जारी भएको "एम्बुलेन्स सेवा संचालन नीति,२०६०" को परिधी भित्रै रही उक्त नीतिले निर्दिष्ट गरे अनुरुप खर्चको विल भरपाईहरु तथा सोको जिल्ला स्वास्थ्य समन्वय समितिले गरेको अनुमोदन समेतका कागजातका आधारमा उक्त एम्बुलेन्स ढुवानी कार्य भएको देखिएकाले सो सम्बन्धमा अनियमित कार्य भएको भन्न सकिने अवस्था देखिएन । अतः अनुसन्धानको सिलसिलामा हालसम्म संकलित कागज प्रमाण समेतबाट उक्त

कार्यमा भ्रष्टाचार एवं आर्थिक अनियमितता भयो भन्न सकिने अवस्था नदेखिएकाले प्रस्तुत उजुरी आयोगको २०६५।५।५ को निर्णयानुसार तामेलीमा राखिएको ।

४. विराटनगर उपमहानगरपालिकाका ईन्जिनियर उत्तर कुमार रेग्मीले ऐन नियम विपरीत काम गर्न लगाई रकम भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान हुँदा विराटनगर उपमहानगरपालिका प्रवेशद्वार निर्माण कार्यको लागि शुरु ठेक्का भन्दा अन्तिम विल बढ्न गई निर्माण तर्फ रु.२०,१७,८१३।६२ र विद्युतिकरण तर्फ रु.३,६३,६१४।६२ समेत जम्मा रु.२३,८१,४२८।२४ भुक्तानी भएको सन्दर्भमा सम्बन्धित प्राविधिकसँग बुझ्दा कोशी राजमार्गमा निर्माण गर्न लागेको प्रवेशद्वार शिलान्यासको क्रममा उपस्थित व्यक्तिहरुका साथै प्राविधिकको रायको आधारमा उक्त सडकमा ठूल ठूला माल वाहक कन्टेनर आवत जावत गर्ने र औद्योगिक कोरिडोर समेत भएकोले प्रवेशद्वारको उचाई तथा स्पान बढाउनु पर्ने देखिएकोले नगर प्रमुखको निर्देशनमा डिजाइन नै परिवर्तन गरी रिभाईज्ड ईष्टमेट गरिएको हो । यस सम्बन्धमा अनुसन्धानको क्रममा निर्माण कार्यको नापजाँच, हालको अवस्था गुणस्तर र आवश्यकता सम्बन्धमा राय सहितको प्रतिवेदन पेश गर्न शहरी विकास तथा भवन निर्माण डिभिजन विराटनगरका डिभिजनल ईन्जिनियरलाई अनुरोध गरेकोमा निजले दिएको प्रतिवेदन अनुसार ४० टन क्षमताका सवारी साधन गुडने भएकोले उचाई तथा स्पान बढाउनु नै पर्ने भै रिभाईज्ड गरिएको र निर्माण कार्यको प्राविधिक त्रुटी नदेखिएको गुणस्तरयुक्त नै रहेको, नापजाँचमा तात्वीक अन्तर नभएको भनि प्रतिवेदन दिएको । यसरी निर्माण कार्य सन्तोषजनक नै रहेको प्राविधिक राय र उक्त निर्माण कार्य वोलपत्रमा उल्लेखित कार्यालयको दररेट भन्दा २८.७४% कममा नै भएको रिभाईज्ड ईष्टमेट स्वीकृत गर्ने अधिकार नगरपालिकामा नै रहेको हुँदा यस सम्बन्धमा केही गरिरहनु परेन । विराटनगर उपमहानगरपालिकाका ईन्जिनियर उत्तर कुमार रेग्मीलाई विराटनगर उपमहानगरपालिकाको बोर्ड बैठकबाट निर्णय गरी रु.५,००,०००।- युक्रेनको खार्कोभ स्टेट टेक्निकल यूनिभर्सिटिमा पि. एच. डि. गर्न अन्य सेवा शिर्षकमा विनियोजित भएको वजेट रकमबाट आर्थिक सहायता दिइएको सम्बन्धमा निर्णयकर्ताबाट उक्त रकम दामासाहीले किन असूल नगर्ने भन्ने स्पष्टीकरण सोधिएकोमा अधिकांस बोर्ड सदस्यहरुबाट विराटनगर उपमहानगरपालिका एक स्वशासित संस्था भएको र वार्षिक वजेटको परिधि भित्र रही संस्थाको विकासको लागि प्राविधिक जनशक्तिलाई दक्षतायुक्त बनाउन ईन्जिनियर उत्तर कुमार रेग्मीलाई पि. एच. डि. गर्न आर्थिक सहायता स्वरुप रु.५,००,०००।- दिएको हो । अध्ययन पश्चात अनिवार्य रुपमा ५ वर्ष उपमहानगरपालिकामा सेवा गर्नु पर्ने सम्झौता गरी निजले माग गरेको रकममा केही मात्र उपमहानगरपालिकाले आर्थिक सहायता दिएको हो । बोर्ड बैठकबाट सामूहिक निर्णय गरी दिएको हुँदा यसलाई अनियमित भन्न नमिल्ने । आर्थिक क्षमता भएका जुनसुकै संस्थाले कर्मचारीहरुको वृत्ति विकास गर्न उच्च अध्ययन गर्न पठाउने तथा सुविधा प्रदान गर्ने व्यवस्था रहेको छ । स्वायत्त संस्थाको रुपमा क्रियाशिल रहेको उपमहानगरपालिकाले आफ्नो कर्मचारीलाई पि. एच. डि. गर्न पठाउने निर्णय गर्नुलाई अनियमित भन्ने कानूनी आधार स्थापित हुन सक्दैन भन्ने समेत व्यहोराको प्राप्त स्पष्टीकरण सन्तोषजनक नै देखिंदा प्रस्तुत उजुरी आयोगको २०६५।५।८ को निर्णयानुसार तामेलीमा राखिएको ।

५. कैलालीमा स्थापना भएको अरुण चन्दको पुरानो मिल वासुर्लिङ्ग सुगर एण्ड जनरल इण्डष्ट्रिज लि. लाई त्यहांका विभिन्न बैंकहरुले अनियमित तरीकाले कर्जा प्रवाह गरेको भन्ने उजुरीहरु

उपर अनुसन्धान हुँदा सो उद्योगलाई पहिलो पटक मेशिनहरु आयात गर्न ऋण स्वीकृत भएको र माग गरेको कोटेशनको आधारमा पहिलो पटक स्वीकृत भएको ऋणको जनवरी १९९८ मा सिटी बैंक, नयां दिल्ली, भारतको नाममा रा.वा. बैंकबाट प्रतितपत्र खोली मेशिनहरु आयात भएको र डवल रिफाइनरी मेशिनको लागि स्वीकृत ऋणबाट २०५४।९।२९ मा रा.वा. बैंकमा प्रतितपत्र खोली सामान आयात भएको र ईन्भ्वाईसको आधारमा भुक्तानी दिई ऋण जनाइएको देखिएकोले मेशिनहरु भारतबाट आयात गरेको पाइयो । मेसिनहरु पुराना वा नयाँ के हुन भन्ने सम्बन्धमा खुल्ला ठाउँमा रहेको र मेसिन ल्याएको १ वर्ष भैसकेकोले एकिन भन्न नसकिने भनी मे.ई. ज्ञानेन्द्र कुमार भण्डारीको प्रतिवेदन रहेको देखियो । उद्योगलाई कालो सूचीमा राखिएको र कालो सूचीमा राखेकोलाई सर्वोच्च अदालतको रिट नं. ३६७५ मिति २०६३।११।१५ को आदेशबाट अन्यथा भनिएको स्थिति देखिदैन । सह वित्तियकरण वैठकको विभिन्न मितिका निर्णयबाट विभिन्न बैंक एवं संस्थाले वासुर्लिङ्ग सुगर एण्ड जनरल इण्डष्ट्रिज लि. लाई कूल रु. ५७ करोड ४३ लाख ऋण प्रवाह गरेको र उक्त इण्डष्ट्रिजले कूल रु. २ करोड १० लाख वुझाएको देखिन आएको छ । २०६२।१२ सम्म उक्त लिमिटेडले सावां व्याज गरी सहवित्तियकरणका बैंक एवं संस्थाहरुलाई कूल १,९८,४६,५६,४१४।३३ तिर्नुपर्ने देखियो । यसमा सावा तर्फ कूल रु. ५६,८४,९१,७९८।०४ र व्याज तर्फ १,४१,६१,३४,४६८।२९ रहेको देखिन्छ । कम्पनीबाट धितोको रुपमा कैलाली जिल्ला चुहा गा.वि.स. अन्तर्गतका ५१-१३-६ विघाह जग्गा र सो मा रहेको मिल मेसनरी भवन, गोदाम, मेडिकल लगायत सम्पूर्ण चल अचल सम्पत्ति राखिएको पाईयो । कम्पनिलाई प्रोजेक्ट लोनको अवधारणा अनुसार परियोजनाको सम्पूर्ण चल अचल सम्पत्ति धितो रहने गरी कर्जा र स्वलागत (६०:४०) को अनुपातमा कर्जा लगानी भएको देखियो । कम्पनिको लेखा परिक्षण प्रतिवेदन २०५५ अनुसार कम्पनिको मिति २०५५ आषाढ मसान्तसम्म कूल स्थिर सम्पत्ति मूल्य रु. ८२,२२,६९,००७- कायम भएको र सो मूल्य स्वीकृत कर्जा रकम र स्वलागत (६०:४०) को अनुपात भित्रै देखिएको र सहवित्तियकरणको २०५९।१०।८ को निर्णयबाट कम्पनिबाट तयारगर्न लगाइएको ड्यु डिलिजेन्स अडिट रिपोर्ट अनुसार कम्पनिको कूल स्थिर सम्पत्ति मूल्यको रु. ७८,७८,७३,०००।- कायम भएको कृषि विकास बैंकको च.नं. १३९ मिति २०६५।३।१० को पत्रबाट देखिन आउंछ । शर्त संझौता वमोजिम ऋणी कम्पनिले रकम नवुझाएकोले २०६३।३।२६ गते धितो लिलाम वढावढ गर्दा कसैले स्वीकार नगरेको । लिलाम वढावढ गर्न द्वन्दको कारण सम्पत्तिको मूल्याङ्कन नै नगरी लिलामको सूचना प्रकाशित भएको भन्ने लिड वैंकको भनाई रहेको देखियो । सह-वित्तिय कर्जा प्रवाह गर्ने निर्णयमा धेरै व्यक्ति अर्थात बैंक प्रतिनिधि समावेश भएको पाइनुका साथै उक्त कम्पनिलाई कालो सूचीमा राखिएको । ऋणी कम्पनि र संचालकहरुको राहदानी रोक्का तथा जफतको कारवाही भएको र सांवा तथा व्याज रकम असूल उपरको लागि सहवित्तियकरणका वित्तिय संस्थाको तर्फबाट मिति २०६३।३।३० मा ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर भै हाल सुनवाइको क्रममा रहेको पाइयो । अत: प्रस्तुत विषयमा विभिन्न सहवित्तिय संस्थाका धेरै पदाधिकारी ऋण प्रवाह गर्ने निर्णयमा संलग्न भई प्रोजेक्ट लोन अन्तर्गत ऋण प्रवाह भएकोले सवै पदाधिकारीको मिलेमतो होला भनी अनुमान गर्न सकिने अवस्था नरहेको, ऋणीको पनि स्वलागत अन्तर्गत ४०% लागत मिलमा रहे भएकै देखियो । सुगर मिलबाट उत्पादन समेत शुरु भै वजारमा समेत चिनी आपूर्ति भइसकेको स्थितिमा द्वन्द लगायतका विभिन्न कारणहरुबाट मिल वन्द हुन पुगेको देखियो । ऋण तिर्न शुरु गरी प्रथम किस्ता स्वरुप रु. २ करोड १० लाख तिरेको पनि देखियो । मेसिनहरु पुराना ल्याइयो भन्नलाई प्रतितपत्र मार्फत ल्याइएको र मेसिन जाँच प्रतिवेदनबाट

पुरानो हो भनी यकिन राय नआएबाट पुरानो जडान गरिएको भनी कानूनत: भन्न मिल्ने अवस्था पनि देखिन आएन । वित्तिय संस्थाहरुबाट आफ्नो ऋण असूल उपरतर्फ मुद्दा समेत दायर भैसकेको देखिएको र मुद्दा विचाराधिन क्रममा रहेबाट यसमा विभिन्न सहवित्तिय संस्थाहरुको मिलोमतोबाट ऋण प्रवाह भई बैंकहरुको हानी नोक्सानी हुने कार्य भएको भनी भन्न मिल्ने अवस्था नदेखिंदा आयोगको २०६५।५।८ को निर्णयानुसार प्रस्तुत उजुरी फाइल तामेलीमा राखिएको ।

६. २०५८ सालदेखि संचालन भएको छिन्चु, राकम जाजरकोट ३३ के.भि. लाइन निर्माण कार्यमा मैनावति स्टिल इन्डष्ट्रिज प्रा.लि., ग्लोवल कन्स्ट्रक्सन प्रा.लि. लगायतका कम्पनी र कर्मचारी समेत मिली ३३ के.भि. स्टेप वायर राख्नुपर्नेमा ११ के.भि., च्यानल र अन्य जडान सामाग्री खिया लागेको प्रयोग गरेको र ६ फिट गाडिने खम्वा (पिलर) कम गाडेको आदि भन्ने बिषयको उजूरी उपर अनुसन्धान हुंदा २०५८ सालदेखि संचालन भएको छिन्चु, राकम जाजरकोट ३३ के.भि लाइन निर्माणकार्यमा ३३ के.भि. स्टेप वायर मेनलाइनमा प्रयोग गरिएको र बजार बितरण लाइनमा मात्र ११ के.भि. को वायर प्रयोग गरिएको, जडान सामाग्रीहरु खिया परेको नदेखिएको, पिलरहरु ६ फिट गाडिएको देखिएको छ । कुनै कुनै ठाउँमा मात्र चट्टान भएका कारणले पूरा गाड्न नसकेको देखिएको । सल्लीबजार भेरी नदीमा तार तानिएको तथा पोलहरुको टपमा टोपि लगाइएको तथा पोलहरुको थिक्नेस हल्कावाला प्रयोग नभएकोले स्पेसिफिकेशन अनुसार नै भएको देखिएकोले उपरोक्त निर्माणकार्यमा अनियमितता भएको नदेखिएको हुनाले प्रस्तुत उजूरी आयोगको २०६५।५।१७ को निर्णयानुसार तामेलीमा राखिएको ।

७. 9H-AHJ (MI-8 MTV–I) नम्वरको रसियन हेलिकप्टरलाई यात्रुबाहकको रुपमा संचालन गर्न दिइएको अनुमतीपत्र कानून सम्मत थियो, थिएन भन्ने विषयमा अनुसन्धान हुँदा उक्त हेलिकप्टरलाई नेपाल नागरिक उड्डयन प्राधिकरणले यात्रुबाहकको रुपमा संचालन गर्न सहमति प्रदान गर्दा प्राविधिकहरुको टोली बनाई हेलिकप्टर निर्माण कम्पनीसंग सोधपुछ गरी तयार गरिएको प्रतिवेदन र हेलिकप्टर निर्माण कम्पनीबाट यात्रुबाहकको रुपमा परिवर्तन गरिएको पत्र समेतका आधारमा नागरिक उड्डयन नियमावली, २०५८ अनुसार दिइएको सहमति कानून सम्मत नै देखिएकोले प्रस्तुत उजूरी आयोगको २०६५।५।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

८. नेपाल कृषि अनुसन्धान परिषद र ग्रामीण विकास तथा हरित संरक्षण समाज बीच सम्झौता भै विभिन्न काम भएकोमा सम्झौताको समय नाघेपछि पनि मिति हेरफेर गरी रकम भुक्तानी गरेकाले अनियमितता भएको भनी परेको उजूरी सम्वन्धमा अनुसन्धान गर्दा सो परिषदको पत्रसाथ संलग्न स्मृतिपत्र तथा कागजात अध्ययन गर्दा उजूरीमा उल्लेख भएबमोजिम अनियमितता भएको पुष्टी हुन नआएकोले प्रस्तुत उजूरी आयोगको २०६५।५।२७ को निर्णयानुसार तामेलीमा राखिएको ।

९. जिल्ला कृषि कार्यालय, महोत्तरीका कार्यालय प्रमुख काशिकान्त झाले २०६१ सालको बार्षिक कार्यक्रम संचालन गर्दा अनियमितता गरेको, कार्यक्रम बांडफांड नगरेको, स्वीकृत कार्यक्रम अनुसार योजनामा रकम थप गरी मिलेमतोमा योजनाको रकम भ्रष्टाचार गरेको, आफ्नो नातेदार भएको स्थानमा मात्र निकाशा गरेको तर योजनामा काम नगरेको, लेखापालले आफ्नो गाऊँमा योजना दिएको, कार्यालयको गेट आफ्नो घरमा लगेको, तालिम संचालनमा

अनियमितता गरेको, सेवा केन्द्रहरुको निरीक्षण नगरेको, कर्मचारीलाई सुविधा दिंदा पक्षपात गरेको भन्ने समेतको उजुरी सम्वन्धमा छानविन गर्दा क्षेत्रिय कृषि निर्देशनालयले च.नं. २५ मिति ०६२।४।१० मा क्षेत्रिय प्रशासन कार्यालय, हेटौडालाई प्रेषित गरेको पत्रमा जिल्ला कृषि विकास कार्यालय, महोत्तरीका तत्कालीन बरिष्ट कृषि विकास अधिकृत काशिकान्त झा तथा सोही कार्यालयमा कार्यरत सेवा केन्द्र प्रमुख सत्यदेव मण्डल तथा बाली संरक्षण अधिकृत जितेन्द्र झाको आपसी मनमुटावको कारण मात्र उजुर बाजुर परेको देखिन्छ भन्ने उल्लेख भएको देखिएको हुँदा प्रस्तुत उजूरी आयोगको २०६५।५।२७ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०. लुम्बिनी ग्यास उद्योग प्रा.लि., गैंडाकोटले कर राजश्व छल्यो भन्ने उजुरी उपर छानवीन गर्दा यस बिषयमा राजस्व अनुसन्धान बिभागबाट छानवीन भई उक्त उद्योगको मूल्य अभिबृद्धि कर रु. ५७,६३,७२७/ निर्धारण भएको र सो उपर चित्त नबुझि उक्त उद्योगले प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजश्व बिभागमा निवेदन दिएको तथा राजश्व न्याधिकरण, पोखरामा समेत पुनरावेदनमा गएको भनि राजस्व अनुसन्धान बिभागबाट लेखि आएकोले प्रस्तुत उजूरी आयोगको २०६५।७।६ को निर्णयानुसार तामेलीमा राखिएको ।

११. जिल्ला विकास समिति, काभ्रेले कार्यक्रम अधिकृत छैटौं तहको पदपूर्ति गर्न लिइएको परीक्षामा योजना अधिकृत शिव प्रसाद रिजालले अनियमितता तथा भ्रष्टाचार गरेकाले कारवाही गरिपाऊं भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान गर्दा पदपूर्ति समितिले वि.नं ०६/०६३-०६४ मार्फत सूचना जारी गरी मिति २०६३।९।८,९ र १० गते लिखित परीक्षा लिई अन्तर्वार्ता लिएको र दुवै तर्फको अंक जोडी सबभन्दा बढी अंक प्राप्त गर्ने व्यक्तिलाई सफल सूचीमा राखिएको, उक्त पदपूर्तिको लागि विज्ञापनको सूचना देखि अन्तिम परिणाम घोषणा गर्दासम्म प्रकृयासम्मत भएको पाइएको, आरोपित व्यक्ति जि.वि.स.को योजना अधिकृत मात्र रहेको र पदपूर्तिको सम्वन्धमा सवै व्यवस्था पदपूर्ति समितिले गरेको देखिंदा प्राप्त कागज प्रमाणवाट निजको संलग्नता रहेको देखिएन । उत्तरपुस्तिका परीक्षण गर्दा केरमेट गरी अंक घटाएको सम्बन्धमा उत्तरपुस्तिकामा कोड नं राखी परीक्षण गर्न दिएको र भेदभाव गर्नु गर्ने कारण कागज प्रमाणवाट पुष्टि हुन आएन । तसर्थ आयोगको २०६५।७।१० को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

१२. नेपाल टेलिभिजनबाट प्रसारण भइरहेका "मेरी बास्सै", "तितो सत्य" "जिरे खोर्सानी" र "जीवन चक्र" जस्ता कार्यक्रमहरु बिना प्रतिस्पर्धा बाहिरबाट गराई नेपाल टेलिभिजनलाई नोक्सान पुऱ्याउनुका साथै सोही निकायबाट प्रसारित "अब के हुन्छ" कार्यक्रम बिना कारण बन्द गरेको हुँदा छानबिन गरी पाऊ भन्ने उजुरी उपर छानबिन हुँदा "मेरी बास्सै", "तितो सत्य" "जिरे खोर्सानी" र "जीवन चक्र" कार्यक्रमहरु प्रतिस्पर्धा नगराई विभिन्न व्यक्ति तथा संस्थालाई निर्माण गर्न दिएको देखिएको र सो कार्य सार्वजनिक खरिद ऐन, २०६३ मा उल्लेख भएको प्रावधान विपरीत भएको पाइएकोले हाल प्राप्त भइरहेको रकममा नघट्ने गरी सार्वजनिक खरिद ऐनमा भएको प्रावधान बमोजिम आउँदो ३ महिनाभित्र प्रतिस्पर्धाको माध्यमबाट निर्माण गराई प्रसारण गर्ने व्यवस्था मिलाउन र एक आर्थिक वर्षभित्र के कुन कार्यक्रम प्रसारण गर्ने भनी निर्णय गर्ने अधिकार नेपाल टेलिभिजनलाई रहने नै हुँदा "अब के हुन्छ" कार्यक्रको सम्झौता अवधि समाप्त भएको कारणले प्रसारण बन्द गरेको कार्यलाई

अन्यथा भन्न नसिकिने हुंदा आयोगको २०६५।७।१८ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

१३. जिल्ला वन कार्यालय, धनुषाका डि.एफ.ओ. राज बहादुर रावत तथा रेन्जर राम चन्द्र प्रसाद साह समेतले तारवार लागत स्टिमेट अनुसार नभएको, सिमेन्ट पिलरको पैसा निकाली लकडीको पिलर गाडेको, हेरालुको नाममा पैसा आफै निकाली दुरुपयोग गरेको भन्ने विषयमा छलफल हुँदा निज डि.एफ.ओ. राज बहादुर रावतले स्पष्टीकरण सहित पेश गरेको मिति ०६३।१०।१४ को प्रशासकीय अदालतको फैसलालाई अध्ययन गरी हेर्दा डि.एफ.ओ. राज बहादुर रावत तथा रेन्जर राम चन्द्र साह समेतलाई आयोगवाट केही कारवाही गर्न नपर्ने देखिएकोले आयोगको २०६५।८।३० को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

१४. नेपाल विद्युत प्राधिकरण स्याङजा शाखाका शाखा प्रमुख प्रमोद कुमार ढुङ्गानाले अनियमितता गरेको भन्ने उजुरी सम्वन्धमा स्थलगत निरीक्षण र सम्बन्धित कार्यालयको पत्र तथा तत् सम्वन्धी प्राप्त विवरणको आधारमा अनुसन्धान गर्दा निजले अनियमितता गरेको भन्ने पुष्टि हुन नआएकोले आयोगको २०६५।९।१४ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

१५. जिल्ला स्वास्थ्य कार्यालय, उदयपुरमा आ.व. ०६१।६२ मा कार्यरत स.ले.पा.श्यामप्रसाद भण्डारीले उक्त अवधिको का.स.मु.तत्कालिन कार्यालय प्रमुख रमन सिंहवाट मूल्यांकन गराउनु पर्नेमा २०६४ आश्विनमा हाजिर भएका डा.व्रज किशोर ठाकुरवाट अनियमित तरिकाले मूल्याकन गराई बढुवा हुन लागेकोले छानविन गरी कारवाही गरी पाउँ भनी दिएको उजुरीको सम्बन्धमा छानवीन गर्दा स.ले.पा.श्याम प्रसाद भण्डारीको आ.व.०६२।०६३ को का.स.मु. हेर्दा निजले उक्त का.स.मू. जि.स्वा.का. उदयपुरमा पेश गरेको उल्लेख भएको तर तत्काल उक्त कार्यालयमा कार्यरत डा.रमण सिंहवाट सुपरिवेक्षकको मूल्यांकन गराई पुनरावलोकनकर्ता नभएको अवस्थामा क्षेत्रीय निर्देशनालयमा पठाउनु पर्ने नियमानुसारको व्यवस्था भए पनि स.ले.पा.श्याम प्रसाद भण्डारीको उक्त अवधिको का.स.मु.मा सुपरिवेक्षकको तर्फवाट पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका लेखा अधिकृत सत्यनारायण श्रेष्ठ र पुनरावलोकनकर्तामा उक्त निर्देशनालयमा कार्यरत डा.महेश प्रसाद खनालवाट भएको देखियो । यस प्रकार ले.अ.सत्यनारायण श्रेष्ठ र पुनरावलोकनकर्ता महेश प्रसाद खनालले आफ्नो कार्यालयमा तत्काल कार्यरत नरहेको र आफू उक्त जि.स्वा.का. उदयपुरमा कार्यरत नरहेको अवधिमा सुपरिवेक्षक र पुनरावलोकनकर्ताको हैसियतमा कार्य गरेको देखिन आयो । यस प्रकार सहलेखापाल श्याम प्रसाद भण्डारीले पनि आफ्नो कार्यालय जि.स्वा.कार्यालय उदयपुरमा का.स.मु. पेश गरेको भनी उल्लेख गरे पनि उक्त कार्यालयमा पेश नगरी माथिल्लो निकायमा लगी मूल्याकन गराएको सम्बन्धमा लेखा अधिकृत सत्यनारायण श्रेष्ठ, डा.महेश प्रसाद खनालको र स.ले.पा.श्याम प्रसाद भण्डारी समेतलाई स्पष्टिकरण सोधिएकोमा प्राप्त स्पष्टिकरण तथा स्पष्टिकरणसाथ पेश भएका कागजातहरु अध्ययन गर्दा लेखा अधिकृत सत्यनारायण श्रेष्ठ तथा डा.महेश प्रसाद खनालले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं.०६४।६५ च.नं. १६/५९३।४१९० मिति २०६४।१०।२७ को पत्रानुसार नि.से.नि., २०५० को नियम ७८ (ख) को व्यवस्था अन्तरगत रही का.स.मू.मा क्रमशः सुपरिवेक्षक र पुनरावलोकनकर्ताको हैसियतले अंक दिएको देखिएकोले आयोगको २०६५।१०।२७ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

१६. पशुपति क्षेत्र विकास कोषबाट निर्माण हुन गईरहेको विद्युत शवदाहगृहले पर्यावरणमा प्रतिकूल प्रभाव पार्ने भनी पशुपति क्षेत्र आसपासका स्थानीय वासिन्दाहरुबाट पर्न आएको उजूरीको सन्दर्भमा पशुपति क्षेत्र विकास कोषका जिम्मेवार पदाधिकारीहरु तथा सम्वन्धित विज्ञहरु समेतसंग छलफल गर्नुका साथै पशुपति क्षेत्र विकास कोषको प्राप्त प्रतिकृया समेतलाई दृष्टिगत गर्दा उक्त कोषबाट निर्माण हुने भनिएको शवदाहगृहको निर्माण उक्त कोषले नेपाल सरकारबाट स्वीकृत गुरु योजना अनुरुप निर्माण गर्न लागेको पाइएकोले यसमा थप केही गरिरहनु नपर्ने देखिएकोले आयोगको २०६५।११।८ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

१७. जिल्ला स्वास्थ्य कार्यालय, पाँचथरका कार्यालय प्रमुख डा.राम प्रसाद साहले ऐन, नियम विपरित अ.हे.व. रघुनन्दन अधिकारीलाई २०६४ जेष्ठमा हाजिर नभै मिलाएर रवाना दिएकोले छानबिन एवं कारवाही गरी पाउँ भनी दिएको उजुरीका सम्बन्धमा छलफल हुँदा अ.हे.व. रघुनन्दन अधिकारीले मेडिकल वोर्डको सिफारिस सहित विदा माग गरेको र गयलकट्टि गर्ने अधिकार समेत कानूनले निमित्त कार्यालय प्रमुखलाई प्रदान गरेको नदेखिंदा कार्यालय प्रमुखले ऐन नियम विपरित कार्य गरेको भन्न नमिल्ने हुँदा आयोगको २०६५।११।२८ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

१८. त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, वल्खुद्वारा मिति २०६५।१०।८ गते प्रकाशित वि. एस्सी तृतीय वर्षको परीक्षाफल अनुसार मिनभवन क्याम्पस केन्द्रको रोल नं. १५०० देखि १७०० सम्मका धेरै परीक्षार्थीहरु अन्य विषयमा उत्कृष्ट अंक प्राप्त गरेर पनि PHY 332 Physics (Quan Mech. Math. Phy.) TH विषयमा अनुत्तीर्ण भएका र सो रोल नं. भित्रका उत्तीर्ण परीक्षार्थीहरुको पनि न्यून प्राप्ताङ्क रहेकोले छानविन गरी पांउ भन्ने उजुरी निवेदन उपर आयोगबाट कारवाही हुंदा परीक्षा नियन्त्रकबाट आवश्यक प्रतिक्रिया लिई तत्पश्चात आयोगको निर्देशानुसार त्रि.वि. परीक्षा समितिको वैठकले गठन गरेको सो विषयका विज्ञहरु प्रा.डा. शेखर गुरुङ्ग, प्रा. डा.भद्र पोखरेल र सह-प्रा. लक्ष्मी प्रसाद साह रहेको छानविन समितिवाट छानविन हुंदा उक्त विषयको उत्तरपुस्तिका, परीक्षकले दिएको प्राप्ताङ्क र सम्परीक्षण समितिले सम्परीक्षण गरेको कार्य त्रिभुवन विश्वविद्यालयको प्रचलित नियमानुसार भए गरेको पाइएकाले कुनै अनियमितता नभएको भनी प्रतिवेदन पेश हुन आई सो प्रतिवेदन समेतका कागजात उपर आयोगमा छलफल हुंदा यस सम्बन्धमा थप छानविन गर्नु पर्ने नदेखिंदा आयोगको २०६५।१२।२० को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

१९. कास्की जिल्ला पोखरा उप.म.न.पा. वडा नं. ५ मालेपाटन स्थित कि.नं. ७९ क्षेत्रफल २-११-३-३ बन वुटेन जनिएको जग्गा मा.पो.का. कास्कीले दर्ता गरेको भन्ने उजुरी सम्वन्धमा अनुसन्धान हुँदा उल्लेखित जग्गा मिति २०३१।१०।३ मा नाप नक्सा भै विरहमा बन, किसिममा अवल कायम समेत भै साविक कि.नं. ६४ विज ।१।५।५ भित्रको जग्गा भएको, निवेदिकाले मिति २०३२।९।१५ मा तत्कालीन नगर योजना नापी कार्यालय पोखरामा जग्गाधनी प्रमाण पूर्जा पाउँ भनी निवेदन दिएको, उक्त जग्गाको साविक तिरो तिरेको रसीद समेत पेश भएको, उक्त जग्गा बन सिमाना भित्र नपर्ने दर्ता गरेमा कुनै बाधा नपर्ने व्यहोराको बन कार्यालयको मिति २०४२।१२।२१ मा मा.पो.का.कास्कीलाई लेखि दिएको पत्र, तत्कालीन गण्डकी अञ्चल अदालतको उक्त जग्गाका सम्वन्धमा ऐन नियमले निर्दिष्ट गरेको कार्य प्रणाली अपनाई कानून

बमोजिम गर्नु भनी गरेको फैसला, निबेदिकाले घरबास बनाइ भोग गरेको भन्ने प्रमुख मालपोत अधिकृतको फिल्ड निरीक्षण प्रतिवेदन समेतका प्रमाण कागजातहरुको आधारमा उक्त जग्गा साविक दर्ता तिरो तिरान भित्रको जग्गा भई निबेदिकाले अविछिन्न रुपमा भोग समेत गरेको देखिएको एवं विभागीय स्वीकृति एवं सरकारी वकिलको राय अनुसार उक्त जग्गा दर्ता भएको देखिएको हुँदा आयोगको २०६६।२।२८ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

२०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालले कम्युटेड रेडियोग्राफी युनिट उपकरण खरिदमा स्पेशिफिकेशन पूरा गरेको न्यूनतम रु.२० लाख कबोल गर्नेको बोलपत्र स्वीकृत नगरी कर्मचारीको मिलेमतोमा रु.४८ लाख कबोल गर्नेको बोलपत्र स्वीकृत गरेको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा उक्त उपकरण खरिदको लागि दर्ता भएका ६ वटा बोलपत्रहरुको परोपकार प्रसुती तथा स्त्री रोग अस्पताल, थापाथलीमा कार्यरत वायो मेडिकल इन्जिनीयर, रेडियोलोजि विभागका प्रमुख समेतको प्राविधिक समितिबाट मूल्यांकन हुँदा ती ६ वटा बोलपत्रहरु मध्ये एक मात्र बोलपत्रदाता इष्ट वेष्ट कन्सर्न काठमाडौंको बोलपत्र रेस्पोन्सीभ भएको र बोलपत्रको मूल्यांकन समितिबाट स्पेशिफिकेशन बमोजिम प्राविधिक रुपमा उपयुक्त छ भनी स्वीकृतिको लागि सिफारिस गरिएको तथा अनुसन्धान अधिकृतबाट उक्त उपकरणलाई स्थलगत निरीक्षण गरी हेर्दा समेत मूल्यांकन समितिले गरेको सिफारिस बमोजिम नै रहेको हुँदा ईष्ट वेष्ट कन्सर्न काठमाडौंको उक्त बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम नै रहेको पाइएको र उक्त उपकरण खरिद प्रकृयामा बजेट तथा कार्यक्रममा मात्र आधारित रही बोलपत्रको सूचना जारी गरेको देखिएकोले अनियमितता भएको पाइएन । तसर्थ आयोगको २०६६।३।१५ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

२१. पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समिति, पोखराका अध्यक्ष सोमतसिंह तुलाचनले टेण्डर स्वीकृत गर्दा ५० लाख घुस खाएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान गर्दा संकलन हुन आएका कागजात, स्थलगत निरीक्षण प्रतिवेदन तथा सम्वन्धित व्यक्तिको वयान समेतको अध्ययनबाट अस्पतालको आम्दानीलाई कम हुन नदिई स्वावलम्वी बनाई अस्पतालको विकास गर्न पश्चिमाञ्चल क्षेत्रीय अस्पताल आर्थिक प्रशासन नियमावली, २०६३ मा भएको व्यवस्था बमोजिम नियमानुसार टेण्डर प्रकृयामा गै अस्पतालको लक्ष्य भन्दा अधिकतम रकम रु. १०,२१,१२१।- वोलकवोल गर्ने यतिमेड कन्सर्न पोखरालाई औषधी बिक्री कक्ष भाडामा दिने निर्णय गर्ने गरी भएको निर्णय कानून विपरीत भएको भन्ने देखिएन अत: पछि अन्य कागज प्रमाणबाट थप पुष्टी हुन आएमा ठहरे बमोजिम हुने गरी हाललाई प्रस्तुत उजूरी आयोगको २०६६।३।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा वैध आयस्रोत भन्दा बढी सम्पत्ति भएकोले छानबिन हुनुपर्ने भनिएका तथा आयोगलाई अन्य स्रोतबाट प्राप्त भएका जानकारी एवं उजूरीहरू समेतबाट गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनस्तर व्यतित गरिरहेका भनिएका देहायका व्यक्तिहरूको सम्पत्ति तथा त्यसको स्रोत सम्बन्धमा छानबिन गर्न आयोगबाट विभिन्न मितिमा विभिन्न अनुसन्धान

अधिकृत नियुक्ति गरियो । राष्ट्र सेवकले पेश गरेको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिएमा वा मनासिव कारण बिना अमिल्दो र अस्वाभाविक जीवन स्तर यापन गरेमा वा आफ्नो हैसियत भन्दा बढी दान दातव्य दिएकोमा त्यस्तो सम्पत्तिको स्रोत निजले नै प्रमाणित गर्नुपर्नेछ भन्ने भ्रष्टाचार निवारण ऐनको व्यवस्थाको मर्मलाई समेत ध्यानमा राखी छानविन गर्दा निजहरूले सगोलको सम्पत्तिबाट बढे बढाएको, अंश बापत प्राप्त गरेको, दान, दातव्य, दाइजो, पेवा, उपहार, कृषि आय, घर बहाल, आफ्नो तथा परिवारका अन्य सदस्यहरूको पारिश्रमिक, विदेशमा सभा, सम्मेलन, गोष्ठी, तालिम, अध्ययनमा भाग लिई वा काम गरी बचत गरी ल्याएको रकम आदि आम्दानीका वैध स्रोतबाट प्राप्त रकमको अनुपातमा निजहरूले आर्जन गरेको चल अचल सम्पत्ति तथा अन्य खर्चहरू समेतको हिसाब गर्दा निजहरूको स्रोत खुलेको आयको तुलनामा अनुसन्धानबाट खुल्न आए सम्मका प्रमाणहरूबाट देखिएको कुल सम्पत्ति स्वाभाविक नै देखिन आई अमिल्दो र अस्वाभाविक देखिन/खुल्न नआएको प्रतिवेदन फायल संलग्न भई निर्णयार्थ आयोगका विभिन्न बैठकहरूमा पेश भएकोमा पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुनः अनुसन्धान लगायत कानून बमोजिमका कारबाहीहरू हुने नै हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम देहायका व्यक्तिहरूको अनुसन्धान कारबाहीको फायल हाल तामेलीमा राखिएको छ ।

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
१.	२०६५।४।२	पुष्कर कुमार न्यौपाने	अधिकृत (द्वितिय)	राष्ट्रिय सहकारी बिकाश बोर्ड अन्तर्गत
२.	२०६५।४।२	मधुसुदन खड्का	खरिदार	भंसार कार्यालय, रसुवा अन्तर्गत
३.	२०६५।४।६	बुद्धिराम धिताल	अधिकृत (द्वितिय)	दुग्ध बिकास संस्थान अन्तर्गत
४.	२०६५।४।६	विश्वराज पाण्डे	प्रमुख कर अधिकृत	आन्तरिक राजश्व कार्यालय, पोखरा अन्तर्गत
५.	२०६५।४।१४	शान्ता उप्रेती	सह व्यवस्थापक	राष्ट्रिय वीमा संस्थान अन्तर्गत
६.	२०६५।४।१४	आत्माराम फुंयाल	मुखिया	तातोपानी भन्सार कार्यालय अन्तर्गत
७.	२०६५।४।१४	केशरमान ताम्राकार	सि.ई.	राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय अन्तर्गत
८.	२०६५।४।१४	कुमार के.सी.	शाखा अधिकृत	नेपाल औद्योगिक विकास निगम अन्तर्गत
९.	२०६५।४।१४	सोम प्रसाद शर्मा	खरिदार	राजापुर भन्सार कार्यालय, बर्दिया
१०.	२०६५।४।२१	नारायणप्रसाद भट्टराई	अमिन	नापी शाखा, गोरखा

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
११.	२०६५।४।२७	दुर्गाबहादुर बस्नेत	लेखापाल	भूमिगत जलश्रोत परियोजना, विराटनगर
१२.	२०६५।५।४	भरतबहादुर के.सी.	उप निर्देशक	नेपाल आयल निगम अन्तर्गत
१३.	२०६५।५।५	सुनिल कुमार पोखरेल	ईन्जिनियर	नेपाल दूर सञ्चार संस्थानका अन्तर्गत
१४.	२०६५।५।१०	रमेशबहादुर ढकाल	शाखा अधिकृत	आन्तरिक राजश्व विभागका अन्तर्गत
१५.	२०६५।५।१५	मनोजकुमार गौतम	ना. सु.	राजश्व अनुसन्धान विभागका अन्तर्गत
१६.	२०६५।५।२४	रिता ढुङ्गेल	नायव मुख्य अधिकृत	राष्ट्रिय वाणिज्य वैंक अन्तर्गत
१७.	२०६५।५।२४	केदार प्रसाद कोइराला	ना.सु.	अर्थ मन्त्रालय अन्तर्गत
१८.	२०६५।५।२४	फणिन्द्रबहादुर सुनुवार	ना.सु.	राजश्व अनुसन्धान विभाग अन्तर्गत
१९.	२०६५।५।२४	कमलप्रसाद रेग्मी	ना.सु.	अध्यागमन बिभाग अन्तर्गत
२०.	२०६५।५।२४	गोविन्दप्रसाद उपाध्याय घिमिरे	ना.सु.	गृह मन्त्रालय अन्तर्गत
२१.	२०६५।५।२७	किशोर मान प्रधान	इन्जिनियर	नेपाल खानेपानी संस्थान अन्तर्गत
२२.	२०६५।५।२७	केशव राज शर्मा	ना.सु.	आन्तरिक राजश्व विभाग अन्तर्गत
२३.	२०६५।६।६	दिपक अधिकारी	शाखा अधिकृत	वीरगंज भन्सार कार्यालय
२४.	२०६५।६।९	खगेन्द्र प्रसाद अर्याल	इलाका प्रवन्धक	पश्चिमाञ्चल ग्रामिण विकास बैंक, बुटवल
२५.	२०६५।६।९	राधेश्याम श्रेष्ठ	निर्देशक	नेपाल राष्ट्र बैंक अन्तर्गत
२६.	२०६५।६।९	ईश्वर प्रसाद	सहायक प्रवन्धक	नेपाल खानेपानी संस्थान अन्तर्गत
२७.	२०६५।६।१२	सीर बहादुर घिमिरे	ईन्जिनीयर	सडक विभाग अन्तर्गत

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
२८.	२०६५।६।१३	सिताराम पोखरेल	प्रवन्धक	नेपाल आयल निगम अन्तर्गत
२९.	२०६५।६।१३	प्रकाशप्रसाद तिमिल्सिना	कर अधिकृत	आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. ३ अन्तर्गत
३०.	२०६५।६।१३	भगवती प्रसाद देव	नापी अधिकृत	नापी शाखा, डिल्लीबजार
३१.	२०६५।६।२६	केदार बहादुर कार्की	खरिदार	राजस्व अनुसन्धान पश्चिम इ. कार्यालय, बुटवल
३२.	२०६५।७।५	मणिराम वर्मा	लेखापाल	जिल्ला हुलाक कार्यालय, डोल्पा
३३.	२०६५।७।६	कृष्ण प्रसाद ढुंगाना	शाखा अधिकृत	स्थलरुप नापी महाशाखा अन्तर्गत
३४.	२०६५।७।६	पुरुषोत्तम सुवेदी	शाखा अधिकृत	उद्योग विभाग अन्तर्गत
३५.	२०६५।७।२०	शम्भु प्रसाद सापकोटा	शाखा अधिकृत	अर्थ मन्त्रालय अन्तर्गत
३६.	२०६५।७।२०	भरतप्रसाद पोखरेल	ना.सु.	अर्थ मन्त्रालय अन्तर्गत
३७.	२०६५।७।२०	रमेशमान प्रधान	ईन्जीनियर	नेपाल खानेपानी संस्थान अन्तर्गत
३८.	२०६५।७।२१	लक्ष्मण बस्नेत	लेखा अधिकृत	नेपाल खानेपानी संस्थान अन्तर्गत
३९.	२०६५।७।२१	सुरेन्द्र राज पौडेल	ना.सु.	आन्तरिक राजश्व विभाग अन्तर्गत
४०.	२०६५।७।२१	गोविन्द प्रसाद ढकाल	लेखा अधिकृत	केन्द्रीय कारागार कारखाना अन्तर्गत
४१.	२०६५।७।२२	मुकुन्दहरी नेपाल	खरिदार	अर्थ मन्त्रालय अन्तर्गत
४२.	२०६५।७।२५	वच्चुराम कार्की	शाखा अधिकृत	मालपोत कार्यालय, पर्सा
४३.	२०६५।८।२	भीमप्रसाद घिमिरे	शाखा अधिकृत	आन्तरिक राजश्व कार्यालय, पर्सा
४४.	२०६५।८।२	केदार प्रसाद उप्रेती	ना.सु.	भन्सार कार्यालय, जनकपुर
४५.	२०६५।८।२	डोल प्रसाद अर्याल	लेखा अधिकृत	रक्षा लेखा नियन्त्रक कार्यालय अन्तर्गत
४६.	२०६५।८।२	दीपेन्द्र शर्मा पौडेल	खरिदार	भन्सार कार्यालय, नेपालगन्ज

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
४७.	२०६५।८।१७	युवराज कंडेल	नायव मुख्य अधिकृत	राष्ट्रिय वाणिज्य वैंक
४८.	२०६५।८।१८	गंगा प्रसाद सुवेदी	ना.सु.	आन्तरिक राजस्व विभाग अन्तर्गत
४९.	२०६५।८।१८	यज्ञराज भट्ट	शाखा अधिकृत	गृह मन्त्रालय अन्तर्गत
५०.	२०६५।८।१९	गुणराज सुवेदी	भन्सार अधिकृत	भन्सार कार्यालय, विराटनगर
५१.	२०६५।८।१९	काजी वावु कोइराला	ना.सु.	भन्सार बिभाग अन्तर्गत
५२.	२०६५।८।१९	परशुराम कर्माचार्य	ना.सु.	त्रिभुवन विमानस्थल भन्सार कार्यालय
५३.	२०६५।८।१९	फणिन्द्रराज अर्याल	ना.सु.	त्रिभुवन विमानस्थल भन्सार कार्यालय
५४.	२०६५।८।२९	मोहन प्रसाद संग्रौला	ईन्जीनियर	सिंचाई विभाग अन्तर्गत
५५.	२०६५।८।२९	श्रीनारायण यादव	तथ्यांक अधिकृत	त्रिभुवन विमानस्थल भन्सार कार्यालय
५६.	२०६५।८।२९	हरिराज श्रेष्ठ	शाखा अधिकृत	सूचना विभाग अन्तर्गत
५७.	२०६५।९।३	पूर्णकान्त घिमिरे	ना.सु.	गृह मन्त्रालय अन्तर्गत
५८.	२०६५।९।६	विनोद कुमार चौधरी	सर्वेक्षक	खगोल तथा भू-मापन महाशाखा, मीनभवन
५९.	२०६५।९।१४	निरु वावा जोशी	नायव मुख्य अधिकृत	राष्ट्रिय वाणिज्य वैंक अन्तर्गत
६०.	२०६५।९।१६	अशोक कुमार झा	इन्जिनियर	स्थानीय विकास मन्त्रालय अन्तर्गत
६१.	२०६५।९।२०	श्रीकृष्ण प्रसाद प्रसाई	अनुसन्धान अधिकृत	राजश्व अनुसन्धान पश्चिमाञ्चल इकाइ कार्यालय, वुटवल
६२.	२०६५।९।२२	रमेशनाथ पाण्डे	पूर्व मन्त्री	परराष्ट्र मन्त्रालय
६३.	२०६५।९।२४	कीर्तिनाथ सुवेदी	ना.सु.	अर्थ मन्त्रालय अन्तर्गत

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
६४.	२०६५।९।२८	शरद कुमार प्रधान	कर अधिकृत	आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ काठमाण्डौं
६५.	२०६५।९।२८	अशोक साह	नापी निरीक्षक	३ नं. नापी गोश्वारा, रुपन्देही
६६.	२०६५।१०।५	पाण्डु कुमार प्रसाई	निर्देशक	नेपाल औद्योगिक विकास निगम अन्तर्गत
६७.	२०६५।१०।५	गणेश प्रसाद पाठक	इन्जिनियर	नेपाल गुणस्तर तथा नापतौल विभाग अन्तर्गत
६८.	२०६५।१०।५	महेश कुमार काफ्ले	शाखा अधिकृत	काठमाण्डौं महानगर पालिका अन्तर्गत
६९.	२०६५।१०।५	आनन्दराज ढकाल	कार्यकारी अधिकृत	बुटवल नगरपालिका
७०.	२०६५।१०।६	मोतिकृष्ण खरेल	सह-लेखा अधिकृत	राष्ट्रिय वाणिज्य वैंक अन्तर्गत
७१.	२०६५।१०।७	रघुनाथ आचार्य	खरिदार	अर्थ मन्त्रालय अन्तर्गत
७२.	२०६५।१०।८	राजन कुमार रेग्मी	ना.सु.	आन्तरिक राजस्व कार्यालय, काठमाडौं २
७३.	२०६५।१०।९	भरतराज पोखरेल	लेखापाल	राजश्व प्रशासन तालीम केन्द्र, पुल्चोक
७४.	२०६५।१०।९	जागेश्वर महासेठ	इन्जिनियर	नेपाल विद्युत प्रधिकरण
७५.	२०६५।१०।१०	प्रकाश गम्भीर सिंह रायमाझी	सह व्यवस्थापक	विमा संस्थान
७६.	२०६५।१०।२६	कृष्ण प्रसाद गौडेल	नापी निरीक्षक	कित्ता नापी महाशाखा, मीनभवन
७७.	२०६५।१०।२९	डम्वर वहादुर खत्री	कर अधिकृत	आन्तरिक राजश्व विभाग
७८.	२०६५।११।४	त्रैलोक्यमान श्रेष्ठ	ना.सु.	आन्तरिक राजस्व कार्यालय, भक्तपुर
७९.	२०६५।११।१३	कृष्ण बहादुर राना	ना.सु.	त्रिभुवन विमानस्थल भन्सार कार्यालय
८०.	२०६५।११।१३	लक्ष्मण बहादुर जि.सी.	ना.सु.	अर्थ मन्त्रालय अन्तर्गतबाट अनिवार्य अवकाश प्राप्त

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
८१.	२०६५।११।२१	राधाकृष्ण श्रेष्ठ	लेखापाल	कोष तथा लेखा नियन्त्रक कार्यालय, मकवानपुर
८२.	२०६५।११।२५	लिलानाथ त्रिपाठी	शाखा अधिकृत	सहकारी विभाग अन्तर्गत
८३.	२०६५।११।२५	डिल्ली प्रसाद दाहाल	नापी निरिक्षक	खगोल तथा भूमापन महाशाखा
८४.	२०६५।१२।२	मैंया कंडेल	ना.सु.	गृह मन्त्रालय अन्तर्गत
८५.	२०६५।१२।२	लेखनाथ शर्मा पौडेल	ना.सु.	अर्थ मन्त्रालय अन्तर्गतबाट अनिवार्य अवकाश प्राप्त
८६.	२०६५।१२।९	सन्तोष कुमार झा	सहायक प्रवन्धक	नेपाल विद्युत प्राधिकरण
८७.	२०६५।१२।१६	ललितप्रसाद नेपाल	इन्जिीनियर	शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, कास्की
८८.	२०६५।१२।१८	राजाराम बस्नेत	शाखा अधिकृत	वाणिज्य कार्यालय, बाँके
८९.	२०६५।१२।१८	कृष्ण प्रसाद उपाध्याय	शाखा अधिकृत	वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत
९०.	२०६५।१२।२०	पुष्परमण पोखरेल	शाखा अधिकृत	वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत
९१.	२०६५।१२।२०	सतिश कुमार कर्ण	ईन्जिनियर	नेपाल विद्युत प्राधिकरण
९२.	२०६५।१२।२३	राजेन्द्र प्रसाद गौतम	शाखा अधिकृत	भन्सार विभाग अन्तर्गत
९३.	२०६५।१२।२४	हरिशरण देउजा	शाखा अधिकृत	त्रि. वि. अध्यागमन कार्यालय, गौचरण
९४.	२०६५।१२।२५	हिम बहादुर गुरुङ्ग	ना.सु.	भन्सार विभाग अन्तर्गत
९५.	२०६५।१२।२८	लक्ष्मण बस्नेत	खरिदार	मालपोत कार्यालय, चावहिल
९६.	२०६५।१२।३०	खेमराज शर्मा सुवेदी	ना.सु.	अर्थ मन्त्रालय अन्तर्गतबाट सेवा निवृत्त

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
९७.	२०६६।१।३	पदम प्रसाद अर्याल	ना.सु.	भन्सार कार्यालय, भैरहवा
९८.	२०६६।१।४	विष्णु राज पुरी	ना.सु.	भन्सार कार्यालय,वीरगंज
९९.	२०६६।१।७	शिवराज जोशी	लेखा अधिकृत	राष्ट्रिय वाणिज्य बैंकबाट अनिवार्य अवकाश प्राप्त
१००.	२०६६।१।७	श्रवणकुमार पोखरेल	ना.सु.	गृह मन्त्रालय अन्तर्गत
१०१.	२०६६।१।८	गणेश प्रसाद लुंईटेल	लेखा अधिकृत	बागमती सिचाई आयोजना, सर्लाही
१०२.	२०६६।१।८	वेदप्रसाद खनाल	ना.सु.	राजश्व अनुसन्धान बिभाग
१०३.	२०६६।१।९	दिनेश प्रसाद पौडेल	खरिदार	भन्सार कार्यालय, नेपालगंज
१०४.	२०६६।१।९	गंगा लम्साल (पौडेल)	खरिदार	आन्तरिक राजश्व कार्यालय, क्षेत्र नं. १, बबरमहल
१०५.	२०६६।१।९	घनश्याम खनाल	लेखा अधिकृत	जिल्ला विकास समितिको कार्यालय, ललितपुर
१०६.	२०६६।१।१३	भोला प्रसाद जोशी सेढांई	ना.सु.	वैदेशिक हुलाक
१०७.	२०६६।१।१३	माधवराज ज्ञवाली	लेखा अधिकृत	केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र
१०८.	२०६६।१।१५	प्रदिप प्रसाद गजुरेल	शाखा अधिकृत	त्रिभुवन विमानस्थल भन्सार कार्यालय
१०९.	२०६६।१।१६	मन्जु निरौला (रिजाल)	सहलेखापाल	कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुर
११०.	२०६६।१।१६	हरिभक्त पोखरेल	ना.सु.	जिल्ला प्रशासन कार्यालय, धनकुटा
१११.	२०६६।१।१७	दीपक प्रसाद देवकोटा	मेकानिकल इन्जिनियर	यातायात व्यवस्था विभाग अन्तर्गत
११२.	२०६६।१।२४	कुम्भराज जोशी	खरिदार	भंसार कार्यालय, कैलाली

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
११३.	२०६६।१।२८	योग बहादुर चन्द	ना.सु.	भंसार कार्यालय, विराटनगर
११४.	२०६६।१।२८	मधुसुदनराज भट्टराई	शाखा अधिकृत	भंसार बिभाग अन्तर्गतबाट अनिवार्य अवकाश प्राप्त
११५.	२०६६।१।२८	शैलेन्द्र कुमार अधिकारी	ना.सु.	भंसार कार्यालय, विराटनगर
११६.	२०६६।१।२९	सीताराम यादव	ईन्जिनियर	पश्चिमाञ्चल सिंचाई डिभिजन नं.३, पाल्पा
११७.	२०६६।१।३१	केशव बहादुर थापा	शाखा अधिकृत	भंसार बिभाग अन्तर्गतबाट अनिवार्य अवकाश प्राप्त
११८.	२०६६।१।३१	गोकुलप्रसाद तिमिल्सिना	ना.सु.	नापी बिभागबाट स्वेच्छिक अवकाश
११९.	२०६६।२।१	राजेन्द्र बुढाथोकी	शाखा अधिकृत	मालपोत कार्यालय, डिल्लबिजार
१२०.	२०६६।२।१	अमर राय	पशु विकास अधिकृत	क्षेत्रिय पशु निर्देशनालय, ललितपुर
१२१.	२०६६।२।३	भवानी प्रसाद थानी	शाखा अधिकृत	श्रम तथा यातायात मन्त्रालय अन्तर्गत
१२२.	२०६६।२।५	दिनेशकुमार श्रेष्ठ	ना.सु.	आन्तरिक राजस्व कार्यालय, हेटौंडा
१२३.	२०६६।२।५	सिता गुरुङ्ग	लेखा अधिकृत	नेपाल वायु सेवा निगम
१२४.	२०६६।२।६	डिल्लीराम पोखरेल	शाखा अधिकृत	भूमिसुधार विभाग, बबरमहल
१२५.	२०६६।२।६	राजन कार्की	ना.सु.	आन्तरिक राजश्व विभाग, लाजिम्पाट
१२६.	२०६६।२।६	पर्शुराम के.सी.	नापी निरीक्षक	कित्ता नापी महाशाखा
१२७.	२०६६।२।६	बेद प्रसाद शर्मा	ना.सु.	त्रिभुवन विमानस्थल भन्सार कार्यालय
१२८.	२०६६।२।७	छविन्द्र प्रसाद आचार्य	अमिन	कित्ता नापी महाशाखा

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
१२९.	२०६६।२।१०	जितेन्द्र प्रसाद यादव	अमिन	९नं. नापी गोश्वारा, विराटनगर
१३०.	२०६६।२।११	भरतवंशी चूडाल	ना.सु.	आन्तरिक राजश्व बिभाग अन्तर्गतबाट अनिवार्य अवकाश प्राप्त
१३१.	२०६६।२।१२	जुद्ध रुम्दाली	ना.सु.	त्रिभुवन विमानस्थल भन्सार कार्यालय
१३२.	२०६६।२।१९	शिशिर धिमिरे	शाखा अधिकृत	अर्थ मन्त्रालय अन्तर्गत
१३३.	२०६६।२।२०	साधुराम खड्का	ना.सु.	सर्वोच्च अदालत
१३४.	२०६६।२।२५	केदार खड्का क्षेत्री	लेखापाल	यातायात व्यवस्था विभाग
१३५.	२०६६।२।२५	श्रीकृष्ण महर्जन	मेकानिकल सुपरभाइजर	यातायात व्यवस्था कार्यालय(हाल निलम्बित)
१३६.	२०६६।३।४	श्रीराम दाहाल	शाखा अधिकृत	कौशी तोषाखाना कार्यालय
१३७.	२०६६।३।४	उद्धव प्रसाद गजुरेल	डिट्ठा	जिल्ला अदालत, काठमाण्डौं
१३८.	२०६६।३।५	गणपति कंडेल	ना.सु.	त्रिभुवन विमानस्थल भन्सार कार्यालय
१३९.	२०६६।३।८	विजय लाल कतिला	ना.सु.	आन्तरिक राजश्व कार्यालय, कपिलवस्तु
१४०.	२०६६।३।९	सुरेन्द्र कुमार श्रेष्ठ	शाखा अधिकृत	राजश्व अनुसन्धान विभाग
१४१.	२०६६।३।११	अनमोल कुमार दाहाल	ना.सु.	आन्तरिक राजश्व कार्यालय, ललितपुर
१४२.	२०६६।३।१४	भरत गिरी	शाखा अधिकृत	भंसार कार्यालय, विराटनगर
१४३.	२०६६।३।१६	दिप बहादुर अधिकारी	ना.सु.	त्रिभुवन विमानस्थल भन्सार कार्यालय
१४४.	२०६६।३।२३	ठाकुर बहादुर सिलवाल	ईजलाश अधिकृत	पुनरावेदन अदालत, पाटन
१४५.	२०६६।३।२४	ध्रुव प्रधान	तथ्याङ्क अधिकृत	केन्द्रिय तथ्याङ्क विभाग

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
१४६.	२०६६।३।२८	देवराज ढकाल	शाखा अधिकृत	सामान्य प्रशासन मन्त्रालय
१४७.	२०६६।३।२८	पवन खनाल	कर अधिकृत	अर्थ मन्त्रालय अन्तर्गत
१४८.	२०६६।३।२८	प्रद्युम्नहरि श्रेष्ठ	ए.टे.(रा.प.अ.प्र.)	त्रिभुवन विमानस्थल भन्सार कार्यालय
१४९.	२०६६।३।२८	रामप्रसाद भट्टराई	ना.सु.	आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. १
१५०.	२०६६।३।३०	राजु गौतम	ना.सु.	जिल्ला विकास समिति, भक्तपुर
१५१.	२०६६।३।३१	राजाभक्त मल्ल	सर्भेक्षक	नापी विभाग
१५२.	२०६६।३।३१	शालिक राम सुवेदी	टा.ना.सु.	भंसार विभाग अन्तर्गत

२०६१ साल माघ १९ गतेपछि राजनीतिक दलहरुद्वारा संचालित शान्तिपूर्ण जनआन्दोलनका क्रममा भएका धनजनको क्षति, त्यस क्रममा भएको राष्ट्रिय ढुकुटीको दुरुपयोग, सत्ता, शक्ति र पदको दुरुपयोग र मानव अधिकारको उल्लंघन लगायतका कार्यको छानविन गरी सत्यतथ्य पत्ता लगाउने र दोषीउपर के कस्तो कारबाही गर्नु पर्ने हो सो सम्बन्धमा राय ठहर सहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६३।१।२२ को निर्णयानुसार सर्वोच्च अदालतका पूर्व न्यायाधिश श्री कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ ले पेश गरेको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा शान्तिपूर्ण जनआन्दोलनको निर्ममतापूर्वक दमन गर्ने प्रयोजनका लागि राष्ट्रिय ढुकुटीको दुरुपयोग, हिनामिना तथा सत्ता, शक्ति र पदको दुरुपयोग सम्बन्धमा प्रतिवेदनको परिच्छेद १२ मा उल्लेख भएका तत्कालिन मन्त्रिपरिषदका सदस्य तथा राजनीतिक नियुक्तिका पदहरुमा बहाल रहेका व्यक्तिहरुलाई आवश्यक कारबाहीका लागि यस आयोगमा पठाउने गरी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६३।१०।२५ को निर्णयानुसार उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ को प्रतिवेदनको परिच्छेद १२ र सो सँग सम्बन्धित कागजात यस आयोग समक्ष प्राप्त भई कारवाई हुंदा विवादमा परेका देहायका तत्कालिन क्षेत्रीय प्रशासक, अन्चल प्रशासक र सार्वजनिक पद धारण गरेका अन्य राष्ट्र सेवकहरु सम्वन्धी अनुसन्धान प्रतिवेदन फायल निर्णयार्थ आयोगका विभिन्न बैठकहरूमा पेश भएकोमा निजहरुले गरेको कार्य प्रचलित कानून र तत्कालिन सरकारको नीति तथा नियमको परिधि भित्र रही गरेको देखिएको तर पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुनः अनुसन्धान लगायत कानून बमोजिमका कारबाहीहरू हुने नै हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम देहायका व्यक्तिहरूको अनुसन्धान कारबाहीको फायल हाल तामेलीमा राखिएको छ ।

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
१.	२०६५।६।५	छत्र विक्रम शाह	क्षेत्रीय प्रशासक	क्षेत्रीय प्रशासन कार्यालय, पश्चिमान्चल
२.	२०६५।६।५	गणेश शेरचन	क्षेत्रीय प्रशासक	क्षेत्रीय प्रशासन कार्यालय, सुदूर पश्चिमान्चल
३.	२०६५।६।५	जगदिश खड्का	क्षेत्रीय प्रशासक	क्षेत्रीय प्रशासन कार्यालय, पूर्वान्चल
४.	२०६५।६।५	मृगेन्दकुमार सिंह यादव	क्षेत्रीय प्रशासक	क्षेत्रीय प्रशासन कार्यालय, मध्य पश्चिमान्चल
५.	२०६५।६।५	रबिन्द्र चक्रवर्ती	क्षेत्रीय प्रशासक	क्षेत्रीय प्रशासन कार्यालय, मध्यमान्चल
६.	२०६५।६।५	जनक जंगली	अंचल प्रशासक	अंचल प्रशासन कार्यालय, जनकपुर
७.	२०६५।६।५	रामकुमार सुब्बा	अंचल प्रशासक	अंचल प्रशासन कार्यालय, सगरमाथा
८.	२०६५।६।५	रामजी विष्ट	अंचल प्रशासक	अंचल प्रशासन कार्यालय, धवलागिरी
९.	२०६५।६।५	उत्तम कुमार टमटा	अंचल प्रशासक	अंचल प्रशासन कार्यालय, कर्णाली
१०.	२०६५।६।५	रण बहादुर चन्द	अंचल प्रशासक	अंचल प्रशासन कार्यालय, कोशी
११.	२०६५।६।५	श्याम किशोर प्रसाद सिंह	अंचल प्रशासक	अंचल प्रशासन कार्यालय, मेची
१२.	२०६५।६।५	रामकृष्ण पन्त	अंचल प्रशासक	अंचल प्रशासन कार्यालय, लुम्बिनी
१३.	२०६५।६।५	ललित बहादुर थापा	अंचल प्रशासक	अंचल प्रशासन कार्यालय, राप्ती
१४.	२०६५।६।५	महेन्द्रमान व्यथित	अंचल प्रशासक	अंचल प्रशासन कार्यालय, महाकाली
१५.	२०६५।६।५	मीनबहादुर पाल	अंचल प्रशासक	अंचल प्रशासन कार्यालय, भेरी
१६.	२०६५।६।५	कुमार बहादुर कार्की	अंचल प्रशासक	अंचल प्रशासन कार्यालय, गण्डकी
१७.	२०६५।८।२६	प्यारजंग थापा	प्रधान सेनापति	शाही जंगी अड्डा
१८.	२०६५।१०।१९	मेघनाथ काफ्ले	कार्यकारी अधिकृत	सिद्धार्थनगर नगरपालिका
१९.	२०६५।१२।२५	कृष्णबहादुर चौधरी	सभापति	जिल्ला विकास समिति, कपिलवस्तु

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
२०.	२०६६।२।१	बसन्त कुमार थापा	सभापति	जिल्ला विकास समिति, सुर्खेत
२१.	२०६६।२।३	लिलानाथ न्यौपाने	कार्यकारी अधिकृत	विदुर नगरपालिका, नुवाकोट
२२.	२०६६।२।३	चम्पक सुनुवार	सभापति	जिल्ला विकास समिति, ओखलढुंगा
२३.	२०६६।२।७	यदुप्रसाद पन्थी	कार्यकारी अधिकृत	नगरपालिका कार्यालय, हेटौंडा
२४.	२०६६।२।७	मनसुमन श्रेठ	प्रमुख	नगरपालिका कार्यालय, धुलिखेल
२५.	२०६६।२।१३	निलप्रसाद भण्डारी	सभापति	जिल्ला विकास समिति, सिन्धुपाल्चोक
२६.	२०६६।२।२९	हरी बहादुर बि.सी.	कार्यकारी अधिकृत	नगरपालिका कार्यालय, जनकपुर
२७.	२०६६।२।३१	खड्ग प्रसाद पालुङ्गवा	प्रमुख	नगरपालिका कार्यालय, धरान
२८.	२०६६।३।४	उदय बहादुर राना	नि.कार्यकारी अधिकृत	विदुर नगरपालिका कार्यालय, नुवाकोट
२९.	२०६६।३।१६	नारायण ज्ञवाली	कार्यकारी अधिकृत	विराटनगर उपमहानगरपालिका कार्यालय, विराटनगर
३०.	२०६६।३।१८	पृथ्वी बहादुर तुम्वाहाङ्फे	सभापति	जिल्ला विकास समिति, तेह्रथुम
३१.	२०६६।३।२२	श्रवण कुमार सिंह	नगरप्रमुख	वीरेन्द्रनगर नगरपालिका
३२.	२०६६।३।२२	तेज बहादुर भण्डारी	नगरप्रमुख	महेन्द्रनगर नगरपालिका
३३.	२०६६।३।२९	इन्द्रप्रसाद कार्की	कार्यकारी अधिकृत	नेपालगंज नगरपालिका
३४.	२०६६।३।२९	पशुपति दयाल मिश्र	सभापति	जिल्ला विकास समिति, बाँके

परिच्छेद - १५
आयोगका अन्य गतिविधि

क) अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा अध्ययन भ्रमण :

१. युक्रेनको किभमा ३-६ अक्टोबर, २००८ सम्म आयोजना भएको IAACA को 3rd Annual Conference मा आयोगका मा. आयुक्त श्री वेदप्रसाद सिवाकोटीको नेतृत्वमा सचिव श्री भगवतीकुमार काफ्ले, सहन्यायाधिवक्ता श्री राजेन्द्रकुमार पोखरेल समेतको ३ सदस्यीय प्रतिनिधिमण्डलले भाग लिएको थियो ।

२. आयोगका माननीय कार्यवाहक प्रमुख आयुक्त श्री ललितबहादुर लिम्बुको नेतृत्वमा सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल समेतको २ सदस्यीय प्रतिनिधिमण्डलले सिंगापुरमा २४-२५ नोभेम्बर, २००८ मा भएको ADB/OECD को १२ औं Steering group meeting तथा सोही स्थानमा २६-२८ सम्म भएको छैटौं Regional Anti Corruption Conference for Asia and the Pacific नामक सम्मेलनमा भाग लिएको थियो ।.

३. भारतको दिल्लीमा २-१८ फेब्रुअरी, २००९ सम्म सञ्चालन भएको Public procurement सम्बन्धी तालिममा आयोगका सहसचिव श्री इश्वरीप्रसाद पौड्यालले भाग लिनुभएको थियो ।

४. माननीय आयुक्त श्री वेदप्रसाद सिवाकोटीको नेतृत्वमा उपसचिव श्री कृष्णप्रसाद पौडेल समेतको २ सदस्यीय प्रतिनिधिमण्डलले मकाओमा २३-२४ मार्च, २००९ सम्म आयोजना भएको ADB/OECD को १३ औं Steering Group Meeting र २५-२७ मार्च, २००९ मा सोही स्थानमा भएको Regional Seminar on good practice in Corruption Prevention मा भाग लिएको थियो ।

५. आयोगका माननीय कार्यवाहक प्रमुख आयुक्त श्री ललितबहादुर लिम्बुले २-७ मे, २००९ सम्म फ्रान्सको पेरिसमा सम्पन्न भएको Organization for Economic Cooperation and Development (OECD) को Public Governance विषयक Global Forum को बैठकमा भाग लिनु भएको थियो ।

६. भारतका विभिन्न विश्वविद्यालयमा शैक्षिक प्रमाणपत्र प्रमाणीकरणका लागि मिति २०६५ फागुन २५ देखि २०६६ वैशाख ५ गतेसम्म उपसचिव श्री जानकी बल्लभ अधिकारीको नेतृत्वमा १० सदस्यीय टोली खटाइएको थियो ।

७. भारतको दरभंगामा र वनारसमा शैक्षिक प्रमाणपत्रको प्रमाणीकरण गर्न २०६६ असार २२-२८ सम्म एक एक टोली खटिएको थियो ।

(ख) आन्तरिक गतिविधिहरु :

(अ) अन्तरक्रिया र गोष्ठी :

१. २०६५ कात्तिक १७ गते नवनियुक्त क्षेत्रीय प्रशासकहरुसँग भ्रष्टाचार नियन्त्रण र सुशासन विषयक अन्तरक्रिया कार्यक्रम आयोगको सभाहलमा सम्पन्न गरियो ।

२. २०६५ कात्तिक २६ गते आयोगको सभाहलमा संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधिहरुसँग भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका एवं भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको अनुमोदनका विविध विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

३. २०६५ मंसिर ४ गते नेपाल सरकारका मुख्य सचिव र नवनियुक्त सचिवहरुको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

४.. २०६५ मंसिर २४ गते आयोगमा भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस,२००८ सम्पन्न भयो । कार्यक्रमको उद्घाटन कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री देव गुरुङले गर्नुभएको थियो । सोही अवसरमा "भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको अनुमोदनबाट हुने प्रभाव" विषयक कार्यपत्र कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री माधव पौडेल र भ्रष्टाचार नियन्त्रणमा सार्वजनिक खरिद कानूनको भूमिका विषयक कार्यपत्र सार्वजनकि खरिद अनुगमन कार्यालयका सचिव डा. ब्रजकिशोरप्रसाद शाहले गर्नुभएको थियो । उक्त कार्यक्रममा संवैधानिक अंगका प्रमुख तथा पदाधिकारी, आयोगका पूर्व प्रमुख आयुक्त तथा आयुक्तहरु, नेपाल सरकारका मुख्य सचिव र सचिवहरु,पूर्व सचिवहरु,नेपाल सरकारका उच्च अधिकारीहरु, गैर सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि र पत्रकारहरुको समेत सहभागिता रहेको थियो ।

५. २०६५ पुस १३ गते प्यूठान जिल्लामा भ्रष्टाचार नियन्त्रणमा स्थानीय जनसहभागिता विषयक अन्तरक्रिया कार्यक्रम र पुस १४ गते सोही जिल्लामा सहायकस्तरका कर्मचारीका लागि एकदिने भ्रष्टाचार नियन्त्रण विषयक कार्यक्रम सञ्चालन गरिएको थियो ।

६. २०६५ पुस १५ गते बाँके जिल्लामा माननीय अर्थमन्त्री डा. बाबुराम भट्टराईसमेतको समुपस्थितिमा महालेखा नियन्त्रक कार्यालयद्वारा आयोजित कार्यक्रममा आयोगका सचिव श्री भगवतीकुमार काफ्लेले भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका एवं गतिविधिका सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

७. २०६५ पुस १६ गते कञ्चनपुर जिल्लामा महालेखा नियन्त्रक कार्यालय र अन्य कार्यालयका कार्यालय प्रमुखहरुको गोष्ठीमा आयोगका सचिव श्री भगवतीकुमार काफ्लेले सुशासन, सदाचार र भ्रष्टाचार नियन्त्रण विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

८. २०६५ पुस १६ गते दाङ जिल्लाका सरकारी कार्यालयका प्रमुखहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि, पत्रकार र बुद्धिजीवी वीच भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका

विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो भने १७ गते सोही जिल्लामा कार्यरत सहायकस्तरका कर्मचारीहरुलाई भ्रष्टाचार नियन्त्रण विषयक १ दिने तालिम सञ्चालन गरिएको थियो ।

९. २०६५ पुस १८ गते कैलाली जिल्लास्थित कार्यालय प्रमुख,नागरिक समाज,बुद्धिजिवि,समाजसेवी,शिक्षक र पत्रकारहरुको संयुक्त सहभागीतामा आयोजित गोष्ठीमा आयोगका सचिव श्री भगवतीकुमार काफ्लेले भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

१०. २०६५ माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको १८ औं स्थापना दिवस राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यमा विविध कार्यक्रमका सांथ आयोगमा सम्पन्न गरिएको थियो । सोही अवसरमा श्रेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरुमा समेत विविध कार्यक्रमका साथ अख्तियार स्थापना दिवस सम्पन्न भएको थियो ।

११. २०६५ फागुन २ गते झापा जिल्लामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

१२. २०६५ चैत ७ गते आयोगमा नेपाल राष्ट्र बैंकका गभर्नर लगायत 'क' र 'ख' वर्गका बैंक तथा वित्तीय संस्थाका कार्यकारी प्रमुखहरुसँग सुशासन र व्यवसायिक आचारसंहिता विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

१३. २०६५ चैत १६ गते संखुवासभा जिल्लामा कार्यालय प्रमुख एवं अधिकृतस्तरका कर्मचारी, ट्रेड युनियनका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि एवं पत्रकारहरु समेतको उपस्थितिमा भ्रष्टाचार नियन्त्रण विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

१४. २०६६ वैशाख २२ गते सोलुखुम्बु जिल्लामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

१५. २०६६ जेठ १८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तत्वावधानमा नेपाल प्रशासनिक प्रंशिक्षण प्रतिष्ठान,जावलाखेल,ललितपुरमा नेपाल निजामती कर्मचारी संगठनद्वारा आयोजित कार्यक्रमका सहभागी अधिकृत एवं सहायकस्तरका कर्मचारीहरु वीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उक्त अवसरमा आयोगका सह सचिव श्री इश्वरी प्रसाद पौड्यालले भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

१६. २०६६ जेठ २७ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयोजनामा रुकुममा भ्रष्टाचार नियन्त्रणमा स्थानीय जनसहभागिताको महत्व विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

१७. २०६६ असार ४ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयोजनामा लम्जुङको बेसीसहरमा भ्रष्टाचार नियन्त्रण विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

१८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तत्वावधानमा २०६६ असार १२ गते भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय, विशेष अदालत र राष्ट्रिय सतर्कता केन्द्रले खेल्नुपर्ने समन्वयात्मक भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

आ. तालिमः

(१) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नै साधन,श्रोत र क्षमताको परिधिभित्र रही आयोगमा सरुवा भई आउने अधिकृत एवं सहायकस्तरका कर्मचारीहरुलाई आयोगको कार्य प्रक्रियाको वारेमा जानकारी दिलाउने उद्देश्यले भ्रष्टाचार नियन्त्रण सम्वन्धी आधारभूत तालिम संचालन गर्दै आएको छ । २०६१ साल चैत्रदेखि आ.व.२०६५/६६ को अन्त्यसम्ममा अधिकृतस्तरको नवौं र सहायकस्तरको छैठौं तालिम सम्पन्न भएको छ ।

(२) आयोगमा कार्यरत अधिकृत एवं सहायकस्तरका कर्मचारीहरुलाई कम्प्युटर सम्वन्धी ज्ञान दिलाई क्षमता अभिवृद्धि गर्ने अभिप्रायले आयोगको जनशक्तिवाट आयोगकै तालिम कक्षमा आधारभुत कम्प्युटर तालिम समेत संचालन हुँदै आएको छ । आ.व.२०६५/६६ सम्ममा पाँच वटा आधारभूत तालिम सम्पन्न भएका छन् ।

(३) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सामूदायीक शिक्षा कार्यक्रमलाई अभियानकोरुपमा संचालन गर्दै आएको छ । उक्त अभियानलाई सशक्त र दिगो वनाउने उद्देश्यकासांथ आवश्यक जनशक्ति तयार गर्नको लागि आयोगमा कार्यरत ४० जना अधिकृत एवं सहायकस्तरका कर्मचारीहरुलाई मिति २०६५ माघ र २०६६ जेठमा २ पटक नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल, ललितपुरमा प्रशिक्षक प्रशिक्षण (Training for Trainers) तालिम सम्पन्न भएको छ ।

इ. कार्यपत्र प्रस्तुति र छलफल :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार र अनुचित कार्यका विरुद्ध अनुसन्धान तहकिकात गर्ने/गराउने संवैधानिक निकाय हो । आयोगमा कार्यरत जनशक्ति विभिन्न सेवा/समूहका हुने र निजहरुले आयोगको कार्य प्रक्रिया अनुसार छिटोछरितो, वस्तुनिष्ठ र पारदर्शी ढङ्गले अनुसन्धान सम्पन्न गर्नु पर्ने हुँदा विभिन्न विषयको जानकारी लिनु पर्ने हुन्छ । यसै तथ्यलाई मध्यनजर गरी आयोगमा कार्यरत अनुसन्धान अधिकृतहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रायः हरेक शुक्रवार सम्बन्धित क्षेत्रका विशेषज्ञहरुवाट विविध विषयका कार्यपत्रहरु प्रस्तुत गर्ने र त्यस उपर छलफल गराउने गरिएको छ । यसै क्रममा आ.व.२०६५/६६ मा विभिन्न विषयका जम्मा १८ वटा कार्यपत्रहरु प्रस्तुत गरिएका छन् ।

ई. सदाचार रेडियो कार्यक्रम :

भ्रष्टाचार विरुद्ध सचेतना जगाउने एवं आयोगका गतिविधिहरु आम जनसमुदाय समक्ष पुऱ्याउने उद्देश्यले आ.व. २०६१।६२ देखि प्रत्येक हप्ता रेडियो नेपालवाट १५ मिनेट सदाचार रेडियो कार्यक्रम प्रसारण हुदै आएको छ। आ.व. २०६४।६५ देखि आयोगकै जनशक्तिवाट उक्त कार्यक्रम शनिवार साँझ १९:४५ वजे देखि २०:०० बजे सम्म संचालन हुदै आएको छ। यस कार्यक्रममा आयोगको गतिविधि, समाचार लगायत भ्रष्टाचार विरुद्धका सन्देशहरु प्रस्तुत गर्ने गरिन्छ। सदाचार रेडियो कार्यक्रम स्थानीय स्तरमा प्रभावकारी ढङ्गले जनता माझ सुन्न सकियोस भन्ने हेतुले उक्त कार्यक्रम हरेक आईतवार विहान ६:३० वजे देखि ६:४५ वजेसम्म नेपालका विभिन्न १४ वटा एफ.एम. रेडियो मार्फत पुनः प्रसारण गर्ने समेत व्यवस्था मिलाइएको छ।

उ. सामुदायिक शिक्षा कार्यक्रम :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५(ख)२ मा भ्रष्टाचार नियन्त्रणको लागि आयोगले विभिन्न उपायहरु अवलम्वन गर्न सक्ने व्यवस्था गरे वमोजिम आ.व २०६४/०६५ देखि आयोगले भ्रष्टाचार विरुद्धको जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम संचालन गर्दै आएको छ। यस कार्यक्रम अन्तरगत आ.व.२०६५/६६ को अन्त्यसम्म विभिन्न ७८ वटा माध्यमिक, उच्च माध्यमिक विद्यालयहरु तथा क्याम्पसका विभिन्न तहमा अध्ययनरत १०,७८३ जना विद्यार्थी, शिक्षक र कर्मचारीका साथै नागरिक समाज र नेपाल सरकारका विभिन्न २१ वटा निकायका १३५१ जना कर्मचारीहरुको सहभागितामा भ्रष्टाचार विरोधी सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न भइसकेको छ।

ऊ. खबर संकलन इकाई (Intelligence Unit) को व्यवस्था :

अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि,२०६३,को परिच्छेद ३,१३ (क) अनुसार भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी सूचना संकलन, विश्लेषण र परीक्षण गरी अनुसन्धान कार्यलाई भरपर्दो बनाउने उद्देश्यले माननीय प्रमुख आयुक्तको प्रत्यक्ष निर्देशनमा रहने गरी प्रहरी महाशाखा प्रमुखको मातहतमा आयोगमा खबर संकलन इकाई (Intelligence Unit) खडा गरिएको छ। उक्त इकाईले गोप्य खबर र सूचना संकलन गर्ने, गोप्य रुपमा निगरानी राख्ने, कार्यपद्धतिको अनुगमन/निरीक्षण गर्ने, भ्रष्टाचार र अनुचित कार्य लगायत आयोगसँग सम्बन्धित अन्य विभिन्न विषयको गोप्य सूचना संकलन गरी प्रमुख आयुक्त र सम्बन्धित आयुक्तलाई सम्प्रेषण गर्ने काम गर्दछ।

परिच्छेद - १६
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको त्रिवर्षीय (२०६४/६५-२०६६/६७) रणनीति

१. पृष्ठभूमि :

भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने राज्यको दायित्व भएको हुंदा सार्वजनिक पद धारणा गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्वन्धमा कानून बमोजिम अनुसन्धान तहकिकात गर्न वा गराउन र विशेष अदालतमा मुद्दा दायर गर्न सक्ने निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ ले निरन्तरता दिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ लगायत अन्य प्रचलित कानूनको दायराभित्र रही आयोगले आफूलाई सुम्पिएको जिम्मेवारीलाई कार्यविधि, निर्देशिका, मार्गदर्शनहरू र आचारसंहिता समेत बनाई निश्पक्षता, निर्भिकता र दृढताका सांथ निर्वाह गर्दै आएको छ । आयोगलाई आफ्नो जिम्मेवारी वहन गर्ने सिलसिलामा नेपाल सरकार लगायत अन्य क्षेत्रहरूबाट सहयोग पनि प्राप्त भइरहेको छ । विश्वव्यापी चुनौतीको रुपमा रहेको भ्रष्टाचार नियन्त्रण गर्ने कार्य आयोगको एक्लो प्रयासले मात्र संभव नहुने हुंदा यसमा राजनैतिक प्रतिवद्धता, सरकारी संयन्त्रहरू,निजी क्षेत्र र नागरिक समाजको सहयोगको आवश्यकता पर्दछ । ऐन कानूनले निर्दिष्ट गरे अनुसारका काम कारवाहीहरूलाई अझ चुस्त वनाउनको निम्ति आयोगले सर्वप्रथम २०५९ सालमा पाँच वर्षका लागि रणनीति तर्जुमा गरी सो रणनीति मुताविक काम गर्दै आएकोमा हाल तीन वर्षे रणनीति बनाई सोही आधारमा भ्रष्टाचार नियन्त्रणको कार्यलाई थप प्रभावकारी रुपमा अघि बढाइएको छ ।

२. अद्यावधिक स्थितिको समीक्षा :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रणनीति,२०५९ एवं आयोगको त्रिवर्षिय रणनीतिमा उल्लेख भए अनुसार भ्रष्टाचार नियन्त्रण सम्बन्धी काम कारवाहीमा केही महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् ।

भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमवाट कानूनी राज्यको अवधारणा मुताविक सुशासनलाई सुदृढ गरी समृद्ध मुलुक निर्माणका लागि अनुशासित समाजको निर्माण गर्न दीर्घकालिन सोंच र अनुचित कार्य एवं भ्रष्टाचारको मात्रालाई उल्लेखनीय रुपमा घटाउन प्रयास गर्ने उद्देश्य अनुरुप आयोगले दण्डात्मक,निरोधात्मक र प्रवर्द्धनात्मक क्षेत्रका कार्यलाई प्रभावकारी एवं नियमित रुपमा अगाडि वढाउदै लगेको छ ।

आयोगको त्रीवर्षिय रणनीति आ.व.२०६४।६५ मा शुरु भई आ.व.२०६५।६६ को अन्त्यसम्म आईपुग्दा आयोगले आफ्नो आन्तरिक एवं वाह्य गतिविधिप्रतिको धारणा लगायत भ्रष्टाचारको सूचकांङ्कमा केही प्रगति हासिल गरेको छ । भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी अनुसन्धान र अभियोजनलाई छिटो छरितो र तथ्यपरक वनाउने प्रयास भएको छ । भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी सूचना संकलन र विश्लेषणलाई विश्वासिलो र भरपर्दो वनाउनुका साथै आयोगको निर्णय कार्यान्वयनलाई सशक्त र प्रभावकारी वनाउने सिलसिलामा राजनैतिक दलका प्रतिनिधिहरू, नेपाल सरकारका मुख्य सचिव एवं सचिवहरू, विभागीय प्रमुखहरू, सार्वजनिक संघ संस्थाका प्रमुखहरू र वित्तीय संघ संस्थाका प्रमुखहरू समेतको संयुक्त सहभागितामा सुशासन,सदाचारिता,अनुचित कार्य र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा व्यापक छलफल र अन्तरक्रिया कार्यक्रम संचालन भई निजी क्षेत्रसमेत आयोगको काम कारवाहीप्रति सकारात्मक देखिएका छन् । भ्रष्टाचार नियन्त्रणमा आयोगलाई प्रभावकारी, विशेषज्ञता र दक्षताप्राप्त निकायको रुपमा विकास गर्दै लग्ने प्रयास भएको छ ।

Focal Point वैठकलाई नियमित तुल्याई क्षेत्रगत समस्या र विषयलाई छिटोछरितो र विश्वसनीय वनाउने प्रयास भएको छ । उजुरी संकलनका लागि Online Complaints को व्यवस्था भएको छ । यस अवधिमा सम्पत्ति सुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन,२०६४, सार्वजनिक खरिद ऐन,२०६३, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन,२०६४ र सूचनाको हक सम्बन्धी ऐन,२०६४ तथा सतर्कता केन्द्रको नियमावलीमा प्राविधिक परीक्षण विषयलाई समावेश गरी तर्जुमा गर्ने कार्यको पहल भएको छ । आचारसंहिताको निर्माण र सुशासन इकाईको गठन लगायतका विषयमा अनुगमन कार्यलाई जोड दिइएको छ । गैर सरकारी संघ संस्थाहरूसंग भ्रष्टाचार विरुद्धको सहकार्यको थालनी गरिएको छ ।

यस अवधिमा आयोगको पहलमा विभिन्न मन्त्रालय अन्तरगतका ४९ वटा विभागहरूको कार्यविधि (कार्य संचालन निर्देशिका) तयार गराई संचालनमा ल्याएको छ भने विभिन्न विषयका आन्तरिक कार्य निर्देशिका र मार्ग निर्देशिकाको निर्माण भई अनुसन्धान सम्बन्धी कार्यलाई प्रभावकारी तुल्याउने प्रयास भएको छ । त्यस्तै भ्रष्टाचार नियन्त्रणको कार्य छिटो छरितो रुपमा सम्पन्न गर्न सकियोस् भन्ने उद्देश्यले क्षेत्रीय प्रशासकहरू, प्रमुख जिल्ला अधिकारीहरू र सरकारी वकिलहरूलाई आयोगले अधिकार प्रत्यायोजन समेत गरेको छ । १० वटा जिल्लाहरूमा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा पाइलट कार्यक्रमहरू लागु गरिएको छ । स्थानीय स्तरमा भ्रष्टाचार विरुद्धको अभियानलाई सशक्त वनाउने उद्देश्यले ७५ वटै जिल्लाहरूमा स्थानीय समन्वय समितिको गठन गरी स्थानीय स्तरवाट नै भ्रष्टाचार विरोधी अभियान संचालन गरी भ्रष्टाचार नियन्त्रण गर्ने कार्यको थालनी गरिएको छ ।

आयोगमा कार्यरत अधिकृत तथा सहायकस्तरका कर्मचारीहरू लगायत अन्य सरोकारवाला निकायका कर्मचारीहरूलाई अनुसन्धान र अभियोजन सम्वन्धमा अनुशिक्षण र तालिमको व्यवस्था गरी शीप विकास र दक्षता अभिवृद्धि गर्ने प्रयास भएको छ ।

आयोगको गतिविधिलाई पारदर्शी वनाउने उद्देश्यले प्रेस भेटघाट, प्रेशविज्ञप्ती, वुलेटिन, ब्रोशियर, पम्प्लेट लगायत स्टिकरको प्रयोग र वितरणमा व्यापकता ल्याइएको छ भने भ्रष्टाचार विरुद्धको जनचेतना अभिवृद्धि गर्ने खालका प्रचार प्रसार सामग्रीको उत्पादन र वितरण गर्ने कार्यहरूमा समेत जोड दिइदै आएको छ । यसै गरी आयोगका कर्मचारी एवं पदाधिकारीहरूवाट समय समयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा सहभागिता जनाई भ्रष्टाचार नियन्त्रणको निम्ति चालिएका कदमहरूको अनुभव आदान प्रदान गरिदै आएको छ ।

अनुसन्धानसंग सम्बन्धीत विभिन्न विषय एवं ऐन कानूनका वारेमा विशेषज्ञहरू झिकाई आयोगमानै अन्तरक्रिया कार्यक्रम संचालन गर्ने कार्यको थालनी गरिएको छ । सरकारी, गैरसरकारी, नीजिक्षेत्र, उद्योगी, व्यापारी, समाजसेवी, नागरिक समाज, शिक्षक, विद्यार्थीलगायत अन्य सरोकारवालाहरूको संयुक्त सहभागितामा विभिन्न विकास क्षेत्र एवं जिल्लाहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गतिविधि/भावी रणनीति एवं भ्रष्टाचार नियन्त्रणमा स्थानीय जनसहभागिता विषयक अन्तरक्रिया/गोष्ठीको आयोजना गरी व्यापक रुपमा भ्रष्टाचार नियन्त्रण सम्बन्धी सरकारी र गैरसरकारी स्तरमा जनचेतनामूलक कार्यक्रम संचालनको थालनी गरिएको छ ।

यस अवधिमा भ्रष्टाचार विरुद्ध व्यापक जनचेतना अभिवृद्धि गर्ने र यस अभियानलाई सशक्त र दिगो वनाउने उद्देश्यका साथ भ्रष्टाचार विरुद्धको जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रमलाई अभियानको रुपमा अगाडि वढाएको छ । आ.व.२०६५।६६ को अन्त्यसम्म आईपुग्दा सरकारी, गैरसरकारी, विभिन्न संघसंस्था, नागरिक समाज, उद्योगी, व्यापारी, निजी क्षेत्र र विद्यालय समेतका गरी जम्मा १२१३४ जना यो शिक्षावाट लाभान्वित भइसकेका छन् । आयोगको गतिविधिको बारेमा जानकारी गर्ने गराउने उद्देश्यले प्रत्येक शनिवार बेलुकी ७:४५ बजे रेडियो नेपाल र आइतवार विहान ६:३० बजे उज्यालो ९० एफ.एम मार्फत विभिन्न १४ वटा एफ.एम.हरूबाट सदाचार रेडियो कार्यक्रम प्रशारण हुँदै आइरहेको छ । यसै परिप्रेक्ष्यमा आयोगको काम कारवाहीलाई बढी चुस्त र प्रभावकारी बनाउन यो तीन बर्षे रणनीति सक्षम साबित भएको छ ।

३ दीर्घकालीन सोच :

भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमवाट कानूनी राज्यको अवधारणा मुताविक सुशासनलाई सुदृढ गरी समृद्ध मुलुक निर्माणका लागि अनुशासित समाजको स्थापना गर्न सहयोग पुऱ्याउने ।

४. उद्देश्य र लक्ष्य :

(क) उद्देश्य :

राज्य संयन्त्रमा तीन वर्ष भित्र अनुचित कार्य र भ्रष्टाचारको मात्रा उल्लेखनीय रुपमा घटाउन प्रयास गर्ने ।

(ख) लक्ष्य :

१. भ्रष्टाचार नियन्त्रणको सिलसिलामा दण्डात्मक काम कारवाहीलाई समन्वयात्मक एवं सशक्त ढंगले अगाडी बढाई सुशासन कायम गर्न टेवा पुऱ्याउने ।

२. भ्रष्टाचार नियन्त्रणमा निरोधात्मक उपायहरूद्वारा प्रणालीगत सुधार गरी असल शासनलाई टेवा पुऱ्याउने ।

३. राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा भ्रष्टाचार विरुद्ध प्रवर्द्धनात्मक र जनचेतना मूलक कार्यक्रमको माध्यमबाट समाजमा सदाचार पद्धतिको निर्माण गरी सामाजिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउने ।

४. भ्रष्टाचार नियन्त्रणको मामलामा विशेषज्ञता प्राप्त निकायको रुपमा आयोगको संस्थागत सवलीकरण गर्ने ।

५. रणनीति :

१. भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी सूचना संकलन र विश्लेषण कार्यलाई भरपर्दो बनाउने ।

२. भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी अनुसन्धान र अभियोजनलाई छिटो छरितो र तथ्यपरक बनाउने ।

३. भ्रष्टाचार र अनुचित कार्यका विरुद्ध अनुसन्धान, अभियोजन र कारवाही गर्ने, आयोगको निर्णय कार्यान्वयनलाई समन्वयात्मक, सशक्त र प्रभावकारी बनाउने ।

४. भ्रष्टाचार नियन्त्रणका लागि तर्जुमा गर्नु पर्ने र परिमार्जन गर्नु पर्ने कानूनहरूका विषयमा समन्वय गर्ने ।

५. स्थानीय स्तरमा भ्रष्टाचार विरुद्धको कारवाहीलाई सशक्त बनाउने ।

६. अनियमितता र भ्रष्टाचारको दृष्टिकोणले जोखिम (Corruption Prone Zones) भनी पहिचान भएका क्षेत्रहरूलाई सदाचारको टापु (Island of Integrity) को रुपमा विकास गर्ने ।

७. विभागहरूको कार्यविधिको कार्यान्वयन र अनुगमन गर्ने गराउने ।

८. सार्वजनिक, व्यवसायिक तथा व्यापारिक समुदाय, र संगठित क्षेत्रमा आचार संहिताको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन पहल गर्ने ।

९. सार्वजनिक सेवा प्रवाहको लागि निर्धारित सूचकहरूको अनुगमन र मूल्यांकन गर्ने ।

१०. नागरिक समाज तथा गैर सरकारी संस्थाहरूको सहयोग र संलग्नतामा भ्रष्टाचार विरुद्ध शुन्य शहनशीलता अभिबृद्धि गर्दै जाने ।

११. भ्रष्टाचार र अनियमितता विरुद्ध सामुदायिक शिक्षा तथा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।

१२. भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धिका लागि प्रचार प्रसारलाई क्रमिक रुपमा विस्तार गर्दै जाने ।

१३. भ्रष्टाचार विरोधी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध र सम्पर्क को विकास र विस्तार गर्ने ।

१४. स्थानीय निकायहरू मार्फत भ्रष्टाचार विरुद्धको कार्यक्रमलाई गाउंघरसम्म पुऱ्याउने ।

१५. भ्रष्टाचार नियन्त्रण कार्यमा आयोगलाई बढी भन्दा बढी विशेषज्ञता र दक्षताप्राप्त निकायको रुपमा विकास गर्दै लग्ने ।

१६. आयोगको कार्य प्रकृति अनुरुपको कर्मचारी विकास, तालीम र काम गर्ने वातावरण (working environment) को विकास गर्ने ।

१७. आयोगको कार्यमा उपलव्धीका आधारमा कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन र पुरस्कृत गर्ने पद्धतीको विकास गर्ने ।

१८. आयोगको केन्द्रीय र स्थानीय कार्यालयहरूका लागि आवश्यक भौतिक साधन र श्रोतको व्यवस्था गर्ने ।

१९. आयोगको सूचना व्यवस्थापन प्रणालीलाई भरपर्दो बनाउन

६. तत्कालिन सात सूत्रीय रणनीति :

उल्लिखित रणनीतिलाई अझ बढी प्रभावकारी बनाई भ्रष्टाचार र अनुचित कार्यको नियन्त्रण गर्नका लागि तत्कालिन सात सूत्रीय रणनीति तय गरी सूचना संकलन, विश्लेषण, परीक्षण गर्नुका साथै निर्णयको कार्यान्वयन र जनचेतना अभिवृद्धि गर्ने कार्यलाई भरपर्दो र विश्वसनीय बनाउने प्रयास समेत यस अवधिमा भएको छ :

१. आफ्नै कार्यालयभित्रको आन्तरिक कार्य सुधार
२. मन्त्रालय, आयोग, विभाग, कार्यालय, निकाय र संस्थाभित्रको कार्य पद्धतिमा सुधार
३. आयोगबाट भएका निर्णयहरुको व्यवस्थित कार्यान्वयन
४. सुशासन इकाइ गठन
५. आचारसंहिता निर्माण र परिपालना
६. UNCAC को अनुमोदन
७. जनचेतना अभिवृद्धि

नोट : उपरोक्त रणनीतिहरू मध्ये सि.नं. १ देखि ५ सम्मको रणनीतिहरू दण्डात्मक, सि.नं. ६ देखि ९ सम्म निरोधात्मक, १० देखि १४ सम्म प्रवर्द्धनात्मक र सि.नं. १५ देखि १९ सम्मका नीतिहरू आयोगको आन्तरिक सुधारको निम्ति तर्जुमा भएका हुन् ।

परिच्छेद - १७
उपसंहार

भ्रष्टाचार नियन्त्रण नगरी देशको आर्थिक एवं सामाजिक विकास हुन सक्दैन । मुलुकमा सुशासन, पारदर्शिता, कानूनी राज्य र लोकतन्त्रलाई दीगो तुल्याउन पनि भ्रष्टाचार नियन्त्रण आवश्यक हुन्छ । सामन्ति प्रथा, गरिबी, पछौटेपन, अशिक्षा, अज्ञानता निर्मूल नभएसम्म भ्रष्टाचार नियन्त्रण गर्न कठिन छ । भ्रष्टाचार आचार, विचार, व्यवहार, प्रवृत्ति तथा संस्कृतिसंग समेत जोडिएको वहु आयामिक विषय भएको हुँदा यसको नियन्त्रण कठिन हुन गएको हो । भ्रष्टाचार नियन्त्रण कुनै एउटा निकायले गरेर पूर्ण हुदैन । यसका लागि सरकार, निजी क्षेत्र र नागरिक समाज सबैको सहयोग तथा सहकार्य हुन जरुरी हुन्छ । त्यसैगरी आवश्यक नियम, कानूनहरु, साधन, श्रोत र राजनैतिक इच्छाशक्तिको पनि उत्तिकै जरुरत पर्छ । दृढ संकल्पित, सदाचारी, इमान्दार, अनुशासित र जाँगरिलो कर्मचारीतन्त्र विना भ्रष्टाचार नियन्त्रण सम्भव छैन । उल्लेखित विषयहरुलाई मूर्त रुप दिन सकियो भने भ्रष्टाचार नियन्त्रण गर्न गाह्रो छैन ।

सुशासन, कानूनी राज्य र विकास निर्माणका बारेमा जतिसुकै चर्चा-परिचर्चा गरे पनि भ्रष्टाचार नियन्त्रणले प्राथमिकता पाएन भने नयां नेपाल बनाउने कुरा मृगतृष्णामा परिणत हुन सक्दछ र आम जनताको लोकतन्त्र प्रतिको आस्था र विश्वास समाप्त भई देश डरलाग्दो भूंमरीमा फस्न सक्दछ । प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्ण प्रतिवद्ध नेपालमा भ्रष्टाचार नियन्त्रणले हरेक क्षेत्रबाट प्राथमिकता पाउनै पर्दछ । उपर्युक्त परिप्रेक्ष्यमा सरकारले आवश्यक नीति, नियम, कानून, योजना, रणनीति तथा कार्यक्रमहरु तर्जुमा गरी नागरिक समाज, न्यायपालिका, सञ्चार क्षेत्र, निजी क्षेत्र एवं अन्तर्राष्ट्रिय समुदायको सहयोगमा भ्रष्टाचार नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी रुपमा लागू गर्नुपर्दछ ।

अख्तियार दूरुपयोग अनुसन्धान आयोगले विगत वर्षहरुमा जस्तै दण्डात्मक, निरोधात्मक उवं प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । रोग लागे पछि उपचार गर्नुभन्दा रोग लाग्ने अवस्था आउन नदिन जसरी खोप सूई आदिको माध्यमद्वारा रोग रोकथामका विभिन्न उपायहरु अवलम्बन गरिन्छ, त्यसैगरी भ्रष्टाचार भई सकेपछि कारवाही गर्नु भन्दा भ्रष्टाचार हुने अवस्था श्रृजना हुन नदिन आयोगले राष्ट्रिय सतर्कता केन्द्रका साथै विभिन्न सरकारी संयन्त्र, गैर सरकारी निकायहरु, बुद्धिजीवी, पत्रकार, उद्योगी, व्यापारी, नागरिक समाज र अन्तर्राष्ट्रिय दाता समूहहरु समेतको सहभागितामा तालिम, सभा, सम्मेलन, गोष्ठी, अन्तरक्रिया, रेडियो कार्यक्रम जस्ता निरोधात्मक, सुधारात्मक एवं प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्दै आएको छ । भ्रष्टाचार बिरुद्धको सन्देश आम जनतासम्म पुगोस भन्ने हेतूले लोक दोहोरी क्यासेट, लघु फिल्म, स्मारिका, न्यूज लेटर, पोष्टर, पम्फलेट, बुकलेट, स्टिकर आदिको निर्माण तथा प्रकाशन गरिंदै आईएको छ । भ्रष्टाचारको विरुद्धमा व्यापक जनलहर नउठेसम्म भ्रष्टाचार नियन्त्रण प्रभावकारी नहुने हुंदा आयोगले सामुदायिक शिक्षा कार्यक्रमलाई केन्द्रदेखि स्थानीय स्तर, कलेज र स्कूलसम्म सशक्त ढंगले अगाडि बढाइएको छ ।

विभिन्न सहयात्री र सहकर्मीहरुबाट प्राप्त सहयोगबाट आयोगले राजस्व वृद्धि, विकास आयोजनाहरुमा लाग्ने समय तथा खर्च कटौती, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता तथा गुणस्तरमा वृद्धि जस्ता सुशासनका बिभिन्न आयामहरुमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ ।

भ्रष्टाचार न्यूनीकरणका लागि आयोगले तयार पारेको पन्च वर्षीय रणनीति सफलतापूर्वक लागू गरेपछि सो रणनीतिलाई परिमार्जन गरी भ्रष्टाचार नियन्त्रणका लागि समष्टिगत समाधानको अवधारणा अनुसार दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरुलाई एकै साथ अगाडि वढाउने नीति अंगिकार गरी तयार पारिएको तीन वर्षे रणनीति (आर्थिक वर्ष २०६४/६५ देखि २०६६/६७) पनि आगामी आर्थिक बर्षमा सफलता पूर्वक सम्पन्न हुने क्रममा छ । त्यसैगरी मुलुकमा सुशासन कायम गर्न सघाउ पुऱ्याउने उद्देश्यले आन्तरिक सुधार, कार्य पद्धतिमा सुधार, निर्णयको प्रभावकारी रुपमा कार्यान्वयन, सुशासन ईकाई गठन, आचारसंहिता निर्माण, संयुक्त राष्ट्र संघको भ्रष्टाचार बिरुद्धको महासन्धीको अनुमोदन र जनचेतना अभिबृद्धि लगायतका सात सूत्रीय रणनीति समेत प्रभावकारी ढंगले लागू गर्न विभिन्न सरकारी निकायहरुमा निर्देशन दिईएकोछ र सोको अनुगमन समेत गरिएको छ ।

अख्तियार दुरुपयोगको अनुसन्धान र रोकथाम जस्तो गहन कार्य प्रभावकारी बनाउन आयोगको वेभ साइटको निर्माण गरिएको छ भने जोसुकैले पनि ईमेल तथा ईन्टरनेटको माध्यमबाट समेत गोप्य रुपमा सजिलै उजूरी दर्ता गराउन र उजूरीको अवस्था बारे जानकारी हासिल गर्न सक्दछन । उपर्युक्त बाहेक राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा समयको माग अनुसार कम्प्यूटरको माध्यमवाट सम्पर्क स्थापना गर्ने कार्य गर्नुका साथै सूचना संकलनको व्यवस्था समेत गरिँदै आएको छ । भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी गोप्य सूचना संकलन गरी प्रमुख आयुक्त र आयुक्तलाई सम्प्रेषण गर्ने कार्य गर्न आयोगमा इन्टेलिजेन्स युनिट क्रियाशील रहेको छ ।

आयोगमा आर्थिक वर्ष २०६५/६६ मा विभिन्न माध्यमद्वारा जम्मा ४१४९ वटा उजुरीहरु परेका थिए । ती उजुरीहरु मध्ये ३३०३ वटा उजुरीहरु फछ्र्यौट भएका छन् । बांकी ८४३ वटा उजूरीहरु आर्थिक वर्ष २०६६/६७ मा जिम्मेवारी सारिएकोछ । यस आ.व.मा ४७ थान भ्रष्टाचार सम्बन्धी मुद्दाहरु विशेष अदालतमा दायर गर्न निर्णय भएभने ५० थान मुद्दाहरु दायर गरियो । विशेष अदालतबाट भएको फैसलामा आयोगलाई चित्त नबुझेका कारण २३ वटा मुद्दाहरुमा पुनरावेदन गरिएकोछ । २९ वटा उजुरीहरुमा बिभागीय कारवाहीकालागि सम्बन्धित निकायमा लेखी पठाइयो भने २२ वटा उजुरीहरुमा सार्वजनिक पदाधिकारीहरुलाई सचेत गराउनको लागि लेखी पठाइएको छ । सोही अवधिमा विभिन्न निकायहरुमा १०७ वटा सुझाबहरु पठाइयो, १७ वटा उजुरीहरुमा बिभिन्न निकायहरुको ध्यानाकर्षण गराईयो र २८ वटा उजुरीहरुमा असूल उपरका लागि लेखियो भने आवश्यक कारवाही गर्न ९४ वटा उजुरीहरु सम्बन्धित निकायहरुमा लेखी पठाइएका छन् । आयोगबाट अधिकार प्रत्यायोजन गरिएका पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १०२ उजुरी परेकोमा जम्मा ५८ उजुरी फछ्र्यौट भई ४४ उजुरी फछ्र्यौट हुन बाँकी रहेको प्रतिवेदन प्राप्त हुन आएको छ । त्यस्तै ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १५६७ उजुरी परेकोमा जम्मा २३९ उजुरी फछ्र्यौट भई १३२८ उजुरी फछ्र्यौट हुन बाँकी देखिएको छ ।

आयोगले आफ्ना र सरोकारवाला निकायका कर्मचारीहरुलाई भ्रष्टाचार नियन्त्रण सम्वन्धी तालीम दिईआए पनि भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमवाट समुन्नत तथा अनुशासित समाजको स्थापना गर्ने लक्ष्यलाई साकार पार्नको लागि एकातिर अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सरोकारवाला निकायका कर्मचारीहरुको क्षमता र मनोबल बढाउनु पर्दछ भने अर्कातिर आयोगलाई साधन श्रोतयुक्त तुल्याउन आवश्यक छ । भ्रष्टाचारीहरु कुनै पनि हालतमा उम्कन र छुट्न नपाउन भन्नाका लागि अत्याधुनिक एवं विकसित अनुसन्धान प्रविधिको प्रयोग अपरिहार्य छ जसका लागि सरकारका साथै सरोकारवालाहरुबाट सहयोग प्राप्त हुनु जरुरी छ । उजूरीहरुको चाप तथा प्रभावकारी अनुसन्धान कार्यका लागि क्षेत्रीय र जिल्ला स्तरसम्म आयोगका कार्यालयहरु स्थापना गर्न आवश्यक देखिएको छ ।

डिसेम्बर, २००५ देखि लागू भएको संयुक्त राष्ट्र संघको भ्रष्टाचार बिरुद्धको महासन्धी अनुमोदन पनि अहिलेको प्रमुख आवश्यकता हो । उक्त महासन्धी चांडो भन्दा चांडो अन्तरिम व्यवस्थापिका संसदबाट अनुमोदन गरी सो महासन्धीसंग मेल खाने गरी मौजूदा कानूनहरु संसोधन एवं परिमार्जन गर्नुका साथै सो महासन्धीको मर्म र भावना अनुरुप थुप्रै नयां कानूनहरु समेत निर्माण गर्नु आवश्यक छ । यी कानुनहरु निर्माण हुन नसकेको कारण अन्तर्राष्ट्रिय सभा सम्मेलनमा नेपालले महासन्धी अनुसारको प्रगति प्रस्तुत गर्न नसकेको अवस्था छ ।

भ्रष्टाचार मुक्त समाजको निर्माणको लागि आधार स्तम्भको रुपमा रहेका लोकतन्त्र, मानव अधिकार, राजनैतिक स्थिरता, सक्षम कर्मचारीतन्त्र, खुला बजारमुखी अर्थतन्त्र, अर्थपूर्ण विकेन्द्रीकरण, स्थानीय निकायहरुको स्वायत्तता र कानूनी राज्य जस्ता विविध पक्षको बिकासबाट नै भ्रष्टाचार नियन्त्रण गर्न सकिने र मुलुकमा सुशासन कायम हुने कुरामा दुई मत हुन सक्दैन । तसर्थ शासन संचालन पद्धतिमा नातावाद, कृपावाद आदिको अन्त्य गरी नैतिकता, इमान्दारिता, जवाफदेहिता, पारदर्शिता र सदाचारिताको अवलम्बन गर्ने परीपाटी कायम गर्नु नै भ्रष्टाचार नियन्त्रण गर्नु हो । त्यसैले हरेक व्यक्तिमा भ्रष्टाचारप्रति शून्य सहनशीलताको विकास गर्नु आवश्यक छ, जसको लागि व्यापक जनचेतना एवं जनसहभागिताको खाँचो छ । मौका नपाउँदा सम्म इमान्दार वन्ने वेईमानी प्रवृत्ति धेरै खतरनाक हुने हुँदा जुनसुकै क्षेत्रमा संलग्न र जतिसुकै ठूलो ओहोदाधारी व्यक्तिहरु किन नहुन तिनीहरुलाई हदैसम्मको सजायंका साथै सामाजिक बहिष्कारको संस्कृति विकास गरिनु पर्दछ अनिमात्र यो अपराधिक प्रवृत्तिको अन्त्य हुन सक्दछ ।

ॐ.....✱.....ॐ

अनुसूची – १

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालीका



(क)

आयोगमा कार्यरत कर्मचारी दरबन्दी र पदपूर्तिको विवरण

(२०६६असार मसान्त सम्मको)

अनुसूची - २(१)

टंगाल, काठमाडौं

सि. नं.	सेवा, समूह	श्रेणी	दरबन्दी	पद पूर्ति	रिक्त	कैफियत
१	प्रशासन/सचिव	विशिष्ट	१	१	-	
	जम्मा		**१**	**१**	**-**	
२	प्रशासन/सह-सचिव	रा.प.प्रथम	२	१	१	
	न्याय/कानून/सह-सचिव	रा.प.प्रथम	२	२	-	मध्ये १ जना शिवीर व्यवस्थापन
	न्याय/स.व./सहन्यायाधिवक्ता	रा.प.प्रथम	५	५	-	
	प्रहरी नायब महानिरीक्षक	रा.प.प्रथमस्तर	१	१	-	
	जम्मा		**१०**	**९**	**१**	
३	प्रशासन/सा.प्र./उप-सचिव	रा.प.द्वितीय	८+४=१२	१०	२	शा.अ.बाट ४ पद विशेष बढुवाबाट थप
	प्रशासन/लेखा/उप-सचिव	रा.प.द्वितीय	३	३	-	
	न्याय/कानून/उप-सचिव	रा.प.द्वितीय	३	२	१	
	न्याय/स.व./उपन्यायाधिवक्ता	रा.प.द्वितीय	४	३	१	
	इन्जि/सिभिल/वि.एण्ड आ./सि.डि.ई	रा.प.द्वितीय	१+१=२	२	-	१ पद विशेष बढुवाबाट थप
	इन्जि/सिभिल/इरिगेसन	रा.प.द्वितीय	१	-	१	
	इन्जि/सिभिल/जनरल	रा.प.द्वितीय	+१	१	-	१ पद विशेष बढुवाबाट थप
	प्रहरी/जनपद/प्रहरी उपरीक्षक	रा.प.द्वितीयस्तर	१	१	-	
	प्रहरी/जनपद/प्र.ना.उ.	रा.प.द्वितीयस्तर	२	१	१	
	जम्मा		**२३+६=२९**	**२३**	**६**	
४	प्रशासन/सा.प्र./शा.अ.	रा.प.तृतीय	१४-४=१०+१०=२०	१९	१	१० पद विशेष बढुवाबाट थप
	प्रशासन/लेखा/लेखा अधिकृत	रा.प.तृतीय	१+१=२	१	१	१ पद बढुवा भै आएको
	न्याय/कानून/शाखा अधिकृत	रा.प.तृतीय	४	२	२	
	न्याय/स.व./शाखा अधिकृत	रा.प.तृतीय	५	५	-	
	इन्जि/सिभिल/वि.एण्ड आ.	रा.प.तृतीय	३-१=२	२		१ पद विशेष बढुवा भै गएको
	इन्जि/सिभिल/जनरल	रा.प.तृतीय	३-१=२+१=३	२	१	१ पद विशेष बढुवामा गएको र सोही पदमा विशेष बढुवाबाट आएको
	इन्जि/सिभिल/स्यानिटरी/इन्जिनियर	रा.प.तृतीय	१	१	-	
	इन्जि/सिभिल/इरिगेसन/इन्जिनियर	रा.प.तृतीय	१	१	-	
	विविध/रेखा विशेषज्ञ	रा.प.तृतीय	१	-	१	
	विविध/कम्प्युटर अधिकृत	रा.प.तृतीय	+३	३	-	विशेष बढुवाबाट थप
	शिक्षा/कला/छविकला	रा.प.तृतीय	१	१	-	विशेष बढुवाबाट थप
	नेपाल प्रहरी/जनपथ/प्र.नि.	रा.प.तृतीयस्तर	५	५	-	
	जम्मा		**३९-७=३२+१६=४८**	**४२**	**६**	

अनुसूची – २(२)

सि. नं.	सेवा/समूह/उप-समूह	श्रेणी	दरबन्दी	पदपूर्ति	रिक्त	कैफियत
ना.सु. स्तर						
५	प्रशासन/सा.प्र./ना.सु.	रा.प.अनं.प्रथम	३७-१०=२७+३=३०	२९	१	१० पद विशेष बढुवा भै गएको र ३ पद विशेष बढुवा भै आएको
	न्याय/कानून/ना.सु.	रा.प.अनं.प्रथम	२	२	-	
	प्रशासन/लेखा/लेखापाल	रा.प.अनं.प्रथम	-१=०=+१	१	-	१ पद विशेष बढुवा भै गएको र १ पद विशेष बढुवा भै आएको
	स.इन्जि./सिभिल/जनरल	रा.प.अनं.प्रथम	-१=०	-	-	१ पद विशेष बढुवा भै गएको
	कम्प्यूटर अपरेटर	रा.प.अनं.प्रथम	११-३=८	७	१	३ पद विशेष बढुवा भै गएको
	प्रशासन/सा.प्र./टा.ना.सु.	रा.प.अनं.प्रथम	१	१	-	१ पद विशेष बढुवा भै गएको
	विविध/टेलिफोन अपरेटर	रा.प.अनं.प्रथम	+१	१		१ पद विशेष बढुवा भै आएको
	क्यामेरामेन	रा.प.अनं.प्रथम	-१=०	-	-	१ पद विशेष बढुवा भै गएको
	प्रहरी नायब निरीक्षक	रा.प.अनं.प्रथमस्तर	३	३	-	
	जम्मा		**५७-१६=४१+५=४६**	**४४**	**२**	
खरिदार स्तर						
६	प्रशासन/सा.प्र./खरिदार	रा.प.अनं.द्वितीय	५-३=२	२	-	३ पद विशेष बढुवा भै गएको
	प्रशासन/लेखा/सह-लेखापाल	रा.प.अनं.द्वितीय	-१=०	-	-	१ पद विशेष बढुवा भै गएको
	विविध/टेलिफोन अपरेटर	रा.प.अनं.द्वितीय	२-१=१	१	-	विशेष बढुवा भै गएको
	इन्जि/जनरल/मेकानिकल/अपरेटर	रा.प.अनं.द्वितीय	१	१		
	विविध/फोटोकपी अपरेटर	रा.प.अनं.द्वितीय	२	-	२	
	नेपाल प्रहरी/जनपद/प्र.स.नि.	रा.प.अनं.द्वितीय स्तर	३	३	-	
	जम्मा		**१४-५=९**	**७**	**२**	
७.	नेपाल प्रहरी/जनपद/प्र.ह.	रा.प.अनं.तृतीय स्तर	३	३	-	
	जम्मा		**३**	**३**	-	
८	नेपाल प्रहरी/जनपद/प्र.ज.	रा.प.अनं.चतुर्थस्तर	५	४	१	
	जम्मा		**५**	**४**	**१**	
९	इन्जि/मेका./जनरल/ह.स.चा.	श्रेणी विहिन	२३	२२	१	१७ जना स्थायी ६ जना दरबन्दी करार
	प्रशासन/सा.प्र./कार्यालय सहयोगी	श्रेणी विहिन	२७	२५	२	
	जम्मा		**५०**	**४७**	**३**	

पुल दरबन्दी तर्फ

अनुसूची – २(३)

सि.नं.	सेवा/समूह/उप-समूह	श्रेणी	पदपूर्ति	रिक्त	कैफियत
अधिकृतस्तर दरबन्दी संख्या - १०					
१	न्याय/स.व./सहन्यायाधिवक्ता	रा.प.प्रथम	१	-	
	न्याय/स.व./उपन्यायाधिवक्त	रा.प.द्वितीय	२	-	
	शिक्षा/प्रशासन/निरीक्षण/वि.नि.	रा.प.तृतीय	१	-	पदपूर्तिको लागि कार्यवाही भै रहेको
	जम्मा		**४**	**६**	
सहायकस्तर दरबन्दी संख्या - १०					
२	प्रशासन/सा.प्र./टा.ना.सु.	रा.प.अनं.प्रथम	२	-	
	प्रशासन/सा.प्र./ना.सु. विशेष पद	रा.प.अनं.प्रथम	१	-	
	प्रशासन/सा.प्र./खरिदार	रा.प.अनं.द्वितीय	४	-	
	प्रशासन/सा.प्र./टा.खरिदार	रा.प.अनं.द्वितीय	२	-	
	इन्जि/मेका/जनरल/ह.स.चा.	श्रेणी विहीन	१	-	
	जम्मा		**१०**	**-**	

दरबन्दीतर्फ कुल

	दरबन्दी	पूर्ति	रिक्त
अधिकृतस्तर	७२+१६ = ८८	७५	१३
सहायकस्तर	७९-१६ = ६३	५८	५
श्रेणी विहीन/ह.स.चा.	२३	२२	१
श्रेणी विहीन/का.स.	२७	२५	२
जम्मा	**२०१**	**१८०**	**२१**

पूलदरबन्दीतर्फ कुल

	दरबन्दी	पूर्ति	रिक्त
अधिकृतस्तर	१०	४	६
सहायकस्तर	१०	१०	-
जम्मा	**२०**	**१४**	**६**

	दरबन्दी	पूर्ति	रिक्त
कूल जम्मा (दरबन्दी र पुल गरी)	**२२१**	**१९४**	**२७**

नोटः- दरबन्दीबाट विशेष पदमा बढुवा भएकोले संकेत **+**थप र संकेत **-**घटाउ छ ।

आयोगमा फाजिल/काज/सेवा करारमा कार्यरत कर्मचारीहरुको संख्यात्मक विवरण

(क) फाजिल दरबन्दी तर्फ

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	इन्जि/सिभिल/बि. एण्ड आर. इन्जिनियर विशेष पद	रा.प.तृतीय	१	
	प्रशासन/सा.प्र./टा.ना.सु.	रा.प.अनं.प्रथम	१	
	शिक्षा/मुद्रण/व्यवस्थापन/सि.मो.टा.अ.	रा.प.अनं.प्रथम	१	
	शिक्षा/मुद्रण/व्यवस्थापन/सि.पु.रि.(विशेष पद)	रा.प.अनं.प्रथम	१	
	इन्जि/सिभिल/स्यानेटरी/प्लम्बर (विशेष पद)	रा.प.अनं.प्रथम	१	
	प्रशासन/सा.प्र./ना.सु. (विशेष पद)	रा.प.अनं.प्रथम	१	
	जम्मा		**६**	

अनुसूची - २(४)

(ख) अन्यत्र निकायबाट काजमा आउनु भएका अधिकृत एवं सहायकस्तरका कर्मचारीहरु

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	इन्जि/सिभिल/सह-सचिव (प्रा.)	रा.प.प्रथम	१	
	प्रशासन/सा.प्र./उप-सचिव	रा.प.द्वितीय	२	मध्ये १ विशेष पद
	प्रहरी/जनपद/प्र.ना.उ.	रा.प.द्वितीयस्तर	१	
	ने.रा.बै./प्रशासन/उप-निर्देशक	रा.प.द्वितीयस्तर	१	
	राष्ट्रिय अनुसन्धान/प्र.अ.अ.	रा.प.द्वितीयस्तर	१	
	प्रशासन/सा.प्र./शाखा अधिकृत	रा.प.तृतीय	६	मध्ये २ विशेष पद
	विशेष प्रहरी/प्रहरी निरीक्षक	रा.प.तृतीयस्तर	२	
	नेपाल प्रहरी/जनपद/प्र.नि.	रा.प.तृतीयस्तर	३	
	राष्ट्रिय अनुसन्धान विभाग/अनुसन्धान अधिकृत	रा.प.तृतीयस्तर	१	
	खाने पानी संस्थान/कानून अधिकृत	रा.प.तृतीयस्तर	१	
	ने.रा.बै./प्रशासन/सहायक व्यवस्थापक	रा.प.तृतीयस्तर	१	
	जम्मा		**२०**	
	प्रशासन/सा.प्र./टा.ना.सु.	रा.प.अनं.प्रथम	१	
	प्रशासन/सा.प्र./ना.सु. (विशेष पद)	रा.प.अनं.प्रथम	१	
	इन्जि/सर्भे/सर्भेयर	रा.प.अनं.प्रथम	१	
	नेपाल प्रहरी/जनपद/प्र.ना.नि.	रा.प.अनं.प्रथमस्तर	४	
	जम्मा		**७**	
	प्रशासन/सा.प्र./खरिदार	रा.प.अनं.द्वितीय	४	
	प्रशासन/सा.प्र./टा.ख.	रा.प.अनं.द्वितीय	१	
	नेपाल प्रहरी/जनपद/प्र.स.नि.	रा.प.अनं.द्वितीयस्तर	३	
	विशेष प्रहरी/प्र.स.नि.	रा.प.अनं.द्वितीयस्तर	६	
	नेपाल विद्युत प्राधिकरण/फोरमेन	रा.प.अनं.द्वितीयस्तर	१	
	रा.अ.वि./अनुसन्धान सहायक	रा.प.अनं.द्वितीयस्तर	१	
	जम्मा		**१६**	
	नेपाल प्रहरी/जनपद/प्रहरी हवलदार	रा.प.अनं.तृतीयस्तर	५	
	जम्मा		**५**	
	नेपाल प्रहरी/जनपद/प्रहरी जवान	रा.प.अनं.चतुर्थस्तर	२	
	जम्मा		**२**	

जम्मा सहायक स्तर - ३०

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	इन्जि/मेका./जनरल/ह.स.चा.	श्रेणी विहीन	२	
	प्रशासन/सा.प्र./कार्यालय सहयोगी	श्रेणी विहीन	१	
	जम्मा		**३**	

काजतर्फ कार्यरत कूलजम्मा - ५३

(ग) थुनुवातर्फ प्रहरी कार्यरत संख्या

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	नेपाल प्रहरी/अनाश्रित शसस्त्र प्रहरी गुल्म/प्र.स.नि.	रा.प.अनं.द्वितीयस्तर	१	
	नेपाल प्रहरी/अनाश्रित शसस्त्र प्रहरी गुल्म/प्रहरी हवल्दार	रा.प.अनं.तृतीयस्तर	१	
	नेपाल प्रहरी/अनाश्रित शसस्त्र प्रहरी गुल्म/प्रहरी जवान	रा.प.अनं.चतुर्थस्तर	५	
	थुनुवातर्फ जम्मा कार्यरत संख्या		**७**	

(घ) आयोगको सुरक्षा तर्फ कार्यरत प्रहरी संख्या

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	नेपाल प्रहरी/पहरागण/प्र.ना.नि.	रा.प.अनं.प्रथमस्तर	१	
	नेपाल प्रहरी/पहरागण/प्रहरी हवलदार	रा.प.अनं.तृतीयस्तर	२	
	नेपाल प्रहरी/पहरागण/प्रहरी जवान	रा.प.अनं.तृतीयस्तर	९	
	नेपाल प्रहरी/पहरागण/परिचर	रा.प.अनं.तृतीयस्तर	१	
	जम्मा		**१३**	

(ङ) संवैधानिक पदाधिकारीज्यूको अंगरक्षक

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	नेपाल प्रहरी/पहरागण/प्र.ना.नि.	रा.प.अनं.प्रथमस्तर	१	
	नेपाल प्रहरी/पहरागण/प्र.स.नि.	रा.प.अनं.द्वितीयस्तर	१	
	जम्मा		**२**	

जम्मा थुनुवा/आयोगको सुरक्षा एवं अंगरक्षक - २२

(च) सेवा/करार तर्फ

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	इन्टेरियर डेकोरेटर	रा.प.तृतीयस्तर	३	
	रेखा विशेषज्ञ	रा.प.तृतीयस्तर	१	
	जम्मा		**४**	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

आ.ब. ०६५।६६ को बजेट व्यवस्था

अनुसूची – ३ (रुपियाँमा)

वार्षिक विनियोजन (थप समेत)	बजेट	खर्च		बांकी			कैफियत
		निकाशा	खर्च	निकासा मध्ये	निकासा नगरीएको	दूबै	
चालू :							
व.शि.नं. १५।३।११०							
नेपाल सरकार	६९,०९०,०००।००	६४,५३८,२३६।८२	६४,५३८,२३६।८२	०	४,५५१,७६३।१८	४,५५१,७६३।१८	
ब.शि.नं. : १५।३।२००				०		०।००	
नेपाल सरकार	८,७२०,०००।००	७,०४७,९७७।७७	७,०४७,९७७।७७	०	१,६७२,०२२।२३	१,६७२,०२२।२३	
अर्थ बजेट नेपाल सरकार	५,२००,३८८।००	५,२००,३८८।००	५,२००,३८८।००	०	०।००	०।००	
जम्मा	८३,०१०,३८८।००	७६,७८६,६०२।५९	७६,७८६,६०२।५९	०	६,२२३,७८५।४१	६,२२३,७८५।४१	
पूर्जीगत:							
ब.शि.नं. १५।४।२००				०		०।००	
नेपाल सरकार	७,८००,०००।००	७,४७८,७७०।००	७,४७८,७७०।००	०	३२१,२३०।००	३२१,२३०।००	
जम्मा	७,८००,०००।००	७,४७८,७७०।००	७,४७८,७७०।००	०	३२१,२३०।००	३२१,२३०।००	
कूल जम्मा	९०,८१०,३८८।००	८४,२६५,३७२।५९	८४,२६५,३७२।५९	०	६,५४५,०१५।४१	६,५४५,०१५।४१	

आ.व. २०६५।६६ को राजश्व तर्फ आम्दानी

प्रशासनिक दस्तूर, न्यायिक दस्तुर दण्ड जरिवाना र जफत, प्रशासनिक दण्ड जरिवाना जफत, सरकारी सामान विक्रिको आय समेत गरी जम्मा रु. ३५५३८१६।६२ मात्र राजश्व आम्दानी भएको छ ।

आ.व. २०६५।६६ को धरौटी तर्फ

आ.व. २०६४।६५ को जिम्मेवारी सरेको	रु. ८,२५३,९५७८१
२०६५ श्रावण देखि २०६६ आषाढ मसान्त सम्मको जम्मा धरौटी	रु. २,८५४,११६।६०
२०६५ श्रावण देखि २०६६ आषाढ मसान्त सम्मको फिर्ता जम्मा धरौटी	रु. २,८३२,५७०।८९
२०६६ आषाढ सम्ममा बांकी धरौटी	रु. ८,२७५,५०३।५२

अनुसूची – ४

आ.ब.२०५७/५८ देखि २०६५/६६ सम्म दायर भएका नक्कली प्रमाणपत्र सम्बन्धि मुद्दामा सो प्रमाणपत्रको प्रयोजन



(घ)

अनुसूची – ५

(क)

आ.व. २०५७५८ देखि २०६५।६६ मा नक्कली प्रमाणपत्र सम्बन्धी मूद्दाको फैसला विवरण



(ख)

आ.व. २०५७५८ देखि २०६५।६६ सम्ममा शैक्षिक प्रमाणपत्र सम्बन्धी मूद्दाहरुमा सफल असफल अनूपात



(ङ)

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक प्रगति विवरण

आ.ब. ०६५।६६ **अनुसूची – ६**

सि. नं.	क्षेत्रीय कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या							फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी		जम्मा	कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित	
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित					
१	पुर्वाञ्चल क्षे.का. धनकूटा	२	०	३	१	५	१	६	१	0	१	०	0	0	0	२	३	१	४
२	मध्यमाञ्चल क्षे.का. हेटौंडा	५	२	२६	३	३१	५	३६	१	१	१०	३	0	0	0	१५	२०	१	२१
३	पश्चिमाञ्चल क्षे.का. पोखरा	१७	९	९	११	२६	२०	४६	१	७	२०	९	१	१	0	३९	४	३	७
४	मध्यपश्चिमाञ्चल क्षे.का. सूर्खेत	०	०	४	७	४	७	११	0	२	०	०	0	0	0	२	४	५	९
५	सूदुरपश्चिमाञ्चल क्षे.का.दीपायल	२	०	१	0	३	०	३	0	0	०	०	0	0	0	०	३	०	३
कुल जम्मा		२६	११	४३	२२	६९	३३	१०२	३	१०	३१	१२	१	१	०	५८	३४	१०	४४

अनूसुची ७ (२)

अख्तियार दूरुपयोग अनूसन्धान आयोग

भ्रष्टाचार तथा अनूचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व.०६५।६६को भ्रष्टाचार तथा अनुचित कार्यको प्रगति विवरण

सि. नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित	
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित					
१	ताप्लेजुङ	२	०	१	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३
२	पांचथर	२	०	६	१	८	१	९	१	१	०	०	१	०	०	३	६	०	६
३	इलाम	२	६	०	०	२	६	८	०	०	०	०	०	०	०	०	२	६	८
४	झापा	२९	०	०	०	२९	०	२९	०	०	१५	०	०	०	०	१५	१४	०	१४
५	संखूवासभा	५	०	६	१	११	१	१२	१	१	०	०	१	०	०	३	९	०	९
६	तेह्रथुम	६	१	०	०	६	१	७	०	०	०	०	०	०	०	०	६	१	७
७	भोजपुर	०	०	१	१	१	१	२	०	१	०	०	०	०	०	१	१	०	१
८	धनकुटा	२	०	४	०	६	०	६	१	०	१	०	०	०	०	२	४	०	४
९	सूनसरी	२७	७	३	४	३०	११	४१	०	०	०	०	०	०	०	०	३०	११	४१
१०	मोरङ	२४	१	०	०	२४	१	२५	२	०	०	०	०	०	०	२	२२	१	२३
११	सोलुखूम्बू	५	३	०	०	५	३	८	३	२	०	०	०	०	०	५	२	१	३
१२	ओखलढुंगा	१४	०	२	०	१६	०	१६	१	०	०	०	०	०	०	१	१५	०	१५
१३	खोटाङ	३६	०	२	०	३८	०	३८	०	०	०	०	०	०	०	०	३८	०	३८
१४	उदयपुर	९	०	१	०	१०	०	१०	६	०	०	०	०	०	०	६	४	०	४
१५	सिराहा	६६	०	०	०	६६	०	६६	०	०	०	०	०	०	०	०	६६	०	६६
१६	सप्तरी	९०	६६	२७	२३	११७	८९	२०६	२	१	६	०	०	०	०	९	१०९	८८	१९७
१७	दोलखा	३८	५	२	१	४०	६	४६	६	०	०	०	०	०	०	६	३४	६	४०
१८	रामेछाप	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
१९	सिन्धुली	२८	१	०	०	२८	१	२९	०	०	०	०	०	०	०	०	२८	१	२९

अनूसुची ७ (३)

अख्तियार दूरुपयोग अनूसन्धान आयोग

भ्रष्टाचार तथा अनूचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व.०६५।६६को भ्रष्टाचार तथा अनुचित कार्यको प्रगति विवरण

सि. नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या			
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित			भ्रष्टाचार	अनुचित	
२०	सर्लाहि	४९	३	०	१	४९	४	५३	०	०	५	१	०	०	०	६	४४	३	४७
२१	महोत्तरी	९५	०	०	१	९५	१	९६	०	०	०	१	०	०	०	१	९५	०	९५
२२	धनुषा	५८	९	२५	०	८३	९	९२	०	०	१	०	०	०	०	१	८२	९	९१
२३	मकवानपुर	१९	०	१	०	२०	०	२०	३	०	१७	०	०	०	०	२०	०	०	०
२४	चितवन	७	८	७	११	१४	१९	३३	१	४	१	२	१	०	०	९	११	१३	२४
२५	बारा	१३८	३९	४१	४६	१७९	८५	२६४	७	१०	०	०	३	१५	०	३५	१६९	६०	२२९
२६	पर्सा	१५	१	१०	०	२५	१	२६	१	०	१५	१	१	०	०	१८	८	०	८
२७	रौतहट	२	३२	०	३	२	३५	३७	०	०	०	०	०	०	०	०	२	३५	३७
२८	रसुवा	१	७	५	०	६	७	१३	०	०	०	०	०	०	०	०	६	७	१३
२९	धादिङ	९	११	२	४	११	१५	२६	०	०	०	०	०	०	०	०	११	१५	२६
३०	नुवाकोट	१	०	३	०	४	०	४	२	०	१	०	०	०	०	३	१	०	१
३१	सिन्धूपाल्चोक	०	०	३	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३
३२	काभ्रेपलान्चोक	६	२	०	०	६	२	८	०	०	०	०	०	०	०	०	६	२	८
३३	भक्तपुर	३	१५	१	०	४	१५	१९	०	०	०	०	०	०	०	०	४	१५	१९
३४	ललितपुर	०	४	०	१२	०	१६	१६	०	१	०	०	०	०	०	१	०	१५	१५
३५	काठमाडौं	२१	२७	०	०	२१	२७	४८	०	४	४	०	०	०	०	८	१७	२३	४०
३६	नवलपरासी	१	०	३	१	४	१	५	१	०	१	२	१	०	०	५	०	०	०
३७	कपिलवस्तु	२	०	२	०	४	०	४	२	०	०	०	०	०	०	२	२	०	२
३८	रुपन्देही	२	२	२	१२	४	१४	१८	२	६	१	०	०	०	०	९	१	८	९

अख्तियार दूरुपयोग अनूसन्धान आयोग

अनूसुची ७ (४)

भ्रष्टाचार तथा अनूचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व.०६५।६६को भ्रष्टाचार तथा अनुचित कार्यको प्रगति विवरण

सि. नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित	
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित					
३९	पाल्पा	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
४०	गुल्मी	३०	०	१	०	३१	०	३१	९	०	०	०	०	०	०	९	२२	०	२२
४१	अर्घाखांची	३	३	२	४	५	७	१२	१	१	०	०	०	०	०	२	४	६	१०
४२	गोर्खा	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
४३	लमजुङ	२	२	०	०	२	२	४	०	०	२	२	०	०	०	४	०	०	०
४४	कास्की	१०	८	७	३	१७	११	२८	९	६	२	३	०	०	०	२०	६	२	८
४५	तनहुं	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
४६	स्याङ्जा	१	१	०	०	१	१	२	०	१	१	०	०	०	०	२	०	०	०
४७	मनाङ	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
४८	रुकूम	२	२	१०	११	१२	१३	२५	१	२	१	०	६	८	०	१८	४	३	७
४९	रोल्पा	१	०	०	२	१	२	३	०	०	०	०	०	०	०	०	१	२	३
५०	सल्यान	०	३	१	०	१	३	४	०	०	०	०	०	०	०	०	१	३	४
५१	प्युठान	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
५२	दाङ	३	०	०	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३
५३	पर्वत	०	०	१	०	१	०	१	०	०	०	०	०	०	०	०	१	०	१
५४	म्यार्दी	१	२	०	०	१	२	३	०	०	०	०	०	०	०	०	१	२	३
५५	मूस्ताङ	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
५६	बाग्लुङ	५	०	१	०	६	०	६	०	०	०	०	०	०	०	०	६	०	६
५७	दैलेख	१	५	०	१	१	६	७	०	०	०	१	०	०	०	१	१	५	६

अख्तियार दूरुपयोग अनूसन्धान आयोग

अनूसुची ७ (५)

भ्रष्टाचार तथा अनूचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व.०६५।६६को भ्रष्टाचार तथा अनुचित कार्यको प्रगति विवरण

सि. नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित	
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित					
५८	सुर्खेत	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
५९	जाजरकोट	४	०	०	०	४	०	४	०	०	०	०	०	०	०	०	४	०	४
६०	बांके	३	२	०	४	३	६	९	०	०	०	०	०	०	०	०	३	६	९
६१	बर्दिया	३	३	१	८	४	११	१५	०	४	०	०	०	०	०	४	४	७	११
६२	हुम्ला	२	२	०	०	२	२	४	०	०	०	०	०	०	०	०	२	२	४
६३	जुम्ला	४	४	०	०	४	४	८	०	०	३	०	१	०	०	४	०	४	४
६४	डोल्पा	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
६५	मुगु	५	०	०	०	५	०	५	०	०	०	०	०	०	०	०	५	०	५
६६	कालीकोट	०	०	८	०	८	०	८	०	०	०	०	०	०	०	०	८	०	८
६७	बझाङ	९	३	०	०	९	३	१२	०	०	०	०	०	०	०	०	९	३	१२
६८	बाजुरा	०	०	०	३	०	३	३	०	०	०	०	०	०	०	०	०	३	३
६९	डोटी	०	३	०	०	०	३	३	०	०	०	२	०	०	०	२	०	१	१
७०	अछाम	०	०	२	२	२	२	४	०	०	०	०	०	०	०	०	२	२	४
७१	कैलाली	२	०	०	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२
७२	दार्चुला	१	१	०	०	१	१	२	०	०	०	०	०	०	०	०	१	१	२
७३	बैतडी	३	०	२	०	५	०	५	०	०	०	०	०	०	०	०	५	०	५
७४	डडेलधुरा	०	०	१	१	१	१	२	०	०	०	०	०	०	०	०	१	१	२
७५	कंचनपुर	०	०	३	१	३	१	४	०	०	१	०	०	०	०	१	२	१	३
	जम्मा	९०९	२९४	२००	१६२	११०९	४५६	१,५६५	६२	४५	७८	१५	१५	२३	०	२३८	९५३	३७४	१३२७

अनुसूची – ८

आ.ब. २०६५।६६ मा परेका उजूरी र फछ्यौंटको विवरण



(ज)

अनुसूची–९

आ.ब.२०६५/६६ मा कूल उजूरी ४१४९ मध्ये फछ्र्यौंट र जिम्मेवारी सरेको अनुपात



अनुसूची – ९

आ.ब. २०५७५८ देखि २०६५।६६ सम्मको कुल उजूरी र फछ्यौंटको विवरण



(ञ)

अनुसूची–११

आ.ब. ०६५।६६ मा मुद्दा जीत हारको स्थिति



(ट)

अनुसूची–१२

आ.ब. ०६५।६६ को अभियोजन र अन्य कारवाहीहरुको विवरण



अनुसूची–१३

आ.ब.०६५।६६ मा बिशेष अदालतमा दायर भएका मूद्दाहरुको किसिम



(ङ)

अनुसूची–१४

आ.ब. २०५७।५८ देखि ०६५।६६ सम्मको कारवाहीको तूलनात्मक विवरण



(ङ)

अनुसूची–१५

आ.ब. २०५९।६० देखि आ.व. ०६५।६६ सम्मको बैठक र निर्णय संख्या



(ण)

अनुसूची–१६

आ.ब. २०४७/४८ देखि आ.व. २०६५/६६ सम्ममा परेका उजूरी र फछर्यौटको विवरण



(रु)